बुद्धवचन त्रिपिटक अन्तर्गत सुत्तपिटकको

प्रथम निकाय ग्रन्थ

# दीघनिकाय

# Digha Nikãya

(नेपाली भाषामा)

*अनुवादक तथा सम्पादक*

**दुण्डबहादुर वज्राचार्य**

Dhamma.Digital

बुद्ध र बुद्धधर्मको मूल र प्रामाणिक रूप अध्ययन गर्न उपलब्ध वाङ्मयहरूमध्ये पालि त्रिपिटक नै विकल्परहित वाङ्मय हो । त्रिपिटकका तीन पिटक – सूत्रपिटक, विनयपिटक र अभिधम्मपिटकमा सूत्रपिटक पहिलो भएजस्तै दीघनिकाय नै सूत्रपिटकको पहिलो निकाय हो । यस क्रमको दृष्टिकोणले यो दीघनिकाय पहिलो बुद्धवचन मान्न सकिन्छ ।

दीघनिकायमा चौंतीस वटा लामालामा सूत्र छन् । यिनीहरूमध्ये ब्रह्मजाल-सुत्त बुद्धकालीन बासट्ठि वटा विभिन्न दृष्टिजालहरूको जानकारी लिनाको लागि सहायक हुन्छ भने महासीहनाद-सुत्त र उदुम्बरिक-सुत्तले मिथ्या तपस्यालाई उदाङ्ग पारेर देखाउँछन् । त्यस्तै परलोकवादलाई उजागर गर्ने सूत्र हो पायासिराजञ्ञ-सुत्त । कूटदन्त-सुत्तले यज्ञमा पशुबलि दिनुको निरर्थकता दर्शाउँछ भने केवट्ट-सुत्तले चमत्कार प्रदर्शनको निःसारता । त्यस्तै जालिय-सुत्त र पोट्ठपाद-सुत्तमा आत्मावादको समीक्षा गरिनाको साथै निर्वाण मार्गमा अघि बढ्न यसको बेकम्मापन देखाइएको छ । फेरि मानिसको श्रेष्ठता आचरणमा निर्भर रहने तथ्य एवं जन्मगत जातिवादको तीव्र आलोचना अम्बट्ठ-सुत्त, सोणदण्ड-सुत्त र अग्गञ्ञ-सुत्तले छर्लङ्ग पारेका छन् । गृहस्थ जीवन सफल पार्नलाई उपयोगी सूत्र गृहविनय नाउँबाट ख्याति प्राप्त सिंगाल-सुत्त हुन् भने आर्यसत्य र प्रतीत्यसमुत्पादको व्याख्या महानिदान र महासतिपट्ठान-सुत्तमा सरल र स्पष्ट तरिकाले गरिएका छन् । अनि अतीतका बुद्धहरूका जीवनी महापदान-सुत्तमा, बुद्धका बत्तीस लक्षणहरू लक्खण-सुत्तमा एवं बुद्धको अन्तिम यात्राको सजीव, सरस र करुण वर्णन महापरिनिब्बान-सुत्तमा दिइएका छन् ।

यसरी दीघनिकाय बुद्धकालीन भूगोल र इतिहास, समाज र संस्कार, धर्म र दर्शनको संश्लेषणात्मक र विश्लेषणात्मक अध्ययन गर्न, शील, समाधि प्रज्ञा अवबोध गर्न, बुद्धको दर्शन गर्न तथा अन्ततः निर्वाण धर्म साक्षात्कार गर्नको निमित्त अमूल्य ग्रन्थरत्न हो । बुद्धको दर्शन, धर्मसेनापति सारिपुत्र महास्थविर आयुष्मान् महाकाश्यप, आयुष्मान् आनन्द, आयुष्मान् अनुरुद्ध आदि श्रावकहरूको आदर्श अनुकरणका लागि यस पुस्तकबाट ठूलो प्रेरणा दिनेछ । प्राकृतिक शुद्ध पर्यावरणबाट परिचित भई शुद्ध चित्त परिशान्त मनस्थितिको अन्तर हृदयको वातावरणबाट हामी शान्ति, शीतलता र विशुद्धता पाउन सक्छौं ।

अन्तमा यस्ता प्रामाणिक मूल बुद्धवचनले परिपूर्ण भएका दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय, इतिवुत्तक, मिलिन्द-प्रश्न आदि ग्रन्थरत्नहरू नेपाल भाषामा अनुदित गरी पर्याप्त अनुभव बटुलिसकेका परिश्रमी अनुवादक दुण्डबहादुर वज्राचार्यद्वारा नेपालीमा रूपान्तर गरिएको दीघनिकायको प्रकाशनले एकाइसौं शताब्दीको सङ्घारमा नेपाली पाठकहरूलाई बुद्ध र बुद्धधर्मलाई सजिलै तर गहनपूर्वक आत्मसात गर्ने अवसर प्रदान गरेको छ – जुन हामीहरूको निमित्त ठूलो मुदिताको विषय मानिनु पर्दछ ।

Downloaded from http://www.dhamma.digital

वीर-पूर्ण स्मृतिग्रन्थमाला-९

बुद्धवचन त्रिपिटक अन्तर्गत सुत्तपिटकको

# सुत्तपिटकको

प्रथम निकाय ग्रन्थ

# दीघनिकाय

(तिन भाग एउटै ग्रन्थमा)

(त्रिपिटकको प्रथम ग्रन्थ नेपाली भाषामा)

Dhamma.Digital

*अनुवादक तथा सम्पादक*
**दुण्डबहादुर वज्राचार्य**

*प्रकाशक*

वीर-पूर्ण पुस्तक संग्रहालय
गाबहाल, ललितपुर-१८, नेपाल ।

Downloaded from http://www.dhamma.digital

## हाम्रा प्रकाशित ग्रन्थहरू

| | | |
|---|---|---|
| १) | दीघनिकाय | (नेपाल भाषा) |
| २) | मज्झिमनिकाय | (नेपाल भाषा) |
| ३) | संयुत्तनिकाय | (नेपाल भाषा) |
| ४) | इतिवुत्तक | (नेपाल भाषा) |
| ५) | मिलिन्द-प्रश्न | (नेपाल भाषा) |
| ६) | पायासि सूत्र | (नेपाल भाषा) |
| ७) | The Buddha, The Truth and The Human Beings | (अंग्रेजी भाषा) |
| ८) | महापरित्राणया संक्षिप्त परिचय | (नेपाल भाषा) |
| ९) | मांयात निर्वाण-स्वाँ | (नेपाल भाषा) |
| १०) | बौयात निर्वाण-स्वाँ | (नेपाल भाषा) |
| ११) | महापरिनिब्बान-सुत्त | (नेपाल भाषा) |
| १२) | कम्मट्ठान-दीपनी | (नेपाल भाषा) |
| १३) | पूर्णबहादुर स्मृतिग्रन्थ | (नेपाल भाषा) |
| १४) | निदान-कथा | (नेपाल भाषा) |
| १५) | दीघनिकाय | (नेपाली भाषा) |


प्रथम संस्करण : बुद्ध संवत् : २५४३
नेपाल संवत् : 1120
विक्रम संवत् : २०५६
ईस्वी संवत् : २०००

मुद्रक : न्यू नेपाल प्रेस *प्रधान कार्यालय :* नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
*व्यापारिक कार्यालय :* शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८

*कम्प्यूटर सेटिङ्ग* : धर्म रत्न शाक्य
न्याखाचोक, तंचाको, ललितपुर । फोन नं. ५-३४६८२


Downloaded from http://www.dhamma.digital

*Bir-Purna Memorial Publication Series No. # 9*

# THE
# DIGHA NIKAYA

## First Book of the Sutta-pitaka

**Long Discourses of The Buddha given in Nepali**

*In Three Volumes*

(Bound in One)

*Translated & Edited from Pali by*
**Dunda Bahadur Bajracharya**

*Published by*

Bir-Purna Pustak Sangrahalaya,
Gabahal, Lalitpur-18, Nepal.

Downloaded from http://www.dhamma.digital


***Works by the Same Author***

(1) The Digha Nikaya (Nepal Bhasha)
(2) The Majjhim Nikaya (Nepal Bhasha)
(3) The Samyutta Nikaya (Nepal Bhasha)
(4) The Iti-vuttaka of Khuddhaka Nikaya (Nepal Bhasha)
(5) Milindapanha (Questions of King Milinda in Nepal Bhasha)
(6) Mahaparinibban Sutta (Nepal Bhasha)
(7) Purna Bahadur Bajracharya Commemorative volume
(8) Praggananda Commemorative volume (co-editor)
(9) Man-yata Nirwan-swan (A Nibban Flower to the Mother)
(10) Ba-yata Nirwan-swan (A Nibban Flower to the Father)
(11) Baishakha Mahotsava (A collection of scholarly Articles on Buddhism)
(12) Nidan Katha (Nepal Bhasha)
**(13) The Digha Nikaya (Nepali Bhasha)**

Dhamma.Digital

First Edition : 2000

Downloaded from http://www.dhamma.digital



आचार्य भिक्षु अमृतानन्द

नेपाली बौद्ध वाङ्मयका
अग्रगण्य व्यक्तित्व र प्रेरणा स्रोत
आचार्य डा. अमृतानन्द महानायक महास्थविरज्यूमा

# श्रम-श्रद्धाञ्जलि

– दुण्डबहादुर वज्राचार्य

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

पालि त्रिपिटकका ग्रन्थहरू नेपालमा उहिलेदेखि पाइन्थे भन्ने तथ्यको सबुद जर्मनीबाट ई. १९९१ सालमा "The Oldest Pali Manuscript : Four Folios of the Vinayapitaka From the National Archives, Kathmandu" शीर्षक पुस्तकको प्रकाशनले दह्रोसँग प्रस्तुत गरेको छ । हुन त यसको एक शताब्दी अगाडि नै प्रसिद्ध इतिहासकार सेसिल बेन्डाल (इ. १८५६-१९०६, नेपालमा इ. १८८० र १८९३-४) ले नेपालमा आठौं-नवौं शताब्दीमा पालि ग्रन्थहरू उपलब्ध थिए भनेर पत्ता लगाइसकेका थिए ।

उन्नाइसौं शताब्दीको अन्ततिर नै Pali Text Society, London ले झण्डै सम्पूर्ण त्रिपिटकलाई रोमन लिपि र अंग्रेजी भाषामा अनुवादसहित प्रकाशित गरी व्यापक प्रचार गरिसकेको थियो । यता श्रीलंका, बर्मा (म्यानमार), थाइल्याण्ड, कम्पुचिया, चीन, तिब्बत प्रदेश आदि देशहरूमा आ-आफ्नै लिपिमा त्रिपिटक अध्ययन गर्न पाइने भएकै थियो । तर भगवान् बुद्धले स्वयंले चारिका गरी गरी धर्म प्रचार गर्नु भएको भूमि – नेपाल र भारतमा देवनागरी लिपिमा त्रिपिटक पढ्न नपाइएको बेला पैंतालीस वर्षजति अगाडि भिक्षु जगदीश काश्यपको प्रधान सम्पादकत्वमा पहिलो पल्ट देवनागरी लिपिमा त्रिपिटकको प्रकाशन भएको थियो । अनि नेपालीहरूको लागि त्रिपिटक सहज सुलभ भए पनि भाषा पालि भएकोले सर्वसाधारणले बुझ्न सक्ने स्थिति थिएन ।

यस्तो कठिनाइ अनुभव गरेर नै आचार्य भिक्षु अमृतानन्द महानायक महास्थविरले मूल त्रिपिटक र अट्ठकथाको आधारमा संसारमा अहिलेसम्म कतै उपलब्ध भइनसकेको आफ्नै तरिकाले बुद्धकालीन ग्रन्थमालाको रचना गरी नेपालीमा प्रकाशन गरे – जसमा बुद्धकालीन व्यक्तिहरूसित सम्बन्धित विभिन्न सूत्रहरू एकएकै ठाउँमा संग्रह गरिए । बुद्धकालीन ग्रन्थमाला उपलब्ध भएपछि नेपाली मात्रको लागि बुद्धधर्म अध्ययन गर्न एकातिर अमूल्य निधि भेटियो भने अर्कोतिर यसबाट नेपाल वाङ्मयप्रति पनि अद्वितीय सेवा पुग्न गयो । यति हुँदाहुँदै पनि नेपाली भाषामा आजसम्म खुद्दकनिकायका ससाना एक दुइटा ग्रन्थबाहेक सिंगो त्रिपिटकीय ग्रन्थ एउटा पनि निस्कन सकेको थिएन – यो कम दुःखको कुरा होइन ।

बुद्ध जन्मेको देश नेपालका बासिन्दाहरूले बुद्धधर्मको अध्ययन गर्न चाहेमा बर्मा, श्रीलंका, थाइल्याण्ड आदि बौद्ध देशमा जानु पर्ने स्थिति थियो । तर सोह्र सत्र बर्षजति यतादेखि भाइ दुण्डबहादुर वज्राचार्यका अथक परिश्रमको फलस्वरूप बुद्धधर्मका मूल एवं प्रामाणिक आधार त्रिपिटक अन्तर्गतको सुत्तपिटकका दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय र खुद्दकनिकायका इतिवुत्तक तथा त्रिपिटकेतर ग्रन्थ मिलिन्द-प्रश्न आदि ग्रन्थहरू एकपछि अर्को नेपाल भाषामा पाठकहरूका समक्ष प्रस्तुत गरिरहेका छौं । पाठक वर्गको तर्फबाट पनि यी पुस्तकहरूको उत्साहवर्धक रूपले स्वागत र चाहना भइरहेको छ ।

यसबाहेक बौद्ध ग्रन्थहरूको प्रकाशन जति जति नेपाल भाषामा वृद्धि भयो उति उति अन्य भाषाभाषी बौद्ध ग्रन्थ प्रेमी नेपाली पाठकहरूबाट तिनको प्रकाशन नेपाली भाषामा पनि होस् भन्ने जोडदार माग हामीहरूकहाँ दिनानुदिन आउँदैछ । त्यसैलाई दृष्टिगत गरी यिनै भाइले आफ्नो व्यस्त समयबाट फुर्सद समय निकाल्दै यस पालि दीघनिकाय नेपाली भाषामा तयार पारे । यस्तो मूल धार्मिक ग्रन्थ प्रकाशन गर्ने सौभाग्य हामीहरूलाई भाइ दुण्डबहादुरबाट प्राप्त भयो । जसको निमित्त यिनलाई जति धन्यवाद दिए पनि थोरै नै हुन्छ । प्रस्तुत ग्रन्थ – दीघनिकाय हाम्रो तर्फबाट प्रकाशित भएका वीर-पूर्ण

Downloaded from http://www.dhamma.digital

स्मृति ग्रन्थमालाको नवौं पुस्तक हो । आशा छ पाठक महानुभावहरूबाट अगाडि जस्तै यस ग्रन्थको पनि हार्दिक स्वागत हुने नै छ ।

यस दीघनिकाय पुस्तकमा उपासक-उपासिकाहरूलाई चाहिने गृहस्थसम्बन्धी, भिक्षु-अनागारिकाहरूलाई चाहिने शील, समाधि, प्रज्ञासम्बन्धी, विपश्यना भावना गर्नेहरूलाई अनिवार्य रूपले चाहिने प्रमुख सूत्रसम्बन्धी भगवान् बुद्धका उपदेशहरू समावेश गरिएका मात्र होइनन् धार्मिक जालोमा अल्झिएका व्यक्तिहरूको जालो सुल्झाउने कडीहरू पनि प्रस्तुत गरिएका छन् । पायासिराजञ्ञजस्ता भौतिकवादीहरूलाई आध्यात्मिक कुरा अवबोध गराउनु पर्ने जुन समस्या हाम्रो आजको समाजमा विद्यमान छ, त्यसको समाधान गर्ने उपाय पनि यस ग्रन्थमा बताइएको छ । साथै यसमा विभिन्न महत्वपूर्ण बौद्ध मन्तव्यहरूको सूची पनि सङ्गालिएको छ । सर्वाधिक महत्वको एउटा कुरो के हो भने यो ग्रन्थ भगवान् बुद्धको जीवनको अन्तिम वर्षका महत्वपूर्ण घटना विवरणले पनि विशिष्ट बनेको छ । यस ग्रन्थको प्रकाशनबाट हाम्रो देशमा बुद्ध र बुद्ध धर्मसम्बन्धी आधारभूत ज्ञान प्राप्त गर्न अपूर्व अवसर मिल्नेछ भन्ने हामीहरूले उत्कट अभिलाषा र विश्वास लिएका छौं ।

यहाँ हामी प्रकाशकहरू के कुराको पनि जानकारी दिन चाहन्छौं भने हाम्रो प्रकाशन अन्तर्गतका दुण्डबहादुरद्वारा अनूदित कुनै पनि ग्रन्थ अथवा त्यस ग्रन्थको कुनै पनि अंश वा एक दुइटा सूत्र मात्र भए पनि संकलन गरी कुनै सद्धर्मप्रेमी देशवासी महानुभावले सानो ठूलो पुस्तक-पुस्तिका प्रकाशित गरी निःशुल्क वितरण गर्न चाहेमा हामीलाई सूचना दिई प्रकाशन गर्न सक्नुहुनेछ भन्ने अनुमति प्रदान गरेका छौं, जसबाट यस्तो मूल धर्मग्रन्थ जति सक्यो उति बढी मानिसहरूको हातमा पुगी सद्धर्मको रसपान गर्न सकियोस् ।

अन्तमा पाठक महानुभावहरूले बुद्धधर्मको सार ग्रहण गरे अनुरूप आ-आफ्ना परिवार एवं मित्रजनहरूको बीचमा सद्धर्म फिंजाउन, बुझाउन, प्रचार-प्रसार गरी पुण्य लाभ गर्न सकून् तथा अन्तमा हामीहरू सबैले जन्म, जरा, व्याधि र मरणबाट मुक्त हुने निर्वाण लाभ गर्न सकौं भनेर कामना गर्दछौं ।

Dhamma.Digital

वि.सं. २०५६ कार्तिक २४ गते, (भाई टिका)
**वीर-पूर्ण पुस्तक संग्रहालय,**
रत्नाकर महाविहार, हःखबहाल,
गाबहाल, ललितपुर, नेपाल ।

**पवित्रबहादुर वज्राचार्य**
**अशोकरत्न वज्राचार्य**
**हीरादेवी वज्राचार्य**

Downloaded from http://www.dhamma.digital

# साधुवाद

शाक्यमुनि बुद्धको ४५ वर्षसम्मको धर्मोपदेश वाङ्मय अत्यन्त विशाल छ । त्यसमध्येमा पालि त्रिपिटक नै सर्वाधिक प्राचीन र प्रामाणिक छ । कमसेकम ५ एशियाई मुलुकहरूले पालि त्रिपिटकको प्राचीनकाल देखिको परम्परालाई जीवित गरिराखेको छ । एक शब्दको अन्तरमा समेत संगायनाहरूबाट विचार गरिएको देखिन्छ । यो वाङ्मयको संसारमा अतुल्य उदाहरण हो ।

दीघनिकाय यसै त्रिपिटकको सुत्तपिटकको पहिलो निकाय हो । दीघनिकायमा सीलक्खन्धवग्ग, महावग्ग र पाथिकवग्ग रूपमा तीन वग्गहरू अथवा वर्गहरू छन् र तीनवटै वर्ग अन्तरगत ३४ वटा सुत्त (सूत्र) हरू छन् । सुत्तहरू लामालामा भएकोले नै यसलाई दीघनिकाय भनिएको हो ।

नेपालमा बुद्धधर्मको पालिनिकाय (थेरवाद) को पुनर्जागरण पछि सुत्तहरूको व्याख्यान, श्रवण, अध्ययन र अध्यापन शुरु भयो । विभिन्न सुत्तहरूको सासाना पुस्तकहरू प्रकाशित भए । दीघनिकायका सुत्तहरू पनि प्रकाशित हुन लाग्यो । पूज्यपाद संघमहानायक दिवंगत प्रज्ञानन्द महास्थविरबाट महासमयसुत्त (२५१५ बु.सं.), दीवंगत भिक्षु विवेकानन्द महास्थविरबाट महास्मृतिप्रस्थान (२५१५ बु.सं.), भिक्षु ञाणपुण्णिकबाट पायासिसुत्त (२०५६ वि.सं.), धम्मवती धम्माचरियबाट सम्पादित महापरिनिब्बाणसुत्त (बुद्धया अन्तिम यात्रा १, २ भाग : २०२० वि.सं.) नेपाल भाषामा अनुदित भइ प्रकाशित भएको छ । यसभन्दा अगाडी "धर्मोदय" पत्रिकामा पनि क्रमशः गरी ब्रह्मजाल सूत्र नेपालभाषामा प्रकाशित भएको थियो । परन्तु सिंगो पुस्तक रूपमा श्री दुण्डबहादुर वज्राचार्यबाट नेपालभाषामा अनुदित दीघनिकायको पहिलो प्रकाशन वि.सं. २०४६ मा भयो । साँच्चै भन्ने भए, त्रिपिटकको प्राचीन विभाजन रूपको एक निकायको पहिलो प्रकाशन पनि यही हो । जहाँ सम्म नेपाली भाषामा सुत्तहरूको प्रकाशनको कुरा छ, दिवंगत आचार्य भिक्षु अमृतानन्द महास्थविरबाट सम्पादित एवं अनुदित बुद्धकालीन ग्रन्थमालाहरूमा विभिन्न निकायका सुत्तहरूको प्रकाशन भएको छ । तसर्थ नेपाली भाषामा पनि एक सिंगो पुस्तक रूपमा उनै एक ग्रन्थ निकायको प्रकाशनमा यही "दीघनिकाय" नै पहिलो पालि निकाय ग्रन्थ भएको छ ।

नेपाल भाषामा "इतिवुत्तक" (२०३९ वि.सं.), "मिलिन्द-प्रश्न" (२०४१ वि.सं.), "दीघनिकाय" (२०४६ वि.सं.), "मज्झिमनिकाय" (२०५४ वि.सं.) र "संयुत्तनिकाय" (२०५५ वि.सं.) को प्रकाशन पछि श्री दुण्डबहादुर वज्राचार्यबाट नेपाल भाषामा पनि त्रिपिटक निकाय ग्रन्थ सम्पादन र अनुवादमा ध्यान दिन लागेको छ । सुत्तपिटकका अंगुत्तरनिकाय र खुद्दकनिकायका ग्रन्थहरू नेपाल भाषामा अरु अनुवादकहरूबाट प्रयास भइसकेकोले र भइरहेको नै यतातिर श्री वज्राचार्यको ध्यान गएको होला अन्यथा बाँकी निकायहरूको नेपालभाषानुवाद र प्रकाशनमा पनि उहाँ लाग्ने नै थियो होला ।

लेख्ने अथवा अनुवाद गर्ने प्रतिभा भएका सँग प्रकाशनको क्षमता नहुने गर्दछ । क्षमता भएता पनि श्रद्धा हुनु गाह्रो छ । यस अर्थमा श्री दुण्डबहादुर वज्राचार्य बौद्धिक प्रतिभाका धनी हुनाका साथै मध्यमवर्गीय परिवार भएर पनि श्रद्धा सम्पन्न व्यक्ति हुनुहुन्छ ।

बुद्धको जन्मभूमि नेपालका राजकीय प्रज्ञाप्रतिष्ठान, साझा प्रकाशन र जगदम्बा प्रकाशन जस्ता निकायहरू छन् । तर अहिलेसम्म मूल बुद्धधर्म सम्बन्धी कुनै कृति अनुदित र प्रकाशित भएको देखिन्दैन । दिवंगत आचार्य भिक्षु अमृतानन्द महास्थविरका बुद्धकालीन ग्रन्थमालामा छरिएका दीघनिकायका सूत्रहरू श्री वज्राचार्यज्यूबाट संकलन भएर नपुग सूत्रहरूको स्वयं अनुवाद गरेर सिंगो एक निकायको नेपाली भाषामा अनुवाद उपलब्ध हुनु एक गौरवको कुरा हो । आशा छ, अब नेपाली भाषामा मूल पालि त्रिपिटकको अनुवाद र प्रकाशन तिर प्रज्ञा प्रतिष्ठान आदि नेपाली भाषाका प्रकाशन संघ संस्थाको ध्यान आकर्षित हुनेछ ।

**नगरमण्डप श्रीकीर्तिविहार**
कीर्तिपुर नगरपालिका-१७
कीर्तिपुर, काठमाडौं ।
१५/६/२०५६

**– भिक्षु सुदर्शन महास्थविर**

Downloaded from http://www.dhamma.digital

# संकेत सूची

अभि.ध.सं. = अभिधम्मत्थसंगहो

अं.नि. ८ = अङ्‌गुत्तरनिकायपालि अट्ठक निपात

अट्ठ.<br>अ.क. } = अट्ठकथा

अट्ठ सा. = अट्ठसालिनी

अनु. = अनुवादक

आ. अमृ.= आचार्य अमृतानन्द

इतिवु. = इतिवुत्तक

उदा. अ.क. = उदान अट्ठकथा

खु.नि. = खुद्दकनिकाय

चूल. व.पा. = चूलवग्गपालि

जा. = जातक

टी. = टीका

दी.नि. = दीघनिकाय

दी.नि.अ.क. = दीघनिकाय अट्ठकथा

धम्म.सं. = धम्मसंगीनी अट्ठकथा

पपं. सू. = पपञ्चसूदनी नाम अट्ठकथा

पटि.म.अ.क. = पटिसम्भिदामग्गट्ठकथा

पट्ठा. = पट्ठान

पा. = पालि

पाचि. पा. = पाचित्तियपालि

पारा. = पाराग्राफ

बु.ब्रा. = बुद्धकालीन ब्राह्मण

बु.गृ.= बुद्धकालीन गृहस्थीहरू

बु.रा. = बुद्धकालीन राजपरिवारहरू

बु.म. = बुद्धकालीन महिलाहरू

बु.प. = बुद्धकालीन परिव्राजकहरू

बु.प्रे = बुद्धकालीन प्रेतकथा

बु. श्राच. = बुद्धकालीन श्रावक-चरित

बु. श्रावि. = बुद्धकालीन श्राविका चरित

बु. ब्र. = बुद्धकालीन ब्रह्मादिदेव

म.नि. = मज्झिमनिकाय

मनो.र. = मनोरथपूरणी नाम अट्ठकथा

महा.व.पा. = महावग्गपालि

मि.प्र. = मिलिन्द-प्रश्न

विभ. अ.क. = विभङ्गपालि नाम अट्ठकथा

विभं. पा. = विभङ्गपालि

विसु. म. = विसुद्धिमग्गो

सं. = सम्पादक

सं.नि. = संयुत्तनिकाय

सम. पा. = समन्तपासादिका

सम्मो.वि. = सम्मोहविलासिनी नाम अट्ठकथा

सुत्त.नि. = सुत्तनिपात

सुमं वि. = सुमंगलविलासिनी (दीघनिकाय अट्ठकथा)

D.P.P.= Dictionary of Pali Proper Names

I, II, III, IV, V = भाग १, २, ३, ४, ५

Downloaded from http://www.dhamma.digital

# विषय सूची

## १. शीलस्कन्ध-वर्ग


१. ब्रह्मजाल-सुत्त १

१. सुप्पिय परिव्राजकका कुरा १

२. साधारण शील (चुल्ल शील) ३

(क) सानो शील ३

(ख) मध्यम शील ५

(ग) महाशील ७

३. मिथ्यादृष्टिस्थान ९

(क) १८ प्रकारका पूर्वान्त सम्बन्धमा धारणाहरू १०

(१) शाश्वतवादको पहिलो सिद्धान्त १०

(२) शाश्वतवादको दोस्रो सिद्धान्त ११

(३) शाश्वतवादको तेस्रो सिद्धान्त ११

(४) शाश्वतवादका चौथो सिद्धान्त १२

(५) केही शाश्वत र अशाश्वतवादको पहिलो सिद्धान्त १३

(६) केही शाश्वत र अशाश्वतवादको दोस्रो सिद्धान्त १४

(७) केही शाश्वत र अशाश्वतवादको तेस्रो सिद्धान्त १४

(८) केही शाश्वत र अशाश्वतवादको चौथो सिद्धान्त १५

(९) अन्तानन्तवादको पहिलो सिद्धान्त १६

(१०) अन्तानन्तवादको दोस्रो सिद्धान्त १६

(११) अन्तानन्तवादको तेस्रो सिद्धान्त १६

(१२) अन्तानन्तवादको चौथो सिद्धान्त १७

(१३) अमराविक्षेपवादको पहिलो सिद्धान्त १८

(१४) अमराविक्षेपवादको दोस्रो सिद्धान्त १८

(१५) अमराविक्षेपवादको तेस्रो सिद्धान्त १८

(१६) अमराविक्षेपवादको चौथो सिद्धान्त १९

(१७) अधीत्यसमुत्पन्नवादको पहिलो सिद्धान्त २०

(१८) अधीत्यसमुत्पन्नवादको दोस्रो सिद्धान्त २०

(ख) अपरान्तसम्बन्धी ४४ धारणाहरू २१

(१-१६) मरणपछि संज्ञा हुन्छ भन्ने वाद – १६ २१

(१७-२४) मरणपछि संज्ञा छैन भन्ने वाद – ८ २२

(२५-३२) मरणपछि नैवसंज्ञीना-संज्ञीवाद – ८ २३

(३३) पहिलो उच्छेदवाद २३

(३४) दोस्रो उच्छेदवाद २४

(३५) तेस्रो उच्छेदवाद २४

(३६) चौथो उच्छेदवाद २४

(३७) पाँचौं उच्छेदवाद २४

(३८) छैटौं उच्छेदवाद २५

(३९) सातौं उच्छेदवाद २५

(४०) दृष्टधर्मनिर्वाणवादको पहिलो सिद्धान्त २५

(४१) दृष्टधर्मनिर्वाणवादको दोस्रो सिद्धान्त २६

(४२) दृष्टधर्मनिर्वाणवादको तेस्रो सिद्धान्त २६

(४३) दृष्टधर्मनिर्वाणवादको चौथो सिद्धान्त २६

(४४) दृष्टधर्मनिर्वाणवादको पाँचौ सिद्धान्त २६

४. दृष्टि भनेको त्रास र कम्पन...हो । २८

५. स्पर्शको कारणले दृष्टि हुन्छ २९

स्पर्शबाहेक अन्य वेदना छैन ३०

६. संसारचक्र दृष्टिगत छ ३१


Downloaded from http://www.dhamma.digital

७. दृष्टिजात ३२

२. **सामञ्ञफल-सुत्त** ३३

१. छजना अन्य तीर्थङ्करहरू ३३

२. मगधराजा जीवकको आम्रवनमा ३४

३. श्रामण्यफलसम्बन्धी प्रश्न ३८

४. छ तीर्थिय मतहरू ३९

(१) पूरणकश्यपको मत ३९

(२) मक्खली गोशालको मत ४०

(३) अजित केशकम्बलको मत ४२

(४) प्रकुध कात्यायनको मत ४३

(५) निगण्ठ-नाटपुत्रको मत ४४

(६) सञ्जयबेलट्ठपुत्रको मत ४४

५. बुद्धवाद ४६

(१) पहिलो सान्दृष्टिक श्रामण्यफल ४६

(२) दोस्रो सान्दृष्टिक श्रामण्यफल ४७

(३) श्रेष्ठतर श्रामण्यफल ४७

सानो शील ५१

मध्यमशील ५४

महाशील ५६

इन्द्रिय संवर ५८

स्मृतिसम्प्रजन्य ५९

सन्तुष्टि ५९

नीवरण प्रहाण ६१

प्रथमध्यान ६२

द्वितीयध्यान ६२

तृतीयध्यान ६३

चतुर्थध्यान ६३

विपश्यनाज्ञान ६४

मनोमय ऋद्धिज्ञान ६४

ऋद्धिविध ज्ञान ६४

दिव्य स्रोतज्ञान ६५

परचित्तज्ञान ६५

पूर्वानुस्मृतिज्ञान ६७

दिव्य चक्षुज्ञान ६८

आस्रवक्षयज्ञान ६८

६. अजातशत्रुले उपासकत्त्व ग्रहण गरे ७०

३. **अम्बट्ठ-सुत्त** ७१

१. अम्बष्ठ माणवलाई बुद्धकहाँ पठाए ७१

२. अम्बष्ठ माणव बुद्धकहाँ गए ७२

३. शाक्य खलकमाथि नीचताको आरोप ७२

४. शाक्य जातिको उत्पत्ति ७३

कृष्णायण गोत्रोत्पत्ति ७४

५. कृष्णायण ऋषि ७५

६. जातिमध्ये क्षेत्री श्रेष्ठ ७६

७. विद्या र चरण ७९

विद्याचरण सम्पदाका चारवटा परिहानिहरू ८०

८. पूर्वऋषिहरूको प्रतिपदा ८१

९. अम्बष्ठ माणव पुष्करसातीकहाँ ८३

१०. पुष्करसाती ब्राह्मण बुद्धकहाँ ८४

४. **सोणदण्ड-सुत्त** ८६

१. सोणदण्ड ब्राह्मणद्वारा जातिवादको खण्डन ८६

बुद्धकहाँ जान नदिने ब्राह्मणहरूको प्रयास ८७

सोणदण्ड ब्राह्मणद्वारा बुद्धको वर्णन ८९

२. सोणदण्ड ब्राह्मण बुद्धकहाँ ९५

३. कति कारणले ब्राह्मण होइन्छ ? ९६

शील प्रज्ञा कथा ९९

५. सोणदण्डले उपासकत्त्व ग्रहण गरे १००

५. **कूटदन्त-सुत्त** १०२

१. अहिंसामय यज्ञ १०२

(क) ब्राह्मणहरूले कूटदन्त ब्राह्मणलाई रोक्न खोजे १०३


Downloaded from http://www.dhamma.digital

(ख) कूटदन्त ब्राह्मणद्वारा बुद्धको वर्णन १०४
(क) महाविजित राजाको कथा १०५
(ख) चार अनुमति पक्ष यज्ञ-परिष्कार १०७
(ग) राजाका आठ अङ्ग पनि यज्ञ-परिष्कार १०८
(घ) पुरोहितका चार अङ्ग पनि यज्ञ-परिष्कार १०९
(ङ) तीन विधि १०९
(च) दस ठाउँमा चित्त खिन्न पार्न हुन्न १०९
(छ) राजाको चित्तलाई सोऱ्ह प्रकारले हर्षित पारे ११०
३. घिउ तेल आदिद्वारा यज्ञको समाप्ति ११२
४. महत्फलतर यज्ञहरू ११४
५. कूटदन्त ब्राह्मणको उपासकत्त्व ग्रहण ११९

**६. महालि-सुत्त** १२१
१. भगवान्कहाँ ओट्ठद्ध लिच्छवी १२१
२. दिव्य रूप र शब्द १२२
३. उत्तरोत्तर-धर्महरू १२४
४. उही जीव उही शरीर हो कि होइन १२५

**७. जालिय-सुत्त** १२७
१. उही जीव र उही शरीर हो ? १२७

**८. महासीहनाद-सुत्त** १२९
१. श्रमण गौतमले सबै तपको निन्दा गर्छन् कि गर्दैनन् १२९
२. विज्ञको बीच छलफल गर्नुपर्छ १३०
३. स्वयं आफैले जान्न सकिन्छ १३१
४. श्रामण्यत्व र ब्राह्मणत्त्वको निमित्त तपस्या १३१
५. शील-चित्त प्रज्ञा-सम्पदा १३५
६. सिंहनाद १३७
७. अचेल कस्सपको प्रव्रज्या १३८

**९. पोट्ठपाद-सुत्त** १३९
१. भगवान् पोट्ठपादकहाँ जानुभयो १३९
२. कसरी अभिसंज्ञा निरोध हुन्छ ? १४०
(क) अनुपूर्वाभिसंज्ञानिरोध संप्रज्ञान समापत्ति १४०
(ख) श्रेष्ठतर संज्ञा एउटै मात्र छ कि धेरै छन् ? १४२
(ग) पहिले संज्ञा हो कि ज्ञान ? १४३
(घ) संज्ञा पुरुषको आत्मा होइन त ? १४३
३. अव्याकृत प्रश्न १४४
४. धर्म ऐकांशिक पनि हुन्छ, अनैकांशिक पनि १४५
५. मरणपछि आत्मा सुखी हुन्छ १४६
जनपदकल्याणीको उपमा १४६
भऱ्याङको उपमा १४७
६. तीन प्रकारको शरीर परिग्रह १४८
७. भूत, भविष्य र वर्तमान शरीर प्रतिलाभ १४९
गाईबाट दूध, दूधबाट दही आदि १५०
८. चित्तहत्थि सारिपुत्र अरहन्त भए १५१

**१०. सुभ-सुत्त** १५२
१. आयुष्मान् आनन्दलाई निम्तो १५२
२. तीन धर्मस्कन्ध १५३
(क) शीलस्कन्ध १५३
(ख) समाधिस्कन्ध १५४
(ग) प्रज्ञास्कन्ध १५७

**११. केवट्ट-सुत्त** १६२
१. केवट्टको प्रार्थना १६२
२. तीन प्रातिहार्यहरू १६३
(क) ऋद्धिप्रातिहार्य १६३
(ख) आदेशनाप्रातिहार्य १६४
(ग) अनुशासनीप्रातिहार्य १६५
३. चतुर्महाभूतहरू कहाँ निरूद्ध हुन्छन् ? १६५


Downloaded from http://www.dhamma.digital

**१२. लोहिच्च-सुत्त** १६९

१. लोहिच्च ब्राह्मणको धारणा १६९

२. भगवान्‌द्वारा लोहिच्चको दृष्टिको निराकरण १७०

३. तीन आक्षेपयोग्य शास्ताहरू १७३

४. आक्षेप अयोग्य शास्ता १७५

**१३. तेविज्ज-सुत्त** १७७

१. पाँच नामी ब्राह्मणहरू १७७

२. त्रैविद्यका वचन अन्धवेणु परम्परा समान १७८

३. ब्रह्मसहवास १७९

(क) जनपदकल्याणको उपमा १८०

(ख) भऱ्याङ्को उपमा १८१

(ग) अचिरवती नदीको उपमा १८१

४. ब्रह्मा सपरिग्राही कि अपरिग्राही ? १८३

५. ब्रह्मसहवासको मार्ग १८४

चतुर्ब्रह्म-विहार १८४

## २. महा-वर्ग

**१. महापदान-सुत्त** १८९

१. पूर्व जन्मसम्बन्धी कथा १८९

२. पूर्व बुद्धहरूको जन्म समय १९०

पूर्व बुद्धहरूका जाति १९०

पूर्व बुद्धहरूको गोत्र १९०

पूर्व बुद्धहरूका आयु : प्रमाण १९०

पूर्व बुद्धहरूका बोधिवृक्ष १९१

पूर्व बुद्धहरूका अग्रश्रावक युगल १९१

पूर्व बुद्धहरूका श्रावक सन्निपात १९१

अग्र उपस्थापक १९२

मातापिता १९२

३. तथागतको धम्मता (प्रभाव=प्रताप) १९३

विपस्सी भगवान् १९४

४. बत्तीस महापुरुषलक्षण १९६

५. विपस्सी बोधिसत्त्व १९७

चार निमित्त १९८

वृद्ध १९८

रोगी २००

मृतक २००

प्रव्रजित २०१

धेरै बन्धुमती वासीहरूको प्रव्रज्या २०२

विपस्सीलाई ञाणपटिवेध २०२

६. विपस्सी भगवान् सम्यक्‌सम्बुद्धसित ब्रह्मयाचन २०९

अग्रश्रावक युगल २१२

महाजनकाय प्रव्रज्या २१३

चौरासीहजार प्रव्रजितहरूलाई धर्माभिसमय २१४

चारिकाको निमित्त आज्ञा २१४

देवताहरूको साक्ष्य २१६

**२. महानिदान-सुत्त** २१८

१. प्रतीत्यसमुत्पादको गम्भीरता २१८

प्रत्ययको कारण २१८

यो कारण नभएमा यो हुदैन २१९

२. (क) आत्मवाद-प्रज्ञप्ति २२३

३. सप्त विज्ञान स्थितिहरू २२६

४. अष्ट (आठ) विमोक्ष २२८

**३. महापरिनिब्बान-सुत्त** २२९

१. सप्त अपरिहानि धर्महरू २२९

२. भिक्षुहरूको सात अपरिहानि धर्महरू २३५

अर्को पनि सात अपरिहानि धर्महरू २३६

अर्को पनि सात अपरिहानि धर्महरू २३७

अर्को पनि सात अपरिहानि धर्महरू २३७

अर्को पनि सात अपरिहानि धर्महरू २३८

छ वटा अपरिहानि धर्म २३८

४. सारिपुत्रको सिंहनाद २४०


Downloaded from http://www.dhamma.digital

५. पाटलिगाउँ वासीलाई भगवान्को उपदेश २४१
६. पाटलिपुत्र नगर निर्माण २४३
कोटिग्राममा धर्मोपदेश २४५
७. धर्म-आदर्श (नामक) धर्म-पर्याय २४६
८. अम्बपालीको आम्रवन दान २४८
९. बेलुवग्राममा अन्तिम वर्षावास २४९
१०. चापाल चैत्यमा भगवान्को आयु:संस्कार त्याग २५१
१२. आठ परिषद् २५५
१३. आठ अभिभू आयतन २५५
१४. आठ विमोक्ष २५६
१५. मारयाचना २५७
१६. आनन्दयाचन कथा २५८
१७. महावनमा धर्मदेशना २६०
अन्तिम वैशाली दर्शन २६१
१८. चार महाउपदेश २६२
१९. कम्मारपुत्र चुन्दको भोजन २६३
२०. तथागतको महर्द्धिकता २६६
२१. पुक्कुस मल्लपुत्रको कथा २६६
२२. चुन्दको अन्तिम भोजनको प्रशंसा २७०
२३. भगवान् परिनिर्वाण मञ्चतिर २७१
उपवानलाई हटाइनु भएको २७२
चार संवेजनीय स्थान २७३
आनन्दको प्रश्न २७३
स्तूप बनाउन योग्य पुद्गलहरू २७४
आनन्दको आश्चर्य-धर्म २७५
महासुदर्शन राजाको कथा २७६
मल्लहरूद्वारा वन्दना २७७
सुभद्द परिव्राजकको प्रव्रज्या २७७
तथागतको अन्तिम वचन २७९
परिनिर्वाणको कथा २८०
२४. बुद्धको शरीर पूजा २८३
२५. महाकश्यपद्वारा दर्शन २८४
२६. शरीर धातु विभाजन २८६
धातु स्तूप पूजा २८८
**४. महासुदस्सन-सुत्त** २९०
१. कुशावती राजधानी २९०
२. चक्ररत्न २९१
३. हस्तिरत्न २९२
४. अश्वरत्न २९२
५. मणिरत्न २९२
६. स्त्रीरत्न २९३
७. गृहपतिरत्न २९३
८. परिणायकरत्न २९३
९. चार ऋद्धि सम्पन्न महासुदस्सन २९४
१०. धर्म-प्रासाद र पुष्करिणी २९४
११. ध्यान समापत्ति २९७
१२. चौरासीहजार नगर २९७
१३. महासुदर्शनलाई हेर्न गइन् २९८
१४. संस्कारको अनित्यमा ३००
**५. जनवसभ-सुत्त** ३०२
१. मगधका मृत उपासकहरूका गतिको बारे चिन्तना ३०२
२. जनवसभ देवपुत्रको प्रादुर्भाव ३०४
३. सुधर्मा सभामा ब्रह्माको प्रादुर्भाव ३०५
५. देवसभामा ब्रह्मा सनत्कुमारको उपदेश ३०७
चार ऋद्धिपाद ३०७
तीन स्थान ३०८
स्मृतिप्रस्थान (सतिपट्ठान) ३०८
सप्त समाधि-परिष्कार ३०९
**६. महागोविन्द-सुत्त** ३११
१. सुधर्मा देवसभा ३११


Downloaded from http://www.dhamma.digital

२. बुद्धका आठ यथार्थ गुणहरू ३१२
३. ब्रह्मा सनत्कुमारको प्रादुर्भाव ३१४
४. महागोविन्द ब्राह्मणका कुरा ३१५
५. राज्य संविभाजन ३१६
महागोविन्दको एकान्तवास ३१८
६. ब्रह्मा सनत्कुमारसंग साक्षात्कार ३१९
७. महागोविन्दको प्रव्रज्या-कामना ३२०
छ क्षत्रीहरूलाई सम्बोधन ३२१
ब्राह्मणहरूलाई सम्बोधन ३२३
भार्याहरूलाई सम्बोधन ३२३
महागोविन्दको प्रव्रज्या ३२३

**७. महासमय-सुत्त** ३२६
१. चार सुद्धावासका देवताहरूको गाथा ३२६
२. एकत्र भएका देवताहरूको बुद्धद्वारा नामकीर्तन ३२७

**८. सक्कपञ्ह-सुत्त** ३३१
१. शक्रको प्रश्न ३३१
२. बुद्धको दर्शन गर्ने इच्छा ३३१
वेदियक पर्वतमा शक्र देवेन्द्र ३३२
शक्र देवेन्द्र बुद्धको छेउमा गए ३३४
गोपक देवपुत्र ३३६
३. शक्रको प्रश्नको उत्तर ३४३
अरू श्रमण ब्राह्मणहरूसँग प्रश्न सोधें ३४९
सन्तुष्टि लाभ ३५०
शक्रको बुद्धवन्दना ३५१

**९. महासतिपट्ठान-सुत्त** ३५३
१. उद्देस ३५३
२. कायानुपश्यना ३५३
(क) आनापानस्मृति ३५३
(ख) ईर्यापथ ३५४
(ग) सम्प्रजन्य ३५४
(घ) प्रतिकूल मनस्कार ३५५
(ङ) धातु मनस्कार ३५५
(च) अशुभभावना ३५६
३. वेदनानुपश्यना ३५६
४. चित्तानुपश्यना ३५७
५. धर्मानुपश्यना ३५८
(क) पाँच नीवरण ३५८
(ख) पाँच उपादान स्कन्धहरू ३५८
(ग) छः भित्री एवं छः बाह्य आयतनहरू ३५९
(घ) सात बोध्यङ्गहरू ३५९
(ङ) चतुरार्य सत्य ३६०
दुःख सत्य ३६१
(२) समुदयसत्य ३६४
(३) निरोध सत्य ३६६
(४) मार्ग सत्य ३६७
६. स्मृतिप्रस्थान भावनाको आनिशंस ३६९

**१०. पायासिराजञ्ञ-सुत्त** ३७०
१. पायासि राजा आयुष्मान् कुमार काश्यपकहाँ गए ३७०
२. पायासि राजाको मिथ्यादृष्टि ३७१
(१) चन्द्रसूर्यको उपमा ३७१
(२) चोरको उपमा ३७२
(३) चर्पीको उपमा ३७३
(४) त्रयस्त्रिंश देवलोकको उपमा ३७४
(५) जन्मान्धको उपमा ३७४
(६) गर्भिणीको उपमा ३७५
(७) स्वप्नको उपमा ३७६
(८) तातो फलामको उपमा ३७७
(९) शंख बजाउने उपमा ३७७
(१०) अग्निहोत्रीको उपमा ३७८
(११) गाडीवानहरूको उपमा ३७९

Downloaded from http://www.dhamma.digital

(१२) गुहूको पोकोको उपमा ३८१

(१३) जुवाडेको उपमा ३८१

(१४) सनको भारीको उपमा ३८२

३. पायासि राजाको उपासकत्व ग्रहण ३८३

४. महत्फल हुने यज्ञ ३८३

५. सत्कार र असत्कारपूर्वक दिइने दानको फल ३८३

## ३. पाथिक-वर्ग

**१. पाथिक-सुत्त** ३८९

१. सुनक्खत्तले बुद्धधर्म छाडे ३८९

मलाई ऋद्धिप्रातिहार्य देखाउनुहुन्न ३९०

यो अग्र हो भन्ने कुरा भगवान् बनाउनुहुन्न ३९०

२. कोरक्खत्तियमाथि सुनक्खत्त प्रसन्न थिए ३९१

३. कलारमट्टकमाथि सुनक्खत्त प्रसन्न थिए ३९३

४. पाथिकपुत्रको खोक्रो घमण्ड ३९४

५. पाथिकपुत्रको आराममा मानिसहरू एकत्रित भए ३९६

६. पराजित पाथिकपुत्र ३९७

लिच्छवी अमात्य बोलाउन गए ३९७

उनलाई ल्याउन जालिय गए ३९८

बूढो स्याल जस्तै पाथिकपुत्र ३९८

७. भगवान्ले ऋद्धिप्रातिहार्य देखाउनुभयो ४००

अग्रज्ञान ज्ञाता तथागत ४०१

ईश्वरनिर्माणवाद ४०१

क्रीडाप्रदूषिक देवता ४०२

मनःप्रदूषिक देवता ४०३

अधिच्चसमुत्पन्न देवता ४०४

शुभविमोक्ष ध्यान ४०४

**२. उदुम्बरिक-सुत्त** ४०६

१. सन्धान गृहपति परिव्राजकाराममा गए ४०६

२. भगवान् परिव्राजकाराममा पुग्नुभयो ४०८

३. निग्रोध परिव्राजकको प्रश्न ४०९

४. तपजुगुप्साका उपक्लेशहरू ४१०

५. परिशुद्ध तपस्या ४१२

६. अग्रत्व प्राप्त तपजुगुप्सा ४१४

७. निग्रोध परिव्राजकको पश्चात्ताप ४१६

निग्रोधले आफ्नो गल्ती स्वीकारे ४१८

शिष्य बनाउनको निमित्त उपदेश गरिएको होइन ४१९

**३. चक्कवत्ति-सुत्त** ४२१

१. दृढनेमि चक्रवर्ती राजा ४२१

२. आर्य चक्रवर्तीव्रत ४२२

३. चक्ररत्न ४२३

४. निर्धनता झन्झनै बढे ४२४

५. दश वर्ष आयु हुने समय ४२७

शंख भन्ने चक्रवर्ती राजा उत्पत्तिको भविष्यवाणी ४२८

शंखराजको उत्पत्ति ४२९

६. मैत्रेय भगवान्को उत्पत्ति ४३०

७. आफ्नै द्वीप भई विहार गर ४३०

आफ्नै गोचरमा विचरण गर ४३०

**४. अग्गञ्ञ-सुत्त** ४३२

१. वाशिष्ठ र भारद्वाज श्रामणेर बुद्धकहाँ गए ४३२

ब्राह्मणहरू गाली गर्छन् ४३२

ब्राह्मण नै श्रेष्ठवर्ण हुन् ४३३

२. चारैवर्णमा कुशलाकुशल हुन्छन् ४३३

चारैवर्णमा भिक्षु श्रेष्ठ ४३४

तथागतको धर्मकाय ४३४

३. यो लोकको संवर्त र विवर्त ४३४

रसमय पृथ्वीको उत्पत्ति ४३५


Downloaded from http://www.dhamma.digital

चन्द्र-सूर्यको प्रादुर्भाव ४३५

भूमि-पर्पट रस प्रादूर्भाव ४३५

भद्रलताको प्रादुर्भाव ४३६

विना जोताईको धान ४३६

स्त्री-पुरुषको चिन्ह प्रादुर्भाव ४३६

मैथुनको कारणले घरबारको श्रृष्टि ४३७

व्यक्तिगत सम्पत्तिको श्रृष्टि ४३७

चोरी (अदिन्नादान) को उत्पत्ति ४३८

चारैवर्णको उत्पत्ति ४३८

श्रमणको उत्पत्ति ४४०

यी मध्ये क्षीणास्रव अग्र हुन् ४४०

बोधिपक्षिय भावना ४४०

**५. सम्पसादनीय-सुत्त ४४२**

१. सारिपुत्रको सिंहनाद ४४२

२. भगवान्‌को अनुपम धर्मदेशना ४४३

३. शास्ताद्वारा अनुमोदन ४४७

**६. पासादिक-सुत्त ४४९**

१. निगण्ठ–नाटपुत्रको देहान्त ४४९

निगण्ठ-मृत्युको कुरा बुद्धलाई सुनाए ४४९

२. दुराख्यात धर्मविनय ४५०

३. सु-आख्यात धर्मविनय ४५१

४. गुरु-देहान्तपछि शिष्यहरूलाई अनुताप ४५२

५. गुरुको देहान्तभए पनि शिष्यहरू लाई अनुपात नहुने ४५२

६. ब्रह्मचर्यको परिपूर्ण अङ्ग ४५३

श्रावकहरूले धर्मावबोध गरेका छन् ४५५

७. सङ्गायना गर्नुपर्छ ४५६

बुद्धद्वारा स्वयं ज्ञात गरेका धर्महरू ४५६

८. बुद्धवचनको पहिचान ४५७

९. प्रत्यवेक्षण-ज्ञान ४५८

१०. सुखमा अल्भेर बस्ने ४५८

११. क्षीणास्रवले उल्लंघन गर्न नसक्ने कारणहरू ४६०

१२. बुद्ध कालवादी हुन् ४६१

तथागत ४६२

१३. कस्तालाई अव्याकृत र व्याकृत भन्दछन् ? ४६२

पूर्वान्त-अपरान्त दर्शन ४६३

कसरी दृष्टिहरू छाड्ने ४६६

आयुष्मान् उपवान ४६६

**७.लक्खण-सुत्त ४६७**

१. बत्तीस महापुरुष लक्षण ४६७

२. कुन कुन कर्मबाट कुन कुन लक्षण उद्‌भव हुन्छ ४६८

(१) सुप्रतिष्ठित पादता ४६८

(२) पादतल चक्रता ४६९

(३-५) आयतपार्ष्णिता आदि ४७०

(६) सप्त-उत्सदता ४७१

(७-८) कर-चरण मृदुजालता ४७१

(९-१०) उत्सङ्गपादता तथा उर्ध्वाग्रलोमता ४७२

(११) एणिजङ्गता ४७३

(१२) सूक्ष्मच्छविता ४७३

(१३) सुवर्ण वर्णता ४७४

(१४) कोषावहित वस्तिगुह्यता ४७५

(१५-१६) न्यग्रोधपरिमण्डलता तथा आजानुबाहुता ४७५

(१७-१९) सिंहवत्पूर्वार्धकायता आदि ४७६

(२०) रसाग्रसर्गिता ४७७

(२१-२२) अभिनील नेत्र र गोपक्ष्मता ४७८

(२३) उष्णीषशीषता ४७८

(२४-२५) एकैकलोमता एवं उर्णाभ्रमुकान्तरता ४७९

(२६-२७) चालीस दन्त तथा अविरल दन्तपंक्ति ४८०

(२८-२९) प्रभूत जिह्वा र ब्रह्मस्वर ४८०


Downloaded from http://www.dhamma.digital

(३०) सिंहहनु ४८१
(३१-३२) समदन्त र सुशुक्ल दन्त ४८२
८. **सिङ्गाल-सुत्त** ४८३
१. सिङ्गालकको दिशा नमस्कार ४८३
२. छ दिशाहरू नमस्कार गर्ने विधि ४८४
(१) चारकर्म क्लेशहरू ४८४
(२) चार कारणद्वारा पाप कर्म गर्दैन ४८४
(३) भोगविनाशका ६ कारणहरू ४८५
सुरापानमा ६ दोषहरू ४८६
कुबेलामा घुम्नेका ६ दोषहरू ४८६
नाचगान तमाशा हेर्नेमा ६ दोषहरू ४८६
जुवाडेमा ६ दोषहरू ४८७
खराब साथी हुनेमा ६ दोषहरू ४८७
अल्छीपनमा ६ दोषहरू ४८७
३. मित्र रूपी अमित्रहरू ४८८
४. चारजनालाई सुहृद् मित्र सम्झनुपर्छ ४९०
५. छ दिशा नमस्कार ४९२
मातापिता पूर्वदिशा ४९२
आचार्य दक्षिणदिशा ४९३
भार्या पश्चिमदिशा ४९४
मित्र अमात्य उत्तरदिशा ४९५
दास कामदार अधोदिशा ४९५
श्रमण ब्राह्मणहरू उर्ध्वदिशा ४९६
९. **आटानाटिय-सुत्त** ४९८
१. चतुर्महाराजहरू ४९८
२. आटानाटियद्वारा रक्षा ४९९
(१) धृतराष्ट्र ४९९
(२) विरुढक ५००
(३) विरूपाक्ष ५००
(४) वैश्रवण ५०१
३. सङ्कटको बेला यक्षसेनापतिहरू-लाई आह्वान ५०३
४. शास्ताद्वारा अनुमोदन ५०४
१०. **सङ्गीति-सुत्त** ५०६
१. सारिपुत्र स्थविरको धर्मोपदेश ५०६
२. निगण्ठहरूका बीच फूट ५०७
३. सबै मिलेर पढ्नुपर्छ ५०७
एउटा धर्म ५०७
दुईवटा धर्महरू ५०८
तीनवटा धर्महरू ५०८
चार धर्महरू ५१२
पाँचवटा धर्महरू ५१७
छ वटा धर्महरू ५२१
सातवटा धर्महरू ५२४
आठवटा धर्महरू ५२५
नौवटा धर्महरू ५२९
दशवटा धर्महरू ५३१
११. **दसुत्तर-सुत्त** ५३५
आयुष्मान् सारिपुत्रको उपदेश ५३५
एक धर्म ५३५
दुई धर्म ५३६
तीन धर्म ५३६
चार धर्म ५३७
पाँच धर्म ५३७
छ धर्म ५३९
सात धर्म ५४१
आठ धर्म ५४२
नौ धर्म ५४४
दश धर्म ५४५

Downloaded from http://www.dhamma.digital

# सुत्त (=सूत्र) अनुक्रमणी


| | | | |
|---|---|---|---|
| अगगञ्ञ | ४ (२७) | प्रलयपछि सृष्टि । सत्त्व प्राणीको प्रथम आहार । स्त्री पुरुषको भेद । वैयत्तिक सम्पत्तिको आरम्भ । वर्ण व्यवस्था । राजाको उत्पत्ति । ब्राह्मण, क्षेत्री, वैश्य, शूद्रको उत्पत्ति । श्रमणको उत्पत्ति । संसारमा धर्म नै श्रेष्ठ । | ४३२ |
| अम्बट्ठ | ३ | शाक्य जातिको उत्पत्ति । जातपातको खण्डन | ७१ |
| आटानाटिय | ९ (३२) | भूतप्रेतदेखि रक्षा हुने उपाय । | ४९८ |
| उदुम्बरिक | २ (२५) | शुद्ध अशुद्ध तपस्या । यहीं जीवनमा धर्म लाभ | ४०६ |
| कूटदन्त | ५ | अहिंसामय यज्ञ । महाफल र गुण भएको दान-यज्ञ, त्रिशरण-यज्ञ, शिक्षापद-यज्ञ, शील-यज्ञ, समाधि-यज्ञ, प्रज्ञा-यज्ञ । | १०२ |
| केवट्ट | ११ | ऋद्धि प्रदर्शनी निषिद्ध । चतुर्महाभूत निरोध सम्बन्धी ज्ञानबारे ब्रह्माद्वारा अनभिज्ञता प्रकट । बुद्धद्वारा समाधान । | १६२ |
| चक्कवत्ति | ३ (२६) | स्वावलम्बन । निर्धनता नै सबै पापको कारण । पापबाट अवनति, पुण्यबाट उन्नति । | ४२१ |
| जनवसभ | ५ (१८) | मृत्युपछि बिम्बिसारको बुद्धसित भेट । | ३०२ |
| जालिय | ७ | जीव र शरीरको भेद-अभेद कथन अयुक्त । | १२७ |
| तेविज्ज | १३ | सत्य साक्षात्कार विना त्रिवेदको ज्ञान व्यर्थ । ब्रह्मलोक जानेबाटो : चतुर्ब्रह्मविहार । | १७७ |
| दसुत्तर | ११ (३४) | दस दस गरी जम्मा सय वटा बौद्ध मन्तव्य-सूची । | ५३५ |
| पाथिक | १ (२४) | ईश्वर-निर्माणवादको खण्डन । | ३८९ |
| पायासिराजञ्ञ | १० (२३) | नास्तिक मतको खण्डन । | ३७० |
| पासादिक | ६ (२९) | अयोग्य गुरु, अयोग्य धर्म । योग्य गुरु, योग्य धर्म । | ४४९ |
| पोट्ठपाद | ९ | अव्याकृत वस्तु । तीन थरी शरीर । वर्तमान शरीर नै सत्य । | १३९ |
| ब्रह्मजाल | १ | बुद्धको प्रशंसा शीलद्वारा मात्र अयोग्य । ६२ प्रकारको धर्म-जाल । आदि सम्बन्धी १८ धारणा । अन्त सम्बन्धी ४४ धारणा । | १ |
| महागोविन्द | ६ (१९) | बुद्ध-धर्मको महिमा । ब्रह्मलोक गामी । | ३११ |
| महानिदान | २ (१५) | प्रतीत्यसमुत्पाद । | २१८ |
| महापदान | १ (१४) | छ बुद्धहरूको वर्णन । विपश्यी बुद्धको जीवनी । | १८९ |
| महापरिनिब्बान | ३ (१६) | बुद्धको अन्तिम ऐतिहासिक वृतान्त । अन्तिम उपदेश । | २२९ |
| महालि | ६ | भिक्षुको उद्देश्य । निर्वाण प्राप्ति नै परम उद्देश्य । | १२१ |
| महासतिपट्ठान | ९ (२२) | सत्त्व (प्राणी) हरूको विशुद्ध हुने एक मात्र मार्ग : विपश्यना । | ३५३ |
| महासमय | ७ (२०) | बुद्धको दर्शनको निमित्त देवताहरूको समागम | ३२६ |
| महासीहनाद | ८ | सच्चा र झुठा तपस्या । शील-सम्पदा, समाधि-सम्पदा, प्रज्ञा-सम्पदा । | १२९ |
| महासुदस्सन | ४ (१७) | महासुर्दशनको पालामा कुशावतीको समृद्धिपना । | २९० |


Downloaded from http://www.dhamma.digital

| | | | |
|---|---|---|---|
| लक्खण | ७ (३०) | बत्तीस महापुरुष लक्षण । कुन कर्मबाट कुन लक्षणको उत्पत्ति । | ४६७ |
| लोहिच्च | १२ | सच्चा र झुठा गुरु । | १६९ |
| सक्कपञ्ह | ८ (२१) | शक्रको प्रश्नको उत्तर । शक्रको बुद्धवन्दना । | ३३१ |
| संगीति | (३३) | कस्तो धर्ममा फूट आउँछ । बौद्ध मन्तव्यको सूची । | ५०६ |
| सम्पसादनीय | ५ (२८) | बुद्ध अनुपम र अभिमान शून्यता । बुद्धधर्मको विशेषता | ४४२ |
| सामञ्ञफल | २ | भिक्षुहरूले पालन गर्नु पर्ने शीलहरू । समाधि र प्रज्ञा यहीं जीवनमा । | ३३ |
| सिंगाल | ८ (३१) | गृहस्थ-धर्म : गृह-विनय । | ४८३ |
| सुभ | १० | बुद्ध शीलस्कन्ध, समाधि-स्कन्ध, प्रज्ञा-स्कन्धको प्रशंसक | १५२ |
| सोणदण्ड | ४ | ब्राह्मण हुने धर्म । शील, समाधि, प्रज्ञा । | ८६ |


Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# ग्रन्थ विषय सूची


| | | |
|---|---|---|
| प्रकाशकीय | – | [७] |
| साधुवाद | – | [९] |
| संकेत सूची | – | [१०] |
| विषय सूची | – | [११] |
| सुत्त (=सूत्र) अनुक्रमणी | – | [२०] |
| ग्रन्थ विषय सूची | – | [२२] |
| Introduction | – | [२३] |
| भूमिका | – | [५९] |
| ग्रन्थानुवाद | – | १-५४६ |
| उपमा-सूची | – | ५४७ |
| नाम-अनुक्रमणी | – | ५५२ |
| मूल एवं सहायक ग्रन्थ सूची | – | ५६८ |


Downloaded from http://www.dhamma.digital

# Foreword

Buddhism has been followed in Nepal from the very life time of the Buddha. In no time it spread as far as northern mountainous regions and Tibet and therefrom to China and Mongolia, etc. But in course of unfavourable changes in the history of the country, Buddhists came to be suppressed and the pure, i.e.. Theravada Community, almost totally disappeared. It was only seventy years ago that one certain Nepali Buddhist monk — Bhikkhu Prajrananda succeeded in restoring the original form of Buddhism in the valley of Kathmandu, wherefrom it gradually spread to other parts of the country as well. In the meantime the late Bhikkhu Amritananda wrote a series of books in Nepali on different aspects of Buddhism, which remarkably helped to make it popular among the masses of Nepalese people.

Later on Nepalese Buddhists came to have close contact with the Buddhist co-religionists abroad — especially with Thailand, Sri Lanka, Myanmar, etc. Meanwhile, large numbers of Nepali student–monks went to the countries for higher study on Buddhism. In this way several Nepalese students –monks and novices are at present studying in Thailand with support from Thai Sangha.

It is with great pleasure that we have brought out a new edition of the Digha Nikaya in Nepali with kind permission from the publishers. The Digha Nikaya is part of the Tipitaka well known Buddhist scriptures in Pali as originally told by the Buddha. As the present work is in the Nepali language, it is hoped to be helpful particularly for the Nepalese people, to learn holy Buddhist scriptures in their own language.

The present translator, we are proud to note, is a distinguished Buddhist scholar belonging to a devout Buddhist family of Nepal, the historical land of Lord Buddha's birth.

Again I should take this opportunity to write down the most essential tenets of Buddhism for lay people as well as for establishment of peace in the world – the five precepts as follows :

1. *I undertake the training-precept to abstain from onslaught on breathing beings.*
2. *I undertake the training-precept to abstain from taking what is not given.*
3. *I undertake the training-precept to abstain from sensuous misconduct.*
4. *I undertake the training-precept to abstain from false speech.*
5. *I undertake the training-precept to abstain from alcoholic drink or drugs that are an opportunity for needlessness.*

For the monk, the Buddha said that *it is better to swallow a ball of iron red-hot and flaming with fire, than on the alms of the people to live, while immoral, indulgent, and intemperate.*

If we are practising the five precepts and abide by the monk's rules we should definitely attain inner peace in our minds.

May all beings be happy, healthy and wise in the Buddha's Dhamma.

**Ven. Bhavanacitsundara**
On behalf of all Thai donators.

Downloaded from http://www.dhamma.digital

1. Dr. Thip Jarukosol
2. Upasika Ratchada Amatayakul
3. Upasika Panee Kruathai
4. Upasika Vichien Ampan
5. Preyaluk Donavanik
6. Sriprapa Hirunwanichkul
7. Weerawan Tanparoj
8. Vanida Sawadsalee
9. Phismai Supanphesach
10. Mr. Pratung – Amphai Donavanik
11. Aporn Saengprasert
12. Mr. Max Davis
13. Mr. Spencer Davis
14. Rattiya Seesaengthong
15. Sujitha Sanganpiyapan
16. Chaiphong Siwasirigarun
17. Pim Jompruan
18. Juthamas Boonkaew
19. Upasika Uayporn 'Achariyatham
20. Mr. Thaworn Triratananarong Member of the house of Representatives
21. Sorassu Jarukosol
22. Keae Jarukosol
23. Ek Jarukosol
24. Ratanavadee Amatayakul
25. Chusri Sitri
26. Duangporn Nanthaleka
27. Natahchas Amatayakul
28. Prapas Amatayakul
29. Thecha – Phensri – Yajai Bunnak
30. Kanokwan Tunghong
31. Suphanee Tanhaphairojjana
32. Nilna Tanhaphairojjana
33. Thipawan Monoonpruchyamethee
34. Pornthep Choupan
35. Vorasunee Manoonpruchyamethee
36. Methee-Kalya Klongkaew
37. Suwanna Havorrakiat
38. Somchai-Somjit Tunghong
39. Ven. Jirasark Kantiparo. Wat Tesrangsri. and Groups
40. Ven. Nopadol Katasaro. Wat Suthajinda and Groups
41. Ven. Phrakhrupawanajitsunthorn and Groups
42. Buddhist Society, Wangjankasem
43. Buddhist Society, Thammathibhodee
44. Buddhist Society, Department of State Highways
45. Dr. Korp-Rungsri Kittayakerana and Family
46. Army Captain Boonmee-Pathaitip A-Mawist and Family
47. Ven. Mahasakorn Dhammasakaro Wat Phrayayang
48. Ven. Uttai Dhammavaro Wat Phooya-UO. and Groups
49. Ven. Thawee Paphatsaro. Wat Duangkhea. Bangkok.

Any good thing happens from this merit Sharing please bring us to brightness. Happiness. Shines peacefulness and nirvana. With the complement of Dr. Thip Charukosol, Miss Rachada Amatayakul and Group.

Downloaded from http://www.dhamma.digital

# Introduction

It is a matter of great delight for me that I have been able to publish this present work — the Digha Nikãya, the first collection of Sutta Pitaka, one of three Divisions of the Buddhist Canon (Tipitaka, i.e., the words of the Buddha in Nepali for the first time in Nepal just ten years after the Nepal Bhasa publication of it. In the Pali Tipitaka, an attempt has been made to collect all the sayings of the Buddha, the Blessed One, that is, whatever was preached by him in various places during the forty-five years from His Enlightenment to His passing away into the Great Nibbãna.

The sayings of the Buddha are preserved in three texts : (a) Sutta Pitaka, (b) Vinaya Pitaka, (c) Abhidhamma Pitaka. Thus, the whole collection is known as the Tipitaka.

**Sutta Pitaka**

1. Digha Nikãya✿
2. Majjhima Nikãya✿
3. Samyutta Nikãya✿
4. Anguttara Nikãya
5. Khuddaka Nikãya✤
   - (I) Khuddakapãtha
   - (II) Dhammapada
   - (III) Udãna
   - (IV) Itivuttaka✿
   - (V) Suttanipãta
   - (VI) Vimãnavatthu
   - (VII) Petavatthu
   - (VIII) Theragãthã
   - (IX) Therigãthã
   - (X) Jãtaka
   - (XI) Niddesa
     - (a) Mahãniddesa
     - (b) Culaniddesa
   - (XII) Patisambhidãmagga
   - (XIII) Apadãna
   - (XIV) Buddhavamsa
   - (XV) Cariyãpitaka

**Vinaya Pitaka**

1. Pãrãjika
2. Pãcittiya
3. Mahãvagga
4. Culavagga
5. Parivãra

**Abhidhamma Pitaka**

1. Dhammasangani
2. Vibhanga
3. Dhãtukathã
4. Puggalapaññatti
5. Kathãvatthu
6. Yamaka
7. Patthãna

Dhamma.Digital

The Digha Nikaya consists of 34 long Suttas in sections, the Sila-kkhandha Vagga, the Maha Vagga, and the Pathika Vagga. The first of these is mainly concerned with morality/ethics (Sila), concentration (Samadhi), and wisdom (Pañña). All the Suttas in the Second Section, the Maha Vagga, have the prefix 'Maha', meaning 'great',

---

✿ Texts that have been published in Nepal Bhasa by Translator himself.

✤ The Sixth International Buddhist Synod had approved the following books : (1) Netti, (2) Petakopadesa and (3) Milinda Panha as a part of the Khuddaka Nikaya.

Downloaded from http://www.dhamma.digital

except three namely, the Janavasabha, the Sakka-Panha, and the Payasi. The last subdivision of the Digha Nikaya, the Pathika, gets its name from the fact that the first Sutta is called the Pathika Sutta. The number of Suttas in the Sila-kkhanda Vagga is 13, those in the Maha Vagga number10, and those in the Pathika Vagga number 11. The Sila-kkhandha Vagga Suttas are generally in prose, while the Maha Vagga or the Pathika Vagga is a mixture of prose and poetry. There are 64 bhanavaras, i.e., sections capable of the being recited in one sitting, in the Digha Nikaya.

Each Sutta of this Nikaya begins with the words, "Thus have I heard". This refers to the fact that the Suttas are regarded as having been quoted by Ven. Ananda from his recollection of Ananda's recollection of what he had heard from the Buddha, which he delivered at the first Council of Bhikkhus that was convened after the mahaparinibbana of the Buddha. The full explanation of this is to be found in the Sumangala-vilasini, the commentary on the Digha Nikaya by Buddhaghosa. For the convenience of readers the 34 Suttas are reviewed here in outline with a short synopsis of each being given.

## A Synoptic Outline of the Suttas Contained in the Digha Nikaya

## (I) Silakkhandha Vagga

### 1. Brahmajala Sutta

Once upon a time the Buddha, the Exalted One, accompanied by an assembly of Bhikkhus, was going along the highway between Rajagaha and Nalanda. At that time He was closely followed by Suppiya, a wanderer, and His disciple, Brahmadatta. Suppiya was denigrating the Buddha, the *Dhamma,* and the Sangha, but his own disciple, by contrast, was praising them. This was overheard by the Bhikkhus, who began to discuss the matter.

While the discussion was going on the Buddha arrived and gave instruction to the Bhikkhus as follows: "If others slander me, the *Dhamma,* or the Sangha, you must not become angry with those slanderers, nor become depressed. On the contrary, you must investigate what they have said. When you have done so, then you may say: 'For this reason this is not right; for this reason this is not true; this is not so among us; this is certainly not so among us. In same way, if they bestow words of praise upon us, you must not be elated or delighted." This is what he taught.

In the same context, the Buddha further instructed them: "If the men of the world, puthujjana, should praise me, the Tathagata, for my ethical perfection, it would be the lowest praise. For I, the Tathagata, am not praiseworthy only for the primary,

Downloaded from http://www.dhamma.digital

secondary, and higher rules of Sila. It would be authentic praise of me if these men should emmulate such behavior after knowing and realizing the *Dhammas* I have taught. These *Dhammas* are deep, difficult to explain, hard to understand, yet peaceful, excellent, impenetrable by means of any logic, and at the same time subtle and intelligible to the wise. And then, only when those men have known and realized that such *Dhammas* have been directly comprehended by me through superior knowledge and that which I have taught them, only then would such praise of me be authentic."

Leaving to one side the ordinary men of the world, even those extraordinary individuals who are capable of remembering the events of hundreds of thousands of past lives through meditation are found to have launched faulty doctrines. Although those doctrines were based upon observable events, and upon the conclusions derived from such observations, these doctrines are, according to the Buddha, actually enmeshed in a net of the wheel of the world.

The Buddha called such doctrines theories of the ultimate origin of the world. Such philosophical theories can be classified as follows :

*(I)* The four kinds of eternalism', whose proponents hold the soul to be imperishable *(sassata ditthi).*

*(II)* The four kinds of partidal eternalists' doctrines, which claim that the primordial God is imperishable, while that we are nonetheless perishable *(ekacca sassata ditthi).*

*(III)* The four kinds of universalist theory, the upholders of which regard the universe as partly finite, and partly infinite *(antananta ditthi).*

*(IV)* The four kinds of ambiguous thinking, literally, 'wriggling like eels', *(amaravikkhepa vada).*

*(V)* The two kinds of non-causal thinking, in which thinkers believe that the soul and the universe come into existence without any cause *(adhiccasamuppana vada).*

The above eighteen doctrines may be classified as the theories of the former end (Purvanta-kalpita).

In like manner, the imagination of future events has produced the following forty-four doctrines : —

Downloaded from http://www.dhamma.digital

*(I)* The sixteen kinds of belief in which the soul is understood as being conscious after death, *(uddhamaghatanika sanni vada).*

*(II)* The eight kinds of belief in which the soul is held to be unconscious after death, *(uddhamaghatanika asanni vada).*

*(III)* The eight kinds of belief in which the soul is regarded as neither conscious, nor unconscious after death, *(uddhamaghatanika nevasanni nassanni vada).*

(IV) The seven kinds of belief in Annihilation or Atheism *(ucheda vada)*, in which the soul is said to be totally annihilated and destroyed.

(V) The five kinds of Mundane Nibbana according to whose doctrines Nibbana may be realized in this very life, *(ditthadhamma nibbana vada)*.

These are the eighteen positions regarding the former end and the forty-four positions regarding the future end. Together they comprise the sixty-two kinds of wrong belief according to the Tathagata, the Fully Liberated One. The Tathagata knows these to be empty of real Dhammas. He knows these and more than these, subtler and still more subtle things. When those men praise Him for His knowledge of all these *Dhammas* and for dispensing to all what He has comprehended, then their praise of him will be genuine.

The Buddha gave a detailed analysis of these wrong views asserted in sixty-two ways and pointed out that these views had their origin in feeling which arose as result of repeated contact through the six sense bases. Whatever person holds these wrong views, in him feeling gives rise to craving; craving gives rise to clinging; clinging gives rise to existence; the kammic causal process in existence gives rise to rebirth; and rebirth gives rise to aging, death, grief, lamentation, pain, distress and despair.

The Buddha went on further and said: "When the bhikkhu understands the origin, end, taste, defect, and means of escape from these six organs of contact or touch, then he will realize morality, sila, concentration, *samadhi*, wisdom, pañña, and the knowledge of liberation, *vimutti*. Then such entrapping nets of false/erroneous doctrines, errors and purposes shall be transcended, and an excellent victory over all sorts of tempters be achieved."

"As long as Bhikkhus and Brahmans cling to these sixty-two wrong views, or anyone of them, they will not be freed from the wheel of the world. These sixty-two doctrines are like the bigger fish in a small pond, which are sure to be caught in a fine net as soon as it is spread over the pond. Likewise, the inhabitants of the world are liable to be trapped by these sixty-two erroneous doctrines."

Downloaded from http://www.dhamma.digital

## 2. Sāmaññaphala Sutta

The Buddha was dwelling, with a great assembly of twelve hundred and fifty Bhikkhus in the Mango-grove of Jivaka, the Royal Physician.

On the night of the full-moon night of the month of Kartika, Ajatasattu, the King of Magadha, was sitting on the topmost terrace of his royal palace with his courtiers. The king exclaimed : "What a beautiful night it is ! Which of the saintly renunciants or Brahmans should be approached this day in order to listen to his spiritual discourse; a discourse which will readily gladden my mind ?"

Having heard what the king said, each one of the ministers praised his own teacher and advised the king to approach him. In all, six teachers were proposed by the king's ministers : Purana Kassapa : Makkhali Gosala; Ajita Kesakambala; Pakudha Kaccayana; Sanjaya Belattaputta; and Nigantha Nataputta.

The king, however, addressed Jivaka, who had remained silent: "Dear Jivaka, why do you remain silent ?"

Thereupon Jivaka said to the king "The Exalted One, the Homage Worthy, the Perfectly Self-Enlightened is at present dwelling in my mango grove. If he is approached by your majesty, He will surely gladden your mind."

The king, having heard what Jivaka had to say, ordered him to make the necessary arrangements, which the physician quickly did. The king then set out for the place where the Buddha was said to be staying.

The king asked this question of the Buddha : "Lord, we who are in the world, earn merit by giving alms; thus, we make ourselves, parents, wives and children, friends and relatives content and happy by means of various sorts of business and professions. Even so, is there any directly observable fruit of the renunciatory life to be obtained in this very life ?"

The Buddha asked the king what replies the others had given, when the king had put these same questions to them. Thereupon King Ajatasattu told him the answers which others had given in accordance to their respective doctrines. The king also admitted to the Buddha that their answers had left him dissatisfied.

The Buddha gave the king an example of an obedient slave : "If a slave of yours, after renouncing the household life, should enter the order of Bhikkhus, would Your Majesty wish to force him to return to the household life ?" The Buddha thus put the

Downloaded from http://www.dhamma.digital

question to the king himself. The king answered : "We would, rather reverence or render service to him."

Even if such is not so important materially, it is one fruit of the renunciatory life directly observable to the naked eye.

The Buddha then presented an accurate picture of the renunciant's life gradually, by answering these questions: (I) How is the renunciatory life to be assumed by a householder who has listened to the preaching of the Tathagata and renounced his former life ? (II) How is he to be possessed of primary conduct, secondary conduct, and higher conduct by following its rules ? (III) How is he to be well contented by becoming fully aware of memory and bringing this awareness to bear on even the least operation of his mind after achieving the discipline of his six senses ? (IV) How is he to maintain mindfulness in Samadhi after attaining mental joy through eradication of the five Nivaranas, which are obstructions of Samadhi ? How is he to obtain the first, the second, the third, the fourth Jhana ? (VI) How is he to be gradually possessed by discriminatory knowledge, (Vipassana Nana), mental supernormal knowledge (Manomayiddhi Nana), knowledge of psychic powers (Iddhivida Nana), knowledge of Divine power of hearing (Dibbasota Nana), the ability to penetrate the mind of others, (Cetopariya Nana), the remembrance of past lives, (Pubbenevasanussati Nana), the knowledge that consists of supernormal sight (Dibbachakkhu Nana), etc.,and then how is he finally to be liberated from birth, old age, and death by attaining the Nibbana *Dhamma* whereby he attains knowledge of being free form impurities and experiencing actual liberation from them in which there are no such defects; and how is he thus to experience liberation with the knowledge of the extinction of fundamental defects ? These were the serial precepts the Buddha expounded upon that day to the assembly, including the king.

Ajatasattu had killed his own father, the previous king, in order to accede to the throne. Because of this sin, he was prevented from profiting completely from the preaching of the Buddha. Still, the king took refuge in the Blessed One, the *Dhamma*, and the Sangha.

## 3. Ambattha Sutta

The Buddha was sojourning at Icchanangala, a village of Brahmans in Kosala country. At that time, there was a highly honoured Brahmana in that village named Pokkharasati. He sent a learned young disciple, Ambattha, to the Buddha in order to ascertain whether or not there were superior signs, thirty-two in number, in the body of the Buddha. Accompanied by his companions, Ambattha went to the Buddha. But, full of haughtiness stemming from his high caste status, he was not only impolite

Downloaded from http://www.dhamma.digital

towards the Buddha, but he also disparaged the Shakyas as being inferior in caste and disrespectful to the Brahmanas, who are naturally higher.

When the Buddha found out that the Brahmana disciple belonged to the Vedic Gotra (descent) Kanhayana, he recounted a bit of vedic lore which indicated that Ambattha was descended from someone who had been a slave of the Shakyas. Kanha, according to this lore, was a bastard son of a slave girl belonging to King Okkaka, the ancestor of the Shakyas. This revelation put Ambattha to shame and he sat there crest-fallen. From another customary point of view, the Buddha also showed that the caste of the Shakyas was superior to that of the Brahmanas. In support of this, he quoted the saying of Sanatakumara, the Brahma of the Brahma-loka. The purport of the saying was that whoever was possessed of superior knowledge and right conduct would be the best among human and heavenly beings.

After the interview with the Buddha, Ambattha returned to his teacher, Pokkharasati Brahmana, and reported to him all that he had heard and seen, including the thirty-two signs present in the body of the Buddha. Overjoyed with devotion, the Brahmana Pokkharasati went to the Buddha, the Blessed One, and, besides asking his pardon for the impolite behaviour of his disciple, was initiated into household discipleship at the hand of the Buddha.

## 4. Sonadanda Sutta

While on tour and accompanied by five hundred Bhikkhus, the Buddha came to stay at the corner of a pond named Gaggara in the city of Champa, in Anga country. At that time there lived one, Sonadanda, a Brahmana honoured by Seniya Bimbisara, the King of Magadha. He wanted to visit the Buddha. Other Brahmanas under him, when they heard of Sonadanda's desire, not only advised him not to do so but also tried to prevent him from fulfilling this wish.

They reasoned with him thus : "You, Sonadanda Brahmana, will lose prestige by visiting the Buddha, while that of the Buddha will increase. For this reason it would be more proper for the Buddha to come to visit you". Sonadanda was not inclined to follow their advice against his intended visit; and began to speak well of the Buddha in various ways. He argued thus: "The Buddha has come here to our country as a guest. As such, we are bound to show him respect. We should respect, revere, honour, venerate him and show him every politeness. Having spoken thus, he then recounted several good qualities present in the Buddha without limit.

After this Sonadanda Brahmana went to where the Buddha was said to sojourn at that time. But he suffered great mental distress as he considered what question he should ask of the Buddha. "Brahmana, this question should not be asked like this." Such, a

Downloaded from http://www.dhamma.digital

response from the Buddha might make the great gathering of visitors tease him. These thoughts made him nervous. If he should return without speaking a word to the Buddha, that again would lead to a decline in others' respect for Sonadanda. With such doubts he reached the Buddha. The Buddha, the Blessed One, knew his doubts and questioned him on a subject in which Sonadanda was well versed : "Brahmana, what are the distinctive qualities that make one a true Brahmana ?"

The answer of the Brahmana was : "The distinctive qualities of a true Brahmana are the followings : (1) His parents are to be of noble descent' (2) He must be a master of the Vedas. (3) He must be handsome, attractive and dignified in bearing. (4) His character must be blameless and. (5) Lastly he must be full of wisdom and learning.

Thereupon, the Buddha, the Blessed One, asked him further : "Is it necessary for a true Brahmana to possess all these five qualities, or can one of these five be left out as not essential ?" Sonadonda agreed this could be so. In the same way, the Buddha asked whether two, or three, or four qualities might be regarded as inessential for a true Brahmana ? Sonadanda however came to take two of them as absolutely necessary, morality (Sila) and wisdom (Pañña). Thus, under the pressure of critical questioning by the Buddha. Sonadanda had to abandon the caste system and accept morality (Sila) and pañña as essential for a true Brahman.

The Buddha agreed with this position and explained that Pañña purified by morality and morality (Sila) purified by Pañña were the essential qualities of a true Brahmana. For wherever there is morality, there is sure to be pañña, and wherever there is Pañña, it is certain that we shall find morality as well.

Sonadanda was convinced of the correctness of Buddha's teaching and impressed thereby. He accepted householder discipleship, but could not do so openly, for he was afraid of adverse public opinion. Hence he begged the Buddha : "Oh, Gotama ! If I should happen to be sitting in the assembly and I fold both my hands towards you, please take it to mean that I stood up from my seat in order to greet you. If I unfold my turban, kindly consider it as my reverencing of you with my head. If I should happen to be in a chariot, and raise the whip up, please regard it as my getting down in honour of you. If I should close my umbrella, kindly interpret it as my obeisance to you."

## 5. Kutadanta Sutta

There was a Brahmana named Kutadanta, honoured and patronised by Seniya Bimbisara, the king of Magadha, living in Khanumata, a Brahmana village in the country of Magadha. He was preparing for a great sacrifice in which a large number of beasts would be killed : seven hundred oxen, seven hundered caves, seven hundred

Downloaded from http://www.dhamma.digital

cows, and seven hundred sheep. At that time, the Buddha, touring Magadha with an assembly of five hundred Bhikkhus was staying at Ambalatthika in Khanumata.

Kutadanta, having heard that the Buddha knew the triple sacrifice with its sixteen accessories, wanted to go to him in order to learn how to perform the sacrifice properly. He was, however, prevented from doing so by other Brahmanas. He convinced them of the desirability of doing so by recounting the Buddha's good qualities as Sonadanda had done. He went to the Buddha and enquired about the triple sacrifice with its sixteen accessories.

The Buddha, in the course of answering Kutadanta's question, gave him a full account of the ideal sacrifice as performed in the remote past by King Mahavijita. Following the advice of his Brahmana priests, the king eradicated the poverty of the people, and removed the roots of corruption, theft, and other evils. Thus, King Vijita the Great was certainly worthy to offer such an ideal sacrifice. Similarly, the chief priest who initiated him was worthy.

Kutadanta was overjoyed to hear such an account of the ideal sacrifice recounted by the Buddha. He asked : "Lord, is there another sacrifice of much less troubles but of much more fruit ?"

Thereupon the Buddha preached the *Dhamma* gradually, from the beginning to the experience of liberation.

"More profitable than such a sacrifice would be daily donations for the renunciant Bhikkhus who practice morality. More profitable than this sort of donation is the building of monasteries for the sake of the assembly of Bhikkhus coming there from all the four quarters of the globe. There is still more profitable a deed, which is that of taking refuge in the Three Jewels; the Buddha, the *Dhamma,* and the Sangha. Greater than this is the religious fruit that comes of observing the five Precepts. Thus, the Buddha explained the means of acquiring spiritual profit in order of rising importance from renunciation, through all the stages enumerated in the Samanna-phala Sutta (the second discourse recounted above), up to the ultimate stage of complete liberation. This was the gradual teaching of the Buddha.

Having heard this preaching, Kutadanta attained this religious insight, 'Whatever is subject to production is also subject to destruction.'

## 6. Mahali Sutta

When the Buddha, with the assembly of Bhikkhus, was dwelling in the Kutagarasala the great forest in Vesali, Mahali Otthaddha, the cleft-lip Licchavi ruler, came there

Downloaded from http://www.dhamma.digital

with a great number of companions; he approached Nagita, the attendant bhikkhu. He expressed his desire to see the Buddha. Sinha, a student-disciple, came up to Nagita and begged on behalf of all the audience, to see the Buddha. He had his wish fulfilled, and the Buddha came out of His room.

Then Mahali put a question to the Buddha about a complaint made by Sunakkhatta, Licchavi a prince. About three years before, he had left the Order of Bhikkhus and became a householder. His complaint was simply this: he had seen spiritual visions through the practice of meditation but could not hear spiritual sounds. So Mahali asked the Buddha : "Lord, is it due to the non-existence of such sounds that he could not hear them, or did he not hear them, even though they actually existed ?"

The Buddha answered. "It was his own inabillity to hear such sounds, although these sounds were truly there. If Sunakkhatta had given due attention to these facts of practice, he would certainly have been able to hear these sounds. But it is neither in order to see spiritual sights, nor hear spiritual sounds that candidates join the Sangha. It is for a purpose much higher that students pursue the Buddhist discipline. It is for the purpose of directly realizing the stages of Nibbana, Stream-entry, the Once-Returner, Non-Returner and ultimately, the last stage of Liberation. It is to eradicate defilement entirely, to achieve mental freedom, intellectual liberation, and direct visualization by one's own insight. The path to realize these is the Eight-fold Path."

## 7. Jaliya Sutta

The Buddha was staying in the Monastery built by Ghosita near Kosambi. There were two wanderering ascetics named Mundiya and Jaliya, disciples of a guru who, because of his wooden begging bowl was known as Darupattika. They went to the Buddha and asked him : "Venerable Gotama, is the soul the physical body, or the physical body the soul, or whether the soul was one thing and the physical body another ?"

The Buddha replied that such a question would occur only to those who are in the darkness of ignorance. He further taught them that the question of whether the soul and the body are the same or different did not trouble an Arhat, one who is liberated of all defilements.

## 8. Mahasihanada Sutta

The Buddha was dwelling near the town of Urunna, in Kannakatthala Migadaya, an area reserved for the Deer Park. At that time a naked ascetic, named Kassapa of the wanderers' sect, was living in the same place. This ascetic went to visit the Buddha

Downloaded from http://www.dhamma.digital

and asked him : "I have heard, Oh Gotama, that the ascetic Gotama denounces all austerities. Is this a fact or not ?"

The Buddha said : "How could I have denounced all forms of austerities, having directly seen that some of their practitioners were born in heaven and others in hell. It can be seen that the recluse Gotama is a proponent of speaking what is proper at the exact opportunity, what is true, what is purposeful, what is auspiciaus, what is of good conduct. These truths can be ascertained by one's own examination. This device is the same as the Noble Eight-fold Path such as, Right View, Right Thinking, Right Speech, Right Action, Right Livelihood, Right Effort, Right Mindfulness, and Right Concentration."

The naked ascetic Kassapa replied, "The penitential practices and austerities held in high esteem by the people are such things as going naked, avoiding fastidiousness, consumption of food only once in a fortnight; the eating of vegetables, raw earth roots, and fruits that have fallen from the tree, putting on a rough and coarse apparel, making ablution thirce a day, morning, daytime, and evening, in order to purify oneself. Such are the customary practices of the renuncient's life and the Brahmana's conduct."

The Buddha's stand was to regard all these austerities as external practices only. For these can be performed with a little effort and have no spiritual value in themselves. According to his interpretation, the true life of renunciation and Brahmana-hood were the establishment of friendliness devoid of enmity and animosity through the purification of one's mind. For thus one earns the triple wealth of conduct, mind, and intellect, through the Eight-Fold Path which has no alternative.

The naked ascetic Kassapa was overjoyed with this teaching, he asked for and received initiation and ordination from the Buddha. Practising under his guidance, he soon attained Arhatship, or the state of liberation.

## 9. Potthapada Sutta

The Buddha was staying at the Monastery of Anathapindika in the Jeta Grove at Savatthi. At that time Potthapada, the wandering philosopher, was staying in the Ekasala Hall built by Queen Mallika. He had gathered three thousand wandering ascetics around him, who were noisily discussing worldly topics of little value.

The Buddha went to Potthapada and was told by him that the wanderers were speaking of these trivial worldly subjects. But he informed the Buddha that he had been once in another gathering and heard the subject of the cessation of consciousness being debated. Some said that our consciousness itself is our soul.

Downloaded from http://www.dhamma.digital

Some said that all these are the play of those who have spiritual powers. Nothing was definitely proved. Hence he asked this same question of the Buddha. The Buddha answered: "These theories are all merely blind-faith." Then the Buddha began to speak of how one would practise and attain the Cessation of Consciousness *(Nirodha-samapatti)*. Then in such a state the yogin or yogavacara would think thus :

"It is extremely improper for me to think; it is proper for me not to think. Hence he would not think, nor try to create anything mentally. Thus finally he would reach the cessation of consciousness."

Leaving this serious talk aside, Potthapada began to mention the metaphysical questions not explicated by the Buddha. "Is the universe imperishable or perishable; is it terminable, or interminable; are the Life Principle (Jiva) and the body the same, or different; after his demise does the Tathagata exist, and so on ?"

The Buddha had, however, pronounced these questions Avyakrita, that is, not to be defined. For the Buddha explicated said : "This is neither purposeful, nor useful for any spiritual point, nor useful for the primordial ascetic life, nor conducine to indifference, nor leading to renunciation desirelessness, nor to cessation of psychic process, nor for being calm, nor for supernormal power, nor to the perfect enlightenment, nor of any purpose in attaining Nibbana. The Buddha had, rather, fully explicated the Four Noble Truths : 'This is suffering, this is the cause of suffering, this is the cessation of suffering, this is the path leading to the cessation of suffering."

Then afterward, along with Citta, the son of an elephant trainer, Potthapada, the wandering ascetic, went again to the Buddha. The Buddha reminded the wandering ascetic of his expounding the Doctrines *Dhammas* in both ways, one-sided and many-sided that are many-sided, non-definable metaphysical questions. He had also taught the Doctrines *(Dhammas)* that are one-sided, the Four Noble Truths.

The Buddha took up a serious subject. He said, "There are some who hold the view, that after death, the soul is without any disease, and absolutely happy; such a view is entirely pointless." He displayed the pointlessness of such a doctrine on the grounds that no one has ever experienced such a state, nor can it be substantiated with any valid proof. "Such a doctrine might be compared to the quest for the most beautiful women in this land, whom none has ever seen, or to the building of the highest stair-case, the height of which no one has ever estimated. This would be certainly ridiculous and absurd."

He further explained : "There are three kinds of bodily possessions, namely, the gross, the mental, and the formless. The best of the objectives is to be freed and liberated from any one of the bodily possessions." Citta, the son of the elephant

Downloaded from http://www.dhamma.digital

trainer, asked him about the unification of two bodies when one of them is transmigrating to the other. The Buddha explained this matter by means of the simile of milk. The cow gives milk; the milk is turned into curd; from the curd we get butter; and from butter we make curds of milk, from curds of milk clarified butter (ghee) is obtained. While it is milk, it will not be called curd; or butter, and so on. Thus, the Buddha explained the doctrine of universal impermanence. The identity that is inherent in them can be thought of only as a habit of speech and not as a fundamental one.

Citta, received admission to the Order (Sangha) from the Buddha. Through earnest practice, this Bhikkhu soon became one of the liberated ones (arhants).

## 10.Subha Sutta

Some days after the Buddha's Parinibbana, Ananda, the attendant Bhikkhu, was staying at the Monastery of Anathapindika in the Jeta Grone at Savatthi. At that time Subha, the son of Todeyya Brahmana, was also in Savatthi on certain business of his own.

Subha, the young Brahmana student, sent someone to Venerable Ananda, with an invitation to visit him at his home. Venerable Ananda, however, could not accept the invitation on that day and sent the messenger back with word that he might come there only on the following day.

The next day, accompanied by a Bhikkhu from the Cetiya country as his attendant he went to the house of Subha. The question Subha asked was this : "You, Venerable Ananda, were the attendant of the Blessed One for a long time. You accompanied Gotama, the Blessed One, and were always at His side. You must know which doctrine was much praised by Gotama, the Blessed one. Which doctrine was it that he believed people should adopt ? And which doctrine was it that he established ?"

Ananda told Subha, the son of Todeyya, that the *Dhamma* established by him had three branches, Noble Sila (Morality), Noble Samadhi (Concentration in meditation) and Noble Pañña (insight-wisdom). These three branches of the *Dhamma* were fully praised and established before the people by the Buddha. Thereupon, Venerable Ananda began to expound the three branches in this way :

"As one listens to the *Dhamma* as taught by the Buddha, one gains faith in Him and is further encouraged to follow it. On determines that the life of a household life is so full of hindrances and that of the renunciant open and free as the sky. It is not easy to follow that ascetic life which is pure as the conch, comprehensive, and entirely pure,

Downloaded from http://www.dhamma.digital

while one resides in the household life. One renounces one's home, property, and circle of friends and relatives, great and small."

"After having thus renounced the world and joined the order of Bhikkhus, he is ordained. He follows the rules laid down in the Patimokkha, (the monastic precepts). He is afraid of even the least offences, and does meritorious acts by means of body, speech, and mind. He cultures an attitude of detachment and removes fine obstacles by concentration of mind, and he tries to overcome defilements by contemplation, as well as hindrance of sense desires, enmity, sloth and torpor, worry and doubt."

He obtains the five constituents of meditation (Jhana), that is, investigation (Vitakka), reasoning reflection (Vicara), joy born of deep tranquility (Piti), delight born of destruction of passion (Sukha), and purity or one-ponted ness of equaninity (Ekaggata). He continues the practice of meditation with zeal and gradually attains the higher stages of Jhana. He cultivates insight, in which he obtains the yogic experience of meditation connected with magical powers both mental and physical. He gradually attains the higher stages of meditation such as knowledge of insight, knowledge of psychic power, knowledge of practising psychic power, knowledge of supernatural power of nearing. He practises the supernormal power of hearing, that of knowing the mind of others, the knowledge of remembering past lives, the power of supernormal sight, and lastly is endowed with the knowledge of the eradication of all sorts of defilement. Ultimately, he knows that there are no more rebirths for him, he has completed the chastity of life, accomplished what has to be done. There is no cause remaining for him to return again. He becomes an arhat.

## 11.Kevatta Sutta

The Buddha was residing in the Mango-grove of Pavarika in Nalanda. Then Kevatta, a young householder man of that locality, came to the Buddha and said : "Lord, this town of Nalanda is very prosperous and it is also thickly populated. The inhabitants here are favourably disposed towards you, O Lord. Let the Lord order a Bhikkhu to exhibit some feats of superhuman conducts here in public. For it will be good." But the Buddha did not approve of such a request; He said : "It is liable to be misunderstood by the people as black magic such as Gandhari and Manika." It was for such reasons that Buddha did not permit anyone to perform such feats of psychic potency.

Then the Buddha narrated how a certain Bhikkhu had asked the question, "Where do the four elements, earth, water, fire, and air cease without the least remainder ?" By his superhuman powers, the Bhikkhu had approached the divine beings of higher and higher heavens and demanded a definite answer to this question from them. None of them, however, could satisfy him. Ultimately, on the advice of the Maha-Brahma, the Bhikkhu returned to the Buddha for an answer to his question. So spoke to the

Downloaded from http://www.dhamma.digital

Buddha of that memorable event. The Buddha chided the Bhikkhu for his inquiry elsewhere and explained the matter to him thus :

"It is foolish to ask questions in that way. The proper way of putting the question would be this : "Where do these four elements, earth, water, fire, and air, not exist ? Where do they not arise ? Where do the conceptions of long and short, minute and gross, good and bad, and name and form arise not ? With the cessation of consciousness, all these names and forms cease."

## 12. Lohicca Sutta

The Buddha who was travelling in the country of Kosala with an assembly of five hundred Bhikkhus, reached Salavatika. There lived Lohicca, a much honoured Brahmana leader. He had received rich grants of land and property from Pasenadi, the king of Kosala. Lohicca held a gravely erroneous view, which he propounded as follows : 'Even if there are any Bhikkhus or Brahmanas who have realized the truth and followed it in practice, they should not teach others the same, for how can one help another in such a matter ? It is just like to being free from the old tether to be tethered to a new one. Hence it appears to me to be an act of grudge in the name of religion, for how can one help another in such a matter ?"

Lohicca ordered the barber Rosika to approach the Buddha and invite Him as well as the members of His Order for a meal, the next day, at his residence. When Rosika went the next day to accompany the Buddha to Lohicca's home, he took the opportunity to inform the Buddha of an erroneous view of his master. At the same time, he asked the Enlightened One to free Lohicca from such an evil view.

Lohicca gave the Buddha a notable reception. He served the alms with his own hands. And when the Buddha, with the assembly of Bhikkhus had finished his meal and Lohicca took his seat to one side of him and waited with folded hands.

The Buddha enquired, whether Lohicca actually held the view which the barber claimed he did. Lohicca admitted that it was true. The Buddha spoke of various types of teachers, some of whom preached the *Dhamma* without realizing it directly for themselves. Others, having realized some great truth or insight, wished to keep such truth limited to themselves. Such teachers were criticized severely by the Buddha.

Thus, Lohicca had his doubts totally removed and accepted household discipleship from the Buddha.

Downloaded from http://www.dhamma.digital

## 13. Tevijja Sutta

The Buddha was then residing in the Mango-grove situated along the bank of Aciravati River north of Manasakata Village, in the Kingdom of Kosala. Manasakata was then the seat of the renowned Brahmanas such as, Canki, Tarukkha, Pokkharasati, Janussoni, Todeyya, and others.

One day, a very controversial discussion took place between two young Brahmana students, Vasettha and Bharadvaja, concerning the way to reach the spiritual realm of Brahma-loka. Neither of them could convince the other. In the end, both of them decided to go to the Buddha for the final word and approached him with their problem.

This was the problem : "There are many and different paths, but the destination, which the various paths lead to, is one and the same." With this belief and in order to reach the unified realm of Brahma, the Vedic Brahmanas such as Addhvariya, Tittiriya, etc., had perhaps taught these different ways. But the Buddha wanted to examine the veracity of such an assertion with the two young controversialists.

The Buddha, by His usual critical method of dialogues, showed plainly that belief was far from the truth. "Those of the Vedic Brahmanas who advocate such an assertion have neither seen the Brahma directly, nor have they ever claimed that they have done so. Not even the later Brahmanas, who know all three Vedas including their accessories, have seen the Brahma directly, nor have they ever claimed to. None of the teachers, nor any of the their teachers had done so. Not even the teachers seven generations before have seen him or claimed to have seen him. So, no one has ever seen Brahma nor known with whom is he living, nor his whereabouts."

The Buddha then contended the position that all these paths lead to the same spiritual realm called Brahma-loka. He further questioned their ability to determine the path to Brahma-loka. Even if they could have done so, it would be entirely without any grounds for proof. He likened it to the story of blind men, who standing in a line in which neither the first, nor the middle, nor the last have seen the path. He also compared this attempt to that of the lover of the most beautiful women in the world whom the lover had never seen. He continued by comparing the attempts to reach Brahma-loka to the simile of the carpenter who makes a stair-case without knowing the measurement of the place where it is to be installed, It is like on He said, a man standing on this side of the Aciravati river and calling to the other bank to come to him. Thus Buddha said that mere prayer to Vedic deities, such as, Indra, Soma, Varuna, Isana, Prajapati, Brahma, and Yama would never lead one to the destination.

Downloaded from http://www.dhamma.digital

Therefore the man, who intends to cross the Aciravati river, but does not attempt to cross the river and only fastens himself firmly with a chain and resorts to prayer will not be able to cross the river. He explained that the chain is like the five impediments which have strongly bound the Vedic Brahmanas. As long as these Vedic Brahmanas reject those laws which make one a real Brahmana and adopt the laws which make one an Abrahmana, they will never find it possible to be united with Brahma after death.

One who has been born and brought up in the township of Manasakata, would be able, without the least difficulty, to give any one directions in Manasakata. The Buddha concluded this discourse by saying that similarly, it would not be the least troublesome for the Tatthagata to disclose the straight way to Brahma-loka.

## (II) Maha Vagga

### 1. Mahapadana Sutta

This discourse was preached by Buddha in Savatthi, when he broke into a conversation the Bhikkhus were having about the previous lives of the former Buddhas. He had talked about the particulars of each of the former seven Buddhas, such as the names, families, birth-places, associated Bodhi-trees, principal disciples, and the attendant Bhikkhus.

The Buddha narrated the whole life of Vipassi, from his birth to the attainment of Nibbana. He thereby revealed that the lives of all the Buddhas are identically alike. The common nature of the life of the Buddhas is called Dhammata, that is, the essentiality of Perfect Buddha's nature. Lord Vipassi was the Buddha who promulgated the Patimokkha, (Pratimoksha) the code of monastic conduct and other things concerning it for the establishment of discipline for a very long time.

### 2. Mahanidana Sutta

There is the most detailed description of Paticca-Samuppada (Dependent Origination) law of causes and effects with twelve links, in this discourse. This discourse begins with the exclamatory phrases of the attendant Bhikkhu Ananda : "It is a wonder, Lord, it is a marvel, Lord, how wonderful it is ! How unprecedented ! This doctrine of Paticca-samuppada not only has the signs of being deep and profound, it is deep and profound. But for me this is like the open, clear, plain, and visible mystery !"

Thereupon, the Buddha explained to Ananda : "This Paticca-Samuppada is certainly deep and full of four seriously grave significances, namely it is, (1) deep in meaning,

Downloaded from http://www.dhamma.digital

(2) deep in principles, (3) seriously grave in the rendering and giving of precepts, (4) seriously grave in propounding." Lord Buddha, while elaborating on Paticca-Samuppada, contradicted different current views on permance of the soul. He further said."It is due to the ignorance of this *Dhamma,* due to the absence of the penetration of this *Dhamma,* that the people, like the entangled thread and the engrossed knot of rope, could not attain release from the world. The cycle is like this :

"Old age and death are due to Birth; Birth is due to Bhava, that is, Bhava (craving for earthly exisence) produces Birth; Bhava is due to clinging; clinging or Upadana is due to Craving or Tanha; Craving is due to Feeling or Vedana; Feeling is due to Contact or tourch or Phasso; Contact is due to mind and Form, or Nama-rupa, or Mind-and-matter; Nama-rupa is due to Conciousness or cognition."

## 3. Mahaparinibbana Sutta

When the Buddha was dwelling at Gijjhakuta in Rajagriha, Ajatasatru, the King of Magadha, sent his minister Vassakara to the Blessed One for his council regarding the King's intended invasion of the Vajja country. The Buddha did not give any direct answer to the minister but indirectly hinted at the invicibility of the Vajjis. This was on the occasion of the expounding of seven invincible rules which were applicable both to the cohesion of the Vajji Republic and the Sangha of the Bhikkhus.

The Buddha drew the attention of Ven. Ananda to the Seven Invincible Virtues or Norms, also known as "Conditions of Welfare", literally, "non-decline" (Aparihaniya Dhammas) which the Vijjis were possessed of. He further explained the five categories of these Dhammas, each having seven-fold feature which the Bhikkhus are required to be endowed with, also adding one more category having six-fold feature of conditions. The possession of these Dhammas, the Buddha said, would lead them to their furtherance, not to their fall in terms of community welfare.

The Buddha went to Ambalatthika garden from there. And there, too, He taught, as in Rajagriha, the fruits and merits of conduct (Sila), meditation(Samadhi) and Wisdom (Pa ñ ñ a), which would influence and completely relieve the mind from defilements. The Buddha preached a sermon to the Bhikkhus on the merits of a moral life and the failings of an immoral one, culminating in the final precept.

From there, the Buddha went over to the mango-grave of Pavarika at Nalanda. There, Venerable Sariputta appoached Him and proclaimed with a lion's roar that there was none other than the Blessed One who is endowed with the graduated knowledge concerning Enlightenment. He however admitted that he had said so not entirely on the basis of the knowledge which is obtained by inference, but from personal experience.

Downloaded from http://www.dhamma.digital

From Nalanda the Buddha went to Pataligama. There He preached to all His disciples five defects of an immoral life and five qualities of a moral one. At that time, Sunidha and Vassakara, the chief ministers of Magadha were building a fortress at Pataligama in order to prevent the Vajjis from encroachment. They invited the Buddha and His disciples for meals at their residence. After the meals, they followed Him and named the gate through which He passed on as the 'Gotama Gate' and the ford on which he crossed the River Ganges the 'Gotama Tirtha.'

Reaching the other side of the Ganges, the Buddha stayed at Kotigama. There He preached on the importance of the Four Noble Truths, due to the ignorance of which one reverts to the round of rebirths. Due to knowledge of these four truths, one attains liberation from the bondage of the world of rebirths.

From Kotigama the Buddha came to Natika village. There He told of the destiny of the bhikkhus, bhikkhunies and other lay disciples who had already passed to the other world. These destinies are said to be situated in the other world, where the departed ones dwell after their decease from this material world. He was evidently tired of talking about such abodes of His departed disciples and hence preached the mirror of *Dhamma*, which would enable anyone, desirous of knowing about the abodes of the departed ones in the other world, to know such abodes by themselves.

Such destinies are chiefly those of hell, those of beasts, those of spirits (Petas) and those of the lower and higher realms. These categories of abodes in the next world after one's decease shows that these abodes fall under varied stages of development or degradation. By this mirror of *Dhamma* one may also know if one has reached a stage towards enlightenment.

The Buddha went from Natika to Vesali where He spoke on the topic of memory and comprehension of movement. Ambapali, the courtesan of the City of Vesali, invited the Buddha with the entire Sangha for a grand dinner the next day. The Buddha accepted his invitation. The nobles of Vesali offered her millions of rupees, if she would sell this opportunity to them, but she would not do so for any price. She donated her mango grove to the Buddha and his Sangha.

The Buddha passed His last sojourn for the rainy season at the village of Veluna. It was there that He declared : "My fist is not closed, I've hold nothing back as a teacher. I have kept nothing secret from my disciples. Hence, Ananda, let your island of refuge be you yourself, do not depend on others; let your island of refuge in *Dhamma* be the *Dhamma* itself, not any thing else."

From there, He went, after the meals, to the Capala shrine for the daytime meditation. There he said that it is possible to live for the entire period of a Kalpa Aeon for one

Downloaded from http://www.dhamma.digital

who has mastered the four contrivances of Psychic powers and the Tathagata has mastered such powers. Ananda could not utter a single suggestion. Then the Buddha ultimately released his last desire to live. He told Ananda that He would die three months later.

The Bhikkhus, then staying in Vesali, gathered at a catafalque (Kutagarasala) in Mahavana and there the Lord preached the Thirty-Seven Factors of (obtaining) Enlightenment (Saptatrimsa Bodhi Pakshika Dhamma). He then took a last good look at Vesali.

"Therefrom He set out for Bhandagrama. In the course of a discourse given there the Lord explained how one would be subject to the cycle of rebirths for want of knowledge (or practice) of the code of morality (Sila), meditation (Samadhi), wisdom (Paññña) and liberation (Vimutti) and how one would be totally delivered as soon as one would realise these four Dhammas.

From Vesali, the Buddha went to Bhandagama, After his visit to Bhandagram the Lord went Bhoganagara. The Buddha stayed in the Ananda shrine there and preached, teaching the Four Great Means of Checking the Veracity of the Buddha's Word (Maha-Padesa). "After the demise of the Teacher, if someone says, this is the *Dhamma* and this is the rule of Conduct, the saying should be duly checked in both of these two great sources for concurrence."

From Bhoganagara, the Buddha went to Pava. There He accepted the meals offered by Cunda, the son of a goldsmith. Cunda prepared the best of meals together with Sukara-maddava, but the Buddha became seriously ill as soon as He had eaten. From Pava, he went to Kusinara.

On his way to Kusinara, the Buddha rested beneath a tree where there was a small river named Kakudha. Ananda was extremely astonished that the water of the river was clean and bright though five hundred carts had just crossed the river. There Pukkusa, the son of a Malla Prince, addressed the Buddha and presented to the Buddha a fine golden shawl. After Pukkusa had gone away Ananda covered Buddha with the pair of fine, golden-hend robes and His body became bright like the rays of a fire without ashes.

The Buddha said that the body of the Tathagata assumes the purest nature and its form becomes the clearest on two occasions : firstly when he attains Enlightenment and secondly when he passes away into Nibbana.

After taking a bath in the Kakudha river, the Buddha went to a mango grove where he talked about the importance of the food offered to him by Cunda, the son of a

Downloaded from http://www.dhamma.digital

goldsmith. He then crossed the River Hirannavati and entered the Sal forest of the Mallas.

There he rested on a bed spread between Twin Sal trees, with His head to towards the north. He lay on his right side, nobly (like a lion) placing the left foot on and a little beyond the right foot, with mindfulness and deliberation flowers out of season, already bloomed and the flowers fell down in worship of the body of the Tathagata. Heaven manifested its reverence to the Tathagata with the celestial Mandarava flowers, celestial sandalwood powder, the sound of the celestial music, and celestial singing in the air above. But, the Buddha preached from His death-bed, such high regards and honors were not in actuality appropriate to the Buddha; He is properly respected when the Bhikkhu, Bhikkhuni, and his other lay disciples practise fully according to what they were taught in the *Dhamma.*

Before His demise, the Buddha said, four places of pilgrimage would be worth seeing or visiting as places of the sentiment of detachment (1) the place where the Bodhisattva was born (that is, Lumbini); (2) the place where he attained unsurpassed, supreme Enlightenment (that is Buddha-Gaya); (3) the place where the Tathagata first set the unsurpassed Wheel of Truth in motion (that is, Sarnath); the place where He passed away, realizing parinibbana (that is, Kusinara).

Responding to the questions of Ananda, the Buddha stated that the body of the Tathagata is to be cremated and worshipped like the body of the Universal Monarch. A stupa (pillar) and a shrine should be erected over the cremated remains of a Buddha, a Pacceka Buddha, an Arhat Bhikkhu, and a Universal Monarch.

The Buddha then stated all the merits and good qualities of an attendent bhikkhu of which Ananda was possessed. Moreover, He explained that the place where upon he was passing away into Nibbana was the capital of the Universal Monarch, Sudassana the Great. Thus he also stated the former glory and richness of this very place. The richness and glory of the seat of government of formerly such a Universal sovereign was reduced then to a small place covered with forest. He further remarked that all conditional (Sankhara) things are perishable.

Subhadda, a wandering ascetic, heard that the Samana Gotama was going to pass into Nibbana; he ran to Ananda and wished to see the Buddha. But Ananda tried to refuse him the visit. The Buddha however overheard the talk between them and asked Ananda to let him come. Subhadda was given the answer that he had asked for and was initiated and ordained into the Buddhist order in the presence of the Buddha himself, who gave him the needed precepts. Subhada realized Arhatship that very moment and he was the last one to become a disciple in the presence of the Buddha.

Downloaded from http://www.dhamma.digital

The Buddha said to Ananda, "Ananda, you all might think that this is the preaching of the deceased teacher, for our teacher is not longer present. Ananda, the *Dhamma* (Doctrine) and Vinaya (Discipline) preached and promulgated by me shall be your teacher after my demise, lesser and minor rules can be abrogated if the Sangha so wishes. Ananda, punish Bhikkhu Channa with the punishment of Brahmadanda (Brahama penalty).

Then the Buddha addressed all the Bhikkhus of the assembly, "O Bhikkhus, ask me, if you have any doubts, about the Buddha, *Dhamma,* Sangha (the Order of Bhikkhus) the Magga (path) and the like." None of the Bhikkhus present asked a single question. All were completely silent. Then the Buddha uttered his last words. "O Bhikkhus, all sorts of creation (Sankhara) are subject to dissolution. Practise with diligence and without laxity."

As soon as the Buddha passed away the earth quaked, Sahampati Brahma, Sakka, the king of devas, Venerable Anuruddha, and Venerable Ananda, each expressed their remorse and reaction through gathas (verses).

The Kusinara Mallas honored the event in Kusinara for seven days, with great pomp and show, over the Buddha's body. After seven days, they carried the body to the Mukutabandhana, the customary shrine of the Mallas, for the cremation of the body.

Venerable Mahakassapa, accompanied by five hundred Bhikkhus, also came. Mahakassapa, putting his robe over one shoulder, joining both his hands, and circumambulating the body from the right side thrice, worshipped by prostrating himself at the feet of Buddha. As soon as he had done so, the pyre upon which the body was placed spontaneously began to burn.

Following the cremation, the bone-relics were taken to as many as seven states, wherin they were enshrined and worshipped with due reverence.

## 4. Mahasuddassana Sutta

This discourse was given by the Buddha while he was lying on His death-bed placed between the twin Sal Trees, situated in the suburb of the town, Kusinara, among the Sal Grove of the Mallas. Mahasudassana possessed seven Jewels. The seven Jewels were :1. The Jewel of the Wheel; 2. The Jewel of an Elephant; 3. The Jewel of a Stallion; 4. The Jewel Itself; 5. The Jewel of the Lady; 6. The Jewel of a Household Manager; 7. The Jewel of Executive Governor.

Thus the Buddha narrated to Ananda the full account of King Mahasudassana and his grandeur and abundance and how such an abundance was subject to disintregation,

Downloaded from http://www.dhamma.digital

dissolution, and disappearance. All created things are perishable, temporary, and not worthy of dependability. Hence the Buddha concluded that the desire after such things is worthless.

## 5. Janavasabha Sutta

This discourse is an extension of another discourse delivered by the Buddha on his last journey. While Buddha was staying in the monastery, of Girijakavasatha in Natika He had been telling the people about the where-abouts and destiny of the now dead patrons and helpers of the Buddha, *Dhamma,* and Sangha, who were from places such as, Kashi, Kosala, Vajji, Malla, Ceti, Vatsa, Kuru, Pancala, Matsya, and Surasena and who had already become non-returners to this world. Ananda prayed to the Buddha to tell similar accounts of those of Magadha.

The Buddha thereupon sat in samadhi (concentration) for the information about the other-worldly matters of the patrons and helpers from Magadha, which dawned upon Him all in detail. Then, in the evening He rose from His meditation and sat in the shade of the monastery of Ginjakavasatha. There He related to the audience the full account of the talk he had with the spirit of King Bimbisara. Bimbisara, the King of Magatha, the most popular of the people, in the palace of Vessavana. He appeared before the Buddha and told him that he had died a Sotapanna (Stream Entrant) and, expected to rise to a Sakadagami (Once-Returner). He had informed the Buddha as to how the Brahma Sanatkumara had appeared in the heavenly abode of the Thirty-three Categorized Heavenly Beings and spoken in praise of the Buddha.

Ananda having heard it from the Buddha, repeated it to all the Bhikkhus, Bhikkhunis and other lay-disciples.

## 6. Mahagovinda Sutta

Once the Buddha was dwelling at Vulture Peak in Rajagaha. Pancasikha, came to the Buddha in the form of a handsome being early in the evening and greeted him with this information : "I would like to tell you the news I heard at the Suddharma Council of the Thirty-three Categorized Heavenly Beings. There, Sakka, king of the devas, stated the eight qualities of the Buddha to them. Some of them expressed the view that it might be good, if four such Buddhas were born in the world; some said three Buddhas, and some two Buddhas. Sakka, however, told them that it was totally impossible for more than one Buddha to be born at the same time.

At that time, a great brightness was seen in the eastern horizon. Sakka told them that it was the sign of Brahma appearing. The devas waited for Brahma. Brahma arrived

Downloaded from http://www.dhamma.digital

and was informed of what Indra had said there. Brahma Sanatkumar then related the accounts of Govinda, the great.

After hearing what Pachasikha had said the Buddha admitted that to be so and added that he himself had been Govinda, the Junior and the Great.

## 7. Mahasamaya Sutta

Dwelling in the great forest of the Shakyas in Kapilvastu, the Buddha was accompanied by a great assembly of five hundred Arahat Bhikkhus. The devas and Brahama from ten thousand cakkanalas came to see the Buddha and the assembly of bhikkhu there. Then the Heavenly Beings of the highest region called the Suddhavasa, four in number, appeared before the Buddha and each one of them expressed his respective sentiment in a single gatha.

The Buddha told his disciples the names of the devas and Brahmas as listed in this Sutta .

## 8. Sakkapanha Sutta

The Buddha was staying in the cave of Indasala of the mountain known as Vediyaka, situated to the north of a Brahmana village, Ambasanda, lying to the east of Rajagaha City. At that time Sakka, the king of the devas wanted to visit the Buddha. As an act of diplomacy, he took the heavenly singer Pancasikha with him and came over to the mountain of Vediyaka. At the suggestion of the Sakka, Pancasikha sang to the accompaniment of his Beluva-pandu Vina Musical instrument a song which expressed the love and praise of the Buddha, *Dhamma,* and Sangha.

Sakka found his diplomacy to have been successful as he witnessed the Buddha talking to the singer. He entered the cave and greeted Him and stood in one corner. He had only heard that the number of demons lessens and that of Suras increases while the Buddha is born and alive in the world. He had just then seen it himself. Then he told him the incident of a Shakya girl, a former resident of Kapilvastu, helping two Bhikkhus who were born there after her, to rise above the stage that they were previously born in.

The Buddha solved the various problems of the Sakka by means of questions and answers, which greatly pleased him.

Downloaded from http://www.dhamma.digital

## 9. Mahasatipatthāna Sutta

While the Buddha was sojourning in the market town known as Kammāsa dhamma, in the Kuru country, he addressed the Bhikkhus thus, "Bhikkhus, this is the one and only way for the purification (of the minds) of beings, for overcoming sorrow and lamentation, for the complete destruction of (physical) pain and (mental) distress, for attainment of the noble (ariya) Magga, and for the realization of Nibbāna. That (only way) is the practice of the four methods of steadfast Mindfulness (Satipatthāna)."

These four Methods of steadfast Mindfulness are the contemplation of the body, contemplation of feeling (sensation), contemplation of the mind, and contemplation of the *Dhamma,* with constant awareness.

**Kāyānupassanā (awareness of the Body) :** Here the Bhikkhu should either go to a forest, or beneath a tree, or to an empty, solitary place and then sit cross-legged, keeping the body erect, and the mind alert and awake. With constant awareness he inhales and with constant awareness he exhales. This process is called Anāpāna-Sati.

Again he should be fully aware when he is walking, sitting down, and standing up. Whatever position he is in, he should be constantly aware of it, as it is.

Again he should constantly be aware when he advances. He should be aware when he looks straight or sideways. He should be fully aware when he contracts or straightens his arms and legs. He should be constantly aware while defecating and urinating. In walking, standing up, sitting down, lying, awakening from sleep, in talking, in keeping silent, and doing such things, he should be fully aware of what he is doing.

He should further observe the body as full of filth from the soles of the feet to the hair of the head, from the skin of the head to the soles of the feet, along with the whole body containing hair of the head, hair of the body, nails, teeth, etc.

Again he should observe the body exactly as it is composed of different elements such as earth element, water element, fire element and air element.

Also he meditates on the corpses lying discarded on the cremation ground, one day old, two days old, three days old, swollen, turning blue, festering and rotting, and thinks thus, "This body of mine, too, is of the same nature, it will surely become like that; it cannot escape such a fate."

In this way the practising Bhikkhu dwells meditating on the body with his awareness focused on the corpse.

**Vedānupassanā (Awareness of the Feeling) :** The Bhikkhu, when experiencing a pleasant sensation, realizes that he is experiencing a pleasant sensation. In the same way he remains thoroughly realizing unpleasant sensation or sensations neither

Downloaded from http://www.dhamma.digital

pleasant nor unpleasant. Thus the alert Bhikkhu dwells on, freed from craving and wrong insight.

**Cittãnupassanã (Awareness of Mind) :** The practising Bhikkhu, when there is a passion in the mind, should know it as such. When the mind is freed from passion he should know it as such. In the same way, when the mind is in a liberated state he should know it as such.

**Dhammãnupassanã (Awareness of the *Dhamma*) :** The Bhikkhu should realize and experience the nature of the *Dhamma* such as the five obstacles, the five sensorial aggregates, the twelve sense-organs, the seven factors of Enlightenment and the Four Noble Truths.

These are the four Methods of Mindfulness. By practicing them, the practitioner is sure to attain, in this very life, the fruit of Arhatship (the ultimate fruit or stage of liberation, summum bonum) or, in the event that there is some clinging (upãdãna) remaining he is sure to attain the third Fruit of Non-Returner, (no more to be born in this world). This is the Buddha's declaration.

The Majjhimanikaya also contains in brief a similar discourse on steadfast Mindfulness.

## 10. Payasi Rajannya Sutta

Kumara Kassapa, accompanied by an assembly of five hundred Bhikkhus, came to the town of Setavvya in Kosala. At that time Prince Payasi was residing in Setavvya. The Prince held such a wrong philosophic view : There is no other world; no beings arise again after death, there are no consequenceness of good or bad deads.

Prince Payasi visited Venerable Kumara Kassapa and maintained before him the philosophic view he had adhered to for so long. He told him about all the experiments he had done so far. He had asked some friends of his at their death-bed, to come back and tell him the news of the other world, but none of them had ever come back to tell him about it.

Venerable Kumara Kassapa explained to him, by means of several similes, that this world does exist, that the other called Paraloka, and the fruits of one's good and evil actions also exist. At least Prince Payasi admitted his error and accepted the discipleship of the Bhikkhus. After death, Payasi was born among the heavenly beings known as the Maharajaka of the Four Quarters.

Downloaded from http://www.dhamma.digital

## (III) Pathika Vagga

### 1. Pathika Sutta

The Buddha was staying in Anupiya of the Malla country. One day the Buddha visited, while he was on his daily round of begging food, the wanderer of the Bhaggava-Gotra. The wanderer mentioned the desertion of his one time attendant Bhikkhu, Sunakkhatta. The deserter, Sunakkhatta, a Licchvi prince, had left the order on the grounds that according to him, of the Buddha not showing super-human supernormal psychic potency.

When this blame was brought to the Buddha indirectly, He recounted several instances which fully displayed the superhuman and supernormal powers of the Buddha before Sunakkhatta. One of the instances was that of the Naked Ascetic Korakhattiya, the Worshipper and Imitator of a Dog; another instance was that of the Naked Ascetic Kalara-mattaka who used to eat flesh and drink liquor freely.

Then the Buddha narrated the challenge of Pathika-putta of Vesali, reported by Sunakkhatta himself to the Buddha.

Pathika-putta used to challenge the Buddha in the council of Vesali, "The ascetic Gotama is the proponent of knowledge, I am also the proponent of knowledge. The proponents of knowledge should show each other's super-human and supernormal knowledge. To what degree would he displays such knowledge in public I will display double what he displays."

"This sort of challenge thrown by Pathika-putta was reported to me, the Buddha, by Sunakkhatta." The Buddha said further that "he accepted this challenge and went to Pathika-putta. There gathered a great many people, renowned Licchavis, famous Brahmanas, householders, and others. These people had come over to that place to witness scenes of great and unexpected marvels. When Pathika-putta saw this gathering, he was terribly afraid of the situation. The people tried to bring Pathika-putta there before the Buddha by all possible means and efforts, but could not do so."

"This incident gave a great shock to Sunakkhatta, who had believed that the super-natural power of Pathika-putta must have been greater than that of the Buddha. But still Sunakkhatta deserted the Buddha's Order."

Downloaded from http://www.dhamma.digital

## 2. Udumbarika Sutta

The Buddha was then sojourning at Vulture Peak near Rajagaha. At that time the Wandering Ascetic, Nigrodha, was staying in the hall for the wandering ascetics built by Queen Udumbarika, with an assembly of three hundred wandering ascetics. Then, Sandhana the Householder came to Nigrodha, who mentioned the Buddha to him. Nigrodha said rather disrespectfully that the Buddha was living alone unable to talk with anyone in a full assembly. He therefore was deliberatery living alone. If He should come here, only one question would be enough to make Him silent. Like an empty pot, he might whirl round and round with that single question.

The Buddha heard the talk between Nigrodha and Sandhana. Sandhana was a household disciple of the Buddha. It was the super-normal power of hearing that enabled Him to hear everything. The Buddha came down from Vulture Peak to Moranivapa on the bank of the Sumagadha pond. From there the Buddha went over to where Nigrodha and Sandhana the householder were talking.

Nigrodha greeted him and offered him a seat. There the Buddha preached extensively on austerities. Through a slow and gradual process he led him to realize that it was futile to practise austerities which were incapable of purifying the mind. Nigrodha felt ashamed for what he had said to Sandhana and asked Buddha's pardon which Buddha granted.

The Buddha further preached : "But Nigrodha, I say this to you, 'Let a man who is intellectual come to me, a man who is honest, candid, and straightforward. I will teach him. I will impact to him the *Dhamma.* If he practises according to my teaching, he will surely realize the truth very quickly. You might think, Nigrodha, that the ascetic Gotama is telling you so from a desire to get disciples. It is not to be seen like this. But there are evils not yet eradicated; there is evil still corrupting, entailing re-birth, bringing pain and suffering, decay, and death in the future. And it is for the eradication of these defilements that I teach the *Dhamma.*"

## 3. Cakkavatti Sutta

The Buddha was then staying in Matula in the country of Magadha. There he addressed the Bhikkhus thus : 'Oh Bhikkhus, be an island for yourselves, a refuge for yourselves, depend upon none other than you yourself. Let the *Dhamma* be your island, let the *Dhamma* be your refuge, do not depend upon anything else other than the *Dhamma* itself."

Downloaded from http://www.dhamma.digital

He narrated the story of King Daddhanemi to the assembly of Bhikkhus. He was in possession of seven Jewels, namely, the Wheel, the Elephant, the Stallion, the Gem itself, the Lady, the Manager, and the Governor. When he was told that the Jewel of the Wheel had slipped from its appointed spot, he knew that it was the time to leave his kingdom. He left it to his eldest son.

Seven days after he becomes a recluse, the Wheel disappeared. The ruling sovereign told the matter to his hermit father, who advised him to try to regain it by observing the Cakavatti Vrata, the only legitimate means. The son regained it, and with it the sovereignty of the entire earth. In its turn, the Wheel was thus a significant sign for reigning sovereigns. Thus the sovereignty of the entire earth continued in his race for seven generations.

After the seven consecutive monarchs of such dimensions, the eighth neglected to get in touch with the preceding monarch and did not know how to regain the lost Wheel. The government gradually degenerated to the worse state imaginable, with the resulting deterioration of the life-span of the people. The whole earth was ruined miserably.

The Buddha predicted that such ruination would again gradually assume the form of gradual amelioration with the resulting increase in the life-span of the people, when the Universal Monarch Sankha would appear with his seven Jewels including the Spiritual Wheel.

Dhamma.Digital

In the same period, there will be born a future Buddha, named Metteyya. He will be as popular as the present Buddha, Shakya Siddhartha Gotama Buddha of Kapilvastu. The future Buddha, Metteyya, will also become as great a leader of innumerable beings both divine and human as the present one.

The Buddha, summed up his discourse again addressing them these encouraging words, "Be an island to support yourselves, be your own refuge and do not seek others for your sustenance and refuge. Let the *Dhamma* be your island and refuge; do not depend upon others.

## 4. Agganna Sutta

The Buddha was residings in the monastery built by the Lady Disciple Migara-mata in the eastern side of Jetavana near the city of Savatthi. Then two Brahmanas, Bharadvaja and Vasettha, who were waiting for their turn of initiation in the order, were following the Buddha who was walking to and fro.

Downloaded from http://www.dhamma.digital

Then one of them, Vasettha, said to the Buddha : "Lord, the Brahmanas say that only they are the highest caste and that other castes are lower. Only Brahmanas are the pure caste and others are impure. Only Brahmanas shall be purified where others shall not be. Brahmanas only are those who have come out of the mouth of Brahma. They are the direct descendants of Brahma for they are born of Brahma. They are the direct inheritor of Brahma. Why do you Brahmanas leave your own caste, the best of all, and go with heretics who are of the lower, impure castes ? Thus they leave no stone unturned in order to find faults with us and in their own ways look down upon us.

The Buddha responded by saying that it was utterly untrue, that they are born from the womb of their mothers, just as other men. He explained that the greatness of a man consists in his own personal worth; birth itself cannot elevate the position of a man. It is the *Dhamma* that will make a man foremost, the best of all. The *Dhamma* is the best for this world and the next one. The Buddha mentioned in conclusion that Pasenadi, though he himself is the King of the Shakyas, treats the Tathagata with respect due to the greatness of *Dhamma.*

## 5. Sampasadaniya Sutta

The Buddha was staying in the Mango-grave of Pavarika in Nalanda. Then Sariputta came and expressed his high appreciation of the Perfect Enlightenment possessed by the Buddha. He enumerated the superior *Dhamma* taught by the Buddha second-to-none, such as the excellent thirty-seven practices leading one to Enlightenment, spheres of sensation, entry into the womb, methods of precept, direct vision, Samapatti Samadhi, definition of individuals, practices, paths, considerate speech, methods of discipline, supernormal powers, remembrance of past lives, knowledge of the births and lapses of others, and other spiritual powers. Hence there are no doubts about the Buddha's excellent and second-to-none knowledge. Such were the expressions of Sariputta, and the Buddha agreed with him, saying "Noble Sariputta, your remark is quite liberal, fearless and decisive. How do you make such a proclamation without being possessed of the capability to know about mental levels of the past, present and future Buddhas ?"

## 6. Pasadika Sutta

The Buddha was then staying in the Monastery of the Prince Vedhanna Skakya situated in the Mango-grove of the Shakya country. Then the news of the recent death of Nigantha-Nataputta was brought to the Buddha. The death had brought about a schism in his order. This news had been brought by Cunda, the younger brother of Sariputta. He is generally known as Cunda the Novice, although he had attained the Arhatship and was already ordained in the Order.

Downloaded from http://www.dhamma.digital

Hearing this news of the schism in the order of Nigantha-Nataputta, the Buddha explained.

"There is no wonder that there has occurred such as a disagreeable dissension among his followers. It was because his order was not rightly defined and arranged. The Order of the Buddha has been well and rightly defined, arranged, and regulated. There is no change of my Order falling apart after my death." He emphasized the need for fulfilling the rules of the discipline, in order to make it permanent. He also dwelt on the specialties of the perfectly liberated Bhikkhus in his Order. Negating the invalidities of all the wrong views held by the people and other teachers, he concluded his treatise.

## 7. Lakkhana Sutta

The Buddha was staying in the Jetavana Monastery at Savatthi. There He addressed the Bhikkhus and said : "There are thirty-two signs symbolically present in the body of a great personage. If these are found in the body of a great personage, there are two alternatives for the possessor; if he lives at home, he becomes a religiously disposed universal monarch with seven Jewels appearing to serve him; if such a person renounces his home and hearth and sees a homeless life, he is sure to become an Enlightened Buddha, supreme dispeller of the veil of darkness from the world.

These thirty-two signs of good omen are known to and admitted even by recluses and ascetics lying outside this Order of mine, but they do not know about the actions, the fruits of which were instrumental in producing them. The following are the thirty-two signs : 1. The feet are with level tread. 2. There is the sign of a thousand-spoked wheel on the soles of the feet. 3. The heels are projecting. 4. The hands and feet are soft and tender. 5. The hands and feet are like a net. 6. The fingers and toes are long. 7. The ankles are like rounded shells. 8. The legs are like those of an antelope. 9. The hands are long enough to touch the knees while standing erect. 10. The male organ is covered with a sheath. 11. The complexion is golden. 12. The skin is delicately smooth and no dust ever clings to the body. 13. The body has hairs each of which grows from a single pore. 14. The hair, blue black in colour, turns upward curling to the right in ringlets. 15. The frame of the body stands straight like that of a divine being. 16. The seven surfaces of the body are convex. 17. The front upper half part of the body is like that of a lion. 18. There is no furrow between the two shoulders. 19. The proportions of the body are symmetrical, with the length equal to the spread of the two arms. 20. The bust of the body is equally rounded. 21. The tasting capacity of the tongue is extremely acute. 22. The jaws are like those of a lion. 23. The teeth are in a set of forty in number. 24. They are regular. 25. They are lustrous. 26. The canine teeth are very white and shiny. 27. The tongue is unusually long (Prabhuta). 28. The

Downloaded from http://www.dhamma.digital

voice is very sweet like that of a mythical singing-bird. 29. The colour of the eyes is blue. 30. The eye-lashes are like those of a cow. 31. There is a soft, white, and cotton-like bunch of hairs between the two eye-brows. 32. The head stands upward and erect like a turban.

The above signs are all the results of former good actions, said he.

## 8. Singala Sutta

The Buddha was staying in the Veluvana monastery at Rajagaha. At that time young Singala, devoted son of a householder, rising early, went forth from the city of Rajagaha. With his wet hair and wet garments, the young householder clapsed both his hands, raised them upwards, and prayed to all the corners of the earth such as the East, the South, the West, the North, the Nadir, and the Zenith.

The Buddha saw him one day doing such worship and enquired the reason of this. Singala replied that his father was dead and at his death-bed, he had told him to do such worship. The Buddha told him that it was not the way of worship in the Noble Discipline. He stated that the householders should separate themselves from the fourteen kinds of evil deeds, cover the six directions, and set out to conquer both the regions thus : "The parents are the East, the teachers are the South, the wife and children are the West, the friends and companions are the North, the servants and workers are the Nadir, and the preceptors are the Zenith. These are to be regarded as such."

He further encouraged to him : "Whoever shall fulfill the duties due to them will surely be repaid by these worshipped ones. The fulfillment of duties shall produce the desired effect through compassion and gratitude toward oneself."

## 9. Atanatiya Sutta

The Buddha was staying at Vulture Peak situated in the neighbourhood of Rajagaha. There, the four celestial kings with their varied followers approached the Buddha. They greeted him and took their seats in one corner. Then King Vessavana, the foremost of them, spoke to the Buddha : "Lord, the Yakshas do not often refrain from killing, stealing, debauchery, speaking lies, being intoxicated. It is possible that they might do some harm to your disciples, when they resort to secluded places for their frequent meditative practices. These disciples of yours should, therefore, learn this Dharani of Atanatiya Paritta and recite it daily for the safety and protection against such dangers.

Downloaded from http://www.dhamma.digital

Then the Vessavana recited before the Buddha the following Atanatiya Paritta Sutta. Even up to the present time the tradition of reciting this prayer has continued in Buddhist countries, thereby invoking the leaders of such non-human mythcal spirits whenever the latter happen to trouble human beings.

This Atanatiya Paritta consists of adoration to all seven Buddhas, namely, Vipassi Sikhi, Vessabhu, Kakusandha, Konagamana, Kassapa, and Angirasa (that is, the Gotama Buddha). Then, cries for help to the leaders of the host of mythical spirits mostly twenty-eight in number are to be done.

## 10. Sangiti Sutta

The Buddha was staying in the Mango grove of Cunda, the son of a goldsmith, in the town of Pava. At that time the Mallas of Pava, who had just then built a new Council Hall, invited the Buddha to use the hall first. The Buddha accepted the invitation and went there, with the assembly of Bhikkhus. He preached to them far into the night. The Mallas went to their homes after the completion of the preaching. When the Buddha found the Bhikkhus eager to listen further, he ordered Sariputta to preach to them.

Venerable Sariputta mentioned the recent decease of Nigantha Nataputta, and told them of the reported schism among his followers. As the teachings of the Buddha were explicitly stated, he also remarked, they left no room for schism. Sariputta further wanted them to agree on the fundamentals of the Buddha's *Dhamma*, which he enumerated one to ten. For example, the following few items will suffice :

"What is the one item ? It is that sentient beings depend on food."

"What are the two items ? They are mind and matter (Nama and Rupa).

"What are the three items ? They are avarice, animosity, and ignorance which are the root of unwholesome deeds.

"What are the four items ? They are the four Methods of steadfast Mindfulness."

"What are the five items ? They are the five obstructions."

"What are the ten items ? They are the ten meritorius deeds."

Downloaded from http://www.dhamma.digital

### 11. Dasuttara Sutta

The Buddha was then staying on the bank of the pond called Gaggara in Campa. There Sariputta preached this precept of ten Items and under each of them ten *Dhammas*, so that there are altogether one hundred items in all. For instance.

Which one item of the *Dhamma* is very useful ? The absence about of negligence in meritorious deeds.

Which one item of the *Dhamma* is necessary to be realized ? The firm state of Liberation of the mind."

## A Note from the Translator

The present translation, retaining meaning, spirit and stylistic techniques of nearly twenty-five centuries old language of the Tipitaka, may naturally, in the beginning, look even odd, particularly to new readers. Repetition here and there of same sets of statement characterizes traditional oral recitations of Doctrines committed to memory. This work of translation has, therefore, followed the time-worn method of retaining meaning, spirit and stylistic techniques of presentation of the Buddhadhamma Doctrines. I strongly opine that these techniques must be strictly maintained. If viewed in the light of aforesaid tradition the presentation of Doctrines in this work may not appear defective.

But in order to avoid or reduce repetition, I have sometimes used either the symbol (P), standing for the Pali Word 'Piyyala', or dots, or a combination of both. In certain cases the foregone statements have been referred to, by merely mentioning their page numbers. When a reader becomes familiar with these signs he (or she) can easily find out 'where to refer to' and 'for what'. There are some things in the first section of this work, the Sila Khanda, I have explained. Page numbers in the footnotes in this work all refer to those in the Pali Texts and Atthakatha (commentaries), issued in by the Nalanda Devanagari Edition. Regarding other books name and page numbers are mentioned.

The present work is a translation into Nepali of the Digha Nikaya which I had rendered into Nepal Bhasa within a short span of time while I was in mourning sixteen years ago for one month and half for my mother Bir Maya Bajracharya, feeling that the lasting thing for me to do as a memorial to her would be to write a religious book and dedicate it to her.

Downloaded from http://www.dhamma.digital

I take as an ideal example of late Ven. Amritanand Mahathera translating into Nepali the Pali Texts under different categories. A good number of Discourses (Suttas) given in the present work are taken verbatum from his Buddhakalin series with only grammatical corrections and certain additions wherever necessary. Truly speaking, the credit of bringing out the present translation of the Digha Nikaya wholly goes to him. That is why I deem it my duty to dedicate this memorable work of mine also to late Ven. Amritanand Mahanayak Mahathera who was the source of inspiration for me.

I have a good memory of my last talk to him, which ran thus — "Venerable Sir, so far only nine out of thirty four Suttas remain to be translated into Nepali, which being done a complete Digha Nikaya in Nepali will be ready for publication."

The Venerable Bhikkhu said to me, "you have already brought out a complete Nepal Bhasa edition of the Digha Nikaya. Better you yourself produce its Nepali edition, too. What I intend doing is only to collect together relevant Suttas in relation to certain Buddhakalin personages. I am not at present thinking of collecting Suttas in the Chronological Order of the Tipitaka. For the time being I am busy preparing a Dictionary in Nepali of Buddhist words."

Thus, he, on the contrary, shifted to me this grave responsibility. I again said to him, "Venerable Sir, I am at present translating Majjhima Nikaya into Nepal Bhasa. I'll try to get time to collect your translation of the Suttas in the Digha Nikaya and also translate into Nepali the remaining ones so that I can complete it and show it to you. Let me request you to write an introduction to it then."

Unfortunately a couple of days after this talk I received an unconfirmed news from one of my friends that the Venerable monk met with an sudden death. Praying that the unhappy news might not turn out true I telephoned one of the monasteries. The sad news having been confirmed I had no alternative left other than pray for his 'Nibbana'. Then and there I took a vow to prepare a Nepali version of the Digha Nikaya and dedicate it to him.

In no time I managed to get ready a final computer print copy for the press. I asked the Anandakuti Vihar Trust for permission to reproduce required matters from the Buddhakalin series, which was in no time granted by Ven. Aniruddha Mahathera, the Sanghanayak and Chairman of the Trust. I meant to send the matter to the press but as ill luck would have it, it had to be held back for two whole years. Meanwhile, I managed to bring out Nepal Bhasa editions of the Majjha Nikaya and Samyuta Nikaya and laid them at the service of readers.

The reproductions from the Buddhakalin series, contained in the present work, being in the very words of late monk may not tally in toto with my Nepal Bhasa edition. The readers are, therefore, earnestly requested to consult the original Pali texts in case any confusion arises in this regard. Here I simply acknowledge that I am

Downloaded from http://www.dhamma.digital

at fault for any flaw in the present work while all the credit goes to the late monk.

To this present work I once more had to give finishing touches and proof-reading it at a time when I was most busy. Hence, my learned readers are hereby humbly requested to oblige me by informing me of any drawbacks that they may come across while going through it.

First of all I express my sincere gratitude to the chairman and other members of the Anandakuti Vihar Trust for their kind permission to reproduce required matters from the Buddhakalin series. Similarly, I feel highly obliged to Ven. Buddhaghosh Mahathera, Ven. Kumarkashyap Mahathera, Chairman of the All Nepal Bhikshu Mahasangha, Ven. Sudarshan Mahathera, and Ven. Dhammagupta (Hu Fa) for their scholorly guidance and co-operation.

Also, my thanks are due to late Ayodhya Prasad Pradhan, a renowned Buddhist scholar who had initially translated into English the present introduction of mine. Mr. Bhuwanlal Pradhan, a well known historian, kindly went through all my manuscripts and gave me certain advice and suggestions. He also improved upon the English version of my introduction to the present work with an additional translation as well. He, therefore, deserves my heartfelt thanks. I also render my heartfelt gratitute to Miss Samira Shakya, my own niece, who had extended to me noticeable help in proof-reading. Thanks are also due to Mr. Dharma Ratna Shakya for his valuable service in computering works and to Mr. Vijaya Tuladhar, the proprietor of the New Nepal Press for their timely completion of printing.

Last but not least I feel highly obliged to my elder brother Pavitra Bahadur Bajracharya, Ashok Ratna Bajracharya, my nephew, and Miss Hira Devi Bajracharya, my eldest sister, who unfailingly came forward, as usual, to get my works published, thereby bringing the Nepalese people who have so far, for want of original texts, had no opportunity to study the original Doctrines of Lord Buddha, to the main stream of His teachings.

Finally, I wish this work of mine be a good medium for the Nepalese readers for acquiring actual knowledge of Lord Buddha and His Doctrines.

**Dunda Bahadur Bajracharya**

Downloaded from http://www.dhamma.digital

# भूमिका

बुद्धवचन सङ्गृहीत त्रिपिटक वाङ्मयको पहिलो ग्रन्थ दीघनिकाय नेपाल भाषामा आफैंले अनुवाद गरी प्रकाशित गरेको करिब दश वर्षपछि यसको सम्पूर्ण खण्ड राष्ट्रभाषा नेपालीमा पनि पाठक समक्ष प्रस्तुत गर्न पाउँदा मलाई ज्यादै हर्ष लागेको छ ।

भगवान् बुद्धले बुद्धत्व प्राप्त गरिसकेपछि उहाँले ४५ वर्षसम्म ग्राम-ग्राम, निगम-निगम, देश-देशान्तर चारिका गर्नु भई महापरिनिर्वाण हुने अन्तिम समयसम्मको अवधिभित्र जति पनि उहाँले उपदेश दिनु भयो, ती सबैको सङ्ग्रह गर्ने प्रयत्न पालि त्रिपिटकमा भएको पाइन्छ । बुद्धवचन त्रिपिटकलाई (क) सुत्तपिटक, (ख) विनयपिटक तथा (ग) अभिधम्मपिटक गरी तीन भागमा विभाजित गरिएकोले त्रिपिटक भनी यसको नामाकरण गरिएको बुझिन्छ । त्रिपिटकमा समावेश भएका ग्रन्थहरू निम्न प्रकारका छन् –

**सुत्तपिटक**

१. दीघनिकाय*
२. मज्झिमनिकाय*
३. संयुत्तनिकाय*
४. अङ्गुत्तरनिकाय
५. खुद्दकनिकाय+
   १) खुद्दकपाठ
   २) धम्मपद
   ३) उदान
   ४) इतिवुत्तक*
   ५) सुत्तनिपात
   ६) विमानवत्थु
   ७) पेतवत्थु
   ८) थेरगाथा
   ९) थेरीथाथा
   १०) जातक
   ११) निद्देस { क. महानिद्देस, ख. चुल्लनिद्देस }
   १२) पटिसम्भिदामग्ग
   १३) अपदान
   १४) बुद्धवंस
   १५) चरियापिटक

**विनयपिटक**

१. पाराजिकापालि } सुत्तविभङ्ग
२. पाचित्तियपालि }
३. महावग्गपालि } खन्धक
४. चुल्लवग्गपालि }
५. परिवारपालि

**अभिधम्मपिटक**

१. धम्मसङ्गणिपालि
२. विभङ्गपालि
३. धातुकथापालि
४. पुग्गलपञ्ञत्ति
५. कथावत्थुपालि
६. यमकपालि
७. पट्ठानपालि

---

* अनुवादक परिवारद्वारा नेपाल भाषामा प्रकाशित ग्रन्थहरू ।

\+ म्यानमार (बर्मा) मा भएको छैठौं संगायनमा (१) नेत्ति, (२) पेटकोपदेश र (३) मिलिन्द-प्रश्न – यी तीन ग्रन्थहरूलाई खुद्दकनिकाय अन्तर्गत समावेश गरिएको छ ।

Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

यहाँ प्रस्तुत ग्रन्थ दीघनिकायको संक्षिप्त परिचय प्रस्तुत गरिन्छ । दीघनिकाय ग्रन्थमा जम्मा ३४ वटा सूत्रहरू सङ्गृहीत छन् । ती सबै सूत्रहरू प्रायः दीर्घ आकारका छन् । यो ग्रन्थ शीलस्कन्ध-वर्ग, महा-वर्ग र पाथिक-वर्ग गरी तीन वर्गमा विभाजित छ । प्रथम शीलस्कन्ध-वर्गमा १३ वटा सूत्रहरू छन् । ती सूत्रहरू प्रायः शील, समाधि र प्रज्ञासित सम्बन्धित छन् । महावर्गमा १० वटा सूत्रहरू छन् । प्रायः सबै सूत्रहरू 'महा' भन्ने शब्दबाट प्रारम्भ भएका छन् । तीमध्ये जनवसभ-सुत्त, सक्कपञ्ह-सुत्त र पायासिराजञ्ञ-सुत्त तीनवटा चाहिं विकल्प देखिन्छ । पाथिक-वर्गमा प्रस्तुत प्रथम सूत्र पाथिक-सुत्तबाट प्रारम्भ भएकोले नै पाथिक-वर्ग भएको बुझिन्छ । शीलस्कन्ध-वर्गका सबै सूत्रहरू प्रायः गद्यमा छन् । महा-वर्ग र पाथिक-वर्गका धेरै सूत्रहरू गद्य र पद्य मिश्रित छन् ।

दीघनिकाय भाणवारको हिसावले जम्मा ६४ भाणवारहरू छन् । दीघनिकायको प्रत्येक सूत्रको प्रारम्भमा 'यस्तो मैले सुनें' भन्ने वाक्यबाट सुरु भएको छ । 'यस्तो मैले सुनें' को साधारण अर्थ हो – 'आयुष्मान् आनन्दले जस्तो भगवान् बुद्धका सम्मुख सुन्नुभएको थियो, त्यस्तै उहाँ भगवान् बुद्धको परिनिर्वाण पश्चात् भएको प्रथम संगायनको बेलामा एकत्रित भएका महासङ्गीतिकार महास्थविरहरूका सम्मुख बताउनु ।' यस वाक्यको आशय यी नै हुन् । दीघनिकायको अट्ठकथा सुमङ्गल विलासिनीमा यस कुरासम्बन्धी विस्तृत व्याख्या आचार्य बुद्धघोषले गर्नु भएको छ ।

पाठकवर्गको सुविधाका प्रस्तुत ग्रन्थ दीघनिकायमा भएका ३४ वटा सूत्रहरूको संक्षिप्त रूपरेखा यहाँ प्रस्तुत गर्दछु ।

## प्रस्तुत ग्रन्थ : एक रूपरेखा

## (क) शीलस्कन्ध-वर्ग

### १. ब्रह्मजाल-सुत्त

एक दिन भगवान् बुद्ध भिक्षुसङ्घसहित राजगृह र नालन्दाको राजमार्गको बीच गइरहनुभएको बेला सुप्पिय परिव्राजक पनि आफ्ना शिष्य ब्रह्मदत्त माणवकका साथ उहाँको पछिपछि लाग्दै थियो । त्यसबेला सुप्पियले बुद्ध, धर्म र सङ्घको निन्दा गर्दै थियो जब कि उसैको शिष्यले भने बुद्ध धर्म र सङ्घको प्रशंसा गर्दैथियो । राती बास बसेको बखत भिक्षुहरूका बीच यही कुरा चल्नथाल्यो ।

यही कुरोलाई कारण बनाउनु भई भगवान् बुद्धले भन्नुभयो – यदि कसैले मेरो, धर्मको अथवा सङ्घको निन्दा गऱ्यो भने यसरी निन्दा गर्नेसित नरिसाउनू, मन खिन्न नपार्नू उनीहरूले भनेको कुरामा तिमीहरूले छानबिन गरेर हेर्नुपर्छ । यस कारणले यो कुरो ठीक छैन, यस कारणले यो कुरो असत्य हो, यो कुरो हामीमा छैन, यो कुरो हामीमा छँदै छैन ।' यस्तै, कसैले प्रशंसा गरेमा त्यहाँ तिमीहरूले आनन्द मान्न हुन्न, खुशी मान्न हुन्न वा प्रफुल्लित हुन हुन्न ।

उपदेशको सिलसिलामा भगवान् बुद्धले अगाडि भन्नुभयो – पृथक्जन मानिसले शीलको कारणले तथागतलाई प्रशंसा गऱ्यो भने त्यो प्रशंसा निम्नकोटीको प्रशंसा हुनेछ । सानो (चूल) शील, मध्यमशील र महाशीलको कारणले मात्र तथागतको प्रशंसा गर्न योग्य छैन । उहाँले बताउनुभएको धर्म राम्ररी बुझ्नुपर्छ, साक्षात्कार गर्नुपर्छ । जुन धर्म गम्भीर, दुर्दर्शनीय, दुरनुबोध, शान्त, प्रणीत, अतर्कावचर, निपुण तथा पण्डितवेदनीय छ, जसलाई तथागतले स्वयं अभिज्ञाद्वारा साक्षात्कार गर्नु भएको छ भनी जसले बुझ्ने छ, उसले तथागतको वर्णन गरेमा त्यो नै साँचो प्रशंसा हुनेछ ।

Downloaded from http://www.dhamma.digital

साधारण मानिसको के कुरा, लाखौं जन्म-जन्मान्तरका कुराको स्मरण गर्न सक्ने असाधारण ध्यानी व्यक्तिहरूले समेत आफूले देखेको सत्य घटनाको आधारमा निष्कर्ष निकालेर बनाएको धर्म=सिद्धान्त=मत पनि संसारचक्रमा अल्झेको छ भन्नु हुँदै उहाँले त्यस्तो पूर्व अनुभवको आधारमा सिद्धान्त बनाउनेलाई 'पूवान्त कल्पिक' भनी भन्नुभएको छ ।

पूर्व अनुभवको आधारमा बनेको धर्म=दृष्टि यस प्रकारका छन् –

(१) आत्मा अमर छ भन्ने चारथरी शाश्वतवादीहरू ।

(२) ईश्वर अमर छ, हामी मात्र नाशवान् छौं भन्ने चारथरी आशिंक शाश्वतवादीहरू ।

(३) लोकका बारेमा कल्पना गर्ने चारथरी अन्तानन्तवादीहरू ।

(४) यही नै हो भनी निश्चित सिद्धान्त थाहा नपाएका चारथरी अमराविक्षेपवादीहरू ।

(५) आत्मा र लोक विनाकारण बनेको मान्ने दुईथरी अधिच्चसमुप्पन्नवादीहरू ।

यस्तै, भविष्यमा हुने कुराको आधारमा कल्पना गरी धर्म=मत=सिद्धान्त बनाउने ४४ गरी अपरान्तवादीहरू यस प्रकारका छन् । जस्तो कि –

(१) मरणपछि आत्मा संज्ञी (होसी) हुन्छ, भन्ने १६ थरी उद्धमाघातनिका संज्ञावादीहरू ।

(२) मरणपछि आत्मा असंज्ञी (बेहोसी) हुन्छ भन्ने ८ थरी उद्धमाघातनिका असंज्ञावादीहरू ।

(३) मरणपछि आत्मा नैवसंज्ञीवाद हुन्छ भन्ने ८ थरी उद्धमाघातनिका नैवसंज्ञानासंज्ञावादीहरू ।

(४) मरणपछि आत्मा समाप्त हुन्छ भन्ने नास्तिकवादको सिद्धान्त बनाउने ७ थरी उच्छेदवादीहरू ।

(५) यसै जन्ममा निर्वाण हुन्छ भनी विश्वास गर्ने ५ गरी दृष्ट धर्म निर्वाणवादीहरू ।

यी नै पूर्वान्ततिरका १८ थरी र अपरान्ततिरबाट ४४ थरी कारणलाई आधार मानी मुक्तिसम्बन्धी जुन ६२ थरीका सिद्धान्त=अधिमुक्ति पदहरू बनेका छन्, ती सबै दृष्टि (मत), वादलाई तथागतले जानेर बुझेर यीभन्दा पनि उत्तरोत्तर कुरा जान्नुभएको छ, बुझ्नुभएको छ भनी तथागतले बताउनुभएको धर्मको प्रशंसा गरेमा मात्र त्यो प्रशंसा वास्तविक हुनेछ ।

तृष्णाको भ्रममा परेर नै ६२ थरीका त्यस्ता सिद्धान्तको प्रतिपादन भएजस्तै स्पर्शको कारणको मूल स्रोत बुझ्न नसकेर दृष्टिगत संसारचक्रबाट मुक्त नभएको कुरा उनीहरूले बुझ्न सकिरहेका छैनन् । वेदनाको कारणले तृष्णा हुन्छ, तृष्णाको कारणले उपादान हुन्छ, उपादानको कारणले भव हुन्छ, भवको कारणले जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य उपायास हुन्छ भन्ने प्रतीत्यसमुत्पादको व्याख्यान यो सूत्रमा पाइन्छ । जब भिक्षुले यी छ स्पर्श आयतनको समुदय, अस्तगमन, आश्वाद, आदीनव र निश्शरण (निकास)लाई यथार्थरूपले जान्दछ, तब उसले शील, समाधि, प्रज्ञा र विमुक्तिको ज्ञानको दर्शन गर्दछ । त्यसपछि सो भिक्षु यस्ता दृष्टिजाल, भ्रमजाल, अर्थजालबाट मुक्त भई अनुत्तर सङ्ग्राममा उसले विजय गर्दछ ।

जबसम्म यी ६२ थरी वा ६२ थरी मध्ये कुनै एक दृष्टि श्रमण वा ब्राह्मणहरूमा पाइन्छ, तबसम्म उनीहरू संसारचक्रबाट मुक्त हुन सक्दैन । विश्वमा भएका यी ६२ प्रकारका सिद्धान्त भनेको मानूँ एउटा सानो पोखरीमा भएका ठूलठूला माछाहरू एउटा जालोभित्र परेजस्तै वा पर्न आएझैं विश्वलाई भ्रममा पारिराख्ने यी दृष्टि जाल हुन् ।

Downloaded from http://www.dhamma.digital

## २. सामञ्ञफल-सुत्त

भगवान् बुद्ध राजगृहस्थित जीवक कौमारभृत्यको आम्रवनमा साढे बाह्र सय भिक्षुसङ्घका साथ बस्नुभएको थियो।

कार्तिक पूर्णिमाको रात राजा अजातशत्रुले आफ्नो दरबारको माथिल्लो तलामा बसी उदान प्रकट गरे – अहा ! कति निर्मल रमणीय छ यो रात ! आज कुन श्रमण वा ब्राह्मणको सत्सङ्ग गरुँ, जसको सहवासबाट चित्त प्रफुल्लित हुन सकोस्।

यसो भनेको सुनेर त्यहाँ उपस्थित राजामात्यहरूले मगधराजा अजातशत्रुका सामु आ-आफ्ना विश्वास अनुरूप गुरुहरूको प्रशंसा गर्दै पूर्णकाश्यप, मक्खलि गोसाल, अजित केशकम्बल, प्रकुधकच्चान, संञ्जय वेलट्ठपुत्त र निगण्ठनाटपुत्तको नाम प्रस्तावित गर्दै उहाँहरूकहाँ जान सल्लाह दिए।

मगधराजा अजातशत्रुले चूप लागेर बसेका जीवकसित सोधे – "सौम्य जीवक ! किन तिमी चूप लागेर बसेको ?"

जीवकले भने – 'उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध हाम्रो आम्रवनमा साढे बाह्र सय महान् भिक्षुसङ्घका साथ बस्नुभएको छ। उहाँ भगवान्‌को सत्सङ्ग गर्नुहोस्। उहाँ भगवान्‌को सत्सङ्ग गर्नु महाराजमा देवको चित्त अवश्य प्रफुल्लित हुनेछ।'

जीवकका यस्ता कुरा सुनी उनैलाई आवश्यक प्रबन्ध मिलाउन लगाई जहाँ भगवान् हुनुहुन्थ्यो, त्यसतर्फ मगधराजा अजातशत्रुले प्रस्थान गरे।

राजाको प्रश्न थियो – भन्ते ! अनेक थरीका व्यवसाय गरी मानिसहरूले आफूलाई, आमाबाबुहरूलाई पुत्रदारहरूलाई, साथी भाईलाई सुखी र आनन्दित पारेझैं भिक्षु भई यही जीवनमा श्रामण्यफल प्राप्त गर्न सकिंछ कि सकिंदैन ?

भगवान् बुद्धले मगधराजा अजातशत्रुसित यो प्रश्न अन्य श्रमण ब्राह्मणहरूसँग सोधिएको छ भने उनीहरूले यस प्रश्नको उत्तर कसरी दिए भन्ने कुरा बताउन अनुरोध गर्नुभयो। मगधराजा अजातशत्रुले छजना प्रसिद्ध तीर्थङ्करहरूले आ-आफ्ना सिद्धान्त अनुरूप दिएको जवाफ सुनी आफू निकै अप्रसन्न भएको कुरा समेत भगवान् बुद्धलाई बिन्ती गरे।

भगवान बुद्धले मगधराजा अजातशत्रुलाई सबभन्दा पहिले एउटा आज्ञाकारी सेवकको उदाहरण दिनु भयो। 'यदि त्यो सेवक केश दाह्री खौरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिक भई प्रव्रजित भयो भने के त उसलाई फेरि गृहस्थीझैं राख्ने हो कि, महाराज ?' भनी राजासित प्रतिप्रश्न गर्नुभयो।

"भन्ते ! यसो भन्न सक्दिन। बरु हामी नै उसलाई अभिवादन गर्नेछौं। सेवा गर्नेछौं। आसनद्वारा निम्त्याउने छौं। चीवर आदिद्वारा निम्त्याउने छौं र धर्मपूर्वक उसको आरक्षा संविधान गर्नेछौं।"

भौतिक रूपमा महत्वपूर्ण नभए पनि आफ्नै आँखाले प्रत्यक्ष देख्ने यो भिक्षु हुनेको प्रत्यक्ष फल बताउँदै उहाँले क्रमैसित भिक्षु जीवनमा वास्तविक फलको व्याख्यान गर्नुभयो। (१) कसरी तथागतको धर्मोपदेश सुनी गृहस्थीहरूले गृहत्याग गरी प्रव्रजित जीवन अपनाउँछन् ? (२) कसरी भिक्षुले चूलशील, मध्यमशील, महाशील पालन गरी ऊ शील सम्पन्न हुन्छ ? (३) कसरी भिक्षुले आफ्नो इन्द्रियमा संयम गरी स्मृति सम्प्रजन्य भई ऊ सन्तुष्ट भइरहन्छ ? (४) कसरी भिक्षुले पञ्चनीवरणलाई प्रहीण गरी प्रमुदित भई चित्तलाई समाधिस्थ गर्दछ ? (५) कसरी भिक्षुले क्रमशः प्रथम, द्वितीय, तृतीय र चतुर्थध्यान

Downloaded from http://www.dhamma.digital

प्राप्त गर्दछ ? (६) कसरी भिक्षुले क्रमशः विपश्यना ज्ञान, मनोमय ऋद्धिज्ञान, ऋद्धिविधज्ञान, दिव्यश्रोत ज्ञान, परचित ज्ञान, पूर्वेनिवासानुस्मृति ज्ञान, दिव्यचक्षु ज्ञान प्राप्त गरी अन्ततः जन्म, जरा, मरणबाट मुक्त हुने निर्वाण धर्म प्राप्त गरी आस्रव क्षय ज्ञान प्राप्त गरी विमुक्तिको अनुभव गर्दछ भने कुरा राजालाई सविस्तार बताइदिनुभयो ।

आफ्ना पिताको हत्यारा भएको कारणले यो धर्मदेशना सुनेर प्रत्यक्ष लाभ राजाले लिन नसकेको कुरा पछि भगवान् बुद्धले भिक्षुहरूलाई बताउनुभयो ।

## ३. अम्बट्ठ-सुत्त

भगवान् बुद्ध इच्छानङ्गल भन्ने कोसल ब्राह्मणहरूको ग्राममा बस्नुभएको बेला पोक्खरसाति भन्ने एकजना सम्मानित ब्राह्मणले आफ्नो युवा विद्वान् शिष्य अम्बट्ठलाई 'भगवान् बुद्धकहाँ गई वास्तविक बुद्धमा महापुरुषहरूमा हुने ३२ प्रकारको लक्षण छ कि छैन हेरेर आऊ' भनी पठाएका थिए । साथीहरूसहित अम्बट्ठ भगवान् छेउ गए । परन्तु जातीय अभिमानले गर्दा त्यहाँ अम्बट्ठले भगवान् बुद्धसित शिष्ट व्यवहार मात्र नगरेको; उसले शाक्य जाति अकुलीन भएको र ब्राह्मणप्रति अनादरको भाव दर्साएको दोषारोपण पनि गरे । भगवान् बुद्धले उनलाई कण्हायनको इतिहास बताउँदै शाक्यहरू पूर्व-पुरुष राजा इक्ष्याकुका दासी-पुत्र कण्हको आफ्नै वंशज भएको कुरा बताउनुभयो । सो कुरा सुनेपछि अम्बट्ठले लाजले आफ्नो शिर निहुराए । भगवान् बुद्धले 'जो विद्या र आचरणले युक्त हुन्छ, सोही देव र मानिसहरूमध्ये श्रेष्ठ हुन्छ' भने ब्रह्मा सनत्कुमारको गाथा उद्धरण गर्नुभयो ।

अम्बट्ठ आफ्ना गुरु पोक्खरसातिकहाँ गई आफैले देखेको बुद्धमा भएका ३२ प्रकारको महापुरुषको लक्षणबारे बताए । श्रद्धाले गद्‌गद् भई पोक्खरसाति ब्राह्मण भगवान् बुद्धकहाँ गई अम्बट्ठले गरेको अशिष्ट व्यवहारप्रति क्षमायाचना गरे । साथै, उनले बुद्धको उपासकत्व पनि स्वीकार गरे ।

## ४. सोणदण्ड-सुत्त

भगवान् बुद्ध अङ्गदेशमा चारिका गर्दै पाँचसय भिक्षुहरूका साथ चम्पास्थित गग्गरा पोखरीको छेउ बस्नुभएको बेला राजा बिम्बिसारद्वारा सम्मानित सोणदण्ड ब्राह्मणले भगवान् बुद्धको दर्शन गर्ने इच्छा प्रकट गर्दा अन्य ब्राह्मणहरूले यस्तो सुझाउ दिए – तपाईं भगवान् बुद्धकहाँ जानुभयो भने तपाईंको यश घट्नेछ र श्रमण गौतमको यशमा अभिवृद्धि हुनेछ । त्यसकारण, तपाई जानु हुन्न बरु श्रमण गौतम नै तपाईको दर्शन गर्न आउन योग्य छ ।"

सोणदण्ड ब्राह्मणले उनीहरूले तर्कको खण्डन गरी अनेक प्रकारले भगवान् बुद्धको प्रशंसा गरे । उहाँ श्रमण गौतम हाम्रा अतिथिका रूपमा हाम्रो गाउँमा आउनुभएकोले हामीले उहाँको सत्कार गर्नुपर्छ, गौरव गर्नुपर्छ, मान गर्नुपर्छ, पूजा गर्नुपर्छ भनी उहाँमा असीमित गुण भएको कुरा उपस्थित ब्राह्मणहरूलाई बताए ।

सोणदण्ड ब्राह्मण जब भगवान् बुद्ध भएको ठाउँमा पुग्नै लागे, तब उनलाई प्रश्न सम्बन्धी कुरामा अनेक द्विविधा भयो । 'ब्राह्मण ! यो प्रश्न यसरी सोधिने होइन' भनी कदाचित् भगवान् बुद्धले भन्नुभयो भने परिषद्ले उनलाई गिज्याउला भनी उनी धरमराए । भगवान्‌का सामु पुगेर पनि फर्केर गए भन्ने विचारले आफू अपमानित हुने कुरा उनले बुझे । भगवान् बुद्धले उनको मनको कुरा जानेर – "ब्राह्मण ! कति अङ्गले युक्त हुने मानिस ब्राह्मण हुन्छ" भनी सोध्नुभयो ।

Downloaded from http://www.dhamma.digital

ब्राह्मणको जवाफ थियो – ब्राह्मण हुनलाई (१) आमा र बाबु – यी दुवै सुजात हुनुपर्छ, (२) वेदमा परङ्गत हुनुपर्छ, (३) असल व्यक्तित्व भएको हुनुपर्छ, (४) शीलवान् हुनुपर्छ र (५) पण्डित एवं मेधावी हुनुपर्छ ।

भगवान् बुद्धले उनीसित फेरि प्रश्न गर्नुभयो – "के यी पाँचै अङ्ग हुनैपर्छ ? अथवा क्रमशः एक एक छाडी यीमध्ये केही अङ्ग पूर्ण भएकालाई पनि ब्राह्मण भन्न सकिन्छ ?"

सोणदण्ड ब्राह्मण स्वयंले जातीय व्यवस्थाको खण्डन गर्दै ब्राह्मण हुनका लागि कोही शीलवान र मेधावी छ भने उसलाई ब्राह्मण भन्न सकिन्छ भनी स्वीकार गरे । भगवान् बुद्धले सोणदण्ड ब्राह्मणको कुरामा सहमती जनाउनु हुँदै 'शील र प्रज्ञा नै ब्राह्मणत्वका निम्ति अत्यावश्यक गुण हुन्' भन्नु हुँदै 'शीलद्वारा परिशोधित प्रज्ञा हुन्छ, प्रज्ञाद्वारा परिशोधित शील हुन्छ' भन्नुभयो ।

भगवान् बुद्धको उपदेशबाट प्रभावित भएका सोणदण्डले उपासकत्व स्वीकार गरे । परन्तु खुला रूपले भगवान् बुद्धको उपासकत्व स्वीकार गर्दा आफू जनमतका विरुद्ध परेर आफूलाई हानी होला भन्ने भयले गर्दा भगवान् बुद्धसित करबद्ध प्रार्थना गरे – 'भो गौतम ! यदि परिषद्मा बसेको मैले तपाईलाई दुवै हात जोरी नमस्कार गरें भने म आसनबाट उठ्न लागेको हुँ भनी तपाईं गौतमले ठान्नुहोस् । परिषद्मा बसेको मैले यदि फेटा झिकें भने मैले तपाईंलाई शिर निहुराएर ढोगेको हुँ भनी तपाईं गौतमले ठान्नुहोस् । म रथमा गइरहेको बखत यदि मैले छडी उचालें भने म रथबाट ओर्लन लागको हुँ भनी तपाई गौतमले सम्झे हुन्छ । यदि छातालाई एकातिर पन्छाएँ भने मैले शिर निहुराएर तपाईंलाई ढोगेको हुँ भनी तपाईं गौतमले ठान्नुहोस् ।'

## ५. कूटदन्त-सुत्त

मगधराजा सेनीय बिम्बिसारबाट सम्मानित तथा लाभान्वित भएका कूटदन्त ब्राह्मणले भारी संख्यामा, अर्थात् सात सय गोरु, सात सय बाछा, सात सय बाछी, सात सय बोका, सात सय भेडा यज्ञका निम्ति मौलोमा बाँधी राखेका थिए । त्यही बेला भगवान् बुद्ध पाँच सय भिक्षुहरूका साथ खाणुमतस्थित अम्बलट्ठिकामा बस्नुभएको थियो । कूटदन्त ब्राह्मणले भगवान् बुद्ध सोन्ह परिष्कार (अङ्ग) भएको त्रिविध यज्ञ सम्पदा जान्नु हुन्छ, म भने सोन्ह परिष्कारयुक्त त्रिविध यज्ञसम्पदा जान्दिन, अतः उहाँसित सोध्न जानुपऱ्यो भनी त्यहाँ जान लागेको बेला सोणदण्डलाई झैं अन्य ब्राह्मणहरूले उनलाई बुद्धकहाँ जान रोक्न खोजेका थिए । त्यस बेला उनले त्यहाँ उपस्थित ब्राह्मणहरूका सामु बुद्धको अनेक प्रकारले प्रशंसा गरी भगवान् बुद्ध समक्ष गए । बुटदन्तले सोधेको प्रश्नको उत्तरमा भगवान् बुद्धले महाविजित राजाद्वारा सोन्ह परिष्कारयुक्त त्रिविध यज्ञसम्पदासम्बन्धी एउटा आदर्श यज्ञको वर्णन गर्नुभयो । समाजमा विद्यमान निर्धनता भ्रष्टाचार, चौर कर्म र अन्य अवगुणको मूल जरोको उन्मूलन गर्न लगाए । राजा महाविजित पनि यस्तो यज्ञका निम्ति योग्य थिए । त्यस्तै, यज्ञ गराउने पुरोहित ब्राह्मण पनि सर्वथा योग्य व्यक्ति थिए ।

महाविजितद्वारा गरिएको उक्त आदर्श यज्ञको वर्णन सुनी प्रसन्न भएका कुटदन्त ब्राह्मणले प्रश्न गरे – "भन्ते ! यी त्रिविध यज्ञसम्पदा र सोन्ह परिष्कारभन्दा कम भन्झट भएको र आंशिक पीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को कुनै यज्ञ छ के ?"

भगवान् बुद्धले यस्ता यज्ञभन्दा धेरै अन्य यज्ञहरू जस्तो कि शीलवानहरूको उद्देश्यले दिइने नित्य दानको फल धेरै हुने, अझ सोभन्दा चारै दिशाबाट आउने सङ्घको उद्देश्य अनुसार बनाई दिने विहार दानको फल अझ धेरै हुने, त्यस्तै प्रसन्नचित्त राखी त्रिरत्न शरणागमन जान्नु, पञ्चशील लिनु र

Downloaded from http://www.dhamma.digital

सामञ्ञफल-सुत्तमा बताए झैं तथागतको धर्मोपदेश सुनी गृहस्थीहरूले गृहत्याग गरी प्रव्रजित जीवन अपनाउनेदेखि लिएर आस्रव क्षय ज्ञान प्राप्त गरी विमुक्तिको अनुभव गर्ने कुरासम्मको एक-एक गरी क्रमिक यज्ञको गुण र फल उनलाई बताउनुभयो ।

उपदेशको अन्तमा कूटदन्त ब्राह्मणलाई धर्मचक्षु उत्पन्न भयो – 'जे-जति समुदय धर्महरू छन्, ती सबै निरोध धर्म हुन् ।'

## ६. महालि-सुत्त

त्यस बखत महालि ओट्ठद्ध लिच्छवि (राजा ?) लिच्छवि परिषद्सहित जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो, जहाँ महावनस्थित कूटारगारशाला थियो, त्यहाँ आई भगवान् बुद्धका तत्कालीन उपस्थापक हुनु भएका नागितलाई बुद्धको दर्शनका निम्ति प्रार्थना गरे । सिंह श्रामणेरले पनि नागितलाई कोशल र मगधका ब्राह्मण दूत र ओट्ठद्ध लिच्छवि, लिच्छवि परिषद्सहित आएका सबैलाई भगवान् बुद्धको दर्शन गराउन पाए बेस हुने कुरोको प्रार्थना गरे ।

करिब ३ वर्षअगि बुद्धशासन त्याग गरी जाने सुनक्खत लिच्छविपुत्रले दिव्य रूप मात्र देखेको परन्तु दिव्य शब्द नसुनेको भनी हल्ला गरी बसेकोलाई सङ्केत गरी के उनले दिव्य शब्द भइकन पनि नसुनेको हो कि, नभएर नसुनेको भनी ओट्ठद्ध लिच्छविले गरेको प्रश्नको उत्तरमा भगवान् बुद्धले सुनक्खत लिच्छविपुत्रले दिव्य शब्द भएर पनि नसुनेको हो, नभएर नसुनेको होइन भनी भन्नुभयो । सुनक्खतले यस्तो अभ्यासमा लागेको भए अवश्य दिव्य शब्द श्रवण गर्न सक्ने थियो । मुख्य कुरा भगवान् बुद्धकहाँ दिव्य रूप हेर्न अथवा शब्द सुन्नलाई प्रव्रजित जीवन अपनाउने होइन । योभन्दा पनि उत्तरोत्तर र प्रणीततर धर्म साक्षात्कार गर्नका निम्ति भिक्षुहरू उहाँकहाँ ब्रह्मचर्य पालन गर्दछन् । त्यसपछि उनीहरूले स्रोतापन्न, सकृदागामी, अनागामी र अन्ततः आस्रव क्षय प्रज्ञा विमुक्तिलाई यही जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी लिनुपर्छ । यसरी साक्षात्कार गर्ने मार्ग भनेको आर्य अष्टाङ्गिकमार्ग हुन् ।

## ७. जालिय-सुत्त

भगवान् बुद्ध कौशाम्बीस्थित घोषितारामा बस्नुभएको बेला दारुपतिकका शिष्य माण्डिय र जालिय दुई जना प्रव्रजित परिव्राजकहरू भगवान् बुद्धसमक्ष आई प्रश्न गरे – "आवुसो गौतम ! उही जीव र उही शरीर हो कि अथवा अर्कै जीव र अर्कै शरीर हो ?"

भगवान् बुद्धले यो प्रश्न अज्ञान अन्धकारमा परेकाहरूका लागि मात्र अनुत्तरित हुन सक्ने परन्तु जो अरहन्त भइसक्यो, उसका निम्ति उही जीव र उही शरीर हो अथवा अर्कै जीव र अर्कै शरीर भन्ने दृष्टिबाट छुट्टिईसकेको हुन्छ भनी भन्नुभयो ।

## ८. महासीहनाद-सुत्त

एकपल्ट भगवान् बुद्ध उरुञ्ञ (नगर) को नजीक कण्णकत्थल भन्ने मृगदायमा बस्नुभएको थियो । अचेल कश्यपले भगवान् बुद्धसित तपाई सबै तपको निन्दा गर्नुहुन्छ, हेला गर्नुहुन्छ भन्ने कुरा साँचो हो कि होइन भनी सोध्यो । भगवान् बुद्धले उसको प्रश्नको उत्तरमा कुनै तपस्वी नरकमा, कुनै चाहिं स्वर्गमा उत्पन्न भएको देखेर पनि कसरी सबै तपस्यालाई हेला गर्ने भनी भन्नुभयो । श्रमण गौतम कालवादी, भूतवादी, अर्थवादी, धर्मवादी, विनयवादी हुन् भन्ने कुरा स्वयं आफैले परीक्षण गरेर हेर्न सकिन्छ । यो यही आर्यअष्टाङ्गिक मार्ग हो । जस्तो कि – सम्यक्दृष्टि, सम्यक्सङ्कल्प, सम्यकवाचा, सम्यक्कर्म, सम्यकआजीव, सम्यक्व्यायाम, सम्यक्स्मृति र सम्यक्समाधि ।

Downloaded from http://www.dhamma.digital

अचेल काश्यपको विचार थियो – नाँगो हुनु, मुक्ताचार हुनु, आधा महिनामा एक छाक मात्र खाएर बस्नु, साग खाने हुनु, वनमूल फल खाने वा खसेको फल खाने हुनु, सनको वस्त्र लगाउनु र पाप पखाल्न भनी सन्ध्या समयसम्म दिनको तीन पटक नुहाउनु नै श्रमणत्व र ब्राह्मणत्वका लक्षण हुन् । साथै, कठिन तपस्याका लागि यस्तामा समुचित आदर पनि छ ।

यस्ता साधन बाह्य मात्र हुन् । अलिकति परिश्रम गरेर पनि यस्ता कामको अभ्यास गर्न सकिन्छ । परन्तु यसको आध्यात्मिक महत्व केही पनि छैन । श्रमणत्व र ब्राह्मणत्वको वास्तविक अर्थ चित्त-विशुद्धि गरी वैर तथा द्रोहरहित भई मैत्री भावनाको अभ्यास गर्नुपर्छ । यसरी शील-सम्पदा, चित्त-सम्पदा र प्रज्ञा-सम्पदा नै सबै थोक हुन्, जसको प्राप्तिका लागि आर्य अष्टाङ्गिकमार्ग बाहेक अर्को मार्ग छैन ।

अचेल कश्यपले भगवान्‌समक्ष प्रव्रज्या र उपसम्पदा प्राप्त गरी चाँडै नै अरहन्तहरूमध्ये एक हुनुभयो ।

## ९. पोट्ठपाद-सुत्त

भगवान् बुद्ध श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनमा आराम गरेर बस्नुभएको समयमा पोट्ठपाद परिव्राजक मल्लिकाको आराममा तीन हजार महान् परिव्राजक परिषद्‌कासँग अनेक प्रकारका तिरश्चीन कुरा गर्दै, होहल्ला गर्दै बसेका थिए ।

भगवान् बुद्ध पोट्ठपाद परिव्राजककहाँ आउनु हुँदा पोट्ठपाद परिव्राजकले कसरी अभिसंज्ञाको निरोध हुन्छ भन्ने कुरामा एकपटक नाना तीर्थीय श्रमण ब्राह्मणहरूका बीच भएका जम्मै कुराबारे बिन्ती गरे । जस्तोकि – कसैले यसो भन्यो – 'विना हेतु, विना प्रत्यय पुरुषको संज्ञा (चित्त) उत्पन्न पनि हुन्छ र निरुद्ध पनि हुन्छ ।' त्यहाँ अर्कोले यसो भने – 'संज्ञा नै पुरुषको आत्मा हो । 'अरूहरूले यसो भने – 'यी सबै महाऋद्धिवानहरूको खेल हो ।' पोट्ठपादले भगवान् बुद्धसँग पनि यस सम्बन्धमा प्रश्न गरे ।

यस्ता मतहरू अन्धविश्वास मात्र हुन् भन्दै भगवान् बुद्धले यस्तो साधनबारे बताउनुभयो, जुन साधनमा अभ्यास गर्दा निरोध समापत्ति भने यौगीक अवस्थासम्म प्राप्त गर्न सकिन्छ । त्यसबेला योगीलाई यस्तो लाग्छ – 'चिन्तन गर्नु मेरा लागि नजाती हो, चिन्तन नगर्नु मेरा लागि जाती हो ।' त्यसैले यसले चिन्तन पनि गर्दैन, अभिसंस्करण पनि गर्दैन । यसले अनन्तोगत्वा निरोध समापत्ति ध्यान प्राप्त गर्छ ।

पोट्ठपादले यो प्रसङ्ग छाडी अब्याकृत प्रश्नको कुरा उठायो । लोक नित्य हो अथवा अनित्य अथवा अन्तवान् हो वा अनन्तवान् ? जीव र शरीर एउटै हो कि भिन्नै ? मृत्युपछि तथागत (=प्राणी) हुन्छ वा हुन्न आदि आदि । भगवान् बुद्धले यस्ता कुरा न अर्थ उपयोगी छ न धर्म उपयोगी छ, न आदिब्रह्मचर्यका लागि उपयुक्त छ, न निर्वेदका निमित्त छ, न विरागका निमित्त छ, न निरोधका लागि छ, न उपशान्तका निमित्त छ, न अभिज्ञाका निमित्त छ, न सम्बोधिका लागि छ र न यसले निर्वाणमा पुऱ्याउँछ । त्यसैले नबताएको भन्नुभयो । भगवान् बुद्धले 'यो दुःख हो' यो दुःखसमुदय हो, यो दुःख निरोध हो र यो दुःखनिरोधको मार्ग हो भन्ने कुरा उहाँले बताउनुभएको हो भनी भन्नुभयो ।

केही दिनपछि चित्त हत्थिसारिपुत्र र पोट्ठपाद परिव्राजक भगवान् बुद्धकहाँ आइपुगे । भगवान् बुद्धले उनीहरूलाई धर्मका कुरा बताउँदा एकांशिक र अनेकांशिक दुवै विधिले बताउने गरेको कुरोको उल्लेख गर्नुभयो ।

Downloaded from http://www.dhamma.digital

मरणपछि आत्मा अरोगी, एकान्तसुखी हुन्छ भन्ने सिद्धान्तलाई निरर्थक भन्नु हुन्दै भगवान् बुद्धले यस्तो मतको सिद्धान्तलाई न त कसैले अनुभव गरेको छ न त यो प्रमाणसहित छ भनी भन्नुभयो । यस्तो मतको तुलना कहिल्यै नदेखेकी जनपदकल्याणी भन्ने सुन्दरीलाई प्रेम गरी बस्ने मान्छेसित अथवा कति अग्लो दरवार भन्ने थाहा नभएको सिकर्मीले बनाएको भऱ्याङको उपमासित तुलना गरी प्रमाण प्रस्तुत गर्नुभयो ।

शरीरग्रहण तीन प्रकारको छ – (१) स्थूल शरीरग्रहण, (२) मनोमय शरीरग्रहण र (३) अरूपी (अभौतिक) शरीरग्रहण । यस्ता ग्रहणबाट छुटकारा पाउनु नै परम उद्देश्य हो ।

चित्त हत्थिसारिपुत्रले शरीर परिग्रह एउटा शरीरबाट अर्को शरीरमा जाँदा त्यसको तादात्म्यबारे प्रश्न गऱ्यो । भगवान् बुद्धले दूधको उपमा दिनु हुँदै भन्नुभयो – गाईबाट दूध, दूधबाट दही, दहीबाट नौनी, नौनीबाट छुर्पी, छुर्पीबाट सप्पीमण्ड बन्छ । दूध रहेसम्म त्यसलाई दही भन्दैनन् । त्यसरी नै, सार्वभौतिक अनित्यताको सिद्धान्त पनि छ । यस्तो तादात्म्य व्यवहार पक्षमा मात्रै लागू हुन्छ, परमार्थमा हुँदैन ।

चित्त हत्थिसारिपुत्रले भगवान् बुद्धसमक्ष प्रव्रज्या र उपसम्पदा पाए । धर्ममार्गमा गएर चित्त हत्थिसारिपुत्र चाँडै नै अरहन्तहरूमध्ये एक भए ।

## १०. सुभ-सुत्त

भगवान् बुद्ध महापरिनिर्वाण हुनुभएको केही दिन पछि आयुष्मान् आनन्द श्रावस्तीस्थित जेतवन विहारमा बस्नुभएको थियो । त्यसबेला शुभमाणव तोदेय्यपुत्र कुनै कामविशेषले श्रावस्ती नगरमा बसेका थिए ।

शुभ माणवले आयुष्मान् आनन्दलाई आफ्नो घरमा आउन निमन्त्रणा पठाइदिए । आयुष्मान् आनन्दले समय अनुकूल भएमा भोलिपल्ट आउने कुरा स्वीकार गरे ।

भोलिपल्ट चेति देशका एक जना भिक्षुलाई साथ लिई आयुष्मान् आनन्द शुभको निवासस्थानमा जानुभयो । शुभमाणवले प्रश्न गरे – "भो आनन्द ! दीर्घकालसम्म तपाईं आनन्द भगवान् बुद्धका सेवक हुनुहुन्थ्यो । भगवान् गौतमका साथ बस्नुभएको थियो । तपाईंलाई थाहा हुनुपर्छ कि भगवान् गौतम कुनचाहिं धर्मका वर्णवादी हुनुहुन्थ्यो, कुनचाहिं धर्म जनतालाई ग्रहण गर्न लगाउनु हुन्थ्यो र कुनचाहिं धर्ममा जनतालाई राख्नु हुन्थ्यो वा प्रतिष्ठित गराउनु हुन्थ्यो ?"

आयुष्मान् आनन्दले शुभ माणवलाई भगवान् बुद्धले प्रतिपादित गर्नुभएको तीन स्कन्ध – आर्यशीलस्कन्ध, आर्यसमाधिस्कन्ध र आर्यप्रज्ञास्कन्धका बारे विस्तृत विवरण दिनुभयो । यिनै तीन धर्मको स्कन्धमा भगवान् गौतम वर्णवादी हुनुभएको र यिनैमा जनतालाई प्रतिष्ठित गराउनुभएको कुरा पनि बताए ।

त्यसपछि आयुष्मान् आनन्दले यी तीन स्कन्धबारे पूर्ण व्याख्या गरी बनाउनुभयो – तथागतद्वारा उपदिष्ट धर्म सुनेपछि तथागतप्रति श्रद्धा उत्पन्न हुन्छ । श्रद्धा प्रतिलाभ गरेपछि उसले मनमा यस्तो विचार गर्दछ – 'घर-बास बाधापूर्ण छ, प्रव्रजित हुनु खुला' आकाशजस्तो हो । घरमा बसेर शङ्खजस्तै सफा भई परिपूर्ण, परिशुद्ध गरी ब्रह्मचर्यको पालन गर्न सम्भव हुँदैन । पछि सो पुरुष, थोरै वा धेरै भोगसम्पत्ति त्यागी ज्ञातिवन्धुहरूलाई र घरबार समेत छाडी केश दाह्री खौरेर काषायवस्त्र धारण गरी प्रव्रजित हुन्छ । यसरी प्रव्रजित भइसकेपछि प्रातिमोक्षशील युक्त भई आचरण, गोचरसम्पन्न भई, अनुमात्र दोषमा पनि भयदर्शी भई शिक्षापद ग्रहण गरी शरीर र वचनले कुशल कार्यमा सम्पन्न भई शुद्ध जीविका

Downloaded from http://www.dhamma.digital

गरी शील र सदाचारसम्पन्न भई, इन्द्रिय दमन गरी स्मृतिवान् र सन्तुष्ट भई बस्छ ।

उसले वैराग्यको भावनाको विकास गर्दै चित्तको एकाग्रताको अभ्यास गर्दछ । उसले कामच्छन्द, व्यापाद, थीनमिद्ध, उद्धच्च-कुक्कुच्च र विचिकिच्छा – यी पंचनीवरणलाई हटाएर ध्यानका पाँच अङ्गहरू – वितर्क, विचार, प्रीति, सुख र एकाग्रता प्राप्त गर्दछ । अनि उसले सोत्साह समाधिको भावनाको अभ्यास गर्दछ । त्यसपछि ऊ क्रमश: ध्यानको उच्चतर अवस्थाहरू प्राप्त गर्दैजान्छ । जस्तो कि विपश्यना ज्ञान, मनोमय ऋद्धिज्ञान, ऋद्धिविध ज्ञान, दिव्य श्रोत ज्ञान, परचित्त ज्ञान, पूर्वेनिवासानुस्मृति ज्ञान, दिव्य चक्षु ज्ञान र अन्तमा आस्रवक्षय ज्ञान प्राप्त गरी जाति (जन्म) क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने काम गरिसकें अब उप्रान्त यहाँ आउनुपर्ने हेतु छैन', भन्ने ज्ञान उसलाई प्राप्त हुन्छ । ऊ अरहन्तहरू मध्येको एक हुनेछ ।

## ११. केवट्ट-सुत्त

भगवान् बुद्ध नालन्दाको पावारिक आम्रवनमा बस्नुभएको थियो । त्यस बेला त्यहाँ केवट्ट भने एक जना नवयुवक गृहपतिपुत्र भगवान् बुद्धकहाँ आए । केवट्ट गृहपतिले बिन्ती गरे – "भन्ते ! यो नालन्दा समृद्ध, उन्नत र बहुजनाकीर्ण छ जो (नालन्दावासी) भगवान्प्रति अभिप्रसन्न छ । भन्ते ! भगवान्को एउटा भिक्षुलाई नियुक्त गर्नु भए बेस हुनेछ । उनले उत्तरीयमनुष्य धर्म-ऋद्धिप्रातिहार्य देखाउनेछन् । यसबाट यी नालन्दावासी भगवान्प्रति झन् बढी अभिप्रसन्न हुनेछन् ।' भगवान् बुद्धले उनको निवेदन स्वीकार गर्नु भएन; किनभने मानिसहरूले यस्तो ऋद्धिलाई गान्धारी वा मणिका भन्ने नीच विद्या प्रदर्शन गरेको सम्झन सक्छन् । यस्तो दोषबाट जोगिन नै उहाँले ऋद्धिलाई अनुमति नदिनुभएको हो ।

प्रसङ्गवश भगवान् बुद्धले भिक्षुसङ्घमध्येको एउटा भिक्षुको कुरा उल्लेख गर्नुभयो जसले यी चार महाभूतहरू – पृथ्वी, आप्, तेज, वायु – कहाँ निश्शेषरूपले निरुद्ध हुँदो रहेछ भनी खोजी गर्दै आफ्नो ऋद्धिबलको प्रयोग गरेर देवलोकबाट उत्तरोत्तर देवलोकहरूमा घुम्दै महाब्रह्माकहाँ समेत सोध्न गएका थिए । कहीं पनि कसैबाट यसको सन्तोषजनक उत्तर नपाएपछि अन्तमा महाब्रह्माको सल्लाहानुसार, सो भिक्षु आफ्नो प्रश्नको समाधानका लागि भगवान् बुद्धकहाँ उपस्थित भए ।

भगवान् बुद्धले उक्त प्रश्नको समाधानका लागि सो भिक्षुले गरिरहेको प्रयासको भर्त्सना गर्नु भयो । प्रश्न यी चार महाभूतकहाँ नि:शेष रूपले निरुध्द हुन्छ भन्ने होइन । आप्, पृथ्वी, तेज र वायु कहाँ हुँदैन ? कहाँ दीर्घ र ह्रस्व, सूक्ष्म र स्थूल अनि शुभ र अशुभ कहाँ हुँदैन, जहाँ नाम र रूप नि:शेष रूपले निरुद्ध हुन्छ भनी सोध्नुपर्छ भनी भन्नुभयो । विज्ञानको निरुद्ध भएपछि त्यहीं सबै निरुद्ध हुन्छन् भन्ने कुरा बुझ्नुपर्छ ।

## १२. लोहिच्च-सुत्त

कोशल देशमा चारिका गर्दै भगवान् बुद्ध पाँचसय महाभिक्षुसहितको शालवाटिकामा आइपुग्नु भयो । त्यसबेला लोहिच्च भन्ने ब्राह्मण प्रसेनजित राजाले दिइएको भूमि र सम्पत्तिको उपभोग गरी बसेका थिए । लोहिच्च ब्राह्मणमा यस्तो भ्रान्त धारणा उत्पन्न भएको थियो – यहाँ श्रमण वा ब्राह्मणद्वारा कुशल धर्मको अधिगमन गरियोस् । (तर) कुशल धर्मको अधिगमन गरी अरूलाई सो नबताइयोस् किन कि एउटाले अर्कालाई के गर्न सक्ला र ! यो त पुरानो बन्धनलाई चुँडाली अर्को बन्धन लाग्ने जस्तै हो । अत: यसलाई म खराब लोभ-धर्म हो भनी भन्दछु, किनकि एउटाले अर्कोलाई के गर्न सक्ला र !

Downloaded from http://www.dhamma.digital

एकदिन भोजको लागि ब्राह्मणले भिक्षुसङ्घसहित भगवान् बुद्धको शुभागमनका लागि निमन्त्रणा दिन रोसिकालाई पठाए। भगवान् बुद्धले निमन्त्रणा स्वीकार गर्नुभएको थाहा भयो। भोलिपल्ट समयको सूचना दिन गएका रोसिकाले आफ्नो लोहिच्च ब्राह्मणमा भएको खराब धारणा सम्बन्धी कुरा भगवान् बुद्धलाई अवगत गरायो। साथै, यस्तो धारणाबाट आफ्नो मालिकलाई मुक्त गरिदिन उसले प्रार्थना गऱ्यो।

लोहिच्च ब्राह्मणले आफ्नो निवासस्थानमा बडो सत्कारपूर्वक स्वागत गरी आफ्नै हातले भगवान् बुद्धसहित भिक्षुसङ्घलाई प्रणीत खाद्य-भोज्य समर्पित गरे। अनि भोजन सिद्धिएपछि लोहिच्च ब्राह्मण होचो आसनमा एउटा छेउमा बसे। भगवान् बुद्धले आफूले सुने अनुसार उनमा खराब धारणा भएको साँचो हो वा होइन भनी सोध्नुभयो। उहाँले अनेक उपमा दिई आफू मात्र खाऊँ, आफूमा मात्र सत्य सीमित रहोस् भन्नेहरूले अन्य व्यक्तिहरूलाई बस्तु बाँडेर नदिने कुराको आलोचना गर्नुभयो। भगवान् बुद्धले यस्तो पनि आचार्यहरूको उल्लेख गर्नुभयो, जसले सत्यको साक्षात्कार नगरी उपदेश दिन्छन्। उहाँले यस्ता मानिस प्रति अनास्था प्रकट गर्नुभयो। साथै, यस्ताबाट दिइने उपदेशद्वारा कुनै प्रभाव नपर्ने कुरामा पनि प्रकाश पार्नुभयो।

लोहिच्चको शङ्का निवारण भयो। त्यसपछि उनले बुद्ध, धर्म र सङ्घको शरणमा गई उपासकत्व स्वीकार गरे।

## १३. तेविज्ज-सुत्त

भगवान् बुद्ध पाँचसय भिक्षुहरूका साथ कोशल राज्यमा चारिका गर्दै मनसाकट भन्ने कोशल ब्राह्मणहरूका गाउँमा पुग्नुभयो। मनसाकट गाउँ चङ्की, तारुक्ष, पुष्करसाति, जानुश्रोणी, तोदेय्य तथा अन्य प्रशिद्ध ब्राह्मणहरूको निवासस्थान थियो।

एकदिन वासेट्ठ र भारद्वाज भन्ने दुई ब्राह्मण युवकहरूका बीच ब्रह्मलोक प्राप्त गर्ने मार्गसम्बन्धी विवादस्पद प्रश्नमा गम्भीर विवाद उत्पन्न भयो। एउटाले अर्कोलाई यो कुरा सम्झाउन बुझाउन सकेन। अन्तमा भगवान् बुद्धसँग सोधेर यस विषयमा टुङ्गो लगाउने कुरामा दुवै थरीको सहमति भयो।

मार्ग अनेक भएपनि गन्तव्य स्थान पुग्ने लक्ष्य एउटै हो भन्ने ब्राह्मणहरूको विश्वास अनुसार ब्रह्माको सहवासमा पुग्नलाई अद्धरिय ब्राह्मण, तैत्तिरीय ब्राह्मण आदिले नाना थरीका मार्ग सुबुझाए तापनि अन्त्यमा ती सबैले त्यही पुऱ्याउँछन् भन्ने ब्राह्मणहरूको विश्वासमा कहाँसम्म सत्यता छ भनी भगवान् बुद्धले प्रश्न गर्नुभयो। ब्रह्माको सहवासमा पुग्ने मार्ग यो हो भनी प्रतिपादन गर्नेहरूमध्ये न त त्रैविद्य ब्राह्मणहरूले ब्रह्मालाई देखे, न त कुनै आचार्य वा प्राचार्यले देखे, न ती त्रैविद्य ब्राह्मणहरूमध्ये सात पुस्ता अधिसम्मका आचार्य महायुगलहरूले नै देखे, न त अष्टक, वामक आदि पूर्वज ऋषि मन्त्रकर्ताहरूले – 'हामी यो जान्दछौं, हामीले यो देखेका छौं – कहाँ ब्रह्मा छन्, कसकहाँ ब्रह्मा छन् र कुन ठाउँमा ब्रह्मा रहेका छन् भनी भन्न सकेका छन्। त्यसकारण उनीहरूमा ब्रह्माकहाँ पुग्ने मार्ग यही हो भनी उपदेश दिन सक्ने योग्यता छैन। फेरि यस सम्बन्धी उपदेश दिए पनि सो प्रमाणरहित हुन आउँछ। भगवान् बुद्धले यस्ता उपदेशकहरूको तुलना अन्धवेणु परम्पराका अन्धाहरूको उपमा दिनु हुँदै अन्धवेणु परम्पराका मानिसहरूमध्येबाट न अघिल्लोले देख्छ, न माझकोले देख्छ, न पछिल्लोले देख्छ। त्यस्तै, त्रैविद्य ब्राह्मणहरूको भनाइमा पनि सत्यता नभएको कुरा सुनाउनुभयो। यस्ता व्यक्तिको तुलना आफूले देख्दै नदेखेको एउटी जनपद कल्याणी सुन्दरीलाई प्रेम गरिरहेका प्रेमीको प्रेमझैं वास्तविकतामा कहिल्यै परिणत हुन नसक्ने झैं अथवा कहाँका लागि भऱ्याङ् बनाई रहेको भन्ने कुरा थाहा नभएको सिकर्मीको कुरा झैं अथवा अचिरवती नदी पारि तरेर जानुपर्ने कुनै मानिस सोही नदीको किनारामा बसी

Downloaded from http://www.dhamma.digital

त्यहीं वारिबाटै तीरलाई – 'हे पारि-तीर, हे पारि-तीर, यता आऊ' भन्दै आह्वान गर्दैमा पारि-तीर वारिमा आउने सम्भव छैन । इन्द्र, सोम, वरुण, ईशान प्रजापति, ब्रह्मा महेन्द्र, यमको प्रार्थना गर्दैमा गन्तव्य स्थानमा पुग्न नसकिने कुराको उल्लेख गर्नुभयो । आवरण, नीवरण, बन्धन समान पञ्चनीवरणले ढाकिएका बाँधिएका यी त्रैविद्य ब्राह्मणहरू ब्राह्मणकारक धर्मको त्याग गरी अब्राह्मणकारक धर्मलाई ग्रहण गरुन्जेल मृत्युपछि ब्रह्माको सहवासमा पुगिन्छ भन्ने कुरा सम्भव छैन भनी उहाँले बताउनुभयो ।

मनसाकट भन्ने ठाउँमा जन्म भएको कुनै व्यक्तिसित मनसाकट जाने बाटोबारे सोधेमा बिना झन्झट वा कठिनाइ सजिलैसित उसले बताउन सके झैं तथागतलाई ब्रह्मलोक जाने मार्ग देखाउन कुनै कठिनाइ नभएको कुरा बताउँदै उहाँले अन्तमा उनीहरूलाई चतुर्ब्रह्म विहारको उपदेश दिनुभयो ।

## (ख) महावर्ग

### १. महापदान-सुत्त

यो सूत्रको उपदेश भिक्षुहरूले बुद्धका पूर्वजन्मसम्बन्धी ज्ञानको विषयमा चर्चा भइरहेको बेला श्रावस्तीमा पुग्नु भई भगवान् बुद्धले बताउनुभएको हो । उहाँले सात पूर्व बुद्धहरूका नाम, कुल जन्मस्थान, बोधिवृक्ष, अग्रश्रावक तथा उपस्थाक सम्बन्धी दिनुभएको उपदेश यसमा रहेको छ ।

भगवान् बुद्धले पूर्वबुद्ध विपस्सीको जन्मदेखि महापरिनिर्वाणसम्मको सम्पूर्ण जीवनी बताउनु हुँदै सबै बुद्धहरूका समानता अर्थात् धम्मताबारे उपदेश दिनुभयो । उहाँले सङ्घमा अनुशासन कायम गरी त्यसलाई चिरस्थायी राख्न प्रातिमोक्ष र तत्सम्बन्धी अन्य नियमको देशना गर्नुभएको कुराको पनि बुद्धले उल्लेख गर्नुभयो ।

### २. महानिदान-सुत्त

यो सूत्रमा प्रतीत्यसमुत्पादबारे विस्तृत विवरण पाइन्छ । यो सूत्रको आरम्भमा "आश्चर्य छ, भन्ते ! अद्‌भुत छ, भन्ते ! ! कतिको गम्भीर र गम्भीर प्रतीत हुन्छ यो प्रतीत्यसमुत्पाद, तर मलाई यो स्पष्ट दृष्टिगोचर छ ।" भगवान् बुद्धले आयुष्मान् आनन्दलाई सम्झाउदै यो प्रतीत्यसमुत्पाद वास्तवमा गम्भीर छ, अझ गम्भीर प्रतीत मात्र नभई चार कारणले गम्भीर र गम्भीर आभासपूर्ण छ भन्नुभयो । यो (१) अर्थमा गम्भीर, (२) सिद्धान्तमा गम्भीर, (३) उपदेशमा गम्भीर र (४) प्रतिपादनमा निकै गम्भीर भएको कुरा भन्नु हुँदै यस धर्मको ज्ञान नभएर नै गाँठो परेको डोरी झैं जनता अल्झी-अल्झी बसेर संसारबाट तरेर जान नसकेको कुरा बताउनु भयो ।

जरा र मरण जाति (जन्म) को कारणले, जाति भवको कारणले, भव उपादानको कारणले, उपादान तृष्णाको कारणले, तृष्णा वेदनाको कारणले, वेदना स्पर्शको कारणले, स्पर्श नामरूपको कारणले र नामरूप विज्ञानको कारणले हुन्छ ।

भगवान् बुद्धले प्रतीत्यसमुत्पादको व्याख्या गर्नुहुँदै नित्य आत्माको स्थितिको सम्बन्धमा प्रचलित विभिन्न मतको खण्डन गर्नुभयो । साथै, यस्ता गम्भीर प्रतीत्यसमुत्पाद सिद्धान्त नजानेको कारणले गर्दा नै मानिसहरू आत्माको चक्रमा अल्झिरहेको कुरा बताउनुभयो ।

Downloaded from http://www.dhamma.digital

# ३. महापरिनिब्बान–सुत्त

भगवान् बुद्ध राजगृहस्थित गृधकूटपर्वतमा राज हुनुभएको बेला मगधराज अजातशत्रुले आफ्ना मन्त्री वर्षकारलाई वृज्जीमा आक्रमण गर्ने विचारले भगवान् बुद्धछेउ पठाएका थिए । भगवान् बुद्धले आयुष्मान् आनन्दलाई वृज्जीहरूसँग भएको सात अपरिहाणीय धर्मका कुरा बताउनुभयो । त्यसपछि भिक्षुहरूमा हुनुपर्ने सात-सात गरी पाँच थरीका अपरिहाणीय धर्म र एक थरी छ अपरिहाणीय धर्मबारे बताउनुभयो, जसले गर्दा भिक्षुहरूको अभिवृद्धि हुन्छ, परिहानि हुँदैन ।

भगवान् बुद्ध राजगृहबाट अम्बलट्ठिकातर्फ जानुभयो । त्यहाँ पनि राजगृहमा जस्तै उहाँले शील, समाधि र प्रज्ञाको फल र गुण बताउनु हुँदै प्रज्ञाद्वारा प्रभावित भएको चित्त राम्ररी आस्रवद्वारा मुक्त हुने कुरा बताउनुभयो । त्यसपछि भगवान् बुद्ध नालन्दास्थित पावारिक आम्रवनमा जानुभयो । त्यहाँ आयुष्मान् सारिपुत्रले भगवान् बुद्धका सम्मुख बसी सम्बोधिका सम्बन्धमा भगवान्‌भन्दा बढी ज्ञान हुने कुनै श्रमण वा ब्राह्मण छैन भनी सिंहनाद गर्नुभयो । उनले धर्मन्वय ज्ञानको आधारमा नै यसरी घोषणा गरेको कुरा बुद्ध समक्ष बिन्ती गरे ।

उहाँ नालन्दाबाट पाटलिग्राम जानुभयो । त्यहाँ उहाँले उपासक र उपासिकाहरूलाई दुःशील हुनेको पाँच दोष र सुशील हुनेको पाँच गुणसम्बन्धी कुरा बताउनु भयो । त्यस बेला मगधका मन्त्रीहरू – सुनीध र वर्षकारहरूले वृज्जीहरूलाई रोक्नका लागि पाटलीग्राममा नगर बसाउँदै थिए । उनीहरूले बुद्ध प्रमुख भिक्षुसङ्घलाई प्रणीत भोजन गराए । भोजनबाट निवृत्त भएपछि सुनीध र वर्षकार बुद्धका पछि-पछि लागे । उनीहरूले भगवान् जुन द्वारबाट प्रस्थान हुनुभयो, त्यसलाई 'गौतमद्वार' भने । फेरि जुन घाटबाट गङ्गा नदी तरेर जानुभयो, त्यस घाटको नाउँ 'गौतमतीर्थ' नामकरण गरे ।

कोटिग्राममा रहनुभएको बेला उहाँले चार आर्यसत्य बोध नभएको कारण संसारमा चक्कर लगाइरहनु परेको कारण बताउनु हुँदै चार आर्यसत्यको अवबोध भएपछि सांसारिक बन्धनबाट मुक्त हुने कुरा बताउनुभयो ।

त्यसपछि उहाँ कोटिग्रामबाट नादिका जानुभयो । त्यहाँ उहाँले मृतक भिक्षु, भिक्षुणी, उपासक उपासिकाहरूको गतिसम्बन्धी चर्चा गर्नुभयो । साथै, उहाँले त्यहाँ धर्म-आदर्श र धर्म-पर्याय नामकको उपदेश दिनुभयो । सो अनुसार जोसुकैले आफ्नाबारे "मेरो नरक छैन, पशुयोनि छैन, प्रेतयोनि छैन, अपाय दुर्गति छैन, अब म सम्बोधि परायण भएँ" भनी घोषणा गर्न सक्ने कुरा बताउनुभयो ।

उहाँ नादिकाबाट वैशालीतर्फ जानुभयो । त्यहाँ उहाँले भिक्षुहरूलाई स्मृति सम्प्रजन्य भई बस्ने आदेश दिनुभयो । अम्बपाली गणिकाले भगवान् बुद्धका प्रमुख भिक्षुहरूलाई भोजन दिइन् । वैशालीका राजकुमारहरूले अम्बपालीको भोजनका निम्ति लाख रुपियाँ दिएर किन्ने प्रस्ताव राखेका थिए । अम्बपालीले एक लाखको के कुरा, वैशाली जनपद दिए पनि भोजन छाड्न तयार नभएको कुरा बताइन् । अम्बपालीले आफ्नो आम्रवन बुद्ध प्रमुख भिक्षुसङ्घलाई दान दिइन् ।

वेलुवग्राममा अन्तिम वर्षावास बस्नुभयो । त्यहाँ उहाँले धर्ममा कुनै आचार्यमुष्टि नभएको कुरा आज्ञा हुनुभयो । धर्ममा स्वावलम्बी बन्न उपदेश दिनुभयो ।

भोजनोपरांन्त चापाल चैत्यमा दिवा विहारको निम्ति जानुभयो । त्यहाँ वैशाली रमणीय भएको कुरा उल्लेख गर्नुहुँदै चार ऋद्धिपादको भावना गरी सकेका तथागतले यदि इच्छा मात्र गरे कल्पभर सम्म जीउनु सक्ने कुरा आनन्दलाई सुनाउनुभयो । परन्तु आयुष्मान् आनन्दले त्यसबेला उहाँलाई कल्पभर रहनुको निम्ति प्रार्थना गर्नु भएन ।

Downloaded from http://www.dhamma.digital

त्यहीं नै उहाँले तीनमहिनापछि तथागत परिनिर्वाण हुने कुरा आनन्दलाई आज्ञा हुनुभयो ।

वैशालीका बसेका भिक्षुहरूलाई महावनस्थित कूटागारशालामा सप्ततिंश बोधिपाक्षिक धर्मको देशना गर्नुभयो । वैशालीलाई अन्तिमबार दर्शन गरी भण्डग्राम जानुभयो । त्यहाँ उहाँले शील, समाधि, प्रज्ञा र विमुक्तिलाई अवबोध गर्न नसकेको कारणले संसार घुमीरहनु परेको कारण बताउनुभयो । यी चार धर्मको अवबोध भएपछि संसारको बन्धनबाट मुक्त भएको कुरा आज्ञा हुनुभयो ।

भण्डग्राम चारिका गर्नु हुँदै भोगनगरस्थित आनन्द चेतियमा बस्नुभयो । त्यहाँ उहाँले चार महाप्रदेशको उपदेश दिनुभयो । शास्ता बित्नु भएपछि कुन धर्म हो कुन विनय हो भन्ने कुरामा सत्य असत्य छुट्याउने कसौटीको रूपमा यो उपदेश दिनुभयो ।

भोगनगरबाट पावा जानुभयो । त्यहाँ चुन्द कम्मारपुत्रको अन्तिम भोजन स्वीकार गर्नुभयो । चुन्दले प्रणीत खाद्य भोज्यको साथै सूकरमद्दव खाना पनि तयार गरी उहाँलाई भोजन गराए । सूकरमद्दव भोजन पश्चात् उहाँलाई मरणान्तिक वेदना भयो ।

पावाबाट कुसीनारा जानुभयो । भगवान् बुद्धले बाटोको बीच एउटा रुखको मुनि आराम लिनु भयो । आनन्दलाई ककत्था नदीमा पानी लिन पठाउनुभयो । आनन्दलाई आश्चर्यको सीमा रहेन जब भर्खरै मात्र पाँचसय गाडाको चक्काले कुल्चेर धमिलो र फोहर भएको पानी उहाँ त्यहाँ पुग्ने बितिकै स्वच्छ, पवित्र तथा निर्मल भई बग्न थाल्यो ।

पुक्कुस मल्लपुत्र भगवान् बुद्धलाई अभिवादन गरी एक छेउ बसे । पुक्कुस मल्लपुत्रले उहाँप्रति अति नै श्रद्धा प्रकट गरी सुवर्णवर्णी एकजोर असल दुशाला अर्पण गरे । पुक्कुस मल्लपुत्र जानाबितिकै भगवान् बुद्धको शरीर खरानी नभएको आगो झैं तेजिलो देखिन थाल्यो । भगवान् बुद्धले दुई अवस्थामा तथागतको शरीर अति परिशुद्ध हुने, छवि वर्ण पनि परिशुद्ध हुने कुरा बताउनुभयो । पहिलो अवस्था हुन् बुद्धत्व प्राप्त गरेको दिन र पछिल्लो अवस्था हुन् तथागत अनुपादिशेष निर्वाण धातुबाट परिनिर्वाण हुने दिन ।

ककत्था नदीमा नुहाई पानी पिइ भगवान् बुद्ध नदीपार गरी आम्रवन जानुभयो । त्यहाँ चुन्द कम्मारपुत्रको अन्तिम भोजनको महत्वमाथि प्रकाश पार्नुभयो ।

त्यसपछि हिरण्यवती नदी पारी जानु भई शालवन जानुभयो । त्यहाँ यमकशाल वृक्ष अर्थात् दुईवटा शाल रुखको बीचमा उत्तर तर्फ सिरान राखी दाहिनेतिरबाट सिंहशय्या गरी दाँया खुट्टा माथि बाँया खुट्टा राखि स्मृति सम्प्रजन्य भई लेट्नुभयो ।

त्यसबेला ती दुवै शालवृक्ष असमयमै धेरै फुलहरू फुलीरहेका थिए । ती फुलहरू मानौं तथागतको शरीरमाथि पूजा गरेझैं फुलहरू छरेर रहेका थिए । दिव्य मन्दार पुष्प वर्षा भईरहेका थिए, दिव्य चूर्ण पनि आकाशबाट वर्षा भई रहेका थिए, दिव्य वाद्य बज्न थाल्यो, दिव्य संगीत गुञ्जयमान हुन थाल्यो । भगवान् बुद्धले यस्ता सम्मानबाट तथागतलाई वास्तविक रूपमा सत्कृत, गुरुकृत, मानित, पूजित अपचित नभएको कुरा आज्ञा हुँदै जब भिक्षु, भिक्षुणी, उपासक उपासिकाहरू धर्मको मार्गमा आरुढ भई धर्मानुसार आचरण गरी विहार गर्नेछन्, त्यसबेला मात्र तथागतको सत्कृत, गुरुकृत, मानित, पूजित, अपचित हुने बताउनुभयो ।

तथागतको महापरिनिर्वाणपछि श्रद्धालु कुलपुत्रको निम्ति (१) जहाँ बोधिसत्त्व जन्मिनुभयो (लुम्बिनी), (२) जहाँ उहाँले बुद्धत्व प्राप्त गर्नुभयो (बुद्धगया), (३) जहाँ प्रथम धर्मचक्र प्रवर्तन गर्नुभयो

Downloaded from http://www.dhamma.digital

(सारनाथ) र (४) जहाँ तथागत अनुपादिशेष निर्वाणधातुबाट परिनिर्वाण हुनुभयो (कुसीनारा) – यी चारस्थान दर्शनीय, संवेजनीय हुने कुरा आज्ञा हुनुभयो ।

तथागतको शरीरलाई चक्रवर्ती राजाको शरीरझैं दाह संस्कार गर्नुपर्ने कुरा आयुष्मान् आनन्दलाई आज्ञा हुनुभयो । साथै चैत्य बताउनुको निम्ति बुद्धको, प्रत्येक बुद्धको, अरहत् भिक्षुको तथा चक्रवर्ती राजाको अस्तिधातु योग्य भएको कुरा पनि आज्ञा हुनुभयो ।

भगवान् बुद्धको उपस्थापक हुने भिक्षुसित हुनु पर्ने सबै योग्यता गुण भएको कुरा भिक्षुहरूलाई सुनाउनु हुँदै आनन्दले गरेका सेवा प्रति प्रशंसा गर्नुभयो ।

भगवान् बुद्धले आफूले परिनिर्वाण हुने स्थानको महत्व दर्शाउनको निम्ति आफू पहिले चक्रवर्ती महासुदस्सन भएको कुरा आज्ञा हुनुभयो । त्यसबेला कुसीनारा समृद्धि वैभवपूर्ण भएको कुरा आज्ञा हुँदै सबै संस्कार वस्तु भनेको नाश हुने हुन्, कुनै पनि वस्तु नित्य नभएको कुरा आज्ञा हुनभयो ।

सुभद्र परिव्राजकले त्यो रातको अन्तिम प्रहरमा श्रमण गौतम परिनिर्वाण हुँदैछ भनी सुने । उनीले आनन्दकहाँ गई तथागतको दर्शन गर्नको निम्ति इच्छा प्रकट गरे । आनन्दले उनलाई अब तथागतको दर्शन गर्न बेला नभएको कुरा बताए । भगवान् बुद्धले ती दुवैले गरिरहेको कुरा सुनी सुभद्रलाई आफूकहाँ आउन दिनुभयो । भगवान् बुद्धले उनलाई उपदेश दिनुभयो । सुभद्रले भगवान् समक्ष प्रव्रज्या र उपसम्पदा पाए । आयुष्मान् सुभद्र भगवान्का अन्तिम साक्षि श्रावक भए ।

भगवान् बुद्धले आयुष्मान् आनन्दलाई अन्तिम उपदेश सुनाउदै भन्नुभयो – आनन्द ! सायद तिमीहरूलाई यस्तो लाग्न सक्छ – बितेका शास्ताको यो वचन हो, (अब) हाम्रा शास्ता छैनन् । आनन्द ! यस्तो मनमा लिनु हुन्न । आनन्द ! जुन धर्म र विनय देशना गरेको हो, म नभएपछि त्यही धर्म र विनय तिमीहरूको शास्ता हुनेछन् ।

आनन्द ! इच्छा भएमा म नभएपछि सङ्घले स-साना शिक्षापदहरूलाई छाड्न सक्छ । आनन्द ! म नभएपछि छन्द भिक्षुलाई ब्रह्मदण्ड देऊ । त्यसपछि भगवान् बुद्धले सबै उपस्थित भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो – भिक्षु हो ! बुद्ध, धर्म, संघ, मार्ग अथवा प्रतिपदाबारे कुनै एकजना भिक्षुको पनि शंका छ भने सोध । भिक्षु हो ! पछि पच्छुताउनु नपरोस् – 'शास्ता हाम्रा सम्मुख हुनु हुन्थ्यो, हामीले भगवान्को सम्मुख केही पनि सोध्न पाएनौं । यस्तो आज्ञा हुँदा ती भिक्षुहरू मौन भइ रहे ।'

अनि भगवान् बुद्धले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो – हन्त भिक्षु हो ! अब म भन्दछु कि – सबै संस्कारहरू नःश्वर हुन्, अप्रमादपूर्वक सम्पादन गर । तथागतको यो अन्तिम वाक्य हो ।

भगवान् बुद्ध परिनिर्वाण हुन बितिकै भीषण भूकम्प भयो । सहम्पति ब्रह्मा, शक्र देवेन्द्र, आयुष्मान् अनुरुद्ध र आयुष्मान् आनन्दले बुद्ध परिनिर्वाण पश्चात गाथाद्वारा आ-आफ्नो मनको भाव उद्‌गार प्रकट गरे ।

कुसीनाराका मल्लहरूले कुसीनारामा बुद्धको शरीरलाई सातदिनसम्म ठूलो सम्मानसाथ सत्कार पूजा गरे । सात दिनपछि उहाँको शरीरलाई दाहसंस्कारको निम्ति मुकुट बन्धन भने मल्लहरूको चेतिय स्थानमा लगे ।

आयुष्मान् महाकाश्यप पाँचसय भिक्षुहरूका साथ त्यहाँ आइपुग्नुभयो । महाकाश्यपले चीवर एकांश गरी हातजोरी तीनपटक चिता घुमी भगवान्को श्रीचरणमा शिरले ढोग्नुभयो । भगवान्को चिता आपसेआप आगो बल्यो ।

दाहसंस्कारपछि उहाँको अस्थिधातु विभिन्न सात राज्यमा लगेर चैत्य बनाइ सम्मानसाथ पूजा गरे ।

Downloaded from http://www.dhamma.digital

## ४. महासुदस्सन–सुत्त

भगवान् बुद्ध कुसीनारास्थित उपवतन भन्ने मल्लहरूको सालवनमा यमक सालवृक्षको बीच परिनिर्वाण शैय्यामा लेटिरहनुभएको थियो । त्यसबेला आयुष्मान् आनन्दले भगवान्लाई त्यस्तो सानो नगरमा, जंगली प्रदेशमा शाखा नगरमा परिनिर्वाण नहुनुहोस् भनी प्रार्थना गर्दा भगवान् बुद्धले उनलाई त्यस ठाउँको महत्वबारे प्रकाश पार्नु हुँदै कुसीनारा समृद्धि वैभवपूर्ण भएको बताउनुभयो ।

महासुदस्सन राजा सात रत्न र चार ऋद्धि सम्पन्न थिए । सात रत्न भनेको (१) चक्ररत्न, (२) हस्तिरत्न, (३) अश्वरत्न, (४) मणिरत्न, (५) स्त्रीरत्न, (६) गृहपतिरत्न, र (७) परिणायकरत्न हुन् ।

यसरी भगवान् बुद्धले आयुष्मान् आनन्दलाई महासुदस्सन राजाको वैभवादिको कुरा बताउनु हुँदै त्यी सबै संस्कार क्षीण भई सके, निरुद्ध भई सके, विपरीत भई सके । सबै संस्कार अनित्य हुन्, अध्रुव हुन्, विश्वास गर्नु अयोग्य छ । अत: यस्ता संस्कारको इच्छा गर्नु व्यर्थ छ भनी आज्ञा हुँदै आफू स्वयं त्यसबेलाका महासुदस्सन राजा भएको कुरा आज्ञा हुनुभयो ।

## ५. जनवसभ–सुत्त

यो सूत्रको उपदेश पनि भगवान् बुद्धको जीवनको अन्तिम समय तिर भएको हो । भगवान् बुद्ध नादिका गाउँको गिञ्जकावसथ विहारमा बस्नुभएको थियो । त्यसबेला उहाँले काशी, कोशल, वज्जी, मल्ल, चेतीय, वत्स, कुरु, पञ्चाल, मत्स्य र सूरसेनमा बस्ने बुद्ध धर्म सङ्घका उपचारकहरू मृत्युपश्चात् फलाना फलाना ठाउँमा फलाना फलाना उत्पन्न भए । फेरि यस लोकमा आउनु नपर्ने भई त्यहीं नै परिनिर्वाण हुने आदि कुरा बताउनुभयो ।

आयुष्मान् आनन्दले यस्तै नै मगधका परिचारकहरूको परलोकगति सम्बन्धमा पनि बताउनुको निम्ति प्रार्थना गरे ।

भगवान् बुद्ध समाधिमा बसी मगधका परिचारकहरूको गति र अभिसम्पराय हेर्नुभयो । मगधका परिचारकहरूका कस्ता गति कस्ता अभिसम्परायमा पुगे भन्ने सबै कुरा उहाँले जान्नुभयो । त्यसपछि सन्ध्या समयको ध्यानबाट उठ्नु भई गिञ्जकावसथबाट निस्कन भई विहारको छाँयामा बिच्छाई राखेको आसनमा बस्नुभयो । उहाँले आयुष्मान् आनन्दलाई एक एक गरी सबैको बारे बताउनुभयो । मगधका राजा बिम्बिसार मरेपछि वैस्सवण महाराजकहाँ जनवसभ यक्षको रूपमा उत्पन्न भई भगवान् बुद्धको समक्ष प्रकट भएको तथा जनवसभ यक्ष आफू स्रोतापन्न भईसकेको तथा आफू सकृदागामी हुन चाहेको कुरा आफुलाई सुनाएको कुरादेखि लिएर त्यो यक्षले त्रयस्त्रिंश देवलोकमा ब्रह्मा सनत्कुमार प्रकट भएको तथा त्यहाँ तथागत एवं धर्मको प्रशंसा भएको कुरा आफूलाई सुनाएको सबै कुरा आनन्दलाई बताउनुभयो ।

आयुष्मान् आनन्दले यी सबै कुरा भगवान् बुद्धको श्रीमुखबाट सुनी भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूलाई सुनाउनुभयो ।

## ६. महागोविन्द–सुत्त

एक समय भगवान् बुद्ध राजगृहस्थित गृध्रकूट पर्वतमा बसिरहनुभएको थियो । पञ्चशिख गन्धर्वपुत्र रात्रिको प्रथमयाम बितिसकेपछि सुन्दर रूप धारण गरी भगवान् बुद्ध समक्ष आई उहाँलाई अभिवादन गरी बिन्ती गरे – भन्ते ! जुन कुरा मैले त्रयस्त्रिंश देवताहरूको सम्मुख सुनेको र ग्रहण गरेको हुँ सो कुरा यस्तो छ –

Downloaded from http://www.dhamma.digital

त्यसबेला शक्रले देवताहरूलाई भगवान् बुद्धको आठवटा यथार्थ गुण सुनाएका थिए । केहि देवताहरूले यस्ता चार बुद्धहरू लोकमा एकसाथ उत्पन्न भए कति हुन्थ्यो भनी इच्छा प्रकट गरे । त्यस्तै नै कतिले तीन बुद्धहरू, कतिले दुई बुद्धहरू लोकमा एकसाथ उत्पन्न भए कति हुन्थ्यो भनी इच्छा प्रकट गरे । शक्रले उनीहरूको कुरा सुनी एक समय एक भन्दा बढी बुद्ध उत्पन्न नहुने कुरा सुनाए ।

त्यसबेला उत्तरदिशातिरबाट एक ठूला आभा आलोकित हुन थाल्यो । शक्रले देवताहरूलाई अब छिट्टै नै त्यहाँ ब्रह्मा प्रकट हुने कुरा बताए । त्रयस्त्रिंश देवताहरू पनि ब्रह्माको प्रतीक्षामा बसे । ब्रह्मा त्यो सभामा उपस्थित भए । ब्रह्मा सनत्कुमारले पनि इन्द्रबाट बुद्ध, धर्म तथा सङ्घको गुण सुन्न चाहे अनुसार उनीलाई पनि सुनाए ।

ब्रह्मा सनत्कुमारले महागोविन्दको कुरा त्यस सभामा बताए ।

ब्रह्मा सनत्कुमारले सुनाएको कुरा पुन: पञ्चसिखले भगवान् बुद्धलाई सुनाए । भगवान् बुद्ध स्वयं आफै त्यसबेला महागोविन्द भएको कुरा उनलाई आज्ञा हुनुभयो ।

## ७. महासमय-सुत्त

भगवान् बुद्ध पाँचसयं अरहत् भिक्षुहरूको विशाल भिक्षुसङ्घको साथ शाक्यहरूको कपिलवस्तुस्थित महावनमा बसिरहनुभएको थियो । त्यस बेला भगवान् बुद्ध र भिक्षुसङ्घको दर्शनको निम्ति दशसहस्र लोकधातुका देवताहरू समागम भइरहेको थियो । सुद्धावासका चार देवपुत्रहरू भगवान् बुद्धको सम्मुख प्रकट भए । यी चार देवपुत्रहरूले आ-आफ्नो एक एक गाथा उद्‌गार व्यक्त गरे ।

भगवान् बुद्धले त्यहाँ उपस्थित भएका नाना थरिका अनेक देवताहरूको नाम भिक्षुहरूलाई सुनाउनुभयो ।

## ८. सक्कपञ्ह-सुत्त

भगवान् बुद्ध मगध देशस्थित राजगृहदेखि पूर्वतिरको अम्बसण्ड भन्ने ब्राह्मण ग्रामदेखि उत्तरमा रहेको वेदियक पर्वतको इन्द्रशाल गुफामा बसिरहनुभएको थियो ।

त्यसबेला शक्रलाई बुद्धको दर्शन गर्ने इच्छा भयो । शक्रले पञ्चसिख गन्धर्वपुत्रलाई लिएर वेदियक पर्वतमा गए । त्यहाँ पञ्चसिख गन्धर्वपुत्रले आफ्नो वेलुवपण्ड भन्ने वीणा बजाई बुद्ध, धर्म, सङ्घ, अरहत् र काम सम्बन्धी गीत गाए ।

जब शक्र देवेन्द्रले भगवान् बुद्ध प्रसन्न भई पञ्चशिख गन्धर्वपुत्रसित कुरा गरी रहनुभएको देखे तब उनी गुफाभित्र पसी भगवान् बुद्धलाई अभिवादन गरी एक छेउ उभे ।

बुद्ध लोकमा उत्पन्न हुँदा असुरहरूको संख्या घट्ने र देवताहरूको संख्या बढ्ने कुरा आफूले पहिले पहिले बुढापाकाहरूबाट सुनी सम्म राख्ने शक्र देवेन्द्रले यो कुरा आफ्नै आँखाअगाडि प्रत्यक्ष देख्न पाएको कुरा भगवान् बुद्धसमक्ष बिन्ती गरे । साथै अगि कपिलवस्तुका एक शाक्य छोरीबेटी मृत्युपछि आफूकहाँ उत्पन्न हुने गोपकपुत्रले गन्धर्व कायमा उत्पन्न हुने तीन भिक्षुहरू मध्ये दुई जनालाई उद्धार गरेको कुरा पनि शक्र देवेन्द्रले भगवान् बुद्धलाई बिन्ती गरे ।

भगवान् बुद्धले प्रश्नोत्तरको माध्यमद्वारा शक्रको मनमा भएका थुप्रै शंकाहरू समाधान गरी दिनुभयो । शक्र देवेन्द्रले भगवान् बुद्धको उत्तर सुनी अत्यन्त सौमनस्य लाभ गरी पुनर्जीवन पाए ।

Downloaded from http://www.dhamma.digital

## ९. महासतिपट्ठान-सुत्त

भगवान् बुद्ध कुरुस्थित कम्मासदम्म भन्ने कुरुहरूको निगममा बसीरहनुभएको थियो । त्यहाँ उपस्थित भिक्षुहरूलाई सम्बोधन गर्दै सत्त्व (प्राणी) हरूको विशुद्ध हुने, शोकपरिदेवबाट उत्तीर्ण हुने, दुःख दौर्मनस्यलाई पूर्णतः अन्त गर्ने ज्ञेय (धर्म)) प्राप्त गर्ने तथा निर्वाण साक्षात्कार गर्ने एक मात्र मार्ग हुन् – (यी नै हुन्) – चार स्मृतिप्रस्थान भनि भन्नुभयो ।

चार स्मृतिप्रस्थान भनेको कायानुपस्सना, वेदनानुपस्सना, चित्तानुपस्सना तथा धम्मानुपस्सना हुन् ।

**कायानुपस्सना** – यहाँ भिक्षु अरण्यमा गएर अथवा रुखमुनी गएर अथवा शून्यागारमा गएर पलेंटी मारी शरीर सिधापारी मुख अगाडी स्मृति (होस) राखी बस्छ । ऊ स्मृति राखी सास लिन्छ र स्मृति राखी सास फेर्छ । यसैलाई 'आनापानसति' भनिन्छ ।

फेरि भिक्षु 'गइरहेको बेला गइ रहेछु' भनी जान्दछु 'उभिइ रहेको बेला उभिइ रहेछु' आदि प्रकारले जस्तो जस्तो उसको शरीर छ त्यस्तै त्यस्तै जानी राख्छ ।

फेरि भिक्षु जाँदा वा आउँदा सचेत भई होस राखेर हिंड्छ । अगाडि, पछाडि, वा यताउता खुम्च्याउँदा वा पसार्दा सचेत भई होस राखेर चलाउँछ । त्यस्तै प्रकारले हिंड्दा, उठ्दा, बस्दा, सुत्दा, बिउँझिंदा, कुरा गर्दा र चूप लागेर बस्दा सचेत भई होस राखेर बस्छ ।

भिक्षु काय (शरीर) मा तल पाइतला देखि माथि केश भएको टाउको सम्म नानाविध मल अशुचि वस्तु भरी भराउ देखेर हेरेर प्रत्यवेक्षण गर्दछ – यो कायमा केश, रौं, नङ, दात, छाला, मासु, नसा, हाड, मासी, मृगौंला, मुटु, कलेजो, क्लोम, फियो, फोक्सो, मोटो आन्द्रा, सानो आन्द्रा, उदर, मल, पित्त, कफ, पीप, रगत, पसिना, बोसो, आँसु, चिल्लोपन तेल, थुक, सिंगान, न्याल र पिसाब छ ।

फेरि भिक्षुले यो कायलाई स्थिति अनुसार यो शरीरको रचनानुसार जस्तो छ त्यस्तै देखेर हेरेर धातुको स्वभाव अनुसार प्रत्यवेक्षण गर्छ । यो शरीरमा पृथ्वीधातु, आपोधातु, तेजधातु, र वायुधातु छ ।

फेरि भिक्षुले मसानमा फालि राखेका मरेर एक दिन भएको, दुई दिन भएको, तीन दिन भएको, फुलेको, निलो भई सकेको, पिप बगीरहेको, सडेको गलेको मृत शरीरलाई हेरेर ध्यान गर्दै यसरी विचार गर्छ – 'मेरो शरीर पनि यस्तो हुने स्वभाव भएको रहेछ, यस्तो अवश्य हुन्छ, यस्तो नभई छोड्दैन ।' यसरी भिक्षु कायमा कायानुपश्यी भई विहार गर्छ ।

**वेदनानुपस्सना** – भिक्षुले सुखवेदना अनुभव गरी रहेको बेला सुखवेदना अनुभव गरी रहेछु भनी जान्दछ । यस्तै प्रकारले दुःखवेदना, अदुःख-असुख वेदना अनुभव गर्दा जस्तो जस्तो अनुभव गरीरहेको छ त्यस्तै त्यस्तै  नै जानी राख्छ । ती स्मृतिमान हुने भिक्षु तृष्णा र दृष्टिबाट अलग भई विहार गरी बसीरहन्छ ।

**चित्तानुपस्सना** – भिक्षुले सराग चित्तलाई सराग चित्त, वितराग चित्तलाई वितराग चित्त भनी जानी राख्छ । जस्तो जस्तो उसको चित्त छ त्यस्तै त्यस्तै रूपमा जानी राख्छ । त्यस्तै विमुक्त चित्तलाई विभुक्त चित्त भनी जानी राख्छ ।

**धम्मानुपस्सना** – भिक्षुले पञ्चनीवरण, पञ्चस्कन्ध, द्वादस आयतन, सात बोध्यङ्ग, चार आर्यसत्य – यी सबै धर्मको स्वरूपलाई जानेर अनुभव गरी राख्छ ।

Downloaded from http://www.dhamma.digital

यी नै चार स्मृतिप्रस्थान हुन् जसलाई साधकले अभ्यास गरेमा यही जन्ममा निश्चित अवधी भित्र अरहत् फल वा उपादान बाँकी भएमा अनागामी फल अवश्य प्राप्त हुनेछ भनी भगवान् बुद्धले तोकेर नै भन्नुभएको छ ।

यस्तै प्रकारको सतिपट्ठान-सुत्त मज्झिमनिकायमा पनि पाइन्छ ।

## ११. पायासिराजञ्ञ-सुत्त

आयुष्मान् कुमार काश्यप कोशल देशमा पाँचशय भिक्षुहरूको भिक्षुमहासङ्घ साथ चारिका गर्दै सेतब्या भन्ने कोशलहरूको नगरमा जानु भयो । त्यसबेला पायासि राजा सेतब्यामा बसीरहेका थिए । ती राजामा यस्ता खराब धारणा उत्पन्न भइरहेको थियो – यो (लोक) पनि छैन, परलोक पनि छैन, सुकृत्य दुष्कृत्य कर्मको फल विपाक छैन ।

पायासि राजाले आयुष्मान् कुमार काश्यपसित भेटी यस सम्बन्धमा आफ्नो मत प्रयोग गरी स्वर्ग र नरक नभएको कुरा बिन्ती गरे । उनले मरणासन्न मित्रहरूलाई मृत्युपछि स्वर्ग वा नरक भए छ, नभए छैन भनी भन्न आउनू भनी भन्दा पनि आजसम्म कसैले उनलाई खबर गर्न नआएको कुरा सुनाए ।

आयुष्मान् कुमार कश्यपले पायासि राजालाई अनेक प्रकारका उपमा दिई यो (लोक) पनि छ, परलोक पनि छ, सुकृत्य दुष्कृत्य कर्म फल पनि भएको कुरा देखाई दिए । अन्ततः पायासि राजाले आफ्नो भूल स्वीकार गरे, साथै उपासकत्व पनि स्वीकार गरे । पायासि राजा मृत्युपछि चातुर्महाराजिक देवहरूको बीचमा उत्पन्न भए ।

# (ग) पाथिक-वर्ग

## १. पाथिक-सुत्त

भगवान् बुद्ध मल्ल देशको अनूपिया भन्ने मल्लहरूको एक निगममा बसीरहनुभएको थियो । एक दिन उहाँ भार्गवगोत्र परिव्राजककहाँ जानुभयो । भार्गवगोत्र परिव्राजकले भगवान् बुद्धलाई छाडेर जाने सुनक्खत लिच्छवी कुमारको उल्लेख गरे । भगवान् बुद्धले उनलाई उत्तरीय मनुष्य धर्म ऋद्धि प्रातिहार्य नदेखाएको कारणले असन्तुष्ट भएको कुरा आज्ञा हुनुभयो । त्यसपछि सुनक्खतले कुक्कुर-व्रातिक अचेल कोरखत्तिय र अचेल कलारमट्टकप्रति श्रद्धा राखेको कुरा देखाएको छ ।

त्यसपछि भगवान् बुद्धले वैशालीको अचेल पाथिकपुत्रको कुरा आज्ञा हुनुभयो । उनले वैशालीको सभामा यस्तो भन्दै हिड्दै गरे – श्रमण गौतम ज्ञानवादी हुन् म पनि ज्ञानवादी हुँ । ज्ञानवादीले ज्ञानवादीसँग उत्तरीय मनुष्य धर्म ऋद्धिप्रातिहार्य देखाउनु योग्य छ । श्रमण गौतमले जति उत्तरीय मनुष्य धर्म ऋद्धिप्रातिहार्य देखाउँछ म त्यसको दोबर ऋद्धिप्रातिहार्य देखाउने छु ।

पाथिकपुत्रको यो चुनौतीको कुरा सुनक्खतले भगवान् बुद्धकहाँ पुऱ्याए । भगवान् बुद्धले पनि यो चुनौतीलाई स्वीकार गर्नु भई आफू स्वयं पाथिकपुत्रको निवासस्थानमा पुग्नुभयो ।

पाथिकपुत्रले पनि भगवान् बुद्ध आफ्नो निवासस्थानमा आउनुभएको तथा त्यहाँ ठूलठूला नामी नामी लिच्छवीहरू, ख्यातिप्राप्त ब्राह्मणहरू, गृहपतिहरू भेला भई सकेको भई सकेको कुरा सुनी भयभीत, सविग्न तथा लोम हर्षित भई तिन्दुकखाणु परिव्राजकराममा बसी रहे । उनलाई भगवान् बुद्धसमक्ष

Downloaded from http://www.dhamma.digital

उपस्थित गराउन अनेक प्रयत्न गरियो परन्तु उनलाई त्यहाँ ल्याउन सकिएन । उनले गर्दा सुनक्खतलाई ठूलो धका लाग्यो । ऋद्धि प्रातिहार्यमा भगवान् बुद्धभन्दा पनि पाथिकपुत्र सकुशल छ भनी सुनक्खतको विश्वास थियो । तैपनि सुनक्खतले भगवान्को धर्म छाडेर गयो ।

## २. उदुम्बरिक–सुत्त

भगवान् बुद्ध राजगृहस्थित गृधकूट पर्वतमा बसिरहनुभएको थियो । त्यस समय निग्रोध परिव्राजक उदुम्बरिकाको परिव्राजकाराममा तीनसय महान परिव्राजकहरूका साथ बसिरहेका थिए । त्यस बेला सन्धान गृहपति निग्रोध परिव्राजकराममा आए । सन्धान गृहपतिले त्यहाँ भगवान् बुद्धको बारे कुरा उठाए । निग्रोधले अपमानपूर्वक भने – जान्दछौ के श्रमण गौतम कोसँग कुरा गर्छन्, कोसँग साकच्छा गर्छन्, कोसँग प्रज्ञाव्यक्तता देखाउँछन् ? शून्यागारमा बस्ने श्रमण गौतमको प्रज्ञा पनि विनाश भइसक्यो । परिषद् विना एक्लै हिड्छ, कुराकानी गर्न असमर्थ छन् (त्यसैले) उनी एकान्त एकान्तमै बस्छन् । यदि श्रमण गौतम यो परिषद्मा आएका भए एकै प्रश्नद्वारा उनलाई नाजवाफ पार्ने थियौं र खाली घैंटोलाई घुमाए झैं घुमाउने थियौं ।

भगवान् बुद्धले सन्धान गृहपति र निग्रोधको बीच भइरहेको कुरा विशुद्ध अलौकिक दिव्य श्रोतधातुद्वारा सुन्नी गृधकूट पर्वतबाट ओर्ली जहाँ सुमागधाको पोखरीको तीरको मोरनिवाप हो त्यहाँ जानुभयो । त्यसपछि उहाँ निग्रोधकहाँ जानुभयो । निग्रोधले भगवान् बुद्धलाई स्वागत गरी बिच्छ्याईराखेको आसनमा बस्नको लागि प्रार्थना गरे । त्यहाँ उहाँले तप साधनाको बारे विस्तृत व्याख्यान गर्नुभयो ।

भगवान् बुद्धले उनलाई शरीरलाई पीडा दिई गरिने तपको निर्थकता र मनः शुद्धि साधनाको सार्थकतामा लाग्नाले आदिब्रह्मचर्यको उद्देश्य पूरा हुने कुरा आज्ञा हुनुभयो । भगवान् बुद्धको उपदेश सुनी निग्रोधले अति नै पश्चाताप गरे । निग्रोधले क्षमा मागे ।

भगवान् बुद्धले उनलाई क्षमादान दिनुभयो । अनि अगाडि भन्नुभयो – निग्रोध ! म त यस्तो भन्दछु – कोही अशठ अछली सोझो स्वभावको विज्ञपुरुष आओस् – म अनुशासन गर्नेछु, म धर्मोपदेश गर्नेछु । उपदेश अनुसारको आचरण गरेमा निश्चय पनि अविलम्ब परमपद प्राप्त हुनेछ । निग्रोध ! सायद तिमीलाई यस्तो लाग्न सक्छ कि – शिष्य बनाउनको निम्ति अथवा तिम्रो उद्देश्यबाट च्युत गराउनको निम्ति श्रमण गौतमले यस्तो भन्दैछ । निग्रोध ! यसरी पनि हेर्नु पर्दैन । निग्रोध ! बरु यहाँ त्यस्ता अकुशल धर्महरू छन् जसलाई नहटाउनाको कारणले गर्दा सक्लेशनीक, पुनर्भविक, पीडादायी, दु:खविपाकी र जन्मजरामरणीय भविष्य हुन्छ – त्यसैलाई हटाउनको निम्ति म धर्मोपदेश गर्नेछु ।

## ३. चक्कवति–सुत्त

भगवान् बुद्ध मगधको मातुलामा बसिरहनुभएको थियो । त्यहाँ भगवान् बुद्धले भिक्षुहरूलाई सम्बोधन गरी भन्नुभयो – भिक्षु हो ! अत्तदीप बनी विहार गर, आफ्नै शरण लेऊ, अर्काको शरण नलेऊ । धर्मद्वीप धर्मशरण भई विहार गर, अर्काको शरण नलेऊ ।

त्यसपछि भगवान् बुद्धले दृढनेमि चक्रवर्ती राजाको वर्णन गर्नुभयो । दृढनेमि चक्रवर्ती राजाले आफ्ना वृद्धावस्थामा आफ्ना जेष्ठपुत्र कुमारलाई राज्यभार सम्हाल्न लगाई आफू प्रव्रजित भए । नयाँ राजाले पनि चक्रवर्ती व्रत पालन गरी चक्रवर्ती परम्परा सुरक्षित गरे । यसरी नै सातपुस्ता सम्म चक्रवर्ती परम्परा सुरक्षित हुँदै गयो । आठौं राजाले चक्रवर्ती व्रत पालन गरेन । आफ्नै बुद्धि अनुसार शासन गरे । जनताको आर्थिक स्थिति बिग्रयो । जसले गर्दा दरिद्रता वृद्धि भयो, दरिद्रता बढेको कारण चोरी काम र हत्या अपराध बढ्यो । यस्तै प्रकारले देशका जनजीवनको सबै पक्षमा अवनति भयो ।

Downloaded from http://www.dhamma.digital

यहिं प्रशंगमा भविष्यमा शंख भन्ने चक्रवर्ती उत्पन्न हुँदा मैत्रेय बुद्ध यस लोकमा उत्पन्न हुने कुराको पनि भविष्यवाणी गर्नुभयो । यसरी यस लोकको पतन र उत्थानको कुरा बताउनु हुँदै धर्ममा स्वाबलम्बी हुनुलाई भिक्षुहरूलाई जोड दिनुभयो ।

## ४. अग्गञ्ञ-सुत्त

भगवान् बुद्ध श्रावस्तीस्थित मृगारमाताको प्रासाद पूर्वाराममा बसीरहनुभएको थियो । त्यस बखत भिक्षु हुनुलाई परीक्षण कालमा अर्थात् परिवासमा बसिरहेका वाशिष्ठ र भारद्वाज दुवै भगवान् बुद्धकहाँ आई उहाँको पछि पछि टहलिन थाले ।

वाशिष्ठले भगवान् बुद्धसमक्ष बिन्ती गरे – "भन्ते ! ब्राह्मणहरू यसो भन्छन् – 'ब्राह्मण मात्र श्रेष्ठ हुन्, अरू वर्ण हीन हुन् । ब्राह्मण मात्र शुक्ल वर्ण हुन् अरू वर्ण कृष्ण हुन् । ब्राह्मण मात्र शुद्ध ब्रह्माको मुखबाट निस्केका औरसपुत्र हुन् – ब्रह्मज, ब्रह्मनिर्मित तथा ब्रह्मदायाद हुन् । तिमीहरू श्रेष्ठ वर्ण छाडी हीन भएका, कृष्ण भएका ब्रह्माको पैतालाबाट निस्केका मुण्डक श्रमणकहाँ गयौ । तिमीहरूको लागि यो राम्रो होइन, उचित होइन । जो कि तिमीहरू श्रेष्ठव छाडी हीनार्थ भएका श्रमणकहाँ गएका छौ ।' भन्ते ! यसरी हामीहरूलाई ब्राह्मणहरू आफ्नो स्वभाव अनुरूप बेस्करी गालि गर्छन्, उपहास पनि गर्छन् । यसमा कुनै कसर बाँकी राखेका छैनन् ।

भगवान् बुद्धले ब्राह्मणहरूको यो सिद्धान्त खण्डन गर्नु हुँदै ब्राह्मणहरू पनि अन्य वर्णका जसतै ब्राह्मणीहरूकै गर्भबाट उत्पन्न भएको कुरा आज्ञा हुनुभयो । मनुष्यको महानता उसको आफ्ना गुणमा हुन्छ । संसारमा मानिसहरू धर्मद्वारा नै सबैभन्दा अग्रगण्य हुन्छ । इहलोक र परलोकको निम्ति धर्म नै श्रेष्ठ हुन् ।

कोशल राजा प्रसेनजितले आफै शाक्यहरूको अधिपति भएर पनि धर्मकै गौरवको कारणद्वारा तथागतलाई गौरवपूर्वक अभिवादन गरेको कुरा भगवान् बुद्धले उल्लेख गर्नुभयो ।

## ५. सम्पसादनीय-सुत्त

भगवान् बुद्ध नालन्दास्थित पावारिक आम्रवनमा बसिरहनुभएको थियो । आयुष्मान् सारिपुत्रले भगवान्लाई यसो भन्नुभयो – "भन्ते ! भगवान् प्रति म यति प्रसन्न छु कि – सम्बोधिको सम्बन्धमा भगवान् जस्तै उत्तरोत्तर ज्ञान गर्ने श्रमण वा ब्राह्मण न थिए न हुनेछ न त अहिले कुनै छ ।" भगवान् बुद्धले आयुष्मान् सारिपुत्रलाई आज्ञा हुनुभयो – आयुष्मान् सारिपुत्र ! तिम्रो यो कुरो बडो नैर्भीक र उदार छ । ठोकेर नै भन्यौ । सिंहनाद गऱ्यौ । सारिपुत्र ! के त भूत, भविष्य र वर्तमानका बुद्धहरूको बारे जान्ने चित्त परिच्छेद ज्ञान तिमीमा नभईकन कसरी तिमीले यसरी निर्भीक भई यस वचनलाई ठोकेर भन्न सक्यौ ।

आयुष्मान् सारिपुत्रले भगवान् बुद्धद्वारा देशित अनुत्तर धर्मदेशनाको विशेषता उल्लेख गर्नुभयो । जस्तो कि अनुत्तर कुशल धर्म (सैंतिस बोधिपक्षिय धर्म), आयतन, गर्भप्रवेश, आदेशनाविधि, दर्शन समापत्ति, पुद्गल प्रज्ञप्ति, प्रधान, प्रतिपदा, वाचसिक आचरण, अनुशासन विधि, परपुद्गल विमुक्ति ज्ञान, शाश्वतवाद, पूर्वेनिवासानुस्मृतिज्ञान, सत्त्वहरूको च्युति र उत्पत्ति ज्ञान तथा ऋद्धि । यसरी यी विषयहरूमा निरवशेषरूपले जान्न सक्ने भगवान्ले यो भन्दा उत्तरोत्तर जान्नु पर्ने अरू केही छैन । उहाँ भन्दा बढ्ता जान्ने अरू कुनै श्रमण वा ब्राह्मण छैन । अन्तमा आयुष्मान् सारिपुत्रले व्यक्त गरेको धारणाप्रति भगवान् बुद्ध सहमति हुनुभयो ।

Downloaded from http://www.dhamma.digital

## ६. पासादिक-सुत्त

भगवान् बुद्ध शाक्य देशस्थित वेधञ्ञ भन्ने शाक्यहरूको आम्रवनको प्रासादमा बसिरहनुभएको थियो। त्यस समय निगण्ठ-नाटपुत्रको भर्खरै मात्र पावामा मृत्यु भएको थियो। उनको मृत्युपछि उनका अनुयायीहरूको फूट भई आपसमा लडाईं झगडा भइरहेको थियो। त्यस बेला चुन्द समणुद्देस पावामा वर्षावास सिध्याई आयुष्मान् आनन्दलाई भेट्न सामगाम आएका थिए। चुन्द समणुद्देसले आयुष्मान् आनन्दलाई निगण्ठ-नाटपुत्रको मृत्युको खबर सुनाए। त्यसपछि दुवैजना भगवान् बुद्धकहाँ गई उहाँलाई सविस्तार यस सम्बन्धी बिन्ती गरे।

भगवान् बुद्धले यी निगण्ठ-नाटपुत्रको अनुयायीहरूको बीच कलह र फूट हुनु कुनै आश्चर्यको कुरो होइन। किनकि उनको धर्म स्वाख्यात छैन भनी आज्ञा हुनुभयो। साथै उहाँले स्वाख्यात धर्ममा यस्तो नहुने कुरा पनि आज्ञा हुनुभयो।

उहाँले ब्रह्मचर्यका अङ्गहरू कसरी पूर्ण हुन्छ भन्ने कुरा बताउँदै यस धर्म विनयलाई कसरी चिरस्थायी गरी राख्नुपर्छ भन्ने कुरा सविस्तार चर्चा गर्नुभयो। उहाँले क्षीणास्रव भिक्षुहरूको विशेषताको सम्बन्धमा बताउनु हुँदै विभिन्न वादको खण्डन गरेको कुरा यस सूत्रमा उल्लेख गरी धर्मदेशना गर्नुभयो।

## ७. लक्खण-सुत्त

भगवान् बुद्ध श्रावस्तीस्थित अनाथपिण्डिकको आराम जेतवनमा बसिरहनुभएको थियो। त्यहाँ भिक्षुहरूलाई बतीस महापुरुष लक्षण सम्बन्धी कुरालाई लिएर उपदेश दिनुभयो। यस्ता लक्षणले युक्त हुने महापुरुषको दुई मध्ये एउटा मात्र गति हुने छ – यदि उनी घरमा बस्छन् भन्ने धार्मिक धर्मराजा, चतुर्द्वीप विजेता चक्रवर्ती राजा हुनेछन्। यदि उनी घरबार छोडी प्रव्रजित भए भने अरहत् सम्यक्सम्बुद्ध हुनेछन्।

बतीस महापुरुष लक्षण (बुद्धधर्मभन्दा) बाहिरका अन्य ऋषिहरूले पनि मान्नलाई मान्दछन्, जान्नलाई जान्छन् पनि, परन्तु कुन कुन लक्षण कुन कुन कर्मद्वारा लाभ हुन्छ भन्ने कुरा भने उनीहरू जान्दैनन्।

महापुरुषको ३२ लक्षण सम्बन्धी विस्तृत विवरण पृ. ४६७ मा हेर्नु होला।

## ८. सिङ्गाल-सुत्त

भगवान् बुद्ध राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बसिरहनुभएको थियो। त्यसबेला सिंगालक गृहपतिपुत्र विहान सबेरै उठि राजगृहबाट निस्की भिजेको वस्त्र र भिजेको केश सहित दुवै हातजोरी नानादिशाहरू नमस्कार गरिरहेका थिए। नाना दिशा भन्नाले पूर्व, दक्षिण, पश्चिम, उत्तर, अधोदिशा र उर्ध्वदिशा हुन्।

एकदिन सिङ्गालक गृहपतिपुत्रले सदा झैं यसरी नमस्कार गर्दै रहेको देख्नु भई भगवान् बुद्धले उनीसँग किन तिमीले यसरी गरी रहेको भनी सोध्नुभयो। प्रश्नको उत्तरमा उनले आफूलाई आफ्ना बाबुले मरणासन्न अवस्थामा यस्तो गर्नू भनेर गएकाले बाबुको कुरा मानी यसरी गरी रहेको कुरा बिन्ती गरे।

Downloaded from http://www.dhamma.digital

भगवान् बुद्धले उनीलाई आर्यविनयमा यसरी नमस्कार गरिन्न भन्नुभयो । गृहस्थीहरूले चौध प्रकारका पाप हुने कर्मबाट टाढा रही छ दिशाहरूलाई आच्छदित गरि दुवै लोकको विजय गर्नमा प्रतिपन्न हुनु पर्ने कुरा उल्लेख गर्नु हुँदै आमाबाबु पूर्वदिशा, आचार्य दक्षिणादिशा, छोराछोरी जहान पश्चिम दिशा, मित्र अमात्य उत्तर दिशा, नोकर चाकर अधो दिशा तथा श्रमण ब्राह्मणहरू उर्ध्वदिशा हुन् भन्नुभयो । जसले उनीहरूप्रति गर्नु पर्ने कर्तव्य पूरा गर्छ त्यसलाई उनीहरूद्वारा पनि आफू क्षेम र अप्रतिभय हुने कुराको उपदेश दिनुभयो ।

## ९. आटानाटिय-सुत्त

भगवान् बुद्ध राजगृहस्थित गृधकूट पर्वतमा बसीरहनुभएको थियो । त्यहाँ चातुर्महाराजिक देवताहरू आ-आफ्नो थुप्रै यक्षसेना, गन्धर्वसेना, कुम्भण्डसेना र नागसेना सहित भगवान् बुद्धकहाँ आई उहाँलाई अभिवादन गरी एक छेउ बसे ।

एक छेउ बसेका वैश्रवण महाराज (कुबेर) ले भगवान् बुद्धलाई निवेदन गरे – "भन्ते ! प्रायः यक्षहरू प्राणीहिंसाबाट अलग छैनन्, अदिन्नादानबाट अलग छैनन्, काममिथ्याचारबाट अलग छैनन्, झुटा कुरा गर्नबाट अलग छैनन् तथा सुरामेरय मद्य प्रमाद स्थान अर्थात् नशालु पदार्थ सेवनबाट अलग छैनन् । भगवान् बुद्धका श्रावकहरू जंगलमा, वनमा पर्वत आदि स्थानमा बसिरहन्छन् जहाँ कि यी यक्षहरूको वासस्थान पनि हुन् । यी यक्षहरू भगवान् बुद्धका प्रवचनबाट अप्रसन्न हुनेहरू पनि छन् । तसर्थ भगवान्ले आफ्ना श्रावक भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको रक्षाको निम्ति, पीडा नहोस् भन्नको निम्ति, सुखपूर्वक विहारको निम्ति, तिनीहरूको प्रसन्नताको निम्ति आटानाटिय रक्षा उपदेश गर्नुहोस् भनी प्रार्थना गरे ।

भगवान् बुद्धले मौनभावले वैश्रवण महाराजको निवेदन स्वीकार गर्नुभएको कुरा जानी वैश्रवण महाराजले भगवान् बुद्धसमक्ष आटानाटिय रक्षा बिन्ती गरे । आजसम्म पनि बौद्ध देशहरूमा यस्ता अमनुष्य यक्ष, गन्धर्व, कुम्भण्ड तथा नागहरूले दुःख दियो भने खासगरी निम्न यक्ष, महायक्ष सेनापति र महासेनापतिहरूलाई ठूलठूलो स्वरमा पाठ गर्ने चलन छ : –

**"इन्दो सोमो वरुणो च, भारद्वाजो पजापति ।**
**चन्दनो कामसेट्ठो च, किन्नुघण्डु निघण्डु च ॥"**

**"पनादो ओपमञ्ञो च, देवसूतो च मातलि ।**
**चित्तसेनो च गन्धब्बो, नलो राजा जनेसभो ॥"**

**"सातागिरो हेमवन्तो, पुण्णको करतियो गुलो ।**
**सिवको मुचलिन्दो च, वेस्सामित्तो युगन्धरो ॥"**
**"गोपालो सुप्परोधो च, हिरि नेत्ति च मन्दियो ।**
**पञ्चालचण्डजो आलवको, पज्जुन्नो सुमनो सुमुखो ।**
**अधिमुखो मणि मानिवरो दिघो, अथो सेरीसको सह ॥"**

Downloaded from http://www.dhamma.digital

## १०. सङ्गिति-सुत्त

भगवान् बुद्ध पाँचसय भिक्षुसङ्घका साथ मल्लमा चारिका गर्नु हुँदै पावानगरमा चुन्द कर्मारपुत्रको आम्रवनमा बसिरहनुभएको थियो । पावावासी मल्लहरूले आफूले भर्खर तयार गरेको उब्भतक भन्ने नयाँ संस्थागारमा आउनको निम्ति भगवान् बुद्धलाई निमन्त्रणा दिए । भगवान् बुद्धले नयाँ संस्थागारमा जानु भई पावावासी मंल्लहरूलाई रातको धेरैबेरसम्म धार्मिककथा सुनाई सकेपछि पावावासी मल्लहरूले उहाँलाई अभिवादन गरी फर्केर गए । निरालसी र शान्त भईरहेका भिक्षुहरूलाई हेर्नुभई भगवान् बुद्धले आयुष्मान् सारिपुत्रलाई धर्मदेशना गर्नको निम्ति आज्ञा हुनुभयो ।

आयुष्मान् सारिपुत्रले भर्खरै मात्र निधन भएका निगण्ठ-नाटपुत्रको कारणले उनका अनुयायीहरूमा फूट भई आपसमा झगडा भइरहेको कुरा उल्लेख गर्नु हुँदै भगवान् बुद्धको स्वाख्यात धर्ममा यस्तो नहुने कुरा बताउनुभयो । साथै धर्मको चिरस्थायीको निम्ति सबै मिल्नु पर्ने कुरामा जोड दिनुभयो । उहाँले मूलभूत सिद्धान्तलाई एक एक धर्मदेखि लिएर दस दस धर्मको बौद्ध मन्तव्य सूचि सुनाउनुभयो । उदाहरणको निम्ति –

"कुन एउटा धर्म हो ?" "सबै सत्त्वहरू आहारद्वारा रहन्छन् ।"

"कुन दुईवटा धर्महरू हुन् ?" "नाम र रूप"

"कुन तीनवटा धर्महरू हुन् ?" "लोभ, द्वेष र मोह अकुशलको मूल हो ।"

"कुन चारवटा धर्महरू हुन् ?" "चार सतिपट्ठानहरू ।"

"कुन पाँचवटा धर्महरू हुन् ?" "पञ्चनीवरण ।"

"कुन दशवटा धर्महरू हुन् ?" "दशवटा कुशल कर्म पथहरू ।"

Dhamma.Digital

## ११. दसुत्तर-सुत्त

भगवान् बुद्ध पाँचसय महान भिक्षुसङ्घका साथ चम्पाको गग्गरा पोखरीको किनारमा बस्नुभएको थियो । त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई दसुत्तर धर्मदेशना गर्नुभयो ।

उहाँले एक एक गरी एकदेखि दससम्म अर्थात् जम्मा १०० वटा धर्मको सिद्धान्त सूचि बनाउनुभयो । उदाहरणको निम्ति –

"कुन चाहिं एक धर्म बहूपकारी छ ?" "कुशल धर्ममा अप्रमाद हुनु ।"

"कुन चाहिं एक धर्म साक्षात्कार गर्नुपर्छ ?" "अटल (अकोप्य=अर्हत्व ज्ञान) चित्त विमुक्ति ।"

Downloaded from http://www.dhamma.digital

# अनुवादकको आफ्नो भनाइ

आजभन्दा पच्चीस सय वर्ष पुरानो त्रिपिटकीय भाषा शैली, अभिव्यक्ति र अर्थको समेत ख्याल राखी रूपान्तर गर्नु परेबाट यस ग्रन्थमा प्रयुक्त भएको भाषा शैली नयाँ पाठकहरूको लागि शुरु शुरुमा कस्तो कस्तो लाग्नु स्वाभाविक हो । त्यही त्यही कुरा ठाउँ ठाउँमा दोहरिनु तत्कालीन भाणक परम्परा अर्थात् कण्ठस्थ गरिएका कुरा मौखिक रूपले दिइने उपदेशको विशेषता मान्नु पर्छ । प्रस्तुत ग्रन्थमा यथास्थान तत्कालीन समयकै भाषा, शैली र भावलाई यथावत् प्रस्तुत गर्ने प्रयास गरिएको छ । यसो हुनु पनि पर्छ भन्ने मेरो दृढ धारणा छ । पाठकहरूले तत्कालीन समय र समाजको ख्याल गरी पढ्नु भएमा यस ग्रन्थमा गरिएको विषयवस्तुको प्रस्तुतीकरण दोषयुक्त देखिने छैन ।

तर पनि पुनरावृत्तिलाई सकभर घटाउने लक्ष्यअनुरूप अगाडि ठाउँ ठाउँमा गइसकेको कुरातिर संकेत गर्न मूल पालिमा भए ''' 'पे.' ''' (अर्थात् ''' 'पेय्याल' ''' ) राखिएको ठाउँमा यस प्रस्तुत ग्रन्थमा भए ' ''' पूर्ववत् ''' ' अथवा '''' ' मात्र पनि देखाएको छु । कतैकतै अगाडिको कुरालाई पृष्ठद्वारा पनि संकेत गरिएको छु । यी चिन्हहरूमा अभ्यस्त भएमा पाठकले 'यति कुरा यहाँ छ, यसरी यहाँ हेर्नु पर्छ' भनेर सजिलैसँग बुझ्न सक्नेछन् । सामञ्ञफल-सुत्तमा भएको पृ. ४८ देखि पृ. ६९ सम्मको उपदेश दीघनिकायको प्रथम भागको अन्य अधिकांश सूत्रमा पुनरावृत्ति भएकोमा ग्रन्थ विस्तार नहोस् भनेर त्यहाँ छोटकरी गरी त्यसलाई पादटिप्पणीमा पृष्ठद्वारा देखाइएको छु । प्रस्तुत ग्रन्थ यस ग्रन्थमा दिइएका पादटिप्पणीका पृष्ठ जम्मै नालन्दा महाविहारको देवनागरीलिपिका त्रिपिटक र अर्थकथाका पृष्ठ संख्या हुन्, अरू नै ग्रन्थहरूका पृष्ठहरू भएमा मात्र ग्रन्थको नाउँ दिने गरेको छु ।

यो प्रस्तुत ग्रन्थ हाम्री अति स्नेही ममतामयी माता वीरमाया वज्राचार्यको सोह्र वर्ष अगाडि देहावसान भएको बेला पैंतालीस दिनसम्म शोक मनाउने क्रममा उहाँलाई सधैं सम्झना गर्नु भनेकै कुनै एउटा कृति लेखेर उहाँप्रति समर्पण गर्नु हो भन्ठानेर त्यसै छोटो अवधिभित्र नेपाल भाषामा अनुवाद गरेको दीघनिकायकै नेपाली रूपान्तर हो ।

आचार्य भिक्षु अमृतानन्द महास्थविरको अनुवाद कलालाई मैले आदर्श मानेको छु । यस ग्रन्थमा प्रस्तुत गरिएका कतिपय सूत्रहरू त उहाँद्वारा अनूदित बुद्धकालीन ग्रन्थहरूबाट जस्ताको तस्तै सारिएका हुन् – केवल कतैकतै भाषिक त्रुटिहरूमात्र सच्याइएका छन् भने कतैकतै अपूरो कुरा पूरा गरिएका मात्र हुन् । वास्तविक रूपले भन्ने हो भने प्रस्तुत ग्रन्थ – दीघनिकाय प्रकाशनको श्रेय उहाँ भन्तेलाई नै दिंदैछु । त्यसैकारण नेपाली बौद्ध वाङ्मयका अग्रगण्य व्यक्तित्व एवं मेरो प्रेरणाको स्रोत आचार्य भिक्षु डा. अमृतानन्द महानायक महास्थविरप्रति मेरो परिश्रमको फल – यो प्रस्तुत ग्रन्थ समर्पण गर्नु मैले आफ्नो प्रथम कर्तव्य ठान्दछु ।

उहाँलाई निम्न लिखित कुरा निवेदन गरेको मलाई हिजो जस्तै लाग्छ : –

"भन्ते ! तपाईले निकाल्नु भएका ग्रन्थहरूमध्ये छरिएका सूत्रहरूमा केही सूत्रहरूको नेपाली अनुवाद थपिए भने सिंगै दीघनिकाय ग्रन्थ नेपालीमा तयार हुने भयो । अब ३४ वटा सूत्रमध्ये ९ वटा मात्र नेपालीमा अनुवाद हुन बाँकी छन् ।"

त्यस बेला उहाँले भन्नुभयो – "तिमीले दीघनिकाय पूर्ण रूपमा नेपाल भाषामा अनुवाद गरी निकाली सक्यौ । अब बरु तिमीले नै नेपालीमा निकाल । मेरो उद्देश्य बुद्धकालीन केही पात्र अनुसार

Downloaded from http://www.dhamma.digital

सूत्रहरू संग्रह गरी नेपालीमा निकाल्नु हो । अहिले त्रिपिटक क्रम अनुसार सोचिएको छैन । अहिले म नेपालीमा पालि बौद्ध शब्दकोशको एउटा खाँचो पूर्ति गर्ने तर्फ लागिरहेको छु ।"

उहाँले सहज रूपमा झन् उल्टै म माथि गहन जिम्मेवारी पन्छ्याउँदै त्यसबेला मलाई उपरोक्त जवाफ दिनुभएको थियो । अनि मैले उहाँलाई बिन्ती गरें – "भन्ते ! म अहिले मज्झिमनिकाय नेपाल भाषामा अनुवाद गर्दैछु, यदि समय पाएमा तपाईलाई दीघनिकाय तपाईकै बुद्धकालीन ग्रन्थमालाबाट सूत्रहरू संग्रह गरी बाँकी आफ्नै तर्फबाट अनुवाद गरी देखाउन ल्याउने छु । बरु त्यसबेला तपाईले दीघनिकायको बारेमा विस्तृत भूमिका लेखिदिनु होला ।" दुर्भाग्यवश लगतै केही दिनपछि मेरा एकजना मित्रले उहाँको आकस्मिक निधनको अपुष्ट समाचार सुनाउँदा म अवाक् भएँ । उहाँको निधनको समाचार सत्य नहोस् भनी मन मनमा कामना गर्दै एउटा विहारमा फोनद्वारा सोधपुछ गरें । उहाँको निधनको यथार्थताको बोध हुनासाथै मैले उहाँको निर्वाण कामना गर्नु बाहेक अरू केही देखिनं । त्यसै बेला मैले संकल्प गरें – दीघनिकाय एउटा सिंगै ग्रन्थ नेपालीमा पनि अवश्य तयार गरी उहाँलाई समर्पण गर्नेछु ।

त्यसपछि उहाँलाई दिएको वचन सम्झदै दीघनिकाय नेपालीमा अनुवाद एवं सम्पादन गरी अन्तिम कम्प्यूटर प्रिन्ट कापी तयार गरें । आनन्दकुटी विहार गुठीमा बुद्धकालीन ग्रन्थहरूबाट निकालिएका सूत्रहरू र सो सम्बन्धी पादटिप्पणी पुनर्मुद्रणको लागि स्वीकृति पाउन मैले लिखित निवेदन दिएँ । उहाँकै जीवनकालमा दीघनिकाय नेपालीमा छाप्नको लागि उहाँबाट मौखिक स्वीकृति पाइसकेको थिएँ । सो गुठीको तर्फबाट पनि गुठीका अध्यक्ष श्रद्धेय संघनायक अनिरुद्ध महास्थविरबाट सहर्ष स्वीकृति पत्र पाउँदा मैले अब त भोलि नै यसलाई प्रेसमा पठाउने छुं भन्दा भन्दै दुई वर्ष जति समय बिति सकेको छ । त्यतिञ्जेल मज्झिमनिकाय र संयुत्तनिकाय एक एक वर्ष बिराएर नेपाल भाषामा प्रकाशन गरी पाठक समक्ष पुऱ्याउन सफल भएँ ।

प्रस्तुत ग्रन्थमा भएका बुद्धकालीन ग्रन्थबाट लिइएका सूत्रहरूको भाषा, शैली र अभिव्यक्ति आदि प्राय: सबै महानायक भन्तेकै हुन् । त्यसकारण केही वर्ष अगाडि प्रकाशित नेपाल भाषामा अनूदित दीघनिकायसित केही कुरामा सामञ्जष्यता नहुन पनि सक्छ । त्यस अवस्थामा कतै कुनै भ्रम भएमा मूल पालि भाषाकै ग्रन्थ अध्ययन गर्नु हुन पाठकवर्गमा विनम्र अनुरोध गर्दछुं । सारांशमा म यही निवेदन गर्न चाहान्छु – गुण सबै भन्तेज्यूका हुन्, दोष सबै मेरा हुन् ।

यस ग्रन्थलाई फेरि त्यस्तो बेलामा अन्तिम रूप दिनु र प्रुफ पनि हेर्नु पऱ्यो जुन बेला म अत्यन्तै व्यस्त थिएँ । तसर्थ विज्ञ पाठकवर्गसित के नम्र निवेदन गर्दछु भने कतै त्रुटि रहन गएको भए कृपापूर्वक मलाई सूचना दिनु भई मलाई दोषमुक्त पार्नुहोला ।

Downloaded from http://www.dhamma.digital

# कृतज्ञता

सर्वप्रथम बुद्धकालीन ग्रन्थमालाबाट यस ग्रन्थमा समावेश गरिएका अंशहरूको प्रकाशनको निमित्त कृपापूर्वक अनुमति पाएकोमा आनन्दकुटी विहार गुठीका अध्यक्ष एवं परिवारप्रति म हार्दिक कृतज्ञता टक्राउँदछु । त्यसरी नै विद्वतापूर्ण निर्देशन र अमूल्य सहयोगको लागि श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर, अखिल नेपाल भिक्षु महासङ्घका अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविर, प्रा.भिक्षु सुदर्शन महास्थविर, भिक्षु धर्मगुप्तप्रति पनि म साह्रै कृतज्ञ छु ।

यो मेरो भूमिका सर्वप्रथम अंग्रेजी भाषामा अनुवाद गर्न हुने बौद्ध विद्वान् स्व. अयोध्याप्रसाद प्रधानप्रति म आफ्नो कृतज्ञता प्रकट गर्दछु । प्रख्यात इतिहासविद् आदरणीय भुवनलाल प्रधानले मेरो गुरुकापी आद्योपान्त हेरी आवश्यक सल्लाह र सुझाउ दिनाको साथै कति पनि गाह्रो नमानी मैले यस नेपाली संस्करणको लागि अंग्रेजीमा लेखेको भूमिकामा संशोधन र केही थप अनुवाद समेत गरी दिनुभएकोमा उहाँप्रति सधन्यवाद कृतज्ञता प्रकट गर्दछु । प्रुफ हेर्नामा र अनुक्रमणिका तयार गर्नामा यथेष्ट सघाउने भाञ्जी सुश्री समिरा शाक्य र कम्प्यूटर सम्बन्धी सबै काम गरिदिनुभएकोमा धर्मरत्न शाक्य हार्दिक धन्यवादका पात्र हुन् । मुद्रणसम्बन्धी काम समयमै पूरा गरिदिनुभएकोमा न्यू नेपाल प्रेसका प्रोपाइटर विजय तुलाधर र प्रेस परिवारलाई धन्यवाद छ ।

त्रिपिटक ग्रन्थको अभावको कारणले बुद्धका मूल उपदेशदेखि धेरै टाढा रहनु परेका हामी नेपालीहरूलाई बुद्धका उपदेशको मूल प्रवाहमा ल्याउन सधैं मेरा अरू ग्रन्थलाई जस्तै यस ग्रन्थलाई पनि प्रकाशन गर्नुहुने मेरा दाइ पवित्रबहादुर वज्राचार्य, भतिजा अशोकरत्न वज्राचार्य र दिदी हीरादेवी वज्राचार्यप्रति सदैव कृतज्ञ छु । सद्धर्मको ज्योति फेरि नेपालमा फैलाउने शुभ कार्यमा उहाँहरूबाट सदैव यस्तै प्रेरणा मिलिरहोस् ।

अन्तमा यो ग्रन्थरत्न नेपाली पाठकहरूको लागि बुद्ध र बुद्ध धर्मको परिचय पाउन एउटा सशक्त माध्यम बन्न सकोस् भन्ने कामना गर्दछु ।

२०५६ पौष २ गते (ने.सं. ११२० थिंलाथ्व नवमी)
पिता पूर्णबहादुर वज्राचार्य *(जन्म १९६५ कछलाथ्व सकिमना पुन्ही – दिवंगत : २०४१ थिंलाथ्व नवमी)* को संस्मरणीय श्रद्धा-दिवस ।
रत्नाकर महाविहार
गाबहाल, ललितपुर ।

**दुण्डबहादुर वज्राचार्य**

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# त्रिपिटक : सुत्तपितक अन्तर्गत

# दीघनिकाय

(प्रथम भाग)

## शीलस्कन्ध-वर्ग

### गथम सूत्र समूह

१. ब्रह्मजाल-सुत्त
२. सामञ्ञफल-सुत्त
३. अम्बट्ठ-सुत्त
४. सोणदण्ड-सुत्त
५. कूटदन्त-सुत्त
६. महालि-सुत्त
७. जालिय-सुत्त
८. महासीहनाद-सुत्त
९. पोट्ठपाद-सुत्त
१०. सुभ-सुत्त
११. केवट्ट-सुत्त
१२. लोहिच्च-सुत्त
१३. तेविज्ज-सुत्त

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# दीघनिकाय

## शीलस्कन्ध-वर्ग

## १. ब्रह्मजाल-सुत्त

**(ब्रह्मजालसूत्र)**

### १. सुप्पिय परिव्राजकका कुरा

१. यस्तो मैले सुनें[1] । एक समय, भगवान् पाँच सय महान भिक्षुसङ्घका साथ राजगृह र नालन्दाका बीच बाटोमा गइरहनुभएको थियो । सुप्पिय *(सुप्रिय)* परिव्राजक पनि आफ्नो अन्तेवासी (शिष्य) ब्रह्मदत्त माणवका साथ राजगृह र नालन्दाका बीच बाटोमा गइरहेका थिए । त्यहाँ सुप्पिय परिव्राजकले अनेक प्रकारले बुद्धको अवर्णन *(निन्दा)* गर्थे, धर्मको अवर्णन गर्थे र सङ्घको अवर्णन गर्थे । सुप्पिय परिव्राजकका अन्तेवासी ब्रह्मदत्त माणवले चाहिं अनेक प्रकारले बुद्धको वर्णन *(प्रशंसा)* गर्थे, धर्मको वर्णन गर्थे र सङ्घको वर्णन गर्थे । यसरी गुरु-शिष्य परस्पर-विरोधी कुरा गर्दै भगवान् र भिक्षुसङ्घका पछिपछि गइरहेका थिए ।

२. अनि भगवान् अम्बलट्ठिका *(बगैंचा)* को राजकीय भवनमा एक रात बास बस्नका निमित्त भिक्षुसङ्घका साथ जानुभयो । सुप्पिय परिव्राजक पनि अम्बलट्ठिकाको *(सोही)* राजकीय भवनमा एक रात बास बस्नका निमित्त अन्तेवासी ब्रह्मदत्त माणवका साथ गए । त्यहाँ पनि सुप्पिय परिव्राजकले अनेक प्रकारले बुद्धको अवर्णन गर्थे, धर्मको अवर्णन गर्थे र सङ्घको अवर्णन गर्थे । सुप्पिय परिव्राजकका अन्तेवासी ब्रह्मदत्त माणवले चाहिं अनेक प्रकारले बुद्धको वर्णन, धर्मको वर्णन र सङ्घको वर्णन गर्थे । यसरी ती दुवै गुरु-शिष्य परस्पर-विरोधी कुरा गरिरहेका थिए ।

३. अनि प्रत्यूष समय अर्थात् झिसमिसे बेलामा उठेर मण्डलमालमा भेला भईरहेका केही भिक्षुहरूका बीच यस्तो कुरा चल्यो – "आवुसो ! आश्चर्य हो, आवुसो ! अद्भुत हो जहाँ कि जानेका

---

१ प्रत्येक सूत्रको प्रारम्भमा देखिने यो वाक्यको अर्थ हो - भगवान् बुद्धको जीवनकालमा २५ वर्षसम्म छाया समान बस्नुभएका आयुष्मान् आनन्दले जसरी भगवान् बुद्धका सम्मुख सुनिरहनु भएको थियो, त्यसरी नै उहाँको महापरिनिर्वाणपछि भेला भएको प्रथम संगायनमा उपस्थित संगीतिकार स्थविरहरूका सामुन्ने आफूले सुनेअनुसार बताइरहनुभएको थियो - सं ।

Downloaded from http://www.dhamma.digital

देखेका[२] *(सम्पूर्ण ज्ञेय-धर्मलाई देख्नुभएका[३])* उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले प्राणीहरूका नाना अभिप्रायलाई राम्ररी बुझ्नुहुन्छ । यी सुप्पिय परिव्राजक अनेक प्रकारले बुद्धको अवर्णन गर्छन्, धर्मको अवर्णन गर्छन् र सङ्घको अवर्णन गर्छन् । तर सुप्पियका अन्तेवासी ब्रह्मदत्त माणवचाहिं अनेक प्रकारले बुद्धको वर्णन गर्छन्, धर्मको वर्णन गर्छन् र सङ्घको वर्णन गर्छन् । यसरी दुई गुरु-शिष्य परस्पर-विरोधी कुरा गर्दै भगवान्को र भिक्षुसङ्घको पछिपछि जान्छन् ।"

४. अनि भगवान् ती भिक्षुहरूका बीचमा यस्तो कुरा चलिरहेको बुझ्नुभई जहाँ मण्डलमाल थियो त्यहीं जानुभयो । त्यहाँ गएर बिच्छ्याइराखेको आसनमा बस्नुभयो । बस्नुभएका भगवान्ले भिक्षुहरूलाई आमन्त्रित गर्नुभयो – "भिक्षु हो ! के कुरा गरी तिमीहरू यहाँ भेला भईरहेका ? तिमीहरूका बीचमा के कुरा चलिरहेको थियो ?" यस्तो भन्नुहुँदा ती भिक्षुहरूले भगवान्लाई यस्तो भने – "भन्ते ! यहाँ प्रत्यूष समयमा उठी मण्डलमालमा भेला भईरहेका हामीहरूका बीचमा यस्तो कुरा चलेको थियो – "आवुसो ! आश्चर्य हो, आवुसो ! अद्भुत हो, जहाँ कि जानेका देखेका उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले प्राणीहरूको नाना स्वभावलाई राम्ररी बुझ्नुहुन्छ । यी सुप्पिय परिव्राजक अनेक प्रकारले बुद्धको अवर्णन गर्छन्, धर्मको अवर्णन र सङ्घको अवर्णन गर्छन् । तर सुप्पिय परिव्राजकका अन्तेवासी ब्रह्मदत्त माणवचाहिं अनेक प्रकारले बुद्धको वर्णन गर्छन्, धर्मको वर्णन गर्छन् र सङ्घको वर्णन गर्छन् । यसरी दुई गुरु-शिष्य परस्पर-विरोधी कुरा गरी भगवान्को र भिक्षुसङ्घको पछिपछि जान्छन् ।' भन्ते ! यही हामीहरूको बीचमा कुरा चल्दैथियो, अनि भगवान् आउनुभयो ।"

५. "भिक्षु हो ! अरूले मेरो अवर्णन *(निन्दा)* गरे पनि, धर्मको अवर्णन गरे पनि, सङ्घको अवर्णन गरे पनि त्यहाँ तिमीहरूले आघात *(वैर)* वा असन्तोष वा मनमा कोप गर्नहुन्न । भिक्षु हो ! अरूले मेरो अवर्णन गर्दा, धर्मको अवर्णन गर्दा, सङ्घको अवर्णन गर्दा यदि तिमीहरू रिसायौ भने तथा असन्तोषी भयौ भने त्यसले तिमीहरूकै हानि हुन्छ । भिक्षु हो ! अरूले मेरो अवर्णन गर्दा, धर्मको अवर्णन गर्दा र सङ्घको अवर्णन गर्दा यदि तिमीहरूले त्यहाँ कोप गऱ्यौ भने तथा असन्तोषी भयौ भने के तिमीहरूले अरूले गरेको सुभाषितलाई वा दुर्भाषितलाई जान्न सकौला ?"

"भन्ते ! सकिन्न ।"

"भिक्षु हो ! अरूले मेरो अवर्णन गरेमा, धर्मको अवर्णन गरेमा र सङ्घको अवर्णन गरेमा त्यहाँ तिमीहरूले असत्यलाई असत्य भनी हटाउन सक्नुपर्छ – 'यो असत्य हो, यो तथ्य होइन, यो कुरा हामीमा छैन र यो कुरा हामीमा देखिंदैन ।"

६. "भिक्षु हो ! अरूले मेरो वर्णन गरेमा, धर्मको वर्णन गरेमा र सङ्घको वर्णन गरेमा त्यहाँ तिमीहरूले आनन्द मान्नु हुन्न, खुशी मान्नु हुन्न तथा प्रफुल्लित हुनु हुन्न । भिक्षु हो ! अरूले मेरो वर्णन गर्दा, धर्मको वर्णन गर्दा र सङ्घको वर्णन गर्दा यदि तिमीहरू आनन्दित भयौ भने, खुशी भयौ भने र यस्तै प्रफुल्लित भयौ भने यसबाट तिमीहरूकै हानि हुनेछ । अरूले मेरो वर्णन गरेमा, धर्मको वर्णन गरेमा र सङ्घको वर्णन गरेमा त्यहाँ तिमीहरूले सत्यलाई सत्य भनी जान्न सक्नुपर्छ – 'यो सत्य हो, यो तथ्य हो, यो हामीमा छ तथा यो हामीहरूमा देखिन्छ ।"

---

२ सत्त्व प्राणीहरूको आशय अनुशयलाई जान्नुभएको ।

३ जान्नुपर्ने तथा जानिराख्नुपर्ने ५ प्रकारका धर्मलाई ज्ञेय-धर्म भन्दछन् । ती हुन् :- (१) संस्कार, (२) विकार, (३) लक्षण, (४) प्रज्ञप्ति तथा (५) निर्वाण ।

Downloaded from http://www.dhamma.digital

# २. साधारण शील

## (क) सानो शील

७. "भिक्षु हो ! जुन पृथक्जनले[४] तथागतको वर्णन गर्छ, त्यो थोरै मात्र हो, सानो मात्र हो र शील मात्र हो । भिक्षु हो ! पृथक्जनले तथागतको वर्णन गर्ने त्यो थोरै मात्र, सानो मात्र र शील मात्र भनेको कस्तो हो त ?"

८. (१) "श्रमण गौतम प्राणीहिंसालाई त्यागी प्राणीहिंसाबाट विरत *(अलग)* भईरहन्छ – दण्डरहित, शस्त्ररहित, लज्जालु तथा सबै प्राणीप्रति हितानुकम्पी भई बस्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

(२) "श्रमण गौतम अदिन्नादान *(अदत्तादान)*लाई त्यागी अदिन्नादानबाट विरत भई दित्तादायी र दिएको वस्तुको मात्र अपेक्षा गर्छ । अनि यिनै पवित्रताले युक्त भई बस्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

(३) "श्रमण गौतम अब्रह्मचर्यलाई त्यागी ब्रह्मचारी हुन्छ– मैथुन धर्म र ग्राम धर्मबाट टाढा रही मैथुन धर्मबाट विरत भई बस्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

९. (४) "श्रमण गौतम मृषावाद *(झूटो कुरा)* लाई त्यागी झूटो कुराबाट अलग भई तथ्य बोल्छ, सत्यको विश्वासपात्र हुन्छ, लोकलाई फरक पारेर कुरा गर्दैन ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

(५) "श्रमण गौतम पैशुन्यलाई त्यागी चुक्ली बोलीबाट अलग भई बस्छ । उनीहरूलाई फुटाउन, यता सुनेर उता बोल्दैन र उता सुनेर यता बोल्दैन बरू फुटेकालाई मिलाउँछ, मिलेकालाई प्रोत्साहित गर्छ, मेलमिलापमा रमाउँछ, मेलमिलापमा मन लगाउँछ, मेलमिलापमा आनन्दित हुन्छ र मेलमिलाप हुने वचन बोल्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

(६) "श्रमण गौतम परुष वचन *(चित्तदुख्ने वचन)* लाई त्यागी, परुष वचनबाट विरत भई बस्छ । निर्दोष, कानमा आनन्द लाग्ने, स्नेहमयी, हृदयंगम, सबैलाई मनपर्ने, सबैले रुचाउने र सबैलाई प्यारो लाग्ने जुन वचन हो त्यस्तो वचन बोल्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

(७) "श्रमण गौतम सम्प्रलाप *(निरर्थक, सम्भिन्न)* लाई त्यागी सम्प्रलापबाट दूर भई समयमा बोल्छ, कालवादी *(समयोचित बोल्ने)* भूतवादी *(तथ्य कुरा बोल्ने)*, अर्थवादी *(हितको कुरा बोल्ने)*, धर्मवादी, विनयवादी *(सदाचारको कुरा बोल्ने)*, निधानवती-वाचा *(मनमा राखिराख्न योग्य वाचा)* बोल्ने हुन्छ । त्यो पनि उचित समयमा कारण देखाई, अन्त देखाई, अर्थयुक्त कुरा बोल्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

१०. (८) "श्रमण गौतम बीउ तथा बिरुवाहरू नाश गर्ने कामबाट अलग रहन्छ ।" ···

---

४ आर्य नभएका साधारण मानिसहरूलाई पृथक्जन भनिएको हो । यहाँ आर्य भनेको कुनै जातिविशेष नभई बुद्ध धर्मसम्बन्धी स्वावलम्बी भएका अर्थात् मार्गफल प्राप्त गरेका व्यक्तिहरूलाई भनिएको हो । - सं ।

Downloaded from http://www.dhamma.digital

(९) "श्रमण गौतम रात पर्नुभन्दा पहिले विकाल भोजनबाट विरत भई एक छाक भोजन गर्छ।"

(१०) "श्रमण गौतम नाच, गान, बाजा तथा अन्य प्रदर्शनी हेर्ने कामबाट अलग रहन्छ।"···

(११) "श्रमण गौतम माला-सुगन्ध-लेपन धारण *(अलङ्कार लगाउने)* मण्डल *(श्रृङ्गार गर्ने)*. विभूषणबाट अलग रहन्छ।" ···

(१२) "श्रमण गौतम उच्चासन र महासनबाट विरत रहन्छ।" ···

(१३) "श्रमण गौतम सुन, चाँदी ग्रहण गर्ने कामबाट पर रहन्छ।" ···

(१४) "श्रमण गौतम काँचो धान्य-वर्ग ग्रहण गर्ने कामबाट अलग रहन्छ।" ···

(१५) "श्रमण गौतम काँचो मासु ग्रहण गर्ने कामबाट अलग रहन्छ।" ···

(१६) "श्रमण गौतम स्त्री तथा कुमारी ग्रहण गर्ने कामबाट अलग रहन्छ।" ···

(१७) "श्रमण गौतम दास, दासी ग्रहण गर्ने कामबाट अलग रहन्छ।" ···

(१८) "श्रमण गौतम भेडा, बाखा ग्रहण गर्ने कामबाट अलग रहन्छ।" ···

(१९) "श्रमण गौतम कुखुरा, सुँगुर ग्रहण गर्ने कामबाट अलग रहन्छ।" ···

(२०) "श्रमण गौतम हात्ती, गाई, घोड़ा, घोडी ग्रहण गर्ने कामबाट अलग रहन्छ।" ···

(२१) "श्रमण गौतम खेत तथा जग्गाजमीनहरू ग्रहण गर्ने कामबाट अलग रहन्छ।" ···

(२२) "श्रमण गौतम *(कुनै गृहस्थीको)* दूतको कामबाट अलग रहन्छ।" ···

(२३) "श्रमण गौतम क्रय-विक्रयबाट अलग रहन्छ।" ···

(२४) "श्रमण गौतम तराजु, ढक, माना-पाथीमा छलकपट गर्ने कामबाट अलग रहन्छ।" ···

(२५) "श्रमण गौतम घूस लिने-दिने, छलकपट गर्ने, छकाउने र नक्कली सुन चाँदी बनाउने कामबाट अलग रहन्छ।" ···

(२६) "श्रमण गौतम छेदन *(हातखुट्टा काट्ने)*, वध *(मारकाट वा हत्या)* बन्धन *(बाँध्ने)* लुट्ने, डकैटी साहसिला काम *(बलात्कार आदि)* कामबाट अलग रहन्छ।" भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ।

**सानो शील समाप्त।**

Downloaded from http://www.dhamma.digital

## (ख) मध्यम शील

११. "'जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन खाएर यसरी बीउ तथा बिरुवाहरू नाश गर्ने काममा संलग्न भईरहन्छन् । जस्तै – (१) मूलबीज *(हलेदो, अदुवा आदिको बीज)* (२) स्कन्धबीज *(पीपल, बाँस आदिको बीज)* (३) फलबीज (४) अग्रबीज *(टुप्पोबाट पलाउने बीज)* (५) बीजबीज *(धान, गहुँ आदिको बीज)* । श्रमण गौतम यसरी बीउ तथा बिरुवाहरू नाश गर्ने कामबाट अलग रहन्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।

१२. "'जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन खाएर यसरी सन्निधिकार *(रात बिताएर राखेको)* वस्तुको परिभोग गर्ने काममा संलग्न भईरहन्छन् । जस्तै – (१) अन्न सन्निधिकार, (२) पान सन्निधिकार, (३) वस्त्र[५] सन्निधिकार, (४) यानवाहन[६] सन्निधिकार, (५) शयन[७] सन्निधिकार, (६) गन्ध[८] सन्निधिकार (७) आमिस[९] सन्निधिकार आदि । श्रमण गौतम यसरी सन्निधिकार गरी परिभोग गर्दैन ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

१३. "'जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन खाएर यसरी विसूकदर्शक *(अनुचित दर्शन)* गर्ने काममा संलग्न भईरहन्छन्, जस्तै– नाच, गान, बाजा, नाटक, काटमारको नाटक, थपडी बनाउने, बाजाको ताल, गाग्रो बजाउने, नाच्नेहरूको टोली, फलामको डल्लोको खेल, बाँसको खेल, हाड बजाउने, हात्ती जुधाउने, घोडा जुधाउने, भैंसी जुधाउने, गोरु जुधाउने, बोका जुधाउने, भेडा जुधाउने, कुखुरा जुधाउने, बट्टाई लडाउने, लट्ठी लडाउने, मुड्की खेलाउने, कुस्ती लड्ने, मारपिट गर्ने, सेनाब्यूह *(ब्यारेक)*, सेनासमूह आदि । श्रमण गौतम यस प्रकारको अनुचित दर्शनबाट अलग रहन्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

१४. "'जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन खाएर यसरी जूवा आदि प्रमादस्थानमा संलग्न भईरहन्छन्, जस्तै – अष्टपद *(प्रत्येक पङ्क्तिमा आठ-आठ जना खेल्ने)*, दशपद *(शतरंज)*, आकाश *(मनमनै चेस खेल्ने चारी)*, परिहार्यपथं *(खुट्टी खेल्ने)*, सन्तिकं *(नजिकमा खेल्ने अर्थात् गिर्खाको थुप्रो राखी त्यसबाट एक एकवटा गिर्खा नहल्लाइकन भिक्ने)*, खलिकं *(पासा)*, घटिकं *(लामो लट्ठीले होचो लट्ठीलाई हिर्काउने)*, सलाकहत्थं *(कुनै भिजेको काठको टुक्राले भित्तामा रूप कोर्ने)*, अक्खं *(गेडीको खेल)*, पङ्गुचीरं *(पातका डाँठहरू बजाउने)*, वङ्ककं *(हलो बनाई खेल्ने)*, मोक्खचिकं *(आकाशमा वा भुइँमा चक्का घुमाउने)*, चिङ्गलिकं *(ताडको पात पिटेर घुमाउने)*, पत्ताल्हकं *(पातको मानो बनाई नापेर खेल्ने)*, रथको खेल *(खेलौना रथ)*, धनुषको खेल, अक्खरिकं *(आकाशमा वा पिठ्यूँमा अक्षर लेख्ने)*, मनमा चिताएको जान्ने, काना र लँगडाजस्तै भई खेल्ने खेल आदि । श्रमण गौतम यस्ता प्रमादस्थानमा संलग्न हुँदैनन् । भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

---

५ यहाँ 'चीवर वस्त्र' लाई 'वस्त्र' भनिएको हो । भिक्षुहरूको नियमअनुसार तीन चीवरभन्दा बढ्ता राख्न हुन्न । अथवा अधिष्ठानबिना बढ्ता चीवर राख्न हुन्न । अधिष्ठान नगरीकन राख्नेलाई 'वस्त्र सन्निधिकार' भनिएको हो ।

६ यहाँ 'यानवाहन' भनी भिक्षुहरूले लगाउने चप्पल आदिलाई भनिएको हो । भिक्षुहरूले एक जोर अरण्यका लागि तथा एक जोर पाउ धोएपछि लगाउनका लागि गरी जम्मा दुई जोर चप्पल राख्न हुन्छ । यसभन्दा बढी राख्नेलाई 'सन्निधिकार' दोष लाग्छ ।

७ 'शयन' भनेको बस्ने र सुत्ने आसन । योभन्दा बढी राख्दा 'सन्निधिकार' दोष लाग्छ ।

८ घाउ वा खटिरा आदिका निमित्त चाहिने मलम आदिलाई यहाँ 'गन्ध' भनिएको हो ।

९ यहाँ 'आमिस' को अर्थ जुनसुकै वस्तुहरू पनि चाहिने मात्राभन्दा बढी मात्रालाई भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

१५. "'जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी उच्चाशयन महाशयनमा संलग्न भईरहन्छन्, जस्तै–आसन्दिं *(प्रमाणभन्दा ठूलो खाट)*, पल्लङ्कं *(खाट वा मेचको खुट्टामा कुनै पशुको चित्र कुँदिएको आसन)*, गोनक *(लामा-लामा रौं भएको)*, चितक *(अनेक बुट्टा भएको तन्ना)*, पटिकं *(भेडाको सेतो रौंले बनेको तन्ना)*; पटलिकं *(भेडाको रौंको तन्ना)*, कपासको ओछ्यान, निकतिकं *(सिंह आदिको बुट्टा भएको ऊनको तन्ना)*, उद्देलोमिं *(दुवैतिर झल्ल भएको ऊनको तन्ना)* एकन्तलोमिं *(एक तरफ ऊनको झल्लर भएको)*, कट्टिसं *(जरीले बुनेको अस्तरण)*, जरीले बुनेको रेसमको अस्तरण, कुत्तकं *(सोह्र जना स्त्री नाच्न हुने दरी)*, हत्थत्थरं *(हात्तीमा ओच्छ्याउने साज)*, अस्सत्थरं *(घोडामा ओच्छ्याउने साज)*, रथत्थरं *(रथमा ओच्छ्याउने साज)*, अजिनप्पवेणिं *(बोकाको छालाको बिच्छ्याउना)*, कदलिमृगको छाला, चँदुवा, दुवैतिर राता तकिया आदि । श्रमण गौतम यस्तो उच्चाशयन महाशयनबाट अलग रहन्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

१६. "'जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी मण्डलविभूषण आदिमा संलग्न भईरहन्छन्, जस्तै – अत्तर पाउडर लगाउने, तेल घस्ने, मालागन्ध लेपन गर्ने, मुखमा पाउडर लगाउने, मुखमा लेप लगाउने, हातमा बाला आदि लगाउने, कपाल कोर्ने, अलङ्कृत लट्ठी, बुट्टेदार बुट्टा, तरबार, बुट्टा भएको छाता, बुट्टा भएको जुत्ता, मुकुट धारण, मणि चंवर, लामा-लामा सेतो कपडा आदि । श्रमण गौतम यस प्रकारको मण्डल विभूषणबाट पर रहन्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

१७. "जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी तिरश्चीन कथामा *(उभो नलाग्ने गफ)* संलग्न भईरहन्छन्, जस्तै – राजकथा, चोरकथा, महामात्यकथा, सेनाकथा, भयकथा, युद्धकथा, अन्नकथा, पानकथा, वस्त्रकथा, शयनकथा, मालाकथा, गन्धकथा, ज्ञातिकथा, यानकथा, ग्रामकथा, निगमकथा, नगरकथा, जनपदकथा, स्त्रीकथा, पुरुषकथा, शूर *(बहादुरी)* कथा, चौबाटोकथा, पँधेराको कथा, पूर्वप्रेतकथा, नानात्त्वकथा, लोकाख्यायिककथा, समुद्रख्यायिककथा, भवकथा तथा अभवकथा । श्रमण गौतम यस्तो तिरश्चीन कथाबाट अलग रहन्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

१८. "जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर विग्रह कथनमा संलग्न भईरहन्छन्, जस्तै–तिमी यो धर्मविनय जान्दैनौ, यो धर्मविनय म जान्दछु । तिमी यो धर्मविनय के जानौला र ? तिमी गलत बाटोमा छौ । म ठीक बाटोमा छु । मेरो कुरा सार्थक छ । तिम्रो कुरा निरर्थक छ । अघि भन्नुपर्ने पछि भन्छौ । पछि भन्नुपर्ने अघि भन्छौ । तिमीले धेरै दिनदेखि सिकेर आएको कुरा मेरो वादको अगाडि व्यर्थ छ । तिमीमाथि वादको आरोप गर्छु । तिमी निग्रहित छौ । *(मेरो वादबाट)* मुक्त हुन तिमी बाहिर घुम । यदि सक्छौ भने मेरो कुराको जवाफ देऊ आदि । श्रमण गौतम यस्तो विग्रह कथनबाट अलग रहन्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

१९. "जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी दूतको काम गर्नेमा संलग्न भएर बस्छन्, जस्तै–राजाहरूले, महामात्यहरूले, क्षत्रीहरूले, ब्राह्मणहरूले र गृहपतिहरूले, कुमारहरूले 'फलाना ठाउँमा जाऊ, फलाना ठाउँमा आऊ, यो लैजाऊ, फलाना ठाउँबाट यो ल्याऊ' भन्ने आदि । श्रमण गौतम यस्तो दूतको कामबाट अलग रहन्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।"

२० "'जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी कुहक *(आफूमा नभएको गुण देखाउने बानी=पाखण्डी)* हुन्छन्, लाभसत्कारको निमित्त कुरा गर्छन्, यसैको कारणमा

Downloaded from http://www.dhamma.digital

लक्षणका कुराहरू बताउँछन्, यसैको कारणमा अर्कासँग गाली गलौच, भै-भगडा पनि गर्छन् तथा *(अधार्मिक)* थोरै लाभद्वारा धेरै लाभको खोजी गर्छन् । श्रमण गौतम यस्ता कुराहरूबाट र कुहक कुरा गर्नेबाट दूर रहन्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।

**मध्यमशील समाप्त ।**

## (ग) महाशील

२१. "'जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन खाएर यसरी तिरश्चीनविद्या *(छुद्र विद्या)* द्वारा मिथ्या जीविका गर्छन्, जस्तै– अङ्गविद्या[१०], निमित्तविद्या[११], उत्पादविद्या[१२], स्वप्नविद्या[१३], लक्षणविद्या[१४], मुसाले टोकेको वा कोतरेको विद्या[१५], अग्निहोम[१६], दारुहोम, भुसहोम, कनिकाहोम, तण्डुलहोम, घिउहोम, तेलहोम, मुखहोम[१७], रगतहोम[१८], अङ्गविद्या[१९], वास्तुविद्या[२०], नक्षत्रविद्या, शिव *(मसान)* विद्या[२१], भूतविद्या, भूरिविद्या[२२], सर्पविद्या[२३], विषयविद्या[२४], वृश्चिकविद्या, मूषक *(मुसाको)* विद्या, शकुनिविद्या[२५], वायस *(काग)* को विद्या[२६], परिपक्वध्यानविद्या[२७], तीरपरित्राणविद्या[२८], मृगचक्रविद्या[२९] आदि ।

---

१० हात खुट्टा आदिको लक्षण हेरी यस्तो मानिस दीर्घायु तथा यशस्वी आदि हुन्छ भनी जान्ने विद्या ।

११ 'निमित्तविद्या' भनेको बाहिरको कुनै कारणलाई देखेर त्यसअनुसार भन्ने विद्या, जस्तै – पण्डराजाले तीनवटा मोती मुट्ठीमा राखी निमित्तविद्या जान्नेसँग सोधे – 'मेरा हातमा के छ ?' उसले यताउति हेर्दा एउटा माकुराले भिंगा समात्छु भनी दगुरेर जाँदा भिंगा मुक्त भएर गयो । यो देखेर उसले 'मुक्ता=मोती' भनी भन्यो । फेरि राजाले 'कतिवटा छ त ?' भनी सोधे । फेरि यताउति हेर्दा उसले नगिचमा तीनचोटि कुखुरा बासेको सुनेर 'तीनवटा' भनी भन्यो । यस्तोलाई 'निमित्तविद्या' भनिएको हो ।

१२ 'उत्पादविद्या' भनेको बिजुली चम्केर वज्र खसेको देखेर यसबाट यस्तो हुनेछ भनी जान्ने विद्या ।

१३ 'स्वप्नविद्या' भनेको फलानो-फलानो समयमा यस्तो-यस्तो स्वप्न देखेमा यस्तो-यस्तो हुनेछ भन्ने विद्या ।

१४ 'लक्षणविद्या' भनेको यस्तो-यस्तो लक्षणले युक्त हुने राजा हुन्छ अथवा उपराजा हुन्छ भनी भन्ने विद्या ।

१५ कुनै वस्तु वा वस्त्र मुसाले कोतरेको देखेर यसबाट यस्तो-यस्तो हुन सक्छ भनी भनिने विद्या ।

१६ यस्तो-यस्तो किसिमको काठले होम गर्दा यस्तो-यस्तो फल पाइन्छ भन्ने विद्या ।

१७ 'मुखहोम' भनेको मुखमा राखेको अन्न आदि यज्ञशालामा थुकेर गरिने होम । अथवा मन्त्रको उच्चारण गरी गरिने होम ।

१८ दाहिने काँधतिरको रगतले गरिने होम ।

१९ शरीरको अङ्ग अङ्ग हेरी यस्तो मानिसको यस्तो भाग्य आदि हुन्छ भन्ने विद्या ।

२० घरबारीको माटो हेरेर गुणदोष विचार गर्ने विद्या ।

२१ मसानमा बसेर अघोरमन्त्रसाधन गर्ने विद्या ।

२२ ठूलो घरमा बस्नेहरूले पढ्नु पर्ने विद्या ।

२३ सर्पले टोकेकोलाई निको पार्ने मन्त्रविद्या ।

२४ पुरानो विषलाई भिक्नसक्ने र नयाँ विषलाई थप्नसक्ने विद्या ।

२५ प्वाँख भएका र प्वाँख नभएका तथा दुई खुट्टा र चार खुट्टा भएका पशुपंक्षीहरूको आवाज र उडाइ हेरेर पशुपंक्षी चिन्नसक्ने विद्या ।

२६ काग कराएको आवाज सुनेर यस्तो-यस्तो हुन्छ भन्ने विद्या ।

२७ यो यति बाँच्नेछ, यो यति बाँच्नेछ भनी भन्न सक्ने विद्या ।

२८ आफूतिर आएको बाणलाई फर्काउन सक्ने विद्या ।

Downloaded from http://www.dhamma.digital

'श्रमण गौतम यस्ता तिरश्चीन विद्याबाट अलग रहन्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्‌जनले यसरी वर्णन गर्छ ।"

२२. "'जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी तिरश्चीन विद्याद्वारा मिथ्या जीविका गर्छन्, जस्तै– मणिलक्षण, वस्त्रलक्षण, दण्डलक्षण, शस्त्रलक्षण, तरबारलक्षण, तीरलक्षण, धनुषलक्षण, आयुधलक्षण, स्त्रीलक्षण, पुरुषलक्षण, कुमारलक्षण, कुमारीलक्षण, दासलक्षण, दासीलक्षण, हस्ति *(हात्ती)* लक्षण, अश्व *(घोडा)* लक्षण, भैंसीलक्षण, सांढेलक्षण, गाईलक्षण, बोकालक्षण, भेडालक्षण, कुखुरालक्षण, बट्टाईलक्षण, गोहीलक्षण, कर्णिका *(कानको गहना)* लक्षण, कछुवालक्षण र मृग *(जनावर)* लक्षण आदि । श्रमण गौतम यस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीविकाबाट अलग रहन्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्‌जनले यसरी वर्णन गर्छ ।"

२३. "'जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी तिरश्चीन विद्याद्वारा मिथ्या जीविका गर्छन्, जस्तै– फलानो बेलामा राजा बाहिर निस्कन हुन्छ । फलाना बेलामा राजा फर्कनु पर्छ । भित्रका राजा अगाडि बढ्नुपर्छ । बाहिरका राजा पछाडि हटेर जानुपर्छ । भित्रका राजाको जय हुनेछ । बाहिरका राजाको पराजय हुनेछ । बाहिरका राजाको जय हुनेछ र भित्रका राजाको पराजय हुनेछ । यसरी यसको जय हुनेछ र यसको पराजय हुनेछ आदि । श्रमण गौतम यस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीविकाबाट अलग रहन्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्‌जनले यसरी वर्णन गर्छ ।"

२४. "'जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी तिरश्चीन विद्याद्वारा मिथ्या जीविका गर्छन्, जस्तै - चन्द्रग्रहण हुनेछ, सूर्यग्रहण हुनेछ, नक्षत्र ग्रहण हुनेछ, चन्द्रसूर्यहरू आ-आफ्ना बाटामा रहनेछन्, चन्द्रसूर्यहरू आ-आफ्ना बाटा छाडेर अर्को बाटामा लाग्नेछन् । नक्षत्रहरू आ-आफ्ना बाटामा रहनेछन् । नक्षत्रहरू आ-आफ्ना बाटा छाडेर अर्को बाटामा लाग्नेछन् । उल्कापात हुनेछ, दिशादाह हुनेछ । भूकम्प हुनेछ । सुक्खा बादल गर्जिनेछ । चन्द्रसूर्य नक्षत्रहरूको उदय, अस्त, मलिन तथा परिशुद्ध हुनेछ । यो चन्द्र ग्रहणबाट यस्तो फल हुनेछ । यो सूर्यग्रहणबाट यस्तो फल हुनेछ । यो नक्षत्रग्रहणबाट यस्तो फल हुनेछ । यी चन्द्रसूर्यहरू आ-आफ्ना बाटोमा रहनाको फल यस्तो हुनेछ । यी नक्षत्रहरू आ-आफ्ना बाटा छाडी अर्को बाटोमा लाग्नाको फल यस्तो हुनेछ । यी चन्द्रसूर्यहरू आ-आफ्ना बाटा छाडेर अर्को बाटोमा लाग्नाको फल यस्तो हुनेछ । यी नक्षत्रहरू आ-आफ्ना बाटा छाडी अर्को बाटोमा लाग्नाको फल यस्तो हुनेछ । यी नक्षत्रहरू आ-आफ्ना बाटामा रहनाको फल यस्तो हुनेछ । यी उल्कापातको फल यस्तो हुनेछ । यो दिशादाहको फल यस्तो हुनेछ । यो भूकम्पको फल यस्तो हुनेछ । यो सुक्खा बादल गर्जनाको फल यस्तो हुनेछ । यी चन्द्रसूर्य नक्षत्रहरूको उदय, अस्त, मलिन तथा परिशुद्ध हुनाको फल यस्तो हुनेछ आदि, आदि । श्रमण गौतम यस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीविकाबाट दूर रहन्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्‌जनले यसरी वर्णन गर्छ ।"

२५ "'जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी तिरश्चीन विद्याद्वारा मिथ्या जीविका गर्छन् । जस्तै – सुवृष्टि हुनेछ, दुर्वृष्टि हुनेछ । सुभिक्ष हुनेछ, दुर्भिक्ष हुनेछ । निर्भय हुनेछ, भय हुनेछ । रोग हुनेछ, निरोग हुनेछ । हस्तमुद्रा, गणनविद्या, संख्यानविद्या[३०], कवितापाठ र वितण्डवाद *(लोकायत)* आदि । श्रमण गौतम यस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीविकाबाट दूर रहन्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्‌जनले यसरी वर्णन गर्छ ।

---

२९ पशुपंक्षीहरूको आवाज सुनेर सबै पशुपंक्षीहरू चिन्नसक्ने विद्या ।

३० यो विद्या जान्नेले कुनै रूख देख्दा 'यस रूखमा यति पातहरू छन्' भन्ने कुरा भन्न सक्छ ।

Downloaded from http://www.dhamma.digital

२६ "'जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी तिरश्चीन विद्याद्वारा मिथ्या जीविका गर्छन् । जस्तै–आवाह *(कन्या ल्याउने),* विवाह *(कन्या दिने)* गर्नका लागि साइत बताउने, उधारो उठाउने र दुर्भाग्य बताउने । गर्भपुष्टि गर्ने, मन्त्रबलले जिब्रो बाँध्ने, मन्त्रबलले चिउँडो बाँध्ने, मन्त्रबलले अर्काको हात उल्टाइदिने, मन्त्रबलले चिउँडो नचल्ने गराइदिने, मन्त्रबलले बहिरो गराइदिने । ऐनामा देवता बोलाई प्रश्न सोध्ने । कुमारीको शरीरमा देवता प्रवेश गराई प्रश्न सोध्ने । देवदासीको शरीरमा देवता प्रवेश गराई प्रश्न सोध्ने । जीविकाका लागि सूर्य र महाब्रह्माको पूजा गर्ने । मुखबाट अग्निज्वाला निकाल्ने । श्रीको आव्हान गर्ने आदि आदि । श्रमण गौतम यस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीविकाबाट दूर रहन्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।

२७ "'जस्तै कुनै-कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन गरेर यसरी तिरश्चीन विद्याद्वारा मिथ्या जीविका गर्छन्, जस्तै– शान्तिकर्म[३१], प्रणिधिकर्म[३२], भूतकर्म, भूरिकर्म[३३], पुरुषलाई नपुंसक बनाउने कर्म, नपुंसकलाई पुरुष बनाउने कर्म, भूरिकर्म, भूमिपरिकर्म, आचमनकर्म, स्नान *(नुहाउने)* कर्म, होमकर्म, बान्ता गराउने कर्म, विरेचन कर्म, उर्ध्वविरेचन कर्म, अधोविरेचन कर्म, शीर्षविरेचन कर्म, कानको तेल बनाउने कर्म, नेत्र तर्पण तेल बनाउने कर्म, नस हाल्ने कर्म, अञ्जन कर्म, शीतल अञ्जन दिने कर्म, शस्त्र-अस्त्रद्वारा गरिने *(चिरफार)* कर्म, शल्यचिकित्सा कर्म, बालचिकित्सा कर्म, जडीबुटीबाट औषधी दिने कर्म, क्षार औषधीको प्रभाव मेट्ने औषधी दिने कर्म आदि आदि । श्रमण गौतम यस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीविकाबाट दूर रहन्छ ।' भिक्षु हो ! तथागतको वर्णन गर्ने पृथक्जनले यसरी वर्णन गर्छ ।

"भिक्षु हो ! जुन त्यो पृथक्जनले तथागतको वर्णन गर्छ, त्यो थोरै मात्र हो, लघु मात्र हो, शील मात्र हो ।

**महाशील समाप्त**

# ३. मिथ्यादृष्टिस्थान

## बैसट्ठी दार्शनिक मतहरू

२८. "भिक्षु हो ! अर्कै धर्महरू पनि छन्[३४]– जो गम्भीर, दुर्दर्शनीय, दुरनुबोध *(बुझ्न अति गाह्रो),* शान्त, प्रणीत, अतर्कावचर, निपुण तथा पण्डितवेदनीय छन्, जसलाई तथागतले स्वयं अभिज्ञाद्वारा

३१ 'शान्तिकर्म' भनेको भाकल गर्ने काम ।

३२ 'प्रणिधिकर्म' भनेको उपर्युक्त प्रकारले प्रार्थना गरेको काम सिद्ध भएपछि भाकल गरेबमोजिम पूरा गर्ने काम ।

३३ सिंकेको मन्त्र घरमै बसी अभ्यास गर्ने काम ।

३४ यतिञ्जेलसम्म सुप्पिय परिव्राजकका शिष्य ब्रह्मदत्त जस्ताले गर्ने बुद्धवर्णनका कुराहरू भनिएका हुन् । यहाँदेखि अगाडिका कुराहरूचाहिं भिक्षुहरूद्वारा गरिने वर्णनका कुरा सुनाउँदै "भिक्षु हो ! अर्कै धर्महरू पनि छन् …" भनी शून्यताको कुरामा प्रकाश पार्न यस्ता कुरा भन्नुभएको हो ।

Downloaded from http://www.dhamma.digital

साक्षात्कार गरी बताउनुहुन्छ र जसलाई तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्छन् । भिक्षु हो ! ती कुनचाहिं धर्महरू हुन् त, जो गम्भीर, दुर्दर्शनीय, दुरनुबोध, शान्त, प्रणीत, अतर्कावचर, निपुण तथा पण्डितवेदनीय छन् तथा जसलाई तथागतले स्वयं अभिज्ञाद्वारा साक्षात्कार गर्नुभएको छ, जसलाई तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्छन् ?

## (क) १८ प्रकारका पूर्वान्त सम्बन्धमा धारणाहरू

२९. "भिक्षु हो ! पूर्वान्तको[३५] सम्बन्धमा कल्पना *(पुब्बानाकप्पिका)* गर्ने, पूर्वान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन् जो अठार (१८) कारणहरूद्वारा पूर्वान्तका सम्बन्धमा अनेक प्रकारका विचार *(अधिमुत्तिपदानि)* प्रकट गर्छन् । कुन कारणले, कुन आधारमा ती भद्र श्रमण ब्राह्मण १८ कारणहरूद्वारा पूर्वान्तका सम्बन्धमा अनेक प्रकारका विचार प्रकट गर्छन् त ?

## (१) शाश्वतवादको पहिलो सिद्धान्त

३०. "भिक्षु हो ! चार कारणले केही शाश्वतवादी *(नित्यवादी)* श्रमण ब्राह्मणहरू आफूलाई *(आत्मालाई)* र लोकलाई शाश्वत *(नित्य)* भनी भन्छन् । के कारणले, के आधारमा ती भद्र शाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई शाश्वत भन्छन् ?

३१. "भिक्षु हो ! यहाँ केही श्रमण वा ब्राह्मण आतप्त गरी, वीर्य गरी, मेहनत गरी, स्मृति राखी तथा राम्ररी मनमा राखी त्यस प्रकारको चित्त समाधि प्राप्त गर्छन्, जुन समाहित चित्त परिशुद्ध, स्वच्छ, निर्मल तथा क्लेशरहित भएपछि उनीहरूले अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छन्, जस्तै– 'एक जन्मको कुरा, दुई जन्मको कुरा, तीन जन्मको कुरा, चार जन्मको कुरा, पाँच जन्मको कुरा, दस जन्मको कुरा, बीस जन्मको कुरा, तीस जन्मको कुरा, चालीस जन्मको कुरा, पचास जन्मको कुरा, सय जन्मको कुरा, हजार जन्मको कुरा, सय हजार जन्मको कुरा । अमुक स्थानमा थियौं, यस्तो नाम, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार-पान, यस्तो सुख दुःख भोग गर्ने र यति आयु थियो । अनि त्यहाँबाट च्युत भई अमुक ठाउँमा जन्म्यौं । त्यहाँ पनि यस्तो नाम, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार-पान, यस्तो सुख दुःख भोग गर्ने र यति आयु थियो । सो त्यहाँबाट च्युत भई यहाँ जन्म्यौं ।' यसरी आकारसहित, उद्देश्य *(नाम र गोत्र)* सहित अनेक प्रकारले पूर्वजन्मका कुराहरूको अनुस्मरण गर्छन् ।

"अनि उनीहरू *(यसै ध्यानलाई सम्झेर)* यस्तो भन्छन् – 'आफू *(आत्मा)* पनि, लोक पनि शाश्वत[३६] हो । कसैबाट उत्पन्न भएको होइन *(वज्झो)*, पर्वत जस्तै स्थिर *(कूटट्ठो)* र स्तम्भ जस्तै अचल

---

३५ यहाँ 'पूर्वान्त' भनेको अघिको, भूतकालको भनिएको हो । 'पूर्वान्त' शब्दको अर्थमा प्रकाश पार्दै अर्थकथाहरूले यसरी उल्लेख गरेका छन् -
'पूब्बन्तन्ति पुरिमकोट्ठासं' भनी पपं. सू. II पृ २५७ महातण्हासंखयसुत्तवण्णनाले उल्लेख गरेको छ ।
'पुब्बन्तो वुच्चति अतीतानि खन्ध-धातायतनानि' भनी धम्म, सं. पृ. २८३ तिकनिद्देसले उल्लेख गरेको छ ।
'पुब्बन्त वुच्चति अतीतो अद्धा' भनी महा.नि.पृ. १७७ पुराभेदसुत्तनिद्देसले उल्लेख गरेको छ ।
'पुब्बन्तं कप्पेत्वा विकप्पेत्वा गहण्तीति पुब्बमाकप्पिका । पुब्बन्तकप्पो वा एतेसं अत्थीति पुब्बन्तकप्पिकां भनी सुमं. वि. I पृ. १२१ ब्रह्मजालसुत्तवण्णनाले उल्लेख गरेको छ ।

३६ रूपादिमध्ये कुनै स्कन्धलाई आत्मा पनि लोक पनि भनी ग्रहण गरेर त्यो नित्य *(शाश्वत)* हो, ध्रुव हो भनी भन्छन् ।

Downloaded from http://www.dhamma.digital

छ । ती सत्त्वहरू यताउता दगुर्छन्, चल्छन्, च्युत हुन्छन् र उत्पन्न पनि हुन्छन्[३७], शाश्वतता पनि रहिरहन्छ ।' किनभने ? हामी आतप्त गरी, ··· तथा राम्ररी मनमा राखी त्यसप्रकारको चित्त समाधि प्राप्त गर्छौं, जुन समाहित चित्त हुँदा अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्छौं । जस्तै – 'एक जन्मको कुरा, दुई जन्मको कुरा ··· *(पूर्ववत्)* ··· । यसरी आकारसहित, उद्देश्यसहित अनेक प्रकारले पूर्वजन्मका कुरा संस्मरण गर्छौं । त्यही कारणद्वारा पनि हामी यो जान्दछौं कि आत्मा र लोक शाश्वत *(नित्य)* हो । कसैबाट उत्पन्न भएको होइन, पर्वत जस्तै स्थिर र स्तम्भ जस्तै अचल छ । ती सत्त्वहरू यताउता दगुर्छन्, चल्छन्, च्युत हुन्छन् र उत्पन्न पनि हुन्छन् । शाश्वतता पनि रहिरहन्छ ।' भिक्षु हो ! यो पहिलो स्थान हो जसको कारणले, जसको आधारमा केही शाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई शाश्वत *(नित्य)* हो भनी भन्छन् ।

## (२) शाश्वतवादको दोस्रो सिद्धान्त

३२. "कुन दोस्रो कारणले, कुन दोस्रो आधारमा ती भद्र शाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई शाश्वत भन्छन् त ? भिक्षु हो ! यहाँ केही श्रमण वा ब्राह्मण आतप्त गरी, ··· त्यस प्रकारको चित्त समाधि प्राप्त गर्छन्, जुन समाहित चित्त परिशुद्ध, ··· भएपछि उनीहरूले अनेक प्रकारका पूर्वजन्मका कुराहरूको अनुस्मरण गर्छन्, जस्तै–एक संवर्त *(प्रलय)* कल्प, दुई संवर्त कल्प, तीन संवर्त कल्प, चार संवर्त कल्प, पाँच संवर्त कल्प, दस संवर्त कल्प, 'अमुक स्थानमा थियौं, यस्तो नाम, यस्तो गोत्र, यस्तो वर्ण, आहार-पान, यस्तो सुख दुःख भोग गर्ने र यति आयु थियो । अनि त्यहाँबाट च्युत भई अमुक ठाउँमा जन्म्यौं । त्यहाँ पनि यस्तो नाम, यस्तो गोत्र ··· यति आयु थियो । सो त्यहाँबाट च्युत भई यहाँ जन्म्यौं ।' यसरी आकारसहित ··· पूर्वजन्मका कुराहरूको अनुस्मरण गर्छन् ।

"अनि उनीहरू यस्तो भन्छन्–'आफू पनि, लोक पनि शाश्वत हो । ··· [३८] ।' किनभने हामी आतप्त गरी, ··· तथा राम्ररी मनमा राखी यस प्रकारको चित्त समाधि प्राप्त गर्छौं, जुन समाहित चित्त हुँदा अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्छौं, जस्तै -'एक संवर्त कल्प, ··· सो त्यहाँबाट च्युत भई यहाँ जन्म्यौं ।' यसरी आकारसहित ··· अनेक प्रकारले पूर्वजन्मका कुराको संस्मरण गर्छौं । यसकारणबाट पनि हामी यो जान्दछौं कि आत्मा र लोक शाश्वत हो । कसैबाट उत्पन्न भएको होइन, पर्वतजस्तै स्थिर र स्तम्भजस्तै अचल छ । ती सत्त्वहरू यताउता दगुर्छन्, चल्छन्, च्युत हुन्छन् र उत्पन्न पनि हुन्छन् । शाश्वतता पनि रहिरहन्छ ।' भिक्षु हो ! यो दोस्रो स्थान हो, जसको कारणले, जसको आधारमा केही शाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई शाश्वत हो भनी भन्छन् ।

## (३) शाश्वतवादको तेस्रो सिद्धान्त

३३. "कुन तेस्रो कारणले, कुन तेस्रो आधारमा शाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई शाश्वत भन्दछन् त ? भिक्षु हो ! यहाँ केही श्रमण वा ब्राह्मण आतप्त गरी ··· त्यसप्रकारको चित्त समाधि प्राप्त गर्छन्, जुन समाहित चित्त परिशुद्ध ··· भएपछि उनीहरू अनेक प्रकारका पूर्वजन्मका

---

३७ 'कल्पनाद्वारा मात्र अचल छ' भनी भनिएको हुँदा अहिले फेरि आफ्नै कुराको खण्डन हुने गरी यहाँ 'चल्छन्, च्युत हुन्छन्' आदि भन्छन् ।

३८ माथि 'शाश्वत हो' भन्ने ठाउँबाट 'शाश्वतता पनि रहिरहन्छ' भन्ने ठाउँसम्मको बीचको कुरा दोहऱ्याउनु होला ।

Downloaded from http://www.dhamma.digital

कुराहरू अनुस्मरण गर्छन् । जस्तै – दस संवर्त कल्प, बीस संवर्त कल्प, तीस संवर्त कल्प, चालीस संवर्त कल्प: 'अमुक स्थानमा थियौं', यस्तो नाम, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार-पान, यस्तो सुख दुःख भोग गर्ने र यति आयु थियो । अनि त्यहाँबाट च्युत भई अमुक ठाउँमा जन्म्यौं । त्यहाँ पनि यस्तो नाम, यस्तो गोत्र, ··· यति आयु थियो । सो त्यहाँबाट च्युत भई यहाँ जन्म्यौं ।' यसरी आकारसहित ··· पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छन् ।

"अनि उनीहरू यस्तो भन्छन् – 'आफू पनि र लोक पनि शाश्वत हो ··· ।' किनभने, 'हामी आतप्त गरी, ··· तथा राम्ररी मनमा राखी यस प्रकारको चित्त समाधि प्राप्त गर्छौं, जुन समाहित चित्त हुँदा अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्छौं जस्तै – 'दस संवर्त कल्प, बीस संवर्त कल्प, ··· चालीस संवर्त कल्प । सो त्यहाँबाट च्युत भई यहाँ जन्म्यौं ।' यसरी आकारसहित ··· अनेक प्रकारले पूर्वजन्मका कुरा संस्मरण गर्छौं । यसकारणद्वारा पनि हामी यो जान्दछौ कि 'आत्मा र लोक शाश्वत हो । कसैबाट उत्पन्न भएको होइन, पर्वतजस्तै स्थिर र स्तम्भजस्तै अचल छ । ··· शाश्वतता पनि रहिरहन्छ ।' भिक्षु हो ! यो तेस्रो स्थान हो, जसको कारणले, जसको आधारमा केही शाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई शाश्वत हो भनी भन्छन् ।

## (४) शाश्वतवादको चौथो सिद्धान्त

३४. "कुन चौथो कारणले, कुन चौथो आधारमा शाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई शाश्वत भन्दछन् त ? भिक्षु हो ! यहाँ केही श्रमण वा ब्राह्मण तार्किक र विमर्शी हुन्छन् । उनीहरू तर्कको आधारमा, विमर्शनको आधारमा आफूले जानेर यस्तो भन्छन्–'आफू पनि लोक पनि शाश्वत हो । कसैबाट उत्पन्न भएको होइन । पर्वतजस्तै स्थिर र स्तम्भजस्तै अचल छ । ती सत्त्वहरू यताउता दगुर्छन्, चल्छन्, च्युत हुन्छन् र उत्पन्न पनि हुन्छन् । शाश्वतता पनि रहिरहन्छ ।' भिक्षु हो ! यो चौथो स्थान हो, जसको कारणले, जसको आधारमा केही शाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई शाश्वत हो भनी भन्छन् ।

३५. "भिक्षु हो ! यी ती शाश्वतवादी श्रमण ब्राह्मणहरू हुन्, जो आत्मा र लोकलाई शाश्वत *(नित्य)* भनी भन्छन् । भिक्षु हो ! जो ती शाश्वतवादी श्रमण ब्राह्मणहरू हुन्, उनीहरू सबै यिनै चार कारणहरूले अथवा यीमध्ये एक कारणले आत्मा र लोकलाई शाश्वत हो भनी भन्छन् । यसभन्दा बाहिर अन्य कारण छैन ।

३६. "भिक्षु हो ! तथागत यो जान्दछन् कि–'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्, यसरी परामर्श गरेका छन् र *(उनीहरूको)* यस्तो गति र सम्पराय *(मृत्यु पछिको गति)* हुन्छ ।' त्यसलाई पनि तथागत जान्दछन् र सो भन्दा माथिका पनि जान्दछन् । त्यो ज्ञानलाई परामर्श पनि गर्दैनन्[३९] । भिक्षु हो ! परामर्श नगर्नाले त्यसबाट *(परामर्श गर्दा हुने क्लेशबाट)* निवृत्ति भएको कुरा पनि आफैले अवबोध गर्छ । वेदनाको समुदय पनि अस्तगमन पनि आस्वाद पनि दुष्परिणाम पनि मुक्ति निःशरण पनि यथार्थतः अवबोध गरी उपादानरहित तथागत विमुक्त छ ।

३९ "अविद्याको कारणले वेदना, ··· तृष्णाको कारणले वेदना, ··· कर्मको कारणले वेदना, ··· स्पर्शको कारणले वेदना ···"

Downloaded from http://www.dhamma.digital

३७. "भिक्षु हो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, दुरनुबोध, शान्त, प्रणीत, अतर्कावचर, निपुण तथा पण्डितवेदनीय छन् तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउँछ। जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ।

**प्रथम भाणबार समाप्त।**

## (५) केही शाश्वत र अशाश्वतवादको पहिलो सिद्धान्त

३८. "भिक्षु हो ! केही शाश्वत र केही अशाश्वतवादी *(आंशिक शाश्वतवादी)* श्रमण ब्राह्मणहरू चार कारणले आफूलाई र लोकलाई केही शाश्वत र केही अशाश्वत भन्दछन्। कुन चार कारणले र कुन चार आधारमा ती भद्र श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई केही शाश्वत र केही अशाश्वत भन्दछन् त ?"

३९. "भिक्षु हो ! यस्तो समय पनि हुन्छ कि जो कुनै समयपछि धेरै समयपछि यो लोक प्रलय *(संवट्ट)* हुन्छ। प्रलय भएपछि धेरैजसो प्राणीहरू आभास्वर लोकवासी हुन्छन्। तिनीहरू त्यहाँ मनोमय, प्रीतिभक्षी, स्वयंप्रभा, अन्तरीक्षचारी तथा शुभस्थायी[४०] हुन्छन् र धेरै समयसम्म रहन्छन्।"

४०. "भिक्षु हो ! यस्तो समय पनि आउँछ कि जो कुनै समयपछि धेरै समयपछि यो लोक विवृत्त *(विवट्ट)* हुन्छ। लोक विवृत्त भएपछि शून्य ब्रह्मविमान प्रादुर्भाव हुन्छ। अनि कुनै आयुक्षय वा पुण्यक्षय भएको प्राणी आभास्वर लोकबाट च्युत भई शून्य ब्रह्मविमानमा उत्पन्न हुन्छ। ऊ त्यहाँ मनोमय, प्रीतिभक्षी, स्वयंप्रभा, अन्तरिक्षचारी तथा शुभस्थायी हुन्छ र धेरै समयसम्म रहन्छ।

४१. "त्यहाँ धेरै समयसम्म एक्लो रहँदा उसमा अनभिरति *(उदासीनता)* हुन्छ, त्रास हुन्छ। *(अनि उसले यस्तो सोच्दछ)*– 'अहो ! अरू प्राणीहरू पनि यहाँ आए हुन्थ्यो।' अनि अरू पनि आयुक्षय वा पुण्यक्षय भएका प्राणीहरू आभस्वर लोकबाट च्युत भई त्यो प्राणी भएको शून्य ब्रह्मविमानमा उत्पन्न हुन्छन्। उनीहरू पनि त्यहाँ मनोमय, प्रीतिभक्षी, स्वयंप्रभा, अन्तरिक्षचारी तथा शुभस्थायी हुन्छन् र धेरै समयसम्म रहन्छन्।

४२. "भिक्षु हो ! त्यहाँ जुन प्राणी पहिले उत्पन्न भयो उसलाई यस्तो लाग्छ–'म नै ब्रह्मा, महाब्रह्मा, जेष्ठ, अकनिष्ठ, सर्वदर्शी, वशवर्ती, *(सबैलाई वशमा राख्ने)*, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, विभाजनकर्ता[४१] वशी *(स्वामी)*, भूत र भविष्यका प्राणीहरूका पिता, मैले यी प्राणीहरूलाई निर्माण गरें।' किनभने, मलाई नै पहिले यस्तो लागेको थियो -'अहा ! अरू प्राणीहरू पनि यहाँ आए हुन्थ्यो।' मेरो मनः प्रणिधिद्वारा नै यी प्राणीहरू यहाँ आएका हुन्।

"जो ती प्राणीहरू त्यहाँ पाछि उत्पन्न भए। उनीहरूलाई पनि यस्तो लाग्छ–'यी ब्रह्मा, महाब्रह्मा, जेष्ठ, अकनिष्ठ, सर्वदर्शी, वशवर्ती, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, विभाजनकर्ता, वशी, भूत

---

४० राम्रो उद्यान र कल्पवृक्षमा बस्छन् भनिएको हो।

४१ तिमी क्षत्री हौ, तिमी ब्राह्मण हौ, तिमी वैश्य हौ, गृहस्थी हौ, प्रव्रजित हौ। तिमी उँट हौ, गाई हौ, आदि प्रकारले प्राणीहरूलाई विभाजित गर्ने हुँ भनी ऊ ठान्दछ।

Downloaded from http://www.dhamma.digital

भविष्यका प्राणीहरूका पिता हुन् । यिनै ब्रह्माबाट हामीहरूको निर्माण भएको हो । किनभने, यिनैलाई सर्वप्रथम यहाँ उत्पन्न भएको हामीले देख्यौं । हामी पछि उत्पन्न भएका हौं ।

४३. "भिक्षु हो ! जुन प्राणी त्यहाँ पहिले उत्पन्न भए, तिनीहरू बढी दीर्घायु पनि हुन्छन्, बढी वर्णवान् पनि हुन्छन् र बढी शक्तिशाली पनि हुन्छन् । जुन प्राणीहरू त्यहाँ पछि उत्पन्न भए, तिनीहरू कम आयुका हुन्छन्, दुर्वर्णी पनि हुन्छन् र कम शक्तिशाली पनि हुन्छन् ।"

४४. "भिक्षु हो ! कुनै प्राणी त्यस लोकबाट च्युत भई यस आत्मभाव *(मनुष्य जन्म)* मा उत्पन्न हुन सक्छ । यस लोकमा आई घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ । घरबार छाडी प्रव्रजित भई आतप्त गरी वीर्य गरी अनुयोग गरी सम्यक् रूपले मनमा राखी त्यस प्रकारको चित्त समाधि प्राप्त गर्छ, जुन समाधिमा समाधिस्थ हुँदा *(अन्तिम)* पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ । त्यसभन्दा अघिका अनुस्मरण गर्न सक्दैन ।" अनि ऊ यस्तो भन्छ–'जो ती ब्रह्मा, महाब्रह्मा, ··· जसले हामीलाई निर्मित गरे, उनी नित्य, ध्रुव, शाश्वत, अपरिवर्तनीय तथा सधैंभरि त्यस्तै रहिरहन्छन् । जो हामीहरू ती ब्रह्माद्वारा निर्मित भएका छौं, ती हामीहरू अनित्य, अध्रुव, अल्पायु तथा च्युत हुने स्वभावका भई यस आत्मभावमा आयौं ।' भिक्षु हो ! यही पहिलो स्थान हो, जसको कारणले, जसको आधारमा केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई केही शाश्वत र केही अशाश्वत भनी भन्छन् ।"

## (६) केही शाश्वत र अशाश्वतवादको दोस्रो सिद्धान्त

४५. "कुन दोस्रो कारणले, कुन दोस्रो आधारमा केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई केही शाश्वत र केही अशाश्वत भन्दछन् त ?" भिक्षु हो ! क्रीडाप्रदूषिक *(खिड्डापदोपसिका)* भन्ने देवताहरू छन् । उनीहरू धेरै बेरसम्म हाँसेर क्रीडा गरी बस्छन् । धेरै बेरसम्म हाँसेर क्रीडा गरी बस्दा उनीहरूको होस रहन्न । होस नरहँदा ती देवताहरू त्यस कायबाट च्युत हुन्छन् ।"

४६. "भिक्षु हो ! कुनै प्राणी त्यस कायबाट च्युत भई यस आत्मभावमा उत्पन्न हुन सक्छ । यस लोकमा आई घरबाट छाडी अनगारिक भई प्रव्रजित हुन्छ । घरबार छाडी प्रव्रजित भई आतप्त गरी ··· *(अन्तिम)* पूर्वजन्मका कुराहरूको अनुस्मरण गर्छ । त्यसभन्दा अघिको अनुस्मरण गर्न सक्दैन ।" अनि ऊ यस्तो भन्छ–'जो ती भद्र देवताहरू क्रीडाप्रदूषिक हुन्नन्, उनीहरू धेरै बेरसम्म हाँसेर क्रीडा गरी बस्दैनन् । हाँसेर क्रीडा नगर्ने तिनीहरूको स्मृति थातमा रहन्छ । स्मृति थातमा रहनाले ती देवताहरू त्यस कायबाट च्युत हुन्नन् । नित्य, ध्रुव, शाश्वत तथा अपरिवर्तनीय भई सँधैं भरि त्यसै रहिरहन्छन् । जो हामीहरू क्रीडाप्रदूषिक भयौं, ती हामीहरू धेरै बेरसम्म हाँसेर क्रीडा गरी बस्यौं । धेरैबेरसम्म हाँसेर क्रीडामा लागिरहेका हामीहरूको होस थातमा रहेन । होस थातमा नरहनाको कारणले गर्दा हामीहरू त्यस कायबाट च्युत भई अनित्य, अध्रुव र अल्पायुक भई च्युत भएर यहाँ आयौं ।' भिक्षु हो ! यही दोस्रो स्थान हो । जसको कारणले, जसको आधारमा केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई केही शाश्वत र केही अशाश्वत भनी भन्छन् ।

## (७) केही शाश्वत र अशाश्वतवादको तेस्रो सिद्धान्त

४७. "कुन तेस्रो कारणले, कुन तेस्रो आधारमा केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई केही शाश्वत र केही अशाश्वत भन्छन् त ?" भिक्षु हो ! मनःप्रदूषिक

Downloaded from http://www.dhamma.digital

भन्ने देवताहरू छन् । उनीहरू धेरै बेरसम्म परस्परमा चासो राख्छन् । धेरै बेरसम्म परस्पर चासो राखिरहँदा उनीहरूको चित्त बिग्रन्छ । परस्पर चासो राखिरहँदा उनीहरूको काय र चित्त थाक्छ । अनि ती देवताहरू त्यस कायबाट च्युत हुन्छन् ।

४८. "भिक्षु हो ! कुनै प्राणी त्यस कायबाट च्युत भई यस आत्मभावमा उत्पन्न हुन सक्छ । यस लोकमा आई घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ । घरबार छाडी प्रव्रजित भई आतप्त गरी ··· *(अन्तिम)* पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ । त्यसभन्दा अधिको अनुस्मरण गर्न सक्दैन । अनि ऊ यस्तो भन्छ–'जो ती भद्र मनःप्रदूषिक हुन्, उनीहरू धेरै बेरसम्म परस्परमा चासो राख्दैनन् । धेरै बेरसम्म परस्परमा चासो नराख्नाले परस्पर चित्त बिग्रँदैन । परस्परमा चित्त नबिग्रनाले काय र चित्त थाकी त्यस कायबाट च्युत हुन्न । नित्य, ध्रुव, शाश्वत तथा अपरिवर्तनीय भई सधैंभरि त्यसै रहिरहन्छ । जो हामीहरू मनःप्रदूषिक भयौं, ती हामीहरूले धेरै बेरसम्म परस्पर चासो राख्यौं । धेरै बेरसम्म परस्पर चासो राखेकोले हामीहरूको चित्त दूषित भयो । दूषित चित्त भएका हामीहरूको काय र चित्त थाकी त्यस कायबाट च्युत भई अनित्य, अध्रुव र अल्पायु भई च्युत भएर यहाँ आयौं ।' भिक्षु हो ! यही तेस्रो स्थान हो, जसको कारणले, जसको आधारमा केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई केही शाश्वत र केही अशाश्वत भनी भन्छन् ।

## (८) केही शाश्वत र अशाश्वतवादको चौथो सिद्धान्त

४९. "कुन चौथो कारणले, कुन चौथो आधारमा केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई केही शाश्वत र केही अशाश्वत भन्छन् त ?" भिक्षु हो ! यहाँ केही श्रमण वा ब्राह्मण तार्किक र विमर्शी हुन्छन् । उनीहरू तर्कको आधारमा, विमर्शनको आधारमा आफ्नो ज्ञानको आधारमा यस्तो भन्छन्–'जो यो चक्षु भनी भनिन्छ, ··· श्रोत ······ घ्राण ······ जिह्वा ······ काय भनी भनिन्छ – यो आत्मा अनित्य, अध्रुव, अशाश्वत र परिवर्तनशील छ । जो यो चित्त वा मन वा विज्ञान भनी भनिन्छ – यो आत्मा नित्य, ध्रुव, शाश्वत र अपरिवर्तनशील छ र शाश्वतता पनि रहि रहन्छ ।' भिक्षु हो । यही चौथो स्थान हो, जसको कारणले, जसको आधारमा केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आत्मा र लोकलाई केही शाश्वत र केही अशाश्वत भनी भन्छन् ।

५०. "भिक्षु हो ! यी चार कारणले केही शाश्वत र केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई केही शाश्वत र केही अशाश्वत भन्दछन् ।" भिक्षु हो ! जो कोही श्रमण वा ब्राह्मण केही शाश्वत र केही अशाश्वतवादी छन्, ती सबैले चार कारणले अथवा यीमध्ये कुनै एक कारणले आत्मा र लोकलाई केही शाश्वत र केही अशाश्वत भनी भन्दछन् । यसभन्दा बाहिर अरू कारण छैन ।

५१. "भिक्षु हो ! तथागतले यो जान्दछ कि–'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्, यसरी परामर्श गरेका छन् र *(उनीहरूको)* यस्तो गति र सम्पराय हुन्छ,' त्यसलाई पनि तथागत जान्दछ र त्योभन्दा माथिको पनि जान्दछ । त्यो ज्ञानलाई परामर्श पनि गर्दैन । भिक्षु हो ! परामर्श नगर्नाले त्यसबाट *(परामर्श गर्दा हुने क्लेशबाट)* निवृत्त भएको कुरा पनि आफैंले अवबोध गर्छ । वेदनाको समुदय पनि अस्तगमन पनि आस्वाद पनि दुष्परिणाम पनि मुक्ति पनि यथार्थतः अवबोध गरी उपादानरहित तथागत विमुक्त छ ।

Downloaded from http://www.dhamma.digital

५२. "भिक्षु हो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, दुरनुबोध, शान्त, प्रणीत, अतर्काबचर, निपुण तथा पण्डितवेदनीय छ । जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउँछ । जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थत: वर्णन गर्न सक्छ ।

## (९) अन्तानन्तवादको पहिलो सिद्धान्त

५३. "भिक्षु हो ! केही अन्तानन्तवादी *(अन्त र अनन्त भन्नेहरू)* श्रमण ब्राह्मणहरू चार कारणले अन्त भएको र अन्त नभएको भनी भन्छन् । कुन चार कारणले, कुन चार आधारमा ती भद्र अन्तानन्तवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त *(अन्त र अनन्त)* भन्दछन् त ?"

५४. "भिक्षु हो ! यहाँ केही श्रमण वा ब्राह्मण आतप्त गरी ··· [४२] प्रकारको चित्तसमाधि प्राप्त गर्छ जुन समाधिमा समाधिस्थ हुँदा 'लोक अन्तसहित छ' भन्ने ठान्छ ।"

"अनि ऊ यस्तो भन्छ– 'यो लोकको अन्त छ र परिच्छिन्न छ ।' किनभने, आतप्त गरी ··· त्यस्तो चित्तसमाधि प्राप्त गर्छु जुन समाधिमा समाधिस्थ हुँदा 'लोक अन्तसहित छ' भनी ठानी म विहार गर्छु । यसकारणले पनि म जान्दछु कि यो लोकको अन्त छ र परिच्छिन्न छ । भिक्षु हो ! यही पहिलो स्थान हो, जसको कारणले, जसको आधारमा केही अन्तानन्तवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त भन्दछन् ।

## (१०) अन्तानन्तवादको दोस्रो सिद्धान्त

५५. "कुन दोस्रो कारणले, कुन दोस्रो आधारमा ती अन्तानन्तवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त भनी भन्छन् त ?" भिक्षु हो ! यहाँ केही श्रमण वा ब्राह्मण आतप्त गरी ··· पूर्ववत् ··· त्यस प्रकारको चित्तसमाधि प्राप्त गर्छ, जुन समाधिमा समाधिस्थ हुँदा 'लोक अनन्त हो' भनी ठान्छ ।

"अनि ऊ यस्तो भन्छ–'यो लोक अनन्त छ र परिच्छिन्न छैन ।' जो ती श्रमण ब्राह्मणहरू 'यो लोकको अन्त छ र परिच्छिन्न छ' भनी भन्छन्, उनीहरूको कुरा झूटो हो । यो लोकको अन्त छैन र परिच्छिन्न छैन । किनभने, आतप्त गरी ··· *(पूर्ववत्)* त्यस प्रकारको चित्तसमाधि प्राप्त गर्छु जुन समाधिमा समाधिस्थ हुँदा म अनन्तसंज्ञी भई विहार गर्छु । त्यही कारणले पनि म जान्दछु कि यो लोक अनन्त छ र परिच्छिन्न छैन । भिक्षु हो ! यही दोस्रो स्थान हो, जसको कारणले, जसको आधारमा केही अन्तानन्तवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त भन्दछन् ।

## (११) अन्तानन्तवादको तेस्रो सिद्धान्त

५६. "कुन तेस्रो कारणले, कुन तेस्रो आधारमा ती भद्र अन्तानन्तवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त भनी भन्दछन् त ?" भिक्षु हो ! यहाँ केही श्रमण वा ब्राह्मण आतप्त गरी ··· *(पूर्ववत्)*

---

४२ यहाँका बाँकी कुरा माथि पृ. १० को पारा ३१ मा उल्लिखित 'आतप्त गरी ···' भन्नेबाट 'त्यस प्रकारको ··· ' भन्ने सम्म दोहोऱ्याई पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

··· त्यस प्रकारको चित्त समाधि प्राप्त गर्छ, जुन समाधिमा समाधिस्थ हुँदा यो लोक माथि र तल अन्त छ भनी ठानी बस्छन् र तेर्सोतिर अनन्त छ भनी ठान्छन् ।"

"अनि ऊ यस्तो भन्छ–'यो लोकको अन्त छ पनि, छैन पनि ।' जुन श्रमण ब्राह्मणहरू यो लोकको अन्त छ र परिच्छिन्न छ भनी भन्छन्, उनीहरूको यो कुरा भूटो हो । जुन श्रमण ब्राह्मणहरू यो लोक अनन्त छ र परिच्छेद छैन भनी भन्छन्, उनीहरूको कुरा पनि भूटो हो । यो लोकको अन्त पनि छ, अनन्त पनि छ । किनभने, आतप्त गरी ··· त्यस प्रकारको चित्तसमाधि प्राप्त गर्छु, जुन समाधिमा समाधिस्थ हुँदा यो लोकको माथि र तल अन्तसंज्ञी भई बस्छु र तेर्सोतिर अनन्तसंज्ञी भई बस्छु । त्यही कारणले पनि म यो लोक अन्तसहित र अन्तरहित भनी जान्दछु । भिक्षु हो ! यही तेस्रो स्थान हो, जसको कारणले, जसको आधारमा केही अन्तानन्तवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त भन्दछन् ।"

## (१२) अन्तानन्तवादको चौथो सिद्धान्त

५७. "कुन चौथो कारणले, कुन चौथो आधारमा ती भद्र अन्तानन्तवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त भनी भन्दछन् त ?" भिक्षु हो ! यहाँ केही श्रमण ब्राह्मण तार्किक र विमर्शी हुन्छन् । उनीहरू तर्कको आधारमा, विमर्शनको आधारमा आफ्नो ज्ञानले यस्तो भन्छन्–'न यो लोक अन्तसहित छ, न त अनन्त नै ।' जो ती श्रमण ब्राह्मणहरू यस्तो भन्छन् –'यो लोकको अन्त छ, परिच्छिन्न छ,' उनीहरूको यो कुरो भूटो हो । जुन ती श्रमण ब्राह्मणहरू यस्तो भन्छन् – 'यो लोक अनन्त छ, परिच्छिन्न छैन ।' तिनीहरूको कुरो पनि भूटो हो । जुन ती श्रमण ब्राह्मणहरू यस्तो भन्छन्–'यो लोक अन्त पनि छ, अनन्त पनि छ,' उनीहरूको यो कुरो पनि भूटो हो ।' यो लोकको न अन्त छ, न अनन्त नै ।' भिक्षु हो ! यही चौथो स्थान हो, जसको कारणले, जसको आधारमा केही अन्तानन्तवादी श्रमण ब्राह्मणहरू लोकलाई अन्तानन्त भन्दछन् ।"

५८. "भिक्षु हो ! यही चार कारणले केही अन्तानन्तवादी श्रमण ब्राह्मणहरू अन्तानन्त लोक भनी भन्छन् । भिक्षु हो ! जो कोही अन्तानन्तवादी श्रमण ब्राह्मणहरू अन्तानन्त भन्दछन् भने ती सबै यिनै चार कारणले वा यो मध्ये कुनै एक कारणले भन्दछन् । यस भन्दा बाहिर अरू कारण छैन ।"

५९. "भिक्षु हो ! तथागतले यो जान्दछ कि – 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्, यसरी परामर्श गरेका छन् र *(उनीहरूको)* यस्तो गति र सम्पराय हुनेछ,' त्यसलाई पनि तथागत जान्दछ र त्यो भन्दा माथिको पनि जान्दछ । त्यो ज्ञानलाई परामर्श पनि गर्दैन । भिक्षु हो ! परामर्श नगर्नाले त्यसबाट *(परामर्श गर्दा हुने क्लेशबाट)* निवृत्त भएको कुरा पनि आफैंले अवबोध गर्छ । वेदनाको समुदय पनि अस्तगमन पनि आस्वाद पनि दुष्परिणाम पनि मुक्ति पनि यथार्थतः अवबोध गरी उपादानरहित तथागत विमुक्त छ ।

६०. "भिक्षु हो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, दुरनुबोध, शान्त, प्रणीत, अतर्कावचर, निपुण तथा पण्डितवेदनीय छन्, जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउँछ । जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ ।

Downloaded from http://www.dhamma.digital

## (१३) अमराविक्षेपवादको पहिलो सिद्धान्त

६१. "भिक्षु हो ! केही अमराविक्षेपवादी[४३] श्रमण ब्राह्मणहरू चार कारणले त्यस प्रश्नमा अमराविक्षेप वाचा विक्षेप गर्छन्। ती भद्र अमराविक्षेपवादी श्रमण ब्राह्मणहरू कुन कारणले, कुन चार आधारमा ती-ती प्रश्नमा वाचाविक्षेप गरी अमराविक्षेप गर्छन् त ?

६२. "भिक्षु हो ! यहाँ कुनै श्रमण वा ब्राह्मण यो कुशल हो भनी यथार्थत: जान्दैन, यो अकुशल हो भनी यथार्थत: जान्दैन । अनि उसलाई यस्तो लाग्छ - 'यो कुशल हो भनी म यथार्थत: जान्दिन । यो अकुशल हो भनी म यथार्थत: जान्दिन । यो कुशल हो भनी यथार्थत: नजानी, यो अकुशल हो भनी यथार्थत: नजानी – यो कुशल हो भनी भनूँ भने, यो अकुशल हो भनी भनूँ भने – त्यहाँ ममा छन्द, राग, द्वेष वा प्रतिघ हुन सक्छ । जब ममा छन्द, राग, द्वेष वा प्रतिघ हुन्छ, त्यो मेरा लागि झूटो हुन्छ । जो झूटो हो, त्यो मेरा लागि आघात *(विपात)* हुन्छ । जो आघात हो, त्यो मेरा लागि विघ्न हो ।' यसरी ऊ झूटो कुराको भयले, झुटो कुराप्रतिको घृणाले – 'न यो कुशल हो भनी भन्छ, न यो अकुशल हो भनी भन्छ ।' ती-ती विषयमा प्रश्न सोध्दा–'यस्तो *(मत)* पनि मेरो छैन, त्यस्तो *(मत)* पनि मेरो छैन, अन्यथा *(मत)* पनि मेरो छैन; त्यस्तो *(मत)* छैन भन्ने पनि मेरो छैन' भनी वाचाविक्षेप अमराविक्षेप गर्छ । भिक्षु हो ! यो पहिलो स्थान हो, जुन कारणले, जुन आधारमा केही अमराविक्षेपवादी श्रमण ब्राह्मणहरू ती-ती प्रश्नहरू सोध्दा वाचाविक्षेप र अमराविक्षेप गर्छन् ।

## (१४) अमराविक्षेपवादको दोस्रो सिद्धान्त

६३. "कुन दोस्रो कारणले, कुन दोस्रो आधारमा ती भद्र श्रमण ब्राह्मणहरू ती-ती प्रश्नहरू सोध्दा वाचाविक्षेप अमराविक्षेप गर्छन् त ?" भिक्षु हो ! यहाँ कुनै श्रमण वा ब्राह्मण यो कुशल हो भनी यथार्थत: *(यथाभूत)* जान्दैन, यो अकुशल हो भनी यथार्थत: जान्दैन । अनि उसलाई यस्तो लाग्छ–'म यो कुशल भनी यथार्थत: जान्दिन, यो अकुशल भनी यथार्थत: जान्दिन । यो कुशल भनी यथार्थत: नजानी, यो अकुशल भनी यथार्थत: नजानी – यदि मैले यो कुशल हो भनी भनूँ भने यो अकुशल हो भनी भनूँ भने – त्यहाँ मेरो छन्द, राग, द्वेष वा प्रतिघ हुन्छ । जहाँ ममा छन्द, राग, द्वेष वा प्रतिघ हुन्छ, त्यो मेरा लागि उपादान हुनेछ । जो उपादान हो, त्यो मेरा लागि आघात हुनेछ । जो आघात हो, त्यो मेरा लागि विघ्न हुनेछ ।' यसरी ऊ उपादानको भयले, उपादानप्रतिको घृणाले – 'न यो कुशल हो भनी भन्छ, ··· *(पूर्ववत्)* ··· ।' ती-ती विषयमा प्रश्न सोध्दा - 'यस्तो पनि मेरो छैन, ···' भनी वाचाविक्षेप र अमराविक्षेप गर्छ । भिक्षु हो ! यो दोस्रो स्थान हो ······ ।

## (१५) अमराविक्षेपवादको तेस्रो सिद्धान्त

६४."कुन तेस्रो कारणले, कुन तेस्रो आधारमा ती भद्र श्रमण ब्राह्मणहरू ती-ती प्रश्नहरू सोध्दा वाचाविक्षेप अमराविक्षेप गर्छन् त ?" भिक्षु हो ! यहाँ कुनै श्रमण वा ब्राह्मण यो कुशल हो भनी यथार्थत: *(यथाभूत)* जान्दैन ··· अनि उसलाई यस्तो लाग्छ – 'यो कुशल भनी म यथार्थत: जान्दिन । *(पूर्ववत्)*

---

४३ 'अमरा' भन्ने एक जातिको माछा हो । त्यो पानीमा डुब्न, उफ्रन तथा यताउता छिटो दगुर्ने हुन्छ । त्यसलाई समात्न निकै गाह्रो छ । त्यस्तै किसिमको अस्थिर वाचालाई यहाँ 'अमराविक्षेप' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

··· यो कुशल हो भनी यथार्थतः नजानी – यो कुशल हो भनी भनूँ भने ··· – रौंलाई चिरेफैं अर्कासँग वाद गर्न सक्ने पण्डित निपुण श्रमण ब्राह्मणहरू छन्, जो अर्काको दृष्टिलाई आफ्नो प्रज्ञाले काट्छन् । उनीहरूले मसँग प्रश्न तथा कारण सोध्दा *(देखाएको कारणमा पनि)* दोष देखाउँदा उनीहरूलाई सन्तोष गरी जवाफ दिन सकिन भने–त्यो मेरा लागि आघात हुनेछ । जो आघात हो, त्यो मेरा लागि विघ्न हुनेछ ।' यसरी ऊ प्रश्न सोधाइको भयले, प्रश्न सोधाइ प्रतिको घृणाले–'यस्तो पनि मेरो छैन, ···' भनी वाचाविक्षेप तथा अमराविक्षेप गर्छ । भिक्षु हो ! यो तेस्रो स्थान हो ··· ।

## (१६) अमराविक्षेपवादको चौथो सिद्धान्त

६५. "कुन चौथो कारणले, कुन चौथो आधारमा ती भद्र श्रमण ब्राह्मणहरू ती-ती प्रश्नहरू सोध्दा वाचाविक्षेप अमराविक्षेप गर्छन् त ?" भिक्षु हो ! यहाँ कुनै श्रमण ब्राह्मण निर्बुद्धि र मूढ हुन्छ । ऊ निर्बुद्धि र मूढताको कारणले ती-ती प्रश्न सोध्दा वाचाविक्षेप अमराविक्षेप गर्छ । (१) 'यदि मसँग 'परलोक छ के ?' भनी सोधेमा यदि मलाई 'परलोक छ' भन्ने लागेमा 'परलोक छ' भनी भन्नेछु । (अ) यस्तो हो पनि भन्दिन, (आ) त्यस्तो होइन पनि भन्दिन, (इ) अन्यथा हो पनि भन्दिन । (ई) 'होइन' पनि भन्दिन, (उ) 'होइन' भनेकोलाई 'होइन' पनि भन्दिन । (२) 'परलोक छैन के ?' भनी सोधेमा ··· (३) 'परलोक छ पनि छैन पनि के ?' भनी सोधेमा ··· (४) 'परलोक न छ न छैन के ?' भनी सोधेमा ··· (५) 'औपपातिक सत्त्व छ के ?' भनी सोधेमा ··· (६) 'औपपातिक सत्त्व छैन के ?' भनी सोधेमा ··· (७) 'औपपातिक सत्त्व छ पनि छैन पनि के ?' भनी सोधेमा ··· (८) 'औपपातिक सत्त्व न छ, न छैन के ? भनी सोधेमा ··· (९) 'सुकृत्य दृष्कृत्य कर्मको फल छ के ?' भनी सोधेमा ··· (१०) 'सुकृत्य दुष्कृत्य कर्मको फल छैन के ?' भनी सोधेमा ··· (११) 'सुकृत्य दुष्कृत्य कर्मको फल छ पनि छैन पनि के ?' भनी सोधेमा ··· (१२) 'सुकृत्य दृष्कृत्य कर्मको फल न छ, न छैन के ?' भनी सोधेमा ··· (१३) 'तथागत *(प्राणी)* को मरणपछि हुन्छ के ?' भनी सोधेमा ··· (१४) 'तथागतको मरणपछि हुन्न के ?' भनी सोधेमा ··· (१५) तथागतको मरणपछि हुन्छ पनि हुन्छ पनि के भनी सोधेमा ··· (१६) 'तथागतको मरणपछि न त हुन्छ, न त हुन्न' भन्ने लागेमा त्यस्तो भन्नेछु । (अ) त्यस्तो हो पनि भन्दिन, (आ) त्यस्तो होइन पनि भन्दिन, (इ) अन्यथा हो पनि भन्दिन, (ई) होइन पनि भन्दिन, (उ) 'होइन' भनेकोलाई 'होइन' पनि भन्दिन ।' भिक्षु हो ! यही चौथो स्थान हो, जुन कारणले, जुन आधारमा केही अमराविक्षेपवादी श्रमण ब्राह्मणहरू ती-ती प्रश्नहरू सोध्दा वाचाविक्षेप अमराविक्षेप गर्छन् ।

६६. "भिक्षु हो ! यही चार कारणले केही अमराविक्षेपवादी श्रमण ब्राह्मणहरू ती-ती प्रश्नहरू सोध्दा वाचाविक्षेप तथा अमराविक्षेप गर्छन् ।' भिक्षु हो ! जो कोही अमराविक्षेपवादी श्रमण वा ब्राह्मण ती-ती प्रश्न सोध्दा वाचाविक्षेप गर्छन् भने ती सबै यिनै चार कारणले वा यीमध्ये कुनै एक कारणले भन्दछन् । यसभन्दा बाहिर अरू कारण छैन ।

"भिक्षु हो ! तथागतले यो जान्दछ कि – 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन् ··· *(पूर्ववत्)* ··· उपादानरहित तथागत विमुक्त छ ।"

"भिक्षु हो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, ··· तथा पण्डितवेदनीय छ । जो तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनुहुन्छ, जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ ।

Downloaded from http://www.dhamma.digital

## (१७) अधीत्यसमुत्पन्नवाद (आफसेआफ उत्पन्न हुने वाद) को पहिलो सिद्धान्त

६७. "भिक्षु हो ! केही श्रमण ब्राह्मणहरू कारणबिना *(आफसेआफ)* उत्पन्न हुन्छ भन्ने वादी *(अधिच्चसमुप्पन्निका)* छन् । *(उनीहरू)* दुई कारणहरूबाट आफूलाई र लोकलाई कारणबिना *(आफसेआफ)* उत्पन्न हुन्छ भनी भन्दछन् । कुन दुई कारणले, कुन दुई आधारमा ती भद्र, कारणबिना *(आफसेआफ)* उत्पन्न हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई कारणबिना *(आफसेआफ)* उत्पन्न हुन्छ भनी भन्छन् त ?

६८. "भिक्षु हो ! असंज्ञीसत्त्व *(असञ्‍ञीसत्ता)* भन्ने देवताहरू छन् । संज्ञा उत्पन्न भएपछि ती देवताहरू त्यस *(देव)* कायबाट च्युत हुन्छन् । भिक्षु हो ! कुनै सत्त्व त्यस कायबाट च्युत भई यस आत्मभावमा आउन सक्ने कारण छ । अनि यस आत्मभावमा आएर ऊ घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ । घर छाडी अनगारिक रूपमा प्रव्रजित भएर आतप्त गरी, ··· त्यस प्रकारको चित्तसमाधि प्राप्त गर्छ, जुन समाधिमा समाधिस्थ हुँदा संज्ञा उत्पन्न भएको कुरासम्म उसले संस्मरण गर्छ र त्यस भन्दा उता संस्मरण गर्न सक्दैन । अनि ऊ यस्तो भन्छ – 'आफू पनि लोक पनि कारणबिना उत्पन्न भएको हो । किनभने अघि म थिइन, अब म नभएर पनि हुनेमा परिणत भएँ ।' भिक्षु हो ! यो पहिलो कारण हो, जुन कारणले, जुन आधारमा कारणबिना उत्पन्न हुन्छ भन्ने वादी केही श्रमण ब्राह्मणहरू आफूलाई र परलोकलाई कारणबिना उत्पन्न हुन्छ भनी भन्दछन् ।

## (१८) अधीत्यसमुत्पन्नवादको दोस्रो सिद्धान्त

६९. 'कुन दोस्रो कारणले, कुन दोस्रो आधारमा कारणबिना उत्पन्न हुन्छ भन्ने वादी ती भद्र श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई कारणबिना उत्पन्न हुन्छ भनी भन्छन् त ? भिक्षु हो ! यहाँ कोही श्रमण वा ब्राह्मण तार्किक र विमर्शी हुन्छ । ऊ तर्कको आधारमा विमर्शनको आधारमा आफ्नो ज्ञानले यस्तो भन्छ – 'आफू र यो लोक कारणबिना *(अधिच्चसमुप्पन्न)* उत्पन्न भएको हो ।' भिक्षु हो ! यो दोस्रो कारण हो । जुन कारणले जुन आधारमा कारणबिना उत्पन्न हुन्छ भन्ने वादी केही श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई कारणबिना उत्पन्न हुन्छ भनी भन्छन् ।

७०. "भिक्षु हो ! यही दुई कारणले कारणबिना उत्पन्न हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू आफूलाई र लोकलाई कारणबिना उत्पन्न हुन्छ भनी भन्छन् । भिक्षु हो ! जो कोही कारणबिना उत्पन्न हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू कारणबिना उत्पन्न हुन्छ भन्दछन् भने ती सबै यिनै दुई कारणले वा यीमध्ये कुनै एक कारणले भन्दछन् । यस भन्दा बाहिर अर्को कारण छैन ।"

"भिक्षु हो ! तथागतले यो जान्दछन् कि – 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्,··· उपादानरहित तथागत विमुक्त छ ।"

"भिक्षु हो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, ··· तथा पण्डितवेदनीय छन् । जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनुहुन्छ, जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ ।

Downloaded from http://www.dhamma.digital

७१. "भिक्षु हो ! यी *(माथि उल्लिखित)* अठार प्रकारले पूर्वान्तको कल्पना गर्ने, पूर्वान्तानुसार दृष्टि हुने ती श्रमण ब्राह्मणहरू पूर्वान्तको सम्बन्धमा अनेक प्रकारले विचार प्रकट गर्छन् । भिक्षु हो ! जो ती पूर्वान्तको कल्पना गर्ने, पूर्वान्तानुसार दृष्टि हुने श्रमण ब्राह्मणहरू पूर्वान्तको सम्बन्धमा अनेक प्रकारका विचार प्रकट गर्छन्, ती सबै यिनै अठार (१८) कारणले अथवा यीमध्ये कुनै एक कारणले गर्छन् । यस भन्दा बाहिर अर्को कारण छैन ।

७२. "भिक्षु हो ! तथागत यो जान्दछन् कि–'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्, यसरी परामर्श गरेका छन् र *(उनीहरूको)* यस्तो गति र सम्पराय हुनेछ ।' त्यसलाई पनि तथागत जान्दछन् र त्यसभन्दा माथिको पनि जान्दछन् । त्यो ज्ञानलाई परामर्श पनि गर्दैन । भिक्षु हो ! परामर्श नगर्नाले त्यसबाट *(परामर्श गर्दा हुने क्लेशबाट)* निवृत्ति भएको कुरा पनि आफैंले अवबोध गर्छ । वेदनाको समुदय पनि अस्तगमन पनि आस्वाद पनि दुष्परिणाम पनि मुक्ति पनि यथार्थतः अवबोध गरी उपादानरहित तथागत विमुक्त छ ।

७३. "भिक्षु हो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, दुरनुबोध, शान्त प्रणीत, अतर्कावचर, निपुण तथा पण्डितवेदनीय छन् । जुन तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनुहुन्छ । जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ ।"

## (ख) अपरान्तसम्बन्धी ४४ धारणाहरू

७४. "भिक्षु हो ! अपरान्तको[४४] सम्बन्धमा कल्पना गर्ने *(अपरन्तकप्पिका)*, अपरान्तनुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन्, जो चवालीस (४४) कारणहरूका आधारमा अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन् । कुन कारणले, कुन आधारमा ती भद्र श्रमण ब्राह्मणहरू ४४ कारणहरूको आधारमा अपरान्तका सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन् ?

## (१–१६) मरणपछि संज्ञा (होस) हुन्छ भन्ने वाद – १६

७५. "भिक्षु हो ! मरणपछि आत्मामा संज्ञा हुन्छ भन्ने केही श्रमण ब्राह्मणहरू छन् । जो सोह्र (१६) कारणले मरणपछि आत्मामा संज्ञा हुन्छ भनी भन्दछन् । कुन कारणले, कुन आधारमा ती मरणपछि आत्मामा संज्ञा हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू सोह्र कारणहरूको आधारमा मरणपछि आत्मामा संज्ञा हुन्छ भनी भन्छन् ?"

७६. "(१)' रूपवान् आत्मा हो, मरणपछि नित्य *(अरोगो)* हुन्छ भन्ने ठानी' *(संज्ञी)* त्यसलाई बताउँछन्, (२) 'अरूपवान् आत्मा हो, मरणपछि नित्य हो भन्ने ठानी' त्यसलाई बताउँछन्, (३) 'रूपवान् र अरूपवान् आत्मा हो, ··· , (४) 'न रूपवान्, न अरूपवान् आत्मा हो, ···, (५) 'आत्माको अन्त हुन्छ, ···,

---

४४ अपरान्त शब्दको अर्थको उल्लेख सुमं. वि. I. पृ. १३८ ब्रह्मजालसुत्तवण्णनाले यसरी गरेको छ– 'अनागत कोट्ठाससङ्खातं अपरन्तं कप्पेत्वा गन्हन्तीति अपरन्त कप्पिका ।' 'अपरन्तकप्पो वा एतेसं अत्थी ति अपरन्तकप्पिका ।' अर्थात्–भविष्यको कुरा लिएर कल्पना गर्छन् भनी भनिएको हो । माथि पृ. १० पूर्वान्तका सम्बन्धमा १८ धारणाहरू भन्नेको पादटिप्पणीमा 'पूर्वान्त' शब्दको अर्थको ठीक विपरीत अर्थ हो भन्ने सम्झनुपर्छ ।

Downloaded from http://www.dhamma.digital

(६) 'आत्माको अन्त हुन्न, ···, (७) 'आत्माको अन्त पनि हुन्छ अनन्त पनि हुन्छ, ··· , (८) 'आत्माको न अन्त हुन्छ, न अनन्त हुन्छ, ··· , (९) 'आत्मा एकात्मसंज्ञी हुन्छ, ··· , (१०) 'आत्मा नानात्मसंज्ञी हुन्छ, ···, (११) 'आत्मा प्रमाणसहित हुन्छ , ··· , (१२) 'आत्मा प्रमाणरहित हुन्छ, ··· , (१३) 'आत्मा बिलकुल सुखी हुन्छ, ··· , (१४) 'आत्मा बिलकुल दु:खी हुन्छ, ··· , (१५) 'आत्मा सुखी र दु:खी हुन्छ, ···, (१६) 'आत्मा अदु:खी असुखी हुन्छ, मरणपछि नित्य हुन्छ भन्ने ठानी' त्यसलाई बताउँछन्।

७७. "भिक्षु हो ! यही सोह्र (१६) प्रकारले मरणपछि आत्मामा संज्ञा हुन्छ भन्ने वादी केही श्रमण ब्राह्मणहरू मरणपछि आत्मामा संज्ञा हुन्छ भनी भन्छन्। भिक्षु हो ! जो कोही मरणपछि आत्मामा संज्ञा हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू मरणपछि आत्मामा संज्ञा हुन्छ भनी भन्छन् भने ती सबै यिनै सोह्र कारणले अथवा यीमध्ये कुनै एक कारणले भन्दछन्। यसभन्दा बाहिर अरू कारण छैन।

"भिक्षु हो ! तथागत यो जान्दछन् कि – 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्, ··· उपादानरहित तथागत विमुक्त छ।

"भिक्षु हो ! यी धर्महरू गम्भीर, दुदर्शनीय, ··· तथा पण्डितवेदनीय छन्, जो तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनुहुन्छ, जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थत: वर्णन गर्न सक्छ।

**दोस्रो भाणवार समाप्त।**

## (१७-२४) मरणपछि संज्ञा छैन (बेहोसी हुने) भन्ने वाद – ८

७८. "भिक्षु हो ! मरणपछि आत्मामा संज्ञा छैन भन्ने वादी केही श्रमण ब्राह्मणहरू छन्। जो आठ (८) कारणले मरणपछि आत्मामा संज्ञा छैन भनी भन्छन्। कुन कारणले कुन आधारमा ती मरणपछि आत्मामा संज्ञा छैन भन्ने वादी श्रमण ब्राह्मणहरू आठ (८) कारणहरूको आधारमा मरणपछि आत्मामा संज्ञा छैन भनी भन्छन् ?

७९. "(१)' रूपवान् आत्मा हो, मरणपछि नित्य हुन्न भन्ने ठानी *(असंज्ञी)'* त्यसलाई बताउँछन्, (२) 'अरूपवान् आत्मा हो, मरणपछि नित्य हुन्न भन्ने ठानी' त्यसलाई बताउँछन्, (३) ' रूपवान् र अरूपवान् आत्मा हो, ··· ', (४) 'न रूपवान्, न अरूपवान् आत्मा हो, ···', (५) 'आत्मा अन्तरहित हुन्छ, ··· ', (६) 'आत्मा अन्तरहित हुन्छ, ···', (७) 'आत्मा अन्तसहित र अन्तरहित हुन्छ, ··· ', (८) 'आत्मा न अन्तसहित न अन्तरहित हुन्छ, मरणपछि नित्य हुन्न भन्ने ठानी *(असंज्ञी)* ' त्यसलाई बताउँछन्।

८०. "भिक्षु हो ! यहि नै आठ (८) कारणले मरणपछि आत्मामा संज्ञा छैन भन्ने वादी केही श्रमण ब्राह्मणहरू मरणपछि आत्मामा संज्ञा छैन भनी भन्दछन्। भिक्षु हो ! जो कोही मरणपछि आत्मामा संज्ञा छैन भन्ने वादी श्रमण ब्राह्मणहरू मरणपछि आत्मामा संज्ञा छैन भनी भन्छन् भने ती सबै यिनै आठ कारणले वा यीमध्ये कुनै एक कारणले भन्दछन्। यसभन्दा बाहिर अरू कारण छैन।

"भिक्षु हो ! तथागतले यो जान्दछन् कि–'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन् ··· उपादानरहित तथागत विमुक्त छ।

"भिक्षु हो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, ··· तथा पण्डितवेदनीय छन्, जो तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनुहुन्छ, जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थत: वर्णन गर्न सक्छ।

Downloaded from http://www.dhamma.digital

## (२५-३२) मरणपछि नैवसंज्ञीनासंज्ञीवाद – ८

८१. "भिक्षु हो ! मरणपछि नैवसंज्ञीनासंज्ञी भन्ने वादी केही श्रमण ब्राह्मणहरू छन् । जो आठ (८) कारणले मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भनी भन्दछन् । कुन कारणले, कुन आधारमा ती मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भन्ने वादी श्रमण ब्राह्मणहरू आठ (८) कारणहरूको आधारमा मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भनी भन्छन् ?

८२. "(१)'रूपवान् आत्मा हो, मरणपछि नैवसंज्ञीनासंज्ञी नित्य हुन्छ' त्यसलाई बताउँछन्, (२) 'अरूपवान् आत्मा हो, ··· ', (३) 'रूपवान् र अरूपवान् आत्मा हो, ··· ', (४) 'न रूपवान्, न अरूपवान् आत्मा हो, ··· ', (५) 'आत्मा अन्तरहित हुन्छ, ··· ', (६) 'आत्मा अन्तरहित हुन्छ, ··· ', (७) 'आत्मा अन्तसहित र अन्तरहित हुन्छ, ··· ', (८) 'आत्माको न अन्तसहित न अन्तरहित हुन्छ, ··· , मरणपछि नैवसंज्ञीनासंज्ञी नित्य हुन्छ' भनी त्यसलाई बताउँछन् ।

८३. "भिक्षु हो ! यही आठ (८) कारणले मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भन्ने वादी केही श्रमण ब्राह्मणहरू मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भनी भन्दछन् । भिक्षु हो ! जो कोही मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भन्ने वादी श्रमण ब्राह्मणहरू मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भनी भन्छन् भने ती सबै यिनै आठ कारणले वा यीमध्ये कुनै एक कारणले भन्दछन् । यसभन्दा बाहिर अन्य कारण छैन ।"

"भिक्षु हो ! तथागत यो जान्दछन् कि – 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्, ··· उपादानरहित तथागत विमुक्त छ ।"

"भिक्षु हो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, ··· तथा पण्डितवेदनीय छन्, जो तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनुहुन्छ । जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ ।"

## (३३) पहिलो उच्छेदवाद

८४. "भिक्षु हो ! उच्छेदवादी केही श्रमण ब्राह्मणहरू छन्, जसले सात (७) कारणले विद्यमान सत्त्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी बताउँछन् । कुन कारणले, कुन आधारमा ती श्रमण ब्राह्मणहरू सात कारणहरूको आधारमा विद्यमान सत्त्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी बताउँछन् ?

८५. "भिक्षु हो ! यहाँ केही श्रमण वा ब्राह्मण यस्तो वादी यस्तो विचारको हुन्छ – 'भो ! जस्तै रूपवान् आमा-बाबुको कारणबाट हुने चातुर्महाभौतिक आत्मा कायबाट च्युत भएपछि उच्छिन्न हुन्छ, विनाश हुन्छ र मरणपछि हुन्न । भो ! यो आत्मा यत्तिकैले बिलकुल समुच्छिन्न हुन्छ ।' यसरी विद्यमान सत्त्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी केही *(श्रमण ब्राह्मणहरू)* बताउँछन् ।

Downloaded from http://www.dhamma.digital

## (३४) दोस्रो उच्छेदवाद

८६. उसलाई अर्कोले भन्छ – 'भो ! तिमीले भनेको त्यो आत्मा छ, न छैन भनी म भन्छु । भो ! त्यो आत्मा यत्तिकैले बिलकुल समुच्छिन्न हुन्न । भो ! दिव्यलोकमा उत्पन्न हुने कबलीकार आहार ग्रहण गर्ने रूपवान् कामावचर अर्को आत्मा छ । त्यो तिमी जान्दैनौ, देख्दैनौ, म त्यो जान्दछु देख्दछु । भो ! जब त्यो आत्मा कायबाट च्युत भई उच्छिन्न हुन्छ, विनाश हुन्छ तर मरणपछि हुन्न । भो ! तब त्यो आत्मा बिलकुल समुच्छिन्न हुन्छ ।' यसरी विद्यमान सत्त्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी केही *(श्रमण ब्राह्मणहरू)* बताउँछन् ।

## (३५) तेस्रो उच्छेदवाद

८७. "उसलाई अर्कोले भन्छ–'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी म भन्छु । भो ! आत्मा यत्तिकैले बिलकुल समुच्छिन्न हुन्न । भो ! दिव्यलोकमा उत्पन्न हुने सर्वाङ्गप्रत्यङ्ग सहित इन्द्रिय रूपवान् मनोमय अर्को आत्मा छ । त्यो तिमी जान्दैनौ, देख्दैनौ, त्यो म जान्दछु, देख्दछु । भो ! जब त्यो आत्मा कायबाट च्युत भई उच्छिन्न हुन्छ, विनाश हुन्छ तर मरणपछि हुन्न । भो ! तब त्यो आत्मा बिलकुल समुच्छिन्न हुन्छ ।' यसरी विद्यमान सत्त्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी कोही-कोही बताउँछन् ।

## (३६) चौथो उच्छेदवाद

८८. "अर्कोले उसलाई भन्छ–'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी म भन्छु । भो ! त्यो आत्मा यत्तिकैले बिलकुल समुच्छिन्न हुन्न । भो ! सर्वतो रूपसंज्ञालाई अतिक्रम गरी, प्रतिघ संज्ञालाई अन्त गरौं, नानात्त्वसंज्ञालाई मनन नगरी अनन्त आकाश भनी आकाशानन्त्यायतन प्राप्त गर्ने अर्को आत्मा छ । तिमी त्यो जान्दैनौ, देख्दैनौ, त्यो म जान्दछु, देख्दछु । भो ! जब त्यो आत्मा कायबाट च्युत भई उच्छिन्न हुन्छ, विनाश हुन्छ र मरणपछि हुन्न । भो ! तब त्यो आत्मा बिलकुल समुच्छिन्न हुन्छ ।' यसरी विद्यमान सत्त्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी केही *(श्रमण ब्राह्मणहरू)* बताउँछन् ।

## (३७) पाँचौं उच्छेदवाद

८९. "अर्कोले उसलाई भन्छ–'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्या छैन भनी म भन्छु । भो ! आत्मा यत्तिकैले बिलकुल समुच्छिन्न हुन्न । भो ! सर्वतो आकाशानन्त्यायतनलाई अतिक्रम गरी अनन्तविज्ञान भनी विज्ञानन्त्यायतन प्राप्त गर्ने अर्को आत्मा छ । त्यो तिमी जान्दैनौ, देख्दैनौ; त्यो म जान्दछु, देख्दछु । भो ! त्यो आत्मा जब कायबाट च्युत भई उच्छिन्न हुन्छ, विनाश हुन्छ र मरणपछि हुन्न, तब त्यो आत्मा बिलकुल समुच्छिन्न हुन्छ ।' यसरी विद्यमान सत्त्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी केही बताउँछन् ।

Downloaded from http://www.dhamma.digital

## (३८) छैटौं उच्छेदवाद

९०. "अर्कोले उसलाई भन्छ–'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी म भन्छु । भो ! त्यो आत्मा यत्तिकैले बिलकुल समुच्छिन्न हुन्न । भो ! सर्वतो विज्ञानन्त्यायतनलाई अतिक्रम गरी केही छैन भनी आकिञ्चन्यायतन प्राप्त गर्ने अर्को आत्मा छ । तिमी त्यो जान्दैनौ, देख्दैनौ; त्यो म जान्दछु, देख्दछु । भो ! जब त्यो आत्मा कायबाट च्युत भई उच्छिन्न हुन्छ, विनाश हुन्छ र मरणपछि हुन्न, तब त्यो आत्मा बिलकुल समुच्छिन्न हुन्छ ।' यसरी विद्यमान सत्त्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी केही बताउँछन् ।

## (३९) सातौं उच्छेदवाद

९१. "अर्कोले उसलाई भन्छ–'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी म भन्छु । भो ! त्यो आत्मा यत्तिकैले बिलकुल समुच्छिन्न हुन्न । भो ! सर्वतो आकिञ्चन्यायतनलाई अतिक्रम गरी 'यो शान्त हो, यो प्रणीत हो' भनी नैवसंज्ञानासंज्ञायतन प्राप्त गर्ने अर्को आत्मा छ । तिमी त्यो जान्दैनौ, देख्दैनौ; त्यो म जान्दछु, देख्दछु । भो ! जब त्यो आत्मा कायबाट च्युत भई उच्छिन्न हुन्छ, विनाश हुन्छ र मरणपछि हुन्न, तब त्यो आत्मा बिलकुल समुच्छिन्न हुन्छ ।' यसरी विद्यमान सत्त्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी केही *(श्रमण ब्राह्मणहरू)* बताउँछन् ।

९२. "भिक्षु हो ! यी सात कारणले ती उच्छेदवादी श्रमण ब्राह्मणहरू विद्यमान सत्त्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी बताउँछन् । भिक्षु हो ! जो कोही उच्छेदवादी श्रमण ब्राह्मणहरू विद्यमान सत्त्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी बताउँछन् भने ती सबै यिनै सात कारणको आधारमा वा यीमध्ये कुनै एकको आधारमा भन्दछन् । यसभन्दा बाहिर अरू कारण छैन ।

"भिक्षु हो ! तथागत यो जान्दछन् कि 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्, ··· उपादानरहित तथागत विमुक्त [illegible]

"भिक्षु हो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, ··· तथा पण्डितवेदनीय छन्, जो तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनुहुन्छ, जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थतः वर्णन गर्न सक्छ ।

## (४०) दृष्टधर्मनिर्वाणवादको पहिलो सिद्धान्त

९३. "भिक्षु हो ! पाँच कारणले दृष्टधर्मनिर्वाणवादी केही श्रमण ब्राह्मणहरू विद्यमान सत्त्वको *(प्राणीको)* परम दृष्टधर्मनिर्वाण हो भनी बताउँछन् । कुन कारणले, कुन आधारमा ती दृष्टधर्मनिर्वाणवादी श्रमण ब्राह्मणहरू पाँच कारणहरूको आधारमा विद्यमान सत्त्वको परम दृष्टधर्मनिर्वाण हो भनी बताउँछन् ?

९४. "भिक्षु हो ! यहाँ कुनै श्रमण वा ब्राह्मण यस्तो वादी र यस्तो विचारको हुन्छ–'भो ! जब यो आत्मा पञ्चकामगुणद्वारा समर्पित, समङ्गी भई अभिरमण गर्छ, तब यो आत्माले परमदृष्टधर्मनिर्वाण प्राप्त गर्छ ।' यसरी विद्यमान सत्त्वको परमदृष्टधर्मनिर्वाण हो भनी केही *(श्रमण ब्राह्मणहरू)* बताउँछन् ।

Downloaded from http://www.dhamma.digital

## (४१) दृष्टधर्मनिर्वाणवादको दोस्रो सिद्धान्त

९५. "अर्कोले उसलाई भन्छ–'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी म भन्छु । भो ! यत्तिकैले यो आत्मा परमदृष्टधर्मनिर्वाणमा पुग्दैन । किनभने, काम भनेको अनित्य दु:ख विपरिणाम धर्म हो । उनीहरू विपरिणाम, अन्यथाभाव र शोकपरिदेव दु:ख दौर्मनस्य उपायासमा उत्पन्न हुन्छन् । भो ! जब यो आत्मा कामबाट विरत भई, अकुशल धर्मबाट विरत भई सवितर्क सविचार विवेकज: *(ध्यानज:)* प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गर्छ, तब यो आत्मा परमदृष्टधर्मनिर्वाणमा पुग्छ ।' यसरी विद्यमान सत्त्व परमदृष्टधर्मनिर्वाण हो भनी केही *(श्रमण ब्राह्मणहरू)* बताउँछन् ।

## (४२) दृष्टधर्मनिर्वाणवादको तेस्रो सिद्धान्त

९६. "अर्कोले उसलाई भन्छ–'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी म भन्छु । भो ! यत्तिकैले यो आत्मा परमदृष्टधर्मनिर्वाणमा पुग्दैन । किनभने, भो ! जुन त्यहाँ वितर्क र विचार छ, त्यसलाई स्थूल भनिन्छ । भो ! जब यो आत्मामा वितर्क विचार शान्त भई अध्यात्म सम्प्रसाद भई चित्तमा एकाग्र भई अवितर्क अविचार समाधिज: प्रीतिसुखयुक्त द्वितीयध्यान प्राप्त गरी बस्छ, तब यो आत्मा परमदृष्टधर्मनिर्वाणमा पुगेको हुन्छ ।' यसरी विद्यमान सत्त्व परमदृष्टधर्मनिर्वाण हो भनी केही बताउँछन् ।

## (४३) दृष्टधर्मनिर्वाणवादको चौथो सिद्धान्त

९७. "अर्कोले उसलाई भन्छ–'भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी म भन्छु । भो ! यत्तिकैले यो आत्मा परम दृष्टधर्मनिर्वाणमा पुग्दैन । किनभने, भो ! जो त्यहाँ प्रीतिले भरिएको चित्त हो, त्यो स्थूल भनिन्छ । भो ! जब यो आत्मा प्रीतिलाई त्यागी उपेक्षित भई विहार गर्छ, स्मृति सम्प्रजन्य पनि हुन्छ, कायले सुख अनुभव गरी बस्छ, जसलाई आर्यहरू स्मृतियुक्त सुखविहारी भनी भन्छन्, त्यस्तो तृतीयध्यान प्राप्त गरी बस्छ । भो ! तब यो आत्मा परमदृष्टधर्मनिर्वाणमा पुगेको हुन्छ ।' यसरी विद्यमान सत्त्वको परमदृष्टधर्मनिर्वाण हो भनी केही बताउँछन् ।

## (४४) दृष्टधर्मनिर्वाणवादको पाँचौ सिद्धान्त

९८. "अर्कोले उसलाई भन्छ – भो ! तिमीले भनेको त्यो आत्मा छ, न त्यो छैन भनी म भन्छु । भो ! यत्तिकैले यो आत्मा परमदृष्टधर्मनिर्वाणमा पुग्दैन । किनभने, भो ! जो त्यहाँ 'सुखी हुँ' भन्ने चित्तआस्वाद हो, त्यो न स्थूल हो भनिन्छ । भो ! जब यो आत्माको सुखलाई र दु:खलाई त्यागी, सौमनस्य दौर्मनस्यको अन्त हुनअगावै अदु:खमसुख भएको उपेक्षा स्मृति परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी बस्छ, तब यो आत्मा परमदृष्टधर्मनिर्वाणमा पुगेको हुन्छ ।' यसरी विद्यमान सत्त्वको परमदृष्टधर्मनिर्वाण हो भनी केही बताउँछन् ।

९९. "भिक्षु हो ! यी पाँच कारणहरूको आधारमा ती दृष्टधर्मनिर्वाणवादी श्रमण ब्राह्मणहरू विद्यमान सत्त्वको परम दृष्टधर्मनिर्वाण हो भनी बताउँछन् । भिक्षु हो ! जो कोही दृष्टधर्मनिर्वाणवादी

Downloaded from http://www.dhamma.digital

श्रमण वा ब्राह्मणहरू विद्यमान सत्त्व प्राणीको परमदृष्टधर्मनिर्वाण बताउँछन्, ती सबै यिनै पाँच कारणको आधारमा वा यीमध्ये कुनै एक कारणको आधारमा भन्दछन् । यसभन्दा बाहिर अरू कारण छैन ।

"भिक्षु हो ! तथागत यो जान्दछ कि–'यी दृष्टिका स्थानहरूले यसरी ग्रहण गरेका छन्,··· उपादानरहित तथागत विमुक्त छ ।"

"भिक्षु हो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय,··· तथा पण्डितवेदनीय छन्, जो तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनुहुन्छ, जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थत: वर्णन गर्न सक्छ ।

१००. "भिक्षु हो ! यी *(माथि उल्लिखित)* चवालीस (४४) प्रकारले अपरान्तको कल्पना गर्ने, अपरान्तानुसार दृष्टि हुने ती श्रमण ब्राह्मणहरू अपरान्तका सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन् । भिक्षु हो ! जो कोही अपरान्तको कल्पना गर्ने, अपरान्तानुसार दृष्टि हुने श्रमण वा ब्राह्मणहरू अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन् भने ती सबै यिनै चवालीस (४४) कारणको आधारमा अथवा यीमध्ये कुनै एक कारणको आधारमा बताउँछन् । यसभन्दा बाहिर अरू कारण छैन ।

"भिक्षु हो ! तथागत यो जान्दछन् कि–'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्, ··· उपादानरहित तथागत विमुक्त छ ।

"भिक्षु हो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, ··· तथा पण्डितवेदनीय छन्, जो तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनुहुन्छ, जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थत: वर्णन गर्न सक्छ ।

१०१. "भिक्षु हो ! यिनै बैसट्ठी (६२) प्रकारले पूर्वान्त र अपरान्तको सम्बन्धमा कल्पना गर्ने; पूर्वान्त-अपरान्तको सम्बन्धमा कल्पना गर्ने; पूर्वान्त-अपरान्तानुसार दृष्टि हुने श्रमण ब्राह्मणहरू पूर्वान्त अपरान्तको बारेमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन् ।

१०२. "भिक्षु हो ! जो कोही पूर्वान्तको सम्बन्धमा कल्पना गर्ने वा अपरान्तको सम्बन्धमा कल्पना गर्ने वा पूर्वान्त-अपरान्तको सम्बन्धमा कल्पना गर्ने वा पूर्वान्त-अपरान्तानुसार दृष्टि हुने श्रमण वा ब्राह्मणहरू पूर्वान्त-अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचार प्रकट गर्छन् भने ती सबै यिनै बैसट्ठी (६२) कारणका आधारमा अथवा यीमध्ये कुनै एक कारणको आधारमा बताउँछन् । यसभन्दा बाहिर अरू कारण छैन ।

१०३. "भिक्षु हो ! तथागत यो जान्दछन् कि – 'यी दृष्टिका स्थानहरू यसरी ग्रहण गरेका छन्, यसरी परामर्श गरेका छन् र *(उनीहरूको)* यस्तो गति र सम्पराय हुन्छ ।' त्यसलाई पनि तथागत जान्दछन् र त्यसभन्दा माथिका पनि जान्दछन् । त्यो ज्ञानलाई परामर्श पनि गर्दैनन् । भिक्षु हो ! परामर्श नगर्नाले त्यसबाट *(परामर्श गर्दा हुने क्लेशबाट)* निवृत्त भएको कुरा पनि आफैले अवबोध गर्छ । वेदनाको समुदय पनि अस्तगमन पनि आस्वाद पनि दुष्परिणाम पनि मुक्ति *(नि:शरण=निकास)* पनि यथार्थत: अवबोध गरी उपादानरहित तथागत विमुक्त छ ।

१०४. "भिक्षु हो ! यी धर्महरू गम्भीर, दुर्दर्शनीय, दुरनुबोध, शान्त, प्रणीत, अतर्कावचर, निपुण तथा पण्डितवेदनीय छन्, जो तथागत स्वयंले अभिज्ञाद्वारा साक्षात्कार गरी बताउनुहुन्छ, जुन कुराद्वारा तथागतको वर्णन गर्नेले यथार्थत: वर्णन गर्न सक्छ ।

Downloaded from http://www.dhamma.digital

# ४. दृष्टि भनेको त्रास र कम्पन मात्र हो ।

१०५. "भिक्षु हो ! त्यहाँ जो ती शाश्वतवादी श्रमण ब्राह्मणहरू चार (४) कारणको आधारमा आत्मा र लोकलाई शाश्वत बताउँछन्– तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना *(मानसिक)*, त्रास र कम्पन मात्र हुन् ।

१०६. "भिक्षु हो ! त्यहाँ जो ती केही शाश्वतवादी केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू चार (४) कारणको आधारमा आत्मा र लोकलाई केही शाश्वत र केही अशाश्वत बताउँछन् – तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन वेदना *(मानसिक)*, त्रास र कम्पन मात्र हुन् ।

१०७. "भिक्षु हो ! त्यहाँ जो ती अन्तानन्तवादी श्रमण ब्राह्मणहरू चार (४) कारणको आधारमा आत्मा र लोकलाई अन्तानन्त बताउँछन्–तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हुन् ।

१०८. "भिक्षु हो ! त्यहाँ जो ती अमराविक्षेपवादी श्रमण ब्राह्मणहरू चार (४) कारणको आधारमा त्यस त्यस प्रश्नमा वाचाविक्षेप गर्छन् अमराविक्षेप–तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हुन् ।

१०९. "भिक्षु हो ! त्यहाँ जो ती कारणबिना उत्पन्न हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू दुई (२) कारणको आधारमा आत्मा र लोकलाई कारणबिना उत्पन्न हुन्छ भनी बताउँछन्–तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हुन् ।

११०. "भिक्षु हो ! त्यहाँ जो ती पूर्वान्तका सम्बन्धमा कल्पना गर्ने, पूर्वान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन्, जो अठार (१८) कारणको आधारमा पूर्वान्तका सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्–तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हुन् ।

१११. "भिक्षु हो ! त्यहाँ जो ती मरणपछि आत्मामा संज्ञा हुन्छ भन्ने वादी केही श्रमण ब्राह्मणहरू छन् जो सोह्र (१६) कारणको आधारमा आत्मामा संज्ञा हुन्छ भनी बताउँछन् – तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हुन् ।

११२. "भिक्षु हो ! त्यहाँ जो ती मरणपछि आत्मामा संज्ञा छैन भन्ने वादी केही श्रमण ब्राह्मणहरू छन्, जो आठ (८) कारणको आधारमा मरणपछि आत्मामा संज्ञा छैन भनी बताउँछन् – तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हुन् ।

११३. "भिक्षु हो ! त्यहाँ जो ती मरणपछि नैवसंज्ञीनासंज्ञी भन्ने वादी केही श्रमण ब्राह्मणहरू छन् जो आठ (८) कारणको आधारमा मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भनी बताउँछन् – तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हुन् ।

११४. "भिक्षु हो ! त्यहाँ जो ती उच्छेदवादी केही श्रमण ब्राह्मणहरू छन्, जो सात (७) कारणको आधारमा सत्त्वको उच्छेद, विनाश र अभाव भनी बताउँछन् – तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हुन् ।

Downloaded from http://www.dhamma.digital

११५. "भिक्षु हो ! त्यहाँ जो ती दृष्टधर्मनिर्वाणवादी केही श्रमण ब्राह्मणहरू विद्यमान सत्त्वको परम दृष्टधर्म निर्वाण पाँच (५) कारणको आधारमा बताउँछन् – तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना, त्रास र कम्पन मात्र हो ।

११६. "भिक्षु हो ! त्यहाँ जो ती अपरान्तको सम्बन्धमा कल्पना गर्ने, अपरान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन्, जो चवालीस (४४) कारणको आधारमा अपरान्तका सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन् – तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना *(मानसिक)*, त्रास र कम्पन मात्र हुन् ।

११७. "भिक्षु हो ! त्यहाँ जो ती पूर्वान्तका सम्बन्धमा कल्पना गर्ने, अपरान्तका सम्बन्धमा कल्पना गर्ने र पूर्वान्त-अपरान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू बैसट्ठी (६२) प्रकारले पूर्वान्त र अपरान्तका सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन् – तृष्णामा परेका ती भद्र श्रमण ब्राह्मणहरूको अज्ञान, अदर्शन, वेदना *(मानसिक)*, त्रास र कम्पन मात्र हुन् ।

## ५. स्पर्शको कारणले दृष्टि हुन्छ

११८. "भिक्षु हो ! त्यहाँ जो ती शाश्वतवादी श्रमण ब्राह्मणहरू चार कारणले आत्मा र लोकलाई शाश्वत बताउँछन्–त्यो पनि स्पर्शको कारणले हो ।

११९. "भिक्षु हो ! त्यहाँ जो ती केही शाश्वतवादी केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू चार कारणले आत्मा र लोकलाई केही शाश्वत र केही अशाश्वत बताउँछन्–त्यो पनि स्पर्शको कारणले हो ।

१२०. "भिक्षु हो ! त्यहाँ जो ती अन्तानन्तवादी श्रमण ब्राह्मणहरू चार कारणले आत्मा र लोकलाई अन्तानन्त बताउँछन् – त्यो पनि स्पर्शको कारणले हो ।

१२१. "भिक्षु हो ! त्यहाँ जो ती अमराविक्षेपवादी श्रमण ब्राह्मणहरू चार कारणले त्यस-त्यस प्रश्नमा वाचाविक्षेप गर्छन्–अमराविक्षेप–त्यो पनि स्पर्शको कारणले हो ।

१२२. "भिक्षु हो ! त्यहाँ जो ती कारणबिना उत्पन्न हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू दुई कारणले आत्मा र लोकलाई कारणबिना उत्पन्न हुन्छ भनी बताउँछन्–त्यो पनि स्पर्शको कारणले हो ।

१२३. "भिक्षु हो ! त्यहाँ जो ती पूर्वान्तको सम्बन्धमा कल्पना गर्ने, पूर्वान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन्, जो अठार कारणले पूर्वान्तका सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन् – त्यो पनि स्पर्शको कारणले हो ।

१२४. "भिक्षु हो ! त्यहाँ जो ती मरणपछि आत्मामा संज्ञा हुन्छ भन्ने वादी केही श्रमण ब्राह्मणहरू छन्, जो सोह्र कारणले मरणपछि आत्मामा संज्ञा हुन्छ भनी बताउँछन् – त्यो पनि स्पर्शको कारणले हो ।

१२५. "भिक्षु हो ! त्यहाँ जो ती मरणपछि आत्मामा संज्ञा छैन भन्ने वादी श्रमण ब्राह्मणहरू छन्, जो आठ कारणले मरणपछि आत्मामा संज्ञा छैन भनी बताउँछन्–त्यो पनि स्पर्शको कारणले हो ।

१२६. "भिक्षु हो ! त्यहाँ जो ती मरणपछि नैवसंज्ञीनासंज्ञी भन्ने वादी श्रमण ब्राह्मणहरू छन्, जो आठ कारणले मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भनी बताउँछन् – त्यो पनि स्पर्शको कारणले हो ।

Downloaded from http://www.dhamma.digital

१२७. "भिक्षु हो ! त्यहाँ जो ती उच्छेदवादी केही श्रमण ब्राह्मणहरू छन्, जो सात कारणले सत्त्वको उच्छेद, विनाश र अभाव हुन्छ भनी बताउँछन् – त्यो पनि स्पर्शको कारणले हो ।

१२८. "भिक्षु हो ! त्यहाँ जो ती दृष्टधर्म निर्वाणवादी केही श्रमण ब्राह्मणहरू विद्यमान सत्त्वको परम दृष्टधर्म निर्वाण पाँच कारणले बताउँछन् – त्यो पनि स्पर्शको कारणले हो ।

१२९. "भिक्षु हो ! त्यहाँ जो ती अपरान्तको सम्बन्धमा कल्पना गर्ने, अपरान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन्, जो चवालीस कारणले अपरान्तका सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्–त्यो पनि स्पर्शको कारणले हो ।

१३०. "भिक्षु हो ! त्यहाँ जो ती पूर्वान्तका सम्बन्धमा कल्पना गर्ने, अपरान्तका सम्बन्धमा कल्पना गर्ने र पूर्वान्त अपरान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू बैसट्ठी कारणले पूर्वान्त र अपरान्तका सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्–त्यो पनि स्पर्शको कारणले हो ।

## स्पर्शबाहेक अन्य वेदना छैन

१३१. "भिक्षु हो ! त्यहाँ जो ती शाश्वतवादी श्रमण ब्राह्मणहरू चार कारणले आत्मा र लोकलाई शाश्वत बताउँछन्–तिनीहरूले स्पर्शबाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन ।

१३२. "भिक्षु हो ! त्यहाँ जो ती केही शाश्वतवादी केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू चार कारणले आत्मा र लोकलाई केही शाश्वत र केही अशाश्वत बताउँछन्–तिनीहरूले स्पर्शबाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन ।

१३३. "भिक्षु हो ! त्यहाँ जो ती अन्तानन्तवादी श्रमण ब्राह्मणहरू चार कारणले आत्मा र लोकलाई अन्तानन्त बताउँछन्–तिनीहरूले स्पर्शबाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन ।

१३४. "भिक्षु हो ! त्यहाँ जो ती अमराविक्षेपवादी श्रमण ब्राह्मणहरू चार कारणले त्यस त्यस प्रश्नमा वाचाविक्षेप गर्छन्–अमराविक्षेप–तिनीहरूले स्पर्शबाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन ।

१३५. "भिक्षु हो ! त्यहाँ जो ती कारणबिना उत्पन्न हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू दुई कारणले आत्मा र लोकलाई कारणबि।ा उत्पन्न हुन्छ भनी बताउँछन्–तिनीहरूले स्पर्शबाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन ।

१३६. "भिक्षु हो ! त्यहाँ जो ती पूर्वान्तका सम्बन्धमा कल्पना गर्ने, पूर्वान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन्, जो अठार कारणले पूर्वान्तका सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन् – तिनीहरूले स्पर्शबाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन ।

१३७. "भिक्षु हो ! त्यहाँ जो ती मरणपछि आत्मामा संज्ञा हुन्छ भन्ने वादी केही श्रमण ब्राह्मणहरू छन् जो सोह्र कारणले मरणपछि आत्मामा संज्ञा हुन्छ भनी बताउँछन् – तिनीहरूले स्पर्शबाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन ।

Downloaded from http://www.dhamma.digital

१३८. "भिक्षु हो ! त्यहाँ जो ती मरणपछि आत्मामा संज्ञा छैन भन्ने वादी श्रमण ब्राह्मणहरू छन् जो आठ कारणले मरणपछि आत्मामा संज्ञा छैन भनी बताउँछन् – तिनीहरूले स्पर्शबाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन ।

१३९. "भिक्षु हो ! त्यहाँ जो ती मरणपछि नैवसंज्ञीनासंज्ञी भन्ने वादी श्रमण ब्राह्मणहरू छन् जो आठ कारणले मरणपछि आत्मामा नैवसंज्ञीनासंज्ञी भनी बताउँछन् – तिनीहरूले स्पर्शबाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन ।

१४०. "भिक्षु हो ! त्यहाँ जो ती उच्छेदवादी केही श्रमण ब्राह्मणहरू छन् जो सात कारणले मरणपछि सत्त्व प्राणीको उच्छेद, विनाश र अभाव हुन्छ भनी बताउँछन्–तिनीहरूले स्पर्शबाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन ।

१४१. "भिक्षु हो ! त्यहाँ जो ती दृष्टधर्मनिर्वाणवादी केही श्रमण ब्राह्मणहरू विद्यमान सत्त्व प्राणीको परम दृष्टधर्म निर्वाण पाँच कारणले बताउँछन्–तिनीहरूले स्पर्शबाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन ।

१४२. "भिक्षु हो ! त्यहाँ जो ती अपरान्तका सम्बन्धमा कल्पना गर्ने, अपरान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू छन् जो चवालीस कारणले अपरान्तको सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन् – तिनीहरूले स्पर्शबाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन ।

१४३. "भिक्षु हो ! त्यहाँ जो ती पूर्वान्तका सम्बन्धमा कल्पना गर्ने, अपरान्तका सम्बन्धमा कल्पना गर्ने र अपरान्तानुसार दृष्टि हुने केही श्रमण ब्राह्मणहरू बैसट्ठी प्रकारले पूर्वान्त र अपरान्तका सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन् – तिनीहरूले स्पर्शबाहेक अरू कुनै वेदना अनुभव गर्छन् भनी भन्न सक्ने कारण छैन ।

## ६. संसारचक्र दृष्टिगत छ

१४४. "भिक्षु हो ! जो ती शाश्वतवादी श्रमण ब्राह्मणहरू चार कारणले आत्मा र लोकलाई शाश्वत बताउँछन्, जो ती केही शाश्वतवादी केही अशाश्वतवादी श्रमण ब्राह्मणहरू, ··· जो ती अन्तानन्तवादी श्रमण ब्राह्मणहरू, ··· – जो ती अमराविक्षेपवादी श्रमण ब्राह्मणहरू, ··· जो ती कारणबिना *(आफसेआफ)* उत्पन्न हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू, ··· जो ती पूर्वान्तको सम्बन्धमा कल्पना गर्ने श्रमण ब्राह्मणहरू, ··· जो ती मरणपछि आत्मामा संज्ञा हुन्छ भन्ने वादी श्रमण ब्राह्मणहरू, ··· जो ती मरणपछि आत्मामा संज्ञा हुन्न भन्ने वादी श्रमण ब्राह्मणहरू, ··· जो ती मरणपछि नैवसंज्ञीनासंज्ञी भन्ने वादी श्रमण ब्राह्मणहरू, ··· जो ती उच्छेदवादी श्रमण ब्राह्मणहरू, ··· जो ती दृष्टधर्म निर्वाणवादी श्रमण ब्राह्मणहरू, ··· जो ती अपरान्तको सम्बन्धमा कल्पना गर्ने श्रमण ब्राह्मणहरू, ··· जो ती पूर्वान्तका सम्बन्धमा कल्पना गर्ने श्रमण ब्राह्मणहरू, अपरान्तको सम्बन्धमा कल्पना गर्ने श्रमण ब्राह्मणहरू, पूर्वान्त अपरान्तका सम्बन्धमा कल्पना गर्ने र पूर्वान्त अपरान्तानुसार दृष्टि हुने श्रमण ब्राह्मणहरू – बैसट्ठी (६२) प्रकारले पूर्वान्त अपरान्तका सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्– ती सबैले छ स्पर्शायतनले स्पर्श गर्ने ठाउँलाई अनुभव गर्छन् । उनीहरूलाई वेदनाको कारणले तृष्णा, तृष्णाको कारणले उपादान, उपादानको कारणले भव *(जन्मिने कारण)*, भवको कारणले जाति *(जन्म)*, जातिको कारणले जरा-मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास सम्भव हुन्छन् ।

Downloaded from http://www.dhamma.digital

# ७. दृष्टिजाल

१४५. "भिक्षु हो ! जब भिक्षु छ वटै स्पर्शायतनको समुदय, अस्तगमन, आस्वाद, दुष्परिणाम र मुक्ति *(निःशरण)* लाई यथार्थतः जान्नेछ, तब उसले यही सबैभन्दा उत्तरोत्तर जानेको हुन्छ।

१४६. "भिक्षु हो ! जो कोही श्रमण ब्राह्मणहरू वा पूर्वान्तको सम्बन्धमा कल्पना गर्ने वा अपरान्तका सम्बन्धमा कल्पना गर्ने वा पूर्वान्त-अपरान्तका सम्बन्धमा कल्पना गर्ने वा पूर्वान्त – अपरान्तानुसार दृष्टि हुनेहरू पूर्वान्त – अपरान्तका सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्, ती सबै यिनै बैसट्ठी कारणहरूको जालभित्र पर्दछन्। यसैभित्र बसी माथि आउनेहरू माथि आउँछन्, यसै घेराभित्र रही, यसै जालभित्र रही माथि आउनेहरू माथि आउँछन्।

"भिक्षु हो ! जस्तै कुनै माझी वा माझीको अन्तेवासीले मसिनो प्वाल भएको जाल थोरै पानी भएको दहमा फ्याक्छ। अनि उसलाई यस्तो लाग्छ – 'यो दहमा जे-जति ठूला ठूला प्राणीहरू छन्, ती सबै जालभित्र परे। यसैभित्र परी माथि आउनेहरू माथि आउँछन्, यसै घेराभित्र रही यसै जालभित्र रही माथि आउनेहरू माथि आउँछन्।' भिक्षु हो ! यस्तै गरी – जो श्रमण ब्राह्मणहरू वा पूर्वान्तका सम्बन्धमा कल्पना गर्ने ··· वा पूर्वान्त-अपरान्तका सम्बन्धमा अनेक प्रकारका विचारहरू प्रकट गर्छन्–ती सबै यिनै बैसट्ठी (६२) कारणहरूको जालभित्र पर्दछन्। यसै भित्रबसी माथि आउनेहरू माथि आउँछन्, यसै घेराभित्र रही यसै जालभित्र रही माथि आउनेहरू माथि आउँछन्।

१४७. "भिक्षु हो ! संसाररूपी डोरी चुँडालिसकेका तथागतको शरीर रहन्छ। जबसम्म शरीर रहन्छ, तब सम्म देवमनुष्यहरूले देख्छन्। शरीर छाडी जीवन सकिएपछि त्यसलाई देवमनुष्यहरूले देख्दैनन्।

"भिक्षु हो ! जस्तै आँप भएको हाँगा काटेपछि जे-जति आँपहरू हाँगामा रहन्छन्, ती सबै त्यही अनुसार हुन्छन् *(खस्छन्)*। भिक्षु हो ! त्यस्तै गरी – संसारको डोरी चुँडालिसकेका तथागतको शरीर रहन्छ। जबसम्म शरीर रहन्छ, तबसम्म देवमनुष्यहरूले देख्छन्। शरीर छाडी जीवन सकिएपछि त्यसलाई देवमनुष्यहरूले देख्दैनन्।"

१४८. यस्तो भन्नुहुँदा आयुष्मान् आनन्दले भगवान्सँग यस्तो बिन्ती गरे–"आश्चर्य हो भन्ते ! अद्भुत हो भन्ते !! भन्ते ! यो धर्मदेशनाको नाम के हो ?" "आनन्द ! त्यसोभए यो धर्मदेशनालाई 'अर्थजाल' भनेर पनि धारण गर; 'धर्मजाल' भनेर पनि धारण गर; 'ब्रह्मजाल' भनेर पनि धारण गर; 'दृष्टिजाल' भनेर पनि धारण गर; 'अनुत्तम संग्रामजित' भनेर पनि धारण गर।"

१४९. यति भगवान्ले भन्नुभयो। सन्तुष्ट भई भिक्षुहरूले भगवान्को भाषणलाई अभिनन्दन गरे। यो धर्मको व्याख्यान गर्नु हुँदा दशसहस्री लोकधातु कम्पित भयो।

**ब्रह्मजाल-सुत्त समाप्त।**

Downloaded from http://www.dhamma.digital

# २. सामञ्ञफल-सुत्त

(श्रामण्यफलसूत्र)

## १. श्रामण्यफल

### १. छजना अन्य तीर्थङ्करहरू

१. यस्तो मैले सुनें। एक समय भगवान् राजगृहको जीवक कौमारभृत्यको आम्रवनमा साढे बाह्र सय भिक्षुसङ्घका साथ बसिरहनुभएको थियो। त्यस समय मगधराजा अजातशत्रु वैदेहीपुत्र *(वेदेहिपुत्तो)* पूर्णिमाको उपोसथको पन्ध्रौं दिन चातुर्मासिनीको कौमुदि *(कार्तिक पूर्णिमा)* ले पूर्ण चन्द्र भएको रातमा राजामात्यहरूद्वारा परिवृत्त भई उत्तम प्रासादको माथिल्लो भागमा बसिरहेका थिए। अनि मगधराजा अजातशत्रु वैदेहीपुत्रले त्यस पूर्णिमाको रातमा उदान प्रकट गरे –[४५]

"अहा ! कति निर्मल रमणीय यो रात ! अहा ! कति अभिरूप यो निर्मल रात ! अहा कति दर्शनीय यो निर्मल रात ! अहा ! कति प्रसादनीय यो निर्मल रात ! अहा ! कति लक्षणीय यो निर्मल रात ! आज कुन श्रमण वा ब्राह्मणको सत्संगत गरूँ जसको सत्संगत गर्दा चित्त प्रफुल्लित हुन सकोस् !"

२. यस्तो भन्दाखेरि एकजना राजामात्यले मगधराजा अजातशत्रु वैदेहीपुत्रलाई यस्तो भने–"देव ! यी पूरणकश्यप सङ्घी, गणी, गणाचार्य, प्रसिद्ध, यशस्वी, तीर्थङ्कर *(सम्प्रदाय स्थापक)*, धेरै जनाले साधुसम्मत, रात्रज्ञ, चिरप्रव्रजित, धेरै समय बिताइसकेका तथा बैंस पुगिसकेका हुन्। देव ! ती पूरण-कश्यपको सत्संगत गर्नुहोस्। पूरणकश्यपसँग सत्संगत गर्दा अवश्य पनि देवको चित्त प्रफुल्लित हुनेछ।" यस्तो भन्दा मगधराजा अजातशत्रु वैदेहीपुत्र चुप लागेर बसे।

३. अर्का राजामात्यले मगधराजा अजातशत्रु वैदेहीपुत्रलाई यस्तो भने–"देव ! यी मक्खलिगोसाल सङ्घी, गणी, गणाचार्य, ··· तथा बैंस पुगिसकेका हुन्। देव ! यी मक्खलिगोशालसँग सत्संगत गर्नुहोस्। मक्खलिगोशालसँग सत्संगत गर्दा अवश्य पनि देवको चित्त प्रफुल्लित हुनेछ।" यस्तो भन्दा मगधराजा अजातशत्रु चुप लागेर बसे।

४. अर्का राजामात्यले पनि मगधराजा अजातशत्रु वैदेहीपुत्रलाई यस्तो भने– "देव ! यी अजित केशकम्बल सङ्घी, गणी, गणाचार्य, ··· तथा बैंस पुगिसकेका हुन्। देव ! अजित केशकम्बलसँग सत्संगत

४५ कुसंगतले गर्दा आफ्ना पिताको हत्या गरेका राजाको मन अशान्त भइरहेको थियो। साथै बुद्धप्रति आफैले गरेको महान-अपराधको कारण एक्लै बुद्धकहाँ जाने हिम्मत गर्न सकेका थिएनन्। बुद्धको सेवा गर्ने जीवकको सहायता लिई त्यहाँ जाने विचारले राजाले यसरी आफ्ना उद्गार पोखेको कुराको वर्णन सामञ्ञफलसुत्तवण्णनाले गरेको छ।

Downloaded from http://www.dhamma.digital

गर्नुहोस् । अजित केशकम्बलसँग सत्संगत गर्दा अवश्य पनि देवको चित्त प्रफुल्लित हुनेछ ।" यस्तो भन्दा मगधराजा अजातशत्रु वैदेहीपुत्र चुप लागेर बसे ।

५. अर्का राजामात्यले पनि मगधराजा अजातशत्रु वैदेहीपुत्रलाई यस्तो भने- "देव ! यी पकुध कच्चान *(प्रकुध कात्यायन)* सङ्घी, गणी, गणाचार्य, … तथा बैंस पुगिसकेका हुन् । देव ! यी पकुध कच्चान-सँग सत्संगत गर्नुहोस् । पकुध कच्चानसँग सत्संगत गर्दा अवश्य पनि देवको चित्त प्रफुल्लित हुनेछ ।" यस्तो भन्दा मगधराजा अजातशत्रु वैदेहीपुत्र चुपलागेर बसे ।

६. अर्का राजामात्यले पनि यस्तो भने– "देव ! यी सञ्जय बेलट्ठपुत्र सङ्घी, गणी, गणाचार्य, … तथा बैंस पुगिसकेका हुन् । देव ! यी सञ्जय बेलट्ठपुत्रसँग सत्संगत गर्नुहोस् । सञ्जय बेलट्ठपुत्रसँग सत्संगत गर्दा अवश्य पनि देवको चित्त प्रफुल्लित हुनेछ ।" यस्तो भन्दा मगधराजा अजातशत्रु वैदेहीपुत्र चुप लागेर बसे ।

७. अर्का राजामात्यले पनि यस्तो भने– "देव ! यी निगण्ठ-नाटपुत्र सङ्घी, गणी, गणाचार्य, … तथा बैंस पुगिसकेका हुन् । देव ! यी निगण्ठ-नाटपुत्रसँग सत्संगत गर्नुहोस् । निगण्ठ-नाटपुत्रसँग सत्संगत गर्दा अवश्य पनि देवको चित्त प्रफुल्लित हुनेछ ।" यस्तो भन्दा मगधराजा अजातशत्रु वैदेहीपुत्र चुप लागेर बसे ।

## २. मगधराजा जीवकको आम्रवनमा

८. त्यस समय जीवक कौमारभृत्य[४६] मगधराजा अजातशत्रु वैदेहीपुत्रको नगिचमा चुप लागेर बसेका थिए । अनि मगधराजा अजातशत्रु वैदेहीपुत्रले जीवक कौमारभृत्यलाई यस्तो भने–"सौम्य जीवक ! किन तिमी चुप लागेर बसिरहेको ?"

"देव ! उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध हाम्रो आम्रवनमा साढे बाह्र सय महान भिक्षुसङ्घका साथ बस्नुभएको छ । उहाँ भगवान्को यस्तो कल्याण कीर्तिशब्द फैलिरहेको छ–'उहाँ भगवान् अरहत् हुनुहुन्छ, सम्यक्सम्बुद्ध हुनुहुन्छ, विद्याचरण सम्पन्न हुनुहुन्छ, सुगत हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर पुरुषदम्य सारथि हुनुहुन्छ, देवमनुष्यहरूका शास्ता तथा उहाँ बुद्ध भगवान् हुनुहुन्छ ।' देव ! उहाँ भगवान्सँग सत्संगत गर्नुहोस् । उहाँ भगवान्सँग सत्संगत गर्दा अवश्य पनि देवको चित्त प्रफुल्लित हुनेछ ।"

९. "सौम्य जीवक ! त्यस्तो भए हस्तीयानहरू तयार पार्न लगाऊ[४७] ।" "हवस्, देव !" भनी मगधराजा अजातशत्रु वैदेहीपुत्रलाई प्रत्युत्तर दिई जीवक कौमारभृत्यले पाँच सय ढोईहरू र राजाले चढ्ने हात्ती पनि तयार पार्न लगाई मगधराजा अजातशत्रु वैदेहीपुत्रलाई निवेदन गरे– "देव ! हस्तीयानहरू तयार भइसके । अब जस्तो उचित सम्झनुहुन्छ । … "

---

४६ अनेक रथहरू वा अश्वहरू छँदा छँदै किन हास्तीयान तयार गर भनी नियुक्त गरे होलान् भन्ने बारेमा सुमं. वि. I पृ १६७ सामञ्ञफलसुत्तवण्णनाले यसरी उल्लेख गरेको छ –

अश्वयान वा अरू रथहरूमा जाँदा आवाज आउँछ । त्यसैले शान्त हुनुभएका भगवान् बुद्धकहाँ जानको निमित्त हात्तीमा जाँदा आवाज नआई शान्त हुनेछ भन्ने मनमा राखी यसो भनेका हुन् ।

४७ जीवक कौमारभृत्य सम्बन्धी विस्तृत जानकारीको निमित्त आचार्य अमृतानन्द महानायक महास्थविरद्वारा प्रणीत बुद्धकालीन गृहस्थी भाग १ पृ. ३४७-३६१ हेर्नु होला ।

Downloaded from http://www.dhamma.digital

१७. अनि प्रत्येक पाँच सय हात्तीहरूमा एक-एक स्त्री राखी[४८] आफूले चढ्ने हात्तीमा चढी चिरागहरू समाल्न लगाई महत् राजानुभावले मगधराजा अजातशत्रु वैदेहीपुत्र राजगृहबाट जहाँ जीवकको आम्रवन हो, त्यतैतिर प्रस्थान गरे ।

अनि आम्रवनको नजिकमा पुगेपछि मगधराजा अजातशत्रु वैदेहीपुत्र[४९] भय र त्रासले जिरिङ्ग भए । अनि भयभीत तथा संविग्न र लोमहर्षण[५०] भएका मगधराजा अजातशत्रु वैदेहीपुत्रले जीवक कौमारभृत्यसँग यस्तो भने–"सौम्य जीवक ! के तिमीले मलाई छकाएका त होइनौ ? सौम्य जीवक ! के तिमीले धोका दिएका त होइनौ ? सौम्य जीवक ! के तिमीले शत्रुको हातमा पार्न लगाएका त होइनौ ? त्यत्रो ठूलो साढे

---

४८ यी स्त्रीहरूलाई पुरुषको भेषमा बनाई ढाल र तरबार लिन लगाई हात्तीमा राखेका थिए ।

४९ भय चार प्रकारको छ – (१) चित्त त्रासको भय, (२) ज्ञान भय, (३) आरम्मण भय र (४) ओत्तप्प भय ।

(१) तीमध्ये "जातिं पटिच्च भयं भयानकं" *(जातिको कारणले भयानक भय हुन्छ)* भन्नेजस्ता ठाउँमा चित्तत्रास भयलाई 'भय' भनिएको हो ।

(२) "ते पि तथागतस्स धम्मदेसनं सुत्वा येभुय्येन भयं संवेगं सन्तासं आपज्जन्ती" भन्नेजस्ता ठाउँमा ज्ञानभयलाई 'भय' भनिएको हो । (सं. नि. नेपाल भाषा पृ. ४९८ मा सीह-सुत्त, खन्धसंयुत्त ।)

(३) "एतं नून तं भयभेरवं आगच्छति" *(यो हो कि क्या हो त्यो भयभैरव आउने)* भन्नेजस्तो ठाउँमा आरम्मण भयलाई 'भय' भनिएको हो । (म.नि. नेपाल भाषा पृ. १४ मा भयभेरव-सुत्त हेर्नु होला ।)

(४) "भीरुं पसंसन्ति न हि तत्थ सूरं,
भया हि सन्तो न करोन्ति पापं ।"

*(त्यहाँ डर मान्नेलाई प्रशंसा गर्छन् तर शूरलाई होइन; डर मान्नेहरू पाप गर्दैनन्)* भन्नेजस्तो ठाउँमा ओतप्पभयलाई 'भय' भनिएको हो । (सं.नि. I. पृ. २१ मा साधुसुत्तं, देवतासंयुत्तं ।)

यहाँ यस सूत्रमा चाहिं चित्तत्रासको भयलाई 'भय' भनिएको हो भनी सुमं. वि. I. पृ. १७० मा सामञ्‍ञफलसुत्तवण्णनाले उल्लेख गरेको छ ।

५० 'लोमहर्षण' भनेको आङमा रौंहरू ठाडा हुन्छन् । यो लोमहर्षणचाहिं धर्मश्रवण आदिको बेलामा प्रीतिको कारणले पनि हुन्छ । पिसाच आदि देख्दा डरछेरुवाहरूलाई भयको कारणले पनि त्यसो हुन्छ । यहाँ पनि चित्तत्रासको कारणले लोमहर्षण भएको हो भनी सुमं. वि. I. पृ. १७० ले उल्लेख गरेको छ । किन यी अजातशत्रु राजा भयभीत भएका होलान् भन्ने बारेमा यसरी उल्लेख गरिएको छ –

'किन भयभीत भएको हो ?' भन्ने कुराको उत्तर केहीले अन्धकार भएकोले त्यसो भएको हो भनी भन्दछन् । राजगृहमा ३२ वटा महाद्वारहरू र ६४ वटा साना साना द्वारहरू छन् । जीवकको आम्रवनचाहिं राजगृहको पर्खाल र गृद्धकूट पर्वतको बीचमा पर्दछ । अनि उनी पश्चिमद्वारबाट निस्केर पर्वतको छाया भएको ठाउँमा पुगे । त्यहाँनिर पर्वतको टुप्पोले चन्द्रमा ढाकिएको थियो । पर्वतको छाया र रूखहरूको छायाले गर्दा त्यहाँ अँध्यारो भएको थियो । यो कुराचाहिं खास कारण होइन । किनभने, त्यस बखत हजारौं चिरागहरू थिए । निःशब्दताको कारणले गर्दा आफ्नो ज्यानको बारेमा आशङ्का भएर नै यी राजा भयभीत भएका हुन् । जीवकले चाहिं अजातशत्रुलाई प्रासादमाथि नै भनिसकेका थिए कि भगवान् निःशब्दकामी हुनुहुन्छ । त्यसैले निःशब्दतापूर्वक जानुपर्छ । त्यसैले राजाले तूर्य शब्दहरू बन्द गराएका थिए । तूर्यहरू केवल लिएर मात्र गएका थिए । यति मात्र होइन; कुराकानी पनि ठूलो स्वरले गर्न दिएका थिएनन् । आम्रवनमा कसैले खोकेको आवाजसम्म पनि सुनिंदैनथ्यो । राजाहरूचाहिं शब्दहरूमा अभिरमण गर्छन् । अतः उनी निःशब्दताको कारणले गर्दा उत्कण्ठित मात्र भएका होइनन्; उनले जीवकमाथि आशङ्का पनि गरेका थिए । "मेरो आम्रवनमा साँढे बाह्र सय भिक्षुहरू छन्" भनी यी जीवक भन्दछन् । तर यहाँ भने खोकेको आवाजसम्म पनि सुनिंदैन । झूटो कुरा गरेर मात्र आफूले छत्र लिन चाहन्छन् जस्तो लाग्छ । यिनमा चाहिं पाँच हात्तीको बल छ र यी मेरो नजिकबाट पनि जाँदैछन् । यहाँ मेरो नजिकमा हातमा शस्त्र भएको कुनै पुरुष पनि छैन । "अहो, मेरो अनर्थ हुनलाग्यो" भनी डराएका थिए । डराएर पनि नडराएजस्तै बस्न नसकी आफू भयभीत भएको कुरा उनलाई भनी नै हाले । त्यसैले सूत्रमा 'भय त्रास र लोमहर्षण भयो' भनी उल्लेख गरिएको हो ।

Downloaded from http://www.dhamma.digital

बाह्र सय महान भिक्षुसङ्घको न खकारको आवाज सुनिन्छ, न त खोकेको आवाज नै सुनिन्छ न त अरू कुनै किसिमको आवाज नै सुनिन्छ !"

"महाराज, नडराउनुहोस्, महाराज ! नडराउनुहोस्[५१] ! देव ! मैले तपाईंलाई छकाएको छैन । देव ! न मैले तपाईंलाई धोका नै दिएको छु । देव ! न मैले तपाईंलाई शत्रुको हातमा पारेको छु । महाराज ! अगाडि बढ्नुहोस्, महाराज ! अगाडि बढ्नुहोस् ! ऊ त्यो मण्डलमालमा बत्ती बल्दैछ[५२] ।"

११. अनि मगधराजा अजातशत्रु वैदेहीपुत्र जतिसम्म हात्तीबाट जाने बाटो थियो त्यतिसम्म हात्तीबाट गई त्यसपछि हात्तीबाट ओर्ली[५३] पैदल नै जहाँ मण्डलमालको द्वार हो, त्यहाँ गए । त्यहाँ पुगेपछि जीवक कौमारभृत्यलाई यस्तो भने–"सौम्य जीवक ! भगवान्‌कहाँ हुनुहुन्छ त[५४] ?"

"महाराज ! भगवान् यहाँ हुनुहुन्छ । महाराज ! भगवान् यहाँ माझको स्तम्भमा अडेस लिई भिक्षुसङ्घलाई अगाडितिर पारी पूर्वाभिमुख गरी बसिरहनुभएको छ ।"

१२. अनि मगधराजा अजातशत्रु वैदेहीपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो, त्यहाँ गए । त्यहाँ पुगेपछि एक छेउमा उभिए[५५] । एक छेउमा उभिएका मगधराजा अजातशत्रु वैदेहीपुत्रले स्वच्छ तलाउजस्तै बसिरहेका[५६]

---

५१ म कसैलाई हत्या गर्दिन भन्ने कुरा यी राजा जान्दैनन् । अतः यदि मैले आश्वासन नदिएको खण्डमा मामला खराब हुनेछ भन्ने ठानी उनले 'नडराउनुहोस्', 'नडराउनुहोस्' भनी भनेका हुन् भनी सुमं. I. पृ. १७१ मा सामञ्ञफलसुत्तवण्णनाले उल्लेख गरेको हो ।

५२ "ऊ त्यो मण्डलमालमा बत्ती बल्दैछ" भनी भन्नाको तात्पर्य हो – महाराज ! चोरका जमातहरू बत्ती बालेर बस्दैनन् । यो मण्डलमालमा बत्ती बलिरहेको छ । अतः नडराउनुहोस् र बत्ती भएको ठाउँमा जानुहोस् भनी भनिएको हो ।

५३ 'हात्तीबाट ओर्ली' भनेको विहारको बहिद्वारको कोठाअगाडि ओर्ल्हे भनी भनिएको हो ।
ओर्ल्हेर खुट्टाले भुइँमा टेक्नेबित्तिकै भगवान्‌को रश्मि राजाको शरीरभरि फैलिएर गयो । अनि त्यतिखेरै राजाको शरीरमा पसिना निस्कन थाल्यो । लगाइराखेको वस्त्र निचोर्नु पर्ने जस्तो भयो । त्यसै बखत आफ्नो अपराधलाई झसक्क सम्झेर राजाको मनमा महाभय उत्पन्न भयो । अनि सीधा बुद्धकहाँ जान नसकी जीवकको हात समाती आरामसाथ घुम्ने जस्तो गरी "जीवक ! तिमीले यो खूब राम्ररी बनायौ" भन्दै विहारको बयान गर्दै जहाँ मण्डलमालको द्वार हो, त्यहाँ गए भनी सुमं. वि. I. पृ. १७१ ले उल्लेख गरेको छ ।

५४ राजाले भगवान् कहाँ हुनुहुन्छ भनी किन सोधेका होलान् भन्ने बारेमा कोही भन्दछन् कि 'नजानेर' । केटाकेटीको उमेरमा राजा बिम्बिसारसँग आउँदा यिनले बुद्धलाई देखेका थिए । पछि कुसङ्गतको कारणले गर्दा यिनले पितृघात गरेका थिए । देवदत्तको कुरा सुनेर धनपालक *(नालागिरी)* लाई छाडि दिएका थिए । यस्तै यस्ता काम गरी अपराधी भएको हुँदा उनी भगवान्‌कहाँ नगएका हुन् । त्यसैले 'नजानेर' भनिएको हो । तर योचाहिं कुनै कारण होइन । किनभने भगवान्, लक्षणहरूले सुसम्पन्न र अनुव्यञ्जनहरूले प्रतिमण्डित हुनुहुन्छ । छ वर्ण रश्मिहरूद्वारा सबै आरामहरूको प्रकाश गरी ताराहरू परिवृत्त भएको चन्द्रमाजस्तै भिक्षुहरूद्वारा परिवृत्त भई मण्डलमालमा बसिरहनुभएको छ । कसले उहाँलाई चिन्न नसक्ला र ? यिनले त केवल आफ्नो ऐश्वर्यलीलाले यस्तो सोधेका हुन् । राजाहरूका लागि यो स्वाभाविक नै हो कि जो जानेर पनि नजाने जस्तै गरी सोध्छन् ।
अनि जीवकले राजाको कुरा सुनी–"पृथ्वीमा बसेर पनि 'खोइ पृथ्वी' भनी यी राजा सोध्छन् । आकाशमा हेरेर पनि 'खोइ चन्द्रमा' भनी सोध्छन् । सुमेरुको फेदीमा बसेर 'खोइ सुमेरु' भनी सोधेजस्तो गरी भगवान्‌को अगाडि बसेर पनि 'खोइ भगवान्' भनी सोध्छन्" भन्ने लागेर भगवान्‌लाई देखाइदिनुपर्‍यो भनी सोचेर जतातिर भगवान् हुनुहुन्थ्यो, त्यतातिर दुवैहात जोरी नमस्कार गरी "यहाँ नै भगवान् हुनुहुन्छ" भनी भने ।

५५ 'एक छेउमा उभिए' भनेको भगवान्‌लाई र भिक्षुसङ्घलाई कुनै बाधा नहुने गरी एक अनुकूल ठाउँमा उभिई भगवान्‌लाई नमस्कार गरिरहे भनी सुमं. वि. I. पृ. १७३ ले उल्लेख गरिएको छ ।

५६ ज-जसलाई हेरे ती-ती भिक्षुहरू चुपलागेर बसिरहेका देखे । त्यहाँ एकजना भिक्षुले पनि हात वा खुट्टा चलाइरहेका थिएनन् । सर्वालङ्कारले प्रतिमण्डित भएका नाटक परिवारलाई वा राजालाई कुनै भिक्षुले हेरेका थिएनन् । सबैले

Downloaded from http://www.dhamma.digital

भिक्षुहरूलाई हेरेर उदान प्रकट गरे[५७] –"जस्तै यी भिक्षुसङ्घ उपशान्त भई बसिरहेका छन् त्यस्तै गरी मेरा उदयभद्र कुमार पनि उपशान्त भई बसुन् ।"

"महाराज ! तपाईं प्रेम अनुरूप जानुभयो [५८] ।"

"भन्ते ! मेरो उदयभद्र कुमार मलाई प्यारो छ । भन्ते ! उदयभद्र कुमार पनि यसरी नै उपशान्त भएर बसे हुन्थ्यो, जसरी यहाँ भिक्षुसङ्घ उपशान्त भई बसेका छन् ।"

१३. अनि मगधराजा अजातशत्रु वैदेहीपुत्रले भगवान्‌लाई अभिवादन गरी भिक्षुसङ्घलाई दुई हात जोरी नमस्कार गरी[५९] एक छेउमा बसे । एक छेउमा बसेका मगधराजा अजातशत्रु वैदेहीपुत्रले भगवान्‌लाई

---

भगवान्‌लाई नै हेरी बसिरहेका थिए । उनीहरूलाई देखेर राजा अति प्रसन्न भएका थिए । मलरहित तलाउजस्तै उनीहरूका शान्त इन्द्रियहरू अति प्रसन्न थिए । अनि बारम्बार उनीहरूलाई हेरी राजाले उदान प्रकट गरेका हुन् ।

५७ "जस्तै यी भिक्षुसङ्घ उपशान्त भई बसिरहेका छन्, त्यसै गरी उदयभद्र कुमार पनि उपशान्त भई बसुन्" भनी उदान प्रकट गरे । यसको अर्थ प्रष्ट पार्दै सुमं. वि. I. पृ. १७४ मा सामञ्ञफलसुत्तवण्णनाले यसरी उल्लेख गरेको छ -

"अहो ! मेरो पुत्र उदयभद्र पनि प्रव्रजित भई यसरी नै उपशान्त भएर बस्न सके कति बेस हुने थियो ! " यति कारणले मात्र त्यसो भनेको होइन । यिनले शान्तिपूर्वक बसिरहेका भिक्षुसङ्घलाई देखेर पुत्रको अनुस्मरण गरेका थिए । कुनै दुर्लभ वस्तु पाएर अथवा कुनै प्रिय वस्तु देखेर आफ्ना प्यारा ज्ञातिबन्धुहरूको अनुस्मरण गर्नु यो लोकका मानिसहरूको स्वभावै हो । यद्यपि उनले यसो भने उनले यो कुरा आफ्नो पुत्रमाथि आशङ्का गरी भनेका हुन् ।

राजाको मनमा यस्तो लागेको थियो – "मेरो छोराले सोध्न सक्छ कि मेरा पिता तन्नेरी छन्, मेरा बाजे कहाँ छन् ?" यस्तो सोध्ने उसले "तिम्रा पिताले तिम्रा बाजेलाई मारिदिए" भन्ने कुरा सुन्न सक्छ । अनि उसले पनि "म पनि आफ्ना पितालाई मारेर राज्य गर्नेछु" भन्ने कुरा सोच्न सक्छ । यसरी पुत्रमाथि आशङ्का गरी उनले 'मेरो छोरा शान्त भएर बसे हुन्थ्यो' भन्ने कुरा भनेका हुन् । यस्तो इच्छा गरे तापनि पछि उनलाई उनको पुत्रले मारि नै दिएका थिए । यिनीहरूको वंशमा पाँच वंशसम्म पितृघातको परम्परा चलेको थियो । जस्तै – (१) अजातशत्रुले बिम्बिसार राजालाई मारे (२) उदयभद्रले अजातशत्रुलाई मारे (३) उनको पुत्र महामुण्डले आफ्ना पिता उदयभद्रलाई मारे । (४) अनि महामुण्डलाई अनुरुद्धले मारे र (५) अनुरुद्धको छोरा नागदास भन्नेले आफ्ना पिता अनुरुद्धलाई मारे । त्यसपछि नागदास राजालाई 'यी राजाहरू वंशछेदक हुन्' भनी रिसाएका नागरिकहरूले मारिदिए ।

५८ किन भगवान्‌ले यसो भन्नुभएको होला ? राजाले वचन प्रकट गर्नुभन्दा अगावै त्यस बखत भगवान्‌ले यस्तो विचार गर्नुभएको थियो – 'यी राजा चुप लागेर कुनै शब्द प्रकट नगरी के सोचेर बसेका होलान् ?' त्यसपछि भगवान्‌ले उनको मनोभावलाई बुझ्नुभई 'यी राजा मसँग कुरा गर्न नसकी भिक्षुसङ्घलाई हेरी पुत्रको संस्मरण गर्दैछन् । मैले कुरा नउठाईकन यिनले मसँग कुरा गर्न सक्ने छैनन् । अतः यिनीसँग कुरा गर्नुपर्‍यो' भनी राजाको कुरा सिद्धिने बित्तिकै भगवान्‌ले "महाराज ! तपाईं प्रेम अनुरूप जानुभयो" भनी भन्नुभएको हो । भनाईको तात्पर्य जसरी अग्लो ठाउँको पानी होचो ठाउँमा जाने हो, त्यसरी नै भिक्षुसङ्घलाई हेर्दै जहाँ प्रेम छ, त्यहाँ तपाईंको मन गयो भनी भनिएको हो ।

यति कुरा सुनेपछि राजालाई यस्तो लाग्यो–"अहो आश्चर्य बुद्धगुण ! म जस्तो अपराधी भगवान्‌को दृष्टिमा अरू कोही छैनन् । मैले उहाँका अग्र उपस्थापक *(बिम्बिसार)* लाई मारिदिएँ । देवदत्तको कुरा सुनेर मैले उहाँलाई मार्नको निमित्त मानिसहरू पठाएँ । (चुल्ल. व.पा.पृ. २९६ नालागिरिपेसनं, सङ्घभेदक्खन्धकं) मेरो सहारा लिएर देवदत्तले भगवान्‌माथि ढुङ्गा फ्याके । (चुल्ल, व.पा.पृ. २९३ लोहितुप्पादकम्म, सङ्घभेदक्खन्धकं) यस्तो महाअपराधी मसँग दशबलले कुरा गर्दै हुनुहुन्छ । अहो ! भगवान् पाँच प्रकारका तटस्थता *(तादि)* गुणहरूले युक्त हुनुहुन्छ । यस्ता शास्तालाई छाडेर अब बाहिर शास्ताहरू खोज्नेछैन" भन्दै चित्त प्रसन्न गरी भगवान्‌सँग कुरा गर्दै राजाले "भन्ते ! मेरा उदयभद्र कुमार मलाई प्यारो छन्" भनी भनेका हुन् भनी सुमं वि. १७४-१७५ सामञ्ञफलसुत्तवण्णनाले उल्लेख गरेको हो ।

५९ किन भिक्षुसङ्घलाई नमस्कार मात्र गरेका हुन् त ? भन्ने प्रश्नको बारेमा अट्ठकथाले यसरी लेखेको छ–

Downloaded from http://www.dhamma.digital

यस्तो भने–"भन्ते ! भगवान्सँग म केही कुरा सोध्न चाहन्छु यदि भगवान्ले प्रश्नको उत्तर दिन समय दिनुहुन्छ भने ।"

"महाराज ! सोध्नुहोस्, जहिले चाहनुहुन्छ[६०] ।"

## ३. श्रामण्यफलसम्बन्धी प्रश्न

१४. "भन्ते ! जस्तै यहाँ विविध प्रकारका शिल्पीहरू छन्, जस्तै – माहुतेहरू, सवारहरू, सारथिहरू, धनुषाचार्यहरू, चेलकहरू, *(विजय ध्वजाधारीहरू)*, चलकाहरू *(सेनाब्यूह निर्माताहरू)*, पिण्डदायकहरू *(सेनाहरूलाई भात पस्काउनेहरू)*, उग्रराजपुत्रहरू *(सङ्ग्राममा जाने शूर वीर राजपुत्रहरू)*, पखन्दिकहरू *(शत्रुका शिर छेदन गर्न सक्नेहरू)*, शूरहरू, चर्मयोधिनहरू *(छालाका ढाल लिई सङ्ग्राममा जानेहरू)* दासपुत्रहरू, भान्छेहरू, हजामहरू, नुहाउनेहरू, सूपशास्त्रीहरू, मालाकारहरू, धोबीहरू, चपरासीहरू, नलकारहरू, कुमालेहरू, गणकहरू *(काम छेड्नेहरू)*, गणितज्ञहरू तथा अरू पनि विविध प्रकारका शिल्पीहरू छन्, तिनीहरूले यसै जीवनमा आफ्ना शिल्पफलहरूद्वारा जीविका प्राप्त गर्छन् । त्यसद्वारा उनीहरूले आफूलाई सुखी तथा आनन्दित पार्छन् । आमा-बाबुलाई पनि सुखी तथा आनन्दित पार्छन् । पुत्रदारहरूलाई पनि सुखी तथा आनन्दित पार्छन् । साथी र मित्रहरूलाई पनि सुखी तथा आनन्दित पार्छन् । उनीहरूले श्रमण ब्राह्मणहरूप्रति उँभो लाग्ने स्वर्गीय सुखविपाकी र स्वर्गगामी दानदक्षिणा अर्पित गर्छन् । भन्ते ! यसैगरी यसै जीवनमा प्रत्यक्ष फल दिने श्रामण्यफल[६१] *(सामञ्ञफलं =श्रमणभावको फल)* प्रज्ञापित गर्न सकिन्छ के ?" *(देखाउन सकिन्छ के ?)*

"महाराज ! यो प्रश्न अरू कुनै श्रमण ब्राह्मणहरूसँग सोध्नुभएको कुरा तपाईंलाई थाहा छ के[६२] ?"

---

उनलाई यस्तो लागेको थियो–"भगवान्लाई वन्दना गरी यताउता गई भिक्षुसङ्घलाई वन्दना गर्दा भगवान्लाई पछाडि पार्नुपर्ने हुन्छ । यसो गर्दा गौरव देखाएको हुन्न । राजालाई वन्दना गरी उपराजाहरूलाई वन्दना गर्दा राजालाई अगौरव गरिएको हुन्छ ।" त्यसैले भगवान्लाई वन्दना गरी उभिइरहेको ठाउँबाटै भिक्षुसङ्घलाई दुवै हात जोरी नमस्कार गरी एउटा छेउमा बसेका हुन् ।

६० अनि प्रश्न सोध्न प्रोत्साहित पार्दै भगवान्ले "महाराज ! सोध्नुहोस् जहिले चाहनुहुन्छ" भनी भन्नुभएको हो ।
यसको तात्पर्य यो हो जहिले चाहनुहुन्छ, सोध्नुहोस् । उत्तर दिन मलाई कुनै भार अथवा जे चाहनुहुन्छ, सोध्नुहोस्, सबैको उत्तर म दिनेछु भनी सर्वज्ञ ज्ञानद्वारा वचन दिनुभएको हो । यसो भन्नाले प्रत्येकबुद्ध र अग्रश्रावकहरूभन्दा असाधारणता देखाउँछ । उनीहरूले चाहिं 'जहिले चाहन्छौ, सोध' भनी भन्दैनन् । 'प्रश्न सुनेर भन्नेछु' भनी भन्दछन् । बुद्धले चाहिं 'आवुसो ! जहिले चाहन्छौ, भनेर वा "महाराज ! जहिले चाहन्छौ, सोध' भनी भन्न सक्नुहुन्छ ।

६१ 'श्रामण्यफल' को शब्दार्थ हो–श्रमणफल । परमार्थको हिसाबले चाहिं 'मार्ग' लाई 'श्रामण्य' र 'आर्यफल' लाई 'श्रामण्यफल' भन्दछन् । जस्तो कि "भिक्षु हो ! श्रामण्य भनेको कस्तो हो ? यही आर्यअष्टाङ्गिकमार्ग हो । जस्तै– सम्यक्दृष्टि ···. सम्यक्समाधि । भिक्षु हो ! यही श्रामण्य हो । भिक्षु हो ! कुनचाहिं श्रामण्यफल हो त ? स्रोतापत्तिफल, ··· अरहत्फल । यही श्रामण्यफल हो ।" (सं.नि. IV. पृ. २२ पठम सामञ्ञसुत्तं, मग्गसंयुत्तं ।) राजालाई चाहिं यस विषयमा ज्ञान थिएन । त्यसैले उनले माथि सूत्रमा उल्लेख भएजस्तै दासपुत्रहरूले झैं यसै जीवनमा पाउने कुनै प्रत्यक्ष फल पाइने कुनै धर्म छ के ? भनी सोधेका हुन् ।

६२ भगवान्ले यो प्रश्न किन सोध्नुभएको होला भन्ने सम्बन्धमा अट्ठकथाले यसरी स्पष्टिकरण दिएको छ ।
अनि भगवान्ले प्रश्नको उत्तर दिनुभन्दा अगावै यसो सोच्नुभयो–"यी धेरै अन्यतीर्थीय श्रावकहरू राजामात्यहरू यहाँ आएका छन् । कृष्णपक्ष र शुक्लपक्षका सम्बन्धमा कुरा प्रकाश पार्दा उनीहरूले 'महत् उत्साह

Downloaded from http://www.dhamma.digital

# ४. छ तीर्थिय मतहरू

१५. "भन्ते ! यो प्रश्न अन्य श्रमण ब्राह्मणहरूसँग सोधेको कुरा मलाई थाहा छ ।"

"महाराज ! अनि कसरी उनीहरूले तपाईंलाई उत्तर दिए त ? यदि तपाईंलाई भार पर्दैन भने बताउनुहोस् न ।"

"भन्ते ! मलाई कुनै भार पर्दैन जहाँ कि भगवान् वा भगवान्समान कुनै *(पुरुष)* बसेका छन् ।"

"महाराज ! त्यस्तो भए भन्नुहोस् न ।"

## (१) पूरणकश्यपको मत

१६. "भन्ते ! एक समय जहाँ पूरणकश्यप थिए, त्यहाँ म गएँ । त्यहाँ पुगेपछि पूरणकश्यपसँग सम्मोदन गरें । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसें । भन्ते ! अनि एक छेउमा बसेको मैले पूरणकश्यपसँग यस्तो सोधें – 'भो कश्यप ! यहाँ विविध प्रकारका शिल्पीहरू छन्, जस्तै–माहुतेहरू ...[६३] । भो कश्यप ! तपाईं पनि त्यसैगरी यसै जीवनमा प्रत्यक्ष रूपले श्रामण्यफल देखाउन सक्नुहुन्छ के ?"

१७. "भन्ते ! यस्तो कुरा सोध्दा पूरणकश्यपले मलाई यस्तो जवाफ दिए– "महाराज ! (क) (१) गर्दा र गराउँदा, छेदन गर्दा र छेदन गराउँदा, पिट्दा र पिट्न लगाउँदा, हरण गर्दा र हरण गराउँदा, कष्ट दिंदा र कष्ट दिन लगाउँदा, फन्दामा पार्दा र फन्दामा पार्न लगाउँदा, प्राणीघात गर्दा, (२) चोरी गर्दा, घर फोर्दा, लुटपिट गर्दा, एक्लो घरमा लुटपीट गर्दा, चार दोबाटोमा बसी आउने जानेलाई लुटपीट तथा काटमार गर्दा; (३) परदारगमन गर्दा तथा (४) भूटो बोल्दा पनि पाप लाग्दैन र पाप गर्छु भन्दा पनि पाप गरिएको हुँदैन । (ख) छुराको जस्तो धार भएको चक्रले यस पृथ्वीमा प्राणीहरूलाई *(कसैले)* उनीहरूको मासुको थुप्रो अथवा पुञ्ज लगाए तापनि त्यसको कारणले *(उसलाई)* पाप लाग्दैन र पाप हुँदैन । (ग) यसरी हनन गर्दै, घात गर्दै, छेदन गर्दै तथा छेदन गराउँदै; पिट्दै र पिट्न लगाउँदै – *(उत्तरगङ्गाबाट)* दक्षिण[६४] गङ्गाको तटसम्म गए तापनि त्यसको कारणले पाप लाग्दैन, पाप हुँदैन । (घ) *(त्यस्तै)* दान दिंदै र दान दिन लगाउँदै, यज्ञ गर्दै र यज्ञ गराउँदै *(दक्षिण गङ्गाबाट)* उत्तर[६५] गङ्गाको तटसम्म

---

लिएर महाराजा यहाँ आउनुभएको छ, उहाँ आउनुभएदेखि नै श्रमणहरूको भगडा र वादविवादसम्बन्धी श्रमण गौतम कुरा गर्दै - हुनुहुन्छ' भन्दै कराउनेछन् र आदरपूर्वक धर्मकुरा सुन्ने छैनन् । राजाले नै भनेको खण्डमा उनीहरू कराउने र राजाकै अनुसरण गर्नेछन् । यी लोकवासीहरू मालिकको अनुसरण गर्छन् । अतः राजाकै जिम्मा लगाइ दिनु पऱ्यो भन्ने सोचेर भगवान्ले "यो प्रश्न अरू कुनै श्रमण ब्राह्मणहरूसँग सोध्नुभएको छ के ? त्यसो सोध्नुभएको तपाईंलाई थाहा छ के ? बिर्सनु त भएको छैन ?" भनी भन्नुभएको हो । यदि कसैसँग सोध्नुभएको छ भने उनीहरूले के- कस्तो उत्तर दिए भन्ने कुरा बताउन गाहारो लाग्दैन भने त्यो कुरा भन्नुभए बेस हुनेछ भनी भन्नुभएको हो भनी सुमं. वि I. पृ. १७९-८० मा सामञ्ञफलसुत्तवण्णनाले उल्लेख गरेको छ ।

६३ यहाँका बाँकी कुराहरू माथि पृ. ३८ मा उल्लेख भएजस्तै दोहोऱ्याई पढ्नुहोला ।

६४ दक्षिणतिरका मानिसहरू चण्ड तथा रौद्र स्वभावका हुन्छन् । त्यसैले उनीहरूलाई काटे पनि पाप लाग्दैन भन्ने पूरणकश्यप ठान्दछन् । त्यसैले 'दक्षिण' भनी लक्षित गरिएको हो ।

६५ उत्तरका मानिसहरू श्रद्धालु स्वभावका हुन्छन् । त्यसैले उनीहरूलाई दान दिए तापनि पुण्य पाँईदैन भन्ने पूरणकश्यप ठान्दछन् । त्यसैले 'उत्तर' भन्ने लक्षित गरिएको हो ।

Downloaded from http://www.dhamma.digital

गए तापनि त्यसको कारणले पुण्य पाइँदैन, पुण्य हुँदैन । (ङ) *(त्यस्तै)* दानद्वारा, इन्द्रिय दमनद्वारा, शीलसंयमद्वारा, सत्यवादद्वारा पनि पुण्य पाइँदैन र पुण्य हुँदैन ।'

"भन्ते ! पूरणकश्यपसँग मैले यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफलको कुरा सोध्दा उनले मलाई 'गर्नु नपर्ने' *(अकिरियं=अ-क्रिया)* कुराको व्याख्या गरे । जस्तै– कसैले कसैसँग आँपको कुरो सोध्दा लौकाको कुरा बताएभैंं वा लौकाको कुरा सोध्दा आँपको कुरा बताएभैंं पूरणकश्यपले मलाई यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफलको कुरो सोध्दा 'अ-क्रिया' को कुरा सुनाए ।

"भन्ते ! अनि मेरो मनमा यस्तो लाग्यो– 'मजस्ता *(राजा)* ले आफ्नो राज्यमा बस्ने श्रमण वा ब्राह्मणलाई कसरी असन्तुष्ट पारूँ ! '

"भन्ते ! यति सोची मैले पूरणकश्यपको कुरा सुनेर पनि न त उनको अभिनन्दन गरें न त निन्दा नै । अभिनन्दन पनि नगरी निन्दा पनि नगरी, असन्तुष्ट भएर पनि असन्तुष्टताको भाव प्रकट नगरी उही वचन *(उनले भनेको कुरा)* 'सार हो' भनी ग्रहण नगरी उनले भनेको कुरालाई मनमा नराखी म आसनबाट उठी फर्की आएँ ।

## (२) मक्खली गोशालको मत

१८. "भन्ते ! एक दिन जहाँ मक्खली गोशाल थिए, त्यहाँ म गएँ । त्यहाँ पुगेपछि मक्खली गोशालसँग सम्मोदन गरें । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसें । भन्ते ! अनि एक छेउमा बसेको मैले मक्खली गोशालसँग सोधें – "भो गोशाल ! यहाँ विविध प्रकारका शिल्पीहरू छन्, जस्तै – माहुतेहरू[६६] ··· । भो गोशाल ! के तपाईं पनि त्यसैगरी यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफल *(सामान्यफल=आफैले जान्नुपर्ने फल)* देखाउन सक्नुहुन्छ ?"

१९. "भन्ते ! यस्तो कुरा सोध्दा मक्खली गोशालले मलाई यस्तो जवाफ दिए– "महाराज ! (१) सत्त्वहरू संक्लिष्ट हुनाको कुनै हेतु छैन, कुनै प्रत्यय छैन; विना हेतुले, विना प्रत्ययले नै सत्त्वहरू संक्लिष्ट हुन्छन् । (२) सत्त्वहरू शुद्धि हुनाको पनि कुनै हेतु छैन, कुनै प्रत्यय छैन; विना हेतुले र विना प्रत्ययले नै सत्त्वहरू विशुद्ध हुन्छन् । (३) आफूले गरेर पनि *(विशुद्ध)* हुन्न *(नत्थिअत्तकारे)*, अर्काले गरेर पनि *(विशुद्ध)* हुन्न *(नत्थिपरकारे)*; (४) पुरुषार्थद्वारा पनि *(विशुद्ध)* हुन्न, (५) पुरुषको शक्तिद्वारा पनि *(विशुद्ध)* हुन्न, पुरुषको पराक्रमद्वारा पनि *(विशुद्ध)* हुन्न, (६) सबै सत्त्वहरू [६७], सबै प्राणीहरू [६८], सबै भूतहरू [६९] तथा सबै जीवहरू[७०] आफ्ना वशमा छैनन् र स्वाभाविक रूपले जहाँ-जहाँ जानुपर्ने हो, त्यहाँ-त्यहाँ गई छ अभिजातिहरूअन्तर्गत सुख-दुःखको अनुभव गर्छन् । (७) प्रमुख योनिहरू चौध लाख छ हजार छ सय (१४,०६,६००) छन् । (८) पाँच सय कर्महरू छन्, (९) पाँच कर्महरू छन्[७१], (१०) तीन कर्महरू [७२] छन्

---

६६ यहाँका बाँकी कुराहरू माथि पृ ३८ मा उल्लेख भएजस्तै दोहऱ्याई पढ्नुहोला ।

६७ मक्खलीको सिद्धान्तअनुसार सबै पशुलाई 'सत्त्व' भन्दछन् ।

६८ मक्खलीको सिद्धान्तअनुसार एक इन्द्रिय र दुई इन्द्रिय भएका प्राणीहरूलाई 'प्राणीहरू' भनिएको छ ।

६९ सबै अण्डज प्राणीहरूलाई 'भूत' भनी अन्य तैर्थीयहरू भन्दछन् रे ।

७० धान, जौ, गहुँ आदि अन्नहरूमा जीव छ भन्ने धारणा अन्य धर्मावलम्बीहरूले राख्ने भएको हुँदा यसैलाई 'जीव' भनिएको हो ।

७१ अन्य तैर्थीयहरूमा पनि कसैले पञ्चेन्द्रियलाई 'पाँच कर्म' भन्छन् ।

Downloaded from http://www.dhamma.digital

तथा (११) कर्म र अर्धकर्म[७३] पनि छन् । (१२) बैसट्ठी प्रतिपदाहरू छन्, (१३) बैसट्ठी अन्तर कल्पहरू[७४] छन्, (१४) छ अभिजातिहरू छन्, (१५) आठ पुरुषभूमिहरू[७५] छन्, (१६) उनन्चास सय आजीवक व्रतहरू, (१७) उनन्चास सय परिव्राजक प्रव्रज्याहरू र (१८) उनन्चास सय नागवासहरू छन् । (१९) बीस सय इन्द्रियहरू, (२०) तीस सय नरकहरू र (२१) छत्तीस रज धातुहरू *(धूलो लाग्ने ठाउँहरू)* छन् । (२२) सात संज्ञीगर्भहरू[७६] *(सचेतन गर्भहरू)*, (२३) सात असंज्ञी *(अचेतन)* गर्भहरू[७७] र (२४) सात निर्ग्रन्थी गर्भहरू[७८] छन् । (२५) सात देवहरू, (२६) सात मनुष्यहरू र (२७) सात पिशाचहरू छन् । (२८) सात दहहरू[७९], (२९) सात महाग्रन्थि *(पवुट)* हरू र सात साना ग्रन्थि *(पवुट)* हरू छन् (३०) सात महाप्रपातहरू र सात सय साना प्रपातहरू छन् (३१) सात महास्वप्नहरू र सात सय साना स्वप्नहरू छन् । (३२) असी लाख साना ठूला कल्पहरू[८०] सम्म संसारमा घुमी-फिरी मूर्ख तथा पण्डितहरूले दुःखको अन्त गर्न सक्छन् (३३) फेरि त्यहाँ यो शीलद्वारा, यो व्रतद्वारा अथवा यो ब्रह्मचर्यद्वारा म अपरिपक्व कर्मलाई परिपक्व गर्नेछु अथवा परिपक्व कर्मलाई भोग गरेर पार लगाउनेछु भन्ने पनि हुन सक्दैन । (३४) द्रोण *(पाथी)* ले नापिराखेको जस्तै नापिराखेको यस संसारको सुख-दुःखलाई घटी-बढी गर्न सकिन्न न उच्च-नीच *(तलमाथि)* पार्न नै सक्छन् । जस्तै – बेरिएको धागोको डल्लो छाडिदिंदा धागोको प्रमाण भएसम्म मात्र जान्छ त्यस्तै–मूर्ख र पण्डितहरूले *(संसारमा)* घुमफिर गरेर मात्र दुःखको अन्त गर्नेछन् ।"

२०. "भन्ते ! मैले मक्खली गोशालसँग यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफलको कुरा सोध्दा उनले मलाई 'संसार-शुद्धि' को कुरा सुनाए । जस्तै– कसैले कसैसँग आँपको कुरा सोध्दा लौकाको कुरा बताएभैं वा लौकाको कुरा सोध्दा आँपको कुरा बताएभैं मक्खली गोशालले मलाई यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफलको कुरा सोध्दा 'संसार-शुद्धि' को कुरा बताए ।

"भन्ते ! अनि मेरो मनमा यस्तो लाग्यो–'म जस्तो *(राजा)* ले आफ्नो राज्यमा बस्ने श्रमण ब्राह्मणलाई कसरी असन्तुष्ट पारूँ ! '

---

७२ काय, वाक्, चित्तलाई तीन कर्म भनिएको छ ।

७३ काय र वचनलाई 'कर्म' र मन-कर्मलाई 'अर्ध-कर्म' भनी भन्दछन् रे ।

७४ एक कल्पमा चौसट्ठी अन्तर कल्पहरू हुन्छन् । तर यिनले दुई कल्पहरू थाहा नपाई बयसट्ठी कल्पहरू मात्र उल्लेख गरे ।

७५ (१) मन्दभूमि, (२) खिड्डाभूमि, (३) वीमंसनभूमि, (४) उजुगतभूमि, (५) सेखभूमि, (६) समणभूमि, (७) जिनभूमि र (८) पर्णभारभूमिलाई अन्य धर्मावलम्बीहरू 'आठ पुरुषभूमि' भनी भन्दछन् । यसको अर्थ यसप्रकार छ–

जन्मेदेखि सातदिनसम्मलाई 'मन्द-भूमि', दुर्गतिबाट आएका जन्मेपछि धेरै रुन्छन् तथा सुगतिबाट आएका हाँस्छन्– यही रुने र हाँस्ने अवस्थालाई 'खिड्डाभूमि'; आमाबाबुहरूले हात समाती हिंडाउने अवस्थालाई 'वीमंसनभूमि';' पैदल हिंड्न सक्ने अवस्थालाई 'उजुगतभूमि'; शिक्षा सिक्ने अवस्थालाई 'सेखभूमि'; घरछाडी प्रव्रजित हुने अवस्थालाई 'समणभूमि'; आचार्यको सत्सङ्ग गरी ज्ञान प्राप्त गर्ने अवस्थालाई 'जिनभूमि' र भिक्षु, पर्णक तथा जिनहरूबाट कुनै कुरा सुन्न नपर्ने अवस्थालाई 'पण्णकभूमि' *(पर्णकभूमि)* भनी–यिनै आठ अवस्थालाई अन्य धर्मावलम्बीहरू 'अष्ट पुरुषभूमि' भन्दछन् ।

७६ उँट, गाई, गधा, बाख्रा, पशु, मृग आदिलाई मक्खली गोशालले 'सात संज्ञी गर्भ' भन्दछन् ।

७७ चामल, जौ, गहुँ, कङ्गु, वरक र कोदो आदिलाई उनी 'सात असंज्ञी गर्भ' भन्दछन् ।

७८ गाँठा भएका वस्तुहरूमा हुने गर्भहरू । जस्तै–उखुको गाँठो, बाँसको गाँठो र बेतको गाँठो इत्यादि ।

७९ सातवटा ठूला दहहरू, जस्तै– (१) कर्णमण्ड, (२) रथकार, (३) अनोतप्त, (४) सिंहप्रपात, (५) तियग्गल, (६) मुचलिन्द तथा (७) कुणालक ।

८० कुनै एक महासरोवरबाट सय वर्षको एक पटक कुशाग्रद्वारा एक बिन्दु पानी झिकी यसै क्रमद्वारा त्यस सरोवरको पानी सात पटकसम्म सिद्धिने अवस्थालाई एक महा *(ठूलो कल्प)* भन्दछन् ।

Downloaded from http://www.dhamma.digital

"भन्ते ! यति सोची मैले मक्खली गोशालको कुरा सुनेर पनि न त उनको अभिनन्दन गरें न त निन्दा नै । अभिनन्दन नै नगरी निन्दा पनि नगरी असन्तुष्ट भएर पनि असन्तुष्टिको भाव प्रकट नगरी उही वचन 'सार हो' भनी ग्रहण नगरी उनले भनेको कुरालाई मनमा नराखी म आसनबाट उठी फर्की आएँ ।"

## (३) अजित केशकम्बलको मत

२१. "भन्ते ! एक समय म जहाँ अजित केशकम्बल थिए, त्यहाँ गएँ । त्यहाँ पुगेपछि अजित केशकम्बलसँग सम्मोदन गरें । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसें । भन्ते ! अनि एक छेउमा बसेको मैले अजित केशकम्बलसँग सोधें– 'भो अजित ! यहाँ विविध प्रकारका शिल्पीहरू छन्, जस्तै– माहुतेहरू [८१] ... ।' भो अजित ! के तपाईं पनि त्यसै गरी यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफल देखाउन सक्नुहुन्छ ?'

२२. "भन्ते ! यस्तो सोध्दा अजित केशकम्बलले मलाई यस्तो जवाफ दिए–'महाराज ! (१) न दानको फल छ, न यज्ञको फल छ, न होमको फल छ । (२) सुकृत्य र दुष्कृत्य कर्महरूको विपाक-फल छैन । (३) यो लोक पनि छैन र परलोक पनि छैन । (४) आमा पनि छैनन् र बाबु पनि छैनन् । (५) औपपातिक *(च्युत भएर फेरि उत्पन्न हुने)* सत्त्वहरू पनि छैनन् । (६) यो लोकमा त्यस्ता कुनै श्रमण वा ब्राह्मणहरू छैनन्, जसले सम्यक् रूपले नैर्याणिक *(मोक्ष)* मार्गमा गमन गरी यो लोक र परलोकलाई साक्षात्कार गरी केही भन्न सकुन् (७) चातुर्महाभौतिकद्वारा[८२] बनेको यो पुरुषको जब मरण हुन्छ, तब पृथ्वी धातु पृथ्वी समूहमा पुग्छ, जान्छ; आप *(पानी)* धातु, आपसमूहमा पुग्छ, जान्छ; तेज-धातु, तेज समूहमा पुग्छ, जान्छ; वायु-धातु, वायुसमूहमा पुग्छ, जान्छ; इन्द्रियहरू *(मनसहित)* आकाशतिर लाग्छन् । (८) मृत शरीरलाई आसनसहित पञ्चम पुरुषले[८३] लैजान्छन् र श्मशानसम्म उसको 'पदचिन्ह[८४]' देखिन्छ । परेवाको जस्तो *(सेतो)* वर्ण भएका उसका हाडहरू सबै आहुतिमा भस्म हुन्छन् । (९) दान भनेको दिनेहरूले बनाइराखेका हुन् । ज-जसले दानको फल छ *(अस्ति)* भनी बताउँछन्, उनीहरूको कुरो खोक्रो हो, भूटो हो र उनीहरूका कुराहरू प्रलाप मात्र हुन् । (१०) मूर्ख र पण्डित दुवैका शरीरहरूको विनाश भएर उच्छेद *(नष्ट)* हुन्छ, विनाश हुन्छ र मृत्युपछि केही रहन्न ।'

२३. "भन्ते ! मैले अजित केशकम्बलसँग यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफलको कुरा सोध्दा उनले मलाई 'उच्छेद' को कुरा सुनाए । जस्तै – कसैले कसैसँग आँपको कुरा सोध्दा लौकाको कुरा बताएझैं वा लौकाको कुरा सोध्दा आँपको कुरा बताएजस्तै अजित केशकम्बलले मलाई यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफलको कुरा सोध्दा 'उच्छेद' को कुरा बताए ।

"भन्ते ! अनि मेरो मनमा यस्तो लाग्यो – 'म जस्ता *(राजा)* ले आफ्नो राज्यमा बस्ने श्रमण वा ब्राह्मणलाई कसरी असन्तुष्ट पारूँ !'

---

८१ यहाँका बाँकी कुराहरू माथि पृ. ३८ मा उल्लेख भएजस्तै दोहऱ्याई पढ्नुहोला ।

८२ पृथ्वी, आप *(जल)*, तेज *(शीतोष्ण)*, वायु – यी चार तत्वलाई 'चतुर्महाभूत' भन्दछन् ।

८३ मृत शरीर राखेको खाट र बोक्ने चार जना मानिसहरूसहितलाई 'आसनसहित पञ्चम पुरुष' भनिएको हो ।

८४ श्मशान पुगुञ्जेलसम्म मृत शरीर देखिन्छ । यसैलाई 'पदचिन्ह' भनिएको हो । मृत्यु भएपछि श्मशान लैजाने बेलासम्म मृतकको गुणागुण *(गुण-दोष)* को कुरा गर्नेलाई पनि 'पदचिन्ह' भन्दछन् ।

Downloaded from http://www.dhamma.digital

"भन्ते ! यति सोची मैले अजित केशकम्बलको कुरा सुनेर पनि न त उनको अभिनन्दन गरें न त निन्दा नैं । अभिनन्दन पनि नगरी, निन्दा पनि नगरी–असन्तुष्ट भएर पनि असन्तुष्टिको भाव प्रकट नगरी–उही वचन 'सत्य हो' भनी ग्रहण नगरी उनले भनेको कुरालाई मनमा पनि नराखी म आसनबाट उठी फर्की आएँ ।"

## (४) प्रकुध कात्यायनको मत

२४. "भन्ते ! एक समय जहाँ प्रकुध कात्यायन *(पकुध कच्चान)* थिए, त्यहाँ म गएँ । त्यहाँ पुगेपछि प्रकुध कात्यायनसँग सम्मोदन गरें । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसें । भन्ते ! अनि एक छेउमा बसेको मैले प्रकुध कात्यायनसँग सोधें–'भो कात्यायन ! यहाँ विविध प्रकारका शिल्पीहरू छन्, जस्तै–माहुतेहरू ··· ।[८५] भो कात्यायन ! के तपाईं पनि त्यसै गरी यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफल देखाउन सक्नुहुन्छ ?'

२५. "भन्ते ! यो कुरा सोध्दा प्रकुध कात्यायनले मलाई यस्तो उत्तर दिए– 'महाराज ! (१) यी सप्तकायहरू अकृत, अकृतविधा; (२) अनिर्मित, अनिर्मापित; (३) बन्ध्या *(बाँझो, निष्फल)*, कूटस्थ तथा स्तम्भसमान निश्चल छन् । तिनीहरू न चल्छन्, न विपरीत हुन्छन्, न परस्पर विघ्नबाधा दिन्छन्, परस्पर सुख पनि हुन्न, दु:ख पनि हुन्न; न त परस्पर सुख-दु:खका लागि नै हुन्छन् ।

'सप्त-काय भनेको के हुन् भने–(१) पृथ्वी-काय, (२) आप-काय, (३) तेज-काय, (४) वायु-काय, (५) सुख-काय, (६) दु:ख-काय तथा (७) जीव-काय । यी सप्त-कायहरू अकृत, अकृतविधा; अनिर्मित, अनिर्मापित; बन्ध्या, कूटस्थ तथा स्तम्भसमान निश्चल छन् । यी न चल्छन्, न विपरीत हुन्छन्, न परस्पर विघ्नबाधा दिन्छन्, न परस्पर सुखका लागि हुन्छन्, न परस्पर दु:खका लागि हुन्छन्, न त परस्पर सुख-दु:खका लागि नै हुन्छन् । (४) त्यहाँ मार्न वा मार्न लगाउने छैनन्, सुन्ने वा सुन्न लगाउने छैनन् र जान्ने वा जान्न लगाउने छैनन् । (५) कसैले कसैलाई धार भएको शस्त्रले शिर छेदन गरे तापनि कुनै जीवलाई मारेको हुन्न । सप्त-कायको माझमा भएका छिद्रहरूका बीचमा *(शस्त्र)* पर्न जान्छ ।

२६. "भन्ते ! मैले प्रकुध कात्यायनसँग यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्जफलको कुरा सोध्दा उनले मलाई 'अर्कै-अर्कै' कुरा सुनाए । जस्तै - कसैले कसैसँग आँपको कुरा सोध्दा लौकाको कुरा बताए-जस्तै वा लौकाको कुरा सोध्दा आँपको कुरा बताएझैं । प्रकुध कात्यायनले मलाई यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफलको कुरा सोध्दा 'अर्कै-अर्कै' कुरा बताए ।'

"भन्ते ! अनि मेरो मनमा यस्तो लाग्यो – 'म जस्ता *(राजा)* ले आफ्नो राज्यमा बस्ने श्रमण वा ब्राह्मणलाई कसरी असन्तुष्ट पारूँ !'

"भन्ते ! यति सोची मैले प्रकुध कात्यायनको कुरा सुनेर पनि न त उनको अभिनन्दन गरें न त निन्दा नै । अभिनन्दन पनि नगरी, निन्दा पनि नगरी–असन्तुष्ट भएर पनि असन्तुष्टिको भाव प्रकट नगरी–उही वचन 'सत्य हो' भनी ग्रहण नगरी उनले भनेको कुरालाई मनमा पनि नराखी म आसनबाट उठी फर्की आएँ ।"

---

८५ यहाँका बाँकी कुराहरू माथि पृ. ३८ मा उल्लेख भएजस्तै दोहऱ्याई पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

## (५) निगण्ठ–नाटपुत्रको मत

२७. "भन्ते ! एक दिन जहाँ निगण्ठ *(निर्ग्रन्थ)* नाटपुत्र थिए, म त्यहाँ गएँ । त्यहाँ पुगेपछि निगण्ठ-नाटपुत्रसँग सम्मोदन गरें । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसें । भन्ते ! अनि एक छेउमा बसेको मैले निगण्ठ-नाटपुत्रसँग सोधें–'भो अग्गिवेस्सन ! *(गोत्रको नाम)* यहाँ विविध प्रकारका शिल्पीहरू छन्, जस्तै- माहुतेहरू [८६] ··· स्वर्गीय सुख-विपाकी स्वर्गगामी दानदक्षिणा अर्पित गर्छन् । भो अग्गिवेस्सन ! के तपाईं पनि यसै गरी यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफल देखाउन सक्नुहुन्छ ?'

२८. "भन्ते ! यो कुरा सोध्दा निगण्ठ-नाटपुत्रले मलाई यस्तो जवाफ दिए– महाराज ! यहाँ निगण्ठ *(निर्ग्रन्थ)* चातुर्याम-संवरले संवृत्त हुन्छ । महाराज ! कसरी निगण्ठ चातुर्याम-संवरले संवृत्त हुन्छ भने –

'महाराज ! (१) यहाँ निगण्ठले सबै *(चिसो)* पानी वर्जित गर्छ[८७], (२) सबै *(पाप)* वर्जनले युक्त हुन्छ, (३) सबै पापलाई शुद्ध गर्छ *(पखाल्छ)*, तथा (४) सबै पाप वर्जित गर्नमा तत्पर रहन्छ । महाराज ! यसप्रकार निगण्ठ[८८] चातुर्याम-संवरले संवृत्त हुन्छ । महाराज ! चातुर्याम-संवरले संवृत्त हुने भएकोले निगण्ठलाई 'गतात्म' *(जहाँ पुग्नुपर्ने हो, त्यहाँ पुगेका)* भन्दछन्, 'यतात्म' *(संयतचित्त भएका)* भन्दछन् तथा 'स्थितात्म' *(सुप्रतिष्ठित चित्त भएका)* भन्दछन् ।'

२९. "भन्ते ! मैले निगण्ठ-नाटपुत्रसँग यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफलको कुरा सोध्दा उनले मलाई 'चातुर्याम-संवर' का कुराहरू बताए । जस्तै – कसैले कसैसँग आँपको कुरा सोध्दा लौकाको कुरा बताएजस्तै वा लौकाको कुरा सोध्दा आँपको कुरा बताएझैं निगण्ठ-नाठपुत्रले मलाई यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफलको कुरा सोध्दा 'चातुर्याम-संवर' का कुराहरू सुनाए ।

"भन्ते ! अनि मेरो मनमा यस्तो लाग्यो–'म जस्ता *(राजा)* ले आफ्नो राज्यमा बस्ने श्रमण ब्राह्मणलाई कसरी असन्तुष्ट पारूँ !'

"भन्ते ! यति सोची मैले निगण्ठ-नाटपुत्रको कुरा सुनेर पनि न त उनको अभिनन्दन गरें न त निन्दा नै । अभिनन्दन पनि नगरी, निन्दा पनि नगरी–असन्तुष्ट भएर पनि असन्तुष्टिको भाव प्रकट नगरी – उही वचन 'सत्य हो' भनी ग्रहण पनि नगरी, उनले भनेको कुरालाई मनमा पनि नराखी, म आसनबाट उठी फर्की आएँ ।"

## (६) सञ्जयबेलट्ठपुत्रको मत

३०. "भन्ते ! एक दिन जहाँ सञ्जय बेलट्ठपुत्र[८९] थिए, त्यहाँ म गएँ । त्यहाँ पुगेपछि सञ्जय बेलट्ठपुत्रसँग सम्मोदन गरें । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसें । भन्ते ! अनि एक छेउमा बसेको मैले सञ्जय बेलट्ठपुत्रसँग यस्तो कुरा सोधें – 'भो सञ्जय ! यहाँ विविध प्रकारका

---

८६ यहाँको बाँकी कुराहरू माथि पृ. ३८ मा उल्लेख भएजस्तै दोहऱ्याई पढ्नुहोला ।

८७ निगण्ठ भनेको जैन सम्प्रदाय हो । यस सम्प्रदायका प्रवर्तक नाटपुत्र=नाथपुत्र हुन् । जैनहरू चिसो पानीमा जीव रहन्छ भन्ने विचारका भएका हुँदा सबै चिसो पानीको व्यवहार गर्दैनन् ।

८८ आफूलाई नै लक्ष गरी नाटपुत्रले 'निगण्ठ' मात्र भनेका हुन् । निगण्ठ शब्दको अर्थ हो – ग्रन्थिरहित=बन्धनरहित ।

८९ कतैकतै बेलट्ठिपुत्र भन्ने पनि उल्लेख भएको पाइन्छ ।

Downloaded from http://www.dhamma.digital

शिल्पीहरू छन्, जस्तै – माहुतेहरू[१०] … । प्रत्यक्ष रूपले आफूलाई पनि सुखी तथा आनन्दित पार्छन् । आमा-बाबुलाई पनि सुखी तथा आनन्दित पार्छन् । पुत्रदारहरूलाई पनि सुखी तथा आनन्दित पार्छन् । उनीहरूले उँभो लागेका श्रमण ब्राह्मणहरूलाई स्वर्गीय सुख-विपाकी स्वर्गगामी दानदक्षिणा अर्पित गर्छन् । भो सञ्जय ! के तपाईं पनि त्यस्तै गरी यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफल देखाउन सक्नुहुन्छ ?'

३१. "भन्ते ! यस्तो कुरा सोध्दा सञ्जय बेलट्ठपुत्रले मलाई यस्तो उत्तर दिए– '(१) महाराज ! यदि तपाईंले मसँग 'परलोक छ के ?' भनी सोध्नुभएमा यदि मलाई 'परलोक छ' भन्ने लागेमा म तपाईंलाई 'परलोक छ' भनी भन्नेछु । (अ) यस्तो हो पनि भन्दिन, (आ) त्यस्तो होइन पनि भन्दिन, (इ) अन्यथा हो पनि भन्दिन, (ई) होइन पनि भन्दिन र (उ) 'होइन' भनेको लाई 'होइन' पनि भन्दिन ।

'(२) महाराज ! यदि तपाईंले मसँग 'परलोक छैन के ?' भनी सोध्नुभएमा यदि मलाई 'परलोक छैन' भन्ने लागेमा म तपाईंलाई 'परलोक छैन' भनी भन्नेछु । … (३) यदि तपाईंले मसँग 'परलोक छ पनि छैन पनि के ?' … (४) … 'परलोक न छ न छैन के ?' (५) … 'औपपातिक सत्त्व छ के ?' … (६) औपपातिक सत्त्व छैन के ?' … (७) … 'औपपातिक सत्त्व न छ न छैन के ?' … (८) … 'सुकृत्य दुष्कृत्यको कर्मफल छ के ?' … (९) … 'सुकृत्य-दुष्कृत्यको कर्मफल छैन के ?' … (१०) … 'सुकृत्य- दुष्कृत्य कर्मको फल छ, पनि छैन पनि के ?' … (११) … सु-कृत्य दुष्कृत्य कर्मको फल न त छ न त छैन के ?' … (१२) … 'तथागत *(सत्त्व)* मरण पछि हुन्छ कि के ?' … (१३) 'तथागत मरण पछि हुन्न कि के ?' (१४) … 'तथागत मरण पछि हुन्छ पनि हुन्न पनि कि के ?' … (१५) … 'तथागत मरण पछि न त हुन्छ न त हुन्न कि के ?' भनी सोध्नुभएमा यदि मलाई 'तथागत *(सत्त्व)* मरण पछि न त हुन्छ, न त हुन्न' भन्ने लागेमा मैले तपाईंलाई 'तथागत *(सत्त्व)* मरणपछि न त हुन्छ न त हुन्न' भनी भन्नेछु । (अ) यस्तो हो पनि भन्दिन, (आ) त्यस्तो होइन पनि भन्दिन, (इ) अन्यथा हो पनि भन्दिन, (ई) होइन पनि भन्दिन र (उ) 'होइन' भनेकोलाई 'होइन पनि भन्दिन ।'

३२. "भन्ते ! मैले सञ्जय बेलट्ठपुत्रसँग यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफलको कुरा सोध्दा उनले मलाई 'विक्षेप' *(यो पनि होइन र त्यो पनि होइन)* को कुरा सुनाए । जस्तै – कसैले कसैसँग आँपको कुरा सोध्दा लौकाको कुरा बताएझैं वा लौकाको कुरा सोध्दा आँपको कुरा बताएझैं सञ्जय बेलट्ठपुत्रले मलाई यसै जीवनमा प्रत्यक्ष रूपले सामञ्ञफलको कुरा सोध्दा 'विक्षेप' को कुरा बताए ।

"भन्ते ! अनि मेरो मनमा यस्तो लाग्यो–'म जस्ता *(राजा)* ले आफ्नो राज्यमा बस्ने श्रमण वा ब्राह्मणलाई कसरी असन्तुष्ट पारूँ ।'

"भन्ते ! यति सोची मैलै सञ्जय बेलट्ठपुत्रको कुरा सुनेर पनि न त उनको अभिनन्दन गरें न त निन्दा नै । अभिनन्दन पनि नगरी, निन्दा पनि नगरी–असन्तुष्ट भएर पनि असन्तुष्टिको भाव प्रकट नगरी उही वचन 'सत्य हो' भनी ग्रहण नगरी उनले भनेको कुरालाई मनमा पनि नराखी म आसनबाट उठी फर्की आएँ ।"

---

१० यहाँका बाँकी कुराहरू माथि पृ. ३८ मा उल्लेख भएजस्तै दोहऱ्याई पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

# ५. बुद्धवाद

## (१) पहिलो सान्दृष्टिक श्रामण्यफल

३३. "भन्ते ! सो म भगवान्सँग पनि सोध्छु[९१] । जस्तै यहाँ विविध प्रकारका शिल्पीहरू छन् । जस्तै–माहुतेहरू[९२]... गणितज्ञहरू तथा अरू पनि विविध प्रकारका शिल्पीहरू छन् । तिनीहरूले यसै जीवनमा आफ्ना शिल्पफलद्वारा जीविका गर्छन् । त्यसद्वारा उनीहरूले आफूलाई सुखी तथा आनन्दित पार्छन् । ...[९३] । भन्ते ! यसै गरी यसै जीवनमा प्रत्यक्ष फल दिने श्रामण्यफल प्रज्ञापन गर्न सक्नुहुन्छ के ? *(देखाउन सक्नुहुन्छ के ?)*"

३४. "महाराज ! सक्छु । महाराज ! त्यस्तो भए तपाईंसँगै सोध्नेछु । जस्तो तपाईंलाई लाग्छ, त्यस्तो भन्नुहोस् । महाराज ! तपाईं यस विषयमा के भन्नुहुन्छ ? भनौं कि यहाँ तपाईंको काम गर्ने दास छ, जो पहिले उठ्ने पछि सुत्ने, के गर्नुपर्छ भन्ने विचार गर्ने तथा प्रसन्नतापूर्वक मुख ताक्ने स्वभावको हुन्छ । अनि उसलाई यस्तो लाग्छ – 'पुण्यको विपाक र पुण्यको गति भनेको आश्चर्य र अद्भुत रहेछ ! यी मगधराजा वैदेहीपुत्र अजातशत्रु पनि मानिस हुन् र म पनि मानिस हुँ । तर यी मगधराजा वैदेहीपुत्र अजातशत्रु देवताझैं पञ्चकामगुणले सुसम्पन्न भई पञ्चकाम विषयको परिभोग गर्छन् । मचाहिं उनको काम गर्ने पहिले उठ्ने र पछि सुत्ने, के गर्नुपर्छ भन्ने विचार गर्ने, मन पर्ने तवरले काम गर्ने, प्रिय वचन बोल्ने तथा प्रसन्नतापूर्वक स्वामीको मुख ताक्ने स्वभावको दास हुँ । अब मैले पनि पुण्य गर्नुपर्छ । *(ताकि राजाले जस्तै सुख पाउन सकूँ । तर राजाले एक दिनमा दिने दान पुण्य आफ्नो जीवनभरमा पनि म दिन सक्दिन ।)* त्यसैले केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिक भई प्रव्रजित हुनुपर्‍यो ।' त्यसपछि केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबाट छाडी अनगारिक भई ऊ प्रव्रजित हुन्छ । यसरी प्रव्रजित भएपछि ऊ कायसंयम गरी बस्छ । वचन संयम गरी बस्छ । मन संयम गरी बस्छ । अनि अरू मानिसहरू आई तपाईंलाई यस्तो भन्दछन्– 'हे देव ! यो जान्नुहोस् । जो त्यो पुरुष तपाईंको दास ... थियो । देव ! अब सो पुरुष केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाँडी अनगारिक भई प्रव्रजित भईसक्यो । यसरी प्रव्रजित भएको ऊ कायसंयम गरी बसेको छ । वचन संयम गरी बसेको छ । मन संयम गरी बसेको छ । खाना र वस्त्रले मात्र सन्तुष्ट भई एकान्तवासमा अभिरमण गरी बसेको छ ।' अनि के तपाईं यसो भन्नुहुन्छ ? 'भो ! सो पुरुष फेरि पनि मेरो दास नै हो' ।"

३५. "भन्ते ! यस्तो भन्न सक्दिन । बरू हामी नै उसलाई अभिवादन गर्नेछौं । सेवा गर्नेछौं । आसनद्वारा निम्त्याउनेछौं । चीवर-भिक्षा भोजन-शयनासन-ग्लान प्रत्यय भैषज्य वस्तुहरूद्वारा निम्त्याउनेछौं तथा धर्मपूर्वक उसको आरक्ष संविधान गर्नेछौं ।"

३६. "महाराज ! यदि यस्तो भे भने यो सान्दृष्टिक श्रामण्यफल हो कि होइन त ? यसमा तपाईं के भन्नुहुन्छ ?"

"भन्ते ! यदि यस्तो हो भने साँच्चै नै यो सान्दृष्टिक श्रामण्यफल हो ।"

---

९१ बालुवा निचोर्दा तेल नपाएजस्तै मैले तीर्थियवादहरूमा कुनै सार पाउन सकिन । अब म भगवान्सँग सोध्छु भनी भनिएको हो ।

९२ यहाँका बाँकी कुराहरू माथि पृ. ३८ मा उल्लेख भएजस्तै दोहऱ्याई पढ्नुहोला ।

९३ यहाँका बाँकी कुराहरू माथि पृ. ३८ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

"महाराज ! यसै जीवनमा पाउने यो पहिलो सान्दृष्टिक श्रामण्यफल देखाएको छु ।"

## (२) दोस्रो सान्दृष्टिक श्रामण्यफल

३७. "भन्ते ! यस्तै गरी अर्को पनि यसै जीवनमा प्रत्यक्ष फल दिने सान्दृष्टिक श्रामण्यफल प्रज्ञापित गर्न सक्नुहुन्छ के ?"

"महाराज ! सक्छु, महाराज ! त्यस्तो भए तपाईंसँगै सोध्नेछु । तपाईंलाई जस्तो लाग्नेछ, त्यस्तो भन्नुहोस् । महाराज ! तपाईं यस विषयमा के भन्नुहुन्छ ? भनौं कि यहाँ तपाईंको कृषक गृहपति छ, जो कामकाज गर्छ धनधान्य बटुल्छ । अनि उसलाई यस्तो लाग्छ – 'पुण्यको विपाक र पुण्यको गति भनेको आश्चर्य र अद्‌भुत रहेछ ! यी मगधराजा वैदहीपुत्र अजातशत्रु पनि मानिस हुन् र म पनि मानिस हुँ । तर यी मगधराजा वैदेहीपुत्र अजातशत्रु देवताझैं पञ्चकामगुणले सुसम्पन्न भई पञ्चकाम विषयको परिभोग गर्छन् । मचाहिं उनको कामकाज गर्ने तथा धनधान्य बटुल्ने कृषक गृहपति हुँ । अब मैले पनि पुण्य गुर्नुपर्छ । *(ताकि राजाले जस्तै सुख पाउन सकूँ । तर राजाले जस्तै म दानपुण्य गर्न सक्दिन ।)* अत: किन म केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिक भई प्रव्रजित नहोऊँ ।'

'अनि पछि गएर सो पुरुष थोरै वा धेरै धनसम्पत्ति छाडी थोरै वा धेरै ज्ञातिबन्धुहरूलाई छाडी केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ । यसप्रकार प्रव्रजित भएपछि ऊ कायसंयम गरी बस्छ । वचनसंयम गरी बस्छ । मनसंयम गरी बस्छ । खाना र वस्त्रले मात्र सन्तुष्ट भई एकान्तवासमा अभिरमण गरी बस्छ । अनि अरू मानिसहरू आई तपाईंलाई यस्तो भन्दछन्–'हे देव ! यो जान्नुहोस् । जो यो पुरुष तपाईंको कृषक थियो ··· देव ! अब सो पुरुष केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिक भई प्रव्रजित भइसक्यो । यसरी प्रव्रजित भएको ऊ कायसंयम गरी बसेको छ । वचन संयम गरी बसेको छ । मन संयम गरी बसेको छ । खाना र वस्त्रले मात्र सन्तृष्ट भई एकान्तवासमा अभिरमण गरी बसेको छ ।' अनि के तपाईं यसो भन्नुहुन्छ ? 'भो ! सो पुरुष फेरि पनि मेरो कामकाज गर्ने र धनधान्य बटुल्ने कृषक गृहपति नै हो' ।"

३८. "भन्ते ! यस्तो भन्न सक्दिन । बरू हामी नै यसलाई अभिवादन गर्नेछौ । सेवा गर्नेछौ । आसनद्वारा निम्त्याउनेछौ । चीवर-भिक्षा भोजन-शयनासन-ग्लान प्रत्यय भैषज्य वस्तुहरूद्वारा निम्त्याउनेछौ तथा धर्मपूर्वक उसको आरक्ष संविधान गर्नेछौ ।"

३९. "महाराज ! यदि यस्तो हो भने यो सान्दृष्टिक श्रामण्यफल हो कि होइन त ? यसमा तपाईं के भन्नुहुन्छ ?"

"भन्ते ! यदि यस्तो हो भने साँच्चै नै यो सान्दृष्टिक श्रामण्यफल हो ।"

"महाराज ! यसै जीवनमा पाउने यो दोस्रो सान्दृष्टिक श्रामण्यफल देखाएको छु ।"

## (३) श्रेष्ठतर श्रामण्यफल

४०. "भन्ते ! अर्को पनि यसै जीवनमा प्रत्यक्ष फल दिने सान्दृष्टिक श्रामण्यफल यो भन्दा सुन्दरतर र श्रेष्ठतर यसै जीवनमा प्रत्यक्ष फल दिने *(अर्को)* सान्दृष्टिक श्रामण्यफल प्रज्ञापित गर्न सक्नुहुन्छ के ?"

Downloaded from http://www.dhamma.digital

"महाराज ! सक्छु, महाराज ! त्यस्तो भए सुन्नुहोस्, राम्री मनमा राख्नुहोस्, भन्नेछु ।"

"भन्ते ! 'हुन्छ' भनी मगधराजा वैदेहीपुत्र अजातशत्रुले भगवान्लाई प्रत्युत्तर दिए ।"

४१. भगवान्ले यसो भन्नुभयो– "महाराज ! यहाँ तथागत, अरहत् सम्यक्सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्य सारथि, देवमनुष्यका शास्ता, बुद्ध भगवान् यस लोकमा[९४] उत्पन्न हुन्छ । उहाँले देव-मारसहित[९५] ब्रह्मलोकलाई, श्रमण ब्राह्मणसहित प्रजालाई, देवमनुष्यसहित लोकलाई[५०]– स्वयं अभिज्ञाद्वारा साक्षात्कार गर्नुभएको धर्मोपदेश गर्नुहुन्छ । उहाँ आदिकल्याण[९६],

---

९४ यहाँ लोक तीन प्रकारको छ, जस्तै–(१) अवकाश लोक *(आकाशलोक)* (२) सत्त्वलोक र (३) संस्कारलोक । यहाँचाहिं 'सत्त्वलोक' लाई 'लोक' भनिएको हो ।

सत्त्वलोकमा उत्पन्न हुँदा पनि तथागत न देवलोकमा न ब्रह्मलोकमा उत्पन्न हुन्छन् । उनी मनुष्यलोकमै उत्पन्न हुन्छन् । मनुष्यलोकमा पनि अन्य कुनै चक्रवाडमा होइन कि यसै चक्रवाडमा, अर्थात् यसै भूमण्डलमा उत्पन्न हुन्छन् । यस भूमण्डलमा पनि सबै ठाउँहरूमा होइन लम्बाइ ३०० योजन, चौडाइ २५० योजन र चारैतिरबाट ९०० योजन भएको मध्यजनपद *(मध्यप्रदेश)* मा उत्पन्न हुन्छन् । *(मध्यप्रदेश भनेको कुन ठाउँलाई भनिन्छ र यसको सिमाना कुन-कुन हो भन्ने कुरा बुद्धकालीन विमानकथाको पृ. ९५ को पादटिप्पणीमा उल्लेख भएको छ ।)* यस मध्यजनपदमा तथागत मात्र उत्पन्न हुने होइनन्, बल्कि प्रत्येकबुद्धहरू, अग्रश्रावकहरू, असीति महाथेरहरू, बुद्धमाता, बुद्धपिता, चक्रवर्ती राजा तथा अन्य सार प्राप्त ब्राह्मण गृहपतिहरू पनि उत्पन्न हुन्छन् । यहाँ सुजाताले दिएको भोजन ग्रहण गरी अरहत् मार्गसम्मलाई तथागत उत्पन्न भइरहेको छ र अरहत् फलमा पुग्नेबित्तिकै तथागत उत्पन्न भएको हुन्छ । अर्को प्रकारले महाभिनिष्क्रमण गरेदेखि अरहत् मार्गसम्म, तुषितलोकबाट आएदेखि अरहत् मार्गसम्म तथा दीपङ्कर बुद्धको पालादेखि अरहत् मार्गसम्मलाई तथागत उत्पन्न भइरहेको र अरहत् फलमा पुग्नेबित्तिकै तथागत उत्पन्न भएको हुन्छ । यहाँचाहिं सर्वप्रथम जन्मेको अवस्थालाई उत्पन्न भइरहेको र बुद्धत्व प्राप्त भएपछि बुद्ध भगवान् उत्पन्न भएको भनिएको हो ।

९५ यहाँ 'देवसहित' आदि शब्दको स्पष्टीकरणहरू यस प्रकारका हुन् - चातुर्महाराजिकदेखि लिएर निर्माणरतिदेवसम्मका पाँच कामावचर देवलोकहरूलाई 'देवसहित' र छैटौं कामावचर परनिर्मितवशवर्ती देवलोकलाई 'मारसहित' भनिएको हो । ब्रह्मकायादि ब्रह्मगणहरूलाई 'ब्रह्मसहित' भनिएको हो । बुद्धशासनभित्रका र बाहिरका श्रमण ब्राह्मणहरूलाई तथा पाप शान्त गरिसकेका, पाप पखालिसकेका अरहन्त क्षीणास्रवीहरूलाई पनि 'श्रमण ब्राह्मण' भनी भनिएको हो । प्रजा शब्दद्वारा सत्त्वलोकलाई लिइएको हो । पुन: 'देवसहित मनुष्यलोक' भन्नाले राजासहित मनुष्यवर्गलाई लिइएको हो ।

अर्को प्रकारले – देवसहित भन्नाले अरूपावचर लोकलाई, मारसहित भन्नाले ६ कामावचर देवलोकहरूलाई, ब्रह्मसहित भन्नाले रूपावचर ब्रह्मलोकलाई अनि श्रमणसहित ब्राह्मण प्रजा भन्नाले चारपरिषद्का रूपमा सम्मतिदेव मानिने राजासहित मनुष्यहरूलाई भनिएको हो । यीमध्ये माथिल्लो ब्रह्मसहित भन्नाले आकाशलोक र तल्लो श्रमणदेखि लिएर मनुष्यलोक भन्नाले सत्त्वलोकलाई देखाइएको छ भनी सामञ्ञसुत्तवण्णनाले लेखेको छ ।

९६ आफूले पाएको अनुपम विशेष सुखानुभवलाई छाडेर भए पनि अनुकम्पा राखी भगवान् बुद्धले धर्मोपदेश गर्नुहुन्छ । थोरै वा धेरै उपदेश गरिने त्यो धर्मोपदेश आदि-मध्य-अन्त्य कल्याण हुने गरी उपदेश गर्नुहुन्छ । सुरुमा कल्याण, भद्र, निर्दोषपूर्ण हुने गरी देशना गर्नुहुन्छ; मध्यमा पनि तथा अन्त्यमा पनि ।

यहाँ, देशना-आदि-मध्य-पर्यवशान कल्याण र शासन-आदि-मध्य-पर्यवशान कल्याण भनी दुई प्रकारले विभाजित गरिन्छ ।

प्रथमत: चार पदहरूले युक्त उपदेश दिंदा पहिलो पदलाई आदिकल्याण, बीचका दुई पदलाई मध्यकल्याण र आखिरीको एक पदलाई पर्यवसान कल्याण भनिन्छ । एकानुसन्धिक सूत्रको निदानलाई आदि, 'इदमवोच' अर्थात् 'यस्तो भने' भन्ने पदलाई अवसान र यी दुईका बीचमा भएकोलाई मध्यकल्याण भनी भनिन्छ । अनेकानुसन्धीहरू भएका सूत्रका प्रथम सन्धिलाई आदि, आखिरीको सन्धिलाई अन्त्य र यसबीचमा भएका एक वा दुई वा धेरै सन्धिहरूलाई मध्यकल्याण भनिन्छ ।

Downloaded from http://www.dhamma.digital

मध्यकल्याण तथा पर्यवशान कल्याण[९४] हुने धर्मोपदेश गर्नुहुन्छ । उहाँ अर्थयुक्त[९७] र व्यञ्जनयुक्त[९५] सबै परिपूर्ण भएको[९८] परिशुद्ध भएको ब्रह्मचर्य[९९] प्रकाश पार्नुहुन्छ ।

---

शासनको सम्बन्धमा चाहिं–सबै शासन *(चर्या)* धर्महरू आ-आफ्ना शीलद्वारा आदिकल्याण, समथविपश्यनामार्गद्वारा मध्यकल्याण, निर्वाणद्वारा पर्यवसानकल्याण हुन्छ । अथवा शील समाधिद्वारा आदिकल्याण, विपश्यनामार्गद्वारा मध्यकल्याण, निर्वाणफलद्वारा पर्यवसानकल्याण हुन्छ ।

बुद्धले सुबोध्य गरेको हुनाले आदिकल्याण, धर्म सुधर्म भएको हुनाले मध्यकल्याण, सङ्घद्वारा सुप्रतिपन्न भएको हुनाले पर्यवसानकल्याण भनिन्छ । त्यो धर्म सुनी त्यसअनुसार प्रतिपन्न हुनाले अभिसम्बोधि लाभ गर्न सक्ने हुनाले आदिकल्याण, प्रत्येक बोधिद्वारा मध्यकल्याण, श्रावक बोधिद्वारा पर्यवसानकल्याण हुन्छ ।

सुनेर मात्र पनि नीवरणहरूको दमन हुने भएको हुँदा र श्रवण मात्रद्वारा पनि कल्याणकारी हुने भएकोले आदिकल्याण, प्रतिपत्तिद्वारा समथ विपश्यनादिध्यानसुख ल्याइदिने भएको हुँदा र प्रतिपत्तिद्वारा पनि कल्याणकारी नै हुने भएको हुनाले मध्यकल्याण, प्रतिपत्तिद्वारा नै अचलता आदि फल ल्याइदिने भएको हुँदा र प्रतिपत्तिफलद्वारा पनि कल्याण नै हुने भएको हुँदा पर्यवसान कल्याण हुन्छ ।

प्रभवशुद्धिद्वारा आदिकल्याण, अर्थशुद्धिद्वारा मध्यकल्याण, कृत्यशुद्धिद्वारा पर्यवसानकल्याण हुन्छ । अतः थोरै वा धेरै देशना गरे तापनि आदिकल्याण आदि गुणले युक्त गरी बुद्ध भगवान्ले उपदेश दिनुहुन्छ ।

शासन *(चर्या)* को क्षेत्रमा चाहिं शील-समाधि विपश्यनालाई क्रमशः आदि-मध्य-पर्यवसानकल्याण भनिएको हो । जस्तै–"को चादि कुसलानं धम्मानं ? सीलञ्च सुविसुद्धं दिट्ठि च उजुका" अर्थात्–"कुशल धर्महरूको आदि के हो ? शील पनि सुविशुद्ध हुन्छ, दृष्टि पनि सोझो हुन्छ" भन्ने वाक्यअनुसार शील आदिकल्याण हो । "अत्थि भिक्खवे, मज्झिमापटिपदा तथागतेन अभिसम्बुद्धा" अर्थात्– "भिक्षु हो ! तथागतले अभिसम्बोध गरेको मध्यम प्रतिपदा *(मार्ग)* छ" भन्ने ठाउँमा आर्यमार्ग मध्यकल्याण हो, तथा निर्वाणफल प्राप्तिलाई पर्यवसानकल्याण भनिएको हो ।

भगवान्ले धर्मोपदेश गर्नुहुँदा शुरुमा शीलका कुराहरू, बीचमा अष्टाङ्गिक मार्गका कुराहरू तथा अन्त्यमा निर्वाणका कुराहरू प्रकाश पार्ने भएकोले पनि आदि-मध्य-पर्यवसानकल्याण भनिएको हो ।

९७ 'अर्थयुक्त, व्यञ्जनयुक्त' आदिको स्पष्टीकरण यसप्रकार दिइएको छ –

जसको उपदेशमा यागु, भात, स्त्री, पुरुष आदिको चर्चा हुन्छ अर्थात् खानपान, स्त्री-पुरुष आदिको कुरा मिश्रित हुन्छ, त्यस्तो उपदेशलाई सार्थक भनिंदैन । भगवान्ले चाहिं त्यस्ता कुरालाई छाडी चतुसतिपट्ठान, शील समाधि, प्रज्ञानिषित कुराको उपदेश गर्नुहुन्छ । त्यसैले भगवान्को उपदेशलाई 'अर्थयुक्त' भनिएको हो ।

भगवान्ले शासन-ब्रह्मचर्य र मार्ग-ब्रह्मचर्यका कुराहरूको उपदेश गर्नुहुन्छ । अनेक प्रकारले त्यसमा प्रकाश पार्नुहुन्छ । त्यस कथनानुसार यथानुरूप अर्थसम्पत्तिले युक्त भएको हुँदा 'सात्थं' अर्थात् 'अर्थयुक्त' भनिएको हो । व्यञ्जन सम्पत्तिले युक्त भएको हुँदा 'व्यञ्जनयुक्त' भनिएको हो ।

प्रकाशन, विवरण, विभाजन, प्रष्टीकरण, प्रज्ञापन तथा अर्थसहित भएकोले 'अर्थयुक्त' भनिएको हो । अक्षर-पद, व्यञ्जनाकार, निरुक्ति, निर्देशन – सम्पत्तिले युक्त भएको हुँदा 'व्यञ्जनयुक्त' भनिएको हो ।

अर्थ - गम्भीरता, प्रतिवेध - गम्भीरता भएकोले 'अर्थयुक्त'; धर्मगम्भीरता, देशनागम्भीरता भएकोले 'व्यञ्जनयुक्त' भनिएको हो ।

अर्थप्रतिसम्भिदा, प्रतिभाण प्रतिसम्भिदाको विषय भएकाले 'अर्थयुक्त'; धर्मप्रतिसम्भिदा, निरुक्तिप्रतिसम्भिदाको विषय भएकोले 'व्यञ्जनयुक्त' भनिएको हो ।

पण्डित-वेदनीय र परीक्षकजन प्रमुदित हुने भएकाले 'अर्थयुक्त'; श्रद्धेय र लौकिक जन प्रमुदित हुने भएकाले 'व्यञ्जनयुक्त' भनिएको हो ।

गम्भीर अभिप्रायहरू निहित भएकाले 'अर्थयुक्त'; स्पष्ट पदहरू भएकाले 'व्यञ्जनयुक्त'; भनिएको हो ।

९८ कुनै वचन थपघट गर्नु नपर्ने, कमी-बेसी नभएको, सबै अङ्गहरूले परिपूर्ण भएकोले 'केवल परिपुण्णं' अर्थात्–'सबै परिपूर्ण भनी भनिएको हो । हटाउनुपर्ने कुनै वचन नभएकोले, निर्दोष भएकोले 'परिशुद्ध' भनी भनिएको हो । अथवा जुन उपदेश गर्दा त्यस उपदेशद्वारा लाभ, सत्कार, मानमर्यादा पाउनेछु भन्ने आशा गरी उपदेश गरिन्छ, त्यस्तो उपदेशलाई 'अपरिशुद्ध' भनिन्छ । भगवान्ले चाहिं त्यस्तो मनमा राखी उपदेश गनुहुन्न । केवल हितैषी भावनालाई मनमा राखी, मैत्रीपूर्वक, मृदुचित्त लिई उपदेश गर्नुहुन्छ । त्यसैले 'परिशुद्ध' भनिएको हो ।

९९ 'ब्रह्मचर्य' का विविध अर्थहरू पालि साहित्यमा पाइन्छन् । जस्तै–

Downloaded from http://www.dhamma.digital

४२. "अनि त्यो धर्म गृहपति वा गृहपतिपुत्रले अथवा अरू कुनै कुलमा जन्मेकाले सुन्दछ । धर्म सुनेर उसको मनमा तथागतप्रति श्रद्धा उत्पन्न हुन्छ । श्रद्धा उत्पन्न भएपछि उसले यस्तो विचार गर्छ– 'घरमा बस्नु बाधापूर्ण छ । रागरूपी मल उत्पन्न हुन्छ । प्रव्रजित हुनु खुला आकाशजस्तै हो । घरमा बसेर परिपूर्ण रूपले परिशुद्ध रूपले शङ्ख जस्तै सफा गरी ब्रह्मचर्य *(श्रेष्ठचर्या)* को पालन गर्न सजिलो छैन । अत: किन म केश दाह्री क्षौर गरी घरबाट निस्की अनगारिक भई प्रव्रजित नहोऊँ ?'

४३. अनि पछि गएर ऊ थोरै वा धेरै भोगसम्पत्तिलाई छाडी थोरै वा धेरै ज्ञाति परिवारहरूलाई त्यागी केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार त्यागी अनागारिक भई प्रव्रजित हुन्छ ।

४४. "यसरी प्रव्रजित भएको ऊ प्रातिमोक्ष संवरशीलले युक्त भई आचार-गोचरले सम्पन्न भई अणुमात्र दोषमा पनि भयदर्शी भई तथा शिक्षापदहरू समादान गरी बस्छ । कुशल कायकर्म र वचीकर्मले सम्पन्न भई परिशुद्ध आजीविकाले युक्त हुन्छ । अनि इन्द्रियलाई रक्षा गर्छ तथा स्मृतिसम्प्रजन्यले युक्त भई सन्तुष्ट भई बस्छ ।

---

(१) दानको अर्थमा, (२) सेवाटहलको अर्थमा, (३) पञ्चशीलको अर्थमा, (४) अप्पमञ्ञ अर्थात् चतुर्ब्रह्मविहारको अर्थमा, (५) मैथुन विरतिको अर्थमा, (६) स्वदार सन्तुष्टिको अर्थमा, (७) वीर्यको अर्थमा, (८) उपोसथाङ्गव्रतको अर्थमा, (९) आर्यमार्गको अर्थमा तथा (१०) सबै बुद्धशासनको अर्थमा ।

(१) "तं वतं तं पन ब्रह्मचरियं···" भन्नेजस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'दान' हो ।

(२) "···केन ते ब्रह्मचरियेन, पुञ्ञं पाणिह्मि इज्झति ।"
"···तेन मे ब्रह्मचरियेन, पुञ्ञं पाणिम्हि इज्झति ।"
भन्नेजस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'सेवाशुश्रूषा' हो ।

(३) "इदं तं खो भिक्खवे, तित्तिरियं नाम ब्रह्मचरियं अहोसी'ति" भन्नेजस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'पञ्चशील' हो ।

(४) "तं खो पन मे पञ्चसिख ब्रह्मचरियं नेवनिब्बिदाय न विरागाय ··· यावदेव ब्रह्मलोकूपपत्तिया" भन्नेजस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'चर्तुब्रह्मविहार' हो ।

(५) "परे अब्रह्मचारी भविस्सन्ति,
मयमेत्थ ब्रह्मचारी भविस्साम" भन्नेजस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'मैथुन विरति' हो ।

(६) "मयञ्च भरियं नातिक्कमाम,
अम्हे च भरिया नातिक्कमन्ति ।
अञ्ञत्र ताहि ब्रह्मचरियं चराम,
तस्मा हि अम्हं दहरा न मीयरे" भन्नेजस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'स्वदार सन्तुष्टि' हो ।

(७) "अभिजानामि खो पनाहं, सारिपुत्त' चतुरङ्गसमन्नागतं ब्रह्मचरियं चरिता–तपस्सीसुदं होमि परमतपस्सी ···" भन्नेजस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'वीर्य' हो ।

(८) "हीनेन ब्रह्मचरियेन, खत्तिये उपपज्जति ।
मज्झिमेन च देवत्तं, उत्तमेन विसुज्झति" भन्नेजस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'अष्टाङ्गिक उपोसथ'हो ।

(९) "इदं खो पन मे, पञ्चसिख, ब्रह्मचरियं एकन्तनिब्बिदाय विरागाय निरोधायं उपसमाय ··· संवत्तति" भन्नेजस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'आर्यमार्ग' हो ।

(१०) "इदं खो तं, पञ्चसिख, ब्रह्मचरियं इद्धं चेव फीतं च वित्थारिकं बाहुजञ्ञं पुथुभूतं यावदेवमनुस्सेहि सुप्पकासितं" भन्नेजस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'सबै बुद्धशासन' हो ।

यहाँ यस सूत्रमा बुद्धशासनलाई 'ब्रह्मचर्य' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

# सानो शील

४५. "महाराज ! कसरी भिक्षु शील सम्पन्न हुन्छ ? (१) महाराज ! यहाँ भिक्षु प्राणी हिंसालाई त्यागी प्राणी हिंसाबाट विरत भई बस्छ । दण्डरहित शस्त्ररहित लज्जालु, दयालु तथा सबै प्राणीहरूप्रति हितानुकम्पी भई बस्छ । यो शील नै हो ।

(२) "चौरकर्मलाई *(अदिन्नादान, अदत्तादान)* त्यागी चौरकर्मबाट विरत भई बस्छ । दिएको मात्र ग्रहण गर्ने, दिएको मात्र प्रतीक्षा गर्ने भई बस्छ । यसरी परिशुद्ध भएर बस्छ । यो पनि शील नै हो ।

(३) "अब्रह्मचर्यलाई त्यागी ब्रह्मचारी हुन्छ – मैथुनधर्म, ग्रामधर्मबाट टाढा रही मैथुनधर्मबाट विरत भई बस्छ । यो पनि शील नै हो ।

(४) "मृषावादलाई त्यागी मृषावादबाट विरत भई बस्छ । सत्यवादी, सत्यमा बसी, लोकलाई झूटो नबोल्ने भई बस्छ । यो पनि शील नै हो ।

(५) "चुक्ली *(पैशुन्य)* बोलीलाई छाडी, चुक्ली बोलीबाट विरत रहन्छ । यताको कुरा सुनी उता भन्न जान्न–यिनीहरूलाई भेद गराउन *(फूट पार्न)* का निमित्त, उताको कुरा सुनी यता भन्न आउन्न–उनीहरूलाई भेद गराउनको निमित्त, बरू भेदभिन्न भएका लाई मिलाउने र मेलमिलाप भएकालाई प्रोत्साहित पार्ने हुन्छ, अनि मेलमिलापमा आनन्दित, मेलमिलापमा रत, मेलमिलापमा खुसी मान्ने र मेलमिलापको कुरा गर्ने हुन्छ । यो पनि शील नै हो ।

(६) "परुषवाचा *(चित्त दुख्ने वचन)* लाई त्यागी, परुषवाचाबाट विरत रहन्छ । जुन वाचा निर्दोषपूर्ण हुन्छ–सुन्दा आनन्द आउने, स्नेहेमयी, हृदयङ्गम, शिष्टसम्पन्न, सबैले मन पराउने, सबैले रुचाउने–यस्तो वाचा बोल्नेहुन्छ । यो पनि शील नै हो ।

(७) "सम्प्रलाप *(निरर्थक कुरा)* लाई त्यागी, सम्प्रलापबाट विरत रहन्छ । कालवादी, भूतवादी, अर्थवादी, धर्मवादी, विनयवादी, निधानवती-वाचा बोल्ने हुन्छ । त्यो पनि उचित समयमा कारण देखाई, अन्त देखाई, अर्थयुक्त कुरा गर्छ । यो पनि शील नै हो ।

(८) "ऊ बीउहरू[१००] र बिरुवाहरू नाश गर्ने कुराबाट अलग रहन्छ । यो पनि शील नै हो ।

(९) "एक छाक खाने हुन्छ । रात पर्नुभन्दा पहिले अधिबाटै विकाल भोजनबाट अलग रहन्छ[१०१] । यो पनि शील नै हो ।

---

१०० यहाँ बीउहरू पाँच प्रकारका छन् -
(१) मूलबीज अर्थात् हलेदो अदुवा आदि; (२) स्कन्धबीज अर्थात् पीपल र बर आदि; (३) फलबीज अर्थात् उखु, बाँस, निगालो आदि; (४) अग्रबीज अर्थात् तुलसीफूल वा तुलसी आदि (५) बीजबीज अर्थात् धान, गहुँ आदि । यी पाँचै प्रकारका बीउहरू र कुनै पनि हरियोपन भएको त्रिणादिलाईसमेत क्षति पुऱ्याउने काममा लाग्दैन भनी भनिएको हो ।

१०१ यहाँ 'विकालभोजनबाट अलग रहन्छ' भनी अपरान्ह समयमा खाना नखानेलाई भनिएको हो । बिहानको खाना र सन्ध्याको खानासमेत गरी दुई प्रमुख खानाहरू छन् । यसमध्ये दिनको मध्यान्ह समयसम्म खाने खानालाई 'बिहानको खाना' *(पातरासभत्त)* भनी भनिन्छ र मध्यान्ह समयदेखि लिएर अरुणोदय समयभित्रको खानालाई 'सन्ध्याको खाना' *(सायमासभत्त)* भनी भनिन्छ । अतः मध्यान्ह समयभन्दा पहिले जति पटक खाए पनि त्यसलाई एकछाके नै भनिन्छ । यसै कुरालाई लक्ष्यगरी यहाँ 'एक छाक खान हुन्छ' भनी भनिएको हो । मध्यान्ह समयदेखि सूर्यास्तगमनसम्म खानेलाई 'विकाल भोजन' भन्दछन् । त्यस्तो खानाबाट अलग रहन्छ ।

Downloaded from http://www.dhamma.digital

(१०) "नाच-गान-बाजा तथा अन्य प्रदर्शनी हेर्नबाट पनि अलग रहन्छ। यो पनि शील नै हो।

(११) "माला-सुगन्ध-लेपन-धारण *(अलङ्कार लगाउने)*, मण्डन *(श्रृङ्गार गर्ने)*, विभूषणादिबाट पनि अलग रहन्छ। यो पनि शील नै हो।

(१२) "उच्चासन, महासनबाट[१०२] अलग रहन्छ। यो पनि शील नै हो।

(१३) "सुन *(जात रूप)*, चाँदी[१०३] *(रजत=मुद्रा)* ग्रहण गर्नबाट अलग रहन्छ। यो पनि शील नै हो।

(१४) "काँचो धान्यवर्ग[१०४] ग्रहण गर्नबाट अलग रहन्छ। .........

(१५) "काँचो मासु ग्रहण गर्नबाट अलग रहन्छ। ......

(१६) "स्त्री, कुमारिका ग्रहण गर्नबाट अलग रहन्छ। ......

(१७) "दास, दासी ग्रहण गर्नबाट अलग रहन्छ। .........

(१८) "भेडा, बाखा ग्रहण गर्नबाट अलग रहन्छ। .........

(१९) "कुखुरा, सुँगुर ग्रहण गर्नबाट अलग रहन्छ। ............

(२०) "हात्ती, गाई, घोडा, घोडी ग्रहण गर्नबाट अलग रहन्छ। .........

(२१) "खेत ग्रहण गर्नबाट अलग रहन्छ। ............

(२२) "दौत्य कामहरूबाट[१०५] अलग रहन्छ। ............

(२३) "क्रय-विक्रयबाट अलग रहन्छ। ............

(२४) "तुलाकूट[१०६] *(तराजुमा छल्ने)*, कंसकूट[१०७] *(सुनको भाँडोमा छल्ने)*, मानकूट[१०८] *(माना पाथीमा छल्ने)* बाट अलग रहन्छ। ......

---

बुद्धका पालामा सुर-सुरुमा 'विकाल भोजन' भन्ने थिएन। दिनको दुई-तीन पटक पनि खाने गर्दथे। अनि क्रमैसँग भगवान्ले 'दिवा विकाल भोजन' र 'रात्रि विकाल भोजन' लाई रोक्नुभएको कुरा पपं.सू. III पृ. १२७ : कीटागिरिसुत्तवणनाले उल्लेख गरेको छ। त्यस वर्णनाको कथनानुसार भद्दालिसुत्तमा (म.नि.II.पृ. १२०) दिवा-विकाल भोजन र कीटागिरिसुत्तमा (म.नि. II. पृ १६२) रात्रि-विकाल भोजनलाई निषेध गरेको कुरा उल्लेख गरिएको छ। पपं. सू. III.पृ. १२७ : कीटागिरिसुत्तवण्णना। यस्तै गरी पाचि. पा.पृ.१२०: विकालभोजने भन्ने शिक्षापदमा पनि विकालभोजनलाई निषेध गरेको कुरा उल्लेख भएको पाइन्छ।

१०२ उच्चासन भन्नाले प्रमाण नाघेको आसन र महासन भन्नाले अयोग्य *(अकप्पिय)* आसनलाई भनिएको हो।

१०३ यहाँ चाँदी *(रजत)* भनी मुद्रा=दामलाई भनिएको हो। व्यवहारमा चलाइएका कार्षापणहरूलाई भनिएको हो। जस्तै–फलामे मुद्रा *(लोहमासका)*, लाहाको मुद्रा *(जतुमासका)*, काठेमुद्रा *(दारुमासका)* आदि।

१०४ यी सात प्रकारका अन्नहरूलाई धान्यवर्ग भनिएको हो–सालि *(मार्सी धान)*, बीहि *(साधारण धान)*, यव *(जौ)*, गोधूम *(गहुँ)*, कँगनी *(काकुन : एक प्रकारको अन्न जसको चामल खाइन्छ)*, वरक *(बनमुगी)*, कुद्रुस *(कोदो)*।

१०५ दौत्यकाम भनेको दूतको काम हो। गृहस्थीहरूको पत्रादि लिएर सम्बन्धित ठाउँमा पुऱ्याइदिने तथा घरघरमा मौखिक खबर पुऱ्याइदिने।

१०६ 'कूट' भनेको छल्नु वा कपट गर्नु हो। अतः तराजुहरूमा छल्नु=तुलाकूट हो। चार किसिमबाट यस्तो कपट गरिन्छन्, जस्तै–(१) रूपकूट, (२) अङ्गकूट, (३) ग्रहणकूट तथा (४) प्रतिच्छन्नकूट।

Downloaded from http://www.dhamma.digital

(२५) "घूस लिने[१०९], वञ्चना गर्ने[११०], ठग्ने *(निकति[१११])* तथा कुटिलताबाट अलग रहन्छ। ........

(२६) "छेदन *(हातखुट्टा काट्ने)*, वध *(मार्ने, पिट्ने)*, बन्धन *(बाँध्ने)*, हमला गर्ने, लुट्ने, डकैटी गर्ने र साहसिला काम *(बलात्कार आदि काम)* बाट अलग रहन्छ। यो पनि शील नै हो।

**सानो शील समाप्त।**

---

(१) हेर्दामा एकैनास, एकैरूप भएका ढकहरू हुन्छन्। लिंदाखेरि ठूलो वा गहुँगोले लिन्छन्। दिंदाखेरि हलुङ्गोले दिन्छन्। यसैलाई 'रूपकूट' भनिएको हो।

(२) लिंदाखेरि ढक भएको तिर तराजुको डण्डीमा औंलाले थिचिन्छ, दिंदाखेरि माल भएको तिर तराजुको डण्डीमा थिचिन्छ। यसलाई 'अङ्गकूट' भन्दछन्।

(३) लिंदाखेरि तराजुको डोरीको तलतिर समातिन्छ, दिंदाखेरि डोरीको टुप्पोमा समातिन्छ। यसलाई 'ग्रहणकूट' भन्दछन्।

(४) तराजुको खोक्रो डण्डिभित्र फलामको धूलो राखिएको हुन्छ लिंदाखेरि डण्डि पछाडितिर पारिन्छ र दिंदाखेरि अगाडितिर पारिन्छ। यसैलाई 'प्रतिच्छन्नकूट' भन्दछन्।

१०७ यहाँ 'कंसकूट' भन्नाले सुनको भाँडोलाई छल्ने भनिएको हो। यहाँ कंस भनी सुनको भाँडोलाई भनिएको हो। *(कंसो वुच्चति सुवण्णपाति)*। यसमा छक्याउनु 'कंसकूट' हो। एउटा सुनको भाँडो बनाएर अर्का दुई-तीनवटा भाँडाहरूमा सुनको जलप लगाइन्छ। अनि जनपदमा गई कुनै धनाढ्यको घरमा गई सुनको भाँडो देखाइन्छ। सुनको भाँडो हो भनी कसरी जान्ने ? भनी सोधिंदा कसीमा सुनको भाँडो घोटेर देखाइन्छ र बाँकी अरू भाँडाहरू पनि सुनको भाँडा सरह नै राखि दिन्छ। यसलाई 'कंसकूट' भनिएको हो।

१०८ 'मानकूट' *(मानामा छल्ने)* भन्नेमा– (१) हृदयभेद, (२) शिखाभेद तथा (३) रज्जुभेद गरी तीनप्रकारका भेदहरू छन्।

(१) यसमध्ये 'हृदयभेद' भन्नेचाहिं घिउ तेल भर्दा प्रयोग गरिन्छ। घिउ तेल भरेर लिंदा तलतिर प्वाल भएको मानोमा भरेर लिइन्छ। यसरी लिंदा आफ्नो भाँडोमाथि माना समाती 'बिस्तारै राख' भनी रास्न लगाई प्वालबाट आफ्नो भाँडोमा चुहाइन्छ। दिंदाखेरि प्वाल छोपेर चाँडैचाँडै भरेर दिइन्छ। यसलाई 'हृदयभेद' भनिन्छ।

(२) 'शिखाभेद' *(चुच्चोभेद)* भनेको चाहिं तिल चामल आदि भरेर लिंदा-दिंदा पाइन्छ। लिंदाखेरि बिस्तारै राम्ररी भुसी पारेर लिइन्छ र दिंदाखेरि चाँडैचाँडै भरेर राम्ररी भुसी नपारीकनै दिइन्छ।

(३) 'रज्जुभेद' *(डोरीको भेद)* भनेको चाहिं खेतबारी जग्गा आदि भूमिभागहरू नाप्दा पाइन्छ। घूस नपाउनेले सानो जग्गालाई ठूलो क्षेत्रफल गरी नाप्छ र घूस पाउनेले ठूलोलाई सानो पारेर नाप्छ।

१०९ यहाँ घूस लिने भनिएको मालिकलाई अमालिक र अमालिकलाई मालिक गराउनका निमित्त लिने-दिने घूसलाई भनिएको हो। साँचो कुरालाई झूटो र झूटो कुरालाई साँचो ठहऱ्याउनका निमित्त लिने-दिने घूसलाई पनि यहाँ 'घूस लिने' भनिएको हो।

११० त्यस-त्यस उपायद्वारा अर्कालाई छलकपट गरी वञ्चना वा छक्याउने कामलाई यहाँ 'वञ्चना' भनिएको हो, जस्तै– एउटा शिकारी एउटा मृग र मृगको बच्चा लिएर जाँदै थियो। एक धूर्तले देखी 'हे पुरुष ! मृगको कति मोल पर्छ र मृगको बच्चाको कति पर्छ' भनी सोध्यो। शिकारीले 'मृगलाई दुई कार्षापण र मृगको बच्चाको एक कार्षापण' भनी भन्यो। अनि धूर्तले एक कार्षापण दिई मृगको बच्चा लिएर केही पर गइसकेपछि फर्केर - 'हे पुरुष ! मलाई मृग नै देऊ' भनी भन्यो। 'त्यसो भए दुई कार्षापण देऊ' भनी उसले भन्यो। अनि धूर्तले 'मैले तिमीलाई पहिले एक कार्षापण दिएको छु, होइन ?' 'हो' भनी उसले जवाफ दियो। अनि धूर्तले 'मैले तिमीलाई पहिले एक कार्षापण जाने यो मृगको बच्चा पनि लेऊ र जम्मा दुई कार्षापण हुनेछ' भन्यो। उसले पनि 'ठीकै हो' भनी मृगको बच्चा लिई मृगलाई दियो। यसरी छल्नु वा झुक्क्याउनुलाई यहाँ 'वञ्चना' भनिएको हो।

१११ ठगविद्याद्वारा मोहित गराई वा भूलमा पारी अमणिलाई मणि, असुवर्णलाई सुवर्ण भनी नक्कली माल दिनेलाई यहाँ 'ठग्ने' *(निकति)* भनिएको हो।

Downloaded from http://www.dhamma.digital

## मध्यमशील

४६. "श्रद्धाले दिएका भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू मूलबीज, स्कन्धबीज, फलबीज, अग्रबीज तथा पञ्चमबीज आदि बीउहरू र हरियाली, घाँस इत्यादि बिगार्ने जस्ता काममा लागेका हुन्छन्, त्यसरी भिक्षु बीउहरू र हरियाली घाँस इत्यादि बिगार्ने काममा लागेको हुन्न । यो पनि शील नै हो ।

४७. "श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू अन्न, पान[११२], वस्त्र, यान, शयनासन तथा सुगन्धादि वस्तुहरूको सन्निधिकार[११३] *(थुपार्ने र जोगाइराख्ने)* जस्ता काममा लागेर बस्छन्, त्यसरी भिक्षु सन्निधिकार गर्ने काममा लागेको हुन्न । यो पनि शील नै हो ।

४८. "श्रद्धाले दिएको भोजन खाएर जसरी यहाँ केही श्रमण ब्राह्मणहरू नाच, गान, बाजा, नाटक, काटमारको नाटक, थपडी बनाउने, बाजाको ताल, गाग्रो बजाउने, नाच्नेहरूको टोली, फलामको डल्लोको खेल, बाँसको खेल, हाड बजाउने, हात्ती जुधाउने, घोडा जुधाउने, भैंसी जुधाउने, गोरु जुधाउने, बोका जुधाउने, भेडा जुधाउने, कुखुरा जुधाउने, बट्टाई लडाउने, लट्ठी लडाउने, मुड्की खेलाउने, कुस्ती लड्ने, मारपिट गर्ने, सेनाब्यूह *(ब्यारेक)*, सेनासमूह आदि विविध दृश्य हेर्ने जस्ता काममा लागेर बस्छन्, त्यसरी भिक्षु विविध दृश्य हेर्ने काममा लागेको हुन्न । यो पनि शील नै हो ।

४९. "श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू अष्टपद[११४], दशपद, आकाश, परिहारपथ[११५], सन्तिक[११६], खलिक *(खालमा पासा खेल्ने)*, घटिका *(लामो लट्ठीले हिर्काउने खेल)*, पङ्चीर *(पातका डाँठहरु बजाउने)*, वङ्क, मोक्खचिक, चिङ्गुलिक *(तालपत्रहरूले बनाएको चक्का जो हावाद्वारा घुम्छ)*, पत्ताल्हक *(पातको माना बनाई नाप्ने खेल)*, रथक *(खेलौना रथ)*, धनक *(खेलौना धनुष)*, अक्खरिक *(पिठ्यूँमा वा आकाशमा लेखेको अक्षर चिन्ने खेल)*, मनेसिक *(मनमा चिताएको कुरा जान्ने खेल)*, तथा यथावज्ज *(काना लँगडा आदिहरूको नक्कल पार्ने खेल)* आदि आदि प्रकारका प्रमाद हुने जस्ता

---

११२ अम्बपान, जम्बुपान, चोचपान *(बीउ भएको केरा)*, मोचपान *(बीउ नभएको केरा)*, मधुपान, दाखपान, सालुकपान *(रक्तनील उत्पल)* र फरुसकपान । यी अष्टपानलाई 'पान' भनिएको हो ।

११३ कुनै खानपान वस्तुहरू 'भोलिका लागि' भनी जोगाइराख्नुलाई भिक्षुहरूको नियममा 'सन्निधिकार' भनिन्छ । यसो गर्नाले भिक्षुहरूलाई दोष लाग्छ ।

एकचोटि ग्रहण गरी मध्यान्ह समयभित्रै खानुपर्ने खाद्य भोज्यवस्तुलाई 'यावकालिक' भन्दछन् । मध्यान्ह समयभित्रै खानेकुरा समयभित्र नखाई पछि खाएमा 'सन्निधिकार' लाग्छ ।

दूध दहीबाहेक फलफूलको सर्बत आदि बिहान एकचोटि ग्रहण गरी बेलुकीसम्म पिउन हुन्छ । यस्तोलाई 'यामकालिक' भन्दछन् । यसो नगरी याम अर्थात् निर्धारित समय बिताई पिएमा 'सन्निधिकार' दोष लाग्छ ।

औषधि आदि वस्तुहरूचाहिं एकचोटि ग्रहण गरेपछि एक सातासम्म खान सकिन्छ । यस्तोलाई 'सप्ताहकालिक' भन्दछन् । एक साता बितेपछि फेरि ग्रहण नगरी खाएमा 'सन्निधिकार' दोष लाग्छ ।

पानीजस्ता वस्तुहरू जीवनभरसम्म कसैबाट ग्रहण नगरीकनै पिउन सकिन्छ । यस्तोलाई 'यावज्जीविक' भनी भन्दछन् ।

अरू श्रमण ब्राह्मणहरूले चाहिं खाने वस्तुहरू 'भोलिका लागि' भनी जोगाइराख्छन् वा थुपारि राख्छन् । तर भिक्षुहरूले त्यसो गर्दैनन् भनिएको हो ।

११४ एक-एक पङ्क्तिमा आठ-आठवटा घोडा राखेर खेल्ने जूवा । यस्तै दशपथको अर्थ शतरंज खेल भनी बुझ्नुपर्छ ।

११५ खुट्टी खेल्ने खेल ।

११६ गिर्खाको थुप्रो राखी त्यसबाट गिर्खा नचल्ने गरी गिर्खा झिक्ने खेल ।

Downloaded from http://www.dhamma.digital

जूवा आदि खेलको काममा लागेर बस्छन्, त्यसरी भिक्षु प्रमाद हुने जूवा आदि खेलको काममा लागेको हुन्न । यो पनि शील नै हो ।

५०. "श्रद्धाले दिएको भोजन खाएर जसरी यहाँ केही श्रमण ब्राह्मणहरू ठूलो आसन पलङ, लामा-लामा रौं भएको आसन, चित्रित आसन, उर्णमय अस्तरण, फूलदार बुट्टा भएको अस्तरण, कपासको ओढ्ने, सिंहादि चित्र भएको अस्तरण, दुवैतिर झल्लर भएको अस्तरण, एकातिर झल्लर भएको अस्तरण, जरी भरिएको रेसमी अस्तरण, रत्नहरू भरिएको रेसमी अस्तरण, सोह्र नर्तकी स्त्रीहरू नाच्न सक्ने दरी, हात्ती घोडा रथमाथि बिच्छ्याउने लम्पटहरू, बाखाका छालाद्वारा बनेको ओछ्यान, कदलिमृगछालाको अस्तरण, झल्लर भएको चँदुवा, टाउको र खुट्टातिर राता तकिया राखेका आदि आदि जस्ता उच्चाशयन तथा महाशयनमा सुत्ने गर्छन्, त्यसरी भिक्षु उच्चाशयन वा महाशयनमा सुत्दैन । यो पनि शील नै हो ।

५१. "श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू आङमा पाउडर लगाउने, शरीर मिचाउने, नुहाउने, सुडौल बनाउनका निमित्त मुङ्ग्रो आदिले शरीरपिट्न लगाउने, ऐना हेर्ने, अञ्जन लगाउने, मालागन्धविलेपन लगाउने, मुखचूर्ण *(मुखको पाउडर)* लगाउने, मुख-लेपन लगाउने, हातमा आभूषण लगाउने, शिखाको आभूषण लगाउने, छडी लिएर हिंड्ने, स्त्री-पुरुषको बुट्टा भएको टोपी लगाउने, तरबार भिर्ने, छाता ओढ्ने, बुट्टा भएको जुत्ता लगाउने, कपालमा मणि लगाउने, चमर हम्कने, लामालामा सफा सेता लुगा लगाउने आदि आदि जस्ता मण्डल तथा विभूषण लगाउने इत्यादि काममा लागेका हुन्छन्, त्यसरी भिक्षु मण्डल तथा विभूषण लगाउने काममा लागेको हुन्न । यो पनि शील नै हो ।

५२. "श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू तिरश्चीनकथामा ...[११७] लागेका हुन्छन्, त्यसरी भिक्षु तिरश्चीनकथामा लागेको हुन्न । यो पनि शील नै हो ।

५३. "श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू 'तिमी यो धर्मविनय जान्दैनौ, यो धर्मविनय म जान्दछु । तिमी यो धर्मविनय के जानौला र ? तिमी गलत बाटोमा छौ । म ठीक बाटोमा छु । मेरा कुरो सार्थक छ, तिम्रो कुरा निरर्थक छ । अघि भन्नुपर्ने पछि भन्छौ, पछि भन्नुपर्ने अघि भन्छौ । तिमीले धेरै दिनदेखि सिकेर *(अभ्यास गरेर)* आएको कुरो मेरो वादको अगाडि व्यर्थ छ । तिमीमाथि वाद आरोपित गर्छु । तिमी निग्रहित छौ । *(मेरो वादबाट)* मुक्त हुन तिमी बाहिर घुम । यदि सक्छौ भने मेरो कुराको जवाफ देऊ भन्ने जस्ता विग्रहकथामा लागेका हुन्छन्, त्यसरी भिक्षु विग्रहकथामा लागेको हुन्न । यो पनि शील नै हो ।

५४. "श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू – राजाहरूले, महामन्त्रीहरूले, क्षेत्रीहरूले, ब्राह्मणहरूले, गृहपतिहरूले, कुमारहरूले 'फलानो ठाउँमा जाऊ, फलानो ठाउँमा आऊ, यो लैजाऊ, फलानो ठाउँबाट यो ल्याऊ' भन्ने जस्ता काममा लगाएको दूतको काममा लागेका हुन्छन्, त्यसरी भिक्षु दूतको काममा लागेको हुन्न । यो पनि शील नै हो ।

५५. "श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू कुहक *(आफूमा नभएको गुण देखाउने बानी=पाखण्डी)* हुन्छन्, लाभसत्कारको निमित्त कुरा गर्छन्, यसैको कारणमा लक्षणका कुराहरू बताउँछन्, यसैको कारणमा अर्कासित गाली गलौच-झै झगडा पनि गर्छन् तथा *(अधर्मपूर्वक)* थोरै लाभद्वारा धेरै लाभको खोजी गर्छन्, त्यसरी भिक्षु कुहक हुन्न । यो पनि शील नै हो ।

**मध्यम शील समाप्त ।**

---

११७ तिरश्चीन कथा भनेको कस्तो कथा हो भन्ने कुरा माथि पृ. ६ मा उल्लेख भइसकेको छ । अतः त्यहाँ हेर्नु होला ।

Downloaded from http://www.dhamma.digital

# महाशील

५६. "श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू अङ्गविद्या[११८], निमित्तविद्या[११९], उत्पादविद्या[१२०], स्वप्नविद्या[१२१], लक्षणविद्या[१२२], मुसाले टोकेको वा कोतरेको विद्या[१२३], अग्निहोम, दारुहोम[१२४], भुसहोम, कनिकाहोम, तण्डुलहोम, घिऊहोम, तेलहोम, मुखहोम[१२५], रगतहोम[१२६], अंगविद्या, वास्तुविद्या, क्षत्रविद्या, शिव *(मसान)* विद्या, भूतविद्या, भूरिविद्या, सर्पविद्या, विषविद्या, विश्चिक विद्या, मूषक *(मुसाको)* विद्या, शकुनि *(पक्षि, विद्या)* वायस विद्या, परिपक्वविद्या, तीरविद्या, मृगचक्रविद्या, आदि आदि जस्ता तिरश्चीन विद्याद्वारा मिथ्याजीवनले जीविका गर्छन्, त्यसरी भिक्षु तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन । यो पनि शील नै हो ।

५७. "श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू मणिलक्षण, वस्त्रलक्षण, दण्डलक्षण, शस्त्रलक्षण, तरबारलक्षण, तीरलक्षण, धनुषलक्षण, आयुधलक्षण, स्त्रीलक्षण, पुरुषलक्षण, कुमारलक्षण, कुमारीलक्षण, दासलक्षण, दासीलक्षण, हस्तिलक्षण, अश्वलक्षण, भैंसीलक्षण, साँढेलक्षण, गाईलक्षण, बोकालक्षण, भेडालक्षण, कुखुरालक्षण, बट्टाईलक्षण, गोहीलक्षण, कर्णिका *(कानको गहना)* लक्षण, कछुवालक्षण र मृगलक्षण जान्ने आदि आदि जस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन्, त्यसरी भिक्षु तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जिविका गर्दैन । यो पनि शील नै हो ।

५८. "श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू फलानो बेलामा राजा बाहिर निस्कनुपर्छ, फलानो बेलामा राजा फर्कनुपर्छ, भित्रका राजा अगाडि बढ्नुपर्छ, बाहिरका राजा पछाडि हटेर जानुपर्छ, बाहिरका राजा अगाडि बढ्नुपर्छ, भित्रका राजा पछाडि हटेर जानुपर्छ, भित्रका राजाको जय हुनेछ, बाहिरका राजाको पराजय हुनेछ, बाहिरका राजाको जय हुनेछ र भित्रका राजाको पराजय हुनेछ भन्ने आदि आदि जस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन् त्यसरी भिक्षु तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन । यो पनि शील नै हो ।

५९. "श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू फलानो बेलामा चन्द्रग्रहण हुनेछ, सूर्यग्रहण हुनेछ, नक्षत्र ग्रहण हुनेछ, चन्द्र-सूर्यहरू आ-आफ्ना बाटामा रहनेछन्, नक्षत्रहरू आ-आफ्ना बाटा छाडेर अर्को बाटोमा लाग्नेछन्, उल्कापात हुनेछ, दिशादाह हुनेछ, भूकम्प हुनेछ, सुक्खा बादल गर्जिनेछ, चन्द्र, सूर्य, नक्षत्रहरूको उदय-अस्त मलिन तथा परिशुद्ध हुनेछ, यो चन्द्रग्रहणद्वारा यस्तो फल हुनेछ, यो सूर्यग्रहणद्वारा यस्तो फल हुनेछ, यो नक्षत्रग्रहणद्वारा यस्तो फल हुनेछ, यी चन्द्र-सूर्यहरू आ-आफ्ना बाटा छाडेर अर्को बाटोमा लाग्नाको फल यस्तो हुनेछ, यी नक्षत्रहरू आ-आफ्ना बाटामा रहनाको फल यस्तो हुनेछ, यी चन्द्र-सूर्यहरू आ-आफ्ना बाटामा रहनाको फल यस्तो हुनेछ, यी नक्षत्रहरू आ-

---

११८ हातखुट्टा आदिको लक्षण हेरी यस्तो मानिस दीर्घायु तथा यशस्वी आदि हुन्छ भनी जान्ने विद्या ।

११९ 'निमित्तविद्या' भनेको बाहिरको कुनै कारण देखेर त्यसअनुसार भन्ने विद्या ।

१२० 'उत्पादविद्या' भनेको बिजुली चम्केर वज्र खसेको देखेर यसबाट यस्तो हुनेछ भनी भन्ने विद्या ।

१२१ 'स्वप्नविद्या' भनेको फलानो-फलानो समयमा यस्तो-यस्तो स्वप्न देखेमा यस्तो-यस्तो हुनेछ भन्ने विद्या ।

१२२ 'लक्षणविद्या' भनेको यस्तो-यस्तो लक्षणले युक्त हुने राजा हुन्छ अथवा उपराजा हुन्छ भन्ने विद्या ।

१२३ कुनै वस्तु वा वस्त्र मुसाले कोतरेको देखी यसबाट यस्तो-यस्तो हुनसक्छ भनी भनिने विद्या ।

१२४ यस्तो-यस्तो किसिमको दारुले होम गर्दा यस्तो-यस्तो फल पाइन्छ भन्ने विद्या ।

१२५ 'मुखहोम' भनेको मुखमा राखेको अन्न आदि यज्ञशालामा थुकेर गरिने होम । अथवा मन्त्रोच्चारण गरी गरिने होम ।

१२६ दाहिने काँधतिरको रगतले गरिने होम ।

Downloaded from http://www.dhamma.digital

आफ्ना बाटा छाडी अर्को बाटोमा लाग्नाको फल यस्तो हुनेछ, यो उल्कापातको फल यस्तो हुनेछ, यो दिशादाहको फल यस्तो हुनेछ, यो भूकम्पको फल यस्तो हुनेछ, यो सुक्खा बादल गर्जनाको फल यस्तो हुनेछ, यी चन्द्र, सूर्य र नक्षत्रहरूको उदय-अस्त मलिन तथा परिशुद्ध हुनाको फल यस्तो हुनेछ भन्ने आदि आदि जस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन्, त्यसरी भिक्षु तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन । यो पनि शील नै हो ।

६०. "श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू सुवृष्टि हुनेछ, दुर्वृष्टि हुनेछ, सुभिक्ष हुनेछ, दुर्भिक्ष हुनेछ, निर्भय हुनेछ, भय हुनेछ, रोग हुनेछ, निरोग हुनेछ भन्ने विद्या तथा हस्तरेखाविद्या, गणनविद्या[१२७], संख्यानविद्या, कवितापाठ र वितण्डवाद आदि आदि जस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन्, त्यसरी भिक्षु तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन । यो पनि शील नै हो ।

६१. "श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू आवाह *(कन्या ल्याउने)*, विवाह *(कन्या दिने)* गर्नका लागि साइत बताउने, उधारो उठाउने साइत बताउने, उधारो दिने साइत बताउने, भाग्यमानी बनाउने, दुर्भाग्य बनाउने, गर्भपुष्टि गर्ने, मन्त्रबलले जिब्रो बाँध्ने, मन्त्रबलले बङ्गरा बाँध्ने, मन्त्रबलले अर्काको हात उल्टाइदिने, मन्त्रबलले बङ्गरा नचल्ने गराइदिने, मन्त्रबलले बहिरो गराइदिने, ऐनामा देवता बोलाई प्रश्न सोध्ने, कुमारीको शरीरमा देवता प्रवेश गराई प्रश्न सोध्ने, देवदासीको शरीरमा देवता प्रवेश गराई प्रश्न सोध्ने, जीविकाका लागि सूर्य र महाब्रह्माको पूजा गर्ने, मुखबाट अग्निज्वाला निकाल्ने र श्रीलाई आह्वान गर्ने आदि आदि जस्ता तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन्, त्यसरी भिक्षु तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन । यो पनि शील नै हो ।

६२. "श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू शान्तिकर्म[१२८], प्रणीधिकर्म[१२९], भूतकर्म, भूरिकर्म[१३०], पुरुषलाई नपुंसक बनाउने कर्म, नपुंसकलाई पुरुष बनाउने कर्म, भूमिकर्म[१३१], भूमिपरिकर्म[१३२], आचमनकर्म, नुहाउनेकर्म, होमकर्म, बान्ता गराउने कर्म, विरेचनकर्म, ऊर्ध्वविरेचन कर्म, अधोविरेचन कर्म, शीर्षविरेचन कर्म, कानमा तेल बनाउने कर्म, नेत्र तर्पण कर्म, नस राख्ने कर्म, अञ्जनकर्म, शीतल अञ्जन दिने कर्म, शस्त्रअस्त्रद्वारा गरिने वैद्यकर्म, शल्यचिकित्सा कर्म, बालचिकित्सा कर्म, जडीबुटीबाट औषधी दिने कर्म र क्षार औषधीको प्रभाव मेट्ने औषधी दिने कर्म आदि आदि जस्ता तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन्, त्यसरी भिक्षु तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन । यो पनि शील नै हो ।

६३. "महाराज ! अनि यसरी शीलसम्पन्न भएको सो भिक्षुले शीलसंवरको कारणबाट कतैबाट पनि कुनै भय[१३३] आउने कुरो देख्दैन । महाराज ! जस्तै शत्रुलाई दमन गरी अभिषेकप्राप्त क्षेत्रीले कतैबाट पनि शत्रुको भय आउने कुरो देख्दैन, त्यसै गरी यस रूपमा शीलसम्पन्न भएको सो भिक्षुले शीलसंवरको

---

१२७ लेखासम्बन्धी व्यवसाय गर्ने विद्या ।

१२८ 'शान्तिकर्म' भनेको भाकल गर्ने काम हो ।

१२९ 'प्रणीधिकर्म' भनेको काम सिद्ध भएपछि भाकल गरेअनुसार गरिने पूजा हो ।

१३० सिकेको मन्त्र घरमा बसी अभ्यास गर्ने काम ।

१३१ घर बनाउनका निमित्त भूमिभाग शुद्ध गर्ने काम ।

१३२ 'यो-यो वस्तु ल्याऊ' भनी वस्तुहरू राखी घर बनाउनुभन्दा पहिले पूजा गर्ने काम ।

१३३ असंयमताको कारणबाट जुन भय र त्रास मनभित्र लाग्छ, त्यस्तो भय र त्रास उसको मनभित्र हुँदैन भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

कारणबाट कतैबाट पनि कुनै भय आउने कुरो देख्दैन । यो आर्यशीलस्कन्धले सम्पन्न भएको उसले आफूभित्र निरवद्य सुखको अनुभव गर्छ । महाराज ! यसरी भिक्षु शीलसम्पन्न हुन्छ ।

**महाशील समाप्त ।**

## इन्द्रिय संवर

६४. "महाराज ! कसरी भिक्षुले आफ्नो इन्द्रियलाई वशमा राख्छ । (१) महाराज ! यहाँ चक्षुले[१३४] रूप हेर्दा निमित्तग्राही हुन्न *(आकारप्रकारलाई आशक्त चित्तले हेर्दैन)* न व्यञ्जनग्राही हुन्छ, *(अङ्गप्रत्यङ्गको हाउभाउलाई आसक्त चित्तले हेर्दैन)*, बरू चक्षुरिन्द्रिय असंयमी हुँदा जुन अभिध्या *(लोभ)* दौर्मनस्य पापक अकुशल धर्महरू *(चित्तहरू)* उत्पन्न हुने हुन् तिनीहरूको निवारणका निमित्त प्रयत्न गर्छ, चक्षुरिन्द्रियको रक्षा गर्छ र चक्षुरिन्द्रिय संयम गरी बस्छ ।

(२) "स्रोतले शब्द सुन्दा निमित्तग्राही हुन्न, ··· *(पूर्ववत्)* ······

(३) "घ्राणले गन्ध सुँघ्दा निमित्तग्राही हुन्न, ··· *(पूर्ववत्)* ······

(४) "जिह्वाले रसास्वाद लिंदा निमित्तग्राही हुन्न, ··· *(पूर्ववत्)* ······

(५) "कायले स्पर्श गर्दा निमित्तग्राही हुन्न, ··· *(पूर्ववत्)* ······

(६) "मनले मनको विषय *(धर्म)* जान्दा निमित्तग्राही हुन्न । न व्यञ्जनग्राही हुन्छ । बरू मनेन्द्रिय असंयमी हुँदा जुन अभिध्या, दौमनस्य, पापक अकुशल धर्महरू उत्पन्न हुने हुन्, तिनीहरूको निवारणका

---

१३४ यो 'चक्षु' शब्दको अर्थ विभिन्न ठाउँमा विभिन्न प्रकारले पाइएको छ, जस्तै - "बुद्ध चक्खुना लोकं ओलोकेसि" (महा.व.पा.पृ. ९ : ब्रह्मायाचनकथा) अर्थात् "बुद्धचक्षुद्वारा लोकमा हेर्नुभयो" भन्नेजस्ता ठाउँमा "बुद्धचक्षुद्वारा लोकमा हेर्नुभयो" भन्नेजस्ता ठाउँमा 'बुद्धचक्षु' लाई 'चक्षु' भनिएको हो ।

"तथूपमं धम्ममये सुमेध,

पासादमारुय्ह समन्त चक्खु" (महा.व.पा.पृ.९: ब्रह्मयाचनकथा) अर्थात् "त्यस्तै गरी धर्ममय हुनुभएका तपाईं सुमेधले पनि प्रासादमा आरोहण गरी समन्तचक्षुले हेर्नुहोस्" भन्नेजस्ता ठाउँमा सर्वज्ञ ज्ञानरूपी 'समन्तचक्षु' लाई 'चक्षु' भनिएको हो ।

"विरजं वीतमल धम्मचक्खुं उदपादि" (महा. व.पा.पृ. १५:धम्मचक्कपवत्तनं) अर्थात् "विरज वीतमल भएको धर्मचक्षु उत्पन्न भयो" भन्नेजस्ता ठाउँमा तीन आर्यमार्गसम्बन्धी 'धर्मचक्षु' लाई 'चक्षु' भनिएको हो ।

"चक्खुं उदपादि ञाणं उदपादि" (महा.व.पा.पृ. १३:धम्मचक्कपवत्तनं) अर्थात् "चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो" भन्नेजस्ता ठाउँमा पूर्वेनिवासादि ज्ञानरूपी 'प्रज्ञाचक्षु' लाई 'चक्षु' भनिएको हो ।

"दिब्बेन चक्खुना" (म.नि.I.पृ. २२० : पासारासिय सुत्तं) अर्थात् "दिव्यचक्षुद्वारा" भन्नेजस्ता ठाउँमा 'दिव्यचक्षु' लाई 'चक्षु' भनिएको हो ।

"चक्खुं च पटिच्च रूपे" (स.नि.II.पृ. ६१ : दुक्ख सुत्तं) अर्थात् "चक्षुको कारणले रूपमा" भन्नेजस्ता ठाउँमा 'मांसचक्षु' लाई 'चक्षु' भनिएको हो ।

यहाँ चाहिं मांसचक्षुको व्यवहारिक दृष्टिले 'चक्खुविञ्ञान' लाई 'चक्षु' भनिएको हो । अर्थात् 'चक्षुविज्ञानले रूपलाई हेर्दा' भन्ने अर्थ बुझ्नुपर्छ । दी.नि.अ.क.I.पृ. २०५ : सामञ्ञफलसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

लागि प्रयत्न गर्छ, मनेन्द्रिय रक्षा गर्छ र मनेन्द्रिय संयम गरी बस्छ। ऊ यी आर्य इन्द्रिय संवरले युक्त भई आफूमा निर्मल सुखको अनुभव गर्छ। महाराज ! यसरी भिक्षुले आफ्नो इन्द्रियलाई वशमा राख्छ।

## स्मृतिसम्प्रजन्य

६५. "महाराज ! कसरी भिक्षु स्मृतिसम्प्रजन्यताद्वारा सम्पन्न भएको हुन्छ ? महाराज ! यहाँ भिक्षु जाँदा वा आउँदा सचेत भई होस राखेर हिंड्छ। अगाडि वा पछाडि यताउता हेर्दा सचेत भई होस राखेर हेर्छ। हात-खुट्टा खुम्च्याउँदा वा पसार्दा सचेत भई होस राखेर चलाउँछ। सङ्घाटि र पात्र-चीवर धारण गर्दा सचेत भई होस राखेर लगाउँछ। खाँदा वा पिउँदा अथवा चाटेर खाँदा सचेत भई होस राखेर खान्छ। दिसा पिसाप गर्दा सचेत भई होस राखेर दिसा पिसाप गर्छ। हिंड्दा, उठ्दा, बस्दा, सुत्दा, बिउँझदा, कुरा गर्दा र चुप लागेर बस्दा सचेत भई होस राखेर *(सम्पजानकारी भई)* बस्छ। महाराज ! यसरी भिक्षु स्मृतिसम्प्रजन्यद्वारा सम्पन्न भएको हुन्छ।

## सन्तुष्टि

६६. "महाराज ! कसरी भिक्षु सन्तोषी हुन्छ ? महाराज ! यहाँ भिक्षु शरीर ढाक्नेसम्मको चीवरले सन्तुष्ट हुन्छ[१३५]। पेटभरिको भोजनले सन्तुष्ट हुन्छ[१३६]। जहाँ-जहाँ ऊ जान्छ, पात्र-चीवर[१३७] साथमा लिएर

---

१३५ यहाँ 'सन्तुष्ट' भनी – चीवर, भोजन, शयनासन र भैषज्य प्रत्ययहरूमा सन्तोष भएर बस्नेलाई भनिएको हो।

कसरी सन्तोष हुन्छ ? (१) यथालाभ सन्तोष हुन्छ, (२) यथाबल सन्तोष हुन्छ, (३) यथासारूप्य *(यथायोग्य)* सन्तोष हुन्छ। माथि लेखिएका चीवर आदि चारैवटामा यी तीन-तीन प्रकारले हिसाब लगाउँदा जम्मा बाह्र प्रकारका सन्तोषहरू हुन्छन्।

(१) चीवरसम्बन्धी यथालाभ सन्तोष भनेको चाहिं–'यहाँ, भिक्षुलाई राम्रो वा नराम्रो चीवर लाभ हुन्छ। ऊ त्यही चीवरबाट सन्तुष्ट हुन्छ। अर्को खोजी गर्दैन, लाभ भए पनि स्वीकार गर्दैन' भनी उल्लेख भएअनुसार सन्तोष हुनेलाई यहाँ 'यथालाभ सन्तोष' भनिएको हो।

(२) स्वभावैले कमजोर वा बिरामी भिक्षुले गहुँगो चीवरको पारुपन गर्दा कष्ट हुने भएकोले उसले आफूसमान भिक्षुसँग अर्को चीवर साटेर लिई त्यसबाट ऊ सन्तुष्ट रहन्छ। यस्तालाई यहाँ 'यथाबल सन्तोष' भनिएको हो।

(३) अर्कोचाहिंले उत्तम-उत्तम चीवरहरू पाएको हुन्छ। उसले आफूले पाएको असल-असल चीवरहरू 'यो चीवर वयोवृद्ध भिक्षुलाई योग्य छ, यो चीवर बहुश्रुत भिक्षुलाई योग्य छ, यो चीवर रोगी भिक्षुलाई योग्य छ, यो चीवर अल्पलाभी भिक्षुलाई योग्य छ' भनी उनीहरूलाई बाँडी उनीहरूका पुराना चीवरहरू लिई अथवा धूलो फाल्ने ठाउँहरूमा फाली राखेका कपडाका टुक्राहरू बटुली ल्याई तिनबाट चीवर सिई, त्यसैबाट सन्तुष्ट रहन्छ। यस्तालाई यहाँ 'यथासारूप्य सन्तोष' भनिएको हो।

उपरोक्त तीन प्रकारको भोजन, शयनासन र भैषज्य आदिहरूमा पनि यही मनसाय बुझ्नुपर्छ।

यस्ता सन्तुष्टिहरूका सम्बन्धमा मनो.र. II.पृ. ४८८ : अरियवंससुत्तवण्णना, चतुक्कनिपातले अझ विस्तृत रूपले वर्णन गरेको छ।

चीवरका सम्बन्धमा–(१) चीवर भनेको बुझ्नुपर्छ, (२) चीवर क्षेत्र भनेको बुझ्नुपर्छ, (३) पंसुकूल भनेको बुझ्नुपर्छ, (४) चीवर-सन्तोष भनेको बुझ्नुपर्छ, (५) चीवर अन्तर्गत धुतङ्गहरू पनि बुझ्नुपर्छ। चीवरसम्बन्धी बीस (२०) प्रकारका सन्तोषका कुराहरूको पनि उहीं वर्णन भएको छ। चीवर भनेको के हो भन्ने कुराको पनि उहीं उल्लेख भएको छ।

पिण्डपात्र अर्थात् भिक्षा भोजनका सम्बन्धमा पनि–(१) भिक्षा भोजन क्षेत्र भनेको बुझ्नुपर्छ, (२) भिक्षा भोजनको क्षेत्र बुझ्नुपर्छ, (३) भिक्षा भोजन–सन्तोष भनेको बुझ्नुपर्छ, (४) भिक्षा भोजनअन्तर्गत धुतङ्गहरू पनि

Downloaded from http://www.dhamma.digital

जान्छ । महाराज ! जस्तै – चरा पक्षीहरू जहाँ-जहाँ जान्छन्, त्यहाँ-त्यहाँ आफ्नो पक्षभार *(पखेटा)* लिएर नै उड्छन् । महाराज ! यस्तै गरी भिक्षु पनि शरीर ढाक्ने सम्मको चीवरबाट सन्तुष्ट हुन्छ । पेटभरिको भोजनले सन्तुष्ट हुन्छ र जहाँ गए पनि आफ्नो पात्र-चीवर साथमा लिएर हिंड्छ । महाराज ! यसरी भिक्षु सन्तोषी हुन्छ ।

---

बुझ्नुपर्छ । अनि भिक्षा भोजन भनेको के हो भन्ने कुराको पनि उहीं विस्तृत रूपले उल्लेख गरिएको छ । (मनो.र.पू. II. पृ. ४९१ : चतुक्कनिपातवण्णना; अरियवंससुत्तं)

शयनासनका सम्बन्धमा पनि–(१) शयनासन भन्ने बुझ्नुपर्छ, (२) शयनासन-क्षेत्र बुझ्नुपर्छ, (३) शयनासन-सन्तोष भनेको कुरा बुझ्नुपर्छ, (४) शयनासन अन्तर्गत धुतङ्ग पनि बुझ्नुपर्छ । अनि शयनासन भनेको के-कस्तो हो भन्ने कुराको स्पष्टीकरणको पनि उही (मनो.र.पू.II.पृ ४९३ मा) उल्लेख भएको छ । त्यस्तै, भैषज्यसम्बन्धी कुराहरू भिक्षा भोजनका सम्बन्धमा जस्तै बुझ्नुपर्छ ।

१३६ चीवरका बारेमा जस्तै भोजनका बारेमा पनि तीन प्रकारका सन्तोष हुन्छन्, जस्तै – (१) यथालाभ सन्तोष, (२) यथाबल सन्तोष र (३) यथासारूप्य सन्तोष ।

(१) यहाँ भिक्षुले रूक्ष वा उत्तम भोजन पाउँछ । अनि त्यसद्वारा यापन गर्छ । अर्को खोज्दैन । सो पाए पनि ग्रहण गर्दैन । यसैलाई 'यथालाभ सन्तोष' भन्दछन् ।

(२) यहाँ भिक्षु आफ्नो स्वभावलाई प्रतिकूल हुने अथवा व्याधिलाई प्रतिकूल हुने भोजन पाउँछ । अथवा जुन भोजन खाँदा उसलाई बिसन्चो हुन्छ, त्यस्तो भोजन उसले आफूसमान भिक्षुलाई दिएर उसबाट अनुकूल भोजन ग्रहण गरी श्रमण धर्म पालन गर्दै सन्तोष लिन्छ । यो हो 'यथाबल सन्तोष' ।

(३) अर्कोले चाहिं धेरै उत्तम भोजनहरू पाउँछ । उसले ती भोजनहरू चीवरको विषयमा झैं आफूभन्दा वयोवृद्ध, बहुश्रुत, अल्पलाभी अथवा रोगी हुनेलाई दिई उनीहरूको अवशिष्ट भोजन खाएर अथवा भिक्षाटन गरी मिश्रित भोजन गरेर भए पनि सन्तोष गर्दछ । यो हो 'यथासारूप्य सन्तोष' ।

१३७ भिक्षुहरूको अष्टपरिष्कारलाई यहाँ 'पात्र-चीवर' भनिएको हो, जस्तै
"तिचीवरञ्च पत्तो च, वासि सूचि च बन्धनं ।
परिस्सावनेन अट्ठेन, युत्तयोगस्स भिक्खुनो'ति ॥"
अर्थात् निम्न आठ परिष्कारहरू योगी भिक्षुहरू तीन चीवरहरू, भिक्षापात्र, दतिवन, काट्ने चक्कु *(दन्तकट्ठ-छेदनवासि)*, सियो, कायबन्धन *(पटुका वा कमर पेटी)*, पानीछान्नी ।"

माथि सूत्रमा जुन 'शरीरभरिको चीवरले' *(काय परिहारिकेन चीवरेन)* भन्ने उल्लेख भएको छ–यसको स्पष्टीकरण मनो.र.पू. II.पृ. ५६९ : अत्तन्तपसुत्तवण्णना, चतुक्कनिपातवण्णनामा गरिएको छ ।

उपरोक्त अष्टपरिष्कार, सन्तोषी भिक्षुको परिष्कार हो । योभन्दा बढी परिष्कारहरू हुने भिक्षुहरू पनि छन् । जस्तै–नौवटा परिष्कारहरू हुने *(अष्टपरिष्कारसहित ओछ्याउने कपडा वा ताल्चासहित)*, दसवटा परिष्कारहरू हुने *(बस्ने छालाको आसनसहित)*, एघारवटा परिष्कारहरू हुने *(लौरो वा तेलको भाँडोसहित)*, बाह्रवटा परिष्कारहरू हुने पनि छन् *(छाता वा चप्पलसहित)* । यिनीहरूमध्ये अष्टपरिष्कार मात्र हुनेलाई 'सन्तोषी' र अरूलाई 'असन्तोषी' भनिएको होइन । यस सूत्रमा चाहिं अष्टपरिष्कारले युक्त हुने भिक्षुलाई 'सन्तोषी' भनिएको हो ।

यी अष्टपरिष्कार हुने भिक्षुचाहिं चक्कु, सियो र पानीछान्नी पात्रभित्र राखी, पात्र काँधमा झुन्ड्याई, तीन चीवरहरू शरीरमा आबद्ध गरी जहाँ गए तापनि पक्षीझैं कुनै अल्झोबिना यत्तिकैले जान्छ । फर्केर अन्य वस्तुहरू लिइरहनुपर्ने हुन्न । यसरी हलुङ्गो वृत्तिको हुन्छ । त्यसैले माथि सूत्रको अगाडि चराको निदर्शन दिइएको हो ।

जस्तै- चराहरू फल फलेका रुखमा गई फल खाइसकेपछि 'यो भोलिलाई' भनी त्यहाँ बस्दैनन्, त्यहाँबाट उडेर जाँदा पनि निरपेक्ष भइकनै जहाँ इच्छा हुन्छ त्यहाँ उडेर जान्छन्, त्यस्तै गरी सन्तोषी भिक्षु पात्र-चीवर लिएर हिंड्छ । अरू कुनै वस्तुमा उसको आशा चित्त बाँधिएको हुन्न । यस्तै भिक्षुलाई 'शरीरभरको चीवरले सन्तुष्ट …' भनी सूत्रमा भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

## नीवरण प्रहाण

६७. "ऊ यी आर्यशीलस्कन्धले युक्त भई ..., आर्य इन्द्रिय संवरले युक्त भई ..., आर्य स्मृतिसम्प्रज्यन्यताले मुक्त भई एकान्त पासनमा बस्छ । अथवा ऊ जङ्गलमा, रुखमुनि, पर्वत, कन्दरा *(पानीको झरना भएको ठाउँ)*, पहाडी गुफा, मसान, जङ्गलको बाटो, खुला ठाउँ र पराले छाप्रोमा बस्छ । ऊ भिक्षाटनबाट फर्केर भोजन पछि पलेंटी मारी शरीर सोझो पारी मुखअगाडि स्मृति राखेर[१३८] बस्छ ।

६८. "उसले (१) पञ्चोपादानस्कन्ध माथि *(लोके)* को अभिध्यालाई हटाई अनभिध्याले युक्त भई बस्छ र अभिध्याबाट चित्त परिशुद्ध पार्छ । (२) व्यापाद प्रदोषलाई हटाई अव्यापाद चित्त लिएर सबै प्राणीहरूप्रति हितकामी भई बस्छ र व्यापाद प्रदोषबाट चित्त परिशुद्ध पार्छ । (३) थीनमिद्ध अर्थात् शारीरिक र मानसिक आलस्यलाई हटाई थीनमिद्धलाई दूर गरी बस्छ र आलोकसंज्ञी[१३९] भई तथा स्मृति सम्प्रजन्य भई आलस्यबाट चित्त परिशुद्ध पार्छ । (४) उद्धच्चकुक्कुच्च *(अर्थात् शारीरिक र मानसिक अस्थिर र अशान्तपन)* लाई हटाई शारीरिक र मानसिक स्थिरता र शान्तिलाई बढाई बस्छ र अभ्यन्तरमा परम शान्त पारी शारीरिक तथा मानसिक अस्थिरता र अशान्तिबाट चित्तलाई परिशुद्ध पार्छ । (५) विचिकित्सा[१४०] *(अर्थात् शङ्का सन्देह)* लाई हटाई निस्सन्देही भई बस्छ र कुशल धर्ममा निश्चिन्त भई *(अकथंकथी)* शङ्काबाट चित्त परिशुद्ध पार्छ ।

६९. "महाराज ! जस्तै कुनै पुरुषले ऋण लिएर काम चलाउँछ । उसको त्यो काम सफल हुन्छ । जो त्यो उसको पुरानो ऋण थियो, त्यसलाई उसले चुक्ता गरिदिन्छ र दार भरणार्थ ऊसँग *(धन)* पनि बचेको हुन्छ । अनि उसलाई यस्तो लाग्छ – 'अघि मैले ऋण लिएर काम चलाएँ । मेरो सो काम सफल भयो । जो मेरो पुरानो ऋण थियो, सो पनि मैले तिरिसकें । दार भरणार्थ मसँग *(धन)* पनि बचेको छ ।' यसबाट उसलाई प्रमोद र सौमनस्य प्राप्त हुन्छ ।

७०. "महाराज ! जस्तै कुनै पुरुष रोगी वा अतिरोगी भई दुःखी हुन्छ । खाना रुचाउँदैन । शरीरमा बल हुन्न । पछि गएर ऊ सो रोगबाट मुक्त हुन्छ । खाना रुचाउँछ । शरीरमा बल रहन्छ । अनि उसलाई यस्तो लाग्छ – 'अघि म रोगी वा अतिरोगी भई दुःखी थिएँ । खाना रुच्दैन थियो । मेरो शरीरमा बल पनि थिएन । अब म सो रोगबाट मुक्त छु । खाना पनि रुचाउँछु । मेरो शरीरमा बल पनि छ ।' यसबाट उसलाई प्रमोद र सौमनस्य हुन्छ ।

७१. "महाराज ! जस्तै कुनै पुरुष झ्यालखानामा थुनिन्छ । पछि ऊ त्यो झ्यालखानाबाट सकुशल र कुनै भयवेगर मुक्त हुन्छ । उसको कुनै धनको हानि हुन्न । अनि उसलाई यस्तो लाग्छ – 'अघि म झ्यालखानामा थुनिएको थिएँ । अब म सो झ्यालखानाबाट सकुशल तथा भयबेगर मुक्त भएँ । मेरो कुनै धनको हानि भएको छैन ।' यसबाट उसलाई प्रमोद र सौमनस्य प्राप्त हुन्छ ।

७२. "महाराज ! जस्तै कुनै पुरुष आफ्नो अधीनमा रहन नपाई पराधीन भई जहाँ चाह्यो त्यहाँ जान नसक्ने दास हुन्छ । पछि गएर सो पुरुष आफ्नो अधीनमा बस्ने भई पराधीन नभई स्वतन्त्र रूपले

---

१३८ श्वास-प्रश्वासमा होस राखेर बस्नु ।

१३९ उज्यालोपन देखिने एक प्रकारकोध्यान ।

१४० यो विचिकित्सा भनेको आठ प्रकारको हुन्छ । जस्तै – (१) शास्ताकाप्रति सन्देह गर्छ, (२) धर्मप्रति सन्देह गर्छ, (३) सङ्घप्रति सन्देह गर्छ, (४) शिक्षाप्रति सन्देह गर्छ, (५) पूर्वान्तका सम्बन्धमा सन्देह गर्छ, (६) अपरान्तका सम्बन्धमा सन्देह गर्छ, (७) पूर्वान्त-अपरान्तका सम्बन्धमा सन्देह गर्छ र (८) यो-यो कारणले प्रतीत्यसमुत्पाद हुन्छ भन्ने कुराप्रति सन्देह गर्छ ।

Downloaded from http://www.dhamma.digital

जहाँ चाह्यो त्यहाँ जान सक्ने भई त्यो दासत्त्वबाट मुक्त हुन्छ। अनि उसलाई यस्तो लाग्छ – 'अघि म आफ्नै अधीनमा रहन नपाई पराधीन भई जहाँ चाह्यो त्यहाँ जान नसक्ने दास भएको थिएँ। अब म आफ्नो अधीनमा रही अपराधीन भई स्वतन्त्र रूपले जहाँ चाह्यो त्यहाँ जान सक्ने भई त्यो दासत्त्वबाट मुक्त भएँ।' यसबाट उसलाई प्रमोद र सौमनस्य प्राप्त हुन्छ।

७३. "महाराज ! जस्तै कुनै धनी महाभोगी पुरुष भयसहित दुर्भिक्ष कान्तार बाटोमा लागेको हुन्छ। पछि ऊ त्यो कान्तार बाटोलाई सकुशल पार गर्छ। भयरहित सुरक्षित गाउँको अन्तमा पुग्छ। अनि उसलाई यस्तो लाग्छ–'अघि म धनी महाभोगी पुरुष भएर पनि भयसहित दुर्भिक्ष भएको कान्तारको बाटोमा लागेको थिएँ। अब म सो कान्तार बाटोलाई सकुशल पार गरी भयरहित सुरक्षित गाउँको अन्तमा आइपुगें।' यसबाट उसलाई प्रमोद र सौमनस्य प्राप्त हुन्छ।

७४ "महाराज ! यसै गरी भिक्षुले ऋणजस्ता, रोगजस्ता, भ्यालखानाजस्ता, दासत्त्वजस्ता र कान्तारको बाटोजस्ता भएका यी पञ्चनीवरणहरू आफूबाट मुक्त नभएको देख्दछ।

७५. "महाराज ! जस्तै अऋणभैं, आरोग्यभैं, भ्यालखानाबाट मुक्तभैं र सुरक्षित भूमिभैं यी पञ्चनीवरणहरू आफूबाट मुक्त भएको उसले आफूमा देख्दछ।

७६. "यी पञ्चनीवरणहरू प्रहीण भएको कुरा आफूमा देख्दा उसमा प्रमोद उत्पन्न हुन्छ। प्रमुदित हुनेको प्रीति उत्पन्न हुन्छ। प्रीतिचित्त भएको शरीर शान्त हुन्छ। शान्त भएको कायले सुखानुभव गर्छ। सुखी भएको चित्त समाधिस्थ हुन्छ।

## प्रथमध्यान

७७. "अनि ऊ कामविषयबाट अलग भई अकुशलताबाट अलग भई वितर्क विचारयुक्त भएको विवेकज: *(ध्यानज:)* प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ। उसले विवेकज: प्रीतिसुखद्वारा यही शरीरलाई स्नेहित पार्छ, सर्वत्र स्नेहित पार्छ, परिपूर्ण पार्छ र सर्वत्र स्पर्शित पार्छ। उसको कुनै पनि शरीरको भाग विवेकज: प्रीति र सुखले नछोएको हुन्न।

७८. "महाराज ! जस्तै कुनै दक्ष नहापक *(नुहाइदिने)* ले वा उसको अन्तेवासीले स्नानीय चूर्णलाई काँसको थालमा राखी अलिअलि पानी हाल्दै भिजाउँदै मुछ्दै डल्लो पार्छ। अनि त्यो स्नानीय चूर्णको डल्ला स्नेहित भएपछि भित्र-बाहिर जम्मै भिजिसकेपछि बगेर जान्न। महाराज ! त्यस्तै भिक्षुले विवेकज: प्रीति र सुखद्वारा यही शरीरलाई स्नेहित पार्छ, सर्वत्र स्नेहित पार्छ, परिपूर्ण पार्छ र सर्वत्र स्पर्शित पार्छ। उसको शरीरको कुनै पनि भाग ध्यानज: प्रीतिसुखले नछोएको हुन्न। महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि बढी सुन्दर र बढी उत्तम छ।

## द्वितीयध्यान

७९. "महाराज ! फेरि भिक्षु वितर्क विचारलाई उपशान्त गरी अभ्यन्तर सम्प्रसादलाई चित्तमा एकाग्र गरी वितर्क विचाररहित विवेकज: प्रीतिसुख भएको द्वितीयध्यान प्राप्त गरी बस्छ। उसले विवेकज: प्रीतिसुखद्वारा यही शरीरलाई स्नेहित पार्छ, सर्वत्र स्नेहित पार्छ, परिपूर्ण पार्छ र सर्वत्र स्पर्श गर्दछ। उसको शरीरको कुनै पनि भाग विवेकज: प्रीति र सुखले नछोएको हुन्न।

Downloaded from http://www.dhamma.digital

८०. "महाराज ! जस्तै–भनौं कि यहाँ माझमा मूल भएको एउटा गम्भीर जलाशय छ । त्यो जलाशयको पूर्वपट्टि पानीको मूल छैन । पश्चिमपट्टि पनि … उत्तरपट्टि पनि … दक्षिणपट्टि पनि पानीको मूल छैन । समय-समयमा वर्षा हुँदैन । अनि त्यही गम्भीर जलाशयको माझबाट फुटेर आएको शीतल पानीको धारले सोही जलाशयलाई स्नेहित पार्छ, सर्वत्र स्नेहित पार्छ, परिपूर्ण पार्छ र सर्वत्र स्नेहित पार्छ । अनि त्यस जलाशयको कुनै पनि भाग शीतल पानीले नछोएको हुन्न । महाराज ! त्यस्तै, भिक्षुले विवेकजः प्रीतिसुखद्वारा यही शरीरलाई स्नेहित पार्छ … उसको शरीरको कुनै पनि भाग विवेकजः प्रीतिसुखले नछोएको हुन्न । महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा बढी सुन्दर र बढी उत्तम छ ।

## तृतीयध्यान

८१. "महाराज ! फेरि भिक्षु प्रीतिलाई पनि त्यागी उपेक्षित भई स्मृतिसम्प्रजन्य भई शरीरद्वारा सुखानुभव गरी बस्छ, जसलाई आर्यहरू 'उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्दछन् । ऊ त्यस प्रकारको तृतीयध्यान प्राप्त गरी बस्छ । उसले नैष्प्रीतिक सुखद्वारा यही शरीरलाई स्नेहित पार्छ, सर्वत्र स्पर्श गर्दछ । उसको शरीरको कुनै पनि भाग नैष्प्रीतिक सुखले नछोएको हुन्न ।

८२. "महाराज ! जस्तै उत्पल समुदाय, पद्म समुदाय, पुण्डरीक समुदाय अथवा केही उत्पल, पद्म, पुण्डरीकहरू, जो पानीमा उत्पन्न भई पानीमै बढी पानीबाट माथि नआई पानीको भित्री भागमा डुबिरहेका हुन्छन् – तिनीहरूको टुप्पा पनि डाँठ पनि शीतल पानीले छोएको हुन्छ, … सर्वत्र स्पर्शित हुन्छ । अनि त्यस उत्पल … पुण्डरिकको कुनै पनि भाग शीतल पानीले स्पर्श नगरेको हुन्न । महाराज ! त्यस्तै, भिक्षुले नैष्प्रीतिक सुखद्वारा यही शरीरलाई स्नेहित पार्छ, … सर्वत्र स्पर्श गर्छ । उसको शरीरको जुनसुकै भाग नैष्प्रीतिक सुखले नछोएको हुन्न । महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दर र उत्तम छ ।

Dhamma.Digital

## चतुर्थध्यान

८३. "महाराज ! फेरि भिक्षु सुखलाई पनि त्यागी दुःखलाई पनि त्यागी पहिले नै सौमनस्य *(मानसिक सुख)* र दौर्मनस्य *(मानसिक दुःख)* को अन्त गरी सुख-दुःख नभएको स्मृति र उपेक्षा परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी बस्छ । ऊ यही शरीरमा परिशुद्ध ज्योतिर्मय चित्त फैलाई बसिरहन्छ । उसको शरीरको कुनै पनि भाग परिशुद्ध ज्योतिर्मय चित्तले स्पर्श नगरेको हुन्न ।

८४. "महाराज ! जस्तै – कुनै पुरुष शिरदेखि लिएर आफ्नो शरीर जम्मै सेतो कपडाले ढाकेर बस्छ भने उसको शरीरको कुनै पनि भाग सेतो कपडाले नढाकिएको हुन्न । महाराज ! त्यस्तै, भिक्षु यही शरीरमा परिशुद्ध ज्योतिर्मय चित्त फैलाई बसिरहन्छ । उसको शरीरको कुनै पनि भाग परिशुद्ध ज्योतिर्मय चित्तले स्पर्श नगरेको हुन्न । महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दर र उत्तम छ ।

Downloaded from http://www.dhamma.digital

## विपश्यनाज्ञान

८५. "यसरी समाहित चित्त भएपछि, परिशुद्ध स्वच्छ निर्मल क्लेशरहित भएपछि, मृदु तथा कर्मण्य भएपछि तथा निश्चलतामा पुगेपछि उसले ज्ञानदर्शन गर्न चित्त अघि बढाउँछ र चित्त निहुराउँछ। अनि उसले जान्दछ–'मेरो शारीरिक रूप चातुर्महाभौतिक हो, आमा-बाबुको कारणले भएको हो, भातदालद्वारा संवर्धित बालककालमा छेदन परिमार्जन भेदन विध्वंसन भएको तथा अनित्य स्वभावको हो। यो मेरा विज्ञान *(चेतना)* यसैमा सम्बन्धित छ, यसैमा प्रतिबद्ध छ।

८६. "महाराज ! जस्तै अष्टांश गरी राम्ररी कुँदेको सफा निर्मल चमकदार मलिनता नभएको असल जातको वैदूर्यमणिमा नीलो वा पहेँलो, सेतो वा पाण्डुरङको धागो राखेको आँखा देख्ने पुरुषले त्यसलाई हातमा राखी राम्ररी हेर्दा उसले 'यो असल जातको वैदूर्यमणि हो। यसलाई आठकुने पारी कुँदिएको छ। सफा निर्मल चमकदार छ र मलिन छैन। यसमा नीलो वा पहेँलो, सेतो वा पाण्डुरङको धागो राखेको छ' भनी थाहा पाउँछ। महाराज ! त्यसै गरी समाहित चित्त भएपछि परिशुद्ध स्वच्छ निर्मल क्लेशरहित भएपछि मृदु तथा कर्मण्य भएपछि निश्चलतामा पुगेपछि भिक्षुले ज्ञानदर्शन गर्न चित्त अघि बढाउँछ, चित्त निहुराउँछ। अनि उसले जान्दछ–'यो मेरो शारीरिक रूप···अनित्य स्वभावको हो। यो मेरो विज्ञान यसैमा सम्बन्धित छ, यसैमा प्रतिबद्ध छ।' महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दर र उत्तम छ।

## मनोमय ऋद्धिज्ञान

८७. "यसरी समाहित चित्त भएपछि परिशुद्ध स्वच्छ निर्मल क्लेशरहित भएपछि मृदु तथा कर्मण्य भएपछि निश्चलतामा पुगेपछि उसले मनोमय-काय निर्माणका निमित्त चित्तलाई अगाडि बढाउँछ, चित्तलाई निहुराउँछ। अनि उसले यो शरीरबाट छुट्टै शरीरको निर्माण गर्दछ, जो अङ्गप्रत्यङ्गले युक्त इन्द्रियसहित मनोमय भौतिक रूप हुन्छ।

८८. "महाराज ! जस्तै कुनै पुरुषले मुञ्ज *(बोक्रो)* बाट ईषिक *(डाँठ)* निकाल्छ। अनि उसलाई यस्तो लाग्छ – यो, 'मुञ्ज हो, यो ईषिक हो। भिन्नै मुञ्ज हो, भिन्नै ईषिक हो। मुञ्जबाटै डाँठ निकालिएको हो।' अथवा महाराज ! जस्तै कुनै पुरुषले दापबाट तरबार निकाल्छ। अनि उसलाई यस्तो लाग्छ – 'यो तरबार हो यो दाप हो। तरबार अर्कै हो दाप अर्कै हो। दापबाटै तरबार निकालिएको हो।' अथवा महाराज ! कुनै पुरुषले पेटारीबाट सर्प निकाल्छ। अनि उसलाई यस्तो लाग्छ – 'यो सर्प हो, यो पेटारी हो। सर्प अर्कै हो, पेटारी अर्कै हो। पेटारीबाट सर्प निकालिएको हो।' महाराज ! त्यस्तै, भिक्षुले यसरी समाहित चित्त भएपछि ···। उसले यो शरीरबाट अलग्गै शरीरको निर्माण गर्दछ। जो अङ्गप्रत्यङ्गले युक्त इन्द्रियसहित मनोमय भौतिक रूप हुन्छ। महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दर र उत्तम छ।

## ऋद्धिविध ज्ञान

८९. "यसरी समाहित चित्त भएपछि ··· निश्चलतामा पुगेपछि उसले ऋद्धिविध ज्ञानका लागि चित्त अघि बढाउँछ, चित्त निहुराउँछ। अनि उसले अनेक प्रकारका ऋद्धिविध *(ऋद्धि चमत्कार)* को अनुभव

Downloaded from http://www.dhamma.digital

गर्छ – एक भईकन पनि धेरै हुन्छ, धेरै भइकन पनि एक हुन्छ। प्रकट पनि हुन्छ, अन्तरर्धान पनि हुन्छ। भित्तामा नछोई, पर्खालमा नछोई पर्वतमा नछोई आकाशमा हिंडेजस्तै गरी वारपार गर्छ। पानीमा डुबुल्की लगाएजस्तै गरी पृथ्वीमा डुब्छ। माथि पनि आउँछ। पृथ्वीमा हिंडेजस्तै गरी पानीमा पनि नभिज्ने गरी हिंड्छ। पलेंटी मारेर पक्षीझैं आकाशमा पनि जान्छ। त्यस्तो महान तेजस्वी महापराक्रमी चद्र-सूर्यलाई पनि हातले परामर्श र परिमार्जन गर्छ। ब्रह्मलोकसम्मलाई पनि आफ्नो कायद्वारा वशमा राख्छ।

९०. "महाराज ! जस्तै कुनै सिपालु कुमालेले वा उसको अन्तेवासीले राम्ररी मुछेको माटोले आफूले इच्छाएजस्ता भाँडाहरू बनाउन चाहन्छ, त्यस्ता भाँडाहरू तयार पार्छ। अथवा महाराज ! जस्तै कुनै सिपालु दन्त *(हातीको दाँत)* कारले वा उसको अन्तेवासीले राम्ररी बनाएको दन्तमा जस्तो *(बुट्टा)* बनाउन चाहन्छ, उस्तै बनाउँछ। अथवा महाराज ! जस्तै कुनै सिपालु सुनार *(लुँकमि)* ले वा उसको अन्तेवासीले परिशोधन गरेको सुनद्वारा जस्तो *(गहनाहरू)* बनाउन चाहन्छ, उस्तै बनाउँछ। महाराज ! त्यसै गरी भिक्षुले यसरी समाहित चित्त भएपछि उसले ब्रह्मलोकसम्मलाई पनि आफ्नो कायद्वारा वशमा राख्छ। महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दर र उत्तम छ।

## दिव्य स्रोतज्ञान

९१. "यसरी समाहित चित्त भएपछि ··· निश्चलतामा पुगेपछि उसले दिव्यस्रोत धातुप्राप्तिका निमित्त चित्त अगाडि बढाउँछ र चित्त निहुराउँछ। अनि उसले अलौकिक विशुद्ध दिव्य-स्रोत धातुद्वारा देवताहरूको पनि र मनुष्यहरूको पनि, टाढाको पनि र नगिचको पनि दुवै शब्दहरू सुन्छ।

९२. "महाराज ! जस्तै कुनै पुरुष लामो बाटो गइरहेको बेलामा *(कसैले बजाएको)* भेरी शब्द, मृदङ्ग र डमरुको शब्द सुन्छ। त्यस्ता शब्दहरू सुनेर उसको मनमा यस्तो लाग्छ – 'यो भेरी शब्द हो, ··· यो प्रणवक शब्द हो। महाराज ! त्यसै गरी भिक्षुले यसरी समाहित चित्त भएपछि ··· उसले अलौकिक विशुद्ध दिव्य-स्रोतधातुद्वारा··· दुवै शब्दहरू सुन्छ। महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दर र उत्तम छ।

## परचित्तज्ञान

९३. "यसरी समाहित चित्त भएपछि ··· निश्चलतामा पुगेपछि उसले परचित्तज्ञान *(अर्काको मनको कुरा जान्ने)* का निमित्त चित्त अघि बढाउँछ, चित्त झुकाउँछ। अनि उसले परसत्त्वको, परपुद्गलको चित्तलाई आफ्नो चित्तले जान्दछ। सराग चित्त भए 'सराग चित्त[१४१]' भनी जान्दछ, वीतराग

१४१ 'सराग चित्त' भनी आठै प्रकारका लोभसहगत चित्तहरूलाई भनिएको हो। यी आठ प्रकारका लोभसहगत चित्तहरू अभिधम्मत्थसङ्गहका अनुसार यसप्रकार छन्–

(१) सौमनस्य सहगत दृष्टिगत सम्प्रयुक्त असंस्कारिक चित्त।
(२) सौमनस्य सहगत दृष्टिगत सम्प्रयुक्त ससंस्कारिक चित्त।
(३) सौमनस्य सहगत दृष्टिगत विप्रयुक्त असंस्कारिक चित्त।
(४) सौमनस्य सहगत दृष्टिगत विप्रयुक्त ससंस्कारिक चित्त।
(५) उपेक्षा सहगत दृष्टिगत सम्प्रयुक्त असंस्कारिक चित्त।

Downloaded from http://www.dhamma.digital

चित्त भए 'वितराग चित्त[१४२]' भनी जान्दछ; सदोष चित्त भए 'सदोष चित्त[१४३]' भनी जान्दछ; वीतदोष चित्त भए 'वीतदोष चित्त[१४४]' भनी जान्दछ; समोह चित्त भए 'समोह चित्त[१४५]' भनी जान्दछ; वीतमोह चित्त भए 'वीतमोह चित्त[१४६]' भनी जान्दछ; संक्षिप्त चित्त भए 'संक्षिप्त चित्त[१४७]' भनी जान्दछ; विक्षिप्त चित्त भए 'विक्षिप्त चित्त[१४८]' भनी जान्दछ; महत्‌गत चित्त भए 'महत्‌गत चित्त[१४९]' भनी जान्दछ; अ-महत्‌गत चित्त भए 'अ-महत्‌गत चित्त[१५०]' भनी जान्दछ; स-उत्तर चित्त भए 'स-उत्तर चित्त[१५१]' भनी जान्दछ; अनुत्तर

---

(६) उपेक्षा सहगत दृष्टिगत सम्प्रयुक्त ससंस्कारिक चित्त ।
(७) उपेक्षा सहगत दृष्टिगत विप्रयुक्त असंस्कारिक चित्त ।
(८) उपेक्षा सहगत दृष्टिगत विप्रयुक्त ससंस्कारिक चित्त ।

१४२ 'वीतराग चित्त' भनी लौकिक कुशल र अव्याकृत चित्तहरूलाई भनिएको हो ।

'लौकिक कुशल र अव्याकृतचित्तहरू' भनी अभि. ध.सं. (नवनति टीका पृ. ४७) तृतीय परिच्छेदको हेतुसङ्ग्रह अनुसार– कुशल चित्तहरू, विपाक चित्तहरू तथा क्रिया चित्तहरूलाई भनिएको हो भनी उल्लेख गरिएको छ । अर्थात्– कामावचर चित्तहरू-८, कामावचर क्रिया चित्तहरू-८, तथा कामावचर विपाक चित्तहरू-८ गरी जम्मा २४; रूपावचर कुशल चित्तहरू-५, रूपावचर क्रिया चित्तहरू-५, तथा रूपावचर विपाक चित्तहरू-५ गरी जम्मा १५; अरूपावचर कुशल चित्तहरू-४, अरूपावचर क्रिया चित्तहरू-४, तथा अरूपावचर विपाक चित्तहरू-४ गरी जम्मा १२; यी सबै ५१ चित्तहरूलाई 'लौकिक कुशल र अव्याकृत चित्तहरू' भनिन्छ । यससम्बन्धी अन्य विस्तृत कुराहरू अभि.ध.सं. प्रथम परिच्छेदमा हेर्नु होला ।

१४३ 'सदोष चित्त' भनी दुवै दौर्मनस्य चित्तहरूलाई भनिएको हो ।

'दौर्मनस्य चित्त' भनी –(१) दौर्मनस्य सहगत प्रतिघ सम्प्रयुक्त असंस्कारिक चित्त र (२) दौर्मनस्य सहगत प्रतिघ सम्प्रयुक्त ससंस्कारिक चित्तलाई भनिएको छ ।

१४४ 'वीतदोष चित्त' भनी लौकिक कुशल र अव्याकृत चित्तहरूलाई भनिएको हो ।

१४५ 'समोहचित्त' भनी विशेष गरी विचिकित्सा सहगत चित्त र उद्धच्च सहगत चित्तलाई भनिएको हो । किन्तु सबै अकुशल चित्तहरूमा साधारणतया मोहचित्त अन्तर्गत हुने भएकोले सबै १२ वटा अकुशल चित्तहरूलाई पनि 'समोह चित्त' भन्न सकिन्छ भनी पपं. सू. I. पृ. २५२ : सतिपट्ठानसुत्तवण्णनाले उल्लेख गरेको छ ।

बाह्रवटा अकुशल चित्तहरू यी हुन् – माथि 'सरागचित्त' भनी पादटिप्पणीमा लेखिएका लोभ सहगत चित्तहरू-८, माथि 'सदोषचित्त' भन्ने ठाउँमा लेखिएका प्रतिघ चित्तहरू-२ तथा उपेक्षा सहगत विचिकित्सा सम्प्रयुक्त चित्त-१, उपेक्षा सहगत उद्धच्च सम्प्रयुक्त चित्त–१ समेत गरी जम्मा १२ अकुशल चित्तहरू हुन् ।

१४६ 'वीतमोह चित्त' भनी लौकिक कुशल र अव्याकृत चित्तहरूलाई भनिएको हो ।

१४७ 'संक्षिप्तचित्त' भनी शारीरिक र मानसिक आलस्ययुक्त चित्तहरूलाई भनिएको हो ।

१४८ 'विक्षिप्तचित्त' भनी उद्धच्च सहगत अर्थात् चंचलतायुक्त चित्तहरूलाई भनिएको हो ।

१४९ 'महत्‌गतचित्त' भनी रूपावचर ५ वटा चित्तहरू र अरूपावचर ४ वटा चित्तहरूलाई भनिएको हो । पपं. सू. I. पृ. २५२ : सतिपट्ठानसुत्तवण्णना । पाँचवटा रूपावचर चित्तहरू र चारवटा अरूपावचर चित्तहरू यी हुन् –

**रूपावचर –**

(१) वितर्क विचार प्रीतिसुख एकाग्रतायुक्त प्रथमध्यानको कुशलचित्त ।
(२) विचार प्रीति सुख एकाग्रतायुक्त द्वितीयध्यानको कुशलचित्त ।
(३) प्रीति सुख एकाग्रतायुक्त तृतीयध्यानको कुशलचित्त ।
(४) सुख एकाग्रतायुक्त चतुर्थध्यानको कुशलचित्त ।
(५) उपेक्षा एकाग्रतायुक्त पञ्चमध्यानको कुशलचित्त ।

**अरूपावचर–**

(१) आकाशानन्त्यायतन कुशलचित्त ।
(२) विज्ञानानन्त्यायन कुशलचित्त ।
(३) आकिञ्चन्यायतन कुशलचित्त ।
(४) नैवसंज्ञानासंज्ञायतन कुशलचित्त ।

१५० 'सउत्तर चित्त' भनी कामावचर चित्तहरूलाई भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

चित्त भए 'अनुत्तर चित्त[१५२]' भनी जान्दछ; समाहित चित्त भए 'समाहित चित्त[१५३]' भनी जान्दछ; अ-समाहित चित्त भए 'असमाहित चित्त[१५४]' भनी जान्दछ; विमुक्त चित्त भए 'विमुक्त चित्त[१५५]' भनी जान्दछ र अविमुक्त चित्तलाई 'अविमुक्त चित्त[१५६]' भनी जान्दछ।

९४. "महाराज ! जस्तै कुनै नक्कल पार्नु पर्ने स्वभावकी स्त्री, पुरुष वा युवाले ऐनामा वा परिशुद्ध निर्मल स्वच्छ पानीको पात्रमा आफ्नो मुख हेर्दा मैलो परेको भए 'मैलो परेको छ' भनी मैलो परेको छैन भने 'मैलो परेको छैन' भनी जान्दछ, महाराज ! त्यसै गरी भिक्षुले यसरी समाहित चित्त भएपछि …… उसले परसत्त्व र परपुद्गलको चित्तलाई आफ्नो सराग चित्तलाई 'सरागचित्त' भनी … पूर्ववत् … अविमुक्त चित्तलाई 'अविमुक्त चित्त' भनी जान्दछ। महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दर र उत्तम छ।

## पूर्वानुस्मृतिज्ञान

९५. "यसरी समाहित चित्त भएपछि … निश्चलतामा पुगेपछि उसले पूर्वानुस्मृतिज्ञानका निमित्त चित्त अघि बढाउँछ। चित्त झुकाउँछ। अनि उसले अनेक प्रकारका पूर्वजन्मका कुराहरूको अनुस्मरण गर्छ। जस्तै - एक जन्मको कुरा, दुई जन्मको कुरा, तीन जन्मको कुरा, चार जन्मको कुरा, पाँच जन्मको कुरा, दस जन्मको कुरा, बीस जन्मको कुरा, तीस जन्मको कुरा, हजार जन्मको कुरा, सय हजार जन्मको कुरा। अनेक संवर्तकल्प *(प्रलय)* का कुराहरू, अनेक विवर्त कल्प *(सृष्टि)* का कुराहरू अनेक संवर्त-विवर्त कल्पहरूमा–फलाना ठाउँमा थिएँ, यस्तो नाउँ यस्तो गोत्र यस्तो वर्ण यस्तो आहार यस्तो सुख दुःख प्रतिसंवेदी र यति आयु थियो। त्यहाँबाट च्युत भई अमुक स्थानमा उत्पन्न भएँ। त्यहाँ पनि यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार, यस्तो सुख-दुःख प्रतिसंवेदी र यति आयु थियो। त्यहाँबाट पनि च्युत भई यहाँ उत्पन्न भएँ।' यसरी आकारसहित र उद्देश्यसहित *(नाम र गोत्रसहित)* अनेक प्रकारका पूर्वजन्मका कुराहरूको अनुस्मरण गर्दछ।

९६. "महाराज ! जस्तै कुनै पुरुष आफ्नो गाउँबाट अर्को गाउँमा जान्छ, त्यहाँबाट पनि अर्को गाउँमा जान्छ, त्यहाँबाट पनि अर्को गाउँमा जान्छ र त्यस गाउँबाट ऊ फेरि आफ्नै गाउँमा फर्की आउँछ। अनि उसले यस्तो अनुस्मरण गर्छ – 'म आफ्नो गाउँबाट फलानो गाउँमा गएँ त्यहाँ यसरी उभिएँ यसरी बसें यस्तो कुरा गरें यसरी चुप लागें। त्यहाँबाट म फलानो गाउँमा गएँ त्यहाँ पनि यसरी उभिएको थिएँ। यसरी बसेको थिएँ यस्तो कुरा गरेको थिएँ यसरी चुप लागेको थिएँ। त्यहाँबाट फेरि म आफ्नै गाउँमा फर्की आएँ।' महाराज ! त्यसै गरी भिक्षुले यसरी समाहित चित्त भएपछि … उसले पूर्वानुस्मृतिज्ञानका निमित्त चित्त अघि बढाउँछ। चित्त झुकाउँछ। अनि उसले अनेक प्रकारका पूर्वजन्मका कुराहरूको अनुस्मरण गर्छ। जस्तै - एक जन्मको कुरा … पूर्ववत् …। यसरी आकारसहित र

---

१५१ 'अमहत्गत चित्त' भनी कामावचर चित्तहरूलाई भनिएको हो।

१५२ 'अनुत्तर चित्त' भनी रूपावचर र अरूपावचर चित्तहरूलाई भनिएको हो। यीमध्ये पनि रूपावचर चित्तलाई 'सउत्तर चित्त' र अरूपावचर चित्तलाई 'अनुत्तर चित्त' पनि भन्न सकिन्छ भनी पपं सू. I. पृ. २५२ : सतिपट्ठानसुत्तवण्णनाले उल्लेख गरेको छ।

१५३ 'समाहित चित्त' भनी अर्पणा *(अप्पणा)* समाधि र उपचार समाधिलाई भनिएको हो।

१५४ 'असमाहित चित्त' भनी माथि उल्लिखित (४) दुवै प्रकारका समाधिरहित चित्तहरूलाई भनिएको हो।

१५५ 'विमुक्त चित्त' भनी तदङ्ग-विक्खम्भन-विमुक्त चित्तहरूलाई भनिएको हो।

१५६ 'अविमुक्त चित्त' भनी माथिका दुवै किसिमका विमुक्त चित्तरहितलाई भनिएको हो।

Downloaded from http://www.dhamma.digital

उद्देश्यसहित अनेक प्रकारका पूर्वजन्मका कुराहरूको अनुस्मरण गर्दछ । महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दर र उत्तर छ ।

## दिव्य चक्षुज्ञान

९७. "यसरी समाहित चित्त भएपछि ... निश्चलतामा पुगेपछि उसले सत्त्वहरूको च्युति र उत्पत्तिसम्बन्धी ज्ञानका निमित्त चित्त अघि बढाउँछ, चित्त झुकाउँछ । अनि उसले विशुद्ध अमानुषीय दिव्यचक्षुद्वारा च्युत भएका उत्पन्न भएका सत्त्वहरूलाई देख्दछ *(जान्दछ)* र आ-आफ्ना कर्मानुसार नीच-उच्च, सुवर्ण-दुर्वर्ण, सुगति-दुर्गतिमा उत्पन्न भएका सत्त्वहरूलाई देख्दछ – 'यी सत्त्वहरू कायदुश्चरितले युक्त भई, वाक्दुश्चरितले युक्त भई, मनःदुश्चरितले युक्त भई, आर्यहरूको निन्दा गर्ने भई, मिथ्यादृष्टिक भई, मिथ्यादृष्टियुक्त काम गर्ने भई, मरणोपरान्त अपायदुर्गति विनिपात तथा नरकमा उत्पन्न भए । यी सत्त्वहरू कायसुचरितले युक्त भई, वाक्सुचरितले युक्त भई, मनःसुचरितले युक्त भई, आर्यहरूको निन्दा नगर्ने भई, सम्यक्दृष्टिक भई, सम्यक्दृष्टियुक्त काम गर्ने भई, मरणोपरान्त सुगति स्वर्गलोकमा उत्पन्न भए ।' यसरी विशुद्ध अमानुषीय दिव्यचक्षुद्वारा च्युत भएका उत्पन्न भएका सत्त्वहरूलाई देख्दछ *(जान्दछ)* र आ-आफ्ना कर्मानुसार नीच-उच्च, सुवर्ण-दुर्वर्ण, सुगति-दुर्गतिमा उत्पन्न भएका सत्त्वहरूलाई देख्दछ ।

९८. "महाराज ! जस्तै चौबाटोको बीचमा भएको घरमा आँखा देख्ने कुनै पुरुष उभिइरहँदा मानिसहरू घरभित्र पसेका, निस्केका, सडकको बाटोमा यताउता हिंडिरहेका र चौबाटोको बीचमा बसिरहेका देख्दछ । अनि उसलाई यस्तो लाग्छ – 'यी मानिसहरू घरभित्र पस्छन् । निस्कन्छन्, सडकको बाटोमा यताउता हिंडिरहन्छन् र चौबाटोको बीचमा बस्छन् ।' महाराज ! त्यसै गरी भिक्षुले यसरी समाहित चित्त भएपछि ... पूर्ववत् ... आ-आफ्ना कर्मानुसार नीच-उच्च सुगति-दुर्गतिमा उत्पन्न भएका सत्त्वहरूलाई देख्दछ । महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दर र उत्तम छ ।

## आस्रवक्षयज्ञान

९९. "यसरी समाहित चित्त भएपछि परिशुद्ध, स्वच्छ, निर्मल र क्लेशरहित भएपछि मृदु तथा कर्मण्य भएपछि र निश्चलतामा पुगेपछि उसले आस्रवहरूको क्षय हुने ज्ञानका निमित्त चित्त अघि बढाउँछ, चित्त झुकाउँछ । अनि उसले 'यो दुःख हो' भनी यथार्थतः बोध गर्छ । 'यो दुःख समुदय हो' भनी यथार्थतः बोध गर्छ । 'यो दुःखनिरोध हो' भनी यथार्थतः बोध गर्छ । 'यो दुःखनिरोध हुने मार्ग हो' भनी यथार्थतः बोध गर्छ । 'यी आस्रवहरू हुन्' भनी यथार्थतः बोध गर्छ । 'यो आस्रव समुदय हो' भनी यथार्वतः बोध गर्छ । 'यो आस्रव निरोध हो' भनी यथार्थतः बोध गर्छ । 'यो आस्रव निरोध हुनें मार्ग हो' भनी यथार्थतः बोध गर्छ । यसरी देखेपछि र अवबोध भएपछि उसको चित्त कामास्रवबाट, भवास्रवबाट र अविद्यास्रवबाट पनि विमुक्त हुन्छ । विमुक्त भएपछि विमुक्त भएँ भन्ने ज्ञान पनि हुन्छ । 'जाति *(जन्म)* क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें अब उप्रान्त यहाँ आउनुपर्ने हेतु छैन' भन्ने ज्ञान पनि हुन्छ ।

१००. "महाराज ! जस्तै पहाडले घेरिएको स्वच्छ, प्रसन्न तथा निर्मल जलाशय हुन्छ, त्यहाँ कुनै आँखा देख्ने पुरुष जलाशयको किनारमा बसी उसले पानीमा सिपी, शङ्ख कङ्कड काठ तर माछाहरूको

Downloaded from http://www.dhamma.digital

समूहलाई यताउता डुलिरहेका र बसिरहेका देख्छ । अनि उसको मनमा यस्तो लाग्छ – 'यो जलाशय स्वच्छ, प्रसन्न तथा निर्मल छ । यहाँ सिपी, शङ्ख, कङ्कड काठ र माछाहरूको समूह यताउता डुलिरहेका छन्, बसिरहेका छन् ।' महाराज ! त्यसै गरी समाहित चित्त भएपछि… निश्चलतामा पुगेपछि भिक्षुले आस्रवहरूको क्षय हुने ज्ञानको निमित्त चित्त अघि बढाउँछ र चित्त झुकाउँछ । अनि उसले 'यो दु:ख हो' भनी यथार्थत: बोध गर्छ … पूर्ववत् … 'यो आस्रव निरोध हुने मार्ग हो' भनी यथार्थत: बोध गर्छ । यसरी देखेपछि यसरी अवबोध भएपछि उसको चित्त कामास्रवबाट र भवास्रवबाट र अविद्यास्रवबाट पनि विमुक्त हुन्छ । विमुक्त भएपछि 'विमुक्त भएँ'[१५७] भन्ने ज्ञान पनि हुन्छ । 'जाति *(जन्म)* क्षीण भयो[१५८] ब्रह्मचर्यवास[१५९] पूरा भयो, गर्नुपर्ने गरिसकें[१६०], अब उप्रान्त यहाँ आउनुपर्ने हेतु छैन'[१६१] भन्ने ज्ञान पनि

१५७ मार्गक्षणमा विमुक्त हुन्छ र फलक्षणमा विमुक्त भइसकेको हुन्छ । अर्थात् मार्गमा रहुञ्जेलसम्म विमुक्त हुने भनी भनिन्छ, फलमा पुग्नेबित्तिकै विमुक्त भइसकेको भनी भनिन्छ । त्यसपछि प्रत्यवेक्षणाज्ञानद्वारा पुनरावलोकन गरी हेर्दा उसले विमुक्त भइसकेको कुरा थाहा पाउँछ र 'विमुक्त भएँ' भनी जान्दछ । त्यसैले सूत्रमा 'विमुक्त भएँ भन्ने ज्ञान पनि हुन्छ' भनी भनिएको हो ।

१५८ 'जातिक्षीण भयो भन्ने ज्ञान' पनि प्रत्यवेक्षणा-ज्ञानद्वारा थाहा पाएको हो । 'जातिक्षीण' भन्नाले अतीतको जातिलाई भनिएको होइन । त्यो त क्षीण नै भइसकेको छ । अनागतको जातिलाई पनि भनिएको होइन । अनागतको जाति त अहिले आइ सकेको नै छैन । वर्तमानको जातिलाई पनि भनिएको होइन; त्यो त अहिले विद्यमान नै छ ।

त्यसो भए 'जातिक्षीण भयो' भनी केलाई भनिएको हो त ? भनौं कि–मार्गको भाविता नगरिंदा जुन एक, चार, पाँच वोकार लोकहरूमध्येमा एकवटा, चारवटा तथा पाँचवटा स्कन्धहरू भएका सत्त्वहरू उत्पन्न हुने हुन् – मार्ग- भाविता गरिसकेपछि ती स्कन्धहरू उत्पन्न हुँदैनन् । यही कारणलाई नै यहाँ 'जातिक्षीण' भनिएको हो र यसै स्थितिलाई प्रत्यवेक्षणाज्ञानले विचार गरी हेर्दा–वर्तमान समयमा कर्म भए तापनि त्यसद्वारा भविष्यका निमित्त प्रतिसन्धि *(पूर्वजन्म)* दिन नसक्ने भएको हुँदा 'जाति *(जन्म)* क्षीण भयो' भनी सूत्रमा उल्लेख भएको हो ।

यहाँ एक, चार, पाँच वोकार भनेको अर्थ – असञ्ञ सत्त्वमा अर्थात् नैवसंज्ञानासंज्ञा भन्ने लोकमा उत्पन्न हुने सत्त्वको रूपस्कन्ध एक मात्र आकीर्ण भएको हुन्छ । भनाईको मतलब त्यस असञ्ञलोकमा एउटै 'रूपस्कन्ध' आकीर्ण हुन्छ । असञ्ञलोक भनेको र नैवसंज्ञानासंज्ञालोक भनेको एउटै हो । यो पनि अरूपलोकको एक आकार हो । त्यसैले 'एकस्कन्ध' भएको सत्त्वहरू हुन् भन्ने कुरा बुझ्नुपर्छ । अरू अरूपलोकमा उत्पन्न हुन् सत्त्वहरूको चाहिं चारवटा स्कन्धहरू हुन्छन् । त्यसैले यसलाई 'चारवटा भएको सत्त्वहरू हुन्' भन्ने कुरा बुझ्नुपर्छ । भनाइको तात्पर्य अरूपावचरलोकमा चारैवटा स्कन्धहरू मात्र हुन्छन् । कामावचर र रूपावचर लोकहरूमा चाहिं पाँचैवटा स्कन्धहरू हुन्छन् । त्यसैले 'पाँचवटा स्कन्धहरू भएका सत्त्वहरू हुन्' भन्ने कुरा बुझ्नुपर्छ ।

१५९ यहाँ 'ब्रह्मचर्य' भनी मार्गब्रह्मचर्यलाई भनिएको हो । कल्याण पृथग्जनसहित सप्तशैक्षहरूलाई ब्रह्मचर्यवास गरिरहेका र क्षीणास्रवी भई अशैक्ष अवस्थामा पुगिसकेकालाई 'ब्रह्मचर्यवास पूरा गरिसकेका' भनी भनिन्छ । अत: क्षीणास्रवी भइसकेपछि प्रत्यवेक्षणा-ज्ञानद्वारा विचार गरिहेर्दा उसले ब्रह्मचर्यवास पूरा भइसकेको कुरा थाहा पाउँछ ।

१६० परिञ्ञा, पहाण, सच्छिकिरिया तथा भावना भन्ने चार प्रकारका ज्ञानहरूद्वारा चारसत्यलाई सोह्र प्रकारले अवबोध गरिसकेको हुनाले 'गर्नुपर्ने गरिसकें' भनी सूत्रमा भनिएको हो । कल्याणपृथग्जनसहित सप्तशैक्षहरूलाई सो ज्ञानावबोध गर्ने पुरुषहरू भनी भन्दछन् । क्षीणास्रवीलाई सो ज्ञानावबोध गरिसकेको पुरुष भनी भन्दछ । अनि उसले प्रत्यवेक्षाणा-ज्ञानद्वारा विचार गरिहेर्दा 'गर्नुपर्ने गरिसकें' भन्ने थाहापाउँछ । त्यसैले सूत्रमा 'गर्नुपर्ने' भनी भनिएको हो ।

१६१ चतुसत्यज्ञानलाई अवबोध गर्नको निमित्त फेरि मार्गहरूको भाविता गर्नु नपर्ने भइसकेको हुनाले अथवा अहिले भइरहेको पञ्चस्कन्धहरूको सन्ततिबाट अर्को पञ्चस्कन्धहरूको सन्तति नहुने भएको हुनाले अथवा बलिरहेको आगोमा पुन: दाउराहरू नथपिनाले बलिरहेको आगो स्वत: निरुद्ध हुनेझैं अथवा रुखको जरोलाई निर्मूलपारी उखेलिसकेपछि त्यसबाट पुन: रुख पलाएर नआउनेझैं–यस जीवन सन्ततिको अन्तिम विज्ञान *(चरिमविञ्ञाणं)* निरुद्ध भएपछि पुन: सन्तति नहुने भएको हुनाले सूत्रमा 'अब उप्रान्त अर्को जन्म लिनुपर्ने हेतु छैन' भनी उल्लेख भएको हो ।

Downloaded from http://www.dhamma.digital

हुन्छ । त्यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दर र उत्तम छ । महाराज ! यो सान्दृष्टिक श्रामण्यफलभन्दा उत्तरोतर वा प्रणीततर सान्दृष्टिक श्रामण्यफल अर्को छैन ।"

## ६. अजातशत्रुले उपासकत्त्व ग्रहण गरे

१०१. यस्तो भन्नुहुँदा भगवान्लाई मगधराजा वैदेहीपुत्र अजातशत्रुले यस्तो भने – "धन्य हो भन्ते ! धन्य हो भन्ते !! जस्तै कुनै पुरुषले घोप्टेकोलाई उत्तानो पारिदिंदा वा ढाकेकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो देखाइदिंदा अथवा अन्धकारमा तेलको दियो राखिदिंदा आँखा हुनेले रूप देख्दछ । त्यसै गरी भन्ते ! भगवान्ले मलाई अनेक प्रकारले धर्मको प्रकाश पारिदिनुभयो । भन्ते ! अब म भगवान्को शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् । भन्ते ! जो मैले आफ्नो मूर्खताको कारणले, मूढताको कारणले तथा अकुशलताको कारणले एउटा ठूलो अपराध गरें, जो कि मैले ऐश्वर्यको कारणमा धार्मिक धर्मराजा आफ्ना पिताको हत्या गरेको थिएँ । भगवान्ले क्षमा गर्नुहोस् । अबदेखि म त्यस्तो अपराध गर्ने छैन ।"

१०२. "महाराज ! अवश्य पनि जो तपाईंले आफ्नो मूर्खताको कारणले, मूढताको कारणले तथा अकुशलताको कारणले एउटा ठूलो अपराध गर्नुभयो, जो कि तपाईंले ऐश्वर्यको कारणमा धार्मिक धर्मराजा आफ्ना पिताको हत्या गर्नुभयो । महाराज ! जब कि तपाईं सो अपराधलाई 'अपराध हो' भनी जानेर धर्मानुकूल क्षमायाचना गर्नुहुन्छ, त्यो तपाईंको अपराधलाई हामी क्षमा गर्छौ । महाराज ! आर्यविनयमा यसलाई अभिवृद्धि नै भनिन्छ, जसले अपराधलाई 'अपराध हो' भनी जानेर धर्मानुकूल क्षमायाचना गर्छ र भविष्यमा त्यस्तो नगर्ने प्रतिज्ञा गर्छ ।"

१०३. यस्तो भन्नुहुँदा भगवान्लाई मगधराजा वैदेहीपुत्र अजातशत्रुले यस्तो भने– "भन्ते ! हवस्, त अब हामीहरू जानेछौ । हामीहरूको धेरै काम छ र धेरै गर्नुपर्ने छ ।"

"महाराज ! जस्तो समय तपाईं ठान्नुहुन्छ, त्यस्तो गर्नुहोस् ।"

अनि मगधराजा वैदेहीपुत्र अजातशत्रु भगवान्को भाषणलाई अभिनन्दन र अनुमोदन गरी आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी फर्के ।

१०४. अनि मगधराजा वैदेहीपुत्र अजातशत्रु गएको केही बेरमै भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षु हो ! यदि राजाले धार्मिक धर्मराजा आफ्ना पिताको हत्या नगरेको भए यसै आसनमा बस्दाबस्दै उनमा विरज वीतमल धर्मचक्षु उत्पन्न हुने थियो ।"

भगवान्ले यति भन्नुभयो । सन्तुष्ट भई भिक्षुहरूले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

**सामञ्ञफल-सुत्त समाप्त ।**

Downloaded from http://www.dhamma.digital

# ३. अम्बट्ठ–सुत्त

## (अम्बष्ठसूत्र)

## अम्बष्ठ माणवलाई बुद्धकहाँ पठाए

१. यस्तो मैले सुनें । एक दिन भगवान् पाँच सय भिक्षुहरूको समूहका साथ कोशलराज्यमा चारिका गर्दै इच्छानङ्गल भन्ने कोशल ब्राह्मणहरूको गाउँमा पुग्नुभई इच्छानङ्गलको इच्छानङ्गल वनखण्डमा बस्नुभएको थियो ।

२. त्यस बखत पोक्खरसाति *(पुष्करसाती, पौष्करसाति)* ब्राह्मण जनाकीर्ण त्रिण-काष्ठ-उदक-धान्यसम्पन्न, कोशल राजाबाट पाएको राजभोग राजप्रदत्त ब्रह्मप्रदत्त *(दिइसकेपछि हरण गर्न नपाउने)* सम्पत्ति भोग गरेर उक्कट्ठामा बसेका थिए । त्यसै समयमा पुष्करसाती ब्राह्मणले यस्तो सुने– "श्रमण गौतम शाक्यपुत्र शाक्यकुलबाट प्रव्रजित भई, कोशलराज्यमा चारिका गर्दै पाँच सय भिक्षु-समूहका साथ इच्छानङ्गलमा आईपुग्नुभई इच्छानङ्गल वनखण्डमा बस्नुभएको छ ।" भगवान् गौतमको कल्याणकीर्ति शब्द यस्तो फैलिएको छ – "उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्य सारथि, देवमनुष्यका शास्ता, बुद्ध, भगवान् हुनुहुन्छ । उहाँले यस लोकलाई देवसहित मारसहित, ब्रह्मासहित, श्रमण ब्राह्मणसहित, प्रजालाई, देवसहित मनुष्यलोकलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी धर्मको उपदेश दिनुहुन्छ । उहाँ आदिकल्याण, मध्यकल्याण तथा पर्यवशान *(अन्त्य)* कल्याण हुने धर्मोपदेश गर्नुहुन्छ । उहाँ अर्थयुक्त, व्यञ्जनयुक्त केवल *(सबैका सबै)* परिपूर्ण परिशुद्ध भएको ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ । त्यस्ता अरहत्को दर्शन गर्नु कल्याणकर हो ।"

३. त्यस बखत पुष्करसाती ब्राह्मणको अम्बष्ठ माणव भन्ने शिष्य थिए । उनी अध्यापक, मन्त्रधर, तीनै वेदमा पारङ्गत थिए र यस्तो मान्यतासमेत पाएका थिए – आफ्ना त्रैविद्य आचार्यहरूले – "जो म जान्दछु, त्यो तिमी जान्दछौ; जो तिमी जान्दछौ, सो म जान्दछु ।"

४. पुष्करसाती ब्राह्मणले अम्बष्ठ माणवलाई बोलाई–"हे तात अम्बष्ठ ! यहाँ श्रमण गौतम ··· इच्छानङ्गलको इच्छानङ्गल वनखण्डमा बस्नुभएको छ । उहाँ भगवान् गौतमको कीर्ति शब्द यस्तो फैलिएको छ–'उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध हुनुहुन्छ[१६२]··· । त्यस्ता अरहत्को दर्शन गर्नु कल्याणकर हो ।' तिमी आऊ र जहाँ श्रमण गौतम हुनुहुन्छ त्यहाँ जाओ । त्यहाँ गई, 'जस्तो श्रमण गौतमको कीर्ति शब्द फैलिएको छ, त्यस्तै हो कि होइन' राम्ररी बुझ ।"

५. "भो ! कसरी मैले भगवान् गौतम, 'त्यस्तै हुनुहुन्छ कि हुनुहुन्न' भनी बुझ्ने ?"

"हे तात अम्बष्ठ ! हाम्रो वेदमन्त्रमा बत्तीस महापुरुष लक्षणका कुराहरू आएकै छन्, जुन लक्षणहरूले युक्त हुने महापुरुषको दुईता मात्र गति हुन सक्छ । यदि घरमा बस्दछ भने धार्मिक चक्रवर्ती राजा हुन्छ, चतुर्दिक् विजेता भई जनपदहरूलाई स्थायित्त्वमा राख्दछ । सप्तरत्नद्वारा सम्पन्न हुन्छ । ती

---

१६२ पृष्ठ ३४ अनुच्छेद ८ मा बुद्धगुण हेर्नुहोला ।

Downloaded from http://www.dhamma.digital

सप्तरत्नहरू यिनै हुन् - (१) चक्ररत्न, (२) हस्तिरत्न, (३) अश्वरत्न, (४) मणिरत्न, (५) स्त्रीरत्न, (६) गृहपतिरत्न र (७) परिणायकरत्न । त्यस्तै, शूर वीर शत्रु विजेता एक हजारभन्दा बढी पुत्रहरू हुन्छन् । उसले यो पृथ्वीको सागरसम्म दण्ड तथा शस्त्ररहित धर्मपूर्वक विजय प्राप्त गर्छ । यदि ऊ घरबार छाडी प्रव्रजित भयो भने अरहत् सम्यक्सम्बुद्ध हुन्छ । राग-द्वेष-मोहबाट निर्लिप्त हुन्छ । हे तात ! म मन्त्रदाता हुँ, तिमी मन्त्र-ग्राहक हौ ।"

## २. अम्बष्ठ माणव बुद्धकहाँ गए

६. "हवस्' भनी अम्बष्ठ माणव पुष्करसाती ब्राह्मणलाई प्रत्युत्तर दिई आसनबाट उठी पुष्करसाती ब्राह्मणलाई ढोगी, प्रदक्षिणा गरी घोडाहरूको रथमा बसी, धेरै माणवहरूका साथ जहाँ इच्छानङ्गल वनखण्ड थियो, त्यहाँ गए । जहाँसम्म रथबाट जान सक्थे त्यहाँसम्म रथद्वारा र बाँकी बाटो पैदलद्वारा आराम *(उद्यान)* मा पुगे । त्यस बखत धेरै भिक्षुहरू बाहिर खुला ठाउँमा चङ्क्रमण गरिरहेका थिए । अम्बष्ठ माणवले जहाँ ती भिक्षुहरू थिए, त्यहाँ गई सोधे – "अहिले भगवान् गौतम कहाँ बस्नुभएको छ ? हामी भगवान् गौतमको दर्शन गर्न यहाँ आएका हौं ।"

७. अनि भिक्षुहरूका मनमा यस्तो लाग्यो कि – "यो अम्बष्ठ माणव नामीकुलका तथा नामीकुलिन पुष्करसाती ब्राह्मणका शिष्य हुन् । यस्तासँग भगवान्को कुराकानी हुँदा कुनै बोझ हुने छैन ।" अतः ती भिक्षुहरूले अम्बष्ठ माणवलाई यस्तो भने–"हे माणव ! ऊ त्यो दैलो थुनिएको विहारमा *(घरमा)* जाऊ, निःशब्दसँग त्यहाँ आँगनमा गई, सुस्तरी खोकी, आग्लो लगाएको ढोका ढकढकाओ । अनि भगवान्ले दैलो उघार्नु हुनेछ ।"

८. अनि अम्बष्ठ माणवले जहाँ बन्द गरिएको घर थियो त्यस आगनमा निःशब्द गई, सुस्तरी खोक्दै आग्लो लगाएको ढोका ढकढकाए । भगवान्ले दैलो उघारिदिनुभयो । अम्बष्ठ माणव भित्र पसे । अन्य माणवहरू पनि भित्र पसी भगवान्सँग सम्मोदन गरी एक छेउमा बसे । अम्बष्ठ माणवले बसिरहनुभएका भगवान्सँग चङ्क्रमण गर्दागर्दै *(टहल्दै)* केही कुशलवार्ता गरे, उभिएर पनि केही कुशलवार्ता गरे ।

९. अनि भगवान्ले अम्बष्ठ माणवसँग सोध्नुभयो–"हे अम्बष्ठ ! तिमी यसै गरी वयोवृद्ध, बूढापाका तथा आचार्य प्राचार्यहरूसँग कुराकानी गर्दछौ, जस्तो कि तिमी अहिले मसँग गर्दैछौ ?"

## ३. शाक्य खलकमाथि नीचताको आरोप

१०. "भो गौतम ! होइन । हिंडिरहेका ब्राह्मणहरूसँग हिंडेर नै, बसिरहेका ब्राह्मणहरूसँग बसेर नै, उभिइरहेका ब्राह्मणहरूसँग उभिएर नै, पल्टिरहेका ब्राह्मणहरूसँग पल्टेर नै ब्राह्मणहरू कुरा गर्न उचित ठान्दछन् । तर जो ती नीच *(इभ्य)*, कृष्ण[१६३], ब्राह्मणको पैतलाबाट उत्पन्न भएका मुण्डक, श्रमणक हुन्, उनीसँग मात्र मेरो यस्तो कुरा हुन्छ, जस्तो अहिले तपाईं गौतमसँग भईरहेको छ ।"

---

१६३ ब्राह्मणहरू, ब्राह्मणवर्ग सेतो, अरू वर्ण कालो *(कृष्ण)* भनी ठान्दछन् त्यसैले कृष्णवर्णका भनी भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

"हे अम्बष्ठ ! कुनै कामले तिमी यहाँ आएका छौ । जुन कामले यहाँ आएका छौ, सोही काममा ध्यान दिनु योग्य हुनेछ ।"

"हे माणवहरू ! हेर, यो अम्बष्ठ माणवले गुरुको आश्रयमा बसेको छु भन्दै गुरुको आश्रयमा बस्न नसकेकाले झैं अभिमान गर्छ । गुरुको आश्रयमा नबस्नेको त कुरै के !"

११. भगवान्ले गुरुको आश्रयमा नबसेका *(अशिक्षित)* भन्ने शब्दले कुरा गर्नुभएको सुनेर अम्बष्ठ माणव असन्तुष्ट भई भगवान्लाई आक्षेप गर्दै, भगवान्लाई नै होच्याउँदै, भगवान्लाई नै निन्दा गर्दै – "श्रमण गौतम नै अशिक्षित हुनुहुँदो होला" भन्दै भगवान्लाई यस्तो भने – "भो गौतम ! शाक्यखलक चण्डाल छन्, क्रोधी छन्, अलिकतिले पनि चाँडै रिसाउँछन्, खुशी पनि हुन्छन् । बहुभाषी छन् शाक्यखलक, इभ्य *(नीच)* छन्, शाक्यखलक, नीचसमान भईकन पनि शाक्यखलकले न ब्राह्मणहरूको सत्कार गर्छन्, न गौरव, न मान, न पूजा गर्छन् । शाक्यखलक ब्राह्मणहरूलाई शिष्टाचार व्यवहारसम्म पनि गर्दैनन् । यो कुरा कतै लुकेको छैन ! जो शाक्यहरू नीच भईकन पनि नीच कुलसमानका भइकन पनि ब्राह्मणहरूको सत्कार, गौरव, मान र पूजा गर्दैनन्, शिष्टाचार व्यवहारसम्म पनि गर्दैनन्–यो कुरा सुहाउँदैन !" यसरी अम्बष्ठ माणवले सर्वप्रथम शाक्यखलकमाथि इभ्य *(नीच)* वादको आरोप लगाए ।

"हे अम्बष्ठ ! शाक्यखलकले तिमीमाथि के अपराध गरे ?"

१२. "भो गौतम ! एक दिन म आफ्नो आचार्य पुष्करसाती ब्राह्मणको कुनै कामले कपिलवस्तु नगरमा गएको थिएँ । त्यस बखत म शाक्यहरूको संस्थागार *(पार्लियामेन्ट भवन, राज्य चलाउने भवन)* मा पुगेको थिएँ । त्यस बखत त्यहाँ धेरै शाक्यहरू, धेरै शाक्यराजकुमारहरू संस्थागारमा, अग्ला अग्ला आसनमा बसी परस्पर औंलाले काउकुती लगाई इतरिदै हँस्सीखेल गरिरहेका थिए, मानूँ मलाई नै खिसी गरिरहेझैं । कसैले पनि मलाई बस्न आसन दिएनन् । यो कुरा कतै लुकेको छैन । जो ती शाक्यखलक नीच छन्, नीचसमान भएर पनि ब्राह्मणहरूको सत्कार, गौरव आदि गर्दैनन्, शिष्टाचार व्यवहारसम्म पनि गर्दैनन्, यो कुरा सुहाउँदैन ।" अम्बष्ठ माणवले यो दोस्रो पटक शाक्यखलकमाथि इभ्य *(नीच)* वादको आरोप लगाए ।

१३. "हे अम्बष्ठ ! भँगेरो चरा पनि आफ्नो गुँडमा स्वच्छन्द आलाप गर्छ । कपिलवस्तु, शाक्यहरूको आफ्नो घर हो । यति थोरै कुरामा पनि डाहा र रिस पोख्नु उचित छैन ।"

"भो गौतम ! यो चार वर्ण *(लोकमा)* छन् – क्षत्री, ब्राह्मण, वैश्य र शूद्र । यी चारवर्णमा – क्षत्री, वैश्य, शूद्र – यी तीनवर्ण ब्राह्मणहरूकै सेवक हुन् । यो कुरो कतै लुकेको छैन । जो ती शाक्यखलक नीच छन्, नीचसमान भएर पनि ब्राह्मणहरूको सत्कार गौरवादि गर्दैनन्, शिष्टाचार व्यवहारसम्म पनि गर्दैनन् – यो कुरो सुहाउँदैन ।" यो तेस्रो पटक अम्बष्ठ माणवले शाक्यखलकमाथि इभ्य *(नीच)* वादको आरोप लगाए ।

## ४. शाक्य जातिको उत्पत्ति

१४. अम्बष्ठ माणवको कुरा सुनी भगवान्को मनमा यस्तो लाग्यो – कति मूर्ख हो यो अम्बष्ठ माणव ! निकै शाक्यखलकलाई नीच *(इभ्य)* भनी आक्षेप र निन्दा गरिरहेछ । किन यसको गोत्र न सोध्ने ?" अनि भगवान्ले अम्बष्ठ माणवसँग सोध्नुभयो – "हे अम्बष्ठ ! तिम्रो के गोत्र हो ?"

Downloaded from http://www.dhamma.digital

"भो गौतम ! कृष्णायण गोत्र हो ।"

"हे अम्बष्ठ ! यदि तिम्रा पुराना आमा-बाबुको नाउँ र गोत्रको अनुस्मरण गर्ने हो भने, शाक्यहरू तिम्रै मालिक हुन्छन् । तिमी शाक्यपुत्रहरूका दासीपुत्र हुन्छौ । शाक्य राजाहरू ओक्काक राजालाई पितामह मान्दछन् ।

"हे अम्बष्ठ ! पूर्वकालमा राजा ओक्काकले आफ्नी प्रिय रानीको छोरालाई राज्य दिनका लागि ओक्कामुख *(उल्कामुख)*, करकण्डु, हत्थिनिक *(हस्तीनिक)*, सिनिपुर नामक जेठा छोराहरूलाई राष्ट्रबाट निष्कासित गरे । उनीहरू राष्ट्रबाट निष्कासित भएपछि हिमालप्रदेशतिर गई एउटा पोखरीको किनारको महाशाकवनखण्डमा बसोबास गरे । जाति बिग्रला भनी उनीहरूले आफ्नै बहिनीहरूसँग बसेका छन् । एक दिन राजा ओक्काकले अमात्य *(मन्त्री)* र राजदरबारका मानिसलाई बोलाई सोधे–"आजकाल राजकुमारहरू कहाँ बस्छन् ?"

उनीहरूले बिन्तीगरे – "राजकुमारहरू आजकाल हिमालयतिर एउटा पोखरीको किनारमा महाशाक भन्ने वनखण्डमा बसेका छन् । जाति बिग्रला भनी आफ्नै बहिनीहरूसँग बसेका छन् ।"

अनि ओक्काक राजा खुशी भई – हे राजकुमार ! शक्या *(सक्छ)*, हे राजकुमार ! एकदम शक्या !" भन्ने कुरा राजाको मुखबाट उदान निस्क्यो । त्यहाँदेखि शाक्य जातिको प्रादुर्भाव भयो । उनीहरू नै शाक्यका पूर्वज पुरुष थिए ।

## कृष्णायण गोत्रोत्पत्ति

"हे अम्बष्ठ ! ओक्काक राजाका दिशा भन्ने दासी थिई । उसले कृष्ण भन्ने बालक जन्माई । जन्मनासाथ कृष्णले आफ्नी आमालाई यस्तो भन्यो – "मलाई धोइ देउ, मलाई नुहाइ देउ; यो अपवित्र असूचिबाट मलाई मुक्त पारिदेउ; शुद्ध पारिदेउ; म तिम्रो हितैषी हुनेछु ।"

"हे अम्बष्ठ ! जसरी आजकाल मानिसहरू पिशाचलाई 'पिशाच' भन्दछन्, त्यसै त्यस समयमा 'पिशाच' लाई 'कृष्ण' भन्दथे । 'जन्मनेबित्तिकै यसले कुरा गर्‍यो, 'कृष्ण' जन्म्यो, 'पिशाच' जन्म्यो' भनी मानिसहरूले भने । *(जन्मनेबित्तिकै कुरा गरेको हुँदा भूतप्रेत प्रवेश गरे होलान् भन्ने भावनाले त्यस्तो भनेको हो ।)* कृष्णायणको सुरुआत यहींबाट भएको देखिन्छ । सोही, कृष्णायणको आदिपुरुष थियो । यसरी यदि तिम्रा पुराना आमा-बाबुको नाउँ र गोत्रको अनुस्मरण गर्ने हो भने शाक्यपुत्रहरू तिम्रै स्वामी हुन्छन्, दासीपुत्र तिमी हुन आउँछौ ।"

१५. यो कुरा सुनी ती माणवहरूले भगवान्‌सित यस्तो निवेदन गरे – "तपाईं गौतमले अम्बष्ठ माणवलाई दासीपुत्र भनी नभन्नुहोस् ! अम्बष्ठ माणव असल कुलका हुन्, असल कुलपुत्र हुन्, बहुश्रुत हुन्, कल्याणभाषी तथा पण्डित पनि हुन् । तपाईंसँग यस विषयमा तर्क पनि गर्न सक्छन् ।"

१६. अनि ती माणवहरूलाई भगवान्‌ले भन्नुभयो– "हे माणवहरू ! यदि तिमीहरू, अम्बष्ठ माणवलाई, खराब कुलको, अकुलपुत्र, अल्पश्रुत, अकल्याणभाषी, अपण्डित तथा बुद्धसँग यस विषयमा तर्क र छलफल गर्न सक्दैनन् भन्ने ठान्दछौ भने अम्बष्ठ माणव चुपलागेर बसून्, तिमीहरू यस विषयमा मसँग कुरा गर; होइन, अम्बष्ठ माणव असल कुलका हुन्, कुलपुत्र हुन्, बहुश्रुत, कल्याणभाषी, पण्डित हुन् तथा बुद्धसँग यस विषयमा तर्क र छलफल गर्न सक्छन् भन्ने ठान्दछौ भने तिमीहरू चुप लागेर बस, अम्बष्ठ माणव मसँग तर्क र छलफल गरून् ।"

Downloaded from http://www.dhamma.digital

"भो गौतम ! अम्बष्ठ माणव असल कुलका हुन् ··· तपाईंसँग यस विषयमा तर्क र छलफल गर्न सक्छन्; अत: हामी चुप लागेर बस्नेछौं । अम्बष्ठ माणव यस विषयमा तपाईंसँग छलफल गर्नेछन् ।"

यसपछि भगवान्ले अम्बष्ठ माणवलाई सम्झाइ यसो भन्नुभयो- "हे अम्बष्ठ ! अब यहाँ धर्मानुकूल *(न्यायानुकूल)* प्रश्न आउनेछ । मन नलागे तापनि जवाफ दिनु पर्नेछ । यदि तिमीले प्रत्युत्तर दिएनौ वा यताउताका कुरा गर्‍यौ, चुप लाएर बस्यौ अथवा फर्केर गयौ भने, यहीं नै तिम्रो शिर सात टुक्रा हुनेछ । हे अम्बष्ठ ! तिमीले वयोवृद्ध, बूढापाका, ब्राह्मणहरूका आचार्य प्राचार्यहरूबाट कृष्णायणको सुरुआतबारे र कृष्णायण वंशका आदिपुरुषबारे के भनेको सुनेका छौ त ? यसमा तिमी के भन्दछौ त ?"

यसरी सोध्नुहुँदा, अम्बष्ठ माणव चुप लागेर बसे । दोस्रो पटक पनि भगवान्ले सोध्नुभयो । दोस्रो पटक पनि अम्बष्ठ माणव चुप नै लागेर बसे । अनि भगवान्ले उनलाई सम्झाउँदै भन्नुभयो– "हे अम्बष्ठ ! जवाफ देऊ, तिम्रा लागि यो चुप लागेर बस्ने बेला होइन । भगवान्ले तीन पटकसम्म धर्मपूर्वक सोध्दा पनि जसले जवाफ दिन्न, त्यसको शिर यहीं नै सात टुक्रा हुनेछ ।"

१८. त्यसै बखत वज्रपाणी *(वजिरपाणी)* यक्ष प्रज्वलित फलामको एउटा डल्लो लिई अम्बष्ठ माणवको माथितिर आकाशमा मडारिरहेका थिए – "यदि अम्बष्ठ माणवले भगवान्ले तीन पटकसम्म धर्मपूर्वक सोद्धा पनि जवाफ दिएनन् भने यहीं नै उसको शिर सात टुक्रा पारिदिनेछु" भने । वज्रपाणी यक्ष आकाशमा मडारिहेको भगवान् र अम्बष्ठ माणवले मात्र देख्दथे ।

१९. अनि अम्बष्ठ माणव डराई, हरेस खाई *(संविग्गो)* जिरिङ्ग भई भगवान्कै त्राण खोज्दै, भगवान्कै आस्था खोज्दै तथा भगवान्कै शरण खोज्दै – अगाडि सरेर होचो आसनमा बसी– "भो भगवान् ! के सोध्नुहुन्छ, फेरि एकपटक भन्नुभए बेस हुनेछ ! " भनी अनुरोध गरे । अनि भगवान्ले पुन: भन्नुभयो :–

"हे अम्बष्ठ ! तिमीले वयोदृद्ध, बूढापाका, ब्राह्मणहरूका आचार्य प्राचार्यहरूबाट कृष्णायणको सुरुआतबारे र कृष्णायण वंशका आदिपुरुषबारे के भनेको सुनेछौ त ? यसमा तिमी के भन्दछौ त ?"

"भो गौतम ! त्यस्तै मैले सुनेको छु, जस्तो तपाईं गौतम भन्नुहुन्छ । त्यहींबाट कृष्णायणको प्रारम्भ भयो, सोही नै कृष्णायणका आदिपुरुष हुन् ।"

## ५. कृष्णायण ऋषि

२०. अम्बष्ठ माणवको यो कुरा सुनी ती माणवहरूले उन्नाद गरे, उच्च स्वर, महा स्वर गरे– "कुजात रहेछ अम्बष्ठ माणव ! नीचकुलीन स्वामी रहेछ ···, शाक्यहरूको दासीपुत्र रहेछ ···, शाक्यहरू अम्बष्ठ माणवका स्वामी रहेछन् ! अहो ! यस्ता धर्मवादी श्रमण गौतमलाई हामीले अप्रसन्न गराउन खोजेका रहेछौं !"

२१. उनीहरूको कुरा सुनी भगवान्को मनमा यस्तो लाग्यो – "यिनीहरूले अम्बष्ठ माणवलाई अति मूर्खतापूर्वक दासीपुत्र भनी निन्दा गरिहेका छन् । यसबाट अम्बष्ठ माणवलाई किन मुक्त नगर्ने ?" अनि भगवान्ले ती माणवहरूलाई **यसो** भन्नुभयो – "हे माणव ! तिमीहरू अम्बष्ठ माणवलाई मूर्खतापूर्वक धेरै दासीपुत्र–वादले उपहास नगर । ती कृष्ण अति उदार ऋषि थिए । ती कृष्ण ऋषि दक्षिण जनपदमा गई ब्रह्ममन्त्र अध्ययन गरी *(साधना गरी)* ओक्काक राजाकहाँ गई उनकी मर्दरूपी *(मद्दरूपि)*

Downloaded from http://www.dhamma.digital

छोरी मागे । अनि राजा ओक्काक अति रिसाई – 'को हो यो, दासीपुत्रसमान भई, मेरी छोरी मद्दरूपी माग्ने ?' भनी धनुषमा वाण चढाए । धनुषमा चढाएको वाण राजाले न छोड्न सके, न झिक्न सके ।

"अनि त्यहाँका माणवहरू, अमात्यहरू, राजदरबारका मानिसहरू ती कृष्ण ऋषिकहाँ गई 'हे गुरु ! राजाको मङ्गल *(स्वस्ति)* गराइ दिनुहोस् ! स्वस्ति गराइ दिनुहोस् !' भनी याचना गरे ।

'राजाको स्वस्ति हुन सक्छ, तर राजाले वाण पृथ्वीमा छाडिदिए भने राजाको राज्यभरिको पृथ्वी टुक्राटुक्रा हुनेछ ।'

'हे गुरु ! राजाको पनि, राज्यको पनि स्वस्ति होस् ! '

'राजाको पनि, राज्यको पनि स्वस्ति हुनेछ ! तर राजाले आकाशतिर वाण छाडे भने, सात वर्षसम्म राज्यमा पानी पर्नेछैन ।'

'हे गुरु ! राजाको पनि, राज्यको पनि स्वस्ति होस् ! पानी पनि परोस् ! '

"राजाको पनि, राज्यको पनि स्वस्ति हुनेछ, पानी पनि पर्नेछ । त्यस्तो भए राजाले आफ्ना जेठो छोरामाथि धनुष वाण राखिदिऊन् । राजकुमारलाई कुनै भय हुनेछैन ।"

"यति कुरा सुनी माणवहरू, अमात्यहरू सबै ओक्काक राजाकहाँ गई– 'आफ्नो जेठो छोरामाथि वाण राखि दिनुहोस्' भनी निवेदन गरे । राजाले पनि त्यसै गरे । राजकुमारलाई केही भएन । अनि राजा भयभीत भई, त्रसित भई, जिरिङ्ग भई, मद्दरूपी कन्या दिए । त्यसैले तिमीहरू, अम्बष्ठ माणवहरूलाई धेरै हेला गरी दासीपुत्र भन्ने कुरा नगर ! सो ऋषि उदार थिए ।"

## ६. जातिमध्ये क्षेत्री श्रेष्ठ

२२. यसपछि भगवान्ले अम्बष्ठ माणवलाई आमन्त्रित गरी निम्न प्रश्नहरू सोध्नुभयो – "हे अम्बष्ठ ! यहाँ के भन्छौ ? क्षेत्रीकुमार र ब्राह्मणकन्याको संवासद्वारा जन्मेको पुत्रले, ब्राह्मणका बीचमा आसन र पानी पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम, सक्छ ।"

"उसलाई ब्राह्मणहरूले श्रद्धा–भोजमा, मङ्गल-भोजमा, यज्ञमा अथवा स्वागत-भोजमा साथमा राखी खुवाउँछन् कि खुवाउँदैनन् त ?"

"भो गौतम ! खुवाउँछन् ।"

"उसलाई वेद-मन्त्र पढाउँछन् कि पढाउँदैनन् त ?"

"भो गौतम ! पढाउँछन् ।

"उसले ब्राह्मण-कन्या पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! सक्छ ।"

"उसलाई क्षेत्रीहरूले क्षेत्रिय अभिषेक दिन्छन् कि दिँदैनन् त ?"

"भो गौतम ! दिँदैनन् ।"

Downloaded from http://www.dhamma.digital

"किन नि ?"

"भो गौतम, आमाबाट अपरिशुद्ध भएकोले आमा क्षेत्रिनी न भएकीले ।"

"हे अम्बष्ठ ! यहाँ के भन्छौ ? ब्राह्मणकुमार र क्षेत्रीकन्याको संवासद्वारा जन्मेको पुत्रले ब्राह्मणका बीचमा आसन र पानी पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम, सक्छ ।"

"उसलाई ब्राह्मणहरूले श्रद्धा-भोजमा, ··· अथवा स्वागत-भोजमा साथमा राखी खुवाउँछन् कि खुवाउँदैनन् त ?"

"भो गौतम ! ख्वाउँछन् ।"

"उसलाई वेद-मन्त्र पढाउँछन् कि पढाउँदैनन् त ?"

"भो गौतम ! पढाउँछन् ।"

"उसले ब्राह्मण-कन्या पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! सक्छ ।"

"उसलाई क्षत्रीहरूले क्षत्रीय अभिषेक दिन्छन् कि दिंदैनन् त ?"

"भो गौतम ! दिंदैनन् ।"

"किन नि ?"

"बाबुबाट अपरिशुद्ध भएकोले । बाबु क्षेत्री न भएकोले ।"

२३. "हे अम्बष्ठ ! यसरी, स्त्रीबाट पनि, पुरुषबाट पनि क्षेत्री नै श्रेष्ठ रहेछ, ब्राह्मण हीन रहेछ ।"

"हे अम्बष्ठ ! यहाँ के भन्छौ ? कुनै ब्राह्मणलाई ब्राह्मणहरूले कुनै पाप *(अकर्तव्य)* को कारणले टाउको मुडी, टाउकोमा खरानी दली, कोर्राले हानि, देशबाट वा नगरबाट निकालिदिएमा, त्यसले ब्राह्मणहरूका बीच आसन वा पानी पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! सक्दैन ।"

"उसलाई ब्राह्मणहरूले श्रद्धा-भोज, ··· अथवा स्वागत-भोजमा साथमा राखी खुवाउछन् कि खुवाउँदैनन् त ?"

"भो गौतम ! खुवाउँदैन् ।"

"उसलाई वेद-मन्त्र पढाउँछन् कि पढाउँदैनन् त ?"

"भो गौतम ! पढाउँदैनन् ।

"उसले ब्राह्मण-कन्या पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! सक्दैन ।"

४. "हे अम्बष्ठ ? यहाँ के भन्छौ । कुनै क्षेत्रीलाई क्षेत्रीहरूले कुनै पाप *(अकर्तव्य)* को कारणले टाउको मुडी, ··· नगरबाट निकालिदिएमा, त्यसले ब्राह्मणहरूका बीच आसन वा पानी पाउन सक्छ कि सक्दैन त ?"

Downloaded from http://www.dhamma.digital

"भो गौतम ! सक्छ ।"

"उसलाई ब्राह्मणहरूले श्रद्धा–भोजमा, ··· अथवा स्वागत-भोजमा साथमा राखी खुवाउँछन् कि खुवाउँदैनन् त ?"

"भो गौतम ! खुवाउँछन् ।"

"उसलाई वेद-मन्त्र पढाउँछन् कि पढाउँदैनन् त ?"

"भो गौतम ! पढाउँछन् ।

"उसले ब्राह्मण-कन्या पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! सक्छ ।"

२४. "हे अम्बष्ठ ! जब कुनै क्षेत्रीलाई क्षेत्रीहरूले कुनै पाप *(अकर्तव्य)* को कारणले टाउको मुडी, ··· नगरबाट निकालिदिन्छ, तब यत्तिकैले त्यो क्षेत्री, परमहीनतामा र परमनीचतामा पुग्छ । यस्तो परमहीनतामा र परमनीचतामा पुग्दा पनि क्षेत्री नै श्रेष्ठ रहेछ, ब्राह्मण हीन नै रहेछ ! ब्रह्मा सनत्कुमारले पनि यस्तो भनेका छन् [१६४] –

**"खत्तियो सेट्ठो जनेतस्मिं ये गोत्तपटिसारिनो ।**
**विज्जाचरणसम्पन्नो सो सेट्ठो देवमानुसे' ति "**

**अर्थ :–**

"गोत्रसम्बन्धी कुरा गर्ने मानिसहरूमा क्षेत्री श्रेष्ठ छ । विद्याचरणले जो सम्पन्न हुन्छ, सोही देव-मनुष्यमा श्रेष्ठ छ ।"

"हे अम्बष्ठ ! सनत्कुमार ब्रह्माले यो गीत *(गाथा)* राम्ररी नै गाएका छन्, नराम्रो गाएका छैनन् । सुभाषित नै छ, दुर्भाषित छैन । अर्थयुक्त नै छ, अनर्थयुक्त छैन । यसलाई म अनुमोदन गर्छु । म पनि यस्तै भन्दछु :–

**"खत्तियो सेट्ठो जनेतस्मिं ये गोत्तपटिसारिनो ।**
**विज्जाचरणसम्पन्नो सो सेट्ठो देवमानुसे' ति "**

**प्रथम भाणवार समाप्त ।**

---

१६४ हेर्नुहोस् संयुत्तनिकाय, नेपाल भाषा पृ. १७३ अनुच्छेद १५ ।

Downloaded from http://www.dhamma.digital

# ७. विद्या र चरण

"भो गौतम ! कुनचाहिं त्यो चरण हो, कुनचाहिं त्यो विद्या हो त ?"

२५. "हे अम्बष्ठ ! अनुत्तर *(अनुपम)* विद्याचरण सम्पदालाई न जातिवाद भन्छन्, न गोत्रवाद भन्छन्, न मानवाद नै भन्छन्; न त्यहाँ 'तिमी मलाई योग्य छौ, मलाई तिमी योग्य छैनौ' भन्ने नै हुन्छ। जहाँ आवाह *(कन्या ल्याउने)* हुन्छ, जहाँ विवाह *(कन्या दिने)* हुन्छ, जहाँ आवाह विवाह हुन्छ, त्यसैलाई जातिवाद, गोत्रवाद तथा मानवाद पनि भनिन्छ;, त्यहाँ 'तिमी मलाई योग्य छौ, मलाई तिमी योग्य छैनौ' भन्ने पनि हुन्छ । जो जातिवादमा बाँधिएको हुन्छ, जो गोत्रवादमा बाँधिएको हुन्छ, जो मानवादमा बाँधिएको हुन्छ, जो आवाह-विवाहमा बाँधिएको हुन्छ, ऊ अनुत्तर विद्याचरण सम्पदाबाट टाढा हुन्छ । जातिवाद-बन्धन, गोत्रवाद-बन्धन, मानवाद-बन्धन; आवाह-विवाहवाद-बन्धनलाई त्यागेर मात्र अनुत्तर विद्या-चरण-सम्पदा साक्षात्कार गर्न सकिन्छ ।"

"भो गौतम ! कुनचाहिं त्यो चरण हो, कुनचाहिं त्यो विद्या हो त ?"

२६. "हे अम्बष्ठ ! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्य सारथि, देवमनुष्यका शास्ता, बुद्ध भगवान् यस लोकमा उत्पन्न हुन्छन् । उहाँले देव-मारसहित ब्रह्मलोकलाई, श्रमण ब्राह्मणसहित प्रजालाई, देवमनुष्यसहित लोकलाई–स्वयं अभिज्ञाद्वारा साक्षात्कार गर्नुभएको धर्मोपदेश गर्नुहुन्छ । उहाँले आदिकल्याण, मध्यकल्याण तथा पर्यवसान कल्याण हुने धर्मोपदेश गर्नुहुन्छ । उहाँले अर्थयुक्त र व्यञ्जनयुक्त सबै परिपूर्ण भएको परिशुद्ध भएको ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ ।

"अनि त्यो धर्म गृहपति वा गृहपतिपुत्रले अथवा अरू कुनै कुलमा जन्मेकाले सुन्दछ । धर्म सुनेर उसको मनमा तथागतप्रति श्रद्धा उत्पन्न हुन्छ । श्रद्धा उत्पन्न भएपछि उसले यस्तो विचार गर्छ– 'घरमा बस्नु बाधापूर्ण छ । रागरूपी मल उत्पन्न हुन्छ । प्रव्रजित हुनु खुला आकाशजस्तै हो । घरमा बसेर परिपूर्ण रूपले परिशुद्ध रूपले शङ्खजस्तै सफा गरी ब्रह्मचर्य *(श्रेष्ठचर्या)* पालन गर्न सजिलो छैन । अत: किन म केश दाह्री क्षौर गरी घरबाट निस्की अनगारिक भई काषायवस्त्र धारण गरी प्रव्रजित नहोऊँ ! पछि सो पुरुष थोरै वा धेरै भोगसम्पत्तिलाई छाडी थोरै वा धेरै जाति परिवारहरूलाई त्यागी केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार त्यागी अनगारिक भई प्रव्रजित हुन्छ । *(जसरी सामाञ्ञफल-सुत्त पृ. ५०-५८ मा शील सम्बन्धी कुरा छ, यहाँ पनि विस्तार गर्नुपर्छ - सं.)*

"हे अम्बष्ठ ! कसरी भिक्षु स्मृति सम्प्रजन्यताद्वारा सम्पन्न भएको हुन्छ ?

"हे अम्बष्ठ ! यहाँ भिक्षु जाँदा वा आउँदा सचेत भई होस राखेर हिंडछ । अगाडि वा पछाडि यताउता हेर्दासमेत सचेत भई होस राखेर हेर्छ । हातखुट्टा खुम्च्याउँदा वा पसार्दा सचेत भई होस राखेर चलाउँछ । सङ्घाटि र पात्र-चीवर धारण गर्दा सचेत भई होस राखेर लगाउँछ । खाँदा वा पिउँदा अथवा चाटेर खाँदा सचेत भई होस राखेर खान्छ । दिसा पिसाप गर्दा सचेत भई होस राखेर दिसा पिसाप गर्छ । हिंड्दा, उठ्दा, बस्दा, सुत्दा, बिउँझदा, कुरा गर्दा र चूप लागेर बस्दा सचेत भई होस राखेर *(सम्पजानकारी)* भई बस्छ । हे अम्बष्ठ ! यसरी भिक्षु स्मृतिसम्प्रजन्यताद्वारा सम्पन्न भएको हुन्छ । ... *(जसरी सामञ्ञफल– सुत्तमा छ, त्यसरी यहाँ पनि विस्तार गर्नुपर्छ– सं.)*

Downloaded from http://www.dhamma.digital

"अनि ऊ कामवासनाबाट अलग भई अकुशलबाट अलग भई वितर्क विचारयुक्त भएको विवेकज: *(ध्यानज:)* प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ। ··· *(पूर्ववत्)* ··· यो पनि चरण हो।"

"हे अम्बष्ठ ! फेरि भिक्षु वितर्क विचारलाई उपशान्त गरी ··· द्वितीयध्यान प्राप्त गरी बस्छ। ··· *(पूर्ववत्)* ··· यो पनि चरण हो।"

"हे अम्बष्ठ ! फेरि भिक्षु प्रीतिलाई पनि त्यागी उपेक्षित भई स्मृति सम्प्रजन्य भई शरीरद्वारा सुखानुभव गरी बस्छ, जसलाई आर्यहरू 'उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्दछन्, । त्यस प्रकारको तृतीयध्यान प्राप्त गरी बस्छ। ··· *(पूर्ववत्)* ··· यो पनि चरण हो।"

"हे अम्बष्ठ ! फेरि भिक्षु सुखलाई पनि त्यागी, दु:खलाई पनि त्यागी पहिले नै सौमनस्य *(मानसिक सुख)* दौर्मनस्य *(मानसिक दु:ख)* अन्त गरी सुख-दु:ख नभएको स्मृति र उपेक्षा परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी बस्छ। ··· *(पूर्ववत्)* ··· यो पनि चरण हो। हे अम्बष्ठ ! यही नै चरण हो।"

"यसरी समाहित चित्त भएपछि, परिशुद्ध स्वच्छ निर्मल क्लेशरहित भएपछि, मृदु तथा कर्मण्य भएपछि तथा निश्चलतामा पुगेपछि उसले ज्ञानदर्शन गर्न चित्त अघि बढाउँछ र चित्त झुकाउँछ। अनि उसले यसरी जान्दछ– 'यो मेरो शारीरिक रूप चातुर्महाभौतिक हो, आमा-बाबुको कारणले भएको हो, भात दालद्वारा संवर्धित बालककालमा छेदन परिमार्जन भेदन विध्वंसन भएको तथा अनित्य स्वभावको हो। यो मेरो विज्ञान *(चेतना)* यसैमा सम्बन्धित छ, यसैमा प्रतिबद्ध छ।' यो विद्या हो।" ··· *(पूर्ववत्)* ··· १६५

"यसरी समाहित चित्त भएपछि, परिशुद्ध स्वच्छ निर्मल र क्लेशरहित भएपछि मृदु तथा कर्मण्य भएपछि निश्चलतामा पुगेपछि उसले आस्रवहरूको क्षय हुने ज्ञानको निमित्त चित्त अघि बढाउँछ, चित्त झुकाउँछ। अनि उसले 'यो दु:ख हो' भनी यथार्थत: बोध गर्छ, 'यो दु:ख समुदय हो' ··· । 'यो दु:ख निरोध हो' ··· । 'यो दु:ख निरोध हुने मार्ग हो' भनी यथार्थत: बोध गर्छ। 'यी आस्रवहरू हुन्' ··· । 'यो आस्रव समुदय हो' ··· । 'यो आस्रव निरोध हो' ··· । 'यो आस्रव निरोध हुने मार्ग हो' भनी यथार्थत: बोध गर्छ। यसरी देखेपछि, यसरी अवबोध भएपछि उसको चित्त कामास्रव र भवास्रव र अविद्यास्रवबाट पनि विमुक्त हुन्छ। विमुक्त भएपछि 'विमुक्त भएँ' भन्ने ज्ञान पनि हुन्छ। 'जाति *(जन्म)* क्षीण भयो, ब्रह्मचर्यबास पूरा भयो, गर्नुपर्ने गरिसकें अब उप्रान्त यहाँ आउनुपर्ने हेतु छैन' भन्ने ज्ञान पनि हुन्छ। यो पनि विद्या हो। यही नै त्यो विद्या हो।"

## विद्याचरण सम्पदाका चारवटा परिहानिहरू

"हे अम्बष्ठ ! यस्तै भिक्षुलाई विद्या सम्पन्न भएको भिक्षु भन्छन् र यसैलाई चरणसम्पन्न पनि। यसैलाई विद्याचरणसम्पन्न भन्छन्। यो विद्या-सम्पदा र यो चरण-सम्पदाबाट अर्को उत्तरोत्तर श्रेष्ठतर विद्या चरण-सम्पदा छैन।

२७. "हे अम्बष्ठ ! यो अनुत्तर विद्याचरणको चार परिहानि हुन्छन्। कुन चार भने –

"हे अम्बष्ठ ! यहाँ, केही श्रमण वा ब्राह्मणहरू यो अनुत्तर विद्या-चरण पूरा नगरीकनै कमण्डलु आदि तपस्वीको परिष्कार ग्रहण गरी, 'खसेको फलफूल खान्छु' भनी वनवासका लागि जङ्गल जान्छन्। ती विद्या-चरणको सेवक मात्र हुन्छन्। अनुत्तर विद्या-चरणको यो पहिलो परिहानि हो।

---

१६५ सामञ्ञफल-सुत्तमा जस्तै अर्थात्, पृ. ६४ देखि पृ. ६९ सम्म अम्बष्ठलाई सम्बोधन गरी पढ्नुहोला।

Downloaded from http://www.dhamma.digital

"हे अम्बष्ठ ! फेरि यहाँ केही श्रमण वा ब्राह्मणहरू यो अनुत्तर विद्या-चरण पूरा नगरिकनै ··· 'खसेको फलफूल खान्छु' भनी ··· जङ्गल जाँदैनन् किन्तु कोदालो र दालो लिई 'कन्दमूल फल खान्छु' भनी वनवास गर्छन् । ··· यो दोस्रो परिहानि हो ।

"हे अम्बष्ठ ! फेरि यहाँ, केही श्रमण वा ब्राह्मणहरू यो अनुत्तर विद्या-चरण पूरा नगरीकनै ··· 'कन्दमूल, फल खान्छु' भनी वनवास जाँदैनन् किन्तु गाउँको नजिक वा निगमको नजिक अग्निशाला बनाई, आगो बाली होमकर्म गर्छन् । ··· यो तेस्रो परिहानि हो ।

"हे अम्बष्ठ ! फेरि यहाँ, केही श्रमण वा ब्राह्मणहरू यो अनुत्तर विद्या-चरण पूरा नगरीकनै ··· होमकर्म पनि गर्दैनन् किन्तु चौबाटोमा चारद्वार भएको घर बनाई, 'चारै दिशाबाट आउने श्रमण वा ब्राह्मणहरूलाई यथाशक्य, यथाबल 'पूजा सत्कार गर्नेछौं' भनी बस्छन् । ··· यो चौथो परिहानि हो ।

२८. "हे अम्बष्ठ ! के तिमीले आफ्ना आचार्यसहित यो अनुत्तर विद्या-चरण-सम्पदा देखेका छौ त ?"

"भो गौतम ! देखेको छैन । कसरी मैले आफ्ना आचार्यसहित सो अनुत्तर विद्या-चरण-सम्पदा देख्न सकुँला र ? म आचार्यसहित त्यसबाट धेरै टाढा छु ।"

"हे अम्बष्ठ ! के तिमी आफ्ना आचार्यसहित त्यो अनुत्तर विद्या-चरण-सम्पदा पूरा नगरी ऋषिको कमण्डलु आदि ग्रहण गरी वनजङ्गलको, फलाहार गरी बसेका छौ त ?"

"भो गौतम ! छैन ।"

"हे अम्बष्ठ ! के तिमी ··· वन-जङ्गलको फलाहार नगरी कोदालो र दालो लिई वनवास बसेका छौ त ?"

"भो गौतम ! छैन ।"

"हे अम्बष्ठ ! ······ होमकर्म गरेका छौ त ?"

"भो गौतम ! त्यो पनि गर्दिन ।"

"हे अम्बष्ठ ! ··· यथाशक्य, यथाबल 'पूजा सत्कार' गरेका छौ त ?"

"भो गौतम ! त्यो पनि गर्दिन ।"

२९. "हे अम्बष्ठ ! त्यस्तो भए तिमी आफ्ना आचार्यसहित यो अनुत्तर विद्या-चरण-सम्पदाबाट पनि टाढा रहेछौ । अनुत्तर विद्या-चरण-सम्पदाका जुन चारवटा परिहानि छन्, तीबाट समेत पनि तिमी आफ्ना आचार्यसहित टाढा नै रहेछौ । तिम्रा आचार्य पुष्करसाती ब्राह्मणसँग सिकी तिमीले यस्तो भनेको होइन त ? – 'कहाँ यो नीच *(इभ्य)*, कृष्ण, ब्रह्माको पैतालाबाट निस्कने मुण्डक श्रमणकसँग त्रैविद्य ब्राह्मणहरूको छलफल ! *(साकच्छा)* !' आफू स्वयं उक्त गुणबाट अपरिपूर्ण तथा दूर भईकन पनि कसरी यस्तो कुरा भन्न सकेको ! हे अम्बष्ठ ! हेर, तिमी र तिम्रो आचार्य पुष्करसाती ब्राह्मणको यो कत्रो ठूलो अपराध हो !"

## ८. पूर्वऋषिहरूको प्रतिपदा

३०. "हे अम्बष्ठ ! पुष्करसाती ब्राह्मण, कोशल राजाले दिएको खान्छन् । *(किन्तु)* पुष्करसाती ब्राह्मण राजा प्रसेनजित् कोशललाई मुख पनि देखाउन्नन् । कुराकानी गर्दा पनि पर्दाभित्र बसी कुरा

Downloaded from http://www.dhamma.digital

गर्छन् । जसको धर्मपूर्वक उपार्जन गरेको सम्पत्तिबाट भिक्षा ग्रहण गर्छन्, सोही राजालाई सम्मुखसम्म पनि हुन दिन्नन् ! तिम्रा गुरु पुष्करसाती ब्राह्मणको यो कस्तो अपराध हो हेर त !

३१. "हे अम्बष्ठ ! के भन्छौ त ? राजा प्रसेनजित् हात्तीमा चढी, घोडामा चढी अथवा रथमा बसी, माथिल्लो श्रेणीका राजन्यहरूसँग कुनै कुरामा सल्लाह गर्छन् । अनि राजा अन्त सरेर बस्छन् । अनि त्यहाँ कुनै शूद्र वा शूद्रदास आएर त्यस्तै कुरा गर्छ- 'यस्तो राजा प्रसेनजित् कोशलले भने, यस्तो पनि भने ।' त के उसले भनेको कुरा राजाले भनेको वा राजाले कुरा गरेको हुन्छ त ? अथवा यत्तिकैले ऊ राजा वा राजअमात्य हुन सक्छ त ?"

"भो गौतम ! सक्दैन ।"

३२. "हे अम्बष्ठ ! यसै गरी तिमीले पनि ब्राह्मणहरूका जुन पूर्वज ऋषिहरू थिए, तिनीहरूकै पुराना मन्त्रपद, गीत, प्रोक्त र संहिताहरूलाई हालका अष्टक, वामक, वामदेव, विश्वामित्र, यमदग्नि, अग्निरस *(अङ्गिरस)*, भारद्वाज, वशिष्ठ, कश्यप र भृगु आदि ब्राह्मणहरू सोहीअनुसार अनुगायन, अनुभाषण र अनुवाचन गर्दछन् । उनीहरूका मन्त्रपद आचार्यसहित म पढ्छु भन्दैमा तिमी पनि ऋषि वा ऋषित्वमा पुग्न सक्छु भनी भन्न सक्छौ त ? यो सम्भव छैन ।

३३. "हे अम्बष्ठ ! तिमीले वयोवृद्ध, जेठापाका ब्राह्मणहरूबाट के सुनेका छौ त ? के तिमीले ती वयोवृद्ध ब्राह्मणहरूबाट ब्राह्मणहरूका पूर्वज ऋषिहरू 'राम्ररी शरीर विभूषित गरी केश दाह्री क्षौर गरी, मणिकुण्डल आभूषण लगाई, सेतो वस्त्र लगाई पञ्चकाम विषयमा बसेका थिए' भनी भनेको सुनेका छौ त, जस्तो कि तिमी यहाँ आचार्यसहित बसेका छौ !"

"भो गौतम ! छैन ।"

"के त, उनीहरू : 'मार्सी चामल, शुद्धमास, तरकारी गेडा वा चौटा नभएको सूप र नाना प्रकारका तरकारीसहित भोजन गर्दथे' भनी भनेको सुनेका छौ त, जस्तो कि तिमी यहाँ आचार्यसहित भोजन गर्दछौ !"

"भो गौतम ! छैन ।"

"के त, उनीहरू 'रमणीय शरीर भएका नारीहरूसँग बस्दथे' भनी भनेको सुनेका छौ त, जस्तो कि तिमी यहाँ आचार्यसहित बस्दछौ !"

"भो गौतम ! छैन ।"

"के त, उनीहरू 'जगर काटेका घोडीको रथमा बसी, लामो छडीले घोडीलाई पिट्दै रथमा गएका थिए' भनी भनेको सुनेका छौ त, जस्तो कि तिमी यहाँ आचार्यसहित रथमा जान्छौ ! "

"भो गौतम ! छैन ।"

"के त, उनीहरू: 'अग्लाअग्ला पर्खाल लगाई, ढोकामा पाले पहरा राखी, नगर प्राकारमा भाला तरबार लिएका पुरुषबाट आरक्ष गराई बस्दथे' भनी भनेको सुनेका छौ त, जस्तो कि तिमी यहाँ आचार्यसहित बस्दछौ ! "

"भो गौतम ! छैन ।"

Downloaded from http://www.dhamma.digital

"हे अम्बष्ठ ! तिमी आचार्यसहित न ऋषि हौ, न ऋषित्त्वमा पुग्ने बाटोमा छौ । मप्रति तिम्रो जे शङ्का, उपशङ्का छ, त्यो सोध । म तिम्रो शङ्का-उपशङ्का मेटेर उत्तर दिनेछु ।"

# ९. अम्बष्ठ माणव पुष्करसातीकहाँ

३४. अनि भगवान् विहारबाट बाहिर निस्कनुभई चङ्क्रमण स्थल *(टहल्ने ठाउँमा)* उभिनु भयो । अम्बष्ठ माणव पनि विहारबाट बाहिर निस्की चङ्क्रमण स्थलमा उभिए । अम्बष्ठ माणवले भगवान्सँगसँगै चङ्क्रमण गर्दै भगवान्को शरीरमा बत्तीस महापुरुष लक्षणहरू छन् कि छैनन् भनी समन्वयन गरे । त्यस बेला भगवान्का शरीरमा भएका बत्तीस लक्षणहरूमध्ये गुह्येन्द्रिय र रसनेन्द्रिय *(जिब्रो)* बाहेक अरू जम्मै लक्षणहरू विद्यमान भएको देखे । तर नदेखिएका दुई महापुरुष लक्षणहरूका बारे उनलाई भएको शङ्का समाधान हुन सकेको थिएन ।

३५. त्यस बखत भगवान्को मनमा यस्तो लाग्यो– 'यो अम्बष्ठ माणवले ममा भएका गुह्यपुरुषेन्द्रिय र पूर्णजिह्वा *(जिब्रो)* बाहेक अरू सबै बत्तीस महापुरुष लक्षणहरू देखिसके ।' त्यसपछि भगवान्ले यस्तो ऋद्धि-अभिसंस्कार गर्नुभयो, जसबाट अम्बष्ठ माणवले गुह्यपुरुषेन्द्रिय देख्न सकुन् । यसपछि भगवान्ले आफ्नो जिब्रो निकाली नाकको दुवै प्वालभित्र पठाउनुभयो, दुवै कानसम्म पनि पुऱ्याइ दिनुभयो र ललाटमण्डललाई समेत ढाकिदिनुभयो । यतिकैमा उनको मनको शङ्काको निवारण भयो र उनले सोचे 'श्रमण गौतम बत्तीस महापुरुष लक्षणहरूले 'परिपूर्ण नै हुनुहुँदो रहेछ, अपरिपूर्ण हुनुहुँदो रहेनछ' भन्ने प्रतीत भई, "हवस्, त, अब हामी जान्छौ, हामीहरूको धेरै काम छ" भनी निवेदन गरेपछि भगवान्ले "जे उचित सम्झन्छौ !" भनी भन्नुभयो ।

३६. त्यसपछि अम्बष्ठ माणव घोडीको रथमा बसी फर्केर गए । त्यस बखत पुष्करसाती ब्राह्मण उक्कट्ठाबाट बाहिर निस्की, धेरै ब्राह्मणहरूका साथ आफ्नै उद्यानमा बसेका थिए, अम्बष्ठ माणवकै प्रतीक्षामा । अम्बष्ठ माणव पनि रथ जान सक्ने बाटोसम्म रथद्वारा र त्यसपछि पुष्करसाती ब्राह्मण बसेको ठाउँसम्म पैदल गए । त्यहाँ पुगी पुष्करसाती ब्राह्मणलाई अभिवादन गरी एउटा छेउमा बसे ।

३७. एक छेउमा बसेका अम्बष्ठ माणवसँग पुष्करसाती ब्राह्मणले सोधे :– "के, श्रमण गौतमलाई देख्यौ त ? श्रमण गौतम त्यस्तै हुनुहुँदो रहेछ कि हुनुहुँदो रहेनछ त ? जस्तो कीर्ति शब्द छ, उस्तै श्रमण गौतम हुनुहुँदो रहेछ कि हुनुहुँदो रहेनछ त ?"

"भो गुरु ! भएकै गुणबाट कीर्ति शब्द फैलिएको हो ··· । उहाँ गौतम, बत्तीस महापुरुष लक्षणहरूले परिपूर्ण हुनुहुन्छ, अपरिपूर्ण हुनुहुन्न"

"हे तात, अम्बष्ठ ! श्रमण गौतमसँग केही कुराकानी भएन त ?"

"भो गुरु ! भएको थियो ।"

"हे तात ! कस्तो कुराकानी भएको थियो त ?"

अम्बष्ठ माणवले जे-जति कुराहरू श्रमण गौतमसँग भएका थिए, ती सबै कुराहरू सुनाए ।

३८. त्यसपछि, पुष्करसाती ब्राह्मणले अम्बष्ठ माणवलाई निन्दा गर्दै यस्तो भने– "अहो, कस्ता रहेछन् हाम्रा पण्डित ! अहो, कस्ता बहुश्रुत पण्डित रहेछन् ! अहो, हाम्रा त्रैविद्य ! ! जुन किसिमले तिमीले उहाँ भगवान्लाई आक्षेप गरी कुरा गऱ्यौ त्यस किसिमले कुरा गर्ने अर्थचारी, हितैषी पुरुष मरणपछि

Downloaded from http://www.dhamma.digital

अपाय, दुर्गति, विनिपात, नरकमा जानेछ । तिम्रो कर्तुतले गर्दा मेरो रहस्य पनि उद्घाटित भयो । अहो, हाम्रा कस्ता पण्डित होलान् ! ··· " भन्दै रिसाई, अप्रसन्न भई अम्बष्ठ माणवलाई लात्तीले हिर्काई त्यहीं लडाई उत्तिखेरै पुष्करसाती ब्राह्मण भगवान्को दर्शन गर्न जान तयार भए ।

## १०. पुष्करसाती ब्राह्मण बुद्धकहाँ

३९. अनि त्यहाँ भेला भएका ब्राह्मणहरूले पुष्करसाती ब्राह्मणलाई यस्तो अनुरोध गरे– "भो आज श्रमण गौतमको दर्शन गर्न जान अबेर भइसक्यो, भोलि तपाईं उहाँको दर्शन गर्न जानुहोस् ! " पुष्करसाती ब्राह्मण आफ्नो घरमा उत्तम प्रणीत खाद्य भोज्य पकाउन लगाई, रथमा राखी, चिराक समात्न लगाई, उक्कट्ठाबाट निस्केर जहाँ इच्छानङ्गल वनखण्ड हो, त्यहाँ गए । जति बाटोमा रथ जान सक्थ्यो, त्यति बाटोसम्म रथमा गई बाँकी बाटो पैदल गए । भगवान्कहाँ पुगेपछि उहाँसँग कुशलवार्ता गरी सिद्धिएपछि एक छेउमा बसे ।

४०. पुष्करसाती ब्राह्मणले भगवान्सँग सोधे :– "भो गौतम ! यहाँ हाम्रा शिष्य अम्बष्ठ माणव आए, होइन ?"

"हो, आए ! "

"अम्बष्ठ माणवसँग तपाईं गौतमको कुनै कुराकानी पनि भयो कि ?"

"भएको थियो ।"

"अम्बष्ठ माणवसँग तपाईं गौतमको कस्तो कुराकानी भयो त ?"

भगवान्ले अम्बष्ठ माणवसँग भएका जम्मै कुराहरू बताइदिनुभयो । भगवान्को कुरा सुनी पुष्करसाती ब्राह्मणले भगवान्सँग यस्तो अनुरोध गरे :– "भो गौतम ! अम्बष्ठ माणव मूर्ख रहेछ । अम्बष्ठ माणवलाई क्षमा गर्नुहोस् ! "

"अम्बष्ठ माणव सुखी होस् !"

४२. अनि पुष्करसाती ब्राह्मणले भगवान्को शरीरमा बत्तीस महापुरुष लक्षणहरू छन् कि छैनन् भनी समन्वयन गरे । पुष्करसाती ब्राह्मणले भगवान्को शरीरमा भएका बत्तीस लक्षणमध्येका लक्षणहरूको जाँच गर्न थाल्दा उनले गुह्येन्द्रिय र रसनेन्द्रिय *(जिब्रो)* वाहेक अरू जम्मै लक्षणहरू विद्यमान भएको देखे । तर नदेखिएका दुई महापुरुष लक्षणहरूका बारे उनलाई भएको शङ्का समाधान हुन सकेको थिएन । त्यस बखत भगवान्को मनमा यस्तो लाग्यो– 'त्यो पुष्करसाती ब्राह्मणले ममा भएका गुह्येपुरुषेन्द्रिय र पूर्ण जिह्वाबाहेक अरू सबै बत्तीस महापुरुष लक्षण देखिसके ।' त्यसपछि भगवान्ले यस्तो ऋद्धि अभिसंस्कार गर्नुभयो जसबाट पुष्करसाति ब्राह्मणले गुह्येपुरुषेन्द्रिय देख्न सकून् । यसपछि भगवान्ले आफ्नो जिब्रो निकाली नाकका दुवै प्वालभित्र पठाउनुभयो, दुवै कानसम्म पनि पुऱ्याइदिनुभयो र ललाटमण्डललाईसमेत ढाकिदिनुभयो ।

४३. अनि पुष्करसाती ब्राह्मणको मनमा यस्तो लाग्यो– "श्रमण गौतम बत्तीस महापुरुष लक्षणले परिपूर्ण हुनुहुँदो रहेछ, अपरिपूर्ण हुनुहुँदो रहेनछ ।" यति विचार गरिसकेपछि पुष्करसाती ब्राह्मणले भगवान्लाई निम्तो गरे– "भो गौतम ! भोलिका लागि मेरो निम्तो स्वीकार गर्नुहोस् ! " भगवान्ले तूष्णिभावले स्वीकार गर्नुभयो ।

Downloaded from http://www.dhamma.digital

४४. पुष्करसाती ब्राह्मणले, भगवान्‌ले निम्तो स्वीकार गर्नुभएको बुझी, घर फर्की, भोलिपल्ट भगवान्‌लाई समयको सूचना दिए– "भो गौतम ! समय भयो, भोजन तयार छ ।" भगवान् पूर्वान्ह समयमा चीवर-वस्त्र धारण गरी पात्र चीवर ग्रहण गरी भिक्षुहरूका साथ पुष्करसाती ब्राह्मणका निवासस्थानमा गई, बिछ्याइ राखेको आसनमा बस्नुभयो । पुष्करसाती ब्राह्मणले भगवान्‌सहित भिक्षुसङ्घलाई आफ्नै हातले प्रणीत खाद्य भोज्य अर्पित गरे । अन्य माणवहरूले पनि अर्पित गरे । भोजन सिध्याई पात्र एक छेउमा राखिसकेपछि पुष्करसाती ब्राह्मण पनि सानो आसन लिएर एक छेउमा बसे ।

४५. एक छेउमा बसेका पुष्करसाती ब्राह्मणलाई भगवान्‌ले आनुपूर्विक कथा भन्नुभयो । जस्तो कि – दानकथा, शीलकथा, स्वर्गकथा, कामवासनाको दोष, तुच्छता, संक्लिष्टता र नैष्कम्यको गुण । जब भगवान्‌ले थाहा पाउनुभयो कि – पुष्करसाती ब्राह्मणको चित्त 'उपयुक्त छ, मृदु छ, नीवरणरहित छ, प्रसन्न छ' अनि भगवान्‌ले जुन उहाँले स्वयं ज्ञात गर्नुभएको धर्मको उपदेश गर्नुभयो – 'दुःख, समुदय, निरोध र मार्ग ।' जस्तो कुनै सफा तथा नमैलिएको वस्त्रमा जुनसुकै रङ्गले रँगाए पनि त्यसले राम्ररी समात्छ, त्यस्तै ब्राह्मण पुष्करसातीलाई त्यसै आसनमा विरज, वीतमल, धर्मचक्षु उत्पन्न भयो – "जे-जति उत्पन्न *(समुदय धर्म)* हुन्छन्, ती जम्मै बिनाश *(निरोध)* हुन्छन् ।"

४६. दृष्ट धर्म, प्राप्त धर्म, विदित धर्म, धर्मको जग र गम्भीर रूपले धर्मलाई बुझिसकेपछि निःसङ्क, निश्चिन्त, वैशारद्य भई, कसैको आश्रय नचाहिने भएपछि पुष्करसाती ब्राह्मणले भगवान्‌सँग यसरी प्रार्थना गरे :–

"धन्य, भो गौतम ! धन्य, भो गौतम ! जस्तै घोप्टिएकोलाई उत्तानो पारिदिंदा वा ढाकिएकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो देखाइदिंदा अथवा अन्धकारमा तेलको दियो राखिदिंदा आँखा हुनेले रूप देख्दछ, त्यस्तै गरी भो गौतम ! भगवान्‌ले मलाई अनेक प्रकारले धर्म-प्रकाश पारिदिनुभयो । भो गौतम ! अब म, पुत्र, भार्या, परिवार, अमात्यसहित तपाईं गौतमको शरण पर्छु, धर्म र भिक्षुसङ्घको पनि । तपाईं गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ! जस्तो तपाईं गौतम उक्कट्ठाका अरू-अरू उपासकहरूका कुलघरमा जानुहुन्छ, त्यसै गरी पुष्करसातीको कुलघरमा पनि पाल्नुहोस् । यहाँ भएका माणवहरू, माणविकाहरूले तपाईं गौतमलाई अभिवादन गर्दा, आदर गरी आसनबाट उठ्दा, आसन वा पानी प्रदान गर्दा र चित्त प्रसन्न गर्दा दीर्घकालसम्म उनीहरूको हित र सुख हुनेछ ।"

"ब्राह्मण ! राम्रै भन्यौ ! "

**अम्बष्ठ-सुत्त समाप्त ।**

Downloaded from http://www.dhamma.digital

# ४. सोणदण्ड-सुत्त

**(सोणदण्डसूत्र)**

## १. सोणदण्ड ब्राह्मणद्वारा जातिवादको खण्डन

१. यस्तो मैले सुनें। एक दिन, भगवान् अङ्गदेशमा चारिका गर्दै पाँच सय महाभिक्षुसङ्घका साथ जहाँ चम्पा नगरी थियो, त्यहाँ पुग्नुभयो। अनि त्यस बखत भगवान् चम्पाको गग्गरा पुष्करिणीको तीरमा बसिरहनुभएको थियो। त्यस समय सोणदण्ड ब्राह्मण चम्पामा मगधराजा सेनीय *(श्रैणिक)* बिम्बिसारले ब्रह्मदेय गरी, राजदाय गरिदिएका ... राज-भोग्यको भोग गरेर बसेका थिए।

२. अनि चम्पेय्यका ब्राह्मण गृहपतिहरूले यस्तो सुने – "शाक्यपुत्र श्रमण गौतम शाक्यकुलबाट प्रव्रजित ... [१६६]अङ्गदेशमा चारिका गर्दै ......[१६३] चम्पामा आइपुगी, चम्पाको गग्गरा पुष्करिणीको तीरमा विहार गर्दै हुनुहुन्छ। उहाँ आदरणीय भगवान् गौतमको यस्तो कल्याण-कीर्तिशब्द गुञ्जायमान भएको छ– 'उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध, ... [१६३] हुनुहुन्छ। उहाँ लोकमा – ... ब्रह्मचर्य प्रकाश पार्नु हुन्छ। उहाँहरूजस्ता अरहत्को दर्शन गर्नु कल्याणकर हो'।" अनि चम्पेय्यका ब्राह्मण गृहपतिहरू चम्पा नगरीबाट बाहिरिई जमातका जमात मिली जहाँ गग्गरा पुष्करिणीको तीर थियो, त्यहाँ गए।

३. त्यस समय सोणदण्ड ब्राह्मण प्रासादको माथिल्लो तलमा दिवाशैय्या *(आराम)* गरिरहेका थिए। अनि सोणदण्ड ब्राह्मणले चम्पाका ब्राह्मण गृहपतिहरूलाई चम्पाबाट बाहिरिई निस्की जमातका जमात मिली जहाँ गग्गरा पुष्करिणीको तीर थियो त्यहाँ गइरहेका देखे। सो देखेपछि क्षत्त *(खत्त= महामन्त्री)* लाई बोलाई भने– "हे द्वारपाल ! चम्पाका ब्राह्मण गृहपतिहरू चम्पाबाट निस्की जमातका जमात मिलेर जहाँ गग्गरा पुष्करिणी छ, त्यहाँ किन गइरहेका हुन् ?"

"भो ! शाक्यपुत्र गौतम शाक्यकुलबाट प्रव्रजित भई अङ्गदेशमा चारिका गर्दै पाँच सय महाभिक्षुसङ्घका साथ चम्पामा आइपुगी, चम्पाको गग्गरा पुष्करिणीको तीरमा विहार गर्दै हुनुहुन्छ। उहाँ भगवान् गौतमको यसरी कल्याण-कीर्तिशब्द गुञ्जायमान भएको छ–'उहाँ भगवान् ...[१६७] हुनुहुन्छ।' उनै भगवान् गौतमको दर्शन गर्न उनीहरू जाँदैछन्।"

"त्यस्तो भए तिमी जहाँ चम्पाका ब्राह्मण गृहपतिहरू छन्, त्यहाँ गई चम्पाका ब्राह्मण गृहपतिहरूलाई यस्तो भन - 'भो ! सोणदण्ड ब्राह्मण यस्तो भन्दछ– 'तपाईंहरू एक छिन पर्खनुहोस्। सोणदण्ड ब्राह्मण पनि श्रमण गौतमको दर्शन गर्न आउँदैछ'।"

"भो ! हवस्" भनी सोणदण्ड ब्राह्मणलाई प्रत्युत्तर दिई सो क्षत्त *(महामन्त्री)* जहाँ चम्पा नगरीका ब्राह्मण गृहपतिहरू थिए, त्यहाँ गएर चम्पाका ब्राह्मण गृहपतिहरूलाई यस्तो भने– 'भो ! सोणदण्ड

---

१६६ यहाँका खाली ठाउँका कुराहरू पृ. ७१ मा जस्तै दोहऱ्याई पढ्नुहोला।

१६७ यहाँका खाली ठाउँका कुराहरू पृ. ३४ अनुच्छेद ८ मा बुद्धगुणमा भए झैं पढ्नुहोला।

Downloaded from http://www.dhamma.digital

ब्राह्मण यसो भन्नुहुन्छ – 'तपाईंहरू एक छिन पर्खनुहोस्; सोणदण्ड ब्राह्मण पनि श्रमण गौतमको दर्शन गर्न जानेछन्' ।"

## बुद्धकहाँ जान नदिने ब्राह्मणहरूको प्रयास

४. त्यस बेला कुनै कामको[१६८] लागि नानाराज्यहरूबाट आएका पाँच सय जति ब्राह्मणहरू चम्पामा बस्दथे । अनि उनीहरूले सुने कि – सोणदण्ड ब्राह्मण पनि श्रमण गौतमको दर्शन गर्न जाँदैछन् । अनि ती ब्राह्मणहरू जहाँ सोणदण्ड ब्राह्मण थिए, त्यहाँ गए । त्यहाँ पुगेपछि सोणदण्ड ब्राह्मणलाई उनीहरूले भने– "के साँच्चै हो ? तपाईं सोणदण्ड ब्राह्मण श्रमण गौतमको दर्शन गर्न जाँदै हुनुहुन्छ ?"

"भो ! मलाई यस्तो लाग्छ कि – म पनि श्रमण गौतमको दर्शन गर्न जाऊँ ।"

(१) "तपाईं सोणदण्ड श्रमण गौतमकहाँ नजानुहोस् । तपाईं सोणदण्ड श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन[१६९] ··· । यदि तपाईं सोणदण्ड श्रमण गौतमको दर्शन गर्न जानुहुन्छ भने तपाईंको यश घट्नेछ र श्रमण गौतमको यश बढ्नेछ । तपाईं सोणदण्डको यश घट्ने हो र श्रमण गौतमको यश बढ्ने हो – त्यही कारणले पनि तपाईं सोणदण्ड श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन । बरू श्रमण गौतम नै तपाईं सोणदण्डको दर्शन गर्न आउनु योग्य छ । "

(२) "तपाईं सोणदण्ड आमा-बाबु दुवैबाट सुजात हुनुहुन्छ, शुद्ध गर्भवास गरेको हुनुहुन्छ तथा सात पुस्तादेखि जातिवादले कुनै खोट नलगाएको र अनिन्दित हुनुहुन्छ । जो तपाईं सोणदण्ड दुवै आमा-बाबुबाट सुजात हुनुहुन्छ, शुद्ध गर्भवास गरेको हुनुहुन्छ सात पुस्तादेखि जातिवादले कुनै खोट नलगाएका र अनिन्दित हुनुहुन्छ – यसकारणले पनि तपाईं सोणदण्ड श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन; बरू श्रमण गौतम नै तपाईं सोणदण्ड दर्शन गर्न आउनु योग्य छ ।"

(३) "तपाईं सोणदण्ड आढच, महाधनी, महाभोगी, प्रशस्त जीवनवृत्ति – उपकरण र प्रशस्त सुन चाँदी हुने हुनुहुन्छ । जो तपाईं सोणदण्ड आढच, महाधनी, ··· प्रशस्त सुन चाँदी हुने हुनुहुन्छ – यसकारणले पनि तपाईं सोणदण्ड श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन; बरू श्रमण गौतम नै तपाईं सोणदण्डको दर्शन गर्न आउनु योग्य छ ।"

---

१६८ त्यस नगरमा ब्राह्मणहरू दुईवटा कामका लागि भेला हुन्थे । एउटा यज्ञानुभवका लागि र अर्को मन्त्र अध्ययनका लागि । त्यस बखत त्यस नगरमा कुनै यज्ञ थिएन । सोणदण्ड ब्राह्मणकहाँ मन्त्रको अध्ययन गर्नको निमित्त यी ब्राह्मणहरू त्यहाँ आएका थिए । त्यसैले सूत्रमा 'कुनै कामका लागि' भनिएको हो भनी सुमं. वि. I. पृ. १९७: सोणदण्डसुत्तवण्णनाले उल्लेख गरेको छ ।

१६९ मनमा के राखेर ती ब्राह्मणहरूले यसो भनेका होलान् ? - भन्ने सम्बन्धमा सुमं. वि. I. पृ. १९७ : सोणदण्डसुत्तवण्णनाले यस्तो उल्लेख गरेको छ -

सोणदण्ड ब्राह्मण पनि श्रमण गौतमकहाँ जाँदैछन् भन्ने कुरा सुनेर उनीहरूले यस्तो सोच्न थाले - "यी सोणदण्ड ब्राह्मण उच्च ब्राह्मण हुन् । अन्य कतिपय ब्राह्मणहरू बुद्धको शरणमा गइसकेका छन् । खालि यिनी मात्र अहिले बाँकी रहेका छन् । यदि यिनी त्यहाँ गएको खण्डमा अवश्य पनि यिनी श्रमण गौतमको आवर्तनीयमाया *(मन फर्काउने विद्या)* बाट बच्न सक्ने छैनन् र उहाँकै शरणमा जानेछन् । त्यसपछि यिनको घरमा पनि ब्राह्मणहरूको भेला हुनेछैन । अतः हामीहरूले यिनलाई बुद्धकहाँ जानुबाट रोक्नुपर्छ ।"

यस्तो सोचेर, यस्तो सल्लाह गरेर उनलाई त्यहाँ जान रोक्ने विचार गरी 'तपाईं सोणदण्ड श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन' भनी भनेका हुन् ।

Downloaded from http://www.dhamma.digital

(४) "तपाईं सोणदण्ड अध्यापक[१७०] *(अध्यायक)* मन्त्रधर तथा तीनै वेदमा[१७१] पारङ्गत हुनुहुन्छ, निघण्टु[१७२], कौस्तुभ[१७३], अक्षरप्रभेद[१७४], र इतिहाससमेत पाँचौं शास्त्र[१७५]; व्याकरण, लोकायत[१७६], महापुरुष लक्षणशास्त्रमा निपुण हुनुहुन्छ[१७७] । जो तपाईं सोणदण्ड अध्यायक मन्त्रधर तथा ··· महापुरुष लक्षणशास्त्रमा निपुण हुनुहुन्छ – त्यही कारणले पनि तपाईं सोणदण्ड श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन; बरू श्रमण गौतम नै तपाईं सोणदण्डको दर्शन गर्न आउनु योग्य छ ।"

(५) "तपाईं सोणदण्ड अभिरूप, दर्शनीय, प्रासादिक, परम सुन्दरताले युक्त, ब्रह्माजस्तै ब्रह्मवर्णी तथा दर्शनका निमित्त अप्रमाण सुन्दर *(अखुद्दावकासो दस्सनाय)* हुनुहुन्छ । जो तपाईं सोणदण्ड अभिरूप, दर्शनीय, ··· हुनुहुन्छ – त्यही कारणले पनि तपाईं श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन; बरू श्रमण गौतम नै तपाईं सोणदण्डको दर्शन गर्न आउनु योग्य छ ।"

(६) "तपाईं सोणदण्ड शीलवान्[१७८], वृद्धशीली, वृद्धशीलले युक्त हुनुहुन्छ । जो तपाईं सोणदण्ड शीलवान् ··· हुनुहुन्छ – त्यही कारणले पनि तपाईं सोणदण्ड श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन; बरू श्रमण गौतम नै तपाईं सोणदण्डको दर्शन गर्न आउनु योग्य छ ।"

(७) "तपाईं सोणदण्ड सुन्दर गुणयुक्त मधुरभाषी, स्पष्टभाषी, निर्दोष कुरा गर्ने, अर्थ बुझ्ने गरी कुरा गर्ने हुनुहुन्छ । जो तपाईं सोणदण्ड सुन्दर, गुणयुक्त मधुरभाषी, ··· हुनुहुन्छ – त्यही कारणले पनि तपाईं सोणदण्ड श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन; बरू श्रमण गौतम नै तपाईं सोणदण्डको दर्शन गर्न आउनु योग्य छ ।"

(८) "तपाईं सोणदण्ड धेरैको आचार्य प्राचार्य हुनुहुन्छ, तीन सय माणवकहरूलाई मन्त्र *(वेद)* पढाउनुहुन्छ, मन्त्र पढ्नका लागि, मन्त्रको कारणमा तपाईंकहाँ नानादिशा, नानाजनपदहरूबाट धेरै माणवकहरू आउँछन् । जो तपाईं सोणदण्ड धेरैको आचार्य प्राचार्य हुनुहुन्छ ··· –त्यही कारणले पनि तपाईं सोणदण्ड श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन; बरू श्रमण गौतम नै तपाईं सोणदण्डको दर्शन गर्न आउनु योग्य छ ।"

Dhamma.Digital

---

१७० प्रथम ध्यान नगर्ने ब्राह्मणहरूलाई निन्दाको रूपमा 'अध्यायक' भन्ने शब्द प्रयोग गरिएको थियो । समय बित्दै गएपछि 'अध्यायक' भन्ने ठाउँमा 'अध्यापक' भन्ने चलन भयो भनी सुम वि. I पृ. १७२ : अम्बट्ठसुत्तवण्णनाले लेखेको छ ।

१७१ ऋग्वेद, यजुर्वेद र सामवेद ।

१७२ वृक्षादिहरूका पर्यायवाची नामहरूको संग्रह भएको ग्रन्थलाई 'निघण्टु' वा 'निघण्डु' भन्दछन् ।

१७३ कौस्तुभ *(केटुभ)* भनेको क्रियापदसम्बन्धी कुराहरू भएको तथा कविहरूलाई सहायक हुने एक ग्रन्थको नाम हो ।

१७४ निरुक्तिसम्बन्धी एक ग्रन्थको नाम ।

१७५ अथर्व वेदलाई चौथो र इतिहास मानिने पुराण कथालाई पाँचौं गरी 'इतिहाससमेत पाँचौं शास्त्र' भनिएको हो भनी सुमं. वि. I. पृ १७३ : अम्बट्ठसुत्तवण्णनाले उल्लेख गरेको छ ।

१७६ वितण्डवादीहरूको शास्त्र ।

१७७ यो शास्त्रमा सोह्र हजार गाथा पदहरू भएका बुद्धमन्त्र नामक ग्रन्थ पनि समावेश भएको छ, जसमा बुद्धका यस्तो यस्ता-यस्ता लक्षणहरू हुन्छन् भन्ने र चक्रवर्ती राजाका यस्ता-यस्ता लक्षणहरू हुन्छन् आदि कुराहरू लेखिएका छन् ।

१७८ यहाँ पञ्चशील मात्रलाई 'शील' भनिएको हो र वृद्धशील पनि यसैलाई भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

(९) "तपाईं सोणदण्ड जीर्ण *(शरीर बिग्रइसकेको)*, वृद्ध *(अङ्गप्रत्यङ्गहरू छिपिसकेको)*, महल्लक *(जन्मले धेरै वर्ष पुगेको)*, धेरै समय बिताइसकेको[१७९] *(अद्धगतो)* बैंस पुगेका[१८०] हुनुहुन्छ । श्रमण गौतम तरुण नै छन् र तारुण्यमै प्रव्रजित भएका हुन् । जो तपाईं सोणदण्ड जीर्ण, वृद्ध, महल्लक, हुनुहुन्छ; जो श्रमण गौतम तरुणमै छन् र तारुण्यमै प्रव्रजित भएका हुन् – त्यही कारणले पनि तपाईं सोणदण्ड श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन; बरू श्रमण गौतम नै तपाईं सोणदण्डको दर्शन गर्न आउनु योग्य छ ।"

(१०) "तपाईं सोणदण्ड राजा मगध सेनीय बिम्बिसारद्वारा सत्कृत्य, गुरुकृत्य, मानित, पूजित र अपचित हुनुहुन्छ । जो तपाईं सोणदण्ड राजा मगध सेनीय बिम्बिसारद्वारा सत्कृत्य, गुरुकृत्य ··· हुनुहुन्छ – त्यही कारणले पनि तपाईं सोणदण्ड श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन; बरू श्रमण गौतम नै तपाईं सोणदण्डको दर्शन गर्न आउनु योग्य छ ।"

(११) "तपाईं सोणदण्ड पोक्खरसाति[१८१] *(पुष्करसाति पौष्करसाति)*, ब्राह्मणद्वारा सत्कृत्य, गुरुकृत्य, मानित, पूजित र अपचित हुनुहुन्छ । जो तपाईं कूटदन्त पोक्खरसाति ब्राह्मणद्वारा सत्कृत्य, ··· हुनुहुन्छ –त्यही कारणले पनि तपाईं सोणदण्ड श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन; बरू श्रमण गौतम नै तपाईं सोणदण्डको दर्शन गर्न आउनु योग्य छ ।"

(१२) "तपाईं सोणदण्ड चम्पामा बस्नुहुन्छ । जुन तपाईंमा मगधराजा सेनीय बिम्बिसारले ब्रह्मदेय गरी, राजदाय गरिदिएका राजभोग्यहरू धेरै छन्, प्राणीहरू धेरै छन्, पानी-घाँस-काठहरू प्रशस्त छन् तथा धान्यवर्गको कुनै अभाव छैन । जो तपाईं सोणदण्डमा मगधराजा सेनीय बिम्बिसारले ब्रह्मदेव गरी, राजदाय गरिदिएका राजभोग्यहरू धेरै छन् ··· तथा धान्यवर्गको कुनै कमी छैन – त्यही कारणले पनि तपाईं सोणदण्ड श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन; बरू श्रमण गौतम नै तपाईं सोणदण्डको दर्शन गर्न आउनु योग्य छ ।"

## सोणदण्ड ब्राह्मणद्वारा बुद्धको वर्णन

५. यस्ता कुरा भन्दाखेरि सोणदण्ड ब्राह्मणले ती ब्राह्मणहरूलाई यस्तो भने– "भो ! त्यस्तो भए मेरो पनि केही कुरा सुन्नुहोस्[१८२] । जुन कारणले हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ; तर उहाँ आदरणीय गौतम हाम्रो दर्शन गर्न आउनु योग्य छैन ।

---

१७९ दुई-तीन राजाहरूको पुस्ता देखेका ।

१८० आखिरी बैंसमा पुगेको । आखिरी बैंस भनेको सयको तीन चौथाइ पुगिसकेको ।

१८१ अट्ठकथामा र रोमनमा 'पोक्खरसादी' लेखिएको छ ।

१८२ यसरी अतिरञ्जित गरी भनिएको ब्राह्मणहरूको कुरामा रञ्जित नभई सोणदण्ड ब्राह्मणले सोचे –यिनीहरू अतिरञ्जित गरी मेरो प्रशंसा गरी बुद्धकहाँ जानुबाट मलाई रोक्न चाहन्छन् । अत: किन मैले यिनीहरूलाईसमेत बुद्धकहाँ जाने गरी बुद्धको यथार्थ गुण नबताऊँ ! यति सोचेर उनले "त्यसो भए मेरो पनि केही कुरा सुन्नुहोस् ··· " भनी सूत्रमा भनेका हुन् । जुन जातिवादद्वारा ब्राह्मणहरूले अतिरञ्जित गरी आफूलाई कुरा सुनाए, सोही कुराको खण्डन गरी उनले गौतमको जातिलाई नै उच्च बताएका हुन् । यो उनको सोचाइको कुरो थियो । यसपछि जति कुराहरू बुद्धका सम्बन्धमा उनले सूत्रका बताएका छन्, ती सबै कुराहरू प्रत्यक्ष र विशिष्ट थिए, अर्थात् काल्पनिक थिएनन् भनी सुमं. वि. I. पृ. १९९ : सोणदण्डसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

(१) "भो ! श्रमण गौतम आमा-बाबु दुवैबाट सुजात हुनुहुन्छ, शुद्ध गर्भवास गरेका हुनुहुन्छ र सातपुस्तादेखि अहिलेसम्म जातिवादद्वारा कुनै खोट् नलागेका र अनिन्दित हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम दुवै आमा-बाबुबाट सुजात हुनुहुन्छ, शुद्धगर्भवास गरेका हुनुहुन्छ तथा सातपुस्तादेखि अहिलेसम्म जातिवादद्वारा कुनै खोट् नलागेका र अनिन्दित हुनुहुन्छ – त्यही कारणले पनि उहाँ आदरणीय गौतम हामीहरूको दर्शन गर्न आउनु योग्य छैन; बरू हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ[१८३] ।

(२) "भो ! श्रमण गौतम महान ज्ञातिसङ्घ[१८४] *(समूह)* लाई छाडी प्रव्रजित हुनुभएको छ । भो ! जुन कारणले श्रमण गौतम महान ज्ञातिसङ्घलाई छाडी प्रव्रजित हुनुभएको छ– त्यही कारणले पनि उहाँ आदरणीय गौतम हाम्रो दर्शन गर्न आउनु योग्य छैन; बरू हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।"

(३) "भो ! श्रमण गौतम भूमिमा रहेका पनि र आकाशमा रहेका पनि प्रशस्त हिरण्य सुवर्ण[१८५] छाडेर प्रव्रजित हुनुभएको छ । भो ! जुन कारणले श्रमण गौतम भूमिमा रहेका पनि र आकाशमा रहेका पनि प्रशस्त हिरण्य सुवर्णहरू छाडेर प्रव्रजित हुनुभएको छ, त्यही कारणले पनि उहाँ आदरणीय गौतम हाम्रो दर्शन गर्न आउनु योग्य छैन; बरू हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानुपर्छ ।"

(४) "भो ! श्रमण गौतम तन्नेरी युवावस्थामै, सूक्ष्म कालो केश हुँदाहुँदै, भद्र यौवनको अवस्थामै, पहिलो बैंसमै, घरबार छाडी प्रव्रजित हुनुभएको छ । भो ! जुन कारणले श्रमण गौतम तन्नेरी अवस्थामै ··· प्रव्रजित हुनुभएको छ – त्यही कारणले पनि उहाँ आदरणीय गौतम हाम्रो दर्शन गर्न आउनु योग्य छैन; बरू हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।"

(५) "भो ! श्रमण गौतम आमा-बाबुको इच्छा नभएर पनि, मुखभरि आँसु केश दाह्री खौरी, काषायवस्त्र धारण गरी, घरबार त्यागी अनगारिक भई प्रव्रजित हुनुभएको छ । भो ! जुन कारणले श्रमण गौतम आमा-बाबुको इच्छा नभएर पनि ··· प्रव्रजित हुनभएको छ – त्यही कारणले पनि उहाँ आदरणीय गौतम हाम्रो दर्शन गर्न आउनु योग्य छैन; बरू हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।"

---

१८३ माथि उल्लिखित कारणहरू देखाई निश्चयात्मक रूपले गुणवान्‌हरूको दर्शन गर्न जानु नै योग्य छ भन्दै सोणदण्ड ब्राह्मणले यो कुरा बताएका हुन् । यस सम्बन्धमा निम्न उदारहण पनि उनले पेस गरे मानौं सुमेरुका सामु सर्स्यूं जस्तै, महासमुद्रका सामु गाईको खुरको पानीजस्तै तथा सात महादहहरूको पानीका सामु तृणविन्दुको पानी जस्तै बुद्धका सामु हामी ब्राह्मणहरूको गुण थोरै छ । त्यसैले महासागरभैं गुणी हुनुभएका उहाँ श्रमण गौतम कहाँ दर्शन गर्न हामी नै जानु योग्य सिवाय कदाचित् उहाँ हामीहरूको दर्शन गर्न आउनु योग्य छैन भनी भनेका हुन् ।

१८४ आमाका तर्फबाट असी हजार कुल र बाबुका तर्फबाट असी हजार कुल गरी जम्मा एक लाख साठी हजार (१६०,०००) कुल छाडी प्रव्रजित भएका हुन् । त्यसैले 'महान् ज्ञातिसङ्घलाई छाडेर' भनी भनिएको हो ।

१८५ राजाङ्गणमा, उद्यानमा अथवा पोखरीमा राखिएका सप्तरत्नहरूलाई 'भूमिमा रहेको, भनी भनिएको हो । प्रासादमाथि अनेक ठाउँहरूमा राखिएको धनलाई आकाशमा रहेको' भनी भनिएको हो । यस्तो सम्पत्ति कुलवंश परम्पराबाट पाएका हुन् । तथागत जन्मनुभएको दिनमै 'सङ्ख, फल, उप्पल र पुण्डरीक' भन्ने चारवटा निधिहरू उत्पन्न भएका थिए । तीमध्ये 'सङ्ख' भन्ने निधि गाउत प्रमाणको थियो; 'फल' भन्ने निधि आधा योजन प्रमाणको थियो, 'उप्पल' भन्ने निधि तीन गाउत प्रमाणको थियो र 'पुण्डरीक' भन्ने निधि योजन प्रमाणको थियो । ती निधिहरूबाट जति धन झिके पनि सिद्धिन्नथ्यो । त्यसैले प्रशस्त हिरण्य सुवर्ण' भनी सूत्रमा उल्लेख भएको हो भन्ने कुरा बुझ्नुपर्छ ।

Downloaded from http://www.dhamma.digital

(६) "भो ! श्रमण गौतम अभिरूप, दर्शनीय, प्रासादिक, परम सुन्दरताले सम्पन्न, ब्रह्माजस्तै ब्रह्मवर्णी तथा दर्शन गर्नको निमित्त अप्रमाण[१८६] हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम अभिरूप, दर्शनीय, ··· हुनुहुन्छ, त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।"

(७) "भो ! श्रमण गौतम शीलवान्, आर्यशीली, कुशलशीली, कुशलशीलले सुसम्पन्न हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम शीलवान्, आर्यशीली, ··· हुनुहुन्छ – त्यही कारणले पनि हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।"

(८) "भो ! श्रमण गौतम कल्याणभाषी, मधुरभाषी, गुणयुक्तभाषी, स्पष्टभाषी, निर्दोष कुरा गर्ने र अर्थ बुझिने गरी कुरा गर्ने हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम कल्याणभाषी, मधुरभाषी, ··· हुनुहुन्छ – त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।"

(९) "भो ! श्रमण गौतम धेरैका आचार्य र प्राचार्य हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम धेरैका आचार्य र प्राचार्य हुनुहुन्छ, त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।"

---

१८६ 'अप्रमाण' को अर्थ बुझाउन अट्ठकथाले निम्न कुरा लेखेको छ -

'श्रमण गौतमको प्रमाण लिन सकिन्न' भन्ने कुरा सुनी राजगृहको एउटा ब्राह्मण, एक दिन, साठी (६०) हातको एउटा बाँस लिई राजगृह नगरको ढोकानिर उभिरह्यो । अनि भगवान् भिक्षाटनको निमित्त आउनुभएको देखेर उसले सो बाँसलाई ठाडो पारेर उभ्यायो । त्यो बाँसको टुप्पो भगवान्‌को घुँडासम्म पुगेको थियो । दोस्रो दिन दुईवटा बाँस जोडी ऊ उहीं उभिइ रह्यो । त्यसदिन पनि उसले भगवान्‌को प्रमाण लिने विचारले बाँस ठाडो पार्‍यो । तर भगवान् बाँसभन्दा अग्लो देखिनुभयो । अनि त्यस बेला भगवान्‌ले सो ब्राह्मणसँग 'ब्राह्मण के गरिरहेछौ ?' भनी भन्नुभयो । ब्राह्मणले "तपाईंको प्रमाण लिंदैछु" भनी भन्यो । अनि भगवान्‌ले "हे ब्राह्मण ! सारा चक्रवाडमा अटाउने बाँसहरूलाई जोडेर ल्याए पनि तिमीले मेरो प्रमाण लिनसक्ने छैनौ" भनी भन्नुभयो । पुनश्च-" ब्राह्मण ! तथागत अतुल छ, अप्रमाण छ । मैले दशपारमीहरू पुरा गरेको कसैले मेरो प्रमाण लिन सक्नाको लागि होइन ।"

**अर्को कथा पनि –**

राहु असुरेन्द्र चार हजार आठ सय (४,८००) योजन अग्लो छ । उसको हात बाह्र सय (१,२००) योजन छ । हत्केला र पैतालाको लम्बाइ तीन सय (३००) योजन छ । औंलाको खण्ड पचास पचास (५०) योजन छ । दुई आँखीभौंको दूरी पचास (५०) योजन छ, मुख दुई सय (२००) योजन छ, तीन सय योजन लामो र तीन सय (३००) योजन गोलाई भएको गर्दन छ । उसको ललाट तीन सय (३००) योजन छ, टाउको नौ सय (९००) योजन छ । आफूलाई अग्लो ठानी तथागतलाई हेर्न जाँदा निहुरिएर हेर्नुपर्ने हुन्छ भनी उनी तथागतको दर्शन गर्न जाँदैनथे । धेरै पटक तथागतको गुणका बखान सुनेपछि उनको मनमा तथागतको दर्शन गर्न जाने प्रबल इच्छा उठ्यो अनि एक दिन उनले जे गरेर भए पनि तथागतलाई हेर्न जानपर्‍यो भन्ने अठोट गरे । अनि उनी तथागतकहाँ गए ।

भगवान्‌ले उनको मनको कुरो बुझ्न"चार ईर्यापथहरूमध्ये कुन ईर्यापथमा उनलाई देखाऊँ ?" भनी सोच्नुभयो । उभिएर देखाऊँ भने होचो पनि अग्लो देखिन्छ । अतः लेटेर नै देखाउनुपर्‍यो भनी निश्चय गर्नुभयो । त्यसपछि आयुष्मान् आनन्दलाई बोलाई आनन्द ! गन्धकुटीको प्राङ्गणमा खाट राख भनी भन्नुभयो र त्यसमा सिंहशय्याले भगवान् लेट्नुभयो । राहु आएर लेटिरहनुभएको भगवान्‌लाई गर्दन ठाडो पारी आकाशमा पूर्णचन्द्रलाई हेरेको झैं हेरे । अनि भगवान्‌ले राहुसँग असुरेन्द्र ! के हो यस्तो ?' भनी सोध्नुहुँदा असुरेन्द्रले - 'भगवान् ! निहुरिएर हेर्नुपर्ला भनी म आजसम्म तपाईंको दर्शन गर्न नआएको हुँ' भनी प्रत्युत्तर दिए । अनि भगवान्‌ले - 'असुरेन्द्र ! मैले अधोमुख पारेर पारमी पूरा गरेको होइन, ऊर्ध्वमुख पारेर नै पारमी पूरा गरेको हुँ' भनी भन्नुभयो । सोही दिन राहु बुद्धको शरणमा गएको थियो । यसरी भगवान् दर्शनका निमित्त अप्रमाण *(अखुद्दावकासो दस्सनाय)* हुनुहुन्छ भनी सुमं. वि. पृ. २०० : सोणदण्डसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

(१०) "भो ! श्रमण गौतम कामरागरहित हुनुहुन्छ, चपलतारहित[१८७] हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम कामरागरहित[१८८] हुनुहुन्छ, चपलतारहित हुनुहुन्छ– त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(११) "भो ! श्रमण गौतम कर्मवादी क्रियावादी हुनुहुन्छ तथा निष्पापलाई[१८९] अघिल्तिर राखी ब्रह्मज्ञानी प्रजाको[१९०] *(ब्रह्माञ्ञायपजाय)* समेत हितैषी हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम कर्मवादी क्रियावादी ··· हुनुहुन्छ, सोही कारणले पनि··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।"

(१२) "भो ! श्रमण गौतम दीन-हीन क्षत्रीकुलबाट होइन; असम्भिन्न उच्च क्षत्रीकुलबाट प्रव्रजित हुनुभएको छ । भो ! जुन कारणले श्रमण गौतम दीन-हीन क्षत्रीकुलबाट होइन असम्भिन्न उच्च क्षत्रीकुलबाट प्रव्रजित हुनुभएको छ, त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(१३) "भो ! श्रमण गौतम आढ्य, महाधनी, महाभोगी कुलबाट प्रव्रजित हुनुभएको छ । भो ! जुन कारणले श्रमण गौतम आढ्य, महाधनी कुलबाट प्रव्रजित हुनुभएको छ, त्यही कारणले पनि···हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(१४) "भो ! राष्ट्रबाहिरबाट पनि र जनपद बाहिरबाट पनि प्रश्नहरू सोध्नका निमित्त श्रमण गौतमकहाँ *(मानिसहरू)* आउँछन् । भो ! जुन कारणले राष्ट्रबाहिरबाट पनि··· श्रमण गौतमकहाँ *(मानिसहरू)* आउँछन्, त्यही कारणले पनि···हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(१५) "भो ! अनेक सहस्र देवताहरू प्राणले श्रमण गौतमको शरणमा गएका छन् । भो ! जुन कारणले अनेक सहस्र देवताहरू प्राणले श्रमण गौतमको शरणमा गएका छन्, त्यही कारणले पनि···हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(१६) "भो ! "श्रमण गौतमको– 'उहाँ भगवान् अर्हत् हुनुहुन्छ, सम्यक्सम्बुद्ध हुनुहुन्छ, विद्याचरण - सम्पन्न हुनुहुन्छ, सुगत हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर हुनुहुन्छ, पुरुषदम्यसारथि हुनुहुन्छ, देवमनुष्यहरूका शास्ता हुनुहुन्छ तथा बुद्ध भगवान् हुनुहुन्छ' भन्ने कल्याणकीर्ति शब्द फैलिरहेको छ । भो ! जुन कारणले "श्रमण गौतमको – 'उहाँ भगवान् अरहत्··· तथा बुद्ध भगवान् हुनुहुन्छ' भन्ने कल्याणकीर्ति शब्द फैलिइरहेको छ – त्यही कारणले पनि···हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

---

१८७ अवश्य पनि भगवान् बुद्धका सबै क्लेशहरू क्षीण भइसकेका छन् । तर ब्राह्मणले ती सबै कुरा थाहा नपाई आफूले थाहा पाएअनुसार काम रागरहित भनी भगवान्को प्रशंसा गरेका हुन् ।

१८८ 'पात्रमण्डल, चीवरमण्डल, शयनासनमण्डल अथवा यो दूर्गन्ध शरीरको मण्डल' गर्नेलाई यहाँ 'चपलता' भनिएको हो । अतः कायमण्डनादि चपलताबाट उहाँ टाढा हुनुहुन्छ भनी भनिएको हो ।

१८९ निष्पाप भनी नवलोकोत्तर धर्मलाई भनिएको हो । अतः 'निष्पापलाई अघिल्तिर राखी' भन्नाले नवलोकोत्तर धर्मलाई अघिल्तिर राखी विचरण गर्छन् भनी भनिएको हो ।

१९० सारिपुत्र, मौद्गल्यायन तथा महाकाश्यपादि ब्रह्मज्ञानी ब्राह्मण प्रजाहरूको अघिल्तिर बसी अर्थात् यी ब्रह्मज्ञानी ब्राह्मण प्रजाहरू श्रमण गौतमको पछि-पछि लाग्छन् र उहाँ आफ्ना विरोधी ब्राह्मणहरूको समेत हितैषी हुनुहुन्छ भनी भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

(१७) "भो ! श्रमण गौतम बत्तीस महापुरुष लक्षणहरूले[१९१] सुसम्पन्न हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम बत्तीस महापुरुषलक्षणहरूले सुसम्पन्न हुनुहुन्छ, त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(१८) "भो ! श्रमण गौतम 'आऊ स्वागत छ' भनी भन्ने, मृदु बोली बोल्ने, सम्मोदनीय कुरा गर्ने, अब्भाकुटिक[१९२], उत्तानुमुख[१९३] तथा पूर्वभाषी[१९४] हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम 'आऊ स्वागत छ' भनी भन्ने ··· तथा पूर्वभाषी हुनुहुन्छ – त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(१९) "भो ! श्रमण गौतम चतुपरिषद्का बीच सत्कृत्य, गुरुकृत्य, मानित, पूजित तथा अपचित *(विशेष सम्मानित)* हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम चतुपरिषद्का बीच सत्कृत्य, ··· तथा अपचित हुनुहुन्छ – त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(२०) "भो ! श्रमण गौतममाथि धेरै देवताहरू र मानिसहरू अभिप्रसन्न छन् । भो ! जुन कारणले श्रमण गौतममाथि धेरै देवताहरू र मानिसहरू अभिप्रसन्न छन् – त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(२१) "भो ! श्रमण गौतम जुन गाउँ वा निगममा बस्नुहुन्छ त्यस गाउँ वा निगममा अमनुष्यहरूले मनुष्यहरूलाई कष्ट दिन्नन्[१९५] । भो ! जुन कारणले श्रमण गौतम जुन गाउँ वा निगममा बस्नुहुन्छ, त्यस गाँउ वा निगममा अमनुष्यहरूले मनुष्यहरूलाई कष्ट दिन्नन् – त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(२२) "भो ! श्रमण गौतम सङ्घी, गणी, गणाचार्य तथा तीर्थङ्करहरूमा अग्रणी देखिनुहुन्छ । भो ! जस्तै केही श्रमण ब्राह्मणहरूको यशलाभ–जस्तोतस्तो हुन्छ, श्रमण गौतमको यशलाभ त्यस्तो होइन । श्रमण गौतमको यशलाभ अनुपम विद्याचरणसम्पदाद्वारा भएको हो । भो ! जुन कारणले श्रमण गौतम सङ्घी, गणी, ··· देखिनुहुन्छ । भो ! जुन कारणले केही श्रमण ब्राह्मणहरूको यशलाभ जस्तोतस्तो हुन्छ, श्रमण गौतमको यशलाभ त्यस्तो होइन । श्रमण गौतमको यशलाभ अनुपम विद्याचरणसम्पदाद्वारा भएको हो – त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

---

१९१ बत्तीस महापुरुष लक्षण भनेको के-के हुन् भन्ने बारेमा तल लक्खण-सुत्त पृ. ४६७ मा उल्लेख गरिएको छ ।

१९२ केही मानिसहरू परिषद् आएको देखेर कर्कश मुख गरी अप्रसन्न अथवा अँध्यारो मुख पार्ने हुन्छन् । तर श्रमण गौतम चाहिं त्यस्ता हुनुहुन्न । परिषद्लाई देखेर सूर्यको किरणद्वारा विकसित भएका पद्मका फूलहरूझैं उहाँको मुख प्रसन्न र हँसिलो हुन्छ भन्ने अर्थले 'अब्भाकुटिक' भनिएको हो ।

१९३ जस्तै केही मानिसहरू परिषद्लाई देखेर केही कुराकानी नगरी शिर निहुराई बस्छन्, त्यसरी नै, श्रमण गौतम बस्नुहुन्न भन्ने अर्थले 'उत्तानुमुख' भनी भनिएको हो । श्रमण गौतमसँग कुराकानी गर्न सजिलो छ । 'किन यहाँ आएको होला जोसँग कुनै कुराकानी पनि हुन्न' भनी खिन्नचित्त लिएर फर्केर जानुपर्ने अवस्था हुन्न । बुद्धकहाँ आउँदा कुनै न कुनै धर्मका कुराहरू सुनेर मानिसहरू प्रसन्न नै हुन्छन् भनी भनिएको हो ।

१९४ 'पूर्वभाषी' भनेको पहिले कुरा गर्ने । उहाँकहाँ आएका मानिसहरूसँग बुद्धले आफैंले पहिले कुरा सुरु गर्नुहुन्छ । त्यो पनि समयोचित्त, प्रमाणयुक्त तथा अर्थयुक्त कुरा गर्नुहुन्छ । निरर्थक कुरा भने गर्नुहुन्न भनी भनिएको हो ।

१९५ जहाँ भगवान् बस्नुहुन्छ, त्यस ठाउँमा महाप्रभावशाली देवताहरूले आरक्षा गर्छन् । त्यसैको कारणले मनुष्यहरूमाथि कुनै उपद्रव हुन्न । जुन पंशुपिशाचादिहरूले मनुष्यहरूलाई कष्ट, पीडा र उपद्रव गर्न सक्ने हुन्, त्यो पनि उनीहरूले गर्न सक्दैनन् र देवताहरूको प्रभावद्वारा उनीहरू धेरै पर जान्छन् । हुनत, बुद्धको आफ्नै मैत्रीचित्तको प्रभावले पनि त्यस्तो कुनै कष्ट आउन दिंदैन ।

Downloaded from http://www.dhamma.digital

(२३) "भो ! मगधराजा सेनीय बिम्बिसार पुत्रसहित, भार्यासहित, परिषद्सहित, अमात्यसहित प्राणले श्रमण गौतमको शरणमा गएका छन् । भो ! जुन कारणले मगधराजा सेनीय बिम्बिसार पुत्रसहित, ··· अमात्यसहित प्राणले श्रमण गौतमको शरणमा गएका छन्, त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(२४) "भो ! प्रसेनजित् कोशल राजा पुत्रसहित, भार्यासहित, परिषद्सहित, अमात्यसहित प्राणले श्रमण गौतमको शरणमा गएका छन् । भो ! जुन कारणले प्रसेनजित् कोशलराजा पुत्रसहित, ··· प्राणले श्रमण गौतमको शरणमा गएका छन्, त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(२५) "भो ! पुष्करसाति *(पोक्खरसाति)* ब्राह्मण पुत्रसहित, भार्यासहित, परिषद्सहित, अमात्यसहित, प्राणले श्रमण गौतमको शरणमा गएका छन् । भो ! जुन कारणले पुष्करसाति ब्राह्मण, ··· अमात्यसहित प्राणले श्रमण गौतमको शरणमा गएका छन्, त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(२६) "भो ! श्रमण गौतम मगधराजा सेनीय बिम्बिसारद्वारा सत्कृत्य, गुरुकृत्य, मानित, पूजित तथा अपचित हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम मगधराजा सेनीय बिम्बिसारद्वारा सत्कृत्य, गुरुकृत्य, ··· तथा अपचित हुनुहुन्छ, त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(२७) "भो ! श्रमण गौतम प्रसेनजित् कोशल राजाद्वारा सत्कृत्य, गुरुकृत्य, ··· तथा अपचित हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम प्रसेनजित् कोशल राजाद्वारा सत्कृत्य, गुरुकृत्य, ··· तथा अपचित हुनुहुन्छ, त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(२८) "भो ! श्रमण गौतम पुष्करसाति ब्राह्मणद्वारा सत्कृत्य, गुरुकृत्य, ··· तथा अपचित हुनु हुन्छ । भो ! जुन कारणले श्रमण गौतम पुष्करसातिद्वारा सत्कृत्य, गुरुकृत्य, ··· तथा अपचित हुनुहुन्छ, त्यही कारणले पनि ··· हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ ।

(२९) "भो ! श्रमण गौतम अहिले चम्पामा आई चम्पाको गग्गरा पुष्करिणीको तीरमा विहार गर्दै हुनुहुन्छ । भो ! जुनसुकै श्रमण वा ब्राह्मण हाम्रो गाउँ क्षेत्रमा आउँछन् भने उनीहरू हाम्रा अतिथि हुन्छन् । हामीले अतिथिलाई सत्कार, गौरव, मान, पूजा तथा अपचायन गर्नुपर्छ । भो ! जुन कारणले श्रमण गौतम अहिले चम्पामा आई चम्पाको गग्गरा पुष्करिणीको तीरमा विहार गर्दै हुनुहुन्छ, श्रमण गौतम हाम्रा अतिथि हुनुहुन्छ – हामीले अतिथिलाई सत्कार, गौरव, मान, पूजा तथा अपचायन गर्नुपर्छ । त्यही कारणले पनि उहाँ आदरणीय गौतम हामीहरूको दर्शन गर्न आउन योग्य छैन; बरू हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ । भो ! उहाँ आदरणीय गौतमको वर्णन यत्ति नै म जान्दछु । किन्तु उहाँ आदरणीय गौतम यति मात्र गुण भएका हुनुहुन्न । उहाँ आदरणीय गौतम अपरिमित गुण भएका हुनुहुन्छ ।"

६. यस्तो भन्दा ती ब्राह्मणहरूले सोणदण्ड ब्राह्मणलाई यस्तो भने– "जस्तो तपाईं सोणदण्ड ब्राह्मण श्रमण गौतमको गुणको वर्णन गर्नुहुन्छ, *(त्यस अनुसार त)* उहाँ आदरणीय गौतम यहाँबाट सय योजन टाढा बस्नुभए तापनि श्रद्धालु कुलपुत्रहरू बाटोखर्च *(पाथेय)* लिएर भए पनि उहाँको दर्शन गर्न जानु योग्य नै छ । अतः हामी सबै जना श्रमण गौतमको दर्शन गर्न जाऔं ।"

Downloaded from http://www.dhamma.digital

## २. सोणदण्ड ब्राह्मण बुद्धकहाँ

७. अनि सोणदण्ड ब्राह्मण विशाल ब्राह्मणहरूका साथ जहाँ गग्गरा पुष्करिणी थियो त्यहाँ गए । अनि वनखण्ड भित्र गइरहेका *(विहार भित्र गइरहेका)* सोणदण्ड ब्राह्मणको मनमा यस्तो वितर्कना उठ्यो – (क) "यदि म श्रमण गौतमसँग प्रश्न सोधूँ, अनि त्यहाँ श्रमण गौतमले मलाई – 'ब्राह्मण ! यो प्रश्न यसरी सोधिने होइन, ब्राह्मण ! यो प्रश्न यसरी सोधिनुपर्छ' भनी भन्नुभएको खण्डमा यसबाट मलाई यो परिषद्ले–'यो ब्राह्मण मूर्ख रहेछन्, अव्यक्त रहेछन्, बुद्धि पुऱ्याई श्रमण गौतमसँग प्रश्न पनि सोध्न सक्ता रहेनछन्' भनी परिभाषा गर्नेछन् । जसलाई यो परिषद्ले परिभाषा गर्छ, उसको यश परिहानि हुनेछ । जसको यश परिहानि हुनेछ, उसको भोगसम्पत्ति पनि परिहानि हुनेछ । हाम्रो भोगसम्पत्ति भने यशद्वारा नै लाभ हुन्छ ।"

(ख) "यदि श्रमण गौतमले मसँग प्रश्न सोध्नुभयो र प्रश्नको उत्तरद्वारा मैले उहाँको चित्तलाई सन्तुष्ट पार्न सकिन भने अनि त्यहाँ श्रमण गौतमले मलाई– 'ब्राह्मण ! यो प्रश्नको उत्तर यसरी दिइन्न, ब्राह्मण ! यो प्रश्नको उत्तर यसरी दिइनुपर्छ' भनी भन्नुभएको खण्डमा यसबाट मलाई यो परिषद्ले– 'यी ब्राह्मण मूर्ख रहेछन्, अव्यक्त रहेछन्, बुद्धि पुऱ्याई श्रमण गौतमको चित्तलाई प्रश्नको उत्तरद्वारा रिझाउन पनि सक्ता रहेनछन्' भनी परिभाष गर्नेछ । जसलाई यो परिषद्ले परिभाष गर्छ उसको यश परिहानि हुनेछ । जसको यश परिहानि हुनेछ, उसको भोगसम्पत्ति पनि परिहानि हुनेछ । हाम्रो भोगसम्पत्ति भने यशद्वारा नै लाभ हुन्छ ।

(ग) "यति समीपमा आइसकेर पनि यदि म श्रमण गौतमलाई नहेरीकनै फर्केर गएँ भने – यस सम्बन्धमा परिषद्ले मलाई परिभाष गर्नेछ – 'यी सोणदण्ड ब्राह्मण मूर्ख, अव्यक्त, अभिमानी तथा डरपोक रहेछन्; यी सोणदण्ड ब्राह्मण श्रमण गौतमको दर्शन गर्न अगिल्तिर जान सकेनन् । यति नजिक आएर पनि श्रमण गौतमको दर्शन नगरीकन कसरी फर्केर गएका हुन् !' जसलाई यो परिषद्ले परिभाष गर्छ, उसको यश परिहानि हुनेछ । जसको यश परिहानि हुनेछ उसको भोगसम्पत्ति पनि परिहानि हुनेछ । हाम्रो भोगसम्पत्ति भने यशद्वारा नै लाभ हुन्छ ।"

८. अनि सोणदण्ड ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो, त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । चम्पाका ब्राह्मण गृहपतिहरूमध्येका केही भगवान्ले अभिवादन गरी एक छेउमा बसे; केहीले भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । केहीले जहाँ भगवान् हुनुहुन्थ्यो, त्यहाँ दुवैहात जोरी नमस्कार गरी[१९६] एक छेउमा बसे । केहीले *(आ-आफ्नो)* नाम र गोत्र सुनाई[१९७] एक छेउमा बसे ।

---

१९६ जो ती दुवै पक्षतिर लागेर कुरा गर्ने हुन्, उनीहरूले यस्तो सोचे– "यदि कुनै मिथ्यादृष्टिहरूले हामीलाई– 'श्रमण गौतमलाई किन वन्दना गरेको ?' भनी भन्दछन् भने उनीहरूलाई – 'के, दुई हात जोरी नमस्कार गर्दैमा वन्दना गरेको हुन्छ र ?' भनी भन्नेछौं । यदि कुनै सम्यक्दृष्टिले हामीलाई – 'किन भगवान्लाई वन्दना नगरेको ?' भनी भनेमा – 'के, टाउको भुइमा बजारी वन्दना गरेको वन्दना हुन्छ र ? नमस्कार गरेको मात्र वन्दना होइन ?' भनी भन्नेछौं ।

१९७ "भो गौतम ! म फलानाको छोरा 'दत्त' हुँ, 'मित्र' हुँ" भनी सुनाउनेले आफ्नो नाम सुनाएको र जसले "भो गौतम ! म 'वासेट्ठ' हुँ, 'कच्चायन' हुँ भनी सुनाउँछ, उसले गोत्रको नाम सुनाएको हुन्छ । तिनीहरू दरिद्र जीर्ण कुलपुत्रहरू हुन्, जो सभाषद्मा आफ्नो नाम र गोत्रद्वारा प्रसिद्ध हुन चाहन्छन् ।

Downloaded from http://www.dhamma.digital

केही तूष्णी भई[१९८] एक छेउमा बसे ।

९. त्यहाँ पनि धेरैजसो सोही कुराकै वितर्कना गर्दै सोणदण्ड ब्राह्मण बसेका थिए । (क) "अहो ! यदि म श्रमण गौतमसँग प्रश्न सोधूँ, अनि त्यहाँ, श्रमण गौतमले मलाई– 'ब्राह्मण ! यो प्रश्न यसरी सोधिने होइन, ब्राह्मण ! यो प्रश्न यसरी सोधिनुपर्छ' भनी भन्नुभएको खण्डमा यसबाट मलाई यो परिषद्ले – 'यी ब्राह्मण मूर्ख रहेछन्, अव्यक्त रहेछन्, बुद्धि पुऱ्याई श्रमण गौतमसँग प्रश्न पनि सोध्न सक्ता रहेनछन्' भनी परिभाष गर्नेछ । जसलाई यो परिषद् परिभाष गर्छ उसको यश परिहानि हुनेछ । जसको यश परिहानि हुनेछ, उसको भोगसम्पति पनि परिहानि हुनेछ । हाम्रो भोगसम्पत्ति भने यशद्वारा नै लाभ हुन्छ । (ख) यदि श्रमण गौतमले मसँग प्रश्न सोध्नुभयो र प्रश्नको उत्तरद्वारा मैले उहाँको चित्तलाई सन्तुष्ट पार्न सकिन भने त्यहाँ श्रमण गौतमले मलाई– 'ब्राह्मण ! यो प्रश्नको उत्तर यसरी दिइन्न, ब्राह्मण ! यो प्रश्नको उत्तर यसरी दिइनुपर्छ' भनी भन्नुभएको खण्डमा यसबाट मलाई यो परिषद्ले– 'यी ब्राह्मण मूर्ख रहेछन्, अव्यक्त रहेछन्, बुद्धि पुऱ्याई श्रमण गौतमको चित्तलाई प्रश्नको उत्तरद्वारा रिझाउन पनि सक्ता रहेनछन्' भनी परिभाष गर्नेछ । जसलाई यो परिषद्को परिभाष गर्छ, उसको यश परिहानि गर्नेछ । जसको यश परिहानि हुनेछ, उसको भोगसम्पत्ति पनि परिहानि हुनेछ । हाम्रो भोगसम्पत्ति भने यशद्वारा नै लाभ हुन्छ । (ग) यति नजिक आइसकेर पनि यदि म श्रमण गौतमलाई नहेरीकनै फर्केर जाउँ भने यस सम्बन्धमा यो परिषद्ले मलाई परिभाष गर्नेछ– 'यी सोणदण्ड ब्राह्मण मूर्ख, अव्यक्त, अभिमानी र डरपोक रहेछन्; यी सोणदण्ड ब्राह्मण श्रमण गौतमको दर्शन गर्न अगिल्तिर जान सकेनन् । यति समीप आएर पनि श्रमण गौतमको दर्शन नगरीकनै कसरी फर्की गएका हुन् ! !' जसलाई यो परिषद्ले परिभाष गर्छ, उसका यश परिहानि हुनेछ । जसको यश परिहानि हुनेछ, उसको भोगसम्पत्तिको पनि परिहानि हुनेछ । हाम्रो भोगसम्पत्तिको भने यशद्वारा नै लाभ हुन्छ । अहो ! यदि श्रमण गौतमले स्व-आचार्यहरूको त्रिविद्याका सम्बन्धमा प्रश्न सोध्नुभए हुन्थ्यो । जसका सम्बन्धमा अवश्य पनि म प्रश्न उत्तरद्वारा *(उहाँको)* चित्तलाई सन्तुष्ट पार्न सक्नेथिएँ ।"

## ३. कति कारणले ब्राह्मण होइन्छ ?

१०. अनि ब्राह्मणको चित्तलाई *(आफ्नो)* चित्तले जानी[१९९] भगवान्लाई यस्तो लाग्यो– "यी सोणदण्ड ब्राह्मण आफ्नै चित्तमा डराउँदैछन् । अतः किन मैले सोणदण्ड ब्राह्मणसँग स्व-आचार्यको त्रिविद्याका सम्बन्धमा प्रश्न नसोधूँ ?" अनि भगवान्ले सोणदण्ड ब्राह्मणलाई यसो भन्नुभयो – "ब्राह्मण ! कति अङ्गले युक्त हुनेलाई ब्राह्मणहरू ब्राह्मण भन्दछन् *(पञ्ञपेन्ति)* ? जसले 'ब्राह्मण हुँ' भनी बताउँदा सत्य पनि बताएको हुन्छ र असत्य पनि बताएको हुन्न ?"

---

१९८ जो तूष्णी भई अथवा चुप लागेर बस्छन्, उनीहरू केराटिक अथवा मूढ स्वभावका हुन्छन् । त्यहाँ केराटिक स्वभाव हुनेले– "एक दुईवटा कुरा गर्दा पनि विश्वास उत्पन्न हुन सक्छ । विश्वास उत्पन्न भएपछि केही न केही नदिनु उपयुक्त हुन्न" भन्ने सोची आफूलाई त्यसबाट बचाउनका निमित्त चुप लागेर बस्छन् । अज्ञानी मूढहरूचाहिं आफ्नै अज्ञानको कारणले गर्दा खसालेको माटाको डल्लोजस्तै जहाँ पायो त्यहाँ चुप लागेर बस्छन् । सुमं वि. I पृ. २०३: सोणदण्डसुत्तवण्णना ।

१९९ 'चित्तलाई चित्तले जानी' भनेको – जब भगवान्ले यी ब्राह्मण के सोच्दैआएका रहेछन् भनी हेर्नुभयो तब– 'यी ब्राह्मण यहाँ आएदेखि नै शरीर स्तब्ध राखी मनमनै डराउँदै अधोमुख गरी आएका छन् ।' आफ्नो अमानुषीय दिव्यज्ञानद्वारा यति जान्नुभएपछि उहाँले फेरि 'के कारणले यिनी डराएका रहेछन्' भनी विचार गर्नुहुँदा उनले सोचेर आएका कारणहरू जम्मै बुझ्नुभयो । त्यसैले सूत्रमा 'चित्तलाई चित्तले जानी' भनी उल्लेख भएको हो ।

Downloaded from http://www.dhamma.digital

११. अनि सोणदण्ड ब्राह्मणको मनमा यस्तो लाग्यो– "'अहो ! श्रमण गौतमले मसँग स्व-आचार्यहरूको त्रिविद्याका सम्बन्धमा प्रश्न सोध्नुभएको खण्डमा अवश्य पनि मैले उहाँको चित्तलाई प्रश्नको उत्तरद्वारा सन्तुष्ट पार्ने थिएँ' भन्ने जो मेरो इच्छा, आकाङ्क्षा, अभिप्राय र प्रार्थना थियो, सोहीअनुसार यहाँ श्रमण गौतमले स्व-आचार्यहरूको त्रिविद्या सम्बन्धी प्रश्न सोध्दै हुनुहुन्छ, अवश्य पनि उहाँको चित्तलाई प्रश्नको उत्तरद्वारा म सन्तुष्ट पार्न सक्नेछु ।"

१२. त्यसपछि सोणदण्ड ब्राह्मणले आफ्नो शरीर ठाडो पारी परिषद्लाई हेरी[२००] भगवान्लाई यस्तो भने– "भो गौतम ! पाँच अङ्गले युक्त हुने ब्राह्मणलाई ब्राह्मणहरू 'ब्राह्मण' भन्दछन् *(पञ्ञपेन्ति)* । जसले 'ब्राह्मण हुँ' भनी बताउँदा सत्य पनि बताएको हुन्छ र असत्य पनि बताएको हुन्न । कुन पाँच भने ?–

"(१) भो गौतम ! यहाँ ब्राह्मण दुवैतिरबाट सुजात हुन्छ– आमाबाट पनि, बाबुबाट पनि शुद्ध गर्भधारण गरेको हुन्छ – सातपुस्ता, अघिदेखि शुद्ध हुन्छ, जातिवादबाट कुनै खोट नलागेको हुन्छ (२) अध्यायक *(अध्यापक)*, मन्त्रधर, तीनै वेदमा पारङ्गत हुन्छ, निघण्टु, कौस्तुभ, अर्थप्रभेद र इतिहाससहित पाँचै शास्त्र, व्याकरण, लोकायत, महापुरुष लक्षणशास्त्रमा पनि निपुण हुन्छ । (३) अभिरूप, दर्शनीय, प्रासादिक, परम सुन्दरताले युक्त, ब्रह्माजस्तै ब्रह्मवादी तथा दर्शनका निमित्त अप्रमाण *(सुन्दर)* हुन्छ *(अखुद्दावकासो दस्सनाय)* । (४) शीलवान्, वृद्धशील, वृद्धशीलले सम्पन्न हुन्छ । (५) पण्डित पनि हुन्छ र मेघावी पनि; सुजा *(यज्ञ गर्नका लागि ग्रहण गरिने सुरो)* ग्रहण गर्नेहरूमध्ये पहिलो वा दोस्रो हुन्छ ।

"भो गौतम ! यिनै पाँच अङ्गले युक्त हुने ब्राह्मणलाई ब्राह्मणहरू 'ब्राह्मण' भन्दछन् । जसले 'ब्राह्मण हुँ' भनी बताउँदा सत्य पनि बताएको हुन्छ र असत्य पनि बताएको हुन्न ।"

(क) "ब्राह्मण ! यी पाँचवटा-अङ्गहरूमध्ये एउटालाई छाडी बाँकी चारवटा अङ्गहरूले युक्त हुनेलाई ब्राह्मणहरू 'ब्राह्मण' भन्दछन् के[२०१] ! जसले 'ब्राह्मण हुँ' भनी बताउँदा सत्य पनि बताएको हुन्छ र असत्य पनि बताएको हुन्न ?"

"भो गौतम ! सकिन्छ । भो गौतम ! भनौं कि यी पाँचवटा अङ्गहरूमध्येको वर्ण *(रूप)* लाई छाडौं । वर्णले के गर्छ र ? भो गौतम ! (१) जब ब्राह्मण दुवैतिरबाट सुजात हुन्छ – आमाबाट पनि, बाबुबाट पनि शुद्ध गर्भ धारण गरेको हुन्छ, सात पुस्ताअघिदेखि शुद्ध हुन्छ, जातिवादबाट कुनै खोट लागेको हुन्न; (२) अध्यापक हुन्छ, मन्त्रधर हुन्छ, तीनै वेदमा पारङ्गत हुन्छ, निघण्टु, कौस्तुभ, अर्थप्रभेद र इतिहाससहित पाँचै शास्त्र, व्याकरण, लोकायत, महापुरुष लक्षणशास्त्रमा निपुण हुन्छ; (३) शीलवान्, वृद्धशील हुन्छ, वृद्धशीलले सम्पन्न हुन्छ; (४) पण्डित पनि हुन्छ र मेधावी पनि; सुजा *(सूरो)* ग्रहण गर्नेहरूमध्ये पहिलो वा दोस्रो हुन्छ । भो गौतम ! तब यी चारवटा अङ्गहरूले युक्त हुनेलाई ब्राह्मणहरू 'ब्राह्मण' भन्दछन् । जसले 'ब्राह्मण हुँ' भनी बताउँदा सत्य पनि बताएको हुन्छ र असत्य पनि बताएको हुन्न ।"

---

२०० जब आफूले चिताए बमोजिम भगवान्ले प्रश्न सोध्नुभयो तब पानीमा डुबेर मर्नलागिरहेकोलाई भगवान्को प्रश्नद्वारा पानीबाट निकाली भुईंमा राखिदिएको जस्तो आश्वस्त भई साँस फेरेर 'हेर, अब प्रश्नको उत्तर !' भनेको जस्तो गरी मनमा राखी शरीर ठाडो पारी आफ्नो परिषद्लाई हेरेका हुन् भनी सुमं. वि. I. पृ.२०३ : सोणदण्डसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२०१ जब ब्राह्मणले ब्राह्मण सिद्धान्तअनुसार प्रश्नको ठीक उत्तर दिए, तब भगवान्ले विशेष गरी उत्तम प्रकारका ब्राह्मणहरू देखाउने विचारले उनीसँग यी प्रश्नहरू सोध्नुभएको हो भनी सुमं. वि. I. पृ. २०४ : सोणदण्डसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

(ख) "ब्राह्मण ! यी चारवटा अङ्गहरूमध्ये कुनै एउटालाई छाडी बाँकी तीनवटा अङ्गहरूले युक्त हुनेलाई ब्राह्मणहरू 'ब्राह्मण' भन्दछन् के ? जसले 'ब्राह्मण हुँ' भनी बताउँदा सत्य पनि बताएको हुन्छ र असत्य पनि बताएको हुन्न ?"

"भो गौतम ! सकिन्छ । भो गौतम ! भनौं कि यी चारवटा अङ्गहरूमध्येको मन्त्र *(वेद)* लाई छाडौं । मन्त्रले के गर्छ र ? भो गौतम ! (१) जब ब्राह्मण दुवैतिरबाट सुजात हुन्छ – आमाबाट पनि, बाबुबाट पनि ···[२०२], (२) शीलवान्, वृद्धशील हुन्छ, वृद्धशीलले सम्पन्न हुन्छ; (३) पण्डित पनि हुन्छ मेधावी पनि; सुजा ग्रहण गर्नेहरूमध्ये पहिलो वा दोस्रो हुन्छ । भो गौतम ! तब यी तीनवटा अङ्गहरूले युक्त हुनेलाई ब्राह्मणहरू 'ब्राह्मण' भन्दछन् । जसले 'ब्राह्मण हुँ' भनी बताउँदा सत्य पनि बताएको हुन्छ र असत्य पनि बताएको हुन्न ।"

(ग) "ब्राह्मण ! यी तीनवटा अङ्गहरूमध्ये कुनै एउटालाई छाडी बाँकी दुईवटा अङ्गहरूले युक्त हुनेलाई ब्राह्मणहरू 'ब्राह्मण' भन्दछन् के ? जसले ' ब्राह्मण हुँ' भनी बताउँदा सत्य पनि हुन्छ र असत्य पनि बताएको हुन्न ?"

१३. "भो गौतम ! सकिन्छ । भो गौतम ! भनौं कि यी तीनवटा अङ्गहरूमध्ये जाति *(जात)* लाई छाडौं । जातले के गर्छ र ? भो गौतम ! (१) जब ब्राह्मण शीलवान्, वृद्धशील हुन्छ, वृद्धशीलले सम्पन्न हुन्छ; (२) पण्डित पनि हुन्छ मेधावी पनि; सुजा ग्रहण गर्नेहरूमध्ये पहिलो वा दोस्रो हुन्छ । भो गौतम ! तब यी दुईवटा अङ्गहरूले युक्त हुनेलाई ब्राह्मणहरू 'ब्राह्मण' भन्दछन् । जसले ' ब्राह्मण हुँ' भनी बताउँदा सत्य पनि बताएको हुन्छ र असत्य पनि बताएको हुन्न ।"

१४. यस्तो भन्दा, ती ब्राह्मणहरूले *(सभासद्का ब्राह्मणहरूले)* सोणदण्ड ब्राह्मणलाई यस्तो भने – "तपाईं सोणदण्ड यस्तो नभन्नुहोस्[२०३] । तपाईं सोणदण्ड यस्तो नभन्नुहोस् । तपाईं सोणदण्ड वर्णलाई अपवाद *(खण्डन)* गर्दैहुनुहुन्छ, मन्त्र *(वेद)* लाई अपवाद गर्दैहुनुहुन्छ, जाति *(जात)* लाई अपवाद गर्दै हुनुहुन्छ । तपाईं सोणदण्ड श्रमण गौतमकै वादभित्र जाँदैहुनुहुन्छ[२०४] ।"

१५. अनि भगवान्ले यसो भन्नुभयो[२०५]– "यदि तपाईंहरूलाई– 'यी सोणदण्ड ब्राह्मण अल्पश्रुत छन्, यी सोणदण्ड ब्राह्मण अ-कल्याणभाषी छन्, यी सोणदण्ड ब्राह्मण यस विषयमा श्रमण गौतमसँग छलफल गर्न सक्दैनन्' भन्ने लागेमा सोणदण्ड ब्राह्मण चुप लागून्; तपाईंहरू मसँग छलफल गर्नुहोस् । यदि तपाईं ब्राह्मणहरूलाई– 'यी सोणदण्ड ब्राह्मण बहुश्रुत छन्, यी सोणदण्ड ब्राह्मण कल्याणभाषी छन्,

---

२०२ माथिको (क) को (१) मा झैं पढ्नुहोला ।

२०३ यी सोणदण्ड ब्राह्मणले त जातिवादलाई पनि खण्डन गर्दैछन् । यदि जाति, वर्ण तथा मन्त्रद्वारा ब्राह्मण नहुने भए अरु केले हुन्छ त ? अवश्य पनि यिनको कुरालाई प्रतिक्षेप गर्नुपर्छ भन्ने लागेपछि त्यहाँ भेला भएका ती ब्राह्मणहरूले होहल्ला मचाउँदै यसो भनेका हुन् भनी सुमं. वि. I. पृ. २०४ : सोणदण्डसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२०४ 'श्रमण गौतमकै वादभित्र जाँदै हुनुहुन्छ' भन्नाको अभिप्राय-यदि तपाईं आफ्नो प्रसन्नताको कारणद्वारा "श्रमण गौतमकै शरणमा जान चाहनुहुन्छ भने जानुहोस्; हामीलाई यसमा केही भन्नु छैन । तर यसको कारणले किन जातिवादको खण्डन, तिरस्कार अथवा अपवाद गर्नुहुन्छ ? भनी भनिएको हो ।

२०५ भगवान्ले किन बीचमा कुरा काट्नुभएको रहेछ भने ?– जब सबै ब्राह्मणहरू आकाश थर्किने जस्तै गरी एकसाथ हल्ला गरी कराउन थाले तब भगवान्लाई 'यस्तो होहल्ला भएको खण्डमा जुन विषय लिएर कुराकानी हुँदैछ, त्यो कुरा टुँगिने छैन । अतः यिनीहरूलाई शान्त पारी चलिरहेको विषय सम्बन्धमा कुरा चलाउनुपर्‍यो' भन्ने लागेर भगवान्ले– 'यदि तपाईं ब्राह्मणहरूलाई ···' भन्ने आदि कुरा अगाडि भन्नुभएको हो भनी सुमं. वि. I. पृ. २०४ : सोणदण्डसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

यी सोणदण्ड ब्राह्मण यस विषयमा श्रमण गौतमसँग छलफल गर्न सक्छन्' भन्ने लागेमा तपाईं ब्राह्मणहरू चुप लाग्नुहोस्; सोणदण्ड ब्राह्मण मसँग छलफल गरून् ।"

१६. यस्तो भन्नुहुँदा, सोणदण्ड ब्राह्मणले भगवान्लाई यस्तो भने– "तपाईं गौतम पर्खनुहोस्, तपाईं गौतम चुपलाग्नु होस् । यिनीहरूलाई कारणसहित *(सहधम्मेहि)* मै प्रत्युत्तर दिनेछु ।" अनि सोणदण्ड ब्राह्मणले ती ब्राह्मणहरूलाई यस्तो भने – "तपाईंहरू यस्तो नभन्नुहोस्, तपाईंहरू यस्तो नभन्नुहोस् कि – 'तपाईं सोणदण्ड वर्णलाई अपवाद *(खण्डन)* गर्दै हुनुहुन्छ, मन्त्र *(वेद)* लाई अपवाद गर्दै हुनुहुन्छ, जातिलाई अपवाद गर्दै हुनुहुन्छ ।' मैले वर्णलाई वा मन्त्रलाई वा जातिलाई अपवाद *(खण्डन)* गरेको छैन ।"

१७. त्यसबखत त्यहाँ, सोणदण्डका भाञ्जा अङ्गक भन्ने माणवक त्यस परिषद्मा बसेका थिए । अनि सोणदण्ड ब्राह्मणले ती ब्राह्मणहरूलाई यस्तो भने – "के, तपाईंहरू यी मेरा भाञ्जा अङ्गक माणवकलाई देख्नुहुन्छ ?"

"भो ! देख्दछौं ।"

"भो ! अङ्गक माणवक अभिरूप, दर्शनीय, प्रासादिक, परमसुन्दरताले सम्पन्न, ब्रह्माजस्तै ब्रह्मवर्णी र दर्शन गर्न अप्रमाण सुन्दर छन् । उनी समान रूपमा सुन्दर भएका यस परिषद्मा अरू कोही छैन, सिवाय श्रमण गौतम । अङ्गक माणवक अध्यायक, तीनै वेदमा पारङ्गत र निपुण छन् । मैले उनलाई सिकाइदिएको हुँ । अङ्गक माणवक दुवैतिरबाट सुजात छन् ··· जातिवादबाट कुनै खोट लागेका छैनन् । उनका आमा-बाबुलाई म चिन्दछु । *(भनौं कि)* अङ्गक माणवक प्राणीघात पनि गर्छन्, चोरी पनि गर्छन्, झूटो पनि बोल्छन् तथा मद्यपान पनि गर्दछन् भने – भो ! अब यहाँ, वर्णले के गर्न सक्छ ? मन्त्रले के गर्न सक्छ ? र जातिले के गर्न सक्छ त[२०६] ! जहाँ ब्राह्मण शीलवान् वृद्धशीलले सम्पन्न हुन्छ, पण्डित र मेधावी ··· हुन्छ भने – भो ! त्यहाँ यी दुई अङ्गहरूले सम्पन्न हुने ब्राह्मणलाई ब्राह्मणहरू 'ब्राह्मण' भन्दछन् । जसले 'ब्राह्मण हुँ' भनी बताउँदा सत्य पनि बताएको हुन्छ र असत्य पनि बताएको हुन्न ।"

## शील प्रज्ञा कथा

१८. "ब्राह्मण ! यो दुईटा अङ्गहरूमध्येमा एउटालाई छाडी बाँकी अर्को अङ्गले युक्त हुनेलाई ब्राह्मणहरू 'ब्राह्मण' भन्दछन् के ? जसले 'ब्राह्मण हुँ' भनी बताउँदा सत्य पनि बताएको हुन्छ र असत्य पनि बताएको हुन्न ?"

"भो गौतम ! हुन सक्दैन । भो गौतम ! शीलद्वारा परिशोधित प्रज्ञा हो, प्रज्ञाद्वारा परिशोधित शील हो । जहाँ शील छ, त्यहाँ प्रज्ञा छ, जहाँ प्रज्ञा छ, त्यहाँ शील छ । शीलवान्बाट प्रज्ञा हुन्छ, प्रज्ञावान्बाट शील हुन्छ । शील-प्रज्ञा नै यो लोकमा अग्र देखिन्छ । भो गौतम ! जस्तै हातले हात धोइन्छ वा खुट्टाले खुट्टा धोइन्छ । त्यसैगरी – भो गौतम ! शील परिशोधित प्रज्ञा र प्रज्ञा परिशोधित शील हुन्छ । जहाँ शील छ, त्यहाँ प्रज्ञा छ, जहाँ प्रज्ञा छ, त्यहाँ शील छ । शीलवान्बाट प्रज्ञा हुन्छ, प्रज्ञावान्बाट शील हुन्छ । शील-प्रज्ञा नै यो लोकमा अग्र देखिन्छ ।"

---

२०६ भनाईको तात्पर्य–अभ्यन्तरमा गुणधर्म नभएको खण्डमा जातले मात्र के गर्न सक्छ र ? कसरी जातले ब्राह्मण-गुणको रक्षा गर्न सक्ला र ? भनी भनिएको हो । प्रकृति शील-स्वभावद्वारा ब्राह्मणत्वको रक्षा हुन्छ भन्ने हो भने त्यसमा पनि शीलले नै रक्षा गरेको देखिन्छ, शीलद्वारा नै साधन हुन्छ । शील नभएको खण्डमा ब्राह्मणभाव रहेको ठहरिँदैन । अतः वर्ण आदि त केवल सम्मोह मात्रका लागि हो ।

यति कुरा सुनेपछि 'आचार्यले सत्य तथा स्वभावकै कुरा भन्नुभएको छ' भन्दै ती ब्राह्मणहरू शान्त भएर चुप लागेर बसे । अनि फेरि भगवान्ले अगाडि कुरा उठाउनुभयो ।

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! यस्तै हो, ब्राह्मण ! यस्तै हो । शीलद्वारा[२०७] परिशोधित प्रज्ञा हुन्छ, प्रज्ञाद्वारा परिशोधित शील हुन्छ । जहाँ शील छ त्यहाँ प्रज्ञा छ, जहाँ प्रज्ञा छ त्यहाँ शील छ । शीलवान्‌बाट प्रज्ञा हुन्छ, प्रज्ञावान्‌बाट शील हुन्छ । शील-प्रज्ञा नै यो लोकमा अग्र देखिन्छ । ब्राह्मण ! जस्तै–हातले हात धोइन्छ वा खुट्टाले धोइन्छ । त्यस्तैगरी– ब्राह्मण ! शील परिशोधित प्रज्ञा र प्रज्ञा परिशोधित शील हुन्छ । जहाँ शील छ त्यहाँ प्रज्ञा छ । जहाँ प्रज्ञा छ त्यहाँ शील छ । शीलवान्‌बाट प्रज्ञा हुन्छ, प्रज्ञावान्‌बाट शील हुन्छ, शील-प्रज्ञा नै यो लोकमा अग्र देखिन्छ । *(अनि फेरि भगवान्‌ले यस्तो सोध्नुभयो ...)*"

१९. "ब्राह्मण ! त्यसोभए, *(तिमीले जुन शील भनी भन्यौ)* त्यो शील कुन हो त ? त्यो प्रज्ञा कुन हो त[२०८] ?"

"भो गौतम ! यस विषयमा हामी यति नै जान्दछौं [२०९] । यस सम्बन्धी अर्थ तपाईं गौतमले नै बताउनुभए बढिया हुनेछ ।"

"ब्राह्मण ! त्यसोभए सुन, राम्ररी मनमा राख, भन्नेछु ।"

"हवस्, भो !" भनी सोणदण्ड ब्राह्मणले भगवान्‌लाई प्रत्युत्तर दिए । भगवान्‌ले यसो भन्नुभयो–

"ब्राह्मण ! यहाँ, तथागत अरहत् सम्यक्‌सम्बुद्ध ... [२१०] यस लोकमा उत्पन्न हुनुहुन्छ । उहाँले ... [२११] परिशुद्ध भएको ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ । अनि त्यो धर्मलाई गृहपति वा गृहपति पुत्रले अथवा अरू कुनै कुलमा जन्मेकाले सुन्दछ ...[२१२] ब्राह्मण ! यसरी भिक्षु शीलसम्पन्न हुन्छ । ब्राह्मण ! यही त्यो शील हो । अनि ऊ ... प्रथमध्यान प्राप्त गरी ... [२१३] द्वितीयध्यान प्राप्तगरी, ... तृतीयध्यान प्राप्तगरी, ...... चतुर्थध्यान प्राप्त गरी बस्छ ... । ... अनि ज्ञानदर्शनका निमित्त चित्त निहुराउँछ र चित्त लगाउँछ ... यो उसको प्रज्ञा हो ... अनि ...... अब उप्रान्त अर्को जन्म लिनुपर्ने हेतु छैन भन्ने ज्ञान पनि हुन्छ । यो पनि उसको प्रज्ञा हो । ब्राह्मण ! त्यही त्यो प्रज्ञा हो ।"

## ५. सोणदण्डले उपासकत्त्व ग्रहण गरे

२०. यस्तो भन्नुहुँदा सोणदण्ड ब्राह्मणले भगवान्‌लाई यसो भन्नुभयो– "धन्य हो, भो गौतम !! भो गौतम ! जस्तै घोप्टिएकोलाई उत्तानो पारिदिंदा वा ढाकिएकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो देखाइदिंदा वा अन्धकारमा तेलको बत्ती राखिदिंदा आँखा हुने मानिसले रूप देख्दछ – त्यसैगरी

---

२०७　यहाँ 'शील' भनी प्रातिमोक्षसंवरशील, इन्द्रियसंवरशील, आजीवपारिशुद्धिशील तथा प्रत्ययसन्निश्रितशीलहरूलाई भनिएको हो । यी चार शीलहरूलाई 'चतुपारिशुद्धिशील' पनि भनिन्छ ।

२०८　किन भगवान्‌ले यो प्रश्न सोध्नुभएको होला ? भन्ने सम्बन्धमा अट्ठकथाले यसरी लेखेको छ–
भगवान्‌ले सोध्नुभयो कि– ब्राह्मणहरूले सिद्धान्तमा पञ्चशीललाई शील भन्दछन्, त्रिवेदको अध्ययनलाई प्रज्ञा भन्दछन् । यो भन्दा उत्तरोत्तर जान्दैनन् । अतः किन मैले ब्राह्मणलाई यो भन्दा माथिल्लो मार्ग-शील तथा मार्ग-प्रज्ञा र मार्ग-फलसम्बन्धी कुराहरू बताई अरहत्‌को गजुरसम्मको उपदेश नदिऊँ ? यति सोचेर, आफूले बताइदिने विचार गर्नुभई उहाँले 'त्यसो भए त्यो शील कुन हो त ? ... ' भनी सोध्नुभएको हो ।

२०९　आफ्नो सिद्धान्तअनुसार यस भन्दा बढ्ता अरू कुरा जान्दिन भनी ब्राह्मणले यथार्थ कुरा प्रकाश पारे ।

२१०　यहाँका बाँकी कुराहरू माथि सामञ्ञफल-सुत्त, पृ. ४८ देखि भएजस्तै पढ्नुहोला ।

२११　यहाँका बाँकी कुराहरू माथि पृ. ४९ मा लेखिएका कुराजस्तै पढ्नुहोला ।

२१२　यहाँका बाँकी कुराहरू माथि पृ. ५० देखि ५८ सम्ममा लेखिएका कुराजस्तै पढ्नुहोला ।

२१३　यहाँका बाँकी कुराहरू माथि पृ. ६२ देखि ६९ सम्म लेखिएका कुराहरूझैं दोहऱ्याई पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

तपाईं गौतमले मलाई अनेक प्रकारले धर्मप्रकाश पारिदिनुभयो । अब म तपाईं गौतमको शरणमा पर्दछु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि तपाईं गौतमले जीवनभर शरणमा आएको उपासक हो भनी मलाई स्वीकार गर्नुहोस् । तपाईं गौतमले भोलिका निमित्त भिक्षुसङ्घका साथ मकहाँ भोजन स्वीकार गर्नुहोस् ।" भगवान्ले तृष्णीभावद्वारा स्वीकार गर्नुभयो ।

२१. अनि भगवान्ले स्वीकार गर्नुभएको बुझी आसनबाट उठी भगवान्लाई प्रदक्षिणा गरी सोणदण्ड ब्राह्मण फर्की गए । त्यस रात बितेपछि आफ्नो घरमा प्रणीत खाद्यभोज्य तयार पार्न लगाई सोणदण्ड ब्राह्मणले भगवान्लाई समयको सूचना दिन पठाए– "भो गौतम ! समय भयो, भोजन तयार छ ।" अनि पूर्वान्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी भगवान् भिक्षुसङ्घका साथ, जहाँ सोणदण्ड ब्राह्मणको निवासस्थान थियो, त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि बिच्छ्याइराखेको आसनमा बस्नुभयो । त्यसपछि सोणदण्ड ब्राह्मणले बुद्धसहित भिक्षुसङ्घलाई आफ्नै हातले प्रणीत खाद्यभोज्य समर्पित गरे ।

२२. अनि भोजनपछि भगवान्ले पात्रबाट हात हटाइसकेपछि एउटा होचो आसन लिएर सोणदण्ड ब्राह्मण एक छेउमा बसे । एक छेउमा बसेका सोणदण्ड ब्राह्मणले भगवान्लाई यस्तो भने– "(क) भो गौतम ! *(ब्राह्मण)* परिषद्मा बसेको म यदि आसनबाट उठी भगवान्लाई अभिवादन गरूँ भने यसमा त्यो परिषद्ले परिभाष गर्नेछ[२१४] । जो त्यो परिषद्को परिभाषा हो, त्यसबाट उसको यश परिहानि हुनेछ । जसको यश परिहानि हुनेछ, उसको भोगसम्पत्ति पनि परिहानि हुनेछ । हाम्रो भोगसम्पत्ति नै यशद्वारा लाभ हुन्छ । (ख) भो गौतम ! यदि परिषद्मा बसेको मैले तपाईंलाई दुई हात जोरी नमस्कार गरें भने म आसनबाट उठ्नलागेको छु भनी तपाईं गौतमले ठान्नुहोस् । परिषद्मा बसेको मैले यदि फेटा झिकें भने मैले तपाईंलाई शिरले ढोगेको हो भनी तपाईं गौतमले ठान्नुहोस् । (ग) भो गौतम ! रथमा गइरहेको मैले यदि रथबाट ओर्ली तपाईं गौतमलाई अभिवादन गरूँ भने यसमा त्यहाँ *(ब्राह्मण)* परिषद्ले मलाई परिभाष गर्नेछ । जो त्यो परिषद्को परिभाषा हो, त्यसबाट उसको यश परिहानि हुनेछ । जसको यश परिहानि हुनेछ उसको भोगसम्पत्ति पनि परिहानि हुनेछ । हाम्रो भोगसम्पत्ति नै यशद्वारा लाभ हुन्छ । भो गौतम ! रथमा गइरहेको मैले यदि छडी उठाएँ भने म रथबाट ओर्लन लागेको हो भनी तपाईं गौतमले ठान्नुहोस् । भो गौतम ! रथमा गइरहेको मैले यदि छाता हटाएँ भने शिरले तपाईंलाई ढोग्दैछु भनी तपाईं गौतमले ठान्नुहोस् ।"

२३. अनि सोणदण्ड ब्राह्मणलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभई आसनबाट उठी भगवान् फर्की जानुभयो ।

**सोणदण्ड-सुत्त समाप्त ।**

---

२१४ कस्तो परिभाष भने – "यी सोणदण्ड ब्राह्मण आफू जेठो वृद्ध भईकन पनि तरुण भएका, नाति भन्न पनि लायक नभएका गौतमलाई वन्दना गर्छन्, आसनबाट उठ्छन्" भनी भन्नेछन् ।

Downloaded from http://www.dhamma.digital

# ५. कूटदन्त-सुत्त

## (कूटदन्तसूत्र)

## १. अहिंसामय यज्ञ

१. यस्तो मैले सुनें । एक समय भगवान् मगध देशमा चारिका गर्दै पाँच सय महाभिक्षुसङ्घका साथ जहाँ खाणुमत भन्ने मगध ब्राह्मणहरूको गाउँ थियो, त्यहाँ जानुभयो त्यहाँ भगवान् खाणुमतको अम्बलट्ठिकामा विहार गर्नुभएको थियो । त्यस बखत कूटदन्त ब्राह्मण खाणुमतमा बस्दथे । मगधराजा सेनीय *(सेनासम्पन्न)*, बिम्बिसारले ब्रह्मदेय *(दिइसकेको वस्तु पुन: हरण गर्न नपाउने)* गरी, राजदायगरी *(बिर्ता)* दिएका राजभोग्यहरू[२१५] धेरै थिए, प्राणीहरू धेरै थिए[२१६], पानी-घाँस-काठहरू[२१७] प्रशस्त थिए र धान्यवर्गहरूको कुनै अभाव थिएन । त्यस बखत कूटदन्त ब्राह्मणको महायज्ञको तयारी हुँदै थियो । *(त्यस बखत)* सात सय गोरुहरू, सात सय बाछाहरू, सात सय बाछीहरू, सात सय बोकाहरू, सात सय भेडाहरू[२१८] यज्ञको निमित्त मौलोमा बाँधिई राखिएका थिए ।

२. अनि खाणुमतका ब्राह्मणहरूले यस्तो सुने– "शाक्यपुत्र श्रमण गौतम शाक्यकुलबाट प्रव्रजित भई मगध देशमा चारिका गर्दै पाँच सय महाभिक्षुसङ्घका साथ खाणुमतमा आइपुगी, खाणुमतको अम्बलट्ठिकामा विहार गर्दै हुनुहुन्छ । उहाँ आदरणीय भगवान् गौतमको यस्तो कल्याण कीर्ति शब्द फैलिरहेको छ–'उहाँ भगवान् अरहत् हुनुहुन्छ, सम्यक्सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्यसारथि, देवमनुष्यहरूका शास्ता तथा बुद्ध भगवान् हुनुहुन्छ । उहाँले यो लोकलाई देवसहित, मारसहित, ब्रह्मासहित लोकलाई; श्रमण ब्राह्मणसहित प्रजालाई, देवसहित मनुष्यलोकलाई विशिष्ट प्रज्ञाद्वारा *(अभिञ्ञा)* स्वयं साक्षात्कार गर्नुभएको धर्मबारे उपदेश गर्नुहुन्छ । उहाँले आदिकल्याण *(सुरुमा पनि कल्याण हुने)*, मध्यकल्याण *(बीचमा पनि कल्याण हुने)*, तथा पर्यवसानकल्याण *(अन्तमा पनि कल्याण*

---

२१५ जसले राजाले झैं दण्ड, सजाय, शुल्क उठाउने कामसमेतको अधिकार पाएको छ, त्यस्तो अधिकारलाई 'राज-भोग्य' भनिएको हो भनी सुमं. वि. I. पृ. १७१ : अम्बट्ठसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२१६ आफूद्वारा पोषण गरिने हात्ती, घोडा, मृगादि अनेक प्राणीको समूहका साथ मानिसहरू पनि धेरै भएकाले 'प्राणीहरू धेरै थिए' भनी भनिएको हो ।

२१७ पशुहरूलाई खुवाउने घाँसपातको रास, घरमा छाउने तृणहरूको रास, दाउरा र काठहरूको रास तथा भित्र बाहिर ठाउँठाउँमा पानीको चारपाटे पोखरीहरू धेरै भएकाले 'पानी घाँस काठ प्रशस्त थिए' भनी भनिएको भनी सुमं. वि. I. पृ. १७१ : अम्बट्ठसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२१८ मूल सूत्रमा लेखिएदेखि बाहेक अन्य प्राणीहरू पनि एकत्रित पारिएका थिए भन्ने कुरा पनि बुझ्नसक्नुपर्छ भनी सुम वि.ले उल्लेख गरेको छ । किनभने कूटदन्त ब्राह्मण 'सब्बसत्तसतिक' भन्ने यज्ञ गर्न चाहन्थे । अर्थात् 'सब्बसत्तसतिक' यज्ञमा जे जति होम गर्न चाहन्छन्, ती सबै प्रत्येक सात सात सयलाई 'सब्बसत्तसतिक' भन्दछन् । त्यसैले उनले पनि यसै गरी जम्मा गरी राखेका थिए ।

Downloaded from http://www.dhamma.digital

*हुने)* धर्मोपदेश गर्नुहुन्छ । उहाँले अर्थयुक्त, व्यञ्जन *(भाव)*युक्त, सबै परिपूर्ण परिशुद्ध भएको ब्रह्मचर्य *(सबै बुद्ध धर्म)* प्रकाश पार्नुहुन्छ । उहाँहरूजस्ता अरहत्‌को दर्शन गर्नु कल्याणकर हो ।"

३. अनि खाणुमतका ब्राह्मण गृहपतिहरू खाणुमतबाट निस्की जमातका जमात मिली जहाँ अम्बलट्ठिका थिए, त्यहाँ गए ।

४. त्यस बेला, कूटदन्त ब्राह्मण प्रासादको माथिल्लो तलामा दिवा शय्या गरिरहेका थिए । अनि कूटदन्त ब्राह्मणले खाणुमतका ब्राह्मण गृहपतिहरूलाई खाणुमतबाट निस्की जमातका जमात मिली जहाँ अम्बलट्ठिका हो, त्यहाँ गइरहेका देखे । सो देखेपछि द्वारपाल *(क्षत्त)* लाई बोलाए– "हे द्वारपाल ! खाणुमतका ब्राह्मण गृहपतिहरू खाणुमतबाट निस्की जमातका जमात मिली जहाँ अम्बलट्ठिका छ, त्यहाँ किन जाँदैछन् ?"

५. "भो ! शाक्यपुत्र श्रमण गौतम शाक्यकुलबाट प्रव्रजित भई मगध देशमा चारिका गर्दै पाँच सय महाभिक्षुसङ्घका साथ खाणुमतमा आइपुगी, खाणुमतको अम्बलट्ठिकामा विहार गर्दै हुनुहुन्छ । उहाँ भगवान् गौतमको कल्याणकीर्ति शब्द यस्तो फैलिइरहेको छ–'उहाँ भगवान् अरहत्, सम्यक्सम्बुद्ध ...[२१९] तथा बुद्ध भगवान् हुनुहुन्छ ।' उहाँ भगवान् गौतमको दर्शन गर्न उनीहरू जाँदैछन् ।"

६. अनि कूटदन्त ब्राह्मणको मनमा यस्तो लाग्यो– "मैले सुनेको छु कि – श्रमण गौतम सोह्र परिष्कार *(अङ्गहरू)*युक्त त्रिविध यज्ञसम्पदा *(यज्ञविधि)* जान्दछन् । म भने सोह्र परिष्कारयुक्त त्रिविध यज्ञसम्पदा जान्दिन । म भने महायज्ञ पनि गर्न चाहन्छु । अत: किन म श्रमण गौतमकहाँ गई सोह्र परिष्कारयुक्त त्रिविध यज्ञसम्पदासम्बन्धी कुरा नसोधूँ ।"

७. त्यसपछि कूटदन्त ब्राह्मणले द्वारपाललाई बोलाई यस्तो भने– "हे द्वारपाल ! त्यस्तो भए तिमी खाणुमतका ब्राह्मण गृहपतिहरूकहाँ जाऊ; त्यहाँ गएर खाणुमतका ब्राह्मण गृहपतिहरूलाई यस्तो भन – 'भो ! कूटदन्त ब्राह्मण यस्तो भन्दछ– 'तपाईंहरू एक छिन पर्खनुहोस्, कूटदन्त ब्राह्मण पनि श्रमण गौतमको दर्शन गर्न जानेछ ।'

"भो, हव्स" भनी कूटदन्त ब्राह्मणलाई प्रत्युत्तर दिई त्यो द्वारपाल जहाँ खाणुमतका ब्राह्मण गृहपतिहरू थिए, त्यहाँ गएर खाणुमतका ब्राह्मण गृहपतिहरूलाई यस्तो भन्यो "भो ! कूटदन्त ब्राह्मण यस्तो भन्दछन् – 'तपाईंहरू एक छिन पर्खनुहोस्, कूटदन्त ब्राह्मण पनि श्रमण गौतमको दर्शन गर्न जानेछन्' ।"

## (क) ब्राह्मणहरूले कूटदन्त ब्राह्मणलाई रोक्न खोजे

८. त्यस बेला, कैयौं सय ब्राह्मणहरू 'कूटदन्त ब्राह्मणको महायज्ञको अनुभव *(उपभोग)* गर्नेछौं' भनी खाणुमतमा बसेका थिए । अनि ती ब्राह्मणहरूले 'कूटदन्त ब्राह्मण पनि श्रमण गौतमको दर्शन गर्न जानेछन्' भन्ने कुरा सुने । अनि ती ब्राह्मणहरू जहाँ कूटदन्त ब्राह्मण थिए, त्यहाँ गए । त्यहाँ पुगेर कूटदन्त ब्राह्मणलाई यस्तो भने– "तपाईं कूटदन्त ब्राह्मण श्रमण गौतमको दर्शन गर्न जानुहुनेछ भन्ने कुरो साँच्चै हो के ?"

"भो ! मलाई यस्तो लाग्छ कि – म पनि श्रमण गौतमको दर्शन गर्न जाऊँ ।"

---

२१९ यहाँका बाँकी कुराहरू माथि पृ. १०२ मा भएजस्तै दोहऱ्याई पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

९. (१) "तपाईं कूटदन्त श्रमण गौतमको दर्शन गर्न नजानुहोस्। तपाईं कूटदन्त श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन। यदि तपाईं कूटदन्त श्रमण गौतमको दर्शन गर्न जानुहुन्छ भने तपाईं कूटदन्तको यश कम हुनेछ र श्रमण गौतमको यश बढ्नेछ। तपाईं कूटदन्तको यश कम हुने र श्रमण गौतमको यश बढ्ने हो – यस कारणले पनि तपाईं कूटदन्त श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन; बरू श्रमण गौतम नै तपाईं कूटदन्तको दर्शन गर्न आउनु योग्य छ। …[२२०]।"

(२) "तपाईं कूटदन्त खाणुमतमा बस्नुहुन्छ। तपाईंमा मगधराजा सेनीय बिम्बिसारले ब्रह्मदेय गरी, राजदाय गरिदिएका राजभोग्यहरू धेरै छन्, प्राणीहरू धेरै छन्, पानी-घाँस-काठहरू प्रशस्त छन् तथा धान्यवर्गको पनि कुनै अभाव छैन। जो तपाईं कूटदन्तमा मगधराजा सेनीय बिम्बिसारले ब्रह्मदेय गरी, राजदाय गरिदिएका पानी-घाँस-काठ प्रशस्त छन् तथा धान्यवर्गहरूको पनि कुनै कमी छैन–त्यही कारणले पनि तपाईं कूटदन्त श्रमण गौतमको दर्शन गर्न जानु योग्य छैन; बरू श्रमण गौतम नै तपाईं कूटदन्तको दर्शन गर्न आउनु योग्य छ।"

## (ख) कूटदन्त ब्राह्मणद्वारा बुद्धको वर्णन

१०. यस्ता कुरा भन्दाखेरि कूटदन्त ब्राह्मणले ती ब्राह्मणहरूलाई यस्तो भने– "भो ! त्यस्तो भए मेरो पनि केही कुरा सुन्नुहोस्[२२१] जुन कारणले हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ, तर उहाँ आदरणीय गौतम हाम्रो दर्शन गर्न आउनु योग्य छैन।

(१) "भो ! श्रमण गौतम आमा-बाबुबाट सुजात हुनुहुन्छ, शुद्ध गर्भवास गरेको हुनुहुन्छ र सात पुस्तादेखि जातिवादले कुनै खोट नलागेको र अनिन्दित हुनुहुन्छ। भो ! जुन कारणले श्रमण गौतम आमा-बाबुबाट सुजात … हुनुहुन्छ – त्यही कारणले पनि उहाँ आदरणीय गौतम हाम्रो दर्शन गर्न आउनु योग्य छैन, बरू हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ।

(२) "भो ! श्रमण गौतम महान ज्ञातिसङ्घ *(समूह)* लाई छाडेर प्रव्रजित हुनुभएको छ। भो ! जुन कारणले श्रमण गौतम महान ज्ञाति सङ्घलाई छाडेर प्रव्रजित हुनुभएको छ, त्यही कारणले पनि उहाँ आदरणीय गौतम हाम्रो दर्शन गर्न आउनु योग्य छैन, बरू हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ। … [२२२]

(२९)"भो ! श्रमण गौतम अहिले खाणुमतमा आई खाणुमतको अम्बलट्ठिकामा विहार गर्दैहुनुहुन्छ। भो ! जुनसुकै श्रमण वा ब्राह्मणहरू हाम्रो गाउँ-क्षेत्रमा आउँछन् भने उनीहरू हाम्रा अतिथिहरू हुन्छन्। अतिथिहरूको हामीले सत्कार, गौरव, मान, पूजा र अपचायन गर्नुपर्छ। भो ! जुन कारणले श्रमण गौतम अहिले खाणुमतमा आई खाणुमतको अम्बलट्ठिकामा विहार गर्दै हुनुहुन्छ, उहाँ श्रमण गौतम हाम्रो अतिथि

---

२२० यहाँका बाँकी कुराहरू अर्थात् (२) देखि (११) सम्मका कुराहरू जम्मै माथिः पृ. ८७-८९ सम्ममा उल्लेख भएजस्तै हुन्। केवल सोणदण्ड भन्ने ठाउँमा कूटदन्त भनी पढ्नुपर्छ।

२२१ जब ती ब्राह्मणहरूले जातिवादद्वारा अतिरञ्जित गरी कूटदन्त ब्राह्मणको प्रशंसा गर्नथाले, तब उनले त्यस प्रशंसाद्वारा आफू रञ्जित नभई बुद्ध नै अनेक प्रकारले ब्राह्मणहरूभन्दा उत्तम छन् भन्ने कुरा दर्साउन यसो भनेका हुन्।

२२२ यहाँका बाँकी कुराहरू, अर्थात् (३) देखि (२८) सम्मका कुराहरू जम्मै माथि पृष्ठ ९४ सम्ममा उल्लेख भएजस्तै हुन्। त्यहाँ कूटदन्तले भगवान्को प्रशंसा गरी उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ भनी आफ्ना प्रशसकहरूलाई सुनाइरहेको सम्झनुपर्छ।

Downloaded from http://www.dhamma.digital

हुनुहुन्छ । हामीले अतिथि सत्कार, गौरव, मान, पूजा र अपचायन गर्नुपर्छ, त्यही कारणले पनि उहाँ आदरणीय गौतम, हामीहरूको दर्शन गर्न आउनु योग्य छैन, बरू हामी नै उहाँ आदरणीय गौतमको दर्शन गर्न जानु योग्य छ । भो ! म उहाँ आदरणीय गौतमको गुण यति नै जान्दछु । किन्तु उहाँ आदरणीय गौतम यति मात्र गुण भएको हुनुहुन्न । उहाँ आदरणीय गौतम अपरिमित गुण भएको हुनुहुन्छ[२२३] ।"

११. यस्तो भन्दा, ती ब्राह्मणहरूले कूटदन्त ब्राह्मणलाई यस्तो भने– "जस्तो तपाईं कूटदन्त ब्राह्मण श्रमण गौतमको गुण-वर्णन गर्नुहुन्छ, त्यसअनुसार त उहाँ आदरणीय गौतम यहाँबाट सय योजन टाढा बस्नुभए तापनि श्रद्धालु कुलपुत्रहरू पाथेय्य *(बाटो खर्च)* लिएर भए पनि उहाँको दर्शन गर्न जानु योग्य छ । अतः हामी सबै जना श्रमण गौतमको दर्शन गर्न जाऔं ।"

१२. अनि कूटदन्त ब्राह्मण विशाल ब्राह्मणहरूका साथ जहाँ अम्बलट्ठिका थियो, जहाँ भगवान् हुनुहुन्थ्यो, त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलक्षेमका कुरा गरिसकेपछि एउटा छेउमा बसे । खाणुमतका ब्राह्मण गृहस्थहरूमध्ये केहीले भगवान्को अभिवादन गरी एक छेउमा बसे; केहीले सम्मोदन गरे सम्मोदनीय कुशलक्षेमका कुरा गरिसकेपछि एक छेउमा बसे । केही मानिसहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यतातिर दुवै हात जोरी छेउमा बसे । केहीले नाम र गोत्र सुनाई एक छेउमा बसे; केही चुप लागी छेउमा बसे ।

१३. एक छेउमा बसेका कूटदन्त ब्राह्मणले भगवान्लाई यस्तो भने– "भो गौतम ! मैले सुनेको छु कि – 'श्रमण गौतम सोह्र परिष्कार *(अङ्ग वा कारण)*युक्त त्रिविध यज्ञसम्पदा जान्नुहुन्छ ।' म भने सोह्र परिष्कारयुक्त त्रिविध यज्ञसम्पदा जान्दिन । यदि तपाईं गौतमले मलाई सोह्र परिष्कारयुक्त त्रिविध यज्ञसम्पदाका बारेमा उपदेश गर्नुभए बेस हुनेछ ।"

## (क) महाविजित राजाको कथा

१४. " ब्राह्मण ! त्यस्तो भए सुन, राम्ररी मनमा राख, बताउने छु ।"

"भो ! हवस्" भनी कूटदन्त ब्राह्मणले भगवान्लाई प्रत्युत्तर दिए । भगवान्ले यसो भन्नुभयो– "ब्राह्मण ! परापूर्वकालमा आढ्य, महाधनी, महाभोगी, प्रशस्त सुन चाँदी, प्रशस्त वित्तुपकरण, प्रशस्त धनधान्य तथा परिपूर्ण कोष *(ढुकुटी)* र कोष्ठागार[२२४] *(धानगोदाम, भकारी)* हुने महाविजित भन्ने राजा थिए । ब्राह्मण ! अनि एकान्तमा एक्लै बसेका महाविजित राजाको मनमा यस्तो परिवितर्कना उठ्यो[२२५] –

---

२२३ अपरिमित गुण हुने सर्वज्ञ स्वयं अपरिमेय छ । मजस्ताले उहाँको गुण कहिले बताउन सकुँला र ? भन्ने कुरा देखाउँदै कूटदन्त ब्राह्मणले यसो भनेका हुन् । त्यसैले यसो भनिएको हो –

**"बुद्धो पि बुद्धस्स भणेय्य वण्णं, कप्पम्पि चे अञ्ञमभासमानो ।**
**खीयेथ कप्पो चिरदीघमन्तरे, वण्णो न खीयेथ तथागतसा'ति ॥"**

२२४ चार प्रकारका कोषहरू हुन्छन् हात्ती-कोष, अश्व-कोष, रथ-कोष, राष्ट्र–कोष । तीन प्रकारका कोष्ठागारहरू हुन्छन् – धन-कोष्ठागार, धान्य-कोष्ठागार, वस्त्र-कोष्ठागार । यी सबै परिपूर्ण भएका हुँदा 'परिपूर्ण कोष कोष्ठागार' भनिएको हो । सुमं. वि. I. पृ. २०८: कूटदन्तसुत्तवण्णना ।

२२५ एक दिन यी राजा रत्नागारहरूको अवलोकन गरी बाहिर निस्कँदा उनले भण्डागारिकसँग 'तात ! यी धनहरू कसले संग्रहित गरेका हुन् ?' भनी सोध्दा उसले 'तपाईंका पितामह आदि सात पुस्ताबाट आएको हो' भनी भन्यो । 'यी धनहरूको संग्रह गरी उनीहरू कहाँ गए त ?' 'हे देव ! उनीहरू सबै मरणको वशमा गए ।' 'तात ! के त, उनीहरू आफ्नो धन नलिईकनै गए त ?' 'देव ! के भन्नुभएको ? धनसम्पत्ति भनेको लिएर गइन्न, छाडेर नै जानुपर्छ ।' अनि

Downloaded from http://www.dhamma.digital

'मैले मानिसहरूको विपुल भोगसम्पत्ति पाएको छु । महापृथ्वीमण्डल विजय गरी बसेको छु । अत: किन म यज्ञ नगरुँ ? जो मेरो निमित्त दीर्घकालसम्मका लागि हितसुख हुनेछ ।'

"ब्राह्मण ! अनि महाविजित राजाले पुरोहित ब्राह्मणलाई बोलाई यसो[२२६] भने-' ब्राह्मण ! यहाँ म एकान्तमा एक्लै बसिरहेको बेलामा मेरो मनमा यस्तो परिवितर्कना उठ्यो- 'मैले मानिसहरूको विपुल भोगसम्पत्ति पाएको छु । अत: किन म यज्ञ नगरुँ ? जो मेरो निमित्त दीर्घकालसम्मका लागि हितसुख हुनेछ ।' ब्राह्मण ! म महायज्ञ गर्न चाहन्छु । मलाई अनुशासन *(अर्तीबुद्धि)* गर्नुहोस् जो मेरो निमित्त दीर्घकालसम्मका लागि हितसुख हुनसकोस् ।'

"ब्राह्मण ! यस्तो भन्दा, पुरोहित ब्राह्मणले महाविजित राजालाई यस्तो भने– 'तपाईं राजाको जनपद *(देश)* सकण्टक *(चोर कण्टक)* र सपीडित छ । ग्रामघातकहरू पनि, निगम घातकहरू पनि, नगरघातकहरू पनि तथा मार्गघातकहरू पनि देखिन्छन् । यदि तपाईं राजाले यस्तो सकण्टक तथा सपीडित देशमा बली *(कर)* उठाउनुहुन्छ भने–तपाईं राजा देशको निमित्त अकृत्यकारी *(अकर्तव्य गर्ने)* हुनुहुनेछ । सायद तपाईं राजालाई यस्तो लाग्न सक्छ कि– 'यी डाँकूहरूको भयलाई बधद्वारा, बन्धनद्वारा, निन्दाद्वारा[२२७] अथवा निष्कासनद्वारा म समाप्त पारिदिनेछु ।' किन्तु यसरी डाँकुहरूको भयलाई राम्ररी समाप्त पारिदिएको हुनेछैन । किनभने ? – जो ती मृत्युबाट बचेका हुन्छन् तिनीहरूले पछि राजाको जनपदमा हैरानी गर्नसक्छन् । अत: निम्न संविधानद्वारा डाकूहरूको भयलाई राम्ररी समाप्त पार्न सकिने छ । (१) अत: तपाईं राजाको जनपदमा जो कृषि-गौपालन *(कृषि-गौरक्ष्य)* मा उत्साहित छन्, उनीहरूको लागि तपाईं राजाले बीउ र भात[२२८] दिलाइदिनु होस्; (२) तपाईं राजाको जनपदमा जो व्यापारमा उत्साहित छन् उनीहरूका लागि तपाईं राजाले पाभत *(पूँजीका निमित्त धन र वस्तुहरू)* दिलाइदिनु होस्; (३) तपाईं राजाको जनपदमा जो राजपुरुष हुनेमा *(नोकरी गर्नेमा)* उत्साहित छन्, उनीहरूका निमित्त तपाईं राजाले भात-वेतन[२२९]को व्यवस्था मिलाइदिनु होस् । अनि आ-आफ्नो कामधाममा लागेर ती मानिसहरूले राजाको जनपदमा हैरानी गर्ने छैनन् । राजालाई पनि महाधनराशि उत्पन्न हुनेछ । जनपद अकण्टक, अपीडित तथा क्षेमप्राप्त हुनेछ । अनि मानिसहरू मुदित भई काखमा बालकहरू खेलाउँदै घरका दैलाहरू नथुनेकोजस्तै गरी बस्नेछन् ।

---

फर्केर खोपीमा गई बसिरहँदा राजाको मनमा 'मैले मनुष्यहरूको विपुल भोगसम्पत्ति पाएको छु' भन्ने कल्पना उठेको थियो । त्यसैले सूत्रमा 'परिवितर्कना उठ्यो' भनी उल्लेख भएको हो ।

२२६ पुरोहित ब्राह्मणलाई किन बोलाएका भने–यी राजाले यस्तो सोचेका थिए– 'दान दिनेले कुनै एक पण्डितसँग सल्लाह गर्नुपर्छ । सल्लाह नगरीकन गरेको कामबाट पछि पश्चात्ताप गर्नुपर्ने पनि हुनसक्छ ।' त्यसैले आफ्नो पुरोहित ब्राह्मणलाई बोलाएका हुन् । अनि ब्राह्मणले यस्तो सोचे– 'यी राजा महादान दिन चाहन्छन् । यिनको देशमा भने धेरै चोरहरू छन् । उनीहरूलाई शान्त नपारी दान दिंदा दूध दही चामल आदि दानवस्तुहरू दिन ल्याउने पुरुषहरूका खाली घरहरूमा चोरहरूले चोरी गर्न सक्छन् । अत: चोरहरूको भयले गर्दा जनपद आकुल-व्याकुल रहन सक्छ । अनि राजाको दानकार्य चिरकालसम्म रहने छैन । उनको चित्त पनि एकाग्र हुन सक्ने छैन । अत: राजालाई सर्वप्रथम यो कुराको सूचित गर्नुपर्छ ।' यति सोचेर पुरोहित ब्राह्मणले अगाडिका कुराहरू भन्न थालेका हुन् । सुमं. वि. I. पृ. २०८ : कूटदन्तसुत्तवण्णना ।

२२७ टुपी अथवा चुल्ठो काटिदिने, गोबर पोतिदिने, गर्दनमा काठको टुक्रा भुन्ड्याइदिने आदिलाई यहाँ 'निन्दा' भनिएको हो ।

२२८ खेतमा लगाउने बीउ, खानाका निमित्त भात र खेतका निमित्त चाहिने अन्य सरसामान आदिलाई यहाँ 'बीउ र भात' भनिएको हो ।

२२९ दैनिक जीविकाका निमित्त भात, खर्चका निमित्त मासिक वेतन तथा कार्यकुशलता हेरी पद तर गाउँ वा निगमहरू समेत दिलाइदिनेलाई यहाँ 'भात-वेतन' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! अनि 'हवस्, भो' भनी महाविजित राजाले पुरोहित ब्राह्मणलाई प्रत्युत्तर दिई-राजाको जनपदमा जो खेती गौपालनमा उत्साहित छन्, उनीहरूका लागि बीउ र भात दिलाइदिए; ··· जो व्यापारमा उत्साहित छन्, उनीहरूका लागि पाभतं *(पूँजीको निमित्त धन र वस्तुहरू)* दिलाइदिए; ··· जो राजपुरुष हुनेमा उत्साहित छन्, उनीहरूका लागि भात-वेतनको व्यवस्था मिलाइदिए । अनि आ-आफ्ना कामधाममा लागेका ती मानिसहरूले राजाको जनपदमा हैरानी गरेनन् । राजालाई पनि महाधनराशि प्राप्त भयो । जनपद क्षेमप्राप्त भयो, अकण्टक भयो तथा अपीडित पनि भयो । अनि मानिसहरू मुदित भई काखमा बालकहरू खेलाउँदै घरका दैलाहरू नथुनेको जस्तै गरी बस्नथाले ।

"ब्राह्मण ! अनि महाविजित राजाले पुरोहित ब्राह्मणलाई बोलाई यस्तो भने– 'तपाईंको संविधानमा आएर मैले डाँकूहरूको भयलाई निर्मूल पारें, महाधनराशि पनि मैले पाएँ । जनपद पनि क्षेमप्राप्त, अकण्टक तथा अपीडित भ्यो । घरका दैलाहरू नथुनेको जस्तै गरी मानिसहरू मुदित भई काखमा बालकहरू खेलाउँदै बस्नथाले । ब्राह्मण ! म महायज्ञ *(महादान)* गर्न चाहन्छु । तपाईंले मलाई अनुशासन गर्नुहोस् जो मेरा निमित्त दीर्घकालसम्मका लागि हितसुख हुनसकोस् ।'

## (ख) चार अनुमति पक्ष यज्ञ–परिष्कार

१७. (१) त्यस्तो भए, जो तपाईं राजाका देशका निगमवासी जनपदवासी अनुयुक्त क्षत्रीहरू *(राजपुरुषहरू)* हुन् उनीहरूलाई तपाईं राजाले आमन्त्रण गर्नुहोस् र यसो भन्नुहोस्– 'भो ! म महायज्ञ गर्न चाहन्छु, तपाईंहरू अनुमति दिनुहोस् जो मेरो निमित्त दीर्घकालसम्मका लागि हितसुख हुनेछ' । (२) जो तपाईं राजाको देशका निगमवासी र जनपदवासी अमात्य तथा पारिषद्हरू हुन्, उनीहरूलाई पनि तपाईं राजाले आमन्त्रण गर्नुहोस् र यसो भन्नुहोस्– 'भो ! म महायज्ञ गर्न चाहन्छु, तपाईंहरू अनुमति दिनुहोस्, जो मेरा निमित्त दीर्घकालसम्मका लागि हितसुख हुनेछ' । (३) जो तपाईं राजाका देशका निगमवासी र जनपदवासी ब्राह्मण महाशालहरू हुन्, उनीहरूलाई पनि तपाईं राजाले आमन्त्रण गर्नुहोस् र यसो भन्नुहोस्– 'भो ! म महायज्ञ गर्न चाहन्छु, तपाईंहरू अनुमति दिनुहोस् जो मेरा निमित्त दीघकालसम्मका लागि हितसुख हुनेछ' । (४) जो तपाईं राजाका देशका निगमवासी र जनपदवासी गृहपति महाबालहरू हुन् उनीहरूलाई पनि तपाईं राजाले आमन्त्रण गर्नुहोस् र यसो भन्नुहोस्– 'भो ! म महायज्ञ गर्न चाहन्छु, तपाईंहरू अनुमति दिनुहोस्, जो मेरा निमित्त दीर्घकालसम्मका लागि हितसुख हुनेछ[२३०]' ।

"ब्राह्मण ! अनि 'भो ! हवस्' भनी महाविजित राजाले ब्राह्मणलाई प्रत्युत्तर दिई जो राजाका देशका निगमवासी र जनपदवासी अनुयुक्त क्षत्रीहरू हुन्, उनीहरूलाई आमन्त्रण गरी महाविजित राजाले यस्तो भने– 'भो ! म महायज्ञ गर्न चाहन्छु, तपाईंहरू अनुमति दिनुहोस्, जो मेरा निमित्त दीर्घकालसम्मका लागि हितसुख हुनेछ ।' 'तपाईं राजाले यज्ञ गर्नुहोस्[२३१], महाराज ! यो यज्ञको समय हो[२३२] ।' जो अमात्य

---

२३० यी राजा महादान दिनका निमित्त अत्यन्त इच्छुक छन् । यदि यिनले आफूले नियुक्त गरेका अथवा आफ्ना अनुगमन गर्ने क्षत्री आदिलाई नबोलाई अथवा नजनाई दान दिन्छन् भने उनीहरू प्रसन्न हुनेछैनन् । अत: जसो गर्दा उनीहरू पनि प्रसन्न हुनेहुन् त्यसो गर्नुपर्‍यो भन्ने सोचेर ब्राह्मणले यसो भनेका हुन् भनी सुमं वि. I. पृ. २०९ : कूटदन्तसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२३१ राजाको कुरा सुनी 'अहो यी राजा ! 'म राजा हुँ' भन्ने घमण्ड नगरी हामीलाई बोलाई हामीसँग पनि दान दिनकोनिमित्त अनुमति माग्दछन् ।'राजाले यो अति राम्रो गरे' भन्दै खुशी भई उनीहरूले राजालाई 'यज्ञ गर्नुहोस्' भनी भनेका हुन् । यदि बोलाएर नसोधेका भए सायद उनीहरू दानदिन ठाउँमा जाँदा पनि जाने थिएनन् होलान् ।

Downloaded from http://www.dhamma.digital

तथा पारिषद्हरू हुन् ... जो ... ब्राह्मण महाशालहरू हुन् ... जो ... गृहपति महाशालहरू हुन्, उनीहरूलाई आमन्त्रण गरी महाविजित राजाले यस्तो भने– 'भो ! म महायज्ञ गर्न चाहन्छु, तपाईंहरू अनुमति दिनुहोस् जो मेरो निमित्त दीर्घकालसम्मको लागि हितसुख हुनेछ ।' 'तपाईं राजाले यज्ञ गर्नुहोस्, महाराज ! यो यज्ञको समय हो ।' यति, यी चार अनुमति पक्ष सोही यज्ञका परिष्कार हुन् ।

## (ग) राजाका आठ अङ्ग पनि यज्ञ-परिष्कार

१८. "महाविजित राजा यी आठ अङ्गहरूले युक्त थिए– (१) दुवै आमा-बाबुबाट सुजात, शुद्ध गर्भवास गरेका, सात पुस्तादेखि जातिवादले कुनै खोट नलागेका तथा अनिन्दित; (२) अभिरूप, दर्शनीय, प्रासादिक, परम सुन्दरताले युक्त, ब्रह्माजस्तै ब्रह्मवर्णी तथा दर्शनका निमित्त अप्रमाण सुन्दर; (३) आढ्य, महाधनी, महाभोगी, प्रशस्त सुनचाँदी, प्रशस्त वित्तुपकरण, प्रशस्त धन्यधान्य तथा परिपूर्ण कोष्ठागार भएका; (४) बलवान्, सेनाद्वारा शत्रुलाई परास्त गर्न आज्ञा पालन गर्नका निमित्त तम्तयार भएर बसेका चतुरङ्गिणी सेनाले युक्त; (५) श्रद्धालु, दायक, दानपति, श्रमण ब्राह्मण, दरिद्री, बटुवा, वणिब्बक[२३३], याचक[२३४]हरूका निमित्त खुला दैलो, पानी पिउने ठाउँ *(कुवा)* जस्तै भई पुण्य गर्ने; (६) बहुश्रुत, ती-ती कुराहरू सुनिराखेका; (७) ती-ती कुराको अर्थ बुझ्न सक्ने–'यस कुराको अर्थ यो हो, यस कुराको अर्थ यो हो' भनी बुझ्न सक्ने; (८) पण्डित, व्यक्त, मेधावी, अतीतानागतप्रत्युत्पन्नका अर्थसम्बन्धी कुराहरू सोच्न सक्ने[२३५]– यिनै आठ अङ्गहरूले महाविजित राजा सुसम्पन्न थिए । यी आठ अङ्गहरू पनि सोही यज्ञका परिष्कार हुन्[२३६] ।"

---

२३२ दातव्य वस्तुहरू नभएका भए, वृद्ध अवस्था पनि भएको भए यस प्रकारको दान दिन सकिंदैन । तर तपाईं महाधनवान् हुनुहुन्छ, तरुण पनि हुनुहुन्छ, अतः दान दिने यो उचित समय पनि हो भन्ने सोची उनीहरूले 'यो यज्ञको समय हो' भनी भनेका हुन् ।

२३३ 'दान दिएर स्वर्गलोक आदिमा पुगोस्' भन्दै कराउँदै अनेक प्रकारले दानको बयान गरी विचरण गर्नेलाई 'वणिब्बक' भन्दछन् ।

२३४ 'एक पसर देऊ, एक मुट्ठी देऊ' भनी माग्दै हिंड्नेलाई 'याचक' भन्दछन् ।

२३५ 'अतीत कालमा गरेर आएको पुण्यको प्रभावले गर्दा अहिले यस्तो पाएको हुँ' भन्ने कुरो सोच्न सक्नेलाई 'अतीतको कुरो सोच्न सक्ने' भनिएको हो । 'अहिले गरेको पुण्यको प्रभावले गर्दा अनागतमा श्रीसम्पत्ति पाउनेछु' भनी सोच्नेलाई 'अनागतको कुरो सोच्न सक्ने' भनिएको हो । 'यो पुण्यकर्म भनेको सत्पुरुषहरूद्वारा बानी बसालिएको हो र मेरो भोगसम्पत्ति पनि छ, दिने इच्छा पनि छ; अतः पुण्य नै गरूँ' भनी सोच्नेलाई 'प्रत्युत्पन्नको कुरो सोच्न सक्ने' भनिएको हो ।

२३६ यस्ता अङ्गहरूले युक्त भएको यज्ञस्थलमा सबै भेला हुन्छन्, त्यसैले यसलाई यज्ञका अङ्गहरू भनिएको हो भनी सुमं वि. I. पृ. २९१ : कूटदन्तसुत्तवण्णनाले उल्लेख गरेको छ ।

यी आठवटा अङ्गका कुराहरूमा हिन्दी दीघनिकाय (पृ. ५१) मा चाहिं 'शीलवान्' भन्ने एक कारण थपी आठवटा देखाइएको छ । यो 'शीलवान्' भन्ने अङ्गचाहिं बर्मी, सिंहल, रोमन तथा नागरी लिपिमा छापिएका पालि पुस्तकहरूमा देखिंदैन । पालिमा चाहिं 'बहुश्रुत' भन्ने एक अङ्ग र 'ती-ती कुरा बुझ्न सक्ने' भन्नेलाई अर्को अङ्ग गरी जम्मा आठ पुऱ्याइएको छ ।

Downloaded from http://www.dhamma.digital

## (घ) पुरोहितका चार अङ्ग पनि यज्ञ–परिष्कार

१९. "पुरोहित ब्राह्मण चार अङ्गहरूले युक्त थिए– (१) दुवै आमा-बाबुबाट सुजात,…[२३७] तथा अनिन्दित; (२) अध्यायक मन्त्रधर … [२३८] महापुरुष लक्षण शास्त्रमा निपुण; (३) शीलवान्, … [२३९] वृद्धशीलले युक्त; (४) पण्डित, व्यक्त, मेधावी, दान ग्रहण गर्नेहरूमध्येमा प्रथम वा द्वितीय– यिनै चार अङ्गहरूले पुरोहित ब्राह्मण सुसम्पन्न थिए। यति, यी चार अङ्गहरू पनि सोही यज्ञका परिष्कार हुन्।"

## (ङ) तीन विधि

२०. "ब्राह्मण ! अनि पुरोहित ब्राह्मणले महाविजित राजालाई यज्ञको अगाडि तीन विधिका बारेमा उपदेश दिए – '(१) महायज्ञ गर्न चाहने तपाईं राजालाई सायद 'मेरो महाधनराशि खर्च हुनेछ' भनी मनमा कुनै पश्चात्ताप *(चित्तखिन्न)* हुन सक्छ, तर तपाईं राजाले त्यस्तो पश्चात्ताप गर्नुहुन्न[२४०]। (२) सायद महायज्ञ गरिरहँदा तपाईं राजालाई 'मेरो महाधनराशि खर्च हुँदैछ' भनी मनमा कुनै पश्चात्ताप हुन सक्छ, तर तपाईं राजाले त्यस्तो पश्चात्ताप गर्नु हुन्न । (३) सायद तपाईं राजालाई महायज्ञ गरिसकेपछि 'मेरो महाधनराशि खर्च भयो' भनी मनमा कुनै पश्चात्ताप हुन सक्छ, तर तपाईं राजाले त्यस्तो गर्नुहुन्न।' ब्राह्मण ! महाविजित राजालाई पुरोहित ब्राह्मणले यज्ञ गर्नुभन्दा पहिले यिनै तीन विधिहरूका बारेमा उपदेश दिए।"

## (च) दस ठाउँमा चित्त खिन्न पार्न हुन्न

२१. "ब्राह्मण ! अनि पुरोहित ब्राह्मणले महाविजित राजालाई यज्ञका सामु नै प्रतिग्राहकहरूप्रति हुन सक्ने दसप्रकारका विप्रतिसार *(विप्पटिसार=चित्तखिन्नता)* मेटिदिए[२४१]। (१) तपाईंका यज्ञ *(दान)* मा

---

२३७ यहाँका बाँकी कुराहरू माथि पृ. ९७ को १२ को (१) मा झैं पढ्नुहोला।

२३८ यहाँका बाँकी कुराहरू माथि पृ. ९७ को १२ को (२) मा झैं पढ्नुहोला।

२३९ यहाँका बाँकी कुराहरू माथि पृ. ९७ को १२ को (३) मा झैं पढ्नुहोला।

२४० धन खर्च हुनाको कारणबाट हुने पश्चात्ताप गर्नुहुन्न। दान दिनुभन्दा अगावै चित्तलाई बलियो गरी राख्न सक्नुपर्छ। चित्तलाई कम्पित गर्न दिन हुन्न। दान दिनुभन्दा पहिलेको चेतना *(सङ्कल्प)* लाई दृढ अचल गरी राख्न सक्नुपर्छ। यसो गरेर दिएको दानको फल महान् हुन्छ। त्यसरी नै, दान दिइरहने बेलामा पनि कुनै प्रकारको विचलितता मनमा आउन दिनहुन्न र दान दिइसकेपछि कुनै प्रकारको असन्तोष वा पश्चात्ताप आउन दिनहुन्न। यस्तो भएको खण्डमा दानको महत्व कम हुनजान्छ। अतः पुरोहित ब्राह्मणले राजाको दानकर्म महत्फलदायी बनाइदिने विचारले यी तीन कारणहरूमा पहिले नै राजालाई प्रतिष्ठित गराउनका निमित्त पश्चात्ताप गर्न हुन्न भन्ने तीन कारणहरू बताएका हुन् भनी सुमं वि. I. पृ. २११ : कूटदन्तसुत्तवण्णनाले उल्लेख गरेको छ।

२४१ यदि यी राजा दानस्थलमा कुनै दुश्शीलीलाई देखेर 'धिक्कार होस् यो मेरो दान ! जो कि यस्ता दुश्शीलीहरूले लिंदैछन्' भनी चित्त खिन्न गरेमा सायद शीलवान्हरूप्रति पनि त्यस्तै धारणा हुनसक्छ, जुन कारण पैदा हुनाले राजालाई दानको फल महत्फलदायी हुनेछैन। प्रतिग्राहकको कारणबाट दायकको चित्त खिन्न हुन सक्छ। अतः मैले पहिले नै त्यसो हुन नपाउने गरी राजालाई सम्झाइराख्नुपर्‍यो भन्ने सोचेर पुरोहित ब्राह्मणले दस कारणका कुराहरू बताउन थालेका हुन्। कुनै दुश्शीलीलाई देखेर चित्त बिगार्नु भन्दा नबिगार्नु नै कल्याणकर हुनेछ भन्ने कुरा देखाउँदै अगाडि 'उनीहरूकै निमित्त त्यो हुनेछ' भनी सूत्रमा भनिएको हो। अर्थात् जो प्राणीहिंसक छ, उसले गरेको पापको फल उसैले भोग्नेछ। ऊ पापी हो भन्ने कुरा मनमा लिई आफ्नो चित्त बिगार्दा आफ्नै हानि सिवाय अर्काको हानि

Downloaded from http://www.dhamma.digital

प्राणातिपातीहरू *(प्राणीहिंसकहरू)* पनि आउन सक्छन्, प्राणातिपातबाट विरत रहनेहरू पनि आउन सक्छन् । त्यहाँ जो प्राणातिपातीहरू हुन्– उनीहरूकै निमित्त त्यो *(प्राणीहिंसाको पाप)* हुनेछ । त्यहाँ जो प्राणातिपातबाट विरत रहनेहरू हुन्, उनीहरूकै निमित्त तपाईं यज्ञ गर्नुहोस् *(दान दिनुहोस्)*, परित्याग गर्नुहोस्, खुशी हुनुहोस् र भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (२) तपाईंको यज्ञमा चोरहरू पनि आउन सक्छन्, चोरी कामबाट विरत रहनेहरू पनि आउन सक्छन् । त्यहाँ जो चोरहरू हुन् – उनीहरूकै निमित्त त्यो *(पाप)* हुनेछ । त्यहाँ जो चोरी कामबाट विरत रहनेहरू हुन्, उनीहरूकै निमित्त तपाईं यज्ञ गर्नुहोस् *(दान दिनुहोस्)*, परित्याग गर्नुहोस्, खुशी हुनुहोस्, र भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस्, । (३) तपाईंको यज्ञमा काममिथ्याचार गर्नेहरू पनि आउन सक्छन्, काममिथ्याचारबाट विरत रहनेहरू पनि आउन सक्छन् । त्यहाँ जो काममिथ्याचार गर्नेहरू हुन् – उनीहरूकै निमित्त त्यो *(पाप)* हुनेछ । त्यहाँ जो काममिथ्याचारबाट विरत रहनेहरू हुन्, उनीहरूकै निमित्त तपाईं यज्ञ गर्नुहोस्, ··· भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (४) तपाईंको यज्ञमा झुट्टा कुरा गर्नेहरू पनि आउन सक्छन्, झुट्टा कुराबाट विरत रहनेहरू पनि आउन सक्छन् । ··· । (५) तपाईंको यज्ञमा चुक्ली गर्नेहरू पनि आउन सक्छन्, चुक्लीबाट विरत रहनेहरू पनि आउन सक्छन् । ··· । (६) तपाईंको यज्ञमा परुष बोल्नेहरू पनि आउन सक्छन्, परुष बोलीबाट विरत रहनेहरू पनि आउन सक्छन् । ··· । (७) ··· सम्प्रलाप गर्नेहरू पनि आउन सक्छन् । ··· । (८) ··· अभिध्यालु *(लोभी)* हरू पनि आउन सक्छन्, अनभिध्यालुहरू पनि आउन सक्छन् । ··· । (९) ··· द्रोही *(व्यापन्नचित्तो)* हरू पनि आउन सक्छन्, अद्रोहीहरू पनि आउन सक्छन् । ··· । (१०) तपाईंको यज्ञमा मिथ्या दृष्टिकहरू पनि आउन सक्छन्, सम्यक्दृष्टिकहरू पनि आउन सक्छन् । त्यहाँ जो मिथ्यादृष्टिकहरू छन् – उनीहरूकै निमित्त त्यो *(मिथ्यादृष्टिको फल)* हुनेछ । त्यहाँ जो सम्यक्दृष्टिकहरू छन् उनीहरूकै निमित्त तपाईं यज्ञ गर्नुहोस्, परित्याग गर्नुहोस्, खुसी हुनुहोस् र भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । ब्राह्मण ! यिनै कारणहरूद्वारा पुरोहित ब्राह्मणले महाविजित राजालाई यज्ञको अगाडि प्रतिग्राहकहरूप्रति हुन सक्ने दस प्रकारका विप्रतिसारलाई मेटिदिए ।"

## (छ) राजाको चित्तलाई सोन्ह प्रकारले हर्षित पारे

२२. "ब्राह्मण ! अनि पुरोहित ब्राह्मणले महायज्ञ गरिरहेका *(महादान दिइरहेका)* महाविजित राजाको चित्तलाई सोह्र प्रकारले संदर्शित, सम्प्रतिष्ठित, समुत्तेजित, तथा संप्रहर्षित पारे (१) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन्, तर उनले निगमवासी र जनपदवासी अनुयुक्त क्षत्रीहरूलाई आमन्त्रित गरेका छैनन्' भनी भन्न सक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दै हुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने – तपाईं राजाले निगमवासी र जनपदवासी अनुयुक्त क्षत्रीहरूलाई आमन्त्रित गर्नुभएको छ । त्यही कारणले पनि तपाईं राजाले जान्नु होस् । तपाईं यज्ञ गर्नुहोस्, तपाईं परित्याग गर्नुहोस्, तपाईं खुशी हुनुहोस्, तपाईं भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (२) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन्, तर उनले निगमवासी र जनपदवासी अमात्य पारिषद्हरूलाई आमन्त्रित गरेका छैनन्' भनी भन्न सक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने – तपाईं राजाले निगमवासी र जनपदवासी अमात्य पारिषद्हरूलाई पनि आमन्त्रित गर्नुभएको छ । त्यही कारण पनि तपाईं राजाले जान्नुहोस् । तपाईं यज्ञ गर्नुहोस्, ··· भित्रदेखि चित्तलाई

---

हुन्न । अतः प्रसन्न चित्त राखेर नै दान दिन सक्नुपर्छ भन्दै अगाडि सूत्रमा 'भित्रदेखि चित्तलाई नै प्रसन्न पार्नुहोस्' भनी भनिएको हो-।

Downloaded from http://www.dhamma.digital

प्रसन्न पार्नुहोस् । (३) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन्, तर उनले निगमवासी र जनपदवासी ब्राह्मण महाशालहरूलाई आमन्त्रित गरेका छैनन्' भनी भन्न सक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने – तपाईं राजाले निगमवासी र जनपदवासी ब्राह्मण महाशालहरूलाई पनि आमन्त्रित गर्नुभएको छ । त्यही कारण पनि तपाईं राजाले जान्नुहोस् । ··· भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (४) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन्, तर उनले निगमवासी र जनपदवासी गृहपति महाशालहरूलाई आमन्त्रित गरेका छैनन्' भनी भन्न सक्छ । परन्तु अब तपाईं राजाले यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने – तपाईं राजाले निगमवासी र जनपदवासी गृहपति महाशालहरूलाई पनि आमन्त्रण गर्नुभएको छ । यस कारणले पनि तपाईं राजाले जान्नुहोस् । ··· भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (५) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी दुवै आमा-बाबुबाट सुजात, शुद्धगर्भवास गरेका तथा सात पुस्तादेखि जातिवादले कुनै खोट नलागेका र अनिन्दित होइनन्' भनी भन्न सक्छ । परन्तु अव तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने – तपाईं राजा दुवै आमा-बाबुबाट सुजात, शुद्ध गर्भवास गरेका, तथा सात पुस्तादेखि जातिवादले कुनै खोट नलागेका र अनिन्दित हुनुहुन्छ । यस कारणले पनि तपाईं राजाले जान्नुहोस् । ··· भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (६) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी अभिरूप, दर्शनीय, ··· तथा दर्शन गर्नको निमित्त अप्रमाण सुन्दर छैनन्' भनी भन्न सक्छ । परन्तु तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने – तपाईं राजा अभिरूप, दर्शनीय, ··· तथा दर्शन गर्नका निमित्त अप्रमाण सुन्दर हुनुहुन्छ । यस कारणले पनि तपाईं राजाले जान्नुहोस् । ··· भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (७) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी आढ्य, महाधनी, परिपूर्ण कोष्ठागार हुने होइनन्' भनी भन्न सक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने – तपाईं राजा आढ्य, महाधनी, ··· परिपूर्ण कोष्ठागार हुने हुनुहुन्छ । यस कारणले पनि तपाईं राजाले जान्नुहोस् । ··· भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (८) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी बलवान् ··· चतुरङ्गिणी सेनाले युक्त छैनन्' भनी भन्न सक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दै हुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने – तपाईं राजा बलवान् ··· चतुरङ्गिणी सेनाले युक्त हुनुहुन्छ । यस कारणले पनि तपाईं राजाले जान्नुहोस् । ··· भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (९) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी श्रद्धालु, ··· पानी पिउने ठाउँ *(कुवा)* जस्तै भई पुण्य गर्ने होइनन्' भनी भन्न सक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दै हुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने – तपाईं राजा श्रद्धालु, ··· पानी पिउने ठाउँजस्तै भई पुण्य गर्दै हुनुहुन्छ । यस कारणले पनि तपाईं राजाले जान्नुहोस् । ··· भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१०) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी बहुश्रुत छैनन्' भनी भन्न सक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दै हुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने – तपाईं राजा बहुश्रुत हुनुहुन्छ । यस कारणले पनि तपाईं राजाले जान्नुहोस् । ··· 'भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (११) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी ती-ती कुराको अर्थ बुझ्न सक्ने होइनन्' भनी भन्न सक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दै हुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने – तपाईं राजा ती-ती कुराको अर्थ बुझ्न सक्ने र यसको अर्थ यो हो, यसको अर्थ यो हो भनी बुझ्न सक्ने हुनुहुन्छ । यस कारणले पनि तपाईं राजाले जान्नुहोस् । ··· भित्रदेखि चित्तलाई

Downloaded from http://www.dhamma.digital

प्रसन्न पार्नुहोस् । (१२) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी पण्डित, व्यक्त, ··· अर्थसम्बन्धी कुराहरू सोच्न सक्ने होइनन्' भनी भन्न सक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दै हुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने – तपाईं राजा पण्डित, व्यक्त ··· अर्थसम्बन्धी कुराहरू सोच्न सक्ने हुनुहुन्छ । यस कारणले पनि तपाईं राजाले जान्नुहोस् । भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१३) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनका पुरोहित ब्राह्मण दुवै आमा-बाबुबाट सुजात, ··· तथा अनिन्दित छैनन्' भनी भन्न सक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने – तपाईं राजाका पुरोहित ब्राह्मण दुवै आमा-बाबुबाट सुजात, ··· तथा अनिन्दित छन् । यस कारणले पनि तपाईं राजाले जान्नुहोस् । भित्रदेखि चित्तलाई प्रसन्न पानुहोस् । (१४) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनका पुरोहित ब्राह्मण अध्यायक, मन्त्रघर, ··· महापुरुष लक्षणशास्त्रमा निपुण छैनन्' भनी भन्न सक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दै हुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने – तपाईं राजाका पुरोहित ब्राह्मण अध्यायक, मन्त्रघर, ··· महापुरुष लक्षण-शास्त्रमा निपुण छन् । यस कारणले पनि तपाईं राजाले जान्नुहोस् । ··· भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१५) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनका पुरोहित ब्राह्मण शीलवान्, ··· वृद्धशीलले युक्त छैनन्' भनी भन्न सक्छ । परन्तु अब राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने तपाईं राजाका पुरोहित ब्राह्मण शीलवान्, ······ वृद्धशीलले युक्त छन् । यस कारणले पनि तपाईं राजाले जान्नुहोस् । ··· भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१६) महायज्ञ गरिरहने तपाईं राजालाई सायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनका पुरोहित ब्राह्मण, पण्डित, व्यक्त, ··· मेधावी, दान ग्रहण गर्नेहरूमध्ये प्रथम वा द्वितीय छैनन्' भनी भन्न सक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मपूर्वक भन्न सक्ने कोही छैनन् । किनभने – तपाईं राजाका पुरोहित ब्राह्मण, पण्डित, व्यक्त, मेधावी, दान ग्रहण गर्नेहरूमध्येमा प्रथम वा द्वितीय छन् । यस कारणले पनि तपाईं राजाले जान्नुहोस् । तपाईं यज्ञ गर्नुहोस्, तपाईं परित्याग गर्नुहोस्, तपाईं खुशी हुनुहोस्, तपाईं भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । ब्राह्मण ! पुरोहित ब्राह्मणले यिनै सोह्र (१६) प्रकारले महायज्ञ गर्न चाहने महाविजित राजाको चित्तलाई संदर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा संप्रहर्षित पारे ।"

## ३. घिउ तेल आदिद्वारा यज्ञको समाप्ति

२३. "ब्राह्मण ! त्यस यज्ञमा न गाईहरू काटिएका थिए, न बोकाहरू काटिएका थिए, न कुखुराहरू काटिएका थिए, न त विविध प्राणीहरू काट्ने काम नै भएको थियो; न यूप *(मौलो)* का निमित्त रूखहरू काटिएका थिए, न त मालादि श्रृङ्गारका निमित्त कुश काटिएको थियो[२४२] । जो ती दासहरू[२४३],

२४२ जसले 'अमुक राजाले, अमुक अमात्यले अथवा अमुक ब्राह्मणले यस्तो-यस्तो महायज्ञ गरे' भनी नामहरू लेखी अग्लो स्तम्भ गाडी त्यसमा झन्डा फहराउँथे, त्यो पनि त्यहाँ थिएन । त्यसैले 'न यूपका निमित्त रुखहरू काटिएका थिए' भनी भनिएको हो । कुशतृणहरूद्वारा मालाहरू वा लताहरू बनाई अथवा कुशतृणहरू भुइँमा बिच्छ्याइराखेका थिएनन्, त्यसैले 'न त मालादि श्रृङ्गारको निमित्त कुश काटिएको थियो' भनी भनिएको हो । अतः त्यस यज्ञमा *(दानमा)* बोकाहरू काटिएका थिए भन्ने कुराको त सवालै उठ्दैन भन्ने कुरा देखाएको हो ।

२४३ घरैमा जन्मेका दासपुत्रहरू ।

Downloaded from http://www.dhamma.digital

प्रेष्यहरू[२४४] अथवा कामदारहरू[२४५] थिए, उनीहरू पनि न दण्डतर्जित थिए[२४६], न भयतर्जित थिए[२४७], न अश्रुमुखी भई रोई-रोई काम गर्दथे । बल्कि जो चाहन्थे उनीहरू काम गर्दथे, जो चाहन्नथे उनीहरू काम गर्दैनथे; जुन काम चाहन्थे सो काम गर्थे, जुन काम चाहन्नथे सो काम गर्दैनथे । घिउ, तेल नौनी, दही, मधुरफाणित *(खाँड)* द्वारा नै त्यो यज्ञ *(दानकार्य)* को समाप्ति भएको थियो[२४८] ।"

२४. "ब्राह्मण ! अनि निगमवासी र जनपदवासी अनुयुक्त क्षत्रीहरूले, ... अमात्य र पारिषद्हरूले, ... ब्राह्मण महाशालहरूले, ...... गृहपति महाशालहरू *(नगर श्रेष्ठी)* ले प्रशस्त सम्पत्ति लिएर महाविजित राजाकहाँ आई यस्तो भने 'देव ! यो प्रशस्त सम्पत्ति राजाकै उद्देश्य गरी ल्याइएको हो, देवले यसलाई स्वीकार गर्नुहोस्[२४९] ।' 'भो ! भइहाल्यो, मसँग पनि प्रशस्त सम्पत्ति छ जुन धार्मिक रूपले उठाइएको करबाट जम्मा भएको हो । तिमीहरूले ल्याएको तिमीहरूकै होस् । बरू चाहन्छौ भने यहाँबाट *(मेरा सम्पत्तिबाट)* अरू पनि लिएर जाओ ।' राजाले प्रतिक्षेप गरेपछि एक छेउमा गई उनीहरूले यी सम्पत्तिहरू पुनः फर्काएर आ-आफ्ना घरमा लैजाऔं; महाविजित राजाले महायज्ञ गर्दैछन्, अतः हामी पनि राजाको अनुगामी भई यज्ञ नै गरौं *(दान देऔं)* ।"

२५. "ब्राह्मण ! अनि पूर्वतिरको यज्ञशाला *(दानशाला)* निर निगमवासी र जनपदवासी अनुयुक्त क्षत्रीहरूले[२५०] दानशाला स्थापित गरे, दक्षिणतिरको यज्ञशालानिर निगमवासी र जनपदवासी अमात्य र पारिषद्यहरूले दानशालाको स्थापना गरे, पश्चिमतिरको यज्ञशालानिर निगमवासी र जनपदवासी ब्राह्मण महाशालहरूले दानशालाको स्थापना गरे तथा उत्तरतिरको यज्ञशालानिर निगमवासी र जनपदवासी गृहपति महाशालहरूले दानशाला स्थापित गरे ।"

---

२४४ पैसा लिई बन्धकमा रहेका ।

२४५ दैनिक भात-वेतन लिई काम गर्ने ।

२४६ 'काम गर, काम गर' भनी दण्डा, लट्ठी आदिद्वारा तर्साई गराउने कामलाई 'दण्डतर्जित' भनिएको हो ।

२४७ 'यदि काम गर्छौ भने गर, गर्दैनौ भने हातखुट्टा काट्नेछु अथवा बाँध्नेछु अथवा मार्नेछु' भनी भय देखाई गराउने कामलाई 'भयतर्जित' भन्दछन् । यहाँचाहिं त्यस किसिमको कुनै भय वा डर देखाइएको थिएन । आ-आफ्नो इच्छानुसार काम गराइएको थियो । कसैमाथि दासदासी भन्ने शब्दको प्रयोग गरिएको थिएन भनी सुमं. वि. I. पृ. २१२ : कूटदन्तसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२४८ राजाले नगरबाहिरका चारवटा ढोकाहरूमा र नगरको बीचमा गरी जम्मा पाँचवटा महादानशालाहरू बनाई, एक एक शालामा एक-एक लाख रुपियाँ खर्च गरी दिनको पाँच लाख खर्च गरी सूर्योदयदेखि समयानुकूलको हिसाबले आफैंले सुनको डाडु लिई उत्तम घिउ तेल आदि मिश्रित यागु खाद्य-भोज्य खान-पानद्वारा महाजनहरूलाई सन्तर्पित गर्थे । भाँडाभरि राखेर लैजान चाहनेहरूलाई भाँडाभरि राखिदिन्थे । सन्ध्या समयमा वस्त्र तथा सुगन्ध मालाहरूले सम्मान गर्दथे । घिउ, तेल आदिले भरिएका भाँडाहरू अनेक सय ठाउँहरूमा राख्न लगाई 'जसले जे खाने इच्छा गर्छ, उसले त्यो खाओस्' भनी भनेका थिए । त्यसैले सूत्रमा 'घिउ, तेल, नौनी, दही, मधु-फाणितद्वारा नै त्यो यज्ञको समाप्ति भएको थियो' भनी उल्लेख भएको हो भनी सुमं वि. I. पृ. २१२ : कूटदन्तसुत्तवण्णनाले लेखेको छ ।

२४९ 'यी राजाले हामीहरूसँग केही नलिई आफ्नै घरबाट वस्तुहरू झिकी महादान दिंदैछन् । हामीहरूसँग राजाले केही लिएका छैनन् । हामीहरू त्यसै चुप लागेर बस्नु उचित छैन । राजाको धनहरू मात्र अक्षय हुने होइन । हामीहरूले नदिएको खण्डमा राजालाई अरू कसले देला ! अवश्य पनि केही लगिदिनुपर्छ' भन्ने सोची उनीहरूले आ-आफ्ना गाउँ, निगम र नगरबाट गाडाका गाडा सम्पत्ति ल्याई राजालाई चढाए । त्यसैले सूत्रमा 'देव ! यो प्रशस्त सम्पत्ति राजाकै उद्देश्य गरी ल्याइएको हो' भनी भनिएको हो ।

२५० पूर्वपट्टि रहेको राजाको दानशालाको पूर्वतिर क्षत्रीहरूले दानशाला स्थापित गरे ताकि पूर्वतिरबाट आउने क्षत्रीहरू त्यस दानशालामा यागु आदि पिई राजाको दानशालामा खाई-पिई गरी नगरभित्र जानसकून् । त्यसै गरी दक्षिणादि दिशाहरूमा पनि दानशालाहरूको स्थापना गरेका थिए ।

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! त्यस यज्ञ *(दान)* मा पनि न गाईहरू काटिएका थिए, … [२५१] न अश्रुमुखी भई रोई रोई काम गर्दथे; बल्कि जो चाहन्थे, उनीहरू काम गर्दथे, … [२५२] । घिउ, तेल, नौनी, दही, मधुरफाणितद्वारा नै ती यज्ञहरूको समाप्ति भएको थियो ।"

"ब्राह्मण ! यसरी चार अनुमतिपक्ष, आठ अङ्गले युक्त राजा अर्थात् राजाका आठ-वटा अङ्ग, चार अङ्गले युक्त पुरोहित ब्राह्मण अर्थात् पुरोहित ब्राह्मणका चारवटा अङ्ग तथा तीन विधिसमेत गरी 'सोह्र परिष्कारले युक्त त्रिविध यज्ञसम्पदा' भनी यसैलाई भनिएको हो ।"

२६. यस्तो भन्नुहुँदा ती ब्राह्मणहरूले "अहो यज्ञ ! अहो यज्ञसम्पदा !!" भन्दै उन्माद गरे, उच्चशब्द, महाशब्द गरे *(कराए, चिच्च्याए)* । कूटदन्त ब्राह्मणचाहिं चुप लागेर बसेका थिए । अनि ती ब्राह्मणहरूले कूटदन्त ब्राह्मणलाई यस्तो भने – "किन नि तपाई कूटदन्त ब्राह्मणले" श्रमण गौतमको सुभाषितलाई सुभाषितका रूपमा अनुमोदन गर्नु नभएको ?"

"भो ! मैले श्रमण गौतमको सुभाषितलाई सुभाषितका रूपमा अनुमोदन नगरेको होइन । जसले श्रमण गौतमको सुभाषितलाई सुभाषितका रूपमा अनुमोदन गर्नेछैन उसको शिर सात टुक्रा भई फुट्न सक्छ । भो ! किन्तु मलाई यस्तो लाग्यो कि – 'यस्तो मैले सुने' अथवा 'यस्तो हुन सक्छ' भनी श्रमण गौतमले भन्नुभएन बल्कि श्रमण गौतमले 'त्यस बखत यस्तो थियो, त्यस बखत यस प्रकारको थियो' भनी भन्नुभयो । भो ! *(यो सुनेर)* सो मलाई यस्तो लाग्यो कि – अवश्य पनि त्यस बखत श्रमण गौतम यात राजा थिए अथवा त्यो यज्ञ गराउने पुरोहित ब्राह्मण नै थिए ।"

*(यसपछि कूटदन्त ब्राह्मणले भगवान्सँग यसरी सोधे –)*

"यसप्रकार यज्ञ गरेर अथवा यज्ञ गराएर शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भएको कुरो तपाई गौतम जान्नुहुन्छ के[२५३] ?"

"ब्राह्मण ! यसप्रकार यज्ञ गरेर अथवा यज्ञ गराएर शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भएको कुरो म जान्दछु । त्यसबखत त्यो यज्ञ गराउने पुरोहित ब्राह्मण म नै थिएँ ।"

## ४. महत्फलतर यज्ञहरू

२७. **दानमय-यज्ञ** (१) क. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा थोरै प्रपञ्च *(अप्पट्ठतर)* र थोरै कष्टपीडा भएको *(अप्पसमारम्भतरो)* तर महत्फलतर *(माहात्म्य)* र महानिसंसतर *(महागुण)* भएको अर्को कुनै यज्ञ छ कि ?"

---

२५१ यहाँका बाँकी कुराहरू माथि पृ. ११२ मा झैं पढ्नुहोला ।

२५२ यहाँका बाँकी कुराहरू माथि भए जस्तै पढ्नुहोला ।

२५३ यही प्रश्न मनमा सोचिरहेका हुनाले कूटदन्त ब्राह्मण चुप लागेर बसेका हुन्, भगवान्को देशना लीला देखेर उनको मनमा कुतकुती लागेको थियो र सोझै – 'भगवान् ! तपाईं त्यस बखत राजा हुनुभएको थियो अथवा पुरोहित ब्राह्मण हुनुभएको थियो ?' भनी सोध्न उचित नठानी उनले घुमाई-फिराई सोही प्रश्नलाई सोध्दै उनले यो प्रश्न गरेका हुन् । उनको मनसाय बुझ्नुभई भगवान्ले 'त्यस बखत त्यो यज्ञ गराउने पुरोहित ब्राह्मण आफू नै थिएँ' भन्ने कुरोमा प्रकाश पार्नु हुँदै भगवान्ले ब्राह्मणको कुतकुतीलाई मेटिदिनुभयो ।

Downloaded from http://www.dhamma.digital

ख. "ब्राह्मण ! यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको यज्ञ छ ।"

ग. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको त्यो कस्तो यज्ञ हो त ?"

घ. "ब्राह्मण ! शीलवान् प्रव्रजितहरूको उद्देश्य गरी दिइने जुन नित्य दानहरू र अनुकूल यज्ञहरू[२५४] हुन् – ब्राह्मण ! यही नै त्यो यज्ञ हो, जो त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ ।"

"भो गौतम ! त्यो नित्य दान र अनुकूल यज्ञ यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुनाको के हेतु, के प्रत्यय हो त ?"

"ब्राह्मण ! त्यस प्रकारको यज्ञमा[२५५] अर्हत् वा अर्हत्मार्गमा लाग्ने पुरुषहरू उपस्थित हुन्नन् । किनभने, ब्राह्मण ! त्यहाँ *(त्यस्ता यज्ञमा)* दण्डप्रहार गरेको पनि देखिन्छ, घाँटी समातेको पनि देखिन्छ । त्यसैले यस प्रकारको यज्ञमा अर्हत् वा अर्हत्मार्गमा लाग्ने पुरुषहरू उपस्थित हुन्नन् । ब्राह्मण ! जो ती शीलवान् प्रव्रजितहरूको उद्देश्य गरी दिइने नित्यदान हो, अनुकूल यज्ञ हो, ब्राह्मण ! यस प्रकारको यज्ञमा अर्हत वा अर्हतमार्गमा लाग्ने पुरुषहरू उपस्थित हुन्छन् । किनभने, ब्राह्मण ! त्यहाँ दण्डप्रहार गरेको पनि देखिन्न, घाँटी समातेको पनि देखिन्न । त्यसैले यस प्रकारको यज्ञमा अर्हत वा अर्हतमार्गमा लाग्ने पुरुषहरू उपस्थित हुन्छन् । ब्राह्मण ! यही हेतु, यही प्रत्यय हो, जसले गर्दा त्यो नित्यदान, अनुकूल यज्ञ यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ[२५६] ।"

२८. **संघको निमित्त विहार-निर्माण** (२) क. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा, यी नित्यदान र अनुकूल यज्ञभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र

---

२५४ हाम्रा बाबु, हाम्रा बाजेहरूले दिइराखेका, गरिराखेका भनी कुलपरम्परानुसार दिइने दानकार्यलाई 'अनुकूल यज्ञ' भनिएको हो । यस प्रकारको दान दिने चर्यालाई दरिद्रीले पनि छाड्दैन भन्ने कुरालाई निम्नलिखित उदाहरणद्वारा देख्न सकिन्छ । जस्तै –

अनाथपिण्डिकले नित्यप्रति पाँच सयजना भिक्षुहरूलाई भोजन खुवाउँथे । पाँच सय दन्तमय शलाकहरू थिए । दिनबित्दै गएपछि उनको कुलवंश क्रमैसँग निर्धन भएर गयो । अनि त्यस घरकी एक बालिकाले एक शलाक भोजनभन्दा बढी दान दिन सकिन । पछि सो कुमारी बालिका सेतवाहन अथवा सेतवासान देशमा गई त्यहाँ ढिकी कुटेर जीविका गर्न थाली । ढिकीवरिपरि छरिएका धान बटुली त्यसै धानद्वारा त्यो एक शलाक दान दिन थाली अनि एक स्थविरले कोशल राजालाई यो कुरा बताए । यसपछि राजाले उसलाई ल्याई अग्रमहिषीको स्थानमा राखे । उसले त्यसपछि पुनः पाँच सय शलाकदान दिन थाली ।

२५५ यहाँ 'त्यस प्रकारको यज्ञमा' भनी हिंसा, पीडा, कष्ट दिइने 'यज्ञलाई' भनिएको हो ।

२५६ जस्तै – महायज्ञमा भैँ शलाकदानमा धेरै कामकाजको आवश्यकता पर्दैन, त्यसैले यसलाई 'थोरै प्रपञ्च' भनी भनिएको हो । जस्तै – महायज्ञमा भैँ यस शलाकदान वा अनुकूलदानमा कुनै मानिसको काममा हानि वा नोक्सानी हुन्न अथवा हिंसा, पीडा वा कष्ट हुन्न, त्यसैले यसलाई 'थोरै कष्ट पीडा' भनी भनिएको हो । सङ्घविषयमा परित्याग गरिने र सङ्घविषयमा दान दिने भएकोले यसलाई 'यज्ञ' पनि भनिएको हो । जस्तै – छ अङ्गले युक्तभएर *(छलङ्गसमन्नागताय)* दिइने दानको फल महासमुद्रको पानीलाई थात लिन नसकिनेभैँ धेरै भएकोले 'महत्फलतर' भनिएको हो ।

'छ अङ्गले युक्त दान' भनेको – (१) दायकको चित्त दान दिनुभन्दा पहिले नै सुमन हुनु, (२) दान दिइरहेको बेलामा पनि प्रसन्न हुनु, (३) दान दिइसकेपछि पनि प्रसन्न हुनु तथा (४) दान ग्रहण गर्ने पात्र रागरहित हुनु वा रागरहित हुने बाटामा लागेको हुनु, (५) द्वेषरहित वा द्वेषरहित हुने बाटामा लागेको हुनु, (६) मोहरहित हुनु वा मोहरहित हुने बाटामा लागेको हुनु । यिनै छ अङ्गहरूलाई 'छ अङ्ग' *(छलङ्ग)* भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

महानिसंसतर भएको अर्को पनि कुनै यज्ञ छ कि[२५७] ?"

ख. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा, यी नित्यदान र अनुकूल यज्ञभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि यज्ञ छ।"

ग. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा, यी नित्यदान र अनुकूल यज्ञभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको त्यो कस्तो यज्ञ हो त ?"

घ. "ब्राह्मण ! जसले चतुर्दिशाबाट आउने सङ्घको उद्देश्य गरी विहार बनाउँछ – ब्राह्मण ! यही त्यो यज्ञ हो, जो त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ[२५८] ।"

२९. **शरणमय-यज्ञ** (३) क. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा, यी नित्यदान र अनुकूल यज्ञभन्दा यी विहारदानभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि कुनै यज्ञ छ के[२५९] ?"

ख. "ब्राह्मण ! यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा, यी नित्यदान र अनुकूल यज्ञभन्दा, यी विहारदानभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि यज्ञ छ।"

ग. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा, यी नित्यदान र अनुकूल यज्ञभन्दा, यी विहारदानभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको त्यो कस्तो यज्ञ हो त ?"

घ. "ब्राह्मण ! प्रसन्नचित्त गरी जो बुद्धको शरणमा जान्छ, धर्मको शरणमा जान्छ तथा सङ्घको

---

२५७ उपरोक्त नित्यदानं अनुकूल यज्ञको कुरो सुनेर ब्राह्मणको मनमा "यो नित्य भोजन दिने काममा पनि मानिसहरूले केही न केही दिनदिनै काम गर्नैपर्छ र यसबाट मानिसहरूको कामधाममा हानि नोक्सानी भइहाल्छ। अतः योभन्दा पनि कुनै कामधाम गर्नु नपर्ने, मानिसहरूको अन्य कामधाममा हानि नोक्सानी वा कष्टपीडा नहुने अर्को पनि कुनै यज्ञ होला कि ?" भन्ने लागेपछि ब्राह्मणले भगवान्सँग यो प्रश्न सोधेका हुन् भनी सुमं वि. I. पृ. २१४ : कूटदन्तसुत्तवण्णनाले उल्लेख गरेको छ।

२५८ शलाकदानमा पनि कामको अन्त देखिन्न। आफ्नो काम छाडी यताउता दौडधूप गरी दानको संविधान गर्नुपर्ने हुन्छ। विहारदानमा चाहिं कामको अन्त देखिन्छ। पर्णशाला वा विहार बनाउनका निमित्त कोटी धन खर्च गरी महाविहार बनाइन्छ। बनाइने काम सिद्धिएपछि आठ-दस वर्षसम्म अथवा सय दुई सय वर्षसम्म पनि फेरि केही काम गर्नुपर्ने हुन्न। हो, कहिलेकाहीं जीर्णोद्धार गर्नुपर्ने हुन्छ। त्यसैले यस विहारदानमा शलाकदानमा जस्तै सधैं कामकाज गर्नुपर्ने हुन्न। त्यसैले यसलाई 'थोरै प्रपञ्च र थोरै कष्टपीडा' भनिएको हो भनी सुमं. वि. I. पृ. २१४ : ले उल्लेख गरेको छ।

सूत्रपर्यायले 'शीतलता मेट्नका निमित्त' भन्ने आदि नौ (९) प्रकारका आनिसंस र विनयपर्यायले 'शीतलता, उष्णता ··· आदिलाई मेट्छ' भन्ने सत्र (१७) प्रकारका आनिसंस विहारदानबाट हुन सक्छ भन्ने कुरा पनि उहीं नै उल्लेख गरेको छ।

जस्तै – "यावदेव सीतस्स पटिघाताय ···" भन्ने नौ आनिसंस सूत्र पर्यायले हो। विनय पर्यायले चाहिं "सीतं उण्हं पटिहन्ति ···" भन्ने सूत्र आनिसंस छ। त्यसैले शलाकदान भन्दा विहारदान महत्फलतर छ भन्ने कुरा बुझ्न सक्नु पर्छ।

२५९ उपरोक्त कुरा सुनेर 'धनपरित्याग गरेर विहार दान दिनुभनेको त्यति सजिलो छैन। आफूमा भएको कौडीसम्म पनि अर्काकोनिमित्त त्याग गर्नु गाह्रो हुन्छ भने विहारका निमित्त धन परित्याग गर्ने कुरा त परै रहोस्। अतः योभन्दा पनि सरल तथा कम खर्चिलो अर्को कुनै यज्ञ छ कि भन्ने कुरो सोध्नुपर्‍यो' भन्ने लागेर ब्राह्मणले यो प्रश्न सोधेका हुन् भनी सुमं वि. I. पृ. २१५ : कूटदन्तसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

शरणमा जान्छ[२६०] – ब्राह्मण ! यही त्यो यज्ञ हो, जो त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा, यी नित्यदान र अनुकूल यज्ञभन्दा, यी विहार दानभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ ।"

३०. **शीलापद-यज्ञ** (४) क. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा, यी नित्यदान र अनुकूल यज्ञभन्दा, यी विहारदानभन्दा तथा त्रिशरणागमनभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि कुनै यज्ञ छ कि[२६१] ?"

ख. "ब्राह्मण ! यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा, ··· तथा यी शरणागमनभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि यज्ञ छ ।"

ग. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा ··· तथा शरणागमनभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको त्यो कस्तो यज्ञ हो त ?"

घ. "ब्राह्मण ! जसले (१) प्राणीहिंसा त्याग गर्ने,[२६२] (२) चोरी काम त्याग गर्ने, (३) काममिथ्याचार

---

२६० विहारदानमा पनि समय-समयमा जीर्णोद्धार आदि काम गरि रहनुपर्ने नै हुँदा शरणागमनलाई त्योभन्दा सरल देखाइएको हो । शरणागमन भनेको एउटा भिक्षुकहाँ वा सङ्घकहाँ वा गण *(दुई तीन जना)* कहाँ गई एकपल्ट लिएको शरण सधैंका लागि लिएकै हुन्छ । यस विषयमा फेरि गरिरहनुपर्ने काम केही हुन्न । त्यसैले विहारदानभन्दा शरणागमनमा थोरै प्रपञ्च भएको भनिएको हो । जीवन परित्याग गरी शरण जानाले शक्रत्व सम्पत्ति पनि पाउन सक्ने भएको हुँदा विहारदानभन्दा पनि महत्फलतर भनी दर्साइएको हो । सुमं वि. I. पृ.२१५: कूटदन्तसुत्तवण्णना । तीनै रत्नहरूप्रति जीवन परित्यागको रूपलाई यहाँ यज्ञ भनिएको हो ।

२६१ माथिको कुरो सुनेर "आफ्नो जीवन अर्काका निमित्त परित्याग गर्नु भनेको कठोर हुन्छ । योभन्दा पनि सरल कुनै यज्ञ हुन सक्ला कि" भन्ने लागेपछि ब्राह्मणले यो प्रश्न सोधेका हुन् ।

२६२ यहाँ 'पाणातिपाता वेरमणि' भन्ने पालि शब्दलाई संस्कृतमा रूपान्तर गरी 'प्राणीहिंसा त्याग' भनी लेखेको छ । यहाँ 'त्याग' अथवा 'वेरमणि' भनेको 'विरति चेतनालाई' भनिएको हो । अर्थात् 'त्याग्ने संकल्प वा त्याग्ने चित्त' । यसैलाई 'विरति' भन्दछन् । यो 'विरति' *(त्याग)* तीन प्रकारको छ । जस्तै – (१) सम्पत्त विरति *(सम्प्राप्त-त्याग)*, (२) समादान-विरति *(समादान-त्याग)* र (३) सेतुघात-विरति वा समुच्छेद-विरति *(समूलछेदन-त्याग)* ।

(१) 'प्राणीहिंसा गर्नेछैन' भन्ने शिक्षापद ग्रहण नगरे तापनि आफ्नो जाति-गोत्र-कुल वंश तथा अवस्थाको सम्फना गरी, आत्मगौरव राखी, परप्राणीप्रति दयाभाव राखी 'मजस्ताले यो हिंसाको काम गर्न सुहाउँदैन' भन्ने विचार लिई जो प्राणीघात गर्दैन, प्राप्त वस्तु *(प्राणी)* लाई छाडिदिन्छ, अर्थात् प्राणीहिंसा गर्नसक्ने अवस्थालाई पनि त्यागिदिन्छ, प्राणीहिंसाबाट अलग रहन्छ - त्यस बखत त्यो पुरुषको चित्तमा उत्पन्न हुने जुन त्याग-चेतना हो, त्यस त्याग-चेतनालाई 'सम्प्राप्त-त्याग' अथवा 'सम्पत्त-विरत्ति' भनिएको हो ।

(२) 'प्राणीघात गर्नेछैन' भनी अथवा आफ्नो ज्यानको कारणले पनि 'प्राणीघात गर्नेछैन' भनी शिक्षापदलाई ग्रहण गरी बस्नेको जुन चेतना हो–त्यसलाई 'समादान-विरति' अथवा 'समादान-त्याग' भनिएको हो ।

(३) मार्गप्राप्तिबाट आर्यश्रावककहरूको चित्तमा उत्पन्न हुने जुन 'विरति' वा 'त्याग चेतना हो, त्यसलाई 'सेतुघात-विरति' अथवा 'समुच्छेद-विरति' भनिएको हो । भनाईको तात्पर्य हिंसा गर्न सक्ने जुन हेतु हो, त्यही हेतुको निरुद्ध, समूलोच्छेदन भइसकेको भनिएको हो ।

अतः त्यस अवस्थाको चेतनालाई 'समुच्छेद-विरति' अर्थात् 'समूलोच्छेदन-त्याग' भनिएको हो । यस्ता आर्य-श्रावकहरूले आफ्नो जीवनको कारणमा पनि अर्काको ज्यान लिंदैनन् । उनीहरूको चित्तमा हिंसा गर्ने चित्तको जरो नै उखेलिदिएको हुन्छ ।

हुनतः, शरणागमन मात्रले दृष्टिसुधार हुन्छ भन्न सकिन्न । तर शिक्षापद ग्रहणद्वारा भने 'विरति-चित्त' उत्पन्न हुन्छ । अतएव जसोतसो शिक्षापद ग्रहण गरे तापनि राम्ररी ग्रहण गरे तापनि यसमा कम नै कामकाज भएकोले 'थोरै प्रपञ्च र थोरै कष्टपीडा' भनिएको हो । जति दानमा फल हुन्छ, त्योभन्दा बढी फल शीलमा हुने भएकोले यसलाई महत्फलतर भनिएको हो । त्यसैले भगवान् बुद्धले अभिसन्दन सूत्रमा (अं. नि-८, पृ. ३४४) भन्नुभएको हो –

Downloaded from http://www.dhamma.digital

त्याग गर्ने, (४) मृषावाद त्याग गर्ने र (५) सुरामेरय, मद्यप्रमादस्थान त्याग गर्ने *(यी पाँच)* शिक्षापदहरूलाई प्रसन्न चित्तले समादान *(ग्रहण)* गर्छ – ब्राह्मण ! यही त्यो यज्ञ हो जो त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा ··· तथा त्रिशरणागमनभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ ।"

३१. (५) क. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा, ··· [२६३] तथा यी शिक्षापदभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि कुनै यज्ञ छ कि[२६४] ?"

ख. "ब्राह्मण ! यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा, ···[२६२] तथा यी शिक्षापदभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि यज्ञ छ ।"

ग. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा ··· [२६१] तथा यी शिक्षापद भन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको त्यो कस्तो यज्ञ हो त ?"

घ. **तथागत उत्पन्न** – "ब्राह्मण ! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध, ··· [२६५] तथा बुद्ध भगवान् उत्पन्न हुनुहुन्छ । उहाँले यो लोकलाई – देवसहित, मारसहित, ब्रह्मलोकलाई,··· [२६६] स्वयं साक्षात्कार गर्नुभएको धर्मको उपेदश गर्नुहुन्छ । उहाँले आदिकल्याण, ··· तथा पर्यवसान कल्याण हुने धर्मोपदेश गर्नुहुन्छ । ··· ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ ।

**शीलमय-यज्ञ** –"अनि गृहपति वा गृहपतिपुत्र ··· [२६७] घरबार त्यागी अनगारिक भई प्रव्रजित हुन्छ । यसरी प्रव्रजित भएको सो भिक्षु, जीवनभर शीलसम्पन्न भई प्राणीघातलाई त्यागी प्राणीघातबाट विरत भई ··· [२६८] तथा सबै प्राणीप्रति हितानुकम्पी भई बस्छ । ··· [२६९] ।"

**समाधिमय-यज्ञ** – "ब्राह्मण ! अनि यसरी शीलसम्पन्न ऊ, ···[२७०] प्रथमध्यान प्राप्त गरी बस्छ । ब्राह्मण ! यो यज्ञ पनि अघिल्ला यज्ञहरूभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ, ··· द्वितीयध्यान ···[२७१] तृतीयध्यान ··· तथा ··· चतुर्थध्यान प्राप्त गरी बस्छ । ब्राह्मण ! यो यज्ञ पनि अघिल्ला यज्ञहरूभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर

---

"भिक्षु हो ! यी पाँच दानहरू महादान हुन् । ··· प्राणीघात नगर्नु··· आदि । भिक्षु हो ! प्राणीघात नगर्नाले अनगिन्ती प्राणीहरूलाई अभय दिई, अवैर दिई ··· अनगिन्ती अभय र अवैरको भागी हुन्छ ··· । यसैलाई पञ्चदान, महादान पनि भनिन्छ ।"

जीवन अर्पित गरी यी पञ्चशीललाई रक्षा गरिने भएको हुँदा यसलाई पनि 'यज्ञ' भनिएको हो भनी सुमं वि. I. पृ. २१६ : कूटदन्तसुत्तवण्णनाले उल्लेख गरेको हो ।

२६३ यहाँका बाँकी कुराहरू माथि पृ. ११७ को (४) मा लेखिए बमोजिम दोहऱ्याई पढ्नुहोला ।

२६४ माथिको कुरो सुनेर ब्राह्मणले "पञ्चशील पालन गर्नु भनेको पनि त्यति सजिलो छैन । सायद योभन्दा पनि अर्को कुनै सजिलो यज्ञ छ कि" भने जस्तो लागेपछि पुनः यो प्रश्न सोधेका हुन्

२६५ यहाँका बाँकी कुराहरू ४८ मा उल्लेख भएझैं पढ्नुहोला ।

२६६ यहाँका बाँकी कुराहरू माथि पृ. ४८ मा लेखिएबमोजिम दोहऱ्याई पढ्नुहोला ।

२६७ यहाँका बाँकी कुराहरू ५० मा झैं पढ्नुहोला ।

२६८ यहाँका बाँकी कुराहरू ५१ मा उल्लेख भएका सानो शील आदि झैं पढ्नुहोला ।

२६९ यहाँका बाँकी कुराहरू माथि पृ. ५१ देखि ५८ सम्म लेखिएका चूलसील, मज्झिमसील तथा महासीलका कुराहरूमा पढ्नुपर्छ ।

२७० यहाँका बाँकी कुराहरू ५८ देखि ६२ सम्ममा उल्लेख भएजस्तै पढ्नुहोला ।

२७१ यहाँका बाँकी कुराहरूको लागि माथि पृ. ६२ देखि ६३ सम्म पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

हुन्छ[२७२] ।"

**प्रज्ञामय-यज्ञ** – "ब्राह्मण ! यसरी समाहित चित्त भएपछि; परिशुद्ध, स्वच्छ, निर्मल र क्लेशरहित भएपछि, मृदु तथा कर्मण्य भएपछि, निश्चलतामा पुगिसकेपछि उसले ज्ञानदर्शनका[२७३] निमित्त चित्त झुकाउँछ, चित्त लगाउँछ । ब्राह्मण ! यो यज्ञ पनि अघिल्ला यज्ञहरूभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ ।"

"ब्राह्मण ! यसरी समाहित चित्त भएपछि; ··· निश्चलतामा पुगिसकेपछि उसले मनोमयकाय अभिनिर्माणका निमित्त चित्त झुकाउँछ, चित्त लगाउँछ । ब्राह्मण ! यो यज्ञ पनि ··· महानिसंसतर हुन्छ । ब्राह्मण ! यसरी समाहित चित्त भएपछि,[२७४] ··· ऋद्धिविध ··· दिव्यस्रोत ··· चेतोपरियाय ··· पूर्वेनिवासानुस्मृति ··· दिव्यचक्षु ··· आस्रवक्षय ज्ञान निमित्त चित्त झुकाउँछ, चित्त लगाउँछ, ··· [२७५] र 'जाति क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त अर्को जन्म लिनुपर्ने हेतु छैन' भन्ने पनि ज्ञान हुन्छ । ब्राह्मण ! यो यज्ञ पनि अघिल्ला यज्ञहरूभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ । ब्राह्मण ! योभन्दा अर्को उत्तरोतर वा प्रणीततर यज्ञसम्पदा छैन[२७६] ।"

---

२७२ उपरोक्त शीलगुणहरूले युक्त हुनेले प्रथमध्यान प्राप्त गर्छ र प्रथमध्यान लाभ हुनेलाई द्वितीयध्यान लाभ गर्नमा धेरै कठिनाइ पर्दैन । त्यसैले अघिल्लोभन्दा पछिल्लो, पछिल्लोभन्दा पछिल्लोध्यान लाभ गर्नमा कम कष्ट हुने भएकोले 'थोरै प्रपञ्च' आदि भनिएको हो । त्यसैगरी प्रथमध्यानको फलद्वारा एक कल्प आयु, द्वितीयध्यानको फलद्वारा आठ कल्प आयु, तृतीयध्यानको फलद्वारा चौसट्ठीकल्प आयु तथा चतुर्थध्यानको फलद्वारा पाँच सय कल्प ब्रह्मलोकको आयु हुन्छ । त्यसैले आनिसंसतर्फ पनि महानिसंसतर भनिएको हो । यसै गरी माथिल्लोभन्दा माथिल्लाध्यानहरूको फलद्वारा चौरासी हजार कल्पसम्म आयु हुने भएको हुँदा महत्फलतर भनिएको हो ।

नीवरणादि प्रतिपक्ष धर्महरू परित्यक्त हुने भएको हुँदा यसलाई 'यज्ञ' भनिएको हो ।

२७३ 'ज्ञानदर्शन' भन्नाले – (१) मार्गज्ञानलाई पनि, (२) फलज्ञानलाई पनि, (३) सर्वज्ञज्ञानलाई पनि, (४) प्रत्यवेक्षणाज्ञानलाई पनि तथा (५) विपश्यनाज्ञानलाई पनि भनिएको हो ।

(१) जस्तै – "किन्नु खो आवुसो ञाणदस्सनविसुद्धत्थं भगवति ब्रह्मचरियं वुस्सती'ति ?" अर्थात् –"आवुसो ! के त ज्ञानदर्शन विशुद्धिका लागि भगवान्कहाँ ब्रह्मचर्य पालन गरिरहेको हो कि ?" भन्नेजस्ता ठाउँमा मार्गज्ञानलाई 'ज्ञानदर्शन' भनिएको हो ।

(२) "अयमञ्ञो उत्तरिमनुस्सधम्मा अलमरिय ञाणदस्सनविसेसो अधिगतो फासुविहारो'ति ।" अर्थात् – "यो अर्को उत्तरीय मनुष्य धर्म हो जो आर्यज्ञानदर्शनका निमित्त सक्षम भई, विशेषताको अधिगमन गरी सुख विहार भएको छ" भन्नेजस्ता ठाउँमा फलज्ञानलाई 'ज्ञानदर्शन' भनिएको हो ।

(३) "भगवतो पि खो ञाणं उदपादि सत्ताहकालकतो आलारो कालामो'ति" अर्थात् – "भगवान्लाई पनि आलार कालामको मृत्यु भएको ज्ञान उत्पन्न भयो" भन्नेजस्ता ठाउँमा सर्वज्ञज्ञानलाई 'ज्ञानदर्शन' भनिएको हो ।

(४) "ञाणं च पन मे दस्सनं उदपादि – अकुप्पा मे चेतो विमुत्ति, अयमन्तिमा जाति, नत्थिदानि पुनब्भवो'ति" अर्थात् – "मेरो चित्त विमुक्ति अटल छ, यही आखिरी जन्म हो, अर्को जन्म छैन भन्ने ज्ञानदर्शन पनि मलाई उत्पन्न भयो" भने जस्ता ठाउँमा प्रत्यवेक्षणाज्ञानलाई 'ज्ञानदर्शन' भनिएको हो ।

(५) यहाँ, यस सूत्रमा चाहिं 'ज्ञानदर्शन' भनी विपश्यना ज्ञानलाई भनिएको हो भनी सुमं. वि. I. पृ. १५३: सामञ्ञफलसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२७४ यहाँका बाँकी कुराहरू ६३ देखि ६९ सम्म र अरू कुराहरू जम्मै सामञ्ञफल-सुत्तमा विस्तृत रूपले उल्लेख भएका छन् ।

२७५ यहाँका बाँकी कुराहरू ६९ मा हेर्नु होला ।

२७६ यसमा लेखिएका ऋद्धिविधज्ञानदेखि लिएर आस्रवक्षयज्ञानसम्मका कुराहरू कसरी महत्फलतर भए भन्ने आदि कुराको स्पष्टीकरण सुमं. वि. I. पृ. २१७ : कूटदन्तसुत्तवण्णनामा वर्णित भएका छन् ।

Downloaded from http://www.dhamma.digital

# ५. कूटदन्त ब्राह्मणको उपासकत्त्व ग्रहण

३३. यति भन्नुभएपछि, कूटदन्त ब्राह्मणले भगवान्‌लाई यस्तो भने – "भो गौतम ! धन्य हो ! भो गौतम ! धन्य हो ! ! भो गौतम ! जस्तै –, घोप्टिएकोलाई उत्तानो पारिदिंदा[२७७] ··· अथवा अन्धकारमा तेलको दियो बालिदिंदा आँखा हुनेले रूप देख्दछ – त्यस्तै गरी तपाईं गौतमले अनेक प्रकारले धर्ममा प्रकाश पारिदिनुभयो । अब म तपाईं गौतमको शरणमा पर्दछु तथा धर्म र सङ्घको पनि । आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी तपाईं गौतमले मलाई स्वीकार गर्नुहोस् । भो गौतम ! सात सय बाछ्राहरूलाई, सात सय बाछ्रीहरूलाई, सात सय बोकाहरूलाई तथा सात सय भेडाहरूलाई जीवनदान दिई छाडिदिनेछु । अब उनीहरूले हरियो घाँस खाऊन्, शीतल पानी पिऊन्, उनीहरूलाई शीतल हावा पनि लागोस्[२७८] !"

३४. अनि भगवान्‌ले[२७९] कूटदन्त ब्राह्मणलाई आनुपूर्वीकथा सुनाउनुभयो । जस्तै – दानकथा, शीलकथा, स्वर्गकथा, कामविषयको दुष्परिणाम, तुच्छता, संक्लिष्टता तथा नैष्क्रम्यको आनिसंस *(गुण)* मा प्रकाश पार्नुभयो । जब भगवान्‌ले कूटदन्त ब्राह्मणको चित्त कल्य *(उपयुक्त)*, मृदु, नीवरणरहित, हर्षित तथा प्रसन्न भयो भनी जान्नुभयो, तब जुन धर्म उहाँले स्वयं प्राप्त गर्नुभएको हो त्यो धर्ममा प्रकाश पार्नुभयो – 'दुःख, समुदय, निरोध तथा मार्ग ।' अनि जस्तै फोहोर नलागेको शुद्धवस्त्रमा रङ्गले समात्छ त्यसै गरी कूटदन्त ब्राह्मणलाई सोही आसनमा – विरज, वीतमल, धर्मचक्षु उत्पन्न भयो – 'जे जति समुदय धर्महरू हुन्, ती सबै निरोध धर्म हुन् ।'

३५. अनि कूटदन्त ब्राह्मण दृष्टधर्मी, प्राप्तधर्मी, विदितधर्मी भई धर्मको गहिराइलाई बुझी, शङ्कारहित, निश्चिन्त, वैशारद्यतामा पुगी शास्ताको धर्मलाई अवबोध गर्नका निमित्त कसैको भरमा पर्नु नपर्ने भएपछि उनले भगवान्‌सँग यस्तो बिन्ती गरे – "तपाईं गौतमले भोलिका निमित्त भिक्षुसङ्घका साथै मेरो भोजन स्वीकार गर्नुहोस् ।" तूष्णीभावद्वारा भगवान्‌ले स्वीकार गर्नुभयो ।

३६. अनि भगवान्‌ले स्वीकार गर्नुभएको कुरो बुझी कूटदन्त ब्राह्मण आसनबाट उठी भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्की गए । अनि त्यस रात बितिसकेपछि आफ्नो यज्ञस्थलमा प्रणीत खाद्यभोज्य तयार पारी कूटदन्त ब्राह्मणले भगवान्‌लाई समयको सूचना दिन पठाए –"भो गौतम ! भोजन तयार भइसक्यो, भोजनको समय भयो ।"

३७. अनि पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी भगवान् भिक्षु सङ्घका साथ जहाँ कूटदन्त ब्राह्मणको यज्ञस्थल थियो त्यहाँ जानुभयो, त्यहाँ पुगेपछि बिच्छ्याइराखेको आसनमा बस्नुभयो ।

त्यसपछि कूटदन्त ब्राह्मणले आफ्नै हातले बुद्धसहित भिक्षुसङ्घलाई प्रणीत खाद्य भोज्य समर्पित गरे । अनि भगवान्‌को भोजन सिद्धिएपछि, पात्र एउटा छेउमा राखिसकेपछि कूटदन्त ब्राह्मण एउटा होचो आसन लिई एक छेउमा बसे । एक छेउमा बसेका कूटदन्त ब्राह्मणलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पारी आसनबाट उठी भगवान् फर्केर जानुभयो ।

**कूटदन्त-सुत्त समाप्त ।**

---

२७७ यहाँका बाँकी कुराहरू माथि ७० मा हेर्नु होला ।

२७८ यति भनेर कूटदन्त ब्राह्मणले तुरुन्तै एउटा मानिसलाई यज्ञस्थलमा पठाई ती सबै प्राणीहरूलाई छाड्न लगाए । अनि ऊ फर्केर आएर सबै प्राणीहरूलाई मुक्त गरिदिएको कुरो ब्राह्मणलाई सुनायो ।

२७९ यो खबर सुनेर ब्राह्मणको मनमा जब अहो ! मैले धेरै प्राणीहरूको ज्यान बचाई उनीहरूलाई मुक्त पारिदिएँ भन्ने लागी मनमा अपार आनन्द हुन थाल्यो, तब भगवान्‌ले उनलाई उपदेश दिन थाल्नुभयो । त्यसैले सूत्रमा 'अनि भगवान्‌ले' भनी भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

# ६. महालि–सुत्त

**(महालिसूत्र)**

## १. भगवान्‌कहाँ ओट्ठद्ध लिच्छवी

१. यस्तो मैले सुनें। एक समय भगवान् वैशालीस्थित महावनको कूटागारशालामा बस्नुभएको थियो। त्यस बखत कोशलका र मगधका केही ब्राह्मण दूतहरू केही कामले वैशालीमा बसेका थिए। ती कोशलका र मगधका ब्राह्मण दूतहरूले "श्रमण गौतम शाक्यपुत्र, शाक्य कुलबाट प्रव्रजित भई वैशालीस्थित महावनको कूटागारशालामा बस्नुभएको छ। उहाँ गौतमको यस्तो कल्याणकीर्ति शब्द फैलिरहेको छ भन्ने खबर सुने – 'उहाँ भगवान् अरहत्, सम्यक्सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्यसारथी, देवमनुष्यका शास्ता, बुद्ध भगवान् हुनुहुन्छ।' उहाँले यो लोकका देव मार-ब्रह्मासहित श्रमण ब्राह्मण प्रजाहरूलाई देवसहित मनुष्यहरूलाई, स्वयं अभिज्ञान तथा साक्षात्कार गरी उपदेश गर्नुहुन्छ। उहाँले आदि कल्याण, मध्य कल्याण तथा पर्यवशान कल्याण हुने धर्मोपदेश गर्नु हुन्छ। उहाँले अर्थयुक्त, व्यञ्जनयुक्त, केवल परिपूर्ण परिशुद्ध भएको ब्रह्मचर्य *(धर्म)* को पनि प्रकाश पार्नु हुन्छ। त्यस्ता अरहत्‌को दर्शन गर्नु कल्याणकर हो।"

२. अनि ती कोशल र मगधका ब्राह्मण दूतहरू जहाँ महावनको कूटागारशाला हो त्यहाँ गए। त्यस बखत आयुष्मान् नागित भगवान्‌को उपस्थाक[२८०] हुनुहुन्थ्यो। त्यसैले ती कोशल र मगधका ब्राह्मण दूतहरू जहाँ आयुष्मान् नागित हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् नागितसँग सोधे – "भो नागित! अहिले उहाँ भगवान् गौतम कहाँ बस्नुभएको छ। हामीहरू उहाँ भगवान् गौतमको दर्शन गर्न चाहन्छौ।"

"आवुसो! अहिले भगवान्‌को दर्शन गर्ने समय होइन। भगवान् अहिले ध्यानमा हुनुहुन्छ।" अनि ती कोशल र मगधका ब्राह्मण दूतहरू, "उहाँ भगवान् गौतमको दर्शन गरेर नै जानेछौ" भनी एक छेउमा बसे।

३. त्यसै बेला ओट्ठद्ध[२८१] भन्ने लिच्छवी पनि महत्‌लिच्छवी परिषद्‌सँग महावनको कूटागारशालामा गई जहाँ आयुष्मान् नागित हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् नागितसँग सोधे – "भन्ते नागित! अहिले उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध कहाँ बस्नुभएको छ? हामी उहाँ भगवान् अहरत् सम्यक्सम्बुद्धको दर्शन गर्न चाहन्छौ।"

---

२८० आनन्द महास्थविर, भगवान्‌को स्थायी उपस्थाक *(सेवक)* हुनु अगाडि (१) नागसमाल, (२) नागित, (३) उपवान, (४) सुनक्खत्त (५) चुन्दसमणुद्देस, (६) सागत र (७) मेघीय स्थविरहरू समय समयमा अस्थायी उपस्थाक भएका थिए।

२८१ आधा ओठ भएको हुनाले 'आट्ठद्ध' 'ओट्ठध' भनिएको हो।

Downloaded from http://www.dhamma.digital

"महालि ! *(ओट्ठद्ध)* अहिले भगवान्को दर्शन गर्ने समय होइन । भगवान् अहिले ध्यानमा हुनुहुन्छ ।" ओट्ठद्ध लिच्छवी पनि "उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धको दर्शन गरेर नै जाने छु" भन्दै त्यहीं नै एक छेउमा बसे ।

४. त्यस समय सीह समणुद्देस[२८२] जहाँ आयुष्मान् नागित हुनुहुन्थ्यो त्यहाँ गई आयुष्मान् नागितलाई अभिवादन गरी एक छेउमा उभिरहे ; एक छेउमा उभिइरहेका सीह समणुद्देसले आयुष्मान् नागितसँग निवेदन गरे –

"भन्ते कश्यप[२८३] ! यी कोशलका र मगधका ब्राह्मण दूतहरू भगवान्को दर्शन गर्न यहाँ आएका छन् । ओट्ठद्ध लिच्छवी पनि महत् लिच्छवी परिषद्का साथ भगवान्को दर्शन गर्न यहाँ आएका छन् । भन्ते कश्यप ! यिनीहरूलाई भगवान्को दर्शन गराउन पाए बेश हुन्थ्यो ।"

"सीह ! त्यसोभए तिमीले नै भगवान्सँग प्रार्थना गर ।"

"हवस्, भन्ते ! " भनी सीह समणुद्देस आयुष्मान् नागितको कुरा सुनी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिइएका सीह समणुद्देसले भगवान्सँग बिन्ती गरे –

"भन्ते ! यी कोशलका र मगधका केही ब्राह्मण दूतहरू भगवान्को दर्शन गर्न यहाँ आएका छन् । ओट्ठद्ध लिच्छवी पनि भगवान्को दर्शन गर्न महत् लिच्छवी परिषद्का साथ यहाँ आएका छन् । भन्ते ! यिनीहरूले भगवान्को दर्शन पाए बढिया हुन्थ्यो ।"

"सीह ! त्यस्तो भए विहारको छायामा आसन बिच्छ्याओ ।"

"हवस्, भन्ते ! " भनी सीह समणुद्देसले भगवान्को आज्ञा सुनी विहारको छायामा आसन बिच्छ्याए ।

५. अनि भगवान् विहारबाट निस्कनुभई बिच्छ्याइ राखेको आसनमा बस्नुभयो । ती कोशलका र मगधका ब्राह्मण दूतहरू पनि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुराकानी गरिसकेपछि एक छेउमा बसे । ओट्ठद्ध लिच्छवी पनि महत् लिच्छवी परिषद्का साथ जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे ।

## २. दिव्य रूप र शब्द

६. एक छेउमा बसेका ओट्ठद्ध लिच्छवीले भगवान्सँग यस्तो बिन्ती गरे – "भन्ते ! केही दिनअघि सुनक्खत्त लिच्छवी मकहाँ आई मलाई यस्तो भने – "हे महालि ! जुन दिनदेखि म भगवान्को आश्रयमा बसें – करीब तीन वर्षसम्म – मैले केवल प्रियंकर, कामूपसंहित, रजनीय दिव्य रूपहरू मात्र देखें; परन्तु प्रियंकर, कामूपसंहित, रजनीय दिव्य शब्दहरू सुनिन ।' भन्ते ! सुनक्खत्त लिच्छवीले प्रियंकर, कामूपसंहित, रजनीय दिव्य-शब्दहरू भएर पनि सुन्न नसकेका हुन् कि अथवा नभएर सुन्न नसकेका हुन् ?"

---

२८२ सीह समणुद्देस *(श्रामणेर)* नागित भिक्षुकै उपाध्यायत्वमा ७ वर्षको उमेरमै प्रव्रजित भएका नागित भिक्षुकै भाञ्जा हुन् ।

२८३ कश्यप गोत्र ।

Downloaded from http://www.dhamma.digital

७. "महालि ! सुनक्खत्त[२८४] *(सुनक्षत्र)* लिच्छवीले प्रियंकर, कामूपसंहित, रजनीय दिव्य शब्दहरू भएर पनि सुन्न नसकेको हो; नभएर होइन ।"

"भन्ते ! के हेतु, के प्रत्यय हो त जो कि सुनक्खत्त लिच्छवीले ··· दिव्य-शब्दहरू भएर पनि सुन्न नसकेको ?"

८. (क) "महालि ! यहाँ कुनै भिक्षुले पूर्व दिशाको दिव्य रूपहरू हेर्ने एकाङ्गी समाधि भाविता गरेको हुन्छ तर पूर्व दिशाको दिव्य शब्दहरू सुन्न सक्ने समाधि भाविता भने गरेको हुन्न । उसले पूर्व दिशाको दिव्य-रूपहरू हेर्ने एकाङ्गी समाधिको भाविता गरी पूर्व दिशाको दिव्य-रूपहरू हेर्छ तर पूर्व दिशाको दिव्य-शब्दहरू सुन्न सक्दैन । सो किन भने ? – महालि त्यो त्यस्तै हुन्छ । सो भिक्षुले पूर्व दिशाको दिव्य-रूपहरू मात्र हेर्ने एकाङ्गी समाधि भाविता गरेको हुँदा, उसले पूर्व दिशाको दिव्य-रूपहरू मात्र हेर्न सक्छ तर पूर्व दिशाको दिव्य-शब्दहरू सुन्न सक्दैन ।

९. (ख) "महालि ! "फेरि, कुनै भिक्षुले दक्षिण दिशा ··· पश्चिम दिशा ··· उर्ध दिशा ··· अधो दिशा ··· र अनुदिशाको दिव्य-रूपहरू हेर्ने एकाङ्गी समाधि भाविता गरेको हुन्छ तर दक्षिण-पश्चिम-उत्तर-उर्ध-अधो र अनुदिशाको दिव्य-शब्दहरू सुन्न सक्ने समाधि भाविता गरेको हुन्न । उसले दक्षिण दिशा ··· अनुदिशाको दिव्य-रूपहरू हेर्ने एकाङ्गी समाधिको भाविता गरी दक्षिण दिशा ··· अनुदिशाको दिव्य-रूपहरू हेर्छ तर दक्षिण दिशा ··· अनुदिशाको दिव्य-शब्दहरू सुन्न सक्दैनन् ।

१०. (क) "महालि ! यहाँ कुनै भिक्षुले पूर्व दिशाको दिव्य शब्द सुन्ने एकाङ्गी समाधि भाविता गरेको हुन्छ तर पूर्व दिशाको दिव्य-रूपहरू हेर्न सक्ने समाधि भाविता गरेको हुन्न । उसले पूर्व दिशाको दिव्य-शब्द सुन्ने एकाङ्गी समाधिको भाविता गरी पूर्व दिशाको दिव्य-शब्दहरू सुन्छ तर पूर्व दिशाको दिव्य-रूपहरू हेर्न सक्दैन । सो किन भने ? – महालि ! त्यो त्यस्तै हुन्छ । सो भिक्षुले पूर्व दिशाको दिव्य-शब्दहरू मात्र सुन्ने एकाङ्गी समाधि भाविता गरेको हुँदा, उसले पूर्व दिशाको दिव्य-शब्दहरू मात्र सुन्न सक्छ, तर पूर्व दिशाको दिव्य-रूपहरू हेर्न सक्दैन ।"

११. (ख) महालि ! "फेरि, कुनै भिक्षुले दक्षिण दिशा ··· पश्चिम दिशा ··· उत्तर दिशा ··· उर्ध दिशा ··· अधो दिशा ··· र अनुदिशाको दिव्य-शब्द सुन्ने एकाङ्गी समाधि भाविता गरेको हुन्छ तर दक्षिण-पश्चिम उत्तर-उर्ध-अधो र अनुदिशाको दिव्य-रूपहरू देख्ने समाधि भाविता गरेको हुन्न । उसले दक्षिण दिशा ··· अनुदिशाको दिव्य-शब्दहरू सुन्ने एकाङ्गी समाधिको भाविता गरी दक्षिण दिशा ··· अनुदिशाको दिव्य-शब्दहरू सुन्छ तर दक्षिण दिशा ··· अनुदिशाको दिव्य-रूपहरू देख्न सक्दैन । सो किन भने ? ··· महालि ! त्यो त्यस्तै हुन्छ । सो भिक्षुले दक्षिणदिशा ··· अनुदिशाको दिव्य-शब्दहरू मात्र सुन्ने एकाङ्गीको दिव्य-शब्दहरू मात्र सुन्न सक्छ तर दक्षिण दिशा ··· अनुदिशाको दिव्य-रूपहरू हेर्न सक्दैन ।

१२. (क) "महालि ! यहाँ कुनै भिक्षुले पूर्व दिशाको दिव्य-रूपहरू हेर्ने र दिव्य-शब्दहरू सुन्ने उभयाङ्गी समाधि भाविता गरेको हुन्छ उसले पूर्व दिशाको दिव्य-रूपहरू हेर्ने र दिव्य-शब्दहरू सुन्ने उभयाङ्गी समाधिको भाविता गरी पूर्व दिशाको दिव्य-रूपहरू हेर्छ, दिव्य-शब्दहरू पनि सुन्छ । सो किन भने ? – महालि त्यो त्यस्तै हुन्छ । सो भिक्षुले पूर्व दिशाको दिव्य-रूपहरू हेर्ने र दिव्य-शब्दहरू सुन्ने उभयाङ्गी समाधि भाविता गरेको हुदाँ, उसले पूर्व दिशाको दिव्यरूपहरू हेर्न सक्छ, दिव्य-शब्दहरू पनि सुन्न सक्छ ।

---

२८४ सुनक्खत्त लिच्छवी भिक्षु छँदा दिव्य-रूप हेर्नेध्यान गरेका थिए । दिव्य-रूप हेर्न सक्ने पनि भएका थिए । उनले दिव्य-शब्द सुन्ने इच्छा गरे तर सुन्न नसकेको हुँदा बुद्धप्रति द्वेषभावराखी चीवर छाडी ओह्रद्ध लिच्छवीकहाँ गई उपरोक्त कुरा सुनाएका हुन् ।

Downloaded from http://www.dhamma.digital

१३. (ख) महालि ! "फेरि, कुनै भिक्षुले दक्षिण दिशा ··· पश्चिम दिशा ··· उत्तर दिशा ··· उर्ध्व दिशा ··· अधो दिशा ··· र अनुदिशाको दिव्य-रूपहरू हेर्ने दिव्य-शब्दहरू सुन्ने उभयाङ्गी समाधि भाविता गरेको हुन्छ । उसले दक्षिण दिशा ··· अनुदिशाको दिव्य-रूपहरू हेर्ने, दिव्य-शब्दहरू सुन्ने उभयाङ्गी समाधि भाविता गरेको हुन्छ । उसले दक्षिण दिशा ··· अनुदिशाको दिव्य-रूपहरू हेर्ने, दिव्य-शब्दहरू सुन्ने उभयाङ्गी समाधिको भाविता गरी दक्षिण दिशा··· अनुदिशाको दिव्य-रूपहरू हेर्छ, दिव्य-शब्दहरू पनि सुन्छ । सो किन भने ? – महालि ! त्यो त्यस्तै हुन्छ । सो भिक्षुले दक्षिण दिशा ··· अनुदिशाको दिव्य-रूप हेर्ने, दिव्य-शब्दहरू सुन्ने उभयाङ्गी समाधि भाविता गरेको हुँदा, उसले दक्षिण दिशा ··· अनुदिशाको दिव्य-रूपहरू हेर्न सक्छ, दिव्य-शब्दहरू पनि सुन्न सक्छ ।

१४. "महालि ! यही नै हेतु हो, यही नै प्रत्यय हो जसले गर्दा सुनक्खत्त लिच्छवीले भएकै दिव्य-शब्दहरू सुन्न सकेन, न भएकोले होइन ।"

## ३. उत्तरोत्तर-धर्महरू

१५. "भन्ते ! के यिनै समाधिहरूलाई साक्षात्कार गर्न भिक्षुहरू भगवान्कहाँ ब्रह्मचर्य पालन गर्छन् ?"

"महालि ! मकहाँ भिक्षुहरू यिनै समाधिहरूलाई साक्षात्कार गर्न ब्रह्मचर्य पालन गर्दैनन्, बल्कि यी भन्दा उत्तरोत्तर, प्रणीततर-धर्महरू छन् जसको साक्षात्कार गर्ने हेतुले भिक्षुहरू मकहाँ ब्रह्मचर्य पालन गर्छन् ।"

"भन्ते ! ती उत्तरोत्तर प्रणीततर-धर्महरू कुन हुन् त ? जसको साक्षात्कार गर्ने हेतुले भिक्षुहरू भगवान्कहाँ ब्रह्मचर्य पालन गर्छन् ?"

(१) "महालि ! यहाँ, भिक्षुहरू तीनै संयोजनहरू[२८५] परिक्षीण गरी स्रोतापन्न भई अविनिपाती र निश्चित सम्बोधिपरायण हुन्छन् । महालि ! यो पनि उत्तरोत्तर, प्रणीततर-धर्म हो, जसको साक्षात्कार गर्ने हेतुले भिक्षुहरू मकहाँ ब्रह्मचर्य पालन गर्छन् ।

(२) "महालि ! यहाँ भिक्षुहरू, तीनै संयोजनहरू परिक्षीण गरी राग, द्वेष, मोहलाई निर्बल पारी सकृदागामी हुन्छन्, एकपल्ट मात्र यसलोकमा आई दुःखान्त गर्छन् । महालि ! यो पनि उत्तरोत्तर, प्रणीततर-धर्म हो, जसको साक्षात्कार गर्ने हेतुले भिक्षुहरू मकहाँ ब्रह्मचर्य पालन गर्छन् ।

(३) "महालि ! फेरि, यहाँ भिक्षुहरू, पाँचै अधोभागीय[२८६] संयोजनहरू परिक्षीण गरी औपपातिक[२८७] हुन्छन्, त्यहीं नै परिनिर्वाणगामी हुन्छन्, त्यसलोकबाट पुनः यसलोकमा आउन्नन् । महालि ! यो पनि उत्तरोत्तर, प्रणीततर-धर्म हो, जसको साक्षात्कार गर्ने हेतुले भिक्षुहरू मकहाँ ब्रह्मचर्य पालन गर्छन् ।"

(४) "महालि ! फेरि, यहाँ भिक्षुहरू, आस्रवक्षय गरी अनास्रव भई, चित्तविमुक्ति प्रज्ञाविमुक्ति भई

२८५ सत्कायदृष्टि, विचिकित्सा र शीलव्रतपरामर्श-संयोजन ।
२८६ सत्काय दृष्टि, वीचिकित्सा, शीलव्रतपरामर्श, कामच्छन्द र व्यापाद-संयोजन ।
२८७ अनागामी ब्रह्मलोकगामी हुने ।

Downloaded from http://www.dhamma.digital

यसै जीवनमा स्वयं अभिज्ञान साक्षात्कार गरी बस्छन् । महालि ! यो पनि उत्तरोत्तर, प्रणीततर-धर्म हो, जसको साक्षात्कार गर्ने हेतुले भिक्षुहरू मकहाँ ब्रह्मचर्य पालन गर्छन् ।

"महालि ! यिनै ती उत्तरोत्तर, प्रणीततर-धर्महरू हुन्, जसको साक्षात्कार गर्ने हेतुले भिक्षुहरू मकहाँ ब्रह्मचर्य पालन गर्छन् ।"

१६. "भन्ते ! के यस्तो धर्म साक्षात्कार गर्नको निमित्त मार्ग प्रतिपदा पनि छ ?"

"छ, महालि ! यस्तो धर्म साक्षात्कार गर्नको निमित्त मार्ग प्रतिपदा पनि छ ।"

१७. "भन्ते ! त्यो कुन चाहिं मार्ग हो कुन चाहिं प्रतिपदा हो जसबाट धर्म साक्षात्कार गर्न सकिन्छ ?"

यो त्यो नै हुन् आर्यअष्टाङ्गिक मार्ग, जस्तो कि – सम्यक्दृष्टि, सम्यक्संकल्प, सम्यक्वचन, सम्यक्कर्मान्त, सम्यक्आजीव, सम्यक्व्यायाम, सम्यक्स्मृति, सम्यक्समाधि । महालि ! यो त्यही आर्यअष्टाङ्गिक मार्ग हो जसबाट धर्म साक्षात्कार गर्न सकिन्छ ।

## ४. उही जीव उही शरीर हो कि होइन

१८. "महालि ! एक समय, म कौशम्बीको घोषितारामपा बसेको थिएँ । त्यहाँ दारुपत्तिक *(दारु पत्रिक)* परिव्राजकको अन्तेवासी – मुण्डिय र जालिय भन्ने दुईजना परिव्राजकहरू – मकहाँ आई, मलाई सम्मोदन गरे । सम्मोदनीय कुराकानी गरिसकेपछि एक छेउमा उभिए । एक छेउमा उभिइएका ती परिव्राजकहरूले मसँग यस्तो सोधे – "आवुसो गौतम ! उही जीव, उही शरीर हो कि; अर्कै जीव, अर्कै शरीर हो ?"

१९. "आवुसो ! त्यस्तो भए सुन,राम्ररी मन लगाऊ, म भन्दछु ।" "हवस्" भनी ती परिव्राजकहरूले प्रत्युत्तर दिएपछि मैले यस्तो भने – " आवुसो ! यहाँ, तथागत अरहत् सम्यक्सम्बुद्ध लोकमा उत्पन्न हुन्छ । तथागतले देवसहित मनुष्यलाई ··· धर्मोपदेश गर्छ[२८८] । बुद्धको धर्मोपदेश सुनी ··· गृहपति वा गृहपति पुत्र प्रव्रजित हुन्छ । प्रव्रजित भई शीलसम्पन्न भई ··· प्रथमध्यान प्राप्त गरी बस्छ । जो भिक्षुले यो प्रथमध्यान जान्दछ, देख्दछ; के उसले – 'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भनी भन्नु कल्य *(शिक्षाप्रद=उपयुक्त)* हुन्छ ?"

"आवुसो गौतम ! जो भिक्षुले यो प्रथमध्यान जान्दछ, देख्दछ, उसले – 'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भनी भन्नु कल्य हुन्छ ।"

"आवुसो ! मैले पनि यो प्रथमध्यान जान्दछु, देख्दछु तर म, 'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भनी भन्दिन । फेरि सो भिक्षुले द्वितीयध्यान ··· तृतीयध्यान ··· तथा ··· चतुर्थध्यान प्राप्त गरी बस्छ । जो भिक्षुले चतुर्थध्यान जान्दछ, देख्दछ; के उसले – उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भन्नै हो' भनी भन्नु कल्य *(ठीक)* हुन्छ ?"

---

२८८ यस ठाउँका जम्मै कुराहरू सामञ्ञफल-सुत्तमा उल्लेख भएकोजस्तै यहाँ पनि बुझ्नुपर्छ ।

Downloaded from http://www.dhamma.digital

"आवुसो गौतम ! जो भिक्षुले यी द्वितीय ··· तृतीय ··· तथा ··· चतुर्थध्यान जान्दछ, देख्दछ; उसले – 'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भनी भन्नु कल्य हुन्छ ।"

"आवुसो ! मैले पनि यी द्वितीय ··· तृतीय ··· तथा ··· चतुर्थध्यान जान्दछु, देख्दछु तर म, 'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै शरीर भिन्नै हो' भनी भन्दिन । फेरि सो भिक्षुले, चित्त परिशुद्ध भए पछि ··· ज्ञानदर्शन गर्न चित्त लगाउँछ, ··· आस्रवक्षय-ज्ञानमा चित्त लगाउँछ ··· 'यो आस्रव हो, यो आस्रव समुदय हो, यो आस्रव निरोध हो, यो आस्रव निरोध हुने मार्ग हो' भनी यथार्थतः अवबोध गर्छ । अनि ··· कामास्रव, भवास्रव, अविद्यास्रवबाट उसको चित्त विमुक्त हुन्छ । विमुक्त गएपछि उसले 'जाति *(जन्म)* क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नु पर्ने गरिसकें, अब उप्रान्त पुनः यहाँ आउनुपर्ने हेतु छैन' भनी ज्ञान अवबोध गरी निर्वाण साक्षात्कार गर्छ । जो भिक्षुले निर्वाण जान्दछ, देख्दछ; के उसले – 'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भनी भन्नु कल्य हुन्छ ?"

"आवुसो गौतम ! जो भिक्षुले ··· निर्वाण जान्दछ, देख्दछ; उसले – 'उही जीव हो,उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भनी भन्नु कल्य हुन्छ ।"

"आवुसो ! मैले पनि ··· निर्वाण जान्दछु, देख्दछु, तर म, 'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भनी भन्दिन ।"

भगवान्को यति कुरा सुनी सन्तुष्ट भएका ओट्ठद्ध[२८९] लिच्छवीले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

**महालि-सुत्त समाप्त ।**

Dhamma.Digital

२८९ ओट्ठद्ध लिच्छवी आत्मदृष्टिक थिए । उनले भगवान्द्वारा माथि सुनाइएका मध्यममार्गको उपदेशलाई राम्ररी बुझ्न सकेनन् । अनि भगवान्ले ओट्ठद्धको मनोभाव बुझ्नुभई दृष्टि सम्बन्धी कुरा सुनाउनको लागि प्रस्तुत उदाहरण दिनुभएको हो । यी उदाहरणात्मक उपदेश सुनी ओट्ठद्ध लिच्छवी प्रसन्न भएर गए ।

Downloaded from http://www.dhamma.digital

# ७. जालिय-सुत्त

**(जालियसूत्र)**

## १. उही जीव र उही शरीर हो ?

१. यस्तो मैले सुनें । एक समय भगवान् कोशम्बीको घोषितारामा बस्नुभएको थियो । त्यस समय दारुपत्तिकका[२९०] अन्तेवासी मुण्डिय र जालिय दुई परिव्राजकहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा उभिए । एक छेउमा उभिएका ती दुई प्रव्रजितहरूले भगवान्लाई यस्तो भने – "आवुसो ! गौतम उही जीव र उही शरीर हो कि अथवा अर्के जीव र अर्के शरीर हो ?"

२. "आवुसो ! त्यसोभए सुन, राम्ररी मनमा राख र भन्दछु ।" "हवस् हुन्छ" भनी ती दुई प्रव्रजितहरूले भगवान्लाई प्रत्युत्तर दिए । भगवान्ले यसो भन्नुभयो – "आवुसो ! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध … [२९१] लोकमा उत्पन्न हुन्छन् । उहाँले देव-मारसहित ब्रह्मलोकलाई … ब्रह्मचर्य प्रकाश पार्नु हुन्छ ।

"अनि त्यो धर्मलाई गृहपति वा गृहपतिपुत्रले अथवा कुनै कुलमा जन्मेकाले सुन्दछ । धर्म सुनेर उसको मनमा तथागतप्रति श्रद्धा उत्पन्न हुन्छ । …[२९२] अनि पछि गएर ऊ थोरै वा धेरै भोगसम्पत्तिलाई छाडी … प्रव्रजित हुन्छ ।

"यसरी प्रव्रजित भएको ऊ … [२९३] सन्तुष्ट भई बस्छ ।

"यहाँ भिक्षु प्राणीहिंसालाई त्यागी प्राणीहिंसाबाट विरत भई बस्छ । … [२९४] यसरी भिक्षु शीलसम्पन्न हुन्छ ।

"अनि ऊ कामविषयबाट अलग भई अकुशलबाट अलग भई वितर्क विचारयुक्त भएको विवेकज: *(ध्यानज:)* प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ ।

"आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ भने त्यस्तो भिक्षुले 'उही जीव हो र उही शरीर हो अथवा अर्के जीव हो र अर्के शरीर हो' भन्नु ठीक होला ? आवुसो ! सो भिक्षु यस्तो जान्दछ र देख्दछ भने त्यस्ता भिक्षुले 'उही जीव हो र उही शरीर हो अथवा अर्के जीव हो र अर्के शरीर हो' भन्नु ठीक छैन ।

---

२९० काठको भिक्षापात्र लिएर भिक्षाटन गर्ने भएको हुनाले 'दारूपत्तिक' भनिएको हो ।

२९१ यहाँका बाँकी कुराहरू माथि पृ ४८ मा उल्लेख भएजस्तै दोहऱ्याई पढ्नुहोला ।

२९२ यहाँका बाँकी कुराहरू माथि पृ ५० मा उल्लेख भएजस्तै दोहऱ्याई पढ्नुहोला ।

२९३ यहाँका बाँकी कुराहरू माथि पृ. ५० मा उल्लेख भएअनुसार दोहऱ्याई पढ्नुहोला ।

२९४ यहाँका बाँकी कुराहरू माथि पृ ५० मा 'सानो शील' भन्ने शीर्षक देखि पृ.५८ सम्म पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

आवुसो ! म पनि यस्तो जान्दछु र देख्दछु त्यसैले म 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो र अर्कै शरीर हो' भनी भन्दिन । अनि ऊ ······ द्वितीयध्यान, ··· तृतीयध्यान, ······ चतुर्थध्यान प्राप्त गरी बस्छ । आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ भने त्यस्ता भिक्षुले 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो अर्कै शरीर हो' भन्नु ठीक होला ? आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ भने त्यस्ता भिक्षुले 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो र अर्कै शरीर हो' भन्नु ठीक छैन । आवुसो ! म पनि यस्तो जान्दछु र देख्दछु त्यसैले म 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो र अर्कै शरीर हो' भनी भन्दिन ।"

"अनि उसले ज्ञानदर्शनको निमित्त चित्त अघि बढाउँछ चित्त झुकाउँछ । ··· आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ भने त्यस्तो भिक्षुले 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो र अर्कै शरीर हो' भन्नु ठीक होला ? आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ भने त्यस्ता भिक्षुले 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो र अर्कै शरीर हो' भन्नु ठीक छैन । आवुसो ! म पनि यस्तो जान्दछु र देख्दछु त्यसैले म 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव र अर्कै शरीर हो' भनी भन्दिन । उसले आस्रवहरू क्षय हुने ज्ञानको निमित्त चित्त अघि बढाउँछ र चित्त झुकाउँछ । ···[२९५] अब उप्रान्त यहाँ आउनुपर्ने हेतु छैन भन्ने ज्ञान पनि हुन्छ । आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ भने त्यस्ता भिक्षुले 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो र अर्कै शरीर हो' भन्नु ठीक होला ? आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ भने त्यस्तो भिक्षु 'उही जीव हो ··· ' भन्नु ठीक छैन । आवुसो ! म पनि यस्तो जान्दछु र देख्दछु त्यसैले म 'उही जीव हो ··· ' भनी भन्दिन ।"

भगवान्ले यति भन्नुभएपछि सन्तुष्ट भएका ती दुई प्रव्रजितहरूले भगवान्को भाषणलाई अभिवादन गरे ।

Dhamma.Digital

**जालिय-सुत्त समाप्त ।**

२९५ यहाँका बाँकी कुराहरू माथि सामञ्ञफल-सुत्तको आस्रवक्षय ज्ञानसम्म उल्लेख भए अनुसार मिलाई पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

# ८. महासीहनाद-सुत्त

(महासीहनादसूत्र)

## १. श्रमण गौतमले सबै तपको निन्दा गर्छन् कि गर्दैनन्

१. यस्तो मैले सुनें । एक समय भगवान् उरुञ्ञ *(नगर)* को कण्णकत्थल भन्ने मृगदायमा बस्नुभएको थियो । अनि अचेल *(निवस्त्र=नग्न)* कस्सप जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे ।[२९६] एक छेउमा बसेका अचेल कस्सप[२९७]ले भगवान्लाई यस्तो भने – "भो गौतम ! मैले सुनेको छु कि – 'श्रमण गौतम सबै तपलाई निन्दा गर्छन्, सबै रुक्षजीवि तपस्वीलाई बिलकुल हेला गर्छन् र उपहास गर्छन् ।' भो गौतम ! ज-जसले यस्तो भन्दछन् ··· के उनीहरूले तपाईं गौतमले भनेजस्तै भनेका छन् ? के उनीहरूले तपाईं गौतमलाई झूटो आरोप त लगाएनन् ? धर्मानुकूल भनेका छन् ? कुनै कारणसहित *(सहधम्मिको)* को कुरालाई वादारोपण त भएको छैन ? हामी तपाईं गौतमलाई झूटो आरोप लगाउन चाहन्नौं ।"

२. "कस्सप *(कश्यप)* ! ज जसले 'श्रमण गौतम सबै तपलाई निन्दा गर्छन्, सबै रुक्षजीवि तपस्वीलाई बिलकुल हेला गर्छन् र उपहास गर्छन्' भनी भन्छन् – उनीहरू मैले भनेजस्तै भन्दैनन् । उनीहरू असत्य र अयथार्थ कुराद्वारा मलाई झूटो आरोप लगाउँछन् ।

३. (क) "कस्सप ! यहाँ म अमानुषीय विशुद्ध दिव्य-चक्षुद्वारा केही रुक्षजीवि तपस्वीलाई देख्दछु जो मरणपछि अपाय दुर्गति विनिपात नरकमा उत्पन्न भएका ।

(ख) "कस्सप ! यहाँ म अमानुषीय विशुद्ध दिव्य-चक्षुद्वारा केही रुक्षजीवि तपस्वीलाई देख्दछु जो मरणपछि सुगति स्वर्गलोकमा उत्पन्न भएका ।

(ग) "कस्सप ! यहाँ म अमानुषीय विशुद्ध दिव्य-चक्षुद्वारा केही अल्पदुःखविहारी तपस्वीलाई देख्दछु जो मरणपछि अपाय दुर्गति विनिपात नरकमा उत्पन्न भएका ।

(घ) "कस्सप ! यहाँ म अमानुषीय विशुद्ध दिव्य-चक्षुद्वारा केही अल्पदुःखविहारी तपस्वीलाई देख्दछु जो मरणपछि सुगति स्वर्गलोकमा उत्पन्न भएका ।

---

२९६ एक छेउमा बसे भन्नाको तात्पर्य बस्नेसम्बन्धमा भएको छ वटा दोष हटाई बसे भनेको हो अर्थात् (१) ज्यादै नजिक ठाउँमा, (२) ज्यादै टाढा ठाउँमा, (३) हावा आउने ठाउँमा, (४) अग्लो ठाउँमा, (५) बिलकुल अगाडि ठाउँमा र (६) बिलकुल पछाडि ठाउँमा बस्नु – यी छ वटा दोषरहित ठाउँमा बसे भनी बुझ्नुपर्छ ।

२९७ यस सूत्रको उल्लेख सिंहल अट्ठकथामा 'कस्सपसीहनादसुत्तं' भनी उल्लेख गरिएको छ । महापण्डित राहुल सांकृत्यायनले पनि 'कस्सपसीहनादसुत्तं' भनी उल्लेख गर्नुभएको छ । 'कस्सपसीहनादसुत्तं' भनी अट्ठकथाले उल्लेख गरेको मज्झिमनिकायको 'महासीहनादसुत्तं'-सँग भिन्नता देखाउनको निमित्त हुनसक्छ ।

Downloaded from http://www.dhamma.digital

"कस्सप ! जब कि यी तपस्वीहरूको आगति *(आएको ठाउँ)*, गति *(जाने ठाउँ)*, च्युति *(त्यहाँबाट च्युत हुने)* र उत्पत्ति *(फेरि उत्पन्न हुने)* हुने कुरा पनि यथार्थतः जान्दछु भने किन मैले सबै तपस्वीलाई बिलकुल निन्दा र उपहास गर्ने ?"

## २. विज्ञको बीच छलफल गर्नुपर्छ

४. "कस्सप ! कुनै पण्डित निपुण ब्राह्मणहरू छन् जो अर्काको वादलाई रौंलाई चिरेको जस्तै चिर्न सक्छन् । लाग्छ कि उनीहरू प्रज्ञाद्वारा अर्काको दृष्टिलाई छिन्नभिन्न पार्छन् । कुनै ठाउँमा उनीहरू मसँग पनि मेल खान्छ, कुनै ठाउँमा मेल खान्न । क. जो उनीहरू केही ठीक छ भन्छन्, हामी पनि केही ठीक छ भन्छौं । ख. जो उनीहरू केही ठीक छैन भन्छन्, हामी पनि केही ठीक छैन भन्छौं । ग. जो उनीहरू केही ठीक छ भन्छन्, हामी पनि केही ठीक छैन भन्छौं । घ. जो उनीहरू केही ठीक छैन भन्छन्, हामी केही ठीक छ भन्छौं ।

क. "जो हामीहरू केही ठीक छ भन्छौं, अरूले पनि केही ठीक छ भन्छन् । ख. जो हामीहरू केही ठीक छैन भन्छौं, अरूले पनि केही ठीक छैन भन्छन् । क. जो हामीहरू केही ठीक छैन भन्छौं, अरूले केही ठीक छ भन्छन् । घ. जो हामीहरू केही ठीक छ भन्छौं, अरूले केही ठीक छैन भन्छन् ।

५. "अनि तिनीहरूकहाँ गई म यस्तो भन्छु – 'आवुसो ! जुन ठाउँमा हामीहरूको मेल खान्न त्यो ठाउँलाई छाडिदेऔं । जुन ठाउँमा हामीहरूको मेल खान्छ त्यस विषयमा विज्ञहरू *(एक)* शास्ताले *(अर्को)* शास्तासँग, *(एक)* सङ्घले *(अर्को)* सङ्घसँग *(आ-आफ्नो)* विश्वास सम्बन्धी प्रश्न सोधौं, कारण सोधौं, र दुवै सोधौं । जो यी धर्महरू अकुशल र अकुशल मानिन्छ, दोषसहित र दोषसहित मानिन्छ, असेवनीय र असेवनीय मानिन्छ, आर्यमा नपुग्ने र आर्यमा नपुग्ने मानिन्छ, कृष्ण र कृष्ण मानिन्छ – कसले त्यस्तो धर्मलाई निरवशेष रूपले छाडी आचरण गर्छन् ? श्रमण गौतमले वा अरू गणाचार्यहरूले ?"

६. "कस्सप ! जुन प्रश्न सोध्दा विज्ञहरू यस्तो भन्न सक्छन् – 'जो यी धर्महरू अकुशल र अकुशल मानिन्छ, ··· कृष्ण र कृष्ण मानिन्छ – यिनीहरूलाई श्रमण गौतमले निरवशेष रूपले छाडी आचरण गर्छन् कि अथवा अरू गणाचार्यहरूले ?' कस्सप ! यसरी विज्ञहरूसँग सोध्दा हामीलाई नै त्यहाँ धेरै प्रशंसा गर्न सक्छन् ।

७. "कस्सप ! फेरि बुद्धिमान *(एक)* शास्ताले *(अर्को)* शास्तासँग वा *(एक)* सङ्घले *(अर्को)* सङ्घसँग यस्तो सोध्न सक्छ – 'जुन यी धर्महरू कुशल र कुशल मानिन्छ, ··· शुक्ल र शुक्ल मानिन्छ – कसले त्यस्तो धर्मलाई निरवशेष रूपले ग्रहण गरी आचरण गर्छन् ? श्रमण गौतमले वा अरू गणाचार्यहरूले ?' भनी सोध्दा यस्तो भन्न सक्छन् –

८. "कस्सप ! ··· यसरी बुद्धिमानसँग सोध्दा हामीलाई नै त्यहाँ धेरै प्रशंसा गर्न सक्छन् ।

९. "कस्सप ! फेरि बुद्धिमान *(एक)* शास्ताले, ··· यस्तो सोध्न सक्छ - 'जुन यी धर्महरू अकुशल र अकुशल मानिन्छ, कृष्ण र कृष्ण मानिन्छ – कसले त्यस्तो धर्मलाई निरवशेष रूपले छाडी आचरण गर्छन् ? गौतम श्रावकसङ्घले वा अरू गणाचार्यहरूले ?' भनी सोध्दा यस्तो भन्न सक्छन् –

१०. "कस्सप ! ··· यसरी बुद्धिमानसँग सोध्दा हामीलाई नै त्यहाँ धेरै प्रशंसा गर्न सक्छन् ।

११. "कस्सप ! फेरि बुद्धिमान *(एक)* शास्ताले ··· यस्तो सोध्न सक्छ – 'जुन यी धर्महरू कुशल

Downloaded from http://www.dhamma.digital

१ कुशल मानिन्छ, ··· शुक्ल र शुक्ल मानिन्छ – कसले त्यस्तो धर्मलाई निरवशेष रूपले ग्रहण गरी आचरण गर्छन् ? गौतम श्रावकसङ्घले वा अरू गणाचार्यहरूले ?' भनी सोध्दा यस्तो भन्न सक्छन् –

१२. "कस्सप ! ······ यसरी बुद्धिमानसँग सोध्दा हामीलाई नै त्यहाँ धेरै प्रशंसा गर्न सक्छन् ।

## ३. स्वयं आफैले जान्न सकिन्छ

१३. "कस्सप ! यो मार्ग हो, यो प्रतिपदा हो जसअनुसार आचरण गरेमा स्वयंले नै जान्न सक्ने छ र देख्न सक्ने छ कि श्रमण गौतम नै कालवादी, सत्यवादी, अर्थवादी, धर्मवादी तथा विनयवादी हुन् । कश्यप ! त्यो मार्ग, त्यो प्रतिपदा कुन हो त ? जसअनुसार स्वयंले नै जान्न सक्छ र देख्न सक्छ ··· यही आर्यअष्टाङ्गिक मार्ग हो । जस्तै – सम्यक्दृष्टि, सम्यक्संकल्प, सम्यक्वाचा, सम्यक्कर्म, सम्यक्आजीव, सम्यक्व्यायाम, सम्यक्स्मृति र सम्यक्समाधि । कश्यप ! यही त्यो मार्ग हो, यही त्यो प्रतिपदा हो जसअनुसार आचरण गर्दा स्वयंले नै श्रमण गौतम नै कालवादी, सत्यवादी, अर्थवादी, धर्मवादी तथा विनयवादी हुन् भनी जान्न सक्छ र देख्न सक्छ ।"

## ४. श्रामण्यत्रव र ब्राह्मणात्रवको निमित्त तपस्या

१४. यस्तो भन्दा भगवान्लाई अचेल कस्सपले यस्तो भने – "आवुसो गौतम ! यी तपस्याहरू पनि यी श्रमण ब्राह्मणहरूको श्रामण्यत्व र ब्राह्मणत्व मानिन्छन् । जस्तै – नांगा हुनु, मुक्ताचार हुनु[२९८], हात चाटेर खानु *(हत्थापलेखनो)*[२९९], बोलाएर दिएको भिक्षा नलिनु *(न एहि भदन्तिको)*, पर्खनुहोस् भनी दिएको भिक्षा नलिनु आफ्नो निमित्त ल्याएको भिक्षा नलिनु आफ्नो निमित्त बनाइएको भिक्षा नलिनु, निम्तो पनि स्वीकार नगर्नु आदि पनि *(श्रामण्यत्व र ब्राह्मणत्व भित्र समाविष्ट)* हुन्छ ।

"*(यिनीहरूमध्ये)* कसले घ्याम्पा *(कुम्भी)* बाट दिएको *(भिक्षा)* लिंदैन, डालोबाट दिएको लिंदैन, झ्यालबाट *(एलकमन्तरं)* दिएको लिंदैन, *(झ्यालका)* दण्डीहरूको बीचबाट *(दण्डमन्तरं)* दिएको लिंदैन, मुसलको बीचबाट दिएको लिंदैन, खाएर बसेका दुईजनामध्येले दिएको लिंदैन, गर्भिणीले दिएको लिंदैन, दूध पियाउँदै गरेकीले दिएको लिंदैन, पुरुषकहाँ जानेको हातबाट लिंदैन, कुकुरलाई भनी लगिरहेकीको हातबाट लिंदैन, झिंगा बसेको खाना लिंदैन, माछा र मासु लिंदैन, सुरा, मेरय, सर्वत *(थुसोदकं)* पनि लिंदैन ।"

"ऊ एकै घरमा भिक्षा लिन्छ वा एकै गाँस मात्र खान्छ, दुई घरमा भिक्षा लिन्छ वा दुई गाँस मात्र खान्छ, ··· सात घरमा भिक्षा लिन्छ वा सात गाँस मात्र खान्छ; एक डाडुको खानाले मात्र यापन गर्छ, दुई डाडुको खानाले मात्र यापन गर्छ, ··· सात डाडुको खानाले मात्र यापन गर्छ; दिनको एकपल्ट मात्र खान्छ, दुई दिनको एकपल्ट मात्र खान्छ, ··· सातदिनको एकपल्ट मात्र खान्छ । यसरी आलोपालो गरी आधा महिनाको एकपल्ट मात्र खाएर पनि विहार गर्छ ।"

---

२९८ दिसा-पिसाब गर्दा सामाजिक रीति-रिवाजलाई वास्ता नराखी उठेर नै दिसा-पिसाब गर्ने र त्यसरी गरेको दिसा-पिसाबलाई स्वयं खाने र पिसाब पनि पिउनेलाई 'मुक्ताचार' भनिएको हो ।

२९९ केवल हात चाटेर मात्र खाने होइन बल्कि दिसा गरेर आफ्नै हातलाई एक काठको टुक्रा सम्झी हातैले दिसा पुछ्ने समेतलाई यहाँ 'हातले चाटेर खाने' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

१५. "आवुसो गौतम ! यी तपस्याहरू पनि यी श्रमण गौतमहरूको श्रामण्यत्त्व र ब्राह्मणत्त्व मानिन्छन् । जस्तै – साग खाने हुन्छ, चामल खाने हुन्छ, नीवर *(जंगलमा स्वयं उब्जेका धान्यवर्ग)* खाने वा दद्दुल *(सार्किले काटेर फ्याकिराखेका छालाका चौटाहरू)* खाने हुन्छ, भ्याऊ खाने वा कनिका खाने हुन्छ, डढेको भात खाने वा पीना खाने हुन्छ, घाँस खाने वा गोबर खाने हुन्छ, वनमूल फल खाने वा खसेको फल खाने भई यापन गर्छ ।

१६ "आवुसो गौतम ! यी तपस्वीहरू पनि यी श्रमण गौतमहरूको श्रामण्यत्त्व र ब्राह्मणत्त्व मानिन्छन् । जस्तै – कोही सनको वस्त्र पनि लगाउँछ, मिसिएको कपडाको वस्त्र पनि लगाउँछ, मसानमा छाडेका कपडाहरू पनि लगाउँछ, भुईमा फ्याकिराखेका कपडाहरू पनि लगाउँछ, बोक्राको *(तिरीटानि)* वस्त्र पनि लगाउँछ, बोकाको छाला पनि लगाउँछ, मृगछाला पनि लगाउँछ, कुशचीर *(कुशवस्त्र)* पनि लगाउँछ, वल्कल पनि लगाउँछ, फलेकको वस्त्र पनि लगाउँछ, केश *(मानिसको केश)* को कम्बल *(केशकम्बलं)* पनि लगाउँछ, रौं *(घोडाको पुच्छरको रौं)* को कम्बल *(वाल कम्बलं)* पनि लगाउँछ, लाटोकोसेरोको प्वाँखको वस्त्र पनि लगाउँछ ।

"उ केश दाह्री लुछ्याउने हुन्छ, केश दाह्री लुछ्याउने काममा लागेको हुन्छ, आसन प्रतिक्षेप गरी उभिइरहने पनि हुन्छ, टुक्रुक्क बस्ने पनि हुन्छ, टुक्रुक्क बस्ने काममा लागेको हुन्छ, काँढाहरूमा पनि सुत्छ, काँढाहरूमा सुत्ने काममा लागेको हुन्छ, फलेकमा सुत्छ, खुला ठाउँमा बस्ने हुन्छ र जस्तो छ त्यस्तो आसनमा बस्छ, विकट खाना[३००] खाने हुन्छ र विकट खाना खानेमा लागेको हुन्छ, चीसो पानी पिउन्न, चीसो पानी नखानेमा लागेको हुन्छ, पाप पखाल्न भनी संध्या समयसम्म दिनको तीन पटक नुहाउँछ ।"

१७. "कस्सप ! अचेलक *(नाँगा साधु)* भए पनि, मुक्ताचार भए पनि, हात चाटेर खाने भए पनि ··· *(पूर्ववत्)* ···यसरी आलोपालो गरी आधा महिनाको एक पटक मात्र खाएर विहार गर्ने भए पनि उसको शीलसम्पदा, चित्तसम्पदा तथा प्रज्ञासम्पदा अभावित हुन्छ र असाक्षात्कृत पनि हुन्छ । अनि ऊ श्रामण्यत्त्वबाट र ब्राह्मणत्त्वबाट टाढै हुन्छ । कस्सप ! जब भिक्षु अवैर, अव्यापाद तथा मैत्रीचित्तको भाविता गर्छ तब आस्रव क्षय गरी, चित्तविमुक्त र प्रज्ञाविमुक्त भई यसै जीवनमा अभिज्ञा साक्षात्कार गरी विहार गर्छ । कस्सप ! यसैलाई भिक्षु-श्रमण पनि, ब्राह्मण पनि भनिन्छ ।

"कस्सप ! सागपात खाने भए पनि, चामल खाने भए पनि ··· *(पूर्ववत्)* ······ वनमूल फल खाने वा खसेको फल खाने भए पनि उसको शीलसम्पदा, चित्तसम्पदा तथा प्रज्ञासम्पदा अभावित हुन्छ र असाक्षात्कृत पनि हुन्छ । अनि ऊ श्रामण्यत्त्वबाट र ब्राह्मणत्त्वबाट टाढै हुन्छ । कस्सप ! जब भिक्षु अवैर, अव्यापाद तथा मैत्रीचित्तको भाविता गर्छ तब आस्रवक्षय गरी ··· अभिज्ञा साक्षात्कार गरी विहार गर्छ । कस्सप ! यसैलाई भिक्षु-श्रमण पनि, ब्राह्मण पनि भनिन्छ ।

"कस्सप ! सनको वस्त्र लगाउने भए पनि, मिसिएको कपडाको वस्त्र लगाउने भए पनि, ··· *(पूर्ववत्)* ··· पाप पखाल्न संध्या समयसम्म दिनको तीन पटक नुहाएता पनि उसको शीलसम्पदा, ··· अभावित हुन्छ र असाक्षात्कृत पनि हुन्छ । अनि ऊ श्रामण्यत्त्वबाट र ब्राह्मणत्त्वबाट टाढै हुन्छ । कस्सप ! जब भिक्षु अवैर, अव्यापाद तथा मैत्रीचित्तको भाविता गर्छ तब आस्रवक्षय गरी ··· अभिज्ञा साक्षात्कार गरी विहार गर्छ । कस्सप ! यसैलाई भिक्षु-श्रमण पनि ब्राह्मण पनि भनिन्छ ।"

---

३०० गुहु, मूत, खरानी र माटोलाई 'विकट खाना' भन्दछन् । यस्तो खाना खानेलाई 'विकट खाना खाने' भनी भन्दछन् ।

Downloaded from http://www.dhamma.digital

१८. यस्तो भन्दा भगवान्‌लाई अचेल कस्सपले यस्तो भने – “भो गौतम ! श्रामण्यत्त्व भनेको जान्नु गाह्रो छ, ब्राह्मणत्त्व भनेको जान्नु गाह्रो छ ।”

१. (क) “कस्सप ! यो लोकमा ‘श्रामण्यत्त्व दुष्कर छ, ब्राह्मणत्त्व दुष्कर छ’ भन्ने कुरा स्वाभाविकै हो । कस्सप ! अचेलक भएर पनि, मुक्ताचार भएर पनि, ⋯ आलोपालो गरी आधा महिनाको एकपल्ट मात्र खाएर पनि विहार गर्छ । कस्सप ! यदि यति मात्रले, यति मात्र तपस्याले श्रामण्यत्त्व र ब्राह्मणत्त्व पाउन दुष्कर र अति दुष्कर छ भन्ने हो भने ‘श्रामण्यत्त्व दुष्कर छ, ब्राह्मणत्त्व दुष्कर छ’ भन्नु योग्य छैन ।

(ख) “यदि यति मात्रले *(श्रामण्यत्त्व)* पाउन सक्ने भए गृहपति वा गृहपतिपुत्र अथवा सबभन्दा तल्लो कुम्भदासीले पनि ‘त्यसोभए अचेलक होऔं, मुक्तचार होऔं, ⋯ आलोपालो गरी आधा महिनाको एकपल्ट मात्र खाएर बसौं’ भनी बस्न सक्छ ।”

(ग) “कस्सप ! किन्तु योभन्दा अर्कै प्रकारले, योभन्दा अर्कै तपस्याले मात्र श्रामण्यत्त्व र ब्राह्मणत्त्व पाउन सकिन्छ भन्ने कुरा दुष्कर तथा अतिदुष्कर छ । त्यसैले ‘श्रामण्यत्त्व दुष्कर छ, ब्राह्मणत्त्व दुष्कर छ’ भन्न योग्य छ ।

“कस्सप ! जब भिक्षु अवैर, अव्यापाद तथा मैत्रीचित्तको भाविता गर्छ तब आस्रवक्षय गरी, चित्तविमुक्ति र प्रज्ञाविमुक्ति भई यसै जीवनमा अभिज्ञा साक्षात्कार गरी विहार गर्छ । कस्सप ! यसैलाई *(वास्तवमा)* भिक्षु-श्रमण पनि ब्राह्मण पनि भनिन्छ ।

(क) “कस्सप ! साग खाने भएर पनि, चामल खाने भएर पनि, ⋯ वनमूल फल खाने वा खसेको फल खाने भएर पनि विहार गर्छ । कस्सप ! यदि यति मात्रले, यति मात्र तपस्याले श्रामण्यत्त्व र ब्राह्मणत्त्व पाउन दुष्कर र अतिदुष्कर छ भने ‘श्रामण्यत्त्व दुष्कर छ, ब्राह्मणत्त्व दुष्कर छ’ भन्नु योग्य छैन ।

(ख) “यदि यतिले मात्र *(श्रामण्यत्त्व)* पाउन सक्ने भए गृहपति वा गृहपतिपुत्र अथवा सबभन्दा तल्लो कुम्भदासीले पनि ‘त्यसोभए साग खाने भई बसौं, चामल खाने भई बसौं, ⋯ वनमूल फल खाने वा खसेको फल खाने भएर बसौं’ भनी बस्न सक्छ ।”

(ग) “कस्सप ! किन्तु योभन्दा अर्कै प्रकारले, योभन्दा अर्कै तपस्याले मात्र श्रामण्यत्त्व र ब्राह्मणत्त्व पाउन सकिन्छ र दुष्कर तथा अतिदुष्कर पनि छ । त्यसैले ‘श्रामाण्यत्त्व दुष्कर छ, ब्राह्मणत्त्व दुष्कर छ’ भन्न योग्य छ । कस्सप ! जब भिक्षु अवैर, अव्यापाद तथा मैत्रीचित्तको भाविता गर्छ तब ⋯ भिक्षु-श्रमण पनि ब्राह्मण पनि भनिन्छ ।

(क) “कस्सप ! सनको वस्त्र लगाउने भएर पनि, मिसिएको कपडाको वस्त्र लगाउने भएर पनि, ⋯ पाप पखाल्न सन्ध्या समयसम्म दिनको तीन पटक नुहाएर पनि विहार गर्छ । कस्सप ! यदि यति मात्रले, यति मात्र तपस्याले श्रामण्यत्त्व र ब्राह्मणत्त्व पाउन दुष्कर र अतिदुष्कर छ भन्ने हो भने ‘श्रामण्यत्त्व दुष्कर छ, ब्राह्मणत्त्व दुष्कर छ’ भन्नु योग्य छैन ।

(ख) “यदि यतिले मात्र *(श्रामणत्त्व)* पाउन सक्ने भए गृहपति वा गृहपतिपुत्र अथवा सबभन्दा

Downloaded from http://www.dhamma.digital

तल्लो कुम्भदासीले पनि 'त्यस्तो भए सनको वस्त्र लगाएर बसौं, मिसिएको कपडाको वस्त्र लगाएर बसौं, मिसिएको कपडाको वस्त्र लगाएर बसौं, ··· पाप पखाल्न संध्या समयसम्म दिनको तीन पटक नुहाऔं' भनी बस्न सक्छे।"

(ग) "कस्सप ! किन्तु योभन्दा अर्कै प्रकारले, योभन्दा अर्कै तपस्याले मात्र श्रामण्यत्त्व र ब्राह्मणत्त्व पाउन सक्छ र दुष्कर तथा अति दुष्कर पनि छ। त्यसैले 'श्रामण्यत्त्व दुष्कर छ, ब्राह्मणत्त्व दुष्कर छ' भन्न योग्य छ। कस्सप ! जब भिक्षु अवैर, अव्यापाद तथा मैत्रीचित्तको भाविता गर्छ तब ··· भिक्षु-श्रमण पनि, ब्राह्मण पनि भनिन्छ।

१९. यस्तो भन्दा भगवान्लाई अचेल कस्सपले यस्तो भने – "भो गौतम ! श्रामण्यत्त्व भनेको जान्नु गाह्रो छ, ब्राह्मणत्त्व भनेको जान्नु गाह्रो छ।"

(क) "कस्सप ! यो लोकमा 'श्रामण्यत्त्वलाई जान्नु गाह्रो छ, ब्राह्मणत्त्वलाई जान्नु गाह्रो छ' भन्ने कुरा स्वाभाविकै हो। कस्सप ! अचेलक भएर पनि, मुक्ताचार भएर पनि, ··· आलोपालो गरी आधा महिनाको एकपल्ट मात्र खाएर पनि विहार गर्छ। कस्सप ! यति मात्रले, यति तपस्याले मात्र श्रामण्यत्त्व र ब्राह्मणत्त्व जान्नु गाह्रो र अतिगाह्रो छ भन्ने हो भने 'श्रामण्यत्त्वलाई जान्नु गाह्रो छ, ब्राह्मणत्त्वलाई जान्नु गाह्रो छ' भन्नु योग्य छैन।

(ख) "यदि यतिले मात्र *(श्रामण्यत्त्व)* पाउन सक्ने भए गृहपति वा गृहपतिपुत्र अथवा सबभन्दा तल्लो कुम्भदासीले पनि 'त्यसोभए अचेल होऔं, ··· मुक्ताचार होऔं, आलोपालो गरी आधा महिनाको एकपल्ट मात्र खाएर बसौं' भनी वस्न सक्छ।"

(ग) "कस्सप ! किन्तु योभन्दा अर्कै प्रकारले, योभन्दा अर्कै तपस्याले भिक्षु-श्रमण पनि ब्राह्मण पनि हुनसक्छ भन्ने कुरा जान्नु गाह्रो छ तथा अतिगाह्रो छ। त्यसैले 'श्रामण्यत्त्वलाई जान्नु गाह्रो छ, ब्राह्मणत्त्वलाई जान्नु गाह्रो छ' भन्नु योग्य छ। कस्सप ! जब भिक्षु अवैर, अव्यापाद तथा मैत्रीचित्तको भाविता गर्छ तब ··· कस्सप ! यसैलाई *(वास्तवमा)* भिक्षु-श्रमण पनि ब्राह्मण पनि भनिन्छ।

(क) "कस्सप ! सागपात खाने भएर पनि, ··· वनमूल फल खाने वा खसेको फल खाने भएर पनि विहार गर्छ। कस्सप ! यदि यति मात्रले ··· पूर्ववत्

(ख) "यदि यति मात्रले *(श्रामण्यत्त्व)* पाउन सक्ने भए ··· पूर्ववत् ···

(ग) "कस्सप ! किन्तु योभन्दा अर्कै प्रकारले ··· भिक्षु-श्रमण पनि, ब्राह्मण पनि भनिन्छ।

३(क) "कस्सप ! सनको वस्त्र लगाउने भएर पनि, ··· मिसिएका कपडाको वस्त्र लगाउने भएर पनि ··· कस्सप ! यदि यति मात्रले ··· पूर्ववत् ···

(ख) "यदि यति मात्रले *(श्रामण्यत्त्व)* पाउन सक्ने भए ··· पूर्ववत् ···

(ग) "कस्सप ! किन्तु योभन्दा अर्कै प्रकारले, ······ भिक्षु-श्रमण पनि, ब्राह्मण पनि भनिन्छ।"

Downloaded from http://www.dhamma.digital

## शील-चित्त प्रज्ञा-सम्पदा

२०. यस्तो भन्दा भगवान्लाई अचेल कस्सपले यस्तो भने – "भो गौतम ! शीलसम्पदा, चित्तसम्पदा तथा प्रज्ञासम्पदा भनेका के हुन् ?"

**शीलसम्पदा** – "कस्सप ! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध, ··· [३०१] उत्पन्न हुन्छ , उहाँले देव-मारसहित ब्रह्मलोकलाई, श्रमण ब्राह्मणसहित प्रजालाई, देवमनुष्यसहित लोकलाई – स्वयं अभिज्ञाद्वारा साक्षात्कार गर्नुभएको धर्मोपदेश गर्नुहुन्छ । ··· [३०२]

"अनि त्यो धर्मलाई गृहपति वा गृहपतिपुत्रले अथवा अरू कुनै कुलमा जन्मेकोले सुन्दछ । धर्म सुनेर उसको मनमा तथागतप्रति श्रद्धा उत्पन्न हुन्छ । श्रद्धा उत्पन्न भएपछि उसले यस्तो विचार गर्छ – 'घरमा बस्नु बाधापूर्ण छ । रागरूपी मल उत्पन्न हुन्छ । प्रव्रज्या हुनु खुल्ला आकाश जस्तै हो । घरमा बसेर परिपूर्ण रूपले, परिशुद्ध रूपले शंखजस्तै सफा गरी ब्रह्मचर्य *(श्रेष्ठचर्या)* पालन गर्न सजिलो छैन । अतः किन म केशदाह्री क्षौर गरी घरबाट निस्की अनगारिक भई प्रव्रजित नहूँ ?' अनि पछि गएर ऊ थोरै वा धेरै भोगसम्पत्तिलाई छाडी, थोरै वा धेरै ज्ञाति परिवारहरूलाई त्यागी, केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार त्यागी अनगारिक भई प्रव्रजित हुन्छ ।"

"यसरी प्रव्रजित भएको ऊ प्रातिमोक्ष संवरशीलले युक्त भई आचार-गोचरले सम्पन्न भई, अनु मात्र दोषमा पनि भयदर्शी भई तथा शिक्षापदहरू समादान गरी बस्छ । कायकर्म र वचीकर्मले सम्पन्न भई कुशलपूर्वक परिशुद्ध जीवी भई शीलसम्पन्न, इन्द्रियहरूमा संयमी भई स्मृति सम्प्रजन्यले युक्त भई सन्तुष्ट भई बस्छ ।"

"कस्सप ! कसरी भिक्षु शीलसम्पन्न हुन्छ भने ? – कस्सप ! यहाँ भिक्षु प्राणीहिंसाबाट विरत भई बस्छ । दण्डरहित, शस्त्ररहित, लज्जालु, दयालु तथा सबै प्राणीहरूप्रति हितानुकम्पी भई बस्छ । यो शीलसम्पदा हो ।

*(यहाँदेखि अगाडिको कुराहरू जम्मै माथि पृ. ५१ देखि ५३ सम्म पढ्नुहोला ।)*

२६. "छेदन *(हात खुट्टा काट्ने)*, वध *(पीट्ने)*, बन्धन *(बाँध्ने)*, हमला गर्ने, लुट्ने डाकामार्ने र साहसी काम *(जबरजस्ती, बलात्कार आदि काम)* बाट अलग रहन्छ । यो पनि शीलसम्पदा हो । "

२७. "जसरी यहाँ केही श्रमण ब्राह्मणहरू श्रद्धाले दिएका भोजनहरू खाई तिरश्चीन विद्या जस्ता मिथ्या जीवनले जीवन बिताउँछन् । जस्तै – शान्तिकर्म, प्रणीधिकर्म, भूतकर्म, भूरिकर्म, पुरुषलाई नपुंसक बनाउने कर्म, ··· औषधी दिने कर्म र क्षार औषधीको प्रभाव दूर गर्ने औषधी दिने कर्म आदि जस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन । यो पनि शीलसम्पदा हो ।" ··· [३०३]

"अनि यसरी शीलसम्पन्न भएको सो भिक्षुले शीलसंवरको कारणबाट कतैबाट पनि कुनै भय[३०४] आउने कुरा देख्दैन । कस्सप ! जस्तै – शत्रुलाई पराजित गरी अभिषेक प्राप्त क्षत्रीले कतैबाट कुनै शत्रुको भय आउने कुरो देख्दैन । कस्सप ! त्यस्तै गरी शीलसम्पन्न भएको सो भिक्षुले शीलसंवरको कारणबाट कतैबाट पनि कुनै भय आउने कुरो देख्दैन । ऊ यो आर्यशीलस्कन्धले सम्पन्न भई आफूभित्र निरवद्य

---

३०१ यहाँका बाँकी कुराहरू माथि सामञ्ञफल-सुत्तमा झैं पढ्नुहोला ।

३०२ यहाँका बाँकी कुराहरू माथि सामञ्ञफल-सुत्त पृ. ४८ मा झैं पढ्नुहोला ।

३०३ यहाँका बाँकी कुराहरू माथि पृ. ५३ देखि पृ. ५८ सम्म पढ्नुहोला ।

३०४ असंयमताको कारणबाट जुन भय र त्रास मनमा लाग्ने हो त्यस्तो भय र त्रास उनको मनमा लाग्दैन भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

सुखको अनुभव गरी बस्छ । कस्सप ! यसरी भिक्षु शीलसम्पन्न हुन्छ । कस्सप ! यो पनि शीलसम्पदा हो ।"

**चित्तसम्पदा** – "अनि ऊ कामविषयबाट अलग भई अकुशलबाट अलग भई वितर्क विचारयुक्त भएको विवेकजः *(ध्यानजः)* प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ । यो चित्तसम्पदा हो ।"

"फेरि भिक्षु वितर्क विचारलाई उपशान्त गरी अभ्यन्तर सम्प्रसादलाई चित्तमा एकाग्र गरी वितर्क विचाररहित विवेकजः प्रीतिसुख भएको द्वितीयध्यान प्राप्त गरी बस्छ । यो पनि चित्तसम्पदा हो ।"

"फेरि भिक्षु प्रीतिलाई पनि त्यागी उपेक्षित भई, स्मृति सम्प्रजन्य भई, शरीरद्वारा सुखानुभव गरी बस्छ । जसलाई आर्यहरू 'उपेक्षावान्, स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्दछन् । त्यस प्रकारको तृतीयध्यान प्राप्त गरी बस्छ । यो पनि चित्तसम्पदा हो । "

"फेरि भिक्षु सुखलाई पनि त्यागी दुःखलाई पनि त्यागी पहिले नै सौमनस्य, दौर्मनस्यको अन्त गरी सुखदुःख नभएको स्मृति र उपेक्षायुक्त परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी बस्छ । यो पनि चित्तसम्पदा हो । कस्सप ! यही हो चित्तसम्पदा ।"

**प्रज्ञासम्पदा** – "यसरी समाहित चित्त भएपछि, परिशुद्ध स्वच्छ निर्मल क्लेशरहित भएपछि, मृदु तथा कर्मण्य भएपछि तथा निश्चलतामा पुगेपछि ज्ञानदर्शन गर्न ऊ चित्त अघि बढाउँछ र चित्त भुकाउँछ । ··· यो प्रज्ञासम्पदा हो ।"

"यसरी समाहित चित्त भएपछि मनोमयकाय निर्माणको निमित्त ऊ चित्त अघि बढाउँछ र चित्त भुकाउँछ ।[३०५] ··· यो पनि प्रज्ञासम्पदा हो ।"

"यसरी समाहित चित्त भएपछि ··· ऋद्धिविधज्ञानको निमित्त ऊ चित्त अघि बढाउँछ र चित्त भुकाउँछ । ··· यो पनि प्रज्ञासम्पदा हो ।"

"यसरी समाहित चित्त भएपछि ··· दिव्यस्रोतधातु प्राप्तिको निमित्त ऊ चित्त अघि बढाउँछ र चित्त भुकाउँछ । ··· यो पनि प्रज्ञासम्पदा हो ।"

"यसरी समाहित चित्त भएपछि ··· परचित्तज्ञानको निमित्त ऊ चित्त अघि बढाउँछ र चित्त भुकाउँछ । ··· यो पनि प्रज्ञासम्पदा हो ।"

"यसरी समाहित चित्त भएपछि ··· पूर्वानुस्मृतिज्ञानको निमित्त ऊ चित्त अघि बढाउँछ र चित्त भुकाउँछ । ··· यो पनि प्रज्ञासम्पदा हो ।"

"यसरी समाहित चित्त भएपछि ··· सत्त्वहरूको च्युति र उत्पत्तिसम्बन्धी ज्ञानको निमित्त ऊ चित्त अघि बढाउँछ र चित्त भुकाउँछ । ··· यो पनि प्रज्ञासम्पदा हो ।"

"यसरी समाहित चित्त भएपछि[३०५] ··· आस्रवहरूको क्षय हुने ज्ञानको निमित्त ऊ चित्त अघि बढाउँछ र चित्त भुकाउँछ । अनि 'यो दुःख हो' भनी यथार्थतः बोध गर्छ । ···[३०५] यसरी देखेपछि यसरी अवबोध भएपछि उसको चित्त कामास्रवबाट, भवास्रवबाट र अविद्यास्रवबाट पनि विमुक्त हुन्छ । विमुक्त भएपछि 'विमुक्त भएँ' भन्ने ज्ञान पनि हुन्छ । 'जाति *(जन्म)* क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें अब उप्रान्त यहाँ आउनुपर्ने हेतु छैन' भन्ने ज्ञान पनि हुन्छ । यो पनि प्रज्ञासम्पदा हो । कस्सप ! यो हो प्रज्ञासम्पदा ।"

---

३०५ यहाँका बाँकी कुराहरू माथि पृ. ६४ देखि पृ. ६८ सम्म पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

"कस्सप ! यी शीलसम्पदा, चित्तसम्पदा तथा प्रज्ञासम्पदाबाहेक अरू योभन्दा माथिल्लो र उत्तमतर शीलसम्पदा, चित्तसम्पदा तथा प्रज्ञासम्पदा छैन ।

## ६. सिंहनाद

२२. "कस्सप ! यहाँ केही श्रमण ब्राह्मणहरू शीलवादी छन् । उनीहरू अनेक प्रकारले शीलको वर्णन गर्छन् । कस्सप ! जहाँसम्म आर्य परमशीलको कुरा छ त्यससम्बन्धमा म समान अरू कुनै देख्दिन भने म भन्दा उत्तमको त के कुरा ! अत: उत्तमशीलको बारेमा चाहिं म नै श्रेष्ठ छु ।

"कस्सप ! यहाँ केही श्रमण ब्राह्मणहरू तपजुगुप्सावादी[306] छन् । उनीहरू अनेक प्रकारले तपजुगुप्साको वर्णन गर्छन् । कस्सप ! जहाँसम्म आर्य परम तपजुगुप्साको कुरा छ त्यससम्बन्धमा म समान अरू कुनै देख्दिन भने म भन्दा उत्तमको त के कुरा ! अत: उत्तम तपजुगुप्साको बारेमा म नै उत्तम छु ।

"कस्सप ! यहाँ केही श्रमण ब्राह्मणहरू छन् । उनीहरू अनेक प्रकारले प्रज्ञाको वर्णन गर्छन् । कस्सप ! जहाँसम्म आर्य परम प्रज्ञाको[307] कुरा छ त्यस सम्बन्धमा म समान अरू कुनै देख्दिन भने म भन्दा उत्तमको त के कुरा ! अत: उत्तम प्रज्ञाको बारेमा म नै श्रेष्ठ छु । ... उत्तम विमुक्तिको बारेमा म नै उत्तम छु ।

२३. "कस्सप ! सायद अन्य तैर्थीय परिव्राजकहरू यस्तो भन्न सक्छन् – ' श्रमण गौतम सिंहनाद त गर्छन् तर परिषद्को बीचमा होइन, कोही नभएको ठाउँमा ।' उनीहरूलाई 'यस्तो नभन' भनी भन्नु पर्छ । उनीहरूलाई ' श्रमण गौतम परिषद्को बीचमा पनि सिंहनाद गर्छन्' भनी भन्नुपर्छ ।

"कस्सप ! सायद अन्य तैर्थीय परिव्राजकहरू यस्तो भन्न सक्छन् – ' श्रमण गौतम परिषद्को बीचमा सिंहनाद त गर्छन् तर वैशारद्य नभई गर्छन् ।' उनीहरूलाई 'यस्तो नभन' भनी भन्नुपर्छ । उनीहरूलाई ' श्रमण गौतम परिषद्को बीचमा पनि सिंहनाद गर्छन्, वैशारद्य भएर पनि गर्छन्' भनी भन्नुपर्छ ।

"कस्सप ! सायद अन्य तैर्थीय परिव्राजकहरू यस्तो भन्न सक्छन् – " श्रमण गौतम सिंहनाद त गर्छन्, परिषद्को बीचमा पनि, वैशारद्य भएर पनि, किन्तु उनीसँग कसैले प्रश्न सोध्दैनन्; ... प्रश्न पनि सोध्छन् तर प्रश्नको उत्तर दिंदैनन्; ... सोधेको प्रश्नको उत्तर पनि दिन्छन् तर प्रश्नको उत्तरद्वारा चित्त प्रसन्न पार्दैनन्; ... प्रश्नको उत्तरद्वारा चित्त पनि प्रसन्न पार्छन् तर सुन्ने मन गर्दैनन्; ... सुन्ने मन पनि गर्छन् तर सुनेर प्रसन्न हुन्नन्;... सुनेर प्रसन्न पनि हुन्छन् तर प्रसन्नताकार देखाउन्नन्; ... प्रंसन्नताकार पनि देखाउँछन् तर तदनुसार आचरण गर्दैनन्; ... तदनुसार आचरण पनि गर्छन् तर सन्तोष हुने गरी आचरण गर्दैनन्' उनीहरूलाई 'यस्तो नभन' भनी भन्नुपर्छ । कस्सप ! उनीहरूलाई ' श्रमण गौतम सिंहनाद पनि गर्छन्, परिषद्को बीचमा पनि, वैशारद्य भएर पनि, प्रश्न पनि सोध्छन्, प्रश्नको उत्तर पनि

---

३०६ 'तपजुगुप्सा' भनेको तपस्यालाई घृणा गर्नु । क्लेश संतप्त गर्ने वीर्यलाई 'तप' भनिन्छ ।

३०७ 'प्रज्ञा' भनेको कर्म नै आफ्नो हो भन्ने प्रज्ञा, विपश्यना-प्रज्ञालाई पनि 'प्रज्ञा' भनिएको हो । मार्गफलयुक्त प्रज्ञा चाहिं उत्तम प्रज्ञा हो ।

Downloaded from http://www.dhamma.digital

दिन्छन्, प्रश्नको उत्तरद्वारा सन्तोष पनि पार्छन्, सुन्ने मन पनि गर्छन्, सुनेर प्रसन्न पनि हुन्छन्, प्रसन्नताकार पनि देखाउँछन्, तदनुसार आचरण पनि गर्छन् र आचरणद्वारा सन्तोष पनि गराउँछन्' भनी भन्नुपर्छ ।"

## ७. अचेल कस्सपको प्रव्रज्या

२४. "कस्सप ! एक समय म राजगृहको गृद्धकूट पर्वतमा बसिरहेको थिएँ । त्यहाँ एक निग्रोध भन्ने तपब्रह्मचारी परिव्राजकले मसँग अधिजुगुप्सा बारे प्रश्न सोधेका थिए[३०८] । अनि मैले अधिजुगुप्सा विषयमा सोधेको प्रश्नको उत्तर दिएँ । उत्तर दिएपछि उनी म माथि अधिक प्रसन्न भएका थिए ।"

"भन्ते ! भगवान्को धर्म सुनी को अधिक प्रसन्न नहोला र ! धन्य हो भन्ते ! धन्य हो भन्ते !! भन्ते ! जस्तै – घोप्टेकोलाई उत्तानो पारिदिंदा ढाकिएकोलाई उघारिदिंदा ··· [३०९] आँखा हुनेहरूले रूप देख्दछन् – त्यस्तै प्रकारले भगवान्ले अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो । भन्ते ! सो म अब भगवान्को शरणमा पर्दछु, धर्म र भिक्षुसङ्घको पनि । भन्ते ! भगवान्को समक्ष प्रव्रज्या र उपसम्पदा पाऊँ ।"

"कस्सप ! जो अघि अन्यतीर्थीय भएका यस धर्मविनयमा प्रव्रज्या र उपसम्पदा चाहन्छन् उनीहरू चार महिनासम्म परिवास *(परीक्षाकालसम्म)* मा बस्नुपर्छ । चार महिनापछि परिवासबाट सन्तुष्ट भएका भिक्षुहरूले भिक्षुत्त्वको लागि प्रव्रजित गर्छन् र उपसम्पदा पनि । हुन त मलाई व्यक्ति विशेषताको कुरो पनि थाहा छ ।"

"भन्ते ! यदि यस धर्मविनयमा प्रव्रज्या र उपसम्पदा चाहने अघि अन्यतीर्थीय भएकाले चार महिनासम्म परिवासमा बस्नुपर्छ र चार महिना परिवास बसि सकेपछि त्यसद्वारा सन्तुष्ट भएका भिक्षुहरूले भिक्षुत्त्वको निमित्त प्रव्रज्या र उपसम्पदा गर्छन् भने म चार वर्ष परिवास बस्नेछु । चार वर्षपछि यदि भिक्षुहरू सन्तुष्ट भएमा भिक्षुत्त्वको निमित्त मलाई उनीहरूले प्रव्रज्या र उपसम्पदा गरून् ।"

अनि अचेल कस्सपले भगवान्को समक्ष प्रव्रज्या र उपसम्पदा प्राप्त गरे[३१०] । उपसम्पन्न भएर आयुष्मान् कस्सपले ··· चिरकाल नबित्दै – जसको निमित्त कुलपुत्रहरू सम्यक् रूपले घरबाट निस्की अनगारिक भई प्रव्रजित हुन्छन् – त्यो अनुत्तर ब्रह्मचर्यवास पूरा गरी यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी उपशान्त भई बसे । "जाति क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त गर्नुपर्ने केही बाँकी छैन" भन्ने पनि जाने ।

आयुष्मान् कस्सप *(कश्यप)* अरहन्तहरूमध्ये एक हुनुभयो ।

**महासीहनाद-सुत्त समाप्त ।**

---

३०८ यी निग्रोधले सोधेका कुरा तल उदुम्बरिक-सुत्त सूत्र नं. २५ अर्थात् पृ. ४०६ मा उल्लेख भएको छ ।

३०९ यहाँका बाँकी कुराहरू पृ. ७० मा पढ्नुहोला ।

३१० उनको तीव्र इच्छालाई बुझ्नुभई एक भिक्षुलाई अह्राई उनलाई नुहाई प्रव्रजित गराउन लगाउनुभयो । अनि उनलाई गणहरूको बीचमा बसाली उपसम्पदा पनि गराउनुभयो । त्यसैले 'उपसम्पदा प्राप्त गरे' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

# ९. पोट्ठपाद–सुत्त

(प्रौष्ठपादसूत्र)

## १. भगवान् पोट्ठपादकहाँ जानुभयो

१. यस्तो मैले सुनें । एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बसिरहनुभएको थियो । त्यस समय पोट्ठपाद परिव्राजक समयप्रवादक भन्ने तिन्दुकाचीरको एक शालक भन्ने मल्लिकाको आराम *(उद्यान)* मा तीन हजार महान परिव्राजक परिषद्का साथ बसिरहेका थिए । अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटनको निमित्त भगवान् जानुभयो ।

२. अनि भगवान्लाई यस्तो लाग्यो – "श्रावस्तीमा भिक्षाटनको निमित्त जान अझै समय छ । *(त्यतिन्जेलसम्म)* किन म समयप्रवादक भन्ने तिन्दुकाचीरको एक शालक भन्ने मल्लिकाको आराममा जहाँ पोट्ठपाद परिव्राजक हुन् त्यहाँ नजाऊँ ।" अनि भगवान् जहाँ समयप्रवादक तिन्दुकाचीरको एक शालक भन्ने मल्लिकाको आराम थियो त्यहाँ जानुभयो ।

३. त्यस बखत पोट्ठपाद परिव्राजक महान परिव्राजक परिषद्सँग अनेक प्रकारका तिरश्चीन कुरा गर्दै होहल्ला गर्दै, चिच्याउँदै, कराउँदै बसेका थिए । जस्तै (१) राजकथा, (२) चोरकथा (३) महामात्यकथा, (४) सेनाकथा, (५) भयकथा (६) युद्धकथा, (७) अन्नकथा, (८) पानकथा, (९) वस्त्रकथा (१०) शयनकथा, (११) मालाकथा, (१२) गंधकथा (१३) ज्ञातिकथा (१४) यानकथा, (१५) ग्रामकथा, (१६) निगमकथा (१७) नगरकथा, (१८) जनपदकथा (१९) स्त्रीकथा (२०) पुरुषकथा (२१) शूर *(बहादुर)* कथा (२२) चौबाटो कथा (२३) पधेराको कथा (२४) पूर्वप्रेत कथा (२५) नानत्त्वकथा (२६) लोकाख्यायिकाकथा (२७) समुद्राख्यायिका कथा (२८) भवकथा तथा (२९) अभवकथा ।

४. अनि पोट्ठपाद परिव्राजकले टाढैदेखि भगवान्लाई आइरहनुभएको देखे । देखेपछि आफ्नो परिषद्लाई शान्त पारे – "तपाईंहरू चुप लाग्नुहोस् । तपाईंहरू हल्लागुल्ला नगर्नुहोस् । यी श्रमण गौतम आउँदैहुनुहुन्छ । उहाँ आयुष्मान् निःशब्दतालाई रुचाउनुहुन्छ; निःशब्दताको प्रशंसक हुनुहुन्छ । सायद निःशब्द परिषद् देखेर उहाँ यहाँ आउनसक्नुहुन्छ ।" यस्तो भन्दा ती परिव्राजकहरू चुप लागे ।

५. अनि जहाँ पोट्ठपाद परिव्राजक थिए त्यहाँ भगवान् जानुभयो । अनि पोट्ठपाद परिव्राजकले भगवान्लाई यस्तो भने – "भन्ते भगवान् ! आउनुहोस् । भन्ते ! भगवान्को स्वागत छ । धेरै दिनपछि भगवान्ले यहाँ आउने काम गर्नुभयो । भन्ते ! भगवान् ! बस्नुहोस् यो आसन बिच्छ्याइएको छ ।" त्यसपछि भगवान् बिच्छ्याइराखेको आसनमा बस्नुभयो । पोट्ठपाद परिव्राजक पनि एक होचो आसन लिई एक छेउमा बसे । एक छेउमा बसेका पोट्ठपाद परिव्राजकलाई भगवान्ले यसो भन्नुभयो –

"पोट्ठपाद ! अहिले यहाँ के कुरा गर्दै बसेका थियौ ? के कुरामा कुरा रोकियो ?"

Downloaded from http://www.dhamma.digital

# २. कसरी अभिसंज्ञा निरोध हुन्छ ?

६. यस्तो भन्दा पोट्ठपाद परिव्राजकले भगवान्लाई यस्तणे भने – "भन्ते ! छाडिदिनुहोस् यो कुरा जुन कुराहरू गरी हामीहरू यहाँ बसेकाछौ । भन्ते ! यस्ता कुराहरू भगवान्लाई पछि पनि सुन्न दुर्लभ हुने छैन । भन्ते ! अस्ति अस्ति कौतूहलशालामा भेला भई बसेका नानातीर्थीय श्रमण ब्राह्मणहरूको बीचमा 'कसरी अभिसंज्ञा निरोध हुन्छ' भन्ने विषयमा कुरा उठेको थियो –

(१) "त्यहाँ केहीले यस्तो भने – 'बिनाहेतु, बिनाप्रत्यय पुरुषको संज्ञा *(चित्त)* उत्पन्न पनि हुन्छ र निरुद्ध पनि हुन्छ । जुन बखत *(संज्ञा)* उत्पन्न हुन्छ त्यस बखत संज्ञी हुन्छ । जुन बखत *(संज्ञा)* निरुद्ध हुन्छ त्यस बखत असंज्ञी हुन्छ ।' यसरी केही अभिसंज्ञा निरोध बताउँछन् ।"

(२) "त्यहाँ अर्कांले यस्तो भने–'भो ! यो त्यस्तो हुन सक्दैन, यस्तो हुन सक्छ । भो ! संज्ञा *(चित्त)* नै पुरुषको आत्मा हो । सो आउँछ पनि जान्छ पनि । जुन बखत आउँछ त्यस बखत संज्ञी हुन्छ । जुन बखत जान्छ त्यस बखत असंज्ञी हुन्छ । यसरी केही अभिसंज्ञानिरोध बताउँछन् ।"

(३) "त्यहाँ अर्कांले यस्तो भने – 'भो ! यो त्यस्तो हुन सक्दैन । भो ! महर्द्धिक महानुभाव हुने श्रमण ब्राह्मणहरू छन् । उनीहरू यो पुरुषको संज्ञालाई भित्र ल्याउँछन् पनि, बाहिर लैजान्छन् पनि । जुन बखत भित्र ल्याउँछन् त्यस बखत संज्ञी हुन्छ । जुन बखत बाहिर लैजान्छन् त्यस बखत असंज्ञी हुन्छ ।' यसरी केही अभिसंज्ञानिरोध बताउँछन् ।"

(४) "त्यहाँ अर्कांले यस्तो भने – 'भो ! यो त्यस्तो हुन सक्दैन । भो ! महर्द्धिक महानुभाव हुने देवताहरू छन् । उनीहरू यो पुरुषको संज्ञालाई भित्र राख्छन् पनि, बाहिर राख्छन् । जुन बखत भित्र राख्छन् त्यस बखत संज्ञी हुन्छ । जुन बखत बाहिर राख्छन् त्यस बखत असंज्ञी हुन्छ ।' यसरी केही अभिसंज्ञानिरोध बताउँछन् ।"

"भन्ते ! त्यस समय मलाई भगवान्कै सम्फना भयो 'अहो उहाँ भगवान् ! अहो उहाँ सुगत ! जो यी धर्महरूमा चतुर हुनुहुन्छ ।' भन्ते ! भगवान् चतुर हुनुहुन्छ । भगवान् अभिसंज्ञानिरोधको बारेमा प्रकृतज्ञ *(अभ्यस्त)* हुनुहुन्छ । भन्ते ! कसरी अभिसंज्ञानिरोध हुन्छ ?"

## (क) अनुपूर्वाभिसंज्ञानिरोध संप्रज्ञान समापत्ति

७. "पोट्ठपाद ! त्यहाँ जुन श्रमण ब्राह्मणहरू 'विनाहेतु विनाप्रत्यय संज्ञा उत्पन्न हुन्छ र निरुद्ध पनि हुन्छ' भनी भने शुरुमै *(उनीहरूले)* गल्ती गरे । किनभने ? पोट्ठपाद ! हेतुसहित, प्रत्ययसहित *(कारण सहित)* पुरुषको संज्ञा उत्पन्न हुन्छ र निरुद्ध पनि हुन्छ । एक शिक्षाबाट एक संज्ञा उत्पन्न हुन्छ, एक शिक्षाबाट एक संज्ञा निरुद्ध हुन्छ ।

८. त्यो शिक्षा भनेको के हो त भनी भगवान्ले भन्नुभयो – "पोट्ठपाद ! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध … [३११] लोकमा उत्पन्न हुन्छ । …… [३१२] पोट्ठपाद ! यसरी भिक्षु शीलसम्पन्न हुन्छ । … [३१३] यी

---

३११ यहाँका बाँकी कुराहरू माथि सामञ्ञफल-सुत्तमा भएझैं दोहऱ्याई पढ्नुहोला ।

३१२ यहाँका बाँकी कुराहरू माथि सामञ्ञफल-सुत्तमा भएझैं दोहऱ्याई पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

पञ्चनीवरणहरू प्रहीण भएको कुरा आफूमा देख्दा उसमा प्रमोद उत्पन्न हुन्छ । प्रमुदित हुनेको प्रीति उत्पन्न हुन्छ । प्रीति चित्त भएको शरीर शान्त हुन्छ । शान्त भएको कायले सुखानुभव गर्छ । सुखी भएको चित्त समाधिष्ठ हुन्छ । अनि ऊ कामविषयबाट अलग भई अकुशलबाट अलग भई वितर्कविचारयुक्त भएको विवेकज: *(ध्यानज:)* प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ । त्यसको जुन पहिलेको कामसंज्ञा हो त्यो निरुद्ध हुन्छ । विवेकज: प्रीतिसुख सूक्ष्म सत्यसंज्ञा त्यस समयमा हुन्छ । त्यस समय ऊ विवेकज: प्रीतिसुख सूक्ष्म सत्यसंज्ञी मात्र हुन्छ । यसरी एक शिक्षाबाट एक संज्ञा उत्पन्न हुन्छ, एक शिक्षाबाट एक संज्ञा निरुद्ध हुन्छ ।" यो शिक्षा हो भनी भगवान्ले भन्नुभयो ।

"पोट्ठपाद ! फेरि भिक्षु वितर्कविचारलाई उपशान्त गरी अभ्यन्तर सम्प्रसादलाई चित्तमा एकाग्र गरी वितर्कविचाररहित विवेकज: प्रीतिसुख भएको द्वितीयध्यान प्राप्त गरी बस्छ । उसको जुन पहिलेको विवेकज: प्रीतिसुख सूक्ष्मसत्यसंज्ञा हो त्यो निरुद्ध हुन्छ । समाधिज: प्रीतिसुख सूक्ष्मसत्यसंज्ञा त्यस समयमा हुन्छ । त्यस समय ऊ समाधिज: प्रीतिसुख सूक्ष्मसत्यसंज्ञी मात्र हुन्छ । यसरी एक शिक्षाबाट एक संज्ञा उत्पन्न हुन्छ, एक शिक्षाबाट एक संज्ञा निरुद्ध हुन्छ ।" यो पनि शिक्षा हो भनी भगवान्ले भन्नुभयो ।

"पोट्ठपाद ! फेरि भिक्षु प्रीतिलाई पनि त्यागी उपेक्षित भई स्मृतिसम्प्रजन्य भई शरीरद्वारा सुखानुभव गरी बस्छ । जसलाई आर्यहरू 'उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्दछन् त्यस प्रकारको तृतीयध्यान प्राप्त गरी बस्छ । उसको जुन पहिलेको समाधिज: प्रीतिसुख सूक्ष्मसत्यसंज्ञा हो त्यो निरुद्ध हुन्छ । उपेक्षासुख सूक्ष्मसत्यसंज्ञा त्यस समयमा हुन्छ । त्यस समय ऊ उपेक्षासुख सूक्ष्मसत्यसंज्ञी मात्र हुन्छ । यसरी एक शिक्षाबाट एक संज्ञा उत्पन्न हुन्छ, एक शिक्षाबाट एक संज्ञा निरुद्ध हुन्छ ।" यो पनि शिक्षा हो भनी भगवान्ले भन्नुभयो ।

"पोट्ठपाद ! फेरि भिक्षु सुखलाई पनि त्यागी दु:खलाई पनि त्यागी पहिले नै सौमनस्य *(मानसिक सुख)* दौमर्नस्य *(मानसिक दु:ख)* को अन्त गरी सुखदु:ख नभएको स्मृति र उपेक्षा परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी बस्छ । उसको जुन पहिलेको उपेक्षासुख सूक्ष्मसत्यसंज्ञा हो त्यो निरुद्ध हुन्छ । अदु:खमसुख, सूक्ष्मसत्यसंज्ञा त्यस समयमा हुन्छ । त्यस समय ऊ अदु:खमसुख सूक्ष्मसत्यसंज्ञी मात्र हुन्छ । यसरी एक शिक्षाबाट एक संज्ञा उत्पन्न हुन्छ, एक शिक्षाबाट एक संज्ञा निरुद्ध हुन्छ ।" यो पनि शिक्षा हो भनी भगवान्ले भन्नुभयो ।

"पोट्ठपाद ! फेरि भिक्षु सबै प्रकारले रूपसंज्ञालाई समतिक्रम गरी, प्रतिघ *(मानसिक द्वेषभाव, घर्षण)* संज्ञालाई अन्त गरी, नानात्त्वसंज्ञालाई मनन नगरी – 'आकाश अनन्त हो' भनी आकाशानन्त्यायतन *(समाधि)* प्राप्त गरी बस्छ । उसको जुन पहिलेको रूपसंज्ञा हो त्यो निरुद्ध हुन्छ । त्यस समय ऊ आकाशानन्त्यायतनसुख सूक्ष्मसत्यसंज्ञी मात्र हुन्छ । यसरी एक शिक्षाबाट एक शिक्षा उत्पन्न हुन्छ; एक शिक्षाबाट एक शिक्षा निरुद्ध हुन्छ ।" यो पनि शिक्षा हो भनी भगवान्ले भन्नुभयो ।

"पोट्ठपाद ! फेरि भिक्षु सबै प्रकारले आकाशानन्त्यायतनलाई समतिक्रम गरी 'विज्ञान अनन्त हो' भनी विज्ञानन्त्यायतन *(समाधि)* प्राप्त गरी बस्छ । उसको जो पहिलेको आकाशानन्त्यायतनसुख सूक्ष्मसत्यसंज्ञा हो त्यो निरुद्ध हुन्छ । विज्ञानन्त्यायतनसुख सूक्ष्मसत्यसंज्ञा त्यस समयमा हुन्छ । त्यस समय ऊ विज्ञानन्त्यायतनसुख सूक्ष्मसत्यसंज्ञी मात्र हुन्छ । यसरी एक शिक्षाबाट एक संज्ञा उत्पन्न हुन्छ, एक शिक्षाबाट एक संज्ञा निरुद्ध हुन्छ ।" यो पनि शिक्षा हो भनी भगवान्ले भन्नुभयो ।

---

३१३ यहाँका बाँकी कुराहरू 'कसरी भिक्षुले आफ्नो इन्द्रियलाई वशमा राख्छ ?' भन्ने पृ. ५८ देखि लिएर 'जस्तै अऋण झैं ··· मुक्त भएको कुरा आफूमा देख्छ' भन्ने ठाउँसम्म पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

"पोट्ठपाद ! फेरि भिक्षु विज्ञानन्त्यायतनलाई समतिक्रम गरी 'केही छैन' भनी आकिञ्चन्यायतन *(समाधि)* प्राप्त गरी बस्छ । उनको जुन पहिलेको विज्ञानन्त्यायतनसुख सूक्ष्मसत्यसंज्ञा हो त्यो निरुद्ध हुन्छ । आकाशानन्त्यायतनसुख सूक्ष्मसत्यसंज्ञा त्यस समयमा हुन्छ । त्यस समय ऊ आकाशानन्त्यायतनसुख सूक्ष्मसत्यसंज्ञी हुन्छ ।" यसरी एक शिक्षाबाट एक संज्ञा उत्पन्न हुन्छ, एक शिक्षाबाट एक संज्ञा निरुद्ध हुन्छ ।" यो पनि शिक्षा हो भनी भगवान्ले भन्नुभयो ।

"पोट्ठपाद ! जब यहाँ भिक्षु स्वक-संज्ञी *(आफूले प्राप्त गरेको ध्यानसंज्ञी)* हुन्छ तब ऊ त्यहाँबाट अर्को *(ध्यान)* मा त्यहाँबाट अर्को *(ध्यान)* मा क्रमशः गई श्रेष्ठतर संज्ञामा *(सञ्ञग्गं)* पुग्छ *(फुस्सति)* । अनि श्रेष्ठतर संज्ञामा बसेको उसलाई यस्तो लाग्छ – 'चिन्तन गर्नु मेरो लागि खराब हो, चिन्तन नगर्नु मेरो लागि बेश हो । यदि मैले चिन्तन गरें भने, यदि मैले अभिसंस्कार गरें भने – यो मेरा संज्ञाहरू निरुद्ध हुने छन् र अर्का मोटा मोटा संज्ञाहरू उत्पन्न हुनेछन् । त्यसैले चिन्तन पनि नगरुँ र अभिसंस्कार पनि नगरुँ ।' *(यति सोचेर)* उसले चिन्तन पनि गर्दैन र अभिसंस्कार पनि गर्दैन । उसको अचिन्तनले गर्दा अनभिसंस्कारले गर्दा ती संज्ञाहरू निरुद्ध हुन्छन् र अर्का मोटा मोटा संस्कारहरू पनि उत्पन्न हुन्नन् । ऊ निरोध स्पर्श गर्छ *(निरोधमा पुग्छ)* । पोट्ठपाद ! यसरी अनुपूर्वाभिसंज्ञानिरोध सम्प्रज्ञान समापत्ति हुन्छ ।"

"पोट्ठपाद ! तिमीले यसभन्दा अघि यस्तो अनुपूर्वाभिसंज्ञानिरोध सम्प्रज्ञान समापत्तिको बारे सुनेका थियौ ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! सुनेको थिइन । भगवान्ले अहिले भन्नुभएर मात्र मैले यस्तो जानें – "पोट्ठपाद ! जब यहाँ भिक्षु स्वक-संज्ञी हुन्छ तब ऊ त्यहाँबाट अर्को *(ध्यान)* मा, त्यहाँबाट अर्को *(ध्यान)* मा क्रमशः गई श्रेष्ठतर संज्ञामा *(सञ्ञग्गं)* पुग्छ *(फुस्सति)* । अनि श्रेष्ठतर संज्ञामा बसेको उसलाई यस्तो लाग्छ – 'चिन्तन गर्नु मेरो लागि खराब हो, चिन्तन नगर्नु मेरो लागि बेश हो । ...[३१४] ऊ निरोध स्पर्श गर्छ *(निरोधमा पुग्छ)* । पोट्ठपाद ! यसरी अनुपूर्वाभिसंज्ञानिरोध सम्प्रज्ञान समापत्ति हुन्छ ।"

"पोट्ठपाद ! यस्तै हो ।"

## (ख) श्रेष्ठतर संज्ञा एउटै मात्र छ कि धेरै छन् ?

१०. "भन्ते ! श्रेष्ठतर संज्ञा एउटै मात्र छ भनी भगवान् बताउनुहुन्छ कि धेरै छन् भनी बताउनुहुन्छ ?"

"पोट्ठपाद ! एउटै मात्र पनि बताउँछु, धेरै भनेर पनि बताउँछु ।

"भन्ते ! कसरी भगवान् एउटै मात्र भनी बताउनुहुन्छ र कसरी धेरै भनी बताउनुहुन्छ ?"

"पोट्ठपाद ! जस्तो जस्तो निरोध प्राप्त गर्छ त्यस्तो-त्यस्तो म श्रेष्ठतर संज्ञा बताउँछु । पोट्ठपाद ! यसरी म एउटा मात्र श्रेष्ठतर संज्ञा भनेर पनि बताउँछु, धेरै भनेर पनि बताउँछु[३१५] ।"

---

३१४ माथि उल्लेख भए जस्तै दोहऱ्याई पढ्नुहोला ।

३१५ निरोध पुग्ने माध्यमको प्रभेदलाई ध्यानमा राखी यहाँ धेरै भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

## (ग) पहिले संज्ञा हो कि ज्ञान ?

११. "भन्ते ! पहिले संज्ञा उत्पन्न हुन्छ, अनि पछि ज्ञान उत्पन्न हुन्छ कि अथवा ज्ञान पहिले उत्पन्न हुन्छ अनि पछि संज्ञा ? अथवा संज्ञा र ज्ञान दुवै एकैचोटि उत्पन्न हुन्छन् ?"

"पोट्ठपाद ! पहिले संज्ञा उत्पन्न हुन्छ, अनि पछि ज्ञान उत्पन्न हुन्छ । *(निरोधबाट उठेकाको मनमा पहिले अरहत्फल संज्ञा उत्पन्न हुन्छ, त्यसपछि ज्ञान उत्पन्न हुन्छ भनिएको हो ।)* संज्ञा उत्पन्न भएपछि नै ज्ञान उत्पन्न हुन्छ । अनि ऊ यसरी जान्दछ – 'उसको कारणले *(अरहत्फल संज्ञाको कारणले)* मेरो ज्ञान *(प्रत्यवेक्षणा ज्ञान)* उत्पन्न भयो ।' पोट्ठपाद ! यसरी बुझ्नुपर्छ – 'जसरी पहिले संज्ञा *(अरहत्फल संज्ञा)* उत्पन्न भएपछि ज्ञान *(प्रत्यवेक्षणा ज्ञान)* उत्पन्न हुन्छ, त्यस्तैगरी संज्ञा भएपछि नै ज्ञान उत्पन्न हुन्छ ।'"

## (घ) संज्ञा पुरुषको आत्मा होइन त ?

१२. "भन्ते ! संज्ञा नै पुरुषको आत्मा हो कि अथवा संज्ञा अर्कै हो, आत्मा अर्कै हो ?"

"पोट्ठपाद ! तिमी केलाई आत्मा भनी ठान्दछौ ?"

"भन्ते ! म चातुर्महाभौतिकद्वारा बनिएको गाँस गाँस खाने स्थूल रूपलाई आत्मा भनी ठान्दछु ।"

"पोट्ठपाद ! यदि तिम्रो आत्मा 'चातुर्महाभौतिकद्वारा बनिएको गाँस गाँस खाने स्थूल रूपी हो' भने, पोट्ठपाद ! संज्ञा अर्कै र आत्मा अर्कै हुन्छ । पोट्ठपाद ! त्यसैले यसप्रकार बुझ्नुपर्छ कि संज्ञा अर्कै हुन्छ र अर्कै आत्मा । पोट्ठपाद ! 'चातुर्महाभौतिकद्वारा बनिएको गाँस गाँस खाने स्थूल रूपी आत्मा हो' भन्ने कुरा छाडिदेओ । बरू यो पुरुषको संज्ञा अर्कै उत्पन्न हुन्छ अर्कै संज्ञा निरुद्ध हुन्छ । पोट्ठपाद ! अत: यसप्रकार जान्नुपर्छ कि अर्कै संज्ञा र अर्कै आत्मा' ।"

१३. "भन्ते ! म सबै अङ्गप्रत्यङ्ग भएको इन्द्रिय हीन नभएको मनोमय *(वस्तु)* लाई आत्मा भनी ठान्दछु ।"

"पोट्ठपाद ! यदि तिम्रो आत्मा 'सबै अङ्गप्रत्यङ्ग भएको इन्द्रियहीन नभएको हो' भने, पोट्ठपाद ! त्यस्तो भए पनि अर्कै संज्ञा र अर्कै आत्मा हुनेछ । पोट्ठपाद ! त्यो यसप्रकार जान्नुपर्छ – जस्तै अर्कै संज्ञा र अर्कै आत्मा हुनेछ । पोट्ठपाद ! 'सबै अङ्गप्रत्यङ्ग भएको इन्द्रियहीन नभएको मनोमय आत्मा हो भन्ने यो कुरालाई छाडिदेओ । बरू यो पुरुषको अर्कै संज्ञा उत्पन्न हुन्छ अर्कै संज्ञा निरुद्ध हुन्छ । अत: यसप्रकार जान्नुपर्छ कि 'अर्कै संज्ञा हुनेछ र अर्कै आत्मा' ।"

१४. "भन्ते ! म संज्ञामयी अरूपीलाई आत्मा भनी ठान्दछु ।"

"पोट्ठपाद ! यदि तिम्रो आत्मा 'संज्ञामयी अरूपी हो' भने, पोट्ठपाद ! त्यस्तो भए पनि अर्कै संज्ञा हुनेछ र आत्मा अर्कै । त्यो यसप्रकार जान्नुपर्छ – जस्तै संज्ञा अर्कै हुनेछ र आत्मा अर्कै । पोट्ठपाद ! 'संज्ञामयी अरूपी आत्मा हो' भन्ने यो कुरालाई छाडिदेओ । यो पुरुषको अर्कै संज्ञा उत्पन्न हुन्छ, अर्कै संज्ञा निरुद्ध हुन्छ । अत: यसप्रकार जान्नुपर्छ कि – 'अर्कै संज्ञा हुनेछ र अर्कै आत्मा' ।"

१५. "भन्ते ! के म यो बुझ्न सकुँला कि संज्ञा पुरुषको आत्मा हो अथवा अर्कै संज्ञा हो र अर्कै आत्मा ?"

Downloaded from http://www.dhamma.digital

"पोट्ठपाद ! तिमी जस्ता भिन्नै दृष्टिकले, भिन्नै विश्वासीले, भिन्नै रुचि राख्नेले, भिन्नै उद्योग गर्नेले र भिन्नै आचार्य हुनेले 'संज्ञा पुरुषको आत्मा हो भन्ने वा अर्कै संज्ञा हो र अर्कै आत्मा हो' भन्ने यो कुरा बुझ्न सक्दैनौ ।"

## ३. अव्याकृत प्रश्न

१६. "भन्ते ! यदि हामी जस्ता भिन्नै दृष्टिकले ··· 'संज्ञा पुरुषको आत्मा हो ······ ' भन्ने यो कुरा बुझ्न सक्दैनौ भने के त भन्ते ! शाश्वत लोक हो, यही सत्य हो अरू तुच्छ हुन् त ?"

"पोट्ठपाद ! शाश्वत लोक हो – यही सत्य हो अरू तुच्छ हुन् भन्ने कुरा मैले बताएको छैन ।"

"भन्ते ! के त अशाश्वत लोक हो – यही सत्य हो अरू तुच्छ हुन् त ?"

"पोट्ठपाद ! यो पनि ··· मैले बताएको छैन ।"

"भन्ते ! के अन्तवान् लोक भन्ने मात्र ······ अनन्तवान् लोक भन्ने मात्र ··· उही जीव उही शरीर भन्ने मात्र ··· अर्कै जीव, अर्कै शरीर भन्ने मात्र ··· मरणपछि तथागत हुन्छ भन्ने मात्र ··· मरणपछि तथागत हुँदैन भन्ने मात्र ······ मरणपछि तथागत हुन्छ पनि हुन्न पनि भन्ने मात्र ······ मरणपछि तथागत न हुन्छ, न त हुन्न भन्ने मात्र सत्य र अरू तुच्छ हुन् त ?"

"पोट्ठपाद ! यो पनि ······ मैले बताएको छैन ।"

"भन्ते ! किन यो बताउनु नभएको हो ?"

"पोट्ठपाद ! यो न अर्थयुक्त *(प्रयोजनीय)* छ, न धर्मयुक्त छ, न आदिब्रह्मचर्यको निमित्त उपयुक्त छ, न निर्वेदको निमित्त छ, न विरागको निमित्त छ, न निरोधको निमित्त छ, न उपशान्तको निमित्त छ, न अभिज्ञाको निमित्त छ, न त सम्बोधिको निमित्त छ तथा न त यसले निर्वाणमा पुऱ्याउँछ । त्यसैले यसलाई हामीले नबताएका हौं ।"

"भन्ते ! भगवान्ले के बताउनु *(व्याकृत गर्नु)* भएको छ त ?"

"पोट्ठपाद ! यो दुःख हो भन्ने कुरा हामीले बताएका छौं, यो दुःख समुदय हो भन्ने कुरा हामीले बताएका छौं, यो दुःख निरोध हो भन्ने कुरा हामीले बताएका छौं तथा यो दुःखनिरोधको मार्ग हो भन्ने कुरा हामीले बताएका छौं ।"

"भन्ते ! भगवान्ले यो कुरा किन बताउनुभएको हो त ?"

"पोट्ठपाद ! यो अर्थयुक्त छ, यो धर्मयुक्त छ, यो आदिब्रह्मचर्यको निमित्त उपयुक्त छ, यो निर्वेदको निमित्त छ, यो विरागको निमित्त छ, यो निरोधको निमित्त छ, यो उपशान्तको निमित्त छ, यो अभिज्ञाको निमित्त छ, यो सम्बोधिको निमित्त छ तथा यसले निर्वाणमा पुऱ्याउँछ । त्यसैले यसलाई हामीले बताएका हौं ।"

"भगवान् ! त्यस्तै हो, सुगत यस्तै हो । भन्ते ! जस्तो भगवान् उचित समय जान्नुहोस् ।" अनि भगवान् आसनबाट उठेर जानुभयो ।

१७. भगवान् जानुभएको केहीछिन पछि ती परिव्राजकहरूले पोट्ठपाद परिव्राजकलाई चारैतिरबाट

Downloaded from http://www.dhamma.digital

वचनरूपी बाणले खूब प्रहार गर्न थाले – “यस्तै हो तपाईं पोट्ठपाद ! ! जे-जे श्रमण गौतमले भाषण गरे ती-ती सबै वचनलाई तपाईंले ‘यस्तै हो भगवान् ! यस्तै हो भगवान् !’ भनी अनुमोदन गर्नुभयो । ‘शाश्वत लोक हो भनी वा अशाश्वत लोक हो भनी; अन्तवान् लोक हो भनी वा अनन्तवान् लोक हो भनी; उही जीव हो उही शरीर हो भनी वा अर्कै जीव हो अर्कै शरीर हो भनी; मरणपछि तथागत हुन्छ वा मरणपछि तथागत हुन्न भनी; मरणपछि तथागत हुन्न भनी वा मरणपछि तथागत न त हुन्छ न त हुन्न भन्ने आदि कुनै पनि एकांशिक *(एक पक्षिय वा निश्चिन्त रूपले)* धर्मदेशना श्रमण गौतमले गरेका कुरा हामीलाई थाहा छैन ।”’

यस्तो भन्दा पोट्ठपाद परिव्राजकले पनि ती परिव्राजकहरूलाई यस्तो भने – “मलाई पनि शाश्वत लोक हो ··· आदि कुनै एकांशिक धर्मदेशना श्रमण गौतमले गरेका कुरा थाहा छैन । तैपनि श्रमण गौतमले यथार्थ, सत्य, तथ्यतापूर्ण प्रतिपदा धर्ममा *(नवलोकोत्तर धर्ममा)* रही धर्मनियामको कुरा बताउनुभयो । अतः यथार्थ, सत्य, तथ्यतापूर्ण प्रतिपदा धर्ममा रही, धर्मनियामको कुरा बताएपछि मजस्तो विज्ञले कसरी श्रमण गौतमको सुभाषितलाई सुभाषित भनी अनुमोदन नगरुँ ?”

## ४. धर्म ऐकांशिक पनि हुन्छ, अनैकांशिक पनि

१८. अनि दुईतीन दिन बितेपछि चित्तहत्थि सारिपुत्र र पोट्ठपाद परिव्राजक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी चित्तहत्थि सारिपुत्र एक छेउमा बसे । पोट्ठपाद परिव्राजकले भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका पोट्ठपाद परिव्राजकले भगवान्लाई यस्तो भने – “भन्ते ! त्यसदिन भगवान् जानुभएको केहीछिन पछि ती परिव्राजकहरूले चारैतिरबाट “यस्तै हो तपाईं पोट्ठपाद ! ··· ” भन्दै मलाई खूब वचन प्रहारले प्रहार गर्न थाले । भन्ते ! यस्तो भन्दा मैले ती परिव्राजकहरूलाई “भो ! मलाई पनि शाश्वत लोक हो ··· आदि कुनै एकांशिक धर्मदेशना श्रमण गौतमले गरेका कुरा थाहाछैन । तैपनि श्रमण गौतमले यथार्थ, ··· कुरा बताउनुभयो । अतः यथार्थ कुरा बताएपछि म जस्ता विज्ञले कसरी श्रमण गौतमको सुभाषितलाई सुभाषित भनी अनुमोदन नगरुँ ?” भनी भनें ।

१९. “पोट्ठपाद ! ती सबै परिव्राजकहरू अन्धा, चक्षु नभएका हुन् । तिमी मात्र उनीहरूमध्ये चक्षुवान् हौ । पोट्ठपाद ! मैले एकांशिक रूपले पनि धर्महरू देशना गरेको छु । पोट्ठपाद ! अनेकांशिक रूपले पनि मैले धर्महरू देशना गरेको छु । पोट्ठपाद ! मैले अनेकांशिक रूपले देशना गरेका धर्महरू कुन हुन् त ? पोट्ठपाद ! शाश्वत लोक हो भनी ··· मैले अनेकांशिक रूपले देशना गरेका धर्महरू हुन् ···

२०. “पोट्ठपाद ! किन मैले अनेकांशिक रूपले देशना गरेका धर्महरू कुन हुन् त ? पोट्ठपाद ! यो दुःख हो भनी मैले अनेकांशिक रूपले देशना गरेको धर्म हो । यो दुःख समुदय हो भनी मैले अनेकांशिक रूपले देशना गरेको धर्म हो । यो दुःखनिरोध हो भनी मैले अनेकांशिक रूपले देशना गरेको धर्म हो । यो दुःखनिरोध हुने मार्ग हो भनी मैले अनेकांशिक रूपले देशना गरेको धर्म हो ।

“पोट्ठपाद ! किन मैले अनेकांशिक रूपले धर्महरू देशना गरेको त ? पोट्ठपाद ! यिनीहरू अर्थयुक्त छन्, यिनीहरू धर्मयुक्त छन्, यिनीहरू आदिब्रह्मचर्यको निमित्त उपयुक्त छन्, यिनीहरू निर्वेदको निमित्त, विरागको निमित्त, निरोधको निमित्त, उपशान्तको निमित्त, अभिज्ञाको निमित्त, सम्बोधिको निमित्तयुक्त छन् र यिनीहरूले निर्वाणमा पुऱ्याउँछन् । त्यसैले मैले अनेकांशिक रूपले धर्महरू देशना गरेको हुँ ।”

Downloaded from http://www.dhamma.digital

# ५. मरणपछि आत्मा सुखी हुन्छ

२१. "पोट्ठपाद ! यहाँ केही श्रमण ब्राह्मणहरू यस्ता वादी, यस्ता दृष्टिका छन् जो मरणपछि आत्मा निश्चिन्त रूपले सुखी तथा निरोगी हुन्छ भनी भन्दछन् । उनीहरूकहाँ गई म यस्तो भन्छु – 'साँच्चै तपाईं आयुष्मान् मरणपछि आत्मा निश्चिन्त रूपले सुखी तथा निरोगी हुन्छ भन्ने यस्ता वादी, यस्ता दृष्टिका हुनुहुन्छ ?' यस्तो सोध्दा उनीहरू 'हो' भनी भन्छन् । अनि उनीहरूलाई म यस्तो भन्छु – 'के त तपाईं आयुष्मान् सुखदायी लोकको बारेमा निश्चिन्त रूपले जानीबुझी बस्नुभएको छ ?' यस्तो सोध्दा 'थाहा छैन' भनी भन्छन् ।

"अनि उनीहरूलाई म यस्तो भन्छु – 'के त तपाईं आयुष्मान् एक रात वा एक दिन, आधा रात वा आधा दिन एकान्त रूपले सुखी आत्मालाई जान्नुहुन्छ ?' यस्तो सोध्दा 'थाहा छैन' भनी भन्छन् । अनि उनीहरूलाई म यस्तो भन्छु – 'के तपाईं आयुष्मान् एकान्त रूपले सुख भएको लोकको साक्षात्कार हुने यो प्रतिपदा हो भनी जान्नुहुन्छ ?' यस्तो सोध्दा 'जान्दैनौं' भनी भन्छन् ।"

"अनि उनीहरूलाई म यस्तो भन्छु – 'के तपाईं आयुष्मान्हरूले जा ती देवताहरू एकान्त रूपले सुखदायी लोकमा उत्पन्न भए उनीहरू 'मारिष ! एकान्त रूपले सुखदायी लोकको साक्षात्कार गर्नका निमित्त सु-प्रतिपन्न होऊ, मारिष ! ऋजुप्रतिपन्न होओ । मारिष ! हामी पनि यस्तो बाटोमा लागेर एकान्त रूपले सुखदायी लोकमा उत्पन्न भएका हौं' भनी कुरा गरिरहेको सुन्नुभएको छ ?' यस्तो सोध्दा 'छैन' भनी भन्छन् ।"

"पोट्ठपाद ! त्यस्तो भए ती श्रमण ब्राह्मणहरूको कुरा अप्रमाणिक हुन्छ, होइन त ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! यस्तो भएमा निश्चय नै ती श्रमण ब्राह्मणहरूको कुरा अप्रमाणिक हुन्छ ।"

Dhamma.Digital

## जनपदकल्याणीको उपमा

२२. "पोट्ठपाद ! जस्तै – कुनै पुरुष यस्तो भन्छ – 'यो जनपदमा जो जनपदकल्याणी छे म उसलाई चाहन्छु ।' उसलाई अर्कोले भन्छ – 'हे पुरुष ! जो जनपदकल्याणीलाई तिमी चाहन्छौ र रुचाउँछौ के तिमीलाई सो जनपदकल्याणी क्षत्रीनी हो कि, ब्राह्मणी हो कि, वैश्यनी हो कि अथवा शूद्रिनी हो कि भन्ने थाहा छ ?' यस्तो सोध्दा 'थाहा छैन' भनी भन्छ । उसलाई यसो भन्नुपर्छ – 'हे पुरुष ! जो जनपदकल्याणीलाई तिमी चाहन्छौ, रुचाउँछौ के तिमी जान्दछौ कि सो जनपदकल्याणीको के नाम हो, के गोत्र हो, अग्लो छे कि, होची छे कि, मझ्यौली छे ? काली छे कि, गोरी छे कि, मङ्गुरी छे ? फलाना गाउँमा वा निगममा अथवा नगरमा बस्छे ?' यस्तो सोध्दा 'जान्दिन' भनी भन्छ । त्यसलाई यसो भन्नुपर्छ – 'हे पुरुष ! जसलाई तिमी जान्दैनौ, देख्दैनौ त्यसलाई तिमी चाहन्छौ, रुचाउँछौ ?' यस्तो सोध्दा 'हो' भन्छ ।

"पोट्ठपाद ! यस्तो हुँदा के त्यस पुरुषको वचन अप्रमाणिक हुन्न त ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! यस्तो भएमा अवश्य पनि त्यस पुरुषको वचन अप्रमाणिक हुन्छ ।"

"पोट्ठपाद ! त्यस्तैगरी 'मरणपछि एकांश रूपले आत्मा सुखी र निरोगी हुन्छ' भन्ने जो ती श्रमण ब्राह्मणहरू हुन् तिनीहरूलाई म यस्तो भन्छु – 'साँच्चै हो के तपाईं आयुष्मान्हरू मरणपछि एकान्त रूपले आत्मा सुखी र निरोगी हुन्छ भन्ने यस्ता वादी, यस्ता दृष्टिका हुनुहुन्छ ?' यस्तो सोध्दा उनीहरू

Downloaded from http://www.dhamma.digital

'हो' भनी भन्छन् । अनि उनीहरूलाई मैले यस्तो भन्छु – 'के तपाईं आयुष्मान् एकान्त रूपले सुखदायी लोकको बारेमा जानी-बुझी बस्नुभएको छ ?' यस्तो सोध्दा 'बसेका छैनौं' भनी भन्छन् ।

"उनीहरूलाई यस्तो भन्छु – 'के तपाईं आयुष्मान्हरू एक रात वा एक दिन, आधा रात वा आधा दिन, एकान्त रूपले आत्मालाई जान्नुहुन्छ ?' यस्तो सोध्दा 'जान्दैनौं' भनी भन्छन् ।"

"उनीहरूलाई यस्तो भन्छु – 'के तपाईं आयुष्मान्हरू एकांत रूपले सुख भएको लोकलाई साक्षात्कार गर्ने यो मार्ग हो, यो प्रतिपदा हो भन्ने कुरा जान्नुहुन्छ के ?' यस्तो सोध्दा 'जान्दैनौं' भनी भन्छन् ।"

"उनीहरूलाई यस्तो भन्छु 'तपाईं आयुष्मान्हरूले जो ती देवताहरू एकान्त रूपले सुखदायी लोकमा उत्पन्न भए उनीहरू 'मारिष ! एकान्त रूपले सुखदायी लोकको साक्षात्कार गर्नको निमित्त सुप्रतिपन्न होऊ, मारिष ! ऋजुप्रतिपन्न होओ । मारिष ! हामी पनि यस्तो बाटोमा लागेर एकान्त रूपले सुखदायी लोकमा उत्पन्न भएका हौं' भनी कुरा गरिरहेको सुनेका छौ के ?' यस्तो सोध्दा 'सुनेका छैनौं' भनी भन्छन् ।"

"पोट्ठपाद ! यस्तो भएमा ती श्रमण ब्राह्मणहरूको कुरा अप्रमाणिक हुन्छ, होइन त ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! यदि यस्तो भएमा अवश्य पनि ती श्रमण ब्राह्मणहरूको कुरा अप्रमाणिक हुन्छ ।"

## भऱ्याङको उपमा

२३. "पोट्ठपाद ! जस्तै कुनै पुरुष चौबाटोमा बसी प्रासादमा उक्लिनको लागि भऱ्याङ बनाउँछ । उसँग यस्तो सोधिन्छ – 'हे पुरुष ! जुन प्रासादमा उक्लिन तिमी भऱ्याङ बनाउँदैछौ तिमी जान्दछौ के ? त्यो पूर्वदिशामा छ वा दक्षिण दिशामा छ वा पश्चिम दिशामा छ अथवा उत्तर दिशामा छ, अग्लो छ वा होचो छ वा मझौला छ ?' यस्तो सोध्दा 'जान्दिन' भनी भन्छ । त्यसैसँग यस्तो सोधिन्छ – 'हे पुरुष ! जो तिमी जान्दैनौ र देख्दैनौ – त्यस प्रासादको भऱ्याङ तिमी बनाउँछौ त ?' यस्तो सोधिंदा 'हो' भनी भन्छ ।

"पोट्ठपाद ! यस्तो हुँदा सो पुरुषको कुरा अप्रमाणिक हुन्छ, होइन त ?"

"भन्ते ! यस्तो भएमा अवश्य पनि उसको कुरा अप्रमाणिक हुन्छ ।"

"पोट्ठपाद ! त्यसै गरी – जो ती श्रमण ब्राह्मणहरू मरणपछि एकान्त रूपले आत्मा सुखी र निरोगी हुन्छ भन्ने वादी र दृष्टिका हुन् उनीहरूकहाँ गई यस्तो भन्छु – 'साँच्चै हो के तपाईं आयुष्मान्हरू मरणपछि एकान्त रूपले आत्मा सुखी र निरोगी हुन्छ भन्ने वादी र दृष्टिका हुनुहुन्छ ?' यस्तो सोध्दा 'हो' भनी भन्छन् । उनीहरूसँग म यस्तो भन्छु – 'के त तपाईं आयुष्मान्हरू एकान्त रूपले सुखदायी लोकको बारेमा जानी बुझी बस्नुहुन्छ त ?' यस्तो सोध्दा 'होइन' भनी भन्छन् । ......

"पोट्ठपाद ! यदि यस्तो भएमा ती श्रमण ब्राह्मणहरूको वचन अप्रमाणिक हुन्छ, होइन त?"

"भन्ते ! यदि यस्तो भएमा अवश्य पनि श्रमण ब्राह्मणहरूको वचन अप्रमाणिक हुन्छ ।"

Downloaded from http://www.dhamma.digital

# ६. तीन प्रकारको शरीर परिग्रह

२४. "पोट्ठपाद ! तीन प्रकारको शरीर ग्रहण छन् । (१) स्थूल शरीर ग्रहण, (२) मनोमय शरीर ग्रहण र (३) अरूपी शरीर ग्रहण ।

"पोट्ठपाद ! स्थूल शरीर ग्रहण भनेको के हो ? चतुर्महाभूतले बनेका गाँस खाने रूप – यही हो स्थूल शरीर ग्रहण । मनोमय शरीर ग्रहण भनेको के हो ? सबै अङ्गप्रत्यङ्ग भएको इन्द्रिय हीन नभएको मनोमय रूप – यही हो मनोमय शरीर ग्रहण । अरूपी शरीर ग्रहण भनेको के हो ? संज्ञामय अरूप – यही हो अरूपी शरीर ग्रहण ।

२५. "पोट्ठपाद ! स्थूल शरीर ग्रहणबाट छुटकारा पाउनको लागि म धर्मदेशना गर्छु । जुन बाटोमा लाग्दा संक्लेशिक धर्महरू दूर हुनेछन्, शुद्ध धर्महरू अभिवृद्धि हुने छन्, प्रज्ञापरिपूर्ण भई विपुलता प्राप्त गरी यसै जीवनमा अभिज्ञा साक्षात्कार गरी शान्त भई विहार गर्छन् । पोट्ठपाद ! सायद तिमीलाई यस्तो लाग्न सक्छ – 'संक्लेशिक धर्महरू दूर हुने छन्, शुद्ध धर्महरू अभिवृद्धि हुने छन्, प्रज्ञा परिपूर्ण भई विपुलता प्राप्त गरी यसै जीवनमा अभिज्ञा साक्षात्कार गरी शान्त भई विहार गर्नेछन् । *(तर)* त्यो कठिन विहार हुनेछ ।' पोट्ठपाद ! यस्तो सम्झनुहुन्न । संक्लेशिक धर्महरू दूर हुने छन् ··· अभिज्ञा साक्षात्कारी गरी शान्त भई विहार गर्नेछन्, प्रमोद पनि हुनेछ, प्रीति पनि हुनेछ, प्रशब्धी पनि हुनेछ, स्मृतिसम्प्रजन्य पनि सुखविहार पनि हुनेछ ।

२६. "पोट्ठपाद ! मनोमय शरीर ग्रहणबाट छुटकारा पाउनको लागि म धर्मदेशना गर्छु । जुन बाटोमा लाग्दा संक्लेशिक धर्महरू दूर हुने छन्, ··· यसै जीवनमा अभिज्ञा साक्षात्कार गरी शान्त भई विहार गर्नेछन् । पोट्ठपाद ! सायद तिमीलाई यस्तो लाग्न सक्छ कि – 'संक्लेशिक धर्महरू दूर हुनेछन् ··· । *(तर)* त्यो कठिन विहार हुनेछ ।' पोट्ठपाद ! यस्तो सम्झनुहुन्न । संक्लेशिक धर्महरू दूर हुने छन्, ··· स्मृतिसम्प्रजन्य पनि सुखविहार पनि हुनेछ ।

२७. "पोट्ठपाद ! अरूपी शरीर ग्रहणबाट छुटकारा पाउनको लागि म धर्मदेशना गर्छु । जुन बाटोमा लाग्दा संक्लेशिक धर्महरू दूर हुने छन्, ··· यसै जीवनमा अभिज्ञा साक्षात्कार गरी शान्त भई विहार गर्नेछन् । पोट्ठपाद ! सायद तिमीलाई यस्तो लाग्न सक्छ कि – 'संक्लेशिक धर्महरू दूर हुने छन्, ··· । *(तर)* त्यो कठिन विहार हुनेछ ।' पोट्ठपाद ! यस्तो सम्झनुहुन्न । संक्लेशिक धर्महरू दूर हुने छन् ··· स्मृतिसम्प्रजन्य पनि सुख विहार पनि हुनेछ ।"

२८. "पोट्ठपाद ! अरूले हामीसँग यस्तो सोध्न सक्छन् – 'आवुसो ! कुनचाहिं त्यो स्थूल शरीर ग्रहण हो जसको परित्यागको निमित्त तपाईंहरू धर्मदेशना गर्नुहुन्छ ? जसमा लाग्दा ··· यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी शान्त भई विहार गर्छन् ?" यस्तो सोध्दा उनीहरूलाई हामी यस्तो उत्तर दिन्छौं – 'आवुसो ! यो वा त्यो स्थूल शरीर ग्रहण हो जसको परित्यागको निमित्त हामी धर्मदेशना गर्छौं । जसमा लाग्दा ··· यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी शान्त भई विहार गर्नेछन् ।'

२९. "पोट्ठपाद ! हामीसँग अरूले यस्तो सोध्न सक्छन् – 'आवुसो ! कुनचाहिं त्यो मनोमय शरीर ग्रहण हो जसको परित्यागको निमित्त तपाईंहरू धर्मदेशना गर्नुहुन्छ ? जसमा लाग्दा ··· यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कारगरी शान्त भईरहन्छन् ?' यस्तो सोध्दा उनीहरूलाई हामी यस्तो उत्तर दिन्छौं – 'आवुसो ! यो वा त्यो मनोमय शरीर ग्रहण हो जसको परित्यागको निमित्त हामी धर्मदेशना गर्छौं । जसमा लाग्दा ··· यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कारगरी शान्त भई विहार गर्छन् ।'

Downloaded from http://www.dhamma.digital

३०. "पोट्ठपाद ! हामीसँग अरूले यस्तो सोध्न सक्छन् – 'आवुसो ! कुनचाहिं त्यो अरूपी शरीर ग्रहण हो जसको परित्यागको निमित्त तपाईंहरू धर्मदेशना गर्नुहुन्छ ? जसमा लाग्दा ··· यसै जीवनमा अभिज्ञा साक्षात्कार गरी शान्त भई विहार गर्नेछन् ?' यस्तो सोध्दा उनीहरूलाई हामी यस्तो उत्तर दिन्छौं – 'आवुसो ! यो वा त्यो अरूपी शरीर ग्रहण हो जसको परित्यागको निमित्त हामी धर्मदेशना गर्छौं । जसमा लाग्दा ··· यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी शान्त भई विहार गर्नेछन् ।'

"पोट्ठपाद ! यस्तो भएमा सप्रमाणिक वचन हुनेछ, होइन ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! यस्तो भएमा अवश्य पनि सप्रमाणिक वचन हुनेछ ।"

३१. "पोट्ठपाद ! जस्तै कुनै पुरुष प्रासादमाथि उकेल्नको निमित्त प्रासादमुनि बसेर भऱ्याङ बनाउँछ । उसँग यस्तो सोधिन्छ – 'हे पुरुष ! जो तिमी प्रासादमा उकेल्नको निमित्त भऱ्याङ् बनाउँछौ, तिमीलाई थाहा छ के त्यो प्रासाद पूर्वदिशामा छ वा दक्षिणदिशामा छ वा पश्चिमदिशामा छ वा उत्तरदिशामा छ अथवा त्यो प्रासाद अग्लो छ वा होचो छ वा मध्यम छ भन्ने कुरा ?' ऊ यस्तो भन्छ – 'यही त्यो प्रासाद हो जसको मनि बसेर प्रासादमा जानको निमित्त भऱ्याङ बनाउँछु ।'

"पोट्ठपाद ! यस्तो भएमा त्यो पुरुषको वचन प्रामाणिक हुन्छ, होइन त ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! यस्तो भएमा अवश्य पनि त्यो पुरुषको वचन प्रामाणिक हुन्छ ।"

३२. "पोट्ठपाद ! यस्तै गरी अरूले हामीसँग यस्तो सोध्न सक्छन् – 'आवुसो ! कुनचाहिं त्यो स्थूल शरीर ग्रहण हो ··· मनोमय शरीर ग्रहण हो ··· अरूपी शरीर ग्रहण हो जसको परित्यागको निमित्त तपाईंहरू धर्मदेशना गर्नुहुन्छ ? जसमा लाग्दा ··· यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी शान्त भई विहार गर्नेछन् ?' यस्तो सोध्दा उनीहरूलाई हामी यस्तो उत्तर दिन्छौ – 'आवुसो ! यही त्यो ··· अरूपी शरीर ग्रहण हो जसको परित्यागको निमित्त हामी धर्मदेशना गर्छौं । जसमा लाग्दा ··· यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी शान्त भई विहार गर्ने छ ।'

"पोट्ठपाद ! यस्तो भएमा के त्यो वचन प्रामाणिक हुन्न त ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! यस्तो भएमा अवश्य पनि त्यो वचन प्रामाणिक हुनेछ ।"

## ७. भूत, भविष्य र वर्तमान शरीर प्रतिलाभ

३३. यस्तो भन्दा भगवान्लाई चित्तहत्थि सारिपुत्रले यस्तो भने – (१) "भन्ते ! जुन समयमा स्थूल शरीर प्रतिलाभ हुन्छ, त्यस समय मनोमय शरीर प्रतिलाभ तुच्छ हुन्छ र अरूपी शरीर प्रतिलाभ पनि तुच्छ हुन्छ; स्थूल शरीर प्रतिलाभ मात्र त्यस समयमा सत्य हुन्छ । (२) भन्ते ! जुन समयमा मनोमय शरीर प्रतिलाभ हुन्छ, त्यस समयमा स्थूल शरीर प्रतिलाभ तुच्छ हुन्छ र अरूपी शरीर प्रतिलाभ पनि तुच्छ हुन्छ; मनोमय शरीर प्रतिलाभ मात्र त्यस समयमा सत्य हुन्छ । (३) भन्ते ! जुन समयमा अरूपी शरीर प्रतिलाभ हुन्छ, त्यस समयमा स्थूल शरीर प्रतिलाभ तुच्छ हुन्छ, मनोमय शरीर प्रतिलाभ पनि तुच्छ हुन्छ र अरूपी शरीर प्रतिलाभ मात्र त्यस समयमा सत्य हुन्छ ।"

"चित्त ! (१) जुन समय स्थूल शरीर प्रतिलाभ हुन्छ त्यस समयमा मनोमय शरीर प्रतिलाभ हुन्छ भनी भनिंदैन न अरूपी शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ; त्यस समयमा स्थूल शरीर प्रतिलाभ मात्र

Downloaded from http://www.dhamma.digital

हुन्छ भनिन्छ । (२) चित्त ! जुन समयमा मनोमय शरीर प्रतिलाभ हुन्छ, त्यस समयमा स्थूल शरीर प्रतिलाभ हुन्छ भनी भनिँदैन न अरूपी शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ; त्यस समयमा मनोमय शरीर प्रतिलाभ मात्र हुन्छ भनिन्छ । (३) चित्त ! जुन समयमा अरूपी शरीर प्रतिलाभ हुन्छ, त्यस समयमा स्थूल शरीर प्रतिलाभ हुन्छ भनी भनिँदैन न मनोमय शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ; त्यस समयमा अरूपी शरीर प्रतिलाभ मात्र हुन्छ भनिन्छ ।"

३४. "चित्त ! यदि तिमीसँग यस्तो सोध्छन् – 'तिमी भूतकालमा थियौ कि थिएनौ; तिमी भविष्यकालमा हुनेछौ कि हुनेछैनौ तिमी वर्तमानकालमा छौ कि छैनौ ?' चित्त ! यस्तो सोद्धा तिमी के भन्छौ ?"

"भन्ते ! यदि मसँग यस्तो सोध्छन् भने ··· म यस्तो भन्छु – 'भूतकालमा म पनि थिएँ न कि थिइन, म भविष्यकालमा पनि हुनेछु न कि हुनेछैन, अहिले पनि म छु, न म छैन ।' यस्तो सोद्धा यस्तो भन्छु ।"

"चित्त ! यदि तिमीसँग यस्तो सोध्छन् – 'जो तिम्रो भूतकालको शरीर प्रतिलाभ हो सोही शरीर प्रतिलाभ सत्य हो, भविष्यको र वर्तमानको तुच्छ हो ? जो तिम्रो भविष्यको शरीर प्रतिलाभ हो सोही शरीर प्रतिलाभ सत्य हो, भूत र वर्तमानको तुच्छ हो ? जो तिम्रो अहिले वर्तमानकालको शरीर प्रतिलाभ हो सोही शरीर प्रतिलाभ सत्य हो, भूतकालको र भविष्यकालको तुच्छ हो ?' चित्त ! यस्तो सोद्धा तिमी के भन्छौ ?"

"भन्ते ! यदि मसँग यस्तो सोध्छन् भने म यस्तो भन्छु – 'जो मेरो भूत समयको शरीर प्रतिलाभ हो सोही शरीर प्रतिलाभ त्यस समयमा सत्य हो, भविष्य र वर्तमानको तुच्छ हो । जो मेरो भविष्य समयको शरीर प्रतिलाभ हो सोही शरीर प्रतिलाभ त्यस समयमा सत्य हो, भूतकाल र वर्तमान समयको तुच्छ हो । जो मेरो वर्तमान समयको शरीर प्रतिलाभ हो सोही शरीर प्रतिलाभ सत्य हो, भूतकालको र भविष्यकालको तुच्छ हो ।' भन्ते ! यस्तो सोध्दा म यस्तो भन्छु ।"

३५. "चित्त ! त्यस्तैगरी जुन समयमा स्थूल शरीर प्रतिलाभ हुन्छ न त्यस समयमा मनोमय शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ, न अरूपी शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ; स्थूल शरीर मात्र त्यस समयमा प्रतिलाभ भनी भनिन्छ । चित्त ! जुन समयमा मनोमय शरीर प्रतिलाभ हुन्छ न त्यस समयमा स्थूल शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ, न अरूपी शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ; मनोमय शरीर मात्र त्यस समयमा प्रतिलाभ हुन्छ भनी भनिन्छ । चित्त ! जुन समयमा अरूपी शरीर प्रतिलाभ हुन्छ न त्यस समयमा स्थूल शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ, न मनोमय शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ, अरूपी शरीर मात्र त्यस समयमा प्रतिलाभ हुन्छ भनी भनिन्छ ।"

## गाईबाट दूध, दूधबाट दही आदि

३६. "चित्त ! जस्तै – गाईबाट दूध, दूधबाट दही, दहीबाट नौनी, नौनीबाट सप्पी, सप्पीबाट सप्पीमण्ड हुन्छ । जुन समयमा दूध हुन्छ त्यस समयमा न दही भनी भनिन्छ, न नौनी भनी भनिन्छ, न सप्पी भनी भनिन्छ, न सप्पीमण्ड भनी भनिन्छ; त्यस समयमा दूध मात्र भनिन्छ । जुन समयमा दही हुन्छ, ··· जुन समयमा नौनी हुन्छ ··· जुन समयमा सप्पी हुन्छ, ··· जुन समयमा सप्पीमण्ड त्यस समयमा न दूध भनी भनिन्छ, न दही भनी भनिन्छ, न नौनी भनी भनिन्छ, न सप्पी भनी भनिन्छ, हुन्छ त्यस समयमा सप्पीमण्ड मात्र भनिन्छ । चित्त यस्तैगरी – जुन समयमा स्थूल शरीर प्रतिलाभ हुन्छ, ··· चित्त !

Downloaded from http://www.dhamma.digital

जुन समयमा अरूपी शरीर प्रतिलाभ हुन्छ त्यस समयमा न स्थूल शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ, न मनोमय शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ, त्यस समयमा अरूपी शरीर मात्र प्रतिलाभ हुन्छ भनी भनिन्छ । चित्त ! यिनीहरू लोकसंज्ञा हुन्, लोक निरुक्ति हुन्, लोक व्यवहार हुन्, लोक प्रज्ञप्ति हुन् जुन तथागतले पनि निर्लिप्त भई व्यवहार गर्छन् ।"

## ८. चित्तहत्थि सारिपुत्र अरहन्त भए

३७. यसोभन्दा पोट्ठपाद परिव्राजकले भगवान्लाई यस्तो भने – "धन्य हो भन्ते ! धन्य हो भन्ते ! ! ···[३१६] भन्ते ! अब म भगवान्को शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि उपासक हो भनी भगवान्ले धारण गर्नुहोस् ।"

३८. चित्तहत्थि सारिपुत्रले चाहिं भगवान्लाई यस्तो भने – "धन्य हो भन्ते ! धन्य हो भन्ते ! ! जस्तै – घोप्टेकोलाई उत्तानो पारिदिंदा, ढाकिएकोलाई उघारिदिंदा, बाटो भुलेकोलाई बाटो देखाई दिंदा, अन्धकारमा बत्ति बालिदिंदा आँखा हुनेहरूले रूप देखिने हो – यस्तैगरी तपाईं भगवान्ले मलाई अनेकप्रकारले धर्म प्रकाश पारिदिनुभयो । भन्ते ! अब म भगवान्को शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि । भन्ते ! मैले भगवान् समक्ष प्रव्रज्या र उपसम्पदा पाऊँ ।"

३९. अनि चित्तहत्थि सारिपुत्रले भगवान् समक्ष, प्रव्रज्या र उपसम्पदा पाए । प्रव्रजित भएको चिरकाल नबित्दै आयुष्मान् चित्तहत्थि सारिपुत्र एकान्तवास गरी अप्रमत्त भई, आतप्तयुक्त भई वीर्यवान् भई बसिरहँदा – जसको निमित्त कुलपुत्रहरू सम्यक् रूपले घरबार छाडी प्रव्रजित भई ब्रह्मचर्यवास पूरा गर्छन् – त्यस्तैगरी यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी उपशान्त भई विहार गरे । "जाति क्षीणभयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त यहाँ आउनुपर्ने कुनै हेतु छैन" भन्ने पनि थाहा पाए । सो आयुष्मान् चित्तहत्थि सारिपुत्र अरहन्तहरू मध्येमा एक भए ।

**पोट्ठपाद-सुत्त समाप्त ।**

---

३१६ यहाँको बाँकी कुराको निमित्त पृ. ७० हेर्नु होला ।

Downloaded from http://www.dhamma.digital

## १०. सुभ-सुत्त

(शुभसूत्र)

### १. आयुष्मान् आनन्दलाई निम्तो

१. यस्तो मैले सुनें । एक समय आयुष्मान् आनन्द भगवान् परिनिर्वाण भएको केही दिन पछि श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवन विहारमा बस्नुभएको थियो । त्यस बखत शुभ माणव तोदेय्यपुत्र कुनै कामले श्रावस्ती नगरमा बसेका थिए ।

२. अनि शुभ माणव तोदेय्यपुत्रले एक माणवलाई बोलाई यस्तो भने – "हे माणव ! तिमी यहाँ आओ । तिमी जहाँ श्रमण जहाँ श्रमण आनन्द हुनुहुन्छ त्यहाँ गई, श्रमण आनन्दलाई मेरो वचनले क्षेमकुशल तथा सन्चो छ, छैन सोध – 'शुभ माणव तोदेय्यपुत्र, तपाईं आनन्दलाई सन्चो विसन्चो छ भनी सोद्धछ' भन । यति सोधिसकेपछि यो पनि निवेदन गर कि – अनुकम्पा राखी 'तपाईं आनन्द शुभ माणव तोदेय्यपुत्रको निवासस्थानमा पाल्नुभए बेश हुन्थ्यो ।'

३. "हवस्" भनी सो माणव, शुभ माणव तोदेय्यपुत्रलाई प्रत्युत्तर दिई जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गई आयुष्मान् आनन्दलाई सम्मोदन गरे । सम्मोदनीय कुराकानी सिद्धिए पछि एक छेउमा बसे । अनि उनले आयुष्मान् आनन्दलाई यस्तो निवेदन गरे – "शुभ माणव तोदेय्यपुत्रले तपाईं आनन्दको क्षेमकुशल तथा सन्चो विसन्चोको कुरा सोधी यस्तो पनि निवेदन गरेका छन् कि – 'अनुकम्पा राखी तपाईं आनन्द शुभ माणव तोदेय्यपुत्रको निवासस्थानमा पाल्नुभए बेश हुने थियो ।'"

४. यसरी निवेदन गर्दा आयुष्मान् आनन्दले सो माणवलाई यसो भन्नुभयो – "हे पुरुष ! आज मैले औषधी पिएको छु, आज उचित समय छैन । उचित समय हेरी भोलि पनि आउन सक्छु ।" "हवस्" भनी सो माणव आयुष्मान् आनन्दको कुरा सुनी आसनबाट उठेर जहाँ शुभ माणव तोदेय्यपुत्र थिए त्यहाँ गए । अनि आयुष्मान् आनन्दले भन्नुभएको कुरा जम्मै बताए । भोलि पाल्नुहुनको निमित्त आयुष्मान् आनन्दले स्वीकृति दिनुभएको कुरा पनि अवगत गराए ।

५. आयुष्मान् आनन्द त्यो रात बितिसके पछि भोलिपल्ट, पूर्वाण्ह समयमा चीवर-वस्त्र लगाई, पात्र-चीवर ग्रहण गरी चेतक भिक्षुसहित अरू भिक्षुहरू पछाडि लगाई जहाँ शुभ माणव तोदेय्यपुत्रको निवासस्थान हो त्यहाँ गई, बिच्छचाई राखेको आसनमा बस्नुभयो ।

शुभ माणव तोदेय्यपुत्र आयुष्मान् आनन्दकहाँ आई सम्मोदन तथा कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका शुभ माणव तोदेय्यपुत्रले आयुष्मान् आनन्दसँग निम्न कुराहरू सोधे – "भो आनन्द ! दीर्घकालसम्म तपाईं आनन्द भगवान्को सेवक हुनुहुन्थ्यो, भगवान् गौतमको साथमै

Downloaded from http://www.dhamma.digital

बस्नुभएको थियो । तपाईंलाई थाहा हुनुपर्छ कि भगवान् गौतम कुनचाहिं धर्मको वर्णवादी हुनुहुन्थ्यो, कुनचाहिं धर्म जनतालाई ग्रहण गर्न लगाउनुहुन्थ्यो र कुनचाहिं धर्ममा जनतालाई राख्नुहुन्थ्यो वा प्रतिष्ठित गराउनुहुन्थ्यो ?"

## २. तीन धर्मस्कन्ध

६. "हे माणव ! तीन धर्मस्कन्धको भगवान् वर्णवादी हुनुहुन्थ्यो । यही धर्म जनतालाई ग्रहण गर्न लगाउनुहुन्थ्यो र त्यसैमा जनतालाई राख्नुहुन्थ्यो वा प्रतिष्ठित गराउनुहुन्थ्यो । कुनचाहिं तीन भने – (१) आर्यशीलस्कन्ध, (२) आर्यसमाधिस्कन्ध र (३) आर्यप्रज्ञास्कन्ध । यिनै तीन धर्मस्कन्धको भगवान् गौतम वर्णवादी हुनुहुन्थ्यो, यही धर्म जनतालाई ग्रहण गर्न लगाउनुहुन्थ्यो र यसै धर्मलाई जनतालाई राख्नुहुन्थ्यो वा प्रतिष्ठित गराउनुहुन्थ्यो ।"

### (क) शीलस्कन्ध

७. "भो आनन्द ! कुनचाहिं त्यो आर्य *(उत्तम)* शीलस्कन्ध हो जसको भगवान् गौतम वर्णवादी हुनुहुन्थ्यो ?···"

"हे माणव ! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध लोकमा जन्मिनुहुन्छ । उहाँले देवसहित ··· मनुष्यहरूलाई स्वयं अभिज्ञा साक्षात्कार गरी धर्मोपदेश गर्नुहुन्छ । उहाँले आदि-मध्य-अवसान कल्याण हुने ··· परिशुद्ध ब्रह्मचर्य प्रकाश पार्नु हुन्छ । गृहपति वा गृहपतिपुत्र वा अरू कुनै कुलमा जन्म हुनेले सो धर्म श्रवण गर्छ । धर्म सुनेर उसको मनमा श्रद्धा उत्पन्न हुन्छ । श्रद्धा प्रतिलाभ गरेपछि उसले मनमा यस्तो विचार गर्छ कि – 'घरबास वाधापूर्ण छ, प्रव्रजित हुनु खुला आकाश जस्तो छ । घरमा बसी एकदम शंख जस्तै सफा भई परिपूर्ण, परिशुद्ध गरी ब्रह्मचर्य पालन गर्न सम्भव हुँदैन । अत: म केश दाह्री क्षौरगरी घर-बार छाडी काषायवस्त्र धारणगरी प्रव्रजित हुन पऱ्यो ।' पछि सो पुरुष, थोरै वा धेरै भोगसम्पत्ति त्यागी, धेरै वा थोरै ज्ञातिबन्धुहरू तथा घरबार छाडी केश दाह्री क्षौरगरी, काषायवस्त्र धारणगरी प्रव्रजित हुन्छ । प्रव्रजित भइसकेपछि प्रातिमोक्ष शीलयुक्त भई, आचरण, गोचर *(भिक्षामा गने क्षेत्र)* सम्पन्न भई, अनुमात्र दोषसँग पनि भयदर्शी भई, शिक्षापद ग्रहण गरी, शिक्षापद राम्ररी रक्षा *(पालन)* गरी बस्छ । शरीर र वचनले कुशल कार्यमा सम्पन्न भई, शुद्ध जीविकागरी, शील र सदाचार सम्पन्न भई, इन्द्रिय दमनगरी, स्मृतिवान् तथा सन्तुष्ट भई बस्छ ।

८. "हे माणव ! कसरी सो भिक्षु शीलसम्पन्न हुन्छ भने – १. "यहाँ भिक्षु, प्राणीहिंसा त्यागी प्राणीहिंसाबाट अलग भई बस्छ । दण्डरहित, शस्त्ररहित, लज्जालु, दयालु तथा सबैप्राणीप्रति हितानुकम्पी भई बस्छ । यो शील हो । ··· *(सानो, मध्यम र महाशील माथि पृ. ५० देखि ५८ सम्म भएजस्तै यहाँ पनि पढ्नुहोला ।)*"

९. "यसरी शील सम्पन्न हुने सो भिक्षुले शील-सदाचारबारे कसैबाट र कुनैबाट पनि भय देख्दैन अर्थात् शील-सदाचारबारे कसैले केही भन्लान् कि भन्ने मनमा भय हुँदैन । जस्तो कि – मूर्धाभिषिक्त क्षेत्री राजाले सबै शत्रुमाथि विजय गरेपछि पुन: शत्रुबाट हुने कुनै पनि भय देख्दैन, त्यस्तै सो भिक्षुले पनि शील-सदाचार बारे कतैबाट पनि भय देख्दैन । सो भिक्षु यस्तो आर्य उत्तम शील सम्पन्न भई आफ्नो अभ्यन्तरमा अनवद्य सुखको अनुभव गर्छ । हे माणव ! यस किसिमले शील सम्पन्न हुन्छ ।"

Downloaded from http://www.dhamma.digital

१०. "हे माणव ! यही नै त्यो शीलस्कन्ध हो जसको भगवान् वर्णवादी हुनुहुन्थ्यो । यही शील जनतालाई ग्रहण गर्न लगाउनुहुन्थ्यो र यसै शीलमा जनतालाई राख्नुहुन्थ्यो वा प्रतिष्ठित गराउनु हुन्थ्यो । यो भन्दा अझ अरू बढी गर्नु पर्नेछ ।"

"भो आनन्द , आश्चर्य ! अद्भुत ! ! सोही आर्य-शीलस्कन्ध परिपूर्ण छ, अपरिपूर्ण छैन । यस्तो परिपूर्ण आर्य-शीलस्कन्ध यहाँभन्दा बाहिर अरू श्रमण ब्राह्मणहरूकहाँ *(अर्थात् अरू धर्ममा)* म देख्दिन । यदि यस्तो परिपूर्ण आर्य-शीलस्कन्ध यहाँभन्दा बाहिरका अरू श्रमण ब्राह्मणहरूले आफूमा देखेका भए उनीहरू यत्तिमै सन्तुष्ट हुने थिए र यस्तो भन्ने थिए – 'यत्तिले नै पर्याप्त छ, यत्तिले नै परिपूर्ण छ । श्रमणत्त्वको निमित्त पनि यत्तिकैले पुग्छ, योभन्दा बढ्ता अरू गर्नु पर्ने केही छैन ।' तर तपाईं आनन्द 'योभन्दा अझ अरू बढी गर्नु पर्ने छन्' भनी भन्नुहुन्छ ।"

## (ख) समाधिस्कन्ध

११. "भो आनन्द ! कुनचाहिं त्यो आर्य समाधिस्कन्ध हो जसको भगवान् गौतम वर्णवादी हुनुहुन्थ्यो ? ··· "

"हे माणव ! कसरी भिक्षुले इन्द्रिय वशमा राख्दछ भने – 'यहाँ भिक्षु, चक्षुले रूप देखेर निमित्तग्राही हुँदैन, न अनुव्यञ्जनग्राही हुन्छ । जुन चक्षुरिन्द्रिय असंयमी हुँदा मनमा पाप र क्लेश उत्पन्न हुन्छ, त्यसको निवारणको लागी चक्षुरिन्द्रिय संयम गर्छ । स्रोतले शब्द सुनी निमित्तग्राही हुँदैन, न अनुव्यञ्जनग्राही हुन्छ । जुन स्रोतेन्द्रिय असंयमी हुँदा मनमा पाप र क्लेश उत्पन्न हुन्छ, त्यसको निवारणको लागि स्रोतेन्द्रिय संयम गर्छ । घ्राणले गन्ध लिई निमित्तग्राही हुदैन, न अनुव्यञ्जनग्राही हुन्छ । जुन घ्राणेन्द्रिय असंयमी हुँदा मनमा पाप र क्लेश उत्पन्न हुन्छ, त्यसको निवारणको लागि घ्राणन्द्रिय संयम गर्छ । जिव्हाले रसास्वाद गरी निमित्तग्राही हुँदैन, न अनुव्यञ्जनग्राही हुन्छ । जुन जिव्हेन्द्रिय असंयमी हुँदा मनमा पाप र क्लेश उत्पन्न हुन्छ, त्यसको निवारणको लागि जिव्हेन्द्रिय संयम गर्छ । कायले स्पर्श गरी निमित्तग्राही हुँदैन, न अनुव्यञ्जनग्राही हुन्छ । जुन कायेन्द्रिय असंयमी हुँदा मनमा पाप र क्लेश उत्पन्न हुन्छ, त्यसको निवारणको लागि कायेन्द्रिय संयम गर्छ । मनले मनो विषय जानी निमित्तग्राही हुँदैन, न अनुव्यञ्जनग्राही हुन्छ । जुन मनेन्द्रिय असंयमी हुँदा मनमा पाप र क्लेश उत्पन्न हुन्छ, त्यसको निवारणको लागि मनेन्द्रिय संयम गर्छ ।' यस किसिमसँग इन्द्रिय संयमले युक्त भई आफ्नो अभ्यन्तर हृदयले शान्ति-सुख अनुभव गर्छ । यसरी सो भिक्षुले इन्द्रिय संयम गर्छ ।

१२. "हे माणव ! कसरी भिक्षु, स्मृति-सम्प्रजन्य ज्ञानयुक्त भई बस्दछ भने – 'यहाँ भिक्षु, जाँदा र आउँदा सचेत भई होस राखी हिंड्छ, अगाडि र यताउता हेर्दा सचेत भई होस राखी हेर्छ, हातखुट्टा खुम्च्याउँदा र पसार्दा सचेत भई होस राखी चलाउँछ, सङ्घाटि पात्र-चीवर धारणगर्दा सचेत भई होस राखी लगाउँछ, खाँदा र पिउँदा, चाटेर खाँदा सचेत भई होस राखी खान्छ, हिंड्दा, उठ्दा, बस्दा, सुत्दा, ब्यूझिरहँदा, कुरा गर्दा र चुप लागेर बस्दा सचेत भई होस राखी बस्छ ।' यसरी भिक्षु स्मृतिसम्प्रजन्य ज्ञानले युक्त भई बस्छ ।

१३. "हे माणव ! कसरी भिक्षु, सन्तुष्ट भएको हुन्छ भने – 'यहाँ भिक्षु, पेट भर्ने जति भोजनले र शरीर ढाक्न पुग्नेजति चीवर वस्त्रले सन्तुष्ट हुन्छ । जहाँजहाँ जान्छ आफ्नो सबै परिष्कारहरू लिएर जान्छ । जस्तो कि चराचुरुङ्गी उडेर जाँदा आफ्नो पखेटाको साथ उडेर जान्छ त्यस्तैगरी भिक्षु पनि जहाँ

Downloaded from http://www.dhamma.digital

जहाँ जान्छ आफ्नो सबै परिष्कारहरू लिएर जान्छ ।' यसरी सो भिक्षु सन्तोषी हुन्छ ।

१४. "हे माणव ! अनि सो भिक्षु, – यी आर्य-शीलस्कन्धले, आर्य-इन्द्रिय संयमले, आर्य-स्मृति-सम्प्रजन्य ज्ञानले र आर्य-सन्तुष्टताले युक्तभई, – एकान्त निर्जन शयनासनमा बस्छ । जङ्गल, रुखमुनि, पर्वत, कन्दरा पहाडी-गुफा, मसान, जङ्गलको बाटो, खुला ठाउँ र पराले छाप्रोमा पनि बस्छ । भिक्षाटन सिद्धिएपछि, भोजनोपरान्त ऊ शरीरलाई सीधा राखी, पलेँटी मारी, मुखअगाडि स्मृति[३१७] राखी बस्छ ।

१५. "अभिध्या हटाई, अनभिध्याभावले युक्त भई, अभिध्याबाट चित्त परिशुद्ध गरी बस्छ । व्यापाद *(द्वेषभाव)* हटाई, अव्यापाद भावले युक्त भई, व्यापादबाट चित्त परिशुद्ध गरी बस्छ । थीनमिद्ध अर्थात् शारीरिक मानसिक आलस्यपन हटाई, जाग्रत भई आलोकसंज्ञी[३१८] तथा स्मृति *(होस)* लाई थालमा राखी, आलस्यपनबाट चित्त परिशुद्ध गरी बस्छ । उद्धच्च-कुक्कुच्च अर्थात् शारीरिक र मानसिक अस्थिरता र अशान्तिलाई हटाई, शारीरिक र मानसिक स्थिरता र शान्तिलाई बढाई आफ्नो अभ्यन्तरलाई परमशान्त गरी, शारीरिक तथा मानसिक अस्थिरता-अशान्तिबाट चित्त परिशुद्ध गरी बस्छ । विचिकिच्छा अर्थात् शंका-उपशंका हटाई, नि:शंकी भई, शंकाबाट चित्त परिशुद्ध गरी बस्छ ।

१६. "हे माणव ! जस्तो कि – कुनै पुरुषले कर्जा लिई काममा लगाउँछ । उसको काम सफल हुन्छ । उसले लिएको कर्जा चुक्ता गरी दिन्छ । दारभरणको निमित्त अरू धन पनि बचेको हुन्छ । अनि उसको मनमा यस्तो हुन्छ कि – 'अघि मैले कर्जा लिएको थिएँ । अब मेरो काम सफल भयो । लिएको कर्जा पनि चुक्ता गरी दिइसकें । दारभरणको लागि मसँग अरू धन पनि बचेको छ । यस्तो विचार गर्दा उसको मनमा अपार प्रीति र प्रमोद उत्पन्न हुन्छ ।

१७."हे माणव ! जस्तो कि – विरामी भएको, रोगले सारै पीडित भई दु:खी भएको; खाना पनि खान नसक्ने, बल पनि नभएको कुनै पुरुषको रोग निको भइसकेपछि, खाना पनि खान सक्ने र शरीरमा बल पनि भइसकेपछि, उसको मनमा यस्तो हुन्छ कि – 'अघि म रोगी थिएँ, रोगले सारै पीडित थिएँ, खाना पनि खान सक्दिनथें, शरीरमा बल पनि थिएन । अब मेरो रोग निको भइसक्यो, खाना पनि खान सकें, शरीरमा बल पनि भयो ।' यस्तो विचार गर्दा उसको मनमा अपार प्रीति र प्रमोद उत्पन्न हुन्छ ।

१८. "हे माणव ! जस्तो कि – जेलमा परेको कुनै पुरुष, पछि शरीरको कुनै हानि-नोक्सानी बिना, धन-जनको नोक्सानी बिना, सकुशल जेलबाट मुक्त हुँदा उसको मनमा यस्तो लाग्छ – 'अघि म जेलमा थुनिएको थिएँ, अब म त्यस जेलबाट शरीरको कुनै हानि नोक्सानी बिना, ... सकुशल जेलबाट मुक्त भएँ ।' यस्तो विचार गर्दा उसको मनमा अपार प्रीति र प्रमोद उत्पन्न हुन्छ ।

१९. "हे माणव ! जस्तो कि – दास भएको, स्वाधीन न भएको, पराधीन भई आफूखुसी कहीं जान नपाउने कुनै पुरुष, केही दिन पछि त्यस दासत्त्वबाट मुक्त भई स्वाधीन हुन्छ, आफुखुसी जहाँ पनि जान सक्दा उसको मनमा यस्तो लाग्छ - 'अघि म दासत्वमा थिएँ, पराधीन थिएँ, आफूखुसी कहीं जान सक्दिनथें । अब म दासत्त्वबाट मुक्त भएँ, स्वाधीन भएँ, आफूखुसी जहाँ पनि जान सक्छु ।' यस्तो विचार गर्दा उसको मनमा अपार प्रीति र प्रमोद उत्पन्न हुन्छ ।

२०. "हे भारद्वाज ! जस्तो कि – कुनै पुरुष धनसम्पत्ति लिई मरुभूमिको लामो बाटोमा गइरहेको हुन्छ – जहाँ खान पिउन केही पाईंदैन, जहाँ अनेक प्रकारको भय हुन्छ । पछि ऊ मरुभूमिबाट सकुशल

---

३१७ श्वास-प्रश्वासमा होस राख्नु अर्थात् जानीकन श्वास-प्रश्वास गर्नु ।

३१८ उज्यालोपन देखिने एक प्रकारकोध्यान ।

Downloaded from http://www.dhamma.digital

पारगरी, क्षेम तथा भय नभएको गाउँघरमा आइपुग्दा उसको मनमा यस्तो लाग्छ – 'अघि म धनसम्पत्तिलिई मरुभूमिको लामो बाटो पार गरिसकें, क्षेम तथा भय नभएको गाउँघरमा आइपुगिसकें ।' यस्तो विचारगर्दा उसको मनमा अपार प्रीति र प्रमोद उत्पन्न हुन्छ ।

२१. "हे माणव ! त्यस्तै गरी सो भिक्षुले पनि – पाँच नीवरणलाई – कर्जाबाट, दासत्त्वबाट मुक्त भएझैं मरुभूमिटाढा पार गरेझैं, आरोग्य लाभ गरेझैं, झ्यालखानाबाट मुक्त भएझैं र सुरक्षित भूमिमा आइपुगे झैं यी पञ्चनीवरणहरू आफू मुक्त भएको स्थिति आफूमा देख्दछ ।"

२२. "हे माणव ! त्यस्तै गरी सो भिक्षुले पनि – पाँचनीवरणलाई – कर्जाबाट, रोगबाट, जेलबाट, दासत्त्वबाट र मरुभूमिबाट मुक्त भएझैं, पाँच नीवरणबाट आफूलाई मुक्त भएको देख्छ ।"

२३. "हे माणव ! आफूमा पाँच नीवरण नभएको पाउँदा उसको मनमा अपार प्रीति तथा प्रमोद उत्पन्न हुन्छ । प्रीति-चित्त भएपछि शरीर प्रशब्ध *(शान्त)* हुन्छ, शरीर प्रशब्ध भएपछि सुखानुभव हुन्छ, शान्त तथा सुखी भएको चित्त समाधिष्ठ हुन्छ ।

२४. "अनि सो भिक्षु, कामविषयबाट अलग भई वितर्क-विचारसहित, एकान्त वासबाट प्राप्त प्रीति र सुखले युक्त प्रथमध्यान प्राप्त गरी बस्छ । अनि उसको शरीरजम्मै एकान्तवासबाट प्राप्त प्रीति र सुखले स्नेहित हुन्छ, व्याप्त हुन्छ, परिपूर्ण हुन्छ र सबैतिर स्पर्शित हुन्छ । उसको कुनै पनि शरीरको भाग एकान्तवासबाट प्राप्त प्रीति र सुखले स्पर्श नभएको हुँदैन ।"

"हे माणव ! जस्तो कि *(उपमाको लागि)* – कुनै नाउ वा उसको अन्तेवासीले काँसको भाँडामा स्नान चूर्ण राखी, पानीले अलि-अलि गरी भिजाउँछ । उसले स्नानचूर्ण अलि-अलि भिजाउँदै मुछ्दै, भाँडाबाट बाहिर नपोखी सम्पूर्ण रूपले भिजाउँछ र एक पिण्ड पार्छ । त्यस्तैगरी सो भिक्षुको शरीर जम्मै, एकान्तवासबाट प्राप्त प्रीति र सुखले स्नेहित हुन्छ, व्याप्त हुन्छ, परिपूर्ण हुन्छ र सबैतिर स्पर्शित हुन्छ । उसको शरीरको कुनै पनि भाग एकान्तवासबाट प्राप्त प्रीति र सुखले स्पर्श नभएको हुँदैन । जो भिक्षु, कामविषयबाट अलग भई, ··· एकान्तवासबाट प्राप्त र सुखले युक्त भएको प्रथमध्यानमा बस्छ, जसको जम्मै शरीर, एकान्तजन्य प्रीति र सुखले स्नेहित हुन्छ, ··· स्पर्शित हुन्छ र जसको कुनै पनि शरीरको भाग सो एकान्तजन्य प्रीति र सुखले स्पर्श नभएको हुँदैन – यो पनि समाधि नै हो ।

२५. "हे माणव ! फेरि सो भिक्षु, वितर्क-विचारलाई उपशान्त गरी, वितर्क-विचाररहित, अभ्यन्तर सम्प्रसाद र एकाग्रचित्तले युक्त, समाधिजन्य प्रीति र सुखले युक्त द्वितीयध्यान प्राप्त गरी बस्छ । अनि उसको शरीर जम्मै समाधिजन्य प्रीति र सुखले स्नेहित, हुन्छ, व्याप्त हुन्छ, परिपूर्ण हुन्छ र सबैतिर स्पर्शित हुन्छ । उसको कुनै पनि शरीरको भाग समाधिजन्य प्रीति र सुखले स्पर्श नभएको हुँदैन ।"

"हे माणव ! जस्तो कि – माझमा मूल भएको कुनै गम्भीर जलाशय छ । त्यसको पूर्व, पश्चिम, दक्षिण र उत्तरबाट पानी आउने स्रोत नभएको, किन्तु सोही नै जलाशयको *(भित्र भएको)* मूलबाट शीतल पानीको स्रोतधार फुटी, माथि आई जलाशय जम्मै स्नेहित हुन्छ, व्याप्त हुन्छ, परिपूर्ण हुन्छ, र सबैतिर पानीको स्रोतधारले स्पर्शित हुन्छ । जलाशयको कुनै पनि भाग पानीको स्रोतधारले स्पर्श नभएको हुँदैन । त्यस्तै गरी सो भिक्षुको शरीर जम्मै समाधिजन्य प्रीति र सुखले स्नेहित हुन्छ, ······ स्पर्शित हुन्छ । उसको शरीरको कुनै पनि भाग समाधिज: प्रीति र सुखले स्पर्श नभएको हुँदैन । जो भिक्षु वितर्क-विचारलाई उपशान्त गरी, वितर्कविचाररहित, ··· समाधिजन्य प्रीति र सुखले युक्त द्वितीयध्यानमा बस्छ, जसको जम्मै शरीर, समाधिजन्य प्रीति र सुखले स्नेहित हुन्छ, ··· स्पर्शित हुन्छ र जसको कुनै पनि शरीरको भाग सो समाधिजन्य प्रीति र सुखले स्पर्श नभएको हुँदैन, यो पनि समाधि नै हो ।

Downloaded from http://www.dhamma.digital

२६. "हे माणव ! फेरि सो भिक्षु, प्रीति पनि त्यागी, स्मृति-सम्प्रजन्य शारीरिक सुखानुभव गरी, उपेक्षक भई, आर्यहरूद्वारा 'उपेक्षी स्मृतिवान् सुखविहारी' भनिने तृतीयध्यान प्राप्त गरी बस्छ । अनि उसको शरीर जम्मै नैष्प्रीतिक सुखले स्नेहित हुन्छ, व्याप्त हुन्छ, परिपूर्ण हुन्छ र सबैतिर स्पर्शित हुन्छ । यसको कुनै पनि शरीरको भाग नैष्प्रीतिक सुखले स्पर्श नभएको हुँदैन ।

"हे माणव ! जस्तो कि – उत्पल समुदाय, पद्म समुदाय, पुण्डरीक समुदाय अथवा कुनै उत्पल, पद्म पुण्डरीक पानीमा उत्पन्न भई, पानीमै वृद्धि भईरहेको नालको टुप्पोमा पनि, फेदमा पनि, बीचमा पनि शीतल पानीले स्नेहित हुन्छ, ··· स्पर्शित हुन्छ । नालको कुनै पनि भाग पानीले स्पर्श नभएको हुँदैन । त्यस्तै गरी सो भिक्षुको शरीर जम्मै नैष्प्रीतिक सुखले स्पर्शित हुन्छ । उसको शरीरको कुनै पनि भाग नैष्प्रीतिक सुखले स्पर्श नभएको हुँदैन । जो भिक्षु प्रीति पनि त्यागी, स्मृति-सम्प्रजन्य शारीरिक सुखानुभव गरी उपेक्षक भई, ··· तृतीयध्यान प्राप्त गरी बस्छ, जसको जम्मै शरीर, नैष्प्रीतिक सुखले स्नेहित हुन्छ, ··· स्पर्शित हुन्छ र जसको कुनै पनि शरीरको भाग सो नैष्प्रीतिक सुखले स्पर्श नभएको हुँदैन, – यो पनि समाधि नै हो ।

२७. "हे माणव ! फेरि सो भिक्षु, सुखलाई पनि त्यागी, दुःखलाई पनि त्यागी, पहिले नै सौमनस्य *(मानसिक सुख)*, दौर्मनस्य *(मानसिक दुःख)* को अन्त गरी; सुख-दुःख नभएको उपेक्षा-स्मृति परिशुद्ध गरी चतुर्थध्यान प्राप्त गरी बस्छ । अनि ऊ यही शरीरमै परिशुद्ध, ज्योतिर्मय चित्त फैलाई बस्छ । उसको कुनै पनि भाग शरीरको परिशुद्ध तथा ज्योतिर्मय चित्तले स्पर्श नभएको हुँदैन ।

"हे माणव ! जस्तो कि – कुनै पुरुष सेतो कपडाले आफ्नो शरीर जम्मै शिरदेखि ढाकेर बस्दा उसको शरीरको कुनै पनि भाग नढाकिएको हुँदैन, त्यस्तैगरी सो भिक्षु, सुखलाई पनि त्यागी, दुःखलाई पनि त्यागी, ··· चतुर्थध्यान प्राप्त गरी बस्छ । ऊ यही शरीरमै परिशुद्ध ज्योतिर्मय चित्त फैलाई बस्छ । उसको कुनै पनि शरीरको भाग परिशुद्ध चित्त ज्योतिर्मय चित्तले स्पर्श नभएको हुँदैन । जो भिक्षु, सुखलाई पनि त्यागी, दुःखलाई पनि त्यागी, ··· चतुर्थध्यानमा बस्छ, जो यही शरीरमै परिशुद्ध, ज्योतिर्मय चित्त फैलाई बस्छ, जसको शरीरको कुनैपनि भाग परिशुद्ध तथा ज्योतिर्मय चित्तले स्पर्श नभएको हुँदैन, – यो पनि समाधि नै हो ।

२८. "हे माणव ! यही नै सो आर्य-समाधिस्कन्ध हो जसको भगवान् वर्णवादी हुनुहुन्थ्यो । यही समाधि जनतालाई ग्रहण गर्न लगाउनुहुन्थ्यो र यसै समाधिमा जनतालाई राख्नुहुन्थ्यो वा प्रतिष्ठित गराउनुहुन्थ्यो । योभन्दा अझ अरू बढीगर्नु पर्ने छन् ।"

"भो आनन्द, आश्चर्य ! अद्‌भुत ! ! सोही आर्य-समाधिस्कन्ध परिपूर्ण छ, अपरिपूर्ण छैन । यस्तो परिपूर्ण आर्य-समाधिस्कन्ध यहाँभन्दा बाहिर अरू श्रमण ब्राह्मणहरूकहाँ म देख्दिन । यदि यति परिपूर्ण आर्य-समाधिस्कन्ध यहाँभन्दा बाहिरका अरू श्रमण ब्राह्मणहरूले आफूमा देखेका भए उनीहरू यत्तिकैले पर्याप्त छ, यतिकैले परिपूर्ण छ । श्रमणत्त्वको निमित्त पनि यत्तिकैले पुग्छ, योभन्दा बढ्ता अरू गर्नु पर्ने केही छैन ।' तर तपाईं आनन्द 'योभन्दा अझ अरू बढी गर्नु पर्ने छन्' भनी भन्नुहुन्छ ।"

## (ग) प्रज्ञास्कन्ध

३०. "भो आनन्द ! कुनचाहिं त्यो आर्य प्रज्ञास्कन्ध हो जसको भगवान् गौतम वर्णवादी हुनुहुन्थ्यो, यो जनतालाई ग्रहण गर्न लगाउनुहुन्थ्यो र जसमा जनतालाई राख्नुहुन्थ्यो वा प्रतिष्ठित गराउनु हुन्थ्यो ?"

"हे माणव ! सोही भिक्षु उपरोक्त आकारले समाहित चित्त, परिशुद्ध चित्त, ज्योतिर्मय चित्त,

Downloaded from http://www.dhamma.digital

मलरहित चित्त, क्लेशरहित चित्त, मृदुचित्त, कर्मण्यचित्त र निश्चलचित्त भएपछि ज्ञानदर्शनको लागि चित्त अघि बढाउँछ, चित्त झुकाउँछ । त्यस बखत उसले यस्तो कुरा थाहा पाउँछ – 'यो मेरो शारीरिक रूप भौतिक चारमहाभूतहरू *(पृथ्वी, आप, तेज, वायु)* बाट बनेको, बालककालमा छेदन-परिमार्जनभेदन-विध्वंशन तथा अनित्य स्वभाव भएको, यसै शरीरमा यो विज्ञान *(चित्त)* बसेको छ, यसैमा प्रतिबद्ध छ ।'

"हे माणव ! जस्तो कि अष्टांश गरी राम्ररी कुँदेको, सफा-निर्मल-चमकदार, मैलो नभएको, सर्वप्रकारबाट सम्पन्न भएको, शुभ्र जातको वैदूर्य मणिमा, नीलो वा पहेंलो, सेतो वा पाण्डुरङ्गको धागो राखी, – त्यसलाई आँखा हुने पुरुषले हातमा राखी चारैतिरबाट हेर्दा उसले – यो यस्तो हो भनी थाहा पाउँछ; यस्तैगरी सो भिक्षुले – यो मेरो शारीरिक रूप भौतिक चार महाभूतबाट बनेको, ··· अनित्य स्वभाव भएको यसै शरीरमा यो विज्ञान *(चित्त)* बसेको छ, यसैमा प्रतिबद्ध छ' भनी देख्छ, हेर्छ । जो उपरोक्त आकारले हेरिन्छ – यो प्रज्ञा हो ।

३१. **मनोमय-ज्ञान** – "सो भिक्षुले उपरोक्त आकारले समाहित चित्त, ··· निश्चलचित्त भएपछि मनोमय-काय निर्माणको लागि चित्त अघि बढाउँछ, चित्त झुकाउँछ । उसले यो शरीरबाट अलग्गै अर्कै अङ्ग प्रत्यङ्गयुक्त, पूर्ण इन्द्रियसहित मनोमय भौतिक रूप निर्माण गर्छ ।" जस्तो कि – इषिका *(डाँठ)* बाट मुञ्ज *(बोक्रा)* निकाल्छ । अनि उसलाई थाहा हुन्छ कि – 'यो मुञ्ज हो, यो इषिका हो । भिन्नै मुञ्ज, भिन्नै इषिका हो । इषिकाबाटै मुञ्ज निकालिएको हो ।' अथवा – जस्तो कि – कुनै पुरुषले तरवार मियानबाट निकाल्छ । अनि उसलाई यो थाहा हुन्छ कि – 'यो तरवार हो, यो मियान हो । तरवार भिन्नै हो, मियान भिन्नै हो । मियानबाटै तरबार निकालिएको हो ।' अथवा – जस्तो कि – कुनै पुरुषले पेटारीबाट सर्प झिक्छ । अनि उसलाई यो थाहा हुन्छ कि – 'यो सर्प हो, यो पेटारी हो । सर्प भिन्नै हो, पेटारी भिन्नै हो । पेटारीबाटै सर्प झिकिएको हो ।' यस्तैगरी हे माणव ! सो भिक्षुले ··· यो शरीरबाट अलग्गै अङ्गप्रत्यङ्गयुक्त, पूर्ण इन्द्रियसहित मनोमय भौतिक रूप निर्माण गर्छ । यसरी ··· मनोमय भौतिक रूप निर्माण गर्नु पनि प्रज्ञा नै हो ।"

३२. **ऋद्धिमय-ज्ञान** – "सो भिक्षुले उपरोक्त आकारले समाहित चित्त ··· निश्चलचित्त भएपछि विविध ऋद्धि प्राप्तिको लागि चित्त अघि बढाउँछ, चित्त झुकाउँछ । उसले अनेक प्रकारको ऋद्धि प्राप्त गर्छ – एक भइकन पनि धेरै हुन्छ, धेरै भईकन पनि एक हुन्छ । प्रकट पनि हुन्छ, अन्तर्ध्यान पनि हुन्छ । आकाशमा हिंडेझैं भित्ता, पर्खाल पर्वतमा पनि नछोई वार-पार गर्छ । पानीमा डुबकी लगाएझैं पृथ्वीमा पनि डुब्छ, माथि पनि आउँछ । पृथ्वीमा हिंडने झैं पानीमा पनि पानीले नभिजने गरी हिंडछ । त्यस्तो महातेजस्वी चन्द्र-सूर्यलाई पनि हातले परामर्श गर्छ, परिमार्जन गर्छ । ब्रह्मलोकसम्म पनि आफ्नो शरीरले वशमा राख्छ ।"

"हे माणव ! जस्तो कि – कुनै सिपालु कुमालेले वा उसका अन्तेवासीले राम्ररी मुछेको माटोले जस्तो इच्छा हुन्छ त्यस्तो भाँडो बनाउँछ । अथवा – कुनै सिपालु दन्त *(हस्ति दन्त)* कारले वा उसको अन्तेवासीले राम्ररी तयार पारिसकेको *(हस्ति)* दन्तलाई जस्तो किसिमको बनाउन मन लाग्छ त्यस्तै किसिमको *(बस्तु)* बनाउँछ । अथवा – कुनै सिपालु सुनार *(लुँकमि)* ले वा उसको अन्तेवासीले राम्ररी परिशोधन गरेको सुनबाट जस्तो इच्छा हुन्छ त्यस्तै *(गहना)* बनाउँछ । यस्तै गरी हे माणव ! सो भिक्षुले ··· अनेक प्रकारको ऋद्धि प्राप्त गर्छ ··· ब्रह्मलोकसम्म पनि आफ्नो शरीरले वशमा राख्छ । यसरी ··· ब्रह्मलोकलाई आफ्नो शरीरले वशमा राख्न सक्नु पनि प्रज्ञा नै हो ।"

३३. **दिव्यस्रोत ज्ञान** – "सो भिक्षुले उपरोक्त आंकारले समाहित चित्त ··· निश्चलचित्त भएपछि दिव्य-स्रोतधातु प्राप्तिका लागि चित्त अघि बढाउँछ, चित्त झुकाउँछ । उसले अलौकिक विशुद्ध दिव्य-

Downloaded from http://www.dhamma.digital

स्रोतधातुले देवताहरूको पनि, मनुष्यहरूको पनि – दुवै शब्द, – टाढाबाट पनि नजिकबाट पनि सुन्दछ।"

"हे माणव ! जस्तो कि – कुनै पुरुष लामोबाटो गईरहेको बेलामा *(कसैले बजाएको)* भेरी-शब्द पनि, मृदङ्ग-शब्द पनि, शंख-शब्द पनि. प्रणवक-शब्द पनि, डमरु-शब्द पनि सुन्दछ। यी शब्दहरू सुनेर उसको मनमा यस्तो हुन्छ – 'यो भेरी-शब्द हो, ··· यो प्रणवक-शब्द हो'। यस्तैगरी, हे माणव ! सो भिक्षुले ··· अलौकिक विशुद्ध दिव्य-स्रोतधातुले देवताहरूको पनि, मनुष्यहरूको पनि – दुवै –शब्द टाढाबाट पनि नजिकबाट पनि सुन्दछ। यसरी ··· सुन्नु पनि प्रज्ञा नै हो।

३४. "सो भिक्षुले उपरोक्त आकारले समाहित चित्त, ··· निश्चलचित्त भएपछि परचित्त ज्ञान *(अर्काको मनको कुरा जान्नु)* को लागि चित्त अघि बढाउँछ, चित्त झुकाउँछ। उसले पर-सत्त्व र पर-पुद्‌गलको चित्तलाई आफ्नो चित्तले थाहा पाउँछ – रागसहित चित्तलाई रागसहित चित्त भनी थाहा पाउँछ, सदोष चित्तलाई सदोष चित्त भनी थाहा पाउँछ, निर्दोष चित्तलाई निर्दोष चित्त भनी थाहा पाउँछ; मोहसहित चित्तलाई मोहसहित चित्त भनी थाहा पाउँछ; मोहरहित चित्तलाई मोहरहित चित्त भनी थाहा पाउँछ; संक्षिप्त *(सूक्ष्म)* चित्तलाई संक्षिप्त *(सूक्ष्म)* चित्त भनी थाहा पाउँछ; विक्षिप्त चित्तलाई विक्षिप्त चित्त भनी थाहा पाउँछ; महत् *(ठूलो)* चित्तलाई महत् चित्त भनी थाहा पाउँछ; अमहत् *(सानो)* चित्तलाई अमहत् चित्त भनी थाहा पाउँछ; स-उत्तर चित्तलाई स-उत्तर चित्त भनी थाहा पाउँछ; अनुत्तर चित्तलाई अनुत्तर चित्त भनी थाहा पाउँछ; समाहित चित्तलाई समाहित चित्त भनी थाहा पाउँछ; असमाहित चित्तलाई असमाहित चित्त भनी थाहा पाउँछ; विमुक्त चित्तलाई विमुक्त चित्त भनी थाहा पाउँछ; अविमुक्त चित्तलाई अविमुक्त चित्त भनी थाहा पाउँछ।"

"हे माणव ! जसरी – कुनै नक्कल पार्नु पर्ने स्वभावका पुरुष, स्त्री वा युवाले ऐनामा वा परिशुद्ध, निर्मल, स्वच्छ पानीको पात्रमा आफ्नो मुख हेर्दा, मैलो परेकोलाई मैलो परेको छ, सफा छ भने सफा छ भनी थाहा पाउँछ; यस्तैगरी सो भिक्षुले ··· परसत्त्व र पर-पुद्‌गलको चित्तलाई आफ्नो चित्तले थाहा पाउँछ; रागसहित चित्तलाई रागसहित चित्त भनी, ··· अविमुक्त चित्तलाई अविमुक्तचित्त भनी थाहा पाउँछ। यसरी ··· थाहा पाउनु पनि प्रज्ञा नै हो।

"सो भिक्षुले उपरोक्त आकारले समाहित चित्त, ··· निश्चलचित्त भएपछि पूर्वजन्मको कुरा थाहा पाउनको लागि चित्त अघि बढाउँछ, चित्त झुकाउँछ। उसले अनेक प्रकारले पूर्वजन्मको कुरा थाहा पाउँछ अनुस्मरण गर्छ। जस्तो कि – 'एक जन्म, दुई जन्म ··· दस जन्म ··· सय जन्म ··· सहस्र जन्म, एक लाख जन्म; अनेक संवर्त कल्प *(प्रलय)*, अनेक विवर्त कल्प *(सृष्टि)*, अनेक संवर्त-विवर्त कल्प *(प्रलय र सृष्टि)* अनुस्मरण गर्छ, थाहा पाउँछ – 'फलाना ठाउँमा थिएँ, यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहारपान, यस्तो सुखदुःख, यति आयु थियो। त्यहाँबाट च्युत भई फलाना ठाउँमा जन्म भयो, त्यहाँ पनि : – यस्तो नाउँ, यस्तो गोत्र, ··· यति आयु थियो। त्यहाँबाट पनि च्युत भई यस ठाउँमा जन्म भयो।' यसरी आकारप्रकारसहित अनेक पूर्वजन्मको कुरा अनुस्मरण गर्छ।'"

"हे माणव ! जस्तो कि – कुनै पुरुष आफ्नो गाउँबाट अर्को गाउँमा जान्छ, त्यहाँबाट पनि अर्को गाउँमा जान्छ, त्यस गाउँबाट फेरि आफ्नै गाउँमा आउँछ। अनि उसले यस्तो अनुस्मरण गर्छ कि – 'म आफ्नो गाउँबाट फलाना गाउँमा गएँ, उहाँ यसरी उभिएको थिएँ यसरी बसेको थिएँ, यस्तो कुरा गरें, यसरी चुप लागें, उहाँबाट पनि म फलाना गाउँमा गएँ, त्यहाँ पनि यसरी उभिएको थिएँ, यसरी बसें, यसरी कुरा गरें, यसरी चुपलागें; त्यहाँबाट म फेरि आफ्नै गाउँमा आएँ।' यस्तैगरी, हे माणव ! सो भिक्षुले

Downloaded from http://www.dhamma.digital

… अनेक प्रकारले पूर्वजन्मको कुरा थाहा पाउँछ, … अनुस्मरण गर्छ। यसरी पूर्वजन्मको कुरा अनुस्मरण गर्नु पनि प्रज्ञा नै हो।"

३६. "सो भिक्षुले उपरोक्त आकारले समाहित चित्त, … निश्चलचित्त भएपछि प्राणीहरूको च्युत *(मरण)* र उत्पत्ति *(जन्म)* जान्नको लागि चित्त अघि बढाउँछ, चित्त झुकाउँछ। उसले अलौकिक, विशुद्ध दिव्यचक्षुद्वारा सत्त्वलाई देख्छ, जन्म हुने, मरण हुने प्राणीलाई देख्छ, – हीन अवस्थामा, राम्रो अवस्थामा, सुगतिमा, दुर्गतिमा; आ-आफ्ना कर्मानुसार गएका प्राणीहरूलाई थाहा पाउँछ, देख्छ – 'यी सत्त्वहरू कायिक दुराचारले, वाचिक दुराचारले र मानसिक दुराचारले युक्त भएका, आर्यहरूलाई अपवाद गर्ने, मिथ्यादृष्टि भएका *(गलतधारण भएका)*, मिथ्यादृष्टियुक्त काम गर्ने – यिनीहरू मरणोपरान्त अपाय, दुर्गति, विनिपात, नरकमा उत्पन्न भए। यी सत्त्वहरू काय सदाचारी, वचन सदाचारी र मन सदाचारी भई, आर्यहरूलाई निन्दा उपहास नगर्ने भई, सम्यक् दृष्टिक, सम्यक् दृष्टियुक्त काम गरी मरणोपरान्त सुगति, स्वर्गलोकमा उत्पन्न भए।' यसरी उसले अलौकिक, विशुद्ध दिव्य-चक्षुले हीन-प्रणीत, सुवर्ण-दुर्वर्णमा उत्पन्न भएका, मरण भएका सत्त्वहरूलाई देख्दछ। सुगति-दुर्गतिमा आ-आफ्ना कर्मानुसार गएका सत्त्वहरूलाई पनि जान्दछ।"

"हे माणव ! जस्तो कि – चौबाटोको बीचमा भएको घरमा, आँखा भएको कुनै पुरुष उभिरहँदा *(त्यहाँबाट उसले)* मानिसहरू घरभित्र पसेका पनि, निस्केका पनि, सडकको बाटोमा यताउता हिंडिरहेका पनि, चौबाटोको बीचमा बसिरहेका पनि देख्छ। अनि उसको मनमा यस्तो लाग्छ – 'यी मानिसहरू घरभित्र पस्दछन्, निस्किन्छन्, सडकको बाटोमा यताउता हिंडिरहन्छन्, चौबाटोमा बीचमा बस्दछन्।' यस्तैगरी हे माणव ! सो भिक्षुले … विशुद्ध दिव्य-चक्षुद्वारा… सुगति-दुर्गतिमा आ-आफ्ना कर्मानुसार गएका सत्त्वहरूलाई जान्दछ, देख्दछ। यसरी कर्मानुसार गएका सत्त्वहरूलाई जान्न सक्नु पनि प्रज्ञा नै हो।

३७. "सो भिक्षुले उपरोक्त आकारले समाहित-चित्त, परिशुद्ध-चित्त, ज्योतिर्मय-चित्त, मलरहित-चित्त, क्लेशरहित-चित्त, मृदु-चित्त, कर्मण्य-चित्त र निश्चल-चित्त भएपछि आस्रव-क्षय-ज्ञानको लागि चित्त अघि बढाउँछ, चित्त झुकाउँछ। उसले 'यो दुःख हो' भनी यथार्थतः बोध गर्छ। 'यी दुःख समुदय हो' भनी यथार्थतः बोध गर्छ। 'यो दुःख निरोध हो' भनी यथार्थतः बोध गर्छ। 'यो दुःख निरोध हुने मार्ग हो' भनी यथार्थतः बोध गर्छ। 'यो आस्रव हो' भनी …, 'यो आस्रव समुदय हो' भनी,… 'यो आस्रव निरोध हो' भनी, … 'यो आस्रव निरोध हुने मार्ग हो' भनी यथार्थतः बोध गर्छ। यसरी देखेपछि, यसरी अवबोध भएपछि उसको चित्त कामास्रवबाट पनि, भवास्रवबाट पनि, अविद्यास्रवबाट पनि विमुक्त हुन्छ। विमुक्त भएपछि 'विमुक्त भएँ' भन्ने ज्ञान पनि हुन्छ। 'जाति *(जन्म)* क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें अब उप्रान्त यहाँ आउनु पर्ने हेतु छैन' भन्ने ज्ञान पनि हुन्छ।"

"हे माणव ! जस्तो कि – कुनै पहाडमाथि स्वच्छ, प्रसन्न तथा निर्मल जलाशय छ। उहाँ कुनै आँखा भएको पुरुष जलाशयको तीरमा बसी उसले पानीमा सिपी, शंख, ढुङ्गा, काठ तथा माछाहरू पनि यताउता गैरहेको, बसिरहेको देख्छ। अनि उसको मनमा यस्तो हुन्छ – 'यो जलाशय स्वच्छ, प्रसन्न तथा निर्मल छ। यहाँ सिपी, शंख, काठ, ढुङ्गा छन्, माछाहरू पनि यताउता डुलिरहेका छन्, बसिरहेका छन्।' यस्तै गरी हे माणव ! सो भिक्षुले समाहित चित्त, … निश्चलचित्त भएपछि आस्रव-क्षय-ज्ञानको लागि चित्त अघाडि बढाउँछ, चित्त झुकाउँछ। उसले 'यो दुःख हो' भनी … 'यो आस्रव निरोध हुने मार्ग हो' भनी यथार्थ रूपले अवबोध गर्छ। यसरी अवबोध भएपछि उसको चित्त कामास्रवबाट पनि …… अविद्यास्रवबाट

Downloaded from http://www.dhamma.digital

पनि विमुक्त हुन्छ । विमुक्त भएपछि 'विमुक्त भएँ' भनी जानी 'अबउप्रान्त यहाँ आउनु पर्ने हेतु छैन' भन्ने पनि उसलाई ज्ञान हुन्छ । यसरी ··· अवबोध गर्न सक्नु पनि प्रज्ञा नै हो ।

३८. "हे माणव ! यही नै त्यो 'आर्य-प्रज्ञास्कन्ध हो' जसको भगवान् वर्णवादी हुनुहुन्थ्यो, यही प्रज्ञा जनतालाई ग्रहण गर्न लगाउनुहुन्थ्यो र यसै प्रज्ञामा जनतालाई राख्नुहुन्थ्यो वा प्रतिष्ठित गराउनु हुन्थ्यो । योभन्दा बढी अरू कुनै गर्नुपर्ने छैन ।"

३९. "आश्चर्य ! भो आनन्द, अद्भुत !! आनन्द ! सो आर्य-प्रज्ञा-स्कन्ध परिपूर्ण छ, अपरिपूर्ण छैन । यस्तो परिपूर्ण आर्य-प्रज्ञास्कन्ध यहाँ *(बुद्ध-धर्म)* बाट बाहिर अरू श्रमण ब्राह्मणहरूकहाँ म देख्दिन । अब यो भन्दा बढी अरू गर्नुपर्ने पनि छैन । धन्य ! भो आनन्द, धन्य ! ! भो आनन्द ! ··· अब म उनै भगवान् गौतमको शरण पर्छु, धर्म र भिक्षु संङ्घको पनि । मलाई तपाईं आनन्दले आजीवनसम्म शरणमा आएको उपासक हो भनी धारणा गर्नुहोस् ।"

**सुभ-सुत्त समाप्त ।**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# ११. केवट्ट-सुत्त

(केवट्टसूत्र)

## १. केवट्टको प्रार्थना

१. यस्तो मैले सुनें । एक समय भगवान् नालन्दाको पावारिक आम्रवनमा बस्नुभएको थियो । अनि केवट्ट गृहपतिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका केवट्ट गृहपतिपुत्रले भगवान्सँग यस्तो बिन्ती गरे – "भन्ते ! यो नालन्दा समृद्ध, उन्नत तथा बहुजनाकीर्ण छ जो *(नालन्दावासी)* भगवान्प्रति अभिप्रसन्न छ । भन्ते ! भगवान्को एक भिक्षुलाई नियुक्ति गर्नुभए वेशहुने थियो जसले उत्तरीयमनुष्य धर्म-ऋद्धिप्रातिहार्य देखाउने छन् । यसबाट यी नालन्दाबासी भगवान्प्रति झन् बढी अभिप्रसन्न हुनेछन् ।"

यसो भन्दा भगवान्ले केवट्ट गृहपतिपुत्रलाई भन्नुभयो - केवट्ट ! म भिक्षुहरूलाई यस्तो धर्मोपदेश गर्दिन – "भिक्षु हो ! तिमीहरू आओ, तिमीहरूले शुद्ध जीवन बिताइबस्ने गृहस्थीहरूलाई उत्तरीयमनुष्य धर्म-ऋद्धिप्रातिहार्य देखाओ' ।"

२. दोस्रो पटक पनि केवट्ट गृहपतिपुत्रले भगवान्सँग यस्तो बिन्ती गरे – भन्ते ! मैले भगवान्लाई विध्वंश गर्न[३१९] खोजेको होइन । बल्कि यसो बिन्ती गर्दछु – भन्ते ! यो नालन्दा समृद्ध, उन्नत तथा बहुजनाकीर्ण छ – जो *(नालन्दावासी)* भगवान्प्रति अभिप्रसन्न छ । भन्ते ! भगवान्ले एक भिक्षुलाई नियुक्ति गर्नुभए बेस हुने थियो जसले उत्तरीयमनुष्य धर्म-ऋद्धिप्रातिहार्य देखाउने छन् । यसबाट नालन्दावासी भगवान्प्रति झन् बढी अभिप्रसन्न हुने छन्' ।" दोस्रो पटक पनि भगवान्ले केवट्ट गृहपति पुत्रलाई यसो भन्नुभयो – केवट्ट ! म भिक्षुहरूलाई यस्तो धर्मोपदेश गर्दिन[३२०] – भिक्षु हो ! तिमीहरू आओ, तिमीहरूले शुद्ध जीवन बिताईबस्ने 'गृहस्थीहरूलाई उत्तरीयमनुष्य धर्म-ऋद्धिप्रातिहार्य देखाओ' ।"

तेस्रो पटक पनि केवट्ट[३२१] गृहपतिपुत्रले भगवान्सँग यस्तो बिन्ती गरे – भन्ते ! मैले भगवान्लाई

---

३१९ तपाईंको सुकीर्तिलाई बिगार्न खोजेको होइन भन्ने अर्थले यहाँ 'विध्वंश' शब्द प्रयोग गरिएको हो ।

३२० यसभन्दा अघि भगवान्ले राजगृह सेठको कारणले भिक्षुहरूलाई ऋद्धिप्रातिहार्य देखाउनमा प्रतिबन्द लगाई नियम बनाइसक्नुभएको थियो त्यसैले यस सूत्रमा भगवान्ले 'म भिक्षुहरूलाई यस्तो धर्मोपदेश गर्दिन' भनी भन्नुभएको हो ।

३२१ केवट्ट गृहपतिपुत्र चालीस कोटी धनसम्पत्ति भएका एक महाधनी तथा बुद्ध धर्ममा अत्यधिक श्रद्धा हुने उपासक थिए । बुद्धप्रति पनि यिनको अत्यधिक श्रद्धाभक्ति थियो । श्रद्धाधिकको कारणले गर्दा नै उनको मनमा यस्तो कौतूहलपूर्ण कल्पना उठेको थियो । जस्तै – 'यदि कुनै एक भिक्षुले नालन्दामा समय-समयमा आकाशमा गई ऋद्धिप्रातिहार्य देखाएमा नालन्दाका मानिसहरू झन् बढी बुद्धधर्म ऋद्धिप्रातिहार्य देखाउने काममा नियुक्ति गर्नुभए कति वेश हुने थियो ।' यसै कल्पना वा इच्छाको कारणले उनी भगवान्कहाँ गई उनले बडो भक्तिपूर्वक भगवान्सँग बिन्ति गरेका हुन् । उनको मनमा 'यस्तो गराउँदा नालन्दाका जनतामा बढी प्रभाव पर्ने र बुद्धधर्म पनि

Downloaded from http://www.dhamma.digital

विध्वंश गर्न खोजेको होइन । बल्कि यस्तो बिन्ती गर्दछु – "भन्ते ! यो नालन्दा समृद्ध, उन्नत तथा बहुजनाकीर्ण छ । जो *(नालन्दावासी)* भगवान्प्रति अभिप्रसन्न छ । भन्ते ! भगवान्ले एक भिक्षुलाई नियुक्ति गर्नु भए बेस हुने थियो । जसले उत्तरीयमनुष्य-धर्म-ऋद्धिप्रातिहार्य देखाउने छन् । यसबाट नालन्दावासी भगवान्प्रति झन् बढी अभिप्रसन्न हुने छन्' ।"

## २. तीन प्रातिहार्यहरू

### (क) ऋद्धिप्रातिहार्य

३. "केवट्ट ! स्वयं मैले साक्षात्कार गरी बताएका प्रातिहार्यहरू तीनप्रकारका छन्[३२२] । कुन तीन भने ? – (१) ऋद्धिप्रातिहार्य, (२) आदेशनाप्रातिहार्य, (३) अनुशासनीप्रातिहार्य ।

४. "केवट्ट ! ऋद्धिप्रातिहार्य भनेको कस्तो हो भने ? केवट्ट ! यहाँ भिक्षु अनेकप्रकारका ऋद्धिविधज्ञानलाई प्रत्यनुभव गर्छ – एक भएर पनि धेरै हुन्छ, धेरै भएर पनि एक हुन्छ, प्रकट पनि हुन्छ, लोप पनि हुन्छ, छेकबारको बीचबाट पनि, पर्खालको बीचबाट पनि पर्वतको बीचबाट पनि – मानो आकाशमा झैं नछोईकन पारि जान्छ । पानीमा डुब्की लगाएझैं पृथ्वीमा डुब्की लगाउँछ; मानो पृथ्वीमा हिंडे झैं पानीमा पनि नभिजीकन हिड्छ; मानो सकुणपक्षीझैं आकाशमा पलैंटी मारी जान्छ; यी महर्द्धिक महानुभाव सम्पन्न चन्द्रसूर्यलाई पनि हातले परामर्श गर्छ र ब्रह्मलोकसम्मलाई पनि आफ्नो शरीरद्वारा वशमा राख्छ ।

"अनि त्यसरी – एक भएर पनि धेरै हुने; धेरै भएर पनि एक हुने; प्रकट पनि हुने, लोप पनि हुने; छेकबारको बीचबाट पनि, पर्खालको बीचबाट पनि, पर्वतको बीचबाट पनि – मानो आकाशमा झैं नछोईकन पारि जाने; पानीमा डुब्की लगाएझैं पृथ्वीमा डुब्की लगाउने; मानो पृथ्वीमा हिड्नेझैं पानीमा पनि नभिजीकन हिड्ने; मानो सकुणपक्षीझैं आकाशमा पलैंटीमारी जाने; यी महर्द्धिक महानुभाव सम्पन्न चन्द्रसूर्यलाई पनि हातले परामर्श गर्ने र ब्रह्मलोकसम्मलाई पनि आफ्नो शरीरद्वारा वशमा राख्न सक्ने सो भिक्षुलाई कुनै श्रद्धालु *(उपासक)* ले प्रसन्नतापूर्वक हेर्छ ।"

"अनि त्यो श्रद्धालु प्रसन्नचित्त हुने *(उपासक)* ले कुनै अश्रद्धालु अप्रसन्नचित्त हुनेलाई बताउँछ – 'अहो आश्चर्य ! अहो अद्भुत ! ! श्रमणको कस्तो महर्द्धिकता, कस्तो महानुभावता ! ! मैले सो भिक्षुलाई अनेकप्रकारका ऋद्धिविधज्ञानलाई प्रत्यनुभव गरेको देखें । जस्तै – एक भएर पनि धेरै भएको; धेरै भएर पनि एक भएको प्रकट पनि भएको; लोप पनि भएको; छेकबारको बीचबाट पनि, पर्खालको बीचबाट पनि, पर्वतको बीचबाट पनि – मानो आकाश झैं पृथ्वीमा डुब्की लगाएको; मानो पृथ्वीमा हिड्ने झैं पानीमा

---

बढीसेबढी मात्रामा प्रचार हुने थियो' भन्ने विश्वास पनि थियो । त्यसैले भगवान्ले प्रतिक्षेप गर्नुभए तापनि उनले पुनः पुनः विन्ति गरेका हुन् । भगवान्ले पुनः पुनः प्रतिक्षेप गर्नुभएको बुझी 'सायद उनको प्रार्थनालाई भगवान्ले अर्कै ढंगले संभनुभयो होला' भन्ने लागेपछि उनले 'भन्ते ! मैले भगवान्लाई विध्वंश गर्न खोजेको होइन' भनी स्पष्टीकरण दिएका हुन् ।

३२२ जब केवट्ट गृहपति पुत्रले पुनः पुनः सोही कुरा दोहऱ्याउँदै प्रार्थना गरे अनि भगवान्ले 'अध्याधिक श्रद्धाको कारणले मैले प्रतिक्षेप गर्दा पनि यिनी बारबार सोही कुरा भन्दछन् । अतः यिनलाई प्रातिहार्य देखाउनुमा हुने दोषका कुराहरू बताइदिनु पऱ्यो' भन्ने लागेपछि भगवान्ले तीनप्रकारका प्रातिहार्यका कुराहरू बताउनुभएको हो ।

Downloaded from http://www.dhamma.digital

पनि नभिजीकन हिडेको; मानो सकुणपक्षीझैं आकाशमा पलेंटी मारी गएको; यी महर्द्धिक महानुभाव सम्पन्न चन्द्रसूर्यलाई पनि ह्मतले परामर्श गरेको र ब्रह्मलोकसम्मलाई पनि आफ्नो शरीरद्वारा वशमा राखेको देखें' ।"

"अनि सो श्रद्धालु प्रसन्नचित्त हुनेलाई सो अश्रद्धालु अप्रसन्न चित्त हुनेले यस्तो भन्छ – 'भो ! गन्धारी भन्ने विद्या छ । त्यही विद्याद्वारा सो भिक्षुले ती अनेकप्रकारका ऋद्धिप्रातिहार्यहरू प्रत्यनुभव गरेका हुन् । जस्तै – एक भएर पनि धेरै भएको, धेरै भएर पनि एक भएको, ··· र ब्रह्मलोकसम्मलाई पनि आफ्नो शरीरद्वारा वशमा राखेको ।'"

"केवट्ट ! सो अश्रद्धालु अप्रसन्नचित्त हुनेले त्यो श्रद्धालु प्रसन्नचित्त हुनेलाई यस्तो भन्न सक्छ भन्ने कुरा तिमी ठान्दछौ त ?"

"भन्ते ! भन्न सक्छ भन्ने म ठान्दछु ।"

"केवट्ट ! ऋद्धिप्रातिहार्यमा यही दोष देखेर म ऋद्धिप्रातिहार्य प्रदर्शन गर्नुदेखि आत्तिएको छु लज्जित छु, घृणित ठान्दछु ।"

## (ख) आदेशनाप्रातिहार्य

५. "केवट्ट ! आदेशनाप्रातिहार्य भनेको कस्तो हो भने ? – केवट्ट ! यहाँ भिक्षु परसत्त्व परपुद्गलको चित्तलाई पनि जान्दछ; तर्कना गरेको पनि जान्दछ, विचार गरेको पनि जान्दछ – 'यस्तो तिम्रो मन छ, यस्तो तिम्रो चित्त छ ।'

"अनि परसत्त्व परपुद्गलको चित्तलाई जान्ने, चैतसिकलाई जान्ने; तर्कना गरेको पनि जान्ने, विचार गरेको पनि जान्ने – 'यस्तो तिम्रो मन छ, यस्तो तिम्रो चित्त छ' भनी जान्ने भिक्षुलाई कुनै श्रद्धालु प्रसन्नचित्त हुनेले देख्दछ ।"

"अनि त्यो श्रद्धालु प्रसन्नचित्त हुनेले कुनै अश्रद्धालु अप्रसन्नचित्त हुनेलाई बताउँछ – 'अहो आश्चर्य ! अहो अद्भुत ! ! श्रमणको कस्तो महर्द्धिकता, कस्तो महानुभावता ! ! मैले सो भिक्षुलाई 'यस्तो तिम्रो मन छ, यस्तो तिम्रो चित्त छ' भनी परसत्त्वको परपुद्गलको चित्त पनि जानेको, चैतसिक पनि जानेको, तर्कना गरेको पनि जानेको, विचार गरेको पनि जानेको देखें ।'"

"अनि त्यो श्रद्धालु प्रसन्नचित्त हुनेलाई सो अश्रद्धालु अप्रसन्नचित्त हुनेले यस्तो भन्दछ – 'भो ! मणिका भन्ने विद्या छ । त्यही विद्याद्वारा सो भिक्षुले – 'यस्तो तिम्रो मन छ, यस्तो तिम्रो चित्त छ' भनी परसत्त्वको परपुद्गलको चित्त पनि जानेको हो, चैतसिक पनि जानेको हो, तर्कना गरेको पनि जानेको हो, विचार गरेको पनि जानेको हो ।'"

"केवट्ट ! सो अश्रद्धालु अप्रसन्नचित्त हुनेले त्यो श्रद्धालु प्रसन्नचित्त हुनेलाई यस्तो भन्न सक्छ भन्ने कुरा तिमी ठान्दछौ त ?"

"भन्ते ! भन्न सक्छ भन्ने म ठान्दछु ।"

"केवट्ट ! आदेशनाप्रातिहार्यमा यही दोष देखेर म ओदशनाप्रातिहार्यदेखि आत्तिएको छु, त्यसलाई लज्जित छु, घृणित ठान्दछु ।"

Downloaded from http://www.dhamma.digital

## (ग) अनुशासनीप्रातिहार्य

६. "केवट्ट ! अनुशासनीप्रातिहार्य भनेको कस्तो हो भने ? केवट्ट ! यहाँ भिक्षु यसरी अनुशासन गर्छ – 'यसरी तर्कना गर, यसरी तर्कना नगर; यसरी मनस्कार गर, यसरी मनस्कार नगर; यसलाई छाड, यसलाई ग्रहण गरी विहार गर ।' केवट्ट ! यसैलाई अनुशासनीप्रातिहार्य भनिन्छ ।

"केवट्ट ! फेरि यो लोकमा तथागत अरहन्त सम्यक्सम्बुद्ध ··· पूर्ववत् ··· जन्मिनुहुन्छ । उहाँले देव-मार-ब्रह्मासहित लोकलाई ··· परिशुद्ध भएको ब्रह्मचर्य *(श्रेष्ठ धर्म)* प्रकाश पार्नु हुन्छ । अनि गृहपति वा गृहपतिपुत्र ··· पूर्ववत् ··· प्रव्रजित हुन्छ । केवट्ट ! यसरी प्रव्रजित भएको सो भिक्षु जीवनभर शीलसम्पन्न भई ··· प्रथमध्यान[३२३] प्राप्तगरी विहार गर्छ । केवट्ट ! यसलाई पनि अनुशासनीप्रातिहार्य भनिन्छ । ··· द्वितीयध्यान प्राप्तगरी ··· पूर्ववत् ··· तृतीयध्यान प्राप्तगरी ··· पूर्ववत् ····· चतुर्थध्यान प्राप्तगरी[३२४] विहार गर्छ । केवट्ट ! यसलाई पनि अनुशासनीप्रातिहार्य भनिन्छ । अनि उसले ज्ञानदर्शनको निमित्त चित्त झुकाउँछ ··· [३२५] अब उप्रान्त पुनर्जन्म छैन भन्ने पनि जान्दछ । केवट्ट ! यसलाई पनि अनुशासनीप्रातिहार्य भनिन्छ ।

"केवट्ट ! यी तीन प्रातिहार्यहरू मैले स्वयं साक्षात्कार गरी प्रकाश गरेको छु ।"

# ३. चतुर्महाभूतहरू कहाँ निरूद्ध हुन्छन् ?

७. "केवट्ट ! अघि एकदिन यसै भिक्षुसङ्घ मध्येका एक भिक्षुको मनमा यस्तो परिवितर्कना उठेको थियो – 'यी चार महाभूतहरू – पृथ्वी, आप्, तेज, वायु – कहाँ निश्शेष रूपले निरूद्ध हुँदा रहेछन् ?'

८. "केवट्ट ! अनि सो भिक्षु यस्तो समाधिमा समाधिष्ठ भए, – जुन समाधिमा चित्त समाधिष्ठ हुँदा सो भिक्षु देवलोकमा प्रकट भए । केवट्ट ! अनि सो भिक्षु जहाँ चातुर्महाराजिक देवहरू थिए त्यहाँ गए । त्यहाँ पुगेपछि चातुर्महाराजिक देवहरूसँग यस्तो सोधे – 'आवुसो ! यी चार महाभूतहरू पृथ्वी, आप्, तेज, वायु कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन्[३२६] ?' केवट्ट ! यस्तो सोध्दा चातुर्महाराजिक देवहरूले सो भिक्षुलाई यस्तो भने – 'भिक्षु ! हामीहरू जान्दैनौं कि यी चार महाभूतहरू – पृथ्वी, आप्, तेज, वायु – कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् । भिक्षु ! हामीभन्दा सुन्दरतर तथा प्रणीततर चातुर्महाराजाहरू छन् । सायद उनीहरूले यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् भन्ने कुरा जान्दछन् होला ।'

९. "केवट्ट ! अनि सो भिक्षु जहाँ चातुर्महाराजाहरू थिए त्यहाँ गए । त्यहाँ पुगेपछि चातुर्महाराजाहरूसँग यस्तो सोधे – 'आवुसो ! यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् ?' केवट्ट ! यस्तो सोध्दा चातुर्महाराजाहरूले सो भिक्षुलाई यस्तो भने – 'भिक्षु ! हामीहरू पनि

---

३२३ यहाँका बाँकी कुराहरू पृ. ४८ पारा. ४१ देखि पृ. ६२ पारा ७७ सम्म केवट्टलाई सम्बोधन गरीएको जस्तै पढ्नु होला ।

३२४ यहाँका बाँकी कुराहरू माथि पृ. ६३ को पारा ८३ मा केवट्टलाई सम्बोधन गरीएको जस्तै पढ्नुहोला ।

३२५ यहाँका बाँकी कुराहरू माथि पृ. ६३ पारा ५ देखि पृ. ६८ को पारा १०० सम्म केवट्टलाई सम्बोधन गरीएको जस्तै पढ्नु होला ।

३२६ यी भिक्षु ऋद्धि प्रकृतिका थिए । त्यसैले नजिकमा हुनुभएका भगवान्सँग यो प्रश्न नसोधी देवहरू महानुभावसम्पन्न हुन्छन् भन्ने मनमा लिई ऋद्धिद्वारा देवलोकमा गएका हुन् भनी केवट्टसुत्तवण्णनाले लेखेको छ ।

Downloaded from http://www.dhamma.digital

जान्दैनौ कि यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् । भिक्षु ! हामीभन्दा सुन्दरतर तथा प्रणीततर त्रयस्त्रिंश भन्ने देवहरू छन् । सायद उनीहरूले यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् भन्ने कुरा जान्दछन् होला ।'

१०. "केवट्ट ! अनि सो भिक्षु जहाँ त्रयस्त्रिंश देवहरू थिए त्यहाँ गए । त्यहाँ पुगेपछि त्रयस्त्रिंश देवहरूसँग यस्तो सोधे –'आवुसो ! यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् ?' केवट्ट ! यस्तो सोध्दा त्रयस्त्रिंश देवहरूले सो भिक्षुलाई यस्तो भने – 'भिक्षु ! हामीहरू पनि जान्दैनौ कि यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरुद्ध हुन्छन् । भिक्षु हामीभन्दा सुन्दरतर तथा प्रणीततर शक्र भन्ने देवेन्द्र छन् । सायद उनले यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् भन्ने कुरा जान्दछन् होला ।'

११. "केवट्ट ! अनि सो भिक्षु जहाँ शक्र देवेन्द्र थिए त्यहाँ गए । त्यहाँ पुगेपछि शक्र देवेन्द्रसँग यस्तो सोधे – 'आवुसो ! यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् ?' केवट्ट ! यस्तो सोध्दा शक्र देवेन्द्रले सो भिक्षुलाई यस्तो भने[३२७] – भिक्षु ! म पनि जान्दिन कि यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् । भिक्षु ! हामीभन्दा सुन्दरतर तथा प्रणीततर यामा भन्ने देवहरू; ··· *(पूर्ववत्)* ··· सुयाम भन्ने देवहरू, ··· *(पूर्ववत्)* ··· तुषित भन्ने देवहरू, ··· *(पूर्ववत्)* ··· सुनिर्मित भन्ने देवहरू, ··· *(पूर्ववत्)* ··· परनिर्मितवशवर्ती भन्ने देवहरू, ··· *(पूर्ववत्)* ··· वशवर्ती भन्ने देवपुत्रहरू छन् । सायद उनीहरूले यी चार महाभूतहरू – पृथ्वी, आप्, तेज, वायु – कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् भन्ने कुरा जान्दछन् होला ।'

१२. "केवट्ट ! अनि सो भिक्षु जहाँ वशवर्ती देवपुत्र थिए त्यहाँ गए । त्यहाँ पुगेपछि वशवर्ती देवपुत्रसँग यस्तो सोधे – 'आवुसो ! यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् ?' केवट्ट ! यस्तो सोध्दा वशवर्ती देवपुत्रले पनि सो भिक्षुलाई यस्तो भने – 'भिक्षु ! म पनि जान्दिन कि यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् । भिक्षु ! हामीभन्दा सुन्दरतर तथा प्रणीततर ब्रह्मकायिक भन्ने देवपुत्रहरू छन् । सायद उनीहरूले यी चार महाभूतहरू कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् भन्ने कुरा जान्दछन् होला ।'

१३. "केवट्ट ! अनि सो भिक्षु त्यस्तो समाधिमा समाधिष्ठ भए – जुन समाधिमा चित्त समाधिष्ठ हुँदा सो भिक्षु ब्रह्मलोकमा प्रकट भए । केवट्ट ! अनि सो भिक्षु जहाँ ब्रह्मकायिक देवहरू थिए त्यहाँ पुगे । त्यहाँ पुगेपछि ब्रह्मकायिक देवहरूसँग यस्तो सोधे – 'आवुसो ! यी चार महाभूतहरू – पृथ्वी, आप्, तेज, वायु – कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् ?' केवट्ट ! यस्तो सोध्दा ब्रह्मकायिक देवहरूले सो भिक्षुलाई यस्तो भने – 'भिक्षु ! हामीहरू पनि जान्दैनौं कि यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् । भिक्षु ! हामीभन्दा सुन्दरतर तथा प्रणीततर – अपराजेय, विजेता *(अभिभू, अनभिभूतो)*, साँच्चैकै वशवर्ती, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, व्यवस्थापक *(सज्जिता)*, वशी, प्राणीहरूका *(भूत भव्यानं)* पिता ब्रह्मा-महाब्रह्मा छन् । सायद उनले यी चार महाभूतहरू – पृथ्वी, आप्, तेज, वायु – कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् भन्ने कुरा जान्दछन् होला ।'

---

३२७ भिक्षुको प्रश्न सुनेर शक्र देवेन्द्रले – 'यो प्रश्न बुद्धविषयको प्रश्न हो । बुद्धले बाहेक अरू कसैले भन्न सक्ने छैनन् । यी भिक्षु आगोलाई छाडी जुनकिरी बाल्नेझैं, भेरी छाडी पेट बजाउनेझैं देवहरूकहाँ विचरण गर्दै यो प्रश्न सोध्दैछन् । अत: यिनलाई बुद्धकहाँ फर्काइ दिनुपर्‍यो ।' तर फेरि उनको मनमा यस्तो लाग्यो 'जसकहाँ गए पनि अन्त:मा बुद्धकहाँ नपुगी सुख पाउने छैनन् । अत: जाऊन् यी एकोहरे भिक्षु, जहाँसम्म जान सक्छन् अथवा जति टाढासम्म जान सक्छन् जाउन् ।' यति सोची शक्रले पनि आफूभन्दा सुन्दरतर तथा प्रणीततर देवहरू छन् भन्ने कुरा बताएका हुन् ।

Downloaded from http://www.dhamma.digital

'आवुसो ! सो महाब्रह्मा अहिले कहाँ छन् त ?'

'भिक्षु ! हामीलाई थाहा छैन कि ब्रह्मा कहाँ छन्, ब्रह्मा कुन प्रकारका छन्, ब्रह्मा कुन ठाउँमा छन् । भिक्षु ! किन्तु जुन पूर्वलक्षणहरू देखा परिरहेका छन्, आलोकित भईरहेका छन्, प्रकाशमान भईरहेका छन् – यी ब्रह्माकै प्रकट हुने पूर्वलक्षणहरू हुन्, जो आलोकित हुँदैछन्, प्रकाशमान् हुँदैछन् ।' केवट्ट ! अनि केही समयमै सो महाब्रह्मा प्रकट भए ।

१४. "केवट्ट ! अनि सो भिक्षु जहाँ महाब्रह्मा थिए त्यहाँ गए । त्यहाँ पुगेपछि महाब्रह्मालाई यस्तो भने – 'आवुसो ! यी चार महाभूतहरू – पृथ्वी, आप्, तेज, वायु कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् ?'

"केवट्ट ! यस्तो सोध्दा महाब्रह्माले सो भिक्षुलाई यस्तो भने – 'भिक्षु ! म ब्रह्मा-महाब्रह्मा, अपराजेय विजेता, साँच्चैकै वशवर्ती, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, व्यवस्थापक, वशी, प्राणीहरूका पिता हुँ ।'

"केवट्ट ! दोस्रो पटक पनि सो भिक्षुले महाब्रह्मालाई यस्तो भने – 'आवुसो ! म तिमीसँग यस्तो सोध्दिन कि – तिमी ब्रह्मा महाब्रह्मा, अपराजेय विजेता, साँच्चैकै वशवर्ती, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, व्यवस्थापक, वशी, प्राणीहरूका पिता हौ वा होइनौ ? परन्तु म तिमीसँग यस्तो सोध्दछु कि – यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् ?'

"केवट्ट ! दोस्रो पटक पनि महाब्रह्माले सो भिक्षुलाई यस्तो भने – 'भिक्षु म ब्रह्मा-महाब्रह्मा, अपराजेय विजेता, साँच्चैकै वशवर्ती, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, व्यवस्थापक, वशी, प्राणीहरूका पिता हुँ ।'

"केवट्ट ! तेस्रो पटक पनि सो भिक्षुले महाब्रह्मालाई यस्तो भने – 'आवुसो ! म तिमीसँग यसो सोध्दिन कि – तिमी ब्रह्मा महाब्रह्मा, अपराजेय विजेता, साँच्चैकै वशवर्ती, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, व्यवस्थापक, वशी, प्राणीहरूका पिता हौ वा होइनौ ? परन्तु म तिमीसँग यस्तो सोध्दछु कि – यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् ?'

१५. "केवट्ट ! अनि सो महाब्रह्माले सो भिक्षुको हात समाती एक छेउमा लगी सो भिक्षुलाई यस्तो भने – 'भिक्षु ! यी ब्रह्मकायिक देवहरू यस्तो ठान्दछन् कि – ब्रह्माले नजानेका केही छैनन्, ब्रह्माले नदेखेका केही छैनन, ब्रह्माले नबुझेका केही छैनन्, ब्रह्माले साक्षात्कार नगरेका केही छैनन् । त्यसैले उनीहरूका सामुन्ने मैले नभनेको हुँ । भिक्षु ! म पनि जान्दिन कि – यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् । भिक्षु ! यो त तिम्रै गल्ती हो, तिम्रै अपराध हो जो कि तिमी भगवान्लाई छाडी बाहिर अरूबाट यो प्रश्नको उत्तर खोज्दछौ । भिक्षु जाऊ तिमी[३२८]; उहाँ भगवान्कहाँ नै गई यो प्रश्न सोध । जस्तो भगवान्ले व्याकरण गर्नुहुने छ त्यस्तै तिमीले धारण गर ।''

---

३२८ भिक्षुले प्रश्न सोध्नेबित्तिकै महाब्रह्माले 'यो बुद्धविषयको प्रश्न हो' भन्ने कुरा जानिसकेका थिए । किन्तु जस्तो उनीप्रति अरू ब्रह्माहरूका विश्वास थियो त्यसमा खलबली आउन सक्ला भन्ने कारणले यिनले ब्रह्म परिषद्का अगाडि 'जान्दिन' भनी नभनी तथा प्रश्नकर्ता भिक्षुकोध्यान अर्कैतिर लैजाने विचारले आँपको प्रश्न सोध्दा लौकाको उत्तर दिए झैं गरी 'म नै ईश्वर हुँ, कर्ता हुँ' भन्ने आदि कुरा बताएका हुन् । किन्तु जब भिक्षुले 'मैले तिमी को हौ ? भनी सोधेको होइन' भनी बारम्बार परिषद्को अगाडि भन्नथाले तब परिषद्को अपवादबाट बच्नको निमित्त महाब्रह्माले उनलाई एक छेउमा लगी आफूले नजानेको कुरा मात्र भनेका होइनन् बुद्धसँग सोध्नुपर्ने प्रश्न अन्त सोधेर के उत्तर पाउन सकौला ! यो त मानो तेलको खोज गर्नेले तीललाई न निचोरी बालुवा निचोरेर तेल निकाल्न खोजेको जस्तो पो हो भन्दै भिक्षुको दोष देखाई उनलाई बुद्धकहाँ जानुमा उत्साहित समेत गराएका हुन् भनी सुमं. वि. केवट्टसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

१६. "केवट्ट ! अनि सो भिक्षु जस्तै – कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ अथवा पसारेको बाहुलाई खुम्च्याउँछ, त्यस्तै गरी – ब्रह्मलोकबाट अन्तर्धान भई मेरो अगाडि प्रकट भए । केवट्ट ! अनि सो भिक्षुले मलाई यस्तो भने – "भन्ते ! यी चार महाभूतहरू – पृथ्वी, आप्, तेज, वायु – कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् ?'

१७. "केवट्ट ! यस्तो भन्दा मैले सो भिक्षुलाई यस्तो भनें – 'भिक्षु ! अघि सामुद्रिक व्यापारीहरू तीर देख्न सक्ने चरा लिई, जहाजमा बसी समुद्रमा गए । जहाजबाट तीर नदेखेपछि उनीहरूले तीर देख्न सक्ने चरालाई छाडिदिए । ऊ पूर्वदिशातिर गयो, दक्षिण दिशातिर गयो, पश्चिम दिशातिर गयो, उत्तर दिशातिर गयो, माथितिर गयो, अनुदिशातिर गयो । उसले तीर देख्नसकेको भए ऊ गएको गएकै हुन्थ्यो ।' किन्तु उसले चारै दिशातिर कतैपनि तीर देख्न नसकेपछि ऊ फर्केर आएको जस्तै – भिक्षु ! तिमी पनि ब्रह्मलोकसम्म गई तिमीले यस प्रश्नको उत्तर पाउन सकेनौ र अन्तमा मेरै छेउमा आयौ । भिक्षु ! यो प्रश्न यसरी सोधिंदैन कि – भन्ते ! यी चार महाभूतहरू ··· कहाँ निश्शेष रूपले निरूद्ध हुन्छन् ?

१८. भिक्षु ! यो प्रश्न यसरी सोधिनुपर्छ – कहाँ आप्, पृथ्वी, तेज तथा वायु रहँदैन ? कहाँ लामो, छोटो, मसीनो, मोटो तथा शुभाशुभ रहँदैन ? कहाँ नाम र रूप निश्शेष रूपले निरुद्ध हुन्छ –

१९. अनि त्यहाँ यसरी व्याकरण हुन्छ - 'विज्ञान *(निर्वाणको नाम)* जो अनिर्दर्शन *(देखिन नसकिने)*, अनन्त *(उत्पत्ति स्थिति नभएको)* तथा सबैतिरबाट प्रभा छ; – जहाँ आप्, पृथ्वी, तेज तथा वायु रहँदैन ।

'जहाँ लामो, छोटो, सूक्ष्म, स्थूल, शुभाशुभ रहँदैन, जहाँ नाम र रूप निश्शेष रूपले निरूद्ध हुन्छन्; विज्ञान *(चरिम विज्ञान)* को निरूद्ध भएपछि यहीं यी सबै निरूद्ध हुन्छन्' ।"

२०. भगवान्ले यति भन्नुभयो । अनि सन्तुष्ट भएर केवट्ट गृहपतिपुत्रले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

**केवट्ट-सुत्त समाप्त ।**

Downloaded from http://www.dhamma.digital

# १२. लोहिच्च-सुत्त

## (लौहित्यसूत्र)

## १. लोहिच्च ब्राह्मणको धारणा

१. यस्तो मैले सुनें। एक समय भगवान् कोशल देशमा चारिका गर्दै, पाँच सय महाभिक्षुसङ्घका साथ जहाँ सालवतिका हो त्यहाँ जानुभयो। त्यस समय कोशल राजाले ब्रह्मदेय गरिदिएको, राजदायाद गरिदिएको, धेरै राजभोग्यहरू, धेरै प्राणीहरू, धेरै पानी-घाँस-काठहरू तथा धेरै धान्यहरूको भोग गर्दै लोहिच्च ब्राह्मण सालवतिकामा बस्दथे।

२. त्यस समय लोहिच्च ब्राह्मणको *(मनमा)* यस्तो खराब धारणा उत्पन्न भएको थियो – "यहाँ *(यो लोकमा)* श्रमण वा ब्राह्मणद्वारा कुशलधर्म अधिगमन गरियोस्, *(तर)* कुशलधर्म अधिगमन गरी *(उनीहरूद्वारा)* अर्कालाई नबताइयोस् – *(किन कि)* एकले अर्कालाई के गर्न सक्ला र! यो त, पुरानो बन्धनलाई चुँडाली अर्को नयाँ बन्धन गर्ने जस्तै हो, अतः यसलाई *(धर्मोपदेश गर्ने आशालाई)* म खराब लोभ-धर्म हो भनी भन्दछु – *(किन कि)* एकले अर्कालाई के गर्न सक्ला र[३२९] !"

३. *(एकदिन)* लोहिच्च ब्राह्मणले यस्तो सुने – "भो! श्रमण शाक्यपुत्र, शाक्यकुलबाट प्रव्रजित भई कोशल देशमा चारिका गर्दै पाँच सय महाभिक्षुसङ्घका साथ सालवतिकामा आइपुग्नुभएको छ। उहाँ आदरणीय भगवान् गौतमको यस्तो कीर्तिशब्द फैलिईरहेको छ – उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध ··· बुद्ध तथा भगवान् हुनुहुन्छ। उहाँ यो लोकलाई – देवसहित, मारसहित, ब्रह्मासहित लोकलाई, ··· धर्मोपदेश गर्नुहुन्छ। उहाँले आदिकल्याण ··· सबै परिपूर्ण परिशुद्ध भएको ब्रह्मचर्य प्रकाशपार्नु हुन्छ। उहाँ जस्ता अरहत्को दर्शन गर्नु कल्याणकर हो।"

४. अनि लोहिच्च ब्राह्मणले रोसिका नामक नाऊलाई बोलाई भने – "हे रोसिका! तिमी यता आऊ, तिमी जहाँ श्रमण गौतम हुनुहुन्छ त्यहाँ जाऊ, त्यहाँ गएर मेरो वचनले श्रमण गौतमसँग सन्चो, बिसन्चो तथा कुशलक्षेम छ छैन भन्ने कुरा सोध – "भो गौतम! लोहिच्च ब्राह्मण तपाईं गौतमसँग सन्चो विसन्चो तथा कुशल क्षेम छ छैन भन्ने कुरा सोध्दछ।' यस्तो पनि भन कि – 'तपाईं गौतमले भोलिको निमित्त लोहिच्च ब्राह्मणको भोजन भिक्षुसङ्घका साथ स्वीकार गर्नुहोस् '।"

५. "हवस्, भन्ते" भनी लोहिच्च ब्राह्मणलाई प्रत्युतर दिई रोसिका नाऊ जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्यो। एक छेउमा बसेको रोसिका नाऊले भगवान्लाई यस्तो बिन्तीगर्‍यो – भन्ते! लोहिच्च ब्राह्मण भगवान्सँग सन्चो विसन्चो तथा कुशलक्षेम छ, छैन भन्ने कुरा सोध्दछन्। यस्तो पनि भन्दछन् कि – "भन्ते! भगवान्ले

---

३२९ 'एकले अर्कालाई केही गर्न सक्तैन' भन्ने ब्राह्मणको विश्वास भएको हुनाले आफ्नो मनको कुरा प्रकट गरी उनले यस्तो भनेका हुन्। आफूले पाएको धर्मलाई सम्मान गरी बसून् तर अर्कालाई नबताइयून्।

Downloaded from http://www.dhamma.digital

भोलिको निमित्त लोहिच्च ब्राह्मणको भोजन भिक्षुसङ्घका साथ स्वीकार गर्नुहोस्' ।" भगवान्ले तूष्णीभावद्वारा स्वीकार गर्नुभयो ।

६. भगवान्ले *(निम्तो)* स्वीकार गर्नुभएको कुरो बुझी, आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी रोसिका नाऊ जहाँ लोहिच्च ब्राह्मण छन् त्यहाँ गयो । त्यहाँ पुगेपछि लोहिच्च ब्राह्मणलाई यस्तो भन्यो – "भन्ते ! हामीले तपाईंको वचनद्वारा उहाँ भगवान्लाई भन्यौं – 'भन्ते ! लोहिच्च ब्राह्मण भगवान्सँग सन्चो बिसन्चो तथा कुशलक्षेम छ छैन भन्ने कुरा सोध्दछन् ।' यस्तो पनि भन्दछन् – 'भन्ते ! भगवान्ले भोलिको निमित्त लोहिच्च ब्राह्मणको भोजन भिक्षुसङ्घका साथ स्वीकार गर्नुहोस्' । उहाँ भगवान्ले *(निम्तो)* स्वीकार गर्नुभयो ।"

७. अनि त्यसरात बितिसकेपछि आफ्नो घरमा उत्तम खाद्य भोज्य तयार पार्न लगाई लोहिच्च ब्राह्मणले रोसिका नाऊलाई बोलाए – "हे रोसिका ! तिमी यता आऊ, तिमी जहाँ श्रमण गौतम हुनुहुन्छ त्यहाँ जाऊ, गएर श्रमण गौतमलाई समय बताऊ – 'भो गौतम ! भोजनको समय भयो, भोजन तयार छ' ।" "हवस् भन्ते" भनी लोहिच्च ब्राह्मणलाई प्रत्युत्तर दिई रोसिका नाऊ जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गयो; त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिइरह्यो । एक छेउमा उभिइरहेको रोसिका नाऊले भगवान्लाई समयको सूचना दियो – 'भन्ते ! भोजनको समय भयो, भोजन तयार छ ।'

८. अनि पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी भिक्षुसङ्घका साथ भगवान् जहाँ सालवतिका हो त्यहाँ जानुभयो । त्यस बखत रोसिका नाऊ भगवान्को पछि पछि लागी अनुगमन गरिरहेको थियो । अनि रोसिका नाऊले भगवान्सँग यस्तो बिन्ती गऱ्यो –

"भन्ते ! लोहिच्च ब्राह्मणको यस्तो खराब धारणा उत्पन्न भएको छ – 'यहाँ, *(यो लोकमा)* श्रमण वा ब्राह्मणद्वारा कुशलधर्म अभिगमन गरियोस्, *(तर)* कुशलधर्म अधिगमन गरी *(उनीहरूद्वारा)* अर्कालाई नबताइयोस् – *(किन कि)* एकले अर्कालाई के गर्न सक्ला र ! यो त, पुरानो बन्धनलाई चुँडाली अर्को नयाँ बन्धन गर्नेजस्तै हो, अतः यसलाई *(धर्मोपदेश गर्ने आशालाई)* म खराब लोभ-धर्म हो भनी भन्दछु – *(किनकि)* एकले अर्कालाई के गर्न सक्ला र !' भन्ते ! भगवान्ले यसप्रकारको खराब धारणाबाट लोहिच्च ब्राह्मणलाई मुक्त पारिदिनुभए बेश हुने थियो ।" "रोसिका ! अवश्य पनि त्यस्तै हुनेछ, रोसिका ! अवश्य पनि त्यस्तै हुनेछ ।"

## २. भगवान्द्वारा लोहिच्चको दृष्टिको निराकरण

९. अनि भगवान् जहाँ लोहिच्च ब्राह्मणको घर हो त्यहाँ जानुभयो; त्यहाँ पुग्नुभई बिच्छ्याइराखेको आसनमा बस्नुभयो । अनि लोहिच्च ब्राह्मणले बुद्धसहित भिक्षुसङ्घलाई उत्तम खाद्यभोज्यद्वारा आफ्नै हातले सन्तर्पित गरे, समर्पित गरे । अनि भोजन सिद्धिएपछि भगवान्ले पात्रबाट हात हटाइसकेपछि लोहिच्च ब्राह्मण एक होचो आसन लिई एक छेउमा बसे । एक छेउमा बसेका लोहिच्च ब्राह्मणलाई भगवान्ले यसो भन्नुभयो –

"लोहिच्च ! साँच्चै हो के तिमीमा यस्तो खराब दृष्टि *(धारणा)* उत्पन्न भएको ? *(जस्तै)* 'यहाँ *(यो लोकमा)* श्रमण वा ब्राह्मणद्वारा कुशलधर्म अधिगमन गरियोस्, *(तर)* कुशलधर्म अधिगमन गरी *(उनीहरू द्वारा)* अर्कालाई नबताइयोस् *(किन कि)* एकले अर्कालाई के गर्न सक्ला र ! यो त, पुरानो

Downloaded from http://www.dhamma.digital

बन्धनलाई चुँडाली अर्को नयाँ बन्धन गर्नेजस्तै हो, अतः यसलाई *(धर्मोपदेश गर्ने आशालाई)* म खराब लोभ-धर्म हो भनी भन्दछु – *(किन कि)* एकले अर्कालाई के गर्न सक्ला र !' "

"भो गौतम ! हो । "

"लोहिच्च ! होइन त, तिमी सालवतिकामा बस्दछौ, यसमा तिमी के भन्दछौ ?"

"भो गौतम ! हो, म सालवतिकामा बस्दछु ।"

"लोहिच्च ! 'लोहिच्च ब्राह्मण सालवतिकामा बस्दछन् । सालवतिकाबाट हुने जुन आम्दानी हो त्यसबाट लोहिच्च ब्राह्मण एक्लैद्वारा मात्र परिभोग गरियोस्, अर्कालाई न दिइयोस्' भनी जो यस्तो भन्दछ – त्यो पुरुष, – जो तिम्रो आश्रय लिई जीविका गर्छन्, उनीहरूको लागि हानिकारक[३३०] हुन्छ वा हुँदैन ?"

"भो गौतम ! हानिकारक हुन्छ ।"

"हानिकारक पुरुष उनीहरूप्रति हितानुकम्पा राख्ने हुन्छ वा अहितानुकम्पा राख्ने हुन्छ त ?"

"भो गौतम ! अहितानुकम्पा राख्ने हुन्छ ।"

"अहितानुकम्पी हुनेको हृदयमा उनीहरूप्रति मैत्री-चित्त उपस्थित हुन्छ वा शत्रुता ?"

"भो गौतम ! शत्रुताको चित्त उपस्थित हुन्छ ।"

"शत्रुताको चित्त उपस्थित रहँदा मिथ्यादृष्टि *(खराब धारणा)* हुन्छ वा सम्यक्दृष्टि *(असल धारणा)* हुन्छ त ?"

"भो गौतम ! मिथ्यादृष्टि हुन्छ ।"

"लोहिच्च ! मिथ्यादृष्टि हुनेको दुईमध्ये एक गति हुन्छ भनी म भन्दछु – नरक वा तिरश्चीन योनि ।"

१०. "लोहिच्च ! होइन, राजा प्रसेनजित् कोशल काशी कोशलमा बस्दछन्, यसमा तिमी के भन्दछौ ?"

"भो भौतम ! हो ।"

"लोहिच्च ! 'राजा प्रसेनजित् कोशल काशी कोशलमा बस्दछन् । काशी कोशलबाट हुने जुन आम्दानी हो त्यसबाट राजा प्रसेनजित् कोशल एक्लैद्वारा मात्र परिभोग गरियोस् अर्कालाई नदिइयोस्' भनी जो यस्तो भन्दछ – त्यो पुरुष, जो राजा प्रसेनजित् कोशलको आश्रय लिई जीविका गर्छन् – तिमीसहित अरू – उनीहरूको लागि हानिकारक हुन्छ वा हुँदैन ? "

"भो गौतम ! हानिकारक हुन्छ ।"

---

३३० जसले अर्कालाई दिनु पर्दैन, आफूले मात्र परिभोग गरे पुग्छ भनी भन्दछ उसले अर्काले पाउने लाभसत्कार अथवा अर्काको जीविकामा हानि र बाधा पुऱ्याउँछ । अथवा जसको आश्रय लिई अरूले जीविका गर्ने हुन्छ उनीहरूको जीविकामा बाधा वा हानि पुऱ्याएको हुन्छ । त्यसैले सूत्रमा 'हानिकारक' भनी उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

"हानिकारक पुरुष, उनीहरूप्रति हितानुकम्पा राख्ने हुन्छ वा अहितानुकम्पा राख्ने हुन्छ त ?"

"भो गौतम ! अहितानुकम्पा राख्ने हुन्छ ।"

"अहितानुकम्पी हुनेको हृदयमा उनीहरूप्रति मैत्री-चित्त उपस्थित हुन्छ वा शत्रुता ?"

"भो गौतम ! शत्रुताको चित्त उपस्थित हुन्छ ।"

"शत्रुताको चित्त उपस्थित रहँदा मिथ्यादृष्टि *(खराब धारणा)* हुन्छ वा सम्यक्दृष्टि *(असल धारणा)* हुन्छ त ?"

"भो गौतम ! मिथ्यादृष्टि हुन्छ ।"

"लोहिच्च ! मिथ्यादृष्टि हुनेको दुईमध्ये एक गति हुन्छ भनी म भन्दछु – नरक वा तिरश्चीन योनि ।"

११. "लोहिच्च ! अतः 'लोहिच्च ब्राह्मण सालवतिकामा बस्दछन् । सालवतिकाबाट हुने जुन आम्दानी हो त्यसबाट लोहिच्च ब्राह्मण एक्लैद्वारा मात्र परिभोग गरियोस्, अर्कालाई न दिइयोस्' भनी जो यस्तो भन्छ – त्यो पुरुष, – जो तिम्रा आश्रय लिई जीविका गर्छन् उनीहरूको लागि – हानिकारक हुन्छ । हानिकारक हुने अहितानुकम्पी हुन्छ, अहितानुकम्पीको हृदयमा शत्रुता उपस्थित हुन्छ, शत्रुता चित्त हुनेको मिथ्यादृष्टि हुन्छ । लोहिच्च ! यस्तैगरी जो यस्तो भन्दछ – 'यहाँ *(यो लोकमा)* श्रमण वा ब्राह्मणद्वारा कुशलधर्म अधिगमन गरियोस्, *(तर)* कुशलधर्म अधिगमन गरी *(उनीहरूद्वारा)* अर्कालाई न बनाइयोस् *(किन कि)* एकले अर्कालाई के गर्न सक्ला र ! यो त पुरानो बन्धनलाई चुँडाली अर्को नयाँ बन्धन गर्ने जस्तै हो, अतः यसलाई *(धर्मोपदेश गर्ने आशालाई)* म खराब लोभ-धर्म हो भनी भन्दछु – *(किन कि)* एकले अर्कालाई के गर्न सक्ला र !' अनि यस्तो भन्ने ती कुलपुत्रहरू तथागत देशित धर्मविनयमा आई उनीहरूले यस्तो महान विशेषता प्राप्त गर्छन् – स्रोतापत्तिफल, सकृदागामीफल, अनागामीफल तथा अरहत्त्व पनि साक्षात्कार गर्छन् । जो ती[३३१] दिव्यलोकहरूमा पुग्नको लागि दिव्यगर्भहरूको प्रतिपद् पूरा गर्छन् तिनीहरूको निमित्त सो पुरुष हानिकारक हुन्छ । हानिकारक हुने अहितानुकम्पी हुन्छ, अहितानुकम्पीको चित्तमा शत्रुता उपस्थित हुन्छ, शत्रुता चित्त उपस्थित हुँदा मिथ्यादृष्टि *(खराब धारणा)* हुन्छ । लोहिच्च ! मिथ्यादृष्टि हुनेको दुईमध्ये एक गति हुन्छ भनी म भन्दछु – नरक वा तिरश्चीन योनि ।"

१२. "लोहिच्च ! अतः 'राजा प्रसेनजित् कोशल काशी कोशलमा बस्दछन् । काशी कोशलबाट हुने जुन आम्दानी हो त्यसबाट राजा प्रसेनजित कोशल एक्लैद्वारा मात्र परिभोग गरियोस्, अर्कालाई न दिइयोस्' भनी जो यस्तो भन्दछ – त्यो पुरुष, – जो राजा प्रसेनजित कोशलको आश्रय लिई जीविका गर्छन् – तिमीसहित अरू – उनीहरूको लागि हानिकारक हुन्छ । हानिकारक हुने अहितानुकम्पी हुन्छ, अहितानुकम्पीको हृदयमा शत्रुता उपस्थित हुन्छ, शत्रुता चित्त हुनेको मिथ्यादृष्टि हुन्छ । लोहिच्च ! यस्तैगरी जो यस्तो भन्दछ – 'यहाँ *(यो लोकमा)* श्रमण वा ब्राह्मणद्वारा कुशलधर्म अधिगमन गरियोस्

३३१ यहाँ 'जो ती' भन्नाले जुन कुलपुत्रहरूले तथागतको धर्मविनयमा कुनै विशेष फल त प्राप्त गर्न सकेनन् उनीहरूले भन्ने अर्थले 'जो ती' भनिएको हो । अतः उनीहरूले विशेष फल प्राप्त गर्न नसकेपछि स्वर्गलोकमा उत्पन्न हुनसक्ने दान, शील आदि प्रतिपद पूरा गर्छन् । त्यसैले 'दिव्यगर्भहरूको प्रतिपद् पूरा गर्छन्' भनी उल्लेख भएको हो र त्यस्ताको पनि बाधक हुने भएकाले 'हानिकारक' भनिएको हो भनी सुमं.वि.लोहिच्चसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

*(तर)* कुशलधर्म अधिगमन गरी अर्कालाई नबताइयोस् – *(किन कि)* एकले अर्कालाई के गर्न सक्ला र ! यो त पुरानो बन्धनलाई चुँडाली अर्को नयाँ बन्धन गर्ने जस्तै हो, अतः यसलाई *(धर्मोपदेश गर्ने आशालाई)* म खराब लोभ–धर्म हो भनी भन्दछु – *(किन कि)* एकले अर्कालाई के गर्न सक्ला र !' अनि यस्तो भन्ने ती कुलपुत्रहरू तथागत देशित धर्मविनयमा आई उनीहरूले यस्तो महान विशेषता प्राप्त गर्छन् – स्रोतापत्तिफल, सकृदागामीफल, अनागामीफल तथा अरहत्त्व पनि साक्षात्कार गर्छन् । जो ती दिव्यलोकहरूमा पुग्नको लागि दिव्यगर्भहरूको प्रतिपद् पूरा गर्छन्, तिनीहरूको निमित्त सो पुरुष हानिकारक हुन्छ । हानिकारक हुने अहितानुकम्पी हुन्छ, अहितानुकम्पीको चित्तमा शत्रुता उपस्थित हुन्छ, शत्रुता चित्त उपस्थित हुँदा मिथ्यादृष्टि *(खराब धारणा)* हुन्छ । लोहिच्च ! मिथ्यादृष्टि हुनेको दुईमध्ये एक गति हुन्छ भनी म भन्दछु –नरक वा तिरश्चिन योनि ।"

## ३. तीन आक्षेपयोग्य (निन्दनीय) शास्ताहरू

१३. "लोहिच्च ! यो लोकमा तीनप्रकारका शास्ताहरू *(गुरुहरू)* माथि आक्षेप गर्न चाहेमा आक्षेप गर्न सकिन्छ अर्थात् गर्न योग्य हुन्छ *(चोदनारहा)* । जसले यस्ता शास्ताहरूमाथि आक्षेप गर्छ – त्यो आक्षेप यथार्थ, सत्य, धार्मिक तथा निरवद्य ठहरिन्छ । कुन तीन भने ?

१४. "लोहिच्च ! यहाँ, कुनै शास्ता जसको निमित्त घरबार छाडी अनगारिय भई प्रव्रजित हुन्छ, उसले त्यो श्रामण्यफल प्राप्त गरेको हुन्न । श्रामण्यफल प्राप्त नगरिकनै उसले श्रावक *(शिष्य)* हरूलाई धर्मोपदेश गर्छ 'यो तिमीहरूको हितको लागि हो, यो तिमीहरूको सुखको लागि हो ।' उसका श्रावकहरूले कुरा सुन्दैनन्, कान थाप्दैनन्, जान्नको निमित्त चित्त पनि लगाउँदैनन् तथा शास्ताको शासन *(धर्म)* मा दत्तचित्त भएर, रत भएर पनि बस्दैनन् । उसलाई *(गुरुलाई)* यसरी आक्षेप गर्नुपर्छ –

'जसको लागि आयुष्मान् घरबार छाडी अनगारिय भई प्रव्रजित हुनुभएको छ त्यो श्रामण्यफल तपाईंले प्राप्त गर्नुभएको छैन । श्रामण्यफल प्राप्त नगरीकनै तपाईंले श्रावकहरूलाई धर्मोपदेश गर्नुहुन्छ – 'यो तिमीहरूको हितको लागि हो, यो तिमीहरूको सुखको लागि हो ।' त्यसैले तपाईंका ती श्रावकहरूले *(तपाईंका)* कुरा नसुनेका हुन्, कान नथापेका हुन्, जान्नको निमित्त चित्त नलगाएका हुन् तथा शास्ताको शासनमा दत्तचित्त भएर, रत भएर पनि नबसेका हुन् । जस्तै – *(कुनै पुरुष)* फर्केर जानेको पछिल्तिर लाग्छ अथवा पराङमुख भएकोलाई *(पछिल्तिरबाट)* आलिङ्गन गर्छ, त्यस्तैनै *(तपाईंको यो धर्मोपदेश गर्ने आशालाई)* म खराब लोभ-धर्म भनी भन्दछु – *(किन कि)* एकले अर्कालाई के गर्न सक्ला र[३३२] ?'

"लोहिच्च ! यही पहिलो शास्ता हो जसलाई यो लोकमा आक्षेप गर्न चाहेमा आक्षेप गर्न सकिन्छ अर्थात् गर्न योग्य हुन्छ । जसले यस्ता शास्तामाथि आक्षेप गर्छ – त्यो आक्षेप यथार्थ, सत्य, धार्मिक तथा निरवद्य ठहरिन्छ ।"

---

३३२ यस वाक्यको मतलब हो –

जुन विषयको सम्बन्धमा अर्कालाई उपदेश गरिन्छ सो विषय सम्बन्धी ज्ञान सर्वप्रथम आफूमा विद्यमान हुनुपर्छ । अन्यथा त्यस्ता उपदेशद्वारा कसैको हित हुन सक्तैन । त्यसैले एकले अर्कालाई के गर्न सक्ला र भनी भनिएको हो ।

यसप्रकारका शास्तालाई यदि कसैले आक्षेप गर्न चाहेमा – 'तिम्रो यो धर्मोपदेश गर्ने आशालाई हीन तथा खराब हो' भन्न सकिन्छ । यस किसिमको शास्तामाथि लगाइएको आरोप सत्य, धार्मिक तथा निरवद्य ठहरिन्छ ।

Downloaded from http://www.dhamma.digital

१५. "लोहिच्च ! फेरि यहाँ, कुनै शास्ता जसको निमित्त घरबार छाडी अनगारिय भई प्रव्रजित हुन्छ, उसले त्यो श्रामण्यफल प्राप्त गरेको हुन्न । श्रामण्यफल प्राप्त नगरीकनै उसले श्रावकहरूलाई धर्मोपदेश गर्छ – 'यो तिमीहरूको हितको लागि हो, यो तिमीहरूको सुखको लागि हो ।' उसका श्रावकहरूले कुरा सुन्दछन्, कान थाप्दछन्, जान्नको निमित्त चित्त पनि लगाउँछन् – तथा शास्ताको शासनमा दत्तचित्त भएर, रत भएर पनि बस्दछन् । उसलाई यसरी आक्षेप गर्नुपर्छ –

'जसको लागि आयुष्मान् घरबार छाडी अनगारिय भई प्रव्रजित हुनुभएको छ त्यो श्रामण्यफल तपाईंले प्राप्त गर्नुभएको छैन । श्रामण्यफल प्राप्त नगरीकनै तपाईंले श्रावकहरूलाई धर्मोपदेश गर्नुहुन्छ – 'यो तिमीहरूको हितको लागि हो, यो तिमीहरूको सुखको लागि हो ।' तपाईंका ती श्रावकहरूले कुरा पनि सुन्दछन्, कान पनि थाप्दछन्, जान्नको निमित्त चित्त पनि लगाउँछन् तथा शास्ताका शासनका दत्तचित्त भएर, रत भएर पनि बस्दछन् । जस्तै – *(कुनै पुरुष)* आफ्नो खेतमा पालो नबसी अर्काको खेतमा पालो बस्नुपर्छ भन्ने ठान्दछ – त्यस्तैनै *(तपाईंको यो धर्मोपदेश गर्ने आशालाई)* म खराब लोभ-धर्म भनी भन्दछु – *(किन कि)* एकले अर्कालाई के गर्न सक्ला र ?'

'लोहिच्च ! यही दोस्रो शास्ता हो जसलाई यो लोकमा आक्षेप गर्न चाहेमा आक्षेप गर्न सकिन्छ अर्थात् आक्षेप गर्न योग्य हुन्छ । जसले यस्ता शास्तामाथि आक्षेप गर्छ – त्यो आक्षेप यथार्थ, सत्य, धार्मिक तथा निरवद्य ठहरिन्छ ।

१६. "लोहिच्च ! फेरि यहाँ, कुनै शास्ता जसको लागि घरबार छाडी अनगारिय भई प्रव्रजित हुन्छ, उसले यो श्रामण्यफल प्राप्त गरेको हुन्छ । श्रामण्यफल प्राप्त गरी उसले श्रावकहरूलाई धर्मोपदेश गर्छ – 'यो तिमीहरूको हितको लागि हो, यो तिमीहरूको सुखको लागि हो ।' तर उसको ती श्रावकहरूले कुरा सुन्दैनन्, कान थाप्दैनन्, जान्नको निमित्त चित्त पनि लगाउँदैनन् तथा शास्ताको शासनमा दत्तचित्त भएर, रत भएर पनि बस्दैनन् । उसलाई यसरी आक्षेप गर्नुपर्छ[३३३] –

'जसको लागि आयुष्मान् घरबार छाडी अनगारिय भई प्रव्रजित हुनुभएको छ त्यो श्रामण्यफल तपाईंले प्राप्त गर्नुभएको छ । श्रामण्यफल प्राप्त गरी तपाईंले श्रावकहरूलाई धर्मोपदेश गर्नुहुन्छ – 'यो तिमीहरूको हितको लागि हो, यो तिमीहरूको सुखको लागि हो ।' तर तपाईंका ती श्रावकहरूले कुरा सुन्दैनन्, कान थाप्दैनन्, जान्नको निमित्त चित्त पनि लगाउँदैनन् तथा शास्ताको शासनमा दत्तचित्त भएर, रत भएर पनि बस्दैनन् । जस्तै – *(कुनै पुरुषले)* पुरानो बन्धनलाई चुँडालेर अर्को नयाँ बन्धन बाँध्छ – त्यस्तै नै *(तपाईंको यो धर्मोपदेश गर्ने आशालाई)* म खराब लोभ-धर्म भनी भन्दछु – *(किन कि)* एकले अर्कालाई के गर्न सक्ला र ?'

"लोहिच्च ! यही तेस्रो शास्ता हो जसलाई यो लोकमा आक्षेप गर्न चाहेमा आक्षेप गर्न सकिन्छ अर्थात् आक्षेप गर्न योग्य हुन्छ । जसले यस्ता शास्तामाथि आक्षेप गर्छ – त्यो आक्षेप यथार्थ, सत्य, धार्मिक तथा निरवद्य ठहरिन्छ ।"

"लोहिच्च ! यिनै तीन शास्ताहरू हुन् यो लोकमा आक्षेप गर्न योग्य हुन्छन् । जसले यस्तो शास्ताहरूमाथि आक्षेप गर्छ – त्यो आक्षेप यथार्थ, सत्य, धार्मिक तथा निरवद्य ठहरिन्छ ।"

---

३३३ यहाँ, जब कि तिमीले अर्कालाई बोध गराउन सक्दैनौ भने व्यर्थमा अर्कालाई किन उपदेश दिन्छौ, बरू आफूले पाएको धर्मलाई आदर सम्मान गरी बस्नुपर्थ्यो भनी आक्षेप गर्नुपर्छ ।

Downloaded from http://www.dhamma.digital

## ४. आक्षेप अयोग्य (अनापेक्षयोग्य=अनिन्दनीय) शास्ता

१७. यस्तो भन्नुहुँदा, लोहिच्च ब्राह्मणले भगवान्लाई यस्तो भने – "भो गौतम ! यो लोकमा त्यस्तो शास्ता पनि छ के जो आक्षेप गर्न योग्य हुन्न ?"

"लोहिच्च ! छ, यो लोकमा त्यस्तो शास्ता पनि छ जो आक्षेप गर्न योग्य हुन्न ।"

"भो गौतम ! त्यो कस्तो शास्ता हो त जो यो लोकमा आक्षेप गर्न योग्य हुन्न ?"

**तथागतोत्पन्न** – "लोहिच्च ! यहाँ, यो लोकमा तथागत अरहत्, सम्यक्सम्बुद्ध ··· उत्पन्न हुन्छ । अनि गृहपति वा गृहपतिपुत्र ··· अनगारिय भई प्रव्रजित हुन्छ । यसरी प्रव्रजित भएको सो भिक्षु[३३४] ··· प्रथमध्यान प्राप्तगरी बस्छ । लोहिच्च ! जुन शास्ताको आश्रय लिई श्रावकले यस्तो महान तथा विशेषता प्राप्त गर्छ, लोहिच्च ! त्यो शास्ता आक्षेप गर्न योग्य हुन्न । जसले यस्तो शास्ता माथि आक्षेप गर्छ – त्यो आक्षेप अयथार्थ, असत्य, अधार्मिक तथा दोषपूर्ण हुन्छ । ··· यसरी प्रव्रजित भएको सो भिक्षु ··· द्वितीयध्यान, ··· तृतीयध्यान ··· चतुर्थध्यान प्राप्तगरी बस्छ । लोहिच्च ! जुन शास्ताको आश्रय लिई श्रावकले यस्तो महान तथा विशेषता प्राप्त गर्छ, लोहिच्च ! त्यो शास्ता पनि आक्षेप गर्न योग्य हुन्न । जसले यस्तो शास्तामाथि आक्षेप गर्छ – त्यो आक्षेप अयथार्थ, असत्य, अधार्मिक तथा दोषपूर्ण हुन्छ । ··· पूर्ववत् ··· अनि सो भिक्षुले ज्ञानदर्शन गर्न[३३५] चित्त झुकाउँछ । लोहिच्च ! जुन शास्ताको आश्रय लिई श्रावकले यस्तो महान तथा विशेषता प्राप्त गर्छ, लोहिच्च ! त्यो शास्ता पनि आक्षेप गन योग्य हुन्न[३३६] । जसले यस्तो शास्तामाथि आक्षेप गर्छ – त्यो आक्षेप अयथार्थ, असत्य, अधार्मिक तथा दोषपूर्ण हुन्छ ।

---

३३४ यहाँ जतिपनि खाली ठाउँहरू छन् ती सबैका कुराहरूको निमित्त सामञ्ञफल-सुत्तमा हेर्नुहोला ।

३३५ यहाँ 'ज्ञानदर्शन' को अर्थ विविधाकार छन् । जस्तै – (१) मार्गज्ञान, (२) फलज्ञान, (३) सर्वज्ञज्ञान, (४) प्रत्यवेक्षणाज्ञान तथा (५) विपश्यनाज्ञान ।

(१) "किन्नु खो, आवुसो, ञाणदस्सनविसुद्धत्थं भगवति ब्रह्मचरियं वुस्सती'ति" अर्थात् – "आवुसो ! के त ज्ञानदर्शन विशुद्धार्थ भगवान्कहाँ ब्रह्मचर्य बस्नुभएको हो ?" भन्ने ठाउँमा मार्गज्ञानलाई 'ज्ञानदर्शन' भनिएको हो ।

(२) "अयमञ्ञो उत्तरिमनुसधम्मा अलमरियञाणदस्सनविसेसो अधिगतो फासुविहारो'ति" अर्थात् – "यही अर्को उत्तरीयमनुष्यधर्म तथा आर्य ज्ञानदर्शनको विशेषता प्राप्त गरें जो सुख विहार छ" भन्ने ठाउँमा फलज्ञानलाई 'ज्ञानदर्शन' भनिएको हो ।

(३) "भगवतो पि खो ञाणं उदपादि सत्ताहकालकतो आलारो कालामो'ति" अर्थात् – "आलार कालामको देहान्त भएको एक सप्ताह भइसक्यो भन्ने ज्ञान भगवान्लाई पनि उत्पन्न भयो" भन्ने ठाउँमा सर्वज्ञ ज्ञानलाई 'ज्ञानदर्शन' भनिएको हो ।

(४) "ञाणञ्च पन मे दस्सनं उदपादि, अकुप्पा मे चेतो विमुत्ति अयमन्तिमा जाती'ति ॥" अर्थात् – "मलाई ज्ञानदर्शन उत्पन्न भयो, अब मेरो प्रज्ञाविमुक्ति अकम्पेय छ, यही अन्तिम जन्म हो" भन्ने ठाउँमा प्रत्यवेक्षणाज्ञानलाई 'ज्ञानदर्शन' भनिएको हो ।

(५) "ञाणदस्सनाय चित्तं अभिनीहरति अभिनिन्नामेति" अर्थात् – "ज्ञानदर्शन गर्न चित्त ललाउँछ चित्त झुकाउँछ" भन्ने ठाउँमा विपश्यनाज्ञानलाई 'ज्ञानदर्शन' भनिएको हो । यहाँ पनि विपश्यनाज्ञानलाई 'ज्ञानदर्शन' भनिएको हो भनी सुमं. वि. सामञ्ञफलसुत्तवण्णनाले उल्लेख गरेको छ ।

३३६ यहाँ 'आक्षेप गर्न योग्य हुन्न' भनेर किन भनेको भने – जसले सर्वप्रथम आफूले श्रामण्यफल प्राप्त गरेर तथा सर्वप्रथम आफूलाई उचित स्थानमा राखेर मात्र श्रावकहरूलाई उपदेश गर्छ त्यस्तो शास्ता आक्षेपनीय हुन्न अर्थात् त्यस्तो शास्तालाई आक्षेप गर्नु योग्य हुन्न । अथवा जस्तो उपदेश गर्छ त्यस्तो फल आफूले पाइसकेको हुनाले त्यस्तो शास्तालाई आक्षेप गर्न योग्य हुन्न भनिएको हो । यतिमात्र होइन आफ्नो आश्रयद्वारा धेरै शिष्यहरूको हित सुख गरेको हुनाले पनि आक्षेप गर्नु अयोग्य भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

...[३३७] यसप्रकार समाहित चित्त भएपछि ... उसले आस्रवक्षय हुने ज्ञानतिर चित्त लगाउँछ र झुकाउँछ । ... अब उप्रान्त अर्को जन्म छैन भन्ने पनि जान्दछ । लोहिच्च ! जुन शास्ताको आश्रय लिई श्रावकले यस्तो महान विशेषता प्राप्त गर्छ, लोहिच्च ! त्यो शास्ता आक्षेप गर्न योग्य हुन्न । जसले यस्तो शास्तामाथि आक्षेप गर्छ – त्यो आक्षेप अयथार्थ, असत्य, अधार्मिक तथा दोषपूर्ण हुन्छ ।"

१८. यस्तो भन्नुहुँदा, भगवान्‌लाई लोहिच्च ब्राह्मणले यस्तो भने – "भो गौतम ! जस्तै कुनै पुरुषले नरक प्रपातमा खसिरहेको कुनै पुरुषलाई केशमा समाती तानेर स्थलमा राखिदिन्छ, त्यस्तैगरी नरकप्रपातमा खसिरहेका मलाई तपाईंले तानेर स्थलमा राखिदिनुभयो[३३८] । धन्य हो, भो गौतम ! धन्य हो, भो गौतम ! ! जस्तै कुनै पुरुषले घोप्टेकोलाई उत्तानो पारिदिन्छ वा ढाकेकोलाई उघारिदिन्छ वा बाटो भुलेकोलाई बाटो देखाइदिन्छ अथवा अन्धकारमा तेलको दियो बालिदिन्छ र आँखा हुनेले रूप देख्छ – त्यस्तैगरी तपाईं गौतमले मलाई अनेक पर्यायद्वारा धर्म प्रकाश पारिदिनुभयो । अब म तपाईं गौतमको शरणमा पर्दछु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि तपाईं गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ।"

**लोहिच्च-सुत्त समाप्त ।**

Dhamma.Digital

---

३३७ यहाँका सबै खालि ठाउँहरूका कुराहरू सामञ्ञफल-सुत्तमा भएजस्तै मिलाई पढ्नुहोला ।

३३८ यहाँ व्यक्त गरिएको वाक्यको अर्थ यसरी बुझ्नुपर्छ –
जुन दृष्टि वा धारणाको कारणले म नरकरूपी प्रपातमा खसिरहेको थिएँ त्यो मेरो खराब धारणारूपी प्रपातमा खसिरहेको मलाई तपाईंले आफ्नो धर्मोपदेशरूपी हातले समाती अपायदुर्गतिरूपी प्रपातबाट तानेर मेरो खराब धारणालाई हटाउन लगाई स्वर्गपथमा राखिदिनुभयो भनी भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

# १३. तेविज्ज-सुत्त

(त्रैविद्यसूत्र)

## १. पाँच नामी ब्राह्मणहरू

१. यस्तो मैले सुनें । एक समय भगवान् पाँच सय भिक्षुहरूका साथ कोशल राज्यमा चारिका गर्दै मनसाकट भन्ने कोशल ब्राह्मणहरूका गाउँमा पुग्नुभयो । त्यहाँ भगवान् मनसाकटको उत्तरपट्टि अचिरवती नदीको किनारको आम्रवनमा बस्नुभएको थियो ।

२. त्यस बखतमा धेरै नामी धनीकुल *(महाशाल)* का ब्राह्मणहरू मनसाकटमा बसेका थिए । जस्तै चङ्की ब्राह्मण, तारुक्ष ब्राह्मण, पुष्करसाती ब्राह्मण, जानुस्रोणी ब्राह्मण र तोदय्य ब्राह्मण तथा अरू धनी कुलका ब्राह्मणहरू पनि थिए ।

३. त्यस बेला वाशिष्ठ र भारद्वाज माणवहरू टहलि रहँदा बाटैमा उनीहरूका बीच यस्तो कुरा चल्यो – "यही ऋजु *(सोझो)* मार्ग हो, यही मार्गले त्यहाँ *(ब्रह्माकहाँ)* पुऱ्याउँछ र यही मार्गले नै ब्रह्म सहवासमा पनि पुऱ्याउँछ, जुन मार्ग पुष्करसाती ब्राह्मणले बताएका छन्" भनी वाशिष्ठ माणवले भने ।

भारद्वाज माणवले – "जुन मार्ग तारुक्ष ब्राह्मणले भनेका छन्, सोही मार्ग ऋजु *(सोझो)* छ, सोही मार्गले त्यहाँ *(ब्रह्माकहाँ)* पुऱ्याई दिन्छ र सोही मार्गले नै ब्रह्मसहवासमा पनि पुऱ्याइदिन्छ ।" उनीहरूमध्ये न वाशिष्ठ माणवले भारद्वाज माणवलाई सम्झाउन सके, नत भारद्वाज माणवले वाशिष्ठ माणवलाई नै सम्झाउन सके ।

४. अनि वाशिष्ठ माणवले भारद्वाज माणवलाई भने – "हे भारद्वाज ! श्रमण गौतम शाक्यपुत्र शाक्यकुलबाट प्रव्रजित भई अहिले मनसाकटको उत्तरपट्टि अचिरवती नदीको किनारको आम्रवनमा बस्नुभएको छ । भगवान्‌को यस्तो कल्याण कीर्ति शब्द फैलिएको छ – "उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध हुनुहुन्छ ··· पूर्ववत् ··· ।" हामी त्यहाँ जाऔं र त्यहाँ गई यो कुरा श्रमण गौतमसँग सोधौं । श्रमण गौतमले जे जस्तो भन्नुहुन्छ उही स्वीकार गरौं ।" "हुन्छ" भनी भारद्वाज माणवले वाशिष्ठ माणवलाई उत्तर दिए ।

५. वाशिष्ठ माणव र भारद्वाज दुवैजना जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्‌सँग कुशलवार्ता गरे । कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका वाशिष्ठ माणवले भगवान्‌लाई सुनाए :– "भो गौतम ! हामी दुवैजना टहलिरहँदा हाम्रोबीच, बाटैमा यस्तो कुरा चल्यो – 'यही सोझो मार्ग हो, यही मार्गले त्यहाँ *(ब्रह्माकहाँ)* पुऱ्याउँछ र यही मार्गले नै ब्रह्मसहवासमा पनि पुऱ्याउन सक्छ, जुन मार्ग पुष्करसाती ब्राह्मणले बताएका छन्' भनी मैले भने । भारद्वाज माणवले भने – 'जुन मार्ग तारुक्ष ब्राह्मणले भनेका छन्, सोही मार्ग ऋजु छ, सोही मार्गले त्यहाँ *(ब्रह्माकहाँ)*

Downloaded from http://www.dhamma.digital

पुऱ्याइदिन सक्छ र सोही मार्गले नै ब्रह्मसहवासमा पनि पुऱ्याइदिन सक्छ।' भो गौतम ! यहाँ हाम्रो बीच विग्रह, विवाद र नानावाद भएको छ।"

६. "हे वाशिष्ठ ! तिमी भन्दछौ – 'यही मार्ग सोझो छ, यही मार्गले त्यहाँ *(ब्रह्माकहाँ)* पुऱ्याइदिन्छ र यही मार्गले ब्रह्मासहवासमा पनि पुऱ्याउँन सक्छ, जुन मार्ग पुष्करसाती ब्राह्मणले बताएका छन्।' भारद्वाज माणव भन्दछन् – 'जुन मार्ग तारुक्ष ब्राह्मणले बताएका छन् सोही मार्ग ऋजु छ, सोही मार्गले त्यहाँ *(ब्रह्माकहाँ)* पुऱ्याइदिन्छ र सोही मार्गले नै ब्रह्मसहवासमा पनि पुऱ्याइदिनसक्छ।' केमा तिमीहरूका बीच विग्रह भयो, केमा विवाद भयो र केमा नानावाद भयो त ?"

७. "भो गौतम ! मार्ग अमार्गकोबारे। जस्तै अद्धरिय *(ऐत्तरिय)* ब्राह्मण, तित्तिरिय *(तैतरिय)* ब्राह्मण, छन्दोका *(छन्दोग)* ब्राह्मण, बह्वरिज्झ ब्राह्मणहरू थरी थरीका *(साधन)* बताउँछन्, तापनि ती सबै मार्गले त्यहीँ *(ब्रह्माकहाँ)* पुऱ्याउँछन्, ब्रह्मसहवासमै पुऱ्याइ दिन्छन्। जस्तो कुनै गाउँको वा निगमका नजिकमा धेरै थरीका बाटा भएर पनि ती जम्मै बाटाले सोही गाउँ वा निगममा पुऱ्याइ दिन्छन्; त्यस्तै अद्धरिय ब्राह्मणहरूले बताएका थरी गरीका बाटाले पनि त्यहीँ ब्रह्मसहवासमै पुऱ्याइ दिन्छन्।"

## २. त्रैविद्यका वचन अन्धवेणु परम्परा समान

८. "हे वाशिष्ठ ! पुऱ्याउँछ भन्छौ त ?"

"भो गौतम ! हो, पुऱ्याउँछ भन्छु।"

"हे वाशिष्ठ ! पुऱ्याउँछ भन्छौ त ?"

"भो गौतम ! हो, पुऱ्याउँछ भन्छु।"

"हे वाशिष्ठ ! साँच्चै पुऱ्याउँछ भन्छौ त ?"

"भो गौतम ! हो, साँच्चै पुऱ्याउँछ भन्छु।"

"हे वाशिष्ठ ! के त्रैविद्य ब्राह्मणहरूका बीचबाट ब्रह्मालाई आफ्नै आँखाले साक्षात्कार गर्ने कुनै ब्राह्मण छ त ?"

"भो गौतम ! छैन।"

"हे वाशिष्ठ ! के त्रैविद्य ब्राह्मणहरूका बीचबाट ब्रह्मालाई आफ्नै आँखाले साक्षात्कार गर्ने कुनै आचार्य छ त ?"

"भो गौतम ! छैन।"

"हे वाशिष्ठ ! के त्रैविद्य ब्राह्मणहरूका बीचबाट ब्रह्मालाई आफ्नै आँखाले साक्षात्कार गर्ने कुनै आचार्यप्राचार्य छन् त ?"

"भो गौतम ! छैनन्।"

"हे वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरूका सातपुस्तासम्मका आचार्य महायुगलका बीचबाट ब्रह्मालाई आफ्नै आँखाले साक्षात्कार गर्ने कुनै ब्राह्मण छ त ?"

Downloaded from http://www.dhamma.digital

"भो गौतम ! छैन ।"

९. "हे वाशिष्ठ ! के त्रैविद्य ब्राह्मणहरूका पूर्वज ऋषि मन्त्रकर्ता र मन्त्र प्रवर्तक ऋषिहरू जो थिए, तिनीहरूकै पुराना मन्त्रपद, गीत प्रोक्त र संहिताहरूलाई हालका अष्टक, वामक, वामदेव, विश्वामित्र, यमदग्नि, अग्निरस *(अङ्गिरस),* भारद्वाज वाशिष्ठ, कश्यप र भृगु आदि ब्राह्मणहरू सोहीअनुसार अनुगायन, अनुभाषण र अनुवाचन गर्दछन् । उनीहरूले भनेका छन् कि – 'हामीले जानेका छौं, हामीले देखेका छौं, कहाँ ब्रह्मा छन्, कसकहाँ ब्रह्मा छन् र कुन ठाउँमा ब्रह्मा छन् ?"

"भो गौतम ! छैनन् ।"

१०. "हे वाशिष्ठ ! त्यस्तो भए त्रैविद्य ब्राह्मणहरूका बीचबाट एक जना ब्राह्मणले पनि ब्रह्मालाई आफ्नै आँखाले साक्षात्कार गर्न सकेको रहेनछ ··· एकजना आचार्यले पनि, ··· एकजना आचार्यप्राचार्यले पनि, ··· सातपुस्तासम्मका कुनै आचार्य महायुगलले पनि ब्रह्मालाई आफ्नै आँखाले साक्षात्कार गर्न सकेका रहेनछन् ।

"हे वाशिष्ठ ! यस्तो हुँदाखेरि त्रैविद्य ब्राह्मणहरूले भनेको कुरा अ-प्रमाणिकतामा पुगेको सिद्ध हुन्छ, होइन त ?"

"भो गौतम ! यस्तो हो भने साँच्चैनै त्रैविद्य ब्राह्मणहरूको कुरा अ-प्रमाणिकतामा पुगेको सिद्ध हुन्छ ।"

"धन्य, वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरूले जसले जानेकै छैनन्, जसले देखेकै छैनन् तैपनि 'यही सोझो मार्ग हो, यही मार्गले त्यहाँ पुऱ्याउँछ र यही मार्गले नै ब्रह्मसहवासमा पनि पुऱ्याइदिन सक्छ' भनी उपदेश गर्नु योग्य छैन ।

१२. "हे वाशिष्ठ ! जस्तो कि अन्धवेणु परम्पराका मानिसमध्येबाट न अघिल्लोले देख्छ, न माझकाले देख्छ न पछिल्लोले देख्छ, त्रैविद्य ब्राह्मणहरूका भनाईमा पनि म त्यस्तै देख्छु । उनीहरूमध्येबाट न अघिल्लोले *(ब्रह्मालाई)* देख्यो, न माझकाले देख्यो, न त पछिल्लोले नै देख्यो । उनीहरूको सो भनाइ हास्यास्पद हुन जान्छ, नाम मात्रको हुन जान्छ, रिक्तमात्र हुन जान्छ र तुच्छ मात्रै हुन जान्छ ।

## ३. ब्रह्मसहवास

१३. "हे वाशिष्ठ ! के त्रैविद्य ब्राह्मणहरूले अरू धेरै जनाले झैं 'चन्द्र-सूर्य कहिले र कहाँबाट उदय हुन्छन्, कहिले र कहाँ अस्त हुन्छन्' भनी देखेका छैनन् त ? *(मानिसहरूले)* आयाचन गरिरहेका[३३९], स्मृति गरिरहेका[३४०], हात जोरी नमस्कार गरी घुमिरहेका देखेका छैनन् त ?"

"भो गौतम ! देखेका छन् ।"

१४. "हे वाशिष्ठ ! के भन्छौ त ? त्रैविद्य ब्राह्मणहरू, अरू धेरैले झैं 'कहिले र कहाँबाट चन्द्र-सूर्य उदय हुन्छन्' भनी ··· देखेका छैनन् त ? के त त्रैविद्य ब्राह्मणले चन्द्र-सूर्यकहाँ पुग्ने 'यही सोझो

३३९ 'हे चन्द्र भगवान्, हे सूर्य भगवान् उदय होस् !' भनी याचना गर्ने ।

३४० 'सोम, चन्द्र, परिमण्डल' भनी आह्वान गर्ने, स्तुति गर्ने ।

Downloaded from http://www.dhamma.digital

मार्ग हो, यही मार्गले त्यहाँ पुऱ्याउँछ र यही मार्गले नै चन्द्र-सूर्यकहाँ पुऱ्याइदिनसक्छ' भनी उपदेश गर्न सक्छन् त ?"

"भो गौतम ! सक्दैनन् ।"

"हे वाशिष्ठ ! त्यस्तो भएदेखि त्रैविद्य ब्राह्मणहरूले अरू धेरैले झैं 'चन्द्र-सूर्य कहाँबाट र कहिले उदय हुन्छन्' ··· भनी देखेर पनि त्यहाँ पुग्न सक्ने मार्गः 'यही सोझो मार्ग हो ··· ' भनी भन्न सक्दा रहेन छन् ।

१५. "हे वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरूले ब्रह्मालाई आफ्नै आँखाले पनि देखेका रहेन छन्, न कुनै त्रैविद्य ब्राह्मणहरूका कुनै आचार्यहरूले नै ··· देखेका रहेछन्, न त्रैविद्य ब्राह्मणहरूका कुनै आचार्यहरूले नै ··· देखेका रहेछन्, न कुनै सातपुस्तासम्मका मध्येबाट कसैले नै ··· देखेका रहेछन्; ब्राह्मणहरूका जो पूर्वज मन्त्रकर्ता ऋषिहरू ··· थिए ··· तिनीहरूले पनि यस्तो भनेका छैनन्, 'हामी यो जान्दछौ, हामीले यो देखेका छौ :– कहाँ ब्रह्मा छन्, कसकहाँ ब्रह्मा छन्, र कुन ठाउँमा ब्रह्मा छन् ।' तैपनि सोही ब्राह्मणहरू – 'जो हामी जान्दैनौं, जो हामी देख्दैनौं, त्यहाँ पुग्ने मार्गको उपदेश गरौं' भन्दै – 'यही सोझो मार्ग हो, यही मार्गले त्यहाँ पुऱ्याउँछ र यही मार्गले नै ब्रह्मसहवासमा पनि पुऱ्याइदिन सक्छ' भनी भन्छन् ।

१६. "हे वाशिष्ठ ! त्यसोभएको हुँदा त्रैविद्य ब्राह्मणहरूका ती कुराहरू अ-प्रमाणिकतामा आएका सिद्ध हुन्छन्, होइन त ?"

"भो गौतम ! त्यस्तो भएमा साँच्चै नै त्रैविद्य ब्राह्मणहरूका भनाईहरू अ-प्रमाणिकतामा पुगेका सिद्ध हुन्छन् ।"

"धन्य, वाशिष्ठ ! ती त्रैविद्य ब्राह्मणहरूले जुन कुरा जानेकै छैनन्, देखेकै छैनन् त्यस्ता कुरामा पनि – 'यही सोझो मार्ग हो ··· ' भनी उपदेश गर्नु योग्य छैन ।"

Dhamma.Digital

## (क) जनपदकल्याणीको उपमा

१७. "हे वाशिष्ठ ! जस्तो कि – कुनै पुरुष भन्छ – 'म यस जनपदकी जनपदकल्याणी चाहन्छु, उसलाई म प्यारो गर्छु ।' उसँग सोधिन्छ :– 'हे पुरुष ! जुन जनपदकल्याणीलाई तिमी चाहन्छौ र प्यारो पनि गर्छौं, उनी क्षत्रिणी हुन् कि, ब्राह्मणी हुन् कि, वैश्यनी हुन् कि, शूद्रिणी हुन् कि के हुन् भन्ने तिमीलाई थाहा छ कि छैन ?' ऊ भन्छ – 'मलाई थाहा छैन ।'

"ऊसँग सोधिन्छ :– जुन जनपदकल्याणीलाई तिमी चाहन्छौ र प्यारो पनि गर्छौं, उनको 'के नाउँ, के गोत्र, अग्ली छे कि होंची वा मझौली छे; काली, साँवली छे कि मुङ्गुली; कुन गाउँमा, कुन निगममा, कुन नगरमा बस्छे' भनी तिमीलाई थाहा छ कि छैन त ? ऊ भन्छ – 'थाहा छैन ।'"

"ऊसँग फेरि सोधिन्छ : 'हे पुरुष ! के त, जसलाई तिमी जाँदैनौ, देख्दैनौ, त्यसलाई तिमी प्यारो गर्छौं त ?'" 'हो' भनी ऊ भन्छ ।

१८. "हे वाशिष्ठ ! तिमी के भन्छौ त ? त्यस्तो भएमा त्यो पुरुषको कुरा अ-प्रमाणिक हुन जाँदैन त ?"

"भो गौतम ! त्यस्तो भएमा अवश्य पनि त्यो पुरुषको कुरा अ-प्रमाणिक हुन जान्छ ।"

Downloaded from http://www.dhamma.digital

१९. "हे वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरूले भनेका कुराहरू पनि त्यस्तै ठहरिन जान्छन् । जसले आफ्नै आँखाले ब्रह्मा देखेका छैनन् ··· तैपनि त्रैविद्य ब्राह्मणहरू – 'यही सोझो मार्ग हो···' भनी भन्छन् ।

"हे वाशिष्ठ ! त्यस्तो भएको हुँदा त्रैविद्य ब्राह्मणहरूका कुराहरू अ-प्रमाणिक हुन जान्छन् होइन त ?"

"भो गौतम ! हो यदि, त्यस्तो भएमा उनीहरूका कुराहरू अ-प्रमाणिक हुन जान्छन् ।"

२०. "धन्य, वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरूले जो जानेकै छैनन्, जो देखेकै छैनन् तैपनि '··· ब्रह्मसहवासमा पनि पुऱ्याइदिन सक्छ' भनी उपदेश गर्नु योग्य छैन ।

## (ख) भऱ्याङ्को उपमा

२१. "हे वाशिष्ठ ! जस्तो कि – कुनै पुरुषले चौबाटोमा बसी प्रासादको निमित्त भऱ्याङ् बनाइरहेको हुन्छ । अनि उसँग कुनै बटुवाले सोध्छ – 'हे पुरुष ! जुन प्रासादको लागि तिमी भऱ्याङ् बनाउँदैछौ, त्यो प्रासाद 'पूर्वतिर छ कि, दक्षिणतिर पश्चिमतिर छ कि अथवा उत्तरतिर छ ? अग्लो छ कि, होचो छ कि, बीचमा छ कि अथवा कतातिर छ' भन्ने तिमीलाई थाहा छ कि छैन त ?' ऊ भन्छ – 'थाहा छैन' ।

"ऊसँग फेरि सोध्छ – 'हे पुरुष ! जो तिमी जान्दैनौ, देख्दैनौ, तैपनि तिमी त्यस प्रासादको लागि भऱ्याङ् बनाउँछौ त !' ऊ भन्छ 'हो' ।"

२२. "हे वाशिष्ठ ! तिमी के भन्छौ त ? त्यस्तो भएमा त्यो पुरुषको कुरा अ-प्रमाणिक हुन जाँदैन त ?"

"भो गौतम ! त्यस्तो भएमा अवश्य पनि त्यो पुरुषको कुरा अ-प्रमाणिक हुन जान्छ ।

२३. "हे वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरूले भनेका कुराहरू पनि त्यस्तै ठहरिन जान्छन् । जसले ··· 'यही सोझो मार्ग हो ···' भनी भन्छन् ।

२४. "हे वाशिष्ठ ! त्यस्तो भएको हुँदा त्रैविद्य ब्राह्मणहरूका कुराहरू अ-प्रमाणिक हुन जान्छन्, होइन त ?"

"भो गौतम ! हो, यदि त्यस्तो भएमा उनीहरूका कुराहरू साँच्चै नै अ-प्रमाणिक हुन जान्छन् ।"

"धन्य वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरूले जो जानेकै छैनन्, जो देखेकै छैनन् तैपनि '··· ब्रह्मसहवासमा पनि पुऱ्याइदिन सक्छ' भनी उपदेश गर्नु योग्य छैन ।

## (ग) अचिरवती नदीको उपमा

२५. "हे वाशिष्ठ ! जस्तो कि – कौवाले पिउन सक्ने अचिरवती नदी पारगरी जानुपर्ने कुनै मानिस त्यही नदीको तीरमा आइपुग्यो, अनि ऊ वारिबाटै तीरलाई आह्वान गर्छ – 'हे पारि-तीर, हे पारि-तीर, यता आऊ !'

Downloaded from http://www.dhamma.digital

२६. "हे वाशिष्ठ के त्यो पुरुषले वारि तीरमा नै बसी, आह्वान गऱ्यो भनी, आह्वानको कारणले, आयाचनको कारणले, प्रार्थनाको कारणले अभिनन्दनको कारणले अचिरवती नदीको पल्लो तीर वारी आउँछ त ?"

"भो गौतम ! आउँदैन ।"

२७. "हे वाशिष्ठ ! त्यस्तै त्रैविद्य ब्राह्मणहरू, जो ब्राह्मणकारक धर्म[३४१] हो त्यसलाई त्यागी, जो अ-ब्राह्मणकारक-धर्म हो त्यसलाई ग्रहण गरी यस्तो प्रार्थना गर्छन् – 'इन्द्रलाई आह्वान गर्छौं *(इन्द महव्याम)*, सोमलाई आह्वान गर्छौं *(सोममह्वयाम)*, वरुणलाई आह्वान गर्छौं *(वरुणमह्वयाम)*, ईसान, ··· प्रजापति, ··· ब्रह्म, ··· महेन्द्र आदिलाई आह्वान गर्छौं ।'

"हे वाशिष्ठ ! ती त्रैविद्य ब्राह्मणहरूले जो ब्राह्मणकारक-धर्म हो त्यसलाई त्यागी, जो अ-ब्राह्मणकारक-धर्म हो त्यसलाई ग्रहण गरेर आह्वानको हेतुले, याचनाको हेतुले, ··· देह त्यागी मृत्युपछि ब्रह्मसहवासमा पुग्न सक्लान् भनी भन्नु असम्भव छ ।

२८. "हे वाशिष्ठ ! जस्तो यो अचिरवती नदी पार तर्न चाहने पुरुष आई वारि नै बलियो गरी दुवै हातलाई पछाडि राखी सिक्रीले बाँधी बस्यो भने, के उसले पारतर्न सक्ला त ?"

"भो गौतम ! सक्दैन ।"

२९. "हे वाशिष्ठ ! त्यस्तै यो पञ्चकाम-गुण *(पञ्चकाम विषय)* लाई आर्यविनयमा *(बुद्ध धर्ममा)* सिक्री पनि भनिन्छ, बन्धन पनि भनिन्छ । कुन पाँच भने ?–

**पञ्चकाम** – "(१) चक्षुविज्ञेय इष्ट, कान्त, मनाप *(मन लाग्ने)*, प्रिय रूप, कामूपसंहित *(राग उत्पन्न गर्ने)*, र रजनीय *(चित्तमलिन गर्ने)* रूप; (२) स्रोतविज्ञेय ··· शब्द, (३) घ्राणविज्ञेय ··· गन्ध, (४) जिह्वाविज्ञेय ··· रस र (५) कायविज्ञेय इष्ट, कान्त, मनाप, प्रिय रूप, कामूपसंहित र रजनीय स्पर्श । यी पञ्चकाम विषयलाई आर्यविनयमा सिक्री पनि भनिन्छ, बन्धन पनि भनिन्छ । यी पाँच विषयमा त्रैविद्य ब्राह्मणहरू, लोभी भई, मूर्छित भई, डुबिरही, दोष नदेख्ने भई, मुक्त हुन न जानी विषय भोग गर्दैछन् । त्रैविद्य ब्राह्मणहरू जुन ब्राह्मणकारक धर्म हो त्यसलाई त्यागी ··· पञ्चकाम विषयमा लोभी भई, ··· मुक्त हुन न जानी विषय भोग गर्दै काम-विषयको सिक्रीको पासोमा परी मृत्युपछि ब्रह्मसहवासमा पुग्न सक्लान् भन्नु असम्भव छ ।"

३०. "हे वाशिष्ठ ! जस्तो यो अचिरवती नदी ··· पार तर्न चाहने पुरुष आई वारिमै टाउको देखि जम्मै शरीर कपडाले ढाकी बस्छ भने, ऊ पार तरी जान सक्ला के ?"

"भो गौतम ! सक्दैन ।"

३१. "हे वाशिष्ठ ! यी पाँच नीवरणलाई आर्यविनयमा आवरण पनि भनिएको छ, नीवरण पनि भनिएको छ, बन्धन पनि भनिएको छ । कुनचाहिं पाँच भने ? –

"(१) कामच्छन्द *(काम विषयमा इच्छा)* नीवरण, (२) व्यापाद नीवरण, (३) थीनमिद्ध *(शारीरिक र मानसिक आलस्यपन)* नीवरण, (४) उद्धच्च कुक्कुच्च *(शारीरिक र मानसिक अस्थिरपन, चञ्चलपन)* नीवरण (५) विचिकिच्छा *(दुविधा)* नीवरण । यी पाँच नीवरणलाई आर्यविनयमा ··· बन्धन पनि भनिएको छ ।"

---

३४१ पञ्चशील तथा दशकुशलकर्मपथ ।

Downloaded from http://www.dhamma.digital

३२. "हे वाशिष्ठ ! यी पाँच आवरणले त्रैविद्य ब्राह्मणहरू ढाकिएका छन्, बाँधिएका छन् । ती त्रैविद्य ब्राह्मणहरू जो ब्राह्मणकारक धर्म हो त्यसलाई त्यागी ··· पञ्च-नीवरणले बाँधिएर मृत्युपछि ब्रह्मसहवासमा पुग्न सक्लान् भनी भन्न असम्भव छ ।

## ४. ब्रह्मा सपरिग्राही कि अपरिग्राही ?

३३. "हे वाशिष्ठ ! वयोवृद्ध जेठा-पाका, आचार्य-प्राचार्य ब्राह्मणहरूले ब्रह्मालाई सपरिग्राही भन्छन् कि अपरिग्राही भन्छन् ? तिमीले के सुनेका छौ ?"

"भो गौतम ! अपरिग्राही ।"

"वैरचित्तयुक्त कि अ-वैरचित्तयुक्त ?"

"भो गौतम ! अ-वैरचित्तयुक्त ।"

"सव्यापद्य *(द्वेषयुक्त)* चित्तयुक्त कि अ-व्यापाद्य चित्तयुक्त ?"

"भो गौतम ! अ-व्यापद्य चित्तयुक्त ।"

"संक्लिष्ट चित्तयुक्त कि अ-संक्लिष्ट चित्तयुक्त ?"

"भो गौतम ! अ-संक्लिष्ट चित्तयुक्त ।"

"वशवर्त्ती *(स्वाधीन जितेन्द्रिय)* कि अ-वशवर्त्ती ?"

"भो गौतम ! वशवर्त्ती ।"

"हे वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरू सपरिग्राही हुन् कि अ-परिग्राही हुन् ?"

"भो गौतम ! सपरिग्राही हुन् ।"

"हे वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरू वैरयुक्त छन् कि अवैरयुक्त ? ··· व्यापादयुक्त छन् कि अव्यापादयुक्त ? ··· संक्लिष्ट छन् कि असंक्लिष्ट ? ··· वशवर्ती हुन् कि अ-वशवर्त्ती हुन् त ?"

३४. "हे वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरू सपरिग्राही छन्, ब्रह्मा अपरिग्राही । सपरिग्राही त्रैविद्य ब्राह्मणहरूको अपरिग्राही ब्रह्मासँग मेल खान्छ त ? मिलन हुन सक्ला त ?"

"भो गौतम ! सक्दैन ।"

"धन्य वाशिष्ठ ! ती सपरिग्राही त्रैविद्य ब्राह्मणहरू मृत्युपछि अपरिग्राही ब्रह्माको सहवासमा पुग्न सक्लान् भनी भन्ने हेतु नै छैन ।"

"हे वाशिष्ठ ! यसरी स-वैरचित्तयुक्त त्रैविद्य ब्राह्मणहरू, अ-वैरचित्तयुक्त ब्रह्मा, ··· । सव्यापाद चित्तयुक्त त्रैविद्य ब्राह्मणहरू, अव्यापाद चित्तयुक्त ब्रह्मा, ··· । संक्लिष्ट चित्तयुक्त त्रैविद्य ब्राह्मणहरू, असंक्लिष्ट चित्तयुक्त ब्रह्मा, ··· । अ-वशवर्त्ती त्रैविद्य ब्राह्मणहरूको वशवर्त्ती ब्रह्मासँग मेल खान्छ त ? मिलन हुन सक्ला त ?"

"भो गौतम ! सक्दैन ।"

"धन्य, वाशिष्ठ ! ती अ-वशवर्त्ती त्रैविद्य ब्राह्मणहरू देहत्यागी मृत्युपछि वशवर्त्ती ब्रह्माको सहवासमा पुग्न सक्लान् भनी भन्ने हेतु नै छैन ।

३५. "हे वाशिष्ठ ! यहाँ त्रैविद्य ब्राह्मणहरू *(सुमार्ग सम्झी)* कुमार्गमा गई, भुईं सम्झी धापमा भासिइसकेपछि विषाद्मा प्राप्त भई, पानी भनी सुक्खा जिमिनमा पौडी खेलिरहेका छन् । अतः त्रैविद्य

Downloaded from http://www.dhamma.digital

ब्राह्मणहरूका भनाइलाई त्रैविद्य-घोरजङ्गल पनि भन्न सकिन्छ, त्रैविद्य-जलरहित वनजङ्गल पनि भन्न सकिन्छ र त्रैविद्य-व्यसन[३४२] पनि भन्न सकिन्छ ।"

## ५. ब्रह्मसहवासको मार्ग

३६. भगवान्को यति कुरा सुनेपछि वाशिष्ठ माणवले भगवान्लाई बिन्ती गरे;– 'ब्रह्मसहवास *(ब्रह्मसहब्यतं)* को मार्गबारे श्रमण गौतमले जान्नुभएको छ' भनी मैले सुनेको छु ।

"हे वाशिष्ठ ! मनसाकट गाउँ यहाँबाट नजिक छ कि टाढा छ ?"

"भो गौतम ! नजिक नै छ, टाढा छैन ।"

३७. "हे वाशिष्ठ ! यहाँ कुनै पुरुष मनसाकटमा जन्मी, त्यहीं नै हुर्की ठूलो भएको; त्यसै गाउँमा बस्ने कुनै मानिसले उसँग सोही गाउँको बाटो सोधेमा उसलाई, बाटो बताउनको निमित्त ढिलाइ, शंका, सन्देह अथवा अलमलिनु पर्ने कुनै कारण छ कि ?"

"भो गौतम ! छैन ।"

"सो किन नि ?"

"किन भने – सो पुरुष मनसाकट गाउँमै जन्मी उहीं नै हुर्केको हुनाले मनसाकटको सबै बाटाहरू उसले थाहा पाइराखेको हुन्छ ।"

"हे वाशिष्ठ ! जस्तो मनसाकट गाउँमा जन्मी त्यहीं हुर्की ठूलो भएको पुरुषलाई त्यहींकै बाटो सोद्धा अकमकाउनु पर्ने कुनै कारणै हुँदैन त्यस्तै तथागतलाई ब्रह्मलोकबारे वा ब्रह्मलोक जाने प्रतिपदाबारे सोद्धा कुनै अकमकाउनु पर्ने कारणै हुँदैन । ब्रह्मालाई पनि म जान्दछु, ब्रह्मलोक पनि म जान्दछु, ब्रह्मलोक जाने प्रतिपद् *(मार्ग, साधन)* पनि म जान्दछु । यो मार्गमा लागी 'कति ब्रह्मलोकमा उत्पन्न भए' भन्ने पनि म जान्दछु ।"

३८. "भो गौतम ! 'तथागतले ब्रह्मलोक पुग्ने मार्गको उपेदश पनि दिनुहुन्छ' भन्ने कुरा मैले सुनेको छु । तपाईं गौतमले ब्रह्मसहवासमा पुग्न सक्ने मार्गको उपदेश दिनुभए असल हुनेथियो । तपाईं गौतमले ब्राह्मणपुत्रहरूलाई उद्धार गर्नुहोस् ।"

## चतुर्ब्रह्म-विहार

"हे वाशिष्ठ ! त्यस्तो भए, सुन, गम्ररी मन लगाऊ, म भन्छु ।"

"हवस्" भनी वाशिष्ठ माणवले भगवान्लाई प्रत्युत्तर दिए ।

---

३४२ पाँच प्रकारका ब्यसन – ज्ञाति-ब्यसन, भोग-ब्यसन, रोग-ब्यसन, दृष्टि-ब्यसन र शील-ब्यसन ।

Downloaded from http://www.dhamma.digital

३९. भगवान्‌ले यसो भन्नुभयो – "हे वाशिष्ठ ! यहाँ तथागत लोकमा उत्पन्न हुन्छ, अरहत् सम्यक्सम्बुद्ध[३४३] ··· । सो भिक्षु शीलसम्पन्न भई[३४४] ··· आफूमा पञ्चनीवरण प्रहीण भएको पाउँदा उसको मनमा प्रमोद उत्पन्न हुन्छ, प्रमुदित भएपछि प्रीति हुन्छ, प्रीति भएपछि शरीर शान्त हुन्छ, शान्त भएपछि सुखानुभव गर्छ, सुखी चित्त भएपछि समाधिष्ठ हुन्छ ।

ऊ मैत्रीयुक्त चित्तलाई एक दिशातिर फैलाई बस्छ, तथा द्वितीय दिशा, तृतीय दिशा, चतुर्थ दिशा फैलाई बस्छ । माथि, तल, बीच, सबै ठाउँमा, सबैतिर, सबै प्रकारले सबै लोकमा मैत्रीयुक्त चित्त फैलाई बस्छ, त्यस्तै गरी मैत्री विपुल चित्तलाई ··· , मैत्रीमहान चित्तलाई ··· , मैत्री अप्रमाण चित्तलाई फैलाई बस्छ, अवैरी, अव्यापध्य *(अद्वेष)* चित्त फैलाई बस्छ । यसप्रकार ध्यान गरी मैत्री चित्तलाई त्यहीं मात्र सीमित नराखी, अप्रमाण मैत्री-चित्त गरी भावना *(ध्यान)* गर्छ । हे वाशिष्ठ ! जस्तो कि कुनै बलवान् शंख फुक्ने मानिसले अल्पप्रयासले नै चारैतिर सुन्ने गरी शंख बजाउँन सक्छ, त्यस्तै गरी ··· मैत्रीयुक्त चित्तलाई एक दिशातिर फैलाई बस्छ, तथा द्वितीय दिशातिर ··· सबै प्रकारले सबै लोकमा मैत्रीयुक्त चित्तलाई फैलाई बस्छ, त्यस्तै गरी ··· अवैरी, अव्यापध्य चित्त फैलाई बस्छ । ··· त्यहीं मात्र सीमित नराखी अप्रमाण मैत्री चित्त गरी भावना गर्छ । यो पनि ब्रह्म सहवासमा पुग्ने मार्ग हो ।

"फेरि सो भिक्षु, करुणायुक्त चित्तलाई पनि एक दिशा फैलाई बस्छ ··· पूर्ववत् ··· मुदितायुक्त चित्तलाई पनि एक दिशा फैलाई बस्छ ··· पूर्ववत् ··· , उपेक्षायुक्त चित्तलाई पनि एक दिशा फैलाई बस्छ, तथा द्वितीय दिशा ··· सबै प्रकारले सबै लोकमा उपेक्षायुक्त चित्तलाई फैलाई बस्छ, त्यस्तै गरी उपेक्षा विपुल चित्तलाई ···, उपेक्षा महान चित्तलाई ··· , उपेक्षा अप्रमाण चित्तलाई फैलाई बस्छ, ··· यसप्रकार ध्यान गरी उपेक्षा चित्तलाई त्यहीं मात्र सीमित नराखी, अप्रमाण उपेक्षा चित्त गरी भावना गर्छ । हे वाशिष्ठ ! जस्तो कि – कुनै बलवान् शंख फुक्ने मानिसले ··· शंख बजाउँन सक्छ त्यस्तै गरी ··· अप्रमाण उपेक्षा चित्त गरी भावना गर्छ । यो पनि ब्रह्म सहवासमा पुग्ने मार्ग हो ।"

४०. "हे वाशिष्ठ ! त्यसरी बस्ने भिक्षु सपरिग्राही हुन्छ कि अपरिग्राही ?"

"भो गौतम ! अपरिग्राही ।"

"वैरचित्तयुक्त हुन्छ कि अ-वैरचित्तयुक्त हुन्छ ? ··· वशवर्त्ती हुन्छ कि अ-वशवर्त्ती हुन्छ ?"

"भो गौतम ! वशवर्त्ती हुन्छ ।"

"हे वाशिष्ठ ! यसरी भिक्षु पनि अपरिग्राही ब्रह्मा पनि अपरिग्राही भएकाले अपरिग्राही भिक्षुको अपरिग्राही ब्रह्मासँग मेल खान्छ कि खाँदैन त ? मिलन हुन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! अवश्य पनि मेल पनि खान्छ र मिलन पनि हुन सक्छ ।"

"धन्य, वाशिष्ठ ! त्यसैले सो अ-परिग्राही भिक्षु मृत्युपछि अ-परिग्राही ब्रह्मसहवासमा पुग्न सक्छ भनी भन्ने हेतु छ ।"

---

३४३ यहाँको बाँकी कुरा सामञ्ञफल-सुत्तमा भएअनुसार पढ्नुहोला ।

३४४ शील सम्पन्नताकोबारे सामञ्ञफल-सुत्तमा हेर्नु होला ।

Downloaded from http://www.dhamma.digital

४१. "हे वाशिष्ठ ! अवैरचित्तयुक्त भिक्षु, अवैरचित्तयुक्त ब्रह्मा; अव्यापादचित्तयुक्त भिक्षु, अव्यापादचित्तयुक्त ब्रह्मा; असंक्लिष्टचित्तयुक्त भिक्षु, असंक्लिष्टचित्तयुक्त ब्रह्मा, वशवर्त्ती भिक्षुको वशवर्त्ती ब्रह्मासँग मेल खान्छ कि खाँदैन त ? मिलन हुन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! अवश्य पनि मेल पनि खान्छ र मिलन पनि हुन सक्छ ?"

"धन्य, वाशिष्ठ ! त्यसैले सो वशवर्त्ती भिक्षु मृत्युपछि वशवर्त्ती ब्रह्मसहवासमा पुग्न सक्छ भनी भन्ने हेतु छ ।"

४२. यति कुरा सुनेपछि वाशिष्ठ माणव र भारद्वाज माणवले भगवान्सँग यसरी प्रार्थना गरे – "धन्य, भो गौतम ! धन्य, भो गौतम जस्तै घोप्टिएकोलाई उत्तानो पारिदिंदा वा ढाकिएकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो देखाइदिंदा वा अन्धकारमा तेलको बत्ती राखिदिदा आँखा हुने मानिसले रूप देख्दछ – त्यसैगरी तपाईं गौतमले हामीलाई अनेक प्रकारले धर्मप्रकाश पारिदिनुभयो । अब हामी तपाईं गौतमको शरण पर्छौं, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि तपाईं गौतमले हामीलाई आजीवनसम्म शरणमा आएका उपासक हुन् भनी धारणा गर्नुहोस् ! "

**तेविज्ज-सुत्त समाप्त ।**

**दीघनिकायको शीलस्कन्ध -वर्ग समाप्त ।**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुदस्स

# त्रिपिटक : सुत्तपितक अन्तर्गत

# दीघनिकाय

(द्वितीय भाग)

## महा-वर्ग

### द्वितीय सूत्र समूह

१. महापदान-सुत्त
२. महानिदान-सुत्त
३. महापरिनिब्बान-सुत्त
४. महासुदस्सन-सुत्त
५. जनवसभ-सुत्त
६. महागोविन्द-सुत्त
७. महासमय-सुत्त
८. सक्कपञ्ह-सुत्त
९. महासतिपट्ठान-सुत्त
१०. पायासिराजञ्ञ-सुत्त

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# दीघनिकाय

## महा-वर्ग

### १. महापदान-सुत्त

**(महापदानसूत्र)**

### १. पूर्व जन्मसम्बन्धी कथा

१. यस्तो मैले सुनें । एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको आराम जेतवनको करेरीकुटीमा बस्नुभएको थियो । अनि भिक्षाबाट फर्की भोजनबाट निवृत्त भइसकेपछि करेरी मण्डलमाला *(वृत्ताकार पर्णशाला)* मा भेला भई बसेका केही भिक्षुहरूका बीच यस्तो कुरा चल्यो – 'पूर्वजन्ममा यस्तो थियो, पूर्वजन्ममा उस्तो थियो ।'

२. भगवान्ले आफ्नो अलौकिक दिव्य स्रोत्रधातु *(विशुद्ध पर्यवदान अतिक्कन्तमानुसिकाय)* बाट ती भिक्षुहरूका बीच यस्तो कुरा चलिरहेको सुन्नुभयो । अनि भगवान् आसनबाट उठ्नु भई जहाँ करेरी मण्डलमाला थियो, त्यहाँ जानुभयो । त्यहाँ गएर बिछ्याएको आसनमा बस्नुभयो । बस्नुभएका भगवान्ले भिक्षुहरूलाई आमन्त्रित गर्नुभयो – "भिक्षु हो ! तिमीहरू यहाँ के कुरा गरी बसेका छौ ? तिमीहरूका बीच के कुरा चलिरहेको छ ?

यस्तो भन्नुहुँदा ती भिक्षुहरूले भगवान्लाई भने – "भन्ते ! यहाँ हामी भिक्षाबाट फर्की भोजनबाट निवृत्त भइसकेपछि करेरी मण्डलमालामा भेला भई हाम्रो बीच यस्तो कुरा चलिरहेको छ – 'पूर्वजन्ममा यस्तो थियो, पूर्वजन्ममा उस्तो थियो ।' 'भन्ते ! यहीं हामीहरूका बीच कुरा चल्दाका बखत भगवान् आइपुग्नुभयो ।"

३. "भिक्षु हो ! के तिमीहरू पूर्वजन्मसम्बन्धी धर्म कथा सुन्न चाहन्छौ ?"

"भगवान् ! यही काल हो । सगत ! यही काल हो । भगवान् ! पूर्वजन्मसम्बन्धी धर्मकथा सुनाउनुहोस् । भगवान्ले सुनाउनु भएको वचन सुनी हामी भिक्षुहरू धारण गर्नेछौ ।"

Downloaded from http://www.dhamma.digital

"भिक्षुहरू हो ! त्यस्तो भए सुन, 'राम्ररी मनमा राख', बताउनेछु ।"

"हवस्, भन्ते ! " भनी ती भिक्षुहरूले भगवान्‌लाई प्रत्युत्तर दिए । भगवान्‌ले भन्नुभयो –

## २. पूर्व बुद्धहरूका जन्म समय

४. "भिक्षु हो ! आजभन्दा ९१ कल्पअगि विपस्सी *(विपश्वी)* भगवान् अरहत् सम्यक्सम्बुद्ध लोकमा उत्पन्न भएका थिए । भिक्षु हो ! आजभन्दा ३१ कल्प अगि सिखी *(शिखी)* भगवान् अरहत् सम्यक्सम्बुद्ध लोकमा उत्पन्न भएका थिए । भिक्षु हो ! यही ३१ सौं कल्पमै वेस्सभू *(विश्वभू)* भगवान् अरहत् सम्यक्सम्बुद्ध लोकमा उत्पन्न भएका थिए । भिक्षु हो ! यहीं भद्रकल्पमा श्रावस्ती ककुसन्ध *(ककुच्छन्द)* भगवान् अरहत् सम्यक्सम्बुद्ध लोकमा उत्पन्न भएका थिए । भिक्षु हो ! यहीं भद्रकल्पमै कोणागमन *(कोणागमन=नेपाली बौद्धहरू प्रयोगमा कनकमुनि बुद्ध)* भगवान् अरहत् सम्यक्सम्बुद्ध लोकमा उत्पन्न भएका थिए । भिक्षु हो ! यही भद्रकल्पमै कस्सप *(काश्यप)* भगवान् अरहत् सम्यक्सम्बुद्ध उत्पन्न भएका थिए । भिक्षु हो ! यहीं भद्रकल्पमै म अरहत् सम्यक्सम्बुद्ध उत्पन्न भएँ ।"

## पूर्व बुद्धहरूका जाति

५. "भिक्षु हो ! विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध क्षत्रिय *(क्षत्री)* जातिका हुनुहुन्थ्यो, क्षत्रिय कुलमा । जन्मनुभएको थियो । भिक्षु हो ! सिखी भगवान् अरहत् सम्यक्सम्बुद्ध क्षत्रिय जातिका हुनुहुन्थ्यो, भिक्षु हो ! वेस्सभू भगवान् अरहत् सम्यक्सम्बुद्ध क्षत्रिय जातिका हुनुहुन्थ्यो, भिक्षु हो ! ककुसन्ध भगवान् अरहत् सम्यक्सम्बुद्ध ब्राह्मण जातिका हुनुहुन्थ्यो, भिक्षु हो ! कोणागमन, कस्सप भगवान् अरहत् सम्यक्सम्बुद्ध ब्राह्मण जातिको हुनुहुन्थ्यो । भिक्षु हो ! म अरहत् सम्यक्सम्बुद्ध क्षत्रिय जातिका हुँ । मैले क्षत्रिय कुलमा जन्म लिएको छु ।

## पूर्व बुद्धहरूका गोत्र

६. "भिक्षु हो ! विपस्सी ··· ··· बुद्ध कौण्डिन्य *(कोण्डञ्ञ)* गोत्रका हुनुहुन्थ्यो । भिक्षु हो ! सिखी ··· बुद्ध कौण्डिन्य गोत्रका हुनुहुन्थ्यो । भिक्षु हो ! वेस्सभू ··· बुद्ध कौण्डिन्य गोत्रका हुनुहुन्थ्यो । भिक्षु हो ! ककुसन्ध ··· बुद्ध काश्यप गोत्रका हुनुहुन्थ्यो । भिक्षु हो ! कोणागमन ··· बुद्ध काश्यप गोत्रका हुनुहुन्थ्यो । भिक्षु हो ! कस्सप ··· बुद्ध काश्यप गोत्रका हुनुहुन्थ्यो । भिक्षु हो ! म ··· बुद्ध गौतम गोत्रका हुँ ।"

## पूर्व बुद्धहरूका आयु : प्रमाण

७. "भिक्षु हो ! विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धको *(प्रमाण)* ८० हजार वर्ष थियो । भिक्षु हो ! सिखी ··· बुद्धको आयु प्रमाण ७० हजार वर्ष थियो । भिक्षु हो ! वेस्सभू ··· बुद्धको आयु प्रमाण ६० हजार वर्ष थियो । भिक्षु हो ! ककुसन्ध ··· बुद्धको आयु प्रमाण ४० हजार वर्ष थियो । भिक्षु हो ! कोणागमन ··· बुद्धको आयु प्रमाण ३० हजार वर्ष थियो । भिक्षु हो ! कस्सप ··· बुद्धको आयु प्रमाण २०

Downloaded from http://www.dhamma.digital

हजार वर्ष थियो । भिक्षु हो ! मेरो आयु प्रमाण सारै थोरै अल्प मात्र छ, बढी से बढी यो आयु प्रमाण १०० वर्ष अथवा सोभन्दा केही बढी वा घटी हुने हुन्छ ।"

## पूर्व बुद्धहरूका बोधिवृक्ष

८. भिक्षु हो ! विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध पाटलिवृक्षमुनि अभिसम्बुद्ध हुनुभएको थियो । भिक्षु हो ! सिखी ··· बुद्ध पुण्डरीकमुनि अभिसम्बुद्ध हुनुभएको थियो । भिक्षु हो ! वेस्सभू ··· बुद्ध शालवृक्षमुनि अभिसम्बुद्ध हुनुभएको थियो । भिक्षु हो ! ककुसन्ध ··· बुद्ध शिरीषवृक्षमुनि अभिसम्बुद्ध हुनुभएको थियो । भिक्षु हो ! कोणागमन ··· उदुम्बरवृक्षमुनि अभिसम्बुद्ध हुनुभएका थिए । भिक्षु हो ! कस्सप ··· निग्रोधवृक्षमुनि अभिसम्बुद्ध हुनुभएको थियो । भिक्षु हो ! म ··· बुद्ध अस्सत्थवृक्ष *(पीपल रूख)* मुनि अभिसम्बुद्ध भएँ ।

## पूर्व बुद्धहरूका अग्रश्रावक युगल

९. "भिक्षु हो ! विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धका खण्ड र तिष्य भन्ने दुईजना अग्रश्रावकहरू थिए । भिक्षु हो ! सिखी ··· बुद्धका अभिभू र सम्भव भन्ने दुईजना अग्रश्रावकहरू थिए । भिक्षु हो ! वेस्सभू ··· बुद्धका सोण र उत्तर भन्ने दुई अग्रश्रावकहरू थिए । भिक्षु हो ! ककुसन्ध ··· बुद्धका विधुर र सञ्जीव भन्ने दुई अग्रश्रावकहरू थिए । भिक्षु हो ! कोणागमन ··· बुद्धका भीयोसु र उत्तर भन्ने दुई अग्रश्रावकहरू थिए । भिक्षु हो ! कस्सप ··· बुद्धका तिस्स र भारद्वाज भन्ने दुई अग्रश्रावकहरू थिए । भिक्षु हो ! फेरि मेरा – सारिपुत्त *(सारिपुत्र)* र मोग्गल्लान *(मौद्गल्यायन)* भन्ने दुई अग्रश्रावकहरू छन् ।

## पूर्व बुद्धहरूका श्रावक सन्निपात

१०. "भिक्षु हो ! विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धका तीन श्रावक सन्निपात *(शिष्य-सम्मेलन)* भए । *(यो मध्ये पहिलो सन्निपातमा)* ६८ लाख भिक्षुहरूको शिष्य सम्मेलन भए । *(दोस्रोमा)* एक लाख भिक्षुहरूको शिष्य सम्मेलन भयो । *(फेरि)* ८० हजार भिक्षुहरूको शिष्य सम्मेलन भयो । भिक्षु हो ! विपस्सी ··· बुद्धका यहीं *(तीन)* शिष्य सम्मेलन भए, जसमा *(सहभागी भएका)* सबैका सबै *(भिक्षुहरू)* क्षीणास्रव थिए ।

भिक्षु हो ! शिखी ··· बुद्धका तीन श्रावक सन्निपात भए । *(ती मध्ये पहिलो सन्निपातमा)* एक लाख भिक्षुहरूको शिष्य सम्मेलन भयो । *(दोस्रोमा)* ८० हजार भिक्षुहरूको शिष्य सम्मेलन भयो । *(फेरि)* ७० हजार भिक्षुहरूको शिष्य सम्मेलन भयो । ··· सबैका सबै क्षीणास्रव थिए ।

"भिक्षु हो ! वेस्सभू ··· बुद्धका तीन श्रावक सन्निपात भए । *(ती मध्ये पहिलो सन्निपातमा)* ८० हजार भिक्षुहरूको शिष्य सम्मेलन भयो । *(दोस्रो)* ७० हजार भिक्षुहरूको शिष्य सम्मेलन भयो । *(फेरि)* ६० हजार भिक्षुहरूको शिष्य सम्मेलन भयो । ··· सबैका सबै क्षीणास्रव थिए ।

"भिक्षु हो ! ककुसन्ध ··· बुद्धको एउटा मात्र श्रावक सन्निपात भयो । चालीस हजार भिक्षुहरूको शिष्य सम्मेलन भयो । ··· सबैका सबै क्षीणास्रव थिए ।

Downloaded from http://www.dhamma.digital

"भिक्षु हो ! कोणागमन ··· बुद्धका एउटा मात्र श्रावक सन्निपात भयो । तीस हजार भिक्षुहरूको शिष्य सम्मेलत भयो । सबैका सबै क्षीणास्रवहरू थिए ।

"भिक्षु हो ! कस्सप ··· बुद्धका एउटा मात्र श्रावक सन्निपात भयो । बीस हजार भिक्षुहरूको शिष्य सम्मेलन भयो । ··· सबैका सबै क्षीणास्रव थिए ।

"भिक्षु हो ! फेरि म ··· बुद्धका एउटा मात्र श्रावक सन्निपात भयो । १२५० भिक्षुहरूको शिष्य सम्मेलन भयो । ··· सबैका सबै क्षीणास्रव थिए ।

## अग्र उपस्थापक

११. "भिक्षु हो ! विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धका अशोक भन्ने भिक्षु अग्र उपस्थापक *(प्रधान सहचर)* थिए । भिक्षु हो ! सिखी ··· बुद्धका खेमंकर थिए ··· । भिक्षु हो ! वेस्सभू ··· बुद्धका उपसन्त *(उपशान्त)* ··· । भिक्षु हो ! ककुसन्ध ··· बुद्धका बुद्धिज ··· । भिक्षु हो ! कोणागमन ··· बुद्धका सोत्थिज *(स्वस्तिक)* ··· । भिक्षु हो ! कस्सप ··· बुद्धका सब्बमित्त *(सर्वमित्र)* ··· । भिक्षु हो ! फेरि आनन्द भन्ने भिक्षु मेरा अग्र उपस्थाक हुन् ।

## मातापिता

१२. "भिक्षु हो ! विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धका बन्धुमान् *(बन्धुमान्)* भन्ने राजा पिता तथा बन्धुमती भन्ने देवी माता थिए । बन्धुमान् राजाको राजधानी बन्धुमती नगर थियो ।"

"भिक्षु हो ! सिखी ··· बुद्धका अरुण भन्ने राजा पिता तथा पभावती *(प्रभावती)* भन्ने देवी माता थिए । अरुण राजाको राजधानी अरुणवती नगर थियो ।"

"भिक्षु हो ! वेस्सभू ··· बुद्धका सुप्पति *(सुप्रतीत)* भन्ने राजा पिता तथा यसोवती *(यशोवती)* भन्ने देवी माता थिए । सुप्पति राजाको राजधानी अनोमा नगर थियो ।"

"भिक्षु हा ! ककुसन्ध ··· बुद्धका अग्गिदत्त *(अग्निदत्त)* भन्ने ब्राह्मण पिता तथा विसाखा *(विशाखा)* भन्ने ब्राह्मणी माता थिए । भिक्षु हो ! त्यस बेला खेम *(क्षेम)* भन्ने राजा थिए । खेम राजाको राजधानी खेमवती *(क्षेमवती)* नगर थियो ।"

"भिक्षु हो ! कोणागमन ··· बुद्धका यञ्ञदत्त *(यज्ञदत्त)* भन्ने ब्राह्मण पिता तथा उत्तरा भन्ने ब्राह्मणी माता थिए । भिक्षु हो ! त्यस बेला सोभ *(शोभ)* भन्ने राजा थिए । सोभ राजाको राजधानी सोभवती *(शोभवती)* नगर थियो ।"

"भिक्षु हो ! कस्सप ··· बुद्धका ब्रह्मदत्त भन्ने ब्राह्मण पिता तथा धनवती भन्ने ब्राह्मणी माता थिए । भिक्षु हो ! त्यस बेला किकी भन्ने राजा थिए । किकी राजाको राजधानी वाराणसी नगर थियो ।"

"भिक्षु हो ! फेरि, मेरा सुद्धोदन *(शुद्धोदन)* भन्ने राजा पिता तथा माता देवी माता हुन् । कपिलवत्थु *(कपिलवस्तु)* नगर राजधानी हो ।"

भगवान्बाट यति आज्ञा भयो । यति आज्ञा भएपछि सुगत आसनबाट उठेर जानुभयो ।

Downloaded from http://www.dhamma.digital

## ३. तथागतको धम्मता *(प्रभाव=प्रताप)*

१३. अनि भगवान् जानुभएको केही बेरपछि ती भिक्षुहरूका बीच *(फेरि)* यस्तो कुरा चल्यो – आवुसो ! आश्चर्य छ, आवुसो ! अद्‌भुत छ, – तथागतको ऐश्वर्य एवं उहाँको महानुभावता ! तथागतले अतीत कालमा परिनिर्वाण हुनुभएका, संसारको प्रपञ्चमाथि विजय प्राप्त गर्नुभएका, आफ्ना *(आवागमन)* समाप्त गर्नुभएका, पुनः सबै मार्ग समाप्त गर्नुभएका, तथा सबै दुःखलाई अन्त *(नाश)* गर्नुभएका … *(ती)* बुद्धहरूलाई जाति *(जन्म)* देखि पनि स्मरण गर्नुभयो, नामबाट पनि स्मरण गर्नुभयो, गोत्रबाट पनि स्मरण गर्नुभयो, आयु परिणामबाट पनि स्मरण गर्नुभयो, *(अग्र)* श्रावकहरूबाट पनि स्मरण गर्नुभयो, श्रावक सन्निपातबाट पनि स्मरण गर्नुभयो । उहाँ भगवान्‌हरू यस्ता जातिका हुनुहुन्थ्यो, यस्ता नामका, यस्ता शीलका, यस्ता धर्म *(स्वभाव)* का, यस्ता प्रज्ञाका, यस प्रकार बस्नुहुन्थ्यो *(साधना गर्नुहुन्थ्यो),* यस प्रकारले विमुक्त हुनुभएको थियो । उहाँले ती भगवान्‌हरूका बारेमा यसरी सबै कुरा जाग्नुभएको रहेछ आदि ।

आवुसो ! त्यस्तो भए के यो तथागतको शक्ति-सामर्थ्य नै हो यो जसबाट सम्पन्न भई तथागतले अतीत कालमा परिनिर्वाण प्राप्त गर्नुभएको … संसारको प्रपञ्चबाट मुक्त हुनुभएका … बुद्धहरूको जन्मबाट पनि … नाम … गोत्र …, आयु प्रमाणबाट पनि … स्मरण गर्नु भयो । अथवा फेरि कुनै देवताहरूले तथागतलाई यी सबै कुरा बताएका हुन् कि जसबाट तथागतले अतीत कालमा परिनिर्वाण प्राप्त गर्नुभएको … स्मरण गर्नुभयो । यसरी भिक्षुहरूका बीच कुराकानी भईरहेको थियो ।

१४. अनि भगवान् सन्ध्या समय *(सायंकाल)* ध्यानबाट उठ्नु भई जहाँ करेरी मण्डलमाल छ त्यहाँ जानुभयो । त्यहाँ गएर बिच्छ्याइराखेको आसनमा बस्नुभयो । बस्नुभएका भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रित गर्नुभयो – "भिक्षु हो ! तिमीहरू के कुरा गरी यहाँ भेला भई बसिरहेका छौ ? तिमीहरूका बीचमा के कुरा चलिरहेको छ ?

यस्तो भन्नुहुँदा ती भिक्षुहरूले भगवान्‌लाई यस्तो भने – भन्ते ! भगवान् *(यहाँबाट)* जानुभएको केही बेरपछि नै हामी भिक्षुहरूका बीच *(फेरि)* यस्तो कुरा चलेको थियो – "आवुसो ! आश्चर्य छ, आवुसो ! अद्‌भुत छ, तथागतको ऐश्वर्य एवं उहाँको महानुभावता ! तथागतले अतीत कालमा परिनिर्वाण हुनुभएका, संसारको प्रपञ्चमाथि विजय प्राप्त गर्नुभएका, आफ्नो मार्ग *(आवागमन)* समाप्त गर्नुभएका, पुनः सबै मार्गलाई समाप्त गर्नुभएका, तथा सबै दुःखलाई अन्त गर्नुभएका *(ती)* बुद्धहरूलाई जाति *(जन्म)* बाट पनि स्मरण गर्नुभयो, नाम …, गोत्र … , आयुपरिणाम …, श्रावकहरू … , श्रावक सन्निपातबाट पनि स्मरण गर्नुभयो । *(तपाईंले)* उहाँ भगवान्‌हरू यस्ता जातिका हुनुहुन्थ्यो, … । भन्ते ! यही हामीहरूका बीचमा कुरा चल्दैथियो, भगवान् आउनुभयो ।"

१५. *(भगवान्‌ले भन्नुभयो –)* "आवुसो ! यो तथागतको शक्ति – सामर्थ्य नै हो, जसबाट सम्पन्न भई तथागतले अतीत कालका … बुद्धको जन्मबाट पनि … नामबाट पनि … भगवान्‌हरू यो जातिको … स्मरण गर्नुभयो । फेरि देवताहरूले पनि तथागतलाई … *(पूर्ववत्)* … बताएका हुन् ।"

"भिक्षु हो ! के तिमीहरू पूर्व जन्म सम्बन्धी धर्मकथा राम्ररी सुन्न चाहन्छौ ?"

"भगवान् ! यही समय हो ! सुगत यही समय हो । भगवान्‌ले पूर्वजन्मसम्बन्धी धर्मकथा सुनाउनु होस् । भगवान्‌ले सुनाउनु भएको वचन सुनी हामी भिक्षुहरू धारण गर्नेछौ ।"

"भिक्षु हो ! त्यस्तो भए सुन, राम्ररी मनमा राख, बताउने छु ।"

Downloaded from http://www.dhamma.digital

"हवस्, भन्ते !" भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए ।"

भगवान्ले यसो भन्नुभयो –

## विपस्सी भगवान्

१६. भिक्षु हो ! आजभन्दा ९१ कल्पअगि विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध लोकमा उत्पन्न हुनु भएको थियो । विपस्सी ··· बुद्ध क्षत्रिय जातिका हुनुहुन्थ्यो, क्षत्रिय कुलमा जन्मिनुभएका थिए । भिक्षु हो ! विपस्सी बुद्ध ··· कोण्डञ्ञ गोत्रका थिए । विपस्सी बुद्ध ··· को आयु:प्रमाण ८० हजार वर्ष थियो । भिक्षु हो ! विपस्सी ··· बुद्ध पाटलिवृक्षमुनि बुद्ध हुनुभएको थियो । भिक्षु हो ! विपस्सी ··· बुद्धका खण्ड र तिष्य नामका दुई जना अग्रश्रावकहरू थिए । भिक्षु हो ! विपस्सी भगवान् ··· बुद्धका तीन श्रावक सन्निपातहरू भएका थिए । *(पहिलो)* श्रावक सन्निपातमा ६८ लाख भिक्षुहरू थिए । दोस्रोमा एक लाख भिक्षुहरू थिए । तेस्रोमा ८० हजार भिक्षुहरू थिए । भिक्षु हो ! विपस्सी ··· बुद्धका यहीं तीन श्रावक सन्निपात *(शिष्य सम्मेलन)* भएका थिए, जसमा *(सहभागी भिक्षुहरू)* सबै क्षीणास्रव थिए । भिक्षु हो ! विपस्सी ··· बुद्धका अशोक भन्ने भिक्षु अग्र उपस्थाक थियो । भिक्षु हो ! विपस्सी ··· बुद्धका बन्धुमान् भन्ने राजा पिता तथा बन्धुमती देवी भन्ने माता थिए । बन्धुमान् राजाको राजधानी बन्धुमती नगर थियो ।

१७. "भिक्षु हो ! अनि विपस्सी बोधिसत्त्व तुषित नामक देवलोकबाट च्युत भई स्मृति सम्प्रजन्य *(होस राखी)* भई आफ्नी आमाको कोखमा प्रवेश गर्नुभयो । यो उहाँको लक्षण *(त्यस बेलाको स्वाभाविक नियम=धर्मता)* हो ।

भिक्षु हो ! लक्षण यो छ । जुनबेला बोधिसत्त्व तुषित देवलोकबाट च्युत भई आमाको कोखमा प्रवेश गर्नुभयो, त्यस बेला देव, मार ब्रह्मा, श्रमण ब्राह्मण तथा देवमनुष्यसहित यस लोकमा *(भएका जति सबै)* देवताहरूका देव-तेजभन्दा पनि अत्यधिक प्रकाश *(चमक)* जाज्वल्यमान भयो । तल अन्धकारको अन्धकारै भएको अँध्यारो ठाउँमा, जहाँ निकै प्रभावशाली चन्द्रमा तथा सूर्यको प्रकाश पुग्दैनथ्यो, त्यस्तो ठाउँ *(नरक)* मा पनि देवताहरूको देव-तेजभन्दा अत्यधिक प्रकाश जाज्वल्यमान भयो । जो प्राणी त्यहाँ उत्पन्न भए, तिनीहरूले उक्त प्रकाशको किरणमा एउटाले अर्कोलाई देख्न सके – 'अहो ! यहाँ अरू पनि त प्राणीहरू रहेछन् ! यो दसहजार लोक-धातु *(ब्रह्माण्ड)* कम्प भयो, धेरै प्रकम्प भयो । लोकमा देवताहरूको देव-तेजभन्दा अत्यधिक प्रकाश जाज्वल्यमान भएको थियो । यो लक्षण हो ।

भिक्षु हो ! जुन बेला बोधिसत्त्व आमाको कोखमा प्रवेश गर्नुभयो, त्यस बेलादेखि चार देवपुत्रहरू चारै दिशामा बोधिसत्त्व र उहाँकी आमालाई कुनै मनुष्य वा अमनुष्यले कुनै प्रकारबाट कष्ट दिन नसकोस् भनेर रक्षाका लागि पालो बस्न आए । यो पनि लक्षण हो ।

भिक्षु हो ! जुन बेला बोधिसत्त्व आमाको कोखमा प्रवेश गर्नुभयो, त्यस बेलादेखि बोधिसत्त्वकी आमा प्रकृतितः शीलवती होइन्छ । प्राणातिपात *(प्राणी हिंसा)* बाट अलग हुन्छ, अदिन्नादानबाट अलग हुन्छ, कामेसुमिच्छाचारबाट अलग हुन्छ, मुसावादबाट अलग हुन्छ तथा सुरामेरय मद्यपानबाट अलग हुन्छ । यो पनि लक्षण हो ।

भिक्षु हो ! जुन बेला बोधिसत्त्व आमाको कोखमा प्रवेश गर्नुभयो, त्यस बेलादेखि बोधिसत्त्वकी आमाको चित्त *(कुनै पनि)* पुरुषप्रति आकृष्ट भएन । कामवासनाका निमित्त बोधिसत्त्वकी आमामा कुनै पुरुषबाट रागयुक्त चित्तले जित्न सकेन । यो पनि लक्षण हो ।

Downloaded from http://www.dhamma.digital

भिक्षु हो ! जुन बेला बोधिसत्त्व आमाको कोखमा प्रवेश गर्नुभयो, त्यस बेलादेखि बोधिसत्त्वकी आमालाई पञ्चकामगुण प्राप्तभयो । ती पाँच भोगबाट समर्पित तथा सेवित हुन पाए । यो पनि लक्षण हो ।

भिक्षु हो ! जुन बेला बोधिसत्त्व आमाको कोखमा प्रवेश गर्नुभयो, त्यस बेलादेखि बोधिसत्त्वकी आमालाई कुनै प्रकारको रोग लागेन, बोधिसत्त्वकी आमा सुखपूर्वक रहिन् । बोधिसत्त्वकी आमा अक्लान्त शरीर भई आफ्नो कोखमा रहेका सबै अङ्गप्रत्यङ्गले युक्त बोधिसत्त्वलाई देखिन् । भिक्षु हो ! जस्तै *(उपमाका लागि)* अष्टाङ्ग गरी राम्ररी कुँदेको सफा निर्मल चमकदार मलिनता नभएको असल जातको वैदूर्यमणिमा नीलो वा पहेँलो, सेतो वा पाण्डु रङको धागो राखेको आँखाबाट देख्ने पुरुषले त्यसलाई हातमा राखी राम्ररी हेर्दा उसले 'यो असल जातको वैदूर्यमणि हो, यसलाई आठकुने पारी कुँदिएको छ, सफा निर्मल चमकदार र मलिन नभएको *(पानी धेरै भएको)* हो । यसमा नीलो वा पहेँलो, सेतो वा पाण्डु रङको धागो राखिएको छ' भनी थाहा पाउँछ, यस्तै प्रकारले जुन बेला बोधिसत्त्व आमाको कोखमा प्रवेश गर्नुभयो, त्यस बेलादेखि बोधिसत्त्वकी आमालाई कुनै प्रकारको रोग लागेन, बोधिसत्त्वकी आमा सुखपूर्वक रहिन् । बोधिसत्त्वकी आमा अक्लान्त शरीर भई आफ्नो कोखमा रहेका सबै अङ्ग-प्रत्यङ्गले युक्त बोधिसत्त्वलाई देखिन् । यो पनि लक्षण हो ।

भिक्षु हो ! बोधिसत्त्व उत्पन्न भई एक सातापछि बोधिसत्त्वकी आमा यहाँ देहपात *(मरण)* पछि तुषित देवलोकमा उत्पन्न भए । यो पनि लक्षण हो ।

भिक्षु हो ! अन्य *(साधारण)* आइमाई नौ अथवा दस महिनासम्म आफ्नो कोखमा राखी बच्चा जन्माउँछे । त्यसरी बोधिसत्त्वकी आमाले बोधिसत्त्वलाई प्रसव गराइनन् । बोधिसत्त्वकी आमाले बोधिसत्त्वलाई पूरा दस महिनासम्म गर्भमा राखेर मात्र *(दश महिना पूर्ण भएकै दिन)* प्रसव गरिन् । यो पनि लक्षण हो ।

भिक्षु हो ! जसरी अन्य *(साधारण)* आइमाईले प्रसव गर्दा बसेर वा सुतेर गर्दछिन्, त्यसरी बोधिसत्त्वकी आमाले बसेर अथवा सुतेर प्रसव गरिनन् । बोधिसत्त्वकी आमाले उभिएर प्रसव गरिन् । यो पनि लक्षण हो ।

भिक्षु हो ! बोधिसत्त्व आमाको कोखबाट निस्कनुहुँदा सबभन्दा पहिले देवताहरूले बालकलाई थापि लिए । त्यसपछि मात्र मानिसहरूले थापे । यो पनि लक्षण हो ।

भिक्षु हो ! बोधिसत्त्व आमाको कोखबाट निस्कनु हुँदा पृथ्वी *(जमिन)* मा टेक्न नपाउँदै त्यस बेला चार देवपुत्रहरूले थापी बोधिसत्त्वकी आमाका सामुन्ने राखि दिए *(अनि यस्तो भने)* – 'देवी ! प्रसन्न हुनुहोस्, तपाईंलाई ठूलो भाग्य भएका पुत्ररत्न उत्पन्न भएको छ ।' यो पनि लक्षण हो ।

भिक्षु हो ! बोधिसत्त्व आमाको कोखबाट निस्कनु हुँदा त्यस बेला, उहाँ अति नै निर्मल, पानीबाट अलिप्त, कफबाट अलिप्त, रगतबाट अलिप्त तथा कुनै पनि अशुद्धि *(पदार्थ)* बाट अलिप्त, शुद्ध, विशुद्ध भई निस्कनुभयो । भिक्षु हो ! जस्तै *(उपमाका लागि)* मणिरत्नलाई काशीको वस्त्रमा पोकोपार्दा मणिरत्न काशीको वस्त्रमा टाँसिदैनथ्यो । काशीको वस्त्रमा पनि मणिरत्न टाँसिदैन्थ्यो । त्यो के कारण हो ? दुवैको शुद्धताको कारणले । भिक्षु हो ! त्यसरी नै, बोधिसत्त्व आमाको कोखबाट निस्कनुहुँदा त्यस बेला उहाँ निर्मल, पानीबाट अलिप्त, कफबाट अलिप्त, रगतबाट अलिप्त तथा कुनै पनि अशुद्धि *(पदार्थ)* बाट अलिप्त, शुद्ध, विशुद्ध भई निस्कनुभयो । यो पनि लक्षण हो ।

Downloaded from http://www.dhamma.digital

भिक्षु हो ! बोधिसत्त्व आमाको कोखबाट निस्कनु हुँदा देव, मार, ब्रह्मा, श्रमण ब्राह्मण तथा देव मनुष्यसहित यो लोकमा *(भएका सबै)* देवताहरूका देव-तेजभन्दा पनि अत्यधिक प्रकाश *(चमक)* जाज्वल्यमान भयो । तल अन्धकारको अन्धकारै भएको अध्यारो ठाउँमा, जहाँ निकै प्रभावशाली चन्द्रमा तथा सूर्यको प्रकाश पुग्दैनथ्यो, त्यस्तो ठाउ *(नरक)* मा पनि देवताहरूको देव-तेजभन्दा अत्यधिक प्रकाश जाज्वल्यमान भयो । जो प्राणी त्यहाँ उत्पन्न भए, तिनीहरूले पनि उक्त प्रकाशको किरणमा एउटाले अर्कोलाई देख्न सके – 'अहो ! यहाँ अरू पनि त प्राणीहरू रहेछन् !' यो दस हजार लोक-धातुभन्दा अत्यधिक प्रकाश जाज्वल्यमान भएको थियो । यो पनि लक्षण हो ।

## ४. बत्तीस महापुरुषलक्षण

१८. भिक्षु हो ! विपस्सी कुमार उत्पन्न भएपछि सेवकहरूले बन्धुमान् राजालाई निवेदन गरे – 'देव ! तपाईंलाई पुत्र उत्पन्नभयो । देव ! तपाईंले उहाँको दर्शन गर्नुहोस् ।' भिक्षु हो ! बन्धुमान् राजाले विपस्सी कुमारको दर्शन गरे । दर्शन गरिसकेपछि *(यथासमय)* नैमित्तिक *(ज्योतिषी, लक्षणविद्)* ब्राह्मणहरूलाई बोलाई यस्तो भने – 'तपाईंहरू नैमित्तिक ब्राह्मणहरूले *(मेरा)* कुमारको लक्षण हेरि दिनुस् ।' ती ब्राह्मणहरूले कुमारको लक्षणबारे विचार गरे । गणना गरी बन्धुमान् राजालाई यस्तो निवेदन गरे – 'देव ! प्रसन्न हुनुहोस् । तपाईंको पुत्र ठूलो भाग्यवान् हुनुहुन्छ । महाराज ! तपाईंको कुलमा यस्तो पुत्र उत्पन्न भएकोले ठूलो लाभ भयो । देव ! यी कुमार ३२ लक्षणबाट युक्त हुनुहुन्छ, जुन लक्षणहरूले युक्त हुने महापुरुषको दुईवटा मात्र गति हुन सक्छ ।'

यदि घरमा बस्छ भने धार्मिक चक्रवर्ती राजा हुन्छ, चतुर्द्विप विजेता भई जनपदलाई स्थायित्व राख्दछ । सप्तरत्न सम्पन्न हुन्छ । ती सप्तरत्नहरू यि नै हुन् (१) चक्ररत्न, (२) हस्तिरत्न, (३) अश्वरत्न, (४) मणिरत्न, (५) स्त्रीरत्न, (६) गृहपतिरत्न र (७) परिणायकरत्न । त्यस्तै, शूरवीर, शत्रुविजेता एक हजारभन्दा बढी पुत्रहरू हुनेछन् । उसले यो पृथ्वीको सागरसम्म दण्ड तथा शस्त्ररहित धर्मपूर्वक विजय गर्छ । यदि ऊ घर-बार छोडी प्रव्रजित भयो भने अरहत् सम्यक्सम्बुद्ध हुन्छ । राग-द्वेष-मोहबाट निर्लिप्त हुन्छ ।

१९. देव ! यो कुमार कुन कुन महापुरुषका ३२ लक्षणले युक्त भएका हुन् जसबाटयुक्त भएका महापुरुष ··· यदि घरमा बस्दछ भन्ने धार्मिक चक्रवर्ती राजा हुने ··· यदि ऊ घरबार छाडी प्रव्रजित भयो भने अरहत् सम्यक्सम्बुद्ध ··· हुनेछ ?

२०. (१) देव ! यो कुमारका पाद *(पाउ)* सुप्रतिष्ठित छन् । देव ! यो कुमारको पाद सुप्रतिष्ठित हुनु नै महापुरुषको महापुरुषलक्षण हो । (२) देव ! यो कुमारको पैतालामा सहस्र तेस्रो चिन्ह, भित्री, बाहिरी घेरा चिन्ह र नाभिसहित सबै प्रकारले परिपूर्ण चक्र चिन्ह छ । देव ! यो कुमारको पैतालामा सहस्र तेस्रो चिन्ह, भित्री, बाहिरी घेरा चिन्ह र नाभिसहित सबै प्रकारले परिपूर्ण चक्र चिन्ह हुनु नै महापुरुषको महापुरुषलक्षण हो । (३) ······ कुर्कुचा लामा छन् ··· । (४) ··· औंलाहरू लामा छन् ··· । (५) ··· मृदु-तरुण-हस्तपाद छन् ··· । (६) ··· जात हस्त-पाद छन् *(भ्यालका डन्डीझैं बराबर भएका औंलाहरू छन्)* ··· । (७) गोलीगाँठा माथि छन् ··· । (८) ··· एणिजङ्घ छ *(एणी भन्ने मृगको जसतो कम्मर छ)* ··· । (९) ··· निहुरिई उभिएर नै कुमारले दुवै घुँडा हातले छुन सक्नुहुन्छ ··· । (१०) ··· प्रतिच्छन्न भएको पुरुषेन्द्रिय छ ··· । (११) ··· सुवर्ण वर्णसमान कञ्चन त्वचा छ ··· । (१२) ··· कुमारको छवि *(छालाको माथिल्लो भाग)* सूक्ष्म *(चिल्लो)* छ । त्यसैले उहाँको शरीरमा धूलो बस्दैन, मैलो पर्दैन ··· । (१३) ··· एउटा रोमकूपमा एउटा मात्र रौ छ ··· । (१४) ··· कुमारको रोम ऊर्ध्वाग्र छ । ती रोमहरू गाजलजस्ता काला

Downloaded from http://www.dhamma.digital

छन्, दाहिनेतिर भुमरी परी टुप्पा माथितिर फर्केका छन् ··· । (१५) ··· ब्रह्म-ऋजु अर्थात् शरीर बिलकुल सीधा छ, ··· (१६) ··· सप्तस्थान[३४५] पुष्ट छन् ··· । (१७) ··· सिंहको जस्तो पूर्वार्ध *(छाती आदि शरीरको माथिल्लो भाग)* छ ··· (१८) ··· चित्रंस अर्थात् दुवै काँध परिपुष्ट छन् ··· । (१९) ··· न्यग्रोध *(बरको रूख)* झैं जति आङको उचाइ छ, त्यति नै चौडाइ छ, जति आङको चौडाइ छ, त्यति नै उचाइ छ ··· । (२०) समवर्तित स्कन्ध राम्ररी गोल परेको गर्धन छ ··· । (२१) ··· रसग्गसाग्गि अर्थात् तुरुन्तै स्वाद टिप्न सक्ने जिब्रो छ ··· । (२२) ··· सिंहको जस्तो च्यापु वा चिउँडा *(हुनु)* छ ··· । (२३) ··· चालीस वटा दाँतहरू छन् ··· । (२४) ··· सम *(बराबर पङ्क्ति मिलेका)* दन्तहरू छन् ··· । (२५) दाँतहरूका बीचमा प्वाल नपरेकाले ती टम्म मिलेका छन् ··· । (२६) ··· सेता दाँत छन् ··· । (२७) ··· जिब्रो लामो छ ··· । (२८) ··· ब्रह्मस्वर *(अर्थात करवीक भन्ने कोइलीको जस्तो स्वर)* छ ··· । (२९) अभिनील नेत्र *(आलसको फूलको रङ जस्ता आँखा)* छन् ··· (३०) ··· बाछाका जस्ता परेला छन् ··· । (३१) ··· आँखी भईको माझमा भुमरी *(ऊर्णा)* भनौं, रोमरानी *(रौंहरूको पङ्क्ति)* सेता नरम कपासजस्तो छ । ··· (३२) देव ! यो कुमारको उष्णीष शीर्ष अर्थात् मुकुट जस्तो शिर छ । देव ! यो कुमारको उष्णीष शीर्ष हुनुभनेको नै महापुरुषको महापुरुषलक्षण हो ।

२१. देव ! यो कुमार महापुरुषको बत्तीस लक्षणले युक्त छ । यस्ता लक्षणहरूले युक्त भएको महापुरुष ··· यदि घरमा बस्छ भने ऊ धार्मिक चक्रवर्ती राजा हुनेछ ··· यदि ऊ घरबार छाडी प्रव्रजित भयो भने अरहत् सम्यक्सम्बुद्ध ··· हुने छ ।

## ५. विपस्सी बोधिसत्त्व

२२. भिक्षु हो ! अनि बन्धुमान् राजाले ज्योतिषी ब्राह्मणहरूलाई नयाँ-नयाँ वस्त्र लगाउन दिई *(उनीहरूको)* सबै इच्छा पूरा गरिदिए । भिक्षु हो ! अनि बन्धुमान् राजाले विपस्सी कुमारका निमित्त घाईआमा नियुक्ती गरे । केहीले दुध खुवाउँछन्, केहीले नुहाई, केहीले बोकेर डुलाउन लगिदिन्छन् । भिक्षु हो ! विपस्सी कुमारलाई चिसो, तातो, घाँसपात, धूलो र शीतबाट बचून् भनेर उनको जन्मकालदेखि नै रातदिन श्वेतछत्र धारण गराइराखेका थिए । भिक्षु हो ! विपस्सी कुमार जन्मेदेखि नै सबैका प्रिय मनाप *(मनमोहक)* थिए । भिक्षु हो ! जस्तो कि *(उपमाका लागि)* उत्पल, पद्म अथवा पुण्डरीक *(सेतो कमल)* सबैको लागि प्रिय र मनाप हुन्छन्, भिक्षु हो ! त्यसरी नै विपस्सी कुमार पनि सबैका लागि प्रिय र मनाप थिए । निज *(कुमार)* एउटाको काखबाट अर्कोको काखमा सर्दै डुल्ने गर्दथे ।

भिक्षु हो ! विपस्सी कुमारको स्वर जन्मकालदेखि नै कोमल, मधुर तथा प्रिय थियो । भिक्षु हो ! जस्तो कि *(उपमाका लागि)* हिमालय पर्वतमा बस्ने करवीक *(कोइली)* पक्षीको स्वर कोमल, मधुर तथा प्रिय भएको हुन्थ्यो; भिक्षु हो ! त्यसरी नै विपस्सी कुमारको जन्मकालदेखि नै स्वर कोमल मधुर तथा प्रिय थियो । भिक्षु हो ! उहाँ विपस्सी कुमारलाई *(पूर्व)* कर्मको विपाकको कारण जन्मकालदेखि नै उहाँमा दिव्यचक्षु उत्पन्न भएको थियो । *(दिव्य चक्षुबाट)* उहाँ रातदिन चारैतर्फ एक योजनसम्म देख्नु हुन्थ्यो । भिक्षु हो ! जन्मेदेखि नै उहाँ विपस्सी कुमार त्रयस्त्रिंशवासी देवताहरूले जस्तै आँखा नझिम्काई हेर्नु हुन्थ्यो । कुमारले ··· हेर्नु हुन्छ *(विपस्सति)* । भिक्षु हो ! त्यसैले 'विपस्सी' 'विपस्सी' भन्दै विपस्सी कुमार भन्ने नाउँ रह्यो ।

---

३४५ दुई हात, दुई खुट्टा, दुई काँध र आङसहित गर्धनलाई सप्तस्थान भन्दछन् ।

Downloaded from http://www.dhamma.digital

२३. भिक्षु हो ! अनि बन्धुमान् राजा न्यायसभा *(अधिकरण, न्यायालय)* मा बसेर विपस्सी कुमारलाई काखमा राखी न्याय गर्नुहुन्थ्यो । भिक्षु हो ! अनि विपस्सी कुमारले आफ्नो पिताको काखमा बसेर राम्ररी विचार गरी न्यायका रूपमा फैसला गर्ने हुँदा, भिक्षु हो ! त्यसैले पनि विपस्सी विपस्सी *(विपस्सी)* भन्दै विपस्सी कुमार भन्ने नाउँ रह्यो ।

२४. भिक्षु हो ! अनि बन्धुमान् राजाले विपस्सी कुमारका निमित्त तीनवटा प्रासाद *(महल)* बनाइ दिए । एउटा वर्षाऋतुको निमित्त, एउटा हेमन्त ऋतुको निमित्त, अनि एउटा गृष्मकालको निमित्त पञ्चकाम गुण भोगको पनि प्रबन्ध मिलाइदिए । भिक्षु हो ! उहाँ विपस्सी कुमार वर्षाकालमा वर्षामा बस्ने प्रासादमा चार महिनासम्म निष्पुरुष *(आइमाईहरू)* बाट सेवा गराई प्रासादबाट कहिल्यै तल ओर्लनु पर्दैनन्थ्यो ।

**प्रथम भाणवार समाप्त ।**

## चार निमित्त

२५. "भिक्षु हो ! विपस्सी कुमारले धेरै वर्ष, सयौं वर्ष, हजारौं हजार वर्ष बितेपछि *(एकदिन)* सारथिलाई बोलाएर भने – "सौम्य सारथि ! राम्रा-राम्रा रथ तयार गर । उद्यान-भूमि गएर रमणीयता हेर्न जाने इच्छा भयो ।" भिक्षु हो ! त्यसपछि सारथिले – "हवस्, देव !" भनी विपस्सी कुमारलाई प्रत्युत्तर दिई राम्रा-राम्रा रथ तयार गरी विपस्सी कुमारलाई निवेदन गरे – 'देव ! राम्रा-राम्रा रथका साथ उद्यान भूमितर्फ प्रस्थान गर्नुहोस् ।'"

Dhamma.Digital

## वृद्ध

२६. "भिक्षु हो ! उद्यान भूमितर्फ निस्केका विपस्सी कुमारले *(बाटोमा)* एक जना *(बूढो)* मानिस जीर्ण घरको छानामा रहेको मुसी जस्तै बाङ्गो भइसकेको, युवावस्था भोगि सकेको, लट्ठी टेक्दै थरथर काँप्दै बाटोमा हिंडिरहेको देखे । यस्तो *(वृद्ध मानिस)* देखेर सारथिसित सोधे – 'सौम्य सारथि ! यो मान्छे को हो ? यसको केश पनि अरू *(साधारण मानिस)* को जस्तो छैन, शरीर पनि अरूको जस्तो छैन ।'

'देव ! यसलाई वृद्ध *(बूढो)* भनिन्छ ।'

'सौम्य सारथि ! यो वृद्ध भनेको के हो ?'

'देव ! यो वृद्ध भनेको अब धेरै दिनसम्म जीवित रहँदैन ।'

'सौम्य सारथि ! त्यस्तो भए के त म पनि वृद्ध हुन्छ ? के त यस्तो हुँनै पर्छ ?'

'हो, देव ! तपाईं, हामी सबै बूढा हुनैपर्छ । *(यो)* अनिवार्य छ ।'

'सौम्य सारथि ! त्यस्तो भए उद्यान भूमितर्फ जानु पर्दैन, यहींबाट रथलाई अन्तः पुरतर्फ फर्काओ ।'

Downloaded from http://www.dhamma.digital

"भिक्षु हो ! सारथिले – 'हवस्, देव !' भनी कुमारलाई प्रत्युत्तर दिई रथलाई त्यहींबाट अन्तः पुरतर्फ फर्काएर लगे ।"

"भिक्षु हो ! अनि विपस्सी कुमार अन्तः पुरमा गई दुःखी र दुर्मन भई चिन्तना गरे – 'यो जन्म लिनु पनि धिक्कार नै रहेछ । जबदेखि जन्म भयो, त्यस बेला देखि बूढो हुनैपर्ने पो रहेछ ।"

२७. "भिक्षु हो ! त्यसपछि बन्धुमान् राजाले सारथिलाई डाकेर यस्तो भने – 'सौम्य सारथि ! के त कुमार उद्यान भूमिमा डुल्न गएर ··· कुमार प्रसन्न भयो' ?"

'देव ! कुमार उद्यान भूमि डुल्न जानुभएन ··· । देव ! न त कुमार उद्यान भूमिको रमणीयता हेरेर प्रसन्न नै हुनुभयो ।'

'सौम्य सारथि ! उद्यान भूमितिर डुल्न जाँदा कुमारले के देख्यो ?'

'देव ! उद्यान भूमितर्फ निस्केका कुमारले एक जना *(बूढो)* मानिस जीर्ण घरको छानामा रहेको मुसीजस्तै बाङ्गो भइसकेको युवावस्था भोगिसकेको, लट्ठी टेक्दै थरथर काँप्दै बाटोमा हिंडिरहेको देखे । यस्तो देखेर मसित सोधे – 'सौम्य सारथि ! यो मान्छे को हो ? यसको केश अरूका जस्तो छैन नि, शरीर पनि अरूको जस्तो छैन !'

'देव ! यसलाई वृद्ध भनिन्छ ।'

'सौम्य सारथि ! यो वृद्ध भनेको के हो ?'

'देव ! यो वृद्ध भनेको अब धेरै दिनसम्म जीवित रहँदैन ।'

'सौम्य सारथि ! त्यस्तो भए के त म पनि वृद्ध हुन्छु ? के त यस्तो हुनै पर्छ ?'

'हो, देव ! तपाईं, हामी सबै बूढा हुनैपर्छ । *(यो)* अनिवार्य छ ।'

'सौम्य सारथि ! त्यस्तो भए उद्यान भूमितर्फ जानु पर्दैन, यहींबाट रथलाई अन्तःपुरतर्फ लैजाओ ।' भिक्षु हो ! सारथिले – 'हवस्, देव ! भनी कुमारलाई प्रत्युत्तर दिई *(रथ)* त्यहींबाट अन्तःपुरतर्फ फर्काएर ल्याए ।

'देव ! त्यसपछि कुमार अन्तःपुरमा गई दुःखी र दुर्मन भई चिन्तना गरे – 'यो जन्म लिनु पनि धिक्कार नै रहेछ । जबदेखि जन्म भयो, त्यस बेलादेखि जराले पछि-पछि लखेट्दैछ ।'

२८. "भिक्षु हो ! अनि बन्धुमान् राजालाई यस्तो भयो – 'विपस्सी कुमारले राज्य नगर्ने नहोस्, विपस्सी कुमार घर-बार छाडी प्रव्रजित हुने नहोस् । ज्योतिष ब्राह्मणहरूले भनेको कुरा ठीक नहोस् ।' भिक्षु हो ! अनि बन्धुमान् राजाले विपस्सी कुमारको प्रसन्नताको निमित्त झन् धेरै बढी पञ्चकाम गुणद्वारा सेवा गराउन थाले । जसले गर्दा विपस्सी कुमारले राज्य गरोस्, घर-बार छाडी प्रव्रजित नहुने होस् । जसले गर्दा ब्राह्मणहरूले भनेको कुरा झूटो होस् । भिक्षु हो ! अनि विपस्सी कुमारलाई पञ्चकाम गुणद्वारा झन् बढी सेवा गराए ।

"भिक्षु हो ! विपस्सी कुमारले धेरै वर्ष, सयौं वर्ष, हजारौं हजार वर्ष बितेपछि *(एक दिन)* सारथिलाई बोलाएर भने – "सौम्य सारथि ! राम्रा-राम्रा रथ तयार गर । उद्यान भूमि गएर रमणीयता हेर्न जाने इच्छा भयो ।" भिक्षु हो ! त्यसपछि सारथिले – 'हवस्, देव !' भनी विपस्सी कुमारलाई प्रत्युत्तर दिई राम्रा-राम्रा रथ तयार गरी विपस्सी कुमारलाई निवेदन गरे – 'देव ! राम्रा-राम्रा रथ तयार भइसके । अब जस्तो उचित सम्झनुहुन्छ ।' भिक्षु हो ! त्यसपछि विपस्सी कुमार एउटा रथमा चढी राम्रा-राम्रा रथका साथ उद्यान प्रस्थान गरे ।'

Downloaded from http://www.dhamma.digital

## रोगी

२९. "भिक्षु हो ! विपस्सी कुमार उद्यान भूमितिर गइरहेको बेला विपस्सी कुमारले एक जना आफ्नै मलमूत्रमा लेटिरहेको, मुखबाट राल निस्किरहेको, अरूले उसलाई उठाउनु बसाउनु गरेको, स्वयं आफ्नो काम गर्न असमर्थ, सिकिस्त बिरामी मान्छेलाई देख्नुभयो । देखेर सारथिसित सोधे – 'सौम्य सारथि ! यो मान्छे के गरिरहेको छ ? यसको आँखा पनि अरूको जस्तो छैन, टाउको पनि अरूको जस्तो छैन ।'

'देव ! यो मान्छे रोगी हो ।'

'सौम्य सारथि ! रोगी के हो ?'

'देव ! यो सन्चो नभएको मान्छे हो । अब यो रोगबाट छुटकारा पाउन मुस्किलै होला जस्तो छ ।'

'सौम्य सारथि ! त्यस्तो भए के त म पनि व्याधि-धर्म छु, के त रोग अनिवार्य छ ?'

'देव ! तपाईं हामी सबै व्याधिधर्मा छौ, रोग अनिवार्य छ ।'

'सौम्य सारथि ! त्यस्तो भए उद्यान भूमितर्फ जानु पर्दैन, यहींबाट रथलाई अन्तःपुरतर्फ फर्काओ ।'

भिक्षु हो ! सारथिले – 'हवस्, देव !' भनी कुमारलाई प्रत्युत्तर दिई रथलाई त्यहींबाट अन्त पुरतर्फ फर्काएर लगे ।

"भिक्षु हो ! अनि विपस्सी कुमार अन्तःपुरमा गई दुःखी र दुर्मन भई चिन्तना गरे – 'यो जन्म लिनु पनि धिक्कार नै रहेछ, जब देखि जन्म भयो, त्यस बेलादेखि जरा-व्याधिले पछि-पछि लखेट्दैछ ।"

३०. "भिक्षु हो ! त्यसपछि बन्धुमान् राजाले सारथिलाई बोलाई यस्तो भने – 'सौम्य सारथि ! के त कुमार उद्यान भूमिमा डुल्न गएर ··· कुमार प्रसन्न भयो ' ? ···

'सौम्य सारथि ! उद्यान भूमि डुल्न जाँदा कुमारले के देख्यो ?' ···

३१. "भिक्षु हो ! अनि बन्धुमान् राजालाई यस्तो भयो – ' विपस्सी कुमारले राज्य नगर्ने नहोस्, विपस्सी कुमार घरबार छाडी प्रव्रजित हुने नहोस् । ज्योतिष ब्राह्मणहरूले भनेको कुरा ठीक नहोस् ।' भिक्षु हो ! अनि बन्धुमान राजाले विपस्सी कुमारको प्रसन्नताका निमित्त झन् धेरै बढी पञ्चकाम गुणद्वारा सेवा गराउन थाले, जसले गर्दा विपस्सी कुमारले राज्य गरोस्, घरबार छाडी प्रव्रजित नहुने होस् । जसले गर्दा ब्राह्मणहरूले भनेको कुरा झूट्टा होस् । भिक्षु हो ! अनि विपस्सी कुमारलाई पञ्चकाम गुणद्वारा झन् धेरै बढी सेवा गराए ।

"भिक्षु हो ! विपस्सी कुमारले धेरै वर्ष ··· बितेपछि ··· *(पूर्ववत्)* ··· प्रस्थान गरे ।

## मृतक

३२. "भिक्षु हो ! विपस्सी कुमार उद्यान भूमितिर गई रहेको बेला उनले धेरै मानिसहरू भेला भई नाना प्रकारका रङ्गीविरङ्गी कपडा जम्मा पारी शिविका बनाउँदै गरेको देखे । देखेर सारथिलाई सोधे –

Downloaded from http://www.dhamma.digital

'सौम्य सारथि ! यतिका मानिसहरू भेला भई नाना प्रकारका रङ्गीविरङ्गी कपडा जम्मा पारी किन शिविका बनाउँदै गरेका हुन् ?'

"देव ! यो मान्छे मरेको छ ।"

'सौम्य सारथि ! त्यस्तो भए त्यो मरेको मान्छे भएको ठाउँतिर रथ लैजाओ ।'

'हवस्, देव' भनी विपस्सी कुमारलाई प्रत्युत्तर दिई रथलाई जहाँ मृतक *(लास)* भएको ठाउँ थियो त्यहाँ लगे । भिक्षु हो ! अनि विपस्सी कुमारले मृतकलाई देखे । देखेर सारथिलाई सोधे – 'सौम्य सारथि ! मृतक भनेको के हो ?' 'देव ! यो मरेर गयो । अब उसका आमा-बाबु आफन्त नातादारहरूले उसलाई देख्न सक्दैनन् । उसले पनि आफ्ना आमा-बाबु आफन्त नातादारहरूलाई देख्न सक्दैन ।'

'सौम्य सारथि ! त्यस्तो भए म पनि मरणधर्मा हो ? मृत्यु अनिवार्य हो ? मलाई के देवले *(पिताले)*, देवीले *(माताले)*, आफन्त नातादारहरूले अथवा अरू कसैले देख्न सक्दैनन् ? के म पनि देवलाई, देवीलाई आफन्त नातादारहरूलाई अथवा अरू कसैलाई देख्न सक्दिन ?' 'देव ! तपाईं, हामी, हामी सबै मरणधर्मा हौं । मृत्यु अनिवार्य छ ।' 'सौम्य सारथि ! त्यस्तो भए उद्यान भूमितर्फ जानु पर्दैन, यहींबाट रथलाई अन्तःपुरतर्फ लैजाओ ।'

"भिक्षु हो ! सारथिले – 'हवस्, देव ' भनी कुमारलाई प्रत्युत्तर दिई रथलाई त्यहींबाट अन्तःपुरतर्फ फर्काएर लगे' ।"

"भिक्षु हो ! अनि अन्तःपुरमा गई दुःखी र दुर्मन भई विपस्सी कुमार चिन्तना गरे – 'यो जन्म लिनु पनि धिक्कार नै रहेछ । जबदेखि जन्म भयो, त्यस बेलादेखि जरा, व्याधि र मरण पछि-पछि लखेट्दैछन् ।'

३३. "भिक्षु हो ! त्यसपछि बन्धुमान् राजाले सारथिलाई बोलाई यस्तो भने – 'सौम्य सारथि ! के त कुमार उद्यान भूमिमा डुल्न गएर ··· कुमार प्रसन्न भयो' ?" ··· *(पूर्ववत्)* ··· ।

३४. "भिक्षु हो ! अनि बन्धुमान् राजालाई यस्तो भयो – ' विपस्सी कुमारले राज्य नगर्ने नहोस्, विपस्सी कुमार घर-बार छाडी प्रव्रजित हुने नहोस् । ज्योतिष ब्राह्मणहरूले भनेको कुरा ठीक नहोस् ।' भिक्षु हो ! अनि बन्धुमान् राजाले विपस्सी कुमारको प्रसन्नताको निमित्त झन् धेरै बढी पञ्चकाम गुणद्वारा सेवा गराउन थाले, जसले गर्दा विपस्सी कुमारले राज्य गरोस्, घरबार छाडी प्रव्रजित नहुने होस्, जसले गर्दा ब्राह्मणहरूले भनेको कुरा झूट्टा होस् । भिक्षु हो ! अनि विपस्सी कुमारलाई पञ्चकाम गुणद्वारा झन् धेरै बढी सेवा गराए ।

## प्रव्रजित

"भिक्षु हो ! विपस्सी कुमारले धेरै वर्ष ··· बितेपछि ···*(उद्यान भूमितर्फ)* ··· प्रस्थान गरे ।

३५. "भिक्षु हो ! विपस्सी कुमारले उद्यान भूमितिर गईरहेको बेला एक जना मुण्डित काषायवस्त्रधारी प्रव्रजितलाई देखे । देखेर सारथिसित सोधे – 'सौम्य सारथि ! यो मान्छे को हो ? यसको टाउको अरूको जस्ता छैन, वस्त्र पनि अरूको जस्तो छैन ?' ' देव ! यो प्रव्रजित हो ।' 'सौम्य सारथि ! यो प्रव्रजित के हो ?' 'देव ! राम्रो धर्माचरणको निमित्त, शान्ति प्राप्त गर्नको निमित्त, राम्रो कर्म *(सत्कर्म)* गर्नका निमित्त, पुण्य सञ्चय गर्नका निमित्त, अहिंसाका निमित्त, प्राणी *(भूत)* हरूको अनुकम्पाका निमित्त यो प्रव्रजित भएको हो ।' 'सौम्य सारथि ! त्यस्तो भए जहाँ त्यो प्रव्रजित छ, त्यहाँ रथ लैजाओ ।' 'हवस्, देव !' भनी ··· जहाँ त्यो प्रव्रजित थियो त्यहाँ रथ लगे । भिक्षु हो ! अनि विपस्सी कुमारले प्रव्रजितलाई

Downloaded from http://www.dhamma.digital

यस्तो भने – तपाईं को हुनुहुन्छ ? तपाईंको टाउको अरूको जस्तो छैन, तपाईंको वस्त्र पनि अरूको जस्तो छैन ?' 'देव ! म प्रव्रजित हुँ ।' 'तपाईं प्रव्रजित हुनुहुन्न, यसको अर्थ के हो ?' 'देव ! राम्रो धर्माचरणको निमित्त, पुण्य सञ्चय गर्नका निमित्त, अहिंसाका निमित्त, प्राणीहरूको अनुकम्पाका निमित्त म प्रव्रजित भएको हुँ ।' 'साधु ! तपाईं प्रव्रजित हुनुहुन्छ । साधु ! धर्माचरणको निमित्त । साधु ! पुण्य सञ्चय गर्नको निमित्त ! साधु ! अहिंसाका निमित्त ! साधु ! प्राणीहरूको अनुकम्पाका निमित्त !'

'सौम्य सारथि ! अब उद्यान भूमितर्फ जानु पर्दैन, यहींबाट रथलाई अन्तःपुरतर्फ लैजाओ । म पनिं यहीं नै केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिक भई प्रव्रजित हुनेछु ।' भिक्षु हो ! सारथिले – 'हवस्, देव ! ' भनी कुमारलाई प्रत्युत्तर दिई *(रथ)* त्यहांबाट अन्तःपुरतर्फ फर्काएर ल्याए । अनि विपस्सी कुमार त्यहीं नै केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिक भई प्रव्रजित हुनुभयो ।"

## धेरै बन्धुमती वासीहरूको प्रव्रज्या

३७. "भिक्षु हो ! बन्धुमती राजधानीका ८४ हजार मानिसहरूले सुने – विपस्सी कुमार केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिक भई प्रव्रजित हुनुभयो । सुनेर ती मानिसहरूलाई यस्तो भयो – 'यो धर्म सानो *(चानचुने)* होइन, यो प्रव्रज्या पनि सानो होइन, जहाँ विपस्सीजस्ता कुमार केश दाह्री क्षौर गरी काषोयवस्त्र धारण गरी घरबार छाडी अनगारिक भई प्रव्रजित भएका छन् । यदि विपस्सी कुमारजस्ता नै केश दाह्री क्षौर गरी ··· प्रव्रजित हुनुभयो भन्ने हामीहरू जस्ताको के कुरा ! '

"भिक्षु हो ! त्यसपछि ती चौरासीहजार मानिसहरू केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी विपस्सी बोधिसत्त्वकहाँ घरबार छाडी अनगारिक भई प्रव्रजित भए । भिक्षु हो ! ती चौरासीहजार भिक्षुहरूको परिषद् साथ विपस्सी बोधिसत्त्व ग्राम, निगम, जनपद, राजधानीहरू चारिका गर्दै बस्नुभयो ।"

३८. "भिक्षु हो ! विपस्सी बोधिसत्त्वलाई एकान्तमा ध्यान गरी बस्दा यस्तो वितर्क चित्तमा उत्पन्न भयो – 'यो मेरो निमित्त मानिसहरूको समूह साथ चारिका गरिरहनु शोभा दिंदैन । किन म आजदेखि एक्लै भएर नबसुँ ।' भिक्षु हो ! त्यसपछि विपस्सी बोधिसत्त्व गणलाई छाडी एक्लै बस्न जानुभयो । ती चौरासीहजार प्रव्रजितहरू एकतर्फ लागे, विपस्सी बोधिसत्त्व अर्कोतर्फ लाग्नुभयो ।

## विपस्सीलाई ञाणपटिवेध (बुद्धत्वप्राप्ति)

३९. "भिक्षु हो ! त्यसपछि विपस्सी बोधिसत्त्वलाई एकान्तमा ध्यान गरी बस्दा यस्तो वितर्क चित्तमा उत्पन्न भयो – 'यो संसार धेरै नै दुःख *(को जङ्गल)* मा फँसेको छ, यहाँ मानिस जन्मन्छ, वृद्ध हुन्छ, मर्छ, च्यूत हुन्छ फेरि उत्पन्न हुन्छ । फेरि, यो दुःख, जरा तथा मृत्युबाट निःशरण *(दुःखबाट छुट्ने उपाय)* हुने कुरा *(कसैलाई)* थाहा छैन । यो दुःखबाट, जराबाट तथा मरणबाट निःशरण हुने कुरा कसरी जानुँ ?'

Downloaded from http://www.dhamma.digital

"भिक्षु हो ! विपस्सी बोधिसत्त्वलाई यस्तो भयो – के भएमा जरामरण हुन्छ, के कारण *(हेतु, प्रत्यय)* द्वारा जरामरण हुन्छ ? भिक्षु हो ! विपस्सी बोधिसत्त्वले योनिसोमनासिकार गरीसकेपछि प्रज्ञाद्वारा बोध भयो – उपादान भएमा भव हुन्छ, उपादानको कारणद्वारा भव हुन्छ ।"

"भिक्षु हो ! ... प्रज्ञाद्वारा बोध भयो – तृष्णा भएमा उपादान हुन्छ, तृष्णाको कारणद्वारा उपादान हुन्छ ।"

"भिक्षु हो ! ... प्रज्ञाद्वारा बोध भयो – वेदना भएमा तृष्णा हुन्छ, वेदनाको कारणद्वारा तृष्णा हुन्छ ।"

"भिक्षु हो ! ... प्रज्ञाद्वारा बोध भयो – स्पर्श भएमा वेदना हुन्छ, स्पर्शको कारणद्वारा वेदना हुन्छ ।"

"भिक्षु हो ! ... प्रज्ञाद्वारा बोध भयो – षडायतन भएमा स्पर्श हुन्छ, षडायनको कारणद्वारा स्पर्श हुन्छ ।"

"भिक्षु हो ! ... प्रज्ञाद्वारा बोध भयो – नाम रूप भएमा षडायतन हुन्छ, नाम रूपको कारणद्वारा षडायतन हुन्छ ।"

"भिक्षु हो ! ... प्रज्ञाद्वारा बोध भयो – विज्ञान भएमा नाम रूप हुन्छ, विज्ञानको कारणद्वारा नाम रूप हुन्छ ।"

"भिक्षु हो ! विपस्सी बोधिसत्त्वलाई यस्तो भयो – के भएमा विज्ञान[३४६] हुन्छ, के कारण *(हेतु, प्रत्यय)* द्वारा विज्ञान हुन्छ ? भिक्षु हो ! विपस्सी बोधिसत्त्वले योनिसोमनसिकार गरीसकेपछि *(उहाँलाई)* प्रज्ञाद्वारा बोध भयो – नाम रूप[३४७] भएमा विज्ञान हुन्छ, नाम रूपको कारणद्वारा विज्ञान हुन्छ ।"

---

३४६ 'विज्ञान' को शब्दार्थ हो – जान्नु, बुझ्नु देख्नु इत्यादि । विषयवस्तु अनुसार 'विज्ञान' को अर्थ अनेक प्रकार हुनसक्ने भएता पनि यहाँनिर अर्थात् 'संस्कारको कारणले विज्ञान हुन्छ' भन्ने ठाउँमा 'विज्ञान' को अर्थ चक्षु आदि षडविज्ञान हुन् । यस सम्बन्धमा पनि उपरोक्त ग्रन्थबाटै पालिपाठ उद्धृत गरिदिएको छु –

"तत्थ कतमं सङ्खारपच्चया विञ्ञाणं ? – चक्खुविञ्ञाणं, सोतविञ्ञाणं, घानविञ्ञाणं, जिह्वाविञ्ञाणं, काय विञ्ञाणं, मनोविञ्ञाणं, – इदं वुच्चति 'सङ्खारपच्चया विञ्ञाणं ।" विभं. पा. पृ. १७४ अर्थात् – त्यहाँ संस्कार प्रत्ययद्वारा विज्ञान भनेको के हो भने ? – चक्षुविज्ञान, श्रोतविज्ञान, घ्राणविज्ञान, जिह्वाविज्ञान, कायविज्ञान तथा मनोविज्ञान आदिलाई नै 'संस्कारप्रत्ययद्वारा विज्ञान' भनेको हो । यसैको परिभाषा अभिधर्मभाजनीय अनुसार यसरी उल्लेख भएको छ –

"तत्थ कतमं सङ्खारपच्चया विञ्ञाणं ? – यं चित्तं मनोमानसं हदयं पण्डरं मनो मनायतनं मनिन्द्रियं विञ्ञाणं विञ्ञाणक्खन्धो तज्जा मनोविञ्ञाणधातु – इदं वुच्चति 'सङ्खारपच्चया विञ्ञाणं' ।" विभं, पा.पृ. १८२. अर्थात् – संस्कारप्रत्ययद्वारा विज्ञान भनेको धड्कन हो, जुन त्यहाँ मनायतन मनेन्द्रिय, विज्ञान अथवा मनोविज्ञानस्कन्ध, क्रियाशीलता तथा मनोविज्ञानधातु *(=तत्व)* हो – यसैलाई 'संस्कारप्रत्ययद्वारा विज्ञान' भनेको हो । यस सम्बन्धमा अझ बढी विस्तारपूर्वक अध्ययन गर्न चाहनेले विसु. म.पृ. १०९: पञ्ञाभूमिनिद्देसो-१७ तथा सम्मो.वि.पृ. १०५-१७ मा हेर्नुहोला ।

३४७ यहाँ 'नाम' र 'रूप' भनेको कुनै वस्तु वा व्यक्तिको नामलाई 'नाम' भनेको होइन; न त कुनै वस्तुको वा व्यक्तिको रूपलाई नै 'रूप' भनेको हो । बुद्धधर्म अनुसार संक्षेपमा भन्ने हो भने – 'नाम' भन्नाले सचेतन र 'रूप' भन्नाले अचेतन भन्ने अर्थ सम्झनु पर्छ ।

उक्त ग्रन्थकै सुत्तन्तभाजनीय अनुसार यसको परिभाषा यसप्रकार उल्लेख भएको छ –

"तत्थ कतमं नामं ? – वेदनाक्खन्धो, सञ्ञाक्खन्धो, सङ्खारक्खन्धो – इदं वुच्चति 'नामं' । तत्थ कतमं रूपं ? – चत्तारो महाभूता, चतुन्नं च महाभूतानं उपादायरूपं – इदं वुच्चति 'रूपं' ।" विभं.पा.पृ.१७४ अर्थात् – त्यहाँ नाम भनेको के हो भने ? – वेदनास्कन्ध, संज्ञास्कन्ध तथा संस्कारस्कन्ध नै 'नाम' हो । रूप भनेको के हो भने ? – चतुर्महाभूत र चतुर्महाभूतद्वारा बनिने रूप नै 'रूप' हो ।

Downloaded from http://www.dhamma.digital

४०. "भिक्षु हो ! अनि विपस्सी बोधिसत्त्वलाई यस्तो भयो – विज्ञान पुन: नाम रूपको पछाडि क्रमबाट प्रारम्भ हुन्छ, यहाँ *(नामरुप)* अगाडि क्रमबाट जाँदैन । यहाँ *(उपर्युक्त क्रममा आबद्ध भएर)* सबैको जन्म हुन्छ, सबैको वृद्ध हुन्छ, सबैको मृत्यु हुन्छ, सबैको च्युत हुन्छ, सबैको उत्पन्न हुन्छन् । यहीं नाम रूपको कारणले विज्ञान हुन्छ, विज्ञानको कारणले नाम रूप हुन्छ, नाम रूपको कारणले षडायतन *(छ आयतन)*[३४८] हुन्छ, षडायतनको कारणले स्पर्श[३४९] हुन्छ, स्पर्शको कारणले वेदना[३५०] हुन्छ, वेदनाको

---

सोही ग्रन्थकै अभिधम्मभाजनीय अनुसार 'नामरूप' को परिभाषा यस प्रकार उल्लेख भएको छ –

'नाम' को परिभाषामाथि उल्लेख भए जस्तै छ । विभं. पा.पृ. १८२; 'रूप' को परिभाषा चाहिं निम्नप्रकार छ –

"तत्थ कतमं रूपं ? – चक्खायतनस्स उपचयो, सोतायतनस्स उपचयो, ··· कायायतनस्स उपचयो, यं वा पनञ्ञं पि अत्थि रूपं चित्तजं चित्तहेतुकं चित्तसमुट्ठानं – इदं वुच्चति 'रूपं' । इति इदं च नामं, च रूपं । इदं वुच्चति 'विञ्ञाणपच्चया 'नामरूप' ।" अर्थात् – रूप भनेको के हो भने ? – चक्षु आयतन *(=पथ)* मा आउने जुन वस्तु हो, श्रोत आयतनमा आउने ··· तथा कायआयतनमा आउने जुन वस्तु हो अथवा चित्तबाट उत्पन्न हुने तथा चित्तको कारणद्वारा उत्पन्न हुने जुनसुकै विषयलाई पनि 'रूप' भन्दछन् । यस्तो 'नाम' र यस्तो 'रूप' लाई नै – 'विज्ञानप्रत्ययद्वारा नाम-रूप' भनिएको हो ।

'रूप' शब्द मात्रको परिभाषा सम्बन्धमा उही ग्रन्थको पृ. १८५ मा यस्तो उल्लेख भएको छ –

"तत्थ कतमं रूपं ? – यं रूपं निस्साय मनोविञ्ञाणधातु वत्तति – इदं वुच्चति रूपं ।" अर्थात् – त्यहाँ रूप भनेको के हो भने ? – जुन विषयको कारणद्वारा मनोविज्ञानधातु प्रवतित हुन्छ – उसैलाई 'रूप' भनिन्छ । नामरूप सम्बन्धी सविस्तर व्याख्यान अत्थ.सा.पृ. ७२, २६२, र ३२७ मा समुल्लेख भएको छ । त्यस्तै सम्मो. वि.पृ. ११८-२१ मा पनि उल्लेख भएको छ ।

माथि उल्लिखित चतुर्महाभूत-रूप र उसको कारणबाट हुने रूपहरू कति प्रकारका छन् भन्ने कुराको स्पष्टिकरण गर्दै अभिधम्मट्ठसङ्गहको परिच्छेद-६, रूपसङ्गहमा निम्न प्रकार उल्लेख भएको छ –

१. पृथ्वी, आप, तेज, वायु – यी ४ लाई – भूतरूप भन्दछन् ।

२. चक्षु, श्रोत, घ्राण, जिह्वा, काय – यी ५ लाई – प्रसादरूप भन्दछन् ।

३. रूप, शब्द, गन्ध, रस – यी ४ लाई – गोचररूप भन्दछन् । *(आपधातु रहित त्री धातुलाई पनि गोचररुपनै भन्दछन् ।)*

४. स्त्रीत्व, पुरुषत्व – यी २ लाई – भावरूप भन्दछन् ।

५. हृदयवस्तु १ लाई – हृदयरूप भन्दछन् ।

६. जीवितेन्द्रिय १ लाई – जीवितरूप भन्दछन् ।

*(उपरोक्त प्रकारका रूपहरूलाई 'स्वभावरूप, निष्पन्नरूप, सलक्षणरूप अथवा 'रूप-रूप पनि भन्दछन् ।)'*

८. आकाश धातु १ लाई – आकाशरूप भन्दछन् ।

९. कायविज्ञप्ति, वचीविज्ञप्ति – यी २ लाई – विज्ञप्तिरूप भन्दछन् ।

१०. रूपको लघुता, मृदुता तथा कर्मण्यता – यी ३ लाई – विकाररूप भन्दछन् ।

११. रूपको उपचय *(=वृद्धि)*, सन्तति, जरता तथा अनित्यता – यी ४ लाई – लक्षणरूप भन्दछन् ।

*(८ देखि ११ सम्मका रुपहरूलाई 'अनिष्पन्न रूप' भनी भन्दछन् ।)*

यस सम्बन्धी विशेष कुराहरू विसु. म.पृ. ४१९: पञ्ञाभूमिनिद्देसो-१७ मा र विभं. पा. पृ. १८५, १८६, १८७ मा पनि हेर्नु होला । 'विज्ञानको कारणले नामरूप' भन्ने बारेमा सम्मो. वि. पृ. ११८, १२१ मा पनि समुल्लेख भएको छ ।

३४८ 'षडायतन' भनेको छ आयतनहरू हुन् । उपरोक्त ग्रन्थकै अभिधम्मभाजनीयमा यसको परिभाषा यस प्रकार उल्लेख भएको छ –

"तत्थ कतमं नामरूप पच्चया छट्ठायतनं ? – यं चित्तं मनो मानसं हदयं पण्डरं मनो मनायतनं मनिन्द्रियं विञ्ञाणं विञ्ञाणक्खन्धो तज्जा मनो मनोविञ्ञाणधातु – इदं वुच्चति 'नाम-रूपपच्चया छट्ठायनतं' । विभं. पा.पृ. १८५ अर्थात् – त्यहाँ नामरूप प्रत्ययद्वारा षष्टम आयतन भनेको के हो भने ? – जो त्यहाँ चित्त अथवा मन अथवा हृदयको धड्कन हो, जुन मन वा मनायतन अथवा मनेन्द्रिय, विज्ञान अथवा मनोविज्ञानस्कन्ध, क्रियाशीलता

Downloaded from http://www.dhamma.digital

कारणले तृष्णा[३५१] हुन्छ, तृष्णाको कारणले उपादान[३५२] हुन्छ, उपादानको कारणले भव[३५३] हुन्छ, भवको

---

तथा मनोविज्ञानधातु *(=तत्व)* हो – यसैलाई – 'नामरूप प्रत्ययद्वारा षष्टम आयतन' भनिएको हो । यसको व्याख्यान पनि सम्मों.वि.पृ. १२१-२३ मा र विसु. म. पृ. ४२२: पञ्ञाभूमिनिद्देसोमा समुल्लेख भएको छ ।

३४९ 'स्पर्श' शब्दको अर्थ हो – छुनु, घर्षण हुनु आदि । अभिधर्मपिटकको विभङ्गपालि अन्तर्गत 'पटिच्चसमुप्पादविभङ्ग' को सुत्तन्तभाजनीय अनुसार 'स्पर्श' को परिभाषा निम्नप्रकार समुल्लेख भएको छ ।

"तत्थ कतमो सलायतनपच्चया फस्सो ? – चक्खुसम्फस्सो, सोतसम्फस्सो, ··· मनोसम्फस्सो – अयं वुच्चति 'सलायतनपच्चया फस्सो' ।" विभं. पा.पृ. १७४ अर्थात् त्यहाँ षडायतनप्रत्ययद्वारा स्पर्श भनेको के हो भने ? चक्षुस्पर्श, श्रोतस्पर्श, मनस्पर्श – यसैलाई 'षडायतन प्रत्ययद्वारा स्पर्श' भनिएको हो । सोही ग्रन्थकै अभिधर्मभाजनीय अनुसार 'स्पर्श' को परिभाषा यसप्रकार छ –

"तत्थ कतमो छट्ठायतनपच्चया फस्सो ? – यो फस्सो फुसना सम्फुसना सम्फुसितत्तं अयं वुच्चति 'छट्ठायतनपच्चया फस्सो ।" विभं.पा.पृ. १८२ अर्थात् – त्यहाँ षष्टम आयतनको प्रत्ययद्वारा हुने स्पर्श भनेको के हो भने ? – जो त्यहाँ स्पर्श, स्पर्श हुनु, स्पर्श भएको, छोइएको हो – यसैलाई 'षष्टम आयतनको प्रत्ययद्वारा हुने स्पर्श हो' भनी भनिएको हो । यस बारेमा विशेष कुराहरू पनि सम्मो.वि.पृ. १२३-२४ मा र विसु. म. पृ. ४२४: पञ्ञभूमिनिद्देसो-१७ मा समुल्लेख भएको छ ।

३५० 'वेदना' को अर्थ हो – स्पर्शद्वारा हुने अनुभव अथवा छुवाइबाट हुने अनुभव । यसको पनि परिभाषा सोही ग्रन्थको सुत्तन्तभाजनीयमा यसप्रकार दिइएको छ –

"तत्थ कतमा फस्सपच्चया वेदना ? – चक्खुसम्फस्सजावेदना, सोतसम्फस्सजावेदना, मनोसम्फास्सजावेदना – अयं वुच्चति 'फस्सपच्चया वेदना' ।" विभं.पा.पृ. १७४ अर्थात् – त्यहाँ स्पर्शप्रत्ययद्वारा हुने वेदना भनेको के हो भने ? – चक्षुस्पर्शद्वारा हुने वेदना, श्रोतस्पर्शद्वारा हुने वेदना, ··· मनःस्पर्शद्वारा हुने वेदना *(=अनुभव)* – यसैलाई 'स्पर्शद्वारा हुने वेदना' भनी भन्दछन् । सोही ग्रन्थकै अभिधम्मभाजनीय अनुसार 'वेदना' को परिभाषा यसरी उल्लेख भएको छ ।

"तत्थ कतमा फस्सपच्चया वेदना ? – यं चेतसिकं सात चेतसिकं सुखं चेतोसम्फस्सजं सातं सुखं वेदयितं, चेतोसम्फास्सजा साता सुखा वेदना – अयं वुच्चति 'फस्सपच्चया वेदना' ।" विभं. पा. पृ. १८२ अर्थात् – त्यहाँ स्पर्शप्रत्ययद्वारा भएको वेदना भनेको के हो भने ? – जो मानसिक स्वाद, मानसिक सुख, चित्तस्पर्शद्वारा भएको स्वाद, सुख अनुभव, चित्त स्पर्शजन्य स्वाद सुखवेदना हो यसैलाई – 'स्पर्श प्रत्ययद्वारा वेदना' भनी भन्दछन् । यसको विस्तृत कुरा पनि सम्मो.वि.पृ. १५२ मा र विसु. म.पृ. ४२६ मा समुल्लेख भएको छ ।

३५१ 'तृष्णा' को अर्थ हो – इच्छा, आशा, अभिलाषा, तीर्खा तथा पिपासा आदि । यी तृष्णा थरी थरीका छन् । यस बारेमा पनि उसै ग्रन्थको सुत्तन्तभाजनीय अनुसार 'तृष्णा' को परिभाषा यसप्रकार उल्लेख भएको छ –

"तत्थ कतमा वेदनापच्चया तण्हा ? – रूपतण्हा, सद्दतण्हा, गन्धतण्हा, रसतण्हा, फोट्ठब्बतण्हा, धम्मतण्हा – अयं वुच्चति 'वेदनापच्चया तण्हा' ।" विभं. पा.पृ. १७४: अर्थात् – रूपको तृष्णा, शब्दको तृष्णा, गन्धको तृष्णा, रसको तृष्णा, स्पर्शको तृष्णा, चित्तविषयको तृष्णा – यीनैलाई – 'वेदनाप्रत्ययद्वारा हुने तृष्णा' भनिएको हो । अभिधर्मभाजनीय अनुसार यसको परिभाषा यसरी उल्लेख भएको छ –

"तत्थ कतमा वेदनापच्चया तण्हा ? – यो रागो सारागो अनुनयो अनुरोधो नन्दी नन्दिरागो चित्तस्स सारागो – अयं अयं वुच्चति 'वेदनापच्चया तण्हा' ।" विभं.पा.पृ. १८२; अर्थात् – जुन राग, स-राग बन्धन ··· तथा चित्तको राग हो – यसैलाई 'वेदनाप्रत्ययद्वारा हुने राग' भनिएको हो । यस सम्बन्धमा पनि सम्मो.वि.पृ. १५२ मा र विसु.म.पृ. ४२७ मा विस्तृत व्याख्यान भएको छ ।

३५२ 'उपादान' को शब्दार्थ हो – फेरि फेरि ग्रहण गर्नु, फेरि फेरि लिनु तथा फेरि फेरि समात्नु, बलियो गरी समाति राख्नु इत्यादि । तर केलाई फेरि फेरि समाति राख्नु भन्ने बारेमा उही ग्रन्थको सुत्तन्तभाजनीयमा यस्तो उल्लेख भएको छ –

"तत्थ कतमं तण्हापच्चया उपादानं ? – कामुपादानं, दिट्ठुपादानं, सीलब्बतुपादानं, अत्तवादानुपादानं – इदं वुच्चति 'तण्हापच्चया उपादान' ।" विभं. पा.पृ. १७४: अर्थात् – कामविषयको उपादान, दृष्टि विषयको उपादान, शीलव्रत विषयको उपादान तथा आत्मवाद विषयको उपादात – यसैलाई 'तृष्णाप्रत्ययद्वारा उपादान' भनिएको हो । अभिधर्मभाजनीय अनुसार यसको परिभाषा यस प्रकार उल्लेख भएको छ –

"तत्थ कतमं तण्हापच्चया उपादानं ? – या दिट्ठि दिट्ठिगतं दिट्ठिगहनं दिट्ठिकन्तारो दिट्ठिविसूकायिकं दिट्ठिविप्फन्दनं दिट्ठिसञ्ञोजनं गहो पतिट्ठाहो अभिनिवेसो परामासो कुम्मग्गो मिच्छापथो मिच्छत्तं तित्थायतनं

Downloaded from http://www.dhamma.digital

कारणले जाति[३५४] *(जन्म)* हुन्छ, जातिको कारणले जरा, मरण,[३५५] शोक,[३५६] परिदेव,[३५७] दु:ख,[३५८] दौर्मनस्य,

---

विपरियासग्गाहो – इदं वुच्चति 'तण्हापच्चया उपादानं' ।" विभं. पा.पृ. १८२: अर्थात् – त्यहाँ तृष्णा प्रत्ययद्वारा उपादान भनेको के हो भने ? – त्यहाँ जुन दृष्टि *(=मिथ्या धारणा)* दृष्टिगत, दृष्टिको गहिराई दृष्टिको कान्तार ··· दृष्टिसंयोजन ··· कुमार्ग, मिथ्यापथ, मिथ्यापन, तीर्थायतन विपरीतग्रहण हो – यसैलाई 'तृष्णाप्रत्ययद्वारा उपादान' भनिएको हो । यस बारेमा विस्तृत अर्थ पनि सम्मो. वि.पृ. १२६ मा र विसु.म.पृ. ४२८ मा उल्लेख भएको छ ।

३५३ 'भव' शब्दको साधारण अर्थ – भवचक्र, लोकचक्र, संसारचक्र आदि हो । यसको शब्दार्थ भविष्यमा हुने भन्ने हो । यसो भन्नाले 'भव' को अर्थ – जन्मिने कारण, अथवा हेतु भनेको हो । त्यसैले यस 'भव' शब्दलाई 'कर्मभव र उत्पत्तिभव' भनी दुई प्रकारमा विभाजित गरिन्छन् । यही दुई प्रकारका अर्थ अनुसार सोही ग्रन्थको सुत्तन्तभाजनीयमा यसप्रकार समुल्लेख भएको छ –

"तत्थ कतमो उपादानपच्चया भवो ? – भवो दुविधेन – अत्थि कम्मभवो, अत्थि उपपत्तिभवो । (१) तत्थ कतमो कम्मभवो ? – पुञ्ञाभिसङ्खारो, अपुञ्ञाभिसङ्खारो, आनेञ्जाभिसङ्खारो – अयं वुच्चति 'कम्मभवो' । सब्बंपि भवगामिकम्मं कम्मभवो । (२) तत्थ कतमो उपपत्तिभवो ? – कामभवो, रूपभवो, अरूपभवो, सञ्ञाभवो, असञ्ञाभवो, नेवसञ्ञानासञ्ञाभवो, एकवोकारभवो, चतुवोकारभवो, पञ्चवोकारभवो अयं वुच्चति 'उपपत्तिभवो' । इति अयं च कम्मभवो, अयं च उपपत्तिभवो – अयं वुच्चति 'उपादानपच्चया भवो' ।" विभं.पा.पृ. १७५: अर्थात् – त्यहाँ उपादानप्रत्ययद्वारा भव भनेको के हो भने ? – भव दुई प्रकारका छन् – (१) कर्मभव र (२) उत्पत्ति भवं । त्यहाँ (१) कर्मभव भनेको कस्तो हो भने ? – पुण्याभिसंस्कार, अपुण्याभिसंस्कार तथा आनेञ्जाभिसंस्कार *(=न कुशल, न अकुशल)* – यसैलाई 'कर्मभव' भन्दछन् । सबै भवगामी *(=संसारगामी)* कर्मलाई 'कर्मभव' भन्दछन् । (२) त्यहाँ उत्पत्तिभव भनेको कस्तो हो भने ? – कामलोक *(=कामभव)*, रूपलोक, अरूपलोक, संज्ञालोक, असंज्ञालोक, नैवसंज्ञानासंज्ञालोक, एकस्कन्ध भएको लोक, चतुस्कन्ध भएको लोक तथा पञ्चस्कन्ध भएको लोक *(=पञ्चवोकारभवो)* – यसैलाई नै 'उत्पत्तिभव' भन्दछन् । यी कर्मभव र उत्पत्तिभव दुवैलाई नै – 'उपादान प्रत्ययद्वारा भव' भनिएको हो । सोही ग्रन्थको अभिधर्मभाजनीय अनुसार यसको परिभाषा यसरी उल्लेख भएको छ –

"तत्थ कतमो उपादानपच्चया भवो ? – ठपेत्वा उपादानं, वेदनाक्खन्धो, सञ्ञाक्खन्धो, सङ्खारक्खन्धो, विञ्ञाणक्खन्धो – अयं वुच्चति 'उपादानपच्चया भवो' ।" विभं.पा. पृ. १८३: अर्थात् – त्यहाँ उपादानप्रत्ययद्वारा भव भनेको के हो भने ? – उपादानलाई छाडि – वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध तथा विज्ञानस्कन्ध – यसैलाई – 'उपादान प्रत्ययद्वारा भव' भनिएको हो ।

३५४ 'जाति' को अर्थ हो – उत्पन्न हुनु, जन्मिनु । यसको परिभाषा पनि यसै ग्रन्थमा यसरी दिइएको छ –

"तत्थ कतमा भवपच्चया जाति ? – या तेसं तेसं सत्तानं तम्हि तम्हि सत्तनिकाये जाति सञ्जाति ओक्कन्ति अभिनिब्बत्ता, खन्धानं पातुभावो, आयतनानं पटिलाभो अयं वुच्चति 'भवपच्चया जाति' ।" विभं.पा.पृ. १७५: अर्थात् – जुन ती ती सत्वहरूको ती ती सत्वनिकायमा जन्मिनु, अवक्रान्त हुनु, उत्पन्न हुनु, स्कन्धहरूको प्रादुर्भाव हुनु, आयतनहरूको प्रादुर्भाव हुनु – यसैलाई – 'भवप्रत्ययद्वारा जाति' भनिएको हो । सोही ग्रन्थकै अभिधर्मभाजनीय अनुसार यसको परिभाषा यसरी उल्लेख भएको छ –

"तत्थ कतमं जातिपच्चया जाति ? – या तेसं तेसं धम्मानं जाति सञ्जाति निब्बत्ति अभिनिब्बत्ति पातुभावो – अयं वुच्चति 'भवपच्चया जाति' ।" विभं.पा.पृ. १८३ अर्थात् – त्यहाँ भवप्रत्ययद्वारा जाति *(=जन्म)* भनेको के हो भने ? – ती ती धर्महरू *(=स्कन्धहरू)* को जुन उत्पन्न हुनु, प्रादुर्भाव हुनु हो – यसैलाई नै 'भवप्रत्ययद्वारा जन्म *(=जाति)* भनिएको हो । यस सम्बन्धी विशेष अध्ययनको निमित्त सम्मो.वि.पृ. १३१ मा र विसु.म.पृ. ४३३ मा हेर्नु योग्य छ ।

३५५ 'जरामरण' को अर्थ बुढ्याई र मृत्य हो । यसको परिभाषा पनि उही ग्रन्थकै सुत्तन्तभाजनीयमा यसरी उल्लेख भएको छ –

"तत्थ कतमं जातिपच्चया जरामरणं ? – अत्थि जरा, अत्थि मरणं । तत्थ कतमा जरा ? – या तेसं तेसं सत्तानं तम्हि तम्हि सत्तानिकाय जरा जीरणता खण्डिच्चं पालिच्चं वलित्तचता आयुनो संहानि इन्द्रियानं परिपाको – अयं वुच्चति 'जरा' । तत्थ कतमं मरणं ? – या तेसं तेसं सत्तानं तम्हा तम्हा सत्तनिकाया चुति चवनता भेदो अन्तरधानं मच्चु मरणं कालकिरिया खन्धानं भेदो कलेवरस्स निक्खपो जीवितिन्द्रियस्सुपच्छेदो – इदं वुच्चति 'मरणं' । इति अयं च जरा, इदं च मरणं । इदं वुच्चति – "जातिपच्चया जरामरणं" ।" विभं.पा.पृ. १७५: अर्थात् –

Downloaded from http://www.dhamma.digital

[३५९] उपायास[३६०]को उत्पत्ति हुन्छ । यसरी केवल *(सबै, सम्पूर्ण)* दुःखस्कन्धहरू समुदय *(उत्पन्न)* हुन्छ ।

४१. "भिक्षु हो ! विपस्सी बोधिसत्त्वलाई 'समुदय' 'समुदय' भन्ने पहिले कहिलै नसुनेको धर्म *(विषय)* मा चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक

---

त्यहाँ जाति प्रत्ययद्वारा जरामरण भनेको के हो भने ? – जरा *(बुढ्याई)* पनि छ, मरण पनि छ । त्यहाँ कुनचाहिं जरा हो त ? – ती ती सत्व प्राणीहरूमा जुन आ-आफ्ना शरीरमा जरता, जीर्णता, दाँत खस्ने, केश फुल्ने, छाला खुम्चिने, आयुको परिहानीता, इन्द्रियहरूको परिपक्वता आदि हुन् – यसैलाई 'जरा' भनी भन्दछन् । त्यहाँ मरण भनेको कस्तो हो त ? – ती ती सत्व प्राणीहरूको जुन ती ती शरीरबाट च्युत हुनु, चवनता, भेद भिन्न हुनु, अन्तर्धान हुनु, मृत्यु, मरण कालक्रिया, स्कन्धहरूको भेद-भिन्न हुनु, शरीरको निक्षेप, जीवितेन्द्रियहरूको समुच्छेद हो – यसैलाई 'मरण' भन्दछन् । यसरी यी दुवै जरा र मरण हुन् । यसैलाई – 'जातिप्रत्ययद्वारा जरामरण भनिएको हो । अभिधर्मभाजनीय अनुसार यसको परिभाषा यसरी उल्लेख गरिएको छ – '

"तत्थ कतमं जातिपच्चया जरामरणं ? – अत्थि जरा, अत्थि मरणं । तत्थ कतमा जरा ? – या तेसं तेसं धम्मानं जरा जीरणता आयुनो संहानि – अयं वुच्चति 'जरा' । तत्थ कतमं मरण ? – यो तेसं तेसं धम्मानं खयो वयो भेदो परिभेदो अनिच्चता अन्तरधानं – इदं वुच्चति 'मरण' ।" विभं.पा.पृ.१८३: अर्थात् – त्यहाँ जातिप्रत्ययद्वारा जरामरण भनेको के हो भने ? – जरा पनि छ, मरण पनि छ । त्यहाँ जरा भनेको कुनचाहिं हो त ? – ती ती धर्महरूको *(=तत्वहरूको)* जुन जरता, जीर्णता, आयुको हानि हो – यसैलाई 'जरा' भन्दछन् । त्यहाँ मरण भनेको कुनचाहिं हो त ? – ती ती धर्महरूको जुन क्षय, व्यय, भेद-भिन्न, परिभेद तथा अनित्यता अन्तर्धान हो – यसैलाई 'मरण' भन्दछन् ।

३५६ "शोक" को अर्थ हो – शोक हुनु, हृदयमा जलन हुनु आदि । यसको परिभाषा उही ग्रन्थमा यस प्रकार दिइएको छ –

"तत्थ कतमो सोको ? – ञातिब्यसनेन वा फुट्ठस्स, भोगब्यसनेन वा फुट्ठस्स, रोगब्यसनेन वा फुट्ठस्स, सीलब्यसनेन वा फुट्ठस्स, दिट्ठिब्यसनेन वा फुट्ठस्स, अञ्ञतरञ्ञतरेनब्यसनेन समन्नागतस्स, अञ्ञतरञ्ञतरेन दुक्खधम्मेन फुट्ठस्स सोको सोचना सोचितत्तं अन्तो सोको अन्तो परि सोको चेतसो परिज्झायना दोमनस्सं सोकसल्लं – अयं वुच्चति 'सोको' ।" विभं. पा.पृ. १७६: अर्थात् – ज्ञाति ब्यसनले गर्दा, भोग ब्यसनले गर्दा, रोग ब्यसनले गर्दा, शील ब्यसनले गर्दा, दृष्टि ब्यसनले गर्दा अथवा अरु कुनै दुःख धर्मले गर्दा जुन शोक हुन्छ, शोक भएको हुन्छ ··· आन्तरिक शोक, चित्तमा जलन तथा दौर्मनस्य आदि हुन्छ – यसैलाई 'शोक' भन्दछन् ।

३५७ 'परिदेव' को अर्थ अलाप विलाप गरी रुनु हो । यसको परिभाषा यस प्रकार छ –

"ञातिब्यसनेन वा फुट्ठस्स, ··· आदेवो परिदेवो आदेवना परिदेवना ··· वाचा पलापो विप्पलापो लालप्पो लालप्पना लालपितत्तं – अयं वुच्चति 'परिदेवो' ।" विभं. पा. पृ. १७६: अर्थात् – ज्ञाति आदि ब्यसनको कारणले गर्दा जुन रुनु, अलाप, प्रलाप गर्नु, विलाप गर्नु, कुरागर्दै रुनु आदि हो – यसैलाई 'परिदेव' भन्दछन् ।

३५८ 'दुःख' भन्नाले शारीरिक वेदना, दुःख हो । यसको परिभाषा पनि उही ग्रन्थमै यसप्रकार उल्लेख गरको छ –

"तत्थ कतमं दुक्खं ? – यं कायिकं असातं कायिकं दुक्खं कायसम्फस्सजं असातं दुःख वेदयितं, कायसम्फस्सजा असाता दुक्खा वेदना – इदं वुच्चति 'दुक्ख' ।" विभं. पा. पृ. १७६: अर्थात् – त्यहाँ दुःख भनेको के हो भने ? – जो शारीरिक स्वाद नभएको दुःख हो, जो शारीरिक स्पर्शको कारणद्वारा दुःखवेदना अनुभव गरिएको हो तथा जो कायिक अप्रिय दुःखवेदना हो – यसैलाई 'दुःख' भनिएको हो ।

३५९ "दौर्मनस्य" भन्नाले मानसिक वेचैनीतालाई औंल्याउँछ । यसको परिभाषा पनि उही ग्रन्थमै यसरी दिइएको छ –

"तत्थ कतमं दोमनस्सं ? – यं चेतसिकं असातं, चेतसिकं दुक्खं, चेतो सम्फस्सजं असातं, दुक्खं वेदयितं, चेतो सम्फस्सजा असाता दुक्खा वेदना - इदं वुच्चति 'दोमनस्सं' ।" विभं. पा.पृ. १७६: अर्थात् – त्यहाँ दौमनस्य भनेको के हो भने ? – जुन चैतसिक निस्वाद हो, चैतसिक दुःख हो, चित्त-स्पर्शद्वारा उत्पन्न अप्रिय दुःख वेदना हो – यसैलाई 'दौर्ममनस्स' भन्दछन् ।

३६० 'उपायास' को अर्थ हो मानसिक पीडा वा कष्ट । यसको परिभाषा पनि यसरी दिइएको छ –

"तत्थ कतमो उपायासो ? – ञातिब्यसनेन वा फुट्ठस्स ··· अञ्ञतरञ्ञतरेन दुक्खधम्मेन फुट्ठस्स आयासो उपायासो, आयासितत्तं उपायासितत्तं – अय वुच्चति 'उपायासो' ।" विभं. पा. पृ. १७६: पटिच्चसमुप्पादविभङ्गो, अर्थात् – ज्ञाति ब्यसन आदिद्वारा उत्पन्न अथवा कुनै पनि दुःख धर्मद्वारा उत्पन्न मानसिक पीडा वा कष्टलाई नै – 'उपायास' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

उत्पन्न भयो ।

४२. "भिक्षु हा ! विपस्सी बोधिसत्त्वलाई यस्तो भयो – (१) के नभएमा जरा मरण हुँदैन, केको निरोध भएमा जरामरण *(पनि)* निरोध हुन्छ ?' भिक्षु हो ! विपस्सी बोधिसत्त्वलाई बोध भयो – जन्म नभएमा जरामरण हुँदैन, जन्मको निरोध भएमा जरामरणको निरोध हुन्छ ।

(२) '··· के नभएमा जन्म हुँदैन, केको निरोध भएमा जन्मको निरोध हुन्छ ?' भिक्षु हो ! विपस्सी बोधिसत्त्वलाई बोध भयो – भव नभएमा जन्म हुँदैन, भवको निरोध भएमा जन्मको निरोध हुन्छ ।

(३) '··· के नभएमा भव हुँदैन, केको निरोध भएमा भव निरोध हुन्छ ?' भिक्षु हो ! विपस्सी बोधिसत्त्वलाई बोध भयो – उपादान नभएमा भव हुँदैन, उपादानको निरोध भएमा भवको निरोध हुन्छ ।

(४) '··· के नभएमा उपादान हुँदैन, केको निरोध भएमा उपादानको निरोध हुन्छ ?' भिक्षु हो ! विपस्सी बोधिसत्त्वलाई बोध भयो – तृष्णा नभएमा उपादान हुँदैन, तृष्णाको निरोध भएमा उपादानको निरोध हुन्छ ।

(५) '··· के नभएमा तृष्णा हुँदैन, केको निरोध भएमा तृष्णाको निरोध हुन्छ ?' भिक्षु हो ! विपस्सी बोधिसत्त्वलाई बोध भयो – वेदना नभएमा तृष्णा हुँदैन, वेदनाको निरोध भएमा तृष्णाको निरोध हुन्छ ।

(६) '··· के नभएमा वेदना हुँदैन, केको निरोध भएमा वेदनाको निरोध हुन्छ ?'भिक्षु हो ! विपस्सी बोधिसत्त्वलाई बोध भयो ··· स्पर्शको निरोध भएमा वेदनाको निरोध हुन्छ ।

(७) '··· के नभएमा स्पर्श हुँदैन, केको निरोध भएमा स्पर्शको निरोध हुन्छ ?' भिक्षु हो ! विपस्सी बोधिसत्त्वलाई बोध भयो – षडायतन *(छ आयतनहरू)* नभएमा स्पर्श हुँदैन, षडायतनको निरोध भएमा स्पर्शको निरोध हुन्छ ।

(८) '··· के नभएमा षडायतन हुँदैन ? केको निरोध भएमा षडायतनको निरोध हुन्छ ?' भिक्षु हो ! विपस्सी बोधिसत्त्वलाई बोध भयो – नाम रूप नभएमा षडायतन हुँदैन, नाम रूपको निरोध भएमा षडायतनको निरोध हुन्छ ।

(९) '··· के नभएमा नाम रूप हुँदैन ? केको निरोध भएमा नाम रूपको निरोध हुन्छ ?' भिक्षु हो ! विपस्सी बोधिसत्त्वलाई बोध भयो – विज्ञान नभएमा नाम रूप हुँदैन, विज्ञानको निरोध भएमा नाम रूप निरोध हुन्छ ।

(१०) '··· के नभएमा विज्ञान हुँदैन ? केको निरोध भएमा विज्ञानको निरोध हुन्छ ?' भिक्षु हो ! विपस्सी बोधिसत्त्वलाई बोध भयो – नाम रूप नभएमा विज्ञान हुँदैन, नाम रूपको निरोध भएमा विज्ञानको निरोध हुन्छ ।

४३. "भिक्षु हो ! त्यसपछि विपस्सी बोधिसत्त्वलाई यस्तो भयो – मुक्तिको मार्ग अधिगत *(प्राप्त)* गरी *(अन्ततः)* सम्बोधि प्राप्त गरें – नाम रूपको निरोध भएपछि विज्ञानको निरोध हुन्छ । विज्ञानको निरोध भएपछि नाम रूपको निरोध हुन्छ । नाम रूप निरोध भएपछि षडायतनको निरोध हुन्छ । षडायतनको निरोध भएपछि स्पर्शको निरोध हुन्छ । स्पर्शको निरोध भएपछि वेदनाको निरोध हुन्छ । वेदनाको निरोध भएपछि तृष्णाको निरोध हुन्छ । तृष्णाको निरोध भएपछि उपादानको निरोध हुन्छ । उपादानको निरोध भएपछि भवको निरोध हुन्छ, भवको निरोध भएपछि जाति *(जन्म)* को निरोध हुन्छ ।

Downloaded from http://www.dhamma.digital

जातिको निरोध भएपछि जरामरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य, उपायास निरोध हुन्छ। यसप्रकार सबै *(सांसारिक)* दु:खस्कन्धहरूको निरोध हुन्छ।

४४. "भिक्षु हो ! विपस्सी बोधिसत्त्वलाई 'निरोध' भन्ने पहिले कहिले नसुनेको धर्ममा चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो।

४५. "भिक्षु हो ! अनि विपस्सी बोधिसत्त्व, अर्को समय, पाँच उपादान स्कन्ध *(रूप , वेदना, संज्ञा, संस्कार तथा विज्ञानस्कन्ध)* मा उदय र व्ययानुपश्यी भई बस्नुभयो। 'यो रूप हो', 'यो रूपको समुदय हो', 'यो रूपको अस्त *(विनाश)* हो', 'यो वेदना हो', 'यो वेदनाको समुदय हो', 'यो वेदनाको अस्त *(विनाश)* हो', 'यो संज्ञा हो', 'यो संज्ञाको समुदय हो', 'यो संज्ञाको अस्त हो', 'यो संस्कार हो', 'यो संस्कारको समुदय हो', 'यो संस्कारको अस्त हो', 'यो विज्ञान हो', 'यो विज्ञानको समुदय हो', 'यो विज्ञानको अस्त हो।', पाँच उपादान स्कन्धको उत्पत्ति र विनाश देख्ने भई विहार गर्दै रहँदा उहाँको चित्त चाँडै नै आस्रवहरूबाट मुक्त भयो।

**द्वितीय भाणवार समाप्त।**

## ६. विपस्सी भगवान् सम्यक्सम्बुद्धसित ब्रह्मयाचन

४६. "भिक्षु हो ! विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धको चित्तमा त्यस बखत यस्तो परिवितर्कना उठ्यो – 'के त मै यो *(साक्षात्कृत)* धर्मको अरूलाई उपदेश दिनुपर्छ त ?' अनि विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धको चित्तमा यस्तो परिवितर्कना उठ्यो – 'मैले यो धर्मलाई अवबोध गरें' – गम्भीर, दुर्दर्शनीय *(देख्न गाह्रो)*, दुरनुबोध *(बोध गर्न गाह्रो)*, शान्त, प्रणीत, अतर्कावचर *(तर्कद्वारा मात्र अप्राप्य)*, निपुण*(सूक्ष्म)*, तथा पण्डितहरूद्वारा बोधगम्य छ। यी प्रजाहरू आलय *(पञ्चकामविषय)* मा आनन्दित छन्, त्यसमा रत छन् तथा त्यसैमा प्रमुदित छन्। आलयमा आनन्दित हुने, आलयमा रत हुने तथा आलयमै प्रमुदित हुने प्रजाहरूले यो प्रत्ययद्वारा यो हुन्छ; यस प्रत्ययको कारणले नै 'प्रतीत्यसमुत्पाद'[३६१] हुन्छ भन्ने – यी *(प्रतीत्यसमुत्पन्नको)* कारणलाई देख्न सक्ने छैनन्। सबै संस्कारहरूको क्षय, सबै बन्धनहरूको उत्सर्ग, तृष्णा, क्षय, विराग, निरोध तथा निर्वाणलाई देख्न पनि

---

३६१ जुन वस्तु परस्परको हेतु वा प्रत्ययहरूको कारणद्वारा उत्पन्न हुन्छ त्यस्तालाई 'प्रतीत्यसमुत्पाद' अथवा 'हेतु प्रत्यय' भनी भन्दछन्।

जुन वस्तु यसको कारणद्वारा उसको अथवा उसको कारणद्वारा यसको उत्पन्न हुने स्वभावको हुन्छ त्यस्तोलाई 'प्रतीत्यसमुत्पाद' भन्दछन्।

विशुद्धिमार्गमा यस प्रत्ययाकारलाई 'भवचक्र' भन्ने पनि उल्लेख भएको छ तथा 'द्वादशाकार' लाई नै कारक र वेदक नभएकोले 'शुन्य' भन्ने संज्ञा पनि दिइएको छ। जस्तै –

"सोकादीहि अविज्जा सिद्धा भवचक्कमविदितादिमिदं। कारक वेदक रहितं द्वादसविध सुञ्ञता सुञ्ञं॥"

– विसु. म.पृ. ४३३

यो 'प्रतीत्यसमुत्पाद' केवल अविद्याकै कारणले मात्र संस्कारादि हुने होइन अपितु संस्कारादिको कारणले पनि अविद्यादि हुन्छन्। त्यसैले यसलाई 'प्रति+इत्य=प्रतीत्य' भनिएको हो। यस सम्बन्धी विस्तृत विवरणको निम्ती विभं. पा.पृ. १८१: मातिका, अभिधम्मभाजनीयं हेर्नुहोला।

Downloaded from http://www.dhamma.digital

गाह्रै छ। यदि म धर्मदेशना गरूं र अरूहरूले *(त्यो)* धर्म *(कुरा)* बुझ्न सकेनन् भने – त्यो मेरो निमित्त ग्लानि अथवा हैरानी हुनेछ।'

४७. "भिक्षु हो ! त्यसपछि विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धको मनमा *(उहाँले)* पहिले कहिलै नसुन्नु भएको आश्चर्यजनक गाथाहरू पनि सम्झनामा आए –

"ठूलो कठिनाईबाट मैले प्राप्त गरेको यो धर्मलाई किन प्रकाश गरूं, भइहाल्यो; राग-द्वेषमा मुछिएर बस्नेहरूले यो धर्मलाई अवबोध गर्न गाह्रै छ।"

"निपुण, गम्भीर, सूक्ष्म तथा प्रतिस्रोतगामी *(यो धर्मलाई)* रागरक्त भई तमस्कन्धद्वारा आवृत्त भएकाले देख्न सक्ने छैनन्।"

"भिक्षु हो ! यस्तो वितर्कना भईरहेको बेला विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धको चित्त धर्मदेशनातिरभन्दा अल्पोत्सुकतातिर ढल्कनथाल्यो।"

४८. "भिक्षु हो ! अनि विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धको चित्तमा भईरहेको *(यस)* वितर्कलाई कुनै एक जना *(अन्यतर)* महाब्रह्माले आफ्नो चित्तद्वारा बुझेपछि उनलाई यस्तो लाग्यो – 'यदि विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धको चित्त धर्म देशनातिर नलागी अल्पोत्सुकतिर लाग्छ भने यो लोक नष्ट हुनेछ, यस लोकको विनाश हुनेछ।' भिक्षु हो ! त्यसपछि महाब्रह्मा – जस्तै कुनै बलवान् पुरुषले खुम्चिएको हातलाई पसार्छ र पसारेको हातलाई खुम्च्याउँछ, त्यस्तै गरी ब्रह्मालोकमा अन्तर्धान भई विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धको अगाडितिर प्रकट भए। भिक्षु हो ! अनि महाब्रह्माले उत्तरासङ्गलाई एकांश पारी, दाहिने घुँडाले पृथ्वीमा टेकी विपस्सी भगवान् अरहत् सम्बुद्ध हात जोरी बिन्ती गरे – 'भन्ते भगवान् ! धर्मदेशना गर्नुहोस् ! सुगत ! धर्मदेशना गर्नुहोस् ! ! प्रज्ञा रूपी चक्षुमा अल्परज *(मल)* हुने सत्त्वहरू पनि छन्। धर्म सुन्न नपाउँदा उनीहरूको परिहानि हुन सक्छ। धर्मलाई बुझ्न सक्ने सत्त्वहरू पनि हुन सक्छन्।'

४९ सो भन्दा विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धले महाब्रह्मालाई सो भन्नुभयो – 'हे ब्रह्म ! मलाई यस्तो लागेको थियो – मैले यो धर्मलाई अवबोध गरें – जो गम्भीर, दुर्दर्शनीय, दुरनुबोध, शान्त, प्रणीत, अतर्कावचर, निपुण तथा पण्डितहरूद्वारा बोधगम्य छ। यी प्रजाहरू आलयमा अभिनन्दित छन्, त्यसैमा रत छन् तथा त्यसैमा प्रमुदित छन्। आलयमा आनन्दित हुने, आलयमा रत हुने तथा आलयमै प्रमुदित हुने प्रजाहरूले – यस प्रत्ययद्वारा यो हुन्छ; यस प्रत्ययको कारणले नै 'प्रतीत्यसमुत्पाद' हुन्छ भन्ने – यी *(प्रतीत्यसमुत्पन्नको)* कारणहरूलाई देख्न सक्ने छैनन्। सबै संस्कारहरूको क्षय, सबै बन्धनहरूको उत्सर्ग, तृष्णाको क्षय, विराग, निरोध तथा निर्वाणलाई पनि देख्न गाह्रै छ। यदि म धर्मदेशना गरूँ र अरूहरूले *(त्यो)* धर्म *(कुरा)* लाई बुझ्न सकेनन् भने – त्यो मेरो निमित्त ग्लानि अथवा हैरानी हुन सक्छ।'

'हे ब्रह्म ! अनि त्यस बेला पहिले कहिले नसुनेका आश्चर्यजनक गाथाहरू पनि मेरो सम्झनामा आए –

"बडो कठिनाइले मैले प्राप्त गरेको यो धर्मको किन प्रकाश गरौं, भइहाल्यो; राग-द्वेषमा मुछिएर बस्नेहरूले यो धर्मलाई अवबोध गर्न गाह्रै छ।".

"निपुण, गम्भीर, सूक्ष्म तथा प्रतिस्रोतगामी *(यो धर्मलाई)* राग-रक्त भई तमस्कन्धद्वारा आवृत्त भएकाले देख्न सक्ने छैनन्।"

Downloaded from http://www.dhamma.digital

'हे ब्रह्म ! यस्तो वितर्कना भईरहेको बेलामा मेरो चित्त धर्मदेशनातिरभन्दा अल्प-उत्सुकतातिर ढल्कन्थ्यो ।'

५०. दोस्रो पटक पनि महाब्रह्माले विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धसँग यस्तो बिन्ती गरे ··· तेस्रो पटक पनि महाब्रह्माले विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धसँग यस्तो बिन्ती गरे – "भन्ते भगवान् ! धर्मदेशना गर्नुहोस् ! सुगत ! धर्मदेशना गर्नुहोस् ! प्रज्ञारूपी चक्षुमा अल्परज हुने सत्त्वहरू पनि छन् । धर्म सुन्न नपाउँदा उनीहरूको परिहानि हुन सक्छ । धर्मलाई बुझ्न सक्ने सत्त्वहरू पनि हुन सक्छन् ।"

५१. अनि विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धले ब्रह्माको अभिप्रायलाई बुझ्नु भई, प्राणीहरूप्रति करुणाले गर्दा बुद्धचक्षुद्वारा लोकमा हेर्नुभयो । बुद्धचक्षुद्वारा लोकमा हेर्नु हुँदा भगवान्ले अल्परज *(मल)* हुने, महारज हुने, तीक्ष्ण इन्द्रिय हुने, मृदु इन्द्रिय हुने, दुराकार हुने, सुविज्ञेय हुने, दुर्विज्ञेय हुने, केही परलोकवद्य भयदर्शी भई बस्ने, केही परलोकपद्य भयदर्शी भई नबस्ने सत्त्वहरूलाई देख्नुभयो । जस्तै कुनै उत्पल *(नीलकमल)*, पद्म *(रक्तकमल)*, अथवा पुण्डरीक *(श्वेतकमल)* पोखरीमा (१) केही उत्पल, पद्म अथवा पुण्डरीक पानीमा उत्पन्न भई, पानीमा संवर्धन भई पानीभन्दा माथि नउठी पानीमा भित्रै पोषित हुन्छन्; (२) केही उत्पल, पद्म अथवा पुण्डरीकहरू पानीमा उत्पन्न भई, पानीमा संवर्धन भई, पानीको सतहसम्म रहेका हुन्छन्; (३) केही उत्पल, पद्म अथवा पुण्डरीकहरू पानीमा उत्पन्न भई, पानीमा संवर्धन भई, पानीको सतहभन्दा माथि उठी, पानीले छुन नसक्ने गरिरहन्छन् । त्यस्तै, बुद्धचक्षुद्वारा विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धले लोकमा हेर्नु हुँदा अल्परज हुने, महारज हुने, तीक्ष्ण इन्द्रिय हुने, मृदु इन्द्रिय हुने, सु-आकार हुने दुराकार हुने, सुविज्ञेय हुने, दुर्विज्ञेय हुने तथा केही परलोकवद्य भयदर्शी भई बस्ने, केही परलोकवद्य भयदर्शी भई नबस्ने सत्त्वहरू देख्नुभयो ।

"भिक्षु हो ! त्यसपछि महाब्रह्माले विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धको मनको वितर्कनालाई बुझी उहाँलाई गाथाद्वारा यस्तो बिन्ती गरे –

"शैलमय पर्वतको टुप्पोमा बसी *(कुनै पुरुषले)* चारैतिर सबै जनतालाई देखेझैं समन्तचक्षु हुनुभएका, शोकरहित हुनुभएका *(तपाईं)* सुमेधले पनि – शोकग्रस्त तथा जातिजराले अभिभूत भएका प्राणीहरूलाई मुक्त गर्न धर्ममय प्रासादमा आरोहण गरी जनतातिर हेर्नुहोस् !"

"हे संग्रामजित ! हे वीर पुरुष ! हे अऋणी सार्थवाह ! उठ्नुहोस् !! विचरण गर्नुहोस् !! भगवान् ! धर्मदेशना गर्नु होस् ! धर्म बुझ्न सक्नेहरू पनि हुन सक्छन् ।"

५३. "भिक्षु हो ! अनि विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धले महाब्रह्मालाई गाथाद्वारा यसो भन्नुभयो –

"हे ब्रह्मे ! प्रगुण भएर पनि कष्ट हुन्छ भन्ने संज्ञा भई, जनतालाई प्रणीत धर्मदेशना नगर्ने विचार भएको थियो । परन्तु अब सुन्न चाहनेहरूले आफ्नो श्रद्धालाई अघि बढाई सुन, उनीहरूका निमित्त अमृतद्वार खोलियो ।"

"भिक्षु हो ! अनि ' विपस्सी भगवान् अरहत्ले सम्यक्सम्बुद्धबाट धर्मदेशना गर्ने आज्ञा पाएँ ' भन्दै उहाँलाई अभिवादन तथा प्रदक्षिणा गरी महाब्रह्मा त्यहीं नै अन्तर्धान भएर गए ।

Downloaded from http://www.dhamma.digital

## अग्रश्रावक युगल

५४. "भिक्षु हो ! विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धलाई यस्तो भयो – 'कसलाई मैले प्रथम धर्मोपदेश गरुं ? कसले यो धर्मलाई चाँडै बुझ्न सक्ला ? भिक्षु हो ! त्यसबेला विपस्सी भगवान् भगवान् अरहत् सम्यक्सम्बुद्धलाई खण्ड राजपुत्र तथा तिष्य पुरोहितपुत्र पण्डित, व्यक्त, मेधावी हुन् । धेरै दिनदेखि यिनीहरू अल्परज स्वभावका छन् । अतः किन मैले प्रथम धर्मोपदेश यी खण्ड राजपुत्र तथा तिष्य पुरोहितपुत्रलाई नगरुं, उनीहरूले यो धर्मलाई चाँडै बुझ्नेछन् ।'

५५. "भिक्षु हो ! त्यसपछि विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध – जस्तै कुनै बलवान् पुरुषले खुम्चेको हातलाई पसार्छ र पसारेको हातलाई खुम्चाउँछ त्यस्तै गरी बोधिवृक्ष मुनि अन्तर्धान भई बन्धुमती राजधानीस्थित खेमा *(क्षेम)* मृगदावमा प्रकट हुनुभयो । भिक्षु हो ! अनि विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धले त्यहाँको वनरक्षक *(दायपाल)* लाई यस्तो आज्ञा गर्नुभयो – सौम्य दायपाल ! तिमी बन्धुमती राजधानीमा गएर खण्ड राजपुत्र तथा तिष्य पुरोहितपुत्रलाई यस्तो भन – भन्ते ! विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध बन्धुमती राजधानी आइपुग्नुभएको छ, उहाँ अहिले खेमा मृगदावमा विहार गरिरहनुभएको छ ।' उहाँहरूलाई भेट्न चाहनुभएको छ । 'हवस्, भन्ते !' भनी ती वनरक्षकले विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धलाई प्रत्युत्तर दिइ बन्धुमती राजधानी गई खण्ड राजपुत्र र तिष्य पुरोहितपुत्र दुवैलाई पनि यस्तो भने – भन्ते ! विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध बन्धुमती राजधानी आइपुग्नुभएको छ, उहाँ अहिले खेमा मृगदावमा विहार गरिरहनुभएको छ । उहाँले तपाईंहरूलाई भेट्न चाहनुभएको छ ।

५६. "भिक्षु हो ! अनि खण्ड राजपुत्र र तिष्य पुरोहित राम्रा-राम्रा रथ तयार गरी असल असल रथमा चडेर बन्धुमती राजधानीबाट बाहिर निस्की जहाँ खेमा मृगदाव छ त्यहाँ जानुभयो । जतिसम्म रथबाट जाने बाटो हो त्यति सम्म रथबाट गई त्यसपछि रथबाट ओर्ली पैदल नै जहाँ विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गई विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धलाई अभिवादन गरी एक छेउ बसे ।

५७. विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धले उनीहरूलाई आनुपूर्वीकथा सुनाउनुभयो । जस्तै दानकथा, शीलकथा, स्वर्गकथा, कामविषयको दुष्परिणाम, तुच्छता, संक्लिष्टता तथा नैष्क्रम्यको आनिसंस *(गुण)* प्रकाश पार्नु भयो । जब भगवान्ले उनीहरूको चित्त कल्य *(उपयुक्त)*, मृदु, नीवरणरहित, हर्षित तथा प्रसन्न भयो भनी जान्नुभयो तब उहाँले स्वयं प्राप्त गर्नुभएको हो *(सामुक्कंसिका)* त्यो धर्म प्रकाश पार्नु भयो – 'दुःख, समुदय, निरोध तथा मार्ग ।' अनि जस्तै मैलो नपरेको शुद्ध वस्त्रमा राम्ररी रङ्गले समात्छ त्यस्तै गरी उनीहरूलाई उसै आसनमा – विरज, वीतमल धर्मचक्षु उत्पन्न भयो – 'जे जति समुदय धर्महरू हुन्, ती सबै निरोध धर्म हुन् ।' उनीहरू दृष्ट धर्मी, प्राप्त धर्मी, विदित धर्मी भई धर्मको गहिराइलाई बुझी, शंकारहित, निश्चिन्त, वैशारद्यतामापुगी शास्ताको धर्मलाई अवबोध गर्नको निमित्त कसैको भरमा पर्न नपर्ने भएपछि उनीहरूले विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धसँग यस्तो बिन्ति गरे – 'आश्चर्य हो, भन्ते ! अद्‌भुत हो, भन्ते ! जस्तै घोप्टेकोलाई उतानो पारिदिंदा वा ढाकिएकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो देखाइदिंदा अथवा अन्धकारमा तेलको दियो बालिदिंदा आँखा हुनेले रूप देख्दछ – त्यस्तै गरी भन्ते ! भगवान्ले हामीलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो । भन्ते ! अब हामी भगवान्को शरणमा पर्दछौ धर्मको पनि । भन्ते ! हामीलाई भगवान् सम्मुख प्रव्रज्या, पाऊँ, उपसम्पदा पनि पाऊँ ।'

Downloaded from http://www.dhamma.digital

५८. "भिक्षु हो ! खण्ड राजपुत्र र तिष्य पुरोहितपुत्रले विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध समक्ष प्रव्रज्या प्राप्त गरे, उपसम्पदा पनि प्राप्त गरे । विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धले ती दुवैलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नु भयो । संस्कारको दोष, ओकार *(घर-बारमा बस्नाले दोष)*, घरबारबाट निस्कने नैष्क्रम्यताको अभिषेक बताउनुभयो । विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धले उनीहरूलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पारेपछि उनीहरूको चित्त शीघ्र आस्रवरहित भयो ।

## महाजनकाय प्रव्रज्या

५९. "भिक्षु हो ! बन्धुवती राजधानीका चौरासीहजार मानिसहरूले सुने – विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध बन्धुमती राजधानीमा आइपुग्नुभई खेमा मृगदावमा विहार गरी बस्नुभएको छ । खण्ड राजपुत्र र तिष्य पुरोहितपुत्र विपस्सी भगवान् ··· समक्ष केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घर-बार छाडी अनगारिक भई प्रव्रजित भए । यस्तो सुनी उनीहरूको मनमा यस्तो भयो – 'यो धर्म विनय सानो अवश्य होइन, प्रव्रज्या पनि अवश्य सानो होइन जहाँ खण्ड राजपुत्र र तिष्य पुरोहितपुत्र जस्ताले केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घर-वार छाडी अनगारिक भई प्रव्रजित भए । खण्ड राजपुत्र र तिष्य पुरोहितपुत्रले केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घर-बार छाडी अनगारिक भई प्रव्रजित भए भन्ने हामी जस्ताको के कुरो ?'

"भिक्षु हो ! त्यसपछि ती चौरासीहजार मानिसहरू बन्धमती राजधानीबाट निस्की जहाँ खेमा मृगदावमा विपस्सी भगवान् ··· हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गई विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धलाई अभिवादन गरी एक छेउ बसे ।

६०. विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धले उनीहरूलाई आनुपूर्वीकथा सुनाउनुभयो । जस्तै दानकथा, शीलकथा, स्वर्गकथा, कामविषयको दुष्परिणाम, तुच्छता, संक्लिष्टता तथा नैष्क्रम्यको आनिसंस प्रकाश पार्नु भयो । जब भगवान्ले उनीहरूको चित्त कल्य *(उपयुक्त)*, मृदु, नीवरणरहित, हर्षित तथा प्रसन्न भयो भनी जान्नुभयो तब उहाँले स्वयं प्राप्त गर्नुभएको त्यो धर्म प्रकाश पार्नु भयो – 'दुःख समुदय, निरोध तथा मार्ग ।' अनि जस्तै मैलो नपरेको शुद्ध वस्त्रमा राम्ररी रङ्गले समात्छ त्यस्तै गरी उनीहरूलाई उसै आसनमा – विरज, वीतमल, धर्मचक्षु उत्पन्न भयो – 'जे जति समुदय धर्महरू हुन्, ती सबै निरोध धर्म हुन् ।' उनीहरू दृष्ट धर्मी, प्राप्त धर्मी, विदित धर्मी भई धर्मको गहिराइलाई बुझी, शंकारहित ··· भएपछि उनीहरूले विपस्सी भगवान् ··· सँग यस्तो बिन्ती गरे – 'आश्चर्य हो, भन्ते ! अद्भुत हो, भन्ते ! जस्तै घोप्टेकोलाई उतानो ··· *(पूर्ववत्)* ··· भन्ते ! अब हामी भगवान्को शरणमा पर्छौं, धर्म र सङ्घको[३६२] पनि । भन्ते ! हामीलाई भगवान् सम्मुख प्रव्रज्या पाऊँ उपसम्पदा पाऊँ ।'

६१. "भिक्षु हो ! ती चौरासीहजार मानिसहरूले विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध समक्ष प्रव्रज्या प्राप्त गरे, उपसम्पदा पनि प्राप्त गरे । विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धले उनीहरूलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नु भयो । संस्कारको दोष, ओकार, घरबारबाट निस्कने नैष्क्रम्यताको अभिषेक बताउनुभयो । बिपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धले उनीहरूलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पारेपछि उनीहरूको चित्त शीघ्र आस्रवरहित भयो ।

---

३६२ रोमनमा 'सङ्घ' छैन । अट्ठकथा अनुसार उनीहरू पनि द्वेवाचिक शरण गएका हुन् । सुमं. वि. II पृ. १६८ ।

Downloaded from http://www.dhamma.digital

## चौरासीहजार प्रव्रजितहरूलाई धर्माभिसमय

६२. "भिक्षु हो ! त्यसपछि पहिलेका *(विपस्सी बुद्ध हुनुभन्दा अगाडी बोधिसत्त्वको समयमा प्रव्रजित भएका)* चौरासीहजार प्रव्रजितहरूले सुने – विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध बन्धुमती राजधानी आइपुग्नुभई खेमा मृगदावमा विहार गरी बस्नुभएको छ। त्यहाँ धर्मदेशना गरिरहनुभएको छ। भिक्षु हो ! त्यसपछि ती चौरासीहजार प्रव्रजितहरू जहाँ बन्धुमती राजधानी छ जहाँ खेमा मृगदाव छ, जहाँ विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध हुनुहुन्छ त्यहाँ गए। त्यहाँ गई विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धलाई अभिवादन गरी एक छेउ बसे।

६३. विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धले उनीहरूलाई आनुपूर्वीकथा सुनाउनुभयो। जस्तै दानकथा, शीलकथा ··· । जब भगवान्‌ले उनीहरूको चित्त कल्य *(उपयुक्त)*, मृदु, नीवरणरहित, हर्षित तथा प्रसन्न भयो भनी जान्नुभयो तब उहाँले स्वयं प्राप्त गर्नुभएको त्यो धर्म प्रकाश पार्नु भयो – 'दु:ख, समुदय, निरोध तथा मार्ग।' अनि जस्तै मैलो नपरेको शुद्ध वस्त्रमा राम्ररी रङ्गले समात्छ, त्यस्तै गरी उनीहरूलाई उसै आसनमा – विरज, वीतमल, धर्मचक्षु उत्पन्न भयो – 'जे जति समुदय धर्महरू हुन्, ती सबै निरोध धर्म हुन्।' उनीहरू दृष्ट धर्मी, प्राप्त धर्मी, विदित धर्मी भई धर्मको गहिराईलाई बुझी शंकारहित ··· भएपछि उनीहरूले विपस्सी भगवान् ··· सँग यस्तो बिन्ती गरे – 'आश्चर्य हो, भन्ते ! अद्भुत हो, भन्ते ! जस्तै घोप्टेकोलाई उतानो ··· *(पूर्ववत्)* ··· भन्ते ! अब हामी भगवान्‌को शरणमा पर्छौं, धर्म र सङ्घको पनि। भन्ते ! हामीलाई भगवान् सम्मुख प्रव्रज्या पाऊँ, उपसम्पदा पाऊँ।'

६४. "भिक्षु हो ! ती चौरासीहजार प्रव्रजितहरूले विपस्सी भगवान् ··· समक्ष प्रव्रज्या प्राप्त गरे, उपसम्पदा पनि प्राप्त भयो। संस्कारको दोष, ओकार, घर-बारबाट निस्कने नैष्कम्यताको अभिषेक बताउनुभयो। विपस्सी भगवान् ···ले उनीहरूलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पारेपछि उनीहरूको चित्त शीघ्र आस्रवरहित भयो।

Dhamma.Digital

## चारिकाको निमित्त आज्ञा

६५. "भिक्षु हो ! त्यसबेला बन्धुमती राजधानीमा अरसाठी लाख भिक्षुहरूको महाभिक्षुसङ्घ निवास गरिरहेका थिए। भिक्षु हो ! अनि विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध एक्लै एकान्तमा ध्यान बसिरहेको बेलामा उहाँको चित्तमा यस्तो वितर्कना उत्पन्न भयो – यसबेला बन्धुमती राजधानीमा ६८ लाख भिक्षुहरूको महत् भिक्षुसङ्घ बसेका छन्। अत: मैले ती भिक्षुहरूलाई किन अनुज्ञा नदेऊँ – "भिक्षु हो ! चारिकाको निमित्त जाऊ, बहुजनको हितको निमित्त, बहुजनको सुखको निमित्त, लोकको अनुकम्पाको निमित्त, देवमनुष्यहरूको अर्थ, हित तथा सुखको निमित्त विचरण गर। एउटै मार्गमा दुईजना भिक्षुहरू नजाओ। भिक्षु हो ! आदिकल्याण, मध्यकल्याण तथा पर्यवशान *(अन्त)* कल्याण हुने धर्मदेशना गर, अर्थसहित, व्यञ्जनयुक्त, केवल परिपूर्ण, परिशुद्ध ब्रह्मचर्य *(बुद्धशासन)* प्रकाश गर। यस्ता निर्मल मानिसहरू पनि हुन्छन् जसले धर्म सुन्न नपाएमा *(तिनीहरूको)* हानि हुनेछ। धर्मको कुरा बुझ्न सक्नेहरू होलान्। पुन: प्रत्येक छ, छ वर्षमा एकचोटि बन्धुमती राजधानीमा प्रातिमोक्ष उद्देश्य गर्नलाई आओ।"

६६. अनि त्यस बखत विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धको चित्तमा भईरहेको *(यस)* वितर्कनालाई महाब्रह्माले आफ्नो चित्तद्वारा जानेपछि जस्तै कुनै बलबान पुरुषले खुम्चेको हातलाई पसार्छ पसारेको हातलाई खुम्चाउँछ त्यस्तैगरी ब्रह्मलोकमा अन्तर्धान भई विपस्सी भगवान्‌को अगाडितिर प्रकट

Downloaded from http://www.dhamma.digital

भए । अनि महाब्रह्माले उत्तरासङ्गलाई एकांश पारी, दाहिने घुँडाले पृथ्वीमा टेकी विपस्सी भगवान् ··· को अगाडि हात जोरी नमस्कार गरी उहाँसँग यस्तो बिन्ती गरे – 'यस्तै नै हो भगवान् ! यस्तै नै हो सुगत ! बन्धुमती राजधानीमा *(अहिले)* ६८ लाख भिक्षुहरूको महत् भिक्षुसङ्घ निवास गरिरहेका छन् । भन्ते ! भगवान्ले भिक्षुहरूलाई आज्ञा हुनु होस – 'भिक्षु हो ! चारिकाको निमित्त जाऊँ ··· छ छ वर्षमा एकचोटि बन्धुमती राजधानीमा प्रातिमोक्ष उद्देश्य गर्नलाई आओ ।' भिक्षु हो ! सो महाब्रह्माले यति प्रार्थना गरे । यति प्रार्थना गरेर विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धलाई अभिवादन तथा प्रदक्षिणा गरी महाब्रह्मा त्यहीं नै अन्तर्धान भएर गए ।

६७ "भिक्षु हो ! अनि विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध साँझ ध्यानबाट उठेर भिक्षुहरूलाई सम्बोधन गर्नुभयो – भिक्षु हो ! यहाँ एकान्तमा ध्यान बसिरहेको बेलामा मेरो चित्तमा यस्तो वितर्कना उत्पन्न भयो – यसबेला बन्धुमती राजधानीा ६८ लाख भिक्षुहरूको महत् भिक्षुसङ्घ बसेका छन् । अतः मैले ती भिक्षुहरूलाई किन अनुज्ञा नदेऊँ – 'भिक्षु हो ! चारिकाको निमित्त जाऊ ··· *(पूर्ववत्)* छ छ वर्षमा एकचोटि बन्धुमती राजधानीमा प्रातिमोक्ष उद्देश्य गर्नलाई आओ ।'

भिक्षु हो ! अनि त्यसबेला मेरो चित्तमा भइ रहेको वितर्कनालाई एक जना महाब्रह्माले आफ्नो चित्तद्वारा जानेपछि – जस्तै कुनै बलबान पुरुषले खुम्चेको हातलाई पसार्छ तथा पसारेको हातलाई खुम्चाउँछ त्यस्तै गरी ब्रह्मलोकमा अन्तर्धान भई मेरो अगाडितिर प्रकट भए । अनि महाब्रह्माले उत्तरासङ्गलाई एकांश पारी, दाहिने घुँडाले पृथ्वीमा टेकी मेरो अगाडि हात जोरी नमस्कार गरी मसँग यस्तो बिन्ती गरे – 'यस्तै नै हो भगवान् ! यस्तै नै हो सुगत ! बन्धुमती राजधानी *(अहिले)* ६८ लाख भिक्षुहरूको महत् भिक्षुसङ्घ निवास गरीरहेका छन् । भन्ते ! भगवान्ले भिक्षुहरूलाई आज्ञा हुनु होस् । 'भिक्षु हो ! चारिकाको निमित्त जाऊ ··· छ छ वर्ष एकचोटि बन्धुमती राजधानीमा प्रातिमोक्ष उद्देश्य गर्नलाई आऊँ ।' भिक्षु हो ! सो महाब्रह्माले यति प्रार्थना गरे । यति प्रार्थना गरेर मलाई अभिवादन तथा प्रदाक्षिणा गरी महाब्रह्मा त्यहीं नै अन्तर्धान भएर गए ।

६९. "भिक्षु हो ! अब म अनुज्ञा दिन्छु – भिक्षु हो ! चारिकाको निमित्त जाऊ, बहुजनको हितको निमित्त, बहुजनको सुखको निमित्त, लोकको अनुकम्पाको निमित्त, देवमनुष्यहरूको अर्थ, हित तथा सुखको निमित्त विचरण गर । एउटै मार्गमा दुई जना भिक्षुहरू नजाओ । भिक्षु हो ! आदिकल्याण, मध्यकल्याण तथा पर्यवशान *(अन्त)* कल्याण हुने धर्मदेशना गर, अर्थसहित, व्यञ्जनयुक्त केवल परिपूर्ण, परिशुद्ध ब्रह्मचर्य प्रकाश गर । यस्तो निर्मल मानिसहरू पनि हुन्छन् जसले धर्म सुन्न नपाएमा *(तिनीहरूको)* हानि हुनेछ । धर्मको कुरा बुझ्न सक्नेहरू होलान् । पुनः प्रत्येक छ छ वर्षमा एक चोटि बन्धुमती राजधानीमा प्रातिमोक्ष उद्देश्य गर्नलाई आओ । भिक्षु हो ! त्यसपछि ती भिक्षुहरू त्यहीं एकदिनमै जनपदहरूमा चारिकाको लागि प्रस्थान गरे ।

७०. "भिक्षु हो ! त्यसबेला जम्बुद्वीपमा चौरासी हजार आवास थिए । ··· ··· ितपछि देवताहरुले *(आकाश)* वाणी सुनाए – 'मारिष ! एक वर्ष बित्यो ··· ··· मात्र बाँकी छ । पाँच वर्ष बितेपछि प्रातिमोक्ष उद्देश्यकोलागि बन्धमती राजधानी··· जानुहोस् । दुई वर्ष बितेपछि ··· । तीन वर्ष बितेपछि ··· । चार वर्ष बितेपछि ··· । पाँच वर्ष ··पछि ··· । छ वर्ष बितेपछि देवताहरुले *(आकाश)* वाणी सुनाए – 'मारिष ! छ वर्ष बित्यो । ·मय आइपुग्यो, प्रातिमोक्ष उद्देश्यको लागि बन्धुमती राजधानीमा जानु होस् ।' भिक्षु हो ! त्यस ·पछि कोही भिक्षुहरु आ-आफ्नो ऋद्धिबलद्वारा र कोही देवताहरुको ऋद्धिबलसाथ एकै दिनमा बन्धुम· राजधानीमा प्रातिमोक्ष उद्देश्यको लागि गए ।"

७१. "भिक्षु हो ! अनि विपस्सी ·ग·वान् अरहत् सम्यक्सम्बुद्धले ती महत् भिक्षुसङ्घलाई यसरी प्रातिमोक्ष *(शिक्षापद)* को उद्देश्य *(वाचन)* ·भयो –

Downloaded from http://www.dhamma.digital

"तितिक्षा *(तितिक्खा=सहनशीलता)* र क्षमाशीलता परम तप हुन्, बुद्धहरू निर्वाणलाई परमपद भन्दछन्, अर्कालाई घात गर्ने, अर्कालाई पीडा दिने प्रव्रजित सच्चा साधु होइन ।"

"कुनै पाप नगर्नु,पुण्य संचय गर्नु र आफ्नो चित्तलाई शुद्ध गर्नु – यही बुद्धहरूको शिक्षा हो ।"

"कसैलाई निन्दा वा हिंसा पीडा नगर्नु, प्रातिमोक्षका शीलहरू पालन गर्नु, आहारमा मात्राको ज्ञान राख्नु, एकान्त बास गर्नु र चित्त शुद्धिको निमित्त योग गर्नु – यही बुद्धहरूको शिक्षा हो ।"

## देवताहरूको साक्ष्य

७२. "भिक्षु हो ! एक समय म उक्कट्ठास्थित सुभगवनमा सालराज वृक्षको मुनि विहार गरी बसेको थिएँ । भिक्षु हो ! त्यसबेला एकान्तमा ध्यान गरीरहेको बेला मेरो चित्तमा यस्तो वितर्क उत्पन्न भयो – शुद्धावास *(सुद्धावास)* देवलोकमा बाहेक यस्तो कुनै योति *(सत्त्वावास)* छैन जहाँ मैले अहिले सम्म कुनै न कुनै बेला यो दीर्घकालमा जन्म नलिएको होस् । अतः म त्यहाँ जानु पर्‍यो जहाँ शुद्धावास देवताहरू बसिरहेका छन् । भिक्षु हो ! त्यसपछि – जस्तै कुनै बलवान् पुरुषले खुम्चेको हातलाई पसार्छ र पसारेको हातलाई खुम्च्याउँछ त्यस्तैगरी उक्कट्ठास्थित सुभगवनमा रहेको शालराज मूलबाट अन्तर्धान भई अवृह *(अविह)* देवलोकमा प्रकट भएँ । भिक्षु हो ! सो देवनिवासमा रहेका अनेक सहस्र देवताहरू मकहाँ आए । आएर मलाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेका देवताहरूले मलाई यस्तो भने – 'मारिष ! आजभन्दा ९१ कल्प अगि विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध लोकमा उत्पन्न भए । विपस्सी ··· क्षत्रिय जाति ··· । ··· कोण्डञ्ञ गोत्र ··· । विपस्सी भगवान् ··· को ८४ हजार वर्ष आयु परिणाम ··· । ··· पातलि वृक्षको मुनि बोधिज्ञान प्राप्त गरे ··· । ··· खण्ड राजपुत्र र तिष्य पुरोहितपुत्र भन्ने श्रावकहरू ··· । ··· तीन शिष्य सम्मेलन ··· । ··· अशोक भन्ने भिक्षु उपस्थाक ··· । ··· बन्धुमान् नामक पिता तथा बन्धुमती भन्ने माता ··· । ·· बन्धुमती भन्ने नगर राजधानी ··· । विपस्सी ···' यसरी निष्क्रमण गरी यस्तो प्रव्रज्या, यस्तो प्रधान *(बुद्धत्व प्राप्तिको निमित्त तप)*, यसरी ज्ञान प्राप्ति र यसरी धर्मचक्र प्रवर्तन गर्नुभएको थियो । मारिष ! हामी उहाँ नै विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धको शासनमा ब्रह्मचर्य पालन गरी सांसारिक कामछन्द *(भोग इच्छा)* बाट विरक्त भई यहाँ उत्पन्न भएका हौं ।

"भिक्षु हो ! त्यही देवलोकमा रहेका अरू अनेक सहस्र *(हजारौं हजार)*, लाखौं देवताहरू जहाँ म थिए त्यहाँ आए । आएर मलाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेका ती देवताहरूले मलाई यस्तो भने – 'मारिष ! यही भद्रकल्पमा तपाईं स्वयं भगवान् अरहत् सम्यक्सम्बुद्ध उत्पन्न हुनुभयो । मारिष ! भगवान् क्षत्रिय जातिको हुनुहुन्छ, क्षत्रिय कुलमा जन्मनुभएको छ । मारिष ! भगवान् गोत्रले गौतम हुनुहुन्छ । मारिष ! भगवान्को आयुःप्रमाण सारै थोरै मात्र तथा अल्प मात्र छन्, बढिसे बढि यो समय बाच्नेको आयु १०० वर्ष अथवा त्योभन्दा केही बढि वा घटि हुनेछ । आवुसो ! भगवान्को बुद्धत्व प्राप्ति अस्सत्थ वृक्ष मुनि भए । मारिष ! भगवान्को सारिपुत्र र मोग्गलान प्रधान शिष्य हुन् । मारिष ! भगवान्को १२५० जना भिक्षुको एउटा शिष्य सम्मेलन भयो । मारिष ! भगवान्को उपस्थाक भिक्षु आनन्द हुन् । मारिष ! भगवान्को पिता शुद्धोदन भन्ने पिता राजा तथा माया भन्ने देवी माता हुन् । ··· कपिलवस्तु राजधानी हुन् । ··· यसरी महाभिनिष्क्रमण ··· भए ··· । मारिष ! हामी पनि यही तपाईंको शासनमा ब्रह्मचर्य पालन गरी सांसारिक कामछन्द *(भोग इच्छा)* बाट विरक्त भई यहाँ उत्पन्न भएका हौं ।'

Downloaded from http://www.dhamma.digital

७३. "भिक्षु हो ! त्यसपछि म अवृह देवताहरू साथ जहाँ अतप्प देवलोक हो त्यहाँ गएँ ··· *(पूर्ववत्)* ···

"भिक्षु हो ! त्यसपछि म अवृह देवताहरू, अतप्य देवताहरू तथा सुदर्श देवताहरू साथ जहाँ सुदस्सी देवहरू छन् त्यहाँ गएँ ।

"भिक्षु हो ! त्यसपछि म अवृह, अतप्य, सुदर्श तथा सुदस्सी देवताहरू साथ लिई जहाँ अकनिष्ट देवताहरू थिए त्यहाँ गए । त्यसपछि उनीहरू मकहाँ आए । आएर मलाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेका देवताहरूले मलाई यस्तो भने – 'मारिष ! आजभन्दा ९१ कल्प अगि विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्ध लोकमा उत्पन्न भए । विपस्सी ··· क्षत्रिय जाति ··· । ··· कोण्डञ्ञ गोत्र ··· । विपस्सी भगवान् ··· को ८४ हजार वर्ष आयु परिणाम ··· । ··· पातलि वृक्षको मुनि बोधिज्ञान प्राप्त गरे ··· । ··· खण्ड राजपुत्र र तिष्य पुरोहितपुत्र भन्ने श्रावकहरू ··· । ··· तीन शिष्य सम्मेलन ··· । ··· अशोक भन्ने भिक्षु उपस्थापक ··· । ··· बन्धुमान् नामक पिता तथा बन्धुमती भन्ने माता ··· । ··· बन्धुमती भन्ने नगर राजधानी ··· । विपस्सी यसरी निष्क्रमण गरी यस्तो प्रव्रज्या, यस्तो प्रधान *(बुद्धत्व प्राप्तिको निमित्त तप),* यसरी ज्ञान प्राप्ति र यसरी धर्मचक्र प्रवर्तन गर्नुभएको थियो । मारिष ! हामी उहाँ नै विपस्सी भगवान् अरहत् सम्यक्सम्बुद्धको शासनमा ब्रह्मचर्य पालन गरी सांसारिक कामछन्दबाट विरक्त भई यहाँ उत्पन्न भएका हौं ।'

७४. "भिक्षु हो ! त्यही देवलोकमा रहेका अरू अनेक सहस्र *(हजारौं हजार),* लाखौं देवताहरू जहाँ म थिए त्यहाँ आए । आएर मलाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेका ती देवताहरूले मलाई यस्तो भने – 'मारिष ! यही भद्रकल्पमा तपाईं स्वयं भगवान् अरहत् सम्यक्सम्बुद्ध उत्पन्न हुनुभयो । मारिष ! भगवान् क्षत्रिय जातिको हुनुहुन्छ, क्षत्रिय कुलमा जन्मनुभएको छ । मारिष ! भगवान् गोत्रले गोतम हुनुहुन्छ । मारिष भगवान्को आयु:प्रमाण सारै थोरै मात्र तथा अल्प मात्र छन्, बढि से बढि यो समय बाच्नेको आयु १०० वर्ष अथवा त्योभन्दा केही बढि वा घटि हुनेछ । आवुसो ! भगवान्को बुद्धत्व प्राप्ति अस्सत्थ वृक्ष मुनि भए । मारिष ! भगवान्को सारिपुत्र र मोग्गलान प्रधान शिष्य हुन् । मारिष ! भगवान्को १२५० जना भिक्षुहरूको एउटा शिष्य सम्मेलन भयो । मारिष ! भगवान्को उपस्थापक भिक्षु आनन्द हुन् । मारिष ! भगवान्को पिता शुद्धोदन भन्ने पिता राजा तथा माया भन्ने देवी माता हुन् । ··· कपिलवस्तु राजधानी हुन् । ··· यसरी महाभिनिष्क्रमण ··· भए ··· । मारिष ! हामी पनि यही तपाईंको शासनमा ब्रह्मचर्य पालन गरी सांसारिक कामच्छन्दबाट विरक्त भई यहाँ उत्पन्न भएका हौं ।'

७५. "भिक्षु हो ! तथागतले धर्म धातुलाई राम्ररी बुझ्नुभयो, जुन धर्मधातु राम्ररी बुझेको कारणले तथागतले अतीतकालमा परिनिर्वाण हुनुभएका, संसारको प्रपञ्चमाथि विजय प्राप्त गर्नुभएका, आफ्नो मार्ग *(आवागमन)* समाप्त गर्नुभएका पुन: सबै मार्गलाई समाप्त गर्नुभएका तथा सबै दु:खलाई अन्त गर्नुभएका *(ती)* बुद्धहरूलाई जातिबाट पनि स्मरण गर्नुभयो । नामबाट पनि ···, गोत्रबाट पनि ···, आयु:परिणामबाट पनि ···, श्रावकहरूबाट पनि ···, श्रावक सन्निपातबाट पनि स्मरण गर्नु भयो कि उहाँ भगवान्हरू यस्ता जातिका हुनुहुन्थ्यो ··· ।

देवताहरूले पनि यही कुरा तथागतलाई बिन्ती गरेका थिए । ···

यसरी भगवान्ले भन्नुभयो । सन्तुष्ट भई भिक्षुहरूले भगवान्को भाषणलाई अभिवादन गरे ।

**महापदान-सुत्त समाप्त ।**

Downloaded from http://www.dhamma.digital

# २. महानिदान–सुत्त

**(महानिदानसूत्र)**

## १. प्रतीत्यसमुत्पादको गम्भीरता

१. यस्तो मैले सुनें । एक समय भगवान् कुरुदेशमा कुरुहरूको निगम **कम्मासदम्म** *(कल्माषदम्य)* मा विहार गरी बस्नुभएको थियो । अनि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका आयुष्मान् आनन्दले भगवान्लाई यस्तो बिन्ति गरे – "आश्चर्य हो, भन्ते ! अद्‌भुत हो, भन्ते ! कतिको गम्भीर छ, कतिको गम्भीर जस्तो आभासपूर्ण छ यो प्रतीत्यसमुत्पाद ! तर पनि मलाई भने यो उत्तानो परेझैं *(अति)* सरल र स्पष्ट जस्तो देख्दछुं ।"

"आनन्द ! त्यस्तो नभन । आनन्द ! त्यस्तो नभन । आनन्द ! यो प्रतीत्यसमुत्पाद गम्भीर छ, फेरि यो अति गम्भीर आभासपूर्ण छ । आनन्द ! यो धर्म राम्ररी नजान्नाले, प्रतिवेध नहुनाले हामी प्रजाहरू *(मानिसहरू)* सबै गुत्थी नसुल्झेको धागोजस्तै, मूञ्ज *(घाँस)* घाँसमा अल्झेझैं अपाय, दुर्गति विनिपातमा परी यो संसारबाट पार हुन सकिरहेका छैनौं ।"

### प्रत्ययको कारण

२. "आनन्द ! 'के जरा र मरणको कारण छ' भनी *(कसैले)* सोध्यो भने 'छ' भनी भन्नु पर्छ । के कारणले *(प्रत्ययले)* जरा र मरण हुन्छ भनी सोध्यो भने 'जाति' *(जन्म)* को कारणले जरा र मरण हुन्छ' भनी उत्तर दिनुपर्छ ।"

"आनन्द ! 'के जाति *(जन्म)* को कारण छ' भनी *(कसैले)* सोध्यो भने 'छ' भनी भन्नु पर्छ । के कारणले जाति *(=जन्म)* भनि सोध्यो ? भने 'भवको कारणले जाति हुन्छ' भनी उत्तर दिनु पर्छ ।"

"आनन्द ! के भवको कारण छ ? भनी सोध्यो भने 'छ' भनी उत्तर दिनुपर्छ ।" 'के कारणले भव हुन्छ' भनी सोध्यो भने 'उपादान *(आसक्ति)* को कारणले भव हुन्छ' भनी उत्तर दिनुपर्छ ।"

"आनन्द ! 'के उपादानको कारण छ' भनी सोध्यो भने 'छ' भनी भन्नु पर्छ । 'के कारणले उपादान हुन्छ' भनी सोध्यो भने 'तृष्णाको कारणले उपादान हुन्छ' भनी उत्तर दिनुपर्छ ।"

"आनन्द ! 'के तृष्णाको कारण छ' भनी सोध्यो भने 'छ' भनी भन्नु पर्छ । 'के कारणले तृष्णा हुन्छ' भनी सोध्यो भने 'वेदनाको कारण तृष्णा हुन्छ' भनी उत्तर दिनुपर्छ ।"

"आनन्द ! 'के वेदनाको कारण छ' भनी सोध्यो भने 'छ' भनी भन्नु पर्छ । 'के कारणले वेदना हुन्छ' भनी सोध्यो भने 'स्पर्शको कारणले वेदना हुन्छ' भनी उत्तर दिंनुपर्छ ।"

Downloaded from http://www.dhamma.digital

"आनन्द ! 'के स्पर्शको कारण छ' भनी सोध्यो भने 'छ' भनी भन्नु पर्छ । 'के कारणले स्पर्श हुन्छ' भनी सोध्यो भने 'नाम-रूपको कारणले स्पर्श हुन्छ' भनी उत्तर दिनुपर्छ ।"

"आनन्द ! 'के नाम-रूपको कारण छ' भनी सोध्यो भने 'छ' भनी भन्नु पर्छ । 'के कारणले नाम-रूप हुन्छ' भनी सोध्यो भने 'विज्ञानको कारणले नाम-रूप हुन्छ' भनी उत्तर दिनुपर्छ ।"

"आनन्द ! 'के विज्ञानको कारण छ' भनी सोध्यो भने 'छ' भनी भन्नु पर्छ । 'के कारणले विज्ञान हुन्छ' भनी सोध्यो भने 'नाम-रूपको कारणले विज्ञान हुन्छ' भनी उत्तर दिनुपर्छ ।"

"आनन्द ! 'नाम-रूपको कारण विज्ञान हुन्छ' विज्ञानको कारण नाम-रूप हुन्छ यसरी 'नाम-रूपको कारण स्पर्श' हुन्छ 'स्पर्शको कारण वेदना' हुन्छ, 'वेदनाको कारण तृष्णा' हुन्छ, 'तृष्णाको कारण उपादान' हुन्छ, 'उपादानको कारण भव' हुन्छ, भवको कारण जाति *(जन्म)*, जातिको कारण जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास' हुन्छ । यसरी यो केवल *(सम्पूर्ण)* दुःखस्कन्धको समुदय *(उत्पत्ति)* हुन्छ ।"

## यो कारण नभएमा यो हुंदैन

४. "आनन्द ! जुन *(मैले)* 'जाति *(जन्म)* को कारण जरामरण हुन्छ' भनी भनेको हो त्यो जातिको कारणले हुने जरामरणलाई *(सविस्तारपूर्वक)* यसरी सम्झनुपर्छ । आनन्द ! *(मानौंकि)* यदि जाति *(जन्म)* नभएको भए बिलकुलै कुनै प्रकारले कसैको कहीं *(कुनै योनिमा)* पनि जाति *(जन्म)* सर्वथा हुने नै थिएन; जस्तोकि देवहरूको देवत्व, गन्धर्वहरूको गन्धर्वत्व, यक्षहरूको यक्षत्व, भूत *(प्राणी)* हरूको भूतत्व, मनुष्यहरूको मनुष्यत्व, चतुष्पद *(चौपाया)* हरूको चतुष्पदत्व *(पशुत्व)*, पक्षीहरूको पक्षीत्व, सरीसृपहरू *(घस्रेर हिंड्ने जन्तु, सर्प आदि)* को सरीसृपत्व, *(संक्षेपमा भन्नु पर्‍यो भने)* जस्ता जस्ता प्राणीहरू छन् त्यस्ता त्यस्ता प्राणीहरू *(उत्पत्ति)* हुने नै थिएन । आनन्द ! यदि जाति *(जन्म)* नभएको भए बिलकुलै, कुनै प्रकारले, कसैको कहीं पनि जाति *(जन्म)* को अभाव हुन्छ, जातिको निरोध हुन्छ । आनन्द ! त्यस्तो भए के जरामरण देख्न *(प्रज्ञप्त गर्न)* सकिएला *(जरामरण भन्ने रहन्छ र)* ?"

"सकिंदैन, भन्ते ! "

"आनन्द ! त्यसैले जन्म नै जरामरणको हेतु (cause) हो, निदान (source) हो, समुदय (origin) हो, प्रत्यय (condition) हो ।"

५. "आनन्द ! जुन *(मैले)* 'भवको कारण जाति हुन्छ' भनी भनेको हो त्यो भवको कारणले हुने जातिलाई *(सविस्तारपूर्वक)* यसरी सम्झनु पर्छ । आनन्द ! यदि भव नभएको भए बिलकुलै कुनै प्रकारले कसैको कहीं पनि भव *(आवागमन)* सर्वथा हुने नै थिएन जस्तोकि कामभव, रूपभव, अरूपभव । आनन्द ! यदि भव नभएको भए बिलकुलै, कुनै प्रकारले, कसैको कहीं पनि भव हुंदैन, भवको निरोध हुन्छ । आनन्द ! त्यस्तो भए के जाति *(जन्म)* देख्न सकिएला ?"

"सकिंदैन, भन्ते ! "

"आनन्द ! त्यसैले भव नै जातिको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।

६. "आनन्द ! जुन *(मैले)* उपादान *(आसक्ति)* को कारण जाति हुन्छ भनेको हो त्यो उपादानको कारणले हुने जातिलाई *(सविस्तारपूर्वक)* यसरी *(निम्न तरीकाले)* सम्झनु पर्छ । आनन्द ! यदि उपादान नभएको बिलकुलै कुनै प्रकारले कसैको कहीं पनि उपादान सर्वथा हुने नै थिएन, जस्तोकि काम-उपादान

Downloaded from http://www.dhamma.digital

*(कामोपादान=काम भोगमा आसक्ति)*, दृष्टि-उपादान *(दृष्टचुपादान)*, शीलव्रत-उपादान *(शीलव्रतोपादान)* अथवा आत्मवाद-उपादान *(आत्मवादोपादान=आत्माको नित्यत्वको दृढ धारणा)* । आनन्द ! यदि उपादान नभएको भए बिलकुलै, कुनै प्रकारले, कसैको कहीं पनि उपादानको अभाव हुन्छ, उपादानको निरोध हुन्छ । आनन्द ! त्यस्तो भए के भवलाई देख्न सकिएला ?"

"सकिंदैन, भन्ते ! "

"आनन्द ! त्यसैले भवको उपादान नै हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

७. "आनन्द ! जुन *(मैले)* तृष्णाको कारण उपादान हुन्छ भनेको हो त्यो तृष्णाको कारणले हुने उपादानलाई यसरी सम्झनु पर्छ । आनन्द ! यदि तृष्णा नभएको भए बिलकुलै कुनै प्रकारले कसैको कहीं पनि तृष्णा हुने नै थिएन, जस्तो कि रूप तृष्णा, शब्द तृष्णा, गन्ध तृष्णा, रस तृष्णा, स्पर्श तृष्णा तथा धर्म तृष्णा । आनन्द ! यदि तृष्णा नभएको भए बिलकुलै, कुनै प्रकारले, कसैको कहीं पनि तृष्णाको अभाव हुन्छ, तृष्णाको निरोध हुन्छ । आनन्द ! त्यस्तो भए के तृष्णालाई देख्न सकिएला ?"

"सकिंदैन, भन्ते ! "

"आनन्द ! त्यसैले तृष्णा नै उपादानको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

८. "आनन्द ! जुन *(मैले)* वेदनाको कारण तृष्णा हुन्छ भनेको हो त्यो वेदना नभएको भए बिलकुलै कुनै प्रकारले कसैको कहीं पनि वेदना सर्वथा हुने नै थिएन, जस्तोकि चक्षु संस्पर्श *(चक्षु र रूपको योगबाट)* बाट उत्पन्न हुने वेदना, स्रोत संस्पर्शबाट उत्पन्न हुने वेदना, घ्राण संस्पर्शबाट उत्पन्न हुने वेदना, जिह्वा संस्पर्शबाट उत्पन्न हुने वेदना तथा मनः संस्पर्शबाट उत्पन्न हुने वेदना । आनन्द ! यदि वेदना नभएको भए बिलकुलै, कुनै प्रकारले कसैको कहीं पनि वेदना अभाव हुन्छ, वेदनाको निरोध हुन्छ । आनन्द ! त्यस्तो भए के वेदनालाई देख्न सकिएला ?"

"सकिंदैन, भन्ते ! "

"आनन्द ! त्यसैले वेदना नै तृष्णाको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

९. "आनन्द ! यसरी वेदनाको कारण तृष्णा हुन्छ, तृष्णाको कारण पर्येषणा *(गवेषणा, खोज)* हुन्छ, पर्येषणाको कारणले लाभ हुन्छ, लाभको कारण विनिश्चय *(लाभ प्राप्तिको निम्ति दृढ निर्णय)* हुन्छ, विनिश्चयको कारण छन्दराग *(प्रयत्न-इच्छा)* हुन्छ, छन्दरागको कारण अध्यवसान *(प्रयत्न)* हुन्छ, अध्यवसानको कारण परिग्रह *(संग्रह गर्नु)* हुन्छ, परिग्रहको कारण मात्सर्य *(कन्जुसी)* हुन्छ, मात्सर्यको कारण आरक्षा *(थन्काउनु)* हुन्छ, आरक्षाको कारण दण्डादान*(समर्पित, वस्तु आदि सुरक्षार्थ हातमा लीइ.................. लिएर बस्नु पर्ने)*-शस्त्रादान*(हतियार प्रयोग गर्नुपर्ने)*-कलह विग्रह विवाद – 'तँ' 'तँ' 'म' 'म' भन्ने पैशुन्य, मृषावाद तथा अनेक पापक अकुशल धर्म हुन्छन् ।"

१०. "आनन्द ! जुन आरक्षाको कारण दण्डादान-शस्त्रादान-कलह विग्रह विवाद – 'तँ' 'तँ' 'म' 'म' भन्ने पैशुन्य, मृषावाद तथा अनेक पापक अकुशल धर्म हुन्छन् त्यो आरक्षाको कारणले हुने दण्डादान - शस्त्रादान-कलह विग्रह विवाद – 'तँ' 'तँ' 'म' 'म' भन्ने पैशुन्य, मृषावाद तथा अनेक पापक अकुशल धर्मलाई यसरी सम्झनु पर्छ । आनन्द ! यदि आरक्षा नभएको भए बिलकुलै कुनै प्रकारले कसैको कहीं पनि पापक अकुशल धर्म सर्वथा हुने नै थिएन, आनन्द ! के त आरक्षा नभएको भए – दण्डादान-शस्त्रादान-कलह विग्रह विवाद-'तँ' 'तँ' 'म' 'म' भन्ने पैशुन्य, मृषावाद तथा अनेक पापक अकुशल धर्म देख्न सकिएला ?"

"सकिंदैन, भन्ते ! "

Downloaded from http://www.dhamma.digital

"आनन्द ! त्यसैले आरक्षा नै दण्डादान-शस्त्रादान-कलह विग्रह विवाद, 'तँ' 'तँ' 'म' 'म' भन्ने पैशुन्य, मृषावाद तथा अनेक पापक अकुशल धर्मको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

११. "आनन्द ! जुन *(मैले)* मात्सर्यको कारण आरक्षा हुन्छ भनेको हो त्यो मात्सर्यको कारणले हुने आरक्षालाई यसरी सम्झनु पर्छ । आनन्द ! यदि मात्सर्य नभएको भए बिलकुलै कुनै प्रकारले कसैको कहीं पनि मात्सर्य सर्वथा हुने नै थिएन । आनन्द ! यदि मात्सर्य नभएको भए बिलकुलै, कुनै प्रकारले, कसैको कहीं पनि मात्सर्य अभाव हुन्छ, मात्सर्यको निरोध हुन्छ । आनन्द ! त्यस्तो भए के आरक्षा देख्न सकिएला ?"

"सकिंदैन, भन्ते ! "

"आनन्द ! त्यसैले मात्सर्य नै आरक्षाको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

१२. "आनन्द ! जुन *(मैले)* परिग्रहको कारण मात्सर्य हुन्छ भनेको हो त्यो परिग्रह नभएको भए बिलकुलै कुनै प्रकारले कसैको कहीं पनि परिग्रह सर्वथा हुने नै थिएन । आनन्द ! यदि परिग्रह नभएको भए बिलकुलै ...... परिग्रह अभाव हुन्छ, परिग्रहको निरोध हुन्छ । आनन्द ! त्यस्तो भए के मात्सर्य देख्न सकिएला ?"

"सकिंदैन, भन्ते ! "

"आनन्द ! त्यसैले परिग्रह नै मात्सर्यको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

१३. "आनन्द ! जुन *(मैले)* अध्यवसानको कारण परिग्रह हुन्छ भनेको हो त्यो अध्यवसानको कारणले हुने परिग्रहलाई यसरी सम्झनु पर्छ । आनन्द ! अध्यवसान नभएको भए बिलकुलै कुनै प्रकारले कसैको कहीं पनि अध्यवसान सर्वथा हुने नै थिएन । आनन्द ! यदि अध्यवसान नभएको भए बिलकुलै .... अध्यवसान अभाव हुन्छ, अध्यवसान निरोध हुन्छ । आनन्द ! त्यस्तो भए के परिग्रह देख्न सकिएला *( अर्थात् परिग्रह भन्ने रहन्छ र)* ?"

"सकिंदैन, भन्ते ! "

"आनन्द ! त्यसैले अध्यवसान नै परिग्रहको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

१४. "आनन्द ! जुन *(मैले)* छन्दरागको कारण अध्यवसान हुन्छ भनेको हो त्यो छन्दरागको कारणले हुने अध्यवसानलाई यसरी सम्झनुपर्छ । आनन्द ! छन्दराग नभएको भए बिलकुलै कुनै प्रकारले कसैको कहीं पनि छन्दराग सर्वथा हुने नै थिएन । आनन्द ! यदि छन्दराग नभएको भए बिलकुलै ..... छन्दराग अभाव हुन्छ, छन्दराग निरोध हुन्छ । आनन्द ! त्यस्तो भए के अध्यवसान देख्न सकिएला ?"

"सकिंदैन, भन्ते ! "

"आनन्द ! त्यसैले छन्दराग नै अध्यवसानको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

१५. "आनन्द ! जुन *(मैले)* विनिश्चयको कारण छन्दराग हुन्छ भनेको हो त्यो विनिश्चयको कारणले हुने छन्दरागलाई यसरी सम्झनु पर्छ । आनन्द ! विनिश्चय नभएको भए बिलकुलै कुनै प्रकारले कसैको कहीं पनि विनिश्चय सर्वथा हुने नै थिएन । आनन्द ! यदि विनिश्चय नभएको भए बिलकुलै .... विनिश्चयको अभाव हुन्छ, विनिश्चय निरोध हुन्छ । आनन्द ! त्यस्तो भए के छन्दराग देख्न सकिएला ?"

"सकिंदैन, भन्ते ! "

"आनन्द ! त्यसैले विनिश्चय नै छन्दरागको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

Downloaded from http://www.dhamma.digital

१६. "आनन्द ! जुन *(मैले)* लाभको कारण विनिश्चय हुन्छ भनेको हो त्यो लाभको कारणले हुने विनिश्चयलाई यसरी सम्झनु पर्छ । आनन्द ! लाभ नभएको भए बिलकुलै कुनै प्रकारले कसैको कहीं पनि लाभ सर्वथा हुने नै थिएन । आनन्द ! यदि लाभ नभएको भए बिलकुलै .... लाभको अभाव हुन्छ, लाभ निरोध हुन्छ । आनन्द ! त्यस्तो भए के विनिश्चय देख्न सकिएला ?"

"सकिंदैन, भन्ते ! "

"आनन्द ! त्यसैले लाभ नै विनिश्चयको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

१७. "आनन्द ! जुन *(मैले)* पर्येषणा *(खोज)* को कारण लाभ हुन्छ भनेको हो त्यो पर्येषणाको कारणले हुने लाभलाई यसरी सम्झनु पर्छ । आनन्द ! पर्येषणा *(खोज)* नभएको भए बिलकुलै कुनै प्रकारले कसैको कहीं पनि पर्येषणा सर्वथा हुने नै थिएन । आनन्द ! यदि पर्येषणा नभएको भए बिलकुलै .... पर्येषणाको अभाव हुन्छ, पर्येषणा निरोध हुन्छ । आनन्द ! त्यस्तो भए के लाभ देख्न सकिएला ?"

"सकिंदैन, भन्ते ! "

"आनन्द ! त्यसैले पर्येषणा नै लाभको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

१८. "आनन्द ! जुन *(मैले)* तृष्णाको कारण पर्येषणा हुन्छ भनेको हो त्यो तृष्णाको कारणले हुने पर्येषणालाई यसरी सम्झनु पर्छ । आनन्द ! तृष्णा नभएको भए बिलकुलै कुनै प्रकारले कसैको कहीं पनि तृष्णा सर्वथा हुने नै थिएन । आनन्द ! यदि तृष्णा नभएको भए बिलकुलै .... तृष्णाको अभाव हुन्छ, तृष्णा निरोध हुन्छ । आनन्द ! त्यस्तो भए के पर्येषणा देख्न सकिएला ?"

"सकिंदैन, भन्ते ! "

"आनन्द ! त्यसैले तृष्णा नै पर्येषणाको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

१९. "आनन्द ! जुन *(मैले)* स्पर्शको कारण तृष्णा हुन्छ भनेको हो त्यो स्पर्शको कारणले हुने तृष्णालाई यसरी सम्झनु पर्छ । आनन्द ! स्पर्श नभएको भए बिलकुलै कुनै प्रकारले कसैको कहीं पनि स्पर्श सर्वथा हुने नै थिएन; जस्तोकि चक्षु-स्पर्श, स्रोत-स्पर्श, घ्राण-स्पर्श, जिव्हा-स्पर्श, काय-स्पर्श, मन-स्पर्श । आनन्द ! यदि स्पर्श नभएको भए बिलकुलै .... स्पर्शको अभाव हुन्छ, स्पर्श निरोध हुन्छ । आनन्द ! त्यस्तो भए के तृष्णा देख्न सकिएला ?"

"सकिंदैन, भन्ते ! "

"आनन्द ! त्यसैले स्पर्श नै तृष्णाको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

२०. "आनन्द ! जुन *(मैले)* नाम-रूपको कारण स्पर्श हुन्छ भनेको हो त्यो नाम-रूपको कारणले हुने स्पर्शलाई यसरी सम्झनु पर्छ । आनन्द ! जुन आकारहरू लिङ्ग *(चिन्ह)* हरू, निमित्तहरू, उद्देश्यहरूको कारणले यो नाम-काय *(नाम-समुदय)* प्रज्ञप्त भईरहेछ, ती आकारहरू, लिङ्गहरू, निमित्तहरू, उद्देश्यहरू नभएको के त रूपकाय *(रूप समुदय)* भन्ने नाम *(अधिवचन)* देखिन्छ *(रहन्छ)* ?"

"देखिन्दैन, भन्ते ! "

"आनन्द ! जुन त्यहीं आकारहरू, लिङ्गहरू, निमित्तहरू, उद्देश्यहरूको कारणले यो रूप-काय प्रज्ञप्त हुन्छ भन्ने *(यदि)* ती आकारहरू .... नभएमा के त नाम-काय, पतिघ-संस्पर्श भन्ने देखिन्छ त ?"

"देखिन्दैन, भन्ते ! "

Downloaded from http://www.dhamma.digital

"आनन्द ! जुन त्यहीं आकारहरू .. को कारणले यो नाम-काय तथा रूप-काय प्रज्ञप्त हुन्छ भन्ने *(यदि)* ती आकारहरू ..... नभएमा के त अधिवचन-संस्पर्श अथवा पतिघ-संस्पर्श भन्ने देखिन्छ त ? "

"देखिन्दैन, भन्ते ! "

"आनन्द ! जुन त्यहीं आकारहरू....... को कारणले यो नाम-रूप प्रज्ञप्त हुन्छ भन्ने *(यदि)* ती आकारहरू ..... नभएमा के त स्पर्श भन्ने देखिन्छ त ? "

"देखिन्दैन, भन्ते ! "

"आनन्द ! त्यसैले स्पर्श नै नाम-रूपको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

२१. "आनन्द ! जुन *(मैले)* विज्ञानको कारण नाम-रूप हुन्छ भनेको हो त्यो विज्ञानको कारणले हुने नाम-रूपलाई यसरी सम्झनु पर्छ । आनन्द ! यदि विज्ञान *(चित्त सन्तति जीव)* आमाको कोखमा नआएको भए यो नाम-रूप संचित *(प्रयोग)* हुन सक्ला ?"

"हुन सक्दैन, भन्ते ! "

"आनन्द ! *(फेरि एउटा कुरा)* यदि विज्ञान मात्रै आमाको कोखमा प्रवेश भई निस्यो भन्ने *(अर्थात गर्भपात भयो भने)* के त यसको निम्ति नाम-रूप प्रज्ञप्त गर्न सकिएला ?"

"सकिन्न, भन्ते ! "

"आनन्द ! यदि कुमार वा कुमारिका अति शिशु भएकै बेला यदि विज्ञान छिन्नभिन्न भएर गएमा के त नाम-रूपले वृद्धि, विरुढि, विपुलता प्राप्त गर्ने अवसर पाउला ?"

"पाउँदैन, भन्ते ! "

"आनन्द ! त्यसैले विज्ञान नै नाम-रूपको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

२२. "आनन्द ! जुन *(मैले)* नाम-रूपको कारण विज्ञान हुन्छ भनेको हो त्यो नाम-रूपको कारणले हुने विज्ञानलाई यसरी सम्झनु पर्छ । आनन्द ! यदि विज्ञान नाम-रूपमा प्रतिष्ठित नभएको भए के त *(भविष्यमा)* जन्म, जरा, मरण, दुःख समुदय *(उत्पति)* ........ सम्भव छ ?"

"छैन, भन्ते ! "

"आनन्द ! त्यसैले नाम-रूप नै विज्ञानको हेतु हो, निदान हो, समुदय हो, प्रत्यय हो ।"

"आनन्द ! यो विज्ञानसहित नाम-रूपबाट नै प्राणी जन्मिन्छ, बूढा हुन्छ, मृत्यु हुन्छ, च्युत हुन्छ, उत्पन्न हुन्छ । यति मात्रले नै यो नाम-रूपको व्यवहार *(अधिवचन)* हुन्छ, यति मात्रले नै यसको निरुक्ति *(भाषा)* व्यवहार हुन्छ, यति मात्रले नै प्रज्ञप्ति हुन्छ, यति मात्रले नै यो प्रज्ञा *(ज्ञान)* को विषय हुन्छ, यति मात्रले नै वृत्त हुन्छ, जस्तोकि नाम-रूप विज्ञानसँग परस्पर सापेक्ष हुने हुन्छ ।"

## २. (क) आत्मवाद-प्रज्ञप्ति

२३. "आनन्द ! आत्मा *(को सत्ता)* मान्ने *(प्रज्ञप्त गर्ने आत्मावादी)* पुरुषले कति कारणले *(आत्मा)* मान्दछ ? (१) आनन्द ! कसैले आत्मालाई रूपवान् तथा सूक्ष्म *(परित, सीमित)* भन्दै *(यो)* मेरो आत्मा रूपवान् तथा सूक्ष्म छ भनी मान्दछ । (२) आनन्द ! कसैले आत्मालाई रूपवान तथा अनन्त छ भनी मान्दछ । (३) आनन्द ! कसैले आत्मालाई अरूप *(रूपरहित)* तथा अनन्त छ भनी मान्दछ । (४) आनन्द ! कसैले आत्मालाई अरूप *(रूपरहित)* तथा अनन्त छ भनी मान्दछ ।

Downloaded from http://www.dhamma.digital

**आत्मवादको खण्डन** – २४. "आनन्द ! त्यहाँ जो *(चार आत्मावादी मध्ये)* आत्मालाई रूपवान् तथा सूक्ष्म भनी मान्दछ भने उसले कि त आत्मालाई रूपवान् तथा सूक्ष्म भनी वर्तमान सत्तालाई मानेको हुनुपर्छ अथवा भावी सत्ताको आत्मालाई रूपवान् तथा सूक्ष्म भनी मानेको हुनु पर्छ । नभएको *(आत्मा)* लाई छ भनी अस्तीत्वभावमा मानेको मात्र हो । *(ती दुई मध्ये एउटा मान्नेले एक अर्काको धारणालाई गलत मान्दछन्)* । आनन्द ! त्यस्तालाई रूपवत्ता तथा सूक्ष्मताको मिथ्यादृष्टिको जाल *(रुपिं परित्ततानुदिट्ठि)* मा फसेको छ भनी भन्नु पर्छ ।

"आनन्द ! त्यहाँ जो *(आत्मावादी)* रूपवान् तथा अनन्त छ भनी मान्दछ भने उसले कि त आत्मालाई रूपवान् तथा अनन्त भनी वर्तमान सत्तालाई मानेको हुनुपर्छ अथवा भावी सत्ताको आत्मालाई रूपवान् तथा अनन्त भनी मानेको हुनुपर्छ । नभएको *(आत्मा)* लाई छ भनी अस्तित्व भावमा मानेको मात्र हो । आनन्द ! त्यस्तालाई रूपवत्ता तथा परित्तताको मिथ्यादृष्टिको जालमा फसेको भनी भन्नुपर्छ ।

"आनन्द ! त्यहाँ जो *(आत्मावादी)* आत्मालाई अरूप *(रूप रहित)* तथा सूक्ष्म छ भनी मान्दछ भने उसले कि त आत्मालाई अरूपवान् तथा सूक्ष्म भनी वर्तमान सत्तालाई मानेको हुनुपर्छ अथवा भावी सत्ताको आत्मालाई अरूपवान् तथा सूक्ष्म भनी मानेको हुनुपर्छ । नभएको *(आत्मा)* लाई छ भनी अस्तित्व भावमा मानेको मात्र हो । आनन्द ! त्यस्तालाई अरूपवान् तथा सूक्ष्मताको मिथ्यादृष्टिको जाल *(अरूपिं पतित्रानुदिट्ठि)* मा फसेको भनी भन्नुपर्छ ।"

"आनन्द ! त्यहाँ जो *(आत्मावादी)* आत्मालाई अरूप *(रूपरहित)* तथा अनन्त छ भनी मान्दछ भने उसले कि त आत्मालाई अरूपवान् तथा अनन्त भनी वर्तमान सत्तालाई मानेको हुनुपर्छ अथवा भावी सत्ताको आत्मालाई मानेको हुनुपर्छ । नभएको *(आत्मा)* लाई छ भनी अस्तित्व भावमा मानेको मात्र हो । आनन्द ! त्यस्तालाई अरूपवान् तथा सूक्ष्मताको मिथ्यादृष्टिको जाल *(अरूपिं अनन्तानुदिट्ठि)* मा फसेको भनी भन्नुपर्छ ।"

"आनन्द ! यसरी आत्मावादीले आत्माको प्रज्ञापन गर्दछ ।

२५. "आनन्द ! यहाँ अनात्मवादी *(आत्मालाई प्रज्ञापित नगर्ने)* ले अनात्मवाद *(आत्माको अभाव)* लाई कसरी प्रज्ञापन गर्दछ ? (१) आनन्द ! आत्मालाई रूपवान् तथा सूक्ष्म छैन भन्दै *(यो)* मेरो आत्मा रूपवान् तथा सूक्ष्म छैन भनी मान्दछ । (२) आनन्द ! कसैले आत्मालाई रूपवान् तथा अनन्त छैन भन्दै *(यो)* मेरो आत्मा रूपवान् तथा अनन्त छैन भनी मान्दछ । (३) आनन्द ! कसैले आत्मालाई अरूप *(रूपरहित)* तथा सुक्ष्म छैन भन्दै *(यो)* मेरो आत्मा अरूपवान् तथा शुक्ष्म छैन भनी मान्दछ । (४) आनन्द ! कसैले आत्मालाई अरूप तथा अनन्त छैन भन्दै *(यो)* मेरो आत्मा अरूपवान् तथा अनन्त छैन भनी मान्दछ ।

२६. "आनन्द ! त्यहाँ जो *(अनात्मावादी)* आत्मालाई रूपवान् तथा सूक्ष्म छ भनी मान्दैन् भने उसले कि त आत्मालाई रूपवान् तथा सूक्ष्म भनी नमानेको हुनुपर्छ अथवा भावी सत्ताको आत्मालाई रूपवान् तथा सूक्ष्म भनी नमानेको हुनुपर्छ । नभएको *(आत्मा)* लाई छ भनी अस्तित्वभावमा नमानेको मात्र हो । आनन्द ! त्यस्तालाई रूपवत्ता तथा सूक्ष्मताको मिथ्यादृष्टिको जालमा नफसेको भनी भन्नु पर्छ ।"

२७. "आनन्द ! त्यहाँ जो *(अनात्मावादी)* आत्मालाई रूपवान् तथा अनन्त छ भनी मान्दैन भने उसले कि त आत्मालाई रूपवान् तथा अनन्त भनी वर्तमान सत्तालाई नमानेको हुनुपर्छ अथवा भावी सत्ताको आत्मालाई रूपवान् तथा अनन्त भनी नमानेको हुनुपर्छ । नभएको *(आत्मा)* लाई छ भनी अस्तित्वभावमा नमानेको मात्र हो । आनन्द ! त्यस्तालाई रूपवत्ता तथा परित्तताको मिथ्यादृष्टिको जालमा नफसेको भनी भन्नुपर्छ ।"

Downloaded from http://www.dhamma.digital

"आनन्द ! त्यहाँ जो *(अनात्मावादी)* आत्मालाई अरूप तथा सूक्ष्म छ भनी मान्दैन भने उसले कि त आत्मालाई अरूपवान् तथा सूक्ष्म भनी वर्तमान सत्तालाई मानेको हुनुपर्छ अथवा भावी सत्ताको आत्मालाई अरूपवान् तथा सूक्ष्म भनी नमानेको हुनुपर्छ । नभएको *(आत्मा)* लाई छ भनी अस्तित्वभावमा नमानेको मात्र हो । आनन्द ! त्यस्तालाई अरूपवान् तथा सूक्ष्मताको मिथ्यादृष्टिको जालमा नफसेको भनी भन्नुपर्छ ।"

"आनन्द ! त्यहाँ जो *(अनात्मावादी)* आत्मालाई अरूप *(रूपरहित)* तथा अनन्त छ भनी मान्दैन भने उसले कि त आत्मालाई अरूपवान् तथा अनन्त भनी वर्तमान सत्तालाई मानेको हुनुपर्छ अथवा भावी सत्ताको आत्मालाई अरूपवान् तथा अनन्त भनी नमानेको हुनुपर्छ । नभएको *(आत्मा)* लाई छ भनी अस्तित्वभावमा नमानेको मात्र हो । आनन्द ! त्यस्तालाई अरूपवान् तथा परित्तताको मिथ्यादृष्टिको जालमा नफसेको भनी भन्नुपर्छ ।"

"आनन्द ! यसरी अनात्मावादीले आत्माको प्रज्ञापन गर्दैन ।"

२७. "आनन्द ! कति कारणले आत्मावादीले आत्मालाई हेरेर के देख्दछ ? (१) आनन्द ! आत्माको खोज गर्नेले 'वेदनालाई नै आत्मा सम्झेर' 'वेदना मेरो आत्मा हो' भनी सम्झन्छ । (२) आनन्द ! 'वेदना मेरो आत्मा होइन, अप्रतिसंवेदन *(अन्-अनुभव)* नै मेरो आत्मा हो' भनी सम्झन्छन । (३) आनन्द ! 'न वेदना मेरो आत्मा नै हो न त अप्रतिसंवेदन नै मेरो आत्मा हो, अपितु मेरो आत्मा वेदित छ, अतः वेदित धर्म भएको मेरा आत्मा हो' भनी सम्झन्छ । आनन्द ! यहीं तीनप्रकारले आत्मालाई हेरेर देख्दछन् ।

२८. "आनन्द ! त्यहाँ जसले यस्तो भन्दछ – 'वेदना मेरो आत्मा हो' उनलाई यसो भन्नु *(सोध्नु)* पर्छ – 'आवुसो ! दुःख तिन प्रकारका छन्, कुन कुन भने – सुखवेदना, दुःखवेदना, अदुःख-असुखवेदना । यी तीन वेदना मध्ये तिमी कुन चाँहिलाई आफ्नो आत्मा सम्झेका छौ । आनन्द ! वेदनामध्ये तिमी कुन चाँहीलाई आफ्नो आत्मा सम्झेका छौ ? आनन्द ! जुनबेला सुखवेदना हुन्छ त्यसबेला दुःखवेदना हुँदैन न त अदुःख असुखवेदना नै हुन्छ, त्यसबेला सुखवेदना मात्र हुन्छ । आनन्द ! जुनबेला दुःखवेदना अनुभव हुन्छ, त्यसबेला दुःखवेदना मात्र हुन्छ । आनन्द ! जुन बेला अदुःख असुखवेदना अनुभव हुन्छ त्यसबेला सुखवेदना हुँदैन न त दुःखवेदना नै हुन्छ ।"

२९. "आनन्द ! सुखवेदना पनि अनित्य, संस्कृत *(कृत)*, प्रतीत्य-सम्मुत्पन्न, क्षय धर्म, व्यय धर्म, विराग धर्म, निरोध धर्म हो । आनन्द ! दुःखवेदना पनि अनित्य, संस्कृत, प्रतीत्य-सम्मुत्पन्न, क्षय धर्म, व्यय धर्म, विराग धर्म, निरोध धर्म हो । आनन्द ! अदुःख-असुखवेदना पनि अनित्य, संस्कृत, प्रत्यीत्य-सम्मुत्पन्न, क्षयधर्म, व्यय धर्म, विराग धर्म, निरोध धर्म हो । उनले सुखवेदना अनुभव गर्दैरहेको बेला यो *(सुखवेदना)* मेरो आत्मा हो भनी ठान्दछन्, त्यही सुखवेदनाको निरोध भएको बेला 'मेरो आत्मा विगत *(विनष्ट)* भएर गयो भनी ठान्दछन् । उनले अदुःख-असुखवेदना अनुभव गर्दैरहेको बेला त्यो *(अदुःख असुख वेदना)* मेरो आत्मा हो भनी ठान्दछन्, त्यही अदुःख-असुखवेदनाको निरोध भएको बेला' 'मेरो आत्मा विगत *(विनष्ट)* भएर गयो भनी ठान्दछन् ।' आनन्द ! यसरी उनले यहीं नै जन्म *(जीवन)* मा आत्मालाई सुख-दुःखमिश्रित, उत्पत्ति-विनाश स्वभाव *(धर्म)* भएको पाउँछन् । आनन्द ! यस्तो भए – वेदना मेरो आत्मा हो – भन्नु *(मान्नु)* ठीक छैन ।

३०. "आनन्द ! त्यहाँ जसले यस्तो भन्दछ – 'वेदना *(अनुभव)* मेरो आत्मा होइन, अप्रतिसंवेदना मेरो आत्मा हो'; उनलाई यसो भन्नु *(सोध्नु)* पर्छ – 'आवुसो ! जब सर्वत्र असंवेदयित *(अनुभव नभएको)* छ भने' *(तिम्रो भनाइ अनुसार)* त्यहाँ 'म' भन्ने भाव रहन्छ ?"

"रहँदैन, भन्ते !"

Downloaded from http://www.dhamma.digital

'त्यस्तो भए अप्रतिसंवेदन नै मेरो आत्मा हो भनी मान्नु ठीक छैन ।'

३१. "आनन्द ! त्यहाँ जसले यस्तो भन्दछ – 'न वेदना मेरो आत्मा नै हो न त अप्रतिसंवेदन नै मेरो आत्मा हो, अपितु मेरो आत्मा वेदित छ, अतः वेदित धर्म मेरो आत्मा हो; उनलाई यसो भन्नु *(सोध्नु) पर्छ* – 'आवुसो ! जब एक समय यस्तो पनि आउँछ *(अर्थात् निरोध समापत्ति ध्यान प्राप्त गरेमा)* सर्वत्र वेदना निरुद्ध भई जान्छ भने के त यो '..... वेदित धर्म मेरो आत्मा हो भन्छौ' भने त्यहाँ त्यसबेला 'म' भन्ने भाव रहन्छ ?'

"रहँदैन, भन्ते ! "

"त्यस्तो भए ... वेदित धर्म मेरो आत्मा हो" भनी मान्नु ठीक छैन ।"

३२. "आनन्द ! यहाँ भिक्षुले न वेदनालाई आत्मा भनी सम्झन्छ, न अप्रतिसंवेदनालाई सम्झन्छ न त आत्मा मेरो वेदित हो, वेदना धर्म भएको मेरो आत्मा नै हो भनी सम्झन्छ 'उनले यसरी सम्झेर लोकमा कुनैलाई पनि म, मेरो भनी ग्रहण गर्दैनन्, ग्रहण नगर्नाले त्रास हुँदैन ।' त्राश नहुनेलाई परिनिर्वाण प्राप्त हुन्छ । *(अनि)* मेरो जन्म *(लिनुपर्ने)* छैन, ब्रह्मचर्यबास पूरा भयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त यहाँ आउनुपर्ने छैन' भनी जान्दछन् । आनन्द ! यसरी विमुक्त चित्त भएको भिक्षुको बारे कोही कसैले – तथागत मरण पछि हुन्छ – यस्तो भन्यो भने उनको दृष्टि *(भनाई, सोचाई)* अयुक्त हुन्छ, तथागत मरणपछि हुन्न ......., तथागत मरणपछि हुन्छ पनि, हुन्न पनि ..., तथागत मरणपछि न हुन्छ न त हुन्न – यस्तो .... भन्यो भने उनको दृष्टि अयुक्त हुन्छ । त्यो के कारण ? आनन्द ! जति पनि नाम-संज्ञा *(अधिवचन)* छन्, जति पनि वचन-व्यवहार छन्, जति पनि निरुक्ति *(भाषा)* छन्, जति पनि प्रज्ञप्ति *(रुढि)* छन्, जति पनि प्रज्ञप्ति-व्यवहार छन्, जति पनि प्रज्ञा *(ज्ञान)* छन् अथवा जति पनि प्रज्ञाको विषय संसार *(वट्ट)* मा छन् ती सबै जानेर भिक्षु अभिज्ञाद्वारा विमुक्त भइसक्छन् । यसरी अभिज्ञाद्वारा विमुक्त भएको भिक्षुलाई यसरी नजानेको नदेखेको भनी भन्नु *(आरोप लगाउनु)* सर्वथा अयुक्त हुन्छ ।

## ३. सप्त विज्ञान स्थितिहरू

३३. "आनन्द ! विज्ञानको सात स्थितिहरू र दुई आयतनहरू छन् । के के सात ? आनन्द ! (१) नानाकाय र नाना संज्ञा हुने सत्त्व प्राणीहरू छन्, जस्तै – मनुष्यहरू, कुनै कुनै देवता[३६३] र कुनै कुनै विनिपातिकाहरू[३६४] । यो पहिलो विज्ञानस्थिति हो । (२) आनन्द ! नानाकाय र एकत्वसंज्ञा[३६५] हुन सत्त्व प्राणीहरू छन् जस्तै– प्रथमध्यानबाट उत्पन्न भएका ब्रह्मकायिक देवताहरू । यो दोस्रो विज्ञानस्थिति हो ।

---

३६३ 'कुनै कुनै देवता' भनी कामावचर देवताहरूलाई भनिएको हो । अं. नि. अ. क. II. पृ. ७११.

३६४ 'विनिपाती' भनी वेमानिक प्रेतहरूलाई भनिएको । कस्तालाई वेमानिक प्रेत भन्दछन् भन्ने कुरा आचार्य अमृतानन्दको बु.प्रे.प्राक्कथनको पृ. ११ मा उल्लेख भएको छ ।

३६५ सबै ब्रह्मकायिक देवताहरूका आकृति भिन्नाभिन्नै भए तापनि ती सबै प्रथमध्यानको प्रभावले ब्रह्मलोकमा उत्पन्न भएका हुन् । त्यसैले 'एकत्वसंज्ञा' भनिएको हो । अर्थात् उत्पन्न हुने बेलामा सबै ब्रह्मकायिकहरू प्रथमध्यान चेतनाले उत्पन्न भएका हुन् । त्यसैले 'एकत्वसंज्ञा' भनिएको हो । अं.नि.अ.क. II. पृ. ७१२ सत्तविञ्ञाणट्ठितिसुत्तवण्णना, सत्तकनिपात । पटि. म.अ.क.पृ. ७९: परिञ्ञेय्यनिद्देस वण्णना ।

Downloaded from http://www.dhamma.digital

(३) आनन्द ! एकत्व काय र नानात्वसंज्ञा[३६६] हुने सत्त्व प्राणीहरू छन्, जस्तै – आभास्वर देवता । यो तेस्रो विज्ञानस्थिति हो । (४) आनन्द ! एकत्व काय र नानात्वसंज्ञा[३६७] हुने सत्त्व प्राणीहरू छन्, जस्तै – शुभकृत्स्न देवता । यो चौथो विज्ञानस्थिति हो । (५) आनन्द ! सर्वतो रूपसंज्ञा अतिक्रमण गरी प्रतिघसंज्ञालाई अन्तगरी नानात्वसंज्ञा मनसिकार नगरी 'अनन्त आकाश' भनी आकाशानन्त्यायतनमा पुग्ने सत्त्व प्राणीहरू पनि छन् । यो पाँचौं विज्ञानस्थिति हो । (६) आनन्द ! सर्वतो आकाशानन्त्यायतनलाई अतिक्रमण गरी 'अनन्त आकाश' भनी विज्ञानन्त्यायतनमा पुग्ने सत्त्व प्राणीहरू पनि छन् । यो छैठौं विज्ञानस्थिति हो । (७) आनन्द ! सवतो विज्ञानन्त्यायतनलाई अतिक्रमण गरी 'केही छैन' भनी आकिञ्चन्यायतनमा पुग्ने सत्त्व प्राणीहरू पनि छन् । यो सातौं विज्ञानस्थिति हो । अर्को दुई आयतन *(क्षेत्र, वासस्थान)* पनि छन् । जस्तै एक असंज्ञी सत्त्व आयतन *(संज्ञारहित सत्त्वहरूको आवास)* एवं दोस्रो नैवसंज्ञानासंज्ञायतन सत्त्वहरूको आवास ।

३४. "आनन्द ! (१) त्यहाँ जो नानाकाय र नानासंज्ञा हुने सत्त्व प्राणीहरू छन्, जस्तै मनुष्यहरू, कुनै कुनै विनिपातिकाहरू । आनन्द ! जसले सो *(प्रथम विज्ञानस्थिति)* लाई जान्दछ, त्यसको उत्पत्ति *(समुदय)* लाई जान्दछ, त्यसको अस्तगमन *(विनाश)* लाई जान्दछ, त्यसको आस्वादलाई जान्दछ, त्यसको आदीनव *(दुष्परिणाम, दोष)* लाई जान्दछ, त्यसबाट निस्सरण *(नि:सरण)* लाई जान्दछ भने के त यसरी जान्ने *(ज्ञाता)* ले सो *(प्रथम विज्ञान स्थिति)* लाई अभिनन्दन गर्नु युक्त *(उचित)* हुन्छ ?"

"हुँदैन, भन्ते !"

"आनन्द ! त्यहाँ जो .... *(दोस्रो[३६८])* ...., *(तेस्रो[३६८])*......*(चौथो[३६८])*....*(पाँचौं[३६८])* .... *(छैठौं[३६८])* .... आकिञ्चन्यातयनमा पुग्ने *(सातौं विज्ञान स्थितिका)* सत्त्व प्राणीहरू छन् । आनन्द ! जसले त्यसलाई जान्दछ, त्यसको उत्पत्तिलाई जान्दछ, त्यसको अस्तगमनलाई जान्दछ, त्यसको आस्वादलाई जान्दछ, त्यसको आदीनवलाई जान्दछ, त्यसबाट नि:सरणलाई जान्दछ भने के त यसरी जान्नेले त्यसलाई अभिनन्दन गर्नु युक्त हुन्छ ?"

"हुँदैन, भन्ते !"

"आनन्द ! त्यहाँ जो असंज्ञी सत्वायतन छन् । आनन्द ! जसले त्यसलाई जान्दछ, त्यसको उत्पत्तिलाई जान्दछ, त्यसको अस्तगमनलाई जान्दछ, त्यसको आस्वादलाई जान्दछ, त्यसको आदीनवलाई जान्दछ, त्यसबाट नि:शरणलाई जान्दछ भने के त यसरी जान्नेले त्यसलाई अभिनन्दन गर्नु युक्त हुन्छ ?"

"हुँदैन, भन्ते ! "

"आनन्द ! त्यहाँ जो नैवसंज्ञानासंज्ञायतन छन् .... *(पूर्ववत्)* .... अभिनन्दन गर्नु युक्त हुन्छ ?"

"हुँदैन, भन्ते ! "

---

३६६ शरीराकृति समान भए पनि ध्यानको दृष्टिले द्वितीय वा तृतीय ध्यानद्वारा आभास्वर देवलोकमा उत्पन्न हुने भएकाले ध्यानको अवितर्क विचार र अवितर्क अविचार अङ्गको हिसाबले यहाँ 'नानात्वसंज्ञा' भनिएको हो । पटि.म.अ.क.पृ. ८०; अं. अ. क II. पृ. ७१२ : सत्तक निपात, सत्तविञ्ञाणट्ठितिसुत्तवण्णना ।

३६७ चतुर्थध्यानबाट हुने शुभकृत्स्न देवताहरूको सम्बन्धमा यहाँ 'एकत्व काय र एकत्व संज्ञा' भनिएको हो । अर्थात् चतुर्थध्यान संज्ञा एउटै भएकोले त्यसो भनिएको हो । अं.अ.क.II. पृ. ७१३ : सत्तक निपात, सत्तविञ्ञाणट्ठितिसुत्तवण्णना ।

३६८ पूर्ववत् प्रत्येकलाई विस्तार गरी पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

"आनन्द ! जब भिक्षु यी सात विज्ञानस्थिति र दुई आयतनको समुदय, अस्तगमन, आस्वाद, आदीनव, निःसरणलाई यथार्थ *(यथाभूत)* जान्नेछ तब त्यसबेला ऊ उपादानबाट विमुक्त हुन्छ । आनन्द ! त्यही भिक्षुलाई प्रज्ञा-विमुक्त भनी भन्दछन् ।

## ४. अष्ट *(आठ)* विमोक्ष

३५. "आनन्द ! यी आठ विमोक्षहरू हुन् । के के आठ ? (१) रूपमा रूपसंज्ञी हुन्छ – यो पहिलो विमोक्ष[३६९] हो (२) अध्यात्ममा अरूपसंज्ञी भई, बाहिरतिर रूपहरू देख्छ – यो दोस्रो विमोक्ष हो, (३) शुभबाट नै अधिमुक्त हुन्छ – यो तेस्रो विमोक्ष हो, (४) सबै प्रकारले रूप संज्ञाबाट समतिक्रम गरी, प्रतिघ संज्ञालाई अन्तगरी, नानात्व-संज्ञालाई मनन नगरी 'आकाश अनन्त' हो भनी 'आकाशानन्त्यायतन' *(समापत्ति)* प्राप्त गरी विहार गर्छ – यो चौथो विमोक्ष हो, (५) सबै प्रकारले आकाशानन्त्यायतनलाई समतिक्रम गरी 'विज्ञान अनन्त हो' भनी 'विज्ञानन्त्यायतन' *(समापत्ति)* प्राप्त गरी विहार गर्छ – यो पाँचौ विमोक्ष हो, (६) सबै प्रकारले विज्ञानन्त्यायतनलाई समतिक्रम गरी 'केही छैन' भनी 'अकिञ्चन्यायतन' *(समापत्ति)* प्राप्त गरी विहार गर्छ – यो छैठौं विमोक्ष हो, (७) सबै प्रकारले अकिञ्चन्यायतनलाई समतिक्रम गरी 'नैवसंज्ञानासंज्ञायतन' *(समापत्ति)* प्राप्त गरी विंहार गर्छ – यो सातौं विमोक्ष हो, (८) सबै प्रकारले नैवसंज्ञानासंज्ञायतनलाई समतिक्रम गरी 'संज्ञावेदयितनिरोध' *(समापत्ति)* प्राप्तगरी विहार गर्छ – यो आठौं विमोक्ष हो । आनन्द ! यही नै आठ विमोक्षहरू हुन् ।

३६. "आनन्द ! भिक्षुले *(आफूले चाहेअनुसार)* यी आठ विमोक्षहरू अनुलोभ (१,२,३ ... क्रमले) समाधि प्राप्त गर्दछन्, प्रतिलोम (८,७,६ .... क्रमले) समाधि प्राप्त गर्दछन्, फेरि अनुलोभ-प्रतिलोभ दुवै तरीकाले (अर्थात् १,२,३,.... र ८,७,६ ... आदि रीतले) समाधि प्राप्त गर्दछन्, जस्तो चाह्यो, जहिले चाह्यो, जति चाह्यो त्यति समाधि प्राप्त गरी बस्दछन् त्यति *(अनुपातमा)* समाधिबाट उठ्छन् । आस्रव *(राग, द्वेष आदि चित्तमल)* क्षय गरी यही जन्म *(जीवन)* मा अनास्रव *(आस्रव रहित)* भई, चित्त विमुक्ति एवं प्रज्ञाविमुक्ति स्वयं जानेर, देखेर, अभिज्ञाद्वारा साक्षात्कार गरी बस्दछ । आनन्द ! यस्तो भिक्षुलाई उभयतोभागविमुक्त भनी भन्दछन् । आनन्द ! यस्तो उभयतोभागविमुक्त भन्दा ठूलो, उत्तम प्रणीत अर्को *(ज्ञान)* छैन ।

भगवान्ले यति आज्ञा गर्नुभयो । सन्तुष्ट भई आयुष्मान् आनन्दले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

**महानिदान-सुत्त समाप्त ।**

---

३६९ यहाँ उल्लिखित 'अष्टविमोक्ष' भनेको के हो भन्ने बारेमा सविस्तार अर्थ जान्नकोलागि पटि.स.म.पा.पृ. २७७ : अट्ठसट्ठि-विमोक्खा, अ.क.पृ. ३८३-३८७ हेर्नु पर्छ; म.नि.अ.क. III. पृ. ७१५ : महासकुलुदायिसुत्तवण्णना; विम. पा. पृ. ४०६ : मातिकनिद्देसो, ञानविभङ्गो ।

Downloaded from http://www.dhamma.digital

# ३. महापरिनिब्बान–सुत्त

**(महापरिनिर्वाणसूत्र)**

## १. सप्त अपरिहानि धर्महरू

१. यस्तो मैले सुनें । एक समय भगवान् राजगृह स्थित गृद्धकूट पर्वतमा बस्नुभएको थियो । त्यस समय, वैदेहीपुत्र मगधराजा अजातशत्रुले वज्जीमाथि हमला गर्न चाहेका थिए । अनि उनी यसो भन्थे – "त्यस्ता महर्द्धिक तथा महाप्रभावशाली वज्जीहरूलाई म उच्छिन्न पार्नेछु, वज्जीहरूको विनाश पार्नेछु, वज्जीहरूलाई व्यसनमा पुऱ्याइदिनेछु ।"

२. अनि, वैदेहीपुत्र मगधराजा अजातशत्रुले मगधमहामात्य वस्सकार *(वर्षकार)* ब्राह्मणलाई बोलाए – " ब्राह्मण ! यता आऊ, तिमी जहाँ भगवान् हुनुहुन्छ त्यहाँ जाऊ, त्यहाँ गएर मेरो वचनले भगवान्को चरणकमलमा शिरले वन्दना गर । अल्पाबाध अल्पातङ्क लहुट्ठान बल तथा कुशल विहारको बारेमा पनि सोध – 'भन्ते ! वैदेहीपुत्र मगधराजा अजातशत्रु भगवान्को चरणकमलमा शिरले वन्दना गर्छन्, अल्पाबाध अल्पातङ्क लहुट्ठान बल तथा कुशल विहारको बारेमा पनि सोध्दछन् । यस्तो पनि भन – 'भन्ते ! वैदेहीपुत्र मगधराजा अजातशत्रु वज्जीमाथि हमला गर्न चाहन्छन् । उनी यस्तो भन्दछन् – 'त्यस्ता महर्द्धिक तथा महाप्रभावशाली वज्जी *(वृजी)* हरूलाई म उच्छिन्न पार्नेछु, वज्जीहरूको विनाश पार्नेछु, वज्जीहरूलाई व्यसनमा पुऱ्याइदिनेछु ।' तिमीलाई भगवान्ले जस्तो भन्नुहुनेछ त्यो राम्ररी अध्ययन गरी मलाई भन्न आओ । तथागतहरूले असत्य बताउनुहुन्न ।"

३. "हवस्, भो !" भनी वैदेहीपुत्र मगधराजा अजातशत्रुलाई प्रत्युत्तर दिई मगधमहामात्य वस्सकार ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका मगधमहामात्य वस्सकार ब्राह्मणले भगवान्लाई यस्तो भने –

"भो गौतम ! वैदेहीपुत्र मगधराजा अजातशत्रु तपाईं गौतमको चरणकमलमा शिरले वन्दना गर्छन्, अल्पाबाध अल्पातङ्क बल तथा कुशलविहारको बारेमा पनि सोध्दछन् । भो गौतम ! वैदेहीपुत्र मगधराजा अजातशत्रु वज्जीमाथि हमला गर्न चाहन्छन् । उनी यस्तो भन्दछन् –'त्यस्ता महर्द्धिक तथा महाप्रभावशाली वज्जीहरूलाई म उच्छिन्न पार्नेछु, वज्जीहरूको विनाश पार्नेछु, वज्जीहरूलाई व्यसनमा पुऱ्याइदिनेछु[३७०] ।"

---

३७० यस्तै कुरा गर्दै राजा हिंड्छन् पनि, बस्छन् पनि । युद्धको कुरा मात्र गर्छन् । सेनालाई 'तयार होओ' पनि भन्छन् । किनभने ? गङ्गाको एकपट्टन भन्ने गाउँको कारणमा सधैं झैं झगडा भइरहन्थ्यो ।

घाटको नजिकमा भएको यो पट्टन गाउँको आधायोजन भाग अजातशत्रुको राज्यमा र अर्को आधाभाग लिच्छवीहरूको राज्यमा पर्दछ । त्यस ठाउँमा पहाडबाट बहुमूल्य सुगन्धित वस्तुहरू पैठारी हुन्छन् । पैठारी भएको खबर सुनेर अजातशत्रु राजाले 'आज जानेछु, भोलि जानेछु' भनी संविधान गरिरहँदा एकमेल र संगठित भएका लिच्छवीहरू आई त्यहाँ भएका मालसामानहरू सबै पहिले नै लगिदिन्थे । पछिबाट आएका अजातशत्रु यो खबर

Downloaded from http://www.dhamma.digital

४. त्यस बखत आयुष्मान् आनन्द भगवान्को पछाडितिर उभिई भगवान्लाई पंखा हम्कँदै हुनुहुन्थ्यो[३७१] । अनि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो –

(१) "आनन्द ! तिमीले के सुनेका छौ ? वज्जीहरू नित्य एकत्रित हुन्छन्[३७२] ? *(अभिण्हं सन्निपाता)* बहुलतर एकत्रित हुन्छन्[३७३] ?"

"भन्ते ! 'वज्जीहरू नित्य भेला हुन्छन्, बहुलतर एकत्रित हुन्छन् ।' भन्ने कुरा मैले सुनेको छु ।"

"आनन्द ! जबसम्म वज्जीहरू नित्य एकत्रित हुने छन्, बहुलतर एकत्रित हुने छन् *(तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानी होइन[३७४] ।"

(२) " आनन्द ! तिमीले के सुनेका छौ ? मेलमिलापसहित बज्जीहरू एकत्रित हुन्छन् ? मेलमिलापसहित उठ्छन् ? मेलमिलापसहित वज्जीहरू गर्नुपर्ने कामकाजहरू गर्छन् ?"

"भन्ते ! 'मेलमिलापसहित वज्जीहरू भेला हुन्छन्[३७५], मेलमिलापसहित उठ्छन्[३७६],

---

सुनेर क्रोधित हुन्थे । वर्षौंनी यस्तै हुन्थ्यो । यसै कारणले गर्दा सारै रिस उठेपछि राजाले यस्तो कुरा गर्न थालेका हुन् ।

एकदिन राजाले सोचे कि – संगठित तथा बलिया भएका गणहरूका साथ युद्ध गर्न कठिन हुन्छ । उनीहरूको कुनै प्रहार पनि निष्फल हुँदैन । कुनै एक पण्डितको सल्लाह लिई काम गरेको खण्डमा निष्फल हुनेछैन । शास्ता समान पण्डित पुरुष अरू कुनै छैनन् । शास्ता पनि नजिककै मुख्य विहारमा बसिरहनुभएको छ । अतः कसैलाई पठाई सोध्न लगाउनु पर्‍यो । यदि मेरो गमनबाट कुनै अर्थसिद्ध हुन्छ भने शास्ता चुपलागेर बस्नुहुनेछ; यदि अर्थसिद्ध हुने छैन भने शास्ताले 'त्यहाँ गएर के लाभ होला र' भनी भन्नुहुनेछ । यति सोचेर राजाले वस्सकार ब्राह्मणलाई भगवान्कहाँ पठाएका हुन् । अनि वस्सकार ब्राह्मणले पनि भगवान्कहाँ गई राजा अजातशत्रुले भनेका जम्मै कुराहरू भगवान्लाई सुनाए ।

३७१ आयुष्मान् आनन्दले यहाँ केवल चारित्र अनुसार पंखा हम्किरहनुभएको हो । गर्मी भएर होइन । भगवानलाई जाडो वा गर्मी हुँदैन । दी. नि. अ.क. I पृ. ३५५ र मनो. र. पू. II. ७०६ ।

३७२ दिनको तीन पटकसम्म एकत्रित हुनेलाई र बीच बीचमा पनि एकत्रित हुनेलाई यहाँ 'नित्य एकत्रित हुने' भनिएको हो भनी दी.नि. अ. क. I. पृ. ३५५ ले उल्लेख गरेको छ ।

३७३ 'हिजो मात्रै एकत्रित भएँ, अघिल्लो दिनमा पनि एकत्रित भएँ, फेरि आज किन एकत्रित हुनजाने' भनी निरुत्साहित नहुनेलाई यहाँ 'बहुलतर एकत्रित हुने' भनिएको हो ।

३७४ नित्य एकत्रित नहुनाले दिशाविदिशाहरूबाट आएका खबरहरू सुन्न पाइन्नन् । यसबाट फलाना गाउँ सीमामा, फलाना निगमसीमामा अशान्ति भैरहेको छ भन्ने कुरा थाहा पाउन सकिन्न । त्यस्तैगरी फलाना ठाउँहरूमा चोरहरूले दुःख दिइरहेका छन् भन्ने कुरा पनि थाहा पाउन सकिन्न । चोरहरूले पनि 'राजाहरू प्रमत्त छन्' भन्ने कुरा बुझी गाउँ-निगमहरूमा लुटपीट गरी जनपदहरू विनाश पार्छन् । यसप्रकार राजाहरूको परिहानि हुन्छ । नित्य भेला हुने हुनाले सम्बन्धित प्रवृत्तिहरू तुरन्तै थाहा पाउन सकिन्छ र आवश्यक ठाउँहरूमा तुरन्तातुरन्तै सैन्यहरू पठाई शत्रुहरूको दमनकार्यहरू समयमै गर्न सकिन्छ । यसप्रकारको जागरुकता देखेर चोरहरू पनि 'राजाहरू सतर्क छन्' भनी आफ्नो जमात छाडी भागेर जान्छन् । यसप्रकार राजाहरूको अभिवृद्धि हुन्छ । त्यसैले माथि सूत्रमा 'जबसम्म वज्जीहरू नित्य भेला हुन्छन् ··· ' आदि भनिएको हो ।

३७५ एकत्रित हुने बिगुल बजेको सुनेपछि 'आज मेरो काम छ, मङ्गल छ वा सन्चो छैन' भन्ने आदि बहानाराखी बिगुलको वास्ता नराख्नेलाई 'मेलमिलापसहित भेला नहुने' भनिएको हो । बिगुलको आवाज सुन्ने बित्तिकै खाइरहेको खाना छाडेर भएपनि, आधामात्र खाएर भए पनि; लगाइरहेको कपडा राम्ररी लगाउँन नभ्याए पनि भेला हुन जानेलाई 'मेलमिलाप सहित भेला हुने' भनिएको हो ।

३७६ एकत्रित भइरहेको बेलामा राम्ररी हिजो सल्लाह-साहुती गरी, विचार आदान-प्रदान गरी, गर्नुपर्ने कर्तव्य पालन गरी एकैसाथ उठेर न जानेलाई 'मेलमिलापसहित न उठेको' भनिन्छ । यसरी उठेर जानेहरूको मनमा – 'हामीले बाहिरी कुरामात्र सुन्यौं तर निश्चितरूपले भित्री कुरा भने सुनेनौं' भनी भन्नपर्ने हुन्छ । त्यसैले एकसाथ उठेर जाँदा त्यस्तो कुरा भन्नपर्ने अवस्था हुन्न र एकसाथ उठेर जानेलाई 'मेलमिलापसहित उठेर जाने' भनिएको हो । अमुक

Downloaded from http://www.dhamma.digital

मेलमिलापसहित वज्जीहरूले गर्नुपर्ने कामकाजहरू गर्छन्[३७७]' भन्ने कुरा मैले सुनेको छु ।"

"आनन्द ! जबसम्म मेलमिलापसहित वज्जीहरू भेला हुनेछन्, मेलमिलापसहित उठ्नेछन्, मेलमिलापसहित उनीहरूले गर्नुपर्ने कामकाजहरू गर्नेछन् *(तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(३) "आनन्द ! तिमीले के सुनेका छौ ? वज्जीहरूले प्रज्ञापन नगरेकालाई प्रज्ञापन गर्छन् ? प्रज्ञापन गरेकालाई समुच्छेदन गर्छन् ? पुरानाहरूले प्रज्ञापन गरेका वज्जीधर्महरूलाई मर्यादा राखी पालन गर्छन् ?"

"भन्ते ! 'वज्जीहरूले प्रज्ञापन नगरेकालाई प्रज्ञापन गर्दैनन्[३७८], प्रज्ञापन गरेकालाई समुच्छेदन गर्दैनन्[३७९], पुरानाहरूले प्रज्ञापन गरेका वज्जीहरूलाई मर्यादा राखी पालन गर्छन्[३८०],' भन्ने कुरा मैले

---

स्थानमा होहल्ला भएको छ चोरहरूले दुःख दिएका छन् भन्ने सुनेर त्यसलाई शान्त पार्नको निमित्त 'को जाने ?' भनी भन्दा 'म जानेछु, म जानेछु' भनी जानेलाई पनि 'मेलमिलापसहित उठेर जाने' भनिएको हो ।

३७७ कुनै सदस्यले कुनै काममा ढिला-सुस्ती गरेको खण्डमा बाँकी सदस्य-राजाहरूले आ-आफ्ना छोराहरू वा दाजुभाइहरू पठाई उसलाई उत्साहित पार्न लगाउँछन् । कुनै अभ्यागत राजाहरू आउँदा पनि सबै एकसाथ गई संग्रह गर्न जान्छन् । कसैको मङ्गल कार्यमा वा रोगव्याधी पर्दा पनि सबै त्यहाँ गई सहभागी भई हेरविचार गर्न जान्छन् । यी सबैलाई 'मेलमिलापसहित वज्जीहरूले गर्नुपर्ने काम गरेको' भनिएको हो ।

३७८ पहिले नलगाएको कर, भन्सार अथवा दण्ड लगाउने आदिलाई 'प्रज्ञापन नगरेकोलाई प्रज्ञापन गर्ने' भनिएको हो ।

३७९ पुराना परम्परानुसार भन्सार, कर तथा दण्डादि नउठाउनेलाई 'प्रज्ञापन गरेकोलाई समुच्छेदन गर्ने' भनिएको हो ।

३८० चोर भनी समाती देखाएको व्यक्तिको बारेमा राम्ररी छानबीन नगरी छेद्य-भेद्य गर्न लगाउनेलाई 'पुराना वज्जीधर्महरूको पालन नगर्ने' भनिएको हो ।

पहिले नलगाएका भन्सार, कर तथा दण्डादि लगाउँदा त्यसबाट पीडित हुने मानिसहरू 'यस्ताका राज्यमा किन बस्ने' भन्दै प्रत्यन्तमा गई चोर भएर वा चोरहरूको सहायक भएर जनपदमा दुःख दिन्छन् ।

पहिले प्रज्ञापन गरेकालाई उच्छिन्न गर्नाले, परम्पराबाट लिइरहेको भन्सार र कर आदि नलिनाले कोष घट्छ र कोष घटेबाट नित्य दिइरहेका वेतनहरू दिन नसकी हात्ती, घोडा तथा सैन्य शक्तिमा कमजोरी हुन आउँछ र नित्य-वेतन नदिनाले सैन्य-शक्ति कमजोर भएबाट उनीहरू युद्ध-क्षम पनि हुँदैनन्, परिचर्या-क्षम पनि हुँदैनन् ।

पुराना वज्जीधर्महरूको मर्यादा राखी पालन नगर्नाले राज्यका मानिसहरूले 'हाम्रा पिता, पुत्र, भ्राताहरू चोर नभइकनै चोर भनी छेदन आदि गराउन लगाए भन्दै रिसाई प्रत्यन्तमा गई चोर भएर वा चोरहरूको सहायक भई जनपदमा दुःख दिन्छन् । यसरी राजाहरूको परिहानि हुन्छ ।'

अप्रज्ञापितलाई प्रज्ञापित नगर्नाले – परम्परा बमोजिम राजाहरू काम गर्छन् भन्दै मानिसहरू खुशी तथा सन्तुष्ट भई आ-आफ्ना कृषि वाणिज्य आदि कामहरूमा उत्साहित भई, मन दिई कार्यसम्पादन गर्छन् ।

प्रज्ञापन गरेकोलाई हरण नगरी परम्परागत काम गर्नेहरूबाट आएको भन्सार र कर आदिको आम्दानीमा वृद्धि हुन्छ । त्यसबाट सदाझैं नित्य-वेतन पाएर हात्ती, घोडा तथा सैन्य-बल बलियो भएर युद्ध क्षम र परिचर्या-क्षम पनि हुन्छन् ।

## पुराना वज्जी धर्महरू

अधिअधि वज्जीहरूले – 'यो चोर हो' भनी ल्याएर देखाउँदा त्यो चोरलाई 'सजाँय देऊ' भनी नभनी विनिश्चय महामात्यहरूकहाँ सुम्पिदिन्थे । उनीहरूले छानबीन गरी चोर नठहरिएमा उसलाई छाडिदिन्थे । चोर ठहरिएमा आफूले केही नभनी उसलाई व्यवहारिकहरू *(वोहारिकानं, Majistrate, Law Court)* को हातमा सुम्पिदिन्थे । उनीहरूले पनि छानबीन गरी चोर नठहरिएमा छाडिदिन्थे र चोर ठहरिएमा सूत्रवरहरू *(सुत्तधरा)* को हातमा सुम्पिदिन्थे । उनीहरूले पनि छानबीन गरी चोर नठहरिएमा छाडिदिन्थे र चोर ठहरिएमा अष्टकुलिकहरू *(अट्ठकुलिकानं)* को हातमा सुम्पिदिन्थे । उनीहरूले पनि त्यस्तैगरी छानबीन गरेपछि सेनापतिलाई दिन्थे । सेनापतिले

Downloaded from http://www.dhamma.digital

सुनेको छु ।"

"आनन्द ! जबसम्म वज्जीहरूले प्रज्ञापन नगरेकालाई प्रज्ञापन गर्ने छैनन्, प्रज्ञापन गरेकोलाई समुच्छेदन गर्ने छैनन्, पुरानाहरूले प्रज्ञापन गरेको वज्जीधर्महरूलाई मर्यादा राखी पालन गर्नेछन् *(तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(४) "आनन्द ! तिमीले के सुनेका छौ ? जुन ती वज्जीहरूका बीच वयोवृद्ध- वज्जीहरू छन् तिनीहरूलाई वज्जीहरूले सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् तथा पूजा गर्छन् ? तिनीहरूका कुराहरू सुन्नुपर्छ भन्ने ठान्दछन् ?"

"भन्ते ! 'जुन ती वज्जीहरूका बीच वयोवृद्ध- वज्जीहरू छन् तिनीहरूलाई वज्जीहरूले सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् तथा पूजा गर्छन् ? तिनीहरूका कुराहरू सुन्नुपर्छ भन्ने ठान्दछन् ?"

"आनन्द ! जबसम्म जुन ती वज्जीहरूका बीच वयोवृद्ध- वज्जीहरू हुन् तिनीहरूलाई वज्जीहरूले सत्कार गर्नेछन्, गौरव गर्नेछन्, मान गर्नेछन् तथा पूजा गर्नेछन् र तिनीहरूका कुराहरू सुन्नुपर्छ भन्ने ठान्नेछन् *(तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(५) "आनन्द ! तिमिले के सुनेका छौ ? जुन ती कुल-स्त्रीहरू र कुल-कुमारीहरू हुन् तिनीहरूलाई वज्जीहरूले जबर्जस्ती हरेर लगी आफ्नो घरमा राख्दैनन् ?"

"भन्ते ! 'जुन ती कुल-स्त्रीहरू र कुल-कुमारीहरू हुन् तिनीहरूलाई वज्जीहरूले जबसम्म जबर्जस्ती हरेर आफ्नो घरमा राखँदैनन् *(तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(६) "आनन्द ! तिमिले के सुनेका छौं ? जुन ती वज्जीहरूका *(नगर)* भित्रका तथा बाहिरका चैत्यस्थानहरू *(पूजा स्थानहरू, देवस्थानहरू)* हुन् – तिनीहरूलाई वज्जीहरूले सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् तथा पूजा गर्छन् ? तिनीहरूको निमित्त पहिले दिइरहेका, पहिले गरिरहेका धार्मिक बली *(पूजा)* लाई लोप गर्दैनन् ?"

"भन्ते ! 'जुन ती वज्जीहरूका *(नगर)* भित्रका तथा बाहिरका चैत्यस्थानहरू हुन् – तिनीहरूलाई वज्जीहरूले सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् तथा पूजा गर्छन् र तिनीहरूको निमित्त पहिले दिइरहेका, पहिले गरिरहेका धार्मिक बलिलाई लोप गर्दैनन्' भन्ने कुरा मैले सुनेको छु ।"

"आनन्द ! जुन ती वज्जीहरूका *(नगर)* भित्रका तथा बाहिरका चैत्य-स्थानहरू हुन् – तिनीहरूलाई जबसम्म वज्जीहरूले सत्कार गर्छन्, गौरव गर्छन् मान गर्छन् तथा पूजा गर्छन् र तिनीहरूको निमित्त पहिले दिइरहेका पहिले गरिरहेका धार्मिक बलीलाई लोप गर्दैनन् *(तबसम्म)* आनन्द !

---

उपराजालाई र उपराजाले राजालाई सुम्पिदिन्थे । राजाले पनि छानबीन गरी चोर नठहरिएमा छाडिदिन्थे र चोर ठहरिएमा प्रवेणि-पुस्तक *(ऐन सवालको पुस्तक)* पढाउन लगाउँथे । त्यसमा – 'जसले यस्तो गर्छ, यसले यस्तो दण्ड पाउँछ' भन्ने लेखेअनुसार राजाले दण्ड दिन्थे ।

यसप्रकारको विधिलाई पुराना वज्जीधर्महरू भनिएको हो ।

यसप्रकार पुराना वज्जीधर्महरूलाई अपनाई काम गर्दा मानिसहरू कराउँदैनन् । 'राजाहरू आफ्ना पुराना वज्जीधर्महरू बमोजिम काम गर्छन् । उनीहरूको कुनै दोष छैन, हामीहरूकै दोष हो' भनी मानिसहरू अप्रमत्त भई कामकाज गर्न थाल्छन् । यसरी राजाहरूको वृद्धि नै हुन्छ । त्यसैले सूत्रमा 'वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन' भनी उल्लेख भएको हो भनी दी.नि.अ.क. I. पृ. ३५६ : महापरिनिब्बानसुत्तवण्णनाले उल्लेख गरेको छ ।

*(यहाँ जुन 'चोर' भनी उल्लेख भएको छ त्यसको अर्थ 'अपराधी' भनिएको हो भन्ने कुरा बुझ्नुपर्छ ।)*

Downloaded from http://www.dhamma.digital

वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन् ।"

(७) "आनन्द ! तिमीले के सुनेका छौ ? वज्जीका अरहन्तहरूप्रति धार्मिक रूपले आरक्षा, आवरण तथा गोप्यताको निमित्त संविधान गर्छन् ? ताकि भविष्यका अरहन्तहरू पनि राज्यमा आऊन् र आएका अरहन्तहरू राज्यमा सुखपूर्वक विहार गर्न सकून् ?"

"भन्ते ! 'वज्जीका अरहन्तहरूप्रति धार्मिक रूपले आरक्षा, आवरण तथा गोप्यताको निमित्त[३८१] संविधान गर्छन् ताकि भविष्यका अरहन्तहरू पनि राज्यमा आऊन् र आएका अरहन्तहरू राज्यमा सुखपूर्वक विहार गर्नसकून्' भन्ने कुरा मैले सुनेको छु ।"

"आनन्द ! जबसम्म वज्जीहरूका अरहन्तहरूप्रति धार्मिक रूपले आरक्षा, आवरण तथा गोप्यताको निमित्त संविधान गर्नेछन् – ताकि भविष्यका अरहन्तहरू पनि राज्यमा आऊन् र आएका अरहन्तहरू राज्यमा सुखपूर्वक विहार गर्नसकून् – *(तबसम्म)* वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

५. अनि, मगधमहामात्य वस्सकार ब्राह्मणलाई भगवान्ले यसो भन्नुभयो – "ब्राह्मण ! एक समय म वैशालीको सारन्दद चैत्यस्थानमा बसिरहेको थिएँ । ब्राह्मण ! त्यहाँ मैले वज्जीहरूलाई यी नै सात अपरिहानि धर्महरूको उपदेश गरेको थिएँ । ब्राह्मण ! जबसम्म यी सात अपरिहानि धर्महरू वज्जीहरूमा रहनेछन्, देखापर्ने छन्, ब्राह्मण ! *(तबसम्म)* वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

"भो गौतम ! यिनीहरूमध्ये एउटै अपरिहानि धर्मले युक्त भए तापनि वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन भने सातैवटा अपरिहानि-धर्महरूले युक्त हुनेको त के कुरा ! भो गौतम ! मेलमिलाप[३८२]लाई छाडी *(उपलापना)* मित्रभेद[३८३] *(भियुमदा)* लाई छाडी वैदेहीपुत्र मगधराजा अजातशत्रुद्वारा युद्ध गर्नु ठीक छैन *(अकरणीया)* । हवस् त, भन्ते ! हामी जान्छौ, हामीहरूका धेरै कामहरू छन्, धेरै गर्नुपर्ने छन् ।"

---

३८१ यहाँ, 'आरक्षा आवरण तथा गोप्यता' भन्नाको अर्थ यसरी बुझ्नुपर्छ –

इच्छा भए अनुसार काम हुने भन्ने अर्थले आरक्षा र आवरण तथा इच्छा अनुसार काममा बिघ्नबाधा नहुने भन्ने अर्थले गोप्यता भनिएको हो । हुन त भिक्षुहरूको निमित्त कुनै सैन्यद्वारा आरक्षा गर्नुपर्ने आवश्यकता छैन । जस्तो गर्दा विहारको उपवनमा भएका रूखहरू काटिंदैनन्, जस्तो गर्दा सुराधूर्तहरूबाट कुनै दोष आइपर्दैन, पोखरीहरूबाट माछाहरू मारिंदैनन् – त्यस किसिमको संविधान गर्नेलाई यहाँ धार्मिक आरक्षा भनिएको हो भनी सुमं. वि. I. पृ. ३५७ : महापरिनिब्बानुसुत्तवण्णनाले उल्लेख गरेको छ ।

३८२ वादविवाद र झगडाद्वारा कुनै सफलता प्राप्त हुनेछैन । बरू मेलमिलाप हुनुपर्छ । हात्ती, घोडा, रथ तथा हिरण्य-सुवर्णहरू पाहुर पठाई संग्रह गर्नुपर्छ । यसरी संग्रह गरी विश्वाशभाव उत्पन्न गराएर राज्य लिनसकिने छ भन्ने विचार गरी 'मेलमिलाप' भनी सूत्रमा वस्सकार ब्राह्मणले उल्लेख गरेका हुन् ।

३८३ 'मित्रभेद' शब्दले यो भाव प्रकट गर्छ कि युद्ध गरेर जित्न नसक्नेलाई फूट डालेर र भेद गराएर जित्न सकिन्छ भन्ने कुरा दर्शाउँछ । बुद्धका कुराको आशयलाई र ढाँचा-काँचालाई विचार गरी उनले यस्तो ठानेका थिए । त्यसैले अट्ठकथाले 'इदं ब्राह्मणो भगवतो कथाय नयं लभित्वा आह … ' भनी उल्लेख गरेका हुन् ।

ब्राह्मणले आफ्नो कुराको आशय बुझ्नसक्ने कुरा भमवान्लाई थाहा थियो कि थाहा थिएन त ? थाहा थियो । थाहा भएर पनि भगवान्ले किन भन्नुभएको नि ? अनुकम्पाकै कारणले ।

भगवान्लाई यस्तो लागेको थियो – 'मैले नभने पनि केही समयपछि सबै राज्य लिनेछन् । मैले भनेको कुरा सुनेर चाहिं वज्जीहरूको मेलमिलापलाइ फूट पार्न तीनवर्ष लाग्नेछ र तीनवर्ष पछि सबै राज्य लिनेछन् । यतिञ्जेलसम्म जीवन बिताउन पाउनु पनि बेसै हो । जुन समयभित्र उनीहरूले आ-आफ्नो प्रतिष्ठा हुने पुण्यकर्महरू गर्नेछन् ।'

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! जस्तो तिमी सम्झन्छौ ।"

अनि, भगवान्‌को भाषणलाई अभिनन्दन र अनुमोदन गरी मगधमहामात्य वस्सकार ब्राह्मण आसनबाट उठी फर्केर गए[३८४] ।

---

३८४ फर्केर अजातशत्रु राजाकहाँ गए ।

अनि, राजाले उनीसँग 'आचार्य ! भगवान्‌ले के भन्नुभयो त ? भनी सोध्दा उनले 'भगवानको कुरा अनुसार हमला गरेर वज्जीहरूलाई कुनै प्रकारले लिनसकिने छैन; बरू मेलमिलाप गरी अथवा उनीहरूको बीचमा फूट पैदा गरेर लिन सकिनेछ भन्नेजस्तो कुरा बुझिन्छ' भनी भने । 'त्यसो भए के गर्नु पर्ला त ?' मेलमिलाप हुनको निमित्त हात्ती, घोडा आदि पठाउँदा हामीहरूका हात्ती घोडां आदि घट्न सक्छन् । बरू उनीहरूको बीचमा फूट पैदा गराउने काम गर्नुपर्‍यो कि क्याहो ? भनी राजाले सोधे ।

महाराज ! त्यसोभए तपाईले वज्जीहरूको विरोधलाई लिएर सभामा कुरा निकाल्नु होस् । त्यसबखत 'महाराज ! तपाईंले उनीहरूको बारेमा किन टाउको दुखाउनुहुन्छ, आफ्नो कृषि तथा वाणिज्य कर्मगरी वज्जी राजकुमारहरूले जीविका गरुन्' भनी भनेर म सभाबाट उठेर जानेछु । अनि तपाईले 'वज्जीहरूको विषयमा चलेको कुरालाई यी ब्राह्मणले किन सुन्न नचाहेका हुन् ?' भनी सोध्नुहोला । अनि, त्यसै दिनको समयमा मैले उनीहरूलाई पाहुर पठाउनेछु । त्यसलाई पनि समात्न लगाई ममाथि दोषारोपण लगाउनुहोला र मलाई पिट्ने र थुन्ने काम नगरी, शिरमुण्डन गर्नलगाई देश निकाला गर्न लगाउनु हो ला । त्यस बखत मैले तपाईंको नगरको पर्खाल तथा परिखा *(खाडल वा कुलो)* बनाएको हुँ । अत: मलाई थाहा छ कि कुन ठाउँ कमजोर र कुन ठाउँ मजबुत छ; कहाँ गहिरो छ कहाँ गहिरो छैन भन्ने कुरा पनि मलाई थाहा छ । केही समयमै तपाईंलाई म ठीक गर्नेछु' भनी भन्नेछु । यो सुनेर तपाईले 'हुन्छ, जाऊ, जे गर्नसक्छौ गर' भनी भन्नुहोला । यसरी सल्लाह भएअनुसार राजाले जम्मै गरे ।

उता लिच्छवीहरूले वस्सकार ब्राह्मणलाई देशनिकाला गरे भन्ने कुरा सुनेर उनीहरूले 'यी सठी ब्राह्मणलाई गङ्गापारी आउन नदेऊ' भनी भने । त्यसबखत केहीले – हामीहरूको पक्षमा कुरा गर्ने यिनलाई आउन देऊ' भनी भनेपछि 'भणे ! त्यसोभए आऊ' भनी भने । त्यसपछि लिच्छवीहरूसँग भेट हुँदा उनीहरूले उनीसँग 'किन आएका हौं ?' भनी सोधे । उनले उक्त घटनाका कुराहरू जम्मै सुनाए । 'यति स्यानो कुरामा यत्रो ठूलो दण्ड दिनु त उचित थिएन' भनी उनीहरूले 'त्यसोभए, त्यहाँ तपाईको के स्थान *(पद)* थियो त ?' भनी सोधे । विनिश्चयय अमात्य *(न्यायाधीश)* थियो भनी उनले जवाफ दिए । 'त्यसोभए यहाँ पनि तपाईको सोही नै पद होस्' भनी लिच्छवीहरूले भने ।

उनी राम्रोसँग विनिश्चय *(निसाप)* गर्दथे । राजकुमारहरू उनकहाँ शील्पशास्त्र पढ्न थाले । आफ्नो गुणद्वारा प्रतिष्ठित भएपछि एकदिन, एक लिच्छवीलाई एक छेउमा लगी 'खेत जोत्दछौ ?' भनी सोधे । 'हो, जोत्दछु' भनी उसले भन्यो । 'दुइवटा गोरु नारेर ?' 'हो, दुईवटा गोरु नारेर ।' यति भनेर ऊ फर्केर गयो । अनि अर्कोले उसँग 'आचार्यले के भने ?' भनी सोध्दा उसले भनेको कुरा विश्वाश नगरी उसले 'उसले मलाई विश्वाशपूर्वक कुरा भन्दैन' भनी उसँग फुटेर गयो ।

फेरि अर्को एकदिन ब्राह्मणले एक लिच्छवीलाई एक छेउमा बोलाई 'के तरकारीसँग भात खायौ ?' भनी सोधे । ऊ फर्केर आउँदा उसँग एक अर्कोले सोध्दा उसले भनेको कुरामा विश्वाश नगरी अघिल्लो पुरुष जस्तै फुटेर गयो ।

अर्को एकदिन, पनि एक लिच्छवीलाई एक छेउमा लगी सारै दरिद्री छौ कि क्याहो ?' भनी सोधे । 'कसले यस्तो भन्यो र ?' 'फलाना लिच्छवीले भन्यो ।' यस्तैगरी अरूलाई पनि एक छेउमा लगेर – 'तिमी डरपोक हौं कि क्याहो ?' भनी भने । 'कसले यस्तो भन्यो र ?' 'फलाना लिच्छवीले' ।

यस्तै यस्तै तरिकाले अर्काले नभनेका कुराहरूद्वारा एक अर्कालाई चुक्ली सुनाउँदासुनाउँदै तीनवर्षमा ती राजाहरूलाई परस्पर फुटाई. जस्तो गर्दा उनीहरू एउटा बाटोमा दुईजना नहिड्ने हुन् त्यस्तरी फुटाए । यसपछि उनले एकत्रित हुने बिगुल बजाउन लगाए । 'ती लिच्छवीहरूका मालिकहरू नै एकत्रित होऊन्' भन्दै आफूहरू एकत्रित हुन गएनन् ।

अनि ब्राह्मणले – 'यो अवस्था ठीक छ, चाँडै आउनुहोस्' भनी अजातशत्रुलाई खबर पठाए । खबर सुन्नेबित्तिकै सैन्यभेरी बजाउन लगाई राजा निस्के । यो खबर पाएर वैशालीवासीहरूले 'राजालाई गङ्गामा आउनदिने छैनौं' भनी भेरी बजाउन लगाए । यो सुनेर पनि 'शूरवीरहरू जाऊन् त,' भन्दै कोई पनि एकत्रित हुन

Downloaded from http://www.dhamma.digital

# २. भिक्षुहरूको सात अपरिहानि धर्महरू

६. त्यसपछि भगवान्ले मगधक, महामात्य वर्षकार ब्राह्मण गएको केही बेरपछि आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो – "आनन्द ! यता आऊ, तिमीले राजगृह अथवा त्यसको वरिपरिका जति पनि भिक्षुहरू छन् उनीहरू सबैलाई उपस्थानशालामा एकत्रित गराओ ।"

"हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिएर राजगृहतिरका सबै भिक्षुहरूलाई उपस्थानशालामा एकत्रित गराउनुभयो । एकत्रित गराई सकेपछि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेका आयुष्मान् आनन्दले भगवान्लाई यस्तो निवेदन गरे – "भन्ते ! भिक्षुसङ्घलाई एकत्रित गराइसकेको छुं, अब भगवान्ले समय हेरी गर्नुहोला ।"

त्यसपछि भगवान् आसनबाट उठेर जहाँ उपस्थानशाला छ त्यहाँ जानुभई बिच्छ्याइराखेको आसनमा बस्नुभई भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो – "भिक्षु हो ! सात अपरिहानि धर्मको उपदेश दिनेछु, त्यसलाई सुन, राम्ररी मनमा राख, भन्नेछु ।"

"हवस्, भन्ते !" भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यसो भन्नु भयो –

(१) भिक्षु हो ! जबसम्म भिक्षुहरू नित्य एकत्रित हुनेछन्, बहुलतर एकत्रित हुनेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनु पर्दछ, परिहानि होइन ।

(२) "भिक्षु हो ! जबसम्म मेलमिलापसहित भिक्षुहरू एकत्रित हुनेछन्, मेलमिलापसहित उठ्ने छन्, मेलमिलापसहित भिक्षुहरूले गर्नुपर्ने कामकाजहरू गर्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(३) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले प्रज्ञापन नगरेकोलाई प्रज्ञापन गर्ने छैनन्, प्रज्ञापन गरेकोलाई समुच्छेद गर्ने छैनन्, जस्तो प्रज्ञापन गरेको शिक्षापद छ त्यस्तै रूपमा पालन गर्नेछन्, *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(४) "भिक्षु हा ! जबसम्म भिक्षुहरूले रत्तञ्ञू स्थविरहरूलाई, चिरप्रव्रजितहरूलाई, सङ्घका पिता *(जेष्ठ)* हरूलाई सत्कार गर्नेछन्, गौरव गर्नेछन्, मान गर्नेछन्, तथा पूजा गर्नेछन् र तिनीहरूको कुराहरू सुन्नुपर्छ भन्ने ठान्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(५) "भिक्षु हो ! जबसम्म भिक्षुहरू पुनः पुनः उत्पन्न भैरहने सांसारिक तृष्णाको वशमा बस्ने छैनन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(६) भिक्षु हो ! जबसम्म भिक्षुहरू अरण्य-शयनासन *(एकान्तवास)* मा उत्सुक भईरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(७) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले व्यक्तिगत रूपले जो भविष्यमा आउने पेसला *(असल)*

---

गएनन् । 'नगरमा आउनदिने छैनौं, ढोकाहरू बन्दगरीं राख्नेछौं' भनी भेरी बजाउनलगाए । एकजना पनि एकत्रित हुन गएन । खुलंखुल्ला ढोकाबाट पसी अजातशत्रुले सबैलाई तहसनहस पारी फर्केर गए ।

Downloaded from http://www.dhamma.digital

सब्रह्मचारी भिक्षुहरू विहारमा आऊन् जे ती आउने असल सब्रह्मचारी भिक्षुहरू सुखपूर्वक बसून् भनी राम्ररी उपस्थान गर्न मन पराउने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।"

"भिक्षु हो ! जबसम्म यी सात अपरिहानि धर्महरू भिक्षुहरूमा *(अखण्डित)* रहिरहने छन्, देखा पर्ने छन् । भिक्षु हो ! *(तबसम्म)* भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।"

## अर्को पनि सात अपरिहानि धर्महरू

७. "भिक्षु हो ! अर्को पनि सात अपरिहानि धर्म तिमीहरूलाई देशना गर्नेछु, त्यसलाई सुन, राम्ररी मनमा राख, भन्नेछु ।"

"हवस्, भन्ते !" भनी ती भिक्षुहरूले भगवान्‌लाई प्रत्युत्तर दिए । अनि भगवान्‌ले यस्तो भन्नुभयो –

(१) भिक्षु हो ! जबसम्म भिक्षुहरू कम्मरामा *(कर्मारामा=दिनरात चीवर आदि कार्य)* मा व्यस्त रहिरहने हुने छैनन् अथवा कर्माराममा शौक मानिरहने छैनन् अथवा कर्माराम कार्यमा सुख मान्ने हुने छैनन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।

(२) भिक्षु हो ! जबसम्म भिक्षुहरू व्यर्थ कुराकानी गफ आदि गर्ने *(वितण्डा)* हुने छैनन्, अथवा व्यर्थ कुरामा शौक मानिरहने छैनन् अथवा व्यर्थ आलाप गर्नमा सुख मान्ने हुने छैनन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।

(३) भिक्षु हो ! जबसम्म भिक्षुहरू दिनरात निदाइरहने *(निद्राराम)* हुने छैनन्, निद्राराममा शौक मानिरहने छैनन् अथवा निद्राराममा सुख मान्ने छैनन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।

(४) भिक्षु हो ! जबसम्म भिक्षुहरू संगनिकाराम *(दिनरात बथान बथान अथवा भीडमा भुलिरहने)* हुने छैनन्, अथवा संगनिकाराममा शौक मानिरहने छैनन् अथवा संगनिकाराममा सुख मान्ने हुने छैनन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।

(५) भिक्षु हो ! जबसम्म भिक्षुहरू पापकर्म नगर्ने इच्छा गरिरहन्छन्, पापकर्म गर्नेहरूको इच्छाको वशमा जाने हुँदैनन्, पापकर्म नगर्नुमा सुख मान्ने हुने छैनन् *(तबसम)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।

(६) भिक्षु हो ! जबसम्म भिक्षुहरू पापमित्र बनाउने छैनन्, पाप गर्नलाई साथीको लहेलहैमा लाग्दैनन्, पाप मित्रको संगत गर्नमा सुख मान्ने हुनेछैनन् *(तबसम)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।

(७) भिक्षु हो ! जबसम्म भिक्षुहरू ब्रह्मचर्य-साधना *(अरहत्त आदि फल)* मा केही सफलता मिल्नासाथ प्रयत्न गर्न छोड्ने हुनेछैनन्, अथवा त्यसमा प्रयत्न छोड्ना सुख मान्ने हुने छैनन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।

भिक्षु हो ! यसरी जबसम्म यी सात अपरिहानि धर्म भिक्षुहरूमा पालन गरिएको देखा पर्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।

Downloaded from http://www.dhamma.digital

## फेरि अर्को पनि सात अपरिहानि धर्महरू

८. "भिक्षु हो ! अर्को पनि सात अपरिहानि धर्म तिमीहरूलाई देशना गर्नेछु, त्यसलाई सुन, राम्ररी मनमा राख भन्नेछु ।"

"हवस् भन्ते !" भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यस्तो भन्नुभयो –

(१) भिक्षु हो ! जबसम्म *(शिक्षापदहरूमा)* श्रद्धालु भईरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नैं सम्भनुपर्छ, परिहानि होइन ।

(२) भिक्षु हो ! जबसम्म भिक्षुहरू हिरिमना *(पाप कार्यमा लज्जालु)* भईरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।

(३) "भिक्षु हो ! जबसम्म भिक्षुहरू ओत्तप्पी *(पाप कार्यमा भय देख्ने)* भईरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।"

(४) "भिक्षु हो ! जबसम्म भिक्षुहरू बहुश्रुत भईरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।"

(५) "भिक्षु हो ! जबसम्म भिक्षुहरू निरन्तर कुशलको लागि प्रयत्न गर्दै रहन्छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।"

(६) "भिक्षु हो ! जबसम्म भिक्षुहरू स्मृतिमान् भईरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।"

(७) "भिक्षु हो ! जबसम्म भिक्षुहरू प्रज्ञावान भईरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्भनुपर्छ, परिहानि होइन ।"

"भिक्षु हो ! यसरी जबसम्म यी सात अपरिहानि धर्म भिक्षुहरूमा पालन गरिएको देखा पर्ने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि *(उन्नति)* नै सम्भनुपर्छ, परिहानि होइन ।"

## अर्को पनि सात अपरिहानि धर्महरू

९. "भिक्षु हो ! अर्को पनि सात अपरिहानि धर्म तिमीहरूलाई देशना गर्नेछु, त्यसलाई सुन, राम्ररी मनमा राख, भन्नेछु ।"

"हवस्, भन्ते ! " भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यस्तो भन्नुभयो –

(१) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले स्मृति-सम्बोध्यंगको भावना *(अभ्यास)* गर्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि *(उन्नति)* नै हुनेछ, परिहानि होइन ।"

(२) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले धम्म-विचय सम्बोधि अंगको भावना गर्नेछन् ...... "

(३) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले वीर्य-सम्बोधि अंगको भावना गर्नेछन् ...... "

Downloaded from http://www.dhamma.digital

(४) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले प्रीति-सम्बोधि अंगको भावना गर्नेछन् ...... "

(५) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले प्रश्रब्धि-सम्बोधि अंगको भावना गर्नेछन् ...... "

(६) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले समाधि-सम्बोधि अंगको भावना गर्नेछन् ...... "

(७) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले उपेक्षा-सम्बोधि अंगको भावना गर्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि *(उन्नति)* नै हुनेछ, परिहानि होइन ।"

"भिक्षु हो ! यसरी जबसम्म यी सात अपरिहानि धर्महरू भिक्षुहरूमा पालन गरिएको देखा पर्ने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै हुनेछ, परिहानि होइन ।"

## अर्को पनि सात अपरिहानि धर्महरू

१०. "भिक्षु हो ! अर्को पनि सात अपरिहानि धर्म तिमीहरूलाई देशना गर्नेछु, त्यसलाई सुन, राम्ररी मनमा राख, भन्ने छु ।"

"हवस् भन्ते ! " भनी ती भिक्षुहरूले भगवान्‌लाई प्रत्युत्तर दिए । अनि भगवान्‌ले यस्तो भन्नुभयो –

(१) भिक्षु हो ! जबसम्म भिक्षुहरूले अनित्य-संज्ञाको भावना *(अभ्यास)* गर्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(२) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले अनात्म-संज्ञाको भावना गर्नेछन् ...... "

(३) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले अशरभ-संज्ञाको भावना गर्नेछन् ...... "

(४) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले आदीनव *(दुष्परिणाम)*-संज्ञाको भावना गर्नेछन् ...... "

(५) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले प्रहाण-संज्ञाको भावना गर्नेछन् ...... "

(६) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले विराग-संज्ञाको भावना गर्नेछन् ...... "

(७) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले निरोध-संज्ञाको भावना गर्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि *(उन्नति)* नै हुनेछन्, परिहानि होइन ।"

"भिक्षु हो ! यसरी जबसम्म यी सात अपरिहानि धर्म भिक्षुहरूमा पालन गरिएका हुन्छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।

## छ वटा अपरिहानि धर्म

११. "भिक्षु हो ! छ वटा अपरिहानि धर्मको देशना गर्नेछु, सुन, राम्ररी मनमा राख, भन्नेछु –

"हवस् भन्ते !" भनी ती भिक्षुहरूले भगवान्‌लाई प्रत्युत्तर दिए । अनि भगवान्‌ले यसो भन्नुभयो–

(१) "भिक्षु हो ! जबसम्म गुप्त वा प्रकट रूपमा सब्रह्मचारीप्रति भिक्षुको मैत्रीपूर्वक कायकर्म उपस्थित भईरहन्छ *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि *(उन्नति)* नै हुनेछ, परिहानि होइन ।"

Downloaded from http://www.dhamma.digital

(२) "भिक्षु हो ! जबसम्म गुप्त वा प्रकट रूपमा सब्रह्मचारीप्रति भिक्षुको मैत्रीपूर्वक वचनकर्म उपस्थित भईरहन्छ ....."

(३) "भिक्षु हो ! जबसम्म गुप्त वा प्रकट रूपमा सब्रह्मचारीप्रति भिक्षुको मैत्रीपूर्वक मनोकर्म उपस्थित भईरहन्छ ....."

(४) "भिक्षु हो ! जबसम्म भिक्षुले धार्मिक रूपले प्राप्त लाभ अथवा धर्म लाभ नै किन नहोस् त्यस्ता लाभ शीलवान ब्रह्मचारीहरूसँग साधारण रूपले बाँडी भोग गरिरहने छन् ....."

(५) "भिक्षु हो ! जबसम्म भिक्षु जो त्यो अखण्ड *(अविभक्त)*, अछिद्र *(निर्दोष)*, बैदागी *(अकल्मष, निष्कलङ्क)*, निर्दोष *(शुद्ध)*, सेवनीय *(भुजिस्स)*, विज्ञप्रशंसित *(विद्वत्प्रशंसित)*, अपरामर्शित तथा समाधिसंवर्तनिक *(समाधितिर लैजाने)* शील हो त्यस्तो शीलमा मेल राखी प्रकट रूपमा पनि गुप्त रूपमा पनि सब्रह्मचारीहरूसँग बसिरहने छन् ..."

६. "भिक्षु हो ! जबसम्म भिक्षु जुन आर्य *(उत्तम)* विचारधारा *(दृष्टि)* लिंदा नैर्याणिक *(भवसागर पार गराउने)* मार्गमा लागेर सम्यक् रूपले दुःखक्षय गर्ने हो त्यस्तो विचारधारासँग मेल राखी ऊ प्रकट रूपमा पनि गुप्त रूपमा पनि सब्रह्मचारीसँग बसिरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि *(उन्नति)* नै भईरहन्छ, परिहानि *(अवन्नति)* होइन ।"

"भिक्षु हो ! जबसम्म भिक्षुहरूमा यी छवटा अपरिहानि धर्मपालन गरिएको हुनेछ *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि *(उन्नति)* नै भईरहन्छ, परिहानि *(अवन्नति)* होइन ।"

भगवान् राजगृहस्थित गृद्धकूट पर्वतमा, बसिरहनुभएको बेला भगवान्ले भिक्षुहरूलाई धेरैजसो यही नैं धर्मदेशना गर्नुभएको थियो – यस्ता शील हुन्, यस्ता समाधि हुन्, यस्ता प्रज्ञा हुन् । शीलद्वारा प्रभावित भएको समाधि महाफलदायी र महाआनिशंसतर हुन्छ । समाधिद्वारा प्रभावित भएको प्रज्ञा महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा परिभावित भएको चित्त राम्ररी आस्रव *(विकार)* बाट मुक्त *(रहित)* हुन्छ । जस्तोकि कामास्रवबाट, भवास्रवबाट तथा अविद्यास्रवबाट ।

त्यसबेला भगवान्ले राजगृहमा यथानुकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो – "यता आऊ, आनन्द ! जहाँ अम्बलट्ठिका छ त्यहा जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । त्यसपछि भगवान् महत् *(विशाल)* भिक्षुसंघसाथ जहाँ अम्बलट्ठिका हो । त्यहाँ पुग्नुभयो । अम्बलट्ठिकास्थित राजागार *(राजागारक)* मा विहार गरिरहनु हुँदा भगवान्ले भिक्षुहरूलाई यही नै धर्मदेशना गर्नुभएको थियो – यस्ता शील हुन्, यस्ता समाधि हुन्, यस्ता प्रज्ञा हुन् । शीलद्वारा प्रभावित भएको समाधि महाफलदायी र महा आनिशंसतर हुन्छ । समाधिद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । महाफलदायी र महाआनिशतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त प्रज्ञाद्वारा प्रभावित भएको चित्त राम्ररी आस्रवबाट मुक्त हुन्छ । जस्तोकि कामास्रववाट, भवास्रवबाट तथा अविद्यास्रवबाट ।

१३. त्यसपछि भगवान्ले अम्बलट्ठिकामा यथानुकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो – "यता आऊ आनन्द ! जहाँ नालन्दा छ त्यहाँ जाऔं ।"

"हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । त्यसपछि भगवान् महत् भिक्षुसङ्घसाथ जहाँ नालन्दा हो त्यहाँ पुग्नुभयो । भगवान् नालन्दास्थित पावारिक आम्रवनमा बस्नुभयो ।

Downloaded from http://www.dhamma.digital

# ४. सारिपुत्रको सिंहनाद

१५. अनि आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवान्‌लाई यसो भन्नुभयो –

"भन्ते ! भगवान्‌माथि म यति प्रसन्न छु कि – सम्बोधिको सम्बन्धमा भगवान्‌भन्दा उत्तरोत्तर ज्ञान हुने कुनै अरू श्रमण वा ब्राह्मण न थियो, न हुनेछ र न त अहिले छ भन्ने विश्वास गर्छु ।"

"सारिपुत्र ! तिमिले बडो ठूलो निर्भीक कुरा भन्यौ र ठोकेर सिंहनाद गऱ्यौ" – 'भन्ते ! भगवान्‌माथि म यति प्रसन्न छु कि – सम्बोधिको सम्बन्धमा भगवान्‌भन्दा उत्तरोत्तर ज्ञान हुने अरू कुनै श्रमण वा ब्राह्मण न थियो, न हुनेछ र न त अहिले छ भन्ने विश्वास गर्छु' ।"

"सारिपुत्र ! के तिमीले जो ती अतीत समयका अरहन्त सम्यक्‌सम्बुद्धहरू थिए ती सबै भगवान्‌हरूलाई तिम्रो चित्तले *(ज्ञानले)* थाहा पाएको छ कि – उहाँ भगवान्‌हरू यस्ता शील भएका हुनुहुन्थ्यो अथवा उहाँ भगवान्‌हरू यस्ता प्रज्ञा भएका हुनुहुन्थ्यो अथवा उहाँ भगवान्‌हरू यसरी बसेका *(निरोध समापत्तिमा बस्ने)* हुनुहुन्थ्यो अथवा उहाँ भगवान्‌हरू यसरी विमुक्त भएका हुनुहुन्थ्यो ?"

"भन्ते ! थाहा पाएको छैन ।"

"सारिपुत्र ! के त तिमीले जो ती भविष्यमा हुने अरहन्त सम्यक्‌सम्बुद्धहरू हुन् ती सबै भगवान्‌हरू तिम्रो चित्तले थाहा पाएको छ कि – उहाँ भगवान्‌हरू यस्ता शील हुने हुनेछन् अथवा उहाँ भगवान्‌हरू यस्ता प्रज्ञा हुने हुनेछन् अथवा उहाँ भगवान्‌हरू यसरी बस्नु *(निरोधसमापत्तिमा बस्ने)* हुने हुनेछन् अथा उहाँ भगवान्‌हरू यसरी विमुक्त हुने हुनेछन् ?"

"भन्ते ! थाहा पाएको छैन ।"

"सारिपुत्र ! के तिमीले अहिलेका अरहन्त सम्यक्‌सम्बुद्धलाई तिम्रो चित्तले थाहा पाएको छ कि – उहाँ भगवान् यस्तो शील भएको हुनुहुन्छ अथवा उहाँ भगवान् यस्ता धर्म *(समाधि)* भएको हुनुहुन्छ अथवा उहाँ भगवान् यसरी बस्नु भएको *(निरोध समापत्तिमा बस्ने)* हुनुहुन्छ अथवा उहाँ भगवान् यसरी विमुक्त भएको हुनुहुन्छ ?"

"भन्ते ! थाहा पाएको छैन ।"

"सारिपुत्र ! भूत, भविष्य तथा वर्तमानका अरहन्त सम्यक्‌सम्बुद्धहरूलाई तिम्रो चित्तले थाहा पाउन सकेको छैन भने सारिपुत्र ! कसरी तिमीले 'भन्ते ! भगवान् देखि म यति प्रसन्न छु कि – सम्बोधिको सम्बन्धमा भगवान्‌भन्दा उत्तरोत्तर ज्ञान हुने कुनै अरू श्रमण वा ब्राह्मण न थियो, न हुनेछ, न अहिले छ भन्ने विश्वास गर्छु' भनी यस्तो ठूलो निर्भीक कुरा भनेको र ठोकेर सिंहनाद गरेको त ?"

१६. "भन्ते ! भूत, भविष्य तथा वर्तमानका अरहन्त सम्यक्‌सम्बुद्धहरूलाई जान्ने चेतोपरिय ज्ञान *(अर्काको चित्तलाई जाने ज्ञान)* ममा छैन । किन्तु धर्मन्वयद्वारा *(धर्मानुसार विचार गरेर)* थाहा पाएको हुँ । भन्ते ! जस्तैं – राजाको नगरमा बलियो पर्खाल र तोरण भएको एउटा ढोका हुन्छ । त्यस ढोकामा बस्ने पाले पण्डित, व्यक्त र वृद्धिमानी हुन्छ । चिनेकालाई मात्र भित्र पठाउँछ नचिनेकालाई पठाउँदैन । अनि उसले नगरको चारैतिरको बाटोमा गई हेर्दा कतै पनि पर्खाल फुटेको वा भत्केको देख्दैन । कहींबाट बिरालो पस्ने प्वालसम्म पनि देख्दैन । अनि उसलाई दृढ विश्वास हुन्छ कि – कुनै स्थूल प्राणीले नगरमा

Downloaded from http://www.dhamma.digital

पस्दा वा बाहिर निस्कँदा सबै यसै ढोकाबाट आवतजावत गर्नुपर्छ । भन्ते ! यस्तै गरी मैले धर्मन्वयद्वारा जानें कि – भन्ते ! जो ती अतीत समयका अरहन्त सम्यक्सम्बुद्धहरू थिए ती सबै भगवान्हरूले – पञ्चनीवरणलाई हटाई चित्तको उपक्लेशलाई प्रज्ञाद्वारा निर्बल पारी चार सतिपट्ठानमा सुप्रतिष्ठित भई यथार्थतः सप्तबोध्यङ्गलाई अभ्यास गरी – अनुत्तर सम्यक्सम्बोधिलाई अवबोध गर्नुभएको थियो । भन्ते ! जो ती अरहन्त सम्यक्सम्बुद्धहरू अनागत समयमा हुनेछन् ती सबै भगवान्हरूले पनि पञ्चनीवरणलाई हटाई ··· चार सतिपट्ठानमा सुप्रतिष्ठित भई यथार्थत सप्तबोध्यङ्गलाई अभ्यास गरी – अनुत्तर सम्यक्सम्बोधिलाई अवबोध गर्नु हुनेछ । भन्ते ! अरहत् सम्यक्सम्बुद्ध हुनुभएका भगवान्ले पनि अहिले – पञ्चनीवरणलाई हटाई ··· चार सतिपट्ठानमा सुप्रतिष्ठित भई यथार्थतः सप्तबोध्यङ्गलाई अभ्यास गरी – अनुत्तर सम्यक्सम्बोधिलाई अवबोध गर्नुभएको छ ।"

१७. त्यहाँ नालन्दा स्थित पावारिक आम्रवनमा विहार गरिरहनु हुँदा भगवान्ले भिक्षुहरूलाई धेरैजसो यही नै धर्मदेशना गर्नुभएको थियो – यस्ता शील हुन्, यस्ता समाधि हुन्, यस्ता प्रज्ञा हुन् । शीलद्वारा प्रभावित भएको समाधि महाफलदायी र महाआनिशंसतर हुन्छ । समाधिद्वारा प्रभावित भएको प्रज्ञा महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त राम्ररी आस्रवबाट मुक्त हुन्छ । जस्तोकि कामास्रवबाट, भवास्रवबाट तथा अविद्यास्रवबाट ।

## ५. पाटलिगाउँ वासीलाई भगवान्को उपदेश

१८. त्यसपछि भगवान्ले नालन्दामा यथानुकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो – "यता आऊ, आनन्द जहाँ पाटलिगाउँ *(वर्तमान पटना)* छ त्यहाँ जाऔं ।"

"हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । अनि भगवान् चारिका गर्दै क्रमशः जहाँ पाटलिगाउँ हो त्यहाँ पुग्नुभयो ।

अनि पाटलिगाउँका *(पाटलिगामिका)* उपासकहरूले[३८५] "भगवान् पाटलिगाउँमा आइपुग्नुभयो" भन्ने खबर सुने । अनि पाटलिगाउँका उपासकहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका पाटलिगाउँका उपासकहरूलाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, संमुत्तेजित र सम्प्रहर्षित पार्नुभयो । भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित भएका पाटलिगाउँका उपासकहरूले भगवान्लाई यस्तो बिन्ती गरे – "भन्ते ! भिक्षुसङ्घका साथ भगवान्ले हामीहरूको आवासथागार स्वीकार गर्नुहोस् ।"

तूष्णीभावद्वारा भगवान्ले स्वीकार गर्नुभयो ।

त्यसपछि पाटलिगाउँका उपासकहरूले भगवान्को स्वीकृतिलाई जानी आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी जहाँ आवासथागार हो त्यहाँ गए । त्यहाँ पुगेपछि उनीहरू आवासथागारको सबै ठाउँमा ओछ्यानहरू लगाई आसनहरू राखी पानीको भाँडा राखी तथा तेलको

---

३८५ यिनीहरूको सर्वप्रथम बुद्धसँग भेट हुँदा यिनीहरूमध्ये केही शरणमा गए, केहीले शील ग्रहण गरे र केही शरणमा पनि शीलमा पनि प्रतिष्ठित भएका थिए । त्यसैले यिनीहरूलाई 'उपासक' भनी भनिएको हो भनी उदा.अ.क.पृ. २८४ : पाटलिगामियसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

दियो बाली जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका पाटलिगाउँका उपासकहरूले भगवान्लाई यस्तो बिन्ती गरे – "भन्ते ! आवासथागारका सबै ठाउँहरूमा ओछ्यानहरू लगाइसकिएका छन्, आसनहरू राखिसकिएका छन्, पानीका भाँडाहरू पनि राखिसकिएका छन् र तेलको दियो पनि बालिसकिएको छ । अब भगवान्ले जस्तो समय हो जान्नुहोस् ।"

अनि चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भगवान् साँढे बाह्र सय महान भिक्षुसङ्घका साथ जहाँ आवासथागार हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि खुट्टा पखाली आवासथागार भित्र पसी बीचको स्तम्भमा अडेस लिई पूर्वाभिमुख गरी भगवान् बस्नुभयो । भिक्षुसङ्घपनि खुट्टा पखाली आवासथागार भित्र पसी पश्चिमतिरको भित्ताको अडेस लिई भगवान्लाई नै अगाडितिर पारी पूर्वाभिमुख गरी बसे । पाटलिगाउँका उपासकहरू पनि खुट्टा पखाली आवासथागार भित्र पसी भित्ताको अडेस लिई भगवान्लाई नै अगाडितिर पारी पश्चिमाभिमुख गरी बसे । अनि भगवान्ले पाटलिगाउँका उपासकहरूलाई सम्बोधन गर्नुभयो[३८६] –

(क) "गृहपति हो ! शीलबाट विमुख भई दुश्शील[३८७] स्वभाव हुनेका यी पाँच दुष्परिणामहरू *(आदीनव)* हुन्छन् । कुन पाँच भने ? – (१) गृहपति हो ! यहाँ शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको प्रमादको कारणले गर्दा महति भोगसम्पत्तिको हानि हुन्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो पहिलो दुष्परिणाम हो । (२) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको कु-कीर्ति शब्द फैलिन्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो दोस्रो दुष्परिणाम हो । (३) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुने पुरुष क्षत्रीपरिषद्मा, ब्राह्मणपरिषद्मा गृहपतिपरिषद्मा अथवा श्रमणपरिषद्मा – जुनसुकै परिषद्मा गएपछि अविसारदनि भई चुप लागी बस्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो तेस्रो दुष्परिणाम हो । (४) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको मृत्यु मोहसहित हुन्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो चौथो दुष्परिणाम हो । (५) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुने पुरुष शरीर छाडी मृत्युपछि अपाय[३८८], दुर्गति[३८९], विनिपात[३९०], र नरकमा[३९१] उत्पन्न हुन्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो पाँचौ दुष्परिणाम हो । गृहपति हो ! शीलबाट विमुख भई दुश्शील हुनेका यी नै पाँच दुष्परिणामहरू हुन्छन् ।"

(ख) "गृहपति हो ! शीलवान्[३९२] हुनेका शीलसम्पदाद्वारा हुने यी पाँच गुणहरू हुन्छन् । कुन पाँच भने ? – (१) गृहपति हो ! यहाँ शीलवान् हुनेको शीलसम्पन्न र अप्रमादको कारणले गर्दा उसलाई ठूलो भोगसम्पत्ति लाभ हुन्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो पहिलो गुण हो । (२) फेरि गृहपति हो ! शीलसम्पन्न शीलवान् हुनेको कल्याणकीर्ति शब्द फैलिन्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो दोस्रो गुण हो । (३) फेरि गृहपति हो ! शीलसम्पन्न शीलवान् हुने पुरुष – क्षत्रीपरिषद्मा,

---

३८६ ती उपासकहरू मध्ये धेरै जना शीलमा प्रतिष्ठित थिए । अत: सर्वप्रथम शील विपत्तिका दोषहरू देखाई त्यसपछि शीलसम्पत्तिका गुणहरू देखाउने उद्देशय लिएर भगवानले उनीहरूलाई सम्बोधन गर्नु भएको हो ।

३८७ यहाँ 'दृश्शील' भनी शील नहुनेलाई र समादान गरेको शील भङ्ग गर्नेलाई भनिएको हो ।

३८८ अपाय भन्नाले तिरश्चीन योनिलाई देखाइएको हो ।

३८९ दुर्गति भन्नाले प्रेतगतिलाई देखाइएको हो ।

३९० विनिपात भन्नाले असुर कायलाई देखाइएको हो ।

३९१ नरक भन्नाले अवीचि आदि अनेक प्रकारका नरकहरूलाई देखाइएको हो भनी उदा.अ.क. पृ. २९१ : पाटलिगामियसुत्तवण्णनाले उल्लेख गरेको छ ।

३९२ यहाँ शील समादान गरी बसिरहेकालाई 'शीलवान्' भनिएको हो । उदा.अ.क.पृ. २९१.

Downloaded from http://www.dhamma.digital

ब्राह्मणपरिषद्मा, गृहपतिपरिषद्मा अथवा श्रमणपरिषद्मा – जुनसुकै परिषद्मा गए पनि विशारद भई चूप न लागी बस्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो तेस्रो गुण हो । (४) फेरि गृहपति हो ! शीलसम्पन्न शीलवान् हुनेको मृत्यु मोहरहित हुन्छ । शीलवान् हुनेको शीलसम्पन्न हुने यो चौथो गुण हो । (५) फेरि गृहपति हो ! शीलसम्पन्न शीलवान् हुने पुरुष शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो पाँचौ गुण हो । गृहपति हो ! शीलवान् हुनेका शीलसम्पदाद्वारा यी नै पाँच गुणहरू हुन्छन् ।"

२१. त्यसपछि पाटलिगाउँका उपासकहरूलाई रातको धेरै बेरसम्म[३९३] धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पार्नुभई भगवान्ले उनीहरूलाई यसो भन्नुभयो –

"गृहपति हो ! रात बितिसक्यो । अब तिमीहरू जस्तो उचित समय ठान्दछौ *(गर)* ।"

"हवस्, भन्ते ! " भनी भगवान्लाई प्रत्युत्तर दिई पाटलि गाउँका उपासकहरू आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए । अनि पाटलि गाउँका उपासकहरू फर्केर गइसकेपछि भगवान् शून्यागारमा पस्नुभयो[३९४] ।

## ६. पाटलिपुत्र नगर निर्माण

२२. त्यसबखत मगधका महामात्य सुनीधवस्सकारहरू[३९५] वज्जीहरूलाई रोक्नको निमित्त पाटलिग्राममा नगर बनाउँदै थिए । रातीको प्रत्यूष समयमा उठ्नुभई भगवान्ले अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा केही देवताहरूले पाटलि ग्राममा भूमिभाग ग्रहण गरिरहेका देख्नुभयो । जहाँ महाप्रभावशाली देवताहरूले भूमिभाग ग्रहण गरेका थिए त्यहाँ राजाका महाप्रभावशाली राजमहामात्यहरूको घर बनाउनमा चित्त जान्थ्यो । जुन ठाउँमा मध्यम प्रभावशाली देवताहरूले भूमिभाग ग्रहण गरेका थिए त्यहाँ राजाका मध्यम प्रभावशाली राजमहामात्यहरूको घर बनाउनमा चित्त जान्थ्यो । जुन ठाउँमा हीन देवताहरूले भूमिभाग ग्रहण गरेका छन्, त्यहाँ राजाका हीन राजमहामात्यहरूको घर बनाउनमा चित्त जान्थ्यो । अनि भगवान्ले आनन्दलाई बोलाउनुभयो – "आनन्द ! पाटलिग्राममा कसले नगर बनाउँदै छ ?"

"भन्ते ! वज्जीहरूलाई रोक्नको निमित्त सुनीधवस्सकार मगधमहामात्यहरू पाटलिग्राममा नगर बनाउँदै छन् ।"

"आनन्द ! मानो त्रयस्त्रिंश देवताहरूसँग सल्लाह गरेजस्तै सुनीधवस्सकार मगधमहामात्यहरू वज्जीहरूलाई रोक्नको निमित्त पाटलिग्राममा नगर बनाउँदै छन् । आनन्द ! यहाँ रातको प्रत्यूष समयमा उठी अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा मैले देखें कि केही देवताहरू पाटलिग्राममा भूमिभाग ग्रहण गर्दैछन् । जुन ठाउँमा महाप्रभावशाली देवताहरूले भूमिभाग ग्रहण गरेका छन् त्यहाँ राजाका

३९३ रातको धेरैबेरैसम्म भनेको आधारातभन्दा पनि धेरै भनिएको हो भनी उदा. अ. क. पृ. २९२ : पाटलिगामियसुत्त वण्णनाले उल्लेख गरेको छ ।

३९४ 'शून्यागार' भन्नाले कुनै एकान्त बस्ने कोठामा पस्नुभयो भनी भनिएको होइन । सो ठूलो शालामा भगवानलाई उपयुक्त हुने गरी पर्दा लगाई चाँद लगाई एक ठाउँमा खात राखी बारिराखेको थियो, ता कि भगवानले त्यहाँ आराम गर्नुहुनेछ भनी । सोही ठाउँमा गई भगवानले आफ्नो सङ्घाटि ओच्छ्याई सिंहशय्यामा लेट्नुभयो भनी भनिएको हो ।

३९५ यहाँ सुनीध र वस्सकार ब्राह्मणलाई 'सुनीध वस्सकारहरू' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

महाप्रभावशाली राजमहामात्यहरूको घर बनाउनमा चित्त गएको छ । जुन ठाउँमा मध्यम प्रभावशाली देवताहरूले भूमिभाग ग्रहण गरेका छन् त्यहाँ राजाका मध्यम प्रभावशाली राजमहामात्यहरूको घर बनाउन चित्त गएको छ । जुन ठाउँमा हीन देवताहरूले भूमिभाग ग्रहण गरेका छन् त्यहाँ राजाका हीन राजमहामात्यहरूको घर बनाउनमा चित्त गएको छ । आनन्द ! जहाँसम्म आर्यहरूको आवतजावत हुन्छ जहाँसम्म व्यापारीहरूको आवतजावत हुन्छ त्यहाँसम्म यो नगर गाँठका गाँठ मालहरू बिक्री हुने श्रेष्ठ नगर हुनेछ । आनन्द ! पाटलिग्राममा तीन प्रकारका भय हुने छन् – अग्निको भय, पानीको भय र परस्पर चुक्लीको भय ।"

२३. अनि मगधमहामात्य सुनीधवस्सकार जहाँ भगवान् हुनुहुन्थ्यो त्यहा गए[३९६] । त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका मगधमहामात्य सुनीधवस्सकारले भगवान्लाई यस्तो भने – "तपाई गौतमले भिक्षुसङ्घसहित हामीहरूको आजको भोजन स्वीकार्नूहोस् ।" तूष्णीभावद्वारा भगवान्ले स्वीकार्नुभयो । अनि मगधमहामात्य भगवान्ले स्वीकार्नु भएको कुरा बुझी महामात्य सुनाधवस्सकार फर्केर गए । अनि मगधमहामात्य सुनीधवस्सकारले प्रणीत खाद्य-भोज्य तयार पार्न लगाई भगवान्लाई समयको सूचना दिन पठाए – "भो गौतम ! समय भयो, भोजन तयार छ ।"

अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ मगधमहामात्य सुनीधवस्सकारको भोजन गराउने ठाउँ हो त्यहाँ भगवान् जानुभयो । त्यहाँ पुगेपछि विछ्याइराखेको आसनमा भिक्षु सङ्घका साथ बस्नुभयो । अनि बुद्धसहित भिक्षुसङ्घलाई प्रणीत खाद्य-भोज्यद्वारा आफ्नै हातले सन्तर्पित गरी सन्तृप्त गराई भोजनपछि भगवान्ले भिक्षापात्रबाट हात हटाउनुभएपछि मगधमहामात्य सुनीधवस्सकार एक छेउमा बसे । एक छेउमा बसेका मगधमहामात्य सुनीधवस्सकारलाई भगवान्ले यी गाथाहरूद्वारा सम्बोधन गर्नुभयो –

"जहाँ पण्डित पुरुषहरू वास गर्छन् त्यहाँ त्यस्ता शीलवान् संयत ब्रह्मचारीहरूलाई भोजन गराउँदा –

"त्यहाँ जुन देवताहरू हुन्छन् उनीहरूलाई पुण्यदान दिनुपर्छ । अनि पूजित भएका उनीहरूले पूजा गर्छन् र मानित भई मान पनि राख्छन् ।"

"त्यसपछि उनीहरूले आमाले आफ्नो औरस पुत्रलाई अनुकम्पा राखे झैं अनुकम्पा राख्छन् । देवताद्वारा अनुकम्पित पुरुष सधैं असल देखिन्छ ।"

अनि मगधमहामात्य सुनीधवस्सकारलाई यी गाथाहरूद्वारा अनुमोदन गर्नुभई भगवान् आसनबाट उठेर जानुभयो ।

---

३९६ उपरोक्ताकारले पाटलीपुत्रको बारेमा भविष्यवाणी गरी विहान सबेरै गंगाको तीरमा गई मुख धोई भिक्षाटन जाने बेलाको प्रतीक्षा गर्दै भगवान् त्यहाँ बस्नुभएको थियो । त्यसबखत सुनीधवस्सकारहरूले यस्तो विचार गर्नथाले –
"हाम्रा राजा श्रमण गौतमको परमभक्त हुनुहुन्छ । हामी राजाकहाँ जाँदा उहाँले 'भगवान् पाटलीग्राममा आउँदा उहाँकहाँ गयौ कि गएनौ ?' भनी सोध्दा 'गयौं' भनी भन्दा 'निम्तो गर्‍यौ कि गरेनौ' भनी सोध्दा 'गरेनौं' भनी भन्दा हामीलाई निन्दा गरी दोष लगाउन सक्नुहुन्छ । हामीहरू यहाँ नयाँ नगर बसाउँदैछौं । श्रमण गौतम गएको ठाउँबाट अलच्छिनाहरू हटेर जान्छन् । हामी उहाँबाट मंगलपाठ पनि गराउनेछौं ।"
यति सोचेर उनीहरू भगवान् छेउ गई भोजनको लागि निम्ती गरेका हुन् भनी उदा. अ.क.पृ. २९४ : पाटलिगामियसुत्तवण्णनाले उल्लेख गरेको छ । त्यसैले सूत्रमा 'अनि मगधमहामात्य सुनीधवस्सकारहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए' भनी उल्लेख भएको हो ।'

Downloaded from http://www.dhamma.digital

२४. त्यसबखत मगधमहामात्य सुनीधवस्सकार "आज जुन द्वारबाट श्रमण गौतम निस्कनेछन् त्यो द्वार 'गौतमद्वार' हुनेछ। जहाँबाट गंगानदी तरेर जानेछन् त्यस स्थान 'गौतमतीर्थस्थान' हुनेछ" भन्दै भगवान्को पछिपछि लागि गएका थिए। अनि जुन द्वारबाट भगवान् जानुभयो त्यस द्वारको नाम 'गौतमद्वार' रहन गयो।

अनि भगवान् जहाँ गंगानदी हो त्यहाँ जानुभयो। त्यसबखत गंगानदीमा टनाटन पानी भरिएको थियो। वारिबाट पारि जान चाहने कुनै मानिसहरू डुंगा खोज्दै थिए, कुनै मौका खोज्दै थिए भने कुनै कुल्लुं *(बाँसको मुट्ठा)* बान्दैथिए। अनि भगवान्ले वारिबाट पारि जान चाहने ती मानिसहरूमध्ये कसैले डुंगा खोजिरहेको र कसैले मौका खोजिरहेको देख्नुभयो। देखेर जस्तै कुनै बलवान् पुरुषले खुम्चेको बाहु पसार्छ र पसारेको बाहु खुम्च्याउँछ त्यस्तैगरी वारि तीरमा अन्तर्धान भई पारि तीरमा भिक्षुसङ्घसहित प्रकट हुनुभयो। अनि यस कारणले जान्नुभई त्यसबेला भगवान्ले यो उदान प्रकट गर्नुभयो –

**"कुनै पुल बनाई पानी नछोई महासागरबाट तर्छन् भने कुनै पार**
**तर्ने कुल्लुं बाँधछन्, तर मेधावी हुनेहरू यी विना नै पार तर्छन्।"**

**प्रथम भाणवार समाप्त।**

# कोटिग्राममा धर्मोपदेश

२५. त्यसपछि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रित गर्नुभयो – "आयुष्मान् आनन्द। जहाँ कोटिग्राम छ त्यहाँ जाऔं।" "हवस्, भन्ते!" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिए। त्यसपछि भगवान् महत् *(विशाल)* भिक्षुसङ्घसाथ जहाँ कोटिग्राम छ त्यहाँ जानुभयो। त्यहाँ भगवान् कोटिग्राममा बस्नुभएको थियो। त्यहाँ भगवान्ले भिक्षुहरूलाई आमन्त्रित गर्नुभयो –

"भिक्षु हो! चार आर्यसत्य अनुबोध नभएकोले, प्रतिवेध नभएकोले यसरी दीर्घकाल देखि मेरो र तिमीहरूको *(यसरी)* दौडिरहनु परेको थियो=संसरण *(आवागमन)* मा परिरहेको थियो। के के चार? (१) भिक्षु हो! दुःख आर्यसत्य अनुबोध नभएकोले=प्रतिवेध नभएकोले यसरी दीर्घकालदेखि मेरो र तिमीहरूको दौडिरहनु परेको थियो=संसरण *(आवागम)* परिरहेको थियो। (२) भिक्षु हो! दुःख समुदय आर्यसत्य …। (३) भिक्षु हो! दुःख निरोध आर्यसत्य …। (४) भिक्षु हो! दुःख निरोधगामिनी प्रतिपदा *(मार्ग)* आर्यसत्य अनुबोध नभएकोले=प्रतिवेध नभएकोले यसरी दीर्घकालदेखि मेरो र तिमीहरूको दौडिरहनु परेको थियो=संसरण *(आवागमन)* परिरहेको थियो। भिक्षु हो! आर्यसत्य अनुबोध नभएकोले=प्रतिवेध नभएकोले यसरी दीर्घकालदेखि मेरो र तिमीहरूको दौडिरहनु परेको थियो = संसरण परिरहेको थियो। भिक्षु हो! सो आर्यसत्य अनुबोध भयो = प्रतिवेध भयो। दुःख आर्यसत्य … दुःख समुदय आर्यसत्य … दुःख निरोध आर्यसत्य … दुःख निरोध गामिनी प्रतिपद् आर्यसत्य अनुबोध भयो, = प्रतिवेध भयो। भव तृष्णा उच्छिन्न भयो, भवनेत्ति *(भव तृष्णा)* क्षीण भयो। अब फेरि जन्म लिनु पर्ने कारण छैन।

भगवान्ले यति भन्नुभयो। यसपछि सुगत शास्ताले फेरि यसो भन्नुभयो –

**चार आर्यसत्यलाई यथार्थ रूपमा नदेख्नाले**

**ती-ती योनिहरूमा दीर्घकालदेखि आवागमन भईरहेको थियो।**

**जबदेखि यी *(चार आर्यसत्य)* देखें बुझें**

Downloaded from http://www.dhamma.digital

**तबदेखि भवनेत्ति *(भव तृष्णा)* समूह क्षीण भयो ।**
**दु:खको मूल *(जरा)* काटिसकेको छ । अब फेरि भवमा प्रवेश असम्भव छ ।**

त्यहाँ कोटिग्राममा बसिरहनुहुँदा भगवान्ले भिक्षुहरूलाई धेरैजसो यही नै धर्मदेशना गर्नुभएको थियो – यस्ता शील हुन्, यस्ता समाधि हुन्, यस्ता प्रज्ञा हुन् । शीलद्वारा प्रभावित भएको समाधि महाफलदायी र महाआनिशंसतर हुन्छ । समाधिद्वारा प्रभावित भएको प्रज्ञा महाफलदायी र महाआनिशंसतर हुन्छ । समाधिद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त राम्ररी आस्रवबाट मुक्त हुन्छ । जस्तोकि कामास्रवबाट, भवास्रवबाट तथा अविद्यास्रवबाट ।

## ७ धर्म-आदर्श (नामक) धर्म-पर्याय

२६. त्यसबेला भगवान् कोटिग्राममा यथानूकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई आमन्त्रणा गर्नुभयो – "यता आऊ, आनन्द ! जहाँ नादिका *(नातिका)* छ त्यहाँ जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । त्यसपछि भगवान् महत् भिक्षुसङ्घ साथ जहाँ नादिका हो त्यहाँ पुग्नुभयो । त्यहाँ नादिकामा भगवान् गिंजकावसथमा बस्नुभयो । त्यसपछि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेका आयुष्मान् आनन्दले भगवान्लाई यस्तो बिन्ती गरे – "भन्ते ! साल्ह भिक्षु नादिकामा मरे, उसको के गति भयो, के अभिसम्पराय *(परलोक)* भयो ? नन्दा भिक्षुणी ··· सुदत्त उपासक ··· सुजाता उपासिका ··· कुक्कुट उपासक ··· कालिम्ब उपासक ··· निकट उपासक ··· कटिस्सह उपासक ··· तुट्ठ *(तुष्ट)* उपासक, सन्तुट्ठ उपासक ··· भद्द *(भद्र)* उपासक ··· ? भन्ते ! सुभद्र उपासक नादिकामा मरे, उसको के गति भयो, के अभिसम्पराय *(परलोक)* भयो ?

२७. "आनन्द ! साल्ह भिक्षु यहि जन्ममा आस्रवहरू *(चित्तमल)* को क्षय गरी आस्रवरहित चित्तको मुक्ति एवं प्रज्ञाविमुक्तिलाई स्वयं जानेर साक्षात्कार गरी यही जन्ममा अर्हत् भएका थिए । आनन्द ! नन्दा भन्ने भिक्षुणी पाँच अधोगामिनी *(ओरम्भागीय)* संयोजन परिक्षीण गरी औपपातिक देवलोकमा उत्पन्न भई त्यसलोकबाट पुन: यसलोकमा नआउने भई त्यहीं नै परिनिर्वाण प्राप्त गर्ने भए । आनन्द ! सुदत्त उपासक तीन संयोजनलाई परिक्षीण गरी, राग, द्वेष र मोहलाई दुर्बल पारी सकृदागामी भए अर्थात् एकपटक मात्र यसलोकमा उत्पन्न भई दु:ख क्षय गर्न सक्ने भए । आनन्द ! सुजाता उपासिका तीन संयोजन परिक्षीण गरी स्रोतापन्न, अविनिपाती, निश्चिन्त सम्बोधिपरायण भए । आनन्द ! कुक्कुट ··· अनागामी ··· कालिम्ब ··· निकट ··· कटिस्सह ··· तुट्ठ ··· संतुट्ठ ··· भद्द ··· सुभद्र उपासक, आनन्द ! पाँच अधोगामिनी संयोजन परिक्षीण गरी औपपातिक देवलोकमा उत्पन्न भई त्यसलोकबाट पुन: यसलोकमा नआउने भई त्यहीं नै परिनिर्वाण प्राप्त गर्ने भए । आनन्द ! नादिकाका पचासभन्दा बढी उपासकहरू मरेर पाँच अधोगामिनी संयोजन परिक्षीण गरी औपपातिक देवलोकमा उत्पन्न भई त्यसलोकबाट पुन: यसलोकमा नआउने भई त्यहीं नै परिनिर्वाण प्राप्त गर्ने भए । नादिकाका नब्बेभन्दा बढी उपासकहरू मरेर तीन संयोजनलाई परिक्षीण गरी, राग, द्वेष र मोहलाई दुर्बल पारी सकृदागामी भए अर्थात् एक पटक मात्र यसलोकमा उत्पन्न भई दु:ख क्षय गर्न सक्ने भए । नादिकाका पाँच सयभन्दा बढी उपासकहरू तीन संयोजन परिक्षीण गरी स्रोतापन्न, अविनिपाती, निश्चिन्त सम्बोधिपरायण भए ।"

२८. "आनन्द ! जसले मनुष्य योनिमा जन्म लिएको छ ऊ *(एक न एक दिन)* मर्छ नै यसमा कुनै आश्चर्य छैन । कुनै मानिस मऱ्यो भन्ने उनीहरूको ··· बारे तथागतकहाँ आएर सोधी रहनु ठीक

Downloaded from http://www.dhamma.digital

छैन । आनन्द ! यो त तथागतलाई कष्ट दिनु मात्र हुन्छ । आनन्द अतः म तिमीलाई धर्मादर्श नामक धर्म-पर्याय उपदेश दिने छु, जसबाटयुक्त भएमा कोही पनि आर्यश्रावक स्वयं आफ्नैले आफ्नो बारे व्याकरण *(भविष्य कथन)* गर्न सक्नेछ कि अब मेरो नरक पशुयोनि, भूत-प्रेतयोनि, अपाय, दुर्गति वा अधोगति क्षीण भईसक्यो, किनकि म स्रोतापन्न, अविनिपाती, निश्चिन्त सम्बोधिपरायण भईसकें ।

२९. "आनन्द ! त्यो कुन चाहिँ धर्मादर्श नामक धर्म-पर्याय हो जसबाटयुक्त भएमा कोही पनि आर्यश्रावक स्वयं आफैले आफ्नो बारे व्याकरण गर्न सक्नेछ कि अब मेरो नरक ... क्षीण भैसक्यो ... ? (१) आनन्द ! यहाँ आर्यश्रावक – उहाँ भगवान् अरहत् हुनुहुन्छ, सम्यक्सम्बुद्ध हुनुहुन्छ, विद्याचरणसम्पन्न हुनुहुन्छ, सुगत हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर पुरुषदम्य-सारथी हुनुहुन्छ, देव-मनुष्यका शास्ता तथा बुद्ध भगवान् हुनुहुन्छ । भनी बुद्धप्रति विशिष्ट रूपले *(अवेच्चप्पसादेन)* प्रसन्न भएको हुन्छ ।"

(२) "आनन्द ! यहाँ आर्यश्रवाक – 'भगवान्को धर्म सु-आख्यात *(राम्ररी व्याख्यान गरिराखेको)* छ, सांदृष्टिक *(यहिंको यहिँ नै फल दिने)* छ, अकालिक *(पर्खनु नपर्ने, तुरन्तै पाइने)* छ, एहिपस्सिक *(आऊ हेर ! भन्न योग्य)* छ, ओपनेय्यिक *(औपनयिक, निर्वाण नजिक पुऱ्याउने)* छ तथा विज्ञपुरुषद्वारा *(आफैले)* बुझ्न सकिने छ' भनी धर्मप्रति विशिष्ट रूपले प्रसन्न भएको हुन्छ ।"

(३) "आनन्द ! यहाँ आर्यश्रावक – 'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्न *(सुमार्गमा लागेको)* छ, ऋजु प्रतिपन्न छ, ज्ञेयमार्ग प्रतिपन्न छ, उपयुक्त मार्ग प्रतिपन्न छ, यीनै चार जोडा अर्थात् आठ पुद्गलहरू भगवान्को श्रावकसङ्घ हो – जो पूजनीय छ, पाहुना बनाउन योग्य छ, दक्षिणेय छ, हात जोरी नमस्कार गर्न योग्य छ र लोकवासीका निमित्त पुण्य क्षेत्र समान छ' भनी सङ्घप्रति विशिष्ट रूपले प्रसन्न भएको हुन्छ ।

फेरि आर्यश्रावक अखण्डित *(अविभक्त)*, अछिद्र *(निर्दोष)*, निर्दागी *(अकल्मष, निष्कलङ्क)*, निर्दोष *(शुद्ध)*, सेवनीय *(भुजिस्स)*, विद्वत्प्रशंसित *(विज्ञप्रशंसित)* अपरामर्शित तथा समाधि संवर्तनिक *(समाधितिर लैजाने)* शीलले युक्त हुन्छ ।

"आनन्द ! यहीं नै धर्मादर्श *(नामक)* धर्म-पर्याय हो जसले युक्त भएमा कोही पनि आर्यश्रावक स्वयं आफैले आफ्नो बारे व्याकरण गर्न सक्नेछ कि अब मेरो नरक, पशुयोनि, भूत-प्रेतयोनि, अपाय, दुर्गति वा अधोगति क्षीण भई सक्यो, किनकि म स्रोतापन्न, अविनिपाती, निश्चिन्त सम्बोधिपरायण भइ सकें ।

भगवान् नादिका ... मा बसिरहनुभएकी बेला भगवान्ले भिक्षुहरूलाई धेरैजसो यही नै धर्मदेशना गर्नुभएको थियो । – यस्ता शील हुन् ... *(पूर्ववत्)* ... ।

३०. त्यसपछि भगवान् नादिकामा यथानुकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई आमन्त्रणा गर्नुभयो – 'यता आऊ, आनन्द ! जहाँ वैशाली छ त्यहाँ जाऔं ।' "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । त्यसपछि भगवान् महत् भिक्षुसङ्घसाथ जहाँ वैशाली हो त्यहाँ पुग्नुभयो । भगवान् त्यहाँ वैशालीस्थित अम्बपाली बनमा बस्नुभयो । त्यहाँ भगवान्ले भिक्षुहरूलाई आमन्त्रणा गर्नुभयो –

"भिक्षु हो ! स्मृति र सम्प्रज्यन्य राखी विहार गर *(बस)* । यो तिमीहरूलाई मेरो उपदेश *(अनुशासन)* हो । भिक्षु हो ! कसरी भिक्षु स्मृतिमान भई बस्ने ? भिक्षु हो ! यहाँ भिक्षु कायमा कायानुपश्यी भई लोकमा *(यसै जीवनमा)* अविद्या दौर्मनस्यलाई हटाई, आतप्त गरी, सम्प्रज्ञानी भई, स्मृतिमान् भई विहार गर्छ, वेदनामा वेदनानुपश्यी भई ... विहार गर्छ, चित्तमा चित्तानुपश्यी भई ...

Downloaded from http://www.dhamma.digital

विहार गर्छ, तथा धर्ममा धर्मानुपश्यी भई ··· विहार गर्छ । भिक्षु हो ! यसरी भिक्षु स्मृतिमान् भई विहार गर्छ ।

"भिक्षु हो ! कसरी भिक्षु स्मृतिसम्प्रजन्यताद्वारा सम्पन्न भएको हुन्छ ? भिक्षु हो ! यहाँ भिक्षु जाँदा वा आउँदा सचेत भई होस राखेर हिंड्छ । अगाडि वा पछाडि यताउता हेर्दा सचेत भई होस राखेर हेर्छ । हात खुट्टा खुम्च्याउँदा वा पसार्दा सचेत भई होस राखेर चलाउँछ । खाँदा वा पिउँदा अथवा चाटेर खाँदा सचेत भई होस राखेर खान्छ । झाडापिसाप गर्दा सचेत भई होस राखेर झाडापिसाप गर्छ । हिंड्दा, उठ्दा, बस्दा, सुत्दा, बिउँझिदा, कुरा गर्दा र चुप लागेर बस्दा सचेत भई होस राखेर *(सम्पजानकारी)* बस्छ । भिक्षु हो ! यसरी भिक्षु स्मृतिसम्प्रजन्यताद्वारा सम्पन्न भएको हुन्छ । यो तिमीहरूलाई मेरो उपदेश *(अनुशासन)* हो ।

## ८. अम्बपालीको आम्रवन दान

३१. अम्बपाली गणिकाले "भगवान् वैशालीमा आइपुग्नुभई मेरै आम्रवनमा बसिरहनुभएको छ" भन्ने खबर सुनिन् । अनि अम्बपाली गणिका असल-असल रथहरू तयार पार्न लगाई असल असल रथमा चढेर वैशालीमा गई आफ्नो आराममा गइन् । जहाँसम्म रथबाट जानसक्ने हो त्यहाँसम्म रथमा गई *(त्यसपछि)* रथबाट ओर्ली पैदल नै जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसिन् । एक छेउमा बसेकी अम्बपाली गणिकालाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नु भयो । अनि भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भएकी अम्बपाली गणिकाले भगवान्लाई यस्तो बिन्तीगरिन् – "भन्ते ! भगवान्ले भिक्षुसङ्घसहित भोलिको भोजन स्वीकार गर्नु होस् ।" तृष्णीभावद्वारा भगवान्ले स्वीकार्नु भयो । अनि भगवान्ले स्वीकार्नुभएको कुरा बुझी अम्बपाली गणिका आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी निस्किन् ।

"भगवान् वैशालीमा आउनुभई वैशालीको अम्बपालीको वनमा बसिरहनुभएको छ" भन्ने खबर वैशालीवासी लिच्छवीहरूले सुने । अनि असल-असल रथहरू तयार पार्न लगाई असल-असल रथमा बसी लिच्छवीहरू वैशालीमा गए । त्यसमध्ये नीलो लेप, नीला वस्त्रहरू, नीला आभूषणहरू लगाएका केही लिच्छवीहरू नीला नीला देखिन्थे; त्यसमध्ये पहेँलो लेप, पहेँला वस्त्रहरू, पहेँला आभूषणहरू लगाएका केही लिच्छवीहरू पहेँला-पहेँला देखिन्थे, त्यसमध्ये रातो लेप, राता वस्त्रहरू, राता आभूषणहरू लगाएका लिच्छवीहरू राता-राता देखिन्थे, त्यसमध्ये सेतो लेप, सेता वस्त्रहरू, सेता आभूषणहरू लगएका केही लिच्छवीहरू सेता-सेता देखिन्थे । अनि अम्बपाली गणिकाले तरुनातरुना लिच्छवीहरूको रथलाई आफ्नो रथले-रथको अवयावयवलाई रथको अवयावयवले, चक्कालाई चक्काले, जुवालाई जुवाले ठक्कर ख्वाइन् । अनि ती लिच्छवीहरूले अम्बपाली गणिकालाई यस्तो भने – "हे अम्बपाली ! किन तरुना-तरुना लिच्छवीहरूको रथलाई ठक्कर ख्वाएकी ?"

"आर्यपुत्र हो ! किनकि मैले भगवान्लाई भिक्षुसङ्घसहित भोलिको भोजनद्वारा निम्तो गरेकी छु ।"

"हे अम्बपाली ! त्यो भोजन एक लाखले हामीलाई देओ ।"

"आर्यपुत्र हो ! जनपदसहित यो वैशाली नगर मलाई दिए पनि मैले दिने छैन ।"

Downloaded from http://www.dhamma.digital

अनि ती लिच्छवीहरूले "यो अम्बकाय *(स्त्री)* ले जिती, यो अम्बकायले जिती" भन्दै औंला भाँच्न थाले । अनि ती लिच्छवीहरू जहाँ अम्बपाली वन हो त्यहाँ गए । भगवान्ले टाढैबाट ती लिच्छवीहरू आइरहेका देख्नुभयो । देखेर भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो – "भिक्षु हो ! जो भिक्षुले त्रयस्त्रिंश *(देवताहरू)* देखेको छैन उसले यो लिच्छवी परिषद् हेर; भिक्षु हो ! लिच्छवी परिषद् हेर; भिक्षु हो ! लिच्छवी परिषद्लाई त्रयस्त्रिंश *(देव परिषद्)* झैं लेऊ *(उपसंहरथ)* ।

अनि ती लिच्छवीहरू जहाँसम्म रथबाट जान सक्ने हो त्यहाँसम्म रथमा गई *(त्यसपछि)* रथबाट ओर्ली पैदल नै जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका ती लिच्छवीहरूलाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभयो । अनि भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भएका ती लिच्छवीहरूले भगवान्सँग यस्तो बिन्ती गरे – "भन्ते ! भिक्षुसङ्घसहित भगवान्ले भोलिको भोजन स्वीकार गर्नुहोस् ।" अनि भगवान्ले ती लिच्छवीहरूलाई यसो भन्नुभयो – "लिच्छवी हो ! भोलिको निमित्त मैले अम्बपालीको भोजन स्वीकार गरिसकें ।" अनि ती लिच्छवीहरूले "अम्बकायले जिती, अम्बकायले जिती" भन्दै औंला भाच्न थाले । अनि भगवान्को भाषणलाई अभिनन्दन र अनुमोदन गरी आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी ती लिच्छवीहरू गए ।

३२. त्यस रात बितेपछि अम्बपाली गणिकाले आफ्नो आराम *(बगैंचा)* मा प्रणीत खाद्य भोज्यहरू तयार पार्न लगाई भगवान्लाई – "भन्ते ! भोजनको समय भयो, भोजन तयार छ" भनी सूचना दिन पठाइन् । भगवान् पूर्वान्ह समयमा चीवर पहिरी, पात्रचीवर ग्रहण गरी भिक्षुसङ्घसहित जहाँ अम्बपाली गणिका बस्ने ठाउँ हो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई बिच्छ्याइराखेका आसनमा बस्नुभयो । अनि अम्बपाली गणिकाले बुद्धसहित भिक्षुसङ्घलाई प्रणीत खाद्य भोज्यहरू आफ्नै हातले सन्तर्पित, सम्प्रवारित गरिन् । अनि भगवान्ले भोजन सिध्याई भिक्षापात्रबाट हात झिकिसकेपछि एक होचो आसन लिई अम्बपाली गणिका एक छेउमा बसिन् । एक छेउमा बसेकी उनले भगवान्लाई यस्तो बिन्ती गरिन् – "भन्ते ! यो आराम *(बगैंचा)* बुद्धप्रमुख भिक्षुसङ्घलाई चढाउँछु ।" भगवान्ले आराम स्वीकार्नुभयो । त्यसपछि अम्बपाली गणिकालाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नु भई आसनबाट उठी जानुभयो । त्यहाँ वैशालीमा विहार गरी बस्नुहुँदा भगवान्ले भिक्षुहरूलाई धेरै जसो यहीं नै धर्मदेशना गर्नुभएको थियो – यस्ता शील हुन्, यस्ता समाधि हुन्, यस्ता प्रज्ञा हुन् । शीलद्वारा प्रभावित भएको समाधि महाफलदायी र महाआनिशंसतर हुन्छ । समाधिद्वारा प्रभावित भएको प्रज्ञा महाफलदायी र महाआनिशंस हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित चित्त राम्ररी आस्रवबाट मुक्त हुन्छ । जस्तोकि कामास्रवबाट, भवास्रवबाट तथा अविद्यास्रवाट ।

## ९. बेलुवग्राममा अन्तिम वर्षावास

३३. त्यसपछि भगवान् वैशालीमा यथानुकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो – "आऊ, आनन्द ! जहाँ वेलुवग्राम हो त्यहाँ जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । त्यसपछि भगवान् महत् भिक्षुसङ्घसाथ जहाँ वेलुवग्राम हो त्यहाँ जानुभयो । त्यहाँ भगवान् वेलुवग्राममा विहार गरी बस्नुभयो । त्यहाँ भगवान्ले भिक्षुहरूलाई आमन्त्रण

Downloaded from http://www.dhamma.digital

गर्नुभयो – "भिक्षु हो ! तिमीहरू वैशाली वरिपरि मित्रहरूकहाँ, चिनेजानेकाहरूकहाँ तथा *(आफ्ना)* मिल्ने विश्वासीहरू कहाँ गई वर्षावास बस्न जाओ । म चाहिं यहीं वेलुवग्राममा नै वर्षावास गर्दछु ।" "हवस्, भन्ते !" भनी ती भिक्षुहरूले भगवान्‌लाई प्रत्युत्तर दिई वैशाली वरिपरि मित्रहरूकहाँ, चिनेजानेकाहरू कहाँ तथा *(आआफ्ना)* मिल्ने विश्वासीहरूकहाँ गई वर्षावास बस्न गए । भगवान् चाहिं त्यहीं वेलुवग्राममा नै वर्षावास बस्नुभयो ।

३४. त्यसपछि भगवान् वर्षावास बस्नुभए पनि उहाँलाई कडा रोग उत्पन्न भयो । यसबाट उहाँलाई अति नै मरणान्तक वेदना भयो । त्यसलाई भगवान्‌ले स्मृतिसम्प्रजन्य राखी अधिवास *(सहनु)* गर्नुभयो । त्यसबेला भगवान्‌लाई यस्तो लाग्यो – 'मेरो निमित्त मेरा उपस्थाक *(सेवक)* हरूलाई केही नभनीकन, भिक्षुसङ्घलाई अवलोकन नगरीकन परिनिर्वाण हुनु प्रतिरूप *(उचित)* छैन । किन म यो आबाधा *(रोग)* लाई हटाई जीवन संस्कारलाई दृढतापूर्वक धारण गर्दै विहार *(साधना)* नगरुँ ।' त्यसपछि भगवान्‌ले त्यो आबाधा *(रोग)* लाई वीर्य *(मनोबल)* द्वारा हटाई जीवन संस्कारलाई दृढतापूर्वक धारण गर्दै विहार गरी बस्नुभयो । त्यसपछि भगवान्‌को सो रोग पनि शान्त भएर गयो ।

भगवान् सो रोगबाट उठ्नुभै, रोगबाट भर्खर मुक्त हुनुभई विहारको छायाँमा बिच्छ्याइराखेको आसनमा बस्नुभयो । त्यसपछि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ आउनुभयो । भगवान्‌लाई अभिवादन गरी एक छेउ बस्नुभयो । एक छेउ बस्नुभई आयुष्मान् आनन्दले भगवान्‌लाई यस्तो बिन्ती गरे – "भन्ते ! आज त मैले भगवान्‌लाई सन्चो भएको देखें । भन्ते ! मैले भगवान्‌लाई स्वस्थ्य भएको देखें । भन्ते ! मेरो शरीर नै शून्य *(स्तब्ध)* भएको थियो । मैले दिशा पनि चिन्न सकिन । भगवान् बिरामी भएदेखि मैले धर्म पनि बिर्सेजस्तो लाग्यो । भन्ते ! भगवान्‌ले भिक्षुसङ्घलाई केही आज्ञा नभईकन परिनिर्वाण हुन्न भने मनमा लागेकोले मात्र केही भए पनि आश्वस्त भईबसेको थिएँ ।

३५."आनन्द ! भिक्षुसङ्घले अझै पनि मबाट के आशा गरिरहेका छन् ? आनन्द ! मैले भिक्षुसङ्घलाई भित्रबाट पनि, बाहिरबाट पनि *(अर्थात् कुनै कुरा नलुकाईकन जम्मै कुरा)* धर्मदेशना गरिसकेको छु *(बताइसकेको छु)* । आनन्द ! तथागतको धर्ममा कुनै आचार्यमुष्टि *(रहस्य)* छैन । आनन्द ! कसैकसैलाई यस्तो लाग्न सक्छ, मैले भिक्षुसङ्घलाई सँभालि राखेको छु अथवा भिक्षुसङ्घ मेरै उद्देशिक *(अर्थात् मेरो स्वार्थ पूर्तिको लागि)* हो । आनन्द ! त्यस्तो भएको भए मात्र अवश्य पनि भिक्षुसङ्घलाई केही *(लुकाईकन)* बताउने पर्ने थियो । आनन्द ! तथागतलाई यस्तो लाग्दैन – मैले भिक्षुसङ्घलाई सँभालिराखेको छु अथवा भिक्षुसङ्घ मेरै उद्देशिक हो । आनन्द ! 'तथागतबाट भिक्षुसङ्घको निमित्त केही कुरा सुनाउन बाँकी छ *(जस्तो लाग्छ)* ? आनन्द ! म जीर्ण, वृद्ध *(बूढो)*, महल्लक अध्वगत, वयः प्राप्त भैसकेको छु । अब मेरो उमेर पनि अस्सी वर्षको भैसकेको छ । आनन्द ! जस्तो *(उदाहरणको लागि)* पुरानो थोत्रो *(जीर्ण)* गाडा जेनतेन बाँधेर काम चलाइन्छ, आनन्द ! त्यसरी नै तथागतको शरीर पनि जेनतेन बाधेर काम चलिरहेको छ । आनन्द ! जुन बेला तथागत सबै निमित्तलाई मनमा नराखीकन कुनैकुनै वेदनालाई निरोध गरेर, निरोधित चित्तको समाधि *(एकाग्रता)* प्राप्त विहार गरी बसिरहन्छ, त्यस बेला तथागतको यो शरीर हल्का *(स्वास्थ्यमय)* हुने हुन्छ । आनन्द ! त्यसैले अत्तदीप *(आफू नै आफ्नै द्वीप)* बनी विहार गर, आफ्नै शरण लेऊ, अर्काको शरण नलेओ । धर्मदीप *(धर्मद्वीप)* धर्म-शरण भई विहार गर, अर्काको शरण नलेओ । भिक्षु हो ! कसरी भिक्षु अत्तदीप बनी विहार गर्ने, कसरी आफ्नै शरण लिने, अर्काको शरण नलिने ? कसरी धर्मद्वीप भई बस्ने, कसरी धर्म शरण भई विहार गर्ने, कसरी अर्काको शरण नलिने ? आनन्द ! यहाँ भिक्षु कायमा कायानुपश्यी भई लोकमा *(यसै जीवनमा)* अभिध्या दौर्मनस्यलाई हटाई, आतप्त गरी, सम्प्रज्ञानी भई, स्मृतिमान् भई विहार गर्छ, वेदनामा वेदनानुपश्यी भई … विहार गर्छ, चित्तमा चित्तानुपश्यी भई … विहार गर्छ, तथा धर्ममा धर्मानुपश्यी भई … विहार गर्छ । भिक्षु हो ! यसरी भिक्षु

Downloaded from http://www.dhamma.digital

अत्तदीप धर्म शरण भई विहार गर्छ, अर्काको शरण होइन । आनन्द ! ती भिक्षुहरू अग्र बन्ने छन्, शिक्षाकामी हुने छन् ।

**दोस्रो भाणवार समाप्त ।**

## १०. चापाल चैत्यमा भगवान्‌को आयुःसंस्कार त्याग

३६. तदनन्तर, भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र चीवर ग्रहण गरी वैशालीमा भिक्षाटननार्थ जानुभयो । वैशालीमा पिण्डाचार गरी भोजन सकेपछि ··· आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो – "आनन्द ! आसन लेओ । जहाँ चापाल चेतिय *(चैत्य)* हो त्यहाँ दिवा विहारको निमित्त जाऔं ।" "हवस्, भन्ते !" भनी भगवान्‌लाई प्रत्युत्तर दिई आयुष्मान् आनन्दले आसन लिइ भगवान्‌को पछि पछि लागे । त्यसपछि भगवान् जहाँ चापाल-चैत्य हो, त्यहाँ जानुभई बिच्छ्याइराखेको आसनमा बस्नुभयो । आयुष्मान् आनन्द पनि भगवान्‌लाई अभिवादन गरी एक छेउ बसे ।

३७. एक छेउ बसेका आयुष्मान् आनन्दलाई भगवान्‌ले यसो भन्नुभयो – "आनन्द ! वैशाली रमणीय छ, उदेन चेतिय रमणीय छ, गोतमक चेतिय रमणीय छ, सत्तम्ब चेतिय रमणीय छ, बहुपुत्त चेतिय रमणीय छ, सारन्दद चेतिय रमणीय छ, चापाल चेतिय रमणीय छ । आनन्द ! जसले चार ऋद्धिपाद भावना गरिसकेको हुन्छ, वृद्धि गरिसकेको हुन्छ, त्यसलाई सही बाटोमा लगाइसकेको हुन्छ, हृदय *(वत्थु)* ठीक रूपमा बसालिसकेको हुन्छ, स्थिर *(अनुत्थित)* गरिसकेको हुन्छ, त्यसबाट पूर्णतः परिचित भइसकेको हुन्छ, सुमारब्ध भइसकेको हुन्छ भने यदि उसले चाहेमा कल्पभर अथवा कल्पको अवशिष्ट *(बाँकी)* भागसम्म पनि बाँचिरहन सक्छ । आनन्द ! तथागतले यी चारैवटा ऋद्धिपाद भावना गरिसकेको छ, वृद्धि गरिसकेको छ, त्यसलाई सही बाटोमा लगाइसकेको छ, हृदयमा ठीक रूपमा बसाली सकेको छ, स्थिर गरिसकेको छ, त्यसबाट पूर्णतः परिचित भइसकेको छ, सुमारब्ध भइसकेको छ । आनन्द ! यदि तथागतले इच्छा गरेको *(चाहेको)* खण्डमा कल्पभर वा त्यसको बाँकी भाग सम्म पनि बाँचिरहन सक्छ ।

भगवान्‌ले यसरी स्थूल *(ओलारिक, स्पष्ट रूपमा)* निमित्त *(संकेत)* दिनुभए पनि आयुष्मान् आनन्दले त्यो संकेतलाई बुझ्न सक्नुभएन तथा भगवान्‌सित प्रार्थना गर्नुभएन – "भन्ते ! भगवान् बहुजन हितको निमित्त, बहुजन सुखको निमित्त, लोकलाई अनुकम्पा राख्नको निमित्त, देवमनुष्यहरूको अर्थ, हित तथा सुखको निमित्त, लोकलाई अनुकम्पा राख्नको निमित्त, देव मनुष्यहरूको अर्थ, हित तथा सुखको निमित्त कल्पभर रहनुहोस् ।' किनकि मारले उहाँको चित्त पर्युस्थित *(फर्काइदिएकोले)* गरि दिएकोले ।

दोस्रो पटक पनि भगवान्‌ले भन्नुभएको थियो – "आनन्द ! वैशाली रमणीय छ ··· *(पूर्ववत्)* ··· आनन्द ! यदि तथागतले इच्छा गरेको खण्डमा कल्पभर वा त्यसको बाँकी भाग सम्म पनि बाँचिरहन सक्छ । भगवान्‌ले यसरी स्थूल निमित्त दिनुभए पनि आयुष्मान् आनन्दले त्यो संकेतलाई बुझ्न सक्नु भएन तथा भगवान्‌सित प्रार्थना गर्नुभएन – "भन्ते ! भगवान् बहुजन हितको निमित्त ··· कल्पभर रहनुहोस् ! किनकि मारले उहाँको चित्त पर्युस्थित गरिदिएकोले ।

तेस्रो पटक पनि भगवान्‌ले भन्नुभएको थियो – "आनन्द ! वैशाली रमणीय छ ··· *(पूर्ववत्)* ··· आनन्द ! यदि तथागतले इच्छा गरेको खण्डमा कल्पभर वा त्यसको बाँकी भाग सम्म पनि बाँचिरहन

Downloaded from http://www.dhamma.digital

सक्छ । भगवान्‌ले यसरी स्थूल निमित्त दिनुभए पनि आयुष्मान् आनन्दले त्यो संकेतलाई बुझ्न सक्नुभएन तथा भगवान्‌सित प्रार्थना गर्नु भएन – "भन्ते ! भगवान् बहुजन हितको निमित्त ··· कल्पभर रहनु होस् !' किनकि मारले उहाँले चित्त पर्युस्थित गरिदिएकोले । त्यसपछि भगवान्‌ले आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो – "जाऊ, आनन्द ! तिमि जहाँ जानुपर्छ, समयलाई बुझ ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्‌लाई प्रत्युत्तर दिइ आसनबाट उठेर भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणा गरी त्यहिं नजिकै एउटा रुखमुनि गएर बसे ।

३८. त्यसपछि आयुष्मान् आनन्द गएको एकै छिनपछि *(अचिरकालमै)* पापी मार[३९७] जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए, त्यहाँ पुगेपछि एक छेउ उभिए । एक छेउ उभिएका पापी मारले भगवान्‌लाई यस्तो भन्ने –

"भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनुहोस् ! सुगत परिनिर्वाण हुनुहोस् ! भन्ते ! अब भगवान्‌को परिनिर्वाण हुने बेला भयो । भन्ते ! भगवान्‌ले यसो भन्नुभएको थियो – १. 'हे पापी ! जबसम्म मेरा भिक्षु श्रावकहरू – व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विभाजन गर्न सक्ने, सुस्प्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित *(सहधम्मेन)* सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने – हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।' भन्ते ! भगवान्‌का भिक्षु श्रावकहरू अब व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने; आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुप्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित *(सहधम्मेन)* सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने – हुने भइसक्यो । 'भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनुहोस् ! सुगत, परिनिर्वाण हुनुहोस् ! भन्ते ! अब भगवान्‌को परिनिर्वाण हुने बेला भयो ।'

"भन्ते ! भगवान्‌ले यसो भन्नुभएको थियो – २. 'हे पापी ! जबसम्म मेरा भिक्षुणी श्राविकाहरू – व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुस्प्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने – हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।' भन्ते ! भगवान्‌का भिक्षुणी श्राविकाहरू – व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने; आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुप्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवाहलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने – हुने भइसक्यो । 'भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनुहोस् ! सुगत ! परिनिर्वाण हुनुहोस् ! भन्ते ! अब भगवान्‌को परिनिर्वाण हुने बेला भयो ।'

---

३९७ हेनुस् 'मार' सम्बन्धी कुरा जान्न तथा पालि साहित्यमा मार सम्बन्धी ग्रन्थ स्रोत निमित्त आ.अमृ.को बु.म.भा. १ पृ. ३८८ को पाद टिप्पणी ।

Downloaded from http://www.dhamma.digital

"भन्ते ! भगवान्ले यसो भन्नुभएको थियो – ३. 'हे पापी ! जबसम्म मेरा उपासक श्रावकहरू – व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहणगरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापनगर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजनगर्न सक्ने, सुप्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रहगर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने – हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।' भन्ते ! भगवान्का उपासक श्रावकहरू अब व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने; आफ्नो आचार्यकहाँ उद्ग्रहणगरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्मे, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुप्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवाहलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रहगर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशनागर्न सक्ने – हुने भैसक्यो । 'भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनुहोस् ! सुगत ! परिनिर्वाण हुनुहोस् ! भन्ते ! अब भगवान्को परिनिर्वाण हुने बेला भयो ।'

भन्ते ! भगवान्ले यसो भन्नुभएको थियो – ४. 'हे पापी ! जबसम्म मेरा उपासिका श्राविकाहरू – व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने, आफ्नो आचार्यकहाँ उद्ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापनगर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुस्प्रष्टगर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रहगर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने – हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।' भन्ते ! भगवान्का उपासिका श्राविकहरू अब व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने; आफ्नो आचार्यकहाँ उद्ग्रहणगरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुप्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवाहलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने – हुने भैसक्यो । 'भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनुहोस् ! सुगत ! परिनिर्वाण हुनुहोस् ! भन्ते ! अब भगवान्को परिनिर्वाण हुने बेला भयो ।'

"भन्ते ! भगवान्ले यसो भन्नुभएको थियो – ५. 'हे पापी ! जबसम्म मेरो ब्रह्मचर्य *(श्रेष्ठ धर्म)* अभिवृद्धि, सुसम्वृद्धि, विस्तृत, पृथुल, धेरैले जान्ने हुने छैन तथा देवमनुष्यहरूले सुप्रकाशित गर्ने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।" "भन्ते ! भगवान्को ब्रह्मचर्य *(श्रेष्ठ धर्म)* अभिवृद्धि, सुसम्वृद्धि, विस्तृत, पृथुल, धेरैले जान्ने हुने भइसक्यो तथा तथा देवमनुष्यहरूले सुप्रकाशित हुने भईसकेको छ । भन्ते ! भगवान् अब *(तपाईं)* परिनिर्वाण हुनु होस् । भन्ते ! अब भगवान्को परिनिर्वाण हुने बेला भयो ।

पापी मारले यस्तो भनेपछि भगवान्ले पापी मारलाई यसो भन्नुभयो – "पापी ! तिमी अल्प उत्सुक हौ *(हतार नगर)* चाडै नै *(न चिरं)* तथागतको परिनिर्वाण हुनेछ । आजको तिन महिना पछि तथागतको परिनिर्वाण हुनेछ ।"

३९. त्यसपछि भगवान्ले चापाल-चैत्यमा स्मृतिसम्प्रजन्य राखी आफ्नो आयु:संस्कार *(प्राणशक्ति)* छोडिदिनुभयो । भगवान्द्वारा आफ्नो आयु:संस्कार छोड्ना साथै *(त्यहि बेला)* भयङ्कर भूकम्प *(भुइँचालो)* भयो, देवदुन्दुभि पनि बज्यो । यो जानेर भगवान्ले त्यस बेला यो उदान आज्ञा हुनुभयो –

**"मुनिले तुल्य *(कामावचर)* अतुल्य *(महग्गत)* उत्पन्न भव संस्कार *(जीवन शक्ति)* छोडिदिनु भयो, आध्यात्मरत एवं एकाग्र चित्त भएर उहाले आफ्नो साथ उत्पन्न कवच भाँचिदिनुभयो ।"**

Downloaded from http://www.dhamma.digital

४०. त्यसबेला आयुष्मान् आनन्दलाई यस्तो भयो – आश्चर्य हो ! अद्भुत हो !! यो अति भयानक तरिकाले भूकम्प भयो । यो भीषण भूकम्प हो, महान रोमांचकारी छ । देव-दुन्दुभि पनि बजिरहेछ । यो भीषण भूकम्प हुनुमा के हेतु *(कारण)* होला, के प्रत्यय होला ?"

त्यसपछि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । भगवान्लाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेका आयुष्मान् आनन्दले भगवान्लाई यस्तो बिन्ती गरे – "भन्ते ! आश्चर्य हो । अद्भुत हो ! ! ··· यो भीषण भूकम्प हुनुमा के हेतु के प्रत्यय होला ?

४१. "आनन्द ! यस्ता भीषण भूकम्प हुने हेतु र प्रत्यय आठवटा छन् । के के आठ ? आनन्द ! यो महापृथ्वी पानीमाथि प्रतिस्थित भईरहेको छ । पानी हावामाथि प्रतिस्थित छ । हावा आकाशस्थ छ । आनन्द ! यस्तो समय आउँछ जुन समयमा बेस्सरी हुरी आई पानी चल्न थाल्दछ । कम्पित भएको पानीले गर्दा पृथ्वीको भूमिकम्प हुन थाल्छ । आनन्द ! भीषण भूकम्प हुने यो पहिलो हेतु, पहिलो प्रत्यय हो ।

(२) "आनन्द ! फेरि कोही श्रमण ब्राह्मण ऋद्धिमान् चेतोवशित्व *(योगबल)* प्राप्त गर्दछन् अथवा कुनै दिव्य बलधारी *(महानुभाव सम्पन्न)* देवताहरू हुन्छन् उनीहरूले पृथ्वी संज्ञाको स्वल्प भावना गरेको हुन्छन् र जलको संज्ञा धेरै गरेको हुन्छन्, उनीहरूले *(आफ्ना योगबलद्वारा)* पृथ्वीलाई कम्पित, प्रकम्पित, सम्प्रकम्पित, सम्प्रवेधित गर्दछन् । आनन्द ! भीषण भूकम्प हुने यो दोस्रो हेतु, दोस्रो प्रत्यय हो ।"

(३) "आनन्द ! फेरि जुन बेला बोधिसत्त्व तुषितकाय छोडी *(अर्थात् तुषित लोकबाट ओर्ली)* स्मृति सम्प्रजन्य राखी मातृगर्भमा प्रवेश गर्नुहुन्छ, त्यसबेला पनि यो पृथ्वी कम्प भई भूकम्प हुन्छ । आनन्द ! भीषण भूकम्प हुने यो तेस्रो हेतु, तेस्रो प्रत्यय हो ।"

(४) "आनन्द ! फेरि जुन बेला बोधिसत्त्व मातृ गर्भबाट स्मृति सम्प्रजन्य राखी निस्कनुहुन्छ, त्यस बेला पनि यो पृथ्वी ···

(५) "आनन्द ! फेरि जुन बेला तथागतले अनुत्तर सम्यक्सम्बोधि ज्ञान साक्षात्कार गर्नुहुन्छ, त्यस बेला पनि यो पृथ्वी ···

(६) "आनन्द ! फेरि जुन बेला तथागतले अनुत्तर धर्मचक्र प्रवर्तन गर्नुहुन्छ, त्यस बेला पनि यो पृथ्वी ···

(७) "आनन्द ! फेरि जुन बेला तथागतले स्मृतिसम्प्रजन्य राखी आयु संस्कार त्याग गर्नुहुन्छ, त्यस बेला पनि यो पृथ्वी ···

(८) "आनन्द ! फेरि जुन बेला तथागत अनुपादिशेष निर्वाण धातुद्वारा परिनिर्वाण हुनुहुनेछ, त्यस बेला पनि यो पृथ्वी कम्प भई भूकम्प हुन्छ । आनन्द ! भीषण भूकम्प हुने यो आठौं हेतु, आठौं प्रत्यय हो ।"

"आनन्द ! यहिं भीषण भूकम्प प्रादूर्भावको आठ हेतु वा आठ प्रत्यय हुन् ।"

Downloaded from http://www.dhamma.digital

# १२. आठ परिषद्

४२. "आनन्द ! यी आठ परिषद् छन् । के के आठ ? क्षत्रिय-परिषद्, ब्राह्मण-परिषद्, गृहपति-परिषद्, श्रमण-परिषद्, चातुर्महाराजिक-परिषद्, त्रयस्त्रिंश-परिषद्, मार-परिषद्, तथा ब्रह्म-परिषद् । आनन्द ! मलाई सयौं पटक क्षत्रिय-परिषद् गएको सम्भना छ । त्यसबेला मलाई लागेको थियो कि म त्यहाँ पहिले पनि बसिसकेको थिएँ, मैले त्यहाँ पहिले पनि संवाद गरिसकेको थिए, *(धर्म)* साकच्छा गरिसकेको थिएँ । उनीहरूको अगाडि समापत्ति *(ध्यान)* मा पनि बसिसकेको थिएँ । त्यहाँ जस्तो उनीहरूको वर्ण यियो, त्यस्तै नै मेरो पनि वर्ण थियो, त्यहाँ जस्तो उनीहरूको स्वर थियो, त्यस्तै नै मेरो पनि स्वर थियो । मैले धार्मिक कथाद्वारा उनीहरूलाई सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित गरें । त्यसबेला सो परिषद्मा बसिरहेका मानिसहरूले यो बोल्ने कुनै देवता हो कि मानिस हो चिन्न सकिरहेका थिएनन् । (२) आनन्द ! मलाई सयौं पटक ब्राह्मण-परिषद् गएको सम्भना ··· *(पूर्ववत्)* ··· (३) "आनन्द ! मलाई सयौं पटक गृहपति-परिषद् गएको सम्भना··· *(पूर्ववत्)* ··· (४) आनन्द ! मलाई सयौं पटक श्रमण-परिषद् गएको सम्भना ··· *(पूर्ववत्)* ······ (५) आनन्द ! मलाई सयौं पटक चतुर्महाराजिक-परिषद् गएको सम्भना ··· *(पूर्ववत्)* ······ (६) आनन्द ! मलाई सयौं पटक त्रयस्त्रिंश-परिषद् गएको सम्भना ··· *(पूर्ववत्)* ······ (७) आनन्द ! मलाई सयौं पटक मार-परिषद् गएको सम्भना ··· *(पूर्ववत्)* ······ (८) आनन्द ! मलाई सयौं पटक ब्रह्म-परिषद् गएको सम्भना ··· *(पूर्ववत्)* ······ । आनन्द यी नै आठ परिषद् हुन् ।"

# १३. आठ अभिभू आयतन[३९८]

४३. "आनन्द ! यी आठ अभिभू आयतन *(अभिभायतन, अभिभ्वायतन[३९९])* छन् । के के आठ ?

(१) "एक *(भिक्षु)* ले आफूमा *(आफूभित्र=अध्यात्ममा=अज्भत्तं)* रूपसंज्ञी भई – बाहिरका राम्रा नराम्रा अल्प रूपहरूलाई देख्छ । 'तिनीहरू *(ती रूपहरू)* लाई अभिभूत *(मर्दन)* गरी जान्न सक्छु, देख्न सक्छु' भन्ने संज्ञी *(विचार गर्ने)* हुन्छ । यो पहिलो अभिभ्वायतन हो ।"

(२) "एक *(भिक्षु)* ले आफूमा रूपसंज्ञी भई – बाहिरका राम्रा नराम्रा अपरिमित *(अप्पमाणं)* रूपहरूलाई देख्छ । 'तिनीहरूलाई अभिभूत गरी जान्न सक्छु, देख्न सक्छु' भन्ने संज्ञी हुन्छ । यो दोस्रो अभिभ्वायतन हो ।"

(३) "एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई – बाहिरका राम्रा, नराम्रा अल्प रूपहरूलाई देख्छ । 'तिनीहरूलाई अभिभूत गरी जान्न सक्छु, देख्न सक्छु' भन्ने संज्ञी हुन्छ । यो तेस्रो अभिभ्वायतन हो ।"

(४) "एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई – बाहिरका राम्रा नराम्रा अपरिमित रूपहरूलाई देख्छ । 'तिनीहरूलाई अभिभूत गरी जान्न सक्छु, देख्न सक्छु' भन्ने संज्ञी हुन्छ । यो चौथो अभिभ्वायतन हो ।"

---

३९८ अभिभ्वायतन सम्बन्धी विशेष अर्थ बुझ्नको निमित्त अ.क. III. पृ. १७८ मा हेर्नु पर्छ ।

३९९ आफूले गरिरहेको ध्यान सम्बन्धी उत्पन्न हुने विरोधी कारणहरूलाई दबाउनको निमित्त प्रयत्न गर्ने ध्यानको प्रक्रियालाई अभिभायतन वा अभिभ्वायतन भन्दछन् ।

Downloaded from http://www.dhamma.digital

(५) "एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई – बाहिरका नीला, नीलावर्ण, नीलादर्शन नीलाभासका रूपहरू देख्छ । जस्तै – नीला, नीलावर्ण, नीलादर्शन, नीलाभास भएका उमापुष्पहरू *(आलसको फूलहरू)* हुन् अथवा जस्तै – दुवैतिरबाट चिल्ला भएका नीला, नीलावर्ण, नीलादर्शन, नीलाभास भएका बनारसी वस्त्रहरू हुन्, त्यस्तै – एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई – बाहिरका नीला, नीलावर्ण, नीलादर्शन नीलाभासका रूपहरू देख्छ । 'तिनीहरूलाई अभिभूत *(मर्दन)* गरी जान्न सक्छु, देख्न सक्छु' भन्ने संज्ञी हुन्छ । यो पाचौं अभिभ्वायतन हो ।"

६. "एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई – बाहिरका पहैंला, पहैंलावर्ण, पहैंलादर्शन पहैंलाभासका रूपहरू देख्छ । जस्तै – पहैंला, पहैंलावर्ण, पहैंलादर्शन, पहैंलाभास भएका कर्णिकार फूलहरू हुन् अथवा जस्तै – दुवैतिरबाट चिल्ला भएका पहैंला, पहैंलावर्ण, पहैंलादर्शन, पहैंलाभास भएका बनारसी वस्त्रहरू हुन्, त्यस्तै – एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई – बाहिरका पहैंला, पहैंलावर्ण, पहैंलादर्शन पहैंलाभासका रूपहरू देख्छ । 'तिनीहरूलाई अभिभूत गरी जान्न सक्छु, देख्न सक्छु' भन्ने संज्ञी हुन्छ । यो छैठौं अभिभ्वायतन हो ।"

७. "एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई – बाहिरका राता, रातावर्ण, रातादर्शन राताभासका रूपहरू देख्छ । जस्तै – राता, रातावर्ण, रातादर्शन, राताभास भएका बन्धुजीव फूलहरू हुन् अथवा जस्तै – दुवैतिरबाट चिल्ला भएका राता, रातावर्ण, रातादर्शन, राताभास भएका बनारसी वस्त्रहरू हुन्, त्यस्तै – एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई – बाहिरका राता, रातावर्ण, रातादर्शन राताभासका रूपहरू देख्छ । 'तिनीहरूलाई अभिभूत गरी जान्न सक्छु, देख्न सक्छु' भन्ने संज्ञी हुन्छ । यो सातौं अभिभ्वायतन हो ।"

(८) "एक *(भिक्षु)* ले आफूमा अरू संज्ञी भई – बाहिरका सेता, सेतावर्ण, सेतादर्शन सेताभासका रूपहरू देख्छ । जस्तै – सेतो, ...... सेताभास भएका शुक्रतारा हो अथवा जस्तै – दुवैतिरबाट चिल्ला भएका सेता,...... सेताभास भएका बनारसी वस्त्रहरू हुन्, त्यस्तै – एक *(भिक्षु)* ले आफूमा अरूपसंज्ञी भई – बाहिरका सेता आभासका रूपहरू देख्छ । 'तिनीहरूलाई अभिभूत *(मर्दन)* गरी जान्न सक्छु, देख्न सक्छु' भन्ने संज्ञी हुन्छ । यो आठौं अभिभ्वायतन हो । आनन्द ! यहीं नै आठ अभिभ्वायतन हुन् ।"

## १४. आठ विमोक्ष

४४. "आनन्द ! फेरि यी आठ विमोक्षहरू छन् । के के आठ ?

(१) रूपमा रूपसंज्ञी हुन्छ – यो पहिलो विमोक्ष हो, (२) अध्यात्ममा अरूपसंज्ञी भई बाहिरतिर रूपहरू देख्छ – यो दोस्रो विमोक्ष हो, (३) शुभबाट नै अभिमुक्त हुन्छ – यो तेस्रो विमोक्ष हो, (४) सबै प्रकारले रूप संज्ञाबाट समतिक्रम गरी, प्रतिघ संज्ञालाई अन्तगरी, नानात्व संज्ञालाई मनन नगरी 'आकाश अनन्त हो भनी आकाशानन्त्यायतन' *(सभापति)* प्राप्त गरी विहार गर्छ – यो चौथो विमोक्ष हो, (५) सबै प्रकारले आकाशानन्त्यायतनलाई समतिक्रम गरी 'विज्ञान अनन्त हो' भनी 'विज्ञानन्त्यायतन' *(समापत्ति)* प्राप्त गरी विहार गर्छ – यो पाँचौ विमोक्ष हो, (६) सबै प्रकारले विज्ञानन्त्यायतनलाई समतिक्रम गरी 'केही छैन' भनी 'अकिञ्चन्यायतन' *(समापत्ति)* प्राप्त गरी विहार गर्छ – यो छैठौं विमोक्ष हो, (७) सबै प्रकारले अकिञ्चन्यायतनलाई समतिक्रम गरी 'नैवसंज्ञानासंज्ञायतन' *(समापत्ति)* प्राप्त गरी विहार गर्छ – यो सातौं विमोक्ष हो, (८) सबै प्रकारले नैवसंज्ञानासंज्ञायतनलाई समतिक्रम गरी

Downloaded from http://www.dhamma.digital

'संज्ञावेदयितनिरोध' *(समापत्ति)* प्राप्त गरी विहार गर्छ – यो आठौं विमोक्ष हो । आनन्द ! यही नै आठ विमोक्षहरू हो ।

## १५. मारयाचना

४५. "आनन्द ![४००] एक समय म – बुद्ध भइसकेपछि पहिलो पटक *(पठमाभिसम्बुद्धो[४०१])* – उरुवेलस्थित नेरञ्जरा नदीको तीरमा अजपाल बरको रुखमा बसिरहेको थिएँ । आनन्द ! त्यसबखत पापी मार जहाँ म थिएँ त्यहाँ आए; त्यहाँ आएर एक छेउमा उभिरहे । आनन्द ! अनि एक छेउमा उभिइरहेका पापी मारले मलाई यस्तो भने – "भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनुहोस् ! सुगत ! परिनिर्वाण हुनुहोस् ! भन्ते ! अब भगवान्‌को परिनिर्वाण हुने बेला भयो ।' आनन्द ! यस्तो भन्दा, मैले पापी मारलाई यस्तो भनें – 'हे पापी ! जबसम्म मेरा भिक्षु श्रावकहरू व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मको अनुगमन गर्ने; आफ्नो आचार्यकहाँ उद्‌ग्रहण गरी अरूलाई बताउन सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने, विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुप्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित *(सहधम्मेन)* सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने– हुने छैनन् तबसम्म म परिनिर्वाण हुनेछैन ।'

'हे पापी ! जबसम्म मेरा भिक्षुणी श्राविकाहरू व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मका अनुगमन गर्ने; आफ्नो आचार्यकहाँ उद्‌ग्रहगरी अरूलाई बताउन सक्ने देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुस्प्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने हुने छैनन् तबसम्म म परिनिर्वाण हुनेछैन ।'

'हे पापी ! जबसम्म मेरा उपासक श्रावकहरू व्यक्त, विनीत, विशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मका अनुगमन गर्ने; आफ्नो आचार्यकहाँ उद्‌ग्रहगरी अरूलाई बताउन सक्ने देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने, सुप्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।'

'हे पापी ! जबसम्म मेरा उपासिका श्राविकाहरू व्यक्त, विनीत, दिशारद, बहुश्रुत, धर्मधर, सम्मानपूर्वक धर्मानुकूल धर्मका अनुगमन गर्ने; आफ्नो आचार्यकहाँ उद्‌ग्रहगरी अरूलाई बताउन सक्ने देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, प्रतिस्थापित गर्न सक्ने विवृत्त पार्न सक्ने, विभाजन गर्न सक्ने,

---

४०० पालि *(मागधी)* भाषानुसार 'उरुवेल' शब्दको अर्थ बलुवाको महारास हो । समन्तपासादिका र 'पञ्चसूदनीमा यसको अर्थोत्पत्तिको बारेमा निम्न कुरा उल्लेख भएको छ –

अतीत कालमा – बुद्ध उत्पन्न हुनुभन्दा अगावै – दशहजार जति कुलपुत्रहरू तपस्वी भेष धारण गरी प्रव्रजित भई त्यस ठाउँमा बसेका थिए । एकदिन, उनीहरूले – "जसले कामादि वितर्कना गर्छ, उसले त्यस अकुशल वितर्कनाको दण्ड स्वरूप भिक्षापात्र भरी बालुवा ल्याएर राख्नु पर्छ" भन्ने आपसमा करार गरे । अनि त्यसदिनदेखि ज-जसले उपरोक्तकारले कामादि अकुशल तर्कना गरे उ-उसले पात्र भरी बालुवा ल्याई त्यहाँ खन्याए । यस प्रकार त्यस ठाउँमा बालुवाको ठूलो रास थुप्रियो । त्यहाँदेखि त्यस स्थानको नाम 'उरुवेल' अर्थात् बालुवाको रास भन्ने रहन गएको हो । सम.पा.पृ. ७१४:पपं सू. II. पृ. १४४ ।

४०१ "पठमाभिसम्बुद्धोति अभिसम्बुद्धो हुत्वा पठममेव अट्ठमेसत्ताहे" अर्थात् – बुद्ध भइसक्नुभएको आठौं सातामा ।

Downloaded from http://www.dhamma.digital

सुस्प्रष्ट गर्न सक्ने तथा उत्पन्न हुने परप्रवादलाई कारणसहित सुनिग्रहित रूपमा सुनिग्रह गर्न सक्ने र नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने हुने छैनन् तबसम्म म परिनिर्वाण हुने छैन ।'

'हे पापी ! जबसम्म यो मेरो ब्रह्मचर्य *(श्रेष्ठ धर्म)* अभिवृद्धि, सुसम्वृद्धि, विस्तृत, पृथुल, धेरैले जान्ने हुने छैन तथा देवमनुष्यहरूले[४०२] सुप्रकाशित गर्ने छैनन् तबसम्म म परिनिर्वाणहुने छैन' ।"

४६. "आनन्द ! आज यहीं चापाल-चैत्यमा पापी मार जहाँ म थिएँ त्यहाँ आए; यहाँ आएर एक छेउमा उभिइरहे । आनन्द ! अनि एक छेउमा उभिरहेका पापी मारले मलाई यस्तो भने – 'भन्ते भगवान् ! अब *(तपाईं)* परिमिर्वाण हुनुहोस् । सुगत ! परिनिर्वाण हुनु होस् । भन्ते ! अब भगवान्को परिनिर्वाण हुने बेला भयो । भन्ते ! भगवान्ले यसरी भन्नुभएको थियो – 'पापी ! जब सम्म मेरा भिक्षु श्रावकहरू *(पूर्ववत्)* ··· भिक्षुणी श्राविकाहरू ··· उपासक श्रावकहरू ··· उपासिका श्राविकाहरू व्यक्त विनीत ··· नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने – हुने छैनन्' तबसम्म म परिनिर्वाण हुने छैन । भन्ते ! भगवान्का भिक्षु श्रावकहरू ··· भिक्षुणी श्राविकाहरू ··· उपासक श्रावकहरू ··· उपासिका श्राविकाहरू व्यक्त विनीत ··· नैर्याणिक रूपमा धर्मदेशना गर्न सक्ने – हुने भइसक्यो । भन्ते ! भगवान् अब परिनिर्वाण हुनु होस् ··· *(पूर्ववत्)* ··· । भन्ते भगवान् ! अब *(तपाईं)* परिनिर्वाण हुनु होस् ··· भन्ते ! भगवान्का ब्रह्मचर्य *(श्रेष्ठधर्म)* अभिवृद्धि, सुसम्वृद्धि, विस्तृत, पृथुल, धेरैले जान्ने हुने भइसक्यो तथा देवमनुष्यहरूले सुप्रकाशित हुने भइसकेको छ । भन्ते ! भगवान् अब तपाईं परिनिर्वाण हुनुहोस् । सुगत ! परिनिर्वाण हुनुहोस् । भन्ते ! अब भगवान्को परिनिर्वाण हुने बेला भयो ।'

४७. "आनन्द ! त्यस्तो भन्दा मैले पापी मारलाई भनें – 'पापी ! तिमी अल्प उत्सुक हौ *(हतार नगर)* चाडै नै *(न चिरं)* तथागतको परिनिर्वाण हुनेछ । आजको तीन महिनापछि तथागत परिनिर्वाण हुनेछ ।' आनन्द ! आज यहीं चापाल चेतियमा स्मृतिसम्प्रजन्य राखी आयु संस्कार छोडिदिएँ ।"

## १६. आनन्दयाचन कथा

४८. यस्तो आज्ञा हुनुभएपछि आयुष्मान् आनन्दले भगवान्लाई प्रार्थना *(बिन्ती)* गरे – "भन्ते ! भगवान् कल्पभर रहनुहोस्, सुगत ! कल्पभर रहनु होस्, बहुजन हितको निमित्त, बहुजन सुखको निमित्त, लोकलाई अनुकम्पाको निमित्त, देवमनुष्यहरूको अर्थ, हित, सुखको निमित्त कल्पभर रहनुहोस् ।"

"भैगो, आनन्द ! तथागतसित प्रार्थना गर्न पुग्यो । आनन्द ! तथागतसँग प्रार्थना गर्ने बेला सक्यो ।"

दोस्रो पटक पनि आनन्दले प्रार्थना गरे – "··· ।" दोस्रो पटक पनि तथागतले "भैगो, आनन्द ! ··· समय सक्यो ?"

तेस्रो पटक पनि आनन्दले प्रार्थना गरे – "भन्ते ! भगवान् कल्पभर रहनुहोस्, सुगत ! कल्पभर रहनुहोस्, बहुजन हितको निमित्त ··· कल्पभर रहनु होस् ।"

"आनन्द ! के तिमी तथागतको बोधिमाथी विश्वास गर्छौ ?"

"भन्ते ! विश्वास गर्छु ।"

"आनन्द ! त्यस्तो भए किन तिमीले तेस्रो पटकसम्म तथागतलाई ठूलो दबाब दिदैं छौ ?"

---

४०२ बुझ्नसक्ने स्वभावका जति देव-मनुष्यहरू छन् ती सबै ।

Downloaded from http://www.dhamma.digital

"भन्ते ! मैले भगवान्को सम्मुखमा यो सुनेको थिएँ, भगवान्को सम्मुखमा ग्रहण गरेको थिएँ – आनन्द ! जसले चार ऋद्धिपाद भावना गरिसकेको हुन्छ, वृद्धि गरिसकेको हुन्छ, त्यसलाई सही बाटोमा लगाई सकेको हुन्छ, हृदय *(वत्थु)* मा ठीक रूपमा बसालिसकेको हुन्छ, स्थिर गरिसकेको हुन्छ, त्यसबाट पूर्णतः परिचित भइसकेको हुन्छ, सुमारब्ध भइसकेको हुन्छ भने यदि उसले चाहेमा कल्पभर अथवा कल्पको अवशिष्ट भागसम्म पनि बाँचिरहन सक्छ । आनन्द ! तथागतले यी चारैवटा ऋद्धिपाद भावना गरिसकेको छ ··· तथागतले चाहेको खण्डमा कल्पभर वा त्यसको बाँकी भागसम्म पनि बाँचीरहन सक्छ । *(भनी सुनेको थिएँ)*

"आनन्द ! यो कुरामा विश्वास *(श्रद्धा)* गर्छौ ?"

"विश्वास गर्छु, भन्ते ! "

"आनन्द ! त्यस्तो भए यो तिम्रै दुष्कृत हो, तिम्रै अपराध हो, कि तथागतले यतिको स्थूल *(स्पष्ट)* संकेत गर्दागर्दै, स्पष्ट सम्भावना *(उदारभाव)* देखाउँदादेखाउँदै तिमीले बुझ्न सकेनौ तथा तिमीले तथागतसँग याचना गरेनौ – "भन्ते ! भगवान् कल्पभर रहनुहोस्, सुगत ! कल्पभर रहनुहोस्, बहुजन हितको निमित्त ··· कल्पभर रहनु होस् । आनन्द ! यदि तिमीले याचना मात्र गरेको भए तथागतले दोस्रो पटक सम्म मात्र अस्वीकृत गर्नु भए पनि तेस्रो पटक अवश्य स्वीकार गर्नुहुन्थ्यो । आनन्द ! त्यसैले यो तिम्रै दुष्कृत हो, तिम्रै अपराध हो ।"

४९. "आनन्द ! एक चोटि म राजगृह स्थित गृध्रकूट पर्वतमा बसिरहेको थिए । आनन्द ! त्यहाँ पनि मैले तिमीलाई यस्तो भनेको थिए – आनन्द ! राजगृह रमणीय छ । गृध्रकूट-पर्वत रमणीय छ । आनन्द ! जसले चार ऋद्धिपाद भावना गरिसकेको हुन्छ ··· यदि उसले चाहेमा कल्पभर अथवा कल्पको अवशिष्ट भाग सम्म पनि बाँचिरहन सक्छ । आनन्द ! तथागतले यी चारै वटा ऋषिपाद भावना गरिसकेको छ ··· यदि तथागतले इच्छा गरेको खण्डमा कल्पभर ··· वाचीरहन सक्छ । तथागतले यतिको स्थूल संकेत गर्दा गर्दै ··· तिमीले बुझ्न सकेनौ ··· याचना गरेनौ – 'भन्ते ! भगवान् ··· कल्पभर रहनु होस् ··· ।" आनन्द ! त्यसैले यो तिम्रै दुष्कृत हो, तिम्रै अपराध हो ।'

५०. "आनन्द ! एक चोटि म त्यहीं नै राजगृह स्थित गौतम न्यग्रोधमा बसिरहेको थिए ··· पूर्ववत्[४०३] ··· । ··· राजगृह स्थित चोर प्रपातमा ··· [४०२]··· । राजगृहस्थित वैभारपर्वतको पार्श्वस्थ सप्तपर्णी गुफामा ··· [४०२] ··· । राजगृह स्थित ऋषिगिलि पर्वत सँगै कालशिलामा ··· [४०२] ··· । ··· राजगृह स्थित शीतवनको सर्वौण्डिक पर्वतमा ··· । ··· राजगृहस्थित तपोदाराममा ··· । ··· राजगृहस्थित वेणुवनको कलन्दक निवापमा ··· । ··· राजगृह स्थित जीवकको आम्रवनमा ··· । ··· राजगृहस्थित मद्रकुक्षि मृगदावमा बसिरहेको थिए । आनन्द ! त्यहाँ पनि मैले तिमीलाई यस्तो भनेको थिए । "आनन्द ! ··· रमणीय छ । राजगृह रमणीय छ ··· गोतम न्यग्रोध रमणीय छ ··· । आनन्द ! जसले चार ऋद्धिपाद भावना गरिसकेको हुन्छ ··· यदि उसले चाहेमा कल्पभर ··· बाँचिरहनु सक्छ । आनन्द ! तथागतले यी चारैवटा ऋद्धिपाद भावना गरिसकेको छ ··· तथागतले चाहेको खण्डमा कल्पभर ··· बाँचिरहन सक्छ । आनन्द ! तथागतले यतिको स्थूल *(स्पष्ट)* संकेत गर्दा गर्दै, स्पष्ट सम्भावना *(उदार भाव)* देखाउँदा देखाउँदै तिमीले बुझ्न सकेनौ तथा तिमीले तथागतसँग याचना गरेनौ – 'भन्ते ! भगवान् कल्पभर रहनु होस्, सुगत ! कल्पभर रहनु होस्, बहुजन हितको निमित्त ··· कल्पभर रहनु होस् ।' आनन्द ! यदि तिमीले याचना गरेको भए तथागतले दोस्रो पटकसम्म अस्वीकृत गर्नु भए पनि तेस्रो पटक अवश्य स्वीकार गर्नुहुन्थ्यो । आनन्द ! त्यसैले यो तिम्रै दुष्कृत हो, तिम्रै अपराध हो ।"

---

४०३ माथिको पारा. ४९ मा जस्तै विस्तार गर्नु पर्छ ।

Downloaded from http://www.dhamma.digital

५१. "आनन्द ! एक चोटि म यहीं नै वैशालीको उदयन चेतिय *(चैत्य)* मा बसिरहेको थिएँ । आनन्द त्यहाँ पनि मैले तिमीलाई यस्तो भनेको थिए – आनन्द ! वैशाली रमणीय छ । उदयन चेतिय रमणीय छ ··· *(पूर्ववत्)* ··· । आनन्द ! त्यसैले यो तिम्रै दुष्कृत हो, तिम्रै अपराध हो ।"

५२. "आनन्द ! एक चोटि म यहीं नै वैशालीको गातमक चेतियमा बसिरहेको थिएँ ··· *(पूर्ववत्)* ··· । आनन्द ! एकचोटि म यहीं नै वैशालीको सतम्ब चेतियमा बसरहेको थिएँ ··· *(पूर्ववत्)* ··· । आनन्द ! एकचोटि म यहीं नै वैशालीको बहुपुत्तक चेतियमा बसिरहेको थिएँ ··· *(पूर्ववत्)* ··· । आनन्द ! एकचोटि म यहीं नै वैशालीको सारन्दद चेतियमा बसिरहेको थिए ··· *(पूर्ववत्)* ··· । आनन्द ! आज म यहीं चापाल चेतियमा मैले *(तिमीलाई)* भनेको थिएँ – "आनन्द ! वैशाली रमणीय छ, उदयन चेतिय रमणीय छ, गौतमक चेतिय रमणीय छ, सारन्दद चेतिय रमणीय छ, चापाल चेतिय रमणीय छ । आनन्द ! जसले चार ऋद्धिपाद भावना गरिसकेको हुन्छ ··· यदि उसले चाहेमा कल्पभर ··· बाँचिरहन सक्छ । आनन्द ! तथागतले यी चारैवटा ऋद्धिपाद भावना गरिसकेको छ ··· तथागतले इच्छा गरेको खण्डमा कल्पभर ··· बाँचिरहन सक्छ । आनन्द ! तथागतले यतिको स्थूल संकेत गर्दा गर्दै ··· तिमीले बुझ्न सकेनौ तथा तिमीले तथागतसँग याचना गरेनौ – 'भन्ते ! भगवान् कल्पभर रहनुहोस्, सुगत ! कल्पभर रहनुहोस्, बहुजन हितको निमित्त ···कल्पभर रहनुहोस् ।' आनन्द ! यदि तिमीले याचना गरेको भए तथागतले दोस्रो पटक सम्म अस्वीकृत गर्नु भए पनि तेस्रो पटक अवश्य स्वीकार गर्नुहुन्थ्यो । आनन्द ! त्यसैले यो तिम्रै दुष्कृत हो, तिम्रै अपराध हो ।"

५३. "आनन्द ! के मैले तिमीलाई पहिले नै भनेको थिइन – 'सबै प्रिय तथा मनापसित छुट्नु *(वियोग हुनु)* पर्छ, छोड्नुपर्छ, अन्यथाभाव हुनुपर्छ, सो ती *(कुरा)* सधैं निरन्तर कसरी सँगै बस्न पाउला ? जति पनि उत्पन्न भए, भूत *(अस्वित्वमा)* छन्, संस्कृत *(कृतिम)* छन् *(ती सबै)* नाशवान् हुन् । हाय् ! ती नाश नहोस् ! यस्तो सम्भव छैन । आनन्द ! जुन यो तथागतले जीवन संस्कार *(आयु:संस्कार)* छाड्नुभयो, त्याग्नुभयो, प्रहीण गर्नुभयो, प्रतिनि:सृष्ट गर्नुभयो, तथागतले वास्तविक सत्य कुरा भन्नुभएका थिए – चाडै नै *(न चिरं)* तथागतको परिनिर्वाण हुनेछ । आजको तिन महिना पछि तथागत परिनिर्वाण हुनेछ । जीवित रहनको कारण पुन: फर्केर आउनु तथागतको निमित्त सम्भव छैन ।"

"आऊ, आनन्द ! जहाँ महावन कूटागारशाला छ, त्यहाँ जाऔं ।" "हवस् भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिए ।

## १७. महावनमा धर्मदेशना

५४. अनि, भगवान् आयुष्मान् आनन्द साथै लिएर जहाँ महावन कूटागारशाला छ, त्यहाँ जानुभयो । त्यहाँ जानुभई आयुष्मान् आनन्दलाई यस्तो आज्ञा गर्नुभयो – "आऊ, आनन्द ! वैशालीमा बसेका जति पनि भिक्षुहरू छन् उनीहरू सबैलाई उपस्थानशालामा एकत्रित गराओ ।"

"हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिएर वैशालीमा बसेका सबै भिक्षुहरूलाई उपस्थानशालामा एकत्रित गराउनुभयो । एकत्रित गराइसकेपछि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेका आयुष्मान् आनन्दले भगवान्लाई यस्तो निवेदन गरे – "भन्ते ! भिक्षुसङ्घलाई एकत्रित गराइ सकेको छु, अब भगवान्ले समय हेरी गर्नुहोला ।"

Downloaded from http://www.dhamma.digital

५५. अनि भगवान् जहाँ उपस्थानशाला छ त्यहाँ जानुभई बिच्छ्याइराखेको आसनमा बस्नुभई भगवान्ले भिक्षुहरूलाई आमन्त्रणा गर्नुभयो – "भिक्षु हो ! ··· अतः मैले तिमीहरूलाई जे जति धर्म अभिज्ञाद्वारा देशना गरेको हुँ त्यसलाई तिमीहरूले राम्ररी सिकेर, *(त्यसको)* अभ्यास गर, *(त्यसको)* भावना गर, *(त्यसलाई)* वृद्धि गर जसले गर्दा यो ब्रह्मचर्य *(बुद्धशासन)* अध्वनीय, चिरस्थायी होस्, यो *(ब्रह्मचर्य)* बहुजन हितको निमित्त, बहुजन सुखको निमित्त, लोकलाई अनुकम्पाको निमित्त, देवमनुष्यहरूको अर्थ, हित, सुखको निमित्त होस् । भिक्षु हो ! मैले तिमीहरूलाई कुनचाहिं धर्म अभिज्ञाद्वारा देशना गरेको हुँ, जसलाई तिमीहरूले राम्ररी सिकेमा, *(त्यसको)* अभ्यास गरेमा, *(त्यसको)* भावना गरेमा, *(त्यसलाई)* वृद्धि गरेको यो ब्रह्मचर्य *(बुद्धशासन)* अध्वनीय, चिरस्थायी हुने र यो *(ब्रह्मचर्य)* बहुजन हितको निमित्त देवमनुष्यहरूको अर्थ, हित, सुखको निमित्त हुन्छ ? जस्तो कि (१) चार स्मृतिप्रस्थान, (२) चार सम्यक् प्रधान, (३) चार ऋद्धिपाद (४) पाँच इन्द्रिय, (५) पाँच बल, (६) सात बोध्यङ्ग र (७) आर्यअष्टाङ्गिकमार्ग । भिक्षु हो ! यही अभिज्ञाद्वारा देशना गरेको धर्म हो जसलाई तिमीहरूले राम्ररी सिकेमा, त्यसको अभ्यास गरेमा, भावना गरेमा, यो ब्रह्मचर्य *(बुद्धशासन)* अध्वनीय, चिरस्थायी हुनाको साथै यो *(ब्रह्मचर्य)* बहुजन हितको निमित्त ··· देवमनुष्यहरूको अर्थ, हित, सुखको निमित्त पनि हुनेछ ।

५६. अनि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो – "हन्द भिक्षु हो ! अब म भन्दछु कि – सबै संस्कारहरू नःश्वर हुन्, अप्रमादपूर्वक सम्पादन गर । चाँडै नै *(न चिरं)* तथागतको परिनिर्वाण हुनेछ । अब तिन महिनापछि तथागत परिनिर्वाण हुनेछ । भगवान्ले यति भन्नुभयो । यति भन्नुभएपछि सुगत शास्ताले फेरि यसो भन्नुभयो –

**मेरो आयु परिपक्क *(पूर्ण)* भइसक्यो, अब मेरो जीवन थोरै बाँकी छ ।**
**म तिमीहरूलाई छोडेर जान्दैछु । मैले आफ्नो गर्नु पर्ने कर्तव्य पूरा गरिसकें ।**
**भिक्षु हो ! तिमीहरू अप्रमाद *(निरलस)*, स्मृतिमान तथा सुशील बन ।**
**सङ्कल्पलाई सुसमाहित *(राम्ररी समाधान)* गरेर आफ्नो चित्तलाई निग्रह गर ।**
**जसले यो धर्म विनयमा अप्रमाद भई उद्योग गर्दछ त्यसैले *(मात्र)* यो भवागमन**
***(पुनः पुनः जन्म मरण)* संसार छोडी दुःखहरूको समूल अन्त *(नाश)* गर्दछ ।**

**तृतीय भाणवार समाप्त ।**

## अन्तिम वैशाली दर्शन

५७. अनि, भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी पात्र चीवर ग्रहण गरी वैशालीमा पिण्डपात्रको निमित्त जानुभयो । वैशालीमा पिण्डपात्र गएर भोजन सिद्धिएपछि नागवलोकन *(हात्तीले जस्तै फर्केर अवलोकन गर्ने)* गर्नुभई वैशाली हेर्नुभई, आयुष्मान् आनन्दलाई आमन्त्रणा गर्नुभयो – "आनन्द ! आजको यो तथागतको वैशाली दर्शन अन्तिम हुनेछ । आऊ, आनन्द ! जहाँ भण्डग्राम छ त्यहाँ जाऔं ।" "हवस्, भन्ते ! " भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिए ।

५८. अनि भगवान् महत् भिक्षुसङ्घसाथ जहाँ भण्डग्राम हो त्यहाँ जानुभयो । त्यहाँ भगवान् भण्डग्राममा बस्नुभयो । त्यहाँ भगवान्ले भिक्षुहरूलाई आमन्त्रणा गर्नुभयो – "भिक्षु हो ! चार धर्महरू अनुबोध नभएकोले=प्रतिवेध नभएकोले यसरी दीर्घकालदेखि मेरो र तिमीहरूको *(यसरी)* दौडिरहनु परेको

Downloaded from http://www.dhamma.digital

थियो= संसरणं *(आवागमन)* मा पडिरहेको थियो । (१) भिक्षु हो ! आर्यशील अनुबोध नभएकोले=प्रतिवेध नभएकोले यसरी दीर्घकालदेखि *(सम्म ?)* मेरो र तिमीहरूको *(यसरी)* दोडिरहनु परेको थियो=संसरणमा पडिरहेको थियो । (२) भिक्षु हो ! आर्य समाधि अनुबोध नभएकोले ··· *(पूर्ववत्)* (३) भिक्षु हो ! आर्य प्रज्ञा अनुबोध नभएकोले ··· *(पूर्ववत्)* (४) भिक्षु हो ! आर्य विमुक्ति अनुबोध नभएकोले ··· संसरणमा पडिरहेको थियो । भिक्षु हो ! अब *(किनकि)* आर्यशील आर्य समाधि ··· आर्य प्रज्ञा ··· आर्य विमुक्ति ··· अनुबोध भएकोले=प्रतिवेध भएकोले यसरी दीर्घकाल देखि मेरो र तिमीहरूको दौडिरहनु परेन=संसरणमा पडिरहनु परेन । भव तृष्णा नष्ट भयो, भवनेत्ति क्षीण भयो, अब फेरि जन्म लिनुपर्ने कारण भएन ।

भगवान्‌ले यति भन्नुभयो । यति भन्नुभएपछि सुगत शास्ताले फेरि यसो भन्नुभयो –

"यशस्वी गौतमले अनुत्तर शील, समाधि, प्रज्ञा र चित्तविमुक्ति – यी चार धर्महरूको ज्ञान एवं प्रत्यक्ष अनुभव गरे ।"

"यी धर्म यथाभूत *(यथार्थ)* जानेर भिक्षुहरूलाई तिनको उपदेश दिए । अब उहाँ स्वयं तथा अर्काको दुःख नाश गर्ने चक्षुष्मान् बुद्ध परिनिर्वाण हुन गइरहेको छ ।"

त्यहाँ भण्डग्राममा बस्नुहुँदा भगवान्‌ले भिक्षुहरूलाई धेरैजसो यही नै धर्मदेशना गर्नुभएको थियो – यस्ता शील हुन्, यस्ता समाधि हुन्, यस्ता प्रज्ञा हुन् । शीलद्वारा प्रभावित भएको समाधि महाफलदायी र महा आनिशंस हुन्छ । समाधिद्वारा प्रभावित भएको प्रज्ञा महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त राम्ररी आस्रवबाट मुक्त हुन्छ । जस्तो कि कामास्रवबाट, भवास्रवबाट तथा अविद्यास्रवबाट ।

## १८. चार महाउपदेश[४०४] *(महा उपदेश=कसौटी)*

५९. तदनन्तर भगवान् भण्डग्राममा यथानुकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो – "यता आऊ, आनन्द ! जहाँ हस्तिग्राम छ, ··· जहाँ अम्बग्राम *(आम्रग्राम)* छ ··· जहाँ जम्बुगाम *(जम्बुग्राम)* ··· जहाँ भोगनगर छ त्यहाँ जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्‌लाई प्रत्युत्तर दिए । त्यसपछि भगवान् महत् भिक्षुसङ्घसाथ जहाँ भोगनगर छ त्यहाँ जानुभयो । त्यहाँ भोगनगरमा भगवान् आनन्द चेतियमा बस्नुभयो । त्यहाँ भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो – "भिक्षु हो ! तिमीहरूलाई म चारमहापदेशको उपेदश दिने छु । सुन, राम्ररी मनमा राख, बताउने छुं ।" "हवस्, भन्ते ! " भनी ती भिक्षुहरूले भगवान्‌लाई प्रत्युत्तर दिए । भगवान्‌ले यसो भन्नुभयो –

६०. (१) "भिक्षु हो ! यहाँ कोही भिक्षु यस्तो भन्न सक्छ – आवुसो ! मैले यो भगवान्‌को सम्मुख *(श्रीमुखबाट)* सुनेको छु, भगवान्‌को सम्मुख ग्रहण गरेको छु कि – 'यो धर्म हो' 'यो विनय हो' 'यो शास्ताको शासन हो ।' भिक्षु हो ! यस्तो बेला सो भिक्षुको कथनलाई अभिनन्दन नगर्नू, निन्दा नगर्नू अर्थात् तिरस्कार नगर्नू । उसको कथनलाई अभिनन्दन नगरीकन, निन्दा नगरीकन सो पद व्यञ्जनलाई राम्ररी बुझेर सूत्रसित तुलना गर, विनयमा हेर । यदि त्यो *(कुरा)* सूत्रसित तुलना गरी हेर्दा, विनयमा हेर्दा न सूत्रसित मेल खान्छ न त विनयमा नै देखिन्छ भन्ने *(त्यसबेला)* विश्वास *(निश्चय)* गर – अवश्य यो भगवान्‌को वचन होइन, यो त *(यही)* भिक्षुको नै दुर्गृहीत रहेछ । त्यस्तो भएमा, भिक्षु हो ! त्यसलाई

४०४ उपदेशको अर्थ हो अकाट्य तर्क । जसरी कसौटी *(कस)* मा घोटेपछि सुनको शुद्धि प्रमाणित हुन्छ, त्यसरी नै कुनै सिद्धान्तको प्रामाणिकता पनि अकाट्य तर्कको बलको आधारमा नै गर्न सकिन्छ ।

Downloaded from http://www.dhamma.digital

छोडि देओ। यदि त्यो *(कुरा)* सूत्रसित तुलना गर्दा विनयमा हेर्दा सूत्रसित पनि मेल खान्छ, विनयमा पनि देखिन्छ भने विश्वास *(निश्चय)* गर – अवश्य यो भगवान्‌को वचन हो, यो भिक्षुको सुगृहीत हो। भिक्षु हो ! यसलाई पहिलो महाप्रदेश *(भनी)* धारण *(स्वीकार)* गर।"

(२) "भिक्षु हो ! यहाँ फेरि कोही भिक्षु यस्तो भन्न सक्छ – आवुसो ! अमुक *(फलाना)* आवासमा स्थविरयुक्त प्रमुख *(भिक्षु)* सङ्घ बसिरहेको छ। मैले सो सङ्घको सम्मुख सुनेको छु, सम्मुख ग्रहण गरेको छु कि – 'यो धर्म हो', 'यो विनय हो', 'यो शास्ताको शासन हो।' भिक्षु हो ! यस्तो बेला सो भिक्षुको कथनलाई अभिनन्दन नगर्नू, निन्दा नगर्नू। उसको कथनलाई अभिनन्दन नगरीकन, निन्दा नगरीकन सो पद व्यञ्जनलाई राम्ररी बुझेर सूत्रसित तुलना गर, विनयमा हेर। यदि त्यो *(कुरा)* सूत्रसित तुलना गरी हेर्दा, विनयमा हेर्दा न सूत्रसित मेल खान्छ न त विनयमा नै देखिन्छ भन्ने *(त्यसबेला)* विश्वास गर – अवश्य यो भगवान्‌को वचन होइन ··· । ··· सूत्रसित पनि मेल खान्छ, विनयमा पनि देखिन्छ भने विश्वास गर – अवश्य यो भगवान्‌को वचन हो, यो भिक्षुको सुगृहीत हो। भिक्षु हो ! यसलाई दोस्रो महाप्रदेश *(भनी)* धारण गर।"

(३) "भिक्षु हो ! यहाँ फेरि कोही भिक्षु यस्तो भन्न सक्छ – आवुसो ! अमुक आवासमा धेरै बहुश्रुत *(पण्डित)*, आगत-आगम *(आगमज्ञ)*, धर्मधर, विनयधर, मातृकाधर स्थविरहरू बसिराखेका छन्। मैले यो उहाँ स्थविरको सम्मुख सुनेको छु, सम्मुख ग्रहण गरेको छु कि – 'यो धर्म हो', 'यो विनय हो', 'यो शास्ताको शासन हो।' भिक्षु हो ! यस्तो बेला सो भिक्षुको कथनलाई अभिनन्दन नगर्नू ··· सो पद व्यञ्जनलाई राम्ररी बुझेर सूत्रसित तुलना गर, विनयमा हेर। यदि त्यो *(कुरा)* सूत्रसित तुलना गरी हेर्दा विनयमा हेर्दा न सूत्रसित मेल खान्छ न त विनयमा नै देखिन्छ भन्ने *(त्यसबेला)* विश्वास गर – अवश्य यो भगवान्‌को वचन होइन ··· । ··· सूत्रसित पनि मेल खान्छ, विनयमा पनि देखिन्छ भन्ने विश्वास गर – अवश्य यो भगवान्‌को वचन हो, यो भिक्षुको सुगृहीत हो। भिक्षु हो ! यसलाई तेस्रो महाप्रदेश *(भनी)* धारण गर।"

(४) "भिक्षु हो ! यहाँ फेरि कोही भिक्षु यस्तो भन्न सक्छ – 'आवुसो ! अमुक आवासमा एक जना बहुश्रुत, आगमज्ञ, धर्मधर, विनयधर, मातृकाधर स्थविर बसिरहेको छ। मैले यो सो स्थविरको सम्मुख सुनेको छु ··· कि' – 'यो धर्म हो', 'यो विनय हो', 'यो शास्ताको शासन हो।' भिक्षु हो ! यस्तो बेला सो भिक्षुको कथनलाई अभिनन्दन नगर्नू ··· सो पद व्यञ्जनलाई राम्ररी बुझेर सूत्रसित तुलना गर, विनयमा हेर। यदि त्यो *(कुरा)* सूत्रसित तुलना गरी हेर्दा विनयमा हेर्दा न सूत्रसित मेल खान्छ न त विनयमा नै देखिन्छ भन्ने *(त्यसबेला)* विश्वास गर – अवश्य यो भगवान्‌को वचन होइन ··· । ··· सूत्रसित पनि मेल खान्छ विनयमा पनि देखिन्छ भन्ने विश्वास गर – अवश्य यो भगवान्‌को वचन हो, यो भिक्षुको सुगृहीत हो। भिक्षु हो ! यसलाई चौथो महाप्रदेश *(भनी)* धारण गर।"

६१. त्यहाँ भोगनगरमा बस्नुहुँदा भगवान्‌ले भिक्षुहरूलाई धेरै जसो यही नै धर्मदेशना गर्नुभएको थियो – यस्ता शील हुन् ··· *(पूर्ववत्)* ··· जस्तो कि कामास्रवबाट, भवास्रवबाट तथा अविद्यास्रवबाट।

## १९. कम्मारपुत्र चुन्दको भोजन

६२. अनि भगवान् भोगनगरमा यथानुकूल बस्नुभई आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो "यता आऊ, आनन्द ! जहाँ पावा हो त्यहाँ जाऔं।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्‌लाई प्रत्युत्तर दिनुभयो –

Downloaded from http://www.dhamma.digital

अनि भगवान् महत् भिक्षुसङ्घका साथ मल्लमा चारिका गर्दै जहाँ पावा हो त्यहाँ पुग्नुभयो । त्यहाँ पावामा भगवान् चुन्द कम्मारपुत्रको आम्रवनमा बस्नुभयो ।

अनि चुन्द कम्मारपुत्रले – "भगवान् चारिका गर्दै पावामा आइपुग्नुभई पावा स्थित मेरो आम्रवनमा बस्नुभएको छ" भनी सुने । अनि चुन्द कम्मारपुत्र[४०५] जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । छेउमा बसेका चुन्द कम्मारपुत्रलाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभयो । अनि भगवान्को धार्मिक कथाद्वारा सदर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भएका चुन्द कम्मारपुत्रले भगवान्लाई यस्तो भने – "भन्ते ! भिक्षुसङ्घका साथ भगवान्ले भोलिको निमित्त मेरो भोजन स्वीकार गर्नुहोस् ।" भगवान्ले तुष्णीभावद्वारा स्वीकार्नु भयो । अनि भगवान्ले स्वीकार्नुभएको कुरा बुझी चुन्द कम्मारपुत्र आसनबाट उठी भगवान्लाई अभिवादन गरी प्रदक्षिणा गरी फर्केर गए ।

अनि त्यसरात बितेपछि चुन्द कम्मारपुत्रले आफ्नो घरमा प्रणीत खाद्य-भोज्यहरू र पर्याप्त मात्रामा[४०६] *(सूगुरको मासु)* पनि तयार पार्न लगाई भगवान्लाई समयको सूचना दिन पठाए – "भन्ते ! समय भयो, भोजन तयार छ ।" अनि भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भिक्षुसङ्घका साथ जहाँ चुन्द कम्मारपुत्रको घर हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि बिच्छ्याइ

---

४०५ यी सुवर्णकारपुत्र चुन्द आढ्य महाधनी तथा महापरिवार भएका हुन् । भगवान्सँगको प्रथम भेटमै यिनी स्रोतापन्न भएका थिए । यिनले आफ्नो आम्रवनमा शास्ता बस्न योग्य हुने गरी गन्धकुटी, भिक्षुसङ्घको लागि रात्रीस्थान, दिवास्थान, उपस्थानशाला, कुटीमण्डप अनि चंक्रमण स्थानहरू बनाई पर्खालले घेरी ढोका समेत राखी विहार बनाई बुद्ध प्रमुख भिक्षुसङ्घको निमित्त प्रदान गरेका थिए ।

४०६ 'सूकरमद्दव' को अर्थ गर्दै उदानट्ठकथाले यसरी लेखेको छ –

"सूकरमद्दवन्ति – सूकरस्स मुदुसिनिद्धं पवत्तमंसन्ति महाअट्ठकथायं वुत्तं" अर्थात् – "सूगुरको मृदु तथा स्निग्ध प्रवर्त मासुलाई 'सूकरमद्दव' भनिएको हो भनी महाअट्ठकथामा उल्लेख भएको छ ।"

दीघनिकायट्ठकथाले पनि –

"सूकरमद्दवन्ति" – नातितरुणस्स नातिजिण्णस्स एकजेट्ठसूकरस्स पवत्तमंसं । तं किर मुदुञ्चेव सिनिद्धं च होति । तं पटियादापेत्वा साधुकं पचापेत्वाति अत्थो । ...... ।"

अर्थात् – "सूकरमद्दव भनेको – न अतितरुण न अति बुढो बल्कि एक जेष्ठ सुँगुरको पवर्त मासु हो । त्यो चाहिं मृदु तथा स्निग्ध हुन्छ । त्यो तयार पार्नलगाई राम्ररी पकाउन लगाई भन्ने अर्थ हो । ... ।" दी.नि.अ.क.I. ३९५: महापरिनिब्बाणसुत्तवण्णना ।

'पवत्तमंसं' *(प्रवर्त मासु)* भनेको मरेकाको मासु हो । त्यसैले समन्तपासादिका III. पृ. ११५८:भेसज्जक्खन्धले – "पवत्तमंसन्ति मतस्स मंसं" भन्ने अर्थ उल्लेख गरेको छ ।

अङ्गुत्तरनिकायट्ठकथा II. पृ.७५६:सीहसुत्तं, महावग्गले चाहिं 'पवत्तमंस' को अर्थ यसरी दिएको छ – "पवत्तमंसन्ति पकतिया पवत्तं कप्पियमंसं, मूलं गहेत्वा अन्तरापणे परियेसाहीति अधिप्पायो ।" अर्थात् – "प्रवर्तमांस भनेको स्वाभाविक रूपले प्रवर्त भएको उचितमांस मूल्य लिएर बजारमा खोजी गर भन्ने अभिप्राय हो ।" यसको मतलब पसलमा किनेर ल्याएको मासु खान योग्य छ भनी भनिएको हो ।

जस्तै खसेको फललाई 'पवत्तफलं' भन्दछन् त्यस्तै गरी यहाँ मरेकाको मासुलाई 'पवत्तमंसं' भनिएको हो भनी सम्झनुपर्छ ।

केहीले चाहिं – "सूकरमद्दव" भनेको सुँगुरको मासु होइन तर सुँगुरहरूले मर्दन गरेको तामा *(वंसकलिर)* हो भनी भनेका छन् ।

अझ केहीले – सुँगुरहरूले मर्दन गरेको ठाउँमा उम्रेको च्याऊ हो भनी भनेका छन् ।

अरूले चाहिं – 'सूकरमद्दव' भनेको एक रसायन हो भनी भनेका छन् । उदा. अ.क.पृ.२७९:चुन्दसुत्तवण्णना ।

भगवान् आज परिनिर्वाण हुनुहुनेछ भन्ने कुरा सुनेर चुन्द कम्मारपुत्रले 'यो भोजन गरेर भगवान् चिरतर जीवित हुन सकुन्' भन्ने सोचेर चुन्द कम्मारपुत्रले यो दान दिएका हुन् र भगवानको दीर्घायुको कामना गरेर नै उनले यो प्रदान गरेका थिए भनी उदा.अ.क.पृ.२७९:ले अगाडि उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

राखेको आसनमा बस्नुभयो । आसनमा बस्नुभएपछि भगवान्ले चुन्द कम्मारपुत्रलाई आमन्त्रण गर्नुभयो – “चुन्द ! जुन त्यो सूकरमद्दव तयार पारिएको छ त्यो मलाई पस्काऊ, जुन अरू खाद्य-भोज्यहरू तयार पारिएका छन् तिनीहरू भिक्षुसङ्घलाई पस्काऊ[४०७] ।”

“हवस्, भन्ते !” भनी भगवान्लाई प्रत्युत्तरदिई चुन्द कम्मारपुत्रले जुन त्यो सूकरमद्दव तयार पारिएको थियो त्यो भगवान्लाई पस्काए र जुन अरू खाद्य भोज्यहरू तयार पारिएका थिए तिनीहरू भिक्षुसङ्घलाई पस्काए ।

त्यसपछि भगवान्ले चुन्द कम्मारपुत्रलाई आमन्त्रण गर्नुभयो – “चुन्द ! जुन सूकरमद्दव बाँकी छ त्यसलाई खाल्टोमा हालिदेओ । चुन्द ! यो लोकमा देवसहित, मारसहित, ब्रह्मसहित; श्रमण ब्राह्मणसहित प्रजा; तथा देवसहित मनुष्यहरूमा तथागतले बाहेक अरू कोही देख्दिन जसले त्यो खाएर-पचाउन सकोस् ।”

“हवस्, भन्ते ! ” भनी भगवान्लाई प्रत्युत्तर दिई जुन सूकरमद्दव बाँकी थियो त्यो खाल्टोमा हाली चुन्द कम्मारपुत्र भगवान्कहाँ गए । गएर भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका चुन्द कम्मारपुत्रलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पारी भगवान् आसनबाट उठी फर्केर जानुभयो ।

६३. अनि चुन्द कम्मारपुत्रको भोजन *(भत्तं)* खानुभएका भगवान्लाई कडा रोग उत्पन्न भयो । रगत बहने मरणान्तिक ठूलो वेदना हुनथाल्यो । अनि भगवान्ले स्मृतिसम्प्रजन्यताद्वारा पीडित नभई सहनुभयो[४०८] । अनि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो – “आनन्द ! जाऔं, जहाँ कुसीनगर हो त्यहाँ जाऔं ।” “हवस् भन्ते !” भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो ।

मैले सुनें कि चुन्द कम्मारको भात खाएपछि धीर *(बुद्ध)* लाई कठोर आबाधले छोयो । सूकरमद्दव खाएपछि शास्तालाई कठोर व्याधि उत्पन्न भयो । अनि निरन्तर विरेचित हुनुभएका भगवान्ले भन्नुभयो – “म कुसीनगरमा जानेछु[४०९] ।”

---

४०७ किन यसो भन्नुभएको होला ? भन्ने सम्बन्धमा अट्ठकथाले यसरी प्रष्ट पारेको छ –
परजनमाथि दया राखेर नै भगवानले त्यसो भन्नुभएको हो । सूत्रको अगाडि पनि त्यसो भन्नाको कारण देखाउँदै – 'तथागत एक जनाले बाहेक देव ब्रह्म मार तथा मनुष्यहरूमध्ये कसैले पनि त्यो सूकरमद्दव पचाउन सक्ने छैन' भनी उल्लेख भएकै छ । त्यो सूकरमद्दवमा दुईहजार द्वीपहरूले परिवृत्त भएका चार महाद्वीपका देवगणहरूले ओजधातु *(दिव्यरस)* राखेका थिए । त्यसैले त्यसलाई कसैले पचाउन सक्दैनथे । त्यसैले भगवानले सूत्रमा ··· त्यो मलाई पस्काऊ' भनी भन्नुभएको हो ।

४०८ भोजनपछि भगवानलाई ठूलो वेदना उत्पन्न भयो । तर यो वेदना सूकरमद्दवको कारणले भएको होईन । यदि उहाँले यो पोष्य भोजन गर्नु नभएकोभए योभन्दा पनि अधिक वेदना हुने थियो । भोजनको कारणद्वारा नै कम वेदना भएको हो । यदि अरूलाई यस्तो वेदना भएको भए हिड्न वा बस्न नसकी बेसकरी छट्पटिनु पर्ने थियो । तर भगवानले स्मृति सम्प्रजन्यताद्वारा त्यस्तो हुन दिनुभएन । त्यसैले सूत्रमा 'पीडित नभई' भनी उल्लेख भएको हो । उहाँले सहन गर्नु भएको थियो । भगवानलाई यस्तो वेदना वेलुवगाउँदेखि नै भएको थियो । तर समापत्तिबलद्वारा परिनिर्वाण हुने दिन नआएसम्म दमनगरी राख्नुभएको थियो । त्यसदिन चाहिं उहाँ परिनिर्वाण हुन चाहनुहुन्थ्यो । अतः प्राणीहरूलाई विरक्त पार्नको निमित्त त्यसदिन समापत्तिद्वारा दमन गर्नु भएको थिएन । त्यसैले गर्दा उहाँलाई खूब ठूलो तथा असह्य वेदना भएको थियो भनी उदा.अ.क.पृ. २८०:चुन्दसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

# २०. तथागतको महर्द्धिकता

६४. अनि भगवान् बाटो छाडी जहाँ एउटा रुख थियो, त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् आनन्दलाई यसो भन्नुभयो – "हे आनन्द ! तिमीले मलाई चारदोबरी गरी सङ्घाटी पटचाई बिच्छ्याइ देओ । आनन्द ! म थाकेको छु, बस्न चाहन्छु ।" "हवस्, भन्ते !" भनी भगवान्लाई प्रत्युत्तर दिई आयुष्मान् आनन्दले चारदोबरी गरी सङ्घाटी पटचाई बिच्छ्याइ दिनुभयो । अनि भगवान् बिच्छ्याइएको आसनमा बस्नुभयो । बस्नुभएका भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो – "हे आनन्द ! तिमीले मलाई पिउन पानी ल्याइदेओ । आनन्द ! प्यास लागेको छ, पानी पिउँछु ।" यसो भन्नुहुँदा आयुष्मान् आनन्दले भगवान्लाई यसो भन्नुभयो – "भन्ते ! भर्खरैमात्र पाँचशय गाडाहरू गए । चक्काले कुल्चिएको पानी अलि अलि धमिलो र फोहर भई बग्दैछ । भन्ते ! यो ककुधा नदी नजिकमै छ, सुन्दर तथा मनोहर छ । भगवान्ले त्यहाँ पानी पनि पिउनुहोस् र शरीर पनि शीतल पार्नुहोस् ।"

दोस्रो पटक पनि ··· तेस्रो पनि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो – "हे आनन्द ! तिमीले मलाई पिउने पानी ल्याइदेओ । आनन्द ! प्यास लागेको छ, पानी पिउँछु ।"

"हवस् भन्ते ! भनी भगवान्लाई प्रत्युत्तर दिई आयुष्मान् आनन्द पात्र लिई जहाँ त्यो नदी हो त्यहाँ जानुभयो । अनि चक्काले कुल्चेर अलि अलि धमिलो र फोहर भई बगिरहेको सो नदीको पानी आयुष्मान् आनन्द त्यहाँ पुग्दापुग्दै स्वच्छ, पवित्र तथा निर्मल भई बग्नथाल्यो । अनि आयुष्मान् आनन्दलाई यस्तो लाग्यो – "अहो आश्चर्य ! अहो अद्भुत ! ! अहो तथागतको महर्द्धिकता !! अहो तथागतको महानुभावता ! ! चक्काले कुल्चेर अलि अलि धमिलो र फोहोर भई बगिरहेको यो नदी म यहाँ आइपुग्नेबित्तिकै स्वच्छ, पवित्र तथा निर्मल भई बग्नथाल्यो ।" अनि पात्रमा पानी लिई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई यसो भन्नुभयो – "आश्चर्य हो, भन्ते ! अद्भुत हो, भन्ते ! ! अहो तथागतको महर्द्धिकता ! अहो तथागतको महानुभावता ! ! भन्ते ! चक्काले कुल्चेर अलि अलि धमिलो र फोहोर भई बगिरहेको सो नदी म त्यहाँ पुग्ने बित्तिकै स्वच्छ, पवित्र तथा निर्मल भई बग्नथाल्यो । भगवान् ! पानी पिउनुहोस्, सुगत ! पानी पिउनुहोस् ।" अनि भगवान्ले पानी पिउनुभयो ।

# २१. पुक्कुस मल्लपुत्रको कथा

६५. त्यसबखत पुक्कुस मल्लपुत्र[४१०] आलार कालामका[४११] शिष्य थिए र कुसीनगरबाट पावा जाने

---

(१) कुशीनगरमा गएको खण्डमा महासुदस्सन-सुत्त देशनाको कारण बन्ने छ । यो सुनेर धेरै मानिसहरूले कुशलकर्म गर्ने इच्छा गर्नेछन् । (२) सुभद्र परिव्राजक पनि मकहाँ आई प्रश्न सोध्नेछन् र उत्तरको अन्तमा उनी मेरो शरणमा परी प्रव्रजित तथा उपसम्पन्न भई कर्मस्थान भावना गरी म छँदाछँदै अरहन्त पनि हुनेछन् । उनी मेरा अन्तिम श्रावक हुनेछन् । (३) अरू ठाउँमा परिनिर्वाण हुँदा धातुको कारणमा महाकोलाहल हुनेछ र नदीजस्तै रगत बग्ने छ । कुशीनगरमा परिनिर्वाण हुँदा चाहिं धातुविवादलाई द्रोण ब्राह्मणले सुल्झाउने छन् र धातुहरू भाग लगाई कलह शान्त पार्ने छन् । यी तीन कारणहरूलाई ध्यानमा राख्नुभई भगवान् महत् उत्साहका साथ कुशीनगरमै जान चाहनुभएको हो ।

४१० यी मल्ल राजकुमारहरू पालो पालो गरी राज्य गर्छन् । राज्य नगर्ने बेलामा व्यापार गर्छन् । यिनी पनि व्यापारमा लागेका थिए र पाँचशय गाडाहरू लिई कुशीनगरबाट यात्राको लागि जाँदै थिए । भनिन्छ कि गाडा लैजाँदा अगाडिबाट बतास चलेको छ ········ अगाडि बसेर जान्छन् । पछाडिबाट बतास लागेको छ भने आफू पछाडि बसी गाडीवानलाई अगाडि बसाल्छन् ।

Downloaded from http://www.dhamma.digital

बाटो लागी गइरहेका थिए । अनि पुक्कुस मल्लपुत्रले भगवान्लाई एउटा रुखमुनि बसिरहनुभएको देखे । देखेर उनी भगवान्कहाँ गए । त्यहाँ गएर भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका पुक्कुस मल्लपुत्रले भगवान्सँग यस्तो भने – "आश्चर्य हो भन्ते ! अद्भुत हो भन्ते ! जसरी प्रव्रजितहरू शान्तपूर्वक बस्छन् त्यसरी नै तपाईं पनि बस्नुभएको छ । भन्ते ! एकदिन आलार कालाम बाटो हिंडिरहेको बेलामा बाटोबाट एक छेउमा लागि दिवाविहारको निमित्त एक रुखमुनि बस्नुभयो । अनि पाँचशय गाडाहरू उहाँको नजिकबाट गए । भन्ते ! अनि ती गाडाहरूको पछि पछि हिंडिरहेको एक पुरुषले आलार कालामकहाँ गई यस्तो भन्यो – "भन्ते ! यहाँबाट पाँचशय गाडाहरू गएको देख्नुभयो ?"

'आवुसो ! देखिन ।'

'भन्ते ! केही आवाज पनि सुन्नुभएन ?'

'आवुसो ! केही आवाज पनि सुनिनं ।'

'भन्ते ! के तपाईं निदाउनुभएको थियो ?'

'आवुसो ! म निदाएको थिइनं ।'

'भन्ते ! के तपाईंमा होस थियो त ?'

'आवुसो ! थियो ।'

"भन्ते ! सो तपाईंमा होस भएर पनि पाँच पाँच सय गाडाहरू तपाईंकै छेउबाट जाँदा पनि न गाडाहरू देख्नुभयो न त आवाज नै सुन्नुभयो । के तपाईंको सङ्घाटीमा धूलो लागेको छैन ?"

'आवुसो ! लागेको छ ।'

"भन्ते ! अनि त्यो पुरुषलाई यस्तो लाग्यो – 'अहो आश्चर्य ! अहो अद्भुत ! यी प्रव्रजित कति शान्तपूर्वक बसिरहेको होलान् । जहाँ कि होस भएर पनि जागृत भएर पनि नजिकैबाट पाँच पाँच सय गाडाहरू जाँदा पनि न गाडाहरू देख्छन् न त आवाज नै सुन्छन्' भन्दै आलार कालाममाथि प्रसन्नता व्यक्त गरी गयो ।"

६६. "पुक्कुस ! यी मध्ये तिमी कुनचाहिं दुष्करतर र दुरभिसम्भवतर ठान्दछौ ? जो होस भएर पनि जागृत भएर पनि पाँच सय गाडाहरू नजिकैबाट गएको न देख्नु र न सुन्नु हो कि जो होस भएर पनि जागृत भएर पनि घनघोर मुसलधारे पानी आएको, बिजुली चम्केको र वज्रपात[४१२] भएको न देख्नु र आवाज न सुन्नु ?"

"भन्ते ! पाँच सय गाडाहरूले ··· सात सय गाडाहरूले ··· हजारौं हजार गाडाहरूले के गर्न सक्लान् र ! योभन्दा होस भएर पनि जागृत भएर पनि घनघोर मुसलधारे पानी आएको, बिजुली चम्केको र वज्रपात भएको नदेख्नु र आवाज नसुन्नु नै दुष्करतर र दुरभिसम्भवतर छ ।"

"पुक्कुस ! एकदिन म आतुमाको दाइँ गर्ने ठाउँमा बसेको थिएँ । त्यसबखल घनघोर मुसलधारे पानी पऱ्यो । बिजुली चम्की वज्रपातद्वारा दाइँ गर्ने ठाउँ नजिकैमा दुईजना कृषकहरू र चारवटा गोरुहरू पनि मारिए । पुक्कुस ! अनि आतुमाका मानिसहरू बाहिर आई जुन ती दुईजना कृषकहरू र चारवटा गोरुहरू मारिए त्यहाँ आए । पुक्कुस ! त्यसबेला म दाइँ गर्ने ठाउँबाट बाहिर निस्की दाइँ गर्ने

---

४११ यी 'आलार कालाम' उही हुन् । जसकहाँ सिद्धार्थ कुमार बुद्ध हुनुभन्दा अगाडि एक समय बस्नुभएको थियो । 'आलार' भन्ने उनको नाम हो । 'कालाम' भन्ने उनको गोत्रको नाम हो ।

४१२ नौ किसिमका वज्रपातहरू हुन्छन् ।

Downloaded from http://www.dhamma.digital

ठाउँको दैलोनिर बाहिर चंक्रमण गरिरहेको थिएँ। पुक्कुस ! अनि ती मानिसहरूमध्येबाट एक पुरुष मकहाँ आयो। मकहाँ आई मलाई अभिवादन गरी एक छेउमा उभियो। एक छेउमा उभिएको सो पुरुषसँग मैले यस्तो भनें – 'आवुसो ! किन यहाँ मानिसहरू एकत्रित भएका ?'"

'भन्ते ! अहिले भर्खरै घनघोर मुसलधारे पानीपर्दा बिजुली चमकिंदा र वज्रपात हुँदा दुईजना कृषकहरू र चारवटा गोरुहरू मरे। त्यसैले मानिसहरू एकत्रित भएका हुन्। भन्ते ! तपाईं कहाँ हुनुहुन्थ्यो ?'

'आवुसो ! म यहीं थिएँ।'

'भन्ते ! के तपाईंले देख्नुभएन ?'

'आवुसो ! अहँ, देखिन।'

'भन्ते ! के त आवाज पनि सुन्नुभएन ?'

'आवुसो ! अहँ, मैले आवाज पनि सुनिनं।'

'भन्ते ! के तपाईं निदाउनुभएको थियो ?'

'आवुसो ! म निदाएको थिइनं।'

'भन्ते ! के तपाईं होसमा हुनुहुन्थ्यो त ?'

'आवुसो ! थिएँ।'

'भन्ते ! सो तपाईं होसमा भएर पनि जागृत भएर पनि घनघोर मुसलधारे पानी परी बिजुली चम्किदा र वज्रपात हुँदा पनि तपाईंले देख्नु भएन र आवाज पनि सुन्नुभएन ?'

'हो, आवुसो ! सुनिन।'

"पुक्कुस ! अनि सो पुरुषलाई यस्तो लाग्यो – अहो आश्चर्य ! अहो अद्भुत ! यी प्रव्रजित कति शान्तिपूर्वक बसेका होलान्। जहाँ कि होस भएर पनि जागृत हुँदा पनि घनघोर मुसलधारे पानी परी बिजुली चम्की वज्रपात हुँदा पनि यिनले न देखे न त आवाज नै सुने भन्दै ममाथि ठूलो प्रसन्नता व्यक्त गरी मलाई अभिवादन र प्रदक्षिणा गरी गयो।"

यसो भन्नुहुँदा पुक्कुस मल्लपुत्रले भगवान्‌लाई यसो भने – "भन्ते ! जो मेरो आलार कालममाथि प्रसाद थियो त्यो अब ठूलो बतासमा छाडिदिनेछु वा बेसरी बगिरहेको नदीमा बगाइदिनेछु। धन्य हो भन्ते ! धन्य हो भन्ते ! भन्ते ! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिंदा ढाकेकोलाई उघारिदिंदा, बाटो भुलेकोलाई बाटो देखाइदिंदा र अँध्यारोमा दियो बालिदिंदा आँखा हुनेले रूप देख्ने हो त्यस्तै गरी भगवान्‌ले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो। भन्ते ! अब सो म भगवान्‌को शरणमा पर्छु धर्म र भिक्षुसङ्घको पनि। आजदेखि नमरेसम्म भगवान्‌ले मलाई उपासक हो भनी धारण गर्नुहोस्।"

६७. त्यसपछि पुक्कुस मल्लपुत्रले एक पुरुषलाई बोलाए – "हे पुरुष ! तिमीले मलाई सुवर्णवर्णी *(सिङ्गिवण्णं)* एकजोर असल कपडा ल्याइदेओ।" "हवस् भन्ते !" भनी पुक्कुस मल्लपुत्रलाई प्रत्युत्तर दिई सुवर्णवर्णी एकजोर असल कपडा ल्याइदियो। अनि पुक्कुस मल्लपुत्रले सो कपडा भगवान्‌लाई चढाए – "भन्ते ! यो सुवर्णवर्णी एकजोर असल कपडा हो। अनुकम्पा राखी भगवान्‌ले यो कपडा स्वीकार गर्नुहोस्।"

"पुक्कुस ! त्यस्तो भए एउटा मलाई देऊ र अर्को आनन्दलाई देओ।"

Downloaded from http://www.dhamma.digital

"हवस्, भन्ते !" भनी पुक्कुस मल्लपुत्रले एउटा भगवान्लाई चढाए । अर्को आयुष्मान् आनन्दलाई चढाए । अनि भगवान्ले पुक्कुस मल्लपुत्रलाई धार्मिक कथाद्वारा सन्दर्शित, समादपित, समुत्तेजित र सम्प्रहषित पार्नुभयो । भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित ··· सम्प्रहर्षित भएका पुक्कुस मल्लपुत्र आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी गए ।

६८. अनि पुक्कुस मल्लपुत्र गइसकेपछि आयुष्मान् आनन्दले सो सुवर्णवर्णी असल कपडा भगवान्लाई चढाउँदा उहाँको शरीर खरानी नभएको आगो झैं तेजिलो देखिन थाल्यो । अनि आयुष्मान् आनन्दले भगवान्लाई यसो भन्नुभयो – "आश्चर्य हो भन्ते ! अद्भुत हो भन्ते ! भन्ते ! तथागतको छविवर्ण कति परिशुद्ध र निर्मल देखिएको ! भन्ते ! यो सुवर्णवर्णी असल कपडा भगवान्लाई चढाउने बित्तिकै खरानी नभएको आगो जस्तै तेजिलो देखियो ।"

"आनन्द ! यस्तै हो ! आनन्द ! यस्तै हो ! दुई अवस्थामा तथागतको शरीर अति परिशुद्ध र छविवर्ण अति निर्मल देखिन्छ । कुन दुई अवस्थामा भने – आनन्द ! जुन रातमा तथागतले अनुपम सम्यक् सम्बोधि अवबोध गर्छ र जुन रातमा अनुपादिशेष निर्वाण[४१३]धातुमा परिनिर्वाण हुन्छ । आनन्द ! यी दुई अवस्थामा तथागतको शरीर अति परिशुद्ध र छविवर्ण अति निर्मल देखिन्छ । आनन्द ! आज रातको अन्तिम याममा कुसीनगरका मल्लहरूको उपवत्तन भन्ने शालवनमा दुईवटा शालवृक्षको बीचमा तथागत परिनिर्वाण हुनेछ । अतः आनन्द ! जहाँ ककुधा नदी हो त्यहाँ जाऔं ।

"हवस्, भन्ते ! " भनी आयुष्मान् आनन्दले प्रत्युत्तर दिनुभयो

**पुक्कुसले ल्याएर *(बुद्धलाई)* अति तेजिलो दुशाला जोडी अर्पण गरे,**
**त्यो *(दुशाला)* लगाई राख्नु, भएका बुद्ध सुवर्ण वर्णझैं तेजिलो हुनुभयो ।**

६९. त्यसपछि भगवान् महत् भिक्षुसङ्घका साथ जहाँ कुकुट्ठा नदी हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि कुकुट्ठा नदीमा नुहाई पानी पिई सरेर जहाँ *(एक)* आम्रवन हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् चुन्दकलाई[४१४] आमन्त्रण गर्नुभयो –

"हे चुन्दक ! तिमीले मलाई चारदोबरी गरी सङ्घाटी पटचाई बिच्छ्याइदेओ । चुन्दक ! म क्लान्त छु, लेट्न चाहन्छु ।"

"हवस्, भन्ते ! " भनी भगवान्लाई प्रत्युत्तर दिई आयुष्मान् चुन्दकले चारदोबरी गरी सङ्घाटि पटचाई बिच्छ्याइदिनुभयो । अनि भगवान् दाहिनेतिरबाट सिंहशय्या गरी[४१५] *(दायाँ)* खुट्टामाथि *(बायाँ)*

---

४१३ पञ्चस्कन्धसहित निरोध हुनेलाई अनुपादिशेष निर्वाण भन्दछन् जबकि क्लेशहरू जम्मै निरोध हुनेलाई 'स-उपदिशेष निर्वाण' भन्दछन् ।

४१४ त्यसबखत आयुष्मान् चुन्दक भगवानको अगाडि हुनुहुन्थ्यो । आयुष्मान् आनन्द चाहिं त्यसबेला नुहाउने कपडा सुकाउँदै हुनुहुन्थ्यो । यसैले भगवानले अगाडि बसिरहेका आयुष्मान् चुन्दकलाई आमन्त्रण गर्नुभएको हो भनी उदा. अ.क.पृ. २८२:चुन्दसुत्तवण्णनाले उल्लेख गरेको छ ।

यी आयुष्मान् चुन्दक आयुष्मान् सारिपुत्रका कान्छा भाइ थिए । अघि उनी भगवानको उपस्थाक भएका थिए । उनी आनन्द महास्थविरका शिष्य थिए ।

४१५ 'सिंहशय्या' भनेको सिंहजस्तै दाहिनेतिरबाट गरिने शय्या हो ।

चारप्रकारका शय्याहरू छन् – (१) कामभोगीशय्या, (२) प्रेतशय्या, (३) तथागतशय्या र (४) सिंहशय्या ।

"भिक्षु हो ! कामभोगीहरू धेरैजसो बाँयातिरबाट सुत्छन्" भनेको कामभोगीशय्या हो । "भिक्षु हो ! प्रेतहरू धेरैजसो उत्तानोपरी सुत्छन्" भनेको प्रेतशय्या हो । "भिक्षु हो ! यहाँ तथागत चतुर्थध्यानमा बस्नुहुन्छ" भनेको तथागतशय्या हो । "भिक्षु हो ! सिंह मृगराज दाहिनेतिरबाट सुत्छन्" भनेको सिंहशय्या हो ।

Downloaded from http://www.dhamma.digital

खुट्टा राखी स्मृतिसम्प्रजन्य भई उठने संज्ञा मनमा राखी लेट्नुभयो । आयुष्मान् चुन्दक पनि त्यहीं भगवान्को अगाडि बसे ।

"कुकुट्ठ भन्ने नदीमा गई बुद्धले निर्मल, पवित्र तथा मीठो पानी पिउनुभयो । अनि अति थकित हुनुभएका शास्ता तथा यो लोकमा अद्वितीय पुरुष हुनुभएका तथागत नदीमा ओर्लिनुभयो ।"

"नुहाई पानी पिई शास्ता नदी पार जानुभयो । भिक्षुगणका बीचमा बस्नुभएका अग्रपुरुष तथा धर्म प्रवर्तन गर्नुभएका महर्षी शास्ता आम्रवनमा जानुभयो । अनि चुन्दक भन्ने भिक्षुलाई बोलाई – 'लेट्नको निमित्त चारदोबरी गरी *(सङ्घाटी पटयाई)* आसन बिछ्याऊ' भनी भन्नुभयो ।"

"भावितात्म हुनुभएका बुद्धले यसो भन्नुभएको सुनी चुन्दकले हत्त र पत्त चारदोबरी गरी *(सङ्घाटी पटयाई)* आसन बिच्छयाइदिए । अनि अति थकित हुनुभएका शास्ता लेट्नुभयो । चुन्दक पनि त्यहाँ *(शास्ताको)* अगाडि बसे ।"

## २२. चुन्दको अन्तिम भोजनको प्रशंसा

७०. अनि आयुष्मान् आनन्दलाई भगवान्ले आमन्त्रण गर्नुभयो – "आनन्द ! सायद चुन्द कम्मारपुत्रलाई कसैले चिन्तित गराउनको निमित्त *(यस्तो भन्न)* सक्छ – 'आवुसो चुन्द ! तिम्रो लागि अलाभ हो, तिम्रो लागि दुर्लाभ हो, जहाँकि तिम्रो अन्तिम पिण्डपात *(भिक्षा)* भोजन गरी तथागत परिनिर्वाण हुनुभयो ।' आनन्द ! चुन्द कम्मारपुत्रको चिन्तालाई यसरी दूर गराइदिनुपर्छ –

'आवुसो चुन्द ! तिम्रो लागि यो लाभ हो, तिम्रो लागि यो सुलाभ हो, जहाँकि तिम्रो अन्तिम पिण्डपात *(भिक्षा)* भोजन गरी तथागत परिनिर्वाण हुनुभयो । आवुसो चुन्द ! मैले भगवान्कै सम्मुखमा सुनेको हुँ र भगवान्कै सम्मुखमा मैले ग्रहण गरेको हुँ' – 'दुई पिण्डपातहरू *(भिक्षाहरू)* समानफलका तथा समान विपाकका छन् । अरू पिण्डपातहरूभन्दा धेरै महत्फलतर र महानिसंसतर छन् । कुन दुई भने महाराज ! जुन पिण्डपात *(भिक्षा)* भोजन गरी तथागतले अनुत्तर सम्यक्सम्बुद्धत्व अधिगमन गर्नुभयो तथा जुन पिण्डपात *(भिक्षा)* भोजन गरी अनुपादिशेष निर्वाणधातुमा परिनिर्वाण हुनेछ । यी दुई पिण्डपातहरू समानफलका[४१६] तथा समान विपाकका छन् । अरू पिण्डपातहरूभन्दा धेरै महत्फलतर र

४१६ कसरी समान फलका थिए ? जहाँकि सुजाताले क्षीर भोजन गराउँदा तथागत बोधिसत्त्व नै थिए तथा सरागी, सद्वेषी, समोही र क्लेशसहितका नै थिए । भोजनपछि मात्र उहाँले बुद्धत्व प्राप्त गर्नु भएको थियो । चुन्दको भोजन चाहिं उनले वीतरागी, वीतद्वेषी, वीतमोही तथा निक्लेशी हुनुभएका बुद्धलाई दिएका थिए । अर्थात् सुजाताको भोजन चाहिं सरागी हुनुभएका बोधिसत्त्व ले गरेका थिए र चुन्दको भोजन चाहिं वीतरागी हुनुभएका बुद्धले गरेका थिए । अनि कसरी समानफल हुन सक्ला ?

यहाँ तीनप्रकारका समानता छन् । जस्तै – (१) परिनिर्वाण-समानता, (२) समापत्ति-समानता र (३) अनुस्मरणसमानता ।

(१) सुजाताले दिएको भोजन गरेर तथागत स-उपादिशेष *(क्लेशहरू जम्मै निरुद्ध भएका)* निर्वाणधातुमा परिनिर्वाण हुनुभयो । चुन्दले दिएको भोजन गरेर अनुपादिशेष *(पञ्चस्कन्धहरूसमेत निरुद्ध भएका)* निर्वाणधातुमा परिनिर्वाण हुनुभयो । यसरी परिनिर्वाण-समानताले गर्दा समानफल भएको हो ।

(२) अभिसम्बुद्ध हुने दिनमा तथागतले अग्रमार्गको हेतु भएको चौबीसकोटी एकलाख *(२४,०१,००,०००)* समापत्तिहरू गर्नुभएको थियो । महापरिनिर्वाण हुने दिनमा पनि ती जम्मै समापत्तिहरू गर्नुभएको थियो । यसरी समापत्ति-समानताले गर्दा समानफल भएको हो । त्यसैले भगवानले भन्नुभएको हो –

Downloaded from http://www.dhamma.digital

महानिसंसतर छन् ।' *(अत:)* 'आयुष्मान् चुन्द कम्मारपुत्रले आयु बढाइदिने कर्म संचित गरे, आयुष्मान् चुन्द कम्मारपुत्रले वर्ण बढाइदिने कर्म संचित गरे, आयुष्मान् चुन्द कम्मारपुत्रले सुख बढाइदिने कर्म संचित गरे, आयुष्मान् चुन्द कम्मारपुत्रले स्वर्ग पुऱ्याइदिने कर्म संचित गरे, आयुष्मान् चुन्द कम्मारपुत्रले यश ल्याइदिने कर्म संचित गरे तथा आयुष्मान् चुन्द कम्मारपुत्रले आधिपत्य ल्याइदिने कर्म संचित गरे ।' *(अतएव)* आनन्द ! चुन्द कम्मारपुत्रको चिन्तालाई यसरी दूर गराइदिनुपर्छ ।"

अनि यस अर्थलाई बुझ्नुभई त्यसबेला भगवान्ले यो उदान प्रकट गर्नुभयो –

**"दिनाले पुण्य बढ्छ, संयमले वैर संचय हुन्न ।**
**ज्ञानीले पापलाई त्याग्छ, रागद्वेषमोहको क्षयद्वारा ऊ निर्वाण प्राप्त गर्छ ।"**

**चतुर्थ भाणवार समाप्त ।**

# २३. भगवान् परिनिर्वाण मञ्चतिर

७१. अनि भगवान्ले आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो – "आऊ, आनन्द ! जहाँ हिरण्यवती नदीको उता पारिम तीर छ, जहाँ कुशीनाराका मल्लहरूको शालवन उपवन *(उपवत्तन)* छ, त्यहाँ जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । त्यसपछि भगवान् महत् भिक्षुसङ्घ साथ जहाँ हिरण्यवती नदीको उता पारिम तीर छ, जहाँ कुशीनाराका मल्लहरूको शालवन उपवत्तन छ, त्यहाँ जानुभयो । त्यहाँ जानुभई आयुष्मान् आनन्दलाई आमन्त्रणा गर्नुभयो – "आनन्द ! यमक शाल वृक्ष *(दुईवटा शाल रुख)* को बीचमा मेरो निमित्त उत्तर तर्फ सिरान राखी मञ्च *(खाता)* बनाइ देओ । आनन्द ! म क्लान्त छु, लेट्न चाहन्छु ।" "हवस्, भन्ते ! " भनी आयुष्मान्ले आनन्द प्रत्युत्तर दिइ यमक शालवृक्षको बीचमा उत्तरतर्फ सिरान राखी मञ्च बनाइ दिनुभयो । अनि भगवान् दाहिनेतिरबाट सिंहशय्या गरी *(दाँया)* खुट्टा माथि *(बाँया)* खुट्टा राखी स्मृतिसम्प्रजन्य भई लेट्नुभयो ।

त्यसबेला ती दुवै शालवृक्ष असमयमै धेरै फूलहरू फुलिरहेका थिए । तथागतको पूजा हेतु ती फुलहरू तथागतको शरीरमाथि छरिएर झरिरहेका थिए । दिव्य चन्दन चूर्ण पनि आकाशबाट वर्षा भईरहेका थिए, ··· दिव्य चन्दन चूर्ण पनि आकाशबाट तथागतको शरीरमाथि छरिएर झरिरहेका थिए ।

---

"भिक्षु हो ! जसको भिक्षा भोजन गरी भिक्षु अप्रमाण समाधिहरूमा बस्छ; यसद्वारा उसले *(दाताले)* धेरै धेरै पुण्य पाउँछ, धेरै धेरै कुशलहरू पाउँछ ··· आदि ।" (अ.नि-४, पृ. ५७-५८:पठमपुञ्ञाभिसन्दनसुत्तं, पुञ्ञाभिसन्दनवग्गो)

(३) पछि गएर जब सुजाताले "उनी वृक्षदेवता थिएनन् । उनी बोधिसत्त्व थिए । मेरो क्षीर भोजन गरेर उनले सम्यक्सम्बुद्धत्व लाभ गरे । सात सातासम्म त्यस आहारद्वारा उनको यापन भएको थियो" भन्ने कुरा सुनिन् तब "धन्य हो ! मेरो भोजन !" भन्दै आफ्नो दानको अनुस्मरण गर्दा उनको मनमा अपार प्रीति उत्पन्न भएको थियो । त्यस्तैगरी चुन्दलाई पनि अपार प्रीति उत्पन्न भएको थियो । भगवान् परिनिर्वाण भइसकेपछि जब चुन्दले आफूले दिएको भोजनदानको अनुस्मरण गरे तब उनको मनमा – 'अहो मेरो भोजन ! मेरो अन्तिम भोजन गरेर भगवान् अनुपादिशेष परिनिर्वाणधातुमा परिनिर्वाण हुनुभयो' भनी अपार प्रीति उत्पन्न भएको थियो । यसरी अनुस्मरण-समानताले गर्दा यी दुई दानका फलहरू समान भनिएको हो भन्ने कुरा बुझ्नसक्नुपर्छ ।

Downloaded from http://www.dhamma.digital

तथागतको पूजा हेतु आकाशमा दिव्य वाद्य बज्न थाल्यो ··· दिव्य संगीत पनि बज्न थाल्यो । आनन्द ! *(परन्तु)* यति गर्दैमा तथागतको सत्कृत, गुरुकृत, मानित, पूजित तथा उपचित हुने होइन । आनन्द ! जब भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू *(मैले उपदेश दिएका(* धर्मको मार्गमा आरुढ भई धर्मानुसार आचरण गरी विहार गर्नेछन्, यथार्थ मार्गमा आरुढ भई पालन गर्नेछन्, वृद्धि गर्नेछन् भन्ने त्यसबेला मात्र तथागतको सत्कृत, गुरुकृत, मानित, पूजित, अपचित हुने हुन्छ । आनन्द ! अतः तिमीहरूले धर्मको मार्गमा आरुढ भई धर्मानुसार आचरण गरी विहार गरे, यथार्थ मार्गमा आरुढ भई पालन गरे, वृद्धि गरें, आनन्द ! तिमीहरूले सिक्नुपर्छ ।

## उपवानलाई हटाइनु भएको

७३. त्यसबेला आयुष्मान् उपवान भगवान्को अगाडि उभिइ भगवान्लाई पंखा हम्कँदै हुनुहुन्थ्यो । अनि भगवान्ले उपवानलाई भन्नुभयो – "भिक्षु ! हटेर जाऊ, तिमी मेरो अगाडि उभिई नबस ।" त्यसपछि आयुष्मान् आनन्दलाई यस्तो भयो – 'यी आयुष्मान् उपवान चिरकालदेखि भगवान्को समीपमा बस्ने सन्तिकावचर *(सेवामा अनुचरको रूपमा काम गर्ने)* उपस्थाक हुनुहुन्थ्यो ।' त्यस्तो भए पनि अन्तिम समयमा भगवान्ले उहाँलाई – भिक्षु ! हटेर जाऊ, तिमी मेरो अगाडि उभिई नबस भनी हटाउनुभयो । भन्ते ! भगवान्ले आयुष्मान् उपवानलाई हटाउनु भएको के हेतु के प्रत्यय होला ?

"आनन्द ! धेरै नै दस लोक धातुका देवताहरू तथागतको *(अन्तिम)* दर्शन गर्न एकत्र भइ रहेछन् । आनन्द ! यो बेला यहाँ मल्लहरूको शालवनको चारैतिर बाऱ्ह बाऱ्ह योजनसम्म एउटा केशसम्म राख्ने ठाउँ खाली छैन जहाँ महेशाख्य *(धेरै नै प्रभावशाली भएका)* देवताहरू नहोस् । आनन्द ! ती देवताहरू खिन्न भईरहेका थिए – 'हामी तथागतको दर्शनको निमित्त धेरै टाढाबाट आएका हौं । लोकमा तथागत अरहत् सम्यक्सम्बुद्ध कहिलेकाहीं मात्र उत्पन्न हुन्छ, आजै रातको अन्तिम प्रहरमा तथागतको परिनिर्वाण हुनेछ । यहाँ भने यी महेशाख्य *(मोटे अथवा प्रतापीवाला)* भिक्षुले छेकेर तथागतको अगाडि उभिरहेछ । अन्तिम समयमा हामीलाई तथागतको दर्शन मिलिरहेको छैन ।'

७४. "भन्ते ! भगवान्ले ती देवताहरूको बारे कसरी देख्नुभएको छ ?

"आनन्द ! पृथ्वी संज्ञी देवताहरू आकाशमा आ-आफ्ना केश फिजाएर रोइरहेका छन् । दुवै हातले बाहु *(पाखुरा)* समातेर रोइरहेका छन् । काटेको रुख ढलेझैं जमिनमा लडेर बसिरहेका छन् । यता उति लडेर गुडेर विलाप गरिरहेका छन् – 'यति चाँडै भगवान् परिनिर्वाण हुन लाग्नुभयो । यति चाँडै सुगत परिनिर्वाण हुन लाग्नुभयो । यति चाँडै चक्षुष्मान् *(बुद्ध)* लोकबाट अन्तर्धान हुन लाग्नुभयो' ।"

"आनन्द ! पृथ्वीसंज्ञी देवताहरू पृथ्वी *(जमीन)* मा आ-आफ्ना केश फिजाएर रोइ रहेका छन् । दुवै हातले बाहु समातेर रोइरहेका छन् । काटेको रुख ढलेझैं जमिनमा लडेर बसिरहेका छन् । यताउति लडेर गुडेर विलाप गरिरहेका छन् – 'यति चाँडै भगवान् परिनिर्वाण हुन लाग्नुभयो । यति चाँडै सुगत परिनिर्वाण हुन लाग्नुभयो । यति चाँडै चक्षुष्मान् *(बुद्ध)* लोकबाट अन्तर्धान हुन लाग्नुभयो ।' परन्तु जो ती देवताहरू वीतरागका छन् उनीहरूले स्मृतिसम्प्रज्यन्य राखी *(धैर्य धारण गरी)* सहन गरिरहेका छन् – सङ्खार *(संस्कार)* अनित्य छ, अतः कसरी सधैं पाउनु सकिएला ?

Downloaded from http://www.dhamma.digital

## चार संवेजनीय स्थान

७५. "भन्ते ! पहिले दिशादिशाबाट वर्षावास बसी भिक्षुहरू भगवान्को दर्शन गर्न आइरहन्थे । ती मनोभावनीय भिक्षुहरूको दर्शन तथा सत्संगत हामीलाई मिलिरहन्थे । भन्ते ! अब भगवान् नरहनुभएपछि हामीले ती मनोभावनीय भिक्षुहरूको दर्शन पनि पाउँदैनौं होला ।"

"आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त यी चार दर्शनीय, संवेजनीय *(वैराग्यप्रद)* स्थान हुन् । कुन चार स्थान ? यहाँ तथागत उत्पन्न भयो[४१७] भनी – आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । यहाँ तथागत अनुत्तर सम्यक्सम्बुद्धत्व प्राप्त गर्नुभयो[४१८] भनी – आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । यहाँ तथागतले अनुत्तर धर्मचक्र प्रर्वतन *(प्रथम धर्मोपदेश)* गर्नुभयो[४१९] भनी – आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । यहाँ तथागत अनुपादिशेष निर्वाणधातुद्वारा परिनिर्वाण हुनुभयो[४२०] भनी – आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । आनन्द ! यी नै चार स्थान श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय, संवेजनीय स्थान हुन् ।

"आनन्द ! श्रद्धालु भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू *(भविष्यमा)* आउने छन् – 'यहाँ तथागत उत्पन्न भएको हो, यहाँ तथागतले अनुत्तर सम्यक्सम्बुद्धत्व प्राप्त गर्नुभएको हो, यहाँ तथागतले अनुत्तर धर्मचक्र *(प्रथम धर्मोपदेश)* प्रर्वतन गर्नुभएको हो, यहाँ तथागत अनुपादिशेष निर्वाण धातुद्वारा परिनिर्वाण हुनुभएको हो । आनन्द ! जो कसैको यी चेतियहरूमा चारिका गरी प्रसन्न चित्त राखी मृत्यु हुन्छ, ती सबै मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् ।'

## आनन्दको प्रश्न

७६. "भन्ते ! हामीले स्त्रीहरूसित कस्तो व्यवहार गर्नुपर्छ ?"

"आनन्द ! मुख नहेर्नू ।

"भन्ते ! मुख हेर्नु पऱ्यो भन्ने कसरी व्यवहार गर्नु पर्छ ?"

"आनन्द ! कुरा नगर्नू ।"

"भन्ते ! कुरा गर्नु पऱ्यो भन्ने कसरी व्यवहार गर्नु पर्छ ?"

"आनन्द ! स्मृतिलाई सम्हाली होस राखेर बस्नू ।"

७७. "भन्ते ! *(निर्वाणोत्तर)* तथागतको शरीरलाई हामीले के गर्नुपर्छ ?"

"आनन्द ! तथागतको शरीर पूजामा तिमीहरू नलाग । आनन्द ! तिमीहरूले सारत्थको निमित्त प्रयत्न गर्नु पर्छ, सारत्थको निमित्त उद्योग गर्नुपर्छ । सारत्थको निमित्त अप्रमादी, उद्योगी, संयमी भई

---

४१७ लुम्बिनी ।

४१८ बुद्धगया ।

४१९ सारनाथ ।

४२० कुसीनारा *(कुशीनगर)* ।

Downloaded from http://www.dhamma.digital

विहार गर्नुपर्छ । आनन्द ! क्षत्रिय पण्डितहरू, ब्राह्मण पण्डितहरू, गृहपति पण्डितहरू तथागतप्रति अभिप्रसन्न छन् । उनीहरूले तथागतको शरीर-पूजा गर्नेछन् ।

७८. "भन्ते ! तथागतको शरीरलाई कस्तो व्यवहार गर्नु पर्छ ?" "आनन्द ! जस्तो चक्रवर्ती राजाको शरीरलाई व्यवहार गर्नु पर्ने हो त्यस्तै नै तथागतको शरीरलाई पनि गर्नु पर्छ ।"

"भन्ते ! चक्रवर्ती राजाको शरीरलाई कस्तो व्यवहार गर्नु पर्छ ?"

"आनन्द ! चक्रवर्ती राजाको शरीरलाई नयाँ वस्त्रले *(अहतेन वत्थेन)* बेर्नुपर्छ, त्यसपछि राम्ररी धुलाई राखेको रुवा कपास राखेर फेरि नयाँ वस्त्रले बेर्नु पर्छ । यसरी रुवा कपास र नयाँ वस्त्रले पाँचसय पटक बेरेर चक्रवर्ती राजाको शरीरलाई तेल भरिएको सुवर्ण द्रोणीमा राखी अर्को फलामको खाली द्रोणीले छोपी सबै चन्दन आदि सुगन्धित काष्टादि दाउराको चित्ता बनाई चक्रवर्ती राजाको शरीरलाई जलाइन्छ । चतुमहापथ *(ठूल ठूला चौबाटो)* मा चक्रवर्ती राजाको स्तूप *(स्मृतिस्तम्भ)* बनाइन्छ । आनन्द ! जसरी चक्रवर्ती राजाको शरीर क्रिया गरिने हो त्यसरी नै तथागतको शरीर क्रिया गर्नुपर्छ । चतुमहापथमा तथागतको स्तूप बनाउनुपर्छ । त्यहाँ जो कसैले माला, गन्ध, चूर्ण चढाउँछ अथवा चित्त प्रसन्न पार्छ उसको निमित्त दीर्घकाल सम्म हित सुख हुन्छ ।

## स्तूप बनाउन योग्य पुद्‌गलहरू

७९. "आनन्द ! यी चार स्तूप बनाउन योग्य *(थूपारहो)* छन् । के के चार ? (१) तथागत अरहत् सम्यक्सम्बुद्धको*(अस्थिधातु)* स्तूप बनाउन योग्य छ । (२) प्रत्येक बुद्धहरूका *(अस्थिधातु)* स्तूप बनाउन योग्य छ । (३) तथागत अरहत्‌हरूका *(अस्थिधातु)* स्तूप बनाउन योग्य छ । (४) चक्रवर्ती राजाहरूका *(अस्थिधातु)* स्तूप बनाउन योग्य छ ।

"आनन्द ! (१) तथागत अरहत् सम्यक्सम्बुद्धको किन स्तूप बनाउन योग्य भएको ? यो उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धको स्तूप हो – *(यसरी मनमा राखी)*, आनन्द ! धेरै मानिसहरूले आफ्नो चित्त प्रसन्न पार्छन् । त्यहाँ आफ्नो चित्त प्रसन्न पारी मरणपछि उनीहरू सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् । आनन्द ! यहीं कारणले तथागत अरहत् सम्यक्सम्बुद्धको स्तूप बनाउन योग्य छ ।

(२) "आनन्द ! प्रत्येकबुद्धहरूको किन स्तूप बनाउन योग्य भएको ? यो प्रत्येकबुद्धको स्तूप हो – *(यसरी मनमा राखी)* आनन्द ! धेरै मानिसहरूले आफ्नो चित्त प्रसन्न पार्छन् । त्यहाँ आफ्नो चित्त प्रसन्न पारी मरण पछि उनीहरू सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् । आनन्द ! यहीं कारणले प्रत्येकबुद्धहरूको स्तूप बनाउन योग्य छ ।

(३) "आनन्द ! तथागतको श्रावकहरूको किन स्तूप बनाउन योग्य भएको ? यो तथागतको श्रावकको स्तूप हो – *(यसरी मनमा राखी)*, आनन्द ! धेरै मानिसहरूले आफ्नो चित्त प्रसन्न पार्छन् । त्यहाँ आफ्नो चित्त प्रसन्न पारी मरणपछि उनीहरू सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् । आनन्द ! यही कारणले तथागतका श्रावकहरूको स्तूप बनाउन योग्य छ ।

(४) "आनन्द ! चक्रवर्ती राजाको किन स्तूप बनाउन योग्य भएको ? यो धार्मिक, धर्मराजा चक्रवर्तीको स्तूप हो – *(यसरी मनमा राखी)*, आनन्द ! धेरै मानिसहरूले आफ्नो चित्त प्रसन्न पार्छन् । त्यहाँ आफ्नो चित्त प्रसन्न पारी मरणपछि उनीहरू सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् । आनन्द ! यही कारणले चक्रवर्ती राजाको स्तूप बनाउन योग्य छ ।

Downloaded from http://www.dhamma.digital

## आनन्दको आश्चर्य-धर्म

८०. अनि, आयुष्मान् आनन्द विहारभित्र गएर खापाको आग्लो *(द्वारकाष्ठ)* पक्रेर उभिएर रोइरहे – 'म भने शैक्ष छु, सकरणीय छु । जो मेरा अनुकम्पक हुनुहुन्छ, मेरा शास्ता हुनुहुन्छ *(अब)* परिनिर्वाण भएर जाँदै हुनुहुन्छ ।' अनि भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रणा गर्नुभयो – "भिक्षु हो ! आनन्द कहाँ छ ?"

"भन्ते ! उहाँ आयुष्मान् आनन्द विहारभित्र गएर खापाको आग्लो पक्रेर उभिएर – 'म शैक्ष छु, सकरणीय छु । जो मेरा अनुकम्पक हुनुहुन्छ, मेरा शास्ता हुनुहुन्छ *(अब)* परिनिर्वाण भएर जाँदै हुनुहुन्छ' – भनी रोइरहनुभएको छ । अनि भगवान्‌ले कुनै एकजना भिक्षुलाई आमन्त्रणा गर्नुभयो – यता आऊ, भिक्षु ! मेरो वचनले तिमी आनन्दलाई बोलाउनू – "आवुसो आनन्द ! शास्ताले तिमीलाई बोलाइरहनु भएको छ ।" "हवस्, भन्ते !" भनी त्यो भिक्षुले भगवान्‌लाई प्रत्युत्तर दिई जहाँ आनन्द हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गइ आयुष्मान् आनन्दलाई यस्तो भन्ने – "आवुसो आनन्द ! तथागतले तपाईंलाई बोलाउनुभएको छ ।" "हवस्, आवुसो !" भनी त्यस भिक्षुलाई प्रत्युत्तर दिई आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गएर भगवान्‌लाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेका आयुष्मान् आनन्दलाई भगवान्‌ले भन्नुभयो – "आनन्द ! भैगो, शोक नगर, नरोओ । आनन्द ! मैले पहिले नै भनेको थिएन र – सबै प्रिय मनापसित विछोड हुनुपर्छ, छोड्नुपर्छ, सधैं कहाँ सँगै बस्न पाइएला ? जति पनि उत्पन्न *(जन्मेका)* छन्, त्यी सबै भूत संस्कारका हुन्, ती सबै परलोक धर्मका हुन् । तथागतको शरीर पनि नाश नहोस् भन्ने कुरा सम्भव छैन । आनन्द ! तिमीले दीर्घरत्त अर्थात् दीर्घकालदेखि हितमय सुखमय एवं अपरिमित मैत्रीपूर्ण कायकर्मद्वारा तथागतको सेवा परिचर्या गरेकाछौ ··· मैत्रीपूर्ण वचन कर्मद्वारा तथागतको सेवा परिचर्या गरेकाछौ ··· मैत्री पूर्ण मनःकर्मद्वारा तथागतको सेवा परिचर्या गरेकाछौ । आनन्द ! तिमी कृतपुण्य अर्थात् पुण्य संग्राहक हौ । निर्वाण साधना *(प्रधान)* मा मन लगाएर चाडै नै अनास्रव हुनेछौ ।"

८१. त्यसपछि भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रणा गर्नुभयो – "भिक्षु हो ! जो ती अतीत समयका तथागत अरहत् सम्यक्सम्बुद्ध थिए उहाँ भगवान्‌हरूका उपस्थाक पनि त्यति कै परम उपस्थाक थिए जति हाम्रा आनन्द छन् । भिक्षु हो ! जो ति भविष्यमा हुने तथागत अरहत् सम्यक्सम्बुद्ध हुनुहुने छन् उहाँ भगवान्‌हरूका उपस्थाक पनि त्यतिकै परम उपस्थाक हुनेछन् । जति हाम्रा आनन्द छन् । भिक्षु हो ! आनन्द पण्डित छ । भिक्षु हो ! आनन्द मेधावी छ । ऊ जान्दछ कि यो भिक्षुहरूको तथागत दर्शन गर्न जाने समय हो ··· भिक्षुणीहरूको ··· उपासकहरूको ··· उपासिकाहरूको ··· राजाहरूको ··· महामात्यहरूको ··· तैर्थिकहरूको ··· तैर्थिक-श्रावकहरूको तथागत दर्शन गर्न जाने समय हो ।

८२. "भिक्षु हो ! आनन्दसित यी चार आश्चर्य-अद्भुत-धर्महरू छन् । के के चार ? (१) यदि भिक्षु परिषद् आनन्दको दर्शन गर्न आयो भने उसको दर्शनैबाट सन्तुष्ट हुन्छ । यदि आनन्दले धर्मकोबारे भाषण गर्छ भने भिक्षुपरिषद् त्यसलाई सुनी सन्तुष्ट हुन्छ । बरू त्यो भिक्षुपरिषद् त्यस बेला असन्तुष्ट हुन्छ जुन बेला आनन्द भाषण सिध्याई चुप हुन्छ । (२) यदि भिक्षुणी परिषद् ··· । (३) यदि उपासक परिषद् ··· । (४) यदि उपासिका परिषद् ··· *(पूर्ववत्)* ··· । भिक्षु हो ! यही चार आश्चर्य-अद्भुत गुण धर्महरू आनन्दसित छन् ।

Downloaded from http://www.dhamma.digital

"भिक्षु हो ! चक्रवर्ती राजासित यी चार आश्चर्य-अद्भुत-धर्महरू छन् । के के चार ? (१) यदि क्षत्रिय परिषद् चक्रवर्ती राजाको दर्शन गर्न आयो भने उसको दर्शनैबाट सन्तुष्ट हुन्छ । यदि चक्रवर्ती राजाले भाषण गर्छ भने क्षत्रिय परिषद् त्यसलाई सुनी सन्तुष्ट हुन्छ । बरू त्यो क्षत्रिय परिषद् त्यसबेला असन्तुष्ट हुन्छ जुन बेला चक्रवर्ती राजा भाषण सिध्याई चुप हुन्छ । (२) यदि ब्राह्मण परिषद् ··· । (३) यदि गृहपति परिषद् ··· । (४) यदि श्रमण परिषद् ··· *(पूर्ववत्)* ··· । भिक्षु हो ! यही चार अद्भुत गुण धर्महरू चक्रवर्ती राजासित छन् । भिक्षु हो ! आनन्दसित यी नै चार आश्चर्य-अद्भुत-धर्महरू छन् । के के चार ? (१) यदि भिक्षुपरिषद् आनन्दको दर्शन गर्न आयो भने उसको दर्शनैबाट सन्तुष्ट हुन्छ । यदि आनन्दले धर्मको बारे भाषण गर्छ भने भिक्षुपरिषद् त्यसलाई सुनी सन्तुष्ट हुन्छ । बरू त्यो भिक्षु परिषद् त्यस बेला असन्तुष्ट हुन्छ जुन बेला आनन्द भाषण सिध्याई चुप हुन्छ । (२) यदि भिक्षुणी परिषद् ··· । (३) यदि उपासक परिषद् ··· । (४) यदि उपासिकापरिषद् ··· *(पूर्ववत्)* ··· । भिक्षु हो ! यी नै चार अद्भुत गुण धर्महरू आनन्दसित छन् ।

## महासुदर्शन राजाको कथा

८३. आयुष्मान् आनन्दले भगवान्लाई यस्तो निवेदन गरे – "भन्ते ! भगवान् यस्तो सानो नगरमा, जंगली प्रदेशमा, शाखा नगरमा परिनिर्वाण नहुनुहोस् । भन्ते ! धेरैधेरै ठूलठूला महानगरहरू छन्, जस्तो कि चम्पा, राजगृह, श्रावस्ती, साकेत, कौशाम्बी, वाराणसी । त्यहाँ भगवान् परिनिर्वाण हुनु होस् । त्यहाँ तथागतप्रति अभिप्रसन्न भएका धेरैधेरै क्षत्रिय महाशाल *((धनाढ्य)* हरू, ब्राह्मण महाशालहरू, गृहपति महाशालहरू छन् । तिनीहरूले तथागतको शरीरलाई पूजा गर्नेछन् ।

"आनन्द ! यस्तो नभन । आनन्द यस्तो सानो नगर, जंगली प्रदेश, शाखा नगर – नभन । आनन्द ! प्राचीन कालमा यहाँ धार्मिक, धर्मराजा, चतुर्द्वीप विजेता, जनपदमा प्रख्यात भएका शान्ति स्थापक सात रत्न सम्पन्न भएका महासुदस्सन *(महासुदर्शन)* चक्रवर्ती राजा भएका थिए । आनन्द ! महासुदस्सन राजाको यहीं नै कुसीनारा 'कुशावती' नामक पूर्व-पश्चिम १२ योजन लमाइ, उत्तर दक्षिण सात योजन चौडाइ भएको राजधानी थियो । आनन्द ! कुशावती राजधानी समृद्ध थियो, धनधान्य सम्पन्न जनाकीर्ण तथा सुभिक्षमय थियो । जस्तोकि, आनन्द ! देवताहरूको आलकमंदा नामको नगर समृद्ध ··· थियो । आनन्द ! यही प्रकारले कुशावती राजधानी समृद्ध थियो, धनधान्य-सम्पन्न, जनाकीर्ण तथा सुभिक्षमय थियो । आनन्द ! यस नगरमा रात दिन *(चौबीसै घण्टा)* दस प्रकारको शब्द लगातार गुँजिरहन्थे, जस्तोकि (१) हात्तीको आवाज, (२) घोडाको आवाज, (३) रथको आवाज (४) भेरीको शब्द (५) मृदङ्गको स्वर, (६) वीणाको स्वर, (७) गीतको शब्द, (८) शंखको स्वर, (९) लयबद्ध हातहरूको ताली तथा (१०) स्नान गर्नुहोस्, खानुहोस्, पिउनुहोस् आदि शब्द । जाऊ आनन्द ! कुशीनारामा गई कुसीनारावासी मल्लहरूलाई भन – "वाशिष्ठ ! आज रातको अन्तिम प्रहरमा तथागतको परिनिर्वाण हुँदैछ । आओ, वाशिष्टहरू हो ! आऔं, पछि पश्चाताप नगर – "हाम्रै ग्राम क्षेत्रमा तथागतको परिनिर्वाण हुनुभएर पनि हामीले अन्तिम समयमा तथागतको दर्शन गर्न पाएनौं । "

"हवस्, भन्ते ! " भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिएर चीवर पहिरी पात्र चीवर धारण गरी एक जना भिक्षु साथ कुसीनारामा प्रवेश गर्नुभयो ।

Downloaded from http://www.dhamma.digital

## मल्लहरूद्वारा वन्दना

८४. त्यस बेला कुसीनारावासी मल्लहरू केही *(विशेष)* कामले संस्थागारमा भेला भईरहेका थिए । अनि आयुष्मान् आनन्द जहाँ कुसीनाराको मल्लहरूको संस्थागार हो, त्यहाँ जानुभयो । त्यहाँ जानुभई कुसीनाराबासी मल्लहरूलाई यसो भन्नुभयो – 'वाशिष्ठहरू हो ! आज रातको अन्तिम प्रहरमा तथागतको परिनिर्वाण हुँदैछ । आऔं, वाशिष्ठहरू हो ! आऔं, पछि पश्चाताप नगर – हाम्रै ग्राम क्षेत्रमा तथागतको परिनिर्वाण भएर पनि हामीले अन्तिम समयमा तथागतको दर्शन गर्न पाएनौं' ।" आयुष्मान् आनन्दको कुरा सुनी मल्लहरू, मल्पुत्रहरू, मल्लवधूरू, मल्ल प्रजापतिहरू दु:खित दुर्मना, दु:ख समर्पित-चित्त राखी कुनै-कुनै त केश छाडी रोइरहेका थिए । दुवै हातले बाहु सम्मातेर रोइरहेका थिए । काटेको रुख ढलेभैं जमिनमा लडेर यताउति लडेर, गुडेर विलाप गरिरहेका थिए – 'यति चाँडै भगवान् परिनिर्वाण हुन लाग्नुभयो । यति चाँडै *(बुद्ध)* लोकबाट अन्तर्धान हुन लाग्नुभयो' । अनि मल्लहरू ··· दु:खित दुर्मना, दु:ख समर्पित ··· भई जहाँ उपवत्तन मल्लहरूको शालवन हो, जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो, त्यहाँ गए । त्यसपछि आयुष्मान् आनन्दलाई यस्तो भयो – 'यदि मैले कुसीनाराका मल्लहरूलाई एकएक गरी भगवान्लाई वन्दना गराउं भने भगवान्लाई कुसीनाराका मल्लहरूबाट अभिवन्दित गराउँदैमा आजको रात बितेर जानेछ । अत: किन म कुसीनाराका मल्लहरूको एउटाएउटा कुल क्रमअनुसार भगवान्लाई यसरी वन्दना नगराउँ – 'भन्ते ! अमुक मल्ल सपुत्र, सभार्या, स-परिषद्, स-अमात्य भगवान्को चरणमा शिरले वन्दना गर्दछ ।' अनि आयुष्मान् आनन्दले कुसीनाराका मल्लहरूलाई एकएक कुल क्रमअनुसार *(यहीं रीतले)* भगवान्लाई वन्दना गराए । – 'भन्ते ! अमुक मल्ल ··· सपुत्र, सभार्या स-परिषद्, स-अमात्य भगवान्को चरणमा शिरले वन्दना गर्दछ ।' यस उपायबाट त्यो रात्रिको प्रथम प्रहरमै ती मल्लहरूद्वारा भगवान्लाई वन्दना गर्ने क्रम पूरा भयो ।

## सुभद्द परिव्राजकको प्रव्रज्या

८५. त्यसबखत सुभद्द *(सुभद्र)* भन्ने परिव्राजक कुसीनगरमा बसिरहेका थिए । अनि सुभद्द परिव्राजकले 'आज कै रातको अन्तिम याममा श्रमण गौतमको परिनिर्वाण हुनेछ' भन्ने सुने । अनि सुभद्द परिव्राजकलाई यस्तो लाग्यो – "परिव्राजकहरूका जेठापाका आचार्य प्राचार्यहरूले 'कहिलेकाहिं मात्र तथागत अरहत् सम्यक्सम्बुद्धहरू लोकमा उत्पन्न हुन्छन्' भनी भनेका कुरा मैले सुनेको छु । आजकै रातको अन्तिम याममा श्रमण गौतमको परिनिर्वाण हुनेछ भन्ने पनि सुन्दछु । ममा यस्तो शंका लागेको छ । श्रमण गौतममाथि म यति प्रसन्न छु – श्रमण गौतम मलाई त्यस्तो धर्मोपदेश गर्न सक्नुहुन्छ जसले गर्दा यो मेरो शंका दूर हुने छ ।" यति सोची सुभद्द परिव्राजक जहाँ उपवत्तन भन्ने मल्लहरूको शालवन हो, जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् आनन्दसँग बिन्ती गरे – "भो आनन्द ! मैले परिव्राजकहरूका जेठापाका आचार्य प्राचार्यहरूले 'कहिलेकाहिं मात्र तथागत अरहत् सम्यक्सम्बुद्धहरू लोकमा उत्पन्न हुन्छन्' भन्ने कुरा सुनेको छु । आजकै रातको अन्तिम याममा श्रमण गौतमको परिनिर्वाण हुनेछ । ममा यस्तो शंका लागेको छ । श्रमण गौतमदेखि म यति प्रसन्न छु – श्रमण गौतम मलाई त्यस्तो धर्मोपदेश गर्न सक्नुहुन्छ जसले गर्दा यो मेरो शंका दूर हुनेछ । त्यसैले भो आनन्द ! मलाई श्रमण गौतमको दर्शन गर्ने मौका दिनुभए बेश हुने थियो ।" यस्तो भन्दा आयुष्मान् आनन्दले सुभद्द परिव्राजकलाई यसो भन्नुभयो – "आवुसो सुभद्द ! भइहाल्यो, तथागतलाई कष्ट नदेओ । भगवान् थाक्नुभएको छ ।" दोस्रो पटक पनि ··· तेस्रो पटक पनि सुभद्द परिव्राजकले जेठापाका आचार्य प्राचार्यहरूले 'कहिलेकाहीं मात्र तथागत अरहत् सम्यक्सम्बुद्धहरू लोकमा उत्पन्न हुन्छन्' भन्ने कुरा

Downloaded from http://www.dhamma.digital

सुनेको छु । आजकै रातको अन्तिम् याममा श्रमण गौतमको परिनिर्वाण हुनेछ । मलाई यस्तो शंका लागेको छ । श्रमण गौतममाथि म यति प्रसन्न छु – श्रमण गौतम मलाई त्यस्तो धर्मोपदेश गर्न सकनुहुन्छ जसले गर्दा यो मेरो शंका दूर हुनेछ । त्यसैले भो आनन्द ! मलाई श्रमण गौतमको दर्शन गर्ने मौका दिनुभए बेश हुने थियो ।" तेस्रो पटक पनि आयुष्मान् आनन्दले सुभद्द परिव्राजकलाई यस्तो भने – "आवुसो सुभद्द ! भइहाल्यो, तथागतलाई कष्ट नदेओ । भगवान् थाक्नुभएको छ ।"

८६. अनि भगवान्ले आयुष्मान् आनन्दको सुभद्द परिव्राजकसँग भईरहेको कुराकानी सुन्नुभयो । अनि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो – "आनन्द ! भइहाल्यो, सुभद्दलाई न रोक, आनन्द ! सुभद्दले तथागतको दर्शन पाऊन् । जति पनि सुभद्दले मसँग सोध्नेछन् त्यो सबै जान्ने अभिप्रायले सोध्नेछन्, दुःखदिने अभिप्रायले होइन । जुन प्रश्नको उत्तर बताउनेछु त्यो उनले चाँडै नै बुझ्नेछन् ।" अनि आयुष्मान् आनन्दले सुभद्द परिव्राजकलाई यसो भन्नुभयो – "सुभद्द ! जाऊ, भगवान्ले अवकाश दिनुहुन्छ ।" अनि सुभद्द परिव्राजक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गएर भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका सुभद्द परिव्राजकले भगवान्लाई यस्तो बिन्तीगरे – "भो गौतम ! जो ती श्रमण ब्राह्मणहरू संघी, गणी, गणाचार्य, प्रख्यात, यशस्वी, तीर्थकर र धेरैजनाको साधुसम्मत हुन् जस्तै – पूरण कश्यप, मक्खली गोशाल, अजित केशकम्बल, प्रकुध कात्यायन, सञ्जय बेलट्ठपुत्र र निगण्ठनाटपुत्र हुन् । के ती सबैले आफूले प्रकाश गरेका कुरालाई साक्षात्कार गरेका छन् ? वा गरेका छैनन् ? अथवा केहीले साक्षात्कार गरेका छन्, केहीले गरेका छैनन् ? ..."

"सुभद्द ! ती सबैले आ-आफूले प्रकाश गरेका कुरालाई साक्षात्कार गरेका छन् वा छैनन् अथवा केहीले साक्षात्कार गरेका छन्, केहीले गरेका छैनन् भन्ने यो कुरा छाडिदेओ । सुभद्द ! म तिमीलाई धर्मोपदेश गर्नेछु । त्यो राम्ररी सुन, मनमा राख, भन्नेछु ।"

"हवस्, भन्ते !"भनी सुभद्द परिव्राजकले भगवान्लाई प्रत्युत्तर दिए । भगवान्ले यसो भन्नुभयो –

८७. "सुभद्द ! जुन धर्मविनयमा आर्य-अष्टाङ्गिक मार्ग पाइँदैन श्रमण पनि त्यहाँ पाइँदैन । दोस्रो श्रमण पनि त्यहाँ पाईदैन । तेस्रो श्रमण पनि त्यहाँ पाइँदैन । चौथो श्रमण पनि त्यहाँ पाइँदैन । सुभद्द ! जुन धर्मविनयमा आर्य-अष्टाङ्गिक मार्ग पाइन्छ; श्रमण पनि त्यहाँ पाइन्छ । दोस्रो श्रमण पनि त्यहाँ पाइन्छ । सुभद्द ! यस धर्मविनयमा आर्य-अष्टाङ्गिक मार्ग पाइन्छ । सुभद्द ! यहीं श्रमण पाइन्छ । यहीं दोस्रो श्रमण, यहीं तेस्रो श्रमण, यहीं चौथो श्रमण पाइन्छ । अरू वादमा श्रमणहरू शून्य छन् । सुभद्द ! यी भिक्षुहरू यहाँ ठीकसँग बसेमा यो लोक अरहन्तहरूले शून्य हुने छैन ।"

"सुभद्द ! उनन्तीस वर्षको उमेरमा जो म किंकुशल गवेशी भई प्रवजित भएँ ।

"सुभद्द ! अहिले प्रव्रजित भएको पचास वर्षभन्दा बढी भइसक्यो ।

"न्याय धर्मको *(आर्यमार्गको)* प्रदेशमा यसभन्दा बाहिर श्रमण पनि छैन ।"

"दोस्रो श्रमण पनि छैन । तेस्रो श्रमण पनि छैन । चौथो श्रमण पनि छैन । श्रमणहरूबाट परवाद शून्य छन् । सुभद्द ! यी भिक्षुहरू यहाँ ठीकसँग बसेमा यो लोक अरहन्तहरूले शून्य हुने छैन ।"

यस्तो भन्नुहुँदा सुभद्द परिव्राजकले भगवान्लाई यस्तो भने – "धन्य हो भन्ते ! धन्य हो भन्ते ! ! भन्ते ! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिंदा वा ढाकिएकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो देखाइदिंदा वा अन्धकारमा तेलको दियो बालिदिंदा आँखा हुनेहरूले रूपहरू देख्ने हुन् त्यस्तैगरी भगवान्ले

Downloaded from http://www.dhamma.digital

अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो । भन्ते ! अब म भगवान्को शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि । भन्ते ! भगवान् समक्ष मैले प्रव्रज्या र उपसम्पदा पाऊँ ।"

"सुभद्द ! जो अघि अन्यतीर्थिय *(अन्य सम्प्रदायका साधु)* भएकाले – यस धर्मविनयमा प्रव्रज्या र उपसम्पदा हुन चाहन्छन् भने – उसले चार महिनासम्म परिवास बस्नुपर्छ । चार महिना बितेपछि यदि भिक्षुहरू सन्तुष्ट भएमा *(उनीहरूले)* प्रव्रजित र भिक्षुत्वको निमित्त उपसम्पदा पनि गर्छन् । किन्तु मलाई व्यक्ति विशेषता पनि थाहा छ ।"

"भन्ते ! यदि पहिले अन्यतीर्थिय भएकाले – यस धर्मविनयमा प्रव्रज्या तथा उपसम्पदा चाहेमा – चार महिला परिवास बस्नुपर्छ र चार महिना बितेपछि सन्तुष्ट भएका भिक्षुहरूले भिक्षुत्वको निमित्त प्रव्रज्या र उपसम्पदा गर्छन् भने म चारवर्ष परिवास बस्नेछु । चारवर्ष पूरा भएपछि सन्तुष्ट भएका भिक्षुहरूले भिक्षुत्वको निमित्त मलाई प्रव्रज्या र उपसम्पदा गरून् ।"

अनि भगवान्ले आयुष्मान् आनन्दलाई बोलाउनुभयो – "त्यस्तो भए आनन्द ! सुभद्दलाई प्रव्रज्या गर ।" "हवस् भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । अनि सुभद्द परिव्राजकले आयुष्मान् आनन्दलाई यसो भने[४२१] – "आवुसो आनन्द ! यो तपाईंहरू सबैको निमित्त लाभ हो । आवुसो आनन्द ! यो तपाईहरू सबैको निमित्त सुलाभ हो ! ! जो यहाँ तपाईंहरूले शास्ताको समक्ष अन्तेवासिक अभिषेकले अभिषेक लिन पाउनुभयो ।" सुभद्द परिव्राजकले भगवान्समक्ष प्रव्रज्या र उपसम्पदा पाए । उपसम्पन्न भएको केही छिन पछि एकान्तवासमा बसी अप्रमत्त भई, आतप्तयुक्त वीर्य गरिरहँदा चाँडै नै आयुष्मान् सुभद्दले जसको निमित्त कुलपुत्रहरू सम्यक रूपले घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छन् – त्यो अनुत्तर फल प्राप्त गरी ब्रह्मचर्यवास पूरा गरी यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी उपशान्त भई बसे । जन्म क्षीणभयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त यहाँ आउनुपर्ने कुनै कारण छैन" भन्ने पनि जाने । आयुष्मान् सुभद्द अरहत्हरूमध्येमा एक भए । उहाँ भगवान्का अन्तिम साक्षिश्रावक[४२२] हुन् ।

Dhamma.Digital

**पञ्चम भाणवार समाप्त ।**

## तथागतको अन्तिम वचन

८९. त्यसपछि भगवान्ले आयुष्मान् आनन्दलाई यस्तो आज्ञा गर्नुभयो – "आनन्द ! सायद तिमीहरूलाई यस्तो लाग्न सक्छ – बितेका *(अतीत)* शास्ताको यो वचन हो, *(अब)* हाम्रा शास्ता छैनन् । आनन्द ! यस्तो मनमा लिनुहुन्न । आनन्द ! जुन धर्म र विनय देशना गरेको हो प्रज्ञप्त गरेको हो, म न भइसकेपछि त्यही धर्म र विनय तिमिहरूको शास्ता हुनेछन् । आनन्द ! जसरी हिजो आज भिक्षुहरू एक

४२१ आचार्य अमृतानन्दले यहाँ यसरी अनुवाद गर्नु भएको थियो – "आवुसो आनन्द ! यो मेरो निमित्त लाभ हो । आवुसो आनन्द ! यो मेरो निमित्त सुलाभ हो ! ! जो यहाँ मैले शास्ताको समक्ष अन्तेवासिक अभिषेकले अभिषेक लिन पाएँ । बु.का.प. III. पृ. २६५ ।

४२२ भगवानको जीवनकालमा भगवान् समक्ष प्रव्रजित भई अरहत्फल पाउने श्रावकहरूलाई 'साक्षिश्रावक' भनिन्छ । यी सुभद्द पनि भगवान् समक्ष प्रव्रजित भई भगवान् छँदा नै अरहत्व प्राप्त गर्ने भगवानका अन्तिम श्रावक शिष्य थिए । त्यसैले उहाँलाई 'साक्षिश्रावक' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

आपसमा 'आवुसो' भनी सम्बोधन गर्छन्, म नभएपछि त्यसरी नै सम्बोधन गरी कुरा नगर्नू । आनन्द ! स्थविरतर *(उपसम्पदा प्रव्रज्यामा जेष्ठ)* भिक्षुहरूले नवकतर *(उपसम्पदा प्रव्रज्यामा कान्छो)* गोत्र अथवा आवुसो भनी बोलाउनू । नवकतर भिक्षुले स्थविरतरलाई 'भन्ते' अथवा 'आयुष्मान्' भनी बोलाउने गर । आनन्द ! इच्छा भएमा म नभएपछि सङ्घले ससाना *(क्षुद्र-अनुक्षुद्र)* शिक्षापदहरूलाई छाड्न सक्छ । आनन्द ! म नभएपछि छन्द भिक्षुलाई ब्रह्मदण्ड देओ ।

"भन्ते ! ब्रह्मदण्ड भनेको के हो ?"

"आनन्द ! छन्न भिक्षुले अरू भिक्षुहरूलाई जे भने तापनि भिक्षुहरूले उसित केही पनि नबोल्नू, उपदेश नदिनू, अनुशासन नगर्नू ।"

९०. त्यसपछि भगवान्ले भिक्षुहरूलाई आमन्त्रणा गर्नुभयो – "भिक्षु हो ! बुद्ध, धर्म, सङ्घ, मार्ग अथवा प्रतिप्रदा *(उपाय)* बारे कोही एकजना भिक्षुको पनि शंका *(सन्देह)*, छ भने सोध । भिक्षु हो ! पछि पच्छुताउनु नपरोस् – 'शास्ता हाम्रा सम्मुख हुनुहुन्थ्यो, हामीले भगवान्को सम्मुख केही पनि सोध्न पाएनौं ।' यस्तो आज्ञा हुँदा ती भिक्षुहरू केही पनि नबोलीकन मौन भईरहे । दोस्रो पटक पनि भगवान्ले ··· *(पूर्ववत्)* ··· तेस्रो पटक पनि भगवान्ले भिक्षुहरूलाई आमन्त्रणा गर्नुभयो – "भिक्षु हो ! बुद्ध, धर्म, सङ्घ, मार्ग अथवा कांक्षा छ भने सोध । भिक्षु हो ! पछि पच्छुताउनु नपरोस – 'शास्ता हाम्रा सम्मुख हुनुहुन्थ्यो, हामीले भगवान्को सम्मुख केही पनि सोध्न पाएनौं ।' यस्तो आज्ञा हुँदा ती भिक्षुहरू केही पनि नबोलीकन मौन भईरहे । *(फेरि तथागतले भन्नुभयो –)* भिक्षु हो ! तथागतप्रति गौरव राखी *(सङ्कोचको कारण)* तिमीहरूले तथागतसँग नसोधेको हो भने तिमीहरूले आफ्ना सहायक *(मित्र भिक्षुहरू)* मार्फत सोध । यस्तो आज्ञा हुँदा पनि ती भिक्षुहरू केही पनि नबोलीकन मौन भईरहे । त्यसपछि आयुष्मान् आनन्दले भगवान्लाई यस्तो बिन्ती गरे – "आश्चर्य हो, भन्ते ! अद्‌भुत हो, भन्ते ! आज म यो भिक्षुसङ्घप्रति यो देखेर अत्यन्त प्रसन्न भईरहेको छ कि यो *(यति ठूलो)* भिक्षुसङ्घमा एक जना पनि त्यस्तो भिक्षु छैन जसलाई बुद्ध, धर्म, सङ्घ, मार्ग अथवा उपायको बारे कुनै शंका अथवा कांक्षा विमति, *(मतभेद)*, होस् ।

"आनन्द ! तिमीले त यसरी श्रद्धापूर्वक भनिरहेछौ । *(परन्तु)* तथागतले साक्षात *(प्रतक्ष)* जान्दछ कि यो भिक्षुसङ्घमा उपस्थित एक जना पनि भिक्षुसित बुद्ध, धर्म, सङ्घ, मार्ग वा आचरणको बारे कुनै पनि शंका, सन्देह कांक्षा विमति छैन । आनन्द ! यी पाँचसय भिक्षुहरूमध्ये सबभन्दा कान्छो *(पश्चिमक =सबभन्दा पछि प्रव्रज्या प्राप्त गरेको)* भिक्षु पनि स्रोतापन्न, दुर्गतिमा नपड्ने, निश्चित सम्बोधि-परायण भएको छ ।

९१. अनि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो – "हन्त भिक्षु हो ! अब म भन्दछु कि – सबै संस्कारहरू नःश्वर हुन्, अप्रमादपूर्वक सम्पादन गर । *(वयधम्मा सङ्खारा अप्पमादेन सम्पादेथ)* ।" तथागतको यो अन्तिम वचन हो ।

## परिनिर्वाणको कथा

९२. अनि भगवान् प्रथमध्यानमा बस्नुभयो । प्रथमध्यानबाट उठ्नुभई द्वितीयध्यानमा बस्नुभयो । द्वितीयध्यानबाट उठ्नु भई तृतीयध्यानमा बस्नुभयो । तृतीयध्यानबाट उठ्नुभई चतुर्थध्यानमा बस्नु

Downloaded from http://www.dhamma.digital

भयो[४२३]। चतुर्थध्यानबाट उठ्नुभई आकाशानन्त्यायत *(ध्यान)* मा बस्नुभयो । आकाशानन्त्यायतनबाट उठ्नुभई विज्ञानन्त्यायतन *(ध्यान)* मा बस्नुभयो । विज्ञानन्त्यायतनबाट उठ्नुभई आकिञ्चन्यायतन *(ध्यान)* मा बसनुभयो । आकिञ्चन्यायतनबाट उठ्नुभई नैवसज्ञानासज्ञायतन *(ध्यान)* मा बस्नुभयो । नैवसञ्ज्ञानासंज्ञायतनबाट उठ्नभई संज्ञावेदयितनिरोध *(ध्यान)* मा बस्नुभयो ।

संज्ञावेदयितनिरोधबाट उठ्नुभई नैवसंज्ञानासंज्ञायतनमा बस्नुभयो । नैवसंज्ञानासंज्ञायतनबाट उठ्नुभई आकिञ्चन्यायतनमा बस्नुभयो । आकिञ्चन्यायतनबाट उठ्नुभई विज्ञानन्त्यायतनमा बस्नुभयो । विज्ञानन्त्यायतनबाट उठ्नुभई आकाशानन्त्यायतनमा बस्नुभयो । आकाशानन्त्यायतनबाट उठ्नुभई चतुर्थध्यानमा बस्नुभयो । चतुर्थध्यानबाट उठ्नुभई तृतीयध्यानमा बस्नुभयो । तृतीयध्यानबाट उठ्नुभई द्वितीयध्यानमा बस्नुभयो । द्वितीयध्यानबाट उठ्नुभई प्रथमध्यानमा बस्नुभयो ।

*(त्यसपछि फेरि)* प्रथमध्यानबाट उठ्नुभई द्वितीयध्यानमा बस्नुभयो । द्वितीयध्यानबाट उठ्नुभई तृतीयध्यानमा बस्नुभयो । तृतीयध्यानबाट उठ्नुभई चतुर्थध्यानमा बस्नुभयो । चतुर्थध्यानबाट उठ्नुभई तदनन्तर भगवान् परिनिर्वाण हुनुभयो[४२४] ।

भगवान् परिनिर्वाण भएपछि परिनिर्वाणको साथ-साथै सहम्पति ब्रह्माले यो गाथा प्रकट गरे –

"लोकका सबै प्राणीहरूले एकन एकदिन छाडेर जानेछन्, जहाँ कि लोकका अद्वितीय शास्ता दशविधज्ञान-बल प्राप्त तथागत सम्बुद्ध जस्ता पनि परिनिर्वाण हुनुभयो ।"

भगवान् परिनिर्वाण भएपछि परिनिर्बाणको साथ-साथै शक्र देवेन्द्रले यो गाथा प्रकट गरे –

**"अनिच्चा वत सङ्खारा, उप्पादवय धम्मिनो ।**
**उप्पज्जित्वा निरुज्झन्ति, तेसं वूपसमो सुखो'ति ॥"**

---

४२३ भगवानले यहाँनिर संक्षेपरूपमा चौबीस (२४) ठाउँहरूमा प्रथमध्यानहरू गर्नुभयो, तेह्र (१३) ठाउँहरूमा द्वितीय र तृतीयध्यानहरू गर्नुभयो र पन्ध्र (१५) ठाउँहरूमा चतुर्थध्यानहरू गर्नुभयो । कसरी भने ? –

दश अशुभहरू (१०), द्वात्रिंसाकार (१) आठ कसिणहरू (८), मैत्री, करुणा, मुदिता (३), आनापानस्मृति (१) तथा अवकाशपरिच्छेद (१) गरी जम्मा चौबिस (२४) स्थानहरूमा प्रथमध्यानहरू गर्नुभयो । द्वात्रिंसाकार र दशवटा कसिणहरू छाडी बाँकी तेह्र (१३) स्थानहरूमा द्वितीय र तृतीयध्यानहरू गर्नुभयो । आठ (८) कसिणहरू, उपेक्षा ब्रह्मविहार (१), आनापानस्मृति (१), अवकाश परिच्छेद (१), र चार (४) अरूपहरू गरी जम्मा पन्ध्र (१५) स्थानहरूमा चतुर्थध्यानहरू गर्नुभयो । यो पनि संक्षेप रूपमा हो । निर्वाणपुरमा प्रवेश गर्नुभन्दा अगाडि विदेशमा जानेहरूले आफ्ना सबै ज्ञातिबन्धुहरूलाई भेट्ने झैं धर्मस्वामी तथागतले पनि सबै चौबीसकोटी एकलाख (२४,०१,००,०००) (चतुबीसतिकोटिसतसहस्स सङ्खाता) समापत्ति सुखहरू अनुभव गर्नु भई निर्वाणपुरमा प्रवेश गर्नुभएको थियो ।

४२४ 'परिनिर्वाण हुनुभयो' भन्ने कुराको स्पष्टिकरणको निमित्त अर्थात् कुन अवस्थामा परिनिर्वाण हुनुभयो भन्ने कुरा जान्नको निमित्त यी कुराहरू उल्लेखनीय हुन्छन् –

यहाँ (१) ध्यानसमनन्तर र (२) प्रत्यवेक्षणासमनन्तर भन्ने दुई समनन्तरहरू छन् ।

(१) चतुर्थध्यानबाट उठी भवाङ्ग अवस्थामा अवतरण भई सोही अवस्थामै परिनिर्वाण हुनेलाई 'ध्यानसमन्तर' भन्दछन् ।

(२) चतुर्थध्यानबाट उठी पुनःध्यानाङ्गहरूको प्रत्यवेक्षणा गरी भवाङ्ग अवस्थामा अवतरण भई सोही अवस्थामै परिनिर्वाण हुनेलाई 'प्रत्यवेक्षणासमन्तर' भन्दछन् ।

तथागत भने ध्यानबाट उठ्नुभई ध्यानाङ्गहरू प्रत्यवेक्षणा गर्नुभई भवाङ्ग चित्तमा अव्याकृत अवस्थामा दुःखसत्यमा परिनिर्वाण हुनुभयो । बुद्ध, प्रत्येकबुद्ध, आर्यश्रावकहरू मात्र होइनन् बल्कि सानाभन्दा साना प्राणीहरूको मृत्यु पनि भवाङ्ग चित्तमा, अव्याकृत अवस्थामा तथा दुःखसत्यमा नै हुन्छन् । सार.प. I. पृ. १७४:परिनिब्बानसुत्तवण्णना र सुमं. वि. II. पृ. ३०७. महापरिनिब्बानसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

"सबै संस्कारहरू अनित्य हुन्, उत्पन्न हुनु र विनाश हुनु – स्वभावधर्म हुन्, उत्पन्न भई निरुद्ध हुन्छन्, ती संस्कारहरूको उपशान्त हुनु नै सुख हो ।"

भगवान्को परिनिर्वाणको साथ-साथै आयुष्मान् अनुरुद्धले यी गाथाहरू प्रकट गर्नुभयो –

**"नाहु अस्सासपस्सासो, ठितचित्तस्स तादिनो ।**
**अनेजो सन्तिमारब्भ, चक्खुमा परिनिब्बुतो ॥**

**"असल्लीनेन चित्तेन, वेदनं अज्झवासयि ।**
**पज्जोतस्सेव निब्बानं, विमोक्खो चेतसो अहू'ति ॥"**

"स्थितचित्त तथा अचल हुनुभएका *(तथागत)* को आश्वासप्रश्वास भएन, तृष्णा रूपी रजबाट मुक्त भई अनेज *(निर्मल)* हुनुभएका चक्षुमान् शान्तिको कारण परिनिर्वाण हुनुभयो ।"

"निर्लिप्त प्रफुल्ल चित्तद्वारा वेदनालाई अधिवासन गर्नुभयो, प्रद्योत निभ्नेझैं चित्त पनि विमुक्त भयो ।"

भगवान् परिनिर्वाण भएपछि परिनिर्वाणको साथ-साथै आयुष्मान् आनन्दले यो गाथा प्रकट गरे –

**"तदासि यं सनकं, तदासि लोमहंसनं ।**
**सब्बाकारव रूपेता, सम्बुद्ध परिनिब्बुते'ति ॥"**

"सबै प्रकारले श्रेष्ठतामा पुग्नुभएका सम्बुद्ध परिनिर्वाण भएको बेलामा रोमाञ्चित भएको थियो, लोमहर्षण भएको थियो ।"

९७. भगवान्को परिनिर्वाण हुनासाथै अवीतरागी भिक्षुहरू दुवै हातले बाहु समातेर रोइरहेका थिए । काटेको रुख ढलेझैं जमिनमा लडेर यताउति लडेर विलाप गरिरहेका थिए – 'यति चाँडै भगवान् परिनिर्वाण हुनुभयो । यति चाँडै सुगत परिनिर्वाण हुनुभयो । यति चाँडै चक्षुष्मान् *(बुद्ध)* लोकबाट अन्तर्धान हुनुभयो । परन्तु जो ती भिक्षुहरू वीतरागका थिए उनीहरूले स्मृतिसम्प्रजन्य राखी *(धैर्य धारण गरी)* सहन गरिरहेका थिए – 'संस्कार अनित्य छ, अतः कसरी सधैँ पाउन सकिएला ?'

९८. अनि आयुष्मान् अनुरुद्धले भिक्षुहरूलाई आमन्त्रणा गर्नुभयो – "भैगो, आवुसो ! शोक नगर, नरोओ । आवुसो ! भगवान्ले पहिले नै भन्नुभएको थियो – सबै प्रिय मनापसित बिछोड हुनुपर्छ, छोड्नुपर्छ, सधैँ कहिले सँगै बस्न पाउँला ? जति पनि उत्पन्न *(जन्मेका)* छन्, त्यी सबै भूत संस्कारका हुन्, ती सबै नाशवान हुन् । हाय् ! त्यो नाश नहोस यो कुरो सम्भव छैन । आवुसो ! *(भगवान्को परिनिर्वाण हुनाले यस बेला)* देवताहरू पनि विलाप गर्दैछन् ।

"आवुसो आनन्द ! पृथ्वी संज्ञी देवताहरू आकाशमा आ-आफ्ना केश फिंजारेर रोइरहेका छन् । दुवै हातले बाहु समातेर रोइरहेका छन् । काटेको रुख ढलेझैं जमिनमा लडेर बसिरहेका छन् । यता उति लडेर गुडेर भनीरहेका छन् – 'यति चाँडै भगवान् परिनिर्वाण हुनुभयो । यति चाडै सुगत परिनिर्वाण हुनुभयो । यति चाँडै चक्षुष्मान् लोकबाट अन्तर्धान हुनुभयो । आबुसो आनन्द ! पृथ्वी संज्ञी देवताहरू पृथ्वी *(जमीन)* मा आ-आफ्ना केश छाडी रोइरहेका छन् । दुवै हातले बाहु समातेर रोइरहेका छन् । काटेको रुख ढले झैं जमिनमा लडेर बसिरहेका छन् । यताउति लडेर, गुडेर भनीरहेका छन् – 'यति चाँडै भगवान् परिनिर्वाण हुनुभयो । यति चाँडै सुगत परिनिर्वाण हुनुभयो । यति चाँडै चक्षुष्मान् लोकबाट अन्तर्धान हुनुभयो ।' 'परन्तु जो ती देवताहरू वीतरागका छन् उनीहरूले स्मृति सम्प्रजन्य राखी सहन गरिराखेका छन् – सङ्खार *(संस्कार)* अनित्य छ, अतः कसरी सधैँ पाउनु सकिएला ?' आयुष्मान् अनुरुद्धले र आयुष्मान् आनन्दले अवशिष्ट रात्रिपर्यन्त *(बाँकी रात भर)* धार्मिक कथा सुनाउँदै बिताउनुभयो ।

Downloaded from http://www.dhamma.digital

९९. अनि आयुष्मान् अनुरुद्धले आयुष्मान् आनन्दलाई यस्तो भने – जाऊ, आवुसो आनन्द ! कुसीनारामा गई कुसीनाराका मल्लहरूलाई खबर गर – "वाशिष्ठ हो ! भगवान् परिनिर्वाण हुनुभयो । अब जस्तो उचित सम्झ समय हेरी गर ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले आयुष्मान् अनुरुद्धलाई प्रत्युत्तर दिएर पूर्वाण्ह समय चीवर पहिरी पात्र चीवर धारण गरी अर्को एकजना भिक्षु साथ कुसीनारामा प्रवेश गर्नुभयो । त्यस बेला कुसीनाराबासी मल्लहरू केही *(विशेष अर्थात् त्यही)* कामले संस्थागारमा एकत्रित भईरहेका थिए । अनि आयुष्मान् आनन्द जहाँ कुसीनाराको मल्लहरूको संस्थागार हो, त्यहाँ जानुभयो । त्यहाँ जानुभई कुसीनारावासी मल्लहरूलाई यसो भन्नुभयो – "वाशिष्ठ हो ! भगवान् परिनिर्वाण हुनुभयो । अब जस्तो उचित सम्झ समय हेरी गर । आयुष्मान् आनन्दको कुरा सुनी मल्लहरू, मल्लपुत्रहरू, मल्लवधूहरू, मल्लप्रजापतिहरू दुःखित दुर्मना, दुःख समर्पित-चित्त राखी कोही कोही त केश छाडी रोइ रहेका थिए । दुवै हातले बाहु समातेर रोइरहेका थिए । काटेको रुख ढलेझैं जमिनमा लडेर यताउति लडेर, गुडेर विलाप गरिरहेका थिए – 'यति चाँडै भगवान् परिनिर्वाण हुनु भयो । यति चाँडै सुगत परिनिर्वाण हुनुभयो । यति चाँडै चक्षुष्मान् *(बुद्ध)* लोकबाट अन्तर्धान हुनुभयो ।'

## २४. बुद्धको शरीर पूजा

१००. अनि कुसीनाराका मल्लहरूले *(केही)* मानिसहरूलाई काम अऱ्हाए – 'भणे ! जाऔ, कुसीनाराका सबै सुगन्ध, माला तथा बाजाहरू जम्मा गर ।' अनि कुसीनाराका मल्लहरूले सुगन्ध, माला, सबै प्रकारका बाजाहरू तथा ५०० थान दोसल्ला वस्त्र लिएर जहाँ मल्लहरूको उपवत्तन शालवन हो, जहाँ भगवान्को शरीर राखिएका छ, त्यहाँ गए । त्यहाँ पुगेपछि उनीहरूले भगवान्को शरीरलाई नृत्य, गीत वाद्य, माला, सुगन्धद्वारा सत्कार गर्दै, गौरव राख्दै, मान राख्दै, पूजा गर्दै *(रंगी विरंगी कपडाको)* चँदुवा बनाउँदै, मण्डल बनाउँदै पूरा दिनभर बिताए ।

अनि कुसीनाराका मल्लहरूलाई यस्तो भयो – 'भगवान्को शरीर दाह संस्कार गर्नलाई आज धेरै नै अबेर भयो । अब भोलि *(मात्र)* हामी भगवान्को शरीर दाह संस्कार गर्नेछौं । अनि कुसीनाराका मल्लहरूले भगवान्का शरीरलाई नृत्य, गीत, वाद्य, माला, सुगन्धद्वारा सत्कार गर्दै, गौरव राख्दै, मान राख्दै पूजा गर्दै, चँदुवां बनाउँदै, मण्डप बनाउँदै, दोस्रो दिन पनि बिताए । ··· तेस्रो दिन पनि ··· । ··· चौथो दिन पनि ··· । ··· पाचौं दिन पनि ··· । छैठौं दिन पनि बिताए ।'

त्यसपछि सातौं दिन कुसीनाराका मल्लहरूलाई यस्तो भयो – 'हामी भगवान्को शरीरलाई नृत्य, गीत, वाद्य, माला, सुगन्धद्वारा सत्कार गर्दै, गौरव राख्दै, मान राख्दै पूजा गर्दै नगरको दक्षिणको दिशाको बाहिरै बाहिरबाट लगेर नगरको दक्षिण दिशामै भगवान्को शरीर दाह-संस्कार गरौं ।'

१०१ अनि मल्लहरूका आठजना प्रमुख मल्लहरू शिर नुहाई नयाँ वस्त्र लाएर भगवान्को शरीरलाई उठाउन खोजे *(परन्तु)* उनीहरूले उठाउन सकेन । अनि कुसीनाराका मल्लहरूले आयुष्मान् अनुरुद्धलाई भने – "भन्ते अनुरुद्ध ! के कारण र के प्रत्यय होला जसले गर्दा हामी आठ प्रमुख मल्लहरूले भगवान्को शरीर उठाउन खोज्दा उठाउन नसकेको ?"

"वाशिष्ठ हो ! तपाईंहरूको विचार अर्कै छ, देवताहरूको विचार *(अभिप्राय)* अर्कै छ ।"

"भन्ते ! देवताहरूको के विचार छ ?"

Downloaded from http://www.dhamma.digital

"वाशिष्ठ हो ! तपाईंहरूका विचार हो – हामी भगवान्को शरीरलाई नृत्य … पूजा गर्दै नगरको दक्षिण दिशाको बाहिरै बाहिरबाट लगेर नगरको दक्षिण दिशामै भगवान्को शरीर संस्कार गर्ने *(भन्ने हो)* । देवताहरूको विचार हो – हामी भगवान्को शरीरलाई दिव्य नृत्य, गीत, वाद्य, माला, सुगन्धद्वारा सत्कार गर्दै, गौरव राख्दै, मान राख्दै, पूजा गर्दै नगरको उत्तर दिशाबाट उत्तर लगेर उत्तरद्वारबाट … प्रवेश गराई नगरको मध्य भागमा लगेर पूर्वद्वारबाट बाहिर लगेर नगरको पूर्व दिशातिर *(जहाँ)* मुकुटबन्धन भन्ने मल्लहरूको चेतिय हो त्यहाँ भगवान्को शरीर दाह संस्कार गरौं *(भन्ने रहेको छ)* ।"

"भन्ते ! त्यस्तो भए जस्तो देवताहरूको विचार *(अभिप्राय)* हो त्यस्तै होस् ।"

१०२. त्यसबेला कुसीनारामा घुँडा सम्म मन्दार *(पारिजात)* पुष्प वृद्धि भयो । अनि देवताहरू र कुसीनाराका मल्लहरूले भगवान्को शरीरलाई दिव्य नृत्य, गीत, वाद्य, माला, सुगन्धद्वारा सत्कार गर्दै गौरव राख्दै, मान राख्दै, पूजा गर्दै नगरको उत्तर दिशाबाट उत्तर लगेर उत्तरद्वारबाट … प्रवेश गराई नगरको मध्य भागमा लगेर पूर्वद्वारबाट बाहिर लगेर नगरको पूर्व दिशातिर *(जहाँ)* मुकुटबन्धन भने मल्लहरूको चेतिय हो त्यहाँ भगवान्को शरीर ल्याएर राखे ।

१०३. अनि कुसीनाराका मल्लहरूले आयुष्मान् आनन्दसँग सोधे – "भन्ते आनन्द ! हामीले तथागतको शरीरलाई के गर्नुपर्छ ?"

"वाशिष्ट हो ! जस्तो चक्रवर्ती राजाको शरीरलाई गर्नु पर्ने हो त्यस्तै नै तथागतको शरीरलाई पनि गर्नु पर्छ ।"

"भन्ते ! चक्रवर्ती राजाको शरीरलाई कसरी गर्नुपर्छ ?"

"वाशिष्ठ हो ! चक्रवर्ती राजाको शरीरलाई नयाँ वस्त्रले *(अहतेन वत्थेन)* वेर्नु पर्छ । त्यसपछि राम्ररी धुलाइ गरिराखेको रुवा कपास राखेर फेरि नयाँ वस्त्रले बेर्नुपर्छ । यसरी रुवा-कपास र नयाँ वस्त्रले पाँचसय पटक बेरेर चक्रवर्ती राजाको शरीरलाई तेल भरिएको सुवर्ण द्रोणीमा राखी अर्को सुवर्ण *(फलाम)* को खाली द्रोणीले छोपी सबै चन्दन आदि सुगन्धित काष्ठादि दाउराको चिता बनाई चक्रवर्ती राजाको शरीरलाई जलाइन्छ । चतुमहापथ *(ठूलठूला चौबाटो)* मा चक्रवर्ती राजाको स्तूप बनाइन्छ । वाशिष्ठ हो ! जसरी चक्रवर्ती राजाको शरीर-क्रिया गरिने हो त्यसरी नै तथागतको शरीर-क्रिया गर्नुपर्छ । चतुमहापथमा तथागतको स्तूप बनाउनुपर्छ । त्यहाँ जो कोहीले माला, गन्ध, चूर्ण चढाउँछ अथवा चित्त प्रसन्न पार्छ उसको निमित्त दीर्घकाल सम्म हित सुख हुन्छ ।"

१०४. अनि कुसीनाराका मल्लहरूले मानिसहरूलाई काम अन्हाए – "जाओ, भणे ! राम्ररी धुलाइ गरिराखेको कपास जम्मा गर । अनि कुसीनाराका मल्लहरूले भगवान्को शरीरलाई नयाँ वस्त्रले बेरे त्यसपछि राम्ररी धुलाई गरिराखेको रुवा कपास राखेर फेरि नयाँ वस्त्रले बेरे । एवं रीतले पाँचसय पटक बेरेर भगवान्को शरीरलाई तेल भरीएको सुवर्ण द्रोणीमा राखी अर्को सुवर्ण *(फलाम)* को खाली द्रोणीले छोपीं सबै चन्दन आदि सुगन्धित काष्ठादि दाउराको चित्ता बनाई भगवान्को शरीरलाई चितामा राखे ।"

## २५. महाकश्यपद्वारा दर्शन

१०५. त्यसबखत आयुष्मान् महाकश्यप पाँचशय (५००) महान् भिक्षुहरूका साथ पावाबाट कुसीनगर जाँदैहुनुहुन्थ्यो । अनि आयुष्मान् महाकश्यप बाटाको छेउ लागी एक रुखमुनि बस्नुभयो ।

Downloaded from http://www.dhamma.digital

त्यसबखत एक आजीवक कुसीनगरबाट मन्दार फूल लिई पावा जाँदै थियो। आयुष्मान् महाकश्यपले सो आजीवकलाई टाढैबाट आइरहेको देख्नुभयो। अनि सो आजीवकलाई यसो भन्नुभयो – "आवुसो ! हाम्रा शास्तालाई जान्दछौ के ?"

"आवुसो ! जान्दछु। श्रमण गौतम परिनिर्वाण भएको आज सातदिन भइसक्यो। मैले यो मन्दार फूल त्यहाँबाट ल्याएको हुँ। *(यो सुनेर)* त्यहाँ जो ती अवीतरागी भिक्षुहरू थिए तिनीहरूमध्ये केही टाउको समाती भुइमा लडीबुडी गर्दै रुनथाले। "चाँडै नै भगवान् परिनिर्वाण हुनुभयो, चाँडै नै सुगत परिनिर्वाण हुनुभयो र चाँडै नै लोकबाट आँखा बिलायो।" जो ती बीतरागी भिक्षुहरू हुन् तिनीहरू होश र धैर्यराखी बसे। "संस्कारहरू अनित्य हुन्, ती कहाँ पाउन सकिन्छन् र ! "

१०६. त्यसबखत सुभद्र भन्ने वृद्ध प्रव्रजित त्यस परिषद्मा बसेका थिए। अनि सुभद्र वृद्ध प्रव्रजितले ती भिक्षुहरूलाई यस्तो भने – "आवुसो ! भइहाल्यो शोक नगर, न रोओ। अब हामी उहाँ महाश्रमणबाट सुविमुक्त भयौं। उहाँ छँदा 'यो गर्नुहुन्छ, यो गर्नुहुन्न' भन्ने कुराबाट हामी पीडित थियौं। अब जे चाहन्छौ त्यही गर्न सक्नेछौ। जे चाहदैनौं त्यो गर्नेछैनौं।"

अनि आयुष्मान् महाकश्यपले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो – "आवुसो ! भइहाल्यो न रोऊ, शोक नगर। आवुसो ! भगवान्ले हामीहरूलाई पहिले नै सबै प्रियवस्तुबाट सबै मनपर्ने वस्तुबाट नानाभाव, विनाभाव तथा अन्यथाभाव हुन्छ भनी बताउनुभएको छ, होइन त ?" आवुसो ! अब त्यो कसरी पाउन सकिन्छ र ! जो जन्मिन्छ, देखिन्छ र संस्कारित हुन्छ त्यो विनाश स्वभावको हुन्छ। त्यसैले तथागतको शरीरलाई छुन नसकोस् भनी कसरी भन्न सकिएला र।"

१०७. त्यसबखत चारजना प्रमुख मल्लहरूले शिर नुहाई नयाँ वस्त्र लगाई – "हामी भगवान्को चितामा आगो लगाउँछौ" भनी आगो लगाउँदा आगो बाल्न सकेनन्। अनि कुसीनगरका मल्लहरूले अनुरुद्धलाई भने – "भन्ते अनुरुद्ध ! के कारण र के प्रत्यय होला जसले गर्दा यी चारजना मल्लहरूले भगवान्को चितामा आगो बाल्न नसकेका ?"

"वासेट्ठ ! देवताहरूको विचार अर्कै छ।"

"भन्ते ! देवताहरूको के विचार छ त ?"

"वासेट्ठ ! देवताहरूको विचार – यी आयुष्मान् महाकश्यप पाँचशय महान भिक्षुहरूका साथ पावाबाट कुसीनगर आउँदै हुनुहुन्छ। जबसम्म आयुष्मान् महाकश्यपले भगवान्को श्रीचरणमा ढोग्ने छैनन् तबसम्म भगवान्को चिताको आगो बल्नेछैन।"

"भन्ते ! त्यसोभए जस्तो देवताहरूको विचार हो त्यस्तैहोस्।"

१०८. अनि आयुष्मान् महाकश्यप कुसीनगरको मुकुटबन्धन भन्ने मल्लहरूको जहाँ चैत्य हो र जहाँ भगवान्को चिता थियो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि चीवर एकांश गरी हातजोरी तीनपटक चिता घुमी भगवान्को श्रीचरणमा शिरले ढोग्नुभयो। ती पाँचशय भिक्षुहरूले पनि चीवर एकांश गरी हातजोरी तीनपटक चिता घुमी भगवान्को श्रीचरणमा ढोगे। आयुष्मान् महाकश्यप र ती पाँचशय भिक्षुहरूले ढोगेपछि भगवान्को चितामा आफ आफैं आगो बल्यो।

१०९. यसरी बलेपछि भगवान्को शरीरमा जो छाला, मासु, नसा तथा लसिका थिए तिनीहरूको न गोल देखियो न खरानी नै। शरीरहरू मात्र बाँकी रहे। जस्तै – कुनै घ्यू वा तेल बल्दा त्यसको कुनै

Downloaded from http://www.dhamma.digital

गोल वा खरानी देखिन्न त्यस्तैगरी भगवान्को शरीर बल्दा पनि भएको थियो । केबल शरीरहरू मात्र[४२५] बाँकी रहेका थिए । ती पाँचशयपत्र कपडाहरूमध्ये दुई पत्र मात्र बलेका थिएनन् । सबभन्दा भित्रको र सबभन्दा बाहिरको । भगवान्को शरीर जलिसकेपछि आकाशबाट शालवृक्षको फेदको मोटाइ बराबर, तिघ्राको मोटाइ बराबर, पाखुराको मोटाइ बराबरको पानीको धाराले भगवान्को चिता निभाइदियो र कुसीनगरमा मल्लहरूले पनि सुगन्धित पानीले भगवान्को चिता निभाए । अनि कुसीनगरका मल्लहरूले भगवान्को धातुहरूलाई सन्थागारमा राखी संगीनै संगीनले पिञ्जरा जस्तो पारी पर्खालले घेरे झैं धनुषधारीहरूद्वारा घेरी एकसातासम्म बाजागाजासहित नाचगान तथा सुगन्धित फूलमालाहरूद्वारा सत्कार, गौरव, मानसहित पूजा गरे ।

# २६. शरीर धातु विभाजन

११०. मगधराजा वैदेहीपुत्र अजातशत्रुले सुने[४२६] – "भगवान् कुसीनगरमा परिनिर्वाण हुनुभयो ।" अनि मगधराजा वैदेहीपुत्र अजातशत्रुले कुसीनगरका मल्लहरूकहाँ दूत पठाए – "भगवान् पनि क्षत्री हुनुहुन्छ म पनि क्षत्री हूँ । भगवान्को शरीरधातु म पनि चाहान्छु । मैले पनि भगवान्को शरीरधातुको स्तूप *(चैत्य)* बनाउने छु र महोत्सव पनि गर्नेछु ।"

---

४२५ यहाँ 'शरीरहरू' को अर्थ हो दानादार धातुहरूको थुप्रो ।

४२६ कसरी यो समाचार सुने ? पहिले राजाका अमात्यहरूले सुने – "भगवान् परिनिर्वाण हुनुभयो । फेरि ल्याउन सक्ने छैन ।" अनि उनीहरूले सोचे "पृथक्जनिक श्रद्धामा हाम्रा राजा जस्तो श्रद्धा हुने अरू कोही छैनन् । यदि उहाँले अहिले तुरन्तै यो खबर सुनेमा उहाँको हृदय फुट्न सक्छ । अत: हामीले राजाको आरक्षा गर्नुपर्छ ।" यती सोची उनीहरूले सुवर्ण द्रोणीमा चतुमधुरसयुक्त पानी राखी राजाकहाँ गई "देव ! हामीले स्वप्न देख्यौं । त्यसको कुफल हटाउनको निमित्त तपाईले गर्धनसम्मको पानीमा डुबी स्नान गर्नुपर्छ" भनी भने । अर्थचारी अमात्यहरूको कुरा सुनी राजाले "हुन्छ" भनी भने ।

अनि एक अमात्यले अलंकारहरू फुकाली केश फिजाई जुन दिशातिर शास्ता परिनिर्वाण हुनुभएको हो सो दिशातिर हेरी दुई हात जोरी राजालाई बिन्ति गरे –

"देव ! मरणबाट बच्नसक्ने कुनै छैनन् । हामीहरूको अभिवृद्धि हुने पूज्य स्थानमा उहाँ भगवान् शास्ता कुशीनगरमा परिनिर्वाण हुनुभयो ।"

अति सुन्नेबित्तिकै राजा बेहोश भई चतुमधुरस द्रोणीमा लडे । अनि राजालाई उचाली अर्को द्रोणीमा लेटाए । होश आएपछि उनले "तात ! के भनेका हौ ?" भनी सोधे ।

"महाराज ! शास्ता परिनिर्वाण हुनुभयो ।"

फेरि पनि राजा बेहोश भई चतुमधुरस द्रोणीमा लडे । अनि उनलाई त्यहाँबाट उचाली तेस्रो द्रोणीमा लेटाए । होस आएपछि फेरि राजाले "तात ! के भनेका हौ ?" भनी सोधे । "महाराज ! शास्ता परिनिर्वाण हुनु भयो ।" राजा फेरि पनि बेहोस भए । अनि उनलाई उचाली नुहाई टाउकोमा घडाको पानी राखिदिए ।

होस आएपछि आसनबाट उठी सुगन्धित पारिएको केश फिजाई हातले छाती ठोक्दै छातीमा हात राखी राजा रुनथाले । यत्तिकैमा बहुलाजस्तो भई बाटो लागे । अनि अलंकृत नर्तकी स्त्रीहरूद्वारा परिवृत्त भई नगरबाट निस्की जीवकको आम्रवनमा गई जहाँ बसी भगवानले धर्मदेशना गर्नुभएको थियो त्यहाँ गई "सर्वज्ञ भगवान् ! यस ठाउँमा बस्नुभई तपाईंले धर्मदेशना गर्नुभएको होइन ? मेरो शोकशल्यलाई दूर गर्नुभएको होइन ? तपाईले मेरो शोकशल्यलाई झिकिदिनुभयो । अनि म तपाईको शरणमा गएँ । अहिले चाहिं भगवान् कुनै उत्तर दिनुहुन्न ।" यसरी बारबार रोई " अरू दिनमा भएयस्तो अवस्थामा भिक्षुसङ्घसहित भगवान् जम्बुद्वीपमा चारिकार्य जानुभयो" भन्ने सुन्दछु । अहिले चाहिं कुनै अनुरूप खबर सुनिंदैन । यस्तो भन्दै साठीवटा जति गाथाहरूद्वारा भगवानको गुण संस्मरण गरी "अब रुवाइबाट केही सिद्ध हुनेछैन । बरू दशबलका धातुहरू ल्याउन लगाउन पऱ्यो" भनी सोचे । यसप्रकार भगवान् परिनिर्वाण भएका खबर सुनी धातु ल्याउनको निमित्त दूतहरू पठाए । त्यसैले सूत्रमा "अनि मगधराजा वैदेहीपुत्र अजातशत्रुले कुशीनगरमा मल्लहरूकहाँ दूत पठाए" भनी भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

वैशाली *(देश)* का लिच्छवीहरूले पनि सुने – 'भगवान् कुसीनगरमा परिनिर्वाण हुनुभयो ।' अनि वैशालीका लिच्छवीहरूले कुसीनगरका मल्लहरूकहाँ दूत पठाए – "भगवान् पनि क्षत्री हुनुहुन्छ हामी पनि क्षत्री हौं । भगवान्को शरीर धातु हामी पनि चाहान्छौ । हामी पनि भगवान्को शरीर धातुको स्तूप *(चैत्य)* बनाउनेछौ र महोत्सव पनि गर्नेछौ ।"

कपिलवस्तुका शाक्य *(राजा)* हरूले पनि सुने – 'भगवान् कुसीनगरमा परिनिवाण हुनुभयो ।' अनि कपिलवस्तुका शाक्यहरूले कुसीनगरका मल्लहरूकहाँ दूत पठाए – 'भगवान् हाम्रा जाति *(परिवार)* को हुनुहुन्थ्यो । भगवान्को शरीरधातु हामी पनि चाहान्छौ । हामी पनि भगवान्को शरीर धातुको स्तूप *(चैत्य)* बनाउनेछौ र महोत्सव पनि गर्नेछौ ।

अल्लकप्प *(देश)* का बुलि *(राजकुमार)* हरूले पनि सुने – 'भगवान् कुसीनगरमा परिनिर्वाण हुनुभयो ।' अनि अल्लकप्पका बुलिहरूले कुसीनगरका मल्लहरूकहाँ दूत पठाए – 'भगवान् पनि क्षत्री हुनुहुन्छ हामी पनि क्षत्री हौं भगवान्को शरीर धातु हामी पनि चाहान्छौ । हामी पनि भगवान्को शरीर धातुको स्तूप *(चैत्य)* बनाउने छौ र महोत्सव पनि गर्नेछौ ।'

रामग्रामका कोलिय *(राजा)* हरूले पनि सुने – 'भगवान् कुसीनगरमा परिनिर्वाण हुनुभयो ।' अनि … दूत पठाए – 'भगवान् क्षत्री हुनुहुन्छ हामी पनि क्षत्री हो । भगवान्को शरीर धातु हामी पनि चाहन्छौ । हामी पनि भगवान्को शरीरधातुको स्तूप बनाउने छौ र महोत्सव पनि गर्नेछौ ।'

वेठदीपका ब्राह्मणहरूले पनि सुने – 'भगवान् कुसीनगरमा परिनिर्वाण हुनुभयो ।' अनि – दूत पठाए – 'भगवान् क्षत्री हुनुहुन्छ, हामी पनि ब्राह्मण हौं । भगवान्को शरीरधातु हामी पनि चाहान्छौ । हामी पनि भगवान्को शरीरधातुको स्तूप बनाउने छौ र महोत्सव पनि गर्नेछौ ।'

पावाका मल्ल *(राजा)* हरूले पनि सुने – 'भगवान् कुसीनगरमा परिनिर्वाण हुनुभयो ।' अनि … दूत पठाए – 'भगवान् क्षत्री हुनुहुन्छ, हामी पनि क्षत्री हौं । भगवान्को शरीर धातु हामी पनि चाहान्छौ । हामी पनि भगवान्को शरीर धातुको स्तूप बनाउने छौ र महोत्सव पनि गर्नेछौ ।'

१११. यी कुरा सुनेर कुसीनगरका मल्लहरूले एकत्रित भएका सङ्घ र गण सभालाई यस्तो भने – "भगवान् हाम्रो ग्रामक्षेत्रमा परिनिर्वाण हुनुभयो, हामी भगवान्को शरीर-धातुको भाग दिन्नौं ।"

११२. यो कुरा सुनेर द्रोण ब्राह्मणले त्यो सभागणलाई गाथाद्वारा यस्तो भने : –

"तपाईंहरू मेरो एक वचन सुन्नुहोस् ! हाम्रो बुद्ध क्षान्तिवादी हुनुहुन्थ्यो । उत्तम पुरुषको शरीर-भागको कारणले सम्प्रहार हुनु यो राम्रो होइन ।"

"तपाईं हामी सबै एकछन्द र एकमत भई, परस्पर प्रसन्न भई आठ भाग गरौं । धेरै जना चक्षुष्मान् बुद्धप्रति प्रसन्न छन् । त्यसैले सबै दिशामा स्तूपको विस्तार होस् ! "

११३. "हे ब्राह्मण ! त्यस्तो भए तपाईंले नै भगवान्को शरीर-धातु समान रूपले आठ भागमा विभाजन गरिदिनुहोस्" भनी उपस्थित भएका सबैले भने ।

"हुन्छ" भनी द्रोण ब्राह्मणले त्यो सभासद्लाई उत्तरदिई भगवान्को शरीरधातु आठ भागमा बराबर विभाजित गरी सङ्घगणसँग यस्तो अनुरोध गरे : –

"तपाईंहरूले मलाई यो 'तुम्ब' दिनुहोस्, म पनि यो 'तुम्ब' राखी स्तूप बनाई महोत्सव गर्नेछु ।"

Downloaded from http://www.dhamma.digital

मनाए ।"

११४. पिप्पलीवन *(नामक देश)* का मोरियो *(मौर्य)* हरूले पनि सुने – 'भगवान् कुसीनगरमा परिनिर्वाण हुनुभयो ।' अनि ··· दूत पठाए – 'भगवान् क्षत्री हुनुहुन्छ, हामी पनि क्षत्री हौं । भगवान्को शरीर धातु हामी पनि चाहान्छौ । हामी पनि भगवान्को शरीरधातुको स्तूप बनाउने छौ र महोत्सव पनि गर्नेछौ ।'

भगवान्को शरीर धातु *(अस्थ्यवशेषहरू)* बाँडी सक्यो अब बाँकी छैन *(सिध्यो)* । यहाँबाट गोल र खरानी लैजाओ । उनीहरूले त्यहाँबाट गोल र खरानी लगे ।

## धातु स्तूप पूजा

११५. अनि, (१) मगधराजा वैदेहीपुत्र अजातशत्रुले राजगृहमा भगवान्का शरीर धातुहरू राखी स्तूप बनाएर महोत्सव पनि गरे । (२) वैशालीका लिच्छवीहरूले पनि वैशालीमा भगवान्का शरीर धातुहरू राखी स्तूप बनाएर महोत्सव पनि गरे । (३) कपिलवस्तुका शाक्यहरूले पनि कपिलवस्तुमा भगवान्का शरीर धातुहरू राखी स्तूप बनाएर महोत्सव पनि गरे । (४) अल्लकप्पका बुलिहरूले पनि अल्लकप्पमा भगवान्का शरीर धातुहरू राखी स्तूप बनाएर महोत्सव पनि गरे । (५) रामग्रामका कोलियहरूले पनि रामग्राममा भगवान्का शरीर धातुहरू राखी स्तूप बनाएर महोत्सव पनि गरे । (६) वेठदीपका ब्राह्मणहरूले पनि वेठद्वीपमा भगवान्का शरीरधातुहरू राखी स्तूप बनाएर महोत्सव मल्लहरूले पनि कुसीनगरमा भगवान्का शरीर धातुहरू पनि गरे । (७) पावाका मल्लहरूले पनि पावामा भगवान्का शरीरधातुहरू राखी स्तूप बनाएर महोत्सव पनि गरे । (८) कुसीनगर *(कुसीनारा)* का राखी स्तूप बनाएर महोत्सव पनि गरे । (९) द्रोण ब्राह्मणले पनि तुम्ब राखी स्तूप बनाएर महोत्सव पनि गरे । (१०) पिप्पलीवनका मौर्यहरूले पनि गोल र खरानी राखी *(अंगार-)* स्तूप बनाएर महोत्सव पनि गरे । यसरी भगवान्को शरीर धातु राखेर बनेका आठवटा स्तूप र नबौंचाहिँ तुम्बस्तूप र दसौंचाहिँ गोल र खरानीको अंगार-स्तूप *(८+१+१)* गरी जम्मा दशवटा पूर्वकालमा थिए ।

११६.[४२७] चक्षुष्मान् *(मार्ग उपदेश तथागत)* को शरीर धातु जम्मा आठ द्रोण *(माप)* थियो ।

तीमध्ये सात द्रोण मात्र जम्बुद्वीपमा पूजित भईरहेछ । तथा उहाँ पुरुषोत्तम *(बुद्ध)* का एक द्रोण रामग्रामका नागराजाद्वारा पूजित भईरहेको छ ।

*(भगवान्का ती शरीर धातुहरूमध्ये)* एउटा दन्त स्वर्गलोकमा देवताहरूद्वारा पूजित भईरहेको छ, एउटा गन्धारपुरमा र अर्को एउटा कलिङ्गराजको देशमा तथा एउटा दन्त नागराजद्वारा पूजित भईरहेको छ । उहींकै तेजबाट यो धन धान्य रत्न खानि जस्ता समलंकृत पृथ्वी अलंकृत छन् ।

**यसरी चक्षुष्मान् *(बुद्ध)* का शरीर *(धातु)* सत्कृतभन्दा सत्कृत**
**मानिसहरूद्वारा राम्ररी सत्कृत *(पूजित=सम्मानित)* भयो ।**

---

४२७ अट्ठकथाचार्यको भनाइअनुसार यहाँदेखि जम्मा ५ गाथाहरू पछि श्रीलंकाका थेरहरूले थपेका हुन् ।

Downloaded from http://www.dhamma.digital

देवेन्द्र, नागेन्द्र, नरेन्द्रहरूद्वारा पूजित, तथा श्रेष्ठ *(समाजका प्रतिष्ठित)* व्यक्तिहरूद्वारा पनि पूजित भयो ।

त्यसलाई (अगाडि पाएर) दुवै हात जोडेर प्रणाम गर, *(किनकि)* बुद्धलाई पाउनुभेटाउनु सयौं कल्पमा पनि दुर्लभ छ ।

उहाँका चालीसवटा दाँतहरू, केश, लोम आदि सबै एक एक गरी देवताहरूले नाना चक्रवाल *(ब्रम्हाण्ड)*मा सर्वत्र फैलाइदिए ।

**महापरिनिर्वाण-सुत्त समाप्त ।**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# ४. महासुदस्सन-सुत्त

**(महासुदर्शनसूत्र)**

१. यस्तो मैले सुनें । एक समय परिनिर्वाणको बेला भगवान् कुसीनगरको उपवर्तन भन्ने मल्लहरूको सालवनमा दुईवटा *(यमक)* शाल वृक्षको बीच बसिरहनुभएका थियो । अनि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेका आयुष्मान् आनन्दले भगवान्लाई यस्तो निवेदन गरे – "भन्ते ! भगवान् यस्तो सानो नगरमा, जंगली प्रदेशमा, शाखा नगरमा परिनिर्वाण नहुनुहोस् । भन्ते ! धेरैधेरै ठूलठूला महानगरहरू छन्, जस्तो कि चम्पा, राजगृह, श्रावस्ती, साकेट, कौशाम्वी, वाराणसी । त्यहाँ भगवान् परिनिर्वाण हुनुहोस् । त्यहाँ तथागतप्रति अभिप्रसन्न भएका धेरैधेरै क्षत्रियमहाशालहरू, ब्राह्मण महाशालहरू, गृहपति महाशालहरू छन् । तिनीहरूले तथागतको शरीरलाई पूजा गर्नेछन् ।"

"आनन्द ! यस्तो नभन । आनन्द ! यस्तो – सानो नगर, जंगली प्रदेश, शाखा नगर नभन ।"

## १. कुशावती राजधानी

२. "आनन्द ! प्राचीन कालमा यहाँ धार्मिक, धर्मराजा, चतुर्द्वीप विजेता जनपदमा प्रख्यात भएका शान्ति स्थापक सात *(सप्त)* रत्न सम्पन्न भएका महासुदस्सन *(महासुदर्शन)* चक्रवर्ती राजा भएका थिए । आनन्द ! महासुदस्सन राजाको यहीं नै कुसीनारा 'कुशावती' नामक पूर्व-पश्चिम १२ योजन लमाई, उत्तर दक्षिण सात योजन चौडाइ भएको राजधानी थियो । आनन्द ! कुशावती राजधानी समृद्ध थियो, धन धान्य सम्पन्न जनाकीर्ण तथा सुभिक्षमय थियो । जस्तोकि आनन्द ! देवताहरूको आलकमंदा नामको नगर समृद्ध ··· थियो । आनन्द ! यहीं प्रकारले कुशावती राजधानी समृद्ध थियो, धन धान्य सम्पन्न जनाकीर्ण तथा सुभिक्षमय थियो । आनन्द ! यस नगरमा रातदिन *(चौवीसै घण्टा)* दस प्रकारको शब्द लगातार गुञ्जिरहन्थे, जस्तोकि (१) हात्तीको आवाज, (२) घोडाको आवाज, (३) रथको आवाज, (४) भेरीको शब्द, (५) मृदङ्गको स्वर, (६) वीणाको स्वर, (७) गीतको शब्द, (८) शंखको स्वर, (९) लयबद्ध हातहरको ताली तथा (१०) स्नान गर्नुहोस्, खानुहोस्, पिउनुहोस् आदि शब्द ।

"आनन्द ! कुशावती राजधानी सात किसिमको पर्खालले घेरिएका थिए; जसमा पहिलो पर्खाल सुनको थियो, दोस्रो चाँदीको, तेस्रो वैदूर्यमणिको, चौथो स्फटिकको, पाँचौ लोहिताङ्ग *(माणिक)* को, छैठौं मसारगल्ल *(पन्ना)* को र सातौं सबै प्रकारको रत्न *(मिश्रित)* भएको थियो । आनन्द ! कुशावती राजधानीमा चार किसिमका रंगका द्वार थिए । एउटा सुनको, अर्को एउटा चाँदीको, अर्को एउटा वैदूर्यमणिको र अर्को एउटा स्फटिकको । प्रत्येक द्वारमा सातसात स्तम्भ *(थाम)* ठड्याइराखिएका थिए, माथि टाउको तीन पोरसा *(एउटा पोरसा=पाँच हात लम्बाई)* जमीनभित्र तीन पोरसा समेत जम्मा बाह्र बाह्र पोरसा अग्लो स्तम्भ थियो । एउटा स्तम्भ सुनको थियो, एउटा चाँदीको, एउटा वैदूर्यमणिको, एउटा स्फटिकको, एउटा माणिकको, एउटा मसारगल्ल *(पन्ना)* को, एउटा सबै प्रकारका *(मिश्रित)* रत्नको ।

"आनन्द ! कुशावती राजधानी सात पंक्ति ताड वृक्षले घेरिएको थियो । एउटा पंक्ति सुनको

Downloaded from http://www.dhamma.digital

एउटा पंक्ति सबै प्रकारका *(मिश्रित)* रत्नका सुनको ताडवृक्षको स्कन्ध सुनको तथा पात र फल चाँदीको थिए । चाँदीको ताडवृक्षको स्कन्ध चाँदीको तथा पात र फल सुनका थिए । वैदूर्यमणिको ताडवृक्षको स्कन्ध चाँदीको तथा पात र फल सुनका थिए । वैदूर्यको ताडवृक्षमा पात र फल स्फटिकको थिए । स्फटिकको ताडवृक्षको ··· पात र फल वैदूर्यका थिए । लोहिताङ्ग *(माणिक)* को ताडवृक्षको ··· पात र फल मसारगल्लका थिए । मसारगल्लको ताडवृक्षको ··· पात र फल लोहिताङ्गको थियो । सबै प्रकारको रत्नको ··· पात र फल सर्व रत्नमय थियो । आनन्द ! हावाले चलाउँदा ती ताडपंक्तिबाट आउने आवाज अति नै सुन्दर प्रसन्नतादायक, प्रिय र मनमोहक थियो । आनन्द ! जस्तै *(उदाहरणको निमित्त)* वाद्य विद्यामा कुशल दक्ष पुरुषले राम्ररी सजिएको, राम्ररी सूरताल मिलाइएको पाँच अङ्गले युक्त बाजा बजाउँदा त्यसबाट निस्किने स्वर सुन्दर, आनन्ददायी प्रिय एवं मनमोहक हुन्थ्यो । त्यस्तै नै सुमधुर स्वर ··· ती ताडवृक्षबाट पनि निस्किरहेका थिए । आनन्द ! त्यस बेला जति पनि कुशावती राजधानीमा रहेका जुवाडेहरू, जाँडरक्सी खानेहरू तथा फेरि फेरि पिउन चाहनेहरू जो थिए ती सबै त्यो हावाबाट निस्किने ··· मनमोहक स्वरमा *(मस्त भई)* नाचिरहन्थे, खेलिरहन्थे ।

## २. चक्ररत्न

३. "आनन्द ! राजा महासुदस्सन सात *(सप्त)* रत्न र चार ऋद्धिले सम्पन्न थिए । के के सात *(रत्न)* ? आनन्द ! यहाँ राजा महासुदस्सन एक दिन उपोसथको दिन मूर्धाभिषिक्त *(=राज्यारोहण गर्दा केवल विधि पुऱ्याउन शिरमा सेचन गरिएका नयाँ राजा)* उपोसथ व्रत बसेका राजा महासुदस्सन प्रासादको सबभन्दा माथिलो तल्लामा गएको बेला उनको सम्मुख सहस्र आरा भएको, नेमि नाभि भएको र सबै प्रकारले परिपूर्ण दिव्य चक्ररत्न प्रकट भयो । त्यसलाई देखेर राजा महासुदस्सनको मनमा यस्तो भयो – यस्तो मैले सुनेको थिएँ – 'जुन क्षत्रिय मूर्धाभिषिक्त राजा उपोसथ-पूर्णिमाको दिन शिरले नुहाई उपोरथ व्रत बसेर प्रासादको सबभन्दा माथिल्लो तल्लामा गएको बेला राजाको सम्मुख सहस्र आरा भएको, नेमि नाभि भएको र सबै प्रकारले परिपूर्ण दिव्यरत्न प्रकट हुन्छ भने ऊ चक्रवर्ती राजा बन्नेछ । म चक्रवर्ती राजा हुन चाहन्छु ।'

४. "आनन्द ! अनि राजा महासुदस्सनले आसनबाट उठेर उत्तरासङ्गलाई एकांशपारी बायाँ हातले सुनको झारी लिई, दायाँ हातले चक्ररत्नलाई अभिषेक गरे – 'चक्ररत्न ! तपाईंलाई स्वागत छ, तपाईंको जय होस् ।' आनन्द ! अनि त्यो चक्ररत्न पूर्वदिशातिर गुडेर गयो । राजा सुदस्सन चतुरङ्गिनी सेनासाथ चक्ररत्नको पछिपछि लागे । आनन्द ! जुन प्रदेशमा चक्ररत्न अडिरह्यो भने त्यहाँ चक्रवर्ती राजा आफ्नो चतुरङ्गिनी सेनासाथ रोकिरहन्थे । आनन्द ! जो पूर्व दिशाका राजाहरू थिए उनीहरू राजा महासुदस्सनकहाँ आई निवेदन गरे – 'महाराज ! तपाईंको स्वागत छ, *(हामी सबैलाई)* तपाईंले अनुशासन गर्नुहोस् । महाराज ! तपाईंले आज्ञा गर्नुहोस् ।' राजा महासुदस्सनले यस्तो भने – प्राणी हिंसा गर्नुहुँदैन, चोरी गर्नुहुँदैन, काममिथ्याचार गर्नुहुँदैन, झूटा कुरा गर्नुहुँदैन, मद्यपान नशालु पदार्थ सेवन गर्नुहुँदैन । उचित भोग गर्नुपर्छ । आनन्द ! *(यसरी)* जो पूर्वदिशाका राजाहरू थिए ती सबै राजाहरू राजा महासुदस्सनको अनुवर्तक *(अनुयुक्त=अधीन)* भए ।

"आनन्द ! त्यसपछि त्यो चक्ररत्न पूर्वको समुद्रमा डुबुल्की लगाई त्यहाँबाट निस्केर दक्षिण दिशातिर गुडेर गयो ··· *(पूर्ववत्)* ··· पश्चिम दिशातिर गुडेर गयो ··· *(पूर्ववत्)* ··· उत्तर दिशातिर गुडेर गयो । राजा महासुदस्सन चतुरङ्गिनी सेना साथ चक्ररत्नको पछिपछि लागे । आनन्द ! जुन प्रदेशमा चक्ररत्न अडचाइ रह्यो त्यहाँ चक्रवर्ती राजा आफ्नो चतुरङ्गिनी सेनासाथ रोकिरहन्थे । आनन्द ! जो उत्तरदिशाका राजाहरू थिए उनीहरू राजा महासुदस्सनकहाँ आई निवेदन गरे – 'महाराज ! तपाईंको

Downloaded from http://www.dhamma.digital

स्वागत छ, तपाईंले अनुशासन गर्नुहोस् । महाराज ! तपाईंले आज्ञा गर्नुहोस् ।' राजा महासुदस्सनले यस्तो भने – प्राणी हिंसा गर्नुहुँदैन, चोरी गर्नुहुँदैन, काममिथ्याचार गर्नुहुँदैन, झूटा कुरा गर्नुहुँदैन, मद्यपान नशालु पदार्थ सेवन गर्नुहुँदैन । उचित भोग गर्नु पर्छ । आनन्द ! *(यसरी)* जो उत्तर दिशाका राजाहरू थिए ती सबै राजाहरू राजा महासुदस्सनको अनुवर्तक भए ।

५. "आनन्द ! त्यसपछि चक्ररत्न समुद्र पर्यन्त पृथ्वीलाई विजय गरी कुशावती राजधानी फर्केर आई राजा महासुदस्सनको आफ्नो अन्तःपुरको द्वार नजिकै न्यायालयको आँगनमा दृढ रूपमा *(किल्ला ठोकेझैं)* स्थिर रहे । त्यसले गर्दा राजा महासुदस्सनको अन्तःपुर सारै शोभायमान भयो । आनन्द ! यसरी राजा महासुदस्सनको चक्ररत्न प्रकट भए ।

## ३. हस्तिरत्न

६. "आनन्द ! फेरि उनै राजा महासुदस्सनलाई सर्वथा श्वेत सप्त प्रतिष्ठित[४२८] ऋद्धिमान् आकाशमा पनि विचरण गर्न सक्ने उपोसथ हस्तिराज भन्ने हस्तिरत्न *(हात्ती)* प्रकट भयो । यो देखेर राजा महासुदस्सनको चित्त अत्यन्त प्रसन्न भयो, *(अनि यसरी विचार गरे)* हात्तीलाई राम्ररी तालिम दिन पाए सवारीको निमित्त अत्यन्त राम्रो हुने थियो । आनन्द ! अनि त्यो हस्तिराज भने उत्तम जातिकै हात्ती भएकोले मानौं ऊ धेरै दिनदेखि शिक्षित भएकै हात्ती जस्तो देखिन्छ । आनन्द ! अनि राजा महासुदस्सनले त्यो हस्तिरत्नको परीक्षा गर्ने विचारले पूर्वाण्ह समय त्यसमाथि चढी समुद्रपर्यन्त पृथ्वीको परिक्रमा गरी प्रातराशको समय कुशावती राजधानी फर्के । आनन्द ! राजा महासुदस्सनलाई यस्तो हस्तिरत्न प्रकट भयो ।

## ४. अश्वरत्न

७. "आनन्द ! अनि फेरि राजा महासुदस्सनलाई बिलकुल सेतो, कालो टाउको भएको, मूञ्जको जस्तो केश भएको, ऋद्धि सम्पन्न, आकाशचारी वलाहक अश्वराज भन्ने अश्वरत्न प्रकट भयो । यो देखेर राजा महासुदस्सनको चित्त अत्यन्त प्रसन्न भयो, घोडालाई राम्ररी तालिम दिन पाए सवारीको निमित्त अत्यन्त राम्रो हुने थियो । आनन्द ! अनि त्यो अश्वराज भने उत्तम जातिकै घोडा भएकोले मानौं ऊ धेरै दिनदेखि शिक्षित भएकै घोडा जस्तो देखिन्छ । आनन्द ! अनि राजा महासुदस्सनले त्यो अश्वरत्नको परीक्षा गर्ने विचारले पूर्वाण्ह समय त्यसमाथि चढी समुद्र पर्यन्त पृथ्वीको परिक्रमा गरी प्रातराशको समय कुशावती राजधानी फर्के । आनन्द ! राजा महासुदस्सनलाई यस्तो अश्वरत्न प्रकट भयो ।

## ५. मणिरत्न

८. "आनन्द ! अनि फेरि राजा महासुदस्सनलाई मणिरत्न प्रकट भयो । त्यो मणिरत्न वैदूर्य शुभ्र, राम्रो जातको, अष्टांश गरी कुँदेको, सफा, निर्मल चमकदार, विप्रसन्न *(मोहक)* एवं सर्वालङ्कार सम्पन्न

---

४२८ सप्त प्रतिष्ठितको अर्थ शरीरको सातवटा अंगले पृथ्वीलाई छुनु जस्तो कि चार खुट्टाहरूले, दुई दन्तले र एउटा सुँडले पृथ्वीलाई छुनु ।

Downloaded from http://www.dhamma.digital

थियो । आनन्द ! त्यो मणिरत्नको आभा *(प्रकाश)* एक योजनसम्म चारैतर्फ फैलिएको थियो । त्यही मणिरत्नलाई परीक्षा गर्ने विचारले राजाले चतुरङ्गिनी सेनालाई सजाएर लामालामा ध्वजा पताका लिएर अंध्यारो रातमा प्रस्थान गऱ्यो । आनन्द ! चारैतिरका ग्राम-निवासीहरूले त्यो मणिरत्नको प्रकाशको कारण दिन भयो भनेर सम्झी काम गर्न थाले । आनन्द ! राजा महासुदस्सनलाई यस्तो मणिरत्न प्रकट भयो ।

## ६. स्त्रीरत्न

९. "आनन्द ! अनि फेरि राजा महासुदस्सनलाई एउटी यस्तो स्त्रीरत्न प्रकट भयो; जो बिलकुल अभिरूप, दर्शनीय, चित्तलाई प्रसन्न गर्ने, परमसौन्दर्यमयी, न धेरै अग्ली न धेरै होची *(पुड्की)*, न धेरै दुबली, न धेरै मोटी, न धेरै काली न धेरै गोरी, मनुष्य वर्गभन्दा माथिकी परन्तु देववर्णभन्दा केही कमकी थिईन । आनन्द ! ती *(श्रेष्ठ)* स्त्रीरत्नको काय संस्पर्श मानो नरम रुवा वा कपासको स्पर्श जस्तै थियो । आनन्द ! ती स्त्रीरत्नको शरीर शीत ऋतुमा उष्ण र गृष्म ऋतुमा शीतल रहन्थ्यो । आनन्द ! तिनको ज्यूबाट चन्दनको र मुखबाट कमलको जस्तो वासना आउँथ्यो । आनन्द ! त्यो स्त्रीरत्न राजा महासुदस्सनभन्दा पहिले उठ्ने र पछि सुत्ने गर्दथी । राजाको आज्ञा सुन्नलाई प्रतिक्षण तयार भईरहन्थी । राजाको मनोनुकूल आचरण गर्ने र प्रियवादिनी थिईन । आनन्द ! ती रत्नले राजा महासुदस्सनलाई मनले छोडिन *(अर्थात् अन्य पुरुषप्रति राग प्रकट गरिन)* भने शरीरले किन गर्थिन् ? आनन्द ! राजा महासुदस्सनलाई यस्ता स्त्रीरत्न प्रकट भयो ।

## ७. गृहपतिरत्न

१०. "आनन्द ! अनि फेरि राजा महासुदस्सनलाई गृहपति रत्न प्रकट भयो । त्यसलाई *(आफ्नो)* कर्म विपाकको कारण दिव्यचक्षु उत्पन्न भयो, जसले गर्दा स्वामित्व भएको वा नभएको जमिनमुनि गाडी राखेको खजाना *(निधि)* पत्ता लगाउन सक्ने भयो । उसले राजा महासुदस्सनकहाँ गएर यस्तो भन्यो – 'देव ! तपाईं निश्चित हुनुहोस्, म तपाईंको निमित्त धनको व्यवस्था गरिदिनेछु ।' आनन्द ! राजा महासुदस्सनले त्यो गृहपतिरत्नको परीक्षा गर्ने विचारले डुंगामा चढेर गङ्गा नदीको बीच धारामा गएर त्यो गृहपतिरत्नलाई यस्तो भने – 'गृहपति ! मलाई यस बेला सुनचाँदी चाहियो ।' आनन्द ! अनि त्यो गृहपतिरत्नले भन्यो – 'डुंगालाई कुनै किनारामा लैजानुहोस् ।' 'गृहपति ! मलाई यहीं नै सुनचाँदी चाहियो ।' आनन्द ! अनि त्यो गृहपतिरत्नले दुवै हात पानीमा राखेर त्यहाँबाट सुनचाँदीले भरिएको घडा निकालेर राजा महासुदस्सनलाई भन्यो – 'महाराज ! के यतिले पुग्छ ? महाराज ! अरू निकालूं ? महाराज ! यतिले सन्तुष्ट हुनुहुन्छ ?' राजा महासुदस्सनले भने–'गृहपति ! पुग्यो, गृहपति ! बस, भैगो, गृहपति ! म सन्तुष्ट भएँ ।' आनन्द ! राजा महासुदस्सनलाई यस्तो गृहपतिरत्न प्रकट भयो ।

## ८. परिणायकरत्न

११. "आनन्द ! अनि फेरि राजा महासुदस्सनलाई पण्डित, व्यक्त, मेधावी र स्वीकरणीय *(वस्तु)* लाई स्वीकार गराउने र छाड्नु पर्ने *(वस्तु)* लाई छाड्न लगाउन समर्थ भएका परिणायकरत्न प्रकट

Downloaded from http://www.dhamma.digital

भयो । उसले राजा महासुदस्सनकहाँ गई यस्तो भन्यो –'देव ! तपाईंले चिन्ता लिनु पर्दैन, म अनुशासन गर्नेछु ।' आनन्द ! राजा महासुदस्सनलाई यस्तो परिणायकरत्न प्रकट भयो ।"

## ९. चार ऋद्धि सम्पन्न महासुदस्सन

१२. "आनन्द ! राजा महासुदस्सन चार ऋद्धिले सम्पन्न थिए । कुन कुन चार ? (१) आनन्द ! राजा महासुदस्सन अन्य मनुष्यको भन्दा अभिरूप, दर्शनीय, प्रिय तथा परम सौन्दर्ययुक्त, थिए । आनन्द ! राजा महासुदस्सनको यो प्रथम ऋद्धि हो । (२) आनन्द ! फेरि राजा महासुदस्सन दीर्घायु थिए । अन्य मनुष्यको भन्दा धेरै आयु थियो । आनन्द ! राजा महासुदस्सनको यो दोस्रो ऋद्धि हो । (३) आनन्द ! फेरि राजा महासुदस्सन नीरोगी, स्वस्थ्य तथा खानपीनमा सही ढंगले पचाउन सक्ने थिए । अन्य मानिस जस्तो न शीत न त उष्ण प्रकृतिको थिए । आनन्द ! राजा महासुदस्सनको यो तेस्रो ऋद्धि हो । (४) आनन्द ! राजा महासुदस्सन ब्राह्मण र गृहस्थ सबैका प्रिय र मनाप *(आकर्षक)* थिए । आनन्द ! जस्तै *(उपमाको निमित्त)* पुत्र पितालाई प्रिय र मनाप हुन्छ । आनन्द ! त्यस्तै नै राजा महासुदस्सन ब्राह्मण र गृहस्थ सबैका प्रिय र मनाप थिए ।

"आनन्द ! अनि राजा महासुदस्सन चतुरङ्गिनी सेनाका साथ उद्यान भूमितर्फ गए । आनन्द ! त्यस बेला ब्राह्मण र गृहस्थीहरू आई राजालाई यस्तो भने – 'देव ! तपाईं निर्भय हुनुहोस्, हामी तपाईंको सदा रक्षा गर्दछौं ।' आनन्द ! राजा महासुदस्सनले सारथिलाई भने – 'सारथि ! निर्भय भएर रथ हाँक, किनकि ब्राह्मण र गृहस्थीहरूले मेरो सदा रक्षा गर्नेछन् ।' आनन्द ! राजा महासुदस्सन यहीं नै चार ऋद्धिले सम्पन्न थिए । आनन्द ! राजा महासुदस्सन यहीं चार ऋद्धिले सम्पन्न भए ।

## १०. धर्म–प्रासाद र पुष्करिणी

१३. "आनन्द ! अनि *(एकदिन)* राजा महासुदस्सनलाई यस्तो भयो – 'ती ताड वृक्षको बीच लाममा खाली भईरहेको जग्गामा सय-सय धनुष *(लम्बाइ)* को फरकमा एउटा एउटा पोखरी बनाउन पाए हुन्थ्यो ।'

"आनन्द ! राजा महासुदस्सनले ती ताड वृक्षको बीच लाममा खाली भईरहेको जग्गामा सय-सय *(लम्बाइ, नाप)* को फरकमा एउटा-एउटा पोखरी खन्न लगाए । आनन्द ! त्यो पोखरी चार किसिमको ईंटले बनेको थियो, एक किसिमको ईंट सुनका, अर्को चाँदीका, अर्को वैदूर्यका र अर्को स्फटिकका थिए ।"

"आनन्द ! पोखरीको चारै दिशामा चार किसिमका सिंढी थिए – एउटा सिंढी सुनको, एउटा सिंढी चाँदीको, एउटा वैदूर्यको र एउटा स्फटिकको । सुनको सिंढीमा सुनको खम्बा र चाँदीको कीला काँटी र छत थियो । चाँदीको सिंढीमा चाँदीको खम्बा र सुनको कीला काँटी र छत थिए । वैदूर्यको सिंढीमा वैदूर्यको खम्बा र स्फटिकको कीला, काँटी र छत थिए । तथा स्फटिकको सिंढीमा स्फटिकको खम्बा र वैदूर्यको कीलाकाँटी र छत थियो । आनन्द ! ती पोखरीहरूमा दुईदुई वेदिका बनाइएका थिए, एउटा वेदिका सुनको र अर्को चाँदीको । सुनको वेदिकामा सुनको खम्बा र चाँदीको कीला, काँटी र छत थिए । चाँदीको वेदिकामा चाँदीको खम्बा र सुनको कीला, काँटी र छत थिए । आनन्द ! त्यसपछि राजा महासुदस्सनलाई यस्तो भयो – किन म यी पोखरीमा राम्रा-राम्रा फूलको विरुवा नरोपुं – उत्पल, पद्म,

Downloaded from http://www.dhamma.digital

कुमुद, पुण्डरीकको फुलको विरुवा रोपेर सबैको मन प्रसन्न गराउनु पर्‍यो ।' आनन्द ! राजा महासुदस्सनले ती पोखरीमा त्यस्ता उत्पल, पद्म, कुमुद, पुण्डरीकका विरुवाहरू रोप्न लगाए ।

१४. "आनन्द ! त्यसपछि राजा महासुदस्सनलाई यस्तो इच्छा भयो – 'यी पोखरीछेउ नुहाइदिने व्यक्तिहरूको व्यवस्था गर्नु पर्‍यो जसले यहाँ आउनेहरूलाई नुहाइदिनेछन् ।' आनन्द ! अनि राजा महासुदस्सनले नुहाइदिने व्यक्तिहरूको नियुक्ति गरे । आनन्द ! त्यसपछि फेरि राजा महासुदस्सनलाई यस्तो इच्छा भयो – यी पोखरीछेउ यस्ता दान *(शाला)* स्थापित किन नगरूँ, जहाँ अन्न चाहनेलाई अन्न, पेय *(पान)* चाहनेलाई पेय, वस्त्र चाहनेलाई वस्त्र, सवारी चाहनेलाई सवारी, शय्या चाहनेलाई शय्या, स्त्री चाहनेलाई स्त्री, सुन चाहनेलाई सुन दान दिन सकियोस् । आनन्द ! राजा महासुदस्सनले यस्ता दानशाला स्थापित गरे ।

१५. "आनन्द ! अनि ब्राह्मण र गृहस्थीहरूले प्रशस्त धन लिएर राजा महासुदस्सनकहाँ आएर यस्तो भने –'देव ! यी प्रशस्त धन *(हामी)* तपाईंको सेवामा ल्याएका हौं, यो तपाईंले स्वीकार गर्नुहोस् ।' 'भैगो, मैले पनि प्रशस्त धन धर्मपूर्वक र बलपूर्वक आर्जित गरिराखेको छु, सो छँदैछ । *(बरु तपाईंहरूलाई चाहेमा)* यहाँबाट अरू धन लिएर जानुहोस् ।' राजा महासुदस्सनले लिन स्वीकार नगरे पछि उनीहरू एक छेउ गएर सल्लाह गरे – हामीले ल्याइसकेको धन फिर्ता लैजानु राम्रो हुने छैन, बरू त्यसबाट राजा महासुदस्सनको निमित्त प्रासाद बनाइदिनु पर्‍यो ।' तिनीहरूले राजाकहाँ गएर त्यस्तो भने – 'देव ! तपाईंको निमित्त एउटा प्रासाद बनाउँछौ ।' आनन्द ! राजा महासुदस्सनले मौन भावले स्वीकार गरे ।'

१६. "आनन्द ! अनि शक्र देवेन्द्रले राजा महासुदस्सनको चित्तलाई आफ्नो चित्तले जानी देवपुत्र विश्वकर्मालाई बोलाएर भने – जाऊ, सौम्य विश्वकर्मा ! राजा महासुदस्सनको निमित्त 'धर्म' भन्ने प्रासाद बनाई देओ ।' आनन्द ! देवपुत्र विश्वकर्माले –'हवस् भन्ते !' भनी शक्र देवेन्द्रलाई प्रत्युत्तर दिई जस्तै कुनै बलवान् पुरुषले खुम्चेकी हात *(बाहु)*लाई पसार्छ र पसारेको हातलाई खुम्चाउँछ त्यस्तै गरी त्रयस्त्रिंश देवलोकमा अन्तर्धान भई राजा महासुदस्सनको अगाडि प्रकट भए । आनन्द ! अनि देवपुत्र विश्वकर्माले राजा महासुदस्सनलाई यस्तो भने – 'देव ! धर्म नामक प्रासाद तपाईंको निमित्त बनाई दिनेछु ।' आनन्द ! राजा महासुदस्सनले मौन भावले स्वीकार गरे ।

"आनन्द ! देवपुत्र विश्वकर्माले धर्म नामक प्रासाद *(दरवार)* बनाइदिए । आनन्द ! धर्म-प्रासादको पूर्व-पश्चिम लम्बाइ एक योजन र उत्तर-दक्षिण चौडाइ आधा योजन थियो । आनन्द ! धर्म-प्रासादको घर तीन तल्लाको थियो, त्यो चार किसिमका ईंटले बनेको थियो, एउटा सुनको, एउटा चाँदीको, एउटा वैदूर्य *(मणि)* को, एउटा स्फटिकको ।

"आनन्द ! धर्म-प्रासादमा चार रंगका चौरासीहजार खम्बा थिए – एक थरी सुनको, एक थरी चाँदीको, एक थरी वैदूर्यको र एक थरी स्फटिकको । आनन्द ! धर्म-प्रासादमा चार रंगका छत राखिएको थिए – एक थरी सुनको, एक थरी चाँदीको, एक थरी वैदूर्यको र एक थरी स्फटिकको ।

"आनन्द ! धर्म-प्रासादमा चार रंगका चौबीस भऱ्याङ थिए – एक थरी सुनको, एक थरी चाँदीको, एक थरी वैदूर्यको, र एक थरी स्फटिकको भऱ्याङ । जसमध्ये सुनको भऱ्याङमा सुनको खम्बा तथा चाँदीको कीला, काँटी र छत थिए, ... स्फटिकको भऱ्याङमा स्फटिकको खम्बा तथा वैदूर्यको कीला काँटी र छत थिए ।

"आनन्द ! त्यो धर्म भन्ने धर्म-प्रासादमा चार रंगका चौरासीहजार कूटागार *(कोठा)* थिए, जुन चार रंगका थिए – एक थरी सुनको, एक थरी चाँदीको, एक थरी वैदूर्यको र एक थरी स्फटिकको, सुनको *(रंगको)* कोठामा चाँदीको पलंग राखिएको थियो । चाँदीको कोठामा सुनको पलंग राखिएको

Downloaded from http://www.dhamma.digital

थियो । वैदूर्यको कोठामा हात्तीको छतको पलंग राखेको थियो । स्फटिकको कोठामा मसारगल्लको पलंग राखिएको थियो । सुनको कोठाको द्वारमा चाँदीको ताडवृक्ष र त्यसको पात र फल सुनका *(सुवर्ण वर्ण)* थिए । चाँदीको कोठाको द्वारमा सुनको ताडवृक्ष र त्यसका पात र फल चाँदीका थिए । वैदूर्यको कोठाको द्वारमा स्फटिकको ताडवृक्ष र त्यसका पात र फल वैदूर्यका थिए । स्फटिकको कोठाको द्वारमा वैदूर्यको ताडवृक्ष र त्यसको पात र फल स्फटिकका थिए ।

१७. "आनन्द ! अनि राजा महासुदस्सनलाई यस्तो भयो – 'मैले यहाँ ठूलो द्वारमा दिवा-विहारको निमित्त सबै सुनको ताडवृक्षका वन बनाउन लगाउनु पऱ्यो । आनन्द ! राजा महासुदस्सनले दिवा-विहारको निमित्त सबै सुनको ताडवृक्षका वन बनाउन लगाए ।' आनन्द ! धर्म-प्रासाद दुईवटा वेदिकाले घेरिएको थियो – एक थरी सुनको र अर्को थरी चाँदीको । ती वेदिकाहरूमध्ये एउटामा सुनको खम्बा र कीला, काँटा, छत चाँहि चाँदीको थियो भने अर्कोमा चाँदीको खम्बा र कीला, काँटा, छत चाँहि सुनको ।

१८. "आनन्द ! धर्म-प्रासाद दुईवटा घण्टी-मालाले आवृत्त गरेको थियो, त्यसमा एउटा सुनको घण्टी-माला थियो र अर्को चाँदीको घण्टी-माला थियो । आनन्द ! ती घण्टी-मालाहरूमा हावा चल्यो भने हावाको झोक्काले घण्टीबाट प्रिय, रागोत्पादक, मनमोहक ध्वनि निस्किरहन्थ्यो । आनन्द ! त्यसबेला कुशावती राजधानीमा रहेका जुवाडेहरू, जाडँरक्सी खानेहरू तथा फेरि फेरि पिउन चाहनेहरू जो थिए ती सबै त्यो घण्टीबाट आउने ... मनमोहक ध्वनि सुनेर मस्त भई नाचिरहन्थे, खेलिरहन्थे । आनन्द ! त्यो प्रासाद यतिको चम्किलो थियो कि साधारण मानिसको आँखाले हेर्न सकिंनथ्यो, आँखै उघार्न सकिंनथ्यो । आनन्द ! जस्तै *(उपमाको लागि)* वर्षाको अन्त, शरद ऋतुको शुरुमा आकाशमा बादल नभएको बेला चम्केको सूर्यलाई हेर्न सकिंदैन, *(सूर्यको अगाडि)* आँखै उघार्न सकिंदैन, आनन्द ! त्यस्तै नै त्यो प्रासाद यतिको चम्किलो थियो कि साधारण मानिसको आँखाले हेर्न सकिंदैनथ्यो, आँखै उघार्न सकिंदैनथ्यो ।

१९. "आनन्द ! अनि राजा महासुदस्सनलाई यस्तो भयो – धर्म-प्रासादको अगाडि धर्म पुष्कारिणी भन्ने पोखरी बनाउन पऱ्यो । राजा महासुदस्सनले ... पोखरी बनाउन लगाए । आनन्द ! त्यो धर्म पोखरीको पूर्व-पश्चिम लम्बाइ एक योजनको थियो, उत्तर-दक्षिण चौडाइ आधा योजनको । आनन्द ! त्यो पोखरीमा चार थरीका ईंट-सुनका, चाँदीका, वैदूर्यका र स्फटिकका ईट छापि राखिएका थिए ।

"आनन्द ! धर्म-पुष्करिणी *(पोखरी)* मा चार थरी रंगका चौबीसवटा भऱ्याङ थिए । ... सुनको भऱ्याङ, सुनको खम्बा ... *(पूर्ववत्)* ... । पोखरीको चारैतिर दुई वेदिका ... *(पूर्ववत्)* ... । सात ताडवृक्षको पंक्ति ... सबै प्रकारको रत्नको ... पात र फल सर्वरत्नमय थिए । आनन्द ! हावाले स्वर चलाउँदा ती ताडपंक्तिबाट आउने अति नै सुन्दर, प्रशन्नतादायक, प्रिय र मनमोहक थियो । आनन्द ! जस्तै *(उदाहरणको निमित्त)* वाद्य विद्यामा कुशल दक्ष पुरुषले राम्ररी सजिएको, राम्ररी सूरताल मिलाएको पाँच अङ्गले युक्त बाजा बजाउँदा त्यसबाट निस्किने स्वर सुन्दर प्रसन्नदायक, प्रिय एवं मनमोहक हुन्थ्यो त्यस्तै नै सुमधुर स्वर ... ती ताडवृक्षबाट पनि निस्किरहेको थियो । आनन्द ! त्यसबेला जति पनि कुशावती राजधानीमा रहेका जुवाडेहरू, जाँडरक्सी खानेहरू तथा फेरिफेरि पिउन चाहनेहरू जो थिए ती सबै त्यो हावाबाट निस्किने ... मनमोहक स्वरमा *(मस्त भई)* नाचिरहन्थे, खेलिरहन्थे । आनन्द ! धर्म-प्रासाद र धर्म-पुष्करिणी निर्माण पूरा भएपछि राजा महासुदस्सनले त्यसबेलाका श्रमण कहलिएका श्रमणहरू, ब्राह्मण कहलिएका ब्राह्मणहरूलाई सन्तुष्ट गरी धर्म प्रासादमा प्रवेश गराए ।

**प्रथम भाणवार समाप्त ।**

Downloaded from http://www.dhamma.digital

## ११. ध्यान समापत्ति

२०. अनि राजा महासुदस्सनको मनमा यस्तो भयो – 'यो मेरो के कर्मको फल हो, के कर्मको विपाक हो जसले गर्दा म यस बेला यसरी समृद्ध, महर्द्धिक महानुभाव सम्पन्न भएँ ?' आनन्द ! अनि राजा महासुदस्सनको मनमा यस्तो भयो – 'यो मेरो दान, दम, संयम – यही तीन कर्मको नै फल हो, यही तीन कर्मको विपाक हो, जसले गर्दा म यस बेला यसरी समृद्ध महर्द्धिक महानुभाव सम्पन्न भएको छुं' ।"

"आनन्द ! अनि राजा महासुदस्सन जहाँ महाव्यूह कूटागार हो त्यहाँ गए । त्यहाँ गई महाव्यूह कूटागारको द्वारमा उभिई यो उदान *(प्रीति वाक्य)* प्रकट गरे – 'अरे, काम वितर्क, रोक । अरे, व्यापाद वितर्क, रोक । अरे, विहिंसा वितर्क, *(तिमी)* रोक ! अरे, कामवितर्क न आओस् ! अरे, व्यापाद वितर्क न आओस् ! अरे, विहिंसा वितर्क न आओस्' ।"

२१. "आनन्द ! अनि राजा महासुदस्सन महाव्यूह कूटागारमा प्रवेश गरी सुवर्ण पलंगमा बसेर कामविषयबाट अलग भई, अकुशलबाट अलग भई वितर्क विचारयुक्त भएको विवेकज: *(ध्यानज:)* प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी बसे । फेरि वितर्क विचारलाई उपशान्त गरी अभ्यन्तर सम्प्रसादलाई चित्तमा एकाग्र गरी वितर्क विचाररहित विवेकज: प्रीतिसुख भएको द्वितीयध्यान प्राप्त गरी बसे । फेरि प्रीतिलाई त्यागी उपेक्षित भई, स्मृतिसम्प्रज्यन्य भई शरीरद्वारा सुखानुभव गरी बसे, जसलाई आर्यहरू उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्दछन्, त्यसप्रकारको तृतीयध्यान प्राप्त गरी बसे । फेरि सुखलाई पनि त्यागी दु:खलाई पनि त्यागी पहिले नै सौमनस्य *(मानसिक सुख)* दौर्मनस्य *(मानसिक दु:ख)* को अन्त गरी सुख दु:ख नभएको स्मृति र उपेक्षा परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी बसे ।

२२. "आनन्द ! अनि राजा महासुदस्सन महाव्यूह कूटागारबाट बाहिर निस्की सुनको कोठामा प्रवेश गरी रजतमय *(चाँदीको)* पलंगमा बसी मैत्रीसहगत चित्तलाई एक दिशातिर फैलाई बसे, तथा द्वितीय दिशातिर ···, तृतीय दिशातिर ···, चतुर्थ दिशातिर फैलाई बसे । माथि, तल, बीच, सबैतिर फैलाई बसे, त्यस्तै गरी विपुल चित्तलाई ···, मैत्री महान् चित्तलाई ···, मैत्री अप्रमाण चित्तलाई फैलाई बसे, अवैरी, अव्यापाद्य *(अद्वेष)* चित्तलाई फैलाई बसे । यसप्रकार ध्यान गरी मैत्री चित्तलाई त्यहीँ मात्र सीमित नराखी, अप्रमाण मैत्री-चित्त गरी भावना *(ध्यान)* गरे । करुणा सहगत चित्तलाई एक दिशातिर फैलाई बसे ··· *(पूर्ववत्)* ··· उपेक्षा सहगत चित्तलाई एक दिशा फैलाई बसे ··· *(पूर्ववत्)* ··· मुदिता सहगत चित्तलाई एक दिशा फैलाई बसे, तथा द्वितीय दिशातिर ···, तृतीय दिशातिर ···, चतुर्थ दिशातिर फैलाई बसे । माथि, तल, बीच, सबै ठाउँमा, सबैतिर, सबै प्रकारले, सबै लोकमा मुदिता सहगत चित्तलाई फैलाई बसे, त्यस्तै गरी विपुल चित्तलाई ···, मुदिता महान् चित्तलाई ···, मुदिता अप्रमाण चित्तलाई फैलाई बसे, अवैरी, अव्यापाद्य *(अद्वेष)* चित्तलाई फैलाई बसे । यस प्रकार ध्यान गरी मुदिता चित्तलाई त्यहीँ मात्र सीमित नराखी, अप्रमाण मुदिता-चित्त गरी भावना गरे ।

## १२. चौरासीहजार नगर

२३. "आनन्द ! त्यस बेला राजा महासुदस्सनका चौरासीहजार नगरहरू थिए जसमध्ये कुशावती नगर प्रमुख छ; चौरासीहजार प्रासादहरू थिए जसमध्ये धर्म-प्रासाद प्रमुख थियो, चौरासीहजार कूटागारहरू थिए जसमध्ये महाव्यूह कूटागार प्रमुख थियो । सुन, चाँदी दन्त, हीराको ··· लामा लामा रौं

Downloaded from http://www.dhamma.digital

भएको आसन, सेतो ऊनको आसन, फुलदार बुट्टा भएको अस्तरण, ... कदलिमृग छालाको अस्तरण, ... दुवैतिर रातो तकिया भएको चौरासीहजार पलंग थिए । राजासित सुनको आभूषणले सुसज्जित भएको ध्वजा पताका भएको चौरासीहजार हात्तीहरू थिए जसमध्ये उपोसथ हात्ती प्रमुख थियो; सुवर्ण अलंकृत चौरासीहजार घोडाहरू थिए जसमध्ये 'वलाहक अश्वराज' प्रमुख थियो, सिंहचर्म, व्याघ्रचर्म, चितुवाको छाला ... आदि राखिएका चौरासीहजार रथहरू थिए जसमध्ये 'वैजयन्त' *(वेजयन्त)* रथ प्रमुख थियो । चौरासीहजार मणिरत्नहरू थिए जसमध्ये 'मणिरत्न' प्रमुख थियो । चौरासीहजार स्त्रीहरू थिए जसमध्ये 'स्त्रीरत्न' प्रमुख थियो । चौरासीहजार गृहपतिहरू थिए जसमध्ये 'गृहपतिरत्न' प्रमुख थियो । चौरासीहजार क्षत्री अनुयायीहरू छन् जसमध्ये 'परिणायक रत्न' प्रमुख थियो । चौरासीहजार गाईहरू थिए ... । कोटिसहस्र रेशमका, कपासका र ऊनका वस्त्रहरू थिए । चौरासीहजार उत्तम भोजनहरू थिए जुन बिहान बेलुकी ल्याइन्छन् ।

२४. "आनन्द ! त्यसबेला राजा महासुदस्सनका चौरासीहजार हात्तीहरू थिए जो बिहान र साँझ *(राजाको)* सेवामा आउँथे । आनन्द ! अनि *(एकदिन)* राजाको मनमा यस्तो भयो – 'यी मेरा चौरासीहजार हात्तीहरू छन् जो बिहान र साँझ *(मेरो)* सेवामा आउँछन् । यिनीहरू आजदेखि सय सय वर्ष बितेपछि बयालीस बयालीसहजार हात्ती मात्र मेरो सेवामा आउने गर ।' आनन्द ! अनि राजा महासुदस्सनले परिणायकरत्नलाई सम्बोधन गरे – 'सौम्य परिणायकरत्न ! यी चौरासीहजार हात्तीहरू छन् जो बिहान र साँझ *(मेरो)* सेवामा आउँछन् । यिनीहरू आजदेखि सय सय वर्ष बिते पछि बयालीस बयालीसहजार हात्ती मात्र मेरो सेवामा आउने गर ।' आनन्द ! परिणायकरत्नले – 'हवस्, देव !' भनी राजा महासुदस्सनलाई प्रत्युत्तर दियो । आनन्द ! त्यसपछि सय सय वर्ष बितेपछि बयालीस बयालीसहजार हातीहरू मात्र राजा महासुदस्सन *(महासुदर्शन)* को सेवामा जान लागे ।

## १३. महासुदर्शनलाई हेर्न गइन्

Dhamma.Digital

२५. "आनन्द ! धेरै वर्ष पछि सुभद्दा *(सुभद्रा)* देवीलाई धेरै वर्षपछि, सयौं वर्षपछि, हजारौं वर्षपछि यस्तो लाग्यो – "राजा महासुदस्सन *(महासुदर्शन)* लाई नदेखेको धेरै समय भयो । अतः राजा महासुदर्शनकहाँ जानुपऱ्यो ।" आनन्द ! अनि सुभद्रादेवीले स्त्रीहरूलाई सम्बोधन गरिन् – "हे सखी हो ! आओ, नुहाओ र पहेँलो वस्त्र लगाओ । धेरै दिनदेखि राजा महासुदर्शनलाई देखेकी छैन । राजा महासुदर्शनको दर्शन गर्न जाऔं ।" आनन्द ! अनि ती स्त्रीहरू सुभद्रादेवीको कुरा सुनी नुहाई पहेँलो वस्त्र लगाएर उनीकहाँ गए । आनन्द ! अनि सुभद्रादेवीले परिणायकरत्न *(मन्त्री)* लाई आमन्त्रण गरिन् – "हे मन्त्री ! चतुरंगिणी सेना तयार पार । धेरै दिनदेखि राजा महासुदर्शनलाई देखेकी छैन । राजा महासुर्दशनको दर्शन गर्न जानेछौ ।" आनन्द ! अनि "हवस्" भनी मन्त्रीले सुभद्रादेवीको कुरा सुनी चतुरंगिणी सेना तयार पारी सुभद्रादेवीलाई "चतुरंगिणी सेना तयार पारिसकें अब जस्तो चाहनुहुन्छ गर्नुहोस्" भनी सूचित गरे ।

"आनन्द ! अनि चतुरंगिणी सेना र ती स्त्रीहरूको साथ सुभद्रादेवी जहाँ 'धर्म प्रासाद' हो त्यहाँ गइन् । त्यहाँ गएर धर्मप्रासाद चढी जहाँ महाव्यूह कूटागार हो त्यहाँ गइन् । त्यहाँ गएर महाव्यूह कूटागारको दैलो समाती उभिइरहिन् । आनन्द ! अनि आवाज सुनेर महाव्यूह कूटागारबाट निस्कँदा राजा महासुदर्शनले सुभद्रादेवी दैलो समाती उभिइरहेकी देखे । देखेर सुभद्रादेवीलाई भने – 'देवी ! यहीं बस । भित्र नजाओ ।' आनन्द ! अनि राजा महासुदर्शनले एक पुरुषलाई आमन्त्रण गरे – "हे पुरुष ! महाव्यूह कूटागारबाट सुवर्णमय आसन ल्याई सुवर्णमय ताल बनमा बिछ्याओ ।" "हवस्, देव" भनी उसले आसन

Downloaded from http://www.dhamma.digital

ल्याएर सुवर्णमय ताल वनमा बिछ्यायो । आनन्द ! अनि राजा महासुदर्शन दाहिनेतिरबाट कोल्टो परी सिंहशय्या गरी खुट्टामाथि खुट्टाराखी स्मृति *(होस)* राखी लेटे ।

"आनन्द ! अनि सुभद्रादेवीको मनमा यस्तो लाग्यो – "राजा महासुदर्शनका इन्द्रियहरू प्रसन्न छन् । छविवर्ण परिशुद्ध छ । राजा महासुदर्शन परलोक नहोऊन् ।" यति सोचेर राजा महासुदर्शनलाई यस्तो बिन्ती गरिन् –

"हे देव ! तपाईंका चौरासीहजार नगरहरू छन् जसमध्ये कुशावती नगर प्रमुख छ । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईंका यी चौरासीहजार प्रासादहरू छन् जसमध्ये 'धर्मप्रासाद' प्रमुख छ । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईंका यी चौरासीहजार कूटागार[४२९]हरू छन् जसमध्ये 'महाव्यूह कूटागार' प्रमुख छ । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईंका दुवैतिर तकिया भएका सुवर्णमय ··· आदि यी चौरासीहजार आसनहरू छन् । देव यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईंका यी सुवर्ण अलंकृत चौरासीहजार हात्तीहरू छन् जसमध्ये 'उपोसथ हात्ती' प्रमुख छ । देव यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईंका यी सुवर्ण अलंकृत चौरासीहजार घोडाहरू छन् जसमध्ये 'वलाहक अश्वराज' प्रमुख छ । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईंका यी सिंहचर्म ··· आदि राखिएको चौरासीहजार रथहरू छन् जसमध्ये 'वैजयन्त' *(वेजयन्त)* रथ प्रमुख छ । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईंका यी चौरासीहजार मणिरत्नहरू छन् जसमध्ये 'मणिरत्न' प्रमुख छ । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईंका यी चौरासीहरूजार स्त्रीहरू छन् जसमध्ये 'स्त्रीरत्न' प्रमुख छ । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईंका यी चौरासीहजार गृहपतिहरू छन् जसमध्ये 'गृहपति रत्न' प्रमुख छ । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईंका यी चौरासीहजार क्षत्री अनुयायीहरू छन् जसमध्ये 'परिणायक रत्न' प्रमुख छ । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईंका यी चौरासीहजार गाईहरू छन् । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईंका यी कोटिसहस्र रेशमका, कपासका र ऊनका वस्त्रहरू छन् । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईंका यी चौरासीहजार उत्तम भोजनहरू छन् जुन बिहान बेलुकी ल्याइन्छन् । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् ।"

२७. "आनन्द ! यस्तो भन्दा राजा महासुदर्शनले सुभद्रादेवीलाई यस्तो भने – "देवी ! धेरै समयसम्म तिमीले मलाई प्रेमपूर्वक व्यवहार गरेकी थियौ । परन्तु आज यो अन्तिम अवस्थामा तिमीले मलाई अप्रियतापूर्वक व्यवहार *(समुदाचरण)* गऱ्यौ ।"

"देव ! कसरी मैले व्यवहार गर्नु पऱ्यो त ?"

"देवी ! तिमीले यसरी मलाई व्यवहार गर – 'देव ! सबै मनपरेका प्रियवस्तुहरूबाट वियोग हुनुपर्छ र अलग हुनुपर्छ । देव ! त्यसैले तपाईं आशा राखेर नमर्नुहोस् । आशासहित मर्नेलाई दुःख हुन्छ र आशा राखी मर्नेको निन्दा हुन्छ । देव ! यी तपाईंका चौरासीहजार नगरहरू छन् जसमध्ये कुशावती नगर प्रमुख छ । देव ! यसमा आशा छाड्नुहोस् र जिउनुमा आशा नराख्नुहोस् । देव ! तपाईंका यी चौरासीहजार प्रासादहरू ··· गाईहरू छन् । देव ! यसमा आशा छाड्नुहोस् र जिउनुमा आशा नराख्नुहोस् ···' ।"

---

४२९ जुन घरमा माथि गजुर छ अथवा जुन घर पगोडा ढाँचाको छ त्यस्तो घरलाई 'कूटागार' भनिन्छ ।

Downloaded from http://www.dhamma.digital

२८. "आनन्द ! यसोभन्दा सुभद्रादेवीले रुँदै आँसु खसालिन् । आनन्द ! अनि आँसु पुछ्दै सुभद्रादेवीले राजा महासुदर्शनलाई यस्तो भनिन् – "देव ! सबै मनपरेका प्रिय वस्तुहरूबाट वियोग हुनुपर्छ र अलग हुनुपर्छ । देव ! त्यसैले आशा राखी नमर्नुहोस् । आशासहित मर्नेलाई दुःख हुन्छ आशा राखी मर्नेको निन्दा हुन्छ । देव ! यो तपाईंका चौरासीहजार नगरहरू ··· *(पूर्ववत्)* ··· गाईहरू छन् । देव ! यसमा आशा छाड्नुहोस् र जिउनुमा आशा नराख्नुहोस् ··· ।"

## १४. संस्कारको अनित्यमा

२९. "आनन्द ! अनि राजा महासुदर्शनको चाँडै नै मृत्यु भयो । गृहपति वा गृहपतिपुत्रले असल खाना खाएर भात लागेजस्तै महासुदर्शनलाई मरणान्तिक वेदना भयो र मृत्युपछि राजा महासुदर्शन सुगति ब्रह्मलोकमा उत्पन्न भए । आनन्द ! राजा महासुदस्सन चौरासीहजार वर्षसम्म बालक्रीडा गरे, चौरासीहजार बर्ष सम्म युवराज भईरहे, चौरासीहजार वर्ष सम्म राज्य गरे, चौरासीहजार वर्षसम्म गृहस्थ भई उनले धर्म-प्रासादमा ब्रह्मचर्यको व्रत पालन गर्दै रहे, चतुर्ब्रह्मविहारको साधना गर्दै शरीर छाडी मृत्युपछि ब्रह्मलोकमा उत्पन्न भए ।

३०. "आनन्द ! सायद तिम्रो मनमा त्यस बेलाको यी राजा महासुदस्सन कुनै अरू राजा थियो होला भनी सम्झौला, आनन्द ! तिमीले यस्तो नसम्झ । म नै त्यस बेलाको राजा महासुदस्सन थिएँ । आनन्द ! त्यसबेला मेरै चौरासीहजार नगरहरूमध्ये कुशावती नगर राजधानी थियो । आनन्द ! त्यसबेलाको चौरासीहजार प्रासादहरूमध्ये धर्म-प्रासाद प्रमुख थियो । आनन्द ! त्यसबेलाको चौरासीहजार कूटागारहरूमध्ये महाव्यूह कूटागार प्रमुख थियो । ··· *(पूर्ववत्)* ··· मेरै चौरासीहजार उत्तम भोजनहरू थिए जुन बिहान बेलुका मकहाँ ल्याइन्थ्यो ।

३१. "आनन्द ! त्यसबेला मेरै चौरासीहजार नगरहरूमध्ये कुशावती नगर राजधानी थियो जहाँ अहिले म बसिरहेको छु । आनन्द ! त्यसबेलाको मेरै चौरासीहजार प्रासादहरूमध्ये धर्म-प्रासाद प्रमुख थियो । त्यहाँ अहिले म बसिरहेको छुँ । आनन्द ! त्यस बेलाको मेरै चौरासीहजार कूटागारहरूमध्ये महाव्यूह कूटागार प्रमुख थियो जहाँ अहिले म बसिरहेको छु । ··· *(पूर्ववत्)* ···

३२. "भिक्षु हो ! हेर, ती सबै संस्कारहरू क्षीण भइसके, निरुद्ध भइसके, विपरीत *(परिवर्तित)* भइसके । आनन्द ! यसरी नै सबै संस्कार अनित्य हुन् । आनन्द ! यसरी नै सबै संस्कार अध्रुव हुन् । आनन्द ! यसरी नै सबै संस्कार अविश्वसनीय हुन् । आनन्द ! त्यसैले संस्कारको कामना *(चाहना, इच्छा, तृष्णा)* व्यर्थ छ । त्यसमा राग गर्नु व्यर्थ छ, त्यसमा आसक्त हुनु व्यर्थ छ ।

"आनन्द ! मलाई थाहा छ, यहीं ठाउँमा छ पटक सम्म *(अगि)* मेरो मृत्यु भइसकेको थियो । अघि छ पटक सम्म धार्मिक, धर्मराजा, चतुर्द्वीप विजेता, जनपदमा स्थिरता गर्ने *(प्रख्यात)* शान्तिस्थापक सप्तरत्नले सम्पन्न चक्रवर्ती राजा भइसकेको थिएँ । यहाँ यसबेला सातौं पटक मेरो शरीरपात *(देहपात)* हुँदैछ । आनन्द ! म देवलोकमा, मारलोकमा, ब्रह्मलोकमा, श्रमण ब्राह्मणसहित सबै लोकमा तथा देवसहित मनुष्यहरूमध्ये कहीं पनि अन्य स्थान देख्दिन जहाँ तथागतको आठौं पटक पनि शरीरपात होस् ।

भगवान्ले यति भन्नुभयो । यति भन्नु भएपछि सुगत शास्ताले फेरि यसो भन्नुभयो –

Downloaded from http://www.dhamma.digital

**"अनिच्चा वत सङ्खारा, उप्पादवय धम्मिनो ।**
**उप्पज्जित्वा निरुज्झन्ति, तेसं वूपसमो सुखो'ति ॥"**

"सबै संस्कारहरू अनित्य हुन्, उत्पन्न हुनु र विनाश हुनु स्वभाव धर्म हुन्, उत्पन्न भई निरुद्ध हुन्छन्, ती सबै संस्कारहरू उपशान्त हुनु नै सुख हो ।"

**महासुदस्सन-सुत्त समाप्त ।**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# ५. जनवसभ-सुत्त

**(जनवृषभसूत्र)**

## १. मगधका मृत उपासकहरूका गतिको बारे चिन्तना

१. यस्तो मैले सुनें । एक समय भगवान् नातिका[४३०] गाउँको गिञ्जकावसथ *(विहारमा)* बस्नुभएको थियो । त्यस समय भगवान्ले सबै जनपदमा बस्ने अर्थात् काशी र कोशल, वृजि र मल्ल, चेतीय र वंश, कुरु र पञ्चाल, मत्स्य र सूरसेन[४३१] आदि सबै प्रदेशमा बस्ने, परलोक भइसकेका उपचारक *(बुद्ध, धर्म तथा सङ्घका सेवक)* हरूको उत्पत्तिबारे व्याकरण *(प्रकाश)* गर्नुभएको थियो – "५० भन्दाबढी नातिकाका[४३२] परिचारकहरू परलोक भए जो पाँच अधोगामिनी संयोजन परिक्षीणगरी औपपातिक *(देवलोक, ब्रह्मलोकमा उत्पन्न)* भई, त्यसलोकबाट पुनः यसलोकमा नआउनेभई त्यहीं नै परिनिर्वाण प्राप्त गर्ने भए । ९० भन्दा बढी नातिकाका परिचारिकाहरू परलोक भए जो तीनसंयोजनलाई परिक्षीणगरी, राग, द्वेष र मोहलाई दुर्बलपारी सकृदागामी भए अर्थात् एकपटकमात्र यसलोकमा उत्पन्नभई दुःखक्षय गर्न सक्ने भए । ५०० भन्दा अधिक नातिकाका परिचारकहरू परलोक भए जो तीन संयोजन परिक्षीण गरी स्रोतापन्न, अविनिपाती, निश्चित सम्बोधिपरायण भए ।"

२. अनि नातिकाका परिचारकहरूले पनि सुने कि – "भगवान्ले 'काशी कोशलादि ··· सबै प्रदेशमा बस्ने, परलोक भइसकेका उपचारकहरू अमुक, अमुकस्थानमा; अमुक, अमुकस्थानमा उत्पन्न भए' भन्ने व्याकरण गर्नुभएको छ । ५० भन्दा बढी, ··· ९० भन्दा बढी, ··· ५०० भन्दा अधिक ··· निश्चित सम्बोधिपरायण भए । यस कुराबाट नातिकाका परिचारकहरू खुशी, प्रफुल्लित तथा प्रीति सौमनस्यानुभवी भए ।"

३. यो कुरा आयुष्मान् आनन्दले पनि सुन्नुभयो कि – "भगवान्ले 'काशी कोशलादि ··· सबै प्रदेशमा बस्ने, परलोक भइसकेका उपचारकहरू अमुक, अमुकस्थानमा; ··· उत्पन्न भए' भन्ने व्याकरण गर्नुभएको छ – ५० भन्दा बढी, ··· निश्चित सम्बोधिपरायण भए । यस कुराबाट नातिकाका परिचारकहरू ··· प्रीति सौमनस्यानुभवी भए ।"

---

४३० स्याम र रोमनमा 'नातिक' ।

४३१ १६ महाजनपदहरूमध्येका देश हुन् । १६ जनपदहरू यी हुन् :– (१) अङ्ग, (२) मगध, (३) काशी, (४) कोशल, (५) वृजि, (६) मल्ल, (७) चेतीय, (८) वङ्ग (दी.नि. II. पृ. १५१ मा वंश छ), (९) कुरु, (१०) पञ्चाल, (११) मत्स्य (१२) सूरसेन, (१३) अश्वक, (१४) अवन्ती, (१५) गन्धार तथा (१६) कम्बोज । यी मध्ये पछिल्ला दुई देश गन्धार र कम्बोज उत्तरापथमा पर्छन् । अं.नि. III. पृ. ३४९: वित्थतूपोसथ सुत्तं; पृ. ३५३ : विसाखसुत्तं; पृ. ३५७ : बोज्भसुत्तं र अं. नि. I. पृ. १९७ : उपोसथसुत्तं ।

यही नामहरूको क्रममा केही फरकगरी जैनसम्प्रदायका भगती सूत्रानुसार १६ महाजनपदहरका नाम यसप्रकार छन्: अङ्ग, वङ्ग, मगध, मोलि, काशी, कोशल, अवहा तथा सूरसेन । D. P.P. II. पृ. ४९४

४३२ स्याम र रोमनमा : 'नादिका' ।

Downloaded from http://www.dhamma.digital

४. त्यसपछि आयुष्मान् आनन्दको मनमा यस्तो लाग्यो – "यी मागधिक परिचारकहरू पनि दीर्घकालसम्म *(बुद्ध धर्ममा)* परिचित थिए; जो परलोक भइसके । ती दीर्घकालसम्म *(बुद्ध धर्ममा)* परिचित अङ्ग मगधका परिचारकहरू – त्यस्ता फल प्राप्त गर्नेहरू – कोही छैनन् जस्तो लाग्छ । तिनीहरू पनि बुद्ध धर्म तथा सङ्घप्रति प्रसन्नभई शील परिपूर्ण गर्ने भएका थिए जो परलोक भइसके । यिनीहरूको बारेमा भगवान्को केही व्याकरण गर्नुभएको छैन । उनीहरूको बारेमा पनि व्याकरण गर्नुभएको भए राम्रो हुने थियो । यसबाट धेरैजना प्रसन्न हुने थिए र उनीहरू पनि सुगतिमा जाने थिए होलान् । यी मगधराजा सेनीय बिम्बिसार पनि धार्मिक तथा धर्मराजा थिए । ब्राह्मण गृहपति, नैगमवासी र जनपदवासीहरूका हितैषी थिए । मानिसहरूले बिम्बिसार राजाको बारेमा बयान नै गरेका थिए – 'हाम्रा राजा जनतालाई सुखी बनाई परलोक भए । त्यस धार्मिक धर्मराजाको राज्यमा हामीहरू कुशल तथा सुखपूर्वक बस्दथ्यौं ।' सो राजा पनि बुद्ध धर्म तथा सङ्घप्रति प्रसन्न भई शील परिपूर्णकारी भए । अझ मानिसहरू भन्दछन् – 'मरणकालसम्म पनि मगधराजा सेनीय बिम्बिसार भगवान्कै गुणगान गरी परलोक भए ।' उनी पनि व्यतीत भई परलोक भइसके; जसको बारेमा पनि भगवान्ले कुनै व्याकरण गर्नुभएको छैन । उनको बारेमा पनि भगवान्ले कुनै व्याकरण गर्नुभएको भए राम्रै हुनेथियो; जुनकुरा सुनी धेरै मानिसहरू प्रसन्न हुन सक्थे र त्यसैको कारणले सुगतिमा पनि पुग्नसक्थे । भगवान्को सम्बोधि पनि मगध देशमै भएको हो । जब कि भगवान्को सम्बोधि नै मगध देशमा भएको थियो भने, किन भगवान्ले व्यतीत भई परलोक भएका मागधिक परिचारकहरूको उत्पत्तिबारे व्याकरण गर्नु भएन होला ? यदि भगवान्ले व्यतीतलाई परलोक भइसकेका मागधिक सेवकहरूका उत्पत्तिबारेमा व्याकरण गर्नु नभएमा मागधिक सेवकहरू दु:खी हुने छन्, दु:खी हुने मागधिक परिचारकहरूका निमित्त भगवान्ले किन व्याकरण गर्नु भएन होला ?"

५. एक्लै बसी यस्तो विचार गरिरहनुभएका आयुष्मान् आनन्द, रात बितिसकेपछि बिहान सबेरै उठी, जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका आयुष्मान् आनन्दले भगवान्सँग यस्तो बिन्ती गर्नुभयो – "भन्ते ! मैले सुनें कि – भगवान्ले 'काशी, कोशल ··· आदि सबै प्रदेशमा बस्ने, व्यतीत भई परलोक भइसकेका उपचारकहरू अमुक, अमुकस्थानमा; अमुक, अमुकस्थानमा उत्पन्न भए' भन्ने कुरा व्याकरण गर्नुभयो – ५० भन्दा बढी, ··· ९० भन्दा बढी, ··· ५०० भन्दा अधिक ··· निश्चित सम्बोधिपरायण भए । यसबाट नातिकाका परिचारकहरू खुशी तथा प्रफुल्लित भई प्रीति सौमनस्यानुभवी भए । भन्ते ! यी मागधिक परिचारकहरू पनि दीर्घकालसम्म बुद्ध धर्ममा परिचित थिए जो व्यतीत भई परलोक भइसके । ती दीर्घकालसम्म *(बुद्ध धर्ममा)*, परिचित, अङ्ग मगधका परिचारकहरू – त्यस्ता फल प्राप्त गर्ने कोही छैनन् जस्तो लाग्छ । तिनीहरू पनि ··· सुगतिमा जाने थिए होलान् । यी मगधराजा सेनीय बिम्बिसार पनि धार्मिक तथा धर्मराजा थिए ··· । सो राजा पनि बुद्ध, धर्म तथा सङ्घप्रति प्रसन्न भई शील परिपूर्णकारी थिए । अझ मानिसहरू भन्दछन् – 'मरणकालसम्म पनि ··· भगवान्कै गुणगान गरी परलोक भए ।' उनी पनि व्यतीत भई परलोक भइसके; जसको बारेमा पनि भगवान्ले कुनै व्याकरण गर्नुभएको छैन । उनको बारेमा पनि व्याकरण गर्नुभएको भए राम्रै हुनेथियो; जुनकुरा सुनी धेरै मानिसहरू ··· सुगतिमा पनि पुग्नसक्थे । भगवान्को सम्बोधि पनि मगधदेशमै भएको थियो । जबकि भगवान्को सम्बोधि नै मगध देशमा भएको थियो भने, किन भगवान्ले व्यतीत भई परलोक भएका मागधिक परिचारकहरूको उत्पत्तिबारेमा व्याकरण गर्नु नभएको ? यदि भगवान्ले व्यतीत भई परलोक भइसकेका मागधिक सेवकहरूका उत्पत्तिबारेमा व्याकरण गरि दिनुभएन भने मागधिक सेवकहरू दु:खी हुनेछन्; दु:खी हुने मागधिक परिचारकहरूका निमित्त भगवान्ले किन व्याकरण गर्नु नभएको होला ?"

Downloaded from http://www.dhamma.digital

मागधिक परिचारकहरूकाबारे भगवान्को अगाडि यति कुरा सुनाई आयुष्मान् आनन्द आसनबाट उठी, भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर जानुभयो ।

## २. जनवसभ देवपुत्रको प्रादुर्भाव

६. अनि आयुष्मान् आनन्द फर्केर जानुभइसके पछि भगवान्, केही बेर पछि पूर्वाह्णसमयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी नातिका गाउँमा पिण्डार्थ पस्नुभयो । नातिका गाउँमा पिण्डाचार गरी, पिण्डाचारबाट फर्की भोजनोपरान्त खुट्टा पखाली गिञ्जाकावसथ विहारभित्र पसी, मागधिक परिचारकहरूकाबारेमा एकचित्त *(मनमा)* गरी, सबै चित्तलाई एकत्रित पारी, "उनीहरूको गति र सम्परायिक, उनीहरू के गति, के अभिसम्पराय भएका रहेछन् भनी जान्न" बिछ्याइराखेको आसनमा बस्नुभयो । मागधिक परिचारकहरू जुन गतिमा, जुन अभिसम्परायमा पुगे ती जम्मै कुरा भगवान्ले जान्नुभयो । त्यसपछि भगवान् सन्ध्या समयमा ध्यानबाट उठी, गिञ्जकावसथबाट बाहिर निस्कनुभई विहारको छायाँमा बिच्छ्याइ राखेको आसनमा बस्नुभयो ।

७. अनि आयुष्मान् आनन्द पनि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् आनन्दले भगवान्सँग सोध्नुभयो – "भन्ते ! भगवान् उपशान्त देखिनुहुन्छ, भगवान्को मुखवर्णबाट आभा प्रकाश भएको जस्तो, इन्द्रियहरू प्रफुल्लित भएका देखिन्छन् । भन्ते ! भगवान् आज बडो शान्तिपूर्ण विहारमा बस्नुभएको जस्तो लाग्छ ।"

"हे आनन्द ! जुन मागधिक परिचारकहरूको बारेमा तिमीले मेरो अगाडि कुरा सुनाएर गयौ; त्यसपछि म नातिका गाउँमा पिण्डाचार गरी, भोजनपछि खुट्टा पखाली गिञ्जकावसथ विहारभित्र पसी ती मागधिक परिचारकहरूको बारेमा मनमा एकचित्त गरी, सबै चित्तहरूलाई एकत्रित पारी, 'उनीहरूको गति र सम्परायिक जान्नेछु; जुन गति जुन अभिसम्पराय भए ती कुरा पनि जान्नेछु' भनी आसनमा बसें । आनन्द ! अनि ती मागधिक परिचारकहरू जुन गति, जुन अभिसम्पराय भए ती कुरा जम्मै मैले जानें, देखें ।

"आनन्द ! त्यस समयमा एक अदृश्य यक्ष *(देवता)* ले शब्द सुनायो – 'भगवान् ! म जनवसभ *(जनवृषभं)* हुँ, सुगत ! म जनवसभ हुँ ।' आनन्द ! यसभन्दा अघि तिमीले यस्तो नाम सुनेका थियौ ?"

"भन्ते ! यसभन्दा अघि मैले यस्तो 'जनवसभ' भन्ने नाम कहिले पनि सुनेको थिइन । 'जनवसभ' भन्ने नाम सुनेर मेरा रौहरू ठाडा हुन्छन् । भन्ते ! यो नाम सुनेर मेरो मनमा यस्तो लाग्यो – 'यिनी साधारण खालका देवता होइनन् होलान्; जसको नामै 'जनवसभ' भन्ने सुप्रज्ञप्त छ ।'

"आनन्द ! तदनन्तर आवाजको साथसाथै एक उदार यक्ष *(देवता)* मेरो सामुन्ने प्रकट भयो । दोस्रोपटक पनि आवाज सुनायो – 'भगवान् ! म बिम्बिसार हुँ, भन्ते, सुगत ! म वेस्सवण महाराज कहाँ उत्पन्न भएको यो सातौं बार हो । त्यहाबाट च्युत भई म मनुष्यलोकमा राजा हुन सक्दछु ।'

यहाँ सातबार, त्यहाँ सातबार – जहाँ म पहिले बसेका थिएँ – चौधबार संसार घुमेको *(बसेको)* कुरा म जान्दछु । भन्ते ! दीर्घकालदेखि म अविनिपाती भई, विनिपातमा नगएको कुरा पनि जान्दछु । किन्तु मेरो मनमा सकृदागामी हुने आशा रहेको छ ।'

९. "आयुष्मान् ! दीर्घकालदेखि म अविनिपाती भई, विनिपातमा नगएको कुरा जान्दछु' भनी तिमीले जुन कुरा भन्यौ, त्यो कुरा आश्चर्य र अद्भुतजनक छ । अझ तिमी, 'मेरो मनमा सकृदागामी

Downloaded from http://www.dhamma.digital

हुने आशा रहेको छ' भनी भन्दछौ । आयुष्मान् जनवसभ यक्ष ! त्यस्तो विशेषाधिगमन तिमीले कसरी अथवा कुन हेतुद्वारा प्राप्त गर्‍यौ ? यस विषयमा तिमी के जान्दछौ ?"

"भगवान् ! तपाईंको शासन *(बुद्ध धर्म)* बाहेक अरू कुनै हेतु छैन । सुगत ! तपाईंको शासन बाहेक अरू कुनै पनि हेतु छैन । भन्ते ! जहाँदेखि म भगवान्प्रति एकान्तिक रूपले अभिप्रसन्न भएँ, त्यहाँदेखि म अविनिपाती भई, विनिपातमा नगएको कुरा मलाई ज्ञात छ । अब मेरो मनमा सकृदागामी हुने आशा रहेको छ ।"

"भन्ते ! यहाँ वेस्सवण *(कुवेर)* महाराजले मलाई केही कामले विरुढक महाराजकहाँ पठाएका थिए । त्यसबखत भगवान् गिञ्जकावसभित्र पस्नुभई मागधिक परिचारकहरूको बारे ··· एकचित्त मन लगाई रहनुभएको मैले बीच बाटोबाट देखें । भन्ते ! यसमा केनै आश्चर्य छैन – तिनीहरूको गति, तिनीहरूको अभिसम्परायबारे मैले वेस्सवण महाराजको श्रीमुखबाट सुनिसकेको छु । त्यसैले मलाई यस्तो लाग्यो – 'भगवान्को पनि दर्शन गर्नेछु, यी कुराहरू पनि सुनाउनेछु ।' यिनै दुई कारणले म भगवान्को दर्शन गर्न आएको हुँ ।"

## ३. सुधर्मा सभामा ब्रह्माको प्रादुर्भाव

१०. "भन्ते ! अघि – व्यतीत भएको समयमा – एकदिन, वर्षावास बस्ने पूर्णिमाको रातमा, महत् दिव्यानुभावले त्रयस्त्रिंश देवताहरूको विशाल सभामा एकत्रित भई चारैतिर बसेका थिए । चतुदिशामा घतरट्ठ *(धृतराष्ट्र)* महाराज, पश्चिमाभिमुख गरी देवताहरूको अगाडि बसेका थिए । (२) दक्षिण दिशामा विरुल्हक *(विरुढक)* महाराज, उत्तराभिमुख गरी देवताहरूको अगाडि बसेका थिए । (३) पश्चिमदिशामा विरूपक्ख *(विरूपाक्ष)* महाराज, पूर्वाभिमुख गरी देवताहरूको अगाडि बसेका थिए । (४) उत्तर दिशामा वेस्सवण *(वैश्रवण)* महाराज, दक्षिणाभिमुख गरी देवताहरूको अगाडि एकत्रित भई बसिसकेपछि उनीहरूलाई महत् दिव्यपरिषद्ले चारैतिर घेरेर बसे । चारै महाराजाहरू पनि चतुदिशामा बसे । यस किसिमले उनीहरू बसिसकेपछि – त्यसपछि पछाडिपट्टि हामी बस्यौं । भगवान्का शासनमा ब्रह्मचर्य पालनगरी जुन देवताहरू भर्खरै त्यहाँ उत्पन्न भएका थिए तिनीहरू त्रयस्त्रिंश देवताहरूमध्ये विशेष रूपले वर्ण तथा यशद्वारा प्रकाशमान देखिन्थे । भन्ते ! त्यसबाट त्रयस्त्रिंश देवताहरू सन्तुष्ट, प्रमुदित तथा प्रीतिसौमनस्यानुभवी भई – 'दिव्यकाय बढ्दै छन्, असुरकाय घट्दैछन्' भनी भन्दथे । अनि शक्रदेवेन्द्रले त्रयस्त्रिंश देवताहरूको प्रसन्नता देखी यी गाथाद्वारा अनुमोदन गरे –

"तथागत र धर्मको सुधर्मतालाई नमस्कार गर्दै इन्द्रसहित त्रयस्त्रिंश देवताहरू प्रमुदित हुन्छन् ।"

"सुगतकहाँ ब्रह्मचर्य पालन गरी यहाँ आएका वर्णवान् यशवान् नयाँ देवताहरू देखेर त्रयस्त्रिंश देवताहरू प्रसन्न हुन्छन् ।"

"विशेष फल प्राप्त गरेका भूरिप्राज्ञ बुद्धका श्रावकहरू अरूभन्दा विशेष रूपले वर्ण, आयु तथा यशश्रीले प्रकाशमान् छन् ।"

"यिनै कारणहरू देखेर इन्द्रसहित त्रयस्त्रिंश देवताहरू, तथागतका र धर्मको सुधर्मतामा नन्दित छन् ।"

"भन्ते ! यी कारणहरू देखी त्रयस्त्रिंश देवताहरू अत्यन्त सन्तुष्ट, प्रमुदित तथा प्रीतिसौमनस्यी भई, 'दिव्यकाय बढ्दैछन्, असुरकाय घट्दैछन्' भनी भन्दछन् । ती देवताहरू जुन कामकोलागि सुधर्मा

Downloaded from http://www.dhamma.digital

सभामा एकत्रित भई भेला भएका हुन्छन् – ती कामहरू चिन्तन गरी, सल्लाह गरी आफूले पनि कुरा गरी, अर्काको पनि कुरा सुनी, सहमत भई आ-आफ्ना आसनमा बसेका हुन्छन् ।"

"ती राजाहरू, आफ्नो कुरा सुनाई अर्काको पनि कुरा सुनी, ग्रहण गरी, प्रसन्नभई शान्तपूर्वक आफ्ना आसनमा बसे ।"

११. "भन्ते ! अनि उत्तरदिशाबाट उदार आलोक देखापर्न थाल्यो, आभा प्रकाश हुनथाल्यो । जुन आभा देवताहरूका दिव्यानुभावभन्दा बढी थिए । त्यसबखत शक्रदेवेन्द्रले त्रयस्त्रिंश देवताहरूलाई आमन्त्रण गरे :–

"हे मारिष ! जुन लक्षण देखिन्छ, जुन उदार आलोक तथा आभा देखिन्छ – यसबाट ब्रह्मा प्रादुर्भाव हुने संकेत मिल्दछ । ब्रह्मा प्रादुर्भाव हुनुभन्दा अगाडि यस्तो लक्षण देखिन्छ ।"

"जुन लक्षण देखिंदा ब्रह्मा प्रादुर्भाव हुन्छन् सोही ब्रह्माको यो उदार तथा विपुल आभा हो ।"

१२. "भन्ते ! यसपछि चातुर्महाराजिका देवताहरू र त्रयस्त्रिंश देवताहरू 'यो आभाको कारण र फल साक्षात्कार गरेर मात्र फर्किने छौं' भन्दै आफ्नै आसनमा बसे ।

"भन्ते ! जब ब्रह्मा सनत्कुमार त्रयस्त्रिंश देवताहरूको सामुन्ने प्रकट हुन्छन् तब उनी स्थूल रूप लिएरमात्र प्रकट हुन्छन् । किनभने ब्रह्माको जुन प्रकृति रूप हुन्छ त्यो त्रयस्त्रिंश देवताहरूले देख्न सक्दैनन्; उनीहरूको चक्षुपथले भेटाउन सक्दैन । ब्रह्मा सनत्कुमार त्रयस्त्रिंश देवताहरूका सामुन्ने प्रकट हुँदा उनको वर्ण तथा यशश्री अरूको भन्दा उत्कृष्ट हुन्छ । जस्तै सुवर्णको रूप मानिसको रूपभन्दा तेजिलो हुन्छ । भन्ते ! ब्रह्मा सनत्कुमार त्रयस्त्रिंश देवताहरूको सामुन्ने प्रकट हुँदा उनलाई देवपरिषद्ले अभिवादन वा आसन दिएर निम्त्याउँदैन । सबै देवताहरू तृष्णी भई – 'जसको आसनमा बस्न चाहन्छन् उसकै आसनमा ब्रह्मा सनत्कुमार बस्नेछन्' भनी हात जोरी पलेटीमारी बसेका हुन्छन् ।

"भन्ते ! जुन देवताको आसनमा ब्रह्मा सनत्कुमार बस्छन्, ती देवताले बडो ठूलो आनन्द तथा सौमनस्य अनुभव गर्छन् । जस्तै कुनै क्षत्रीय राजाले अभिषेक प्राप्त गर्ने बित्तिकै ठूलो आनन्द तथा सौमनस्य लाभ गर्छन् त्यस्तै सौमनस्य लाभ गर्छन् । अनि भन्ते ! ब्रह्मा सनत्कुमार स्थूल शरीर लिई कुमार रूपले पञ्चशिख त्रयस्त्रिंश देवताहरूको अगाडि प्रकट भए । उनी, आकाशमाथि गई पलेटीमारी बसे । जस्तै राम्ररी बिच्छ्याइ राखेको आसनमा वा सम्म भएको भूमीमा भगवान् पलेटीमारी बस्नुहुन्छ, त्यस्तैगरी ब्रह्मा सनत्कुमार आकाशमा बसे । त्यसपछि उनले त्रयस्त्रिंश देवताहरूले प्रसन्नतालाई जानी गाथाद्वारा अनुमोदन गरे –

"इन्द्रसहित त्रयस्त्रिंश देवताहरू तथागतलाई र धर्मको सुधर्मतालाई प्रसन्नतापूर्वक नमस्कार गर्दछन् ।"

"सुगतको शासनमा ब्रह्मचर्य पालन गरी आएका नयाँ देवताहरू देखी त्रयस्त्रिंश देवताहरू प्रसन्न छन् ।"

"भूरिप्राज्ञ बुद्धका श्रावक, जसले – विशिष्टफल प्राप्त गरेका छन्, तिनीहरू – अरू देवताहरूभन्दा वर्ण तथा यशश्रीले उत्कृष्ट छन् ।"

"इन्द्रसहित त्रयस्त्रिंश देवताहरू यी कारणहरू देखेर तथागतलाई र धर्मको सुधर्मतालाई नमस्कार गर्दै नन्दित हुन्छन् ।"

Downloaded from http://www.dhamma.digital

१३. "भन्ते ! ब्रह्मा सनत्कुमारले यति अर्थ प्रकाश गरे । यस्तो अर्थ प्रकाश गर्ने ब्रह्मा सनत्कुमारको स्वर अष्टाङ्ग सम्पन्न थियो – (१) स्पष्ट, (२) सुबोध्य, (३) मञ्जु, (४) श्रवणीय, (५) विन्दु, (६) अविक्षिप्त, (७) गम्भीर तथा (८) गुञ्जायमान । भन्ते ! जुन परिषद्लाई ब्रह्मा सनत्कुमारले भाषण गर्छन्, उनको स्वर परिषद्बाट बाहिर जाँदैन । भन्ते ! जसको स्वर अष्टाङ्ग सम्पन्न हुन्छ उसको स्वरलाई ब्रह्मश्वर भनिन्छ ।

## ५. देवसभामा ब्रह्मा सनत्कुमारको उपदेश

१४."भन्ते ! अनि ब्रह्मा सनत्कुमारले तेतीस आत्मभाव निर्माणगरी त्रयस्त्रिंश देवताहरूका तेतीस आसनहरूमा पलेटीमारी बसी त्रयस्त्रिंश देवताहरूलाई आमन्त्रण गरे – 'भगवान्ले बहुजनहितार्थ लोकवासीप्रति अनुकम्पार्थ, उनीहरूको हितसुखार्थ धर्मोपदेश गर्नुहुन्छ । जो बुद्ध, धर्म तथा सङ्घको शरणमा गई शील पालन गर्छन्, उनीहरू शरीर छोडी मृत्युपछि (१) कुनै परनिर्मित वशवर्ती देवताकहाँ, (२) कुनै निर्माणरति देवताकहाँ, (३) कुनै तुषित देवताकहाँ, (४) कुनै यामा देवताकहाँ, (५) कुनै त्रयस्त्रिंश देवताकहाँ, (६) कुनै चातुर्महाराजिका देवताकहाँ उत्पन्न हुन्छन् । जो सबभन्दा तल्लोतहमा उत्पन्न हुन्छन्, ती (७) गन्धर्वकायमा उत्पन्न हुन्छन् । तपाईं त्रयस्त्रिंश देवताहरू यसबारे के सम्झनुहुन्छ ?'

१५. "भन्ते ! जब ब्रह्मा सनत्कुमारले यो कुरा सुनाए, त्यसबखत देवताहरूले घोषमात्र संझिन्थे । जो मेरो आसनमा बसेको छ उसैको यो भाषण हो ।

"जब एउटाले भाषण गर्छ तब सबै निर्मित रूपले पनि भाषण गर्छन् । जब एउटा चुप हुन्छ तब सबै चुप लाग्छन् ।"

"त्यसबखत इन्द्रसहित त्रयस्त्रिंश देवताहरूले यस्तो ठान्दथे – जो मेरो आसनमा बसेको छ उसैको भाषण हो ।"

### चार ऋद्धिपाद

१६. "भन्ते ! त्यसपछि ब्रह्मा सनत्कुमारले सबै रूपलाई एकै रूपमा समावेश गरी शक्रदेवेन्द्रको आसनमा पलेटीमारी बसी त्रयस्त्रिंश देवनाहरूलाई सम्बोधन गरे – 'भगवान् अरहत् सम्यक्सम्बुद्धले स्वयं जानी, स्वयं देखी चार ऋद्धिपादको बहुलता, अभ्यस्तता तथा विविधताबारे प्रज्ञापन गर्नुभएको छ । कुन चार भने ? – भो देव हो ! यहाँ भिक्षुले (१) छन्दसमाधि-प्रधान-संस्कारयुक्त भई ऋद्धिपाद *(ऋद्धि विषय ध्यान)* भाविता गर्छ, (२) वीर्यसमाधि-प्रधान-संस्कारयुक्तभई ऋद्धिपाद भाविता गर्छ, (३) चित्तसमाधि-प्रधान-संस्कारयुक्त भई ऋद्धिपाद भाविता गर्छ तथा (४) वीमंसा *(विमर्शन)* समाधि प्रधान-संस्कारयुक्त भई ऋद्धिपाद भाविता गर्छ । यही चार ऋद्धिपादहरू हुन् जुन भगवान्ले ··· प्रज्ञापन गर्नु भएको छ । भो देव हो ! अतीतकालमा जुन श्रमण वा ब्राह्मणहरूले अनेकविध ऋद्धिहरू प्रत्यनुभव गरे, तिनीहरूले यिनै चार ऋद्धिपादहरू बहुलतर भाविता गरे । अनागत कालमा जुन श्रमण वा ब्राह्मणहरूले अनेकविध ऋद्धिहरू प्रत्यनुभव गर्नेछन्, उनीहरू सबैले पनि यिनै चार ऋद्धिपादहरूलाई बहुलतर भाविता गर्नेछन् । वर्तमानकालमा जुन श्रमण वा ब्राह्मणहरूले अनेकविध ऋद्धिहरू प्रत्यनुभव गरिरहका छन्, उनीहरू सबैले पनि यिनै चार ऋद्धिपादहरू बहुलतर भाविता गरेका छन् । तपाईं त्रयस्त्रिंश देवताहरूले

Downloaded from http://www.dhamma.digital

पनि मेरो यस्ता ऋद्धि आनुभाव *(शक्ति)* देख्दै हुनुहुन्छ । तपाईं त्रयस्त्रिंश देवताहरू यसबारे के सम्झनुहुन्छ ?'

'महा ब्रह्मा ! देख्दैछौ ।'

'त्यही नै चार ऋद्धिपादहरू बहुलतर भाविता गरेको हुनाले म पनि यस्तो ऋद्धिबल सम्पन्न भएको हुँ ।'

## तीन स्थान

१७. "भन्ते ! यति भनिसकेपछि पुनः ब्रह्मा सनत्कुमारले त्रयस्त्रिंश देवताहरूलाई यस्तो सम्बोधन गरे –

'भगवान् अरहत् सम्यक्सम्बुद्धले सुखलाभार्थ स्वयं जानी, स्वयं देखी तीन स्थान *(ध्यान)* अनुबोध गर्नुभएको छ । कुन तीन भने ? – (१) 'भो देव ! यहाँ एकथरी पुरुष कामविषय र अकुशलसँग संसर्ग गरी बस्छ । उसले अर्को समयमा आर्यधर्म श्रवण गर्छ । आर्यधर्म श्रवण गरी, ज्ञानपूर्वक विचार गरी, धर्मानुधर्म प्रतिपादन गरी उसले कामविषय र अकुशलसँग संसर्ग गर्दैन । कामविषयादिसँग असंसर्ग गर्दा उसको मनमा सुख उत्पन्न हुन्छ र सुखबाट अझ बढी सौमनस्य उत्पन्न हुन्छ । जस्तै प्रमोदबाट प्रामोद्य उत्पन्न हुन्छ यस्तै उसको मनमा झन् बढी सौमनस्य उत्पन्न हुन्छ । यही पहिलो स्थान हो उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध सम्बुद्धले स्वयं जानी, स्वयं देखी अनुबोध गर्नुभएको ।'

(२) 'फेरि यहाँ, कुनै पुरुषको ओलारिक *(स्थूल)* कायसंस्कार प्रशान्त भएको हुन्न, ओलारिक वचीसंस्कार प्रशान्त भएको हुन्न, ओलारिक चित्तसंस्कार प्रशान्त भएको हुन्न । उसले अर्को समयमा आर्यधर्म श्रवण गर्छ ··· । आर्यधर्म श्रवण गरी ··· उसले ओलारिक कायसंस्कार ··· , ओलारिक वचीसंस्कार ···, ओलारिक चित्तसंस्कार प्रशान्त गर्छ । ओलारिक काय-वाक्-चित्तसंस्कार प्रशान्त हुँदा उसको मनमा सुख उत्पन्न हुन्छ र सुखबाट अझ बढी सौमनस्य उत्पन्न हुन्छ । जस्तै प्रमोदबाट प्रामोद्य ··· । यही दोस्रो स्थान हो उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· अनुबोध गर्नुभएको ।'

(३) 'फेरि यहाँ, कुनै पुरुषले यो कुशल हो भनी यथार्थतः जान्दैन, यो अकुशल हो ··· , यो सावद्य हो ···, यो सेवनीय ···, यो असेवनीय छ ··· , यो हीन छ, यो प्रणीत छ, यो कृष्ण-शुक्लप्रतिभागी छ भनी यथार्थतः जान्दैन । उसले अर्को समयमा आर्यधर्म श्रवण गर्छ ··· । आर्यधर्म श्रवण गरी ··· यो कुशल हो ··· भनी यथार्थतः जान्दछ । यस्तो जान्दा, देख्दा उसको अविद्या प्रहीण हुन्छ, विद्या उत्पन्न हुन्छ । अविद्या हटेर विद्या उत्पन्न हुँदा उसको मनमा सुख उत्पन्न हुन्छ र सुखबाट अझ बढी सौमनस्य उत्पन्न हुन्छ ··· । यही तेस्रो स्थान हो उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· अनुबोध गर्नुभएको । तपाईं त्रयस्त्रिंश देवताहरू यसबारे के सम्झनुहुन्छ ?'

## स्मृतिप्रस्थान (सतिपट्ठान)

"भन्ते ! यति कुरा भनी ब्रह्मा सनत्कुमारले पुनः त्रयस्त्रिंश देवताहरूलाई आमन्त्रण गरे –

Downloaded from http://www.dhamma.digital

१८. "भो त्रयस्त्रिंश देवतागण !" 'भगवान् अरहत् सम्यक्सम्बुद्धले स्वयं जानी, स्वयं देखी कुशल *(समाधि)* प्राप्तिको लागि चार स्मृतिप्रस्थान *(सतिपट्ठान)* सुप्रज्ञापित गर्नुभएको छ। कुन चार भने ? – भो देव ! यहाँ भिक्षु, अभिध्यादौर्मनस्य हटाउनको लागि आतप्त भई, सचेत भई, स्मृतिवान् भई आफ्नो कायमा कायानुपश्यी भई विहार गर्छ। आफ्नो कायमा कायानुपश्यी भई बस्दा त्यहाँ सम्यक्समाधि लाभ हुन्छ, सम्यक् प्रसन्नता *(निर्मलता)* प्राप्त हुन्छ। ऊ त्यहाँ सम्यक्समाधि लाभ गरी, सम्यक् प्रसन्नता लाभ गरी बाहिर परकायमा पनि ज्ञान दर्शन प्राप्त गर्छ। आफ्नो वेदनामा वेदनानुपश्यी भई ··· बाहिर परवेदनामा पनि ज्ञान दर्शन प्राप्त गर्छ। आफ्नो चित्तमा चित्तानुपश्यी भई ··· बाहिर परचित्तमा पनि ज्ञानदर्शन प्राप्त गर्छ। आफ्नो धर्म – *(मनमा भएको पञ्चनीवरण धर्म)* मा धर्मानुपश्यी भई ··· बाहिर परधर्म *(अर्काको चित्तमा भएको पञ्चनीवरण धर्म)* मा पनि ज्ञानदर्शन प्राप्त गर्छ।

'भो देव हो ! यही हो, उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले स्वयं जानी, स्वयं देखी, कुशल *(समाधि)* प्राप्तिको लागि प्रज्ञापन गर्नुभएको चार स्मृतिप्रस्थान। तपाईं *(त्रयस्त्रिंश देवताहरू)* यसबारे के सम्झनुहुन्छ ?'

## सप्त समाधि-परिष्कार

"भन्ते ! ब्रह्मा सनत्कुमारले यति सुनाइसकेपछि पुनः त्रयस्त्रिंश देवताहरूलाई आमन्त्रण गरे –

१९. "भो त्रयस्त्रिंश देवतागण !" 'भगवान् अरहत् सम्यक्सम्बुद्धले स्वयं जानी, स्वयं देखी सम्यक्समाधिको परिभावितार्थ, परिपूरणार्थ सात समाधि परिष्कारहरू सुप्रज्ञापन गर्नुभएको छ। कुन सात भने ? – सम्यक्दृष्टि, सम्यक् संकल्प, सम्यक्वाचा, सम्यक्कर्म, सम्यक्आजीवन, सम्यकेवीर्य र सम्यक्स्मृति। जब यो चित्त यी सप्ताङ्गले युक्त भई एकाग्र हुन्छ तब यसैलाई आर्यसमाधि भन्दछन्। सम्यक्दृष्टि हुनेको सम्यक्सङ्कल्प हुन्छ, सम्यक्सङ्कप हुनेको सम्यक्वचन हुन्छ, सम्यक्वचन हुनेको सम्यक्कर्म हुन्छ, सम्यक्कर्म हुनेको सम्यक्आजीवन हुन्छ, सम्यक्आजीवन हुनेको सम्यक्वीर्य हुन्छ, सम्यक्वीर्य हुनेको सम्यक्स्मृति हुन्छ, सम्यक्स्मृति हुनेको सम्यक्ज्ञान हुन्छ, सम्यक्ज्ञान हुनेको सम्यक्विमुक्ति हुन्छ। साँच्चै भन्नेहो भने – भगवान्को धर्म सुआख्यात, सण्दृष्टिक, अकालिक, आऊ हेर भन्न योग्य, औपनयिक र विज्ञद्वारा प्रत्यक्षणीय छ। 'अमृतको द्वार खुला छ' भनी यसैलाई भन्न सकिन्छ। त्यसैले, भो देव हो ! भगवान्को धर्म सु-आख्यात छ ···, अमृतद्वार खुला छ। जो पुरुषहरू बुद्ध, धर्म तथा सङ्घमा विशिष्ट रूपले प्रसन्नभई आर्यकान्त शीलले सुसम्पन्न भए, धर्ममा विनीत भई, जति औपपातिक *(देवलोक)* भए; तिनीहरूमध्ये २४ हजारभन्दा बढी मागधिक परिचारकहरू छन्, जसले तीनै संयोजनहरू परिक्षीण गरी, स्रोतापन्न फल प्राप्त गरी अविनिपाती, निश्चित सम्बोधिपरायण भई परलोक भए। अरू सकृदागामी हुने पनि छन्। तपाईं त्रयस्त्रिंश देवताहरू यसबारे के सम्झनुहुन्छ ?'

"मलाई थाहा छ कि यहाँ अरू पनि पुण्यभागी भएका छन् तर झूटो होला भन्ने भयले गर्दा उनीहरूको संख्या भन्न चाहँदिन।"

२०. "भन्ते ! यति कुरा ब्रह्मा सनत्कुमारले भनेको सुनी वेस्सवण महाराजाको मनमा यस्तो तर्कना उठ्यो 'अहो आश्चर्य ! अहो अद्भुत ! यस्ता विशिष्ट महापुरुष शास्ता पनि हुँदा रहेछन् ! यस्ता उदार धर्मोपदेश पनि हुँदा रहेछन् ! यस्ता उदार विशेष धिगम पनि देखिंदा रहेछन् !' भन्ते ! अनि ब्रह्मा सनत्कुमारले वेस्सवण महाराजाको चित्तको तर्कना थाहा पाई वेस्सवण महाराजालाई यस्तो भने 'वेस्सवण महाराज ! के सम्झन्छौ ! अतीतकालमा पनि यस्तै रूपले विशिष्ट महापुरुष शास्ता भएका थिए, त्यस्तै

Downloaded from http://www.dhamma.digital

विशिष्ट धर्मोपदेश र त्यस्तै उदार विशेषाधिगम पनि देखिएको थियो । अनागतकालमा पनि यस्तै रूपले विशिष्ट महापुरुष शास्ता हुने छन्, त्यस्तै विशिष्ट धर्मोपदेश र त्यस्तै विशेषधिगम पनि ।'

२१. "भन्ते ! यी कुराहरू ब्रह्मा सनत्कुमारले, त्रयस्त्रिंश देवताहरूका सामुन्ने भनिरहेका थिए । यही नै कुरा वेस्सवण महाराजाले, ब्रह्मा सनत्कुमारको सामुन्ने सुनी, सामुन्ने ग्रहण गरी आफ्नो परिषद्लाई पनि सुनाए ।"

यही नै कुरा स्वयं वेस्सवण महाराजाले आफ्नो परिषद्लाई भनिरहेको जनवसभ देवताले सुने, ग्रहण पनि गरे र यही नै कुरा भगवान्लाई पनि सुनाए । यही कुरा भगवान्ले जनवसभ देवताको मुखबाट सुनी, ग्रहण गरी स्वयं आफूले पनि जानी आयुष्मान् आनन्दलाई भन्नुभयो । आयुष्मान् आनन्दले यही कुरा भगवान्को श्रीमुखबाट सुनी, ग्रहण गरी भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाहरूलाई पनि सुनाउनुभयो । अनि सो ब्रह्मचर्य *(धर्म)* समृद्ध, विस्फार तथा विस्तृत भई, धेरैले थाहा पाए र देव मनुष्यहरूका बीचसम्म पनि सुप्रकाशित भयो ।

**जनवसभ-सुत्त समाप्त ।**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# ६. महागोविन्द-सुत्त

**(महागोविन्दसूत्र)**

१. यस्तो मैले सुनें । एक समय भगवान् राजगृहको गृद्धकूट पर्वतमा बस्नुभएको थियो । अनि पञ्चशिख गन्धर्वपुत्र रातको प्रथमयाम बितिसकेपछि सुन्दर रूप धारण गरी गृद्धकूट पर्वत जम्मै आलोकित पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिएका पञ्चशिख गन्धर्वपुत्रले भगवान्लाई यस्तो विन्ति गरे – "भन्ते ! जुन कुरा मैले त्रयस्त्रिंश देवताहरूको सम्मुख सुनेको हुँ र ग्रहण गरेको हुँ सो कुरा भगवान्लाई भन्न चाहन्छु ।" "पञ्चशिख ! त्यस्तो भए मलाई भन" भनी भगवान्ले भन्नुभयो ।

## १. सुधर्मा देवसभा

२. "भन्ते ! केहीदिन अघि पूर्णचन्द्र भएको उपोसथ प्रवारण *(आश्वीन पूर्णिमा)* को रातमा त्रयस्त्रिंशका सबै देवताहरू सुधर्मा सभामा एकत्रित भई बसेका थिए । *(त्यस सभामा)* महती दिव्यपरिषद् चारैतिर बसेका थिए । चारदिशामा चार महाराजाहरू बसेका थिए । (१) धतरट्ठ[४३३] *(धृतराष्ट्र)* महाराजा पश्चिमाभिमुख गरी देवताहरूलाई सामुन्ने पारी पूर्वदिशामा बसेका थिए । (२) विरुल्हक[४३४] *(विरुढक)* महाराजा उत्तराभिमुख गरी देवताहरूलाई सामुन्ने पारी पूर्वदिशामा बसेका थिए । (३) विरूपाक्ख[४३५] *(विरूपाक्ष)* महाराजा पूर्वाभिमुख गरी देवताहरूलाई सामुन्ने पारी पश्चिम दिशामा बसेका थिए । (४) वेस्सवण[४३६] *(वैश्रवण)* महाराजा दक्षिणाभिमुख गरी देवताहरूलाई सामुन्ने पारी उत्तर दिशामा बसेका थिए । भन्ते ! जब सबै त्रयस्त्रिंश देवहरू सुधर्मा सभामा एकत्रित भई बसे तब महती दिव्य परिषद्ले चारैतिर घेरेर बसे । चारै महाराजाहरू पनि चतुर्दिशामा बसे । यस्तो उनीहरूको आसन थियो । त्यसको पछाडिपट्टि हाम्रो आसन थियो ।

"भन्ते ! जुन देवहरू भगवान्को धर्ममा ब्रह्मचर्य पालन गरी हालसालै त्यहाँ उत्पन्न भएका थिए तिनीहरू अरू देवहरूभन्दा विशेष तेजिला तथा यशश्रीमा पनि उच्च थिए । भन्ते ! त्यही कारणद्वारा त्रयस्त्रिंश देवहरू 'दिव्यकायहरू बढ्दैछन्, असुरकायहरू घट्दै छन्' भनी सन्तुष्ट हुन्थे, प्रमुदित हुन्थे तथा प्रीतिसौमनस्यानुभव गर्थे ।

३. "भन्ते ! अनि त्रयस्त्रिंश देवहरूको प्रसन्नतालाई देखी शक्र देवेन्द्रले यी गाथाहरूद्वारा अनुमोदन गरे –

---

४३३ धृतराष्ट्र भन्ने गन्धर्व राजा हुन् ।

४३४ विरुढक भन्ने कुम्भण्ड देवहरूको राजा हुन् ।

४३५ विरुपाक्ष भन्ने नागराजा हुन् ।

४३६ वैश्रवण भन्ने यक्षहरूका राजा ।

Downloaded from http://www.dhamma.digital

'सुगतकहाँ ब्रह्मचर्य पालन गरी यहाँ आएका वर्णवान् र यशवान् नयाँ देवहरू देखेर त्रयस्त्रिंश देवहरू प्रसन्न छन् ।'

'तथागत र धर्मको सुधर्मतालाई नमस्कार गर्दै इन्द्रसहित त्रयस्त्रिंश देवहरू प्रमुदित छन् ।'

'विशेषफल प्राप्त गरेका भूरिप्राज्ञ बुद्धका श्रावकहरू अरूभन्दा विशेषवर्ण, आयु तथा यशश्रीले प्रकाशमान् छन् ।'

'यिनै कारणहरूलाई देखेर इन्द्रसहित त्रयस्त्रिंश देवहरू तथागत र धर्मको सुधर्मतामा नन्दित छन् ।'

"भन्ते ! यी कारणहरूलाई देखी 'दिव्यकायहरू बढ्दैछन्, असुरकायहरू घट्दै छन्' भन्दै त्रयस्त्रिंश देवताहरू अत्यधिक सन्तुष्ट हुन्छन्, प्रमुदित हुन्छन् तथा प्रीतिसौमनस्यानुभव गर्छन् ।

## २. बुद्धका आठ यथार्थ गुणहरू

४. "भन्ते ! अनि त्रयस्त्रिंश देवताहरूको प्रसन्नतालाई बुझेर शक्र देवेन्द्रले त्रयस्त्रिंश देवहरूलाई आमन्त्रण गरे – 'मारिष ! के तपाईंहरू उहाँ भगवान्को यथार्थ आठ गुणका कुराहरू सुन्न चाहनुहुन्छ ?' 'मारिष ! उहाँ भगवान्को आठ गुणका यथार्थ कुराहरू हामी सुन्न चाहन्छौं ।' "भन्ते ! अनि शक्र देवेन्द्रले त्रयस्त्रिंश देवहरूलाई भगवान्को आठ गुण यथार्थ कुराहरू सुनाए – (१) 'तपाईं त्रयस्त्रिंश देवहरू जान्नुहुन्छ के – उहाँ भगवान् बहुजनहितको निमित्त, बहुजनसुखको निमित्त, लोकानुकम्पाको निमित्त, देवमनुष्यहरूको अर्थको निमित्त तथा सुखको निमित्त लागिरहनुभएको कुरो ? यसरी भगवान् बहुजनहितको निमित्त, बहुजनसुखको निमित्त, लोकानुकम्पाको निमित्त, देवमनुष्यहरूको अर्थको निमित्त, हितको निमित्त तथा सुखको निमित्त लागिरहनुभएको छ । यस्तो अङ्गले युक्त हुनुभएका भगवान् बाहेक अरू शास्त्रा *(गुरु)* लाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

(२) 'उहाँ भगवान्को धर्म सु-आख्यात *(राम्ररी बताई राखेको)* छ, सन्दृष्टिक *(यसै जीवनकै फलदिने)* छ, अ-कालिक *(समय पर्खिरहन नपर्ने)* छ, 'आऊ, हेर' भनी भन्न लायक छ, औपनयिक *(निर्वाणतिर पुऱ्याउने)* छ, विज्ञपुरुषद्वारा प्रत्यक्षीकरणीय छ । उहाँ यसरी निर्वाणमा पुऱ्याइदिने धर्मको प्रवक्ता हुनुहुन्छ । यस्तो अङ्गले युक्त हुनुभएका भगवान् बाहेक अरू शास्तालाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

(३) 'उहाँ भगवान्ले 'यो कुशल हो' भनी राम्ररी बताउनुभएको छ, 'यो अकुशल हो' भनी राम्ररी बताउनुभएको छ, 'यो सावद्य हो, यो निरवद्य हो; यो सेवनीय छ, यो असेवनीय छ, यो हीन छ, यो प्रणीत छ, यो कृष्ण-शुक्लको सप्रतिपक्ष छ' भनी राम्ररी बताउनुभएको छ । यसरी उहाँ कुशलाकुशल, सावद्य-निरवद्य, सेवनीय असेवनीय, हीन-प्रणीत तथा कृष्ण-शुक्लका सप्रतिपक्ष धर्महरूको प्रवक्ता हुनु हुन्छ । यस्तो अङ्गले युक्त हुनुभएका भगवान् बाहेक अरू शास्तालाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

(४) 'उहाँ भगवान्ले श्रावकहरूको निमित्त निर्वाणगामिनी प्रतिपद् राम्ररी बताउनुभएको छ । निर्वाण र प्रतिपद् दुवैको मेल राम्रो छ । जस्तै – गङ्गा र यमुनाको पानी एकै ठाउँमा मिल्छ – त्यस्तै – उहाँ भगवान्ले श्रावकहरूको निमित्त निर्वाणगामिनी प्रतिपद् राम्ररी बताउनुभएको छ । निर्वाण र प्रतिपद्

Downloaded from http://www.dhamma.digital

दुवैको मेल राम्रो छ । यसरी उहाँ निर्वाणगामिनी प्रतिपद्को प्रवक्ता हुनुहुन्छ । यस्तो अङ्गले युक्त हुनुभएका भगवान् बाहेक अरू शास्तालाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

(५) 'उहाँ भगवान्लाई प्रसस्त लाभसत्कार[४३७] र यशकीर्ति[४३८] प्राप्त भएको छ । उहाँ क्षत्री आदि[४३९] सबैको प्रियपात्र हुनुहुन्छ । उहाँ भगवान्ले मद-मत्तरहित भई आहार सेवन गर्नुहुन्छ । यसरी उहाँ मद-मत्तरहित भई आहार सेवन गर्ने हुनुहुन्छ । यस्तो अङ्गले युक्त हुनुभएका भगवान् बाहेक अरू शास्तालाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

(६) 'उहाँ भगवान्ले शैक्ष-मार्गमा प्रतिपन्न हुने र ब्रह्मचर्यवास पूरागरी क्षीणास्रवी हुने जस्ता सहायकहरू पाउनुभएको छ । उनीहरूलाई छाडी भगवान् एक्लै विमुक्तिसुख ध्यानमा तल्लीन भई बस्नुहुन्छ । यसरी उहाँ एक्लै विमुक्तिसुख ध्यानमा तल्लीन भई विहार गर्ने हुनुहुन्छ । यस्तो अङ्गले युक्तहुनुभएका भगवान् बाहेक अरू शास्तालाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

(७) 'उहाँ भगवान्ले जस्तो बोल्नुहुन्छ *(यथावादी)* उस्तै गर्नुहुन्छ *(तथाकारी),* जस्तो गर्नुहुन्छ उस्तै बोल्नुहुन्छ *(यथाकारी तथावादी)* । यसरी उहाँ धर्मानुधर्ममा प्रतिपन्न हुनुहुन्छ । यस्तो अङ्गले युक्तहुनुभएका भगवान् बाहेक अरू शास्तालाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

(८) 'उहाँ भगवान् तीर्णविचिकित्सा *(कुनै शंका नभएका)* हुनुहुन्छ, विगत-कथंकथी *(यो कसोहोला, त्यो कसोहोला भन्ने दोधारे विचार नभएका)* हुनुहुन्छ, पर्यवसित-संकल्प *(पूर्णसङ्कल्प भएका)* हुनुहुन्छ तथा उहाँ पूर्ण-ब्रह्मचारी पनि हुनुहुन्छ । यसरी उहाँ तीर्णविचिकित्सा, विगत कथंकथी, पर्यवसित-संकल्पी तथा पूर्ण-ब्रह्मचारी हुनुहुन्छ । यस्तो अङ्गले युक्तहुनुभएका भगवान् बाहेक अरू शास्तालाई हामीले न अतीतमा देख्यौं न वर्तमानमा नै ।'

५. (१) "भन्ते ! शक्र देवेन्द्रले त्रयस्त्रिंश देवहरूलाई भगवान्का यीनै आठ यथार्थ गुणका कुराहरू बताए । भन्ते ! यसप्रकार भगवान्का आठ यथार्थ गुणका कुराहरू सुनी सारै प्रसन्न तथा समुदित भई त्रयस्त्रिंश देवहरूले अत्यन्त प्रीतिसौमनस्यानुभव गरे । भन्ते ! अनि केही देवहरूले यस्तो भने – 'मारिष ! अहा, चार सम्यक्सम्बुद्धहरू लोकमा उत्पन्न हुनुभए कतिहुन्थ्यो तथा जस्तो अहिले भगवान्ले बहुजनहितको निमित्त, बहुजनसुखको निमित्त, लोकानुकम्पाको निमित्त र देवमनुष्यहरूको अर्थको निमित्त, हितको निमित्त तथा सुखको निमित्त धर्मोपदेश गर्नुहुन्छ त्यस्तै धर्मोपदेश गर्नुभए हुन्थ्यो ।'

(२) केही देवहरूले यस्तो भने –

'मारिष ! चार सम्यक्सम्बुद्धका कुरा छाडिदेओ । मारिष ! अहा, तीन सम्यक्सम्बुद्धहरू लोकमा उत्पन्न हुनुभए कति हुन्थ्यो तथा जस्तो अहिले भगवान्ले बहुजनहितको निमित्त, ... धर्मोपदेश गर्नुहुन्छ त्यस्तै धर्मोपदेश गर्नुभए हुन्थ्यो ।'

(३) केही देवहरूले यस्तो भने –

---

४३७ बुद्धत्व लाभ गरिसक्नुभए पछि भगवान् बुद्धलाई अनेकौं लाभ सत्कारहरू प्राप्त भए । कोशल राजाले दिएको 'असदृश-दान' सबभन्दा उत्कृष्ट लाभ थियो ।

४३८ यशकीर्तिको सम्बन्धमा विस्तृत कुराहरू सुमं. वि. II. पृ. ४६५: महागोविन्दसुत्तवण्णनाले उल्लेख गरेको छ । 'यमकप्रातिहार्य' पछि उत्पन्न भएको यशकीर्ति नै सबभन्दा ठूलो यशकीर्ति हो भन्ने कुरा पनि उहीं समुल्लेख भएको पाइन्छ ।

४३९ वैश्रवण भन्ने यक्षहरूका राजा ।

Downloaded from http://www.dhamma.digital

'मारिष ! तीन सम्यक्सम्बुद्धका कुरा छाडिदेओ । मारिष ! अहा, दुई सम्यक्सम्बुद्धहरू लोकमा उत्पन्न हुनुभए कति हुन्थ्यो तथा जस्तो अहिले भगवान्ले बहुजनहितको निमित्त, ··· धर्मोपदेश गर्नुहुन्छ त्यस्तै धर्मोपदेश गर्नुभए हुन्थ्यो ।'

६. "भन्ते ! यस्तो भन्दा शक्र देवेन्द्रले त्रयस्त्रिंश देवहरूलाई यस्तो भने – 'मारिष ! एकै लोकधातुमा दुई अरहन्त सम्यक्सम्बुद्धहरू एकै समयमा उत्पन्न हुन सक्तैनन्, यो हुनै सक्तैन । मारिष ! उहाँ भगवान् निरोगी, सानन्द तथा दीर्घजीवी हुनुभए हुन्थ्यो जो बहुजनहितको निमित्त ··· देवमनुष्यहरूको अर्थ-सुखको निमित्त हुने थियो ।' भन्ते ! अति जुन कारणको निमित्त त्रयस्त्रिंश देवहरू सुधर्मा-सभामा एकत्रित भई बसेका थिए त्यो कामको विषयमा चिन्तन गरी, सल्लाह गरी, आफूले पनि कुरा गरी, अर्काको पनि कुरा सुनी तथा सहमत जनाई ती चातुर्महाराजाहरू आ-आफ्ना आसनमा उभिएर बसे ।

"आफ्नो पनि कुरा सुनाई अर्काको पनि कुरा सुनी, ग्रहण गरी – ती राजाहरू प्रसन्न भई शान्तपूर्वक आ-आफ्ना ठाउँमा रहे ।"

## ३. ब्रह्मा सनत्कुमारको प्रादुर्भाव

७. "भन्ते ! अनि उत्तर दिशाबाट एक ठूलो आलोक देखापर्न थाल्यो, आभा प्रकाश हुन थाल्यो । जुन आभा देवहरूका दिव्यानुभावभन्दा पनि बढी थियो । भन्ते ! अनि शक्र देवेन्द्रले त्रयस्त्रिंश देवहरूलाई आमन्त्रण गरे –

'मारिष ! जुन लक्षण देखिन्छ, जुन ठूलो आलोक तथा आभा देखिन्छ – यसबाट ब्रह्मा प्रादुर्भाव हुने संकेत पाइन्छ । ब्रह्मा प्रादुर्भाव हुनुभन्दा अगाडि यस्तो आलोक तथा आभा प्रकाश हुन्छ ।'

'जुन लक्षणहरू देखिंदा ब्रह्मा प्रादुर्भाव हुन्छन् – सोही ब्रह्माको यो लक्षण हो जुन ठूलो तथा विपुल आभा देखिन्छ ।'

८. "भन्ते ! अनि त्रयस्त्रिंश देवहरू 'यो आभाको प्रतिफल के हुँदो रहेछ – यसको साक्षात्कार गरेर मात्र फर्किने छौं' भन्दै आ-आफ्ना आसनमै बसे । चार महाराजाहरू पनि 'यो आभाको प्रतिफल के हुँदो रहेछ, यसको साक्षात्कार गरेर मात्र फर्किने छौं' भन्दै आ-आफ्ना आसनमै बसे । यो सुनेर त्रयस्त्रिंश देवहरू पनि 'यो आभाको प्रतिफल के हुँदो रहेछ, यसको साक्षात्कार गरेर मात्र फर्किने छौं' भन्दै आ-आफ्ना आसनमै बसे ।

"भन्ते ! जब ब्रह्मा सनत्कुमार त्रयस्त्रिंश देवहरूको सामुन्ने प्रकट हुन्छन् तब उनी स्थूल रूप लिएर मात्र प्रकट हुन्छन् । किनभने ब्रह्माको जुन प्रकृति रूप हो सो त्रयस्त्रिंश देवहरूले देख्न सक्तैनन्; न उनीहरूको चक्षुपथले भेट्टाउन सक्छ । ब्रह्मा सनत्कुमार त्रयस्त्रिंश देवहरूको सामुन्ने प्रकट हुँदा उनको रूप तथा यशश्री अरूको भन्दा धेरै तेजिलो हुन्छ । जस्तै सुवर्णको रूप मानिसको रूपभन्दा धेरै तेजिलो हुन्छ ।

"भन्ते ! ब्रह्मा सनत्कुमार त्रयस्त्रिंश देवहरूको सामुन्ने प्रकट हुँदा उनलाई देवपरिषद्का कुनै पनि देवताले अभिवादन गर्दैनन्, आसनबाट उठ्दैनन् र न आसनद्वारा नै निम्त्याउँछन् । बरू सबै देवहरू तूष्णी भई – 'जसको आसनमा बस्न चाहन्छन् उसकै आसनमा ब्रह्मा सनत्कुमार बस्नेछन्' भन्दै हातजोरी पलेटीमारी बसेका हुन्छन् ।

Downloaded from http://www.dhamma.digital

"भन्ते ! जुन देवताको आसनमा ब्रह्मा सनत्कुमार बस्छन् सो देवताले बडो ठूलो दिव्यआनन्द र दिव्यसोमनस्यताको अनुभव गर्छन् । जस्तै कुनै क्षत्रीय राजाले राज्याभिषेक प्राप्त गर्ने बित्तिकै बडो ठूलो आनन्द तथा सौमनस्यताको अनुभव गर्छ त्यस्तै सौमनस्यताको अनुभव गर्छन् ।

"भन्ते ! अनि ब्रह्मा सनत्कुमारले त्रयस्त्रिंश देवहरूले प्रसन्नतालाई बुझी अन्तरहित *(अदृश्य)* भई यी गाथाहरूद्वारा अनुमोदन गरे –

'सुगतकहाँ ब्रह्मचर्य पालन गरी ... *(पूर्ववत्)* ...'

९. "भन्ते ! ब्रह्मा सनत्कुमारले यी कुराहरू भने । भन्ते ! यस्तो भन्ने ब्रह्मा सनत्कुमारको स्वर अष्टाङ्गयुक्त थियो – (१) स्पष्ट थियो, (२) सुबोध्य थियो, (३) मञ्जु थियो, (४) श्रवणीय थियो, (५) विन्दू थियो, (६) अविक्षिप्त थियो, (७) गम्भीर थियो तथा (८) गुञ्जायमान थियो । भन्ते ! ब्रह्मा सनत्कुमारले परिषद् अनुसारको स्वरले बोल्छन् । उनको स्वर परिषद्बाट बाहिर जाँदैन । भन्ते ! जसको यस्तो अष्टाङ्ग सम्पन्न स्वर हुन्छ त्यसलाई 'ब्रह्मस्वर' भन्दछन् । भन्ते ! अनि त्रयस्त्रिंश देवहरूले ब्रह्मा सनत्कुमारलाई यस्तो भने – 'साधु महाब्रह्मे ! यसै कारणबाट हामी प्रमुदित छौ । शक्र देवेन्द्रले पनि उहाँ भगवान्को आठ यथार्थ गुणहरूका कुराहरू बताएका छन् जुन कारणलाई ध्यानमा राखी हामीहरू प्रमुदित छौ ।'

१०. "भन्ते ! अनि ब्रह्मा सनत्कुमारले शक्र देवेन्द्रलाई यस्तो भने – 'देवेन्द्र ! उहाँ भगवान्का यथार्थ आठ गुणका कुराहरू हामीले पनि सुन्नपाए बेश हुन्थ्यो ।' भन्ते ! अनि शक्र देवेन्द्रले 'महाब्रह्मे ! ठीक छ' भनी ब्रह्मा सनत्कुमारलाई भगवान्का यथार्थ आठ गुणका कुराहरू सुनाए –

(१) 'महाब्रह्मे ! तपाईंलाई थाहा छ के – उहाँ भगवान्बहुजनहितको निमित्त, ...[४४०] लागिरहनुभएको कुरो ? यसरी भगवान् बहुजनहितको निमित्त, ...[५]' लागिरहनुभएको छ । यस्तो अङ्गले युक्त हुनुभएका भगवान् बाहेक अरू शास्तालाई हामीले न अतीतलाई देख्यौं न वर्तमानमा नै । ... [४४१] ।'

"भन्ते ! शक्र देवेन्द्रले ब्रह्मा सनत्कुमारलाई यी नै भगवान्का आठ यथार्थ गुणका कुराहरू बताए । भन्ते ! अनि त्यसबखत ब्रह्मा सनत्कुमार सन्तुष्ट भए, भगवान्का आठ यथार्थ गुणका कुराहरू सुनी उनी अति प्रमुदित भई प्रीतिसौमनस्यी भए । भन्ते ! अनि ब्रह्मा सनत्कुमारले स्थूल शरीर अभिनिर्मित गरी कुमारको भेष धारण गरी पञ्चशिख देवताहरूका सामुन्ने त्रयस्त्रिंशमा प्रकट भए । उनी आकाशमाथि गई आकाशमा पलेटी मारी बसे । भन्ते ! जस्तै कुनै बलवान् पुरुष राम्ररी बिच्छ्याइ राखेको आसनमा अथवा सम्म परेको भुईमा बस्ने हो त्यस्तै गरी ब्रह्मा सनत्कुमार आकाश माथि गई, आकाशमा पलेटी मारी बसी त्रयस्त्रिंश देवहरूलाई आमन्त्रणा गरे –

## ४. महागोविन्द ब्राह्मणका कुरा

१२. 'तपाईं त्रयस्त्रिंश देवहरू जान्नुहुन्छ के – उहाँ भगवान् धेरैसमय अघिदेखि नै महाप्रज्ञावान हुनुहुन्थ्यो ?'

'भो ! धेरै समय अघि दिसम्पति भन्ने राजा थिए । दिसम्पति राजाको गोविन्द भन्ने ब्राह्मण पुरोहित थिए । दिसम्पति राजाका रेणु भन्ने पुत्र राजकुमार थिए । गोविन्द ब्राह्मणका जोतिपाल भन्ने

४४० माथि पृ. ३०७ को (१) मा उल्लेख भए जस्तै यहाँ दोहऱ्याई पढ्नुहोला ।

४४१ माथि पृ. ३०७ मा उल्लेख भएका (२) देखि (८) नं. सम्मका जम्मै कुराहरू यहाँ दोहऱ्याई पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

माणवक पुत्र थिए । रेणु राजपुत्र जोतिपाल माणवक तथा अरू छ राजकुमारहरू[४४२] – यी आठजना मित्र थिए । भो ! अनि धेरै दिन बितिसके पछि गोविन्द ब्राह्मणको मृत्यु भयो । गोविन्द ब्राह्मणको मृत्यु पछि दिसम्पति राजाले 'जुन बेलामा गोविन्द ब्राह्मणलाई सबै काम-धामहरू राम्ररी सुम्पी हामीहरू पञ्चविषय भोग गर्दै थियौं त्यसबेला हाम्रा गोविन्द ब्राह्मणको मृत्यु भयो' भन्दै खूबसँग विलाप गरे । यसरी विलाप गर्दा रेणु राजपुत्रले दिसम्पति राजालाई यस्तो बिन्ती गरे – 'देव ! गोविन्द ब्राह्मणको मृत्यु भयो भनी तपाईं धेरै विलाप नगर्नु होस् । देव ! गोविन्द ब्राह्मणका पुत्र जोतिपाल माणव उनको पिताभन्दा पनि धेरै पण्डित छन्, अर्थदर्शी छन् । जुन अर्थानुशासनका काम-धाम जोतिपालको पिताले गर्दथे सो काम-धाम जोतिपाल माणवले पनि गर्न सक्छन् ।'

'कुमार ! साँच्चै हो के ?'

'देव ! साँच्चै हो ।'

१३. 'भो ! अनि राजा दिसम्पतिले जुन पुरुषलाई बोलाई 'अम्भो पुरुष ! तिमी जाऊ, जहाँ जोतिपाल नामक माणव छन् त्यहाँ गई जोतिपाल माणवलाई यस्तो भन 'तपाईं जोतिपाल माणवको मङ्गल होस्; राजा दिसम्पति तपाईं जोतिपाल माणवलाई देख्न चाहन्छ, राजा दिसम्पतिले तपाईंलाई बोलाउँदै छ ।' 'हवस्, देव ! ' भनी दिसम्पति राजालाई प्रत्यत्तर दिई सो पुरुष जहाँ जोतिपाल माणव थिए त्यहाँ गयो । त्यहाँ पुगेपछि जोतिपाल माणवलाई यस्तो भन्यो – 'तपाईं जोतिपाल माणवको मङ्गल होस् । राजा दिसम्पति तपाई जोतिपाल माणवलाई देख्न चाहनुहुन्छ, दिसम्पति राजाले तपाईंलाई बोलाउँदै हुनुहुन्छ ।' 'हुन्छ' भनी सो पुरुषलाई प्रत्युत्तर दिई जोतिपाल माणव जहाँ राजा दिसम्पति थिए त्यहाँ गए । त्यहाँ पुगेपछि दिसम्पति राजासँग कुशल-क्षेमका कुराकानी गरे । कुशल-क्षेमका कुराकानी गरिसके पछि एक छेउमा बसे । एक छेउमा बसेका जोतिपाल माणवलाई राजा दिसम्पतिले यस्तो भने – 'जोतिपाल ! हामीलाई अनुशासन गर्नुमा तपाईं संकोच नमान्नु होस् । तपाईंलाई पैत्रिक स्थानमा राख्ने छु । गोविन्दको आसनमा अभिषिक्त गर्नेछु ।' 'हवस्' भनी जोतिपाल माणवले दिसम्पति राजालाई प्रत्युत्तर दिए । अनि राजा दिसम्पतिले जोतिपाल माणवलाई गोविन्द ब्राह्मणको आसनमा अभिषिक्त गरी पैत्रिक स्थानमा राखे । अभिषिक्त भएपछि पैत्रिक स्थानमा बसी जोतिपाल माणवले जुन अर्थानुशासन पिताले गर्दथे सोही अर्थानुशासन गरे; जुन अर्थानुशासन पिताले गर्दैनथे सो अर्थानुशासन गरेनन् । जुन कामको संविधान पिताले गर्दथे सो कामको संविधान गरे । अनि मानिसहरूले भन्नथाले – 'यी गोविन्द ब्राह्मण महागोविन्द ब्राह्मण नै रहेछन् ।' यसप्रकार जोतिपाल माणवको नाम नै 'महागोविन्द' भन्ने रहनगयो ।

## ५. राज्य संविभाजन

१४. 'भो ! अनि महागोविन्द ब्राह्मण जहाँ ती छ क्षत्री पुत्रहरू थिए त्यहाँ गए । त्यहाँ पुगेपछि ती क्षत्री पुत्रहरूलाई यस्तो भने – 'दिसम्पति राजा जराजीर्ण, बूढा, वयोवृद्ध भइसके, जीवनको बारेमा कसलाई थाहा छ र ! यो सम्भव छ कि दिसम्पति राजाको मृत्युपछि राज्यकर्ताहरूले रेणु राजपुत्रलाई राज्य दिन सक्छन् । त्यसोहुनाले तपाईंहरू जहाँ रेणु राजपुत्र हुनुहुन्छ त्यहाँ गई रेणु राजपुत्रलाई यसो भन्नुहोस् – 'हामी तपाईंका प्रिय मनाप तथा अप्रतिकूल *(तपाईंकै पक्षमा)* सहायकहरू हौं । जो तपाईंको सुख हो सोही हाम्रो पनि सुख हो; जो तपाईंको दु:ख हो सोही हाम्रो पनि दु:ख हो । दिसम्पति राजा जराजीर्ण, बूढा, वयोवृद्ध भइसके; जीवनको बारेमा कसलाई थाहा छ र ! यो सम्भव छ कि दिसम्पति

४४२ यी छ राजकुमारहरू पनि दिसम्पति राजाकै छोराहरू हुन् । यिनीहरूका नामहरू अगाडि उल्लेख भएका छन् ।

Downloaded from http://www.dhamma.digital

राजाको मृत्युपछि राज्यकर्ताहरूले तपाईं रेणुलाई राज्यदिन सक्छन्। यदि तपाईं रेणुले राज्य पाउनुभयो भने हामीहरूलाई पनि राज्य बाँडी दिनुहोस्।' 'हुन्छ' भनी महागोविन्द ब्राह्मणलाई प्रत्युत्तर दिई ती क्षत्रीहरू जहाँ रेणु राजपुत्र थिए त्यहाँ गई रेणु राजपुत्रलाई – 'हामी तपाईं रेणु राजपुत्रका प्रिय मनाप तथा अप्रतिकूल सहायकहरू हौ। जो तपाईंको सुख हो सोही हाम्रो पनि सुख हो; जो तपाईंको दु:ख हो सोही हाम्रो पनि दु:ख हो। दिसम्पति राजा जराजीर्ण बूढा वयोवृद्ध भईसके; जीवनको बारेमा कसलाई थाहा छ र! यो सम्भव छ कि दिसम्पति राजाको मृत्युपछि राज्यकर्ताहरूले तपाईंलाई राज्य दिन सक्छन्। यदि तपाईं रेणुले राज्य पाउनुभयो भने हामीहरूलाई पनि राज्य बाँडी दिनुहोस्।'

'मेरो राज्यमा तपाईंहरू बाहेक अरू कसले सुख पाउँछन् र! यदि मैले राज्य पाएँ भने तपाईंहरूलाई पनि राज्य बाँडी दिनेछु।'

१५. 'भो! अनि धेरै दिन पछि राजा दिसम्पतिको मृत्यु भयो। दिसम्पति राजाको मृत्युपछि राज्यकर्ताहरूले रेणु राजपुत्रलाई राज्याभिषेक गरे। राज्यद्वारा अभिषिक्त भएपछि रेणु राजाले पञ्चकामगुणहरू भोग गर्न थाले। अनि महागोविन्द ब्राह्मणले ती छ क्षत्रीयहरूकहाँ गई यस्तो भने – दिसम्पति राजाको मृत्यु भइसक्यो रेणु राजपुत्र राज्यद्वारा अभिषिक्त भई पञ्चकामगुणहरू भोग गर्दैछन्। कसलाई थाहा छ यी काम-मदका कुरा! जानुहोस् तपाईंहरू रेणु राजाकहाँ गई यसो भन्नुहोस् – 'दिसम्पति राजाको मृत्यु भइसक्यो। तपाईं रेणु राज्यद्वारा अभिषिक्त भइसक्नुभयो, के तपाईंले त्यो वचनलाई सम्झनुहुन्छ?'

१६. 'भो! अनि ती छ क्षत्रीहरूले 'ठीक हो' भनी महागोविन्द ब्राह्मणलाई प्रत्युत्तर दिई उनीहरू रेणु राजाकहाँ गई यस्तो भने – 'दिसम्पति राजाको मृत्यु भइसक्यो, तपाईं रेणु राज्यद्वारा अभिषिक्त हुनुभयो। के त्यो वचनलाई तपाईं सम्झनुहुन्छ?'

'म त्यो वचनलाई सम्झन्छु। उत्तरमा फराकिलो दक्षिणमा गाडाको मुख जस्तै साँगुरो भएको यो महापृथ्वीलाई कसले बराबर गरी सात भागमा विभाजन गर्न सक्ला?'

'महागोविन्द ब्राह्मणले बाहेक अरू कसले सक्ला र।'

'भो! अनि रेणु राजाले एक पुरुषलाई आमन्त्रण गरी – 'अम्भो पुरुष! यता आऊ, तिमी महागोविन्द ब्राह्मणकहाँ गई यस्तो भन – 'तपाईंलाई राजा रेणुलाई बोलाउँदै छ।' 'हवस्, देव!' भनी प्रत्युत्तर दिई महागोविन्द ब्राह्मणकहाँ गई सो पुरुषले यस्तो भन्यो 'भन्ते! तपाईंलाई राजा रेणुले बोलाउँदै हुनुहुन्छ।' 'हुन्छ' भनी महागोविन्द ब्राह्मण रेणु राजाकहाँ गई रेणु राजासँग कुशलक्षेमका कुराकानी गरी एक छेउमा बसे। एक छेउमा बसेका महागोविन्द ब्राह्मणलाई रेणु राजाले यस्तो भने – 'आउनुहोस्, उत्तरमा फराकिलो दक्षिणमा गाडाको मुख जस्तो साँगुरो भएको यो पृथ्वीलाई तपाईंले बराबर गरी सात भागमा विभाजन गर्नुहोस्।' 'हवस्' भनी प्रत्युत्र दिई महागोविन्द ब्राह्मणले सात भाग बराबर पारी विभाजन गरिदिए। बीचमा रेणु राजाको भाग थियो।'

१७. '(१) कलिङ्गको[४४३] दन्तपुर, (२) अश्वकको[४४४] पोतन, (३) अवन्तीको[४४५] महिष्मती, (४)

४४३ कलिङ्ग भन्ने देश आजकल कहाँपर्छ भन्ने बारे हिन्दी दीघनिकाय पृ. १७१ को पादटिप्पणीमा राहुल सांकृत्यायनले 'उडीसा' हो भनी उल्लेख गरेका छन्।

४४४ अस्सक *(अश्वक वा अस्मक)* भन्ने देश आजकल कहाँ पर्छ भन्ने बारेमा हिन्दी दीघनिकाय पृ. १७१ को पादटिप्पणीमा राहुल सांकृत्यायनले औरंगाबाददेखि पैठनसम्म *(हैदराबाद)* भन्ने र यसको राजधानी *'पोतन'* भन्ने पैठन हो भनी उल्लेख गरेका छन्।

Downloaded from http://www.dhamma.digital

सोवीरको[४४६] रोरुक, (५) विदेहको[४४७] मिथिला, (६) अङ्गको चम्पा[४४८], (७) काशीको[४४९] वाराणशी – यिनीहरू गोविन्दले बनाएका *(विभाजन)* हुन्[४५०] ।'

१९. 'भो ! अनि महागोविन्द ब्राह्मणकहाँ गई ती छ क्षत्रीहरूले यस्तो भने – जस्तै तपाईं गोविन्द रेणु राजाका प्रिय मनाप तथा अप्रतिकूल हुनुहुन्छ त्यस्तै तपाईं गोविन्द हामीहरूको पनि प्रिय मनाप तथा अप्रतिकूल हुनुहुन्छ । *(अतः)* हामीलाई पनि अनुशासन गर्नुहोस्; हामीलाई अनुशासनबाट वञ्चित नगर्नुहोस् । 'हुन्छ' भनी महागोविन्द ब्राह्मणले उनीहरूलाई प्रत्युत्तर दिए । अनि महागोविन्द ब्राह्मणले मूर्धाभिषिक्त सातै क्षत्री राजाहरूलाई अनुशासन गर्न थाले । सात महाधनी *(महासाल)* ब्राह्मणहरूलाई[४५१] र सात सय स्नातकहरूलाई[४५२] मन्त्र *(वेद)* पढाउन थाले ।

## महागोविन्दको एकान्तवास

२०. 'भो ! अनि पछि महागोविन्द ब्राह्मणको यस्तो यशकीर्ति फैलिन थाल्यो – महागोविन्दले ब्रह्मालाई देख्न सक्छन्, ब्रह्मासँग छलफल गर्न सक्छन्, कुरा गर्न सक्छन् तथा सल्लाह लिन सक्छन् । भो ! अनि महागोविन्द ब्राह्मणको मनमा यस्तो लाग्यो – ब्रह्मालाई देख्नसक्छ, ब्रह्मासँग छलफल गर्न सक्छ ... भन्ने मेरो यशकीर्ति फैलिँदै छ । किन्तु मैले ब्रह्मालाई देखेको पनि छैन, ब्रह्मासँग छलफल गरेको पनि छैन ... । मैले वयोवृद्ध आचार्य प्राचार्य ब्राह्मणहरूले भनेका कुराहरू भने सुनेको छु कि जसले वर्षाद्को चार महिना एकान्तमा बसी करुणाको ध्यान गर्छ उसले ब्रह्मालाई देख्न सक्छ, छलफल गर्न सक्छ, कुरा गर्न सक्छ तथा ब्रह्मासँग सल्लाह पनि लिन सक्छ । अतः किन म वर्षाद्को चार महिना एकान्तमा बसी करुणामा बसी करुणाको ध्यान नगरुँ ।'

२१. 'भो ! अनि रेणु राजाकहाँ गई महागोविन्द ब्राह्मणले यस्तो बिन्ती गरे – मैले ब्रह्मालाई देख्न सक्छ, ब्रह्मासँग छलफल गर्न सक्छ ... भन्ने मेरो यशकीर्ति फैलिँदै छ । तर मैले भने ब्रह्मालाई

---

४४५ अवन्तीको राजधानी महिष्मतीको सम्बन्धमा पनि बु.भा.भू.पृ. २७५-७७ मा छलफल गरिएको छ । हिन्दी दी.नि.पृ. १७१ को पादटिप्पणमा राहुल सांकृत्यायनले अवन्ती भनेको मालवा र महिष्मती भनेको महेश्वर *(इन्दौर)* हो भनी उल्लेख गरेका छन् ।

४४६ सोवीरको रोरुक भनेको आजकल कहाँपर्छ भन्ने बारेमा हिन्दी दी.नि.पृ.१७१ को पादटिप्पणीमा राहुल सांकृत्यायनले सोवीर भनेको सिंध र रोरुक भनेको रोर्गा हो भनी उल्लेख गरेका छन् ।

४४७ विदेह देशको मिथिलाको सम्बन्धमा पनि हिन्दी दी.नि.पृ. १७१ को पादटिप्पणीमा राहुल सांकृत्यायनले विदेह भन्ने तिर्हुत हो भनी उल्लेख गरेका छन् ।

४४८ अङ्गदेशको चम्पा नगरको सम्बन्धमा हिन्दी दी.नि.पृ. १७१ को पादटिप्पणीमा अङ्गमा अङ्गलाई भागलपुर, मुगेर जिल्ला र चम्पालाई भागलपुर चम्पा हो भनी राहुल सांकृत्यायनले उल्लेख गरेका छन् ।

४४९ काशी देशको वाराणशी नगरको सम्बन्धमा बु.भा.भू.पृ. ३६२-८१ मा विस्तृतरूपमा छलफल गरेको पाइन्छ । हिन्दी दी.नि.पृ. १७१ को पादटिप्पणीमा राहुल सांकृत्यायनले काशीलाई बनारस कमिश्नरी हो भनी उल्लेख गरेका छन् ।

४५० यी सात राज्य विभाजन गरी महागोविन्द ब्राह्मणले नामहरू राखेका हुन् भनी सुमं. वि. II. पृ. ४७०: महागोविन्दसुत्तवण्णनाले उल्लेख गरेको छ ।

४५१ "सबै कामहरूमा स्वयं लाग्नसक्ने छु वा छैन" भन्ने विचार गरी महागोविन्द ब्राह्मणले सात अनुपुरोहित ब्राह्मणहरू नियुक्त गरेका थिए । त्यसैले सूत्रमा 'सात महाधनी ब्राह्मणहरूलाई' भनी उल्लेख भएको हो भनी दी.नि.अ. क. II. पृ. ४७० ले उल्लेख गरेको छ ।

४५२ दिनको दुई तीन पटकसम्म पनि नुहाउनेलाई अथवा व्रतचर्याको अन्तमा नुहाइसके पछि ब्राह्मणहरूसँग पनि खानपान नगर्ने भएको हुनाले पनि 'स्नातक' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

देखेको पनि छैन, ब्रह्मासँग छलफल पनि गर्न सक्दिन ··· । हो मैले वयोवृद्ध आचार्य प्राचार्य ब्राह्मणहरूले भनेका कुराहरू सुनेको छु कि – जसले वर्षाद्को चार महिना एकान्तमा बसी करुणाको ध्यान गर्छ उसले ब्रह्मालाई देख्न सक्छ, ब्रह्मासँग छलफल पनि गर्न सक्छ ··· । अतएव म वर्षाद्को चार महिनासम्म एकान्तमा बसी करुणाको ध्यान गर्न चाहन्छु । त्यस समयभित्र भोजन ल्याउने एकजना बाहेक अरू कुनै पनि *(पुरुष)* मकहाँ आउन हुन्न ।

*(राजाले भने – )* 'तपाईं गोविन्दले जस्तो उचित संझनुहुन्छ, गर्नुहोस् ।'

२२-२३-२४. अनि महागोविन्द ब्राह्मण ती छ क्षत्रीहरूकहाँ गई ··· ती सात महाधनी ब्राह्मणहरूकहाँ गई ··· ती सात सय स्नातकहरूकहाँ गई ··· तथा *(आफ्ना)* चालीस समानजातीय भार्याहरूकहाँ गई ··· वर्षाद्को चार महिनासम्म एकान्तमा बसी करुणाको ध्यान गर्न चाहन्छु भनी भने ··· ।

*(उनीहरू सबैले राजाले जस्तै उत्तर दिए ।)*

२५. 'अनि नगरको पूर्वपट्टि नयाँ सन्थागार *(ध्यान गर्नकोनिमित्त अनुकूल स्थान)* बनाउन लगाई वर्षाद्को चार महिनासम्म एकान्तमा बसी महागोविन्द ब्राह्मणले करुणाको ध्यान गर्न थाले । भोजन ल्याउने एकजना बाहेक अरू कोही पनि आउँदैनथे । चार महिना बितिसके पछि महागोविन्द ब्राह्मणको मनमा बडो उत्सुकता हुनथाल्यो – मैले वयोवृद्ध आचार्य प्राचार्य ब्राह्मणहरूले भनेका कुराहरू सुनेको छु कि – जसले वर्षाद्को चार महिनासम्म एकान्तमा बसी करुणाको ध्यान गर्छ उसले ब्रह्मालाई देख्न सक्छ, ब्रह्मासँग छलफल गर्न सक्छ । तर मैले अहिलेसम्म न ब्रह्मालाई देख्नसकें, न ब्रह्मासँग छलफल नै गर्न सकें ··· ।

## ६. ब्रह्मा सनत्कुमारसंग साक्षात्कार

२६. 'भो ! अनि ब्रह्मा सनत्कुमारले महागोविन्द ब्राह्मणको चित्तमा भईरहेको वितर्कनालाई आफ्नो चित्तले जानी जस्तै कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ र पसारेको बाहुलाई खुम्च्याउँछ त्यस्तै गरी ब्रह्मलोकमा अन्तर्धान भई महागोविन्द ब्राह्मणको अगाडि प्रकट भए । अनि कहिल्यै नदेखेको रूपलाई देखेर महागोविन्द ब्राह्मणको मनमा भय, त्रास तथा रोमाञ्च पैदा भयो । अनि भयभीत भई संविग्न भई तथा रोमाञ्चित भई महागोविन्द ब्राह्मणले ब्रह्मा सनत्कुमारलाई गाथाद्वारा यस्तो भने –

'मारिष ! वर्णवान् यशवान् तथा श्रीमान् हुनुभएका तपाईं को हुनुहुन्छ ? नचिनेका हुनाले नै तपाईंसँग म सोधिरहेछु, कसरी मैले तपाईंलाई चिन्नसकूँ ?'

*(सनत्कुमार भन्दछन् – )* 'सबै देवहरूले ब्रह्मलोकमा सनत्कुमार भनी मलाई चिन्दछन्, गोविन्द ! त्यस्तै गरी तिमीले पनि चिन ।'

*(महागोविन्द भन्दछन् – )* 'आसन, पानी, तेल, मह र शागहरूद्वारा म तपाईं ब्रह्माको पूजा गर्छु; कृपया यसलाई स्वीकार गर्नुहोस् ।'

*(सनत्कुमार भन्दछन् – )* 'दृष्टधर्म *(इहलौकिक)* हितको बारेमा अथवा सम्परायिक *(पारलौकिक)* सुखको बारेमा – जुनसुकै सुखको बारेमा – तिमी चाहन्छौ त्यस बारेमा मसँग सोध, म अवकाश दिन्छु ।'

Downloaded from http://www.dhamma.digital

२७. अनि महागोविन्द ब्राह्मणको मनमा यस्तो लाग्यो – ब्रह्मा सनत्कुमारले *(प्रश्न सोध्ने)* अवकाश दिए । अब मैले सनत्कुमारसँग दृष्टधार्मिक र सम्परायिकहरूमध्ये कुन प्रश्न सोधुँ ? अनि महागोविन्द ब्राह्मणको मनमा यस्तो लाग्यो – 'दृष्टधार्मिक अर्थहरूको सम्बन्धमा त म स्वयं कुशल छु । अरूहरू पनि मकहाँ आई दृष्टधार्मिक अर्थको सम्बन्धमा प्रश्न सोध्छन् । अतः ब्रह्मा सनत्कुमारसँग मैले सम्परायिक अर्थको सम्बन्धमा प्रश्न सोध्नुपर्‍यो ।' यति सोची महागोविन्द ब्राह्मणले ब्रह्मा सनत्कुमारसँग गाथाद्वारा यस्तो भने –

'निश्शंकी हुने अरू श्रेष्ठपुरुषहरूले बुझ्न सक्ने विषयमा शंकी भई म तपाईं सनत्कुमार ब्रह्मासँग सोध्दछु; के मा बसेर, केमा शिक्षित भएर मनुष्य अमृतमय ब्रह्मलोकमा पुग्न सक्छ ?'

*(सनत्कुमार भन्दछन् – )* 'ब्राह्मण ! मनुष्यहरूमा ममत्व छाडी एक्लै बसी करुणा-ध्यान प्राप्त गरी निरामगन्ध *(क्लेश रूपी-गन्धहरूबाट मुक्त)* तथा मैथुनबाट विरत भई यसैमा बसी, यसैमा शिक्षित भई – मनुष्य अमृतरूपी ब्रह्मलोकमा पुग्नसक्छ ।'

२८. *(महागोविन्द ब्राह्मण भन्दछन् – )* 'तपाईंले जुन 'ममत्व छाडी' भनी भन्नुभयो त्यो कुरा म बुझ्नसक्छु । यहाँ केही पुरुषहरू थोरै वा धेरै भोगसम्पत्ति छाडी थोरै वा धेरै ज्ञाति बन्धुहरू छाडी, केश दाढी क्षौर गरी, काषायवस्त्र पहिरी, घर छाडी अनगारिक भई प्रव्रजित हुन्छन् । यसैलाई तपाईंले 'ममत्व छाडी' भनी भन्नुभएको हो भन्ने कुरा म बुझ्दछु । तपाईंले जुन 'एक्लै बसी' भनी भन्नुभयो त्यो पनि म बुझ्नसक्छु । यहाँ केही पुरुषहरू निर्जन शयनासन भजन गर्छन्, अरण्यमा, वृक्षमूलमा, पर्वतमा, कन्दरामा, पर्वतको गुफामा, श्मशानमा, वन जङ्गलको बाटोमा तथा खुल्ला ठाउँमा बस्छन् । यसैलाई तपाईंले 'एक्लै बसी' भनी भन्नुभएको हो भन्ने कुरा म बुझ्दछु । तपाईंले जुन 'करुणाध्यान प्राप्त गरी' भनी भन्नुभयो त्यो पनि म बुझ्नसक्छु । यहाँ कुनै योगी-पुरुष एक दिशामा, दुई दिशामा, तीन दिशामा तथा चार दिशामा करुणा सहगतचित्त फैलाई बस्छ । त्यस्तै गरी माथि, तल, तेर्सो – सबै दिशाहरूमा, सबै लोकमा – विपुल, महत् तथा अप्रमाण करुणा-चित्त फैलाई विहार गर्छ । यसैलाई तपाईंले 'करुणाध्यान प्राप्त गरी' भनी भन्नुभएको हो भन्ने कुरा म बुझ्दछु । तर तपाईंले जुन 'आमगन्ध' *(क्लेशरूपीगन्ध)* भनी भन्नुभयो यसलाई भने मैले बुझ्न सकिन ।'

'हे ब्रह्मे ! मनुष्यहरूमा आमगन्ध *(क्लेशगन्ध)* भनेको के हो ? हे धीर ! यो कुरा मैले बुझ्न सकिन, अतः भन्नुहोस् । कुनचाहिं क्लेशले आवरण हुँदा यहाँ प्रजाहरू दुर्गन्ध भई ब्रह्मलोकबाट विमुख भई अपायगामी हुन्छन् ?'

*(सनत्कुमार भन्दछन् – )* 'क्रोध, मृषावाद, वञ्चना, मित्र-द्रोह, कंजूस, अतिमान, ईर्ष्या, इच्छा, मात्सर्य, परपीडा, लोभ, मद, दोष तथा मोह – यिनीहरूले युक्त हुने पुरुषहरू क्लेश-गन्धबाट अलग हुन्नन् र यस्तै पुरुषहरू ब्रह्मलोकबाट विमुख भई अपायगामी हुन्छन् ।'

'यी आमगन्धहरूका सम्बन्धमा तपाईंले भन्नुभएका कुराहरू मैले बुझें । यी आमगन्धहरूलाई गृहस्थी भावमा बसी राम्ररी निर्मूल पारी मर्दन गर्न सकिन्न अतः म घर छाडी प्रव्रजित हुन चाहन्छु ।'

'जस्तो तपाईं गोविन्द उचित ठान्नुहुन्छ, गर्नुहोस् ।'

## ७. महागोविन्दको प्रव्रज्या–कामना

२९. अनि महागोविन्द ब्राह्मण जहाँ रेणु राजा थिए त्यहाँ गई रेणु राजालाई यस्तो भने – अब तपाईंले अर्को पुरोहित खोज्नुहोस् – जसले तपाईंलाई अनुशासन गर्नेछन् । म घर छाडी अनगारिक भई

Downloaded from http://www.dhamma.digital

प्रव्रजित हुन चाहन्छु । मैले ब्रह्माबाट सुनेका आमगन्ध सम्बन्धीका कुराहरू अनुसार घरमा बसी आमगन्ध दूर पार्न सजिलो छैन । अतः म घर छाडी अनगारिक भई प्रव्रजित हुन्छु ।

'भूमिपति रेणु राजालाई म सम्बोधन गर्दछु – अब म पुरोहित भएर बस्ने छैन; राज्यको सम्बन्धमा अब तपाईं स्वयं जान्नुहोस् ।'

*(रेणु राजा भन्दछन् – )* 'यदि तपाईंलाई भोगहरूको कमी छ भने म त्यसलाई पूरा गर्नेछु । यदि तपाईंलाई कसैले हिंसा गर्छ भने भूमि-सेनापति भएको मैले त्यसको निवारण गर्नेछु । तपाईं पितासमान हुनुहोस् म पुत्रसमान हुनेछु । गोविन्द ! हामीलाई छाडेर न जानुहोस् ।'

*(महागोविन्द भन्दछन् – )* 'मलाई कुनै भोगहरूको कमी छैन । मलाई कसैबाट हिंसाको डर पनि छैन । अमनुष्य *(देवता)* को कुरा सुनेको हुँदा अब मलाई घरमा बस्ने इच्छा छैन ।'

*(रेणु राजा भन्दछन् – )* 'कस्ता अमनुष्य थिए र उनले के कुरा सुनाए – जुन कुरा सुनी तपाई हामीहरूलाई मात्र घरमा छाडी जान चाहनुहुन्छ ?'

*(महागोविन्द भन्दछन् – )* 'अघि म एक्लै बसिरहेको बेलामा यज्ञ गर्ने इच्छा गरी मैले कुश पत्रहरू विच्छ्याइरहेको थिएँ । त्यसैबखत ब्रह्मलोकबाट ब्रह्मा सनत्कुमार मेरो अगाडि प्रकट भए अनि उनीसँग सोधेका प्रश्नहरूका उत्तर सुनी म घरमा बस्न नचाहेको हुँ ।'

*(रेणु राजा भन्दछन् - )* 'गोविन्द ! जुन कुरा तपाईं भन्नुहुन्छ त्यो कुरा म विश्वास गर्दछु । देवताको कुरा सुनी अब तपाईंले कसरी अन्यथा गर्नुहुने छ र ।'

'म पनि तपाईंकै अनुगमन गर्नेछु । गोविन्द ! तपाईं मेरो शास्ता हुनुहोस् । चिल्लो तथा निर्मल परेको वैदूर्यमणि जस्तै शुद्ध भई हामी तपाईं गोविन्दको अनुशासनमा विचरण गर्नेछौं ।'

'यदि तपाईं गोविन्द घर छाडी अनगारिक भई प्रव्रजित हुन चाहनुहुन्छ भने हामी पनि घर छाडी अनगारिक भई प्रव्रजित हुनेछौं । यसरी तपाईंको जे गति हुनेछ सोही नै गति हाम्रो पनि हुनेछ ।'

## छ क्षत्रीहरूलाई सम्बोधन

३०. 'भो ! अनि महागोविन्द ब्राह्मण जहाँ ती छ क्षत्रीहरू थिए त्यहाँ गई उनीहरूलाई यस्तो भने – अब तपाईंहरूले अर्का पुरोहितहरू खोज्नुहोस् जसले तपाईंहरूको राज्यसम्बन्धी अनुशासन गर्नेछन् । म घर छाडी अनगारिक भई प्रव्रजित हुन चाहन्छु । ब्रह्माबाट जुन आमगन्ध सम्बन्धीका कुराहरू मैले सुने तदनुसार घरमा बसी आमगन्ध दूर पार्न सजिलो छैन । अतः म घर छाडी अनगारिक भई प्रव्रजित हुन चाहन्छु । अनि एक छेउमा गई ती क्षत्रीयहरूले यस्तो सल्लाह गरे – 'यी ब्राह्मणहरू धन-लाभी हुन्छन्, अतः हामीले महागोविन्द ब्राह्मणलाई धनको लोभ देखाउनुपर्छ ।' अनि तिनीहरूले महागोविन्द ब्राह्मणलाई यस्तो भने – भो ! यी सात राज्यहरूमा प्रसस्त सम्पत्तिहरू छन्, त्यसबाट जति सम्पत्तिहरू चाहनुहुन्छ उती नै लिनुहोस् ।"

'भो ! भइहाल्यो, मसँग पनि प्रसस्त सम्पत्तिहरू छन् जा तपाईहरूकै कारणबाट पाएको हुँ । ती सबै त्यागी घर छाडी अनगारिक भई म प्रव्रजित हुन चाहन्छु । जुन आमगन्ध सम्बन्धीका कुराहरू मैले ब्रह्माबाट सुनें तदनुसार घरमा बसेर आमगन्ध दूर पार्न सजिलो छैन । अतः म घर छाडी ⋯ प्रव्रजित हुन चाहन्छु ।'

Downloaded from http://www.dhamma.digital

'भो ! अनि एक छेउमा गई ती क्षत्रीयहरूले यस्तो सल्लाह गरे – 'यी ब्राह्मणहरू स्त्री-लोभी हुन्छन्, अतः हामीले महागोविन्द ब्राह्मणलाई स्त्रीको लोभ देखाउनुपर्छ ।' अनि तिनीहरूले महागोविन्द ब्राह्मणलाई यस्तो भने – 'भो ! यी सात राज्यहरूमा प्रसस्त स्त्रीहरू छन्; त्यसबाट जति स्त्रीहरू चाहनुहुन्छ त्यति लिनुहोस् ।'

'भो ! भइहाल्यो मेरा पनि समजातीय चालीस स्त्रीहरू छन्, ती सबैलाई त्यागी म घर छाडी ··· प्रव्रजित हुन चाहन्छु । जुन आमगन्ध सम्बन्धीका कुराहरू मैले ब्रह्माबाट सुनें तदनुसार घरमा बसेर आमगन्ध दूर पार्न सजिलो छैन । अतः म घर छाडी ··· प्रव्रजित हुन चाहन्छु ।'

'यदि तपाईं गोविन्द घर छाडी ··· प्रव्रजित हुन चाहनुहुन्छ भने हामीहरू पनि घर छाडी अनगारिक भई प्रव्रजित हुनेछौं । यसरी जे जति तपाईंको हुनेछ सोही नै गति हामीहरूको पनि हुनेछ । '

*(महागोविन्द ब्राह्मण भन्दछन् – )* 'जुन वस्तुकामहरूमा पृथग्जन सत्त्वहरू *(साधारण मानिसहरू)* लग्न भईरहन्छन्, यदि तपाईंहरू ती वस्तुकामहरूलाई त्याग्न चाहनुहुन्छ भने – क्षान्ति बलले युक्त भई दृढ पराक्रमी भई वीर्य बढाउनु होस् ।'

'यही नै सोही मार्ग हो, यही नै अनुपम मार्ग हो; ब्रह्मलोकमा उत्पन्न हुनको निमित्त आर्य सत्पुरुषले यसैलाई रक्षागर्छ ।'

'त्यसोभए तपाईं गोविन्द सात वर्षसम्म पर्खनुहोस् । सात वर्ष बितिसके पछि हामी पनि घर छाडी प्रव्रजित हुनेछौं । अनि जे गति तपाईंको हुनेछ सोही नै गति हाम्रो पनि हुनेछ ।'

'भो ! सात वर्ष भनेको धेरै लामो समय हो । म तपाईंहरूको निमित्त सात वर्षसम्म पर्खेर बस्न सक्दिन । जीवनको कुरा कसलाई थाहा छ र ! अवश्य पनि परलोक जानैपर्छ, बुद्धिले बोध गर्नुपर्छ, कुशलकर्म गर्नुपर्छ, ब्रह्मचर्य पालन गर्नुपर्छ, जन्मेका प्राणीहरू नमर्ला भनी भन्न सकिन्न । जस्तो मैले आमगन्धको सम्बन्धमा ब्रह्माले भनेका कुराहरू सुने त्यसअनुसार घरमा बसेर आमगन्ध दूर गर्न सजिलो छैन । अतः म घर छाडी प्रव्रजित हुन चाहन्छु ।'

'त्यसोभए, तपाईं गोविन्द छ वर्षसम्म पर्खनुहोस्, ··· पाँच वर्षसम्म पर्खनुहोस्, ··· चार वर्षसम्म पर्खनुहोस्, ··· तीन वर्षसम्म पर्खनुहोस्, ··· दुई वर्षसम्म पर्खनुहोस्, ··· एक वर्षसम्म पर्खनुहोस् । एक वर्ष बितेपछि हामी पनि घर छाडी प्रव्रजित हुनेछौं ।'

'भो ! एक वर्ष भनेको पनि धेरै लामो समय हो । ··· अतः म घर छाडी प्रव्रजित हुन चाहन्छु ।'

'त्यसोभए तपाईं गोविन्द सात महिना पर्खनुहोस्, ··· छ महिना पर्खनुहोस्, ··· पाँच महिना पर्खनुहोस्, ··· चार महिना पर्खनुहोस्, ··· तीन महिना पर्खनुहोस्, ··· दुई महिना पर्खनुहोस्, ··· एक महिना पर्खनुहोस् ··· आधा महिना पर्खनुहोस् । आधा महिना बितेपछि हामी पनि घर छाडी प्रव्रजित हुनेछौं । अनि जे गति तपाईंको हुनेछ सोही नै गति हाम्रो पनि हुनेछ ।'

'भो ! आधा महिना भनेको पनि धेरै लामो समय हो । ··· अतः घर छाडी प्रव्रजित हुन चाहन्छु ।'

'त्यसोभए तपाईं गोविन्द एक सातासम्म पर्खनुहोस् । तबसम्म हामीहरूले आफ्ना छोरा भाइहरूलाई राज्य सम्बन्धी अनुशासन गर्नेछौं । साता बितेपछि हामीहरू पनि घर छाडी अनगारिक भई प्रव्रजित हुनेछौं । अनि जे गति तपाईंको हुनेछ सोही नै गति हाम्रो पनि हुनेछ ।'

सप्ताह भनेको त धेरै होइन भन्ने विचार गरी *(महागोविन्दले)* त्यसोभए सप्ताहभर म पर्खनेछु भनी भने ।

Downloaded from http://www.dhamma.digital

## ब्राह्मणहरूलाई सम्बोधन

३२. 'भो ! अनि महागोविन्द ब्राह्मण जहाँ ती सात ब्राह्मण महाशालहरू थिए, जहाँ ती सात सय मन्त्र पढ्ने ब्राह्मणहरू थिए त्यहाँ गई यस्तो भने – 'अब तपाईंहरूले अर्को आचार्य खोज्नुहोस् जसले तपाईंहरूलाई मन्त्र पढाउने छन् । ··· म घर छाडी अनगारिक भई प्रव्रजित हुन चाहन्छु ।'

'तपाईं गोविन्द घर छाडी अनगारिक भई प्रव्रजित न हुनुहोस् । प्रव्रज्यात्वमा व्यक्तित्व छैन *(अप्पेसक्खा)* र लाभ पनि कम हुन्छ, ब्राह्मणत्वमा नै व्यक्तित्व छ *(महेसक्खा)* र महालाभ पनि हुन्छ ।'

'भो ! तपाईंहरू यस्तो न भन्नुहोस् कि – प्रव्रज्यात्वमा व्यक्तित्व छैन र लाभ पनि कम हुन्छ; ब्राह्मणत्वमा नै व्यक्तित्व र महालाभ पनि हुन्छ । भो ! *(अहिले घडी)* म जस्तो व्यक्तित्व भएका र महालाभ भएका अरू को छन् र ? अहिले म राजाहरूमध्येमा राजा *(जस्तै)* छु; ब्राह्मणहरूमध्येमा ब्राह्मण *(जस्तै)* छु तथा गृहस्थीहरूको निमित्त म देवता *(जस्तै)* छु । ती सबै त्याग गरी म घर छाडी अनगारिक भई प्रव्रजित हुन चाहन्छु । ब्रह्माबाट जुन आमगन्ध सम्बन्धीका कुराहरू मैले सुने तदनुसार घरमा बसी आमगन्ध दूर पार्न सजिलो छैन । अतः म घर छाडी अनगारिक भई प्रव्रजित हुन्छु ।'

'यदि तपाईं गोविन्द घर छाडी अनगारिक भई प्रव्रजित हुन चाहनुहुन्छ भने हामीहरू पनि घर छाडी अनगारिक भई प्रव्रजित हुनेछौं । यसप्रकार जे जति तपाईंको हुनेछ सोही नै गति हामीहरूको पनि हुनेछ ।'

## भार्याहरूलाई सम्बोधन

३३. 'भो ! अनि महागोविन्द ब्राह्मण जहाँ ती चालीस समजातीय भार्याहरू थिए, त्यहाँ गई उनले यस्तो भने – 'तिमीहरूमध्येमा जो आफ्ना ज्ञातिकुलमा जान चाहन्छौ, जाऊ; अथवा जो अर्को पति खोज्न चाहन्छौ, खोज । म घर छाडी अनगारिक भई प्रव्रजित हुन चाहन्छु । ब्रह्माबाट जुन आमगन्ध सम्बन्धीका कुराहरू मैले सुने तदनुसार घरमा बसी आमगन्ध दूर पार्न सजिलो छैन । अतः म घर छाडी अनगारिक भई प्रव्रजित हुन्छु ।'

'तपाईं नै हाम्रा ज्ञाति हुनुहुन्छ, तपाईं नै हाम्रा पति पनि हुनुहुन्छ । यदि तपाईं गोविन्द घर छाडी अनगारिक भई प्रव्रजित हुन चाहनुहुन्छ भने हामीहरू पनि घर छाडी अनगारिका भई प्रव्रजिता हुनेछौं । यसरी जे गति तपाईंको हुनेछ सोही नै गति हामीहरूको पनि हुनेछ ।'

## महागोविन्दको प्रव्रज्या

३४. 'भो ! अनि त्यस सप्ताह बितेपछि केश दाढी क्षौर गरी काषायवस्त्र धारण गरी महागोविन्द ब्राह्मण घर छाडी अनगारिक भई प्रव्रजित भए । महागोविन्द ब्राह्मण प्रव्रजित भएपछि मूर्धाभिषिक्त सात क्षत्री राजाहरू, सात ब्राह्मण महाशालहरू, सात सय स्नातक ब्राह्मणहरू, समजातीय चालीस भार्याहरू, अनेक सहस्र क्षत्रीहरू, अनेक सहस्र ब्राह्मणहरू, अनेक सहस्र गृहपतिहरू तथा अनेक स्त्रीगारहरूबाट अनेक स्त्रीहरू केश-दाढी क्षौर गरी काषायवस्त्रहरू धारण गरी महागोविन्द ब्राह्मणको अनुगमन गरी प्रव्रजित भए । ती परिषद्ले परिवृत्त भई गाउँ, निगम तथा राजधानीहरूमा महागोविन्द ब्राह्मणले चारिका गरे । जुन जुन गाउँ, निगम तथा राजधानीहरूमा महागोविन्द ब्राह्मण जान्थे त्यहाँ त्यहाँ उनी

Downloaded from http://www.dhamma.digital

राजाहरूमध्येमा राजा समान, ब्राह्मणहरूमध्येमा ब्राह्मण समान तथा गृहस्थीहरूका देवता समान हुन्थे। त्यस समय मनुष्यहरूको हाछ्युँ आउँदा वा खुट्टामा ठक्कर लाग्दा उनीहरूले महागोविन्द ब्राह्मणलाई नमस्कार, सात पुरोहित ब्राह्मणहरूलाई नमस्कार भनी भन्दथे।'

३५. 'भो ! महागोविन्द ब्राह्मणले प्रथम दिशामा मैत्रीसहगत-चित्त फैलाई विहार गर्दथे, दुतिय दिशामा, तृतीय दिशामा तथा चतुर्थ दिशामा मैत्रीसहगत-चित्त फैलाई विहार गर्दथे। यसरी माथि, तल, तेर्सो सबै दिशाहरूमा, सबै लोकहरूमा मैत्रीसहगत-चित्त, अवैर तथा अद्वेष-चित्त फैलाई विहार गर्दथे। त्यस्तै गरी करुणासहगत-चित्त फैलाई ··· मुदितासहगत-चित्त फैलाई ··· उपेक्षासहगत-चित्त फैलाई विहार गर्दथे। श्रावकहरूलाई पनि ब्रह्मलोक पुग्ने मार्गको उपदेश दिन्थे।'

३६. 'भो ! त्यसबखत महागोविन्द ब्राह्मणका जुन श्रावकहरूले सबैका सबै[४५३] शासन *(धर्म)* लाई जाने उनीहरू शरीर छाडि मृत्युपछि सुगति ब्रह्मलोकमा[४५४] उत्पन्न भए। जुन श्रावकले सबैका सबै शासनलाई जानेनन् उनीहरू शरीर छाडी मृत्युपछि (१) केही परनिर्मित वशवर्ती देवहरूकहाँ उत्पन्न भए, (२) केही निर्माणरती देवहरूकहाँ उत्पन्न भए, (३) केही तुषित देवहरूकहाँ उत्पन्न भए, (४) केही यामा देवहरूकहाँ उत्पन्न भए, (५) केही त्रयस्त्रिंश देवहरूकहाँ उत्पन्न भए, (६) केही चातुर्महाराजिक देवहरूकहाँ उत्पन्न भए[४५५]। जुन सबभन्दा तल्ला देवताकहाँ उत्पन्न भए तिनीहरू गन्धर्वकायमा उत्पन्न भए। यसरी ती सबै कुलपुत्रहरूका प्रव्रज्या अमोघ, अवन्ध्या *(फलदायी)* सफल र उन्नत थिए।'

३७. "भगवान्को ती कुराहरूको अनुस्मरण गर्नुहुन्छ के[४५६] ?" "पञ्चशिख ! म अनुस्मरण गर्छु। त्यसबखत म महागोविन्द ब्राह्मण भएको थिएँ। मैले ती श्रावकहरूलाई ब्रह्मलोक पुग्ने मार्गको उपेदश गरेको थिएँ। पञ्चशिख ! त्यो मेरो ब्रह्मचर्य *(धर्म)* निर्वेदकोनिमित्त, विरागकोनिमित्त, निरोधकोनिमित्त, उपशमकोनिमित्त, अभिज्ञाकोनिमित्त, सम्बोधिकोनिमित्त तथा निर्वाण प्राप्तिकोनिमित्त भएको थिएन; केवल ब्रह्मलोक प्राप्तिको निमित्त मात्र भएको थियो। पञ्चशिख ! यो *(अहिलेको)* ब्रह्मचर्य *(धर्म)* एकान्त निर्वेदकोनिमित्त, विरागकोनिमित्त, निरोधको निमित्त, उपशमको निमित्त, अभिज्ञाको निमित्त, सम्बोधिको निमित्त तथा निर्वाण प्राप्तिको निमित्त छ। पञ्चशिख ! त्यो कुन ब्रह्मचर्य हो जसले एकान्त निर्वेद प्राप्ति गराइदिन्छ ? यही आर्यअष्टाङ्गिक मार्ग हो – जस्तै – (१) सम्यक्-दृष्टि (२) सम्यक्-सङ्कल्प, (३) सम्यक्-वाचा, (४) सम्यक्-कर्म, (५) सम्यक्-आजीव, (६) सम्यक्-व्यायाम, (७) सम्यक्-स्मृति तथा (८)

---

४५३ 'सबैका सबै' भनेको अष्टसमापत्ति र पञ्चाभिज्ञ-ध्यानहरूलाई भनेको हो भनी सुमं.वि. II. पृ.४७६: महागोविन्दसुत्तवण्णनाले उल्लेख गरेको छ।

४५४ विभङ्गपालिको धम्म हदयविभङ्ग पृ. ५०६ अनुसार ब्रह्मलोकलाई प्रथमध्यानको फलानुसार तीन भागमा विभाजित गरिएको छ। जस्तै – (१) ब्रह्मपारिसज्ज *(महाब्रह्मा परिचारकहरू, विभं. अ.क.पृ.५२८)*, (२) ब्रह्मपुरोहित *(ब्रह्माहरूका पुरोहित, विभं. अ.क.पृ.५२८)*, तथा (३) महाब्रह्मा *(सबैभन्दा ठूला ब्रह्मा, विभं. अ.क.५२८)*। यिनीहरूका आयुप्रमाण क्रमशः कल्पको तृतीयांश, आधा कल्प र एक कल्प हुन्छ।

श्री मन्नालालको भाषाटीका संस्कृत अमरकोष अनुसार मनुष्यहरूको एक कल्प ब्रह्माको एक दिन रात हुन्छ। ब्रह्माको दिनको समय मनुष्यहरूको स्थिति-काल र ब्रह्माको रातको समय मनुष्यहरूको प्रलयकाल हुन्छ।

धम्महदयविभङ्ग, विभं.पा.पृ.५०६-८ अनुसार ब्रह्मलोकका तहहरू प्रथम, द्वितीय तथा चतुर्थ रूपावचरध्यानफलको अनुसार जम्मा १६ र अरूपावचरध्यान-फलको अनुसार ४ गरी जम्मा २० छन्। यिनीहरूका आयुप्रमाण कति कति छन् भन्ने बारेका कुराहरू विभं. पा.पृ.५०६-८ मै उल्लेख भएका छन्।

४५५ १ देखि ६ सम्मका कामावचर देवताहरूका आयुप्रमाणको बारेमा बु.म.पृ.१३७-३९ को पादटिप्पणीमा उल्लेख गरेको छ।

४५६ माथि पृ. ३०८ 'महागोविन्द ब्राह्मणका कुरा' शीर्षकदेखि यहाँसम्मका कुराहरू ब्रह्मा सनत्कुमारले त्रयस्त्रिंश देवहरूलाई सुनाएका कुरा पञ्चशिख गन्धर्वपुत्रले भगवानलाई सुनाइसके पछि उनले भगवानसँग 'तपाईंले यी कुराहरू सम्झन सक्नुहुन्छ के ?' भनी सोधेका हुन्।

Downloaded from http://www.dhamma.digital

सम्यक्-समाधि । पञ्चशिख ! यही ब्रह्मचर्य *(अष्टाङ्गिक मार्ग)* ले एकान्त निर्वेदमा पुऱ्याइदिन्छ ··· एकान्त निर्वाणमा पुऱ्याइदिन्छ ।"

३८. "पञ्चशिख ! मेरा श्रावकहरूमध्येमा (१) सबैका सबै शासन *(धर्म)* हरूलाई जान्दछन् तिनीहरू आस्रवक्षयद्वारा अनास्रवी भई चित्तविमुक्ति तथा प्रज्ञाविमुक्ति भई – यसै जीवनमा स्वयं अभिज्ञात गरी, साक्षात्कार गरी उपशान्त भई विहार गर्छन् । (२) जसले सबैका सबै शासनहरूलाई जान्न सक्दैनन् तिनीहरू पाँचै अधोभागीय संयोजनहरू क्षय गरी औपपातिक *(ब्रह्मलोकमा उत्पन्न)* हुन्छन् र उहीं परिनिर्वाण पनि हुन्छन् । (३) जसले सबैका सबै शासनहरूलाई जान्न सक्दैनन् तिनीहरूमध्येमा केही – तीनै संयोजनहरूलाई क्षय गरी राग, द्वेष, र मोहलाई कमजोर पारी सकृदागामी हुन्छन् । (४) जसले सबैका सबै शासनहरूलाई जान्न सक्दैनन् तिनीहरूमध्येमा केही – तीनै संयोजनहरूलाई क्षय गरी स्रोतापन्न हुन्छन् – अविनीपाति हुन्छन्, निश्चिन्त सम्बोधीपरायण हुन्छन् । पञ्चशिख ! यसरी यी सबै कुलपुत्रहरूको प्रव्रज्या अमोघ, अवन्ध्या *(फलदायी)*, सफल तथा उन्नत छन् ।"

भगवान्ले यति भन्नुभयो । अनि सन्तुष्ट भई भगवान्को भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी पञ्चशिख गन्धर्वपुत्र उहीं अन्तर्धान भए ।

Dhamma.Digital

**महागोविन्द-सुत्त समाप्त ।**

Downloaded from http://www.dhamma.digital

# ७. महासमय–सुत्त

## (महासमयसूत्र)

## १. चार सुद्धावासका देवताहरूको गाथा

१. यस्तो मैले सुनें । एक समय[४५७] भगवान् पाँचसय अरहत् भिक्षुहरूको विशाल भिक्षुसङ्घको साथ शाक्यहरूको कपिलवस्तुस्थित महावनमा विहार गरी बस्नुभएको थिए । त्यस बखत भगवान् तथा भिक्षुसङ्घको दर्शनको निमित्त दशलोक धातुका धेरै देवताहरू समागम *(एकत्र)* भईरहेका थिए । त्यसपछि शुद्धावासका चार देवपुत्रहरूको मनमा यस्तो लाग्यो – 'भगवान् पाँचसय अरहत् भिक्षुहरूको विशाल भिक्षुसङ्घको साथ शाक्यहरूको कपिलवस्तुस्थित महावनमा विहार गरी बस्नुभएका थियो । त्यस बखत भगवान् तथा भिक्षुसङ्घको दर्शनको निमित्त दसलोक धातुका धेरै देवताहरू समागम भईरहेका थिए । हामीले पनि किन जहाँ भगवान् बस्नुभएको छ त्यहाँ गई भगवान्लाई आ-आफ्ना गाथाद्वारा बिन्ती नगरौं ।

२. त्यसपछि ती देवताहरू – जस्तै कुनै बलवान् पुरुषले खुम्चेको हातलाई पसार्छ र पसारेको हातलाई खुम्च्याउँछ त्यस्तै गरी शुद्धावास देवलोकबाट अन्तर्धान भई भगवान्को अगाडितिर प्रकट भए । अनि ती देवताहरू भगवान्लाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेकामध्ये एकजना देवता *(ब्रह्मा)* ले भगवान्को सम्मुख यस गाथाद्वारा यस्तो बिन्ती गरे – '

यस *(कपिलवस्तुको)* महावनमा देवताहरूको यो विशाल समूह समागम भईरहेका छन् ।

हामी पनि *(मारद्वारा)* अपराजेय सङ्घको दर्शन गर्न यस धर्म-समागम *(धर्म-सम्मेलन)* मा आइरहेका छौं ।

त्यसपछि एक अर्को *(ब्रह्मा)* देवताले भगवान्को सम्मुख यस गाथाद्वारा यस्तो बिन्ती गरे –

"यहाँ भिक्षुहरू आ-आफ्ना चित्त ऋजु *(सरल)* गरी समाहित भईरहेका छन् । जसरी कोही कुशल सारथि घोडाको लगाम तानेर त्यसलाई आफ्नो वशमा राख्दछ त्यस्तै पण्डितजन आफ्नो सबै इन्द्रियनिग्रह गरिरहन्छन् ।"

त्यसपछि एक अर्को *(ब्रहमा)* देवताले भगवान्को सम्मुख यस गाथाद्वारा यस्तो बिन्ती गरे –

"कण्टक सदृश राग, शिलाखण्डजस्ता पटिधलाई *(धर्मसाधनाद्वारा)* नष्ट गरी ज्ञानीजन शुद्ध, विमल, दान्त एवं श्रेष्ठ भएर *(यस संसारमा)* विचरण गर्दछन् ।"

त्यसपछि एक अर्को *(ब्रह्मा)* देवताले भगवान्को सम्मुख यस गाथाद्वारा यस्तो बिन्ती गरे –

---

४५७ जेष्ठ पूर्णिमाको सन्ध्या समयतिर पूर्वीय क्षीतिजमा युगन्धर पर्वतमाथिबाट चन्द्रमा उदय भइरहेको बेला ।

Downloaded from http://www.dhamma.digital

"जो बुद्धको शरणमा जान्छन् ती अपायभूमीमा जाँदैनन् ।
मनुष्य शरीर छोडी तिनीहरूले देवकाय प्राप्त गर्दछन् ।"

## २. एकत्र भएका देवताहरूको बुद्धद्वारा नामकीर्तन

३. अनि भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो – "भिक्षु हो ! तथागत तथा भिक्षुसङ्घको दर्शन गर्न दशलोक धातुका धेरै देवताहरू समागम भईरहेका छन् । भिक्षु हो ! अतीतकालमा हुनुभएका अरहत् सम्यक्सम्बुद्धहरूका *(दर्शन गर्नलाई)* पनि यतिकै देवताहरू समागम भएका थिए जति अहिले मलाई दर्शन गर्न समागम भईरहेका छन् । भिक्षु हो ! अनागत कालमा हुनुहुने अरहत् सम्यक्सम्बुद्धहरूले पनि यतिकै देवताहरू समागम हुनुहुनेछ जति अहिले मलाई दर्शन गर्न समागम भईरहेका छन् । भिक्षु हो ! अब म देव शरीर धारण गरी बसेकाहरूको नाम बताउने छु । भिक्षु हो ! अब म देव शरीर धारण गरी बसेकाहरूको नाम देशना गर्नेछु । सुन, राम्ररी ध्यान दिएर सुन, बताउने छु ।" "हवस्, भन्ते !" भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए ।

४. भगवान्ले यसो भन्नुभयो –

"पृथ्वीको भिन्नभिन्न स्थानमा पर्वत कन्दरामा बस्ने जो संयमी तथा समाहित चित्त भएका देवताहरू छन्, तिनीहरूको बारे बताउने छु, सुन ।"

"कपिलवस्तुको वनमा सिंहजस्तै दृढ, भयरहित रोमांचरहित, पवित्र मन भएका शुद्ध, प्रशन्न, निर्दोषी पाँचशय वा सोभन्दा बढी बुद्धशासनमा रत भएका श्रावकहरू हेरेर शास्ताले सम्बोधन गर्नुभयो –

"भिक्षु हो ! जो देव शरीर धारण गरी आएका छन्, तिनीहरूलाई जान ।" ती भिक्षुहरू पनि भगवान्को कुरा सुनी उत्साहित भए ।"

"अमनुष्यहरू *(देवताहरू)* लाई देख्न सक्ने ज्ञानको बोध ती भिक्षुहरूमा भए । अनि कसैंले सयौं, कसैंले हजार, कसैले सत्तरी हजार देवताहरू देखे । कसैंले सयौं हजारौं देवताहरू देखे । कसै भिक्षुहरूले सबै दिशामा अनन्त अल्याख देवताहरू खचाखच भइराखेको देखे ।"

'अनि सबै देख्नुभएका समन्तचक्षु बुद्धले ती सबै देखेर, जानेर *(बुद्ध)* शासनमा अभिरत भईरहेका श्रावकहरूलाई सम्बोधन गर्नुभयो –'

"भिक्षु हो ! देव शरीर धारण गरिरहेका *(देवताहरू यहाँ)* आइरहेका छन्, तिनीहरूलाई जान, म तिनीहरूको बारेमा क्रमशः बताउने छु ।"

५. "कपिलवस्तु भूमिमा रहेका सात हजार ऋद्धिमान्, प्रकाशमान्, वर्णवान्, यशस्वी देवताहरू प्रसन्नतापूर्वक यहाँ वनमा भिक्षुहरूको समागम हेर्नलाई आइरहेका छन् ।"

"हिमालयमा रहेका छ हजार ऋद्धिमान्, प्रकाशमान्, वर्णवान्, यशस्वी, नाना वर्णका यक्षहरू प्रसन्नतापूर्वक यहाँ वनमा भिक्षुहरूको समागम हेर्नलाई आइरहेका छन् ।"

"सातागिरीमा रहेका चार हजार ऋद्धिमान्, प्रकाशमान्, वर्णवान्, यशस्वी, नाना वर्णका यक्षहरू प्रसन्नतापूर्वक यहाँ वनमा भिक्षुहरूको समागम हेर्नलाई आइरहेका छन् ।"

Downloaded from http://www.dhamma.digital

"फेरि छ हजार ऋद्धिमान्, प्रकाशमान्, वर्णवान्, यशस्वी, नानावर्णका यक्षहरू प्रसन्नतापूर्वक यहाँ वनमा भिक्षुहरूको समागम हेर्नलाई आइरहेका छन् ।"

"वेस्सामित्त पर्वतमा रहेका पाँचसय ऋद्धिमान्, प्रकाशमान्, वर्णवान, यशस्वी, नाना वर्णका यक्षहरू प्रसन्नतापूर्वक यहाँ वनमा भिक्षुहरूको समागम हेर्नलाई आइरहेका छन् ।"

"राजगृहस्थित वैपुल्य पर्वतमा रहेका, एक लाखभन्दा बढी यक्षहरूद्वारा सेवा गराई रहेका राजगृहको कुम्भीर भन्ने यक्ष पनि यहाँ वनमा भिक्षुहरूको समागम हेर्नलाई आइरहेका छन् ।"

६. "पूर्व दिशामा रहेका गन्धर्वहरूका अधिपति यशस्वी धृतराष्ट्र *(धतरट्ठ)* महाराज हुन् । उसका इन्द्र भन्ने *(एउटै नाउँ भएका)* महाबली, ऋद्धिमान्, प्रकाशमान्, वर्णमान्, तथा यशस्वी छोराहरू पनि प्रसन्नतापूर्वक यहाँ वनमा भिक्षुहरूको समागम हेर्नलाई आइरहेका छन् ।"

"दक्षिण दिशामा रहेका कुम्भण्डहरूका अधिपति यशस्वी विरुढक महाराज हुन् । उसका इन्द्र भन्ने महाबली, ऋद्धिमान्, प्रकाशमान्, वर्णवान्, तथा यशस्वी छोराहरू पनि प्रसन्नतापूर्वक यहाँ वनमा भिक्षुहरूको समागम हेर्नलाई आइरहेका छन् ।"

"पश्चिम दिशामा रहेका यक्षहरूका अधिपति यशस्वी विरुपाक्ष महाराज हुन् । उसका इन्द्र भन्ने महाबली, ऋद्धिमान्, प्रकाशमान्, वर्णवान्, तथा यशस्वी छोराहरू पनि प्रसन्नतापूर्वक यहाँ वनमा भिक्षुहरूको समागम हेर्नलाई आइरहेका छन् ।"

"उत्तर दिशामा रहेका यक्षहरूका अधिपति यशस्वी कुवेर *(वैश्रवण)* महाराज हुन् । उसका इन्द्र भन्ने मशाबली, ऋद्धिमान्, प्रकाशमान्, वर्णवान्, तथा यशस्वी छोराहरू पनि प्रसन्नतापूर्वक यहाँ बनमा भिक्षुहरूको समागम हेर्नलाई आइरहेका छन् ।"

"पूर्व दिशामा धृतराष्ट्र, दक्षिणमा विरुढक, पश्चिममा विरुपाक्ष *(विरुढक)* तथा उत्तरमा वैश्रवण कपिलवस्तुको वनमा यी चार महाराजहरू चारै दिशामा देदीप्यमान् छन् । उनीहरूका मायावी, वञ्चक र शठ दासभृत्य पनि भिक्षुसङ्घको दर्शन गर्न आएका छन् ।"

७. "जसमध्ये केहीका नाउँ यी हुन् – माया, कुटेण्डु, विटेण्डु, विटुच्च र विदुर हुन् । चन्दन, कामसेट्ठ, किनुघण्टु, निघण्टु, पनाद, ओपमञ्ञ, देवसुत्त, मातली, चित्तसेन, जननायक गन्धर्व, नलराजा, जनसभ, पञ्च शिख, तिम्बरु, सूर्यवर्चस तथा यस्तै अन्य गन्धर्व राजाहरू पनि प्रसन्नतापूर्वक यहाँ वनमा भिक्षुहरूको समागम हेर्नलाई आइरहेका छन् ।"

८. नागसभामा रहेका र वैशाली तथा तच्छकमा रहेका कम्बलमा रहेका, अस्सतरामा रहेका पायागा *(प्रयाग)* मा रहेका आ-आफ्ना आफन्त नातेदारहरू साथ लिई नागहरू आइरहेका छन् ।

यमुनामा रहेका, धृतराष्ट्रमा रहेका यशस्वी नागहरू तथा महानाग एरावण पनि ज्ञाति परिवार साथ लिइ यस वनमा भिक्षुहरूको समागम हेर्नलाई आइरहेका छन् ।

"ती द्विज[४५८] विशुद्ध दिव्यचक्षु भएका नागराजाका वाहन चित्र तथा सुपर्ण भन्ने पंक्षीहरू पनि आकाशमार्गबाट यहाँ वनमा आइरहेका छन् ।"

---

४५८ चरा चुरुंगीहरू भन्ने दुई पटक जन्म लिनु पर्ने हुन् । एक पटक माउले अण्डाको रूपमा फुल पार्छ र दोस्रो पटक अण्डाबाट चल्ला कोरल्छ । यसरी चरा चुरुंगीहरू दुई पटक जन्म दिनुपर्नेमा पर्दछ ।

Downloaded from http://www.dhamma.digital

"त्यहाँ नागराजाहरूलाई *(कुनै पनि)* भय छैन, *(किनकि)*, भगवान् बुद्धद्वारा गरुडहरूको तर्फबाट तिनीहरूलाई आरक्षा गर्नुभयो । *(यसैले)* यहाँ ती दुवै *(नाग र गरुड)* बुद्धको शरणमा गएर परस्पर मीठो मीठो कुरा गरी संल्लाप गरिरहेका देखिन्थ्यो ।"

९. समुद्रमा आश्रय लिएका ऋद्धिमान्, यशस्वी असुर, जसलाई कुनै बेला वज्र हातमा लिएर इन्द्रले पराजित गरेका थिए, त्यो आज इन्द्रसित सुलह गरी उसको भाइ बन्यौ । कालक नामक महाभयङ्कर *(महाभीष्म)* असुर प्रबल वेगले आयो । वेपचित्ति, सुचित्ति, प्रल्हाद *(पहराद)* र नमुचि नामक असुरहरू धनुष हातमा लिइ आइरहेका छन् ।"

"सबै वैरोचन नामक बलिपुत्रहरू पनि आआफ्ना सेना सुसज्जित गरी राहुभद्रकहाँ आए । त्यहाँ तिनीहरूले भने – भदन्त *(श्रीमान्)* ! महावनमा भिक्षुहरूको समागम भईरहेछ *(त्यहाँ दर्शन गर्न जाऔं)* "

१०. "वरुण, वारुण, सोम र यम नामक जल *(आप)*, पृथ्वी, तेज र वायुका देवताहरू सबै यशस्वी मैत्री एवं करुणाभावले युक्त छन् ती ऋद्धिमान्, प्रकाशमान्, वर्णवान्, यशस्वी, दस प्रकारका शरीर भएका देवताहरू प्रसन्नतापूर्वक यहाँ वनमा भिक्षुहरूका समागम हेर्नलाई आइरहेका छन् ।"

"चन्द्रलोकमा अधिष्ठात् [illegible] वेण्डुदेव, सहली, असम र दुई समदेवताहरू चन्द्रमाको नेतृत्वमा यहाँ आइरहेका छन् ।"

सूर्यलोकका अधिष्ठातृ देवताहरू सूर्यको नेतृत्वमा यहाँ आइरहेका छन् । मन्द वलाहक देवता नक्षत्रहरूको नेतृत्वमा यहाँ आइरहेका छन् । वसु देवताहरूमध्ये श्रेष्ठ वासव, शक्र, इन्द्र पनि आइरहेका छन् । यी दस प्रकारका शरीर भएका नाना वर्ण भएका ऋद्धिमान्, प्रकाशमान्, वर्णवान्, यशस्वी देवताहरू प्रसन्नतापूर्वक भिक्षुहरूको समागम हेर्नलाई आइरहेका छन् ।

अग्नि शिखाजस्तै जाज्वल्यमान् सहभूदेव आइरहेको छ । उमापुष्प *(आलसको फूल)* जस्तै आभा भएका अरिट्ठक *(अरिष्ट)* र रोजा आइरहेका छन् ।

वरुण, सहधर्म, अच्युत, अनेजक, बूलेय, रुचिर तथा वासवन निवासी देवताहरू आइरहेका छन् ।

यी दस प्रकारका शरीर भएका नाना वर्ण भएका ऋद्धिमान्, प्रकाशमान्, वर्णवान्, यशस्वी देवताहरू प्रसन्नतापूर्वक भिक्षुहरूको समागम हेर्नलाई आइरहेका छन् ।

"समान, महासमान, मानुष, मानुषोत्तम क्रिडाप्रदूषिक, मनोप्रदूषिक देवताहरू आइरहेका छन् । लोहित नगरवासी हरि देव आइरहेको छ । यस्तै पारग र महापारग नामक यशस्वी देवताहरू पनि यहाँ आइरहेका छन् । यी दस प्रकारका शरीर भएका नानावर्ण भएका ऋद्धिमान्, प्रकाशमान्, वर्णवान्, यशस्वी देवताहरू प्रसन्नतापूर्वक भिक्षुहरूको समागम हेर्नलाई आइरहेका छन् ।"

शुक्र *(सुक्क)*, करम्भ, अरुण देव, वेसनस सँगै आइरहेका छन् । अवदात ग्राह्य – यी सबै विचक्षण देवताहरू आइरहेका छन् । पर्जन्य नामक देवता पनि आफ्नो दिशाबाट यहाँ सम्म गर्जेर, वर्षा गरि ··· आइरहेको छ ।

यी दस प्रकारका शरीर भएका नानावर्ण भएका ऋद्धिमान्, प्रकाशमान् वर्णवान्, यशस्वी देवताहरू प्रसन्नतापूर्वक भिक्षुहरूको समागम हेर्नलाई ··· आइरहेका छन् ।

यी क्षेत्रीय *(खेमिया)*, तुषित, यामा, काष्ठक *(कट्ठक)* यशस्वी देवताहरू ··· आइरहेका छन् ।

Downloaded from http://www.dhamma.digital

लम्बितक, लामसेट्ठ, ज्योति *(जोति)* तथा आसव नामक निर्मारति र परनिर्मित देवताहरू आइरहेका छन् ।

यी दस प्रकारका शरीर भएका नानावर्ण भएका ऋद्धिमान्, प्रकाशमान्, वर्णवान्, यशस्वी देवताहरू प्रसन्नतापूर्वक भिक्षुहरूका समागम हेर्नलाई आइरहेका छन् ।

फेरि यस्तै प्रकारका साठी अन्य देवनिकाय विभिन्न नामका र जातका पनि आइरहेका छन् ।

यहाँ हामी जन्ममरण एवं रागादि मलरहित, भवसागर पार भएका आस्रव र कालिमारहित चन्द्रमा जस्ता नाग *(बुद्ध)* लाई दर्शन गर्नलाई आइरहेका छन् ।

११. सुब्रह्मा, परमत *(परमात्मा)*, ऋद्धिमान्‌को पुत्र सनत्कुमार र तिष्टा पनि समारोह हेर्न आइरहेका छन् ।

हजारौं ब्रह्मलोकभन्दा माथिका महाब्रह्मा पनि यहाँ आइरहेका छन् जो कि धुतिमान्, यशस्वी एवं विशाल आकारका छन् । यहाँ प्रत्येक वशवर्ती लोकका दस ईश्वर *(स्वामी)* तथा तिनीहरूलाई घेरेर हारित पनि यहाँ आइरहेका छन् ।

१२. "इन्द्र र ब्रह्मासहित सबै देवताहरू *(यहाँ)* आइपुगेपछि मारसेना पनि आइपुग्यो ।

मारको यो मूर्खतालाई हेर ! 'आऊ, समात, बाँध, रागबाट सबैलाई वशमा लेओ ।'

चारै तिरबाट घेर, कसैले कसैलाई नछोड ।"

हातले भूमीमा जोरले पिटेर, जसरी वर्षाकालमा विजुली चम्की कालो बादलमा मेघ गर्जिन्छ, त्यसरी नै गर्जेर भयङ्कर शब्द निकालेर ठूलो सेनालाई पठाएपछि मार क्रोधले चूर भएर आइपुग्यो ।

१३. "सेनासहित मार आइपुगेको देखेर सर्वद्रष्टा भगवान्‌ले बुद्धशासनमा रहेका श्रावकहरूलाई *(सचेत पारी)* सम्बोधन गर्नुभयो – "मारसेना आइरहेको छ ।" भिक्षु हो ! सावधान होऔं ।"

भगवान्‌को वचन सुनेर ती *(भिक्षुहरू)* सचेत भए । *(अनि)* वीतरागी *(भिक्षुहरू)* देखि डराएर *(मारहरू)* भागे । मारले ती भिक्षुहरूका एउटा रौं पनि यताउति पार्न सकेन ।

*(त्यसपछि मारले भन्यो – )* ती सबै प्रशिद्ध संग्राम विजयी भएका भय नभएका तथा यशस्वी *(उहाँका)* श्रावकहरू वीतरागी आर्य *(देवता र मानिसहरू)* सित सर्वथा मुदित भईरहेका छन् ।

**महासमय-सुत्त समाप्त ।**

Downloaded from http://www.dhamma.digital

# ८. सक्कपञ्ह–सुत्त

## (शक्रप्रश्नसूत्र)

## १. शक्रको प्रश्न

१. यस्तो मैले सुनें। एक समय भगवान् मगध देशको राजगृहको पूर्वपट्टि अम्बसण्डक भन्ने ब्राह्मण गाउँको उत्तरपट्टिको वेदियक पर्वतको इन्द्रशाल गुफामा बस्नुभएको थियो।

## २. बुद्धको दर्शन गर्ने इच्छा

त्यसबखत शक्र देवेन्द्र *(मनमा)* भगवान्‌को दर्शन गर्ने उत्सुकता[४५९] उत्पन्न भयो। अनि शक्र देवेन्द्रलाई यस्तो लाग्यो – "अहिले भगवान् अरहत् सम्यक्सम्बुद्ध कहाँ विहार गर्दै हुनुहुँदो रहेछ ?" त्यसपछि शक्र देवेन्द्रले भगवान् अरहत् सम्यक्सम्बुद्ध मगध देशको राजगृहको पूर्वपट्टि अम्बसण्डक भन्ने

---

४५९ "भगवानको दर्शन गर्ने उत्सुकता उत्पन्न भयो" भन्ने बारेमा यस सक्कपञ्हसुत्तंको अर्थकथाले यसरी स्पष्टिकरण दिएकोछ –

शक्र देवेन्द्र त समय समयमा बुद्धको दर्शन गर्न जाने देव हुन्। तर पनि यहाँचाहिं बुद्धलाई कहिल्यै नदेख्नेले उत्सुकता देखाए झैं गरी किन भनेका होलान् ?

हो, शक्र देवेन्द्र समय समयमा बुद्धकहाँ जाने देवता हुन्। तर यसपाला उनको मनमा विशेष कारणले गर्दा त्यस्तो इच्छा उत्पन्न भएको थियो। कस्तो विशेष कारण भने ? –

आयु क्षीण भई देवलोकबाट च्युत हुने समय आएपछि देवताहरूले पाँच लक्षणहरू *(पञ्चनिमित्त)* देख्छन्। जस्तै – (१) फूलमाला ओइलिएको, (२) वस्त्र मैलो भएको, (३) काखीबाट पसिना निस्केको, (४) शरीर मलिन भएर गएको अनि (५) आफ्नो देवासनमा बस्न नसकेको (सुमं.वि. II.पृ.११५:महापदानसुत्तवण्णना)।

यी पाँच लक्षणहरू देखेर देवताहरूले आफू देवलोकबाट च्युत हुने कुरा थाहा पाउँछन्। यसरी देख्दा अल्प पुण्य गरेर आएका देवताहरू 'अब म यहाँबाट कहाँ जन्मिने होला !' भनी तर्कना गरी मृत्यु देखेर डराउँछन्। जसले विशिष्ठरूपले दान, शील, भावनादि पुण्यहरू गरेर आएका हुन्छन् उनीहरू 'योभन्दा उच्चतर देवलोकमा उत्पन्न हुनेछौं' भनी मृत्यु देखेर डराउँदैनन्, न त्रसित नै हुन्छन्।

यी पूर्वलक्षणहरू देखेर शक्र देवेन्द्र मृत्युभयले त्रसित मात्र भएका होइनन् – यी दशहजार योजनको देवनगर, हजारयोजन अग्लो वैजयन्त प्रासाद, तीनशय, योजनको सुधर्मासभागृह, सय योजनको महापारिछत्र-वृक्ष, साठी योजन भएको पण्डुकम्बलशैलासन, अढाइकोटी नर्तकी स्त्रीहरू, दुई देवलोकका देवपरिषद्‌हरू, नन्दन-वन, चित्रलता-वन, मिश्र-वन र फारुख-वन आदि सबै सम्पत्तिहरू नाश हुने छन् भन्ने सोची भयभीत पनि भएका थिए। अनि 'यी मेरा सम्पत्तिहरू बचाइदिन सक्ने कुनै श्रमण वा ब्राह्मण अथवा लोकका पिता भनाउने महाब्रह्मा छन् के ?' भनी विचार गर्दा – कसैले पनि आफ्नो हृदयको शोकलाई हटाइदिन सक्ने पुरुष नदेखेपछि पुनः उनले – 'यस्ता हजारौं शोकसन्तापलाई हटाइदिन सक्ने एकमात्र सम्यक्सम्बुद्ध हुनुहुन्छ' भन्ने कुरा बुझे। यसपछि उनको मनमा बुद्धको दर्शन गर्न जाने इच्छा उत्पन्न भएको हो। त्यसैले सूत्रमा 'भगवानको दर्शन गर्ने इच्छा उत्पन्न भयो' भनी उल्लेख गरेका हुन् भनी सुमं. वि. III. पृ.४ सक्कपञ्हसुत्तवण्णनाले समुल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

ब्राह्मण गाउँको उत्तरपट्टि वेदियक पर्वतको इन्द्रशाल गुफामा विहार गर्दै हुनुहुन्छ *(भन्ने कुरा दिव्यचक्षुद्वारा)* देखे । अनि त्रयस्त्रिंश देवहरूलाई आमन्त्रण गरे[४६०] – "मारिष ! उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध अहिले मगध देशको राजगृहको पूर्वपट्टि अम्बसण्डक भन्ने ब्राह्मण गाउँको उत्तरपट्टि वेदियक पर्वतको इन्द्रशाल गुफामा विहार गर्दै हुनुहुन्छ । मारिष हो ! हामीहरू भगवान् अरहत् सम्यक्सम्बुद्धको दर्शन गर्न जाऔं ।"

"हवस्, भदन्त !" भनी त्रयस्त्रिंश देवहरूले शक्र देवेन्द्रलाई प्रत्युत्तर दिए ।

२. अनि शक्र देवेन्द्रले पञ्चशिख गन्धर्व देवपुत्रलाई[४६१] आमन्त्रण गरे – "पञ्चशिख ! उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध अहिले मगध देशको राजगृहको पूर्वपट्टि अम्बसण्डक भन्ने ब्राह्मण गाउँको उत्तरपट्टि वेदियक पर्वतको इन्द्रशाल गुफामा विहार गर्दै हुनुहुन्छ । पञ्चशिख ! हामीहरू उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धको दर्शन गर्न जाऔं ।"

"हवस्, भदन्त ! " भनी पञ्चशिख गन्धर्व देवपुत्रले शक्र देवेन्द्रलाई प्रत्युत्तर दिई बेलुवपण्डु-वीणा[४६२] लिई उनी शक्र देवेन्द्रकहाँ गए ।

## वेदियक पर्वतमा शक्र देवेन्द्र

३. अनि शक्र देवेन्द्र त्रयस्त्रिंश देवताहरूद्वारा परिवृत्त भई पञ्चशिख गन्धर्व देवपुत्रलाई अगाडि राखी जस्तै – कुनै बलबान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ अथवा पसारेको बाहुलाई खुम्च्याउँछ त्यस्तै गरी – त्रयस्त्रिंश देवलोकमा अन्तर्धान भई मगध देशको वेदियक पर्वतमा प्रकट भए । त्यसबखत वेदियक पर्वत र अम्बसण्डक ब्राह्मण गाउँ ती देवताहरूका प्रभावद्वारा अत्यन्त आलोकित भए । यो देखेर गाउँका चारैतिरका मानिसहरूले यस्तो भन्नथाले – "वेदियक पर्वत आज आदिप्त हुँदैछ,वेदियक

---

४६० देवताहरूलाई किन आमन्त्रण गरेको नि ? साथीको निमित्त ।

साथीको रूपमा बोलाउन पर्ने कारण के थियो भने –

अघि एकपल्ट भगवान् जेतवनारामभित्रको सललागार भन्ने एक विहारमा *(घरमा)* बसिरहनु भएको बेलामा शक्र देवेन्द्र एक्लै भगवानकहाँ गएका थिए । त्यसबखत भगवानले – "यिनको ज्ञान परिपक्व भएको छैन । पछि इन्द्रशाल गुफामा आउँदा यिनले धर्मावबोध गर्न सक्ने छन्" भन्ने कुरा बुझ्नुभई उहाँ ध्यानमा तल्लीन हुनुभयो । यसकारणले गर्दा शक्र देवेन्द्र फर्केर गएका थिए । यही घटनालाई सम्झी "अवश्य पनि ममा धर्मावबोध गर्न सक्ने उपनिश्रयसम्पत्ति छैन होला; त्यसैले त्यसबखत भगवानले मलाई भेट्ने अवकाश दिनु नभएको होला । अत: दुवै देवलोकका परिषद्हरू लिएर जाँदा उनीहरूमध्येमा कुनै न कुनैसँग उपनिश्रयसम्पत्ति देख्नुभई अवश्य पनि उहाँले धर्मोपदेश गर्नुहुनेछ र त्यसबखत मैले पनि सो उपदेश सुन्न पाउनेछु अनि प्रश्न पनि सोधी हृदयको शोक पनि शान्त पार्न सक्नेछु" भन्ने विचार गरी शक्रले देवताहरूलाई आमन्त्रण गरेका हुन् । सुमं. वि. III. पृ. ५: सक्कपञ्हसुत्तवणना ।

४६१ एकैचोटि त्यतिका देवपरिषद्हरू लिई झ्वाट्ट लिई झ्वाट्ट बुद्धको अगाडि जानु उचित हुने छैन । अत: पहिले पञ्चशिखलाई पठाई उनी मार्फत अवकाश प्राप्त गरी बुद्धकहाँ जानेछु भन्ने विचार गरी शक्रले पञ्चशिखलाई पनि आमन्त्रणा गरेका हुन् । उनी बुद्ध भगवानकहाँ जहिले चाहन्छन् उहिले जानसक्ने तथा बुद्धका प्रिय उपस्थाक पनि थिए ।

४६२ पाकेको बेलको झैं पहेंलो वर्ण भएकोले 'बेलुवपण्डु' भनिएको हो । यो वीणाको तल्लो भाग सुवर्णमय छ, वीणाको दण्डा इन्द्र नीलमय छ, तारहरू चाँदीका छन्, तार बाँध्ने साँचाहरू मूगामय छन्, वीणाको लम्बाई तीन गाउत छ, वीणा-पात्र एक गाउत र तार बाँध्ने साँचाहरू एक गाउत छन् । सुमं. III. पृ. ६:सक्कपञ्हसुत्तवण्णना । एक गाउत भनेको कति हुन्छ भन्ने कुरा बु.म.पृ. ३८ को पादटिप्पणीमा उल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

पर्वत आज ज्वलित हुँदैछ, वेदियक पर्वत आज बल्दैछ । के कारणले आज वेदियक पर्वत र अम्बसण्डक ब्राह्मण गाउँ आलोकित भएको रहेछ भन्ने विचार गर्दा गर्दै उनीहरू उद्वेग भई रोमाञ्चित हुन थाले ।"

४. अनि शक्र देवेन्द्रले पञ्चशिख गन्धर्ग देवपुत्रलाई आमन्त्रणा गरे – "एकान्तमा बसी ध्यानरत हुनुभएका तथागतका आगाडि एक्कासि म जस्ताले जानु उचित छैन । पञ्चशिख ! अतः पहिले तिमीले[४६३] भगवान्लाई खुशीपारे बेश हुने थियो । तात ! तिमीले खुशी पारिसकेपछि हामी भगवान् अरहत् सम्यक्सम्बुद्धको दर्शन गर्न जानेछौ ।" "हवस्, भदन्त !" भनी शक्र देवेन्द्रलाई प्रत्युत्तर दिई पञ्चशिख गन्धर्व देवपुत्र बेलुवपण्डु-वीणा लिई[४६४] जहाँ इन्द्रशाल गुफा हो त्यहाँ गए । त्यहाँ पुगेपछि – 'यत्तिकैमा न टाढा हुनेछ, न नजिक नै; भगवान्ले *(मेरो)* आवाज पनि सुन्नसक्नुहुनेछ" भनी उनी एक छेउमा उभिए ।

५. एक छेउमा उभिएका पञ्चाशेख गन्धर्व देवपुत्रले वेलुवपण्डु-वीणा बजाउन थाले र बुद्ध सम्बन्धी, धर्म सम्बन्धी, सङ्घ सम्बन्धी, अरहन्त सम्बन्धी तथा काम *(विषय)* सम्बन्धी – यी गीत पनि गाउन थाले ।

"सूर्यसमान शरीर भएकी हे भद्रे ! तिम्रो पिता तिम्बरु *(गन्धर्व देवराजा)* लाई म नमस्कार गर्छु – जसको कारणद्वारा आनन्ददायी तिमी जस्ती कल्याणी जन्मिन् ।"

"अङ्गिरसे ! पसिना बग्नेलाई हावा भैं, प्यासीलाई पानी भैं, अरहन्तलाई धर्म भैं – म तिमीलाई प्यार गर्छु ।"

"भद्रे ! रोगीलाई औषधी भैं, भोक लाग्नेलाई खाना भै, बलेको *(आगो)* लाई पानीले निभाउने भैं – तिमीले मलाई शान्त पार ।"

"घाममा तप्त भएको गजराजलाई पद्मरेणुले युक्त शीतल पानीको पुष्करिणीमा डुब्कि लगाउँदा आनन्द हुने भैं – कहिले म तिम्रो स्तनोदरको बीचमा पर्नसकूँ ।"

"मदप्रमत्त भएको हात्तीलाई भाला र अंकुशद्वारा बशमा राख्न नसकिने भैं – म पनि तिम्रो राम्रो जंघामा प्रमत्तछु; के कारणले यस्तो भएँ भन्ने कुरा मलाई थाहा छैन ।"

तिमीमाथि म आसक्त छु, तिमीमाथि मेरो चित्त बाँधिएको छ, मेरो चित्त आफ्नो स्वभावमा छैन, बल्छी खाएको माछा भैं म फुत्केर जान सक्दिन ।

"कदलीस्तम्भोरु ! हे भद्रे ! हे मन्दलोचनी ! मलाई आलिङ्गल गर, सम्पूर्ण रूपले आलिङ्गल गर – यही म सँधै प्रार्थना गर्दछु ।"

"हे लामोचुल्ठो भएकी ! मेरो कामना कमै शान्त छ, अरहन्तहरूलाई दिने दानबाट अनेक भागहरू *(कामनाहरू)* सम्पन्न हुन्छन् ।"

---

४६३ म सरागी, सद्वेषी तथा समोही छु । शास्ता वीतरागी, वीतद्वेषी तथा वीतमोही हुनुहुन्छ । अतःध्यानरत भई बसिरहनुभएका उहाँकहाँ म जस्ताले एक्कासि जानु उचित छैन भनी भनिएको हो ।

४६४ 'वीणा लिई' भन्ने शब्द सूत्रमा प्रयोग भएको देखेर प्रश्न गर्न सक्छन् कि वीणा त पञ्चशिखले अघि नै लिई सकेका छन् । अब फेरि यहाँ किन 'वीणा लिई' भनेको होला ? हो, अघि नै पञ्चशिखले वीणा लिइसकेका छन् । तर त्यसबखत उनले वीणालाई काँधमा भुण्डचाई आएका थिए । अहिले वीणा बजाउन तयार भई काँधबाट भिकी बाँया हातमा लिएको हुँदा सूत्रमा 'वीणा लिई' भनी उल्लेख भएको हो ।

Downloaded from http://www.dhamma.digital

"यदि मैले यो पृथ्वीमण्डलमा कुनै पुण्य गरेको छु भने – त्यसको फलद्वारा सर्वाङ्गकल्याणी भएकी तिमीसँगै भोग्न मिलोस् ।"

"जस्तै – शाक्यपुत्र प्रज्ञावान् मुनिले एक्लै स्मृतिमान् भई ध्यान गरी अमृतको खोज गर्नुभयो त्यस्तै – म सूर्य समान शरीर भएकी तिम्रो खोज गर्दछु ।"

"उत्तम सम्बोधि प्राप्त गरी जस्तै – मुनि नन्दित हुनुहुन्छ, त्यस्तै – हे कल्याणी ! तिमीलाई पाएमा म नन्दित हुनेछु ।"

"हे भद्रे ! यदि त्रयस्त्रिंशका ईश्वर शक्रले देवलोक लिन्छौ कि सूर्यवर्चस् *(सूर्य समान शरीर भएकी)* लिन्छौ भनी वरदान दिएमा अहो ! म त तिमीलाई नै लिनेछु; यस्तो विघ्न म तिमीलाई चाहन्छु ।"

"हे सुमेधा ! तिम्रा श्री सम्पन्न पितालाई म नमस्कारपूर्वक वन्दना गर्दछु – जसकी तिमी जस्ती भर्खरै फुलेको शालपुष्प जस्ती पुत्री छिन् ।"

६. यस्तो भन्दा *(गाउँदा)* भगवान्‌ले पञ्चशिख गन्धर्व देवपुत्रलाई यसो भन्नुभयो – "पञ्चशिख ! तिम्रो वीणा-स्वर गीतको स्वरसँग मिल्दछ, गीतको स्वर वीणाको स्वरसँग मिल्दछ । पञ्चशिख ! वीणा-स्वर गीतको स्वरभन्दा बाहिर जाँदैन, पञ्चशिख ! बुद्ध सम्बन्धी, धर्म सम्बन्धी, सङ्घ सम्बन्धी, अरहन्त सम्बन्धी तथा काम सम्बन्धी – यी गीत तिमीले कहिले रचेका हौ ?"

"भन्ते ! एक समय भगवान्, बुद्ध भएर पहिलो पटक उरुवेलस्थित नेरञ्जरा नदीको तीरमा न्यग्रोधवृक्ष मुनी बसिरहनुभएको थियो । भन्ते ! त्यसबखत तिम्बरु गन्धर्व राजाकी छोरी सूर्य समान शरीर भएको भद्रा भन्नेसँग म आसक्त थिएँ । भन्ते ! ती भगिनी चाहिं अर्कैसँग आसक्ता थिइन् । शिखंडी भन्ने मातलि संग्राहकको छोरासँग आसक्ता थिइन् । भन्ते ! जब मैले ती भगिनीलाई कुनै प्रकारले पनि पाउन सकिन तब म वेलुवपण्डु-वीणा लिई जहाँ तिम्बरु गन्धर्व देवराजाको घर थियो त्यहाँ गएँ । त्यहाँ पुगेपछि वेलुवपण्डु-वीणा बजाई सुनाउन थाले र बुद्ध सम्बन्धी तथा काम सम्बन्धी यी गीत पनि सुनाएँ – 'सूर्य समान शरीर भएकी हे भद्रे ! तिम्रो पिता तिम्बरुलाई म नमस्कार गर्छु ··· ' आदि ।

"भन्ते ! यसोभन्दा सूर्य समान शरीर भएकी भद्राले मलाई यस्तो भनिन् – 'मारिष ! उहाँ भगवान्‌लाई मैले त देखेकी छैन, किन्तु त्रयस्त्रिंश देवहरूको सुधर्मासभामा नाचिरहेको बेलामा मैले उहाँ भगवान्‌को सम्बन्धमा *(केही कुरा)* सुनेकी मात्र छुँ[४६५] । मारिष ! जब कि तपाईं उहाँ भगवान्‌को कीर्तन गर्नुहुन्छ त्यसैले आज तपाईंसँग समागम होस् ।' भन्ते ! त्यहीं नै ती भगिनीसँग मेरो समागम पनि भएको थियो । यसपछि फेरि भएको छैन ।"

## शक्र देवेन्द्र बुद्धको छेउमा गए

७. अनि शक्र देवेन्द्रलाई यस्तो लाग्यो – "पञ्चशिख देवपुत्र भगवान्‌सँग प्रसन्नतापूर्वक कुरा गर्दैछन् । भगवान् पनि पञ्चशिखसँग प्रसन्नतापूर्वक कुरा गर्दै हुनुहुन्छ ।" अनि शक्र देवेन्द्रले

४६५ एकदिन उनी चातुर्महाराजिक देवताहरूसँग शक्र देवेन्द्रलाई नाच देखाउन गएकी थिइन् । त्यस बखत त्यहाँ शक्र देवेन्द्रले भगवानको यथार्थ आठ गुणहरूका कुरा सुनाएका थिए । यसै कुरालाई उनले सुनेकी थिइन् र यसै कुरालाई सम्भी उनले '··· सुनेकी मात्र छु' भनी भनेकी हुन् ।

Downloaded from http://www.dhamma.digital

पञ्चशिखलाई सम्बोधन गरे[४६६] –

"तात पञ्चशिख ! तिमीले भगवान्‌लाई 'भन्ते ! शक्र देवेन्द्र अमात्यहरूका साथ, परिजनहरूका साथ भगवान्‌को पाउमा शिरले वन्दना गर्छन्' भनी मेरो अभिवादन गरिदेओ ।"

"हवस्, भदन्त" भनी शक्र देवेन्द्रलाई प्रत्युत्तर दिई – 'भन्ते ! शक्र देवेन्द्र अमात्यहरूका साथ, परिजनहरूका साथ भगवान्‌को पाउमा शिरले वन्दना गर्दैछन्' भनी पञ्चशिख गन्धर्व देवपुत्रले भगवान्‌लाई अभिवादन गरे ।

"पञ्चशिख ! अमात्यहरूसहित, परिजनसहित शक्र देवेन्द्र सुखी होऊन् । देवहरू, मनुष्यहरू, असुरहरू, गन्धर्वहरू तथा जो ती सुखकामी अरू पनि धेरै प्रकारका प्राणीहरू छन् – तिनीहरू पनि सुखी होऊन् ।"

८. यसरी तथागत *(भगवान्)* ले महाशक्तिसम्पन्न यक्षहरूलाई आशिर्वाद दिनुभयो । भगवान्‌को आशिर्वाद सुनी शक्र देवेन्द्र इन्द्रशाल गुफाभित्र गई भगवान्‌लाई अभिवादन गरी एक छेउमा उभिए, त्रयस्त्रिंशका देवहरू पनि इन्द्रशाल गुफाभित्र गई भगवान्‌लाई अभिवादन गरी एक छेउमा उभिए र पञ्चशिख गन्धर्व देवपुत्र पनि इन्द्रशाल गुफाभित्र गई भगवान्‌लाई अभिवादन गरी एक छेउमा उभिए ।

त्यसबखत ती देवताहरूको प्रभावले गर्दा इन्द्रशाल गुफाको विषम भूमिभाग सम भयो, साँगुरो ठाउँ फराकिलो भयो तथा गुफाको अँध्यारोपन पनि दूर भई उज्यालो भयो ।

९. अनि भगवान्‌ले शक्र देवेन्द्रलाई यसो भन्नुभयो – "आयुष्मान् कौशिकको यो आश्चर्य हो, आयुष्मान् कौशिकको यो अद्‌भुत हो – त्यत्तिका बहुकृत्य बहुकरणीय हुनेको पनि यहाँ आगमन हुनु !"

"भन्ते ! धेरै समयदेखि म भगवान्‌को दर्शन गर्न आउन चाहन्थे । किन्तु त्रयस्त्रिंश देवताहरूका केही न केही काम-काजमा[४६७] व्यस्त थिएँ । त्यसैले म भगवान्‌को दर्शन गर्न आउन सकिन ।

"भन्ते ! एक समय, भगवान् श्रावस्तीस्थित सललागारमा बस्दै हुनुहुन्थ्यो । भन्ते ! अनि म श्रावस्तीमा भगवान्‌को दर्शन गर्न गएँ । भन्ते ! त्यसबखत भगवान् कुनै एक ध्यानमा बस्नुभएको थियो । वैश्रवण *(वेस्सवण)* महाराजकी भूजति वा भुञ्जती भन्ने एक परिचारिका *(देवपुत्री)* हातजोरी नमस्कार गरी भगवान्‌को उपस्थानमा थिइन् । भन्ते ! अनि मैले भूजतिलाई यस्तो भने – 'भगिनी ! भगवान्‌लाई

---

४६६ जब पञ्चशिखले भगवानसँग कुरा गरिरहेको सुने तब शक्रको मनमा यस्तो लाग्यो कि – यी पञ्चशिखलाई जुन कामको निमित्त पठाएको हुँ सो काम नगरी भगवानसँग आफ्नै कुरा मात्र गरिरहेका छन् । अझ काम विषयका कुरा पनि गरिरहन्छन् । यिनले अनुपयुक्त कुरा गरिरहेछन् । नर्तकहरू निर्लज्जी नै हुँदा रहेछन् ! भगवानसँग पनि त्यस्तो कुरा गर्ने ! अतः यिनलाई पठाएको कामको स्मरण दिलाउनुपर्‍यो । यति सोची शक्रले उनलाई सम्बोधन गरेका हुन् ।

४६७ कुन किसिमका काम-काजमा शक्र देवेन्द्र व्यस्त हुन्छन् भन्ने विषयमा यहाँ केही कुरा उल्लेख गरिन्छ –
देवताहरूको काखमा उत्पन्न हुने स्त्री-पुरुषहरूलाई देवपुत्री र देवपुत्र भन्दछन् । पादपरिचारिका हुने स्त्रीहरू वछ्यानमा उत्पन्न हुन्छन् । स्याहार-सुसार गर्नेहरू वछ्यानको वरिपरि उत्पन्न हुन्छन् । अरू काम-काज गर्ने सेवकहरू विमानभित्र उत्पन्न हुन्छन् । यस्ताका बारेमा देवताहरूमा कुनै विवाद उत्पन्न हुन्न । ज-जसको विमानमा उत्पन्न हुन्छन् ऊ उसकै हुन्छ । जब कुनै प्राणी सीमान्तमा उत्पन्न हुन्छ तब त्यहाँका देवहरूले कसको हो भन्ने निश्चय गर्न नसकी देवेन्द्रकहाँ गई निर्णय लिन जान्छन् । देवेन्द्रले – जसको अधिक सिमाना नजिक हुन्छ उसको हो भन्ने निर्णय दिन्छन् । यदि दुवैको सिमाना बराबर भएमा जतातिर ताकेको हुन्छ उतातिरको देवता हो भन्ने निर्णय दिन्छन् । यदि कसैतिर पनि ताकेको हुन्न भने त्यस्तालाई आफ्नो अधीनमा लिन्छन् । यस्तैप्रकारका कामहरूलाई र कृडादि रसरंग गर्नेलाई सूत्रमा 'काम-काज' भनिएको हो । सुमं. वि. III. पृ. १२: सक्कपञ्हसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

– 'भन्ते ! शक्र देवेन्द्र अमात्यहरूसहित, परिजनहरूसहित भगवान्‌को पाउमा शिरले वन्दना गर्छन्' भनी मेरो वचनले अभिवादन गरिदेओ ।' भन्ते ! यस्तो भन्दा ती भूजतिले मलाई यस्तो भनिन् – 'मारिष ! अहिले भगवान् ध्यानमा हुनुहुन्छ । अहिले भगवान्‌को दर्शन गर्ने समय होइन ।'

'भगिनी ! त्यसोभए जब भगवान् त्यस समाधिबाट उठ्नुहुनेछ तब भगवान्‌लाई मेरो वचनले वन्दना गरिदेऊ – 'भन्ते ! शक्र देवेन्द्र अमात्यहरूसहित, परिजनहरूसहित भगवान्‌को पाउमा शिरले वन्दना गर्छन्' ।'

"भन्ते ! के ती भगिनीले भगवान्‌लाई वन्दना गरिन् ? के भगवान्‌ले ती भगिनीको वचनलाई सम्झनुहुन्छ ?"

"देवेन्द्र ! ती भगिनीले मलाई वन्दना गरेकी थिइन् । ती भगिनीको वचनलाई पनि म सम्झिन्छु । किन्तु म *(त्यसबखत)* आयुष्मान्‌को रथको चक्काको आवाजद्वारा नै त्यस समाधिबाट उठीसकेको थिएँ ।"

"भन्ते ! जुन देवताहरू हामीभन्दा पहिले त्रयस्त्रिंश देवलोकमा उत्पन्न भएका थिए तिनीहरूका मुखबाट मैले सुनेको छु, ग्रहण गरेको छु कि – जब तथागत अरहन्त सम्यक्सम्बुद्ध लोकमा उत्पन्न हुन्छ तब दिव्यकायहरू बढ्दै आउँछन् र असरकायहरू घट्दै जान्छन् । भन्ते ! त्यो कुरा प्रत्यक्ष रूपमा देखिसके कि – जब तथागत अरहन्त सम्यक्सम्बुद्ध लोकमा उत्पन्न हुनभयो तबदेखि दिव्यकायहरू बढ्दै गएका र असुरकायहरू घट्दै गएका ।

## गोपक देवपुत्र

१०. "भन्ते ! यही कपिलवस्तुमा गोपिका भन्ने एक शाक्यपुत्री थिइन् । जो बुद्धप्रति, धर्मप्रति तथा सङ्घप्रति प्रसन्न थिइन् र शील परिपूर्णकारी पनि थिइन् । उनी स्त्रीत्वमा विरक्त भई पुरुषत्वको कामना गरी शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भई त्रयस्त्रिंश देवताहरूका सहवासमा पुगी हाम्रा पुत्रत्वमा आइपुगिन् । त्यहाँ पनि उनलाई 'गोपक देवपुत्र, गोपक देवपुत्र' भनी जान्दछन् । भन्ते ! अर्का तीन भिक्षुहरू पनि भगवान्‌कै धर्ममा ब्रह्मचर्य पालन गरी हीन गन्धर्वकाय *(लोक)* मा उत्पन्न भए । उनीहरू पञ्चविषयमा लिप्त भई, पञ्चविषयको भोग गर्दै हाम्रा उपस्थान र परिचर्या गर्न आउँछन् । हाम्रा उपस्थानमा आउँदा ती देवपुत्रहरूलाई हाम्रा परिचारक गोपकले यस्तो कुरा सुनाए – 'मारिषहो ! तपाईंहरूले भगवान्‌को धर्मलाई किन राम्ररी सुन्नु नभएको ? म स्त्रीजाति भएर पनि बुद्धप्रति, धर्मप्रति तथा सङ्घप्रति प्रसन्न भई शील परिपूर्ण गरी स्त्रीत्वमा विरक्त भई उत्पन्न भई त्रयस्त्रिंश देवताहरूका सहवासमा पुगी शक्र देवेन्द्रको पुत्रत्वमा आइपुगें । यहाँ पनि मलाई 'गोपक देवपुत्र, गोपक देवपुत्र' भनी जान्दछन् । मारिष हो ! तपाईंहरू त भगवान्‌को धर्ममा ब्रह्मचर्य पालन गरी हीन गन्धर्वकायमा उत्पन्न हुनुभयो । कस्तो दृश्य देख्नु परेको ! जो कि एकै धर्ममा बसेकालाई हीन गन्धर्व देवलोकमा उत्पन्न भएको हेर्नुपर्‍यो ! '

"भन्ते ! गोपक देवपुत्रले यस्तो कुरा सुनाउँदा उनीहरूमध्ये दुई देवपुत्रहरूले यसै जीवनमा स्मृतिलाभ गरी ब्रह्मपुरोहित लोकमा उत्पन्न भए[४६८] र एक देवपुत्र कामभोगमै डुबिरहे ।"

---

४६८ जब कराईमा नून भुटेको जस्तो गोपक देवपुत्रका कुरा सुने तब ती गन्धर्व देवपुत्रहरूले सोचे कि – किन यिनले यस्तो कुरा सुनाएका होलान् ? अनि उनीहरूले अघिका कुराहरू संस्मरण गर्दा उनी आफूहरूले नै उपदेश गरेकी उपासिका थिइन् भन्ने कुरा थाहा पाए र आफूहरूले पनि राम्रै गरी शील पालन गरेका मात्र होइनन् समाधि पनि

Downloaded from http://www.dhamma.digital

११. *(गोपक देवपुत्र भन्दछन् – )* 'चक्षुष्मान् *(बुद्ध)* को म उपासिका भएकी थिएँ । मेरो नाम गोपिका थियो । बुद्ध धर्मप्रति म अभिप्रसन्न थिएँ र प्रसन्नचित्त लिई म सङ्घोपस्थान गर्दथे ।'

'उहाँ बुद्धको धर्मको प्रभावद्वारा म महानुभाव सम्पन्न शक्रको पुत्रत्वमा पुगे । महातेजिलो भई दिव्यलोकमा उत्पन्न भएँ । यहाँ पनि मलाई 'गोपक' भनी जान्दछन् ।'

'अनि मैले अघि देखेका भिक्षुहरूलाई गन्धर्व लोकमा उत्पन्न भएको देखें । हामी अघि मनुष्य छँदा यिनीहरू गौतम-श्रावक थिए ।'

'आफ्नो घरमा उहाँहरूको पाउ धोई उहाँहरूलाई अन्न-पानद्वारा उपस्थान गरें । कस्तो चित्त राखी उहाँहरूले बुद्धको धर्म श्रवण गर्नुभएको होला ! *(आज मैले उहाँहरूलाई हीन गन्धर्व लोकमा देख्नुपऱ्यो)* ।'

'आफैले अनुभव गर्नुपर्ने त्यो धर्म हो – जुन चक्षुष्मान् बुद्धले राम्ररी देशना गर्नुभएको छ । तपाईंहरूकै उपासना गरी तपाईंहरूले नै बताउनुभएको धर्म सुनेर – '

'आज म देवलोकमा महातेजस्वी महानुभाव सम्पन्न शक्र देवेन्द्रको पुत्र भई उत्पन्न भएँ । श्रेष्ठ ब्रह्मचर्यको उपासना गरी तपाईंहरू – '

'हीन *(गन्धर्व)* लोकमा उत्पन्न हुनुभयो – जुन तपाईहरूको निमित्त अनुरूप छैन । हीन लोकमा उत्पन्न भएका सहधर्मीहरूको कस्तो दृश्य देख्नुपऱ्यो ! '

'गन्धर्व लोकमा उत्पन्न भएका तपाईंहरू देवहरूको परिचर्यार्थ आउनुहुन्छ । घरमा बस्ने भएर पनि मेरा यी विशेषताहरू हेर्नुहोस् ।'

'स्त्री भएर पनि आज म देवपुत्र भएको छु र दिव्यभोगले युक्त छु ।'

*(तलका कुराहरू शक्र देवेन्द्रले भनेका हुन् – )* 'गौतम श्रावकले *(गोपकले)* कुरा सुनाएपछि उनीहरू गोपककहाँ नै विरक्त भए ।'

'अवश्य पनि अब कोशिश गर्नुपर्छ, अर्काको प्रेषक भएर बस्नुभएन भन्दै उनीहरूमध्ये दुईजनाले गौतम-धर्म *(प्रथमध्यान)* को अनुस्मरण गरे ।'

'त्यहीं *(उनीहरूमध्ये दुइजनाले)* कामगुणिक चित्तलाई त्यागेपछि, कामगुणको दुष्परिणामलाई देखे । चुँडाल्न गहारो काम-संयोजनको बन्धनलाई र पापी मारको ग्रन्थीलाई – '

'बाँधेको सिक्रीलाई हात्तीले चुँडाली उनीहरू *(दुईजना)* त्रयस्त्रिंश देवहरूलाई पार गरी गए । *(त्यसबखत)* इन्द्रसहित प्रजापति देवताहरू सबै सुधर्मासभामा उपस्थित थिए ।'

'सभामा बस्दाबस्दै ती वीरहरू विरागी भए *(अनागामी भए)* । यो *(घटना)* देखेर देवहरूलाई वशीभूत गर्ने शक्रलाई देवगणहरूको बीचमै संवेग उत्पन्न भयो ।'

---

लाभ गरेका थियौं भन्ने कुरा पनि अनुस्मरण गरे । शील परिपूर्ण गरी पालन गरेर छ देवलोकहरू मध्येमा जुनसुकै देवलोकमा पनि उत्पन्न हुनसक्ने र ध्यान पुरा गरेर ब्रह्मलोकमा पुग्नसक्ने कुरा पनि अनुस्मरण गरी "हामी उच्चदेवलोकमा पनि उत्पन्न हुन सकेनौं, तर यी स्त्री हामीभन्दा माथिल्लो देवलोकमा उत्पन्न भइन् । हामीहरू भिक्षु भएर पनि हीन गन्धर्व लोकमा उन्पन्न भयो । त्यसैले यिनले यस्तो कुरा सुनाएका हुन्" भन्ने समेत लागी पछि उनको कुरा सुन्दासुन्दै त्यसमध्ये दुईजनाले प्रथमध्यानको स्मरण पाई सोही ध्यानको आश्रय लिई अनागामी फल प्राप्त गरी ब्रह्मपुरोहित लोकमा उत्पन्न भए । एक जना चाहिं उही नै रहे ।

Downloaded from http://www.dhamma.digital

यी हीन गन्धर्व लोकमा उत्पन्न भएका देवहरू त्रयस्त्रिंश लोकलाई पार गरी गए भनी विरक्त भएका शक्रको वचन सुनी सो गोपकले वासवलाई यस्तो भने –

'हे जनेन्द्र ! मनुष्यलोकमा कामविषयलाई जित्न सक्ने शाक्यमुनि शुद्ध हुनुहुन्छ। तिनीहरू उहाँकै शिष्यहरू हुनुहुन्थ्यो। उहाँहरू बिस्मृत थिए र मेरो कुरा सुनी उहाँहरूमा ध्यान-स्मृति उत्पन्न भयो।'

'त्यसमध्ये एकमात्र गन्धर्व लोकमा बसे अरू दुईजना सम्बोधिमार्गानुसार गई समाधिष्ठ भई देवलोकभन्दा पनि माथिल्लो लोकमा पुगे।'

'यसरी प्रकाशित भईरहेका धर्ममा कुनै पनि श्रावकले शंका गर्दैनन्। ओघबाट उत्तीर्ण हुनुभएका विचिकित्सालाई छेदन गर्नुभएका उहाँ जितेन्द्र जिन *(बुद्ध)* लाई मेरो नमस्कार छ।'

*(शक्र भन्दछन् – )* "जुन धर्मलाई अवबोध गरी उनीहरूले यहाँ विशेषफल प्राप्त गरे – तिनीहरू दुईजना ब्रह्मपुरोहितमा पुग्न गए।"

"मारिष ! त्यस्तैगरी धर्म प्राप्त गर्नको निमित्त हामी यहाँ आएका हौं। मारिष ! भगवान्ले अवकाश दिनुहुन्छ भने हामी प्रश्न सोध्नेछौ।"

१२. अनि भगवान्लाई यस्तो लाग्यो – "यी यक्ष दीर्घकालदेखि विशुद्ध छन्[४६९]। जे जति

---

४६९ 'दीर्घकालदेखि' भनेको सम्बन्धमा सुमङ्गलविलासिनीले निम्न कुराहरू उल्लेख गरेको छ –

बुद्ध उत्पन्न हुनुभन्दा धेरै समय अघि मगध देशको मचल भन्ने गाउँको मघ माणवका पालादेखिलाई 'दीर्घकालदेखि' भनिएको हो।

त्यसबखत मघमाणवकले एकदिन गाउँमा गई मानिसहरू काम गरिरहको एक ठाउँमा सफा सुग्घर गरी खूब रमणीय बनाए। अनि अरू मानिसहरू आई त्यहाँ बसे। उनी त्यहाँबाट अर्को गाउँमा गई त्यहाँ एक चौतारी बनाई बालुवा छरी जाडोको समयमा आगो बालिदिए। बुढा तथा तन्नेरी मानिसहरू आगो ताप्न आए। एकदिन उनको मनमा यसतो कल्पना उठ्यो – "हामीहरू नगरमा गई राजा महाराजाहरूको दर्शन गर्छौं। उनीहरूले पनि चन्द्रसूर्यहरूमध्ये चन्द्र देवपुत्र र सूर्य देवपुत्र भनी उनीहरूलाई नमस्कार गर्छन्। के गरेर उनीहरू चन्द्र वा सूर्य भनाउँन पुगेका होलान् ? पुण्य कर्मले बाहेक अरूले त अवश्य पनि होओइन होला। अवश्य पनि उनीहरू पुण्यकार्य गरेर नै त्यस्तो भनाउन पुगेका होलान्। मैले पनि त्यस्तै दिव्यसम्पत्ति पाउनसक्ने पुण्यकर्म गर्नु सक्नु पर्छ। यति सोची भोलिपल्ट विहान सबेरै यागु पिई खूर्पा, बन्चरो, कोदालो, गल् आदि लिई चार दोबाटोमा गई सफा सुग्घर पारी खूब राम्रोसँग बाटो बनाए, बासबस्ने धर्मशाला बनाए, पोखरी खने अनि फूलहरू पनि रोपे। यसरी परउपकारको काम दिनभरी गरी घर फर्के। उनी दिनदिनै यस्तै प्रकारका कामहरू गर्दै हिड्नथाले।

एकदिन उनीसँग एक मानिसले सोध्यो – 'हे मघ ! तिमी बिहान सबेरै घरबाट जंगलमा गई बेलुकिपख मात्र घर फर्कन्छौं। त्यहाँ तिमी दिनभरी के काम गर्छौं।"

"म पुण्यकर्म गर्छु, स्वर्गजाने बाटो बनाउँछु।"

"यो पुण्यकर्म भनेको कस्तो हो ?"

"के तिमी जान्दैनौ ?"

"अहँ, म जान्दिन।"

"नगरमा जाँदा तिमीले राजा महाराजाहरू देखेका छौ कि छैनौ ?"

"देखेको छु।"

"पुण्यकर्म गरेर नै उनीहरूले ती स्थान पाएका हुन्। म पनि त्यस्तै सम्पत्ति दिनसक्ने पुण्यकर्म गर्दैछु। तिमीले चन्द्र देवपुत्र, सूर्य देवपुत्र भन्ने नाउँहरू सुनेका छौ कि छैनौ ?"

"सुनेको छु।"

"हो ! त्यस्तै देवलोकमा जाने बाटो बनाउँदैछु।"

"त्यसोभए, त्यस्तो पुण्यकर्म तिमीले मात्र गर्ने कि अरूहरूले पनि गर्न हुन्छ ?"

"यस्तो कर्म गर्नमा कसैलाई पनि रोकटोक छैन।"

Downloaded from http://www.dhamma.digital

"त्यसो हो भने, भोलिदेखि तिमी जङ्गलमा जाँदा मलाई पनि बोलाऊ, जहाँ म पनि आउनेछु।"

अनि मघमाणवले भोलिपल्ट उसलाई पनि बोलाए। यसरी त्यस गाउँमा तेत्तीसजना *(बर्मीमा बत्तीसजना ३२)* तन्नेरीहरू सबै उनकै साथमा लागे र उपरोक्ताकारले पुण्यकर्म गर्दै हिड्नथाले। जहाँ जहाँ यी तेत्तीस (३३) जनाका दफा जान्छन् त्यहाँ त्यहाँ उनीहरूले केही न केही बाटो सम्म पार्छन् बनाउँछन् र सफा पार्छन्। कहीं पोखरीहरू खन्छन्। कहीं धर्मशालाहरू बनाउँछन्। कहीं फूलहरू रोप्छन्। जे काम गरे पनि एकैदिनमा तयार पार्छन्।

एकदिन, त्यस गाउँको प्रधानले *(प्रधानपञ्चले)* सोच्यो कि – अघि यिनीहरू मद्यपानमा गरी हिंड्दा प्राणीहिंसा गरी हिंड्दा तथा व्यभिचार गरी हिंड्दा यिनीहरूको तरफबाट मलाई केही न केही आम्दानी हुन्थ्यो। दण्डादि कर्मद्वारा पनि मलाई केही न केही आम्दानी हुन्थ्यो। यिनीहरूले पुण्यकार्य गरेर हिंडेदेखि मलाई त्यस्तो आम्दानी भएन। अतः यिनीहरूको बारेमा राजालाई चुक्ली लगाईदिनुपऱ्यो भन्ने विचार गरी एकदिन, राजाकहाँ गई "महाराज! चोरहरू देख्छु" भनी बिन्ति गर्दा राजाले – "कहाँ देख्यौ?" भनी सोध्दा "मेरो गाउँमा" भनी भन्यो। अनि राजाले "कस्ता चोर हुन्?" भनी सोधेंपछि उसले "देव! राज अपराधी चोर हुन्" भनी भन्यो। अनि राजाले "कुन जातिका हुन्?" भनी सोधे। उसले "देव! गृहपति जातिका हुन्" भनी भन्यो। राजाले "यस्तो जानेर पनि किन अगाडि नै नभनेको त?" भनी सोध्दा उसले "महाराज! भयको कारणले नभनेको हुँ" भनी बिन्ति गऱ्यो। अनि "यो पुरुष खूब गर्जिदैछ" भन्दै उसको कुरामाथि विश्वास गरी राजाले "त्यसोभए, तिमी नै गएर उनीहरूलाई समातेर ल्याऊ" भनी साथमा सिपाहीहरू पठाइदिए।

अनि ऊ गई जङ्गलबाट फर्की रात्रीको खाना खाई गाउँको एक चौतारामा बसी अब हामीहरूले भोलि के गर्नुपर्ला भन्ने विषयमा सल्लाह गरी बसिरहेको बेलामा "राजाज्ञा हो, तिमीहरू नभाग" भन्दै उनीहरूलाई बाँधेर लग्यो।

तिनीहरूका घरका स्त्रीहरूले "हाम्रा स्वामीहरूलाई राज अपराधी चोर भनी समाती लगे" भन्ने कुरा सुनी "धेरै समयदेखि यिनीहरू पुण्यकार्य गर्छौं भन्दै दिनदिनै जङ्गलमा गई घरको काम धन्दाहरू नगरी घरको अभिवृद्धिलाई वास्ता नगरी हिंडिरहेका थिए। अब बल्ल यिनीहरूले स्वाद पाए!" भनी भन्नथाले। गाउँको प्रमुख *(प्रधानपञ्च)* ले पनि उनीहरूलाई लगी राजाको अगाडि उभ्याइदियो। राजाले परीक्षण, जाँच-बूझ विना एक्कासि "यिनीहरूलाई हात्तीले कुल्च्याउन लगाऊ" भनी आज्ञा दिए।

उनीहरूलाई लगिरहेका बेलामा मघ माणवकले आफ्ना साथीहरूलाई यसो भने – "साथी हो! के तिमीहरूले मेरो एक कुरा सुन्न सक्नेछौ?"

"तिम्रो कुरा सुन्दासुन्दै हामीहरू यस्तो विपत्मा परिसक्यौं तथापि हामीहरू तिम्रो कुरा सुन्नेछौं। भन, के गर्नुपऱ्यो?"

"साथीहो! यो संसारमा यस्ता घटनाहरू हाम्रा जिन्दगीमा कति घटिसके होलान्। के त तिमीहरू चोर हौ?"

"होइन, हामी चोर होइनौ।"

"चोर होइनौ" भन्ने जुन सत्य कुरा हो, यस बाहेक अरू कुनै पनि हामीहरूको निमित्त आस्था छैन। त्यसो हुनाले "हामी चोर हौं भने हामीलाई हात्तीले कुल्चोस्, होइनौं भने न कुल्चोस् भन्ने सत्यकृया गर" भनी मघ माणवले भने। उनीहरू सबैले त्यस्तैगरी सत्यकृया गरे।

उनीहरूको अगाडि हात्ती जान नसकी चिच्च्याई कराई पछाडितिर हटी भागेर जान खोज्यो। अंकुश र भालाले रोप्दा पनि माहुतेले "हात्तीलाई नगिचमा लैजान सक्दिन" भनी राजालाई बिन्तिगऱ्यो। "त्यसोभए उनीहरूलाई गुन्द्रीले छोपी कुल्चन लगाऊ" भनी राजाले आज्ञा दिए। त्यसोगर्दा हात्ती झन् डराई बेसकरी कराउँदै भाग्नथाल्यो। यो कुरा सुनी राजाले सो पैशून्यवाची द्वारेलाई बोलाई यसो भने –

"तात! हात्ती कुल्चन चाहन्न।"

"देव! हो, त्यसमध्ये जेठो चाहिंले मन्त्र जान्दछ। मन्त्रकै प्रभावले त्यसो भएको हो।"

अनि राजाले मघ माणवकलाई बोलाउन पठाई – "के तिंमीमा कुनै मन्त्र छ?" भनी सोध्दा "देव! ममा कुनै मन्त्र छैन। हो, हामीहरूले यस्तो सत्यकृया गरेका छौं – "यदि हामीहरू राजाका चोर हौं भने हामीलाई हात्तीले कुल्चोस् नत्रभने न कुल्चोस्।" महाराज! यही सत्यकृयाको प्रभावले हात्तीले कुल्चन नसकेको हो।

"तात! तिमीहरू के काम गर्छौ?"

"देव! हामीहरू बाटो बनाउँछौं, पोखरी खन्छौं, फूलहरू रोप्छौं र चार दोबाटाहरूमा धर्मशालाहरू बनाउँछौं। यस्तै प्रकारका कल्याणकारी पुण्यकर्महरू गर्दै हिंड्दछौं।"

Downloaded from http://www.dhamma.digital

"यो द्वारेले तिमीहरूमाथि किन चुक्ली लगाएको त ? "

"देव ! हामीहरू अघि प्रमादी भई बसेको बेलामा यिनले हामीहरूबाट केही न केही पैसा पाउँदथे । हामीहरू अप्रमादी भएदेखि यिनको आम्दानी घटेर गयो । त्यसैले यिनले हामीहरूमाथि चुक्ली लगाएको होलान् । "

"तात ! यो हात्तीले पशु जाति भएर पनि तिमीहरूको गुणलाई जान्नसक्यो भने म मनुष्य भएर पनि तिमीहरूको गुणलाई जान्न सकिन्न" भन्दै राजाले उनीहरूलाई उनीहरू बस्ने गाउँ कसैले खोस्न नपाउने गरी उनीहरूको नाउँमा लालमोहर गरिदिए । हात्ती पनि दिए । चुक्ली लगाउने द्वारेलाई उनीहरूकै दास बनाइदिए । अनि "अब उप्रान्त मेरो निमित्त पनि पुण्यकार्य गर" भनी राजाले उनीहरूलाई धन पनि दिए ।

धन लिई उनीहरू आलोपालो गरी हात्तीमा चढेर एक ठाउँमा गए । त्यहाँ उनीहरूले यस्तो सल्लाह गर्नथाले – "साथी हो ! पुण्यकर्म भनेको भविष्यमा फल पाउनको निमित्त गरिन्छ । किन्तु हामीहरूले त यसै जन्ममा पानीभित्र फुलेको पद्मफूल झैं अहिले नै फल पायौं । अब हामीले झन् बढी पुण्यकर्म गर्नुपर्छ । त्यसोभए अब के गरौं त ? चार दाबाटोका एक छेउमा स्थायी धर्मशाला एक बनाऔं । त्यस निर्माण कार्यमा स्त्रीहरूलाई भागलिन नदेऔं । हामीहरूलाई चोर भनी समाती लैजाँदा हाम्रा स्त्रीहरूमध्ये एउटी सम्मले पनि चिन्ता गरिन् । उल्टै बरू ठीकै भयो भनी भने । त्यसो हुनाले उनीहरूलाई यस पुण्यकार्यमा सहभागिनी नबनाऔं ।" यति सल्लाह गरी उनीहरू आ-आफ्ना घरमा गए । उनीहरू सबैले हात्तीलाई दाना तथा एक एक मुठा घाँस पनि दिए । यत्तिले नै हात्तीको पेट भरियो पनि । त्यसपछि जङ्गलमा पसी उनीहरूले रुखहरू काट्नथाले । हात्तीले ती रुखलाई सडकमा पुऱ्याइदियो । अनि उनीहरूले रुखका काठहरू ताछी धर्मशाला बनाउनथाले ।

मघ माणवकको घरमा (१) सुजाता, (२) सुधर्मा, (३) चित्रा *(चित्ता)* तथा (४) नन्दा भन्ने चारजना भार्याहरू थिए । सुधर्माले सिकर्मीसँग सोधिन् –

"तात ! यी साथीहरू विहान सबेरै गई साँझपख मात्र घर फर्कन्छन् । यिनीहरू के गर्छन् ? "

"अम्मे ! धर्मशाला बनाउँदैछन् । "

"तात ! त्यसोभए मलाई पनि सहभागिनी बनाइदेऊ । "

"धम्मे ! स्त्रीहरूलाई सहभागिनी नबनाउने" भन्ने निर्णय गरेका छन् ।"

अनि सुधर्माले सिकर्मीलाई आठ कार्षापण दिई – "तात ! कुनै उपायद्वारा मलाई यसमा सहभागिनी बनाइदेऊ" भनी भनिन् । सिकर्मीले "हुन्छ" भनी भन्यो । अनि एकदिन ऊ सडकको बीचमा गई "क्योहो, यत्तिकाबेर भएर पनि तपाईहरू काममा जानुभएको छैन । अबेर भएको छैन के ?" भनी आवाज दिई सबै मानिसहरूलाई काममा पठाई आफू एक्लै "मेरो केही काम छ, म एकछिनपछि आउनेछु" भनी अर्कोबाटो लागी जङ्गलमा गई कर्णिकाको निमित्त *(गजुर वा दलीन अड्याउनको निमित्त)* कर्णिकार रुखको काठ काटी, ताछी, रंडा लगाई राम्ररी तयार पारी "मैले मागेको बेलामा दिनू" भनी कुरा सिकाई सुधर्माको घरमा राखी सिकर्मी फर्केर गयो । अनि शालाको काम, काठको काम, भित्ताको काम तथा जोर्नी बनाउने जस्ता सबै कामहरू सकिएपछि छानामाथि गई दलीनहरू जडान गर्ने काम शुरु गर्दै चारैतिरबाट दलीनहरू माथि वसारी दलीनहरू राख्न लाग्दा दलीनहरू अड्याउने कर्णिका *(चारपाटे)* बनाउन बिर्स्यौं भनी भन्दा अब के गर्ने त भनी सोधिंदा सिकर्मीले नगरको कुनै कुल घरमा त्यस्तो कर्णिका पाउन सकिन्छ कि खोज्न पठाउन पऱ्यो भनी भन्यो । अनि खोज्न पठाउँदा मानिसहरूले सुधर्माको घरमा पाए । पैसा दिंदा सुधर्माले दिइनन् । उनी भन्छिन् कि यदि उनलाई पनि त्यस शालाको पुण्यभागिनी बनाउनुहुन्छ भने दिन्छु । अन्यथा दिन सक्दिन भनी भन्छिन् । "स्त्रीहरूलाई सहभागिनी त बनाउने छैनौं, बरू जङ्गजमा गई काठ काटेर ल्याउनेछौं" भनी उनीहरू घरबाट निस्के । सिकर्मीले सोध्दा उनीहरूले कारण बताएपछि छानामाथि बसेको सिकर्मीले आकाशतिर हेरी "आज जस्तो असल मुहूर्त अर्को एक वर्षमा पनि पाउन सक्नेछैन त्यतिका मेहनत गरी तपाईहरूले जुटाउनुभएका यी काठहरू सबै कुहिएर जानेछन् । तपाईहरू देवलोकमा उत्पन्न हुँदा उनलाई पनि एक कुनामा एक ठाउँ दिनुभएमा तपाईहरूको के बिग्रने छ र ! आजको यो शुभ मुहूर्तमा गजूरको कर्णिका राखी काम सिध्याउनुपर्छ" भनी भन्यो ।

उता, उनीहरू घरबाट निस्केपछि सुधर्माले सो कर्णिकाको मुनी "यो सुधर्मा शाला हो" भन्ने नाम कुँद्न लगाई एक शुद्ध कपडाले लपेटी राखिन् ।

सिकर्मीले कुरा सुनी उनीहरू फेरि सुधर्माले घरमा गई "भइहाल्यो, त्यो कर्णिका दिनुहोस्, जे भए पनि तपाईलाई पनि पुण्यभागिनी बनाउनेछौं" भनी मागेर लगे । सुधर्माले पनि "त्यसोभए, जबसम्म आठ दशवटा दलीनहरू राखिँदैनन् तबसम्म यो कपडा न फुकाल्नुहोस्" भनी कर्णिका दिइन् । उनीहरूले सो कर्णिका सिकर्मीलाई दिई सुधर्माले भनेको कुरा पनि सुनाए । जब सिकर्मीले आठ दशवटा दलीनहरू अड्यायो तब वेरिराखेको कपडा फुकाल्यो । यसरी छानामाथि चारैतिरबाट दलीनहरू राख्ने काम गरिरहेको बेलामा एक वटुवा

Downloaded from http://www.dhamma.digital

आई शाला हेर्न आउँदा उसले कर्णिका मनी अक्षरहरू देखी, अक्षर पढ्नसक्ने मानिसहरूलाई पढाउँदा "यो सुधर्मा शाला हो" भन्ने सुनी ती तेत्तीस साथीहरू कराउन थाले। अहो ! शुरुदेखि शाला बनाएर पनि हामीले आफ्नो नाम मात्र पनि राख्न पाएनौं। अनि सिकर्मीलाई सो कर्णिका भिक्ने कुरा भन्दाभन्दै सिकर्मीले दलीनहरू ओछ्याउने काम सबै पूरा गरी ठाउँ ठाउँमा चुकूल ठोक्ने काम समेत पूरा गऱ्यो।

त्यसपछि उनीहरूले शालालाई तीन खण्ड गरे। एक खण्डमा ठूला ठूला मानिसहरू बस्ने, अर्को खण्डमा गरीबहरू बस्ने तथा अर्को खण्डमा रोगीहरू बस्ने। त्यहाँ तेत्तीसओटा फल्याकहरू ओछ्याइ हात्तीलाई फल्याक-मालिकघरमा पुऱ्याइदिनू। अनि ती आगन्तुकहरूको खुट्टामिच्ने, आङ्मिच्ने र खुवाउने पियाउने काम सबै फल्याक-मालिकले गर्नेछन्। हात्तीले पनि त्यस्तै गऱ्यो। आगन्तुकहरूप्रति गर्नु पर्ने सेवाको काम सबै फल्याक-मालिकले गरे। मघमाणवकले शालाको नगिचमा कोविदार *(पारिजात)* को बोट रोपे। त्यसको फेदमा राम्ररी ढुंगाको चौतारा बनाए। नन्दा भन्ने उनकी भार्याले त्यसको नगिचमा एक पोखरी खन्न लगाइन्। चित्रा भन्ने भार्याले फूल तथा लताहरू रोप्न लगाइन्। सबभन्दा जेठी भार्या चाहिंले सिंगार पटार गरेरै जीवन बिताइन्। यो देखेर मघले सुजातालाई भने –

"भद्रे ! सुधर्मा, नन्दा तथा चित्राले केहीन केही पुण्यकर्म गरे। तिमीले भने केही पुण्यकर्म गरेकी छैनौ। केही पुण्यकर्म गर।"

"स्वामी ! तपाईले कसको निमित्त पुण्यकर्म गुर्नु भएको त ? तपाईले गर्नु भएको पुण्य मेरै त हो नि" भन्दै सुजाताले आफ्नो शरीर मात्र ठाँट-बाँट् गर्नमा नै मस्त भइन् र कुनै पनि पुण्यकर्म गरिनन्।

आयु छउन्जेलसम्म सप्तव्रत समेत पालन गरी मृत्युपछि मघ माणवक त्रयस्त्रिंश भवनमा शक्र भएर उत्पन्न भए। ती तेत्तीसजनाको दल पनि मृत्युपछि त्रयस्त्रिंश भवनमै तेत्तीस (३३) देवपुत्रहरू भएर उनकै छेउमा उत्पन्न भए।

शक्रको सातशय (७००) योजन अग्लो वैजयन्तप्रासाद उत्पन्न भयो। प्रासादमाथि तीनशय (३००) योजन अग्लो झण्डा उत्पन्न भयो। कोविदार वृक्षको प्रभावले एकशय (१००) योजन परिमण्डल भएको र पचास (५०) योजन चौडाई भएका शाखाहरूयुक्त पारिछत्रक *(पारिजात)* वृक्ष उत्पन्न भयो। ढुंगाको चौताराको प्रभावले पारिछत्रकको फेदमा साठी (६०) योजनको पण्डुकम्बल *(घ्यू रङ्को कम्बल जस्तो)* ढुंगाको चट्टान उत्पन्न भयो। सुधर्माको कर्णिकाको प्रभावले तीनशय (३००) योजनको सुधर्मा भन्ने शाला उत्पन्न भयो। नन्दाको पुष्करिणीको प्रभावद्वारा पचास (५०) योजनको नन्दा भन्ने पोखरी उत्पन्न भयो। चित्राको फूल र लताको प्रभावद्वारा साठी (६०) योजनको चित्रलता भन्ने उद्यान उत्पन्नभयो।

एकदिन, शक्र देवराज सुधर्मा देवसभामा योजन प्रमाणको सुवर्ण आसनमा बसी तीन योजनको स्वेतछत्र ओढी ती देवपुत्रहरूसँग, ती देवकन्याहरूसँग, अढाई कोटी नर्तकीहरूसँग तथा दुवै देवलोकका देवताहरूसँगै महासम्पत्ति अवलोकन गरिरहेको बेलामा ती-तीन स्त्रीहरूलाई देखी अर्की कहाँ रहिन्छन् भनी अवलोकन गर्दा – आफूले भनेको कुरा नसुनी अहिले बकुल्ला भई कन्दर पर्वतमा जन्मेकी रहिन्छन् भनी दिव्यचक्षुद्वारा देखी देवलोकबाट ओर्ल्ही उसकहाँ गए। उसले देख्नेबित्तिकै शक्रलाई चिनी टाउको निहुऱ्याई बसी।

अनि शक्रले – "मूर्ख ! अहिले किन टाउको ठाडो नपारेकी ? मेरो कुरा नसुनी तैंले आफ्नै शरीर मात्र ठाँट-बाँट् गरी जिन्दगी बिताइस्। सुधर्मा, नन्दा तथा चित्राहरू मकहाँ नै उत्पन्न भए। आ, हामीहरूको श्रीसम्पत्ति हेर" भनी उसलाई देवलोकमा लगी नन्दा पुष्करिणीमा राखी शक्र आसनमा बसे।

नर्तकी स्त्रीहरूले – " महाराज ! तपाई कहाँ जानुभएको थियो ?" भनी सोध्दा भन्न नचाहेता पनि उनीहरूले बार बार जिक्री गरेपछि विवश भई शक्रले "सुजाताकहाँ गएको थिएँ" भनी भने।

"महाराज ! उनी कहाँ उत्पन्न भइन् त ?"

"कन्दर पर्वतमा बकुल्ला भई जन्मिन्।"

"अहिले कहाँ छिन् त ? "

"नन्दाको पुष्करिणीमा राखी दिएको छु।"

"आऊ, हाम्रा आर्यालाई हेर्न जाऔं" भनी तिनीहरू सबै गए।

अघि ऊ *(सुजाता)* सबैको जेठी भई कसैलाई नगनी बस्दथी। अहिले उसलाई देखेर उनीहरूले – "अहा ! हेर, हाम्रा आर्याको मुख कति लामो चुच्चो परेको, गंगटालाई झोस्ने शूल जस्तो ! " भन्दै गिल्लागरी खूब हस्सी उडाउनथाले। ऊ सारै लज्जित भई शक्र देवराजलाई भनी – " महाराज ! यी सुन, चाँदी तथा मणिमय विमान र यो नन्दा पुष्करिणीले मलाई के गर्छ र ! महाराज ! प्राणीहरूलाई आफ्नो जन्मभूमि नै सुखलाग्छ। अतः मलाई मेरै कन्दर पर्वतमा पुऱ्याइदिनुहोस्।"

Downloaded from http://www.dhamma.digital

प्रश्नहरू यिनले मसँग सोध्नेछन् – ती सबै अर्थसहित *(सार्थक)* नै हुनेछ र अनर्थसहित *(निरर्थक)* हुनेछैन । प्रश्नको उत्तरमा जे जति मैले भन्नेछु – ती सबै *(यिनले)* यथाशीघ्र नै बुझ्न सक्ने छन् ।"

१३. अनि भगवान्ले शक्र देवेन्द्रलाई गाथाद्वारा भन्नुभयो –

"वासव ! जे चाहन्छौ त्यो मसँग सोध । त्यस प्रश्नको अन्त म गर्दिनेछु ।"

**प्रथम भाणवार समाप्त ।**

---

अनि शक्रले उसलाई उसकै ठाउँमा पुऱ्याइदिए र "मेरो कुरा मान्नेछौ ?" भनी सोध्दा उसले " महाराज ! मान्नेछु" भनी जवाफ दिएपछि "त्यसोभए, अखण्ड रूपले पञ्चशील पालन गर । चिरकाल नबित्दै उनीहरूमध्ये जेठी बनाइदिनेछु" भनी शक्रले भने । उसले पनि त्यस्तैगरी अखण्डरूपले पञ्चशील पालन गरी ।

केही समयपछि 'उसले शील रक्षा गर्छे कि गर्दिन, परीक्षा गर्नुपऱ्यो' भन्ने लागेपछि एक माछाको रूप धारण गरी उसको अगाडितिर उत्तानोपरी शक्र पानीमाथि बसे । 'मरेको माछा हुनुपर्छ' भन्ने सम्झी ऊ गई माछाको टाउकोमा चुच्चोले समाती । माछाले पुच्छर हल्लायो । 'जीवित नै रहेछ' भनी उसले माछालाई पानीमै छोडिदिई । अनि आकाशमा बसी शक्रले "साधु ! साधु ! ! शील रक्षा गर्दछौ । यसरी रक्षा गरेमा केही समयमै तिमीलाई नर्तकीहरूमध्ये जेठी बनाइदिनेछु" भनी शक्र फर्केर गए ।

उसको *(बकुल्ला)* आयु पाँचशय वर्ष *(५००)* वर्ष थियो । यस समयभित्र उसले कुनै पनि दिनमा पेटभरी खाना खान पाइन । जीउ सुकेर दुब्लो पातलो भएर पनि उसले शील खण्डन गरिन् । यसैबीच ऊ मृत्यु भई वाराणशीमा एक कुम्भकारको छोरी भई जन्मी ।

शक्रले ऊ कहाँ जन्मेकी रहिछे भन्ने विचार गरी हेर्दा कुम्भकारको घरमा देखी "उसलाई त्यहाँबाट त्यसै ल्याउन सकिन्न । उसलाई जीवनवृत्ति दिलाइदिनुपऱ्यो" भन्ने सोची बुढो भेष लिई एउटा ठेलागाडामा सुवर्णमय काँक्राहरू राखी गाउँको बीचमा गई "काँक्रो लेऊ, काँक्रो लेऊ ! " भन्दै कराउँदै एक ठाउँमा बसे । गाउँमा मानिसहरू आई "काँक्रो देऊ" भनी भन्दा उनले "शील रक्षा गर्नेहरूलाई मात्र दिनसक्छु । के तिमीहरू शील रक्षा गर्छौ ?" भनी सोधे । उनीहरूले "शील भनेको कस्तो भन्ने कुरा हामीलाई थाहा छैन । पैसाले काँक्रो देऊ" भनी भने । "म त शील रक्षा गर्नेलाई मात्र दिनसक्छु" भन्ने कुरा सुनी "अरे ! यो कस्तो काँक्रे बूढो रहेछ ! जाऔं" भन्दै उनीहरू सबै फर्केर गए । अनि सो कुम्भकारकी छोरीले "आमा ! तिमीहरू काँक्रो ल्याउँछौ भनी गएका होइनौ; खोइ त काँक्रा ?" भनी सोध्दा "शील रक्षा गर्नेलाई मात्र दिनसक्छु भन्दछ, कस्तो बूढो रहेछ कुन्नि ! हामीलाई त शील भनेको के हो भन्ने कुरा पनि थाहा छैन !" भनी जवाफ दिई । अनि सो केटी गई "तात ! मलाई काँक्रो देऊ" भनी माग्दा "तिमी शील रक्षा गर्छौ के ?" भनी सोधेपछि उसले "गर्छु" भनी जवाफ दिई । अनि काँक्रे बूढोले त्यसोभए यो तिम्रै भाग हो भनी उसको घरमा काँक्राको गाडा समेत छाडेर फर्के ।

सो केटी पनि जीवनभर शील रक्षा गरी मृत्युपछि वेपचित्ति असुरेन्द्रकी छोरी भई उत्पन्न भइन् । शीलको प्रभावद्वारा उनी अभिरूपा थिइन् । छोरीलाई विवाहमङ्गल गरिदिने मनसुवा गरी एकदिन, वेपचित्ति असुरेन्द्रले असुरहरूलाई एकत्रित गराए । त्यसबखत शक्रले कुम्भकार पुत्री कहाँ जन्मे रहिछन् भनी हेर्दा असुरभवनमा उत्पन्न भई आज उनको विवाह समेत हुनेछ भन्ने बुझी "जे गरेर पनि उनलाई यहाँ ल्याउनुपऱ्यो" भन्ने सोची असुरवर्ण लिई असुरहरूका बीच शक्र उभिइरहे । अनि उनका पिता वेपचित्तिले "तिम्रो पति रोज" भनी उनको हातमा फूलको माला दिई "जसलाई तिमी रुचाउँछौ उसलाई माला लगाऊ" भनी भने । हेर्दैजाँदा शक्रलाई देखेपछि पूर्वसंस्कारको कारणद्वारा उनको मनमा स्नेह उत्पन्न भई उनले "यिनै मेरा पति हुनेछन्" भन्दै उनलाई फूलमाला लगाइदिइन् । अनि उनलाई लिई शक्र आकाशमार्गबाट गए । यत्तिकैमा असुरगणहरूले उनी शक्र हुन् भन्ने कुरा थाहापाए । अनि असुरहरूले "हाम्रा शत्रु जडशक्रलाई हाम्रा छोरी दिनेछैनौं, समात, समात" भन्दै उनलाई लखेट्न थाले । वेपचित्तिले सोधे – "कसले लग्यो ?" "जड शक्रले लग्यो" भनी भन्दा उनले "भइहाल्यो, हामीहरूमध्ये उनी नै श्रेष्ठ छन्, छाडिदेऊ" भनी भने । शक्रले उनलाई अढाइकोटी नर्तकीहरूमध्ये जेठी बनाइदिए । उनले शक्रसँग वरदान मागिन् – "महाराज ! यस देवलोकमा मेरा आमाबाबु, दाजुभाई अथवा दिदीबहिनीहरू कोही पनि छैनन् । अतः जहाँ जहाँ तपाई जानुहुन्छ त्यहाँ त्यहाँ मलाई साथमा लैजानुहोस् ।" शक्रले "हुन्छ" भनी वचन दिए ।

यसरी मचल गाउँदेखि मघ माणवकको विशुद्धपनलाई बुझ्नभई भगवानले "यी यक्ष दीर्घकालदेखि विशुद्ध छन्" भनी सूत्रमा उल्लेख गर्नुभएको हो भनी सुमं. वि. III. पृ. १८-२७.सक्कपञ्हसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

## ३. शक्रको प्रश्नको उत्तर

१४. भगवान्ले अवकाश दिनुभएपछि शक्र देवेन्द्रले भगवान्सँग पहिलो प्रश्न सोधे –

(१) **वैर हुने कारण** – "मारिष ! कुन संयोजनद्वारा देवहरू, मनुष्यहरू, असुरहरू, नागहरू, गन्धर्वहरू तथा जो अन्य पृथक् पृथक् प्राणीहरू छन् – उनीहरू 'अवैर, अदण्ड, अशत्रुक, अहिंसक भई बसौं' भन्ने इच्छा गरे तापनि सवैर, सदण्ड, सशत्रुक, सहिंसक भई विहार गर्छन् ?"

"देवेन्द्र ! ईर्ष्यामात्सर्य[४७०] संयोजनद्वारा देवहरू, मनुष्यहरू, असुरहरू, नागहरू, गन्धर्वहरू तथा जो अन्य पृथक् पृथक् प्राणीहरू छन् – 'अवैर, अदण्ड, अशत्रुक, अहिंसक भई बसौं' भन्ने इच्छा गरे तापनि उनीहरू सवैर, सदण्ड, सशत्रुक, सहिंसक भई विहार गर्छन् तथा सवैरी भई विहार गर्छन् ।"

यसरी शक्र देवेन्द्रले सोधेको प्रश्नको उत्तर भगवान्ले दिनुभयो । अनि सन्तुष्ट भई शक्र देवेन्द्रले भगवान्को भाषणलाई "ठीक छ, भगवान् ! ठीकछ, भगवान् ! भगवान्को उत्तर सुनी मेरो शंका र सन्देह दूर भयो" भनी अभिनन्दन तथा अनुमोदन गरे ।

१५. भगवान्को भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी शक्र देवेन्द्रले भगवान्सँग अर्को प्रश्न सोधे –

(२) **ईर्ष्याको कारण** – "मारिष ! ईर्ष्यामात्सर्यको कारण, समुदय, उत्पत्ति तथा प्रभव के हो ? के भएमा ईर्ष्यामात्सर्य हुन्छ र के नभएमा ईर्ष्यामात्सर्य हुँदैन ?"

"देवेन्द्र प्रियाप्रिय[४७१] को कारणले, प्रियाप्रियको समुदयले, प्रियाप्रियको उत्पत्तिले तथा प्रियाप्रियको प्रभावले ईर्ष्यामात्सर्य हुन्छ; प्रियाप्रिय भएमा ईर्ष्यामात्सर्य हुन्छ; प्रियाप्रिय नभएमा ईर्ष्यामात्सर्य हुँदैन ।"

(३) प्रियाप्रियको कारण – "मारिष ! प्रियाप्रियको कारण, समुदय, उत्पत्ति तथा प्रभव के हो ? के भएमा प्रियाप्रिय हुन्छ र के नभएमा प्रियाप्रिय हुँदैन ?"

---

४७० अर्काको सम्पत्तिमाथि सहन गर्न नसक्ने, हेर्न नसक्ने तथा चित्तमा डाह हुने स्वभावलाई – 'ईर्ष्या' र आफ्नो सम्पत्तिमाथि अर्कालाई भोग गर्न दिन नसक्ने अथवा भोग गरेको हेर्न नसक्ने स्वभावलाई – 'मात्सर्य' भन्दछन् । सोझै भन्ने हो भने अर्काको अभिवृद्धि हेर्न नसक्ने स्वभावलाई ईर्ष्या र आफ्नो सम्पत्ति अर्कालाई दिन नचाहने अथवा बाँडिदिन नसक्ने स्वभावलाई मात्सर्य भन्दछन् । यो मात्सर्य पाँच प्रकारका छन् – (१) आवास-मात्सर्य, (२) कुल-मात्सर्य, (३) लाभ-मात्सर्य, (४) वर्ण-मात्सर्य, (५) धर्म-मात्सर्य ।

४७१ प्रिय सत्त्वहरूको कारणद्वारा ईर्ष्या र अप्रिय सत्त्वहरूको कारणद्वारा मात्सर्य हुन्छ । दुबैको कारणद्वारा दुवै पनि हुन्छ । प्रव्रजितहरूको निमित्त साथमा बस्नेहरूसँग, गृहस्थीहरूको निमित्त पुत्रादि सन्तानहरू तथा हात्ती घोडाहरू प्रिय हुन्छ र उनीहरूप्रति ममता हुन्छ । त्यस्ता प्रिय वस्तुहरू एकछिन देख्न नपाउँदा पनि उसले सहन गर्न सक्दैन । अनि कसैले त्यस्तो प्रियवस्तु पाएको देख्दा उसले त्यसमाथि ईर्ष्या गर्छ । अनि सो प्यार गरेको वस्तु केही छिनको लागि अर्काले माग्दा पनि उसले 'म दिन सक्दिन, एकछिन पनि छाड्न सक्दिन' भनी मात्सर्य गर्छ । यसरी दुबैकारणद्वारा ईर्ष्या र मात्सर्य हुन्छ । भिक्षुहरू पात्र चीवरादि प्यार गर्छन्, गृहस्थीहरू अलंकार आभूषणहरू आदि प्यार गर्छन् । त्यस्ता वस्तुहरू अरूले पाएको देखेर उसले त्यस्ता वस्तुहरू अरूले नपाए हुन्थ्यो भन्ने ईर्ष्या गर्छ । त्यस्तो वस्तु कसैले मागेको खण्डमा 'दिन सक्दिन' भन्दै मात्सर्य गर्छ । यसरी प्रियको कारणले दुवै उत्पन्न हुन्छ र अप्रियको कारणद्वारा पनि दुवै उत्पन्न हुन्छन् । त्यस्तै सत्त्व वा वस्तुहरू पाएर कसैलाई अप्रिय भए ता पनि लोभको कारणले उसले त्यसलाई छाड्न नसकी मैले जस्तो अरूले यस्तो वस्तुहरू के पाउन सक्ला भनी ईर्ष्या गर्छ । कसैले मागे पनि मात्सर्यको कारणले दिन सक्दिन । यसरी अप्रियको कारणद्वारा पनि ईर्ष्या मात्सर्य उत्पन्न हुन्छ ।

Downloaded from http://www.dhamma.digital

"देवेन्द्र ! छन्द[४७२] *(इच्छा)* को कारणले, छन्दको समुदयले, छन्दको उत्पत्तिले तथा छन्दको प्रभवले प्रियाप्रिय हुन्छ; छन्द *(इच्छा)* भएमा प्रियाप्रिय हुन्छ; छन्द नभएमा प्रियाप्रिय हुँदैन ।"

(४) **छन्दको कारण** – "मारिष ! छन्दको कारण, ... तथा प्रभव के हो ? के भएमा छन्द हुन्छ र के नभएमा छन्द हुँदैन ?"

"देवेन्द्र ! वितर्कनाको कारणले ... तथा वितर्कनाको प्रभवले छन्द *(इच्छा=तृष्णा)* हुन्छ; वितर्कना भएमा छन्द हुन्छ; वितर्कना नभएमा छन्द हुँदैन ।"

(५) वितर्कनाको कारण – "मारिष ! वितर्कनाको कारण, ... तथा प्रभव के हो ? के भएमा वितर्कना हुन्छ र के नभएम वितर्कना हुँदैन ?"

"देवेन्द्र ! प्रपञ्चसंज्ञासंख्याको कारण ... तथा प्रभवले वितर्कना हुन्छ; प्रपञ्चसंज्ञासंख्या भएमा वितर्कना हुन्छ; प्रपञ्च[४७३]संज्ञासंख्या नभएमा वितर्कना हुँदैन ।"

(६) **प्रपञ्च निरोध** – "मारिष ! कसरी प्रपञ्चसंज्ञासंख्यालाई भिक्षुले निरोध गर्छ[४७४] ? र कसरी निरोधमार्गमा भिक्षु लागेको हुन्छ ?"

१६. "देवेन्द्र ! (अ) सौमनस्य *(मनमा हुने प्रसन्नता)* पनि दुई प्रकारका छन् भनी म भन्दछु – (१) सेवनीय र (२) असेवनीय । देवेन्द्र ! (आ) दौर्मनस्य *(मनमा हुने अप्रसन्नता)* पनि दुई प्रकारका छन् भनी म भन्दछु – (१) सेवनीय र (२) असेवनीय । देवेन्द्र ! (इ) उपेक्षा पनि दुई प्रकारका छन् भनी म भन्दछु – (१) सेवनीय र असेवनीय[४७५] ।"

१७. (अ) "देवेन्द्र ! 'सौमनस्य पनि दुई प्रकारका छन् – सेवनीय र असेवनीय' भनी जुन कुरा भनिएका हुन् – सो कुन कारणले भनेका हुन् भने ? – त्यहाँ जुन सौमनस्य सेवन गर्दा 'मेरा अकुशलधर्महरू बढ्दछन् र कुशल धर्महरू घट्दछन्' भन्ने ज्ञान हुन्छ – त्यस्तो सौमनस्य असेवनीय छ । त्यहाँ जुन सौमनस्य सेवन गर्दा 'मेरा अकुशल धर्महरू घट्दछन् र कुशल धर्महरू बढ्दछन्' भन्ने ज्ञान

---

४७२ यो 'छन्द *(इच्छा)*' पाँच प्रकारका छन् – (१) परिएषण छन्द, (२) प्रतिलाभ छन्द, (३) परिभोग छन्द (४) सन्निधि छन्द तथा (५) विसर्जन छन्द ।

रूपादि विषयको र धनसम्पत्तिको खोज गर्नु – परिएषण छन्द हो । खोजद्वारा पाएको रूपादि तथा धनसम्पत्ति-प्रतिलाभ छन्द हो । त्यसको सेवन गर्नु – परिभोग छन्द हो । लाभ भएको रूपादि तथा धनसम्पत्तिको रक्षा गर्नु – सन्निधि छन्द हो । अनि आफ्नो रक्षाको निमित्त खर्च गर्नु – विसर्जन छन्द हो । यस सूत्रमा चाहिं तृष्णा मात्रलाई छन्द भनिएको हो ।

४७३ प्रपञ्च तीन प्रकारका छन् – (१) तृष्णाप्रपञ्च, (२) मानप्रपञ्च, (३) दृष्टिप्रपञ्च । यसमध्ये एकशय आठ (१०८) प्रकारका तृष्णाहरूलाई – तृष्णाप्रपञ्च भनिएको हो । नौ प्रकारका मानलाई – मानप्रपञ्च भनिएको हो ।

४७४ "प्रपञ्चसंज्ञासंख्यालाई कसरी निरोध गर्छ र कसरी निरोध मार्गमा लागेका हुन्छ ?" भन्ने प्रश्नद्वारा शक्रले विपश्यनाध्यानका साथ मार्ग सम्बन्धी प्रश्न गरेका हुन् भनी सुमं. वि. III. पृ. ३१ ले उल्लेख गरेको छ ।

४७५ "शक्रले जुन प्रश्न सोधेका थिए ती प्रश्नका उत्तर दिनु नभई किन तीन वेदनाहरूका सम्बन्धमा कुरा बताउनुभएको हो । के भगवानले सम्बन्धित विषयभन्दा बाहिरका कुरा बताउनुभएन ?" भन्ने प्रश्नहरूका बारेमा सविस्तर छलफल र "किन भगवानले तीन वेदनाका कुराहरू बताउनुभएको हो ?" भन्ने प्रश्नको उत्तरहरू विस्तृतरूपले सुमं. वि. III. पृ. ३१ ले उल्लेख गरेका छन् । शक्रले सोधेका प्रश्न सम्बन्धी कुरा बुझाउनको निमित्त र जुन देवहरूलाई रूप प्रकट देखिन्छ, जुन देवहरूलाई अरूप प्रकट देखिन्छ – ती देवताहरूको चित्ताचारलाई अनुरूप हुने गरी उक्त कुरा भन्नुभएको हो भन्ने आदि विस्तृत कुराहरू सुमं. वि. III. पृ.३१-३४ ले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

हुन्छ – त्यस्तो सौमनस्य सेवनीय छ[४७६]। त्यहाँ जुन सवितर्क र सविचार तथा अवितर्क र विचार हुन् – त्यसमध्ये अवितर्क र विचार उत्तम छ। 'सौमनस्य पनि दुई प्रकारका छन् – सेवनीय र असेवनीय' भनी जुन कुरा भनिएका हुन् – सो यसै कारणले भनिएका हुन्।"

१८. (आ) "देवेन्द्र ! 'दौमनस्य पनि दुई प्रकारका छन् – सेवनीय र असेवनीय भनी जुन कुरा भनिएका हुन् – सो कुन कारणले भनेका हुन् भने ? – त्यहाँ जुन दौर्मनस्य सेवन गर्दा 'मेरा अकुशल धर्महरू बढ्दछन् र कुशल धर्महरू घट्दछन्' भन्ने ज्ञान हुन्छ – त्यस्तो दौर्मनस्य असेवनीय छ। त्यहाँ जुन दौर्मनस्य सेवन गर्दा 'मेरा अकुशल धर्महरू घट्दछन् र कुशल धर्महरू बढ्दछन्' भन्ने ज्ञान हुन्छ – त्यस्तो दौर्मनस्य सेवनीय छ। त्यहाँ जुन सवितर्क र सविचार तथा अवितर्क र अविचार हुन् – त्यसमध्ये अवितर्क र अविचार उत्तम छ। 'दौर्मनस्य पनि दुई प्रकारका छन् – सेवनीय र असेवनीय' भनी जुन कुरा भनिएका हुन् – सो यसै कारणले भनिएका हुन्।

१९. (इ) 'देवेन्द्र ! 'उपेक्षा पनि दुई प्रकारका छन् – सेवनीय र असेवनीय' भनी जुन कुरा भनिएका हुन् – सो कुन कारणले भनेका हुन् भने ? – त्यहाँ जुन उपेक्षा सेवन गर्दा 'मेरा अकुशल धर्महरू बढ्दछन् र कुशल धर्महरू घट्दछन्' भन्ने ज्ञान हुन्छ – त्यस्तो उपेक्षा असेवनीय छ। त्यहाँ जुन उपेक्षा सेवन गर्दा 'मेरा अकुशल धर्महरू घट्दछन् र कुशल धर्महरू बढ्दछन्' भन्ने ज्ञान हुन्छ – त्यस्तो उपेक्षा सेवनीय छ। त्यहाँ जुन सवितर्क र सविचार तथा अवितर्क र अविचार हुन् – त्यसमध्ये अवितर्क र अविचार उत्तम छ। 'उपेक्षा पनि दुई प्रकारका छन् – सेवनीय र असेवनीय' भनी जुन कुरा भनिएका हुन् – सो यसै कारणले भनिएका हुन्। देवेन्द्र ! यसरी भिक्षुले प्रपञ्चसंज्ञासंख्यालाई निरोध गर्छ[४७७] र यसरी भिक्षु निरोध मार्गमा लागेको हुन्छ।"

२०. यसरी भगवान्ले शक्र देवेन्द्रद्वारा सोधिएका प्रश्नहरूको उत्तर दिनुभयो। अनि सन्तुष्ट भई शक्र देवेन्द्रले भगवान्को भाषणलाई अभिनन्दन तथा अनुमोदन गरे – "ठीक छ, भगवान् ! ठीक छ, भगवान् ! भगवान्को उत्तर सुनी मेरो शंका र सन्देह दूर भयो।"

२१. यसरी भगवान्को भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी पुनः शक्र देवेन्द्रले भगवान्सँग अर्को प्रश्न सोधे –

**(७) प्रातिमोक्ष संवर** – "मारिष ! कसरी प्रतिपन्न हुने भिक्षु प्रातिमोक्ष संवरको निमित्त प्रतिपन्न भएको हुन्छ[४७८] ?"

---

४७६ कस्तो सौमनस्य सेवनीय र असेवनीय भन्ने विषयको स्पष्टिकरण सुमं. वि. III. पृ. ३४ मा उल्लेख भएका छन्।

४७७ यो प्रपञ्चसंज्ञासंख्या निरोध सम्बन्धीका कुरा शक्रले कुन हिसाबले सोधेका हुन् र भगवानले कुन हिसाबले उत्तर दिनुभएको हो भन्ने सम्बन्धमा सुमं. वि. III. पृ. ४३ सक्कपञ्हसुत्तवण्णनामा सविस्तर उल्लेख भएका छन्।

यी प्रश्नका उत्तरहरू सुनेर स्रोतापत्तिफल साक्षात्कार गरी उहीं च्युत भई शक्र देवेन्द्र पुनः उही स्थानमै नयाँ शक्र भएर उत्पन्न भए। देवताहरू च्युत हुने कारण कसैले देख्न सकिन्न। अतः शक्र च्युत भएर पनि पुनः उत्पन्न भएको कुरा स्वयं शक्र र सम्यक्सम्बुद्धलाई मात्र थाहा थियो। किन यसरी च्युत हुन्छन् भन्ने विषयका कुराहरू सुमं. वि. III. पृ. ४३-४४ मा वर्णित भएका छन्।

४७८ स्रोतापन्न भएका शक्रले 'अर्हत्व भनेको चराहरू झैं उफ्रेर पाउन सक्ने होइन। अवश्य पनि त्यसको लागि कुनै पूर्व मार्ग हुनुपर्छ। अतः भगवानसँग सो पूर्वभाग प्रतिपदको बारेमा कुरा सोध्नुपर्‍यो' भन्ने सोचेर प्रातिमोक्ष सम्बन्धी कुरा सोधेका हुन् भनी सुमं. वि. III. पृ. ४४ सक्कपञ्हसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

"देवेन्द्र ! (अ) कायिक आचरण *(कायसमाचार)* पनि दुई प्रकारका छन् भनी म भन्दछु – (१) सेवनीय र (२) असेवनीय । (आ) वाचिक आचरण *(वचीसमाचार)* पनि दुई प्रकारका छन् भनी म भन्दछु – (१) सेवनीय र (२) असेवनीय । (इ) पर्येषण पनि दुई प्रकारका छन् भनी म भन्दछु – (१) सेवनीय र (२) असेवनीय ।"

(अ) "देवेन्द्र ! 'कायिक आचरण पनि दुई प्रकारका छन – सेवनीय र असेवनीय' भनी जुन कुरा भनिएको हुन् – सो कुन कारणले भनेका हुन् भने ? – त्यहाँ जुन कायिक आचरण सेवन गर्दा 'मेरा अकुशल धर्महरू बढ्दछन् र कुशल धर्महरू घट्दछन्' भन्ने ज्ञान हुन्छ – त्यस्तो कायिक आचरण असेवनीय छ । त्यहाँ जुन कायिक आचरण गर्दा 'मेरा अकुशल धर्महरू घट्दछन् र कुशल धर्महरू बढ्दछन्' भन्ने ज्ञान हुन्छ – त्यस्तो कायिक आचरण सेवनीय छ[४७९] । 'कायिक आचरण पनि दुई प्रकारका छन् – सेवनीय र असेवनीय' भनी जुन कुरा भनिएका हुन् – सो यसै कारणले भनिएका हुन् ।"

(आ) "देवेन्द्र ! 'वाचिक आचरण पनि दुई प्रकारका छन् – सेवनीय र असेवनीय' भनी जुन कुरा भनिएका हुन् – सो कुन कारणले भनेका हुन् भने ? – त्यहाँ जुन वाचिक आचरण सेवन गर्दा 'मेरा अकुशल धर्महरू बढ्दछन् र कुशल धर्महरू घट्दछन्' भन्ने ज्ञान हुन्छ – त्यस्तो वाचिक आचरण असेवनीय छ । त्यहाँ जुन वाचिक आचरण सेवन गर्दा 'मेरा अकुशल धर्महरू घट्दछन् र कुशल धर्महरू बढ्दछन्' भन्ने ज्ञान हुन्छ – त्यस्तो वाचिक आचरण सेवनीय छ । 'वाचिक आचरण पनि दुई प्रकारका छन – सेवनीय र असेवनीय' भनी जुन कुरा भनिएका हुन् – सो यसै कारणले भनिएका हुन् ।"

(इ) 'देवेन्द्र ! 'पर्यषण पनि दुई प्रकारका छन् – सेवनीय र असेवनीय' भनी जुन कुरा भनिएका हुन् – सो कुन कारणले भनेका हुन् भने ? – त्यहाँ जुन पर्येषण गर्दा 'मेरा अकुशल धर्महरू बढ्दछन् र कुशल धर्महरू घट्दछन्' भन्ने ज्ञान हुन्छ – त्यस्तो पर्येषण असेवनीय छ । त्यहाँ जुन पर्येषण गर्दा 'मेरा अकुशल धर्महरू घट्दछन् र कुशल धर्महरू बढ्दछन्' भन्ने ज्ञान हुन्छ – त्यस्तो पर्येषण सेवनीय छ । 'पर्येषण[४८०] पनि दुई प्रकारका छन् – सेवनीय र असेवनीय' भनी जुन कुरा भनिएका हुन् – सो यसै कारणले भनिएका हुन् । देवेन्द्र ! यसरी प्रतिपन्न हुने भिक्षु प्रातिमोक्षसंवरको निमित्त प्रतिपन्न भएको हुन्छ ।'

यसरी भगवान्‌ले शक्रले सोधेका प्रश्नहरूको उत्तर दिनुभयो । अनि सन्तुष्ट भई शक्र देवेन्द्रले भगवान्‌को भाषणलाई अभिनन्दन तथा अनुमोदन गरे – "ठीक छ, भगवान् ! ठीक छ, भगवान् ! भगवान्‌को उत्तर सुनी मेरो शंका र सन्देह दूर भयो ।"

२२. यसरी भगवान्‌को भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी शक्र देवेन्द्रले भगवान्‌सँग पुनः अर्को प्रश्न सोधे –

---

४७९ यहाँ उल्लेख भएका सेवनीय र असेवनीय कायिक आचरणलाई शीलकथा पनि भनिन्छ । प्राणी हिंसा, अदिन्नादान, मिथ्याचार कायद्वारबाट हुने भएकोले यस्तो कायिक आचरण असेवनीय छ अर्थात् त्याज्य छ । त्यस्तै वचनबाट हुने मृषावाद आदि पनि असेवनीय छ । यस्तो असेवनीय कायसमाचार त्याग्दा जुन विरति चित्तमा उत्पन्न हुन्छ अर्थात् करुणादि कुशलचेतना हो – सो सेवनीय हो । यस सम्बन्धमा विस्तृत व्याख्या सुमं. वि. III. पृ. ४४ मा उल्लेख भएका छन् ।

४८० पर्येषण भनेको कस्तो पर्येषणलाई भनेको हो भन्ने कुरा र कति प्रकारका पर्येषणहरू छन् भन्ने कुराको व्याख्या सुमं. वि. III. पृ. ४४-४५ मा गरिएको छ । पर्येषण सम्बन्धमा म.नि. नेपाल भाषा पृ.१३२: पासरासि वा अरियपरियेसनसुत्तंमा पनि हेर्नु योग्य छ ।

Downloaded from http://www.dhamma.digital

(८) **इन्द्रियसंवर** – "मारिष ! कसरी प्रतिपन्न हुने भिक्षु इन्द्रियसंयमको निमित्त प्रतिपन्न भएको हुन्छ ? "

"देवेन्द्र ! चक्षुविज्ञेयरूप *(चक्षुद्वारा जान्नुपर्ने रूप)* पनि दुई प्रकारका छन् भनी म भन्दछु – (१) सेवनीय र (२) असेवनीय । श्रोतविज्ञेय शब्द *(कानद्वारा जान्नुपर्ने शब्द)* पनि दुई प्रकारका छन् भनी म भन्दछु – (१) सेवनीय र (२) असेवनीय । घ्राणविज्ञेय गन्ध *(नाकद्वारा जान्नुपर्ने गन्ध)* पनि दुई प्रकारका छन् भनी म भन्दछु – (१) सेवनीय र (२) असेवनीय । जिह्वाविज्ञेय रस *(जिभ्रोद्वारा जान्नुपर्ने स्वाद)* पनि दुई प्रकारका छन् भनी म भन्दछु – (१) सेवनीय र (२) असेवनीय । कायविज्ञेय स्पर्श *(शरीरद्वारा जान्नुपर्ने स्पर्श)* पनि दुई प्रकारका छन् भनी म भन्दछु – (१) सेवनीय र (२) असेवनीय ।"

यस्तो भन्नुहुँदा शक्र देवेन्द्रले भगवान्‌लाई यस्तो भने – "भन्ते ! भगवान्‌ले संक्षेप रूपमा भन्नुभएको यस कुराको अर्थ यसरी म विस्तारपूर्वक बुझ्दछु[४८१] । भन्ते ! जुन प्रकारको चक्षुविज्ञेय रूप सेवन गर्दा *(हेर्दा)* अकुशल धर्महरू बढ्दछन् र कुशल धर्महरू घट्दछन् – त्यसप्रकारको चक्षुविज्ञेय रूप सेवन गर्नु हुन्न । भन्ते ! जुन प्रकारको चक्षुविज्ञेय रूप सेवन गर्दा अकुशल धर्महरू घट्दछन् र कुशल धर्महरू बढ्दछन् – त्यसप्रकारको चक्षुविज्ञेय रूप सेवन गर्नुहुन्छ । भन्ते ! जुन प्रकारको स्रोतविज्ञेय शब्द सेवन गर्दा अकुशल धर्महरू बढ्दछन् र कुशल धर्महरू घट्दछन् – त्यसप्रकारको स्रोतविज्ञेय शब्द सेवन गर्नु हुन्न । भन्ते ! जुन प्रकारको स्रोतविज्ञेय शब्द सेवन गर्दा अकुशल धर्महरू घट्दछन् र कुशल धर्महरू बढ्दछन् – त्यसप्रकारको स्रोतविज्ञेय शब्द सेवन गर्नुहुन्छ । भन्ते ! जुन प्रकारको घ्राणविज्ञेय गन्ध सेवन गर्दा अकुशल धर्महरू बढ्दछन् र कुशल धर्महरू घट्दछन् – त्यसप्रकारको घ्राणविज्ञेय गन्ध सेवन गर्नु हुन्न । भन्ते ! जुन प्रकारको घ्राणविज्ञेय गन्ध सेवन गर्दा अकुशल धर्महरू घट्दछन् र कुशल धर्महरू बढ्दछन् – त्यसप्रकारको घ्राणविज्ञेय गन्ध सेवन गर्नु हुन्न । भन्ते ! जुन प्रकारको जिह्वाविज्ञेय रस सेवन गर्दा अकुशल धर्महरू घट्दछन् र कुशल धर्महरू बढ्दछन् – त्यसप्रकारको जिह्वाविज्ञेय रस सेवन गर्नुहुन्छ । भन्ते ! जुन प्रकारको कायविज्ञेय स्पर्श सेवन गर्दा अकुशल धर्महरू बढ्दछन् र कुशल धर्महरू घट्दछन – त्यसप्रकारको कायविज्ञेय स्पर्श सेवन गर्नु हुन्न । भन्ते ! जुन प्रकारको कायविज्ञेय स्पर्श सेवन गर्दा अकुशल धर्महरू घट्दछन् र कुशल धर्महरू बढ्दछन – त्यसप्रकारको कायविज्ञेय स्पर्श[४८२] सेवन गर्नुहुन्छ । भन्ते ! जुन प्रकारको मनःविज्ञेय धर्म सेवन गर्दा अकुशल धर्महरू बढ्दछन् र कुशल धर्महरू घट्दछन् – त्यसप्रकारको मनःविज्ञेय धर्म सेवन गर्नु हुन्न । भन्ते ! जुन प्रकारको मनःविज्ञेय धर्म सेवन गर्दा अकुशल धर्महरू घट्दछन् र कुशल धर्महरू बढ्दछन् त्यसप्रकारको मनःविज्ञेय

---

४८१ शक्रले जुन कुरा यहाँ 'यस कुराको अर्थ यसरी म विस्तारपूर्वक बुझ्दछु' भनी भने सो यसभन्दा अघि सेवनीय र असेवनीय विषयमा बताउनुभएको कुरालाई ध्यानमा राखी त्यसो भनेका हुन् । भगवानले पनि उनले यसको अर्थ बुझ्न सक्ने छन् भन्ने बुझ्नुभई उनलाई अर्थ बताउने अवकाश दिनुभएको हो भनी सुमं. वि. III. पृ. ४७ सक्कपञ्हसुत्तवण्णनाले उल्लेख गरेको छ । कुन प्रकारका रूपादिलाई कुन प्रकारले हेर्दा कुशल वा अकुशल हुने हो तथा कुन प्रकारका रूपादि सेवनीय र असेवनीय छन् भन्ने कुराको व्याख्या पनि उसै पृष्ठमा उल्लेख भएका छन् ।

४८२ जुन स्पर्शको अनुभव गर्दा रागादि क्लेशहरू उत्पन्न हुन्छन् त्यस्तो स्पर्श असेवनीय छ । जुन स्पर्शको अनुभव गर्दा रागादि क्लेशहरू उत्पन्न हुन्नन् र कुशलहरू उत्पन्न हुन्छन् अनि सारिपुत्र महास्थविर झैं अरहत् हुन्छन् त्यस्तो स्पर्श सेवनीय छ । यस किसिमको चर्या पछिल्ला भिक्षुहरूका निमित्त पनि आदर्श बन्न जान्छ । जस्तै – सारिपुत्र महास्थविर ३० वर्षसम्म खाट्मा लेटी सुत्नुभएन, महामौद्गल्यायन महास्थविर पनि ३० वर्षसम्म खाट्मा लेटी सुत्नुभएन; महाकाश्यप महास्थविर १२० वर्षसम्म खाट्मा पल्टनुभएन; अनुरुद्ध महास्थविर ५५ वर्षसम्म खाट्मा पल्टनुभएन; भद्रीय महास्थविर ३० वर्षसम्म, सोण महास्थविर १८ वर्षसम्म, राष्ट्रपाल महास्थविर १२ वर्षसम्म, आनन्द महास्थविर १५ वर्षसम्म, राहुलस्थविर १२ वर्षसम्म, बक्कुल स्थविर ८० वर्षसम्म तथा नालक स्थविर परिनिर्वाण नभएसम्म खाट्मा पल्टेर सुत्नुभएन । सुमं. वि. III. पृ. ४८ सक्कपञ्हसुत्तवण्णना । वर्तमान समयमा पनि खाट्मा लेटेर नसुत्ने धुतङ्ग नियम पालन गर्ने भिक्षुहरू बौद्ध देशहरूमा पाइन्छन् ।

Downloaded from http://www.dhamma.digital

धर्म[४८३] सेवन गर्नु हुन्छ ।

"भन्ते ! भगवान्ले संक्षेप रूपमा भन्नुभएको यस कुराको अर्थ यसरी म विस्तारपूर्वक बुझ्दछु । भगवान्कै कुरा सुनेर मेरो शंका र सन्देह दूर भयो ।"

२३. यसरी भगवान्को भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी शक्र देवेन्द्रले पुन: अर्को प्रश्न सोधे –

**(९) एक मत** – "मारिष ! सबै श्रमण ब्राह्मणहरूको एकै मत *(एकन्तवादा)*, एकै शील *(एकन्तसीला)*, एकै इच्छा *(एकन्तछन्दा)*, एकै अवशान *(एकन्तअज्झोसाना)* हुन्छ के ?"

'देवेन्द्र ! सबै श्रमण ब्राह्मणहरूको एकै मत, एकै शील, एकै इच्छा, एकै अवशान हुन्न ।'

"मारिष ! सबै श्रमण ब्राह्मणहरूको एक मत, एकै शील, एकै इच्छा, एकै अवशान किन हुन्न ?"

"देवेन्द्र ! यी लोक अनेक स्वभाव र नाना स्वभावको छ । त्यो अनेक स्वभाव र नाना स्वभाव[४८४] भएको लोकमा जो प्राणीले जुन विचार ग्रहण गर्छ – उसले सोही विचारलाई दृढतापूर्वक ग्रहण गरी व्यवहार गर्छ – 'यही सत्य हो अरू तुच्छ हो ।' त्यसैले सबै श्रमण ब्राह्मणहरूको एकै मत, एकै शील, एकै इच्छा, एकै अवशान हुन्न ।"

**(१०) अत्यन्त निष्ठा** – "मारिष ! सबै श्रमण ब्राह्मणहरू अत्यन्त निष्ठावान्, अत्यन्त योगक्षेमी, अत्यन्त ब्रह्मचारी, अत्यन्त पर्यवशान हुन्छन् के ?"

"देवेन्द्र ! सबै श्रमण ब्राह्मणहरू अत्यन्त निष्ठावान्, अत्यन्त योगक्षेमी, अत्यन्त ब्रह्मचारी, अत्यन्त पर्यवशान हुन्नन् ।"

"मारिष ! सबै श्रमण ब्राह्मणहरू अत्यन्त निष्ठावान्, अत्यन्त योगक्षेमी, अत्यन्त ब्रह्मचारी, अत्यन्त पर्यवशान किन हुन्नन् त ?"

"देवेन्द्र ! जो भिक्षुहरू तृष्णासंक्षम गरी विमुक्त हुन्छन् – तिनीहरू अत्यन्त निष्ठावान्, अत्यन्त योगक्षेमी, अत्यन्त ब्रह्मचारी, अत्यन्त पर्यवशान हुन्छन् । त्यसैले सबै श्रमण ब्राह्मणहरू अत्यन्त

---

४८३ जुन मन:विज्ञेय धर्म अर्थात् मनमा हुने कल्पनाहरू हुन् – जस्तै – 'अहा अर्काको सम्पत्ति मेरो भइदिए हुन्थ्यो' भन्ने आदि अभिध्यायुक्त संकल्प हुन् – त्यस्ता संकल्प असेवनीय छ । 'सबैको कल्याण होस्, भलो होस्' भन्ने जस्ता जुन संकल्प अथवा कल्पना हुन् त्यस्ता मैत्रीयुक्त कल्पना सेवनीय छ । तीनजना स्थविरहरूका संकल्प जस्ता संकल्प वा कल्पनाहरू सेवनीय छ । जस्तै –

तीनजना स्थविरहरू वर्षावासको समय आएपछि "काम वितर्कनादि अकुशल वितर्कनाहरू नगरी हामीहरू बस्न सक्नुपर्छ" भन्ने निश्चय गरी उनीहरू वर्षावास बसे । अनि वर्षावास सिद्धिने बेलामा सङ्घस्थविरले सोधे – "आवुसो ! यी तीन महीनाहरूमा कहाँसम्म चित्तलाई जानदियौ त ?" "भन्ते ! यस परिवेणको सिमाना बाहिर चित्तलाई जान दिइन ।" अर्कोसँग सोध्दा उनले "भन्ते ! बसेको घरभन्दा बाहिर चित्तलाई जान दिइन" भनी भने । अनि उनीहरूले सङ्घस्थविरसँग सोध्दा सङ्घस्थविरले "आवुसो ! यी शरीरभन्दा बाहिर चित्तलाई जान दिइन" भनी भने ।

यसप्रकारको मन:विज्ञेय धर्म अर्थात् कल्पना सेवनीय छ ।

४८४ भनाईको तात्पर्य यस लोकमा अनेक विचारधाराका र नाना विचारधारामा मानिसहरू हुन्छन् । एक जान चाहे अर्को रहन चाहन्छ, एक रहन चाहे अर्को जान चाहन्छ, एकै विचारका दुई मानिस पाउनु गाह्रो छ । त्यसैले उनीहरूले आ-आफ्नो रुचि अनुसार आ-आफ्नो विचारलाई दृढतापूर्वक ग्रहण गर्छन् ।

Downloaded from http://www.dhamma.digital

निष्ठावान्, अत्यन्त योगक्षेमी, अत्यन्त ब्रह्मचारी, अत्यन्त पर्यवशान हुन्नन्[४८५] ।"

यसरी भगवान्ले शक्र देवेन्द्रले सोधेका प्रश्नहरूको उत्तर दिनुभयो । अनि सन्तुष्ट भई शक्र देवेन्द्रले भगवान्को भाषणलाई अभिनन्दन तथा अनुमोदन गरे – "ठीक छ, भगवान् ! ठीक छ, भगवान् ! भगवान्को उत्तर सुनी मेरो शंका र सन्देह दूर भयो ।"

२४. अनि शक्र देवेन्द्रले भगवान्को भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी भगवान्लाई यस्तो भने –

"भन्ते ! तृष्णा नै रोग हो, तृष्णा नै गण्ह हो, तृष्णा नै शल्य हो; तृष्णाले नै यो पुरुषलाई त्यस भवमा जन्मिनुको निमित्त तान्दछ । त्यसैले यो पुरुष उच्चावच[४८६] *(उच्चनीच)* मा उत्पन्न हुन्छ । भन्ते ! जुन प्रश्नहरू सोध्ने अवकाश मात्र पनि मैले यहाँभन्दा बाहिरका श्रमण ब्राह्मणहरूबाट पाइन सो भगवान्ले मलाई व्याकरण गरिदिनुभयो । दीर्घकालदेखि मेरो मनमा रहिरहेको शंका र सन्देहरूपी शल्य *(काँडा)* लाई भगवान्ले झिकिदिनुभयो ।"

## अरू श्रमण ब्राह्मणहरूसँग प्रश्न सोधें

"देवेन्द्र ! तिमीले यी प्रश्नहरू अरू कुनै श्रमण ब्राह्मणहरूसँग सोधेका कुरा थाहा छ ?"

"भन्ते ! यी प्रश्नहरू मैले अरू श्रमण ब्राह्मणहरूसँग सोधेको कुरा मलाई थाहा छ ।"

"देवेन्द्र ! उनीहरूले कस्तो उत्तर दिए त ? यदि तिमीलाई गाह्रो लाग्दैन भने भन ।"

"भन्ते ! केको गाह्रो लाग्नु नि; जहाँ कि भगवान्, भगवान्को रूपमा बस्नुभएको छ ।"

"देवेन्द्र ! त्यसोभए भन ।"

"भन्ते ! निर्जन जङ्गलमा बस्ने श्रमण ब्राह्मणहरू भनी जसलाई म ठान्दछु – तिनीहरूकहाँ गई मैले यी प्रश्नहरू सोधें । मैले सोधेका प्रश्नहरूको उत्तर उनीहरूले राम्ररी दिन सकेनन् । उत्तर दिन नसकेपछि उनीहरूले मसँग सोध्नथाले – 'आयुष्मान् को हौं ?' उनीहरूको प्रश्नको उत्तरमा मैले 'म शक्र देवेन्द्र हुँ' भनी भने । उनीहरूले मसँग अर्को प्रश्न सोधे – 'के कर्म गरेर आयुष्मान् देवेन्द्र यो स्थानमा पुग्यौ ?' अनि मैले जस्तो सुनेको छु, जस्तो अध्ययन गरेको छु त्यस्तो धर्मोपदेश[४८७] उनीहरूलाई दिएँ । यत्तिकैमा उनीहरू 'हामीले शक्र देवेन्द्रलाई देख्यौं जो हामीले सोध्यौं त्यसको उत्तर पनि दिए' भन्दै सन्तुष्ट भई उनीहरू मेरै शिष्यत्वमा आए । किन्तु म उनीहरूका शिष्यत्वमा गइन । भन्ते ! म भगवान्को श्रावक हुँ, *(अहिले म)* स्रोतापन्न छु तथा अविनिपाती निश्चिन्त सम्बोधि परायण पनि छु ।"

---

४८५ यस प्रश्नको उत्तरसहित भगवानले जम्मा चौधवटा उत्तरहरू दिनुभयो । जस्तै – ईर्ष्यामात्सर्य एक, प्रियाप्रिय दुई, छन्द तीन, वितर्क चार, प्रपञ्च पाँच, सौमनस्य छ, दौर्मनस्य सात, उपेक्षा आठ, कायिक आचारण नौं, वाचिक आचरण दश, पर्येवण एघार, इन्द्रियसंवर बाह्र, अनेक स्वभाव तेह्र तथा अत्यन्त निष्ठावान् चौध ।

४८६ उच्च र अवच दुई शब्दहरू जोडी – 'उच्चावच' भएको हो । उच्च र नीच भन्ने यसो अर्थ हो । ब्रह्मलोक उच्च र देवलोक नीच; देवलोक उच्च र मनुष्यलोक नीच; मनुष्यलोक उच्च र अपाय नीच ।

४८७ शक्रले अघिल्लो जन्ममा पालन गरेका सप्त-व्रतका कुराहरू बताए ।

Downloaded from http://www.dhamma.digital

## सन्तुष्टि लाभ

२५. "देवेन्द्र ! योभन्दा अघि तिमीले यस्तो सन्तुष्टि र यस्तो सौमनस्यता लाभ गरेको कुरा तिमीलाई थाहा छ के ?"

"भन्ते ! योभन्दा अघि यस्तो सन्तुष्टि र यस्तो सौमनस्यता लाभ गरेको कुरो मलाई थाहा छ।"

"देवेन्द्र ! योभन्दा अघि यस्तो सन्तुष्टि र यस्तो सौमनस्यता लाभ गरेको कुरो कस्तो थाहा छ त ?"

"भन्ते ! धेरै अघि देवासुर संग्राम[४८८] भएको थियो । भन्ते ! त्यस संग्राममा देवहरू जिते असुरहरू पराजित भए । भन्ते ! अनि सो संग्राममा विजय प्राप्त भएको मलाई यस्तो लाग्यो – 'अब, जुन दिव्य-ओज र जुन असुर-ओज हुन् – ती दुवै देवहरूले परिभोग गर्नेछन् ।' भन्ते ! किन्तु सो मेरो सन्तोष र सौमनस्य दण्डसहित, शस्त्रसहित थियो र निर्वेदको निमित्त, विरागको निमित्त, निरोधको निमित्त, उपशमको निमित्त, अभिज्ञानको निमित्त, सम्बोधिको निमित्त तथा निर्वाणको निमित्त थिएन । भन्ते ! अहिले भगवान्को धर्म श्रवणद्वारा जुन सन्तुष्टि र सौमनस्य प्रतिलाभ भयो त्यो दण्डरहित, शस्त्ररहित, एकान्त निर्वेदलाभी, विरागलाभी, निरोधलाभी, उपशमलाभी, अभिज्ञालाभी, सम्बोधिलाभी तथा निर्वाणलाभी छन् ।"

२६. "देवेन्द्र ! कुन कारण देखेर तिमी यसरी सन्तोष र सौमनस्यता लाभको कुरा भन्दछौ ?"

"भन्ते ! छ कारणहरू देखेर यसरी सन्तोष र सौमनस्यता लाभका कुराहरू म भन्दछु –

"मारिष ! यसरी जान्नुहोस् कि – देवताको रूपमा यहाँ बस्दाबस्दै मैले पुनर्वार आयु *(जीवन)* पाएँ[४८९] ।

"भन्ते ! यो पहिलो कारण देखेर यसप्रकार सन्तोष र सौमनस्यता लाभ गरेको कुरो म प्रकट गर्दछु ।"

"दिव्य-आयु छाडी दिव्यलोकबाट च्युत भई अब म निश्चितगति *(अमूल्हो गब्भ*[४९०]*)* मा जानेछु – जहाँ मेरो मन लाग्छ ।"

"भन्ते ! यो दोस्रो कारण देखेर यसप्रकार सन्तोष र सौमनस्यता लाभ गरेको कुरो म प्रकट गर्दछु ।"

"प्रज्ञावान् भएको सो म अब शासनमा रत भई होसराखी स्मृतिमान् भई न्यायपूर्वक जीवन विताउनेछु ।"

"भन्ते ! यो तेस्रो कारण देखेर यसप्रकार सन्तोष र सौमनस्यता लाभ गरेको कुरो म प्रकट गर्दछु ।"

---

४८८ संग्राम भन्नाले यहाँ कुनै शस्त्र-अस्त्रद्वारा रक्त पात हुने खातको संग्राम होइन । भ्यागुता लड्ने जस्तो मात्र हो । यत्तिकैमा जय र पराजय हुन्छ ।

४८९ यस वाक्यद्वारा त्यहींको त्यहीं च्युत भई पुनः उत्पन्न भएको कुरा शक्रले व्यक्त गर्छन् । त्यसैले सुमंगलविलासिनीले यस्तो उल्लेख गरेको हो – 'इमिना अत्तनो चुतभावञ्चेव उपपन्न भावञ्च आविकरोति ।'

४९० 'अमूल्हो गब्भ' भन्नाले सात पटकसम्म देवमनुष्यलोकमा जन्मलिने स्रोतापन्न पुरुष भन्ने कुरा जनाउँछ । त्यस्तो पुरुष कुनै हालतमा पनि दुर्गतिमा उत्पन्न नहुने भएकोले निश्चितगति भएको भन्ने कुरा पनि प्रष्ट गर्छ ।

Downloaded from http://www.dhamma.digital

"न्यायपूर्वक आचरण गर्ने मैले सम्बोधी[४९१] प्राप्त गर्नेछु; निर्वाणलाई अवबोध गरी[४९२] बस्नेछु र यही नै जीवनको अन्तः पनि हुनेछ।"

"भन्ते ! यो चौथो कारण देखेर यसप्रकार सन्तोष र सौमनस्यता लाभ गरेको कुरो म प्रकट गर्दछु।"

"मनुष्य जीवन समाप्त भएपछि मनुष्य लोकबाट च्युत भई पुनः उत्तम देवलोकमा देव हुनेछ।"

"भन्ते ! यो पाँचौ कारण देखेर यसप्रकार सन्तोष र सौमनस्यता लाभ गरेको कुरा म प्रकट गर्दछु।"

"अनि आखिरी अवस्थामा पुग्दा त्योभन्दा पनि उत्तमतर यशस्वी अकनिष्ठ[४९३] देवलोकमा मेरो बास हुनेछ।"

"भन्ते ! यो छैटौं कारण देखेर यसप्रकार सन्तोष र सौमनस्यता लाभ गरेको कुरा म प्रकट गर्दछु।"

"भन्ते ! यीनै छ कारणहरू देखेर यसरी सन्तोष र सौमनस्यता लाभ भएको कुरा प्रकट गरेको हुँ।"

## शक्रको बुद्धवन्दना

३७. *(उपरोक्त कुरा व्यक्त गरिसकेपछि शक्र देवेन्द्रले पुनः निम्न गाथाहरू भने –)* "तथागतको खोज गर्दै अपरिपूर्ण शंकल्प तथा अनेक शंका र सन्देह लिई दीर्घकालसम्म विचरण गरे।"

"एकान्त निर्जनस्थान बस्ने श्रमणहरूलाई बुद्ध भन्ने ठानी म उनीहरूको उपासना गर्न गएँ।"

"मार्गको सम्पादन कसरी हुन्छ र प्रतिपद्को सम्पादन कसरी हुन्न भन्ने प्रश्न सोध्दा उनीहरूले उत्तर दिन सकेनन्।"

"जब उनीहरू शक्र देवेन्द्र आए भनी मलाई चिन्दछन् तब उनीहरू नै मसँग प्रश्न सोध्दछन् कि के गरेर यो स्थानमा पुग्यौ ?"

"जनश्रुति अनुसार म उनीहरूलाई धर्मोपदेश गर्दछु। उनीहरू 'वासवलाई देख्यौं' भनी सन्तुष्ट हुन्छन्।"

---

४९१ 'सम्बोधी' भन्नाले सकृदागामीको कुरा बताउँछ। भनाईको तात्पर्य सकृदागामी भएमा भनी भनिएको हो। त्यसैले अर्थकथाले "सचे सकदागामी भविस्सामि" भनी उल्लेख गरेको हो।

४९२ 'निर्वाणलाई अवबोध गरी' भन्नाले अनागामी फलको कुरो व्यक्त गर्दछ। अनागामी भई जीवन-मरणको अन्तः गर्नेछु भनी भनिएको हो। सुमं. वि. III. पृ. ५१:सक्कपञ्हसुत्तवण्णना।

४९३ अकनिष्ठ लोकमा अनागामीहरू पुग्छन्। अतः शक्रले आफ्नो अन्तिम बास अकनिष्ठमा हुनेछ भनी भन्दछन्। यी शक्र देवेन्द्र भविष्यमा अविहा ब्रह्मलोकमा एक हजार (१०००) कल्प, अतप्पा ब्रह्मलोकमा दुई हजार (२०००) कल्प, शुदर्शा ब्रह्मलोकमा चार हजार (४०००) कल्प, सुदर्शी ब्रह्मलोकमा आठ हजार (८०००) कल्प तथा अकनिष्ठ ब्रह्मलोकमा सोह्र हजार (१६०००) कल्प गरी जम्मा एकत्तीस हजार कल्प आयु भोग गर्नेछन्।

यी शक्र देवेन्द्रको झैं अनाथपिण्डिक र विशाखा उपासिकाहरूको पनि त्यत्तिकै आयु भएको कुरा पनि उहीं उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

"जब मैले विचिकित्साबाट उत्तीर्ण हुनुभएका बुद्धलाई देखें तब उहाँको उपासना गरी आज म भयबाट मुक्त भएको छु।"

"तृष्णारूपी शल्यलाई छेदन गर्ने असाधारण पुरुष हुनुभएका र आदित्यबन्धु हुनुभएका तपाईं महावीर बुद्धलाई म वन्दना गर्दछु।"

"मारिष ! जो म देवताहरूका साथ स्वयं ब्रह्मालाई नमस्कार गर्दथें त्यो नमस्कार आजदेखि तपाईंलाई चढाउँछु र स्वयं म तपाईंलाई नमस्कार गर्दछु।"

"तपाईं नै सम्बुद्ध हुनुहुन्छ; तपाईं नै अनुत्तर शास्ता हुनुहुन्छ; देवसहित मनुष्यलोकमा तपाईं समान अरू कुनै पुरुष छैन।"

२८. अनि पञ्चशिख गन्धर्वपुत्रलाई शक्र देवेन्द्रले सम्बोधन गरे – "तात पञ्चशिख ! तिमी मेरो निमित्त बहुपकारीछौ, जो कि भगवान्‌लाई तिमीले प्रथमतर प्रसन्न पार्‍यौ। तात ! तिमीले प्रथमतर भगवान्‌लाई प्रसन्न पारेपछि त्यसपछि हामी भगवान् अरहत् सम्यक्‌सम्बुद्धकहाँ दर्शन गर्न गयौं। अब तिमीलाई पिताको स्थानमा राख्नेछु। तिमी गन्धर्व राजा पनि हुनेछौ र भद्रा सूर्यवर्चसालाई पनि दिनेछु। तिम्रो पनि त्यही नै आशिका हो।"

अनि शक्र देवेन्द्रले हातले पृथ्वी परामर्श गर्दै अर्थात् पृथ्वीमा हात ठटाउँदै तीन पटक प्रीतिवाक्य *(उदान)* प्रकट गरे –

**"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्सो ॥"**

"उहाँ भगवान् अरहत् सम्यक्‌सम्बुद्धलाई नमस्कार छ।"

यी उपदेशका कुराहरू सुनेर शक्र देवेन्द्रलाई "जे जति समुदय धर्महरू छन्, ती जम्मै निरोध धर्म हुन्" भन्ने विरज तथा निर्मल धर्मचक्षु प्राप्त भयो। अरू असीहजार देवहरूलाई पनि त्यस्तै धर्मचक्षु लाभ भयो। यसरी शक्र देवेन्द्रले सोधेका सबै प्रश्नहरूका उत्तर भगवान्‌ले दिनुभयो। त्यसैले यस उपदेशको नाम नै 'सक्कपञ्ह=शक्र प्रश्न' भन्ने रहन गएको हो।

**सक्कपञ्ह-सुत्त समाप्त।**

Downloaded from http://www.dhamma.digital

# ९. महासतिपट्ठान-सुत्त

## (महास्मृतिप्रस्थानसूत्र)

## १. उद्देस

१. यस्तो मैले सुनें। एक समय भगवान् कुरु[४९४] स्थित कम्मासदम्म भन्ने कुरुहरूको निगममा बस्नुभएको थियो। त्यहाँ भगवान्ले भिक्षुहरूलाई – "भिक्षु हो !" भनी सम्बोधन गर्नुभयो। ती भिक्षुहरूले "भदन्त ! " भनी भगवान्लाई प्रत्युत्तर दिए। भगवान्ले यस्तो आज्ञा हुनुभयो –

२. "भिक्षु हो ! एक मात्र मार्ग *(एकायन)* हो – सत्त्व *(प्राणी)* हरूको विशुद्ध हुने, शोक परिदेवबाट उत्तीर्ण *(मुक्त)* हुने, दुःख दौर्मनस्यलाई पूर्णतः अन्त गर्ने ज्ञेय *(आर्य मार्ग)* अधिगम *(प्राप्त)* गर्ने तथा निर्वाण साक्षात्कार गर्ने – *(यी नै हुन्)* चार स्मृतिप्रस्थान।

के के चार ? भिक्षु हो ! यहाँ *(यो बुद्धशासनमा)* कायमा कायानुपश्यी भई लोकमा *(यसै जीवनमा अर्थात् पाँच उपादान स्कन्धमा)* अविद्या दौर्मनस्यलाई हटाई, आतप्त गरी, सम्प्रज्ञानी भई स्मृतिवान् भई विहार गर्छ, वेदनामा वेदनानुपश्यी ··· *(पूर्ववत्)* ··· विहार गर्छ, चित्तमा चित्तानुपश्यी भई ··· विहार गर्छ, धर्ममा धर्मानुपश्यी भई लोकमा अविद्या दौर्मनस्यलाई हटाई, आतप्त गरी, सम्प्रज्ञानी भई, स्मृतिवान् भई विहार गर्छ।

Dhamma.Digital

## २. कायानुपश्यना

### (क) आनापानस्मृति

३. "भिक्षु हो ! कसरी भिक्षु कायमा कायानुपश्यी भई विहार गर्छ ? भिक्षु हो ! यहाँ भिक्षु अरण्य *(वन)* मा गएर अथवा रुखमुनि गएर अथवा शून्यागारमा गएर पलेंटीमारी शरीर सीधापारी मुख अगाडि स्मृति *(होश)* राखी बस्छ। ऊ स्मृति *(होश)* राखी सास लिन्छ र स्मृति *(होश)* राखी सास फेर्छ। लामो

---

४९४ कुरु देशमा हावापानी आदि अनुकूल हुनाले सधैं जसो स्वस्थ तनमन भएका त्यहाँका मानिसहरूलाई भगवान् बुद्धले गम्भीर अर्थयुक्त महास्मृतिप्रस्थानको उपदेश दिनु भएको हो। भनिन्छ, त्यहाँ बस्ने मानिसहरू स्वभावैले स्मृतिप्रस्थान भावनामा लागिरहेकाले त्यहाँ काम गर्ने नोकर चाकरहरूले पानी लिन जाने पँधेरोमा र धागो कात्ने ठाउँमा समेत व्यर्थको कुरा नगरी स्मृतिप्रस्थान भावना सम्बन्धी कुरा गरी रहेका हुन्छन्। यदि कसैले कुनै आइमाईलाई – "आमै ! तिमी कुन स्मृतिप्रस्थान भावना गर्दछौ ?" भन्ने प्रश्नको जवाफमा 'म कुनै पनि भावना गर्दिन' भनी जवाफ सुन्न परेमा 'धिक्कार छ तिम्रो जीवनलाई, तिमी जिएर पनि मुर्दा समान रहेछौ। अब फेरि यस्तो नगर' भनी उनीलाई कुनै स्मृतिप्रस्थान सम्बन्धी भावना सिकाइने कुरा अट्ठकथामा उल्लेख गरिएको पाइन्छ।

Downloaded from http://www.dhamma.digital

सास लिन्दा लामो सास लिंदैछु' भनी जान्दछ । लामो सास फेर्दा 'लामो सास फेर्दैछु' भनी जान्दछ । छोटो सास लिंदा 'छोटो सास लिंदैछु' भनी जान्छ । छोटो सास फेर्दा 'छोटो सास फेर्दैछु' भनी जान्दछ । 'सम्पूर्ण कायमा होस राखी सास लिन्छु' भनी सिक्छ । सम्पूर्ण कायमा होश राखी सास फेर्छु भनी सिक्छ । कायसंस्कारलाई शान्त पारी सास लिन्छु' भनी सिक्छ । कायसंस्कारलाई शान्तपारी सास फेर्छु' भनी सिक्छ ।

"भिक्षु हो ! जस्तोकि *(उदाहरणको निमित्त)* एउटा कुशल दक्ष भ्रमकार अथवा उसको शिष्यले डोरीले पुल्ली तानेको बेला, लामोगरी तानेको बेला 'लामो गरी तान्दैछु' भनी जान्दछ, छोटो गरी तानेको बेला 'छोटो गरी तान्दैछु' भनी जान्छ । भिक्षु हो ! यस्तै गरी, भिक्षु लामो सास लिन्दा 'लामो सास लिंदैछु' भनी जान्दछ । लामो सास फेर्दा 'लामो सास फेर्दैछु' भनी जान्दछ । छोटो सास लिन्दा 'छोटो सास फेर्दैछु' भनी जान्दछ । 'सम्पूर्ण कायमा होस राखी सास लिन्छु' भनी सिक्छ । सम्पूर्ण कायमा होश राखी सास फेर्छु भनी सिक्छ । कायसंस्कारलाई शान्त पारी सास लिन्छु' भनी सिक्छ । कायसंस्कारलाई शान्त पारी सास फेर्छु, भनी सिक्छ । यसरी *(आश्वास प्रश्वासरूपी)* आफ्नो भित्री *(रूप समूहमा)* कायमा कायानुपश्यी भई विहार गरी *(अभ्यास गरी)* बस्छ । यसरी बाहिरी कायमा कायानुपश्यी भई विहार गरी बस्छ । भित्री बाहिरी कायमा कायानुपश्यी भई विहार गरी बस्छ । समुदय *(उत्पत्ति)* धर्मलाई कायमा देखेर *(हेरेर)* विहार गरी बस्छ । व्यय *(विनाश)* धर्मलाई कायमा देखेर विहार गरी बस्छ । समुदय व्यय धर्मलाई कायमा देखेर विहार गरी बस्छ । सास लिएको र फेरेको *(आश्वास प्रश्वास रूप समूह)* काय हो भनी सो *(भिक्षु)* को स्मृति अगाडि प्रकट भईरहन्छ । यसप्रकारले सम्मुखी भूत ती स्मृति क्रमिक ज्ञानवृद्धिको निमित्त तथा क्रमिक बारबार स्मृति अभिवृद्धिको निमित्त मात्र हुन् । ती स्मृतिमान भिक्षु तृष्णा र दृष्टिबाट अगल भई *(अर्थात 'म' 'मेरो' भाव कहीं नराखी)* विहार गरी बस्छ । सो भिक्षुले लोकमा कुनै कुरालाई पनि *(तृष्णा र दृष्टिद्वारा)* ग्रहण नगरीकन बस्छ । यसरी भिक्षु कायमा कायानुपश्यी भई विहार गर्छ ।

## (ख) ईर्यापथ

४. "भिक्षु हो ! फेरि भिक्षु 'गई रहेको बेलामा गइ रहेछु' भनी जान्दछ, 'उभिई रहेको बेला उभिई रहेछु' भनी जान्दछ, 'बसिरहेको बेला बसिरहेछु' भनी जान्दछु, लेटी रहेको बेला लेटी रहेछु' भनी जान्दछ । जस्तो जस्तो उसको काय *(शरीर)* छ त्यस्तै त्यस्तै जानी राख्छ । यसरी आफ्नो भित्री *(रूप समूहमा)* कायमा कायानुपश्यी भई विहार गरी बस्छ । यसरी बाहिरी कायमा कायानुपश्यी भई विहार गरी बस्छ, भित्री बाहिरी कायमा कायानुपश्यी भई विहार गरी बस्छ । समुदय धर्मलाई कायमा देखेर विहार गरी बस्छ । व्यय धर्मलाई देखेर विहार गरी बस्छ । समुदय व्ययधर्मलाई कायमा देखेर विहार गरी बस्छ । गई रहने आदि रूप समूह मात्र हुन् भनी सो *(भिक्षु)* को स्मृति अगाडि प्रकट भईरहन्छ । यसप्रकारले सम्मुखी भूत ती स्मृति क्रमिक ⋯ मात्र हो । ती स्मृतिमान भिक्षु तृष्णा र दृष्टिबाट अलग भई विहार गर्छ । सो भिक्षुले लोकमा कुनै कुरालाई पनि *(तृष्णा र दृष्टिद्वारा)* ग्रहण नगरीकन बस्छ । यसरी भिक्षु कायमा कायानुपश्यी भई विहार गर्छ ।

## (ग) सम्प्रजन्य

५. "भिक्षु हो ! यहाँ भिक्षु जाँदा वा आउँदा सचेत भई होस राखेर *(सम्प्रजन्य भएर)* हिंड्छ । अगाडि, पछाडि वा यताउता हेर्दा सचेत भई होस राखेर हेर्छ । हात खुट्टा खुम्च्याउँदा वा पसार्दा सचेत

Downloaded from http://www.dhamma.digital

भई होस राखेर चलाउँछ । खाँदा वा पिउँदा अथवा चाटेर खाँदा सचेत भई होस राखेर खान्छ । भाडा पिसाप गर्दा सचेत भई होस राखेर भाडा पिसाप गर्छ । हिंड्दा, उठ्दा बस्दा, सुत्दा, बिउँभिदा, कुरा गर्दा र चूप लागेर बस्दा सचेत भई होस राखेर *(सम्प्रजानकारी)* बस्छ । यसरी आफ्नो भित्री ··· *(पूर्ववत्)* ··· यसरी भिक्षु कायमा कायानुपश्यी भई विहार गर्छ ।

## (घ) प्रतिकूल मनस्कार

६. "भिक्षु हो ! फेरि भिक्षु काय *(शरीर)* मा तल पाइतलादेखि माथि केश भएको टाउको सम्ममा, केश भएको टाउको *(केश-मस्तक)* देखि तल पाइतलाको छाला सम्ममा नानाविध *(अनेक प्रकारका)* मल *(अशुचि)* वस्तु भरी भराउ देखेर प्रत्यवेक्षण गर्दछ – यो काय *(शरीर)* मा केश *(केसा)* छ, रौं *(लोमा)* छ, नङ् *(नखा)* छ, दाँत *(दन्ता)* छ, छाला *(तचो)* छ, मासु *(मंसं)* छ, नसा *(न्हारु)* छ, हाड *(अट्ठि)* छ, मासी *(अट्ठिमिञ्जं)* छ, मृगौला *(वक्कं)* छ, मुटु *(हृदयं)* छ, कलेजो *(यकनं)* छ, क्लोम *(क़िलोमकं)* छ, फियो *(पिहकं)* छ, फोक्सो *(पप्फासं)* छ, मोटो आन्द्रा *(अन्त)* छ, सानो आन्द्रा *(अन्तगुणं)* छ, पेट *(उदरियं)* छ, मल *(करीसं)* छ, पित्त *(पित्तं)* छ, कफ *(सेह्मं)* छ, पीप *(पुब्बो)* छ, रगत *(लोहितं)* छ, पसिना *(सेदो)* छ, चिल्लोपन तेल *(मेदो)* छ आँसु *(अस्सु)* छ, बोसो *(वसा)* छ, थुक *(खेलो)* छ, सिंगान *(सिङ्घानिका)* छ, र्‍याल *(लसिका)* छ तथा पिसाप *(मुत्तं)* छ ।

"भिक्षु हो ! जस्तोकि *(उदाहरणको निमित्तं)* कुनै दुईवटा मुख भएको थैलोमा नाना प्रकारका धान्य व्रीहिहरू भरिएको हुन्छ । जस्तोकि सालि धान, धान्य, मुँग, दाल, तिल, चामल आदिले भएको हुन्छ । त्यसलाई आँखा हुने मानिसले खोलेर हेर्दा 'यो सालि धान हो,' 'यो धान्य हो', 'यो मुँग हो,' 'यो मास हो', यो तिल हो, 'यो चामल हो', भनी प्रतिवेक्षण गर्दछ । भिक्षु हो ! यसरी नै भिक्षुले यो काय *(शरीर)* मा तल पाइतला देखि माथि केश भएको टाउको सम्ममा केश भएको टाउको देखि तल पाइतलाको छाला सम्ममा नानाविध मल वस्तु भरी भराउ देखेर प्रत्यवेक्षण गर्दछ – यो कायमा केश छ ··· *(पूर्ववत्)* ··· पिसाप छ । यसरी आफ्नो भित्री ··· *(पूर्ववत्)* ··· । यसरी भिक्षु कायमा कायानुपश्यी भई विहार गर्छ ।

## (ङ) धातु मनस्कार

७. "भिक्षु हो ! फेरि भिक्षुले यो कायलाई स्थिति अनुसार शरीरको रचनानुसार जस्तो छ त्यस्तै अनुरूप हेरेर धातुको स्वभाव अनुसार प्रत्यवेक्षण गर्दछ । यो शरीरमा पृथ्वी धातु *(कडा, नरम्पना स्वभाव)* छ, आपो धातु *(बगेर जाने स्वभाव अथवा धिक्का हुने स्वभाव)* छ, तेज धातु *(गरम, शीत, बाफ आदि स्वभाव)* छ र वायु धातु *(फुलाउने, चलाउने, घच्यार्ने स्वभाव)* छ ।"

"भिक्षु हो ! जस्तोकि *(उदाहरणको निमित्त)* एउटा कुशल दक्ष गौघातक वा उसको शिष्यले गाईलाई मारेर चौबाटोको माभमा बसेर मासुलाई थरी थरी छुट्‍याई बसी राख्छ । भिक्षु हो ! यस्तै नै भिक्षुले यो कायलाई स्थिति अनुसार यो शरीरको रचनानुसार जस्तो छ त्यस्तै अनुरूप हेरेर धातुको स्वभाव अनुसार प्रत्यवेक्षण गर्दछ – यो शरीरमा पृथ्वी धातु छ, आपो धातु छ तेज धातु छ, र वायुधातु छ । यसरी आफ्नो भित्री ··· *(पूर्ववत्)* ··· । यसरी भिक्षु कायमा कायानुपश्यी भई विहार गर्छ ।

Downloaded from http://www.dhamma.digital

## (च) अशुभभावना[४९५]

८. "भिक्षु हो ! फेरि भिक्षुले मसानमा फ्याँकिराखेका मरेको एक दिन भएको मृत शरीर *(शव, लाश)*, मरेको दुई दिन भएको मृत शरीर, मरेको तिन दिन भएको मृत शरीर, फुलेको निलो भइसकेको, मृत शरीर पीप बगिरहेको, *(सडेको, गलेको)* मृत शरीर *(लाश)* लाई हेरेर ध्यान गर्दै यसरी विचार गर्छ – 'मेरो काय *(शरीर)* पनि यस्तो हुने स्वभाव भएको रहेछ, यस्तो अवश्य हुन्छ, यस्तो नभई छोड्दैन ।' यसरी आफ्नो भित्री ··· *(पूर्ववत्)* ··· । यसरी भिक्षु कायमा कायानुपश्यी भई विहार गर्छ ।

"भिक्षु हो ! फेरि भिक्षुले मसानमा फ्याकिराखेका मृतक शरीर *(लाश)* लाई कौआले खाइरहेको, चीलले खाइरहेको, गृद्धले खाइरहेको, बाजले खाइरहेको, कुकुरले खाईरहेको, बाघले खाइरहेको, चितुवाले खाइरहेको, स्यालले खाइरहेको, अनेक प्रकारका प्राणीहरूले खाइरहेको हेरेर ध्यान गर्दै यसरी विचार गर्छ – 'मेरो काय *(शरीर)* पनि यस्तो हुने स्वभाव भएको रहेछ, यस्तो अवश्य हुन्छ, यस्तो नभई छाड्दैन ।' यसरी आफ्नो भित्री ··· *(पूर्ववत्)* ··· । यसरी भिक्षु कायमा कायानुपश्यी भई विहार गर्छ ।

"भिक्षु हो ! फेरि भिक्षुले मसानमा फ्याँकिराखेका मासु रगत बाँकी भएका स्नायुले बाधिएको अस्थिक कङ्काल मात्र लाशलाई ··· पूर्ववत् ··· । मासु नभएको रगत लागेका स्नायुले बाधिएको अस्थिक कङ्काल मात्र लाशलाई ··· पूर्ववत् ··· । ··· मासु र रगत नभएको स्नायुले बाधिएको अस्थिक कङ्काल मात्र लाशलाई ··· *(पूर्ववत्)* ··· । यताउता छरेर रहेका कहीं हातको हाड, कहीं खुट्टाको हाड, कहीं कुर्कुच्चाको हाड, कहीं घुँडाको हाड, कहीं तिघ्रा *(जाँघ)* हो हाड, कहीं चाकको हाड, कहीं करंगको हाड, कहीं मेरुदण्ड *(ढाड)* को हाड, कहीं शरीरको पछाडिको हाड, कहीं घाँटीको हाड, कहीं काँधको हाड, कहीं च्यूँडोको हाड, कहीं दातको धिक्काको हाड, कहीं खप्परको हाड हेरेर ध्यान गर्दै यसरी विचार गर्छ – 'मेरो काय *(शरीर)* पनि यस्तो हुने स्वभाव भएको रहेछ, यस्तो अवश्य हुन्छ, यस्तो नभई छोड्दैन ।' यसरी आफ्नो भित्री ··· *(पूर्ववत्)* ··· । यसरी भिक्षु कायमा कायानुपश्यी भई विहार गर्छ ।

"भिक्षु हो ! फेरि भिक्षुले मसानमा फ्याँकिराखेको लाशको शंख जस्तो सेता वर्ण भईसकेको हाडै हाडहरू ··· *(पूर्ववत्)* ··· । ··· एक वर्षभन्दा पुरानो थुपारी रहेको हाडहरू ··· *(पूर्ववत्)* ··· । ··· कुहेको, चूर्ण भईरहेको हाडहरूलाई हेरेर ध्यान गर्दै यसरी विचार गर्छ – 'मेरो काय *(शरीर)* पनि यस्तो हुने स्वभाव भएको रहेछ, यस्तो अवश्य हुन्छ, यस्तो नभई छोड्दैन ।' यसरी आफ्नो भित्री ··· *(पूर्ववत्)* ···। यसरी भिक्षु कायमा कायानुपश्यी भई विहार गर्छ ।

**कायानुपश्यना समाप्त ।**

# ३. वेदनानुपश्यना

९. "भिक्षु हो ! कसरी भिक्षु वेदनामा वेदनानुपश्यी भई विहार गर्छ ? भिक्षु हो ! यहाँ सुखवेदना अनुभव गरीरहेको बेला 'सुखवेदना अनुभव गरिरहेछु' भनी जान्दछ । दु:खवेदना अनुभव गरीरहेको बेला 'दु:खवेदना अनुभव गरिरहेछु' भनी जान्दछ । अदु:ख-असुखवेदना अनुभव गरिरहेको बेला अदु:ख-असुखवेदना अनुभव गरीरहेछु' भनी जान्दछ । सामिस *(पञ्चकाम गुण सम्बन्धित)* सुखवेदना अनुभव

४९५ 'अशुभ' को अर्थ निमित्त बु. श्रावि. च.भाग १ पृ. २१५-२१७ हेर्नु होला ।

Downloaded from http://www.dhamma.digital

गरिरहेको बेला 'सामिस सुखवेदना अनुभव गरिरहेछु' भनी जान्दछ । निरामिस सुखवेदना अनुभव गरीरहेको बेला 'निरामिस सुखवेदना अनुभव गरिरहेछु' भनी जान्दछ । सामिस दु:खवेदना अनुभव गरिरहेको बेला 'सामिस दु:खवेदना अनुभव गरिरहेछु' भनी जान्दछ । निरामिस दु:खवेदना अनुभव गरिरहेको बेला 'निरामिस दु:खवेदना अनुभव गरिरहेछु' भनी जान्दछ । सामिस अदु:ख-असुखवेदना अनुभव गरिरहेको बेला 'सामिस अदु:ख-असुखवेदना अनुभव गरिरहेछु' भनी जान्दछ । निरामिस अदु:ख-असुखवेदना अनुभव गरिरहेको बेला 'निरामिस अदु:ख-असुखवेदना अनुभव गरिरहेछु' भनी जान्दछ । यसरी आफ्नो भित्री वेदनामा वेदनानुपश्यी भई विहार गरी बस्छ । यसरी बाहिरी वेदनामा वेदनानुपश्यी भई विहार गरी बस्छ । भित्री बाहिरी वेदनामा वेदनानुपश्यी भई विहार गरी बस्छ । समुदय *(उत्पत्ति)* धर्मलाई वेदनामा हेरेर विहार गरी बस्छ । व्यय *(विनाश)* धर्मलाई वेदनामा हेरेर विहार गरी बस्छ । समुदय व्यय धर्मलाई वेदनामा हेरेर विहार गरी बस्छ । अनुभव गर्ने स्वभाव मात्र छ भनी सो *(भिक्षु)* को स्मृति अगाडि प्रकट भईरहन्छ । यस प्रकारले सम्मुखी भूत ती स्मृति क्रमिक ज्ञानवृद्धिको निमित्त तथा क्रमिक बारम्बार स्मृति अभिवृद्धिको निमित्त मात्र हो । ती स्मृतिमान भिक्षु तृष्णा र दृष्टिबाट अलग भई विहार गरी बस्छ । सो भिक्षुले लोकमा कुनै कुरालाई पनि *(तृष्णा र दृष्टिद्वारा)* ग्रहण नगरीकन बस्छ । यसरी भिक्षु वेदनामा वेदनानुपश्यी भई विहार गर्छ ।

**वेदनानुपश्यना समाप्त ।**

## ४. चित्तानुपश्यना

१०. "भिक्षु हो ! कसरी भिक्षु चित्तमा चित्तानुपश्यी भई विहार गरी बस्छ ? भिक्षु हो ! यहाँ भिक्षु 'सराग चित्तलाई सराग चित्त' भनी जान्दछ । 'वीतराग चित्तलाई वीतराग चित्त' भनी जान्दछ । 'दोषसहित चित्तलाई दोषसहित चित्त' भनी जान्दछ । 'दोषरहित चित्तलाई दोषरहित चित्त' ··· । 'मोहसहित चित्तलाई मोहसहित चित्त' ··· । 'मोहरहित चित्तलाई मोहरहित चित्त' ··· । 'संक्षिप्त *(निरुत्साह, अलसी भईरहेको)* चित्तलाई संक्षिप्त चित्त' ··· । 'विक्षिप्त *(चञ्चल)* चित्तलाई विक्षिप्त चित्त' ··· । 'महत्गत चित्त' *(रूपावचर र अरूपावचर चित्त)* लाई महत्गत चित्त ··· । ··· 'अमहत्गत चित्त *(कामावचर चित्त)* लाई अमहत्गत चित्त ' ··· । 'सउत्तर *(कामावचर)* चित्तलाई सउत्तर चित्त' ··· । 'अनुत्तर चित्तलाई अनुत्तर चित्त' ··· । 'समाहित *(उपचार समाधि र अर्पना समाधिद्वारा युक्त)* चित्तलाई समाहित चित्त' ··· । असमाहित चित्तलाई असमाहित चित्त ··· । 'विमुक्त चित्तलाई *(तदङ्ग प्रहाण र विक्खम्भण प्रहाणद्वारा क्लेशमुक्त विपश्यना चित्त र ध्यान चित्तलाई)* विमुक्त चित्त' ··· । 'अविमुक्त चित्तलाई अविमुक्त चित्त' भनी जान्दछ । यसरी आफ्नो भित्री चित्तमा चित्तानुपश्यी भई विहार गरी बस्छ । यसरी बाहिरी चित्तमा चित्तानुपश्यी भई विहार गरी बस्छ । भित्री बाहिरी चित्तमा चित्तानुपश्यी भई विहार गरी बस्छ । समुदय *(उत्पत्ति)* धर्मलाई चित्तमा हेरेर विहार गरी बस्छ । व्यय *(विनाश)* धर्मलाई चित्तमा हेरेर विहार गरी बस्छ । चिन्तना गर्ने स्वभाव मात्र छ भनी सो *(भिक्षु)* को स्मृति अगाडि प्रकट भईरहन्छ । यस प्रकारले सम्मुखी भूत ती स्मृति क्रमिक ज्ञानवृद्धिको निमित्त तथा क्रमिक बारम्बार स्मृति अभिवृद्धिको निमित्त मात्र हो । ती स्मृतिमान भिक्षु तृष्णा र दृष्टिबाट अलग भई विहार गरी बस्छ । सो भिक्षुले लोकमा कुनै कुरालाई पनि *(तृष्णा र दृष्टिद्वारा)* ग्रहण नगरीकन बस्छ । यसरी भिक्षु चित्तमा चित्तानुपश्यी भई विहार गर्छ ।

**चित्तानुपश्यना समाप्त ।**

Downloaded from http://www.dhamma.digital

# ५. धर्मानुपश्यना

## (क) पाँच नीवरण

११. "भिक्षु हो ! कसरी भिक्षु धर्ममा *(=सत्त्व जीव भएको नामरूप धर्ममा)* धम्मानुपस्सी *(धर्मानुपश्यी)* भई विहार गरी बस्छ ? भिक्षु हो ! यहाँ भिक्षु पञ्चनीवरण धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ। भिक्षु हो ! कसरी पञ्चनीवरण धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ ?

"भिक्षु हो ! यहाँ भिक्षुले आफ्नो भित्र कामच्छन्द विद्यमान छ भने 'ममा भित्री कामच्छन्द छ' भनी जान्दछ। आफ्नो भित्र कामच्छन्द विद्यमान छैन भने ममा भित्री कामच्छन्द छैन भनी जान्दछ। फेरि *(पहिले)* अनुत्पन्न कामच्छन्दको उत्पन्न हुने हेतुलाई पनि जान्दछ। फेरि पहिले उत्पन्न कामच्छन्दलाई *(तदङ्ग, विक्खम्भण प्रहाणद्वारा)* हटाउने कारणलाई पनि जान्दछ। फेरि प्रहीण भइसकेको कामच्छन्दलाई फेरि पुनः उत्पन्न नहुने कारणलाई पनि जान्दछ।

आफ्नो भित्र व्यापाद विद्यमान छ भने 'ममा भित्री व्यापाद छ' भनी जान्दछ ··· *(पूर्ववत्)* ··· फेरि पुनः उत्पन्न नहुने कारणलाई पनि जान्दछ।

आफ्नो भित्र थिनमिद्ध विद्यमान छ भने 'ममा भित्री थिनमिद्ध छ' भनी जान्दछ ··· *(पूर्ववत्)* ··· फेरि पुनः उत्पन्न नहुने कारणलाई पनि जान्दछ।

आफ्नो भित्र उद्धच्च कुक्कुच्च विद्यमान छ भने 'ममा भित्री उद्धच्च कुक्कुच्च छ' भनी जान्दछ ··· *(पूर्ववत्)* ··· फेरि पुनः उत्पन्न नहुने कारणलाई पनि जान्दछ।

आफ्नो भित्र विचिकित्सा *(सन्देह)* विद्यमान छ भने 'ममा भित्री विचिकित्सा छ' भनी जान्दछ। आफ्नो भित्र विचिकित्सा छैन भने ममा भित्री विचिकित्सा छैन भनी जान्दछ। फेरि *(पहिले)* अनुत्पन्न विचिकित्साको उत्पन्न हुने हेतुलाई पनि जान्दछ। फेरि पहिले उत्पन्न विचिकित्सालाई हटाउने कारणलाई पनि जान्दछ। फेरि प्रहीण भइसकेको विचिकित्सालाई फेरि पुनः उत्पन्न नहुने कारणलाई पनि जान्दछ। यसरी आफ्नो भित्री धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ। यसरी बाहिरी धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ। भित्री बाहिरी धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ। समुदय धर्मलाई धर्ममा हेरेर विहार गरी बस्छ। व्यय धर्मलाई धर्ममा हेरेर विहार गरी बस्छ। समुदय-व्यय धर्मलाई धर्ममा हेरेर विहार गरी बस्छ। धर्म स्वभाव मात्र छ भनी सो *(भिक्षु)* को स्मृति अगाडि प्रकट भईरहन्छ। यस प्रकारले सम्मुखी भूत ती स्मृति क्रमिक ज्ञानवृद्धिको निमित्त तथा क्रमिक बारम्बार स्मृति अभिवृद्धिको निमित्त मात्र हो। ती स्मृतिमान भिक्षु तृष्णा र दृष्टिबाट अलग भई विहार गरी बस्छ। सो भिक्षुले लोकमा कुनै कुरालाई पनि *(तृष्णा र दृष्टिद्वारा)* ग्रहण नगरीकन बस्छ। यसरी भिक्षु धर्ममा धर्मानुपश्यी भई विहार गर्छ।

## (ख) पाँच उपादान स्कन्धहरू

१२. "भिक्षु हो ! फेरि भिक्षु पञ्चउपादानस्कन्ध धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ। भिक्षुहरू हो ! कसरी भिक्षु पञ्चउपादानस्कन्ध धर्ममा धर्मानुपश्यी भई विहार गर्छ ?

Downloaded from http://www.dhamma.digital

"भिक्षु हो ! यहाँ भिक्षु 'यो रूप हो' 'यो रूपको समुदय हो', यो रूपको अत्थंगम *(=निरोध हुने हेतु)* हो' । 'यो वेदना हो' 'यो वेदनाको समुदय हो', 'यो वेदनाको अत्थंगम हो' 'यो संज्ञा हो', 'यो संज्ञाको समुदय हो', 'यो संज्ञाको अत्थंगम हो' 'यो संस्कार हो', 'यो संस्कारको समुदय हो', 'यो संस्कारको अत्थंगम हो' 'यो विज्ञान हो, यो विज्ञानको समुदय हो,' 'यो विज्ञानको अत्थंगम हो भनी जान्दछ' । यसरी आफ्नो भित्री धर्ममा धर्मानुपश्यी … *(पूर्ववत्)* … । यसरी भिक्षु धर्ममा धर्मानुपश्यी भई विहार गर्छ ।

## (ग) छः भित्री एवं छः बाह्य आयतनहरू

१३. "भिक्षु हो ! फेरि भिक्षु छ वटा अध्यात्मिक *(=भित्री)* तथा छ वटा बाह्य *(वाहिरिक)* आयतन धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ । भिक्षु हो ! कसरी भिक्षु छः अध्यात्मिक तथा छ बाह्य *(बाहिरिक)* आयतन धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ ?"

"भिक्षु हो ! भिक्षु यहाँ *(यो बुद्धशासनमा)* चक्षु *(चक्षुप्रसाद रूप)* लाई पनि जान्दछ । *(अनुभव गरी बस्छ)*, रूप *(वर्ण)* लाई पनि जान्दछ । चक्षु र रूप दुवैको आधारबाट उत्पन्न हुने जुन संयोजन हो त्यसलाई पनि जान्दछ । पहिले उत्पन्न नभएका संयोजनको उत्पन्न हुने हेतुलाई पनि जान्दछ । फेरि पहिले उत्पन्न भइसकेका संयोजनलाई *(तदङ्ग, विक्खम्भण प्रहाणद्वारा)* हटाउने कारणलाई पनि जान्दछ । पहिले प्रहाण गरिसकेको संयोजन पछि फेरि पुनः उत्पन्न नहुने कारणलाई पनि जान्दछ ।

"स्रोत *(स्रोतप्रसाद)* लाई पनि जान्दछ … *(पूर्ववत्)* … "

"घ्राण *(घ्राणप्रसाद)* लाई पनि जान्दछ … *(पूर्ववत्)* … "

"जिह्वा *(जिह्वाप्रसाद)* लाई पनि जान्दछ … *(पूर्ववत्)* … "

"काय *(कायप्रसाद)* लाई पनि जान्दछ … *(पूर्ववत्)* … "

"मनलाई पनि जान्दछ *(अनुभव गरी बस्छ)* , धर्मलाई पनि जान्दछ । मन र धर्मलाई पनि जान्दछ । मन र धर्म दुवैको आधारबाट उत्पन्न हुने जुन संयोजन हो त्यसलाई पनि जान्दछ । पहिले उत्पन्न नभएका संयोजनको उत्पन्न हुने हेतुलाई पनि जान्दछ । फेरि पहिले उत्पन्न भइसकेका संयोजनको उत्पन्न हुने हेतुलाई पनि जान्दछ । फेरि पहिले उत्पन्न भइसकेका संयोजनलाई *(तदङ्ग, विक्खम्भण प्रहाणद्वारा)* हटाउने कारणलाई पनि जान्दछ । पहिले प्रहाण गरिसकेको संयोजनपछि फेरि पुनः उत्पन्न नहुने कारणलाई पनि जान्दछ । यसरी आफ्नो भित्री धर्ममा धर्मानुपश्यी … *(पूर्ववत्)* … भिक्षु हो ! यसरी भिक्षु छ वटा अध्यात्मिक तथा छवटा वाहिरीक आयतन धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ ।

## (घ) सात बोध्यङ्गहरू

१४. "भिक्षु हो ! फेरि भिक्षु सात बोध्यङ्ग धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ । भिक्षु हो ! कसरी भिक्षु सात बोध्यङ्ग धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ ? भिक्षु हो ! यहाँ भिक्षु आफ्नो भित्र विद्यमान स्मृति सम्बोध्यङ्गलाई मेरो भित्र स्मृतिसम्बोध्यङ्ग विद्यमान छ भनी जान्दछ । आफ्नो भित्र विद्यमान नभएको स्मृति सम्बोध्यङ्गलाई मेरो भित्र स्मृति सम्बोध्यङ्ग विद्यमान छैन भनी जान्दछ । फेरि

Downloaded from http://www.dhamma.digital

पहिले उत्पन्न नभएका स्मृति सम्बोध्यङ्गको उत्पन्न हुने हेतुलाई पनि जान्दछ । फेरि पहिले उत्पन्न भइसकेका स्मृति सम्बोध्यङ्गलाई भावनाद्वारा वृद्धि गराउने परिपूर्ण गराउने हेतुलाई पनि जान्दछ ।

"आफ्नो भित्र विद्यमान धर्म विचय सम्बोध्यङ्गलाई मेरो भित्र धर्म विचय सम्बोध्यङ्ग विद्यमान छ भनी जान्दछ ... *(पूर्ववत्)* ... फेरि पहिले उत्पन्न भइसकेका धर्म विचय सम्बोध्यङ्गलाई भावनाद्वारा वृद्धि गराउने, परिपूर्ण गराउने हेतुलाई पनि जान्दछ ।"

"आफ्नो भित्र विद्यमान वीर्य सम्बोध्यङ्गलाई मेरो भित्र वीर्य सम्बोध्यङ्ग विद्यमान छ भनी जान्दछ ... *(पूर्ववत्)* ... फेरि पहिले उत्पन्न भइसकेका वीर्य सम्बोध्यङ्गलाई भावनाद्वारा वृद्धि गराउने, परिपूर्ण गराउने हेतुलाई पनि जान्दछ ।"

"आफ्नो भित्र विद्यमान प्रीति सम्बोध्यङ्गलाई मेरो भित्र प्रीति सम्बोध्यङ्ग विद्यमान छ भनी जान्दछ ... *(पूर्ववत्)* ... फेरि पहिले उत्पन्न भइसकेका प्रीति सम्बोध्यङ्गलाई भावनाद्वारा वृद्धि गराउने, परिपूर्ण गराउने हेतुलाई पनि जान्दछ ।"

"आफ्नो भित्र विद्यमान प्रशब्धि सम्बोध्यङ्गलाई मेरो भित्र प्रशब्धि सम्बोध्यङ्ग विद्यमान छ भनी जान्दछ ... *(पूर्ववत्)* ... फेरि पहिले उत्पन्न भइसकेका प्रशब्धि सम्बोध्यङ्गलाई भावनाद्वारा वृद्धि गराउने, परिपूर्ण गराउने हेतुलाई पनि जान्दछ ।"

"आफ्नो भित्र विद्यमान समाधि सम्बोध्यङ्गलाई मेरो भित्र समाधि सम्बोध्यङ्ग विद्यमान छ भनी जान्दछ ... *(पूर्ववत्)* ... फेरि पहिले उत्पन्न भइसकेका समाधि सम्बोध्यङ्गलाई भावनाद्वारा वृद्धि गराउने, परिपूर्ण गराउने हेतुलाई पनि जान्दछ ।"

"आफ्नो भित्र विद्यमान उपेक्षा सम्बोध्यङ्गलाई मेरो भित्र उपेक्षा सम्बोध्यङ्ग विद्यमान छ भनी जान्दछ । आफ्नो भित्र विद्यमान नभएको उपेक्षा सम्बोध्यङ्गलाई मेरो भित्र उपेक्षा सम्बोध्यङ्ग विद्यमान छैन भनी जान्दछ । फेरि पहिले उत्पन्न नभएका उपेक्षा सम्बोध्यङ्गको उत्पन्न हुने हेतुलाई पनि जान्दछ । फेरि पहिले उत्पन्न भइसकेका उपेक्षा सम्बोध्यङ्गलाई भावनाद्वारा वृद्धि गराउने, परिपूर्ण गराउने हेतुलाई पनि जान्दछ ।"

यसरी आफ्नो भित्री धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ । यसरी बाहिरी धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ । भित्री बाहिरी धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ । समुदय धर्मलाई धर्ममा हेरेर विहार गरी बस्छ । व्यय धर्मलाई धर्ममा हेरेर विहार गरी बस्छ । समुदय व्यय धर्मलाई हेरेर विहार गरी बस्छ । धर्म स्वभाव मात्र छ भनी सो *(भिक्षु)* को स्मृति अगाडि प्रकट भईरहन्छ । यस प्रकारले सम्मुखी भूत ती स्मृति क्रमिक ज्ञानवृद्धिको निमित्त तथा क्रमिक बारम्बार स्मृति अभिवृद्धिको निमित्त मात्र हो । ती स्मृतिमान भिक्षु तृष्णा र दृष्टिबाट अलग भई विहार गरी बस्छ । सो भिक्षुले लोकमा कुनै कुरालाई पनि *(तृष्णा र दृष्टिद्वारा)* ग्रहण नगरीकन बस्छ । यसरी भिक्षु धर्ममा धर्मानुपश्यी भई विहार गर्छ ।

## (ङ) चतुरार्य सत्य

१५. "भिक्षु हो ! फेरि भिक्षु चतुरार्यसत्य धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ । भिक्षु हो ! कसरी भिक्षु चतुरार्यसत्य धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ ? भिक्षु हो ! भिक्षु यहाँ *(यस बुद्धशासनमा)* 'यो दु:ख हो' भनी *(दु:ख सत्यलाई)* यथार्थत: *(यथाभूत)* जान्दछ, 'यो दु:ख समुदय हो' भनी

Downloaded from http://www.dhamma.digital

*(दुःख समुदय सत्यलाई)* यर्थाथतः जान्दछ, 'यो दुःख निरोध सत्य भो भनी यथार्थता जान्दछ, 'यो दुःख निरोध गामिनी प्रतिप्रदा मार्ग हो' भनी यथार्थतः जान्दछ ।

**प्रथम भाणवार समाप्त ।**

## दुःख सत्य

१६. "भिक्षु हो ! दुःख आर्यसत्य भनेको के हो ? जाति *(जन्म)* पनि दुःख हो, जरा पनि दुःख हो, मरण पनि दुःख हो, शोक सन्ताप पनि दुःख हो, विलाप गरी रुनु पनि दुःख हो, शारीरिक पीडा, मानसिक पीडा पनि दुःख हो, चित्तमा सारै अशान्त हुनुपनि दुःख हो, अप्रियहरूसँग संयोग हुनु पनि दुःख हो, प्रियहरूसँग वियोग हुनु पनि दुःख हो, जो इच्छा हुन्छ त्यो नपाउनु पनि दुःख हो, संक्षेपमा – पाँच उपादानस्कन्धहरू नै दुःख हुन् ।

१७. "भिक्षु हो ! जाति *(जन्म हुनु)* भनेको के हो ? ती-ती सत्त्व *(प्राणी)*हरूको ती-ती सत्त्वहरूको समूहमा जुन पहिले उत्पन्न हुनु, पूर्ण रूप उत्पन्न हुनु, अण्डामा, आमाको गर्भमा प्रवेश हुनु, शरीर प्रकट हुनु नयाँ स्कन्ध प्रकट हुनु, आयतन *(चक्षु आदि)* प्राप्त हुनु हो । भिक्षु हो ! यसैलाई नै जाति *(जन्म हुनु)* भन्दछन् ।

१८. "भिक्षु हो ! जरा *(बूढा हुनु)* भनेको के हो ? ती-ती सत्त्व *(प्राणी)* हरूको ती-ती सत्त्वहरूको समूहमा जुन बूढा हुनु, जीर्ण हुनु, दाँत झर्नु, केश पाक्नु, छाला *(त्वचा)* चाउरिनु *(खुम्चिनु)*, आयु सक्नु, दुर्बल हुनु, इन्द्रिय परिपक्व हुनु, छिप्पिनु हो । भिक्षु हो ! यसैलाई नै जरा *(बूढा हुनु)* भन्दछन् ।

१९. "भिक्षु हो ! मरण भनेको के हो ? ती-ती प्राणीहरूको ती-ती सत्त्वहरूको समूहमा जुन च्युत हुनु, च्युतत्व प्राप्त हुनु, नष्ट हुनु, भेद *(अलग हुनु)* हुनु, अन्तर्धान हुनु, लोप हुनु, मृत्यु हुनु, मर्नु, स्कन्ध भेद-भिन्न *(विनाश)* हुनु, लाश शरीरलाई फाल्नु, जीवितिन्द्रियहरू छुट्नु, तथा पूर्ण रूपले समुच्छेद हुनु हो । भिक्षु हो ! यसैलाई नै मरण भन्दछन् ।

२०. "भिक्षु हो ! शोक हुनुभनेको के हो ? भिक्षु हो ! कुनै न कुनै विपत्ति *(जाति, भोग, रोग, शील अथवा दृष्टि)* व्यसनमा डुबेका कुनै न कुनै दुःख धर्ममा पीडित भएका पुद्गल *(व्यक्ति)* लाई जुन शोक हुनु, शोकको भाव हुनु, आत्मपीडा हुनु, शोक सन्तापमा डुबेर आन्तरिक शोक परिशोक *(चित्तमा जलन)* हुनु हो । भिक्षु हो ! यसैलाई शोक हुनु भन्दछन् ।

२१. "भिक्षु हो ! परिदेव *(विलाप गरी रोइ कराउनु)* भनेको के हो ? भिक्षु हो ! कुनै न कुनै विपत्ति व्यसनमा डुबेका, कुनै न कुनै दुःख धर्ममा पीडित भएका पुद्गललाई जो विनाश भई गएको कुनै कुरा *(वस्तु)* लाई लिएर रोई कराई विलाप गर्नु, गुण उपकारलाई सम्झेर रोई कराई विलाप गर्नु, विनाश भई गएको पुद्गल *(व्यक्ति)* लाई लिएर विलाप गर्नु, भाव, गुण, उपकार सम्झी विलाप गर्ने भाव हुनु हो । भिक्षु हो ! यसैलाई परिदेव भनी भन्दछन् ।

Downloaded from http://www.dhamma.digital

२२. "भिक्षु हो ! दु:ख भनेको के हो ? भिक्षु हो ! शारीरिक दु:ख शारीरिक पीडा *(असात=मज्जा गर्न योग्य नभएको)*, शरीरको स्पर्शद्वारा हुने दु:ख तथा शरीरको स्पर्शद्वारा हुने मज्जा गर्न योग्य नभएको हो, भिक्षु हो ! यसैलाई दु:ख भन्दछन् ।

२३. "भिक्षु हो ! दौर्मनस्य भनेको के हो ? भिक्षु हो ! जुन मानसिक *(चेतसिक)* निस्वाद *(असात)* मानसिक दु:ख, मनका स्पर्शद्वारा उत्पन्न हुने दु:ख, मनको स्पर्शद्वारा उत्पन्न हुने असात अनुभव हुनु हो, भिक्षु हो ! यसैलाई दौर्मनस्य भन्दछन् ।

२४. "भिक्षु हो ! उपायास *(तीव्र डाह)* भनेको के हो ? भिक्षु हो ! कुनै न कुनै विपत्ति व्यसनमा डुबेका, कुनै न कुनै दु:ख धर्ममा पीडित भएका पुद्गलको जुन चित्त ग्लानी, चित्तको अति ग्लानी, अति क्लान्तभाव हुनु; भिक्षु हो ! यसैलाई उपायास भन्दछन् ।

२५. भिक्षु हो ! अप्रिय[४९६]हरूसँग सँयोग हुनु पनि दु:ख हो भनेको केलाई भन्दछन् ? यो लोकमा कोही कसैको अनिष्ट अकान्त *(प्रसन्न नभएको)*, अमनाप *(चित्तलाई वृद्धि नगर्ने)* रूप शब्द, गन्ध, रस, स्पर्श र धर्म अथवा *(उसको)* अनर्थाभिलाषीहरू, अहिताभिलाषीहरू, दु:खाभिलाषीहरू, भय शान्त नहुने इच्छा गर्नेहरू हुन्छन्, उनीहरूसँग जुन सँगै बस्नु पर्ने, सम्पर्क बनाई राख्नु पर्ने, एकत्रित भई बसिरहनु पर्ने हुन्छ, भिक्षु हो ! यसैलाई अप्रियहरूसँग संयोग हुनु पनि दु:ख भनिन्छ ।

२६. "भिक्षु हो ! प्रिय[४९७]हरूसँग वियोग हुनु पनि दु:ख हो भनेको केलाई भन्दछन् ? यो लोकमा कोही कसैको इष्ट, कान्त, मनाप रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्म अथवा *(यसको)* अनर्थ नहुने इच्छा गर्नेहरू, हित हुने इच्छा गर्नेहरू, आनन्द हुने इच्छा गर्नेहरू, भय शान्त हुने इच्छा गर्नेहरू, आमा, बाबु, दाजु, भाई, दिदी, बहिनी, मित्र अमात्य, आफन्त परिजनहरू हुन् जुन उनीहरूसँग सँगै बस्नु नपाउनु, सम्पर्क बनाई रहन नपाउनु, एकत्रित भई बस्न नपाउनु, मिश्रित भईरहन नपाउनु हो; भिक्षु हो ! यसैलाई प्रियहरूसँग वियोग हुनु पनि दु:ख भनिन्छ ।

२७. "भिक्षु हो ! जो इच्छा हुन्छ त्यो नपाउनु पनि दु:ख[४९८] भनेको केलाई भन्दछन् ?. जन्म लिनु

---

४९६ 'अप्रिय' भन्नासाथ साधारणतया 'मन नपर्ने' भन्ने जस्तो अर्थ बुझिन्छ । किन्तु 'अप्रिय' भनी कस्तोलाई भनिन्छ भन्ने बारेमा विभं. पा.पृ. १२८: सच्च विभङ्गको सुत्तन्त भाजनीयमा यसको परिभाषा यसरी दिइएको छ –

"तत्थ कतमो अप्पियेहि सम्पयोगो दुक्खो ? इध यस्स ते होन्ति अनिट्ठा अकन्ता अमनापा रुपा सद्दा गन्धा रसा फोट्ठब्बा, ये वा पनस्स ते होन्ति अनत्थकामा अहितकामा रसा फोट्ठब्बा, ये वा पनस्स ते होन्ति अनत्थकामा अहितकामा अफासुकामा अयोगक्खेमकामा; या तेहि सङ्गति समागमो समोधानं मिस्सभावो – अयं वुच्चति 'अप्पियेहि सम्पयोगो दुक्खो' ।" यहाँ जो ती अनिष्ट, मन नपर्ने रुपादि स्पर्शहरू हुन्, जो ती अहितकामीहरू हुन् – तिनीहरूसँग समागम, संगत तथा मिस्सिएर बस्नुपर्ने आदि नै 'अप्रियहरूसँग संयोग हुनु पनि दु:ख हो' भनी भनिएको हो ।

४९७ 'प्रियहरूसँग वियोग' भनेको के हो भन्ने बारेमा विभं. पा.पृ. १२८ मा यस्तो परिभाषा दिइएको छ –

"इध यस्स ते होन्ति इट्ठा कन्ता मनापा रुपा सद्दा गनधा रसा फोट्ठब्बा, ये वा पनस्स ते होनित अत्थकामा हितकामा फासुकामा योगक्खेमकामा माता वा पिता वा भाता वा भगिनी वा मित्ता वा अमच्चा वा ञाती वा सालोहिता वा; या तेहि असङ्गति असमागमो असमोधानं अमिस्सिभावो – अयं वुच्चति 'पियेहि विप्पयोगो दुक्खो' ।" अर्थात् – जो ती इष्ट, कान्त तथा मनपर्ने रुपादि स्पर्शहरू हुन्, जो ती हितैषी भलाई चाहने आमा बाबु नातेदार तथा मित्रहरू हुन् – उनीहरूसँग बियोग हुनु नै 'प्रियहरूसँग बियोग हुनु दु:ख हो' भनी भनिएको हो ।

४९८ 'इच्छा भएको नपाउनु पनि दु:ख हो' भनी भनेकोमा कस्तो इच्छा भएको नपाउनु दु:ख हो भन्ने बारेमा यस्तो परिभाषा दिइएको छ –

"जातिधम्मानं सत्तानं एवं इच्छा उप्पज्जति – 'अहो वत, मयं न जातिधम्मा अस्साम; न च, वत, नो जाति आगच्छेयया' ति !" न खो पनेतं इचछाय पत्तब्बं । इदं पि 'यं पिच्छं न लभति तं पि दुक्खं' ।" विभं. पा.पृ. १२८:

Downloaded from http://www.dhamma.digital

पर्ने स्वभाव भएका प्राणीहरूको यस्तो इच्छा गर्दछन् – 'आहा ! हामीमा जन्म लिनुनपर्ने स्वभाव भएको भए कति हुन्थ्यो । हाम्रो निमित्त जन्म भनेको नै नआई दिए कति हुन्थ्यो ।' परन्तु यसरी इच्छा गर्दैमा प्राप्त हुने होइन । यो स्वभावलाई पनि इच्छा गरे अनुसार पुरा नहुने दुःख भनी भन्दछन् । भिक्षु हो ! वृद्ध हुने स्वभाव भएका प्राणीहरूको यस्तो इच्छा गर्दछन् – 'आहा ! हामीमा जरा *(वृद्ध)* हुनु नपर्ने स्वभाव भएको भए कति हुन्थ्यो । हाम्रो निमित्त वृद्धत्व भनेको नै नआई दिए कति हुन्थ्यो ।' परन्तु यसरी इच्छा गर्दैमा प्राप्त हुने होइन । यो स्वभावलाई पनि इच्छा गरे अनुसार पूरा नहुने दुःख भनी भन्दछन् । भिक्षु हो ! व्याधि *(रोगाहा)* हुने स्वभाव भएका प्राणीहरूको यस्तो इच्छा गर्दछन् – 'आहा ! हामीमा व्याधि हुनु नपर्ने स्वभाव भए कति हुन्थ्यो । हाम्रो निमित्त व्याधि भनेको नै नआइ दिए कति हुन्थ्यो ।' परन्तु यसरी इच्छा गर्दैमा प्राप्त हुने होइन । यो स्वभावलाई पनि इच्छा गरे अनुसार पूरा नहुने दुःख भनी भन्दछन् । भिक्षु हो ! मरण हुने स्वभाव भएका प्राणीहरूको यस्तो इच्छा गर्दछन् – 'आहा ! हामीमा मरण हुनु नपर्ने स्वभाव भए कति हुन्थ्यो । हाम्रो मरण भनेको नै नआइ दिए कति हुन्थ्यो ।' परन्तु यसरी इच्छा गर्दैमा प्राप्त हुने होइन । यो स्वभावलाई पनि इच्छा गरे अनुसार पूरा नहुने दुःख भनी भन्दछन् । भिक्षु हो ! हामीमा शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास स्वभाव नभए कति हुन्थ्यो । हाम्रो निमित्त शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास आउँदै नआउने भए कति हुन्थ्यो ।' परन्तु यसरी इच्छा गर्दैमा प्राप्त हुने होइन । यो स्वभावलाई पनि इच्छा गरे अनुसार पूरा नहुने दुःख भनी भन्दछन् ।

२८. "भिक्षु हो ! संक्षिप्तमा – पाँच उपादान स्कन्ध[४९९] नै दुःख भनेको के हो ? यी हुन् – रूप

---

अर्थात् – यो लोकमा जन्मेका प्राणीहरूलाई यस्तो इच्छा हुन्छ – 'अहो ! हामीलाई जन्म मरणादि नभए हुन्थ्यो, भवचक्रमा पर्न नपरे हुन्थ्यो' इत्यादि । तर त्यो इच्छाहुँदैमा उपलब्ध हुँदैन, त्यसैले – 'इच्छा भएको' न पाउनु पनि दुःख हो ।' भनी भनिएको हो ।

४९९ 'पाँच उपादानस्कन्ध' भनेको – (१) रूपस्कन्ध, (२) वेदनास्कन्ध, (३) संज्ञास्कन्ध, (४) संस्कारस्कन्ध तथा (५) विज्ञानस्कन्ध हो । यी पाँच-स्कन्धहरूलाई 'पञ्चस्कन्ध तथा पञ्चोपादानस्कन्ध' पनि भन्दछन् । विभं. पा.पृ. ३, १२९, अ.क. पृ. १, ७६ ।

यी पञ्चस्कन्धहरूको कुरा राम्ररी बुझ्न वा अध्ययन गर्न अभिधर्मपिटकको विभङ्गपालिको सम्पूर्ण 'खन्धविभङ्ग' हेर्नु जरुरी छ । यसमा पञ्चस्कन्धको कुराहरूलाई विश्लेषणात्मक ढङ्गले व्याख्यान गरेको पाइन्छ । जति पनि स्कन्ध सम्बन्धी विभाजनहरू आवश्यक छन् ती जम्मै यसमा समुल्लेख भएका छन् । धातु. क.पा.पृ. ५ मा कुन स्कन्धमा कुन् कुन् अरु स्कन्धहरू समावेश भएका वा न भएका कुराहरू र कुन् कुन् स्कन्धमा कति कति आयतनहरू छन् वा छैनन् भन्ने कुराको साथै – कुन् कुन् स्कन्धमा १८ धातुहरूमध्ये समावेश भएका छन् भन्ने इत्यादि कुरा पनि समुल्लेख भएको पाइन्छ ।

यी पञ्चस्कन्धहरूका सम्बन्धमा अझ बढी गहिरो गरी, रौं चिराईको रुपमा बुद्धदर्शन जान्नचाहने जिज्ञासुहरूले अभिधर्मपिटककै 'यमकपालि' को निद्देसोमा पदसोधनवारो पृ. ३०-३९; सुद्धखन्धवारो पृ. ३९-४८; पवत्तिवारोको उप्पादवारो पृ. ४८-६७, निरोधवारो पृ. ६७-८४; उप्पाद निरोधवारो पृ. ८५-१०१; तथा परिञ्ञावारो पृ. १०१-१०४; सम्म हेर्नुपर्छ । उपरोक्त पृष्टहरूमा "रूप भनेको नै रूपस्कन्ध हो के ? रूपस्कन्धनै रूप हो के ? स्कन्ध भनेको रूप हो के ? रूपस्कन्ध उत्पन्न हुने बेलामा वेदना स्कन्ध पनि उत्पन्न हुन्छ के ? जसको रूपस्कन्ध उत्पन्न हुन्छ उसको वेदनास्कन्ध पनि उत्पन्न हुन्छ के ? जसको रूपस्कन्ध निरोध हुन्छ उसको वेदनास्कन्ध पनि निरोध हुन्छ के ? जसले रूपस्कन्धलाई जान्दछ उसले वेदनास्कन्धलाई पनि जान्दछ के ?" भन्ने अनेक प्रश्नहरूका विश्लेषणात्मक रुपले उत्तरहरू समुल्लेख भएका पाइन्छन् ।

पञ्चस्कन्धका कुराहरू विशदरूपले विसु. म.पृ. ३३१, ३५८ खन्धनिद्देस-१४ मा पनि व्याख्यान गरिएको छ ।

यी पञ्चस्कन्धका कुराहरू सारै गम्भीर छन् । बुद्ध दर्शनको गहिरो अध्ययन गर्न चाहने जिज्ञासुहरूले यसबारे ज्ञान हासिल गर्न आवश्यक छ । यिनै पञ्चस्कन्धमा नै सारा ब्रह्माण्डका कुराहरू निहित छन् ।

"यी पञ्चस्कन्धहरूलाई यथार्थतः साक्षात्कारगरी बुझ्न नसकेसम्म मैले – 'आफूलाई सम्बोधि प्राप्त भयो' भनी घोषणा गरिन; जब यसलाई मैले साक्षात्कार गरें अनि मात्र मैले सम्बोधि प्राप्तिको घोषणा गरें" भनी बुद्धले स्वयं स.नि. II. पृ. २६४: अस्सादसुत्तमा भन्नु भएको छ ।

Downloaded from http://www.dhamma.digital

उपादान स्कन्ध, वेदना उपादान स्कन्ध, संज्ञा उपादान स्कन्ध, संस्कार उपादान स्कन्ध, वेदना उपादान स्कन्ध, भिक्षु हो ! यसैलाई नै संक्षिप्तमा – पाँच उपादान स्कन्धहरू नै दुःख भनिएको हो । भिक्षु हो ! यसैलाई दुःख आर्यसत्य[५००] भन्दछन् ।

## (२) समुदयसत्य

२९. "भिक्षु हो ! दुःख समुदय आर्यसत्य के लाई भन्दछन् ? भिक्षु हो ! जो यो पुनर्भविक *(फेरि फेरि जन्मिने)* तृष्णा हो, जो यो नन्दिराग *(मजा लिने स्वभाव)* सहगत तृष्णा हो, जो यो त्यहाँ त्यहाँ अभिनन्दित *(आनन्द लिने स्वभाव)* गर्ने तृष्णा हो, जस्तै (१) कामतृष्णा[५०१], (२) भवतृष्णा[५०२], (३) विभवतृष्णा[५०३] ।

"भिक्षु हो ! त्यो तृष्णा उत्पन्न हुने बेलामा कहाँ उत्पन्न हुन्छ ? स्थित भइ रहेको बेला कहाँ स्थित हुन्छ ? यस लोकमा मानिसको जुन प्रिय एवं अनुकूल *(सात)* विषय हुन्छ, त्यही त्यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित *(अभिनिविष्ट)* हुन्छ ।

---

५०० 'दुःख आर्यसत्य' को अर्थ हो – 'दुःख नै श्रेष्ठ सत्य हो' । 'दुःख' लाई असत्य गर्न नसक्ने हुनाले र 'दुःख' कदाचित 'सुख' नहुने भएको इत्यादि अर्थले पनि यसलाई 'सत्य' भनिएको हो । यो भन्दा विशिष्ट अर्थहरू बुझ्न तथा के कारणले 'सत्य' भनेको हो भन्ने इत्यादि कुराहरू बुझ्न तथा आर्यसत्य सम्बन्धी सविस्तर कुराहरू बुझ्न पटि.म.पृ. ३५१: सच्चकथानिद्देसोमा र यो सत्यको कति लक्षणहरू छन् वा कस्तो लक्षण भएकोलाई 'दुःखसत्य' भन्ने हो भन्ने बारेमा उक्त ग्रन्थकै पृ. ३५६: मा र कति कति प्रकारले यो सत्यको विभाजन गर्न सकिन्छ भन्ने बारेमा उहीं पृ. ३५९ मा तथा दुःखलाई किन सत्य भनिएको हो, सत्यले के के काम गर्छ भन्ने आदि आदि विवेचनात्मक कुराहरूको निम्ति सम्मो.वि.पृ. ५८-६५ मा र विसु. म.पृ. ३६८: इन्द्रियसच्चनिद्देस-१६ मा पनि हेर्नु योग्य छ ।

यी दुःखस्कन्धहरूमा कति स्कन्धहरू, कति धातुहरू तथा कति आयतनहरू सम्मिलित छन् भन्ने आदि कुराहरूको बारेमा धातु.क.पृ. १२ मा चत्तारिसच्चनि भन्ने शीर्षक अन्तर्गत सबै कुराहरू समुल्लेख भएका पाइन्छन् ।

यी दुःख आर्यसत्यको सम्बन्धको सम्बन्धमा अझ बढी गम्भीर अध्ययनको निमित्त अभिधर्मपिटककै 'यमक पालिमा' सच्चयमक खण्डका सबै कुराहरू हेर्नु योग्य छ । त्यसमा दुःखआर्यसत्य सम्बन्धी अनेक प्रकारका प्रश्नहरू छन् । जस्तै – दुःखलाई नै दुःखआर्यसत्य भन्दछन् कि अथवा सत्य भनेको अर्कै हो, दुःख भनेको अर्कै हो आदि । यी कुराहरू यसै ग्रन्थको 'निद्देसोमा' पदसोधनवारो भन्ने शीर्षक अन्तर्गत पृ. ३१५-३२२ मा समुल्लेख भएको पाइन्छ । उहीं उप्पादवारो पृ. ३२३-३५५ मा जसलाई दुःख उत्पन्न हुन्छ उसलाई समुदयसत्य पनि उत्पन्न हुन्छ के ? भन्ने आदि प्रश्नहरू पनि समुल्लेख भएका छन् । अनि उहीं 'निरोधवारो' पृ. ३५५-३८१ मा जसको दुःखसत्य निरुद्ध हुन्छ उसको समुदयसत्य पनि निरुद्ध हुन्छ के ? भन्ने आदि प्रश्नहरू पनि समुल्लेख भएका छन् ।

५०१ 'कामतृष्णा' पञ्चकामविषयिक तृष्णा र रागलाई भनिन्छ । विभं. अ. क. पृ. ७७, कामतृष्णाको परिभाषा यसरी दिइएको छ – "कामधातुपटिसंयुत्तो रागो सारागो चित्तस्स सारागो – अयं वुच्चति 'कामतण्हा' ।" विभं. पा.पृ. ४३७

५०२ 'भवतृष्णा' को परिभाषा हो – "रुपधातु अरुपधातुपटिसंयुत्तो रागो सारागो चित्तस्स सारागो – अयं वुच्चति 'भवतण्हा' ।" विभं.पा. पृ. ४३७, अर्थात् – रूप अरूप सम्बन्धी भएको रागलाई 'भवतृष्णा' भनिएको हो ।

५०३ 'विभवतृष्णा' को परिभाषा हो – "उच्छेददिट्ठिसहगतो रागो सारागो चित्तस्स सारागो – अयं वुच्चति 'विभवतण्हा' ।" विभं.पा. पृ. ४३७, अर्थात् – उच्छेददृष्टियुक्त चित्तको रागलाई 'विभवतृष्णा' भनिएको हो ।

विभं. अ.क.पृ. ७७ अनुसार 'शाश्वत दृष्टियुक्त रागलाई 'भवतृष्णा' र उच्छेददृष्टियुक्त रागलाई 'विभवतृष्णा' पनि भनिन्छ । यी तीन तृष्णाहरूको विभाजन विभं. पा. पृ. ४३६, ४३७ मा समुल्लेख भएको पाइन्छ ।'

उपरोक्त तृष्णाहरू कहाँ उत्पन्न हुन्छन् भन्ने बारेका कुराहरू विभं. पा.पृ. १२९: मा समुदयसत्यको कुरा उल्लेख भएकै ठाउँमा समुल्लेख भएका छन् ।

Downloaded from http://www.dhamma.digital

"*(सङ्खार)* लोकमा प्रिय एवं अनुकूल विषय भनेको के हो ? लोकमा चक्षु *(आँखा)* प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो *(तीन)* तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ। लोकमास्रोत ··· *(पूर्ववत्)* ··· । लोकमाघ्राण ··· *(पूर्ववत्)* ··· । लोकमाकाय ··· *(पूर्ववत्)* ··· लोकमा मन प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ।"

'लोकमा रूप प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो *(तीन)* तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ। ··· शब्द ··· । ··· गन्ध ··· । ··· रस ··· । ··· स्पर्श। लोकमा धर्म प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ।

"लोकमा चक्षुविज्ञान प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो *(तीन)* तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ। ··· स्रोतविज्ञान ··· । ··· घ्राणविज्ञान ··· । ··· जिह्वाविज्ञान ··· । ··· कायविज्ञान ··· । लोकमा मनोविज्ञान प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ।"

"लोकमा चक्षुसंस्पर्श प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित्र भईरहन चाहेमा स्थित हुन्छ। ··· स्रोतसंस्पर्श ··· । घ्राणसंस्पर्श ··· । जिह्वासंस्पर्श ··· यहाँ यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ।"

"लोकमा चक्षुसंस्पर्शज वेदना प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ। ··· स्रोतसंस्पर्शज वेदना ··· । ··· घ्राणसंस्पर्शज वेदना ··· । जिह्वासंस्पर्शज वेदना ··· । ··· कायसंस्पर्शज वेदना ··· । लोकमा मनोसंस्पर्शज वेदना प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ।"

"लोकमा रूपसंज्ञा प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ। ··· गन्धसंज्ञा ··· । ··· रससंज्ञा ··· । ··· स्पर्शसंज्ञा ··· । लोकमा धर्मसंज्ञा प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ।"

"लोकमा रूपसंचेतना प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ। ··· शब्दसंचेतना ··· । ··· गन्धसंचेतना ··· । ··· रससंचेतना ··· । स्पर्शसंचेतना ··· । लोकमा धर्मसंचेतना प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ।"

"लोकमा रूपवितर्क प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ। ··· शब्दवितर्क ··· । ··· गन्धवितर्क ··· । ··· रसवितर्क ··· । स्पर्शवितर्क ··· । लोकमा धर्मवितर्क प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ।"

"लोकमा रूपविचार प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ। ··· शब्दविचार ··· । ··· गन्धविचार ··· । ··· रसविचार ··· । स्पर्शविचार ··· । लोकमा धर्मविचार प्रिय एवं अनुकूल हुन्छ, यहाँ यो तृष्णा उत्पन्न हुन चाहेमा उत्पन्न हुन्छ, स्थित भईरहन चाहेमा स्थित हुन्छ। भिक्षु हो ! यसैलाई *(तृष्णालाई)* दु:ख समुदय आर्यसत्य भन्दछन्।"

Downloaded from http://www.dhamma.digital

## (३) निरोध सत्य

३०. "भिक्षु हो ! दुःख निरोध आर्यसत्य भनेको के हो ? जो त्यही तृष्णाको निश्शेष निरोध, त्याग, प्रतिनिस्सर्ग, मुक्ति, अनालय हो, यही हो त्यो *(दुःख निरोध आर्य सत्य)*।

"भिक्षु हो ! त्यो तृष्णा प्रहीण गर्न चाहने बेलामा कहाँ प्रहीण भई जान्छ ? निरोध गर्न चाहने बेलामा कहाँ निरोध भई जान्छ ? लोकमा जो ती प्रिय एवं अनुकूल विषय *(भोग्य)* हुन्छन् ती त्यहाँ तृष्णा प्रहीण गर्न चाहने बेलामा प्रहीण भई जान्छ, निरोध गर्न चाहने बेलामा निरोध हुन्छ।"

"*(संस्कार)* लोकमा प्रिय एवं अनुकूल विषय स्वभाव भनेको के हो ? लोकमा चक्षु प्रिय एवं अनुकूल विषय स्वभाव हो। यो तृष्णा प्रहीण भएको बेला यो स्वभाव पनि प्रहीण हुन्छ, निरोध भएको बेला यो स्वभाव पनि निरोध हुन्छ। लोकमा स्रोत ··· *(पूर्ववत्)* ··· । ··· घ्राण ··· । ··· जिह्वा ··· । ··· काय ··· । ··· मन ··· ।"

"लोकमा रूप प्रिय एवं अनुकूल विषय स्वभाव हो। यो तृष्णा प्रहीण भएको बेला यो स्वभाव पनि प्रहीण हुन्छ, निरोध भएको बेला यो स्वभाव पनि निरोध हुन्छ। लोकमा शब्द ···। ··· गन्ध ··· । ··· रस ··· । ··· स्पर्श ··· । ··· धर्म ··· ।"

"लोकमा चक्षुर्विज्ञान प्रिय एवं अनुकूल विषय स्वभाव हो। यो तृष्णा प्रहीण भएको बेला यो स्वभाव पनि प्रहीण हुन्छ, निरोध भएको बेला यो स्वभाव पनि निरोध हुन्छ। लोकमा शब्दविज्ञान ···। ··· घ्राणविज्ञान ··· । ··· जिह्वाविज्ञान ··· । ··· कायविज्ञान ··· । ··· मनोविज्ञान ··· ।"

"लोकमा चक्षुसंस्पर्श प्रिय एवं अनुकूल विषय स्वभाव हो। यो तृष्णा प्रहीण भएको बेला यो स्वभाव पनि प्रहीण हुन्छ, निरोध भएको बेला यो स्वभाव पनि निरोध हुन्छ। लोकमा स्रोतसंस्पर्श ···। ··· घ्राणसंस्पर्श ··· । ··· जिह्वासंस्पर्श ··· । ··· कायसंस्पर्श ··· । ··· मनसंस्पर्श ··· ।"

"लोकमा चक्षुसंस्पर्शज प्रिय एवं अनुकूल विषय स्वभाव हो। यो तृष्णा प्रहीण भएको बेला यो स्वभाव पनि प्रहीण हुन्छ, निरोध भएको बेला यो स्वभाव पनि निरोध हुन्छ। लोकमा स्रोतसंस्पर्शज वेदना ··· *(पूर्ववत्)*। ··· घ्राणसंस्पर्शज वेदना ··· । ··· जिह्वासंस्पर्शज वेदना ··· । ··· मनोसंस्पर्शज वेदना ··· ।"

लोकमा रूपसंज्ञा प्रिय एवं अनुकूल विषय स्वभाव हो। यो तृष्णा प्रहीण भएको बेला यो स्वभाव पनि प्रहीण हुन्छ, निरोध भएको बेला यो स्वभाव पनि निरोध हुन्छ। लोकमा शब्दसंज्ञा ··· । ··· गन्धसंज्ञा ··· । ··· रससंज्ञा ··· । ··· स्पर्शसंज्ञा ··· । ··· धर्मसंज्ञा ··· ।"

"लोकमा रूप सञ्चेतना प्रिय एवं अनुकूल विषय स्वभाव हो। यो तृष्णा प्रहीण भएको बेला यो स्वभाव पनि प्रहीण हुन्छ, निरोध भएको बेला यो स्वभाव पनि निरोध हुन्छ। लोकमा शब्दसञ्चेतना ···। ··· गन्धसञ्चेतना ··· । ··· रससञ्चेतना ··· । ··· स्पर्शसञ्चेतना ··· । ··· धर्मसञ्चेतना ··· ।"

"लोकमा रूप तृष्णा प्रिय एवं अनुकूल विषय स्वभाव हो। यो तृष्णा प्रहीण भएको बेला यो स्वभाव पनि प्रहीण हुन्छ, निरोध भएको बेला यो स्वभाव पनि निरोध हुन्छ। लोकमा शब्दतृष्णा ···। ··· गन्धतृष्णा ··· । ··· रसतृष्णा ··· । ··· स्पर्शतृष्णा ··· । ··· धर्मतृष्णा ··· ।"

"लोकमा रूप वितर्क प्रिय एवं अनुकूल विषय स्वभाव हो। यो तृष्णा प्रहीण भएको बेला यो स्वभाव पनि प्रहीण हुन्छ, निरोध भएको बेला यो स्वभाव पनि निरोध हुन्छ। लोकमा शब्दवितर्क ··· । ··· गन्धवितर्क ··· । ··· रसवितर्क ··· । ··· स्पर्शवितर्क ··· । ··· धर्मवितर्क ··· ।"

Downloaded from http://www.dhamma.digital

"लोकमा रूप विचार प्रिय एवं अनुकूल विषय स्वभाव हो । यो तृष्णा प्रहीण भएको बेला यो स्वभाव पनि प्रहीण हुन्छ, निरोध भएको बेला यो स्वभाव पनि निरोध हुन्छ । लोकमा शब्दविचार …। … गन्धविचार … । … रसविचार … । … स्पर्शविचार … । लोकमा धर्म विचार भएको बेला रूप प्रिय एवं अनुकूल विषय स्वभाव हो । यो तृष्णा प्रहीण भएको बेला यो स्वभाव पनि प्रहीण हुन्छ, निरोध भएको बेला यो स्वभाव पनि निरोध हुन्छ । भिक्षु हो ! यसैलाई *(निर्वाणलाई)* दुःख निरोध आर्यसत्य भनी भन्दछन् ।

## (४) मार्ग सत्य

३१. "भिक्षु हो ! दुःख निरोध गामिनी प्रतिपदा आर्यसत्य केलाई भनिन्छ ? यही हो आर्य अष्टांङ्गिक मार्ग । जस्तै (१) सम्यक्‌दृष्टि (२) सम्यक्‌संकल्प, (३) सम्यक्‌वाचा, (४) सम्यक्‌कर्मान्त, (५) सम्यक्‌आजीव, (६) सम्यक्‌व्यायाम, (७) सम्यक्‌स्मृति, (८) सम्यक्‌समाधि ।

"भिक्षु हो ! सम्यक्‌दृष्टि[५०४] केलाई भनिन्छ ? भिक्षु हो ! दुःख सत्यको विषयमा जुन ज्ञान हो, दुःख समुदय सत्यको विषयमा जुन ज्ञान हो, दुःख निरोध सत्यको विषयमा जुन ज्ञान हो, फेरि दुःख निरोध गामिनी प्रतिपदा सत्यको विषयमा जुन ज्ञान हो, भिक्षु हो ! यसैलाई सम्यक्‌दृष्टि भनी भनिन्छ ।

"भिक्षु हो ! सम्यक्‌संकल्य केलाई भनिन्छ । नैष्क्रम्यसंकल्प *(पञ्चकामगुणबाट मुक्त हुने संकल्प)*, अव्यापाद संकल्प, अविहिंसा संकल्प छन् । भिक्षु हो ! यसैलाई सम्यक्‌संकल्प भनी भनिन्छ ।

"भिक्षु हो ! सम्यक्‌वाचा[५०५] *(वचन)* केलाई भनिन्छ ? भूmटो कुरा बोल्नुबाट अलग भईरहनु, पैशुन्य वचनबाट अलग भईरहनु, परुष वचनबाट अलग भईरहनु, फजुल कुरा गर्नुबाट अलग भइ रहनु । भिक्षु हो ! यसैलाई सम्यक्‌वाचा भनी भनिन्छ ।

"भिक्षु हो ! सम्यक्‌कर्मान्त[५०६] केलाई भनिन्छ ? प्राणी हिंसाबाट अलग भइ रहनु, चोरी कामबाट अलग भईरहनु, व्यभिचारबाट अलग भइ रहनु । भिक्षु हो ! यसैलाई सम्यक्‌कर्मान्त भनी भनिन्छ ।

"भिक्षु हो ! सम्यक्‌आजीव केलाई भनिन्छ ? भिक्षु हो ! यहाँ *(यो बुद्धशासनमा)* आर्यश्रावक मिथ्या आजीविकालाई त्याग गरी सम्यक् आजीविकाद्वारा जीविका चलाउँछ । भिक्षु हो ! यहीं रूपले

---

५०४ 'सम्यक्‌दृष्टि' को साधारण शब्दार्थ हो – ठीक हेराइ, यथार्थ हेराइ तथा राम्रो हेराइ । बुद्धधर्मको दृष्टिकोणले कस्तो हेराइलाई 'सम्यक्‌दृष्टि' भन्दछन् भन्ने बारेमा विचार गर्ने हो भने – जस्तै – चतुरार्यसत्यलाई नजान्नु नदेख्नु नै अविद्या हो । त्यस्तै – सम्यक्‌दृष्टिको ठीक अर्थ पनि चतुरार्यसत्यलाई जान्नु, देख्नु हो ।

५०५ 'सम्यक्‌संकल्प' को साधारण अर्थ हो ठीक कल्पना, यथार्थकल्पना, अथवा राम्रो कल्पना आदि । तर वास्तवमा कस्तो कल्पनालाई परिलक्षितगरी 'सम्यक्‌संकल्प' भनिएको हो भन्ने बारेमा विचारगर्दा यसको परिभाषा पनि निम्न प्रकार उल्लेख भएको पाइन्छ –

"तत्थ कतमो सम्मासङ्कप्पो ? – नेक्खम्मसङ्कप्पो, अब्यापादसङ्कप्पो, अविहिंसासङ्कप्पो – अयं वुच्चति 'सम्मासङ्कप्पो' ।" विभं.पा.पृ.१३३; अर्थात् – नैष्क्रम्यसम्बन्धी कल्पनाहरूलाई नै 'सम्यक्‌संकल्प' भनिएको हो । अभिधर्मको भाजनीय अनुसार –

"यो तक्को वितक्को अप्पना ब्यप्पना चेतसो अभिनिरोपना सम्मासङ्कप्पो मग्गङ्गं मग्गपरियापन्नं – अयं वुच्चति 'सम्मासङ्कप्पो' ।" विभं. पा. पृ. १३६, २८७, धम्म. सं. पृ. २१, ७८; अर्थात् – जो तर्कना वितर्कना, संकल्प, अर्पणा *(=ध्यान अवस्थाको एक स्थिति)* … मार्ग अन्तर्गत आदि *(चित्त)* हो – यही नै सम्यक्‌संकल्प हो ।

५०६ 'भवतृष्णा' को परिभाषा हो – "रुपधातु अरुपधातुपटिसंयुत्तो रागो सारागो चित्तस्स सारागो – अयं वुच्चति 'भवतण्हा' ।" विभं.पा. पृ. ४३७, अर्थात् – रूप अरूप सम्बन्धी भएकोरागलाई 'भवतृष्णा' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

जीविका गर्नेलाई सम्यक्आजीव भनी भनिन्छ।

भिक्षु हो ! सम्यक्व्यायाम केलाई भनिन्छ ? भिक्षु हो ! यहाँ उत्पन्न नभएको पापक अकुशल धर्मलाई उत्पन्न हुन नदिनको निमित्त छन्द *(इच्छा)* उत्पन्न गर्छ, उद्योग गर्छ, वीर्यारम्भ गर्छ, चित्तलाई उत्साहित गर्छ, प्रयत्न गर्छ। उत्पन्न भएको पापक अकुशल धर्मलाई हटाउनको निमित्त छन्द उत्पन्न गर्छ ··· । उत्पन्न नभएको कुशल धर्मलाई उत्पन्न गराउनको निमित्त छन्द उत्पन्न गर्छ ··· । उत्पन्न भएको कुशल धर्मलाई स्थिर राख्नको निमित्त, नछुटयाउनको निमित्त, अझ झन्झन् अभिवृद्धि गर्नको निमित्त, विपुल भावको निमित्त, भाविता पूर्तिको निमित्त, छन्द *(इच्छा)* उत्पन्न गर्छ, उद्योग गर्छ, वीर्यारम्भ गर्छ, चित्तलाई उत्साहित गर्छ, प्रयत्न गर्छ। भिक्षु हो ! यसैलाई सम्यक्व्यायाम भनी भनिन्छ।

"भिक्षु हो ! सम्यक्स्मृति केलाई भनिन्छ ? भिक्षु हो ! यहाँ *(यो बुद्धशासनमा)* भिक्षु कायमा कायानुपश्यी भई लोकमा *(यसै जीवनमा अर्थात् पाँच उपादानस्कन्धमा)* लोभ दौर्मनस्यतालाई हटाई, आतप्त गरी, सम्प्रज्ञानी भई, स्मृतिवान् भई विहार गर्छ, वेदनामा वेदनानुपश्यी ··· *(पूर्ववत्)* ··· विहार गर्छ, चित्तमा चित्तानुपश्यी भई ··· *(पूर्ववत्)* ··· विहार गर्छ, धर्ममा धर्मानुपश्यी भई लोकमा लोभ दौर्मनस्यलाई हटाइ, आतप्त गरी सम्प्रज्ञानी भई, स्मृतिवान् भई विचार गर्छ। भिक्षु हो ! यसैलाई सम्यक्स्मृति भनी भनिन्छ।

"भिक्षु हो ! सम्यक्समाधि केलाई भनिन्छ ? भिक्षु हो ! यहाँ *(यो बुद्धशासनमा)* भिक्षु कामविषयबाट अलग भई वितर्क विचारयुक्त भएको विवेकज: *(ध्यानज:)* प्रीति सुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ। फेरि वितर्क विचारलाई उपशान्त गरी अभ्यन्तर सम्प्रसादलाई चित्तमा एकाग्र गरी वितर्क विचाररहित विवेकज, प्रीति सुख भएको द्वितीयध्यान प्राप्त गरी बस्छ। फेरि प्रीतिलाई पनि त्यागी उपेक्षित भई स्मृतिसम्प्रजन्य भई शरीरद्वारा सुखानुभव गरी बस्छ। जसलाई आर्यहरू उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्दछन्। त्यसप्रकारको तृतीयध्यान प्राप्त गरी बस्छ। फेरि सुखलाई पनि त्यागी दु:खलाई पनि त्यागी पहिले नै सौमनस्य *(मानसिक सुख)* दौर्मनस्य *(मानसिक दु:ख)* को अन्त गरी सुख दु:ख नभएको स्मृति र उपेक्षा परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी बस्छ। भिक्षु हो ! यसैलाई सम्यक् समाधि भनी भनिन्छ। भिक्षु हो ! यसैलाई *(माथि उल्लेखित आर्य अष्टांङ्गिक मार्ग धर्म समूहलाई)* दु:ख निरोध गामिनी प्रतिपदा आर्यसत्य भनी भनिन्छ।

३२. यसरी आफ्नो भित्री धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ। यसरी बाहिरी धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ। भित्री बाहिरी धर्ममा धर्मानुपश्यी भई विहार गरी बस्छ। समुदय धर्मलाई धर्ममा हेरेर विहार गरी बस्छ। धर्म स्वभाव मात्र छ भनी सो *(भिक्षु)* को स्मृति अगाडि प्रकट भईरहन्छ। यस प्रकारले सम्मुखी भूत ती स्मृति अगाडि प्रकट भईरहन्छ। यस प्रकारले सम्मुखी भूत ती स्मृति क्रमिक ज्ञानवृद्धिको निमित्त तथा क्रमिक बार बार स्मृति अभिवृद्धिको निमित्त मात्र हो। ती स्मृतिमान भिक्षु तृष्णा र दृष्टिबाट अलग भई विहार गरी बस्छ। सो भिक्षुले लोकमा कुनै कुरालाई पनि *(तृष्णा र दृष्टिद्वारा)* ग्रहण नगरीकन बस्छ। यसरी भिक्षु धर्ममा धर्मानुपश्यी भई विहार गर्छ।

**धर्मानुपश्यना समाप्त।**

Downloaded from http://www.dhamma.digital

# ६. स्मृतिप्रस्थान भावनाको आनिशंस *(माहात्म्य)*

३३. "भिक्षु हो ! जो कोहीले यो चार स्मृतिप्रस्थान भावना गर्दछ, उसलाई सातवर्षको भित्र यी दुई मध्ये एउटा फल अवश्य प्राप्त हुन्छ – यहीं जन्ममा अरहत्फल अथवा उपादान बाँकी भएमा अनागामी फल ।

'भिक्षु हो ! सातवर्षको कुरा छाडिदेओ । भिक्षु हो ! जो कोहीले यो चार स्मृतिप्रस्थान भावना गर्दछ उसलाई छ वर्ष ··· पाँच वर्ष ··· चार वर्ष ··· तीन वर्ष ··· दुई वर्ष ··· एक वर्ष ··· *(पूर्ववत्)* ··· भिक्षु हो ! अझ एक वर्षको कुरा छाडी देऊ । भिक्षु हो ! जो कोहीले यो चार स्मृतिप्रस्थान सात महिना सम्म भावना गर्दछ, उसलाई यही जन्ममा अरहत्फल अथवा उपादान बाँकी भएमा अनागामी फल अवश्य प्राप्त हुन्छ ।'

"भिक्षु हो ! सात महिनाको कुरा छाडिदेओ । भिक्षु हो ! जो कोहीले यो चार स्मृतिप्रस्थान भावना गर्दछ उसलाई छ महिना ··· पाँच महिना ··· चार महिना ··· तीन महिना ··· दुई महिना ··· एक महिना ··· आधा महिनासम्म भावना गर्दछ, उसलाई यहीं जन्ममा अरहत् फल अथवा उपादान बाँकी भएमा अनागामी फल अवश्य प्राप्त हुन्छ ।

"भिक्षु हो ! आधा महिनाको कुरा छाडिदेओ । भिक्षु हो ! जो कोहीले यो चार स्मृतिप्रस्थान सात दिनसम्म भावना गर्दछ उसलाई यहीं जन्ममा अरहत्फल अथवा उपादान बाँकी भएमा अनागामी फल अवश्य प्राप्त हुन्छ ।

३४. "भिक्षु हो ! एक मात्र मार्ग *(एक अयन)* हो – सत्त्व *(प्राणी)* हरूको विशुद्ध हुने, शोक परिदेवबाट उत्तीर्ण हुने, दु:ख दौर्मनस्यलाई पूर्णत: अन्त गर्ने ज्ञेय *(धर्म)* अधिगम *(प्राप्त)* गर्ने तथा निर्वाण साक्षात्कार गर्ने – *(यी नै हुन)* चार स्मृतिप्रस्थान ।

यति भगवान्ले भन्नुभयो । सन्तुष्ट भई भिक्षुहरूले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

**महासतिपट्ठान-सुत्त समाप्त ।**

Downloaded from http://www.dhamma.digital

# १०. पायासिराजञ्ञ-सुत्त

(पायासिराजन्यसूत्र)

## १. पायासि राजा आयुष्मान् कुमार काश्यपकहाँ गए

१. यस्तो मैले सुनें। एक समय आयुष्मान् कुमार काश्यप पाँचशय महान् भिक्षुहरूका साथ कोशल देशमा चारिका गर्दै जहाँ कोशल देशको सेतब्य नगर हो त्यहाँ पुग्यो। अनि आयुष्मान् कुमार काश्यप सेतब्यको उत्तरतिरको सिंसपावनमा बस्नुभयो। त्यसबखत पायासि नामक राजा सेतब्यमा बस्दथे। प्रसेनजित् कोशल राजाले ब्रह्मदेव गरी उनलाई दिएको, विर्तागरिदिएको राजभोग्यहरू धेरै थिए। प्राणीहरू धेरै थिए। पानी घाँस काठहरू प्रशस्त थिए र धान्यवर्गहरू पनि धेरै थिए।

२. त्यसबखत पायासि राजामा "परलोक छैन, औपपातिक प्राणीहरू अर्थात् देवलोकमा उत्पन्न हुने प्राणीहरू छैनन् र राम्रो नराम्रो कर्मको फल छैन" भन्ने कुधारणा थियो। त्यसबखत सेतब्यवासी ब्राह्मणहरूले "श्रमण गौतमका श्रावक श्रमण कुमार काश्यप पाँचशय महान भिक्षुहरूका साथ कोशल देशमा चारिका गर्दै सेतब्यमा आइपुगी सेतब्यको उत्तरतिरको सिंसपावनमा बसिरहनुभएको छ" भन्ने कुरा सुने। भो आयुष्मान् कुमार कश्यपको "पण्डित व्यक्त मेधावी बहुश्रुत चित्रकथिक कल्याणभाषी वृद्ध तथा अरहत् हुनुहुन्छ" भन्ने कल्याण कीर्ति शब्द फैलिएको छ। अनि सेतब्यवासी ब्राह्मण गृहपतिहरू जमातका जमात भई उत्तरतिरको सिंसपावनमा जानको निमित्त सेतब्यबाट निस्के।

३. त्यसबखत पायासि राजा दिउँसोको आराम लिनको लागि प्रासादको माथिल्लो तलामा बसेका थिए। अनि पायासि राजाले सेतब्यवासी ब्राह्मण गृहपतिहरू जमातका जमात भई सेतब्यबाट उत्तरतिरको सिंसपावनमा गइरहेको देखे। यो देखेर मन्त्रीलाई बोलाई "यी ब्राह्मण गृहपतिहरू उत्तरतिर कहाँ गइरहेका हुन्?" भनी राजाले सोधे।

"भो देव! श्रमण गौतमका श्रावक श्रमण कुमार कश्यप भन्ने अहिले सेतब्यको उत्तरपट्टिको सिंसपावनमा बसिरहेका छन्। उहाँको 'पण्डित व्यक्त मेधावी बहुश्रुत चित्रकथिक कल्याणभाषी वृद्ध तथा अरहन्त हुनुहुन्छ' भन्ने कल्याणकीर्ति शब्द फैलिरहेको छ। सोहि कुमार कश्यपको दर्शन गर्न यिनीहरू जाँदैछन्।"

"हे मन्त्री! त्यसोभए जहाँ ती सेतब्यवासी ब्राह्मण गृहपतिहरू छन् त्यहाँ गई उनीहरूलाई यस्तो भन – 'तपाईंहरू पर्खनुहोस्, पायासि राजा पनि श्रमण कुमार कश्यपको दर्शन गर्न जानुहुने छ।' यी सेतेब्यवासी मूर्ख ब्राह्मण गृहपतिहरूलाई श्रमण कुमार कश्यपले 'परलोक छ, देवलोकमा उत्पन्न हुने प्राणीहरू छन् र राम्रो नराम्रो कर्मको फल छ' भनी सुनाउन सक्छन्। भो मन्त्री! परलोक छैन, देवलोकमा उत्पन्न हुने प्राणीहरू छैनन् र राम्रो नराम्रो कर्मको फल पनि छैन" भनी राजाले भने। "हवस्" भनी जवाफ दिई सो मन्त्री जहाँ ती सेतब्यवासी ब्राह्मण गृहपतिहरू हुन् त्यहाँ गई सेतब्यवासी

Downloaded from http://www.dhamma.digital

ब्राह्मण गृहपतिहरूलाई यस्तो भने – "भो गृहपति हो ! पर्खनुहोस् । पायासि राजा पनि श्रमण कुमार कश्यपको दर्शन गर्न जानुहुने छ ।"

४. अनि पायासि राजा ती सेतब्यवासी ब्राह्मण गृहपतिहरूद्वारा परिवृत्त भई जहाँ सिंसपावन हो जहाँ श्रमण कुमार कश्यप थियो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् कुमार कश्यपसँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि राजा एक छेउमा बसे । सेतब्यवासी ब्राह्मण गृहपतिहरू पनि केही आयुष्मान् कुमार कश्यपसँग अभिवादन गरी एक छेउमा बसे । केही आयुष्मान् कुमार कश्यपसँग सम्मोदन गरी सम्मोदनीय कुशलवार्ता गरी सकेपछि एक छेउमा बसे । केही आयुष्मान् कुमार कश्यपलाई हात जोरी नमस्कार गरी एक छेउमा बसे । केही नाम र गोत्रको नाम सुनाई एक छेउमा बसे । केही चुपलागी एक छेउमा बसे ।

## २. पायासि राजाको मिथ्यादृष्टि

५. एक छेउमा बसेका पायासि राजाले आयुष्मान् कुमार कश्यपलाई यस्तो भने – "भो कश्यप ! परलोक छैन, देवलोकमा उत्पन्न हुने प्राणी छैन र राम्रो नराम्रो कर्मको फल छैन भन्ने दृष्टिको हुँ ।"

"भो राजा ! मैले यस्तो भन्ने र यस्तो दृष्टि हुने पुरुषलाई न देखेको छु न त सुनेको नै । कसरी यसो भन्नुहुन्छ कि परलोक छैन, देवलोकमा उत्पन्न हुने प्राणी छैन र राम्रो नराम्रो कर्मको फल छैन ।"

### (१) चन्द्रसूर्यको उपमा

६. "राजन् ! त्यसोभए म तपाईंसँग सोध्छु । जस्तो तपाईंलाई लाग्छ त्यस्तो भन्नुहोस् । राजन् ! यी चन्द्र र सूर्य यो लोकमा छन् कि परलोकमा ? यिनीहरू देवता हुन् कि मानिस हुन् ? यसमा तपाईंलाई कस्तो लाग्छ ?"

"भो कश्यप ! यी चन्द्र सूर्य परलोकमा छन् इहलोकमा होइनन् । यिनीहरू देवता हुन् मानिस होइनन् ।"

"हे राजन् ! त्यही कारणले पनि परलोक छ, देवलोकमा उत्पन्न हुने प्राणीहरू छन् र राम्रो नराम्रो कर्मको फल छ ।"

७. "भो कश्यप ! तपाईंले यस्तो भन्नुभएता पनि मलाई चाहिं परलोक छैन, भन्ने लाग्छ ।"

"राजन् ! त्यसको कुनै कारण छ के जुन कारणले गर्दा तपाईंलाई परलोक छैन ...भन्ने लाग्छ ?"

"भो कश्यप ! त्यसको कारण छ ।"

"राजन् ! कस्तो कारण छ त ?"

"भो कश्यप ! यहाँ मेरा मित्र तथा ज्ञातिहरू छन् जो प्राणातिपाती, अदिन्नादायी, काममिथ्याचारी, मृषावादी, पैशुन्यवादी, परुषवाची, सम्प्रलापी, अभिध्यालु, व्यापादी र मिथ्यादृष्टिक छन् । अनि पछि उनीहरू विरामी भई दुःखी हुन्छन् । जब म जान्दछु कि उनीहरू रोगबाट निको हुनेछैन तब म

Downloaded from http://www.dhamma.digital

उनीहरूकहाँ गई यस्तो भन्छु – 'भो ! यहाँ केही श्रमण ब्राह्मणहरू यस्तो भन्दछन् कि जो ती प्राणातिपाती ··· र मिथ्यादृष्टिक छन् उनीहरू मरेपछि अपाय दुर्गति विनिपात नरकमा उत्पन्न हुन्छन् । तिमीहरू प्राणातिपाती ··· र मिथ्यादृष्टिक हौं । यदि ती श्रमण ब्राह्मणहरूको वचन सत्य हो भने तिमीहरू अपाय ··· नरकमा उत्पन्न हुनेछन् । यदि तिमीहरू अपाय ··· नरकमा उत्पन्न भयौ भने मलाई आई सो कुरा बताऊ कि परलोक छ ··· राम्रो नराम्रो कर्मको फल छ । म तिमीहरूको विश्वासी हुँ । जो तिमीहरूले देख्यौ त्यो मैले स्वयं देखेको जस्तो हुनेछ ।' 'हुन्छ' भनी मरेर गएका उनीहरूले मलाई न भन्न आउँछन् न त कुनै दूत नै पठाउँछन् । भो कश्यप ! यो पनि कारण हो जुन कारणले गर्दा मलाई परलोक छैन ··· भन्ने लाग्छ ।"

## (२) चोरको उपमा

८. "राजन् ! त्यसोभए तपाईंसँग सोध्नेछु जस्तो तपाईंलाई लाग्छ त्यस्तो भन्नुहोस् । राजन् ! 'यो आगो समान काम गर्ने चोर हो । यसलाई जे दण्डदिन चाहनुहुन्छ त्यस्तो गर्नुहोस्' भनी तपाईंका मानिसले चोर समाती तपाईंलाई दिन्छ भने तपाईं उसलाई के गर्नुहुन्छ ? अनि तपाईंले उनीहरूलाई यसो भन्नुहुन्छ – 'त्यसोभए यो पुरुषलाई दुईहात पछाडि पारी डोरीले बलियो गरी बाँध र शिर मुण्डन गरी भेरी बजाई सडकबाट सडकमा र दोबाटोबाट दोबाटोमा घुमाई दक्षिणको ढोकाबाट शहर बाहिर लगी मानिस काट्ने ठाउँमा लगी शिर काट ।' अनि उनीहरूले तपाईंले भने जस्तै गरी मानिस काट्ने ठाउँमा लगी बसाल्छन् । अनि सो पुरुषले फलाना ठाउँमा मेरा साथी र ज्ञातिहरू छन् । म त्यहाँसम्म गई उनीहरूलाई केही कुरा भनेर आउँछु भनी भन्दा चोरघातकले उसलाई छाडिदिन्छ कि अथवा ऊ कराउँदा कराउँदै उसलाई काट्छ ?"

"भो कश्यप ! उनीहरूले उसलाई छाड्दैन बल्की कराउँदा कराउँदै उसलाई काटिदिन्छ ।"

"राजन् ! सो चोर मानिस भएर पनि मानिस भएका चोरघातकबाट छाडिन्न भने प्राणातिपाती ··· मिथ्यादृष्टिक ती मानिसहरू मरेपछि अपाय ··· नरकमा गई हामी पायासि राजालाई परलोक छ भन्ने कुरा भनेर आउँछौ भन्दा नरकपालले के छाड्थे ? राजन् ! यसकारणले पनि तपाईंलाई यस्तो हुनुपर्छ कि परलोक छ ।"

९. "भो कश्यप ! यद्यपि तपाईं यस्तो भन्नुहुन्छ तैपनि मलाई परलोक छैन ··· भन्ने लाग्छ ।"

"राजन् ! तपाईंको कुनै कारण छ के जुन कारणले गर्दा तपाईंलाई परलोक छैन ··· भन्ने लाग्छ ?"

"भो कश्यप ! कारण छ । जुन कारणले गर्दा मलाई परलोक छैन ··· भन्ने लाग्छ ।"

"राजन् ! त्यो के हो त ?"

"भो कश्यप ! यहाँ मेरा प्राणीहिंसा नगर्ने, अदिन्नादान नगर्ने, काममिथ्याचार नगर्ने, मृषावाद नगर्ने, पैशुन्यबोली नबोल्ने, परुषवचन नबोल्ने, सम्प्रलाप नगर्ने, अनभिध्यालु, अव्यापादी र सम्यक्दृष्टिक साथी र ज्ञातिहरू छन् । अनि तिनीहरू पछि विरामी भई दुःखी हुन्छन् । जब मैले थाहा पाउँछु कि उनीहरू रोगबाट निको हुन्नन् तब म उनीहरूकहाँ गई यस्तो भन्छु 'यहाँ केही श्रमण ब्राह्मणहरू यस्तो भन्छन् कि जो प्राणीहिंसा गर्दैनन्, र सम्यक्दृष्टिक हुन्छन् उनीहरू मरणपछि सुगति स्वर्गलोकमा जान्छन् । तिमीहरू प्राणी हिंसा गर्दैनौ ··· र सम्यक्दृष्टिक पनि छौ । यदि ती श्रमण ब्राह्मणहरूको वचन

Downloaded from http://www.dhamma.digital

सत्य हो भने तिमीहरू मरणपछि सुगति स्वर्गलोकमा जानेछौ । यदि तिमीहरू मरणपछि सुगति स्वर्गलोकमा उत्पन्न भयौ भने मलाई आएर परलोक छ ··· भन्ने कुरा भन्न आओ । तिनीहरू मेरा विश्वासी हुन् । जो तिमीहरूले देख्छौ सो मैले नै देखेको जस्तो हुनेछ ।' 'हुन्छ' भनी गएका उनीहरूले न मलाई भन्न आए न त दूत नै पठाए । भो कश्यप ! यो पनि कारण हो जुन कारणले गर्दा मलाई परलोक छैन ··· भन्ने लाग्छ ।"

## (३) चर्पीको उपमा

१०. "राजन् ! त्यसोभए उपमा देखाउनेछु । उपमाद्वारा पनि यहाँ कुनै-कुनै विज्ञपुरुषले भनेको कुराको अर्थ बुझ्न सक्छन् । राजन् ! भनौं कि यहाँ कुनै पुरुष टाउको समेत चर्पीको खाडलमा डुबेको हुन्छ । अनि तपाईं मानिसहरूलाई भन्नुहुन्छ कि सो पुरुषलाई त्यो खाडलबाट झिक । तपाईंको कुरा सुनी ती पुरुषहरूले सो पुरुषलाई सो खाडलबाट झिक्छन् । अनि तपाईं ती पुरुषहरूलाई भन्नुहुन्छ कि सो पुरुषको आँग पुछेर सफा गर । उनीहरूले त्यस्तै गर्छन् । फेरि तपाईं ती पुरुषहरूलाई भन्नुहुन्छ कि सो पुरुषलाई रातो माटोले लिप । उनीहरू त्यस्तै गर्छन् । फेरि तपाईं भन्नुहुन्छ कि सो पुरुषलाई तेल लगाई राम्ररी नुहाओ । उनीहरू त्यस्तै गर्छन् । फेरि तपाईं भन्नुहुन्छ कि उसको केश दाह्री क्षौर गर । उनीहरू त्यस्तै गर्छन् । फेरि तपाईं यसो भन्नुहुन्छ कि सो पुरुषलाई बहुमूल्य फूलमाला बहुमूल्य लेपन र बहुमूल्य कपडा लगाओ । उनीहरू त्यस्तै गर्छन् । अनि फेरि तपाईं भन्नुहुन्छ कि उसलाई प्रासादमा राखी पञ्चकामगुण समर्पित गर । उनीहरू त्यसै गर्छन् ।

"राजन् ! के त त्यो राम्ररी नुहाएको केश दाह्री क्षौर गरेको आभरण लगाएको शुद्ध सफा वस्त्र लगाएको प्रासादमा बसी पञ्चकामगुणहरूद्वारा समर्पित र परिचारिकाहरूद्वारा उपस्थित पुरुष फेरि सो खाडलमा जाने इच्छा गर्ला त ?"

"भो कश्यप ! गर्दैन ।"

"किन नि ?"

"भो कश्यप ! चर्पीको खाडल भनेको असुचि हो । असुचि मात्र होइन दुर्गन्ध पनि हो । घृणित पनि छ र फोहर पनि ।"

"राजन् ! यस्तैगरी देवताहरूलाई मनुष्यहरू असुचि हुन्, दुर्गन्ध हुन्, फोहरी हुन् र प्रतिकूल हुन् । सय योजन टाढादेखि नै देवताहरूलाई मनुष्यहरूको दुर्गन्धले बाधा पुऱ्याउँछ । यस्तो अवस्थामा तपाईंका ती प्राणीहिंसा नगर्ने ··· सम्यक्दृष्टिक साथी र ज्ञातिहरू जो मरणपछि सुगति स्वर्गलोकमा उत्पन्न भए तिनीहरू आई किन तपाईंलाई परलोक छ ··· भनी भन्न आउलान् र ? राजन् ! त्यही कारणले पनि तपाईंलाई यस्तो लाग्नुपर्छ कि परलोक छ ··· ।"

११. "यद्यपि तपाईं कश्यप यस्तो भन्नुहुन्छ तैपनि मलाई परलोक छैन ··· भन्ने नै लाग्छ ।"

"यसको केही कारण छ के ?"

"भो कश्यप ! छ ।"

"त्यो के हो नि ?"

"भो कश्यप ! यहाँ मेरा प्राणीहिंसा नगर्ने ··· सुरापान नगर्ने साथी र ज्ञातिहरू छन् । पछि

Downloaded from http://www.dhamma.digital

उनीहरू रोगी हुन्छन् । जब मैले उनीहरू रोगबाट निको हुँदैनन् भन्ने जान्दछु तब म उनीहरूकहाँ गई यस्तो भन्छु कि यहाँ केही श्रमण ब्राह्मणहरू यस्तो भन्दछन् कि जो ती प्राणीहिंसा नगर्ने ··· सुरापान नगर्ने हुन् तिनीहरू मरणपछि त्रयस्त्रिंश देवलोकमा उत्पन्न हुन्छन् । तिमीहरू प्राणी हिंसा नगर्ने हौं ··· सम्यक्‌दृष्टिक हौं । यदि तिनीहरूको वचन सत्य हो भने तिमीहरू मरणपछि त्रयस्त्रिंश देवलोकमा उत्पन्न हुनेछौ । यदि तिमीहरू मरणपछि त्रयस्त्रिंश देवलोकमा उत्पन्न भयौ भने मलाई आएर परलोक छ भन्ने कुरा भन्न आओ । तिमीहरू मेरा विश्वासी हुन् । 'हुन्छ' भनी गएका उनीहरूले न मलाई भन्न आए न त दूत नै पठाए । भो कश्यप ! यसकारणले पनि मलाई परलोक छैन ··· भन्ने लाग्छ ।"

## (४) त्रयस्त्रिंश देवलोकको उपमा

१२. "राजन् ! त्यसोभए तपाईंसँगै सोध्छु जस्ता तपाईंलाई लाग्छ त्यस्तो बताउनुहोस् । हे राजन् ! जुन मनुष्यहरूको शय वर्ष आयु हो त्यो त्रयस्त्रिंश देवताहरूको एक रातदिन हुन्छ । सोही दिनले तीस दिनको एक महिना हुन्छ । सोही महिनाले बाह्र महिनाको एक वर्ष हुन्छ । सोही वर्षले एक हजार वर्ष त्रयस्त्रिंश देवताहरूको आयु हुन्छ । जो तपाईंका प्राणीहिंसा नगर्ने ··· र सुरापान नगर्ने ज्ञाति मित्रहरू हुन् तिनीहरू मरणपछि सुगति स्वर्गलोक त्रयस्त्रिंश देवलोकमा उत्पन्न भए । भनौं कि उनीहरूलाई यस्तो लाग्छ – हामी दुई तीन दिन यहीं बसी पञ्चकामगुण भोग गरी पछि पायासि राजाकहाँ गई परलोक छ भन्ने कुरा भन्नेछौं । के त उनीहरू आएर परलोक छ भन्ने कुरा भन्न आउँछन् त ?"

"भो कश्यप ! आउने छैनन् । त्यतिञ्जेलसम्म हामी मरि पनि सकेको हुनसक्छौ । भो कश्यप ! कसले तपाईंलाई त्रयस्त्रिंश देवलोक छ भनी र ती देवताहरूको यति दीर्घायु छ भनी भन्दछन् ? भो कश्यप ! यो कुरा हामी विश्वास गर्दैनौं ।"

## (५) जन्मान्धको उपमा

१३. "राजन् ! भनौं कि कुनै जन्मान्ध पुरुषले कालो सेतो नीलो पहैंलो रातो र मञ्जेष्ठ रूपहरू देख्दैन । अग्लो होचो पनि देख्दैन । ताराहरू र चन्द्रसूर्य पनि देख्दैन । ऊ यस्तो भन्छ – कालो सेतो ··· रूपहरू र चन्द्रसूर्य पनि छैन । चन्द्रसूर्यलाई देख्ने पुरुष पनि छैन । किनकि म यो देख्दिन । त्यसैले यो छैन । राजन् ! उसले भनेको यो कुरा ठीक छ त ?"

"भो कश्यप ! ठीक छैन । कालो सेतो रूप छ त्यसलाई देख्ने पुरुष पनि छ । त्यस्तैगरी नीलो ··· रूप पनि छ र त्यसलाई देख्ने पुरुष पनि छ ··· । अग्लो होचो पनि छ र त्यसलाई देख्ने पुरुष पनि छ । ताराहरू र चन्द्रसूर्य पनि छन् र त्यसलाई देख्ने पुरुष पनि छ । जो ऊ 'मलाई थाहा छैन । म यो देख्दिन । त्यसैले यो छैन' भनी भन्दछ भो कश्यप ! उसको यो कुरा ठीक छैन ।"

"राजन् ! त्यस्तैगरी तपाई जन्मान्ध पुरुष झैं लाग्छ । जो कि तपाई मलाई यसो भन्नुहुन्छ ।"

"भो कश्यप ! कसले तपाईंलाई त्रयस्त्रिंश देवता र ती देवताहरूको यस्तो दीर्घायु छ भनी भने त ? हामी तपाईंको कुरालाई विश्वास गर्दैनौं ।"

"राजन् ! परलोक भनेको तपाईंले ठानेको झैं यो मांसचक्षुद्वारा देख्न सकिन्न । राजन् ! जो

Downloaded from http://www.dhamma.digital

श्रमण ब्राह्मणहरू अरण्यमा अप्रमत्त आतप्तयुक्त भईरहन्छन् तिनीहरूले अमानुषीय दिव्यचक्षु प्राप्त गर्छन् । अनि उनीहरूले अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा यो लोक पनि परलोक पनि तथा देवताहरू पनि देख्छन् । राजन् ! यसरी परलोक देखिनुपर्छ । तपाईंले सोचेको जस्तो यो मांसचक्षुद्वारा परलोक देखिने होइन । यसकारणले पनि तपाईंलाई यस्तो लाग्नुपर्छ कि परलोक छ । देवलोकमा उत्पन्न हुने प्राणीहरू छन् र राम्रो नराम्रो कर्मको फल पनि छ ।"

१४. "भो कश्यप ! यद्यपि तपाईं यस्तो भन्नुहुन्छ तैपनि मलाई परलोक छैन भन्ने लाग्छ ।"

"राजन् ! यस्तो भन्नुमा तपाईंको कुनै कारण छ के ?"

"भो कश्यप ! छ ।"

"राजन् ! त्यो के हो त ?"

"भो कश्यप ! यहाँ म देख्छु शीलवान सब्रह्मचारीहरू कल्याणधर्ममा जीवित रहन चाहन्छन् मर्न चाहन्नन् । सुख चाहन्छन् दुःख चाहन्नन् । भो कश्यप ! त्यहाँ मलाई यस्तो लाग्छ कि यदि यी शीलवान कल्याणधर्मी सब्रह्मचारीहरू यहाँबाट मरेको 'मेरो बेशै हुनेछ' भन्ने जानेको भए उनीहरू बीष खाएर भए पनि मर्ने थिए होलान् । शस्त्रद्वारा आफूलाई मार्ने थिए होलान् । झुण्डिएर भए पनि मर्ने थिए होलान् । अथवा पर्वतबाट खसेर भए पनि आफूलाई मार्ने थिए होलान् । उनीहरूलाई यहाँबाट मरेमा बेशै हुनेछ भन्ने कुरा थाहाछैन । त्यसैले ती शीलवान् कल्याणधर्मी सब्रह्मचारीहरू बाँचिरहन चाहन्छन । मर्न चाहन्नन् र आफूलाई मार्दैनन् । भो कश्यप ! यो पनि कारण हो जसले गर्दा म परलोक छ ··· भनी विश्वास गर्दिन ।"

## (६) गर्भिणीको उपमा

१५. "राजन् ! त्यसोभए तपाईंलाई उपमा देखाउनेछु । उपमाद्वारा पनि यहाँ केही विज्ञपुरुषहरूले भनेको कुराको अर्थ बुझ्छन् ।

"राजन् ! अघि एक ब्राह्मणका दुईवटी भार्याहरू थिए । एउटीको दस वा बाह्रवर्षीय एक छोरा थियो । अर्की चाहिं गर्भिणी थिई र वियाउने बेला भएकी थिई । अनि सो ब्राह्मण परलोक भयो । अनि सो ब्राह्मणको छोराले सौतिनी आमालाई यस्तो भन्यो – 'हे आमा ! जे जति धनधान्य वा सुनचाँदी छन् ती सबै मलाई मेरो बाले दिनुभएको छ । तपाईंलाई केही छैन । बाले मलाई जम्मै सम्पत्ति दिइसक्नुभएको छ ।' यस्तो भन्दा सो गर्मिणी ब्राह्मणीले सो माणवलाई यस्तो भन्नथाली – 'मैले बच्चा नजन्माउनुजेलसम्म पर्ख । यदि मैले बालक पाएँ भने उसले पनि एक भाग पाउनेछ । यदि छोरी पाएँ भने ऊ पादपरिचारिका हुनेछे । दोस्रो पटक पनि माणवकले त्यसै भन्यो र दोस्रो पटक पनि सौतिनी आमाले त्यसै भनी । तेस्रो पटक पनि माणवले सौतिनी आमालाई त्यसै भन्यो । अनि गर्मिणी ब्राह्मणीले चूपी लिई कोठाभित्र गई छोरा हुन्छ वा छोरी हुन्छे निकाल्नुपर्‍यो भनी पेट चिरी फलस्वरूप उसले आफूलाई पनि मारी गर्भ पनि नाश गरी अनि सम्पत्ति पनि विनाश गरी ।'

"जस्तै त्यो अव्यक्त मूर्खले अज्ञानतापूर्वक सम्पत्ति खोजी त्यस्तै गरी हे राजन् ! मूर्ख अव्यक्त भई अज्ञानतापूर्वक परलोक खोज गर्दा तपाईंले पनि दुःख पाउनुहुनेछ ··· । राजन् ! शीलवान् कल्याणधर्मी श्रमण ब्राह्मणहरू नपाकेकोलाई पाक्न लगाउँछ साथै पाक्नुञ्जेलसम्म पर्खन्छन् । राजन् ! शीलवान् कल्याणधर्मी श्रमण ब्राह्मणहरूको जीवन पण्डितहरूको लागि हितकर हुन्छ । राजन् ! जति जति कल्याणधर्मी शीलवान् श्रमण ब्राह्मणहरू चिरकालसम्म जीवित रहन्छन् त्यति त्यति धेरै पुण्यलाभ हुन्छ ।

Downloaded from http://www.dhamma.digital

देवमनुष्यहरूको निमित्त तथा बहुजन हित सुखको निमित्त काम गर्छन् । यसकारणले पनि तपाईंलाई यस्तो लाग्नुपर्छ कि परलोक छ … ।"

१६. "भो कश्यप ! यद्यपि तपाईं यस्तो भन्नुहुन्छ तैपनि मलाई परलोक छैन … भन्ने लाग्छ ।"

"राजन् ! यस्तो भन्नुमा तपाईंको कुनै कारण छ के ?"

"भो कश्यप ! यहाँ मानिसहरूले चोरलाई समाती मकहाँ ल्याई 'भन्ते ! यो चोर हो यसलाई जस्तो चाहनुहुन्छ त्यस्तो दण्ड दिनुहोस्' भनी भन्छन् । अनि म यस्तो भन्दछु – 'हे पुरुष हो ! त्यसोभए सो पुरुषलाई जिउँदै घरमा राखी मुख छोपी काँचो छालाले मोरी हलो माटोले बाक्लो गरी लिपी ओध्यानमा राखी आगो लगाईदेओ ।' अनि उनीहरूले … त्यस्तै गर्छन् । जब हामीहरू जान्दछौं अब सो पुरुष मरिसक्यो । अनि ओध्यानबाट झिकी आलेप गरेको माटो झिकी मुख खोली 'यसको जीव निस्केको हेर्छु' भनी विस्तारै मुख खोली हेर्छौ । तर हामीले उसको जीव निस्केको देख्दैनौं । भो कश्यप ! यो पनि कारण हो जुन कारणले गर्दा म परलोक छ … भनी विश्वास गर्दिन ।"

## (७) स्वप्नको उपमा

१७. "त्यसोभए राजन् ! तपाईंसँग सोध्छु जस्तो तपाईंलाई लाग्छ त्यस्तो भन्नुहोस् । राजन् ! तपाईंलाई थाहा छ के दिनमा सुत्दा स्वप्नमा बगैंचा वन भूमि र पोखरी देखेको ?"

"भो कश्यप ! थाहा छ … ।"

"त्यस समय तपाईंलाई तरुणी कुमारीहरूले रक्षा गर्छन् के ?"

"भो कश्यप ! रक्षा गर्छन् ।"

"के त तिनीहरूले तपाईंको जीव पसेको वा निस्केको देख्छन् त ?"

"भो कश्यप ! देख्दैनन् ।"

"राजन् ! तपाईं बाँच्दा बाँच्दै पनि तिनीहरूले तपाईंको जीव देख्दैनन् भने मरेकाको जीव के देख्न सकौला ? राजन् ! यसकारणले पनि तपाईंलाई यस्तो लाग्नुपर्छ कि परलोक … छ ।"

१८. "भो कश्यप ! यद्यपि तपाईं यस्तो भन्नुहुन्छ तैपनि मलाई परलोक … छैन भन्ने लाग्छ ।"

"राजन् ! यस्तो भन्नुमा तपाईंको कुनै कारण छ के ?"

"भो कश्यप ! यहाँ मानिसहरू चोर समाती मकहाँ ल्याई 'भन्ते यो चोर हो । यसलाई जस्तो चाहनुहुन्छ त्यस्तो दण्ड दिनुहोस्' भनी भन्दछन् । अनि म यस्तो भन्दछु – 'हे पुरुष हो ! त्यसोभए यस पुरुषलाई जिउँदै तराजुमा तौल र डोरीले बाँधी निःश्वासपारी मार । अनि फेरि तराजुमा तौल ।' उनीहरूले त्यस्तै गर्छन् । जब ऊ जीवित थियो तब ऊ हलुंगो मृदु र कर्मण्य थियो । जब ऊ मारियो तब ऊ गरुंगो सारो र अकर्मण्यता भयो । भो कश्यप ! यो पनि कारण हो जुन कारणले गर्दा मलाई लाग्छ कि परलोक छैन … ।"

Downloaded from http://www.dhamma.digital

## (८) तातो फलामको उपमा

१९. "राजन् ! त्यसोभए म उपमा देखाउनेछु । उपमाद्वारा पनि यहाँ कुनै विज्ञजनहरूले भनेको कुराको अर्थ बुझ्न सक्छन् । राजन् ! भनौं कि यहाँ दिनभरी घाममा तातिएको प्रज्वलित भएको फलामको डल्लो तराजुमा तौल्दा र चिसो हुँदा तराजुमा तौल्दा कुन बखत त्यो फलामको डल्लो हलुंगो र मृदु तथा कर्मण्ढ हुन्छ कहिले हुन्न ?"

"भो कश्यप ! जहिले सो फलामको डल्लो तातो भई वायुसहगत हुन्छ त्यसबेला हलुंगो मृदु र कर्मण्य हुन्छ । जब त्यो फलामको डल्लो तातो हुन्न र वायुसगमत हुन्न तब त्यो फलामको डल्लो गरुंगो सारो र अकर्मण्य हुन्छ ।"

"राजन् ! यस्तैगरी जब यो शरीर आयुसहगत, उष्णसहगत र विज्ञानसहगत हुन्छ तब यो शरीर हलुंगो मृदु र कर्मण्य हुन्छ । जब यो शरीर आयुसहगत उष्णसहगत र विज्ञानसहगत हुन्न सब यो शरीर गरुंगो सारो र अकर्मण्य हुन्छ । राजन् ! यसकारणले पनि तपाईलाई यस्तो लाग्नुपर्छ कि परलोक छ …।"

२० "भो कश्यप ! यद्यपि तपाईं यस्तो भन्नुहुन्छ तैपनि मलाई परलोक छैन भन्ने लाग्छ … ।"

"राजन् ! यस्तो भन्नुमा तपाईंको कुनै कारण छ के ?"

"भो कश्यप ! यहाँ मानिसहरू यो चोर हो भनी मकहाँ ल्याई 'यो चोर हो यसलाई जस्ता दण्डदिन चाहनुहुन्छ त्यस्तो दण्ड दिनुहोस्' भनी भन्दछन् । अनि म भन्दछु 'हे पुरुष हो ! त्यसोभए यो पुरुषलाई नमारिकन छाला, मासु, नसा, हाड, मासी, तास ताकि उसको जीव निस्केको देख्नसकूँ ।' उनीहरूले मैले भने जस्तै गर्छन् । जब ऊ आधा मरेको हुन्छ तब म भन्दछु – 'त्यसोभए हे पुरुष हो ! यसलाई उत्तानो पार ताकि यसको जीव निस्केको देख्नसकूँ ।' उनीहरूले त्यस्तै गर्छन् । हामीले जीव निस्केको देख्दैनौं । अनि उनीहरूलाई यस्तो भन्छु – 'त्यसोभए हे पुरुष हो ! यो पुरुषलाई घोप्टो पार त्यर्सो पार उभ्याएर राख शिर ठाडोपारी राख हातले पित लट्ठीले पित दण्डाले पित शस्त्रले झोल यतातिर तान उतातिर तान यताउता तान ताकि उसको जीव निस्केको देख्नसकूँ ।' उनीहरू त्यस्तै गर्छन् । तर उसको जीव निस्केको हामी देख्दैनौं । उसको आँखा त्यसैछ, रूपहरू त्यहीं छन्, उसको आयतन पनि छन् तर ऊ देख्दैन । स्रोत त्यसै छ, शब्दहरू छन्, आयतन पनि छ तर ऊ शब्द सुन्दैन । घ्राण … जिह्वा … काय त्यसै छ । स्पर्शहरू आयतन पनि छ तर ऊ स्पर्श थाहापाउने सक्दैन । भो कश्यप ! यो पनि कारण हो जुन कारणले गर्दा मलाई परलोक छैन भन्ने लाग्छ … ।"

## (९) शंख बजाउने उपमा

२१. "राजन् ! त्यसोभए उपमा देखाउने छु । उपमाद्वारा पनि यहाँ केही विज्ञपुरुषहरूले भनेको कुराको अर्थ बुझ्न सक्छन् ।

"राजन् ! अघि एक शंखवादक शंख लिएर प्रत्यन्त गाउँमा गयो । ऊ त्यहाँ गई गाउँको बीचमा उभिई शंख बजाएपछि त्यसलाई भुइमा राखी एक छेउमा बस्यो । राजन् ! अनि ती प्रत्यन्त गाउँमा बस्ने मानिसहरूलाई यस्तो लाग्यो – अहो ! कसको यो आवाज होला जो कि अति मनोरम्य छ भन्दै ती मानिसहरू एकत्रित भई त्यो शंखवादकसँग सोधे 'हे पुरुष ! कसको यो आवाज हो जो यस्तो मनोरम्य छ ?'

Downloaded from http://www.dhamma.digital

'हे पुरुष ! यो त्यो शंखको आवाज हो जो त्यस्तो मनोरम्य छ ।' अनि ती मानिसहरूले त्यो शंख पल्टाई 'हे शंख ! भन, हे शंख ! भन' भनी भने । न त्यो शंखले आवाज निकाल्यो । उनीहरूले त्यो शंखलाई घोप्ट्याए ठाडो पारे माथि राखे हातले कोट्याए लट्ठीले हाने शस्त्रले घोचे यताउता पल्टाए । 'हे शंख ! भन, हे शंख ! भन' भनी भने । तर शंखले आवाज निकालेन । राजन् ! अनि त्यो शंखवादकको मनमा यस्तो लाग्यो 'यी प्रत्यन्त जनपदमा बस्ने मानिसहरू कति मूर्ख होलान् ! कस्तो दुर्बुद्धिपूर्वक शंखको आवाज थाहापाउन खोज्छन् ।' उनीहरूले हेर्दा हेर्दै शंख हातमा लिई तीनचोटि शंख बजाई शंख लिई ऊ गयो । राजन् ! अनि ती प्रत्यन्त जनपदमा बस्नेहरूको मनमा यस्तो लाग्यो – 'जब यो शंख पुरुष सहगत, प्रयोग सहगत र वायु सहगत हुन्छ तब यो शंखले आवाज निकाल्छ । जब यो शंख पुरुष सहगत, प्रयोग सहगत र वायु सहगत हुन्न तब यो शंखले आवाज निकाल्दैन ।' राजन् ! त्यस्तै गरी जब यो शरीर आयु सहगत, उष्ण सहगत र विज्ञान सहगत हुन्छ तब यो शरीर अगाडि पछाडि जान्छ, उभिईरहन्छ, बस्छ सुत्छ पनि । चक्षुले रूप पनि देख्छ, स्रोतले शब्द पनि सुन्छ ··· र मनले धर्म पनि जान्दछ । जब यो शरीर न आयु सहगत हुन्छ न उष्ण सहगत हुन्छ, न विज्ञान सहगत हुन्छ तब न अगाडि जान्छ, न उभिन्छ न बस्छ र न सुत्छ । चक्षुले रूप पनि देख्दैन ··· मनले धर्म पनि जान्दैन । राजन् ! यसकारणले पनि तपाईंलाई परलोक छ भन्ने लाग्नुपर्छ ··· ।"

२२. "यद्यपि तपाईं यस्तो भन्नुहुन्छ तैपनि मलाई परलोक छैन भन्ने लाग्छ ··· । "

"राजन् ! यस्तो भन्नुमा तपाईंको केही कारण छ के ?"

"भो कश्यप ! यहाँ मानिसहरू चोर समाती ल्याई 'भन्ते ! यो चोर हो । यसलाई जस्तो दण्डदिन चाहनुहुन्छ त्यस्तो दण्ड दिनुहोस्' भनी भन्दछन् । त्यहाँ म यस्तो भन्दछु – 'हे पुरुष हो ! त्यसोभए यसको छाला काट ताकि यसको जीव देख्नसकूँ ।' उनीहरूले त्यस्तै गर्छन् । तर हामीले उसको जीव देख्दैनौं । अनि म त्यहाँ यस्तो भन्छु – 'हे पुरुष हो ! त्यसोभए यसको छाला ··· मासु ··· नसा ··· हाड ··· मासी ··· काट ताकि यसको जीव देख्नसकूँ ।' उनीहरूले त्यस्तै गर्छन् । तर हामी उसको जीव देख्दैनौं । भो कश्यप ! यो पनि कारण हो जुन कारणले गर्दा मलाई परलोक छैन भन्ने लाग्छ ··· ।"

## (१०) अग्निहोत्रीको उपमा

२३. "राजन् ! त्यसोभए तपाईंलाई उपमा देखाउने छु । उपमाद्वारा पनि यहाँ केही विज्ञपुरुषहरूले भनेको कुराको अर्थ बुझ्न सक्छन् ।

"राजन् ! अघि एक अग्निहोत्री जटिल अरण्यको एक कुटीमा बस्दथ्यो । अनि एक गाडीवान व्यापारी आयो र एक रात त्यहाँ बास बसेर गयो । राजन् ! अनि सो अग्निहोत्री जटिलको मनमा यस्तो लाग्यो – 'यदि म सो गाडीवान बस्ने ठाउँमा गएमा केही उपकरणहरू पाउन सक्नेछु ।' अनि सो जटिल सो गाडीवान बस्ने ठाउँमा गयो । त्यस ठाउँमा एक बालकलाई उत्तानोपारी छाडिएको देख्यो । यो देखेर उसको मनमा यस्तो लाग्यो – 'मनुष्य भएको मैले देख्दा देख्दै यो बालक मर्नु योग्य छैन । अतः किन यो बालकलाई आश्रममा लगी पालन नगरूँ ।' यति सोची अग्निहोत्री जटिलले सो बालकलाई आश्रममा लगी पालन पोषण गऱ्यो । जब सो बालक १०/१२ वर्षको भयो तब जटिललाई जनपदतिर जाने केही काम पऱ्यो । अनि सो जटिलले सो बालकलाई यस्तो भन्यो – 'ए बाबु ! मलाई जनपदतिर जानपर्ने काम परेको छ । बाबु ! अग्निपरिचर्या गर । अग्नि निभाउन नदेओ । यदि अग्नि निभ्यो भने यो खूर्पा यो काठ यो अरणीद्वारा आगो बनाई अग्निपरिचर्या गर ।' यति अर्ति दिई सो जटिल जनपदमा गयो । सो बालक खेलमा भूलिरहँदा आयो निभ्यो । अनि सो बालकलाई यस्तो लाग्यो – 'बाबुले मलाई लागो निभ्यो भने

Downloaded from http://www.dhamma.digital

यस्तो गर' भनी भनेको छ । अतः आगो बाली अग्निपरिचर्या गर्नेछु । यति सोची सो बालकले आगो बाल्छु भनी अरणीलाई खूर्पाले चिऱ्यो । तर उसले आगो बाल्न सकेन । अरणीलाई दुईटुक्रा पाऱ्यो । तीन चार पाँच छ ··· दस टुक्रा पाऱ्यो शयटुक्रा पाऱ्यो टुक्रा टुक्रा पाऱ्यो । टुक्रा टुक्रा पारेकालाई ओखलमा राखी कुट्यो । पछि आगो बल्लाकि भन्दै बतासमा उडाइदियो । त्यसबाट आगो बलेन ।'

अनि जनपदमा आफ्नो काम सिध्याई आफ्नो आश्रममा आएपछि जटिलले बालकलाई यस्तो भन्यो – 'हे बालक ! के यहाँको आगो निभ्यो ?'

'हो पिता ! खेलमा लागिरहेकोले आगो निभ्यो । अनि मलाई यस्तो लागेको थियो – पिताले मलाई अग्निपरिचर्या गर र आगो न निभाओ । यदि आगो निभेको खण्डमा यो खूर्पाले यी काठ र अरणीद्वारा आगो बाल । आगो बालेर अग्निपरिचर्या गर । अनि आगो बाली परिचर्या गर्नुपऱ्यो भनी काठ र अरणी खूर्पाले ताछें । तर मैले आगो बाल्न सकिन । ··· अनि ओखलमा कुटी त्यो धूलो हावामा उडाइ दिएँ । तैपनि आगो बाल्न सकिन । अनि सो अग्निहोत्री जटिललाई यस्तो लाग्यो – यो बालक कति मूर्ख होला ! ज्ञानपूर्वक विचार नगरी कसरी आगो बाल्न सक्ला ! ! अनि उसले हेर्दा हेर्दै अरणी लिई आगो बाली सो बालकलाई यस्तो भन्यो – 'हे बालक ! यसरी आगो बाल्नुपर्छ । तर जुन किसिमले तिमीले गऱ्यौ त्यस्तो होइन ।'

"राजन् ! त्यस्तैगरी तपाईं पनि अज्ञानतापूर्वक परलोक खोज्नुहुन्छ । राजन् ! सो पापक *(मिथ्या)* दृष्टि छाड्नुहोस । राजन् ! सो गलत दृष्टि छाड्नुहोस् । तपाईंलाई दीर्घकालसम्म अहित र दुःख हुन नपरोस् ।"

२४. "यद्यपि तपाईं कश्यप यस्तो भन्नुहुन्छ तर म यो पापकदृष्टिलाई छाड्न सक्दिन । राजा प्रसेनजित् कोशल तथा बाहिरका अरू राजाहरूले पनि पायासि राजा यस्ता वादी र यस्ता दृष्टिका छन् भनी जान्दछन् । जस्तै परलोक छैन । औपपातिक सत्त्व छैन । राम्रो नराम्रो कर्मको फल छैन । भो कश्यप ! यदि मैले पापकदृष्टिलाई छाडें भने मलाई यस्तो भन्नेछन् – 'यी पायासि राजा कति मूर्ख अव्यक्त तथा दुराग्रही होलान् ! ' अतः कोपले भएपनि मक्षले भएपनि तथा ढाकले भएपनि ग्रहण नै गर्नेछु ।"

## (११) गाडीवानहरूको उपमा

२५. "राजन् ! त्यसोभए तपाईंलाई एक उपमा बताउँछु । उपमाद्वारा पनि यहाँ केही विज्ञपुरुषहरूले भनेको कुराको अर्थ बुझ्न सक्छन् ।

"राजन् ! अनि एक हजार गाडाहरू पूर्वी जनपदबाट पश्चिम जनपदमा गए । जहाँ जहाँ यी गाडाहरू जान्छन् त्यहाँ त्यहाँ हरियाली घाँसहरू चाँडै सिद्धिन्थे । ती गाडाहरूमा दुईजना नाइकेहरू थिए । एकजना पाँचसय गाडाहरूको नाइके र अर्को एकजना पनि पाँचशय गाडाहरूको नाइके । अनि तिनीहरूलाई यस्तो लाग्यो – एक हजार गाडाको समूह सारै ठूलो भयो । जहाँ जहाँ हामीहरू जान्छौं त्यहाँ त्यहाँका हरियाली घाँसहरू तुरन्तै सिद्धिन्छन् । अतः हामीहरू पाँच पाँच सय गरी दुई भागमा बाडौं । अनि उनीहरूले पाँच पाँच सय गरी दुई भाग गरे । त्यसमध्ये एकजनाले आफ्ना गाडाहरूमा धेरै घाँस काठ र पानी राखी गाडा चलायो । दुई तीन दिन गइसकेपछि गाडीवान नाइकले कालो तथा राता आँखा भएका धनूषबाँण लिएको फूलमाला लगाएको भिजेको कपडा भिजेको कपाल

Downloaded from http://www.dhamma.digital

भएको एक पुरुष चक्कामा हिलो लागेको रथमा बसी अघिल्तिर आइरहेको देख्यो । देखेर यस्तो सोध्यो –

'तपाईं कहाँबाट आएको ?'

'फलाना जनपदबाट ।'

'कहाँ जानुहुन्छ नि ?'

'फलाना जनपदमा ।'

'के अगाडि कान्तारमा बेसरी पानी परेको छ कि क्या हो ?'

'हो, अगाडि कान्तारमा बेसरी पानी परेको छ । जतातत्तै पानी भरेको छ । घाँस र पानी थुप्रै छन् । यी गाडामा भएका काठ घाँस र पानीलाई फ्किकेर गाडा हलुंगोपारी चाँडै चाँडै जानुहोस् । गोरुहरूलाई दुःख नदिनुहोस् ।'

"अनि सो समूहको नाइकेले यो पुरुष यस्तो भन्दछ भनी गाडीवानहरूलाई सुनायो । अनि नाइकेको कुरा सुनी सबैले गाडामा भएका घाँस काठ पानी छाडी गाडा हलुंगोपारी गए । उनीहरूले पहिलो बास बस्ने ठाउँमा पनि दोस्रो बास बस्ने ठाउँमा पनि तेस्रो बास बस्ने ठाउँमा पनि घाँस काठ पानी देखेनन् । सबैलाई सारै दुःखपर्‍यो । जो ती गाडाहरूमा मानिसहरू र पशुहरू थिए ती सबैलाई सो अमनुष्य यक्षले खाइदिए । हाडहरू मात्र बाँकी भए ।"

जब दोस्रो गाडीवान नाइकेलाई सो गाडीवान नाइके गएको धेरै समय भइसक्यो भन्ने लाग्यो तब उसले धेरै घाँस काठ र पानी राखी गाडा हाँक्यो । दुई तीन दिन गइसकेपछि उसले पनि कालो राता आँखा भएका धनूषबाँण लिएको फूलमाला लगाएको भिजेको कपडा र भिजेको कपाल भएको एक पुरुष चक्कामा हिलो लागेको रथमा बसी अघिल्तिर आइरहेको देख्यो । देखेर यस्तो सोध्यो –

'तपाईं कहाँबाट आएको ? '

'फलाना जनपदबाट ।'

'कहाँ जानुहुन्छ नि ? '

'फलाना जनपदमा ।'

'के अगाडि कान्तारमा बेसरी पानी परेको छ कि क्या हो ? '

'हो, अगाडि कान्तारमा बेसरी पानी परेको छ । जतातत्तै पानी भरेको छ । घाँस र पानी थुप्रै छन् । यी गाडामा भएका काठ घाँस र पानीलाई फ्किकेर गाडा हलुंगोपारी चाँडै चाँडै जानुहोस् । गोरुहरूलाई दुःख नदिनुहोस् । '

अनि त्यो गाडीवान नाइकेले गाडीवानहरूलाई सम्बोधन गर्‍यो – 'हे पुरुष हो ! यो पुरुष यस्तो भन्दछ ··· । यो पुरुष न हाम्रो नाताकुटुम्ब हो न त कुनै मित्र हो । कसरी हामी यसको कुरामा विश्वास गरौं ! हामीले गाडामा राखेका घाँस काठ र पानी छाड्न हुन्न । जस्तो छ त्यस्तैगरी जानुपर्छ । हामी सामानहरू छाड्ने छैनौ ।' 'यस्तै हो' भनी उनीहरूले आफ्ना मालसामान नछाडी गाडा चलाए । उनीहरूले पहिलो बासमा पनि··· दोस्रो बासमा पनि ··· तथा सातौं बासमा पनि घाँस काठ र पानी देखेनन् । अघिका गाडाहरूले दुःख पाएको देखे । ती गाडाहरू जो मानिसहरू र पशुहरू थिए तिनीहरूलाई सो अमनुष्य यक्षले खाएर बचेका हाडहरू मात्र देखे ।

अनि सो गाडीवान नाइकेले गाडीवानहरूलाई सम्बोधन गर्‍यो – 'हे गाडीवान हो ! सो मूर्ख

Downloaded from http://www.dhamma.digital

गाडीवान नाइकेको मूर्खताले गर्दा यिनीहरूले दु:ख पाए । अब हामीले गाडामा भएका कम मूल्यका बस्तुहरू छाडी यहाँका बहुमूल्यका बस्तुहरू राखौं ।' 'हुन्छ' भनी तिनीहरूले त्यस्तै गरे र बुद्धिमानी गाडीवान नाइकेको कारणले उनीहरू कुशलपूर्वक कान्तार पार गरे ।"

"राजन् ! त्यस्तैगरी तपाईं पनि सो पहिलो गाडीवान नाइके जस्तै अज्ञानतापूर्वक परलोक खोज्नाले मूर्ख अव्यक्त भई दु:ख पाउनुहुनेछ । जो तपाईंको कुरा सुन्नेछन् उनीहरूलाई पनि गाडीवानहरूलाई झैं दु:ख हुने छ । राजन् । यो पापकदृष्टिलाई छाड्नुहोस् ··· ।"

२६. "यद्यपि तपाईं कश्यपले यस्तो भन्नुहुन्छ तर मैले त्यो पापकदृष्टिलाई छाड्न सक्दिन । ··· कोपले भए पनि ··· ग्रहण नै गर्नेछु । "

## (१२) गुहूको पोकोको उपमा

२७. "राजन् ! त्यसोभए तपाईंलाई म एक उपमा देखाउने छु उपमाद्वारा पनि यहाँ केही विज्ञपुरुषहरूले भनेको कुराको अर्थ बुझ्न सक्छन् ।

"राजन् ! अघि एक सूंगुर पाल्ने मानिस आफ्नो गाउँबाट अर्को गाउँमा गयो । त्यहाँ उसले सुकेको गुहूको रास देख्यो । अनि उसलाई यस्तो लाग्यो – 'यहाँ धेरै सुकेको गुहू छ । यो मेरो सूगुरहरूको आहार हो । अत: यो सुकेको गुहू लैजानुपऱ्यो ।' अनि उसले कपडामा पोकोपारी टाउकोमा राखी लग्यो । अनि बाटोको बीचमा बेसरी पानी पऱ्यो । अनि त्यसको आँगभरी गुहू बघेर नङसम्म पनि गुहू बघ्न थाल्यो । यस्तो भइकन पनि उसले गुहू बोकेरै लग्यो । अनि मानिसहरूले देखेर यस्तो भने – 'हे भणे ! के तिमी पगला भयौ कि क्याहो ? बेहोसमा पऱ्यौ कि क्याहो ? किन बघिरहेको गुहू लगिरहेको ?'

'तिमीहरू नै पागल भयौ । बेहोसी छौ । यो मेरो सूगुरहरूको आहार हो ।'

"राजन् ! तपाईं पनि त्यो गुहू लैजाने मानिस जस्तै हुनुहुँदो रहेछ । राजन् ! त्यो पापकदृष्टिलाई छाड्नु होस् । राजन् ! त्यो पापकदृष्टिलाई छाड्नुहोस् । ताकि तपाईंलाई दीर्घकालसम्म अहित र दु:ख हुन नपाओस् ।"

२८. "यद्यपि तपाईं कश्यप यस्तो भन्नुहुन्छ तर मैले त्यो पापकदृष्टिलाई छाड्न सक्दिन ··· ।"

## (१३) जुवाडेको उपमा

२९. "राजन् ! त्यसोभए तपाईंलाई उपमा बताउनेछु । उपमाद्वारा पनि यहाँ केही विज्ञपुरुषहरूले भनेको कुराको अर्थ बुझ्न सक्छन् ।

"राजन् ! अघि दुईजना जुवाडेहरू जुवा खेल्दैथे । त्यसमध्ये एकले जितेको कौडी खान्थ्यो । अनि अर्कोले उसले कौडी खाएको देख्यो । देखेर उसलाई यस्तो भन्यो – तिमीले त जहिले पनि जित्छौ । मलाई पनि कौडी देओ । 'हुन्छ' भनी उसले कौडी दियो । अनि उसले ती कौडीहरू विषमा लतपताई सो जुवाडेलाई आऊ जुवा खेलौं भनी भन्यो । 'हुन्छ' भनी उसले भन्यो । दोस्रो पटक पनि उनीहरू जुवा खेले । दोस्रो पटक पनि जिते । जितेको कौडी खायो । उसले कौडी खाएको अर्काले देख्यो । अनि उसलाई

Downloaded from http://www.dhamma.digital

यस्तो भन्यो –

'वीषमा लतपताइएका फलको वियाँ विशेष खाँदा पनि यो पुरुष बुझ्दैन । हे पापी ! खाऊ वियाँ खाऊ, पछि तिमीले यसको कटुफल थाहापाउनेछौ ।'

"राजन् ! मलाई तपाईं पनि सो जुवाडे जस्तै लाग्छ । राजन् ! त्यो पापक दृष्टिलाई छाडिदिनु होस् । त्यो पापक दृष्टिलाई छाडिदिनुहोस् । ताकि तपाईंलाई पछि दीर्घकालसम्म अहित र दुःख नपरोस् ।"

३०. "यद्यपि तपाईं कश्यप यस्तो भन्नुहुन्छ तर त्यो पापक दृष्टिलाई म छाड्न सक्दिन … ।"

## (१४) सनको भारीको उपमा

३१. "राजन् ! त्यसोभए तपाईंलाई एक उपमा भन्दछु । यहाँ उपमाद्वारा पनि केही विज्ञपुरुषहरूले भनेको कुराका अर्थ बुझ्न सक्छन् ।

"राजन् ! अघि एक जनपद थियो । अनि एक साथीले अर्का साथीलाई 'हे साथी ! धन कमाउनको निमित्त एक जनपदमा जाऔं' भनी भन्यो । अनि उनीहरू एक जनपदको गाउँमा गए । उनीहरूले उहाँ धेरै सनपाटहरू छाडेको देखे । देखेर एक साथीले अर्का साथीलाई भन्यो – 'हे साथी ! यो सनपातको थुप्रो हो । अतः तिमीले पनि यसको भारी बनाऊ म पनि भारी बनाउनेछु ।' त्यसपछि दुवैजनाले भारी बनाई बोकी अर्को गाउँमा गए । त्यहाँ उनीहरूले धेरै सनका डोरी छाडेको देखे । अनि एक साथीले अर्को साथीलाई भन्यो – 'हे साथी ! जसको निमित्त सनपाट भारीलाई चाहिने हो सो सनको डोरी यहाँ छ । अतः तिमी यो सनपाटको भारीलाई छाड म पनि छाड्ने छु । अनि दुवैले सनका डोरी लिएर जाऔं । ती मध्ये एकले भन्यो – 'भो साथी ! यो सनपाटको भारी मैले धेरै टाढादेखि बोकेर ल्याएको छु । भारी पनि बलियो बनाएको छु । मलाई अर्को चाहिन्न ।' अर्काले चाहिं आफूले बोकेर ल्याएको सनपाटको भारीलाई छाडी सनडोरीको भारी बनाई लियो ।'

उनीहरू अर्को गाउँमा पुगे । त्यहाँ उनीहरूले धेरै सनकपडाहरू देखे । देखेर एक साथीले अर्को साथीलाई भन्यो – 'हे साथी ! जसको निमित्त सनकाडोरी वा धागो चाहिने हो त्यो कपडा यहाँ थुप्रो छ । हे साथी ! त्यसैले तिमीले यो सनपाटको भारीलाई छाड । म पनि छाड्ने छु । अनि दुवैले सनकपडाको भारी लिएर जाऔं ।'

'भो साथी ! भइहाल्यो । यो सनपाटको भारी मैले टाढादेखि बोकेर ल्याएको छु । भारी पनि बलियो बनाएको छु । मलाई अर्को चाहिन्न ।'

अनि अर्को चाहिने डोरीलाई छाडी सनकपडाको भारी बनाई लियो । उनीहरू अर्को गाउँमा गए । उहाँ उनीहले धेरै ऊन … धेरै ऊनको धागो … धेरै ऊनका कपडा … धेरै कपास … कपासको धागो … कपासको कपडा … फलाम … सीसा … राँङ् … चाँदी … सुन देखे । अनि एक साथीले अर्को साथीलाई भन्यो – 'जसको निमित्त ऊनधागो … ऊनकपडा … सुन चाहिने हो त्यसको थुप्रो यहाँ छ । हे साथी ! तिमी सन्पाटको भारी छाड र म पनि चाँदीको भारी छाड्ने छु । अनि हामी दुवै सुनको भारी बोकेर जाऔं । भो साथी ! यो सनपाटको भारी मैले धेरै टाढादेखि बोकेर ल्याएको छु । भारी पनि बलियो बनाएको छु । मलाई अर्को चाहिन्न ।'

"अनि अर्काले चाहिं चाँदीको भारी छाडेर सुनको भारी बोकेर लग्यो । अनि उनीहरू आफ्नो

Downloaded from http://www.dhamma.digital

गाउँमा गए । ती मध्ये जसले सनपाटको भारी बोकेर गयो । उसका बाबु आमा नाताकुटुम्बहरू पनि खुशी भएनन् । त्यसकारणबाट उनीहरू सुखी पनि भएनन् । जुन साथीले सुनको भारी बोकेर लग्यो त्यसका बाबु आमा नाताकुटुम्बहरू पनि खुशी भए । त्यसकारणबाट उनीहरू सुखी पनि भए ।"

"राजन् ! तपाईं पनि सनपाटको भारी बोक्ने जस्तो मलाई लाग्छ । राजन् ! त्यो पापक दृष्टिलाई छाड्नुहोस् । राजन् ! त्यो पापक दृष्टिलाई छाड्नुहोस् । राजन् ! त्यो पापक दृष्टिलाई छाड्नुहोस् । तपाईंलाई दीर्घकालिक अहित र दुःख नहोस् ।"

## ३. पायासि राजाको उपासकत्व ग्रहण

३३. "भो कश्यप ! पहिलो उपमाद्वारा नै म तपाईंप्रति सन्तुष्ट भएको थिएँ । परन्तु तपाईंको यो विचित्र प्रश्नका उत्तरहरू सुन्नको निमित्त मैले यसरी तपाईंको विरोधी जस्तै भएर देखाएको हुँ । भो कश्यप ! धन्य हो, भो कश्यप ! धन्य हो, भो कश्यप ! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिंदा, ढाकेकोलाई उघारिदिंदा, बाटो भुलेकोलाई बाटो देखाइदिंदा र अन्धकारमा तेलको बत्ती बालिदिंदा आँखा हुनेले रूप देख्ने हो त्यस्तै गरी तपाईं कश्यपले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो । भो कश्यप ! अब म उहाँ भगवान् गौतमको शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि । भो कश्यप ! अब देखि नमरेसम्म शरणमा आएको उपासक हो भनी तपाईंले ठान्नुहोस् । भो कश्यप ! यस विषयमा मलाई अनुशासन गर्नुहोस् । जुन मेरो निमित्त दीर्घकालसम्म हित र सुख हुनेछ ।

## ४. महत्फल हुने यज्ञ

३३. "राजन् ! जुन यज्ञमा गाई, बोका, कुखुरा, सूगुरहरू मारिन्छन् अथवा विविध प्राणीहरूको हिंसा गरिन्छ र प्रतिग्राहक पनि मिथ्यादृष्टिक, मिथ्यासङ्कल्पी, मिथ्यावाची, मिथ्याकर्मान्ती, मिथ्याजीवि, मिथ्याव्यायामी, मिथ्यास्मृतिक तथा मिथ्यासमाधिक हुन्छ । राजन् ! त्यस्तो यज्ञ महत्फल महानृशंस महादिप्ती र महाविष्फारक हुन्न । राजन् । जस्तै कुनै कृषक हलो र बिऊ लिई खेतमा जान्छ । उसले त्यहाँ काठपात नहटाएको टुक्राटुक्री भएको फोहरमैलो भएको खराब भूमिका बिऊ रोप्छ । अनि समय समयमा पानी पनि पर्दैन । के त्यस्तो खेतमा लगाएको बिऊको फल कृषकले राम्ररी पाउन सक्छ ?"

"भो कश्यप ! सक्दैन ।"

"राजन् ! यस्तैगरी जुन यज्ञमा गाई बोका … आदि मारिन्छन् र प्रतिग्राहक पनि मिथ्यादृष्टिक … तथा मिथ्यासमाधिक हुन्छ । राजन् ! त्यस्तो यज्ञ महत्फलदायी हुन्न । राजन् ! जुन यज्ञमा न गाई न बोका आदि प्राणीहरूको हत्या हुन्छ र प्रतिग्राहक पनि सम्यक्दृष्टिक, … र सम्यक्समाधिक हुन्छ । राजन् ! जस्तै कुनै कृषक हलो र बिऊ लिई खेतमा जान्छ । अनि पोगटापोगटी नभएको फोहर मैलो नभएको सम्मपरेको असल भूमिमा उसले बिऊ रोप्छ । अनि त्यहाँ समय समयमा पानी पनि पर्छ भने के त्यस्तो खेतमा लगाएको बिऊको फल कृषकले राम्ररी पाउन सक्छ ?"

"भो कश्यप ! सक्छ ।"

Downloaded from http://www.dhamma.digital

"राजन् ! त्यस्तैगरी जुन यज्ञमा … प्राणीहरूको हत्या हुन्न र प्रतिग्राहक पनि सम्यक्दृष्टिक … र सम्यक्समाधिक हुन्छ त्यस्तो यज्ञ महत्फलदायी हुन्छ ।"

## ५. सत्कार र असत्कारपूर्वक दिइने दानको फल

३४. अनि पायासि राजाले श्रमण ब्राह्मण, कृपण, बटुवा र याचकहरूको निमित्त दानदिन लगाए । त्यो दानदिनेमा यस्तो बस्तुहरू थिए – कनिकाको भात र भुत्रोमुत्रो मोटामोटी कपडाका वस्त्रहरू । त्यस दानदिने कार्यमा उत्तर भन्ने माणवक व्यस्त थिए । दान दिएर उनी यस्तो भन्दथिए – "यो दानद्वारा यसैलोकमा पायासि राजासँगै बस्न पाऊँ र परलोकमा होइन ।" उत्तर माणवकले यस्तो भन्छन् भन्ने कुरा पायासि राजाले सुने । अनि पायासि राजाले उत्तर माणवलाई बोलाई सोधे – "हे छोरा उत्तर ! साँच्चै हो के तिमीले यस्तो भनेको ?"

"हो ।"

"हे छोरा उत्तर ! किन तिमीले दान दिएर 'दानद्वारा यसै लोकमा पायासि राजासँग बस्नपाऊँ परलोकमा होइन' भनी भनेको ? छोरा उत्तर ! हामी पुण्य चाहन्छौ र दानको फल मात्र प्रतीक्षा गर्छौं होइन ?"

"तपाईंको दानमा यस्ता वस्तुहरू दिन्छन् – कनिकाको भात जो तपाईं खुट्टाले पनि छुन चाहनुहुन्न भने खाने त के कुरा । भुत्रोमुत्रो मोटामोटी कपडाका वस्त्रहरू जो तपाईं खुट्टाले पनि छुन चाहनुहुन्न भने लगाउने त परै जाओस् । तपाईं हामीहरूको प्यारो र मन पराउने हुनुहुन्छ । कसरी हामीले मनपराउने वस्तुसँग मन नपराउने वस्तु दाँज्न सकौं ?"

"त्यसोभए छोरा उत्तर ! जस्तो भोजन म खान्छु त्यस्तै देओ । जस्तो लुगा म लगाउँछु उस्तै देओ ।"

"हुन्छ" भनी उत्तर माणवले पायासि राजाले खाने जस्तै खाना र लगाउने जस्तै लुगाहरू दिनथाले ।

३५. अनि पायासि राजा असत्कारपूर्वक दान दिई आफ्नै हातले दान नदिई गौरवपूर्वक दान नदिई फाल्ने जस्तै गरी दान दिई शरीर छाडी मृत्युपछि चातुर्महाराजिक देवलोकको रित्तै भएको सेरिस्सक विमानमा उत्पन्न भए । जो त्यस दानकार्यमा व्यस्त थिए सो उत्तर भन्ने माणवक आफ्नै हातले दान दिई, फाल्ने जस्तै गरी दान नदिई, काय छाडी मृत्युपछि त्रयस्त्रिंश देवलोकमा उत्पन्न भए ।

३६. त्यसबखत आयुष्मान् गवम्पत्ति प्रायः जसो सेरिस्सक विमानमा दिवा विहारको निमित्त जानुहुन्थ्यो । अनि पायासि देवपुत्र जहाँ आयुष्मान् गवम्पत्ति हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गई आयुष्मान् गवम्पतिलाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिएका पायासि देवपुत्रसँग आयुष्मान् गम्वपतिले यसो भन्नुभयो –

"आवुसो ! तिमी को हौ ?"

"भन्ते ! म पायासि राजा हुँ ।"

"आवुसो ! तिमी परलोक छैन, औपपातिक छैन र सुकृत्य दुष्कृत्य कर्मको फल छैन भन्ने दृष्टिका होइनौ ?"

Downloaded from http://www.dhamma.digital

"भन्ते ! साँच्चै म यस्तो दृष्टिको थिएँ । किन्तु आर्य कुमार कश्यपले यस खराब विचारबाट मलाई मुक्त गराइदिनुभयो ।"

"आवुसो ! जो तिम्रो दानकार्यमा व्यस्त हुने उत्तर भन्ने माणवक हुन् उनी कहाँ उत्पन्न भए नि ?"

"भन्ते ! जो मेरो दानकार्यमा व्यस्त हुने उत्तर भन्ने माणवक हुन् उनी चाहिं सत्कारपूर्वक दान दिई ··· काय छाडी मरणपछि त्रयस्त्रिंश देवलोकमा उत्पन्न भए । म चाहिं सत्कारपूर्वक दान नदिई ··· फाल्ने जस्तो गरी दान दिई शरीर छाडी मृत्युपछि चातुर्महाराजिक देवलोकको रित्तै भएको सेरिस्सक भन्ने विमानमा उत्पन्न भएँ । त्यसैले भन्ते गवम्पति ! तपाईं मनुष्यलोकमा गएर यसो भन्नुहोस् –

"सत्कारपूर्वक दान देऊ, आफ्नै हातले दान देऊ,गौरवपूर्वक दान देऊ र फालेको जस्तो गरी दान नदेओ । पायासि राजा असत्कारपूर्वक दान दिई आफ्नै हातले दान नदिई अगौरवपूर्वक दान दिई, फालेको जस्तो गरी दान दिई, शरीर छाडी मृत्युपछि चातुर्महाराजिक देवलोकको रित्तै भएको सेरिस्सक विमानमा उत्पन्न भए । जुन उनको दानकार्यमा व्यस्त थिए सो उत्तर भन्ने माणवक चाहिं सत्कारपूर्वक दान दिई आफ्नै हातले दान दिई गौरवपूर्वक दान दिई, फालेको जस्तो गरी दान नदिई, शरीर छाडी मृत्युपछि त्रयस्त्रिंश देवलोकमा उत्पन्न भए ।"

अनि आयुष्मान् गवम्पतिले मनुष्य लोकमा आई यस्तो भन्नुभयो – "सत्कारपूर्वक दान देऊ, आफ्नै हातले दान देऊ, गौरवपूर्वक दान देऊ र फालेको जस्तो गरी दान नदेओ । पायासि राजा सत्कारपूर्वक दान नदिई ··· फालेको जस्तो गरी दान दिई शरीर छाडी मृत्युपछि चातुर्महाराजिक देवलोकको रित्तै भएको सेरिस्सक विमानमा उत्पन्न भए । जो उनको दानकार्यमा व्यस्त थिए सो उत्तर माणवक चाहिं सत्कारपूर्वक ··· फालेको जस्तो गरी दान नदिई, शरीर छाडी मृत्युपछि त्रयस्त्रिंश देवलोकमा उत्पन्न भए ।"

**पारासिराजञ्ञ-सुत्त समाप्त ।**

**दीघनिकायको महावर्ग समाप्त ।**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुदस्स

## त्रिपिटक : सुत्तपितक अन्तर्गत

# दीघनिकाय

(तृतीय भाग)

## पाथिक-वर्ग

### तृतीय सूत्र समूह

१. पाथिक-सुत्त
२. उदुम्बरिक-सुत्त
३. चक्कवत्ति-सुत्त
४. अग्गञ्ञ-सुत्त
५. सम्पसादनीय-सुत्त
६. पासादिक-सुत्त
७. लक्खण-सुत्त
८. सिङ्गाल-सुत्त
९. आटानाटिय-सुत्त
१०. सङ्गीति-सुत्त
११. दसुत्तर-सुत्त

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# दीघनिकाय

## पाथिक-वर्ग

## १. पाथिक-सुत्त

(पाथिकसूत्र)

### १. सुनक्खत्तले बुद्धधर्म छाडे

१. यस्तो मैले सुनें। एक समय मल्लहरूको अनुप्पिय *(अनुप्रिय)* भन्ने मल्लहरूको एक निगममा भगवान् बस्नुभएको थियो। अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भिक्षाटनको निमित्त अनुप्पियमा पस्नुभयो। अनि भगवान्लाई यस्तो लाग्यो – "भिक्षाटनको निमित्त अनुप्पियमा जान अझै धेरै समय बाँकी छ। अतः किन म जहाँ भग्गवगोत्तीय *(भार्गवगोत्रीय)* परिव्राजकको आराम हो जहाँ भग्गवगोत्तीय परिव्राजक छन् त्यहाँ नजाऊँ।"

२. अनि भगवान् जहाँ भग्गवगोत्तीय परिव्राजकको आराम हो जहाँ भग्गवगोत्तीय *(भार्गवगोत्रीय)* परिव्राजक थिए त्यहाँ जानुभयो। अनि भग्गवगोत्तीय परिव्राजकले भगवान्लाई यस्तो भने "भन्ते भगवान्! आउनुहोस्। भन्ते! भगवान्को स्वागत छ। धेरै दिनपछि भगवान्ले यहाँ आउने काम गर्नुभयो। भन्ते भगवान्! बस्नुहोस्। यो आसन बिच्छ्याइएको छ।" अनि बिच्छ्याइएको आसनमा उहाँ बस्नुभयो। भग्गवगोत्तीय परिव्राजक पनि एक होचो आसन लिई एक छेउमा बसे। एक छेउमा बसेका भग्गवगोत्तीय परिव्राजकले भगवान्लाई यस्तो भने –

"भन्ते! केही दिन अघि सुनक्खत्त लिच्छवीपुत्र मकहाँ आएका थिए। मकहाँ आएर मलाई यस्तो भने – 'भग्गव! *(भार्गव)* अब मैले भगवान्लाई छाडिसकें। अब म भगवान्को नाममा बस्दिन।' भन्ते! सुनक्खत्त लिच्छवीले भनेका यी कुरा सत्य हुन्?"

३. "भार्गव! *(भग्गव)* सुनक्खत्त लिच्छवीपुत्रले भनेका ती कुरा त्यस्तै हुन्। भार्गव! केही दिन अघि सुनक्खत्त लिच्छवीपुत्र मकहाँ आएका थिए। मकहाँ आई मलाई वन्दना गरी एक छेउमा बसे। भार्गव! एक छेउमा बसेका सुनक्खत्त लिच्छवीपुत्रले मलाई यस्तो भने – 'भन्ते! अब म भगवान्लाई छाड्छु। भन्ते! अब म भगवान्को नाममा बस्ने छैन।' भार्गव! यस्तो भन्दा सुनक्खत्त लिच्छवीपुत्रलाई मैले यस्तो भनें – 'सुनक्खत्त! के मैले तिमीलाई 'सुनक्खत्त! आऊ मेरो नाममा बस' भनी भनेको छु?'"

Downloaded from http://www.dhamma.digital

'भन्ते ! भन्नुभएको छैन ।'

'तिमीले मलाई 'भन्ते ! म भगवान्को नाममा बस्नेछु' भनी भनेका छौ ?'

'भन्ते ! भनेको छैन ।'

'सुनक्खत्त ! त्यसोभए मैले तिमीलाई 'सुनक्खत्त ! आऊ मेरो नाममा बस' भनी भनेको छैन, न त तिमीले 'भन्ते ! म भगवान्को नाममा बस्नेछु' भनी भनेका छौ । हे मोघपुरुष ! त्यसोभए कसले कसलाई छाडेको छ ? हे मोघपुरुष ! हेर यो तिम्रो अपराध *(दोष)* हो ।'

## मलाई ऋद्धिप्रातिहार्य देखाउनुहुन्न

४. *(सुनक्खत्त भन्छन् – )* 'भन्ते ! भगवान्ले मलाई अलौकिक ऋद्धिप्रातिहार्य देखाउनुहुन्न ।'

'सुनक्खत्त ! के त मैले तिमीलाई – 'आऊ सुनक्खत्त ! मेरो नाममा बस, म तिमीलाई अलौकिक ऋद्धिप्रातिहार्य देखाउनेछु' भनी भनेको छु ?'

'भन्ते ! भन्नुभएको छैन ।'

'के त तिमीले मलाई 'भन्ते ! म भगवान्को नाममा बस्नेछु, भगवान्ले मलाई अलौकिक ऋद्धिप्रातिहार्य देखाउनेछु' भनी भनेका छौ ?'

'भन्ते ! भनेको छैन ।'

'सुनक्खत्त ! न मैले तिमीलाई 'सुनक्खत्त ! आऊ मेरो नाममा बस म तिमीलाई अलौकिक ऋद्धिप्रातिहार्य देखाउनेछु' भनी भनें, न त तिमीले मलाई 'भन्ते ! म भगवान्को नाममा बस्नेछु, भगवान्ले मलाई अलौकिक ऋद्धिप्रातिहार्य देखाउनु हुनेछ' भनी भन्यौ । हे मोघपुरुष ! त्यसोभए कसले कसलाई छाडने त ? सुनक्खत्त ! अलौकिक ऋद्धिप्रातिहार्य देखाए पनि न देखाए पनि जसको निमित्त म धर्मोपदेश गर्छु त्यस अनुसार काम गर्नेको सम्यक् रूपले दुःखक्षय हुन्छ कि हुन्न त ? यसमा तिमी के भन्छौ ?'

'भन्ते ! अलौकिक ऋद्धिप्रातिहार्य देखाउनुभए पनि नदेखाउनुभए पनि जसको निमित्त तपाईले धर्मोपदेश गनुहुन्छ त्यस अनुसार काम गर्नेको सम्यक् रूपले दुःखक्षय हुन्छ ।'

'सुनक्खत्त ! अलौकिक ऋद्धिप्रातिहार्य देखाए पनि नदेखाए पनि जसको निमित्त म धर्मोपदेश गर्छु त्यस अनुसार काम गर्नेको सम्यक् रूपले दुःखक्षय हुन्छ । सुनक्खत्त ! त्यसोभए त्यहाँ अलौकिक ऋद्धिप्रातिहार्यले के गर्छ त ? हे मोघपुरुष ! हेर यो तिम्रो अपराध ! '

## यो अग्र हो भन्ने कुरा भगवान् बनाउनुहुन्न

५. 'भन्ते ! भगवान्ले मलाई यो अग्र हो भन्ने कुरा बताउनुहुन्न ।'

'सुनक्खत्त ! के त मैले तिमीलाई 'आऊ सुनक्खत्त ! मेरो नाममा बस, म तिमीलाई यो अग्र हो भन्ने कुरा बताउँछु' भनी भनेको छु ?'

'भन्ते ! भन्नुभएको छैन ।'

Downloaded from http://www.dhamma.digital

'के त तिमीले मलाई 'भन्ते ! म भगवान्को नाममा बस्नेछु, भगवान्ले मलाई यो अग्र हो भन्ने कुरा बताउनुहुनेछ' भनी भनेका छौ त ?'

'भन्ते ! भनेको छैन ।'

'सुनक्खत्त ! न मैले तिमीलाई 'सुनक्खत्त ! आऊ मेरो नाममा बस म तिमीलाई यो अग्र हो भन्ने कुरा बताउनेछु' भनी भनें, न त तिमीले मलाई 'भन्ते ! म भगवान्को नाममा बस्नेछु, भगवान्ले मलाई यो अग्र हो भन्ने कुरा बताउनुहुनेछ' भनी भन्यौ । हे मोघपुरुष ! त्यसोभए कसले कसलाई छाडने त ? सुनक्खत्त ! यो अग्र हो भन्ने कुरा भने ता पनि नभने ता पनि जसको निमित्त मैले धर्मोपदेश गर्छु त्यस अनुसार काम गर्नेको सम्यक् रूपले दुःखक्षय हुन्छ कि हुन्न ? यसमा तिमी के भन्छौ ?'

'भन्ते ! यो अग्र हो भने कुरा बताउनुभए पनि नभए पनि जसको निमित्त भगवान्ले धर्मोपदेश गर्नुहुन्छ त्यस अनुसार काम गर्नेको सम्यक् रूपले दुःखक्षय हुन्छ ।'

'सुनक्खत्त ! त्यहाँ यो अग्र हो भनी पनि के गर्न सक्छ र ! हे मोघपुरुष ! हेर यो तिम्रो अपराध ।'

६. "सुनक्खत्त ! अनेक प्रकारले वृजी गाउँमा मेरो वर्णन गरिएको छ । जस्तै – उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध हुनुहुन्छ, ... तथा भगवान् हुनुहुन्छ । सुनक्खत्त ! यसरी अनेक प्रकारको वृजी गाउँमा मेरो वर्णन गरिएको छ । सुनक्खत्त ! अनेक प्रकारले वृजी गाउँमा धर्मको वर्णन गरिएको छ । जस्तै – भगवान्को धर्म सु-आख्यात छ, ... तथा विज्ञहरूले प्रत्यक्ष अनुभव गर्न सक्नेछन् । सुनक्खत्त ! यसरी अनेक प्रकारले वृजी गाउँमा धर्मको वर्णन गरिएको छ । सुनक्खत्त ! अनेक प्रकारले वृजी गाउँमा सङ्घको वर्णन गरिएको छ । सुनक्खत्त ! म तिमीलाई भन्दछु, सुनक्खत्त ! म तिमीलाई बताउँछु । सुनक्खत्त ! तिमीलाई *(अरूले)* यस्तो भन्नेछन् – 'सुनक्खत्त ! लिच्छवीपुत्रले श्रमण गौतमको शासनमा ब्रह्मचर्य पालन गर्न सकेनन् त्यसैले उनले शिक्षा र चीवर छाडेर गए ।' सुनक्खत्त ! यस्तो तिमीलाई भन्नेछन् ।"

"भार्गव ! मैले यस्तो भन्दा पनि सुनक्खत्त लिच्छवीपुत्र जस्तै नरकगामी पुरुष नरकमा जान्छ त्यस्तै गरी यो धर्मबाट विमुख गएर गए ।"

## २. कोरक्खत्तियमाथि सुनक्खत्त प्रसन्न थिए

७. "भार्गव ! एक समय म थुलू *(जनपद)* को उत्तरका भन्ने निगममा बसेको थिएँ । भार्गव ! अनि पूर्वाण्ह समयमा चीवर गहिरी पात्र-चीवर ग्रहण गरी श्रमण सुनक्खत्त लिच्छवीपुत्रलाई पछाडि राखी उत्तरका भन्ने निगममा भिक्षाटनको निमित्त गएँ । त्यस समय अचेल कोरक्खत्तिय कुकुरको व्रत्त पालन गरी हात खुट्टा भुईमा टेकी *(घुँडा र कुहिनाले टेकी)* भुईमा राखेको खानेपदार्थ चाटेर खान्थे । भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्रले कुकुरको व्रत पालन गर्ने हात खुट्टा भुईमा टेकी भुईमा राखेको खानेपदार्थ मुखले चाटेर खाने कुकुरको व्रत पालन गर्ने अचेल कोरक्खत्तियलाई देखे । देखेर उसको मनमा यस्तो लाग्यो – 'यी श्रमण *(अरहत्)* सुन्दर छन् । जो हात खुट्टा भुईमा टेकी भुईमा राखेको खानेपदार्थ मुखले टिपी खान्छन् ।'

"भार्गव ! अनि मैले सुनक्खत्त लिच्छवीपुत्रको मनको कुरा बुझी सुनक्खत्त लिच्छवीपुत्रलाई यस्तो भनें – 'हे मोघपुरुष ! के तिमी पनि आफूलाई श्रमण शाक्यपुत्र भन्छौ ।'

Downloaded from http://www.dhamma.digital

"भन्ते ! किन मलाई भगवान्ले 'के तिमी पनि आफूलाई श्रमण गौतमपुत्र भन्छौ ?' भनी भन्नुभएको ?"

'सुनक्खत्त ! यो कुकुरको व्रत पालन गर्ने अचेल कोरक्खत्तियलाई देखेर तिम्रो मनमा यस्तो लागेको होइन ? – यो श्रमण *(अरहत्)* सुन्दर छन् । जो हात गोडा भुईमा टेकी भुईमा राखेको खानेपदार्थ मुखले टिपी खान्छन् ।'

"भन्ते ! हो । भन्ते ! के भगवान् *(यी)* अरहत्प्रति ईर्ष्या गर्नुहुन्छ ?"

'हे मोघपुरुष ! न म अरहत्प्रति ईर्ष्या गर्छु । किन्तु तिम्रै यो पापक[५०७] दृष्टि उत्पन्न भयो । त्यसलाई दूर गर । तिमीलाई दीर्घकालसम्म अहित र दुःख नहोस् । सुनक्खत्त ! जुन यो अचेल कोरक्खत्तियलाई असल श्रमण *(अरहत्)* हुन् भनी ठानेका छौ अर्को सातौं दिनमा अजीर्ण *(अलसक)* रोगले मृत्यु हुनेछ । मृत्यु भएपछि कालकञ्जिक भन्ने असुरहरूको सबभन्दा तल्लो असुरकायमा उत्पन्न हुनेछन् । मृत्युपछि उसलाई वीरणस्थम्भ नामक *(कुशभन्दा लामालामा घाँस भएको)* श्मशानमा छाड्ने छन् । सुनक्खत्त ! यदि तिमी चाहन्छौ भने अचेल कोरक्खत्तियकहाँ गई[५०८] सोध – 'आवुसो कोरक्खत्तिय ! तिमीलाई आफ्नो गति थाहा छ के ?' सुनक्खत्त ! अचेल कोरक्खतियले तिमीलाई 'आवुसो सुनक्खत्त ! म आफ्नो गति जान्दछु । कालकञ्चिक भन्ने असुरहरूको सबभन्दा तल्लो असुरकायमा उत्पन्न भएँ' भनी आफ्नो गति बताउन सक्छन् ।

"भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्र जहाँ अचेल कोरक्खत्तिय थिए त्यहाँ गए[५०९] । त्यहाँ गएर अचेल कोरक्खत्तियलाई यस्तो भने – 'आवुसो कोरक्खत्तिय ! श्रमण गौतमले यस्तो भविष्यवाणी गरे – सातौं दिनमा अजीर्ण रोगले 'अचेल कोरक्खत्तियको मृत्यु हुनेछ । मृत्यु भएपछि कालकञ्चिक भन्ने असुरहरूको सबभन्दा तल्लो जुन असुरकाय हो त्यहाँ उत्पन्न हुनेछन् । मृत्यु भएपछि उनलाई वीरणस्थम्भ भन्ने श्मशानमा फाल्नेछन् ।' आवुसो कोरक्खत्तिय ! अब तिमीले मात्रा जानेर भोजन गर, मात्रा जानेर पानी पिऊ ता कि श्रमण गौतमको वचन भूटो होस् ।'

८. "भार्गव ! अनि सुनक्खत्तले एक दुई गरी सात दिनसम्म गिन्ति गरे । किन कि उसलाई तथागतको कुरामा विश्वास थिएन । भार्गव ! सातौं दिनमा अर्जीर्ण रोगद्वारा अचेल कोरक्खत्तियको मृत्यु भयो । मृत्युपछि उनी कालकञ्चिक भन्ने असुरहरूको सबभन्दा तल्लो असुरकायमा उत्पन्न भए । मृत्यु भएपछि वीरणस्थम्भ भन्ने श्मसानमा फ़ालिदिए ।"

९. "भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्रले अजीर्ण रोगद्वारा 'अचेल कोरक्खत्तियको मृत्यु भयो र उनलाई वीरणस्थम्भ भन्ने श्मशानमा फालिदिए' भन्ने खबर सुने । भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्र जहाँ वीरणस्थम्भ भन्ने श्मशान हो, जहाँ अचेल कोरक्खत्तियको शव थियो त्यहाँ गए[५१०] । त्यहाँ गएर अचेल कोरक्खत्तियलाई *(मृत्यु शरीरलाई)* तीनबार हातले पिटेर 'आवुसो कोरक्खत्तिय ! तिमी आफ्नो गति जान्दछौ के ?' भनी सोधे । भार्गव ! अचेल कोरक्खत्तिय हातले पिठ्चूँ सुम्सुम्याउँदै उठेर 'आवुसो सुनक्खत्त ! म आफ्नो गति जान्दछु । जुन कालकञ्चिक भन्ने असुरहरूको सबभन्दा तल्लो असुरकाय हो त्यहाँ म उत्पन्न भएँ' भनी उहीं चित्ता परी लड्यो ।"

---

५०७ अरहन्तलाई अरहन्त होइन, अरहन्त नहुनेलाई अरहन्त भन्ने विचारलाई यहाँ 'पापक दृष्टि' भनिएको हो ।

५०८ उनी मरेपछि मसानमा गई उनको मृत्यु शरीरसँग सोध भनिएको हो ।

५०९ भिक्षाटन् गरिसकेपछि विहारबाट निस्केर सुनक्खत्त त्यहाँ गएका हुन् ।

५१० त्यस समयमा मृत्यु शरीरलाई श्मशानमा त्यसै छाडेर आउने चलन थियो । मृत शरीरले के बोल्न सक्ला भन्ने मनमा राखी श्मशानमा गएर सुनक्खत्त लिच्छवीपुत्रले कुरा सोधे । बोलेन भने बुद्धलाई आरोप लगाउनेछु भन्ने पनि मनमा राखेका थिए । तर बुद्धको ऋद्धिप्रभावद्वारा मृत शरीरले कुरा गऱ्यो ।

Downloaded from http://www.dhamma.digital

१०. "भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्र जहाँ म थिएँ त्यहाँ आए । त्यहाँ आएर मलाई अभिवादन गरी एक छेउमा बसे । भार्गव ! एक छेउमा बसेका सुनक्खत्त लिच्छवीपुत्रलाई मैले यस्तो भनें – 'सुनक्खत्त ! जस्तो मैले अचेल कोरक्खत्तियको सम्बन्धमा भविष्यवाणी गरें सो त्यस्तै भयो कि अन्यथा भयो त ?'"

'भन्ते ! भगवान्ले अचेल कोरक्खत्तियको सम्बन्धमा जस्तै भविष्यवाणी गर्नुभयो सो त्यस्तै भयो अन्यथा भएन ।'

'सुनक्खत्त ! यदि यस्तो हो भने अलौकिक ऋद्धिप्रातिहार्य देखाएको हुन्छ कि हुँदैन ? यसमा तिमी के भन्छौ त ?'

'भन्ते ! यदि यस्तो भएमा अवश्य पनि अलौकिक ऋद्धिप्रातिहार्य देखाएको हुनेछ, न देखाएको हुनेछैन ।'

'हे मोघपुरुष ! यसरी अलौकिक ऋद्धिप्रातिहार्य देखाउँदा पनि तिमी मलाई 'भन्ते ! भगवान्ले मलाई अलौकिक ऋद्धिप्रातिहार्य देखाउनुहुन्न' भनी भन्छौ । हे मोघपुरुष ! हेर तिम्रो यो अपराध ।'

"भार्गव ! मैले यस्तो भन्दा पनि जस्तै नरकगामी पुरुष नरकमा जान्छ त्यस्तै गरी सुनक्खत्त लिच्छवीपुत्र यो धर्मविनयबाट विमुख भएर गए ।"

## ३. कलारमट्टकमाथि सुनक्खत्त प्रसन्न थिए

११. "भार्गव ! एक समय, वैशाली स्थित महावनको कूटागारशालामा म बसेको थिएँ । त्यसबखत अचेल कलारमट्टक वैशालीमा बसेका थिए जो वृजी गाउँमा लाभी तथा यशलाभी थिए । उनले सातवटा व्रत ग्रहण गरेका थिए । जस्तै – (१) जीवनभर नाँगो रहनेछु र वस्त्र लगाउने छैन, (२) जीवनभर ब्रह्मचारी रहनेछु र मैथुन सेवन गर्ने छैन, (३) जीवनभर रक्सी र मासुले यापन गर्नेछु र भात रोटी खाने छैन, (४) वैशालीको पूर्वतिरको उदेन भन्ने चैत्यभन्दा उता जाने छैन, (५) वैशालीको दक्षिणतिरको गोतमक भन्ने चैत्यभन्दा उता जाने छैन, (६) वैशालीको पश्चिमतिरको सत्तम्ब भन्ने चैत्यभन्दा उता जाने छैन र (७) वैशालीको उत्तरतिरको बहुपुत्त भन्ने चैत्यभन्दा उता जाने छैन । यी सातवटा व्रत पालनको कारणबाट उनी वृजी गाउँमा लाभी र यशलाभी थिए ।

१२. "भार्गव ! अनि जहाँ अचेल कलारमट्टक थिए त्यहाँ सुनक्खत्त लिच्छवीपुत्र गए । त्यहाँ गएर अचेल कलारमट्टकसँग प्रश्न सोधे । अचेल कलारमट्टकले उनको प्रश्नको उपर राम्ररी दिन सकेनन् । राम्ररी उत्तर दिन नसकेपछि उनले कोप, द्वेष र असन्तोष प्रकट गरे । भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्रको मनमा यस्तो लाग्यो – 'सज्जन भएका यी अरहन्त श्रमणलाई मैले होच्याएँ । यसबाट मलाई दीर्घकालसम्म अहित र दुःख हुन नपाओस् ।'

१३. "भार्गव ! अनि जहाँ म थिएँ त्यहाँ सुनक्खत्त लिच्छवीपुत्र आए । मकहाँ आएर मलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका सुनक्खत्त लिच्छवीपुत्रलाई मैले यस्तो भने – 'हे मोघपुरुष ! तिमी पनि श्रमण शाक्यपुत्रीय भन्छौ ?'

'भन्ते ! किन भगवान्ले मलाई 'हे मोघपुरुष ! तिमी पनि श्रमण शाक्यपुत्रीय भन्छौ ?' भनी भन्नुहुन्छ ?'

Downloaded from http://www.dhamma.digital

'सुनक्खत्त ! अचेल कलारमट्टककहाँ गई तिमीले प्रश्न सोधेका होइनौ ? अचेल कलारमट्टकले तिम्रो प्रश्नको उत्तर राम्ररी दिन सकेनन् । राम्ररी उत्तर दिन नसकेपछि कोप, द्वेष र असन्तोष प्रकट गरे । अनि तिमीलाई यस्तो लाग्यो – 'सज्जन भएका यी अरहन्त श्रमणलाई मैले होच्याएँ । यसबाट मलाई दीर्घकालसम्म अहित र दुःख हुन नपाओस् ।'

'भन्ते ! हो । भन्ते ! के भगवान् *(यी)* अरहन्तप्रति ईर्ष्या गर्नुहुन्छ ?'

'हे मोघपुरुष ! न म अरहन्तप्रति ईर्ष्या गर्छु । किन्तु तिम्रै यो पापक दृष्टि उत्पन्न भयो । त्यसलाई दूर गर । तिमीलाई दीर्घकालसम्म अहित र दुःख नहोस् । सुनक्खत्त ! तिमीले जुन यी अचेल कलारमट्टकलाई सज्जन श्रमण हुन् भनी ठानेका छौ केही समयमै यिनले वस्त्र लगाई, भार्यासहित विचरण गरी, भात रोटी खाई तथा वैशालीका सबै चैत्यहरू पार गर्नेछन् र यशबाट पराङ्मुख भएका यिनको मृत्यु हुनेछ ।'

१४. "भार्गव ! अनि केही समयमै वस्त्र लगाई भार्यासहित भात रोटी खाँदै विचरण गर्दै सबै वैशालीका चैत्यहरू पार गरेपछि यशबाट पराङ्मुख भएका अचेल कलारमट्टकको मृत्यु भयो । भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्रले 'अचेल कलारमट्टक वस्त्र लगाई ··· यशबाट पराङ्मुख भएका यिनको मृत्यु भयो' भन्ने कुरा सुने । भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्र जहाँ म थिएँ त्यहाँ आए । मकहाँ आई मलाई अभिवादन गरी एक छेउमा बसे । भार्गव ! एक छेउमा बसेका सुनक्खत्त लिच्छवीपुत्रलाई मैले यस्तो भनें – 'सुनक्खत्त ! अचेल कलारमट्टकको सम्बन्धमा जुन मैले भविष्यवाणी गरें त्यो त्यस्तै भयो कि अन्यथा ? यसमा तिमी के भन्छौ ?'

"भन्ते ! जुन भगवान्ले अचेल कलारमट्टकका सम्बन्धमा भविष्यवाणी गर्नुभयो त्यो त्यस्तै भयो अन्यथा भएन ।"

'सुनक्खत्त ! यदि यस्तो भएमा अलौकिक ऋद्धिप्रातिहार्य देखाएको हुन्छ कि हुँदैन त ? यसमा तिमी के भन्छौ ?'

'भन्ते ! यदि यस्तो भएमा अवश्य पनि भगवान्ले अलौकिक ऋद्धिप्रातिहार्य देखाएको हुन्छ नदेखाएको हुन्न ।'

'हे मोघपुरुष ! तैपनि तिमी मलाई भगवान् 'अलौकिक ऋद्धिप्रातिहार्य देखाउनुहुन्न' भनी भन्छौ । हे मोघपुरुष ! हेर तिम्रो यो अपराध ।'

"भार्गव ! यसोभन्दा पनि सुनक्खत्त लिच्छवीपुत्रले नरकगामी पुरुष नरकमा जाने झैं यो धर्मविनयलाई छाडिगए ।

## ४. पाथिकपुत्रको खोक्रो घमण्ड

१५. "भार्गव ! एक समय म उहीं वैशाली स्थित महावनको कूटागारशालामा बसिरहेको थिएँ । त्यस समय अचेल पाथिकपुत्र पनि लाभ प्राप्त गरी यश प्राप्त गरी वैशालीको वज्जी *(वृजी)* गाउँमा बस्दथे । उनी वैशालीको सभाषद्मा यस्तो भन्दथे – 'श्रमण गौतम ज्ञानवादी हुन् म पनि ज्ञानवादी हुँ । ज्ञानवादीले ज्ञानवादीसँग उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउनु योग्य छ । यदि श्रमण गौतम आधा बाटो आएमा म पनि आधा बाटो जानेछु । त्यहाँ दुवैले उत्तरीय मनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउनेछौ । यदि श्रमण गौतमले दुइवटा ··· देखाउँछन् भने मैले चार वटा देखाउनेछु । यदि श्रमण गौतमले चारवटा

Downloaded from http://www.dhamma.digital

··· देखाउँछन् भने मैले आठवटा देखाउनेछु । जति श्रमण गौतमले – देखाउनेछन् त्यसको दोब्बर मैले देखाउनेछु ।'

"भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्र मकहाँ आए । मकहाँ आई मलाई अभिवादन गरी एक छेउमा बसे । भार्गव ! एक छेउमा बसेका सुनक्खत्त लिच्छवीपुत्रले मलाई यस्तो भने – "भन्ते ! अचेल पाथिकपुत्र ··· वैशालीको वज्जी गाउँमा बस्दछन् । उनी वैशालीको सभाषद्मा यस्तो भन्दछन् – 'श्रमण गौतम ज्ञानवादी हुन् म पनि ज्ञानवादी हुँ । ज्ञानवादीले ज्ञानवादीसँग उत्तरीयमनुष्यधर्मै ऋद्धिप्रातिहार्य देखाउनु योग्य छ । यदि श्रमण गौतम आधा बाटो आउँछन् भन्ने म पनि आधा बाटो जानेछु । अनि त्यहाँ दुवै जनाले उत्तरी मनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउनेछौ । यदि श्रमण गौतमले एउटा ··· देखाउँछन् भने मैले दुईवटा देखाउनेछु । यदि श्रमण गौतमले चारवटा ··· देखाउँछन् भने मैले आठवटा देखाउनेछु । जति श्रमण गौतमले ··· देखाउनेछन् त्यसको दोब्बर मैले देखाउनेछु ।'

"भार्गव ! यस्तो भन्दा मैले सुनक्खत्त लिच्छवीपुत्रलाई यस्तो भनें – 'सुनक्खत्त ! त्यो वचनलाई नछाडी, त्यो चित्तलाई नहटाई, त्यो विचारलाई नत्यागी अचेल पाथिकपुत्र मकहाँ आउन सक्नेछैन् । यदि त्यो वचनलाई नछाडी ··· म श्रमण गौतमकहाँ जानेछु भनी उनले चिताउँछ भने उनको शिर पनि फुट्नेछ ।'

१७. *(अनि सुनक्खत्त लिच्छवीपुत्र भन्छन् – )* 'भन्ते ! समालेर बोल्नुहोस् ! सुगत ! समालेर बोल्नुहोस् !'

'सुनक्खत्त ! किन तिमी मलाई यस्तो भन्छौ ··· ?'

'भन्ते ! भगवान्ले चाहिं – अचेल पाथिकपुत्रले त्यो वचनलाई नछाडी ··· मकहाँ आउन सक्नेछैन भनी ठोकेर नै भन्नुहुन्छ । यदि उनले त्यो वचनलाई नछाडी ··· मकहाँ आउँछन् भने उनको शिर पनि फुट्नेछ भनी भन्नुहुन्छ । यदि अचेल पाथिकपुत्रले भेष बदलेर *(अर्कै रूप धारण गरी)* भगवान्को समक्ष आए भने भगवान्को त्यो वचन झूटो हुनेछ ।'

'सुनक्खत्त ! के त भगवान्ले त्यस्तो वचन भन्नेछ त जो झूटो हुन्छ ?'

'भन्ते ! भगवान्ले अचेल पाथिकपुत्रको चित्तलाई जानेर अचेल पाथिकपुत्र ··· आउन सक्दैन भनी भन्नुभएको हो कि ··· ? अथवा कुनै देवताले यस्तो कुरा भनेका हुन् ··· ?'

१९. 'सुनक्खत्त ! मैले आफैले उनको चित्तलाई जानेर पनि हो ··· देवताले पनि मलाई यस्तो भने ··· '

'लिच्छवीहरूका अजित भन्ने सेनापति हालै परलोक भई त्रयस्त्रिंश देवलोकमा उत्पन्न भए । उनी पनि आएर मलाई यस्तो भने – 'भन्ते ! अचेल पाथिकपुत्र निर्लज्जी छन् । भन्ते ! अचेल पाथिकपुत्र झूटावादी हुन् । भन्ते ! वज्जी ग्राममा उनले मेरो बारेमा यस्तो भनेका थिए – लिच्छवीहरूका अजित भन्ने सेनापति महानरकमा उत्पन्न भए । भन्ते ! म महानरकमा उत्पन्न भएको छैन । म त्रयस्त्रिंश देवलोकमा उत्पन्न भएको छु ।' भन्ते ! अचेल पाथिकपुत्र निर्लज्जी छन्, भन्ते ! अचेल पाथिकपुत्र झूटावादी हुन् । भन्ते ! अचेल पाथिकपुत्र त्यो वचनलाई नछाडी, त्यो चित्तलाई नहटाई, त्यो विचारलाई नत्यागी भगवान्कहाँ आउन सक्दैन । यदि उनी त्यो वचनलाई नछाडी ··· श्रमण गौतमकहाँ जान्छु भनी आएमा उनको शिर पनि फुट्नेछ ।'

'सुनक्खत्त ! सो म वैशालीमा भिक्षाटन गरी भोजनपछि जहाँ अचेल पाथिकपुत्रको आराम हो त्यो दिवाविहारको निमित्त जानेछु । सुनक्खत्त ! जसलाई चाहन्छौ त्यसलाई भन ।'

Downloaded from http://www.dhamma.digital

# ५. पाथिकपुत्रको आराममा मानिसहरू एकत्रित भए

२०. "भार्गव ! अनि म पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी वैशालीमा भिक्षाटनको निमित्त गएँ। वैशालीमा भिक्षाटन पछि भोजन गरी जहाँ अचेल पाथिकपुत्रको आराम हो त्यहाँ दिवाविहारको निमित्त म गएँ। भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्र हतारिंदै वैशालीमा गई जहाँ नामी नामी लिच्छवीहरू थिए त्यहाँ गए। त्यहाँ गएर नामी नामी लिच्छवीहरूलाई यस्तो भने – 'आवुसो ! वैशालीमा भिक्षाटनपछि भोजन गरी भगवान् दिवाविहारको निमित्त अचेल पाथिकपुत्रको आराममा जानुभएको छ। आयुष्मान् हो ! आउनुहोस् ! आयुष्मान् हो ! आउनुहोस् !! साधु रूप श्रमणहरूको उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्यको प्रदर्शन हुनेछ।' भार्गव ! अनि नामी नामी लिच्छवीहरूको मनमा यस्तो लाग्यो – 'साधु रूप श्रमणहरूको उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्यको प्रदर्शनी हुनेछ। जाऔं ! हामीहरू जाऔं ! !' भन्दै जहाँ नामी नामी ब्राह्मण महाशाल, गृहपति महाशाल र अनेक तीर्थीय श्रमण ब्राह्मणहरू थिए त्यहाँ गए। त्यहाँ पुगेपछि नामी नामी अनेक तीर्थीय श्रमण ब्राह्मणहरूलाई यस्तो भने – 'आवुसो हो ! भगवान् वैशालीमा भिक्षाटनपछि भोजन गरी जहाँ अचेल पाथिकपुत्रको आराम हो त्यहाँ दिवाविहारको निमित्त जानुभएको छ। आउनुहोस् ! आयुष्मान् हो ! आउनुहोस् ! आयुष्मान् हो ! ! साधु रूप श्रमणहरूको उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्यको प्रदर्शनी हुनेछ।' भार्गव ! अनि नामी नामी अनेक तीर्थीय श्रमण ब्राह्मणहरूलाई यस्तो लाग्यो – 'साधु रूप श्रमणहरूको उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्यको प्रदर्शनी हुनेछ। जाऔं हामीहरू जाऔं !'

"भार्गव ! अनि नामी नामी लिच्छवीहरू, नामी नामी ब्राह्मण महाशाल, गृहपति महाशाल तथा अनेक तीर्थीय श्रमण ब्राह्मणहरू जहाँ अचेल पाथिकपुत्रको आराम हो त्यहाँ गए। भार्गव ! त्यो परिषद् अनेक शय अनेक हजारको महापरिषद् थियो।

२१. "भार्गव ! अनि अचेल पाथिकपुत्रले नामी नामी लिच्छवीहरू, ब्राह्मण महाशाल, गृहपति महाशाल, अनेक तीर्थीय श्रमण ब्राह्मणहरू तथा श्रमण गौतम पनि आफ्नो आराममा दिवाविहारको निमित्त आएर बसिरहेको कुरा सुने। यो सुनेर भयभीत भई रौं ठाडो भयो। भार्गव ! अनि अचेल पाथिकपुत्र संविग्न भई, लोमहर्षित भई जहाँ तिन्दुकखाणु परिव्राजकाराम हो त्यहाँ गए।

"भार्गव ! अनि त्यो परिषद्ले अचेल पाथिकपुत्र भयभीत भई, संविग्न भई, रौं ठाडो पारी जहाँ तिण्डुकखाणु परिव्राजकाराम हो त्यहाँ गए भन्ने कुरा सुने। भार्गव ! अनि सो परिषद्ले एक पुरुषलाई बोलाई – 'हे पुरुष ! तिमी तिन्दुकखाणु परिव्राजकाराममा गई अचेल पाथिकपुत्रलाई यस्तो भन – 'आवुसो पाथिकपुत्र ! आउनुहोस्। नामी नामी लिच्छवीहरू ··· अनेक तीर्थीय श्रमण ब्राह्मणहरू तथा श्रमण गौतम पनि आयुष्मान्को आराममा दिवाविहारको निमित्त आएर बसिरहेका छन्। आवुसो पाथिकपुत्र ! तपाईंले वैशालीमा परिषद्लाई यसो भन्नुभएको थियो – 'श्रमण गौतम पनि ज्ञानवादी हुन् म पनि ज्ञानवादी हुँ। ज्ञानवादीले ज्ञानवादीसँग उत्तरी मनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउनु उचित हुनेछ। यदि श्रमण गौतम आधा बाटो आएमा म पनि आधा बाटो जानेछु र त्यहाँ दुवै जनाले ··· ऋद्धिप्रातिहार्य देखाउनेछौ। यदि श्रमण गौतमले एउटा ··· ऋद्धिप्रातिहार्य देखाउँछन् भने मैले दुईवटा देखाउनेछु।' भो पाथिकपुत्र ! 'अब आधा मात्र बाटो जानहोस्। श्रमण गौतम चाहिं पहिले नै आयुष्मान्को आराममा दिवाविहारको निमित्त आएर बस्नुभएको छ।'

२२. "भार्गव ! 'हवस् हुन्छ' भनी सो पुरुष त्यस परिषद्लाई प्रत्युत्तर दिई जहाँ तिन्दुकखाणु भन्ने परिव्राजकाराम हो, जहाँ अचेल पाथिकपुत्र थिए त्यहाँ सो पुरुष गयो। त्यहाँ पुगेपछि अचेल पाथिकपुत्रलाई यस्तो भन्यो – 'पाथिकपुत्र ! आउनुहोस् ··· *(पूर्ववत्)* ···'

Downloaded from http://www.dhamma.digital

# ६. पराजित पाथिकपुत्र

२३. "भार्गव ! यस्तो भन्दा अचेल पाथिकपुत्रले 'जानेछु आवुसो ! जानेछु आवुसो ! ' भन्दै उहीं बसे र आसनबाट उठ्न पनि सकेनन् । भार्गव ! अनि सो पुरुषले अचेल पाथिकपुत्रलाई यस्तो भन्यो – 'आवुसो पाथिकपुत्र ! के तपाईंको चाक आसनमा टाँसियो कि क्याहो ? अथवा तपाईंको आसन चाकमा टाँसियो कि क्याहो ?' 'जानेछु, आवुसो ! जानेछु आवुसो !' भन्दै उहीं बस्नुहुन्छ र आसनबाट उठ्न पनि सक्नुहुन्न । भार्गव ! यस्तो भन्दा अचेल पाथिकपुत्र 'जानेछु आवुसो ! जानेछु आवुसो ! ' भन्दै उहीं बसे । आसनबाट उठ्न पनि सकेनन् ।

"भार्गव ! जब सो पुरुषले जान्यो – यी अचेल पाथिकपुत्र पराजित भई 'जानेछु आवुसो ! जानेछु आवुसो !' भन्दै उहीं टाँसिएर बस्छन् र आसनबाट उठ्न पनि सक्दैनन् तब परिषद्कहाँ आई सो पुरुषले यस्तो भन्यो – 'भो ! अचेल पाथिकपुत्र पराजित भए ।' 'जानेछु आवुसो ! जानेछु आवुसो !' भन्दै उहीं टाँसिएर बस्छन् र आसनबाट उठ्न पनि सक्दैनन् ।' भार्गव ! यस्तो भन्दा मैले त्यो परिषद्लाई यस्तो भनें – आवुसो ! अचेल पाथिकपुत्र त्यो वचन नछाडी, त्यो चित्त नहटाई, त्यो विचारलाई नत्यागी मकहाँ आउन सक्दैनन् । यदि 'त्यो वचन नछाडी, त्यो चित्तलाई नहटाई, त्यो विचारलाई नत्यागी म श्रमण गौतमकहाँ जानेछु' भन्छन् भने उनको शिर पनि फुट्नेछ ।

प्रथम भाणवार समाप्त ।

## लिच्छवी अमात्य बोलाउन गए

२४. "भार्गव ! अनि एक लिच्छवी महामात्य आसनबाट उठी त्यो परिषद्लाई यस्तो भने– 'भो ! त्यसोभए एकछिन पर्खनुहोस् म गएर आउनेछु । सायद अचेल पाथिकपुत्रलाई मैले ल्याउन सकूँला ।'

"भार्गव ! अनि सो लिच्छवी अमात्य जहाँ तिन्दुकखाणुक भन्ने परिव्राजकाराम हो जहाँ अचेल पाथिकपुत्र थिए त्यहाँ गए । त्यहाँ पुगेर अचेल पाथिकपुत्रलाई यस्तो भने – 'आवुसो पाथिकपुत्र ! आउनुहोस् ! तपाईंलाई जानु नै बेश छ । नामी नामी लिच्छवीहरू नामी नामी ब्राह्मण महाशालहरू, नामी नामी गृहपति महाशालहरू, अनेक तीर्थीय श्रमण ब्राह्मणहरू आएका छन् । श्रमण गौतम पनि तपाईंको आराममा दिवाविहारको निमित्त बसिरहनुभएको छ । तपाईंले वैशालीको सभाषद्लाई यसो भन्नुभएको थियो – 'श्रमण गौतम पनि ज्ञानवादी हुन् म पनि ज्ञानवादी हुँ ··· ' आवुसो पाथिकपुत्र ! अब आधा बाटो जानुहोस् । श्रमण गौतम चाहिं पहिले नै आयुष्मान्को आराममा दिवाविहारको निमित्त आएर बस्नुभएको छ । आवुसो पाथिकपुत्र ! श्रमण गौतमले सभाषद्मा यस्तो भनेका छन् त्यो वचनलाई नछाडी ··· मकहाँ आउन सक्ने छैन । यदि ··· आए पनि उनको शिर पनि फुट्न सक्छ । आवुसो पाथिकपुत्र ! आउनुहोस् । तपाईंको आगमनले नै तपाईंको जय र श्रमण गौतमको पराजय हुनेछ ।'

"भार्गव ! यस्तो भन्दा अचेल पाथिकपुत्रले 'जानेछु आवुसो ! जानेछु आवुसो !' भन्दै उहीं बसे र आसनबाट उठ्न पनि सकेनन् । भार्गव ! अनि सो लिच्छवी महामात्यले अचेल पाथिकपुत्रलाई यस्तो भने

Downloaded from http://www.dhamma.digital

– 'आवुसो पाथिकपुत्र ! के तपाईंको चाक आसनमा टाँसियो कि क्याहो ? अथवा तपाईंको आसन चाकमा टाँसियो कि क्याहो ? ··· '

२५. "भार्गव ! जब सो लिच्छवी महामात्यले यी अचेलक पाथिकपुत्र पराजित भई 'जानेछु आवुसो ! जानेछु आवुसो !' भन्दै उहीं टाँसिएर बस्छन् र आसनबाट उठ्न पनि सक्दैनन् भनी जाने तब सो लिच्छवी महामात्यले परिषद्कहाँ आई यस्तो भने – 'भो ! अचेल पाथिकपुत्र पराजित भए । ··· ' भार्गव ! अनि मैले त्यो परिषद्लाई यस्तो भनें – 'आवुसो ! अचेल पाथिकपुत्र त्यो वचनलाई नछाडी ··· आउन सक्दैनन् । ··· यदि आयुष्मान् लिच्छवीहरूलाई यस्तो लाग्छ कि हामीले अचेल पाथिकपुत्रलाई डोरीले बाँधेर अथवा गोरुले तानेर ल्याउनेछौं । बरू डोरी नै चुडिएर जाला वा पाथिकपुत्र चुँडिएलान् *(तर उनलाई आसनबाट छुटाउन सक्नेछैन)* अचेल पाथिकपुत्र त्यो वचनलाई नछाडी ··· आउन सक्नेछैन । ··· शिर पनि फुट्ने छ ।'

## उनलाई ल्याउन जालिय गए

२६. "भार्गव ! अनि आसनबाट उठी दारुपत्तिकको अन्तेवासी जालियले यस्तो भने – 'भो ! त्यसोभए तपाईंहरू एकछिन पर्खनुहोस्, म गएर आउनेछु । सायद म अचेल पाथिकपुत्रलाई यो परिषद्मा ल्याउन सकूँला ।'

२७. "भार्गव ! अनि सो दारुपत्तिकको अन्तेवासी जालिय जहाँ तिन्दुकखाणु भन्ने परिव्राजकाराम हो जहाँ अचेल पाथिकपुत्र थिए त्यहाँ गए । त्यहाँ पुगेर अचेल पाथिकपुत्रलाई यस्तो भने – 'आवुसो पाथिकपुत्र ! आउनुहोस् तपाईं जानु नै बेश हुनेछ ··· पूर्ववत् ··· '

"भार्गव ! जब सो दारुपत्तिकको अन्तेवासी जालियले 'यी अचेल पाथिकपुत्र पराजित भई जानेछु आवुसो ! जानेछु आवुसो ! भन्दै टाँसिएर बस्छन् र आसनबाट उठ्न पनि सक्दैनन्' भनी जाने तब उनलाई *(पाथिकपुत्रलाई)* जालियले यस्तो भने –

## बूढो स्याल जस्तै पाथिकपुत्र

'आवुसो पाथिकपुत्र ! अघि मृगराजा सिंहलाई यस्तो लाग्यो – 'एक जंगलको आश्रय लिई बास बस्नुपर्‍यो । अनि संध्या समयमा बासबाट निस्केर आङ् तान्नेछु, आङ् तानेर चारैतिर हेर्नेछु । चारैतिर हेरेर तीन पटक सिंहनाद गर्नेछु । तीनपटक सिंहनाद गरी गोचरको लागि जानेछु । अनि असल असल मृगसङ्घलाई मारेर कमलो कमलो मासुहरू खाएर उही बासमा आउनेछु ।' आवुसो ! अनि सो सिंह एक जंगलको आश्रय लिई बास बस्यो । त्यहाँ बास बसी संध्या समयमा बासबाट निस्क्यो । बासबाट निस्केर आङ् तान्यो । आङ् तानेर चारैतिर हेर्‍यो । चारैतिर हेरेर तीनपटक सिंहनाद गर्‍यो । तीनपटक सिंहनाद गरी गोचरको लागि गयो । अनि उसले राम्रो मृगसङ्घलाई मारी कमलो कमलो मासु खाई उही बासमा फर्क्यो ।'

२८. 'आवुसो पाथिकपुत्र ! त्यो मृगराजा सिंहको जूठो खाने एउटा बूढो स्याल मोटायो र बलियो हुँदै आयो । आवुसो ! अनि सो बूढो स्याललाई यस्तो लाग्यो – म को हुँ । मृगराजा सिंह को हो ! किन म यौटा जंगलको आश्रय लिएर नबसूँ । त्यहाँ बास बसी संध्या समयमा बासबाट निस्कनेछु । बासबाट निस्की आङ् तान्नेछु । आङ् तानेर चारैतिर हेर्नेछु । चारैतिर हेरेर तीन पटक सिंहनाद गर्नेछु । तीन

Downloaded from http://www.dhamma.digital

पटक सिंहनाद गरी गोचरको लागि जानेछु । अनि राम्रो राम्रो मृगसङ्घलाई मारी कमलो कमलौ मासु खाएर उही बासमा बस्नेछु । आवुसो ! अनि सो बूढो स्याल यौटा जंगलको आश्रय लिई बास बस्यो । बास बसी संध्या समयमा बासबाट निस्क्यो । बासबाट निस्केर आङ् तान्यो । आङ् तानेर चारैतिर हेऱ्यो । चारैतिर हेरेर तीन पटक सिंहनाद गर्छु भनी आफ्नै स्वभाव अनुसार करायो, भेडा जस्तै गरी करायो । कहाँ बूढो स्यालको आवाज ! कहाँ सिंहको आवाज[५११] !!'

'आवुसो पाथिकपुत्र ! यस्तैगरी तपाईं सुगतको नामले जीविका गर्ने, सुगतलाई दिने दानको शेष भाग खाएर[५१२] तथागत अरहत् सम्यक्सम्बुद्धसँग दाँजिन खोज्नुहुन्छ । कहाँको तुच्छ पाथिकपुत्रसँग तथागत अरहत् सम्यक्सम्बुद्धसँग तुलना ! ! '

२९. "भार्गव ! जब दारुपत्तिकका अन्तेवासी जालियले यस्तो उपमाद्वारा पनि अचेल पाथिकपुत्रलाई त्यस आसनबाट चलाउन सकेनन् तब उनलाई *(पाथिकपुत्रलाई)* यस्तो भने –

'आफूलाई सिंह जस्तै ठान्ने स्यालले आफूलाई मृगराजा सिंह जस्तै ठाने पनि स्याल जस्तै कराउँछ । कहाँ स्यालको आवाज ! कहाँ सिंहको आवाज ! !'

'आवुसो पाथिकपुत्र ! यस्तैगरी तपाईं सुगतको नाममा जीविका गरी सुगतको भोजनको शेष भागद्वारा जीविका गरी तथागत अरहत् सम्यक्सम्बुद्धसँगै दाँज्न खोज्नुहुन्छ । कहाँको तुच्छ पाथिकपुत्रसँग तथागत अरहत् सम्यक्सम्बुद्धसँग तुलना ! '

३०. "भार्गव ! जब दारुपत्तिकका अन्तेवासी जालियले यस उपमाद्वारा पनि अचेल पाथिकपुत्रलाई त्यस आसनबाट चलाउन सकेनन् तब उनलाई यस्तो भने –

'जूठो भाँडोको पानीमा मोटो देख्नेले जबसम्म आफूलाई जूठो खाएर मोटाएको भनी आफ्नो स्वरूप देख्दैन तबसम्म ऊ आफूलाई सिंह भनी ठान्दछ । ऊ स्याल जस्तै कराउँछ पनि । कहाँ चुत्थो स्यालको आवाज ! कहाँ सिंहको ! !'

---

५११ यसबारे पूर्वकथा –

एक दिन सिंह गोचरबाट फर्किरहेको बेलामा एक बुढो स्याल डरले भागिरहेको देखेर उसमाथि दयाराखी सिंहले 'हे बुढो ! डराउनु पर्दैन । तँ को होस् ?' भनी सोध्दा बुढो स्यालले 'भो स्वामी ! म स्याल हुँ' भनी भन्यो । 'तैलें मेरो सेवा गर्न सक्छस् ?' भनी सिंहले सोध्दा उसले 'सक्छु' भनी भन्यो । त्यहाँदेखि उसले सिंहको सेवा गर्न थाल्यो । गोचरबाट फर्कदा एक ठूलो मासुको टुक्रा ल्याइदिन्थ्यो । त्यही खाएर ऊ नजिकको एक ढुंगामा बस्नथाल्यो । केही दिनमैं ऊ मोटाएर बलियो पनि भयो । अनि एकदिन सिंहले 'हे स्याल ! मैले आङ् तान्दा नजिकमा बसी 'कराउनुहोस् स्वामी !' भनी मलाई भन्न सक्छस् ?' भनी सोध्यो । 'सक्छु' भनी सिंहले आङ् तान्दा स्यालले त्यसो भन्न थाल्यो ।

एक दिन बुढो स्याल कुवामा पानी पिउन जाँदा पानीमा आफ्नो छाँयामा आफ्नो मोटो शरीर देख्यो । अनि उसले म स्याल हुँ भन्ने नठानी 'म पनि सिंह नै हुँ' भन्ने ठान्यो । अनि उसले मनमनै यस्तो भन्यो – 'यस्तो मोटो शरीर भएपछि पनि मैले कसैको जूठो खाएर बस्नुपर्छ र ! के तिमी पुरुष होइनौ र ! सिंहको पनि चारवटा खुट्टा, दुईवटा दाह्रा, दुईवटा कान र एउटा पुच्छर छ । तिम्रो पनि सबै त्यस्तै छन् । केवल तिम्रो जगर मात्र छैन ।' यसरी कल्पना गर्दा गर्दै उसमा अहंभाव बढ्यो । अनि यसैको कारणले 'म को हुँ ! सिंह को हो र !' भन्ने स्यालको मनमा घमण्ड चढ्यो । यति मात्र होइन उसले यस्तो पनि ठान्यो – सिंक को हो र ! ऊ न मेरो नातेदार हो, न मालिक हो । किन मैले उसको मान गर्ने ?

५१२ बुद्ध नभइकन बुद्धको गुण जस्तै देखाई त्यसबाट प्राप्त भोजनद्वारा जीविका गर्ने हुनाले र बुद्धलाई पूर्वाण्ह समयमा दिएर बाँकी भाग साँझ प्राप्त गर्ने भएको हुनाले 'सुगतको नामले जीविका गर्ने र दानको शेष भाग खाएर' भनी भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

'आवुसो पाथिकपुत्र ! त्यस्तैगरी तपाईं सुगतको नाममा जीविका गरी ··· सम्यक्सम्बुद्धसँग दाँज्न खोज्नुहुन्छ । कहाँको चुत्थो पाथिकपुत्रसँग तथागत अरहत् सम्यक्सम्बुद्धसँग तुलना ! !'

३१. "भार्गव ! जब दारुपत्तिकका अन्तेवासी जालियले यो उपमाद्वारा पनि अचेल पाथिकपुत्रलाई त्यस आसनबाट चलाउन सकेनन् तब उनलाई यस्तो भने –

'खाल्टोमा भ्यागुता, मलमा मुसा, मसानमा फालेको मूर्दाहरू खाएर, महावन र शून्यवनमा बढेको स्यालले आफूलाई सिंह ठान्यो । उसले स्याल जस्तै करायो । कहाँ स्यालको आवाज ! कहाँ सिंहको आवाज ! !'

'आवुसो पाथिकपुत्र ! यस्तैगरी तपाईं सुगतको नाममा जीविका गरी ··· सम्यक्सम्बुद्धसँग दाँज्न खोज्नुहुन्छ । कहाँको चुत्थो पाथिकपुत्रसँग तथागत अरहत् सम्यक्सम्बुद्धसँग तुलना ! !'

३२. "भार्गव ! जब दारुपत्तिकका अन्तेवासी जालियले यो उपमाद्वारा पनि अचेल पाथिकपुत्रलाई त्यस आसनबाट चलाउन सकेनन् तब त्यो परिषद्मा आई यस्तो भने – 'भो ! अचेल पाथिकपुत्र पराजित भए । 'जानेछु आवुसो ! जानेछु आवुसो !' भन्दै उहीं टाँसिएर बसेका छन् । आसनबाट उठ्न पनि सक्दैनन् ।'

३३. "भार्गव ! यस्तो भन्दा मैले त्यो परिषद्लाई यस्तो भने – 'आवुसो ! अचेल पाथिकपुत्र त्यो वचनलाई नछाडी ··· मकहाँ आउन सक्दैन । ··· उनको शिर पनि फुट्नेछ । यदि तपाईं आवुसो ! लिच्छवीहरूलाई यस्तो लाग्छ कि ··· तानेर ल्याउनेछौ । डोरी चुँडिएर जाला ··· आउन सक्नेछैन । ··· शिर पनि फुट्नेछ ।'

## ७. भगवान्ले ऋद्धिप्रातिहार्य देखाउनुभयो

३४. "भार्गव ! अनि त्यो परिषद्लाई धार्मिक कथाद्वारा सन्दर्शित, समादपित, समुत्तेजित र सम्प्रहर्षित पारें । त्यो परिषद्लाई सन्दर्शित ··· र सम्प्रहर्षित पारी महाबन्धनबाट विमुक्त गरी, चौरासीहजार प्राणीहरूलाई महाओघबाट उद्धार गरी, तेजोधातु समाधिमा बसी सातवटा तालवृक्षको प्रमाणको उचाइमा गई अर्का सातवटा तालवृक्षको उचाइ माथि ज्वाला निकाली प्रज्वलित भई धुँवा निकाली म महावनको कूटागारशालामा उभिएँ ।

३५. "भार्गव ! अनि सुनक्खत्त लिच्छवीपुत्र मकहाँ आए । मकहाँ आएर मलाई अभिवादन गरी एक छेउमा बसे । भार्गव ! अनि एक छेउमा बसेका सुनक्खत्त लिच्छवीपुत्रसँग मैले यस्तो सोधें – 'सुनक्खत्त ! अचेल पाथिकपुत्रको सम्बन्धमा जुन कुरा मैले बताएँ त्यसको फल त्यस्तै भयो कि अन्यथा भयो त ? यसमा तिमी के भन्छौ त ?'

'भन्ते ! जस्तो तपाईंले अचेल पाथिकपुत्रको सम्बन्धमा मलाई बताउनुभएको थियो त्यस्तै फल भयो अन्यथा भएन ।'

'सुनक्खत्त ! यदि यस्तो हो भने उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाएको हुन्छ कि हुँदैन त ? यसमा तिमी के भन्छौ त ?'

'भन्ते ! यदि यस्तो हो भने उत्तरीय मनुष्य धर्म ऋद्धिप्रातिहार्य देखाएको हुन्छ ···

'हे मोघपुरुष ! यसरी मैले उत्तरीय मनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउँदा पनि तिमी यस्तो भन्छौ–

Downloaded from http://www.dhamma.digital

भगवान्ले मलाई उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउनुहुन्न। हे मोघपुरुष ! यो पनि तिम्रो अपराध हो।'

"भार्गव ! यस्तो भन्दा पनि सुनक्खत्त लिच्छवीपुत्र अपायमा जाने व्यक्ति अपायमा जाने झैं यो धर्मविनयलाई छाडेर नै गए।"

## अग्रज्ञान ज्ञाता तथागत

३६. "भार्गव ! यो अग्र *(श्रेष्ठ)* हो भन्ने पनि म जान्दछु। त्यो अग्र हो भन्ने पनि म जान्दछु। त्यसभन्दा माथि माथिको ज्ञान पनि म जान्दछु। त्यो जानिने ज्ञानलाई पनि म परामर्श गर्दिन। अपरामर्श गरी मैले आफूले मुक्ति *(निब्बुति)* को अनुभव गरें। जुन मुक्तिलाई जान्नाले तथागतलाई कहिल्यै पनि दुःख हुँदैन।

## ईश्वरनिर्माणवाद

३७. "भार्गव ! यहाँ केही श्रमण ब्राह्मणहरू छन् जो ईश्वरकृत, ब्रह्मकृत भन्ने आचार्यवादलाई श्रेष्ठ *(अग्र)* बताउँछन्। उनीहरूकहाँ गई म यस्तो भन्छु – 'साँच्चै हो के तपाईं आयुष्मान्हरू ईश्वरकृत, ब्रह्मकृत भन्ने आचार्यवादलाई श्रेष्ठ बताउनुहुन्छ ?' यस्तो सोध्दा उनीहरूले मलाई 'हो' भनी भन्छन्। उनीहरूलाई म यस्तो भन्छु – 'कसरी तपाईं आयुष्मान्हरू ईश्वरकृत, ब्रह्मकृत भन्ने आचार्यवादलाई श्रेष्ठ भन्नुहुन्छ ?' यस्तो सोध्दा उनीहरूले ठीकसँग भन्न सक्दैनन्। ठीकसँग भन्न नसकेपछि उनीहरू मसँगै सोध्छन्। अनि उनीहरूलाई म *(यसो)* भन्छु –

३८. 'आवुसो ! त्यस्तो समय पनि हुन्छ कि जो कुनै समयपछि, धेरै समयपछि यो लोक प्रलय हुन्छ। प्रलय भएपछि धेरैजसो प्राणीहरू आभास्वर लोकवासी हुन्छन्। तिनीहरू त्यहाँ मनोमय, प्रीतिभक्षी, स्वयंप्रभा, अन्तरीक्षचारी तथा शुभस्थायी हुन्छन् र धेरै समयसम्म रहन्छन्। आवुसो ! त्यस्तो समय पनि आउँछ कि यो कुनै समयपछि, धेरै समयपछि यो लोक विवृत्त *(विवट्ट)* हुन्छ। लोक विवृत्त भएपछि शून्य ब्रह्मविमान प्रादुर्भाव हुन्छ। अनि कुनै आयुक्षय वा पुण्यक्षय भएको सत्त्व प्राणी आभास्वर लोकबाट च्युत भई शून्य ब्रह्मविमानमा उत्पन्न हुन्छ। ऊ त्यहाँ मनोमय, प्रीतिभक्षी, स्वयंप्रभा, अन्तरीक्षचारी तथा शुभस्थायी हुन्छ र धेरै समयसम्म रहन्छ। त्यहाँ धेरै समयसम्म एक्लै रहँदा उसमा अनभिरति हुन्छ त्रास हुन्छ। *(अनि उसले यस्तो सोच्छ)* – 'अहो ! यहाँ अरू प्राणीहरू पनि आए हुन्थ्यो।' अनि अरू पनि आयुक्षय वा पुण्यक्षय भएका प्राणीहरू आभास्वर लोकबाट च्युत भई त्यो प्राणी भएको शून्य ब्रह्मविमानमा उत्पन्न हुन्छन्। उनीहरू पनि त्यहाँ मनोमय, प्रीतिभक्षी, स्वयंप्रभा, अन्तरीक्षचारी तथा शुभस्थायी हुन्छन् र धेरै समयसम्म रहन्छन्।'

३९. 'आवुसो ! त्यहाँ जुन प्राणी पहिले उत्पन्न भयो उसलाई यस्तो लाग्छ – 'म नै ब्रह्मा, महाब्रह्मा, जेष्ठ, अकनिष्ठ, सर्वदर्शी, वशवर्ती *(सबैलाई वशमा राख्ने)*, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, विभाजनकर्ता[५१३], वशी *(स्वामी)*, भूत भविष्यका प्राणीहरूका पिता – मैले यी प्राणीहरूलाई निर्माण गरें। किनभने ? – मलाई नै पहिले यस्तो लागेको थियो – 'अहा ! अरू प्राणीहरू पनि यहाँ आए हुन्थ्यो।' मेरो मनः प्रणिधिद्वारा नै यी प्राणीहरू यहाँ आएका हुन्।'

---

५१३ तिमी क्षत्री हौ, तिमी ब्राह्मण हौ, तिमी वैश्य हौ, शूद्र हौ, गृहस्थी हौ, प्रव्रजित हौ। तँ ऊँट होस्, गाई होस् आदि प्रकारले प्राणीहरूलाई विभाजन गर्नेहुँ भनी ऊ ठान्दछ।

Downloaded from http://www.dhamma.digital

'जो ती प्राणीहरू त्यहाँ पछि उत्पन्न भए उनीहरूलाई पनि यस्तो लाग्छ – 'यी ब्रह्मा, महाब्रह्मा, जेष्ठ, अकनिष्ठ, सर्वदर्शी, वशवर्ती, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, विभाजनकर्ता, वशी, भूत भविष्यका प्राणीहरूका पिता हुन् । यिनै ब्रह्माबाट हामीहरूको निर्माण भएको हो । किनभने ? – यिनैलाई सर्वप्रथम यहाँ उत्पन्न भएको हामीले देख्यौ । हामी पछि उत्पन्न भएका हौं ।'

४० 'आवुसो ! जुन प्राणी त्यहाँ पहिले उत्पन्न भयो ऊ बढी दीर्घायु पनि हुन्छ, बढी वर्णवान् पनि हुन्छ र बढी शक्तिशाली पनि हुन्छ । जुन प्राणीहरू त्यसपछि उत्पन्न भए तिनीहरू कम आयुका हुन्छन् दुर्वर्णी पनि हुन्छन् र कम शक्तिशाली पनि हुन्छन् ।'

'आवुसो ! कुनै प्राणी त्यस लोकबाट च्युत भई यस आत्मभावमा उत्पन्न हुनसक्छ । यसलोकमा आई घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ । घरबार छाडी प्रव्रजित भई आतप्त गरी वीर्य गरी अनुयोग गरी सम्यक् रूपले मनन गरी त्यस प्रकारको समाधि चित्त प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा त्यो पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ । त्यसभन्दा अधिका अनुस्मरण गर्न सक्दैन । अनि ऊ यस्तो भन्छ – 'जो ती ब्रह्मा, महाब्रह्मा, ··· जसले हामीलाई निर्मित गरे उनी नित्य, ध्रुव, शाश्वत, अपरिवर्तनीय, सधैंभरी त्यस्तै रहन्छन् । ती ब्रह्माद्वारा निर्मित भएका हामीहरू अनित्य, अध्रुव, अल्पायुक तथा च्युत हुने स्वभावका हौं । तपाईं आयुष्मान्हरू यसरी ईश्वरकृत ब्रह्मकृत भन्ने आचार्यवादलाई सर्वश्रेष्ठ बताउनुहुन्छ *(होइन ?)* ।'

'आवुसो गौतम ! जस्तो तपाईं आयुष्मान् गौतमले बताउनुभयो त्यस्तै हामीहरूले सुनेकाछौ' भनी उनीहरू भन्दछन् ।

"भार्गव ! अग्रज्ञान पनि म जान्दछु, त्यो अग्र हो भन्ने ज्ञान पनि म जान्दछु । त्यसभन्दा माथिको ज्ञान पनि म जान्दछु । त्यो जानिने ज्ञानलाई म परामर्श[५१४] पनि गर्दिन । अपरामर्श गरी मैले आफैले मुक्तिको अनुभव गरें । जुन मुक्तिलाई जान्नाले तथागतमा दुःख आउँदैन ।

## क्रीडाप्रदूषिक देवता

४१. "भार्गव ! यहाँ केही श्रमण ब्राह्मणहरू छन् जो क्रीडाप्रदूषिक *(खिड्डापदोसिकं)* भन्ने आचार्यवादलाई श्रेष्ठ बताउँछन् । उनीहरूकहाँ गई म यस्तो भन्छु – 'साँच्चै हो के तपाईं आयुष्मान्हरू क्रीडाप्रदूषिक भन्ने आचार्यवादलाई श्रेष्ठ बताउनुहुन्छ ?' यस्तो सोध्दा उनीहरूले मलाई 'हो' भनी भन्छन् । उनीहरूलाई म यस्तो भन्छु – 'कसरी तपाईं आयुष्मान्हरू क्रीडाप्रदूषिक भन्ने आचार्यवादलाई श्रेष्ठ भन्नुहुन्छ ?' यस्तो सोध्दा उनीहरूले ठीकसँग भन्न सक्दैनन् । ठीकसँग भन्न नसकेपछि उनीहरू मसँगै सोध्छन् । अनि उनीहरूलाई म *(यस्तो)* भन्छु –

४२. 'आवुसो ! क्रीडाप्रदूषिक भन्ने देवताहरू छन् । उनीहरू धेरैबेरसम्म हाँसेर क्रीडा गरी बस्छन् । धेरैबेरसम्म हाँसी क्रीडा गरी बस्दा उनीहरूको होस रहन्न । होस नरहँदा ती देवताहरू त्यस कायबाट च्युत हुन्छन् ।'

'आवुसो ! कुनै प्राणी त्यस कायबाट च्युत भई यस आत्मभावमा उत्पन्न हुन सक्छ । यस लोकमा आई घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ ।

५१४ तृष्णा दृष्टि मानले समाति राख्नेलाई 'परामर्श' भनिन्छ ।

Downloaded from http://www.dhamma.digital

घरबार छाडी प्रव्रजित भई आतप्त गरी, त्यसप्रकारको समाधि चित्तमा प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा त्यो पूर्वजन्मका कुराहरू अनुस्मरण[५१५] गर्छ। त्यसभन्दा अधिका कुराहरू अनुस्मरण गर्न सक्दैन। अनि ऊ यस्तो भन्छ – 'जो ती देवताहरू क्रीडाप्रदूषिका हुन्नन् उनीहरू धेरैबेरसम्म हाँसेर क्रीडा गरी बस्दैनन्। हाँसेर क्रीडा नगर्ने तिनीहरूको स्मृति थातमा रहन्छ। स्मृति थातमा रहनाले ती देवताहरू त्यस कायबाट च्युत हुन्नन्। नित्य, ध्रुव, शाश्वत र अपरिवर्तनीय भई सँधैभरी त्यसै रहन्छन्। जो हामीहरू क्रीडाप्रदूषितका भयौं सो हामीहरू धेरैबेरसम्म हाँसेर क्रीडा गरी बस्यौं। धेरैबेरसम्म हाँसेर क्रीडामा लागिरहेका हामीहरूको होस थातमा रहेन। होस थात नरहेको कारणले गर्दा हामीहरू त्यस कायबाट च्युत भई अनित्य, अध्रुव, अल्पायुक तथा च्युत भएर यहाँ आयौं। यसरी तपाईं आयुष्मान्हरू क्रीडाप्रदूषिका भन्ने आचार्यवादलाई श्रेष्ठ भनी भन्नुहुन्छ *(होइन ?)*।'

उनीहरू यस्तो भन्छन् – 'आवुसो गौतम ! जस्तो तपाईं आयुष्मान् गौतमले बताउनुभयो त्यस्तै हामीहरूले सुनेका छौं।'

"भार्गव ! अग्रज्ञान पनि म जान्दछु, ... त्यो जानिने ज्ञानलाई म परामर्श पनि गर्दिन। अपरामर्श गरी मैले आफैले मुक्तिको अनुभव गरें। जुन मुक्तिलाई जान्नाले तथागतमा दुःख आउँदैन।

## मनःप्रदूषिक देवता

४३. "भार्गव ! यहाँ केही श्रमण ब्राह्मणहरू छन् जो मनःप्रदूषिक भन्ने आचार्यवादलाई श्रेष्ठ बताउँदछन्। उनीहरूकहाँ गई म यस्तो भन्छु – 'साँच्चै हो के तपाईं आयुष्मान्हरू मनःप्रदूषिक भन्ने आचार्यवादलाई श्रेष्ठ बताउनुहुन्छ ?' ... [५१६]

४४. 'आवुसो ! मनःप्रदूषिक भन्ने देवताहरू छन्। उनीहरू धेरैबेरसम्म परस्पर चिहाएर हेर्छन्। धेरैबेरसम्म परस्पर चिहाएर हेरिरहँदा उनीहरू परस्पर चित्त बिगार्छन्। परस्पर चिहाएर हेरिरहँदा उनीहरूका काय र चित्त थाक्छन्। अनि ती देवताहरू त्यस कायबाट च्युत हुन्छन्।'

'आवुसो ! कुनै प्राणी त्यस कायबाट च्युत भई यस आत्मभावमा उत्पन्न हुन सक्छ। यस लोकमा आई घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ। घरबार छाडी प्रव्रजित भई आतप्त गरी ... त्यसप्रकारको समाधि चित्तमा प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा त्यो पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ[५१७]। त्यसभन्दा अधिका अनुस्मरण गर्न सक्दैन। अनि ऊ यस्तो भन्छ – 'जो ती देवताहरू मनःप्रदूषिक हुन् उनीहरू धेरैबेरसम्म परस्पर चिहाएर हेर्दैनन्। धेरैबेरसम्म परस्पर चिहाएर नहेर्ने भएकाले परस्पर चित्त विकृति पार्दैनन्। परस्पर चित्त विकृति नपार्नाले काय र मन थाक्दैन। र त्यस कायबाट च्युत हुन्नन्। नित्य ध्रुव शाश्वत अपरिवर्तनीय भई सधैभरी त्यसै रहन्छन्। जो हामीहरू मनःप्रदूषिक भयौ सो हामीहरूले धेरैबेरसम्म परस्पर चिहाएर हेर्‍यौं। धेरैबेरसम्म परस्पर चिहाएर हेरेकाले हामीहरूको चित्त दूषण भयो। परस्पर दूषण चित्त भएकाले सो हामीहरूको काय र चित्त थाकी त्यस कायबाट च्युत भई अनित्य, अध्रुव तथा अल्पायुक भई च्युत भएर यहाँ आयौं। यसरी तपाईं आयुष्मान्हरू मनःप्रदूषिक भन्ने आचार्यवादलाई श्रेष्ठ भन्नुहुन्छ *(होइन ?)*।'

---

५१५ क्रीडाप्रदूषिक देवताहरूसम्मका कुरा अनुस्मरण गर्छ।

५१६ यहाँका बाँकी कुराहरू माथि 'कृडाप्रदूषिक देवता' शीर्षकमा उल्लेख भए जस्तै दोहर्‍याई पढ्नुहोला।

५१७ मनःप्रदूषिक देवतासम्मको कुरा संस्मरण गर्छ।

Downloaded from http://www.dhamma.digital

उनीहरू यस्तो भन्छन् – 'आवुसो गौतम ! जस्तो तपाईं आयुष्मान् गौतमले बताउनुभयो त्यस्तै हामीहरूले सुनेका छौं ।'

"भार्गव ! अग्रज्ञान पनि म जान्दछु ··· त्यो जानिने ज्ञानलाई म परामर्श पनि गर्दिन । अपरामर्श गरी मैले आफैले मुक्तिको अनुभव गरें । जुन मुक्तिलाई जान्नाले तथागतमा दुःख आउँदैन ।

## अधिच्चसमुत्पन्न देवता

४५. "भार्गव ! यहाँ केही श्रमण ब्राह्मणहरू छन् जो अधिच्चसमुत्पन्न *(कुनै हेतुविना आपसे आप उत्पन्न)* भन्ने आचार्यवादलाई श्रेष्ठ बताउँछन् । उनीहरूकहाँ गई म यस्तो भन्छु – 'साँच्चै हो के तपाईं आयुष्मान्हरू अधिच्चसमुत्पन्न भन्ने आचार्यवादलाई श्रेष्ठ बताउनुहुन्छ ? ··· '.

४६ 'आवुसो ! असंज्ञसत्त्व भन्ने देवताहरू छन् । संज्ञा उत्पन्न भएपछि ती देवताहरू त्यस कायबाट च्युत हुन्छन् । आवुसो ! कुनै प्राणी त्यस कायबाट च्युत भई यस आत्मभावमा उत्पन्न हुन्छ । यस लोकमा आई घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ । घरबार छाडी प्रव्रजित भई आतप्त गरी ··· त्यसप्रकारको समाधि चित्तमा प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा त्यो पूर्वजन्मका कुराहरू अनुस्मरण[५१८] गर्छ । त्यसभन्दा अगाडिको अनुस्मरण गर्न सक्दैन । अनि ऊ यस्तो भन्छ – 'यो लोक र आत्मभाव अधिच्चसमुत्पन्न *(कुनै हेतुविना आपसे आप उत्पन्न)* भएको हो । किनभने ? – म पहिले थिइन । अब म भएँ र शान्त र प्रणीत छु । यसरी तपाईं आयुष्मान्हरू अधिच्चसमुत्पन्न भन्ने आचार्यवादलाई श्रेष्ठ भन्नुहुन्छ *(होइन ?)* ।'

उनीहरू यस्तो भन्छन् – 'आवुसो गौतम ! जस्तो तपाईं आयुष्मान् गौतमले बताउनुभयो त्यस्तै हामीहरूले सुनेका छौं ।'

"भार्गव ! अग्रज्ञान पनि म जान्दछु ··· त्यो जानिने ज्ञानलाई म परामर्श पनि गर्दिन । अपरामर्श गरी मैले आफैले मुक्तिको अनुभव गरें । जन मुक्तिलाई जान्नाले तथागतमा दुःख आउँदैन ।

## शुभविमोक्ष ध्यान

४७. "भार्गव ! यस्तोवादी मलाई केही श्रमण ब्राह्मणहरूले यस्तो असत्य, तुच्छ, भूटो, नभएको कुरा भन्दछन् । जस्तै – 'श्रमण गौतम र उनका भिक्षुहरू विपरीत चित्तका छन् ।' श्रमण गौतम यस्तो भन्छन् । 'जुन समयमा शुभविमोक्ष[५१९] *(ध्यान)* प्राप्त गरी बस्छ त्यस समयमा सबैलाई अशुभ भनी *(योगी)* जान्दछ ।'

"भार्गव ! म यस्तो भन्दिन – 'जुन समयमा शुभविमोक्ष *(ध्यान)* प्राप्त गरी बस्छ त्यस समयमा सबैलाई अशुभ भनी *(योगी)* जान्दछ ।' भार्गव ! बरू म यस्तो भन्दछु – 'जुन समयमा शुभविमोक्ष *(ध्यान)* प्राप्त गरी बस्छ त्यस समयमा शुभ भन्ने नै *(योगी)* जान्दछ' ।"

---

५१८ त्यस असंज्ञ देवलोकसम्मका कुरा स्मरण गर्छ ।

५१९ यहाँ 'शुभविमोक्ष' भनेको 'वर्णकसिण'ध्यान हो ।

Downloaded from http://www.dhamma.digital

"भन्ते ! उनीहरू विपरीत विचारका हुन् जो भगवान्लाई र भिक्षुहरूलाई विपरीत कुरा गर्छन् । भन्ते ! म भगवान्प्रति सारै प्रसन्न छु । भगवान्ले मलाई यस्तो धर्मोपदेश गर्न सक्नुहुन्छ जसबाट म शुभविमोक्ष *(ध्यान)* प्राप्त गरी बस्नसकूँ ।"

४८. "भार्गव ! तिमी जस्ता अन्य दृष्टिक *(भिन्न मतानुयायी)* ले, अन्य विश्वासिकले, अन्य विचारधाराकाले, अर्के योग गर्नेले तथा अन्य आचार्य हुनेले शुभविमोक्ष *(ध्यान)* प्राप्त गरी बस्नु कठिन छ । भार्गव ! जुन समाधिको तिम्रो प्रसन्नता हो त्यसलाई तिमीले राम्ररी रक्षा गर ।"

"भन्ते ! यदि म जस्ता अन्य दृष्टिकले, ··· शुभविमोक्ष *(ध्यान)* प्राप्त गरी बस्न कठिन हुन्छ भने जो भगवान्प्रति मेरो प्रसन्नता हो त्यसैलाई राम्ररी रक्षा गर्छु ।"

भगवान्ले यति भन्नुभएपछि भार्गवगोत्रीय परिव्राजकले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

**पाथिक-सुत्त समाप्त ।**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# २. उदुम्बरिक-सुत्त[५२०]

## (औदुम्बरिकसूत्र)

## १. सन्धान गृहपति परिव्राजकाराममा गए

१. यस्तो मैले सुनें । एक समय भगवान् राजगृहस्थित गृद्धकूट पर्वतमा बसिरहनुभएको थियो । त्यस समय निग्रोध *(न्यग्रोध)* परिव्राजक उदुम्बरिकाको परिव्राजकाराममा तीनशय महान परिव्राजकहरूका साथ बसिरहेका थिए । अनि सन्धान गृहपति दिनदिनमै *(मध्यान्ह समयमै)* भगवान्को दर्शन गर्न राजगृहबाट निस्के । अनि सन्धान[५२१] गृहपतिलाई यस्तो लाग्यो – "भगवान्को दर्शन गर्ने समय यो होइन । भगवान् *(अहिले)* ध्यानमा हुनुहुन्छ *(होला)* । अनि मनोभावनीय भिक्षुहरूको दर्शन गर्ने समय पनि यो होइन । मनोभावनीय भिक्षुहरू पनि *(अहिले)* ध्यानमा हुनुहुन्छ *(होला)* । अतः किन म जहाँ उदुम्बरिकाको परिव्राजकाराम हो, जहाँ निग्रोध *(न्यग्रोध)* परिव्राजक हुन् त्यहाँ नजाओ ।" त्यसपछि सन्धान गृहपति जहाँ उदुम्बरिकाको परिव्राजकाराम हो जहाँ निग्रोध परिव्राजक हुन् त्यहाँ गए ।

२. त्यस समय निग्रोध परिव्राजक होहल्ला उच्चशब्द महाशब्द गरी अनेक प्रकारका तिरश्चीन कथा भन्दै बसिरहेको महति परिव्राजक परिषद्को साथ बसिरहेका थिए । जस्तै – राजकथा, चोरकथा, महामात्यकथा, सेनाकथा, भयकथा, युद्धकथा, अन्नकथा, पानकथा, वस्त्रकथा, शयनकथा, मालाकथा, गन्धकथा, ज्ञातिकथा, यानकथा, ग्रामकथा, निगमकथा, नगरकथा, जनपदकथा, स्त्रीकथा, पुरुषकथा, शूरकथा, चौबाटोकथा, पँधेराको कथा, पूर्वप्रेतकथा, नानात्वकथा, लोकाख्यायिककथा, समुद्राख्यायिक कथा, भवकथा तथा विभवकथा आदि ।

३. अनि निग्रोध परिव्राजकले टाढैदेखि सन्धान गृहपति आइरहेको देखे । देखेपछि आफ्नो परिषद्लाई शान्त पारे – "तपाईंहरू निःशब्द हुनुहोस् । तपाईंहरू नकराउनु होस् । श्रमण गौतमका यी श्रावक सन्धान गृहपत्ति आउँदै छन् । राजगृहमा जति श्रमण गौतमका शुद्धजीवी गृही श्रावकहरू छन्

---

५२० सिंहल र रोमनमा 'उदुम्बरिकसीहनादसुत्तं' भनी लेखिएको छ ।

५२१ यी उपासक एक महाप्रभावशाली अनागामी हुन् । पाँचशय उपासकहरूमध्ये यिनी अग्र हुन् । महासभाको बीचमा भगवान्ले यिनको यसरी प्रशंसा गर्नुहुन्थ्यो – "भिक्षु हो ! ६ अङ्गले युक्त हुने यी सन्धान गृहपति तथागतमा निष्ठा राख्छन् र सद्धर्मको बाटोमा हिंड्छन् । कुन ६ भने ? – (१) बुद्धप्रति विशिष्ट प्रसन्नताले *(अवेच्चप्पसादेन)*, (२) धर्मप्रति विशिष्ट प्रसन्नताले, (३) सङ्घप्रति विशिष्ट प्रसन्नताले, (४) आर्य शीलले, (५) आर्य प्रज्ञाले तथा (६) आर्यविमुक्तिले युक्त छन् । भिक्षु हो ! यी नै ६ अङ्गले युक्त भई सन्धान गृहपति तथागतमा निष्ठा राखी सद्धर्मको बाटोमा हिंड्छन् ।

ती गृहपति त्यसदिन बिहानै उपोसथाङ्ग अधिष्ठान गरी पूर्वाण्ह समयमा बुद्धसहित भिक्षुसङ्घलाई दानादि दिई, भिक्षुहरू विहारमा गइसकेपछि घरमा ठूला साना बालकहरूको आवाजबाट दिक्कमानी भगवान् समक्ष धर्मोपदेश सुन्नेछु भन्ने इच्छा गरी घरबाट निस्केका थिए । त्यसैले सूत्रमा 'दिनदिनमै ··· निस्के' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

तीमध्ये यी सन्धान गृहपति एक हुन्[५२२] । यी आयुष्मान्हरू नि:शब्द रुचाउँछन्, नि:शब्दताको वातावरणमा शिक्षित भएका हुन् र नि:शब्दताको वर्णवादी हुन् । अत: सायद नि:शब्द परिषद् जानेर *(देखेर)* यहाँ आउँन सक्छन् ।" यस्तो भन्दा ती परिव्राजकहरू चूपरहे ।

४. अनि सन्धान गृहपति जहाँ निग्रोध परिव्राजक थिए त्यहाँ गए । त्यहाँ पुगेपछि निग्रोध परिव्राजकसँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका सन्धान गृहपतिले निग्रोध परिव्राजकलाई यस्तो भने – "यी अन्य तीर्थीय[५२३] परिव्राजकहरू अर्कै ढङ्गले एकत्रित भई होहल्ला गरी उच्चशब्द र महाशब्द गरी तथा अनेक प्रकारका तिरश्चिन कथा भन्दै बस्दा रहेछन् ··· उहाँ भगवान् चाहि अर्कै ढङ्गले मनुष्यहरूबाट दुर भई अरण्यवनपन्थशयनासनमा बस्नुहुन्छ जहाँ नि:शब्द छ, निर्घोष छ, निर्जन छ, मनुष्यहरूको वायुमण्डलबाट टाढा छ, रहस्यमय कामगर्नको निमित्त योग्य छ र ध्यान गर्नेहरू बस्न योग्य छ[५२४] ।"

५. यस्तो भन्दा निग्रोध परिव्राजकले सन्धान गृहपतिलाई यस्तो भने[५२५] – "हे गृहपति ! जान्दछौ के श्रमण गौतम कोसँग कुरा गर्छन्[५२६], कोसँग साकच्छा गर्छन्, कोसँग प्रज्ञाव्यक्तता देखाउँछन् ? शून्यागारमा बसेका श्रमण गौतमको प्रज्ञा पनि विनाश भइसक्यो[५२७] । परिषद् विना बस्ने[५२८] श्रमण गौतम कुराकानी गर्न पनि असमर्थ छन् । *(प्रश्न सोध्लान् भन्ने डरले)* एकान्त एकान्तमै बस्छन् । जस्तै कानो गाई गाईको जमातबाट दूर भई एक्लै एक्लै हिड्छ त्यस्तै गरी श्रमण गौतमको प्रज्ञा पनि शून्यागारको कारणले गर्दा विनाश भइसक्यो । श्रमण गौतम परिषद् विना एक्लै विचरण गर्छन्, कुराकानी गर्न असमर्थ छन् *(त्यसैले)* उनी एकान्त एकान्तमै बस्छन् । अत: गृहपति ! यदि श्रमण गौतम यो परिषद्मा आएका भए एकै प्रश्नद्वारा उनलाई नाजवाफ पार्ने थियौं र खाली घैंटोलाई घुमाउने झैं घुमाउने थियो[५२९] ।"

---

५२२ सुमङ्गलविलासिनी अनुसार राजगृहमा भगवान्का अनागामी गृही श्रावकहरू पाँचशय (५००) छन् । यिनीहरू प्रत्येकमा पाँच पाँचशय परिवारहरू छन् । यिनीहरूमध्ये यी सन्धान गृहपति पनि एक हुन् भनी भनिएको हो ।

५२३ आकारप्रकार, चालचलन तथा वस्त्र पहिराई आदि कारणहरू भिक्षुहरू भन्दा फरक देखिने भएकोले 'अन्यतीर्थीय' भनी भनिएको हो ।

५२४ 'अहो ! मेरा शास्ता यस्तो निर्जन एकान्त शयनासनमा बस्नुहुन्छ !' भन्दै दुईहात जोरी नमस्कार गरी उपरोक्त उद्गार प्रकट गर्दै सन्धान गृहपति एक छेउमा बसे ।

५२५ उपरोक्तकारले सन्धान गृहपतिले बुद्धको बयान सुनाएको सहन नसकी ईर्ष्याको कारणले बुद्धलाई अवहेलना गर्नेछु भन्ने विचार राखी निरोध परिव्राजकले अगाडिका कुरा भनेका हुन् ।

५२६ यस वाक्यद्वारा भन्न खोजेको के हो भने – "उनी कुनैसँग छलफल गर्दैनन्, कुनै पुरुष उनीकहाँ कुरा गर्न जाँदैन । कुनै मानिसहरू गएर कुराकानी गरेको होहल्ला वा उच्चशब्द महाशब्द हुने थियो । त्यस्तो कुनै कारण नै छैन भने कहाँबाट होहल्ला हुने ?" भन्ने तर्क पेश गरेका हुन् ।

५२७ भनाईको तात्पर्य हो – श्रमण गौतमले बोधिवृक्षमुनि केही प्रज्ञा हासिल गरेका थिए तर शून्यागारमा एक्लै बस्नाको कारणबाट त्यो प्रज्ञा पनि विनाश भइसक्यो । यदि हामीहरू जस्तै गणसंगणिकाराम गरी बसेका भए उनको त्यो प्रज्ञा विनाश हुने थिएन भनी भनिएको हो भनी सुमं. वि. II. पृ. ६०४:उदुम्बरिकसुत्तवण्णनाले लेखेको छ ।

५२८ अविशारद भएकोले परिषद् विना बस्ने गरेका हुन् भन्ने विचारले यसो भनेका हुन् ।

५२९ खाली घैंटोलाई घुमाउन जति सजिलो हुन्छ त्यति भरिएको घैंटो घुमाउन सजिलो हुन्न । यस उपमाद्वारा श्रमण गौतमलाई प्रज्ञा विहीन ठानी खाली घैंटो जस्तै देखाएका हुन् ।

यसरी शास्ताको सुवर्णवर्ण ललाटलाई दोष लगाएर भगवान्को पछाडि आफ्नो मन देखाउँदै – चण्डालपुत्रले असम्भिन्न क्षत्री कुमारलाई जातिवादले होच्याउँने जस्तै, निर्भीक केशरसिंहको बलसँग जड सिंगालले आफ्नो बल दाँज्ने जस्तै – अनेक प्रकारको तुच्छ गर्जन गर्दै परिव्राजक गर्जन थाले ।

अनि उपासकले पनि सोच्न थाले कि यी परिव्राजक खूब गर्जिदैं छन् । अवीचिको स्पर्श गर्नको निमित्त भवाग्र समात्नको निमित्त हात पसारे झैं निरर्थक कोशिस गर्दैछन् । यदि मेरा शास्ता यहाँ आउनुभएमा यी परिव्राजकको

Downloaded from http://www.dhamma.digital

# २. भगवान् परिव्राजकाराममा पुग्नुभयो

६. अनि भगवान्ले विशुद्ध अलौकिक दिव्यस्रोतधातुद्वारा सन्धान गृहपति र निग्रोध परिव्राजकको बीच भईरहेको यो कुरालाई सुन्नुभयो । त्यसपछि गृद्धकूट पर्वतबाट ओर्ल्ही जहाँ सुमागधा[५३०] *(पोखरी)* को तीरको मोरनिवाप[५३१] हो त्यहाँ भगवान् जानुभयो । त्यहाँ पुगेपछि सुमागधा *(पोखरी)* को तीरको मोरनिवापको खुला ठाउँमा चंक्रमण गर्नुभयो । अनि निग्रोध परिव्राजकले सुमागधाको तीरको मोरनिवापको खुला ठाउँमा चंक्रमण गरिरहनुभएका भगवान्लाई देखे । देखेपछि आफ्नो परिषद्लाई शान्त पारे – "तपाईंहरू शान्त हुनु होस् । तपाईंहरू नकराउनु होस् । उहाँ श्रमण गौतम सुमागधाको तीरको मोरनिवापको खुला ठाउँमा चंक्रमण गर्दै हुनुहुन्छ । आयुष्मान् निःशब्द रुचाउनुहुन्छ र निशब्दताको वर्णवादी हुनुहुन्छ । सायद निःशब्द परिषद् जानेर *(देखेर)* यहाँ आउन सक्नुहुन्छ । यदि श्रमण गौतम यो परिषद्मा आउनुभयो भने यो प्रश्न सोध्नेछौं[५३२] – 'भन्ते ! कुन चाहि त्यो भगवान्को धर्म हो जसद्वारा भगवान्ले *(आफ्ना)* श्रावकहरूलाई विनीत पार्नु हुन्छ र जसद्वारा भगवान्का श्रावकहरू विनीत भई आश्वस्त भई आदिब्रह्मचर्य[५३३] को अभिप्रायलाई जान्दछन्' ?" यस्तो भन्दा ती परिव्राजकहरू चूप लागे ।

७. अनि भगवान् जहाँ निग्रोध परिव्राजक थिए त्यहाँ जानुभयो । अनि निग्रोध परिव्राजकले भगवान्लाई यस्तो भने – "भन्ते भगवान् ! आउनुहोस् । भन्ते ! भगवान्को स्वागत छ । भन्ते ! भगवान्ले धेरैदिन पछि यहाँ आउने काम गर्नुभयो । भन्ते भगवान् ! बस्नुहोस् । यो आसन बिच्छ्याइराखेको छ ।" भगवान् बिच्छ्याइराखेको आसनमा बस्नुभयो । निग्रोध परिव्राजक पनि एक होचो आसन लिई एक छेउमा बसे । एक छेउमा बसेका निग्रोध परिव्राजकसँग भगवान्ले यसो भन्नुभयो – "निग्रोध ! के कुरा गरी यहाँ बसिरहेका छौ ? बीचमा कुरा किन रोकिन गयो[५३४] ?" यसो भन्नुहुँदा निग्रोध परिव्राजकले भगवान्लाई यस्तो भने –

"भन्ते ! यहाँ हामीले भगवान्लाई सुमागधा *(पोखरी)* को तीरको मोरनिवापको खुला ठाउँमा चंक्रमण गरिरहनुभएको देख्यौं । देखेपछि यस्तो भन्यौ – 'यदि श्रमण गौतम यो परिषद्मा आउनुभयो भने यो प्रश्न सोध्नेछौ – भन्ते ! कुन चाहिं त्यो भगवान्को धर्म हो जसद्वारा भगवान्ले *(आफ्ना)* श्रावकहरूलाई विनीत पार्नु हुन्छ र जसद्वारा भगवान्का श्रावकहरू विनीत भई आश्वस्त भई आदिब्रह्मचर्यको अभिप्रायलाई जान्दछन् ?' भन्ते ! हामीहरूको बीच यही कुरा चलिरहेको थियो अनि भगवान् आइपुग्नुभयो ।"

---

भवाग्रसम्म उठेको मानअहंकारको ध्वजा खसाल्नुहुन्थ्यो । अनि यिनीहरूका बीच भइरहेको कुरा भगवान्ले दिव्यश्रोतधातुद्वारा सुन्नुभयो । त्यसैले सूत्रको अगाडि – 'भगवान्ले विशुद्ध अलौकिक दिव्यश्रोतधातुद्वारा ··· यो कुरा सुन्नुभयो' भनी उल्लेख गरिएको हो ।

५३० यस्तो नामको पोखरी । परापूर्वकालमा जुन पोखरीको पद्मफूलको नलबाट असुर भवनमा गएका सैन्यहरूको दृश्य पोखरीको किनारमा बसी लोकविषय चिन्तन गरिरहेका एक पुरुषले देखेको थियो ।

५३१ 'मोरनिवाप' भनी मयूरहरूलाई अभयदानका साथ खानादिने ठाउँलाई भनिएको हो ।

५३२ उनले सोचेकि श्रमण गौतम धेरै कुरा गर्नुहुन्न । अतः यदि उहाँ यतातिर आएको खण्डमा म नै कुरा उठाउनेछु भन्ने सोचेर यस्तो भनेका हुन् ।

५३३ 'आदिब्रह्मचर्य' भनी पुरानो ब्रह्मचर्यमा गणना हुने आर्यमार्गलाई भनिएको हो ।

५३४ भनाईको मतलब हो – म आएकोले के कुरा बीचैमा रोकिनगयो यसपछि भगवान्ले 'टुँगो नलागेको कुरा मलाई भन म टुंगो लगाईदिनेछु' भनी सर्वज्ञ प्रवारणद्वारा प्रवारण गर्नुभयो भनी सुमं. वि. II. पृ.६०५ : उदुम्बरिकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

८. "निग्रोध ! तिमी *(जस्ता)* अन्यदृष्टिकले, अन्य सिद्धान्त हुनेले, अन्य रुचि राख्नेले, अन्य भक्तिकले र अन्य आचार्य हुनेले यो कुरा बुझ्नु गाह्रो छ[५३५] – जसद्वारा मैले श्रावकहरूलाई विनीत गर्छु र जसद्वारा विनीत भई मेरा श्रावकहरू आश्वस्त भई आदिब्रह्मचर्यको अभिप्रायलाई जान्दछन् । निग्रोध ! बरू तिमीले मसँग आफ्नै आचार्यहरूको अधि जुगुप्साबारे[५३६] प्रश्न सोध – "भन्ते ! कस्तो भएमा तपजुगुप्सा परिपूर्ण[५३७] हुन्छ र कस्तो भएमा अपरिपूर्ण हुन्छ ?" यसो भन्नुहुँदा ती परिव्राजकहरूले होहल्ला गरी उच्चशब्द महाशब्द गर्न थाले – "भो ! साँच्चैकै आश्चर्य हो ! साँच्चै अद्भुत हो ! श्रमण गौतमको *(कस्तो)* महर्द्धिकता ! र *(कस्तो)* महानुभावता ! जहाँ कि आफ्नो वादलाई थातिराखी परवादलाई बताउनेछु भनी भन्नुहुन्छ ।"

## ३. निग्रोध परिव्राजकको प्रश्न

९. अनि निग्रोध परिव्राजकले ती परिव्राजकहरूलाई निःशब्द पारी भगवान्‌लाई यसो भने – "भन्ते ! हामी तपजुगुप्सावादी हौं, तपजुगुप्सालाई सार मान्ने हौं[५३८] र तपजुगुप्सामा लीन भई बस्ने हौं । भन्ते ! कस्तो भएमा तपजुगुप्सा परिपूर्ण हुन्छ र कस्तो भएमा अपरिपूर्ण हुन्छ त ?"

"निग्रोध ! यहाँ तपस्वी अचेलक *(नाङ्गो)* हुनु मुक्ताचार हुनु हात चाटेर खानु ... [५३९] निम्तो पनि स्वीकार नगर्ने हुन्छ ।"

"उनले ध्याम्पाबाट दिएको लिँदैन, ...[५३६] सर्वत पनि लिँदैन । ऊ एकैं घरमा भिक्षा लिन्छ वा एकै गाँस मात्र खान्छ, ...[५३६] आधा महिनाको एकपल्ट मात्र खाएर पनि विहार गर्छ । ऊ साग खाने वा चामल खाने हुन्छ, ... [५४०] वनमूलफल खाने वा खसेको फल खाने भई यापन गर्छ । ऊ सनको वस्त्र पनि लगाउँछ । ऊ केश दाह्री लुंछाउने हुन्छ, ...[५४१] काँढाहरूमा सुत्ने काममा लागेको हुन्छ; फलेकमा सुत्छ, भुइमा सुत्छ, एउटै कोल्टो मात्र सुत्छ, *(शरीरमा)* धूलो लगाएर बस्छ, खुला ठाउँमा बस्छ र जहाँपायो त्यहाँ बस्छ; गुहु खान्छ र गुहु जस्तै मलीन अरू खाना खानेमा लागेको हुन्छ । *(चिसो)* पानी पिउँदैन, पानी नपिउने काममा लागेको हुन्छ र सन्ध्या समयसम्ममा तीन पटक पानीमा बस्छ । निग्रोध ! यदि यस्तो भएमा तपजुगुप्सा हुन्छ वा अपरिपूर्ण हुन्छ ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! यस्तो भएमा अवश्य पनि तपजुगुप्सा परिपूर्ण हुन्छ र अपरिपूर्ण हुन्न ।"

---

५३५ परिव्राजकको कुरा सुनी भगवान्‌ले यस्तो सोच्नुभयो – "मैले श्रावकहरूलाई देशना गर्ने धर्म र उनीहरूले परिपालन गर्नुपर्ने प्रतिपदाको सम्बन्धमा यी परिब्राजकले कुरा सोध्दछन् । यदि उनलाई त्यस सम्बन्धी शुरुदेखि कुरा भनूँ भने उनले यो कुरा बुझ्नसक्ने छैनन् । यिनी चाहिं बलवीर्यद्वारा पापजुगुप्सा गर्ने वादी हुन् । अतः यिनीहरूकै विषयसम्बन्धी प्रश्न सोध्न लगाई भिन्नाभिन्नै श्रमण ब्राह्मणहरूको सिद्धान्तको निरर्थकताको बारेमा कुरा बताई अन्त्यमा यो प्रश्नको उत्तर बताउनेछु ।" त्यसैले सूत्रमा 'यो कुरा बुझ्न गाह्रो छ' भनी उल्लेख भएको हो ।

५३६ 'बलवीर्यद्वारा पापको जुगुप्सा गर्ने र पाप हटाउने' भनिएको हो ।

५३७ यहाँ 'परिपूर्ण' भनेका परिशुद्धता र 'अपरिपूर्ण' भनेको अपरिशुद्धतालाई भनिएको हो ।

५३८ 'तपजुगुप्सा' आदिको मतलब हो – हामी तपजुगुप्सावादी हौं, मनले पनि त्यसैलाई सार हो भनी ग्रहण गर्दछौं र शरीरले पनि त्यसैमा लागि नानाप्रकारले आफूलाई तापदिने काममा संलग्न भई बस्दछौं भनी भनिएको हो ।

५३९ यहाँका ठाउँ ठाउँका बाँकी कुराहरू माथि १३१ मा लेखे अनुसार पढ्नुहोला ।

५४० यहाँका ठाउँ ठाउँका बाँकी कुराहरू माथि १३१ मा लेखे अनुसार पढ्नुहोला ।

५४१ यहाँका ठाउँ ठाउँका बाँकी कुराहरू माथि १३२ मा लेखे अनुसार पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

"निग्रोध ! यसरी परिपूर्ण भएको तपजुगुप्सामा पनि अनेक प्रकारका क्लेशहरू *(कसरहरू)* हुन्छन् भनी म भन्दछु ।"

## ४. तपजुगुप्साका उपक्लेशहरू

१०. "भन्ते ! अनि कसरी भगवान्ले यसरी परिपूर्ण भएको तपजुगुप्साको *(तपोजिगुच्छाय)* उपक्लेशहरू बताउनुहुन्छ नि ?"

क. (१) "निग्रोध ! यहाँ तपस्वीले तपस्या गर्छ । ऊ त्यो तपस्याद्वारा सन्तुष्ट हुन्छ[५४२] र संकल्प परिपूर्ण[५४३] भएको ठान्दछ । निग्रोध ! जो तपस्वी तपस्या गर्छ र जुन त्यो तपस्याद्वारा सन्तुष्ट हुन्छ र सङ्कल्प परिपूर्ण भएको ठान्दछ – निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।"

११.ख.(२) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । ऊ त्यो तपस्याद्वारा आफूलाई उच्च र अर्कालाई नीच ठान्दछ । निग्रोध ! जो तपस्वी तपस्या गर्छ र जुन त्यो तपस्याद्वारा आफूलाई उच्च र अरुलाई नीच ठान्दछ – निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।"

ग. (३) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । ऊ त्यो तपस्याद्वारा मान गर्छ, मूर्छित र बेहोस हुन्छ[५४४] । निग्रोध ! जो तपस्वी तपस्या गर्छ र जुन तपस्याद्वारा मान गर्छ, मूर्छित हुन्छ र बेहोस हुन्छ – निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।"

क. (४) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । ऊ त्यो तपस्याद्वारा लाभसत्कार र यशकीर्ति लाभी हुन्छ । ऊ त्यो लाभसत्कार र यशकीर्तिद्वारा सन्तुष्ट हुन्छ र सङ्कल्प परिपूर्ण भएको ठान्दछ । निग्रोध ! जो तपस्वी तपस्या गर्छ र जुन तपस्याद्वारा लाभसत्कार र यशकीर्ति लाभी हुन्छ र जुन लाभसत्कार र यशकीर्तिद्वारा सन्तुष्ट हुन्छ तथा सङ्कल्प परिपूर्ण भएको ठान्दछ – निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।"

ख. (५) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । ऊ त्यो तपस्याद्वारा लाभसत्कार र यशकीर्ति लाभी हुन्छ । ऊ त्यो लाभसत्कार र यशकीर्तिद्वारा आफुलाई उच्च र अर्कालाई नीच ठान्दछ । निग्रोध ! जो तपस्वी तपस्या गर्छ र जुन तपस्याद्वारा लाभसत्कार र यशकीर्ति लाभी हुन्छ र जुन लाभसत्कार यशकीर्तिद्वारा आफूलाई उच्च र अर्कालाई नीच ठान्दछ – निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।"

ग. (६) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । ऊ त्यो तपस्याद्वारा लाभसत्कार र यशकीर्ति लाभी हुन्छ । ऊ त्यो लाभसत्कार र यशकीर्तिद्वारा मान गर्छ, मूर्छित हुन्छ र बेहोस हुन्छ । निग्रोध ! जो तपस्वी गर्छ र जुन तपस्याद्वारा मान गर्छ, मूर्छित हुन्छ र बेहोस हुन्छ – निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।"

---

५४२ म जस्तो अरू को तपस्यामा पूर्ण छ र भनी सन्तुष्ट हुन्छ ।

५४३ यत्तिकै पर्याप्य छ । यो भन्दा बढ्ता अरू गर्नुपर्ने छैन भन्नेजस्तो ठानी त्यत्तिकैमा गर्नुपर्ने जम्मै गरिसकेको जस्तो मानी 'संकल्प परिपूर्ण' भएको ठान्दछ भनिएको हो ।

५४४ 'यही नै सार हो' भन्नेजस्तो सोची प्रमादी हुन्छ । बुद्धशासनमा प्रव्रजित हुने कुनै-कुनै भिक्षुहरू धुतङ्गशुद्धिक हुन्छन् र ध्यानशुद्धिक हुँदैनन् । धुतङ्गशीललाई नै 'यही सार हो' भनी सोच्ने पनि छन् अर्थात् धुतङ्गशील पालन गर्दैमा अरहत्व लाभ हुन्छ भनी विश्वास गर्ने पनि छन् भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

(७) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । भोजनको विषयमा उसलाई दुविधा हुन्छ – 'यो मलाई मनपर्छ र यो मलाई मनपर्दैन ।' अनि उसले जुन *(खाना)* मन नपर्ने हो त्यसलाई इच्छा भैकन पनि छाड्छ[५४५] र जुन *(खाना)* मनपर्ने हो त्यो *(खाना)* लोभी भई, मूर्छित भई, त्यसैमा अल्भिई, अवगुणलाई नदेख्ने र मुक्तिलाई नजान्ने भई[५४६] *(अनिस्सरणोपञ्ञो)* खूप खान्छ । ··· निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।"

(८) "निग्रोध ! फेरि तपस्वीले 'राजाहरूले राजमहामात्यहरूले, क्षत्रीहरूले, ब्राह्मणहरूले तथा गृहपतिहरूले सत्कार गर्नेछन्' भनी लाभसत्कार र यशकीर्तिको आशा लिई तपस्या गर्छ । ··· निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।"

(९) "निग्रोध ! फेरि तपस्वी – 'कस्तो हो यो सम्बहुलजीवी आफुलाई श्रमण भनी मूलबीज, स्कन्धबीज, फलबीज, अग्रबीच, पाँचौं बीजबीज समेत सबै खान्छ र दाँतहरू पनि असनिचक्र जस्ता छन्' भनी कुनै एक श्रमण वा ब्राह्मणलाई अप्रसन्न पार्ने हुन्छ । ··· निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।"

(१०) "निग्रोध ! फेरि तपस्वीले कुनै एक श्रमण वा ब्राह्मणलाई कुलहरूमा सत्कार गरेको, गौरव गरेको, मान गरेको तथा पूजा गरेको देख्छ । देखेर उसको मनमा यस्तो हुन्छ – 'यस्ता सम्बहुलजीवीलाई कुलहरूमा सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् र पूजा गर्छन् तर यस्तो रुक्षजीवी मलाई भने कुलहरूमा सत्कार गर्दैनन्, गौरव गर्दैन, मान गर्दैनन् र पूजा पनि गर्दैनन् ।' यसरी ऊ कुलगृहमाथि ईर्ष्या मात्सर्य उत्पन्न गर्ने हुन्छ । ··· निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।"

(११) "निग्रोध ! फेरि तपस्वी मानिसहरू आउने जाने ठाउँमा बस्छ[५४७] । ··· निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।"

(१२) "निग्रोध ! फेरि तपस्वी आफ्नो गुण देखाउँदै कुलहरूमा विचरण गर्छ – 'यो मेरो तपस्या हो, यो मेरो तपस्या हो ।' ··· निग्रोध ! यो पनि तपस्याको उपक्लेश हो ।"

(१३) "निग्रोध ! फेरि तपस्वीले कुनै काम नदेखिने गरी गर्छ । *(कसैले उसँग)* 'यो तिमी रुचाउँछौ ?' भनी सोध्दा नरुचाएता पनि 'रुचाउँछु' भनी भन्छ र रुचाएर पनि 'रुचाउँदिन' भनी भन्छ । यसरी ऊ जानी जानी भूठो बोल्ने हुन्छ । ··· निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।

(१४) "निग्रोध ! फेरि तपस्वीले धर्मोपदेश गरिरहेका तथागत वा तथागतका श्रावकको उपदेशलाई अनुमोदन गर्न योग्य भएर पनि अनुमोदन गर्दैन । ··· निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।"

---

५४५ यहाँ 'इच्छा भैकन पनि छाड्छ' को स्पष्टिकरण दिँदै अट्ठकथाले यसरी लेखेको छ ।

कसरी इच्छा भैकन पनि छाड्छ भने – भनौं कि उसले बिहानै क्षीर भोजन गरिसकेको हुन्छ । अनि पछि मांस भोजन प्राप्त हुन्छ । अनि उसलाई यस्तो हुन्छ – यस्तो मांस भोजन कहिले पाउनु । यदि अघि नै थाहा पाएको भए बिहानै क्षीर भोजन गर्ने थिइन होला । अब के गरुँ ! भइहाल्यो तिमीले नै खाऊ भनी आशा राखेर परित्याग गर्छ ।

५४६ भोजन विषयमा मात्राज्ञान मात्रमा पनि अनभिज्ञ भई खान्छ भनी भनिएको हो ।

५४७ 'मानिसहरू आउने जाने ठाउँमा बस्छ' भनेको मानिसहरू आवत जावत गर्ने ठाउँमा मानिसहरूले देख्नेगरी बस्छ र मानिसहरूले देख्दा प्रियंकर रूपले यताउता डुल्छ । पञ्चतापले तप्त गर्छ । एउटा खुट्टाले टेकेर उभिइ रहन्छ । सूर्यलाई नमस्कार गर्छ ।

बुद्धशासनमा प्रव्रजित भएकाले चाहिं धुतङ्गशील समादान गरी रातभर सुती मनुष्यहरूले देख्नेगरी तपस्या गर्छ । सन्ध्या समयमा चीवरको कुटी बनाउँछ । सूर्योदय भएपछि चीवर भिक्छ । मानिसहरूलाई देखेपछि चीवर टक्याटक्याई शिरमा चीवर राखी चंक्रमण स्थलमा जान्छ । कुचो लिएर मानिसहरूले देख्ने गरी विहारको आँगन बढार्छ ।

Downloaded from http://www.dhamma.digital

(१५) "निग्रोध ! फेरि तपस्वी क्रोधी हुन्छ र वैरभाव राख्छ । निग्रोध ! जो त्यो तपस्वी क्रोधी र वैरी हुन्छ – निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।"

(१६) "निग्रोध ! फेरि तपस्वी कृतघ्नी हुन्छ, पलासी *(डाह गर्ने)* हुन्छ, ईर्ष्यालु हुन्छ, कंजूस हुन्छ, सठ हुन्छ, मायावी हुन्छ, निष्ठूर घमण्डी हुन्छ, खराब विचार राख्ने हुन्छ, खराब विचारको वशमा रहने हुन्छ, मिथ्यादृष्टिक[५४८] हुन्छ, उच्छेददृष्टिले युक्त हुन्छ र आफ्नै दृष्टि *(मत)* लाई लिई त्यसैमा हठ गरी जिद्दी गर्ने हुन्छ । निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।"

"निग्रोध ! यी तपजुगुप्सा *(तपोजिगुच्छा)* उपक्लेश हुन् वा उपक्लेश होइनन् त ? यसमा तिमी के भन्दछौ त ?"

१२. "भन्ते ! अवश्य पनि यी तपजुगुप्साहरू उपक्लेशक हुन्, अनुपक्ले होइनन् । भन्ते ! यहाँ सबैका सबै तपस्वीहरू यी सबै उपक्लेशहरूले युक्त हुनसक्छन्, एक दुई जनाको के कुरा ।"

## ५. परिशुद्ध तपस्या

१३. (१) "निग्रोध ! यहाँ तपस्वी तपस्या गर्छ । ऊ त्यो तपस्याद्वारा सन्तुष्ट हुन्न, सङ्कल्प परिपूर्ण भएको ठान्दैन । निग्रोध ! जो तपस्वी तपस्या गर्छ र त्यो तपस्याद्वारा सन्तुष्ट हुन्न र सङ्कल्प परिपूर्ण भएको ठान्दैन – यसरी ऊ त्यही कारणबाट परिशुद्ध हुन्छ[५४९] ।

(२) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । ऊ त्यो तपस्याद्वारा आफूलाई उच्च र अर्कालाई नीच ठान्दैन । ··· यसरी ऊ त्यही कारणबाट परिशुद्ध हुन्छ ।

(३) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । ऊ त्यो तपस्याद्वारा मान गर्दैन, मूर्छित हुन्न र बेहोस हुन्न । ··· यसरी ऊ त्यही कारणबाट परिशुद्ध हुन्छ ।

(४) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । ऊ त्यो तपस्याद्वारा लाभसत्कार र यशकीर्ति लाभी हुन्छ । ऊ त्यो लाभसत्कार र यशकीर्तिद्वारा सन्तुष्ट हुन्न र सङ्कल्प परिपूर्ण भएको ठान्दैन । ··· यसरी ऊ त्यही कारणबाट परिशुद्ध हुन्छ ।

(५) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । ऊ त्यो तपस्याद्वारा लाभसत्कार र यशकीर्तिद्वारा आफुलाई उच्च र अर्कालाई नीच ठान्दैन । ··· यसरी ऊ त्यही कारणबाट परिशुद्ध हुन्छ ।

(६) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । ऊ त्यो तपस्याद्वारा लाभसत्कार र यशकीर्ति लाभी हुन्छ । ऊ त्यो लाभ सत्कार र यशकीर्तिद्वारा मान गर्दैन, मूर्छित हुन्न र बेहोस हुन्न । ··· यसरी ऊ त्यो कारणबाट परिशुद्ध शुन्छ ।"

(७) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । भोजनको विषयमा उसलाई 'यो मलाई मनपर्छ र यो मलाई मन पर्दैन' भन्ने दुविधा हुन्न । अनि जुन उसलाई मन नपर्ने हो त्यसलाई अनपेक्षी भई छाड्छ र जुन मनपर्छ त्यो निर्लोभी भई, अमूर्छित भई, त्यसैमा नअल्झिई, अपगुणलाई देख्ने भई तथा मुक्तिलाई जान्ने भई खान्छ । ··· यसरी ऊ त्यही कारणबाट परिशुद्ध हुन्छ ।

---

५४८ यहाँ मिथ्यादृष्टिक भनी दानादिको छैन भन्ने दृष्टिलाई भनिएको हो ।

५४९ भनाइको मतलब यो हो कि – जुन कारणद्वारा परिपूर्ण भनी ठान्दा अपरिशुद्ध हुने हो त्यस्तो हुँदैन भनिएको हो । अनि उत्तरोत्तर कोशिस गरी अहरत् पनि हुनसक्छ ।

Downloaded from http://www.dhamma.digital

(८) "निग्रोध ! फेरि तपस्वीले 'राजाहरूले, राजमहामात्यहरूले, क्षत्रीहरूले, ब्राह्मणहरूले तथा गृहपतिहरूले सत्कार गर्नेछन्' भन्ने लाभसत्कार र यशकीर्तिको आशा लिई तपस्या गर्दैन । ··· यसरी ऊ त्यही कारणबाट परिशुद्ध हुन्छ ।

(९) "निग्रोध ! फेरि तपस्वी – 'कस्तो हो यो सम्बहुलजीवी आफूलाई श्रमण भनी मूलबीज, स्कन्धबीज, फलबीज, अग्रबीज र पाँचौ बीजबीज समेत सबै खान्छ र दाँतहरू पनि असनिचक्र जस्ता छन्' भनी कुनै एक श्रमण वा ब्राह्मणलाई अप्रसन्न पार्ने हुन्न । ··· यसरी ऊ त्यही कारणबाट परिशुद्ध हुन्छ ।

(१०) "निग्रोध ! फेरि तपस्वीले कुनै एक ब्राह्मण वा श्रमणलाई कुलहरूमा सत्कार गरेको, गौरव गरेको, मान गरेको तथा पूजा गरेको देख्दछ । देखेर उसको मनमा यस्तो हुन्न – 'यस्ता सम्बहुलजीवीलाई कुलहरूमा सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् र पूजा गर्छन् । तर यस्तो रुक्षजीवी मलाई भने कुलहरूमा सत्कार गर्दैनन्, गौरव गर्दैनन्, मान गर्दैनन् र पूजा गर्दैनन् ।' यसरी ऊ कुलगृहमाथि ईर्ष्या र मात्सर्य उत्पन्न गर्ने हुन्न । ··· यसरी ऊ त्यही कारणबाट परिशुद्ध हुन्छ ।"

(११) "निग्रोध ! फेरि तपस्वी मानिसहरू आउने जाने ठाउँमा बस्दैन । ··· यसरी ऊ त्यही कारणबाट परिशुद्ध हुन्छ ।"

(१२) "निग्रोध ! फेरि तपस्वी आफ्नो गुण देखाउँदै कुलहरूमा विचरण गर्दैन – 'यो मेरो तपस्या हो, यो मेरो तपस्या हो ।' ··· यसरी ऊ त्यही कारणबाट परिशुद्ध हुन्छ ।"

(१३) "निग्रोध ! फेरि तपस्वीले कुनै काम नदेखिने गरी गर्दैन । *(कसैले उसँग)* 'यो तिमी रुचाउँछौ ?' भनी सोध्दा नरुचाएकोलाई 'रुचाउँदिन' र रुचाएकोलाई 'रुचाउँछु' भनी भन्छ । ··· यसरी ऊ त्यही कारणबाट परिशुद्ध हुन्छ ।"

(१४) "निग्रोध ! फेरि तपस्वीले धर्मोपदेश गरिरहेका तथागत वा तथागत श्रावकको उपदेशलाई अनुमोदन गर्न योग्यलाई अनुमोदन गर्छ । ··· यसरी ऊ त्यही कारणबाट परिशुद्ध हुन्छ ।"

(१५) "निग्रोध ! फेरि तपस्वी क्रोधी हुन्न र वैरभाव राख्दैन । ··· यसरी ऊ त्यही कारणबाट परिशुद्ध हुन्छ ।"

(१६) "निग्रोध ! फेरि तपस्वी कृतघ्नी हुन्न, पलासी *(डाह गर्ने)* हुन्न, ईर्ष्यालु हुन्न, कंजूस हुन्न, सठ हुन्न, मायावी हुन्न, निर्दयी हुन्न, घमण्डी हुन्न, खराब उच्छेददृष्टिले युक्त हुन्न र आफ्नै दृष्टि *(मत)* लाई अँगाली त्यसैमा हठ गरी जिद्दी गर्ने हुन्न । ··· यसरी ऊ त्यही कारणबाट परिशुद्ध हुन्छ ।"

१४. "निग्रोध ! यदि यस्तो भएमा तपजुगुप्सा परिशुद्ध हुन्छ वा अपरिशुद्ध – यसमा तिमी के भन्दछौ ?"

"भन्ते ! यदि यस्तो भएमा अवश्य पनि तपजुगुप्सा परिशुद्ध हुन्छ, अपरिशुद्ध हुन्न, अग्रत्व प्राप्त र सारत्व प्राप्त पनि हुन्छ ।"

"निग्रोध ! यत्तिकैमा तपजुगुप्सा अग्रत्व प्राप्त पनि हुन्न सारत्व प्राप्त पनि । यो त *(वृक्षको)* बोक्रा पाए जस्तै हो ।"

Downloaded from http://www.dhamma.digital

# ६. अग्रत्व प्राप्त तपजुगुप्सा

१५. "भन्ते ! कतिसम्ममा अथवा कस्तो भएमा तपजुगुप्सा अग्रत्व प्राप्त र सारत्व प्राप्त हुन्छ ? भन्ते ! भगवान्ले तपजुगुप्सालाई अग्रत्वमा र सारत्वमा पुऱ्याउनुभए बेश हुने थियो ।"

"निग्रोध ! यहाँ तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ । निग्रोध ! कसरी तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ भने – (१) निग्रोध यहाँ तपस्वीले प्राणीहिंसा गर्दैन, प्राणीहिंसा गराउँदैन र प्राणीहिंसा गर्नेलाई अनुमति पनि दिँदैन । (२) अदिन्नादान *(चोरी)* लिँदैन, अदिन्नादान लिन लगाउन्न र अदिन्नादान लिनेलाई अनुमति पनि दिन्न । (३) मृषावाद गर्दैन, मृषावाद गर्न लगाउन्न र मृषावाद गर्नेलाई अनुमति पनि दिन्न । (४) पञ्चकामगुण सेवन गर्दैन, पञ्चकामगुण सेवन गराउन र पञ्चकामगुण सेवन गर्नेलाई अनुमति पनि दिन्न । निग्रोध ! यसरी तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ ।

१६. "निग्रोध ! जब तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ तब यही नै उसको तपस्यापन हुन्छ । यसरी ऊ उच्चतामै पुग्छ नीचतामा होइन[५५०] । अनि ऊ एकान्त निर्जनस्थानको सेवन गर्छ – अरण्य, पर्वत, कन्दर गिरीगुफा, मसान, जङ्गलको बाटो, खुला ठाउँ अथवा परालकुन्यु । अनि ऊ भिक्षाटनबाट फर्की भोजन पछि पलेटी मारी, शरीर सीधापारी, मुख अगाडि स्मृति *(श्वास प्रश्वासमा होस राखी)* बस्छ । (१) अनि उसले आफ्नो शरीरबाट अभिध्या *(राग)* लाई हटाई अनभिध्याले युक्त भई, अभिध्याबाट चित्त परिशुद्ध पार्छ, (२) व्यापाद प्रदोषलाई हटाई अव्यापाद चित्तले युक्त भई सबै भूतप्राणीहरूप्रति हितानुकम्पी भई विहार गर्छ । व्यापाद प्रदोषबाट चित्त परिशुद्ध पार्छ । (३) थीनमिद्ध *(शारीरिक र मानसिक आलस्यपन)* लाई हटाई निरालस्यताले युक्त भई आलोकसंज्ञी *(आलोक कसिणको ध्यान)* र स्मृतिसम्प्रजन्य भई विहार गर्छ, अनि थीनमिद्धबाट परिशुद्ध पार्छ, (४) उद्धच्चकुक्कुच्च *(शारीरिक र मानसिक अस्थिरपन अथवा अशान्तपन)* लाई हटाई स्थिरपन अथवा शान्तपनले युक्त भई अभ्यन्तर चित्त शान्तपारी विहार गर्छ र उद्धच्चकुक्कुच्चबाट चित्त परिशुद्ध पार्छ र (५) विचिकित्सा *(शंका सन्देह)* लाई हटाई कुशलधर्ममा निस्सन्देही भई विहार गर्छ र शंकासन्देहबाट चित्त परिशुद्ध पार्छ ।

**ब्रह्मविहार** – १७. "अनि यी पञ्चनीवरणहरूलाई हटाएर चित्तमा भएका उपक्लेशहरूलाई प्रज्ञाद्वारा कमजोरपारी ऊ (१) मैत्रीयुक्त चित्तलाई एक दिशामा, द्वितीयदिशामा, तृतीयदिशामा र चतुर्थदिशामा फैलाई बस्छ । यसरी माथि, तल, तेर्सो, सबै ठाउँमा , सबैतिर र सबै चक्रबाट लोकमा मैत्रीयुक्त चित्त फैलाई बस्छ । त्यस्तै गरी मैत्री विपुल चित्त, मैत्री महत्गात चित्त र मैत्री अप्रमाण चित्त फैलाई बस्छ र अवैर अव्यापाद *(अद्वेष)* चित्त फैलाई बस्छ । (२) करुणा चित्तलाई ⋯ (३) मुदिता चित्तलाई ⋯ (४) उपेक्षा चित्तलाई ⋯ फैलाई बस्छ ।"

१८. "निग्रोध ! यदि यस्तो भएमा तपजुगुप्सा परिशुद्ध हुन्छ वा अपरिशुद्ध – यसमा तिमी के भन्दछौ ?"

"भन्ते ! यदि यस्तो भएमा अवश्य पनि तपजुगुप्सा परिशुद्ध हुन्छ, अपरिशुद्ध हुन्न, अग्रत्व प्राप्त र सारत्व प्राप्त पनि हुन्छ ।"

---

५५० भनाइको तात्पर्य के हो भने – ऊ शीलादि गुणहरूलाई उत्तरोत्तर बढाउँदै लैजान्छ र यसरी शीलहरू अभिवृद्धि गरी ऊ एकान्त निर्जन स्थानमा बस्ने रुचि बढाउँछ । अर्थात् ध्यान बढाउन खोज्छ । त्यसैले सूत्रको अगाडि – 'एकान्त निर्जन स्थानको सेवन गर्छ ⋯' भनी उल्लेख भएको हो ।

Downloaded from http://www.dhamma.digital

"निग्रोध ! यत्तिकैमा तपजुगुप्सा अग्रत्व प्राप्त पनि हुन्न, सारत्व प्राप्त पनि । यो त *(वृक्षको)* त्वच पाएको जस्तो हो *(तचप्पत्ताहोति)* ।

१९. "भन्ते ! कतिसम्ममा अथवा कस्तो भएमा तपजुगुप्सा अग्रत्व प्राप्त र सारत्व प्राप्त हुन्छ ? भन्ते ! भगवान्ले तपजुगुप्सालाई अग्रत्वमा पुऱ्याउनुभएर सारत्वमा पुऱ्याउनुभए बेश हुने थियो ।"

"निग्रोध ! यहाँ तपस्वी चातुर्यामसंवर *(चार संवर)* ले संवृत *(संरक्षित)* हुन्छ । निग्रोध ! कसरी तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ भने ? – (१) निग्रोध ! यहाँ तपस्वीले प्राणीहिंसा गर्दैन … [५५१] निग्रोध, जब तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ तब यही नै उसको तपस्यापन हुन्छ । यसरी ऊ उच्चतामै पुग्छ, नीचतामा होइन । अनि ऊ एकान्त निर्जन स्थानको सेवन गर्छ … [५५२] अनि यी पञ्चनीवरणलाई हटाएर … [५५३] मैत्रीयुक्त चित्तलाई … [५५४] करुणायुक्त चित्तलाई … मुदितायुक्त चित्तलाई … उपेक्षायुक्त चित्तलाई … [५५५] फैलाई बस्छ । अनि उसले अनेकविध पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ, जस्तै – एक जन्म … [५५६] । यसरी आकारसहित, उद्देश्य *(नाम र गोत्र)* सहित अनेकविध पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ ।

२०. "निग्रोध ! यदि यस्तो भएमा तपजुगुप्सा परिशुद्ध हुन्छ वा अपरिशुद्ध यसमा तिमी के भन्दछौ ?"

"भन्ते ! यदि यस्तो भएमा अवश्य पनि तपजुगुप्सा परिशुद्ध हुन्छ, अपरिशुद्ध हुन्न, अग्रत्व प्राप्त र सारत्व प्राप्त पनि हुन्छ ।"

"निग्रोध ! यत्तिकैमा तपजुगुप्सा अग्रत्व प्राप्त पनि हुन्न, सारत्व प्राप्त पनि । यो त *(वृक्षको)* फल्गु[५५७] पाएको जस्तै हो *(फेग्गुप्पत्ताहोति)* ।"

२१. "भन्ते ! कतिसम्ममा अथवा कस्तो भएमा तपजुगुप्सा अग्रत्व प्राप्त र सारत्व प्राप्त हुन्छ ? भन्ते ! भगवान्ले तपजुगुप्सालाई अग्रत्वमा पुऱ्याउनुभए सारत्वमा भए बेश हुने थियो ।"

"निग्रोध ! यहाँ तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ । … निग्रोध ! जब तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ तब यही नै यसको तपस्यापन हुन्छ । यसरी ऊ उच्चतामै पुग्छ र नीचतामा होइन । अनि ऊ एकान्त निर्जन स्थानको सेवन गर्छ … अनि उसले अनेकविध पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ, जस्तै – एक जन्म … । यसरी आकारसहित र उद्देश्यसहित अनेकविध पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ । अनि उसले विशुद्ध अमानुषीय दिव्यचक्षुद्वारा च्युत भएका र उत्पन्न भएका सत्त्वहरूलाई देख्दछ । *(जान्दछ)* आ-आफ्ना कर्मानुसार नीचउच्च, सवर्ण-दुर्वर्ण, सुगति-दुर्गतिमा उत्पन्न भएका सत्त्वहरूलाई देख्दछ – 'यी सत्त्वहरू कायदुश्चरितले युक्त भई … [५५८] यी सत्त्वहरू कायसुचरितले युक्त भई, … [५५५] मरणोप्रान्त सुगति स्वर्गलोकमा उत्पन्न भए ।' यसरी विशुद्ध अमानुषीय दिव्यचक्षुद्वारा च्युत भएका,

---

५५१ यहाँका बाँकी कुराहरू माथि ४१४ मा लेखे अनुसार दोहऱ्याई पढ्नुहोला ।

५५२ यहाँका बाँकी कुराहरू पनि माथि ४१४ मा लेखे अनुसार दोहऱ्याई पढ्नुहोला ।

५५३ यहाँका बाँकी कुराहरू पनि माथि ४१४ मा लेखे अनुसार दोहऱ्याई पढ्नुहोला ।

५५४ यहाँका बाँकी कुराहरू पनि माथि ४१४ मा झैं पढ्नुहोला ।

५५५ यहाँका बाँकी कुराहरू पनि माथि ४१४ मा झैं पढ्नुहोला ।

५५६ यहाँका बाँकी कुराहरू माथि पृ. ६७ मा लेखे अनुसार दोहऱ्याई पढ्नुहोला ।

५५७ कुनै रुखको सबभन्दा बाहिरको वस्तुलाई 'बोक्रा' *(पपटिक)*, बोक्राको भित्रको वस्तुलाई छाला *(तच)*, त्यसको भित्रको वस्तुलाई फल्गु *(फेग्गु)* र त्यसभन्दा पनि भित्री भागको वस्तुलाई काठ *(सार)* भनिएको हो ।

५५८ यहाँका बाँकी कुराहरू माथि पृ. ६८ मा उल्लेख भए अनुसार पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

उत्पन्न भएका सत्त्वहरूलाई देख्दछ र आ-आफ्ना कर्मानुसार नीच-उच्च, सुवर्ण दुर्वर्ण, सुगति दुर्गतिमा उत्पन्न भएका सत्त्वहरूलाई देख्दछ ।

२२. "निग्रोध ! यदि यस्तो भएमा तपजुगुप्सा परिशुद्ध हुन्छ वा अपरिशुद्ध यसमा तिमी के भन्दछौ ?"

"भन्ते ! यदि यस्तो भएमा अवश्य पनि तपजुगुप्सा परिशुद्ध हुन्छ, अपरिशुद्ध हुन्न, अग्रत्व प्राप्त र सारत्व प्राप्त पनि हुन्छ ।"

२३. "निग्रोध ! यतिसम्ममा अथवा यस्तो भएमा तपजुगुप्सा अग्रत्व प्राप्त र सारत्व प्राप्त हुन्छ[५५९] । निग्रोध ! जो तिमीले मसँग – 'भन्ते ! कुन चाहिं त्यो भगवान्‌को धर्म हो जसद्वारा भगवान्‌ले *(आफ्ना)* श्रावकहरूलाई विनीत पार्नु हुन्छ र जसद्वारा भगवान्‌का श्रावकहरू विनीत भई आश्वस्त भई आदिब्रह्मचर्यका अभिप्रायलाई जान्दछन् ? भनी सोध्यौ – निग्रोध ! यही त्यस कारणले हो । अझ योभन्दा पनि उत्तरोत्तर र प्रणीततर कारण छ जसद्वारा श्रावकहरूलाई विनीत पार्दछु जसद्वारा विनीत भई श्रावकहरू भई आदिब्रह्मचर्यको अभिप्रायलाई जान्दछन् ।"

यस्तो भन्नुहुँदा ती परिव्राजकहरूले[५६०] उन्माद तथा उच्चशब्द र महाशब्द गर्नथाले – "अहो ! हामीहरू आचार्यका साथ यहाँ नाश भयौं[५६१] ! हामीहरू योभन्दा उत्तरोत्तर[५६२] जान्दैनौं ।"

## ७. निग्रोध परिव्राजकको पश्चात्ताप

२४. जब सन्धान गृहपतिले – "यी अन्यतीर्थीय परिव्राजकहरूले अब भने भगवान्‌का कुरा सुन्ने छन्, कान थाप्ने छन्, जान्नको निमित्त चित्त झुकाउने छन्" भन्ने कुरा बुझे तब निग्रोध परिव्राजकलाई

Dhamma.Digital

---

५५९ 'यतिसम्ममा अथवा यस्तो भएमा तपजुपुप्सा अग्रत्व प्राप्त र सारत्व प्राप्त हुन्छ' भनी जुन कुरा भन्नुभयो त्यो तीर्थीयहरूको मत अनुसार भन्नुभएको हो ।

तीर्थीयहरूको सिद्धान्त अनुसार लाभ सत्कार चाहिं रुखका हाँगाविंगा जस्तै हुन् । पञ्चशील चाहिं रुखको बोक्रा जस्तै हो । अष्टसमापत्ति चाहिं रुखको त्वच जस्तै हो । पूर्वेनिवासानुस्मृति अभिज्ञा-ज्ञान चाहिं रुखको फल्गु जस्तै हो । दिव्यचक्षु-ज्ञानलाई चाहिं अरहत् सम्झी विचरण गर्छन् । त्यसैले त्यो चाहिं उनीहरूको निमित्त रुखको सारवत् काठ जस्तै हो ।

बुद्ध धर्ममा चाहिं-लाभसत्कार रुखका हाँगाविंगा जस्तै हुन् । शीलसम्पदा रुखको बोक्रा जस्तै हो ।ध्यान समापत्तिहरू चाहिं रुखका त्वच जस्तै हुन् । लौकिक अभिज्ञा-ज्ञानहरू चाहिं रुखका फल्गु जस्तै हुन् । मार्गफलहरू चाहिं रुखमा सारवत् काठ जस्तै हुन् । यसरी आफ्नो शासनलाई भगवान्‌ले लटरम्म परी फल फलेको रुख समान देखाउनुभएको हो ।

५६० निग्रोध परिव्राजकका ३०० जति परिवार परिव्राजकहरू ।

५६१ यो वाक्यको स्पष्टिकरण दिंदै अट्ठकथाले यसरी लेखेको छ –

"हामीमा अचेलकता मात्र पनि छैन भने कहाँबाट परिशुद्धिता ? हामीमा परिशुद्धता मात्र पनि छैन भने कहाँबाट चातुर्याम संयमता ? चातुर्यामसंवर नहुनेको कहाँबाट नीवरण प्रहाणादि ? निवरण प्रहाण नै छैन भने कहाँबाट ब्रह्मविहार ? ब्रह्मविहार मात्र पनि छैन भने कहाँबाट पूर्वेनिवासादिज्ञान ? पूर्वेनिवासज्ञान मात्र पनि छैन भने कहाँबाट हामीमा दिव्यचक्षु आदि ज्ञान हुनु ? अतः यस विषयमा हामी आचार्यका साथ नाश भयौं" भनी भनेका हुन् ।

५६२ यो दिव्यचक्षु-ज्ञान भन्दा अधिक अर्को विशेष ज्ञान सम्बन्धीका कुरा हामीले श्रुतिको रूपले पनि जानेका छैनौं भनी भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

यस्तो भने[५६३] – "भन्ते ! निग्रोध ! तपाईंले जो मलाई यसो भन्नुभयो – हे गृहपति ! जान्दछौ के श्रमण गौतम कोसँग कुरा गर्छन्, कोसँग साकच्छा गर्छन् र कोसँग प्रज्ञाव्यक्त गर्छन् ? शून्यागारमा बसेका श्रमण गौतमको प्रज्ञा पनि विनाश भइसक्यो । परिषद् विना बस्ने श्रमण गौतम कुराकानी गर्न पनि असमर्थ छन् । *(प्रश्न सोध्ला भन्ने डरले)* एकान्त एकान्तमै बस्छन् । जस्तै कानो गाई गाईको जमातबाट दूर भई एक्लै एक्लै हिंड्छ त्यस्तै गरी श्रमण गौतमको प्रज्ञा पनि शून्यागारको कारणले विनाश भइसक्यो । श्रमण गौतम परिषद् विना एक्लै विचरण गर्छन्, कुराकानी गर्न असमर्थ छन्, उनी एकान्त एकान्तमै बस्छन् अतः गृहपति ! यदि श्रमण गौतम यो परिषद्मा आएका भए एवं प्रश्नद्वारा उनलाई नाजवाफ पार्ने थियौं र खाली घैटोलाई यताउता घुमाउने झैं घुमाउने थियौं ।'

"भन्ते ! अब उहाँ भगवान् अरहन् सम्यक्सम्बुद्ध यहाँ आउनु भएको छ । *(सक्नुहुन्छ भने अब उहाँलाई)* कानो गाई एक्लै विचरण गरे जस्तै परिषद् विना उहाँलाई एक्लै बनाउनु होस् । खाली घैटोलाई यताउता घुमाउने झैं उहाँलाई एक प्रश्नद्वारा नाजवाफ पार्नु होस् ।"

२५. *(सन्धान गृहपतिद्वारा)* यस्तो भन्दा निग्रोध परिव्राजक चूपलागी नाजवाफ भई शिर निहुऱ्याई मुख तलतिरपारी चिन्तित भई केही नबोली बसे । अनि चूप लागी नाजवाफ भई शिर निहुऱ्याई मुख तलतिरपारी चिन्तित भई केही नबोली बसिरहेका निग्रोध परिव्राजकलाई भगवान्ले यसो भन्नुभयो । – "निग्रोध ! साँच्चै हो के तिमीले यो कुरा सुनेको ?"

"भन्ते ! साँच्चै हो । बालकले जस्तै मूढले जस्तै र मूर्खले जस्तै मैले यो कुरा भनेको हुँ ।"

"निग्रोध ! तिमीले परिव्राजकका वयोवृद्धहरू, जेठापाकाहरू र आचार्य प्राचार्यहरूले कस्तो भनेका सुनेका छौ ? – 'जो ती अतीत समयमा अरहन्त सम्यक्सम्बुद्धहरू थिए उहाँ भगवान्हरू यसरी एकत्रित भेला भई उन्नाद गरी उच्चशब्द र महाशब्द गरी अनेक प्रकारका तिरश्चीन कथाहरू भन्दै बस्नुभएको थियो ? ··· जस्तै अहिले साचरिक तिमी अथवा उहाँ भगवान् अरहन्त सम्यक्सम्बुद्धहरू यसरी अरण्यवन पथपन्तशयनासनहरू सेवन गर्दथे ··· जस्तै अहिले भगवान् ? यस विषयमा तिमी के भन्दछौ ?'

"भन्ते ! मैले परिव्राजकहरूका वयोवृद्धहरू, जेठापाकाहरू र आचार्य प्राचार्यहरूले यस्तो भनेका सुनेको छु कि – जो ती अतीत समयमा अरहन्त सम्यक्सम्बुद्धहरू थिए उहाँ भगवान्हरू यसरी एकत्रित भेला भई उन्नाद गरी उच्चशब्द र महाशब्द गरी अनेक प्रकारका तिरश्चीन कथाहरू गर्दै बसेका थिएनन् ··· जस्तै अहिले साचरिक म बरू उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धहरू यसरी अरण्यवनपथ पन्तशयनासनहरू सेवन गर्दथे ··· जस्तै अहिले भगवान् ।"

"निग्रोध ! तिमी जस्ता विज्ञ तथा वयोवृद्ध पुरुषलाई यस्तो पनि लागेन कि – बुद्ध हुनुभएका उहाँ भगवान्ले बोधार्थ धर्मोपदेश गर्नु हुन्छ[५६४], दान्त हुनुभएका उहाँ भगवान्ले दान्त पार्नको निमित्त

---

५६३ सन्धान गृहपतिको मनमा यस्तो लाग्यो – "यी परिव्राजकहरूले अब भने भगवान्को कुरालाई सुन्ने छन् । निग्रोध परिव्राजकले भगवान्को पछाडि भगवान्लाई कर्कश र आक्षेप बोली बोलेका थिए । अहिले त यिनी पनि कुरा सुन्न चाहन्छन् । यिनको मान अहंकारलाई पतन गराई भगवान्को शासनतिर घँचेड्ने यही ठीक समय हो ।"

यस्तो मनमा लागेपछि अगाडि उसको मनमा यस्तो पनि लाग्यो – "यदि मैले नभनेको खण्डमा यिनले भगवान्सँग क्षमा माग्ने छैनन् र जुन उनको निमित्त भविष्यको लागि अहित र दुःखको कारण हुनेछ । मैले भनेको खण्डमा यिनले भगवान्सँग क्षमा माग्ने छन् र जुन उनको निमित्त दीर्घकालसम्मको लागि हित र सुख हुनेछ ।"

५६४ स्वयं चतुरार्यसत्यलाई बोध गरी बुद्ध हुनुभई सत्त्वहरूलाई पनि चतुरार्यसत्यको कुरा बोध गराउनको निमित्त धर्मोपदेश गर्नु हुन्छ भनी भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

धर्मोपदेश गर्नु हुन्छ, शान्त हुनुभएका उहाँ भगवान्ले शान्त पार्नको निमित्त धर्मोपदेश गर्नु हुन्छ[५६५], उत्तीर्ण हुनुभएका उहाँ भगवान्ले उत्तीर्ण गराउनको निमित्त धर्मोपदेश गर्नु हुन्छ[५६६] र परिनिर्वाण हुनुभएका[५६७] उहाँ भगवान्ले परिनिर्वाण गराउनको निमित्त धर्मोपदेश गर्नुहुन्छ ?"

## निग्रोधले आफ्नो गल्ती स्वीकारे

२६. यस्तो भन्नुहुँदा निग्रोध परिव्राजकले भगवान्सँग यस्तो बिन्ती गरे – "भन्ते ! बालकको जस्तै, मूढको जस्तै तथा मूर्खको जस्तै गल्ती मबाट हुनगयो जो कि मैले भगवान्लाई यस्तो भनें । भन्ते ! सो मलाई भविष्यमा संयम गर्नको निमित्त भगवान्ले गल्तीलाई गल्ती भनी स्वीकार गर्नुहोस् अर्थात् क्षमा गर्नुहोस् ।"

"निग्रोध ! ठीकै छ, बालकले जस्तै, मूढले जस्तै तथा मूर्खले जस्तै तिमीले गल्ती गर्‍यौं जो कि तिमीले मलाई यस्तो भन्यौं तर निग्रोध ! जब कि तिमीले आफ्नो गल्तीलाई गल्ती भनी देखेर *(जानेर)* क्षमा माग्यौ हामी त्यो स्वीकार्छौं *(क्षमा दिन्छौं)* । निग्रोध ! आर्यविनयमा यो वृद्धि नै हो जसले आफ्नो गल्तीलाई गल्ती भनी जानेर धर्मपूर्वक क्षमा माग्छ र भविष्यमा संयम गर्छ । निग्रोध ! म त यस्तो भन्दछु – 'कोही अशठ अछली *(अमायावी)* सोझो स्वभावको विज्ञपुरुष आओस् – म अनुशासन गर्नेछु, म धर्मोपदेश गर्नेछु । उपदेश अनुसार आचरण गरेमा – जसको निमित्त कुलपुत्रहरू सम्यक् रूपले आगारबाट अनगारिय भई प्रव्रजित हुन्छन् – त्यो अनुत्तर ब्रह्मचर्यको अन्त्यलाई सात वर्षमा अर्थात् यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी उपसम्पद्य भई विहार गर्नेछन् । निग्रोध ! सात वर्षको कुरो छाडिदेओ । कोही अशठ अछली सोजो स्वभावको विज्ञपुरुष आओस् – म अनुशासन गर्नेछु, म धर्मोपदेश गर्नेछु । उपदेश अनुसार आचरण गरेमा – … छ वर्षमैं अर्थात् यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी उपसम्पद्य भई विहार गर्नेछ । … पाँच वर्षमै … चार वर्षमै … तीनवर्ष मैं … दुई वर्षमै … एक वर्षमै … सात महिनामै … छ महिनामै … पाँच महिनामै … चार महिनामै … तीन महिनामै … दुई महिनामै एक महिनामै … आधा महिनामै यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी उपसम्पद्य भई विहार गर्नेछन् । निग्रोध ! आधा महिनाको कुरो छाडिदेओ । कोही अशठ अछली सोजो स्वभावको विज्ञपुरुष आओस् – म अनुशासन गर्नेछु, म धर्मोपदेश गर्नेछु । उपदेश अनुसार आचरण गरेमा – जसको निमित्त कुलपुत्रहरू सम्यक् रूपले आगारबाट अनगारिय भई प्रव्रजित हुन्छन् – त्यो अनुत्तर ब्रह्मचर्यको अन्त्यलाई यसै जीवनको एकै सातामा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी उपसम्पद्य भई विहार गर्नेछ[५६८] ।'

---

५६५ आफूले स्वयं चक्षु आदि इन्द्रियहरूलाई दमन गरी अरू मानिसहरूलाई पनि चक्षु आदि इन्द्रियहरू दमन गराउनको निमित्त र आफूले स्वयं रागादिलाई शान्त पारी शान्त भई अरूलाई पनि रागादि विनाश गरी शान्त पार्ने धर्मोपदेश गर्नु हुन्छ भनी भनिएको हो ।

५६६ आफू स्वयं काम-ओघ, भव-ओघ, दृष्टि-ओघ तथा अविद्या-ओघबाट पार तरी अरूलाई पनि पार तराउनको निमित्त धर्मोपदेश गर्नु हुन्छ भनी भनिएको हो ।

५६७ आफू स्वयं क्लेश परिनिर्वाणबाट परिनिर्वाण भएर अरूलाई पनि सबै प्रकारका क्लेशहरूबाट मुक्त पारी परिनिर्वाण गराउनको निमित्त धर्मोपदेश गर्नु हुन्छ भनी भनिएको हो ।

५६८ यहाँ जुन कुराहरू सातवर्षदेखि लिएर सात दिनसम्ममा ब्रह्मचर्यको अन्त्यमा पुग्ने कुरा उल्लेख भएका छन् ती सबै तीक्ष्ण प्रज्ञा नहुने पुरुषहरूलाई लक्ष गरी भनिएको हो र तीक्ष्ण प्रज्ञा हुनेले त एकै छिनमै ब्रह्मचर्य पूरा गर्न सक्छ भनी सुमं. वि. II. पृ. ६१०:उदुम्बरिकसुत्तवणनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

## शिष्य बनाउनको निमित्त उपदेश गरिएको होइन

२७. (१) "निग्रोध ! सायद तिमीलाई यस्तो लाग्न सक्छ कि – 'शिष्य बनाउनको निमित्त श्रमण गौतम हामीलाई यस्तो भन्दछन् ।' निग्रोध ! यसरी हेर्नु पर्दैन । जो तिम्रा आचार्य हुन् उनी नै तिम्रो आचार्य रहुन । (२) निग्रोध ! सायद तिमीलाई यस्तो लाग्न सक्छ कि – 'हाम्रा उद्देश्यबाट च्युत गराउनको निमित्त श्रमण गौतम यस्तो भन्दैछन् ।' निग्रोध ! यसरी हेर्नु पर्दैन । जो तिम्रो उद्देश्य हो त्यही नै तिम्रो उद्देश्य रहोस् । (३) निग्रोध ! सायद तिमीलाई यस्तो लाग्न सक्छ कि – 'हाम्रो आजीवनबाट च्युत गराउनको निमित्त श्रमण गौतम यस्तो भन्दैछन् ।' निग्रोध ! यसरी हेर्नु पर्दैन । जो तिम्रो आजीवन हो त्यही नै तिम्रो आजीवन रहोस् । (४) निग्रोध ! सायद तिमीलाई यस्तो लाग्न सक्छ कि – 'जो हामीहरूका आचार्यहरूका अकुशल वा अकुशल खण्डमा पर्ने धर्महरू हुन् त्यसैमा राख्ने विचारले श्रमण गौतम यस्तो भन्दैछन् ।' निग्रोध ! यसरी पनि हेर्नु पर्दैन । तिम्रा आचार्यहरूका जुन धर्महरू अकुशल वा अकुशल खण्डमा पर्ने हुन् सोही धर्महरू नै हुन् । *(यस्मा मलाई केही चासो छैन)* । (५) निग्रोध ! सायद तिमीलाई यस्तो लाग्न सक्छ कि – 'जो हामीहरूका आचार्यहरूका कुशल वा कुशल खण्डमा पर्ने धर्महरू हुन् तिनीहरूको विवेचन गराउने उद्देश्यले श्रमण गौतम यस्तो भन्दैछन् ।' निग्रोध ! यसरी पनि हेर्नु पर्दैन । तिम्रा आचार्यहरूका जुन धर्महरू कुशल वा कुशल खण्डमा पर्ने हुन् सोही धर्महरू नै हुन् । अतएव हे निग्रोध ! न त म शिष्य बनाउनको निमित्त यस्तो भन्दछु, न त उद्देश्यबाट च्युत्त गराउनको निमित्त यस्तो भन्दछु, न त आजीवनबाट च्युत गराउनको निमित्त यस्तो भन्दछु, न त तिम्रा आचार्यहरूका अकुशल वा अकुशल खण्डमा पर्ने धर्महरूमा राख्नको निमित्त यस्तो भन्दछु न त तिम्रा आचार्यहरूका कुशल वा अकुशल खण्डमा पर्ने धर्महरूको विवेचन गराउनको निमित्त यस्तो भन्दछु । बल्कि निग्रोध ! यहाँ त्यस्ता अकुशल धर्महरू छन् जसलाई नहटाउनाको कारणले गर्दा संक्लेशनीय, पुनर्भविक, पीडादायी, दुःखविपाकी र जन्मजरामरणीय भविष्य हुन्छ – त्यसैलाई हटाउनको निमित्त म धर्मोपदेश गर्दछु । जस अनुसार प्रतिपादन गर्दा संक्लेशकारी धर्महरू हट्ने छन् र विशुद्धकारी धर्महरू बढ्ने छन्, प्रज्ञा परिपूर्ण भई वैपुल्यता प्राप्त भई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी उपसम्पद्य भई विहार गर्नेछन्[५६९] ।"

---

भगवान्ले किन अशठ पुरुष आदि भनी भन्नुभएको हो भन्ने कुराको सम्बन्धमा उक्त वण्णनाले यसरी स्पष्टिकरण दिएको छ –

शठ पुरुष चाहिं टेठोमेठो जान्छ । अशठ पुरुष सीधा सीधा जान्छ । सोझो पुरुषलाई म उपदेश गर्छु र टेढो पुरुषलाई भने म पनि उपदेश गर्न सक्दिन भनी भनिएको हो । विशेष गरी यहाँ निग्रोध परिव्राजकको टेढो तथा ढोंगीपनलाई औंल्याउनुहुँदै उहाँले 'अशठ पुरुष ··· आओस्' भनी भन्नुभएको हो । परिव्राजक ढोंगी तथा टेढो स्वभावको भएको हुँदा उनलाई मानो खुट्टामा समाती महामेरुको फेदीमा फ्याके जस्तै फ्याक्नुभएको हो । किनभने – यिनी अति शठ तथा कुटिल स्वभावका थिए । बुद्धले यसरी धर्मोपदेश गर्दा पनि बुद्ध धर्म तथा सङ्घप्रति उनी प्रसन्न हुन सकेका थिएनन् । प्रसन्न हुनको निमित्त कान थाप्नेसम्म पनि नियत गरेका थिएनन् । ढोगीं स्वभावमा बसेर नै उनले शास्तासँग क्षमा मागेका हुन् । अतः भगवान्ले यिनकै मनोभावनालाई बुझ्नुभई – 'कोही अशठ अछली सोझो स्वभावको विज्ञपुरुष आओस्' भनी भन्नुभएको हो ।

५६९ भनाइको तात्पर्य – जब मार्ग प्रज्ञा परिपूर्ण गरी मार्ग वैपुल्यतामा पुग्नेछौ तब तिमीहरू आफैआफैले 'मार्ग प्रज्ञा र फल प्रज्ञालाई स्वयं साक्षात्कार गरी बस्नेछौ' भनी भनिएको हो ।

यसरी परिव्राजकहरूको कारणमा आफ्नो अववाद अनुशासन बलद्वारा अरहत् मार्गको शिखरसम्म पुऱ्याई भगवान्ले आफ्नो उपदेशको क्रमलाई टुँग्याउनुभयो ।

Downloaded from http://www.dhamma.digital

२८. यस्तो भन्नुहुँदा मारले[५७०] उनीहरूको चित्तलाई आफ्नो बन्धनमा राखेको हुँदा – परिव्राजकहरू चूपलागी, नाजवाफ भई, शिर निहुऱ्याई, मुख तलतिर पारी र चिन्तित भई केही नबोली बसिरहे । अनि भगवान्लाई यस्तो लाग्यो – "यी सबै मोघपुरुषहरूलाई पापी मारले आफ्नो बशमा राखेको छ । त्यसैले एकजनाको मनमा पनि यस्तो लागेन कि – 'म ज्ञानप्राप्तिको निमित्त श्रमण गौतमकहाँ ब्रह्मचर्य पालन गर्नेछु र एक सप्ताहले के गर्ला र[५७१]' !" अनि उदुम्बरिकाको परिव्राजकाराममा सिंहनाद[५७२] गरी भगवान् आकाशमाथि गई गृद्धकूट पर्वतमा उपस्थित हुनुभयो । सन्धान गृहपति पनि उसैबेला राजगृहमै फर्केर गए ।

**उदुम्बरिक-सुत्त समाप्त ।**

---

५७० जस्तै मारको वशमा पर्दा कुनै पुरुष केही नबोली चूप लागेर बस्ने हो त्यस्तै गरी उनीहरू पनि मारको वशमा परी केही भन्न नसकी चूप लागेर बसेका थिए ।

"खूबसँग गर्जन गरी बुद्धबल प्रकाश पार्नुको साथै यी शास्ता परिव्राजकहरूलाई धर्म-प्रकाश पार्दै हुनुहुन्छ । कुनैदिन यिनीहरूले धर्माभिसमय प्राप्त गर्न सक्नेछन् । अत: यिनीहरूको चित्तलाई वशमा लिनुपऱ्यो" भन्ने सोची मारले उनीहरूको चित्तलाई आफ्नो वशमा राखेको थियो । विपल्लास नहटेका पुरुषहरूलाई मारले जस्तो चाह्यो त्यस्तो गर्न सक्छ । त्यसैले उनीहरू पनि मारको बन्धनमा परी अङ्गप्रत्यङ्ग स्तब्ध पारी पुरुष चूप लागेर बसे ।

जब यिनीहरू नि:शब्द भई चूप लागेर बसे तब भगवान्ले किन यिनीहरू चूप लागेर बसेका रहेछन् भनी विचार गरी हेर्दा – मारद्वारा वशमा राखेको कुरा बुझ्नुभयो । यदि उनीहरूमा मार्गफल प्राप्त हुने कुनै हेतु भएको भए अवश्य पनि भगवान्ले मारको बन्धनलाई हटाएर भए पनि धर्मोपदेश गर्नु हुने थियो होला । तर उनीहरूमा त्यस्तो कुनै हेतु थिएन । उनीहरू सबै मार्गफल प्राप्त हुने हेतुबाट तुच्छ थिए र भगवान्ले यो कारणलाई पनि जान्नुभयो । त्यसैले सूत्रको अगाडि 'यी मोघपुरुषहरूलाई पापी मारले आफ्नो वशमा राखेको छ' भनी 'मोघ' शब्द प्रयोग गर्नु भएको हो ।

५७१ भनाइको तात्पर्य यो हो कि 'भगवानले स्वयं साक्षात्कार गरी विहार गर्नको निमित्त एक साता मात्र भए पुग्छ भन्नुभएको छ । अत: एक सातासम्म परीक्षा गर्दा के होला र' भन्ने सम्म पनि उनीहरू कसैको मनमा लागेन भनिएको हो । कसैले ज्ञान बोध गर्ने चित्तसम्म पनि उत्पन्न गरेनन् भनिएको हो ।

५७२ यहाँ 'सिंहनाद' भनी निर्भीक नादलाई भनिएको हो । परवादलाई खण्डित गर्न र आफ्नो वादको पुष्ट्याई गर्नमा निर्भीक भएको नादलाई 'सिंहनाद' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

# ३. चक्कवत्ति-सुत्त

## (चक्रवर्तिसूत्र)

१. यस्तो मैले सुनें । एक समय भगवान् मगधको मातुलामा बसिरहनुभएको थियो । त्यहाँ भगवान्ले भिक्षुहरूलाई – "भिक्षु हो !" भनी सम्बोधन गर्नुभयो । ती भिक्षुहरूले "भदन्त !" भनी भगवान्लाई प्रत्युत्तर दिए । भगवान्ले यसो भन्नुभयो – "भिक्षु हो ! अत्तदीप *(आफू नै आफ्नै द्वीप)* बनी विहार गर, आफ्नै शरण लेऊ, अर्काको शरण नलेओ । धर्मदीप *(धर्मद्वीप)* धर्म-शरण लेऊ, अर्काको शरण नलेओ । भिक्षु हो ! कसरी भिक्षु अत्तदीप बनी विहार गर्ने, कसरी आफ्नै शरण लिने, अर्काको शरण नलिने ? कसरी धर्मद्वीप भई रहने, कसरी धर्म शरण भई विहार गर्ने, कसरी अर्काको शरण नलिने ? भिक्षु हो ! यहाँ भिक्षु कायमा कायानुपश्यी भई लोकमा *(यसै जीवनमा)* अभिध्या *(लोभ)* दौर्मनस्यलाई हटाई, आतप्त गरी, सम्प्रज्ञानी भई, स्मृतिमान भई विहार गर्छ, वेदनामा वेदनानुपश्यी भई ··· विहार गर्छ, चित्तमा चित्तानुपश्यी भई ··· विहार गर्छ, तथा धर्ममा धर्मानुपश्यी भई ··· विहार गर्छ । भिक्षु हो ! यसरी भिक्षु अत्तदीप बनी विहार गर्छ, आफ्नै शरण लिन्छ, अर्काको शरण होइन । धर्मद्वीप धर्म शरण भई विहार गर्छ, अर्काको शरण होइन ।

"भिक्षु हो ! आफ्नो पैतृक विषय गोचरमा विचरण गर । भिक्षु हो ! आफ्ना पैतृकविषय गोचरमा विचरण गऱ्यो भने मारले छिद्र *(मौका)* फेला पार्न सक्दैन, मारले आरम्मण *(आलम्बन)* फेला पार्न सक्दैन । भिक्षु हो ! कुशल धर्मको कारण पुण्य पनि वृद्धि हुने छ ।"

## दृढनेमि चक्रवर्ती राजा

२. "भिक्षु हो ! प्राचीन कालमा धार्मिक, धर्मराजा, चतुर्द्वीप विजेता, जनपद जनपदमा शान्ति स्थापक, सप्तरत्न सम्पन्न दृढनेमि भन्ने एक चक्रवर्ती राजा थिए । उनिसित सात *(सप्त)* रत्न थिए – (१) चक्ररत्न, (२) हस्तिरत्न, (३) अश्वरत्न, (४) मणिरत्न, (५) स्त्रीरत्न, (६) गृहपतिरत्न र (७) परिणायकरत्न । एक हजारभन्दा बढी शूर, वीर, बलवान् एवं शत्रु-सेनामाथि विजय ध्वजा फरफराउने पुत्रहरू थिए । उनले सागर पर्यन्त यस पृथ्वीमा दण्ड र शस्त्र विना नै धर्मपूर्वक विजय गरी राज्य गरेका थिए ।

३. "भिक्षु हो ! अनि दृढनेमि राजाले धेरै बर्षपछि, सयौं वर्षपछि, हजारौं वर्षपछि कुनै एकजना *(अनुचर)* पुरुषलाई बोलाई भने – भो पुरुष ! जुन दिन तिमीले मेरो दिव्यचक्ररत्न आफ्नो ठाउँबाट सर्दै गयो वा च्युत भयो भने त्यस बेला तिमीले मलाई त्यसको खबर गर्न आओ ।' 'हवस् देव !' भनी त्यस पुरुषले राजा दृढनेमिलाई प्रत्युत्तर दियो । भिक्षु हो ! धेरै वर्षपछि, सयौं वर्षपछि, हजारौं वर्षपछि त्यो मान्छेले दिव्य चक्ररत्न आफ्नो ठाउँबाट सर्दै गएर च्युत भएको देख्यो । च्युत भएको देखेर त्यो मान्छे जहाँ दृढनेमि राजा थिए त्यहाँ गयो । गएर दृढनेमिराजालाई यस्तो भने – "सुन्नुहोस् देव ! जान्नुहोस् – तपाईंका दिव्य चक्ररत्न आज आफ्नो ठाउँबाट सरेर च्युत भयो ।" भिक्षु हो ! अनि दृढनेमि राजाले जेष्ठ

Downloaded from http://www.dhamma.digital

पुत्र कुमारलाई बोलाई यस्तो भने – 'तातकुमार ! मेरो दिव्य चक्ररत्न आफ्नो ठाउँबाट सरेर च्युत भयो । मैले सुनि राखेको थिए – चक्रवर्ती राजाको चक्ररत्न आफ्नो ठाउँबाट सरेर च्युत भयो भने ती राजा धेरै दिनसम्म बाँच्दैन । मैले मनुष्यको सबै भोग भोगि सकें, अब यस बेला मैले दिव्य भोग खोज गर्नुपर्छ । तात कुमार ! आऊ, यो समुद्रपर्यन्त पृथ्वीको राज्य सम्हाल । म केश दाह्री क्षौर गरी घर-बार छाडी अनगारिक भई प्रव्रजित हुनेछु ।'

४. "भिक्षु हो ! अनि दृढनेमि राजाले आफ्ना जेष्ठ पुत्र कुमारलाई राज्यभार सम्हाल्न लगाई अनुशासन गरी केश, दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घर-बार छोडी अनगारिक भई प्रव्रजित भए । ती राजर्षि प्रव्रजित भएको एक सातापछि नै दिव्य चक्ररत्न अन्तर्धान भएर गयो ।

"भिक्षु हो ! अनि कुनै एकजना *(अनुचर)* पुरुष जहाँ मूर्धाभिषिक्त क्षत्रिय राजा थिए त्यहाँ गयो । गएर मूर्धाभिषिक्त क्षत्रिय राजालाई यस्तो भन्यो – 'देव ! जान्नु होस् – दिव्य चक्ररत्न आज अन्तर्धान भएर गयो । भिक्षु हो ! अनि ती मूर्धाभिषिक्त क्षत्रिय राजाले दिव्य चक्ररत्न अन्तर्धान भएको देखी सारै अपशोच*(खेद)* र असन्तोष प्रकट गरे । अनि ती राजा आफ्नो पिता राजर्षिकहाँ गएर भने – 'देव ! जान्नु होस् ! दिव्य चक्ररत्न अन्तर्धान भयो । भिक्षु हो ! उनको कुरा सुनेर राजर्षिले ती मूर्धाभिषिक्त राजालाई भने – 'तात ! दिव्य चक्ररत्न अन्तर्धान भएर गयो भनेर तिमी यसरी अपशोच र असन्तोष प्रकट नगर ! तात ! दिव्य चक्ररत्न तिम्रो पैतृक *(दायाद)* सम्पत्ति होइन । तात ! सुन, *(यसको पुनः प्राप्तिको निमित्त)* तिमीले चक्रवर्तीव्रत पालन गर । जब तिमीले आर्य चक्रवर्तीव्रत पालन गर्नेछौ । उपोसथ पूर्णिमाको दिन शिर नुहाई उपोसथ व्रत बसी जुन बेला तिमी प्रासादको सबभन्दा माथिको तलामा जान्छौ, त्यसबेला तिम्रो सामुने हजारौं आरा भएको नेमि-नाभियुक्त सबै प्रकारले परिपूर्ण दिव्य चक्ररत्न प्रकट हुनेछ ।'

## २. आर्य चक्रवर्तीव्रत

५. "देव ! आर्य चक्रवर्तीव्रत भनेको के हो ?"

"तात ! त्यस्तो भए तिम्रा आफ्ना आश्रितजनमा सेना, क्षत्रियहरू, अनुगामीहरू, ब्राह्मणहरू, गृहपतिहरू, निगमवासीहरू, जनपदवासीहरू, श्रमण ब्राह्मणहरू, पशुहरू तथा चरा चुरुंगीहरू आदि सबैलाई धर्मकै निम्ति, धर्मकै सत्कार, मान, पूजा, गौरव श्रद्धाभाव राखी धर्मध्वज भई, धर्मकेतु भई, धर्माधिपति भई सबै धार्मिक कुरालाई रक्षा गर्नको निमित्त विधान *(विधि स्वीकार)* गर । तात तिम्रो राज्यमा बसेका जो निर्धन *(गरीव)* हुन् तिनीहरूलाई धन देऊ । तात ! जो तिम्रो राज्यमा बसेका श्रमण-ब्राह्मणहरू मद-प्रमादरहित भई क्षान्ति र सौवचर्मा अभ्यस्त भएका जो केवल आत्मदमन, आत्मशमन तथा आत्मनिर्वापन गरेका छन् भने तिनीहरू कहाँ समयसमयमा सोध्न जानु पर्दछ – 'भन्ते ! कुशल भनेको के हो ?' अकुशल भनेको के हो ? दोष भनेको के हो ? निर्दोष भनेको के हो ? सेवनीय भनेको के हो ? असेवनीय भनेको के हो ? के गरेमा मेरो निमित्त चिरकालसम्म अहित, अदुःखको निमित्त हुन्छ ? के गरेमा मेरो निमित्त चिरकालसम्म हित, सुखको निमित्त हुन्छ ?" उनीहरूले भनेको कुरा सुनी जुन *(तिम्रो निमित्त)* अकुशल हो त्यसलाई त्याग गर्नु पर्छ र फेरि जुन *(तिम्रो निमित्त)* कुशल हो त्यसलाई ग्रहण गरी *(यथाविधि)* पालन गर्नुपर्छ । तात ! यही नै आर्य चक्रवर्तीव्रत हो ।

Downloaded from http://www.dhamma.digital

# ३. चक्ररत्न

६. "भिक्षु हो ! ती क्षत्रिय मूर्धाभिषिक्त राजाले – 'हवस् देव !' भनी राजर्षिलाई प्रत्युत्तर दिई आर्य चक्रवर्तीव्रत पालन गरे । त्यो चक्रवर्तीव्रत पालन गरेर उपोसथ पूर्णिमाको दिन शिरले नुहाई उपोसथ व्रत बसेका क्षत्रिय मूर्धाभिषिक्त राजा प्रसादको सबभन्दा माथिलो तलामा गएको बेला उनको सम्मुख सहस्र आरा भएको, नेमिनाभि भएको र सबै प्रकारले परिपूर्ण दिव्य चक्ररत्न प्रकट भयो । त्यसलाई देखेर सो मूर्धाभिषिक्त राजाको मनमा यस्तो भयो – यस्तो मैले सुनेको थिएँ – 'जुन क्षत्रिय मूर्धाभिषिक्त राजा उपोसथ पूर्णिमाको दिन शिरले नुहाई उपोसथ व्रत बसेर प्रासादको सबभन्दा माथिल्लो तल्लामा गएको बेला राजाको सम्मुख सहस्र आरा भएको, नेमिनाभि भएको र सबै प्रकारले परिपूर्ण दिव्यरत्न प्रकट हुन्छ भने ऊ चक्रवर्ती राजा बन्ने छन् । म चक्रवर्ती राजा हुन चाहान्छु ।'

"भिक्षु हो ! अनि क्षत्रिय मूर्धाभिषिक्त राजाले आसनबाट उठेर उत्तरासङ्गलाई एकांश पारी बायाँ हातले सुनको भारी लिई, दायाँ हातले चक्ररत्नलाई अभिषेक गरे – चक्ररत्न ! तपाईंलाई स्वागत छ, तपाईंको जय होस् ।'

"भिक्षु हो ! अनि त्यो चक्ररत्न पूर्वदिशातिर गुडेर गयो । चक्रवर्ती राजा चतुरङ्गिनी सेना साथ चक्ररत्नको पछिपछि लागे । भिक्षु हो ! जुन प्रदेशमा चक्ररत्न अडिरह्यो भने त्यहाँ चक्रवर्ती राजा आफ्नो चतुरङ्गिनी सेना साथ रोकिरहन्थे । भिक्षु हो ! जो पूर्व दिशाका राजाहरू थिए उनीहरू चक्रवर्ती राजाकहाँ आई निवेदन गरे – 'महाराज ! तपाईंको स्वागत छ *(हामी सबैलाई)* तपाईंले अनुशासन गर्नु होस् । महाराज ! तपाईंले आज्ञा गर्नुहोस् ।' चक्रवर्ती राजाले यस्तो भने – 'प्राणी हिंसा गर्नुहुँदैन, चोरी गर्नुहुँदैन, काममिथ्याचार गर्नुहुँदैन, भूटा कुरा गर्नुहुँदैन, मद्यपान नशालु पदार्थ सेवन गर्नुहुँदैन । उचित भोग गर्नुपर्छ । भिक्षु हो ! *(यसरी)* जो पूर्व दिशाका राजाहरू थिए ती सबै राजाहरू चक्रवर्ती राजाको अनुवर्तक *(अनुयुक्त, अधीन)* भए ।'

"भिक्षु हो ! त्यसपछि त्यो चक्ररत्न पूर्वको समुद्रमा डुबुल्की लगाई त्यहाँबाट निस्केर दक्षिण दिशातिर गुडेर ··· *(पूर्ववत्)* ··· पश्चिम दिशातिर गुडेर गयो ··· *(पूर्ववत्)* ··· उत्तर दिशातिर उडेर गयो । चक्रवर्ती राजा चतुरङ्गिनी सेनासाथ चक्ररत्नको पछिपछि लागे । भिक्षु हो ! जुन प्रदेशमा चक्ररत्न अडिरह्यो त्यहाँ चक्रवर्ती राजा आफ्नो चतुरङ्गिनी सेनासाथ रोकिरहन्थे । भिक्षु हो ! जो उत्तर दिशाका राजाहरू थिए उनीहरू चक्रवर्ती राजाकहाँ आई निवेदन गरे – 'महाराज ! तपाईंको स्वागत छ, तपाईंले अनुशासन गर्नु होस् । महाराज ! तपाईंले आज्ञा गर्नुहोस् ।' चक्रवर्ती राजाले यस्तो भने – प्राणी हिंसा गर्नु हुँदैन, चोरी गर्नुहुँदैन, काममिथ्याचार गर्नुहुँदैन भूटा कुरा गर्नु हुँदैन, मद्यपान नशालु पदार्थ सेवन गर्नु हुँदैन । उचित भोग गर्नुपर्छ । भिक्षु हो ! *(यसरी)* जो उत्तर दिशाका राजाहरू थिए ती सबै राजाहरू चक्रवर्ती राजाको अनुवर्तक भए ।

"भिक्षु हो ! त्यसपछि चक्ररत्न समुद्रपर्यन्त पृथ्वीलाई विजय गरी राजधानी फर्केर आई चक्रवर्ती राजाको आफ्नो अन्तःपुरको द्वार नजिकै न्यायालयको आँगनमा दृढ रूपमा *(किल्ला ठोके भैं)* स्थिर रहे । त्यसले गर्दा चक्रवर्ती राजाको अन्तःपुर सारै शोभायमान भयो ।

९. "भिक्षु हो ! दोस्रो पनि चक्रवर्ती राजा ··· *(पूर्ववत्)* ··· तेस्रो पनि ···, चौथो पनि ···, पाँचौ पनि ··· छैठौं पनि ··· सातौं पनि चक्रवर्ती राजाले धेरैवर्ष पछि, सयौं वर्षपछि, हजारौं वर्षपछि कुनै एकजना *(अनुचर)* पुरुषलाई बोलाइ भने – भो पुरुष ! जुन दिन तिमीले मेरो दिव्य चक्ररत्न आफ्नो ठाउँबाट सर्दै गयो वा च्युत भयो भने त्यस बेला तिमीले मलाई त्यसको खबर गर्न आओ ।' 'हवस्,

Downloaded from http://www.dhamma.digital

देव !' भनी त्यो राजालाई प्रत्युत्तर दियो । भिक्षु हो ! धेरैवर्षपछि, सयौं वर्षपछि, हजारौं वर्षपछि त्यो मान्छेले दिव्य चक्ररत्न आफ्नो ठाउँबाट सर्दै गएर च्युत भएको देख्यो । च्युत भएको देखेर त्यो मान्छे जहाँ चक्रवर्ती राजा थिए त्यहाँ गयो । गएर चक्रवर्ती राजालाई यस्तो भने – 'सुन्नुहोस् देव ! जान्नु होस् – तपाईंका दिव्यरत्न आज आफ्नो ठाउँबाट सरेर च्युत भयो ।' भिक्षु हो ! अनि चक्रवर्ती राजाले जेष्ठपुत्र कुमारलाई बोलाई यस्तो भने – 'तात कुमार ! मेरो दिव्य चक्ररत्न आफ्नो ठाउँबाट सरेर च्युत भयो । मैले सुनिराखेको थिएँ – चक्रवर्ती राजाको चक्ररत्न आफ्नो ठाउँबाट सरेर च्युत भयो भने ती राजा धेरै दिनसम्म बाँच्दैन । मैले मनुष्यको भोग भोगिसकें, अब त्यसबेला मैले दिव्य भोग खोज गर्नु पर्छ । तात कुमार ! आऊ, यो समुद्रपर्यन्त पृथ्वीको राज्य सम्हाल । म केंश, दाह्री क्षौर गरी घर-बार छाडी अनगारिक भई प्रव्रजित हुनेछु ।'

१०. "भिक्षु हो ! अनि चक्रवर्ती राजाले आफ्नो जेष्ठ पुत्र कुमारलाई राज्यभार सम्हाल्न लगाई अनुशासन गरी केश, दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छोडी अनगारिक भई प्रव्रजित भए । ती राजर्षिं प्रव्रजित भएको एक सातापछि नै दिव्य चक्ररत्न अन्तर्धान भएर गयो ।

११. "भिक्षु हो ! अनि कुनै एकजना पुरुष जहाँ मूर्धाभिर्षिक्त क्षत्रिय राजा थिए त्यहाँ गयो । गएर मूर्धाभिषिक्त क्षत्रिय राजालाई यस्तो भन्यो – 'देव ! जान्नुहोस् – दिव्यचक्ररत्न आज अन्तर्धान भएर गयो । भिक्षु हो ! अनि ती मूर्धाभिषिक्त क्षत्रिय राजाले दिव्य चक्ररत्न र अन्तर्धान भएको देखी सारै अपशोच र असन्तोष प्रकट गरे । उनी राजर्षिकहाँ गएर आर्य चक्रवर्तीव्रतको कुरा सोध्न गएन । उनले आफ्नै बुद्धिले राज्य संचालन गरे । उनले आफ्नै बुद्धिअनुसार राज्य सञ्चालन गर्दा राज्य त्यति उन्नति *(सुख समृद्धि)* हुन सकेन जति आर्य चक्रवर्तीव्रत पालन गरेका पहिलेका *(पूर्वज)* राजाहरूको राज्यकालमा भएका थिए ।'

"भिक्षु हो ! अनि अमात्य ··· तथा जो आफ्नो विद्याबलद्वारा जीविका गर्ने हुन् ती सबै राजाको सम्मुख एकत्रित भई मूर्धाभिषिक्त क्षत्रिय राजालाई यस्तो भने – 'देव ! तपाईंले आफ्नै बुद्धिले राज्य सञ्चालन गर्नुभएको कारण तपाईंको राज्य अब त्यति उन्नति अभिवृद्धि हुन सकेन जति आर्य चक्रवर्तीव्रत पालन गरेका तपाईंका पहिलेका *(पूर्वज)* राजाहरूको राज्य कालमा भएको थियो ।' देव ! तपाई हामी अमात्य ··· आदिसँगै आर्य चक्रवर्तीव्रत धारण गरौं । तपाईंले हामीसित आर्य चक्रवर्तीव्रत सोध्नुहोस् । तपाईंले आर्य चक्रवर्तीव्रत सोध्नुभएमा हामी तपाईंलाई बताइदिनेछौ ।

## ४. निर्धनता झन्झनै बढे

१२. "भिक्षु हो ! अनि मूर्धाभिषिक्त क्षत्रिय राजाले अमात्यहरूलाई बोलाई उनीहरूसँग आर्य चक्रवर्तीव्रत सोधे ··· उनीहरूले पनि उनलाई आर्य चक्रवर्तीव्रत सम्बन्धी सबै कुरा बताइदिए । कुरा सुनेपछि उसले धार्मिक कुराको मात्र रक्षा प्रवन्ध गरिदिए परन्तु निर्धनीहरूलाई धन बाँडी नदिएको कारण *(उसको राज्यमा)* दरिद्रता *(गरिबी)* झन्झनै बढेर गयो ··· उसले गर्दा एक जनाले अर्काको वस्तु चोरेर लियो । त्यो चोरलाई समातेर मानिसहरूले मूर्धाभिषिक्त क्षत्रिय राजाकहाँ लगे – 'देव ! यो मान्छेले अर्काको वस्तु चोरेर लियो ।'

"भिक्षु हो ! यस्तो भने पछि मूर्धाभिषिक्त क्षत्रिय राजाले त्यो मान्छेसित सोधे – 'अरे पुरुष ! के तिमीले साँच्चै अर्काको वस्तु चोरेर लिएका हौ ?'

"साँच्चै हो, देव ! "

Downloaded from http://www.dhamma.digital

'के कारणले ?'

'देव ! जीविका नचलेकाले ! '

"भिक्षु हो ! अनि मूर्धाभिषिक्त क्षत्रिय राजाले त्यो *(त्यो)* चोर मान्छेलाई *(आफ्नो धनकोषबाट)* धन दिन लगाई – हे पुरुष ! यो धनले तिमी आफ्नो जीविका चलाऊ, माता-पितालाई पालन गर, स्त्रीपुत्रहरू पोषण गर, आफ्नो कारोवार चलाऊ, ऐहिक वा परलौकिक सुखप्राप्तिको निमित्त श्रमण ब्राह्मणहरूलाई दान देओ ।"

"भिक्षु हो ! 'हवस्, देव ! ' भनी त्यो मान्छेले ⋯ राजालाई प्रत्युत्तर दियो ।"

"भिक्षु हो ! फेरि एकले अर्का मानिसको धन चोरेर लियो । त्यो चोरलाई समातेर मानिसहरूले मूर्धाभिषिक्त क्षत्रिय राजाकहाँ लगे – 'देव ! यो मान्छेले अर्काको बस्तु चोरेर लियो ।'

"भिक्षु हो ! यस्तो भने पछि मूर्धाभिषिक्त क्षत्रिय राजाले त्यो मान्छेसित सोधे – 'अरे पुरुष ! के तिमीले साँच्चै अर्काको वस्तु चोरेर लिएका हौ ?'

"साँच्चै हो, देव ! "

"के कारणले ? "

"देव ! जीविका नचलेकाले ! "

"भिक्षु हो ! अनि मूर्धाभिषिक्त क्षत्रिय राजाले त्यो *(चोर)* मान्छेलाई *(आफ्नो धन कोषबाट)* धन दिन लगाई – हे पुरुष ! यो धनले तिमी आफ्नो जीविका चलाऊ, माता-पितालाई पालन गर, स्त्रीपुत्रहरू पोषण गर, आफ्नो कारोवार चलाऊ, ऐहिक वा परलौकिक सुख प्राप्तिको निमित्त श्रमण ब्राह्मणहरूलाई दान देऊ ! "

१३. "भिक्षु हो ! मानिसहरूले सुने – जस जसले अर्काको वस्तु चोरेर लिन्छन्, त्यस त्यसलाई ⋯ राजाले धन दिलाउँछन् । यो कुरा सुनेर उनीहरूको मनमा यस्तो भयो – 'हामीले पनि अर्काको वस्तु चोरेर लिनुपर्‍यो' ।"

"भिक्षु हो ! अनि कुनै मानिसले अर्काको चोरेर लियो । उनलाई मानिसहरूले समातेर मूर्धाभिषिक्त क्षत्रिय राजाकहाँ ल्याए – देव ! यो मान्छेले अरूको वस्तु चोरेर लियो ।"

"भिक्षु हो ! यस्तो भने पछि मूर्धाभिषिक्त क्षत्रिय राजाले त्यो मान्छेसित सोधे – 'अरे पुरुष ! के तिमीले साँच्चै अर्काको वस्तु चोरेर लिएका हौ' ?"

"साँच्चै हो, देव ! "

"के कारणले ? "

"देव ! जीविका नचलेकाले ! "

"भिक्षु हो ! अनि राजाको मनमा यस्तो विचार आयो – यदि जस जसले चोरी गर्छ भने यसरी उनीहरू प्रत्येकलाई मैले धन दिलाउँदै गएँ भने झन्झनै चोरी बढ्दै जानेछ । त्यसैले किन म यसलाई कडा चेतावनी नदिउँ, मूल जड नै उखेलिनदेउँ, यसको टाउको नै किन काटी नदिउं । भिक्षु हो ! अनि ⋯ राजाले मानिसहरूलाई आज्ञा दिए – 'राजपुरुष *(भणे)* ! यो मान्छेको दुवै हात पछाडि राखी डोरीले बेसरी बाँधी टाउको मुडी बाटोबाटोमा ठूलठूला स्वरले ढोलक पिटी चारबाटोबाट चारबाटो लगी दक्षिणद्वारबाट वधशालामा लगी उसको टाउको काट' ।"

Downloaded from http://www.dhamma.digital

'हवस्, देव ! ' भनी ··· उनीहरूले त्यो मान्छेको दुवै हात पछाडि राखी डोरीले कस्सिएर बाडी टाउको मुडी बाटो बाटोमा ठूलठूला स्वरले ढोलक पिटी एउटा चारबाटोबाट अर्को चारबाटो लगी उसको टाउको काटे ।

१४. "भिक्षु हो ! अनि मानिसहरूले सुने – जस जसले चोरी गर्छ उनीहरूलाई ··· राजाले टाउको काट्न लगाउँछ । यो कुरा सुनेर उनीहरूले विचार गरे – हामीले पनि तिखो धारिलो हतियार बनाउन पऱ्यो ··· तिखो धारिलो हतियार बनाई जसले चोरी काम गर्न दिँदैन, हामीलाई सम्पत्ति दिँदैन, उनीहरू खत्तम गर्नु पऱ्यो, टाउको काटिदिनु पऱ्यो । उनीहरूले बनाएर उनीहरूले ग्राम-घात पनि गरे, निगम-घात पनि ··· , नगर-घात पनि ··· बाटोमा हिंड्ने बटुवाहरूलाई पनि लुटे ··· । ··· जस जसले चोरी काम गरे तिनीहरूको ··· टाउको ··· राजाले ··· काट्न लगाए ।

१५. "भिक्षु हो ! यसरी *(राजाले)* गरीब *(निर्धनी)* हरूलाई धन नदिएको कारण दरिद्रता बढ्यो दरिद्रता बढेको कारण *(फलस्वरूप)* चोरी काम पनि झन्झनै धेरै बढेर गयो, चोरी काम झन्झनै बढेको कारण काट-मार *(हत्या)* पनि झन्झनै बढेर गयो । *(जसले गर्दा)* उनीहरूको आयु घट्यो, वर्ण पनि घट्यो । आयु र वर्ण घटेको कारण असीहजार वर्ष आयु भएका मानिसहरूका छोरा *(सन्तान)* हरू चालीस हजार वर्षको आयुका भए ।

"भिक्षु हो ! चालीसहजार वर्ष आयु भएका मानिसहरूमध्येका कुनै कुनैले चोरी काम गरे । उनीहरूलाई ··· राजाको सम्मुख लगे – 'देव ! यो मान्छेले चोरी काम गऱ्यो ।' ··· " ··· के साँच्चै तिमीले अर्काको वस्तु चोरेर लिएका हौ ?" "होइन, देव !" उनीहरूले जानाजान झूटा कुरा गरे ।

१६. "भिक्षु हो ! यसरी *(यसरी)* गरीवहरूलाई धन नदिएको कारण दरिद्रता बढ्यो *(फलस्वरूप)* चोरी काम पनि झन्झनै धेरै बढेर गयो, चोरी काम झन्झनै बढेको कारण काट-मार पनि झन्झनै बढेर गयो । प्राणीहिंसा झन्झनै बढेको कारण झूटा कुरा गर्ने बढ्यो । झूटा कुरा गर्ने झन्झनै बढेको कारण ··· आयु र वर्ण घटेको कारण चालीस हजार वर्ष आयु भएका मानिसहरूका छोराहरूका बीस हजार वर्ष आयु भए ।

"भिक्षु हो ! बीस हजार वर्ष आयु भएका मानिसहरूमध्येका कुनै-कुनैले चोरी काम गरे । उनीहरूलाई ··· राजाको सम्मुख लगे – 'देव ! यो मान्छेले चोरी काम गऱ्यो ।' ··· " ··· के साँच्चै तिमीले अर्काको वस्तु चोरेर लिएका हौ ? "होइन, देव !" उनीहरूले चुक्ली गरे ।"

१७. "भिक्षु हो ! यसरी *(राजाले)* गरीवहरूलाई धन नदिएको कारण दरिद्रता बढ्यो··· *(पूर्ववत्)* ··· चुक्ली बढ्यो । चुक्ली गर्ने झन्झनै बढेको कारण ··· आयु र वर्ण घटेको कारण बीसहजार वर्ष आयु भएका मानिसहरूका छोराहरू दस हजार वर्ष आयुका भए ।

"भिक्षु हो ! दशहजार वर्ष आयु भएकामध्ये कोही कोही रूपवान् *(राम्रा)* भए कोही कोही कुरूप *(नराम्रा)* भए । त्यहाँ जो सत्त्व नराम्रा थिए उनीहरू राम्रा सत्त्वहरूको प्रेममा फसेर अर्काको स्त्रीहरूसित दुराचार *(व्यभिचार)* गरे ।

१८. "भिक्षु हो ! यसरी *(राजाले)* गरीवहरूलाई धन नदिएको कारण ···*(पूर्ववत्)* दुराचार बढ्यो । दुराचार बढेको कारण ··· आयु र वर्ण घटेको कारण दस हजार वर्ष आयु भएका मानिसहरूका छोरा पाँच हजार वर्ष आयुका भए ।"

१९. "भिक्षु हो ! पाँच हजारवर्ष आयु भएका मानिसहरूमा ··· दुईवटा कुरा बढे – कठोर वचन र निरर्थक प्रलाप गर्नु । कठोर वचन र निरर्थक प्रलाप बढेको कारण सत्त्व प्राणीहरूको आयु ··· वर्ण

Downloaded from http://www.dhamma.digital

घटेको कारण पाँच हजार वर्ष आयु भएका मानिसहरूका छोरा दुईहजार पाँच सय वर्ष आयुका भए ।

२०. "भिक्षु हो ! दुईहजार पाँच सय वर्ष आयु भएका मानिसहरूमा ··· दुईवटा कुरा बढे – अभिध्या *(अनुचित लोभ)* र व्यापाद *(हिंसा भाव)* । अभिध्या र व्यापाद बढेको कारण सत्त्व प्राणीहरूको आयु ··· वर्ण घटेको कारण दुई हजार पाँच सय वर्ष आयु भएका मानिसहरूका छोरा एक हजार वर्ष आयुका भए ।"

२१. "भिक्षु हो ! एक हजार वर्ष आयु भएका मानिसहरूमा ··· मिथ्यादृष्टि बढ्यो । मिथ्यादृष्टि बढेको कारण सत्त्व प्राणीहरूको आयु ··· वर्ण घटेको कारण एक हजार वर्ष आयु भएका मानिसहरूको छोरा पाँच सय वर्ष आयुका भए ।"

२२. "भिक्षु हो ! पाँचसय वर्ष आयु भएका मानिसहरूमा तीनवटा कुरा बढे – अधर्ममा राग, अनुचित लोभ र मिथ्या धर्म । यी तीनवटा कुरा बढेको कारण सत्त्व प्राणीहरूको आयु र वर्ण पनि घटे । ··· उनीहरूका छोराहरू कुनै दुईसय पचास वर्ष कुनै दुईसय वर्ष आयुका भए ।

"भिक्षु हो ! दुईसय पचास वर्ष आयु भएका मानिसहरूमा पाँचवटा कुरा बढ्यो – आमाप्रति गौरवको अभाव, बाबु *(पिता)*प्रति गौरवको अभाव, श्रमणप्रति गौरवको अभाव, ब्राह्मणप्रति गौरवको अभाव तथा परिवारका जेष्ठजनप्रति गौरवको अभाव ।

२३. "भिक्षु हो ! यसरी *(राजाले)* गरीब *(निर्धनी)* हरूलाई धन नदिएको कारण दरिद्रता बढ्यो *(फलस्वरूप क्रमिक रूपमा)* दरिद्रता बढेको कारण चोरी काम बढ्यो, चोरी काम बढेको कारण हात हतियार बढ्यो, हात हतियार बढेको कारण प्राणी हिंसा बढ्यो, प्राणी हिंसा बढेको कारण झूटा कुरा गर्ने बढ्यो, झूटा कुरा गर्ने बढेको कारण चुक्ली बढ्यो, चुक्ली बढेको कारण दुराचार बढ्यो, दुराचार बढेको कारण दुईवटा कुरा बढ्यो – कठोर वचन र निरर्थक प्रलाप, कठोर वचन र निरर्थक प्रलाप – यी दुई कुरा बढेपछि अभिध्या *(लोभ)* र व्यापाद बढ्यो, अभिध्या र व्यापाद बढेपछि मिथ्यादृष्टि बढ्यो, मिथ्यादृष्टि बढेपछि तीनवटा कुरा बढ्यो – अधर्ममा राग, अनुचित लोभ र मिथ्याधर्म, यी तीन कुरा ··· बढेपछि आमा, बाबु श्रमण, ब्राह्मण तथा परिवार का जेष्ठजनप्रति गौरवको अभाव भयो । यति कुरा बढेपछि सत्त्व प्राणीहरूको आयु ··· र वर्ण पनि घटे । ··· उनीहरूका छोराहरू सयवर्ष मात्र आयुका भए ।"

## ५. दश वर्ष आयु हुने समय

२४. "भिक्षु हो ! *(हुँदाहुँदै)* एक समय यस्तो पनि आउनेछ त्यस बेलाका मानिसहरूका छोराहरू दस वर्षको आयु भएका हुनेछन् । भिक्षु हो ! यी दस वर्ष आयु भएका मानिसको विवाहयोग्य समय *(पाँच वर्षको उमेरमा)* पाँच वर्ष उमेरकी केटीसित हुनेछ । भिक्षु हो ! दस वर्ष भएका मानिसहरूका निमित्त यी पाँच रसहरू अन्तर्धान *(लोप)* हुनेछ जस्तोकि घ्यू, मखन, तेल, मधु र नून । भिक्षु हो ! दशबर्ष आयु भएका मानिसको निमित्त त्यस बेला कोदो नै श्रेष्ठ खाद्य पदार्थ हुनेछ जस्तो कि हिजोआज शाली *(मार्सी)* धान, मांस भोजन श्रेष्ठ मुख्य मानिन्छ ··· ।"

"भिक्षु हो ! दस वर्ष आयु हुने मानिसहरूमा दस कुशल कर्मपथ सर्वथा बिलकुलै अन्तर्धान *(लोप)* भएर जानेछ । *(त्यसको ठाउँमा)* दस अकुशल कर्मपथ[५७३] अत्यधिक बढेर जानेछ । भिक्षु हो ! दस

---

५७३ दस कुशल कर्मपथ र दस अकुशल के के हुन् भनेको कुरा सङ्गीति-सुत्त पृ. ५३२, ५३३ मा हेर्नुहोला ।

Downloaded from http://www.dhamma.digital

वर्ष आयु हुने मानिसहरूमा कुनै पनि कुशल हुँदैन, त्यस्तो भएमा कुशल गर्ने पनि कोही हुँदैन । भिक्षु हो ! दस वर्ष आयु हुने मानिसहरूले आमा, बाबु, श्रमण, ब्राह्मण तथा परिवारको जेष्ठजनप्रति गौरव राख्दैनन् । ··· ती गौरव नराख्नेहरू नै त्यसबेला प्रशंसनीय हुनेछ, भिक्षु हो ! जस्तो आजभोलि आमा, बाबु, श्रमण, ब्राह्मण तथा परिवारको जेष्ठजनप्रति गौरव राख्नेहरूलाई प्रशंसा गरिन्छ । भिक्षु हो ! त्यसरी नै दशवर्ष आयु हुने मानिसहरूले आमा, बाबु, श्रमण, ब्राह्मण तथा परिवारको जेष्ठजनप्रति गौरव नराख्नेहरू नै त्यसबेला प्रशंसनीय हुनेछन् ।

"भिक्षु हो ! दशवर्ष आयु हुने मानिसहरूले भेडाबाखाले झैं, कुखुराले झैं, सुंगुरले झैं, कुकुरले झैं, स्यालहरूले झैं आफ्नै आमा पनि भन्दैन, सानी आमा पनि भन्दैन, माइजु पनि भन्दैन, आचार्य पत्नी पनि भन्दैन, ठूलावडाका पत्नी पनि भन्दैनन् ।

"भिक्षु हो ! दस वर्ष आयु हुने मानिसहरूमा परस्पर एक अर्काप्रति अति तीव्र आघात *(क्रोध)*, तीव्र व्यापाद *(प्रतिहिंसा)*, तीव्र दुर्भावना, तीव्र काट-मार गर्ने चित्त उत्पन्न हुनेछ । *(यहाँ सम्म कि)* आमा छोराप्रति, छोरा आमाप्रति, बाबु छोरा प्रति, छोरा बाबुप्रति, दाजु बहिनी प्रति, बहिनी दाजुप्रति अतितीव्र आघात, तीव्र व्यापाद, तीव्र दुर्भावना, तीव्र काट-मार गर्ने चित्त उत्पन्न हुनेछ । भिक्षु हो ! जस्तै *(उपमाको निमित्त)* कुनै व्याधाको मनमा कुनै मृगलाई देखेर तिब्र आघात ··· काट-मार गर्ने चित्त उत्पन्न हुन्छ, त्यस्तै गरी दशवर्ष आयु हुने मानिसहरूमा परस्पर एक अर्काप्रति अति तीव्र आधात ··· काट-मार गर्ने चित्त उत्पन्न हुनेछ । *(यहाँ सम्म कि)* आमा छोराप्रति, छोरा आमाप्रति, बाबु छोराप्रति, छोरा बाबुप्रति, दाजु बहिनीप्रति, बहिनी दाजुप्रति अति तीव्र आघात ··· काट-मार गर्ने चित्त उत्पन्न हुनेछ ।"

२५. "भिक्षु हो ! दस वर्षसम्म आयु हुने मानिसमा एक सातासम्म शस्त्र-अन्तर-कल्प *(सप्ताहपर्यन्त शस्त्रान्तरकल्प)* हुने छ । उनीहरू परस्पर एकले अर्कालाई मृग *(बध्य पशु)* झैं ठान्नेछन् । उनीहरूले तिखो धारिलो शस्त्र हातमा लिई 'यो मृग हो' 'यो मृग हो' भन्दै *(सम्झेर)* परस्पर एक्लै अर्कालाई मारकाट गर्नेछन् ।

२६. "भिक्षु हो ! अनि *(यसै बीच)* ती सत्त्वहरूमध्ये कसै-कसैका मनमा यस्तो हुनेछ – 'अब भने न मलाई अरू चाहिन्छ, न त अरूलाई नै म चाहिन्छु । अत: किन हामी कुनै घना घाँस भएको वनमा वा कुनै घना जंगल *(अरण्य)* मा व: कुनै नदीको कुनै दुर्गम स्थानमा वा कुनै विषम पर्वतमा गएर केवल कन्दमूल वा फल आहार गरी जीवन निर्वाह नगरौं ।' अनि एक सप्ताहपछि उनीहरू घना घाँस भएको वनबाट ··· विषय पर्वतवाट निस्की परस्पर एक अर्कालाई आलिङ्गन गरी – भो ! देख्यौं *(अरू पनि प्राणी रहेछन्)*, सत्त्व *(तपाईं)* जीवित रहून्, सत्त्व जीवित रहून् भनी शुभकामना व्यक्त गर्नेछन् ।"

## शंख भन्ने चक्रवर्ती राजा उत्पत्तिको भविष्यवाणी

२७. "भिक्षु हो ! अनि ती सत्त्वहरूको मनमा यस्तो हुनेछ – हामीले अकुशल धर्म *(पाप)* गरेका कारण यस प्रकार घोर *(भयङ्कर)* ज्ञाति नाश भयो । अत: हामीले कुशल *(पुण्य)* गर्नु पर्‍यो । के कुशल गर्नु पर्‍यो ? प्राणी हिंसा गर्नुबाट विरक्त हुनु पर्‍यो । यो कुशल धर्म ग्रहण गर्नु पर्‍यो । अनि उनीहरूले प्राणीहिंसाबाट विरक्त भई कुशल आचरण गर्नेछन् । यो कुशल धर्म ग्रहण गरेको कारण उनीहरूको आयु पनि वर्ण पनि वृद्धि हुन थाल्नेछ । आयु पनि वर्ण पनि वृद्धि हुँदै ती दस वर्ष भएका मानिसहरूका छोराहरू बीस बर्ष आयुका हुनेछन् ।"

Downloaded from http://www.dhamma.digital

"भिक्षु हो ! अनि ती सत्त्वहरूको मनमा यस्तो हुनेछ – 'हामीले कुशल धर्म ग्रहण गरेका कारण आयु पनि वर्ण पनि वृद्धि भइआएको छ । अत: हामीले अझ धेरै कुशल धर्म गर्नुपर्छ । के कुशल धर्म गर्नु पऱ्यो ? हामीले चोरी कामबाट विरक्त *(अलग)* हुनु पऱ्यो, मिथ्याचार *(व्यभिचार)* बाट विरक्त हुनु पऱ्यो, झूटा कुरा गर्नबाट विरक्त हुनु पऱ्यो, चुक्ली कुरा गर्नुबाट विरक्त हुनु पऱ्यो, कठोर *(कडा)* वचन गर्नुबाट विरक्त हुनु पऱ्यो, व्यर्थ प्रलाप गर्नुबाट विरक्त हुनु पऱ्यो, अनुचित्त लोभ छोड्नु पऱ्यो, व्यापाद *(हिंसाभाव)* छोड्नु पऱ्यो, मिथ्यादृष्टि छोड्नु पऱ्यो । साथै अधर्मप्रति राग, अनुचित लोभ, मिथ्या धर्म *(पाषण्ड)* – यी तीन मिथ्या धर्म छोड्नु पऱ्यो । आमा-बाबुप्रति गौरव राख्नु पऱ्यो, श्रमण, ब्राह्मण तथा परिवारका जेष्ठजनप्रति गौरव राख्नु पऱ्यो । यी कुशल धर्म धारण गरी आचरण गर्नु पऱ्यो । यसरी उनीहरूले आमा-बाबुप्रति गौरव राख्न थाल्नेछन्, श्रमण, ब्राह्मण तथा परिवारका जेष्ठजनप्रति गौरव राख्न थाल्नेछन् ।'

२८. यी कुशल धर्म धारण गरी आचरण गर्नेछन् । कुशल धर्म धारण गरी आचरण गर्दा आयु पनि, वर्ण पनि वृद्धि हुनेछन् । ती बीसवर्ष आयु भएका मानिसका छोराहरू चालीस वर्षको आयु भएका हुनेछन् । चालीस वर्ष आयु भएका मानिसका छोराहरू असी वर्षको आयु भएका हुनेछन् । असी वर्ष आयु भएका मानिसका छोराहरू छसय चालीस वर्षको आयु आयु हुनेछन् । छसय चालीस वर्ष आयुभएका मानिसका छोराहरूका दुईहजार वर्षको हुनेछ । दुईहजार वर्ष आयुभएका मानिसका छोराहरू चारहजार वर्षको आयु भएको हुनेछन् । चारहजार वर्ष आयुभएका मानिसका छोराहरू आठहजार वर्षको आयु भएको हुनेछन् । आठहजार वर्ष आयुभएका मानिसका छोराहरू बीसहजार वर्षको हुनेछन् । बीसहजार वर्ष आयुभएका मानिसका छोराहरू असीहजार वर्षको ... हुनेछन् । असी हजार वर्षको आयु हुनेछन् । भिक्षु हो ! ती असी हजार वर्ष आयु भएका मानिसहरूको विवाह पाँचशय वर्ष भएको स्त्रीसित हुनेछ । चालीसहजार वर्ष आयुभएका मानिसका छोराहरू चालीसहजार वर्षको हुनेछन् ।

## शंखराजको उत्पत्ति

Dhamma.Digital

२९. "भिक्षु हो ! ती असी हजारवर्ष आयु भएका मानिसहरूमा तीनवटा मात्र रोग हुनेछन् – इच्छा, उपवास र जरा *(वृद्धत्व)* । भिक्षु हो ! ती असीहजार वर्ष आयु भएका मानिसहरूको त्यस बेला जम्बुद्वीप समृद्ध र सम्पन्न हुनेछ – ग्राम, निगम, जनपद र राजधानीमा ती मानिसहरूको आवास भवन यति बाक्लो हुनेछ कि कुखुरा एउटा घरबाट अर्को घर सजिलैसित एउटै छलङ्ग मारेर जान सक्ने छ *(कुक्कुट सम्पातिका)* त्यस्तै नै जम्बुद्वीप अवीचि नरकसम्म मानिसहरूको खचाखच भरिभराउ आवादी हुनेछ । भिक्षु हो ! ... त्यसबेला जम्बुद्वीप यति जनाकीर्ण *(बाक्लो)* । भिक्षु हो ! ... त्यस बेला यही वाराणसी केतुमती नामबाट राजधानी हुनेछ जो घना बस्ती तथा धनधान्यले सम्पन्न हुनेछ । भिक्षु हो ! ... त्यसबेला जम्बुद्वीपमा केतुमती राजधानीसहित चौरासीहजार प्रमुख नगरहरू हुनेछन् । यहीं केतुमती राजधानीमा, भिक्षु हो ! त्यसबेला धार्मिक, धर्मराजा, चतुर्द्वीप विजेता, जनपद जनपदमा शान्तिस्थापक, सप्तरत्न सम्पन्न शङ्ख भन्ने एक चक्रवर्ती राजा हुनेछन् । उनिसित सात रत्न हुनेछ – (१) चक्ररत्न, (२) हस्तिरत्न, (३) अश्वरत्न, (४) मणिरत्न, (५) स्त्रीरत्न, (६) गृहपतिरत्न र (७) परिणायकरत्न । एकहजारभन्दा बढी शूर, बीर, बलवान् एवं शत्रुसेनामाथि प्रमर्दन गर्ने पुत्रहरू हुनेछन् । उनले सागरपर्यन्त यस पृथ्वीमा दण्ड र शस्त्र विना नै धर्मपूर्वक विजय गरी राज्य गर्नेछन् ।

Downloaded from http://www.dhamma.digital

## ६. मैत्रेय भगवान्को उत्पत्ति

३०. "भिक्षु हो ! ती असीहजार वर्ष आयु भएका मानिसहरूको समयमा लोकमा मैत्रेय भन्ने भगवान् अरहत् सम्यक्सम्बुद्ध ··· भगवान् उत्पन्न हुनुहुनेछ । उहाँले यसलोकमा ··· *(पूर्ववत्)* ··· साक्षात् गर्नुभई धर्मोपदेश गर्नुहुनेछ जसरी म ··· हिजो आज धर्मोपदेश गर्दैछु । उहाँले आदिकल्याण, मध्यकल्याण र पर्यवशान *(अन्त)* कल्याण हुने धर्मोपदेश गर्नु हुनेछ जसरी म ··· हिजो आज ··· गर्दैछु । हजारौं हजार भिक्षुहरूको सङ्घसाथ बस्नुहुनेछ जसरी म अहिले सयौं भिक्षुहरूको सङ्घसाथ बसिरहेको छुं ।

३१. "भिक्षु हो ! अनि त्यो चक्रवर्ती राजा शंख, राजा महापनाद *(महाप्रणाद)* द्वारा निर्माण गरेको यूप *(यज्ञ स्तम्भ)* वा प्रासाद *(पुनः)* विश्वकर्माबाट बनाउन लगाई तयार भएपछि त्यसमा निवास गरी त्यसलाई श्रमण ब्राह्मण, कृपण, बाटोमा हिंड्ने यात्री, साधु र याचकहरूलाई दान दिई मैत्रेय भगवान् अरहत् सम्यक्सम्बुद्ध सम्मुख केश, दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिक भई प्रव्रजित हुनेछन् । उनी यसरी उपसम्पन्न भएको केही छिन पछि एकान्तवासमा बसी अप्रमत भई, आतप्तयुक्त वीर्य गरिरहँदा चाँडै नै जसको निमित्त कुलपुत्रहरू सम्यक् रूपले घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छन् – त्यो अनुत्तर फल प्राप्त गरी ब्रह्मचर्यवास पूरा गरी यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी उपशान्त भई बस्नेछन् ।

## ७. आफ्नै द्वीप भई विहार गर

३२. "भिक्षु हो ! अत्तदीप *(आफ्नै द्वीप)* बनी विहार गर, आफ्नै शरण लेऊ, अर्काको शरण नलेओ । धर्मद्वीप *(धर्मद्वीप)* धर्म शरण भई विहार गर, अर्काको शरण नलेओ । भिक्षु हो ! कसरी भिक्षु अत्तदीप बनी विहार गर्ने, कसरी आफ्नै शरण लिने, अर्काको शरण नलिने ? कसरी धर्मद्वीप भई बस्ने, कसरी धर्मशरण भई विहार गर्ने, कसरी अर्काको शरण नलिने ? भिक्षु हो ! यहाँ भिक्षु कायमा कायानुपश्यी भई लोकमा अभिध्या, दौर्मनस्यलाई हटाई, आतप्त गरी सम्प्रज्ञानी भई, स्मृतिमान् भई विहार गर्छ, वेदनामा वेदनानुपश्यी भई ··· विहार गर्छ, चित्तमा चित्तानुपश्यी भई ··· विहार गर्छ, धर्ममा धर्मानुपश्यी भई ··· विहार गर्छ । भिक्षु हो ! यसरी भिक्षु अत्तदीप बनी विहार गर्छ, आफ्नै शरण लिन्छ, अर्काको शरण होइन । धर्मद्वीप धर्म शरण भई विहार गर्छ, अर्काको शरण होइन ।

### आफ्नै गोचरमा विचरण गर

३३. "भिक्षु हो ! आफ्नै पैतृक गोचरमा विचरण गर । भिक्षु हो ! आफ्नो पैतृक विषय गोचरमा विचरण गऱ्यो भने आयु पनि ··· वृद्धि हुनेछ, वर्ण पनि वृद्धि हुनेछ, सुख पनि वृद्धि हुनेछ, भोग पनि वृद्धि हुनेछ, बल पनि वृद्धि हुनेछ ।

"भिक्षु हो ! भिक्षुको आयु के हो ? भिक्षु हो ! यहाँ भिक्षु छन्दसमाधि-प्रधान-संस्कार-सम्पन्नागत ऋद्धिपादको भाविता गर्छ, वीर्य-समाधि-प्रधान-संस्कार-सम्पन्नागत ऋद्धिपादको भाविता गर्छ, चित्त-समाधि-प्रधान-संस्कार-सम्पन्नागत ऋद्धिपादको भाविता गर्छ, वीमंसा-समाधि-प्रधान-संस्कार-सम्पन्नागत ऋद्धिपादको भाविता गर्छ । यी चार ऋद्धिपादको भाविता गरेमा, बारबार अभ्यास गरेमा इच्छा भएमा

Downloaded from http://www.dhamma.digital

आफ्नो आयु कल्पभर वा कल्पावशेष *(कल्पभन्दा बढी)* सम्म पनि बाँच्न सक्छ। यही नै भिक्षुको आयु हो।"

"भिक्षु हो ! भिक्षुको वर्ण के हो ? भिक्षु हो ! यहाँ भिक्षु शीलवान् हुन्छ, प्रातिमोक्ष संयमले संयमित भई विहार गर्छ, आचार गोचर सम्पन्न भई बस्छ, सानोतिनो अकुशल कर्मदेखि भय देख्ने भई बस्छ, शिक्षापद अनुसार आचरण गरी बस्छ। भिक्षु हो ! भिक्षुको यही नै वर्ण हो।"

"भिक्षु हो ! भिक्षुको सुख के हो। भिक्षु हो ! यहाँ भिक्षु अनेक प्रकारको काम विषयबाट अलग भई अकुशलबाट अलग भई वितर्क विचारयुक्त भएको विवेकजः प्रीति सुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ …[५७४]… फेरि भिक्षु वितर्क विचारलाई उपशान्त गरी …[५७५]… द्वितीयध्यान … तृतीयध्यान …[५७६]… चतुर्थध्यान …[५७७]…। भिक्षु हो ! यहीं नै भिक्षुको सुख हो।

"भिक्षु हो ! भिक्षुको भोग के हो ? भिक्षु हो ! यहाँ भिक्षु मैत्रीयुक्त चित्तलाई एक दिशातिर फैलाई बस्छ …[५७८]… करुणा चित्तलाई पनि एक दिशातिर फैलाई बस्छ …[५७९]… मुदितायुक्त चित्तलाई एक दिशातिर फैलाई बस्छ …[५८०]… उपेक्षायुक्त चित्तलाई एक दिशातिर फैलाई बस्छ …[५८१]… भिक्षु हो ! यही नै भिक्षुको भोग हो।

"भिक्षु हो ! भिक्षुको बल के हो ? भिक्षु हो ! यहाँ भिक्षुले आस्रवलाई क्षय गरिसकेपछि अनास्रव चित्तको विमुक्ति, प्रज्ञाद्वारा विमुक्तिलाई यहीं नै जन्म *(जीवन)* मा अभिज्ञाद्वारा साक्षात्कार गरी विहार गर्छ। भिक्षु हो ! यही नै भिक्षुको बल हो।"

३४. "भिक्षु हो ! मैले यो बलको दाजोमा अरू कुनै पनि बल देख्दिन जसले त्यस्ता मार-बललाई जित्न सकोस्, ध्वस्त गर्न सकोस्। भिक्षु हो ! कुशल धर्मको कारण यसरी पुण्य वृद्धि हुनेछ।"

भगवान्ले यति भन्नुभयो। सन्तुष्ट भएका भिक्षुहरूले भगवान्को भाषणलाई अभिनन्दन गरे।

Dhamma.Digital

**चक्कवती-सुत्त समाप्त।**

---

५७४ पृष्ठ ६२ मा हेर्नु होला।
५७५ पृष्ठ ६२ मा हेर्नु होला।
५७६ पृष्ठ ६३ मा हेर्नु होला।
५७७ पृष्ठ ६३ मा हेर्नु होला।
५७८ पृष्ठ ४१४ मा हेर्नु होला।
५७९ पृष्ठ ४१४ मा हेर्नु होला।
५८० पृष्ठ ४१४ मा हेर्नु होला।
५८१ पृष्ठ ४१४ मा हेर्नु होला।

Downloaded from http://www.dhamma.digital

# ४. अग्गञ्ञ-सुत्त

### (अग्रगण्यसूत्र)

## १. वाशिष्ठ र भारद्वाज श्रामणेर बुद्धकहाँ गए

१. यस्तो मैले सुनें । एक समय भगवान् श्रावस्तीस्थित मृगारमाताको प्रासाद पूर्वाराममा बस्नुभएको थियो । त्यसबखत वाशिष्ठ र भारद्वाज *(श्रामणेर)* भिक्षुहरूका बीच, भिक्षुत्व *(उपसम्पदा)* को अपेक्षा गरेर बसेका थिए । भगवान् संध्या समयमा ध्यानबाट उठी प्रासादबाट ओर्ली प्रासादको पछाडितिरको खुला ठाउँमा टहल्न *(चङ्क्रमण)* लाग्नुभयो ।

२. वाशिष्ठ *(श्रामणेर)* ले भगवान्लाई संध्यासमयमा ध्यानबाट उठी, प्रासादबाट ओर्ली प्रासादको पछाडितिर खुला ठाउँमा टहलिरहनुभएको देखे । अनि भारद्वाज *(श्रामणेर)* लाई बोलाए – "हे आवुसो भारद्वाज ! भगवान् संध्यासमयमा ... प्रासादको पछाडितिर टहलिरहनुभएको छ । हामी भगवान्कहाँ जाऔं, भगवान्बाट केही न केही धर्मका कुराहरू सुन्न पाउनेछौ ।" "हुन्छ" भनी भारद्वाज *(श्रामणेर)* ले वाशिष्ठ *(श्रामणेर)* लाई प्रत्युत्तर दिए ।

३. अनि वाशिष्ठ र भारद्वाज *(श्रामणेर)* दुवै जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई, भगवान्लाई अभिवादन गरी एकछेउ लागी भगवान्सँग-सँगै टहल्न थाले । अनि भगवान्ले वाशिष्ठ *(श्रामणेर)* लाई आमन्त्रण गर्नुभयो – "हे वाशिष्ठ ! ब्राह्मण जाति-कुलबाट घर-बार छाडी प्रव्रजित भएका तिमीहरूलाई के ब्राह्मणहरूले उपहास तथा निन्दा गर्दैनन् ?"

"अँ, भन्ते ! ब्राह्मणहरू हामीलाई गाली र उपहास पनि गर्छन् । आफ्ना स्वभावानुसार उनीहरूले हामीलाई खूब गालिगर्छन्, उपहास पनि गर्छन् यसमा कुनै कसर बाँकी राखेका छैनन् ।"

"हे आवुसो वाशिष्ठ ! ब्राह्मणहरू आफ्ना स्वभावानुसार तिमीहरूलाई कसरी बेस्करी गाली र उपहास गर्छन् नि ?"

## ब्राह्मणहरू गाली गर्छन्

"भन्ते ! ब्राह्मणहरू यस्तो भन्छन् – 'ब्राह्मण मात्र श्रेष्ठ हुन्, अरू वर्ण हीन हुन् । ब्राह्मण मात्र शुक्लवर्ण हुन् अरू वर्णहीन हुन् । ब्राह्मणमात्र शुक्लवर्ण हुन् अरु वर्ण कृष्ण हुन् । ब्राह्मण मात्र शुद्ध हुन्छन् अरूहरू शुद्ध हुन्नन् । ब्राह्मण मात्र ब्रह्म मुखबाट निस्केका औरस पुत्र हुन् – ब्रह्मज, ब्रह्मनिर्मित तथा ब्रह्मदायाद हुन् । तिमीहरू श्रेष्ठवर्ण छाडी हीन भएका, कृष्ण भएका ब्रह्माको पैतालाबाट निस्केका मुण्डक श्रमणकहाँ गयौं । तिमीहरूको लागि यो राम्रो होइन, उचित होइन । जोकि

Downloaded from http://www.dhamma.digital

तिमीहरू श्रेष्ठबाट छाडी हिनार्थ भएका ··· श्रमणकहाँ गएकाछौ ।' यसरी, भन्ते ! हामीहरूलाई ब्राह्मणहरू आफ्ना स्वभाव अनुरूप बेस्करी गालिगर्छन् उपहाँस पनि गर्छन् । यसमा कुनै कसर बाँकी राखेको छैनन् ।"

## ब्राह्मण नै श्रेष्ठवर्ण हुन्

४. "हे वाशिष्ठ ! केही छैन । ब्राह्मणहरूले आफ्ना पुराना *(अतीतको)* कुरा संस्मरण गरी यस्तो भनेका हुन् :- '**ब्राह्मण नै श्रेष्ठ हुन्** अरू वर्ण हीन *(नीच)* हुन् ··· ब्राह्मण मात्र ब्रह्माका मुखबाट निस्केका औरस पुत्र हुन् ··· ब्रह्मदायद हुन् ।' हे वाशिष्ठ ! ब्राह्मणहरूका ब्राह्मणीहरू ऋतुमती भएका, गर्भिणी भएका, बालक जन्माएका र दूध ख्वाउने पनि देखिन्छन् । ती ब्राह्मणहरू योनिज भइकन पनि यस्तो भन्छन् - 'ब्राह्मण नै श्रेष्ठ वर्ण हुन् अरू वर्ण हीन हुन् ··· ब्राह्मण मात्र ब्रह्माका मुखबाट निस्केका औरस पुत्र हुन् ··· ।' तिनीहरूले ब्रह्मालाई पनि झूटो आरोप लगाएका छन्, झूटा कुरा पनि गर्छन्, धेरै अपुण्य पनि कमाउँछन् ।"

## २. चारैवर्णमा कुशलाकुशल हुन्छन्

५. "हे वाशिष्ठ ! चार वर्ण यी हुन् :- 'क्षत्री, ब्राह्मण, वैश्य र शूद्र । क्षत्रीहरूमध्येमा पनि यहाँ कुनै-कुनै मानिस प्राणीहिंसा गर्ने, चोरी गर्ने, काममिथ्याचार गर्ने, झूटा बोल्ने, चुक्ली लगाउने, कठोर बोली बोल्ने, सम्प्रलाप गर्ने, लोभी, द्वेषी र मिथ्या धारण गर्ने पनि हुन्छन् । यस्तै गरी जुन धर्म अकुशल हुन्, अकुशलमा गनिने, सावद्य, सावद्यमा गनिने, असेवनीय, असेवनीयमा गनिने, अनार्य, अनार्यतामा गनिने, कृष्ण, कृष्णविपाकी, विज्ञहरूले निन्दा गर्ने - त्यस्ता मानिसहरू पनि क्षत्रीहरूमा देखिन्छन् । ब्राह्मणहरूमध्येमा पनि ···, वैश्यहरूमध्येमा पनि ···, शूद्रहरूमध्येमा पनि यहाँ कुनै-कुनै मानिस प्राणीहिंसा गर्ने, ··· मिथ्याधारणा गर्ने पनि हुन्छन् । त्यस्तैगरी जुन धर्म अकुशल हुन् ··· विज्ञहरूले निन्दा गर्ने हुन् त्यस्ता मानिसहरू पनि शूद्रहरूमा देखिन्छन् ।'

"हे वाशिष्ठ ! क्षत्रीहरूमध्येमा पनि यहाँ कुनै-कुनै मानिस प्राणीहिंसाबाट अलग भएको देखिन्छन्, चोरीबाट···, काममिथ्याचारबाट ··· , झूटाबाट ··· , चुकुलीबाट ··· , कटुबोलीबाट ··· , सम्प्रलापबाट अलग भएका देखिन्छन्, निर्लोभी, दयालु र सम्यक् दृष्टि धारणा गर्ने पनि हुन्छन् । यस्तैगरी जुन कुशल धर्म हुन्, कुशलता गनिने, निरवद्य, निरवद्यतामा गनिने, सेवनी, सेवनीयमा गनिने, आर्य, आर्यमा गनिने, शुक्ल, शुक्लविपाकी, विज्ञहरूले प्रशंसा गर्ने - त्यस्ता मानिसहरू पनि क्षत्रीहरूमा देखिन्छन् । ब्राह्मणहरूमध्येमा पनि ··· , वैश्यहरूमध्येमा पनि ···, शूद्रहरूमध्येमा पनि यहाँ कुनै-कुनै मानिस प्राणीहिंसाबाट अलग भएका देखिन्छन्, चोरीबाट ··· सम्प्रलापबाट अलग भएका देखिन्छन्, निर्लोभी, दयालु र सम्यक्दृष्टि धारणा गर्ने पनि हुन्छन् । यस्तैगरी जुन कुशल धर्म हुन्, कुशलतामा गनिने ··· , विज्ञहरूले प्रशंसा गर्ने - त्यस्ता मानिसहरू पनि शूद्रहरूमा देखिन्छन् ।

Downloaded from http://www.dhamma.digital

## चारैवर्णमा भिक्षु श्रेष्ठ

६. "हे वाशिष्ठ यी चारैवर्णमा अकुशल र कुशल गर्ने पनि छन्, विद्वानद्वारा निन्दित र प्रशंसित पनि छन् – यी दुवै कार्य गर्ने भइकन पनि कसरी ब्राह्मणहरू भन्छन् कि – 'ब्राह्मण नै श्रेष्ठवर्ण हुन्, अरू वर्ण हीन हुन् ··· ।' यी कुरालाई विद्वान्हरू मान्दैनन् र अनुमोदन पनि गर्दैनन् । किन भने ? यही चारवर्णबाट जो भिक्षु, अर्हत् क्षीणास्रव, ब्रह्मचर्यवास पूरा भएका, कृतकृत्य, भारमुक्त, स्व-अर्थ प्राप्त, भव-बन्धन मुक्त र सम्यक्ज्ञानी भई विमुक्त हुन्छ, – सोही भिक्षु – धर्मद्वारा नै अधर्मद्वारा होइन – सबैभन्दा अग्रगण्य हुन्छ । हे वाशिष्ठ ! मनुष्यहरूमा इहलोक र परलोकका निमित्त धर्म नै श्रेष्ठ छ ।

७. "हे वाशिष्ठ ! मनुष्यहरूमा इहलोक र परलोकका निमित्त धर्म नै श्रेष्ठ छ भनी यस प्रकारले पनि बुझ्नुपर्छ :–

"श्रमण गौतम शाक्यकुलबाट प्रव्रजित भएको भनी राजा प्रसेनजित् कोशललाई थाहा छ । राजा प्रसेनजित् कोशलकै वशमा शाक्यहरू छन् । शाक्यहरू, राजा प्रसेनजित् कोशललाई आदर, अभिवादन, प्रत्युत्थान, नमस्कार तथा स्वागत गर्छन् । शाक्यहरू जसरी राजा प्रसेनजित्लाई आदर ··· तथा स्वागत गर्छन् त्यस्तैगरी राजा प्रसेनजित् कोशलले तथागतलाई आदर, अभिवादन, प्रत्युत्थान, नमस्कार तथा स्वागत गर्छन् । 'श्रमण गौतम असल कुलका हुनुहुन्छ, म कमसल कुलको छु; श्रमण गौतम राम्रो हुनुहुन्छ, म नराम्रो छु; श्रमण गौतम प्रतिभाशाली हुनुहुन्छ, म अ-प्रतिभाशाली छु' भनी सोचेर स्वागत गरेका होइनन् परन्तु धर्मलाई नै सत्कार गर्दै, धर्मलाई नै गौरव राख्दै, धर्मलाई नै मान्दै तथा धर्मलाई नै पूजा स्वागत गर्दै राजा प्रसेनजित् कोशलले तथागतलाई आदर ··· तथा स्वागत गरेका हुन् । यो उदाहरणले पनि बुझ्नुपर्छ कि मनुष्यहरूमा इहलोक र परलोकका निमित्त धर्म नै श्रेष्ठ छ ।"

### तथागतको धर्मकाय

८. "हे वाशिष्ठ ! यहाँ नाना नाउँका, नाना जातिका, नाना गोत्रका, नाना कुलका तिमीहरू घर-बार छाडी प्रव्रजित भएका हौ । 'अब, तिमी को हौ ?' भनी सोधे भने, 'श्रमण-शाक्यपुत्र हौं' भनी भन्ने छौ । यहाँ तथागतमाथि जसको श्रद्धाले, श्रमण-ब्राह्मण-देव-मार तथा ब्रह्मादि कसैले पनि चलाउन नसक्ने गरी अटल तथा बलियोसँग जरो हालि सकेको छ, त्यस्तालाई मात्र – 'भगवान्का औरसपुत्र, मुखबाट जन्मेका, धर्मबाट जन्मेका, धर्मनिर्मित तथा धर्मदायाद' भनी भन्न सुहाउँछ । धर्मकाय भने पनि तथागत कै नाउँ *(अधिवचन)* हो, ब्रह्मकाय भने पनि ··· , धर्मभूत भने पनि ··· , ब्रह्मभूत भनेपनि तथागतकै अधिवचन *(नाउँ)* हो ।"

## ३. यो लोकको संवर्त र विवर्त

९. "हे वाशिष्ठ ! धेरै धेरै समय बितिसके पछि एक त्यस्तो समय आएको थियो जब कि यो लोक संवर्त *(प्रलय)* भयो । प्रलय भएपछि लोकमा बस्ने धेरैजसो सत्त्वहरू आभास्वर लोकवासी भए । ती त्यहाँ मनोमय, प्रीतिभक्षी, स्वयंप्रभा, आकाशचारी तथा शुभस्थायी भई दीर्घकालसम्म बसे ।"

Downloaded from http://www.dhamma.digital

"हे वाशिष्ठ ! धेरै धेरै समय बितिसकेपछि एक त्यस्तो समय आएको थियो जब कि यो लोक विवर्त *(उद्घाटन)* भयो । यो लोक विवर्त हुने बेलामा धेरैजसो सत्त्वहरू आभास्वरकायबाट च्युत भई यहाँ आए । पछि तिनीहरू यहाँ मनोमय, प्रीतिभक्षी भई दीर्घकालसम्म बसे ।"

## रसमय पृथ्वीको उत्पत्ति

१०. "हे वाशिष्ठ ! त्यस समय जलमय थियो । सर्वत्र अन्धकार थियो । चन्द्र-सूर्य देखिँदैनथे । नक्षत्र-तारकाहरू देखिँदैनथे । रात दिन छुट्टिँदैनथ्यो । महिना-अर्धमहिना छुट्टिँदैनथ्यो । ऋतु र वर्ष पनि छुट्टिँदैनथ्यो । स्त्री-पुरुष चिन्हिँदैनथे । 'सत्त्व, सत्त्व' भन्नेमात्र संज्ञा हुन्थ्यो । अनि धेरै धेरै समय बितिसकेपछि त्यस्तो समय आयो जबकि दूधको तर लागे जस्तै पानीमा रसयुक्त पृथ्वी जम्यो । त्यो नवनीत तथा घ्यूले भरिएको भैं वर्ण-गन्ध-रस सम्पन्न थियो । त्यसको स्वाद मधुमक्षिकाको जस्तो स्वादपूर्ण थियो । तब कुनै लोभी-लालची स्वभावको सत्त्वले 'यो के रहेछ' भनी औंलाद्वारा रस-पृथ्वी चाख्यो । रस-पृथ्वीको स्वाद लिनासाथ उसको शरीरभरी रसास्वाद फैलियो र उसको मनमा तृष्णा उत्पन्न भयो । अरू अरूले पनि उसको अनुकरण गरी रस-पृथ्वी औंलाद्वारा चाटेर हेरे । रस-पृथ्वीको स्वाद लिनासाथ उनीहरूको शरीरभरी रसास्वाद फैलियो र उनीहरूको मनमा पनि तृष्णा उत्पन्न भयो ।"

## चन्द्र-सूर्यको प्रादुर्भाव

११. "हे वाशिष्ठ ! ती सत्त्वहरूले रस-पृथ्वी हातले कवल कवल लिई खाए । जब उनीहरूले रस-पृथ्वीलाई कवल कवल लिई हातले खानथाले तब तिनीहरूको स्वयं-प्रभा अन्तर्धान भयो । स्वयं-प्रभा अन्तर्धान भएपछि चन्द्र-सूर्य प्रादुर्भाव भए । चन्द्र-सूर्य प्रादुर्भाव भएपछि नक्षत्र-तारकाहरू प्रादुर्भाव भए । नक्षत्र-तारकाहरू प्रादुर्भाव भएपछि रात र दिन भयो । रात र दिन भएपछि महिना र अर्धमहिना भयो । महिना र अर्धमहिना भएपछि ऋतु र वर्ष भयो । यसरी यो लोक पुनः विवर्त भयो ।"

१२. "हे वाशिष्ठ ! अनि ती सत्त्वहरू रस-पृथ्वी खाई धेरै धेरै दिनसम्म बसे । जति जति ती सत्त्वहरूले रस-पृथ्वी खाँदैगए उति उति तिनीहरूका शरीरमा कर्कशपन पैदा हुन थाल्यो । वर्णमा विकारता पनि देखिन थाल्यो । कोही राम्रा नराम्रा पनि देखिन थाले । जो सुन्दर छन् तिनीहरूले नराम्रालाई अवहेलना गर्न थाले – 'हामी राम्रा छौं, तिमीहरू नराम्रा छौ ।' तिनीहरूको आफ्ना वर्णमा मान, अभिमान भएकोले रस-पृथ्वी अन्तर्धान भयो । अन्तर्धान भएपछि उनीहरू एकत्रित भई, 'अहो रस ! अहो रस !' भनी कराउन थाले, कराउँदै थुक निल्न थाले । जस्तो कि यहाँ कुनै मानिसले सु-रस खाई – 'अहो रस ! अहो रस !' भन्छन् त्यस्तैगरी भन्न थाले । त्यही अघि*(अतीत समयमा)* खाएको अग्ररसका कुरा सम्भना गर्न थाले, तर त्यसको अर्थ बुझ्न सकेनन् अर्थात् संवर्त कल्पको कुरा मनमा सम्भना भएर आएको चाहिं बुझ्न सकेनन् ।

## भूमि-पर्पट रस प्रादूर्भाव

१३. "हे वाशिष्ठ ! अनि ती सत्त्वहरूको रस-पृथ्वी अन्र्तधान भएपछि नागको फणी *(अहिच्छत्त)*

Downloaded from http://www.dhamma.digital

जस्तो भूमि-पर्पट *(पत्र पत्र)* रस प्रादुर्भाव भयो । त्यो वर्ण सम्पन्न, गन्ध सम्पन्न र रस-सम्पन्न थियो । घ्यूले भरिएको मक्खन जस्तो र क्षुद्रमधुको स्वाद जस्ता थियो ।"

१४. "हे वाशिष्ठ ! अनि ती सत्त्वहरूले भूमि-पर्पट-रस खाए । त्यो रस खाई तिनीहरू धेरै धेरै समयसम्म बसे । जति जति ती सत्त्वहरू भूमि-पर्पट-रस खाएर बस्न थाले उति उति ती सत्त्वहरूलाई क्षारत्व बढ्नलाग्यो । वर्ण विकारता पनि देखिन थाल्यो । कोही राम्रा, कोही नराम्रा पनि देखिन थाले । जो सुन्दर छन् तिनीहरूले नराम्रालाई अवहेलना गर्नथाले – 'हामी राम्रा छौ, तिमीहरू नराम्रा छौ ।' तिनीहरूको आफ्ना वर्णमा मान, अभिमान भएकोले भूमि-पर्पट-रस अन्तर्धान भयो । भूमि-पर्पट-रस अन्तर्धान भएपछि उनीहरू एकत्रित भई 'अहो रस ! अहो रस !' भनी कराउन थाले … ।

## भद्रलताको प्रादुर्भाव

१४. "हे वाशिष्ठ ! अनि ती सत्त्वहरूको त्यो भूमि-पर्पट-रस अर्न्तधान भएपछि कलम्बु *(सरकण्ड)* झैं प्रादुर्भाव भयो । त्यो वर्णसम्पन्न … थियो । घ्यूले भरिएको मक्खन जस्तो … थियो ।

"हे भारद्वाज ! अनि ती सत्त्वहरूले सो भद्रलता खाए । भद्रलता खाएर ती सत्त्वहरू धेरै धेरै सम्म बसे । जति जति सत्त्वहरूले सो भद्रलता खाए उति उति … आफ्ना वर्णमा मान, अभिमान भएकोले भद्रलता अन्तर्धान भयो । भद्रलता अन्तर्धान भएपछि उनीहरू एकत्रित भई – 'अहो रस ! अहो रस !' भनी कराउन थाले … ।"

## विना जोताईको धान

१५. "हे वाशिष्ठ ! अनि सत्त्वहरूको भद्रलता अर्न्तधान भएपछि विना जोताईले पाकेको, कनिका नभएको, भूस नभएको, शुद्ध, सुगन्धित तण्डुलफल *(चामल गेडा)* प्रादुर्भाव भयो । अनि उनीहरूले बेलुकी खानका लागि संध्याकालमा र बिहान खानका लागि बिहानै पाकेको चामल काटेर ल्याउँदथे । भोलिपल्ट पुनः त्यस ठाउँमा जस्ताका तस्तै भईरहन्थ्यो । बिहान र साँझ ल्याएको ठाउँ चिन्न सकिंदैनथ्यो । खण्ड खण्ड भएको देखिन्नथ्यो । अनि ती सत्त्वहरू सोही विना जोताईले फलेको तन्डुलफल *(चामल)* खाँदै धेरै धेरै समयसम्म बसे ।

## स्त्री-पुरुषको चिन्ह प्रादुर्भाव

१६. "हे वाशिष्ठ ! जति जति उनीहरूले विना जोताईले फलेको चामल खाँदैगए उति उति नैं, धेरै समयपछि, उनीहरूको क्षारत्वमा वृद्धि भई वर्णविकारता पनि बढ्दै गयो । स्त्रीहरूको स्त्री लिङ्ग र पुरुषहरूको पुरुष-लिङ्ग प्रादुर्भाव भयो । स्त्रीले पनि पुरुषलाई, पुरुषले पनि स्त्रीलाई धेरै बेरसम्म आँखा गाडि हेर्न थाले । धेरै बेरसम्म परस्परमा हेरीरहँदा राग उत्पन्न भयो । शरीरमा जलन उत्पन्न भयो । जलनको कारणले परस्पर मैथुन सेवन गरे ।

"हे वाशिष्ठ ! उनीहरूले परस्पर मैथुन सेवन गरेको देखेर त्यस बखतमा, उनीहरूमाथि कसैले धूलो फ्याँके, कसैले हिलो छ्यापे र कसैले गोबर छ्याप्दै भने – 'हे असुचिहरू हो ! तिमीहरूको नाश

Downloaded from http://www.dhamma.digital

होस् ! कसरी सत्त्वमाथि सत्त्वले यस्तो काम गर्छ !' जस्तो आजकल पनि यहाँ कुनै-कुनै जनपदमा नयाँ दुलही लैजाँदा धूलो फ्याँक्छन् ··· । त्यस्तै उनीहरूले सोही पुरानो *(अतीत समयको)* कुरालाई अनुस्मरण गर्छन् । तर त्यसको अर्थ बुझ्न सक्दैनन् अर्थात् संवर्त कल्पमा अनुभव गरिसकेको संस्कार सम्झना हुन्छ तर उनीहरूले त्यसलाई बुझ्न सक्दैनन् ।

## मैथुनको कारणले घरबारको शृष्टि

१७. "हे वाशिष्ठ ! त्यस बखतको अधर्म सम्मत आजकल यहाँ धर्मसम्मत छ । त्यस बखतमा जसले मैथुन-धर्म सेवन गर्‍यो, त्यसले महिना दुईमहिनासम्म पनि गाउँ र निगममा जान पाउँदैनथ्यो । यसरी सत्त्वहरू सोही असद्धर्ममा धेरै बेरसम्म बस्न थाले । अनि सोही असद्धर्मलाई छोप्नको निमित्त घरहरूको तर्जुमा गरे । एकदिन कुनै अल्छी स्वभाव भएको सत्त्वको मनमा यस्तो लाग्यो – 'हेर ! किन यो दिनका दिन बिहानको लागि बिहानै र बेलुकाको लागि बेलुकै खेतमा गई धान काटी ल्याउने, किन यो कष्ट गरिरहने; बरू बिहान र बेलुकिलाई पुग्नेगरी दिनमा एकैपटक ल्याई राखौं ।' अनि उसले त्यस्तै गर्‍यो । त्यसकहाँ अर्को सत्त्व गएर, 'आऊ, हामी चामल लिन जाऔं !' भन्यो । यस्तो भन्दा उसलाई यस्तो भन्यो – 'हे सत्त्व ! मैले एकै पटकमा साँझ र बिहानलाई पुग्नेगरी ल्याइसकेको छु ।'

"हे वाशिष्ठ ! अनि त्यो सत्त्वले 'यस्तो गर्नु झन् बेश हुनेछ' भन्दै उसको अनुकरण गर्दै एकैचोटि दुईदिनलाई पुग्नेगरी चामल ल्यायो । अर्को सत्त्व त्यसकहाँ गई – 'आऊ, हामी चामल लिन जाऔं' भन्दा उसले भन्यो – 'हे सत्त्व ! भइहाल्यो, मैले एकैचोटि दुईदिनलाई पुग्नेगरी ल्याइसकेको छु ।' यो कुरो सुनी त्यो सत्त्वले 'यस्तो गर्नु झन् बेश हुनेछ' भन्दै उसको अनुकरण गरी एकैचोटि चारदिनसम्म पुग्नेगरी चामल ल्यायो । अर्को सत्त्व त्यहाँगई चामल लिन जान बोलाउँदा, उसले चारदिनसम्म पुग्नेगरी ल्याइसकें भनी भनेको सुनी उसले पनि उसको अनुकरण गर्दै आठ दिनसम्मलाई पुग्नेगरी चामल ल्यायो । यसरी दृष्टानुगतिक हुँदै उनीहरूले चामल जगेडा राखी खान थालेपछि चामलमा कनिका पनि भयो, भूसले पनि चामल ढाक्यो । बाली काटेको ठाउँमा पुनः धान पनि उम्रेन । बाली काटेको ठाउँ बाँझै भयो । खण्ड खण्ड छुटियो ।

## व्यक्तिगत सम्पत्तिको शृष्टि

१८. "हे वाशिष्ठ ! ती सत्त्वहरू एकत्रित भई भन्न थाले – 'सत्त्वहरूका बीच पापधर्म उत्पन्न भयो । हामीहरू पहिले मनोमय, प्रीतिभक्षी, स्वयं-प्रभा, अन्तरीक्षचारी थियौं । शुभस्थायी भई दीर्घकालसम्म बस्यौं । अनि धेरै समय बितिसकेपछि रस-पृथ्वी पानीमा उत्पन्न भयो । त्यो गन्ध सम्पन्न ··· थियो । त्यो रस-पृथ्वीलाई हामीले औंलाले चाटेर खान खोज्यौं । रस-पृथ्वी औंलाले चाटेर खाएपछि हामीहरूको स्वयं-प्रभा अन्तर्धान भयो । स्वयं-प्रभा अन्तर्धान भएपछि चन्द्र-सूर्य, नक्षत्र-तारागण, रात-दिन, महिना-अर्धमहिना र ऋतु तथा वर्ष उत्पन्न भए । रस-पृथ्वी आहार गर्ने भएका हामीहरू त्यहाँ खाँदै धेरै धेरै समयसम्म बसेका थियौं । सोही अकुशलमय पापकर्मको उत्पत्तिले गर्दा रस-पृथ्वी अन्तर्धान भयो ।'

"रस-पृथ्वी अन्तर्धान भएपछि भूमि-पर्पट-रस प्रादुर्भाव भयो । त्यो पनि वर्णसम्पन्न ··· थियो । हामीले त्यसलाई खायौं । भूमि-पर्पट-रस खाई धेरै धेरै समय बितायौं । सोही अकुशलमय पापकर्मको

Downloaded from http://www.dhamma.digital

उत्पत्तिले गर्दा भूमि-पर्पट-रस पनि अन्तर्धान भयो ।"

"भूमि-पर्पट-रस अन्तर्धान भएपछि भद्रलता उत्पन्न भयो ··· । भद्रलता अन्तर्धान भएपछि विना जोताईले पाकेको चामल *(तण्डुलफल)* उत्पन्न भयो । हामी सो तण्डुलफल संध्याका लागि संध्याकालमै र बिहानका लागि बिहानै ल्याउने गर्दथ्यौं । जुन ठाउँबाट तण्डुलफल ल्याउँथ्यो सो ठाउँमा पुन: तण्डुलफल पाकीरहन्थ्यो । खण्ड खण्ड देखिएका थिएन । हामीहरू सोही खाइकन धेरै समयसम्म बसेका थियौं । हामीमा अकुशलयुक्त पापधर्म उत्पन्न भएकोले चामलमा कनिका भई भूस पनि भयो । धान काटेको ठाउँमा पुन: उम्रेर पनि आएन । काटेको ठाउँ बाँभै भयो । खण्ड खण्ड पनि भयो । त्यस्तो भएको हुँदा धान बाली बाँडन थाल्यौ र सिमाना पनि छुटचायौं ।"

## चोरी (अदिन्नादान) को उत्पत्ति

१९. "हे वाशिष्ठ ! ती सत्त्वहरूले धानको बाली भाग लगाए, मर्यादा छुटचाए । अनि कुनै लोभी स्वभावको सत्त्वले आफ्नो भाग रक्षा गर्दै अर्काको भाग *(खेत)* बाट धान चोरी *(अदिन्नादान)* गरी लिन थाल्यो । अनि त्यसलाई समाती यस्तो भने – 'हे सत्त्व ! तैले पापकर्म गरिस् ! आफ्नो भाग रक्षा गर्दै अर्काको भाग *(खेत)* बाट, नदिइएको धान आफैले लिई *(चोरी गरी)* खाई रहेछस् । फेरि यस्तो काम नगर ।' 'हुन्छ' भनी उसले प्रत्युत्तर दियो । तर दोस्रो पटक पनि, तेस्रो पटक पनि उसले ··· लिएरै खायो । उसलाई समाती फेरि भने – 'हे सत्त्व ! तैंले पापकर्म गरिस्' भन्दै कसैले हातले, कसैले लट्ठीले र कसैले दण्डाले पिटे । यहींदेखि अदिन्नादान *(चौरकर्म)* को शुरुवात, गाली निन्दाको शुरुवात, भूटो कुराको शुरुवात र दण्डाको पनि शुरुवात भयो ।

## चारैवर्णको उत्पत्ति

Dhamma.Digital

२०. (१) **क्षत्रीको उत्पत्ति** – "हे वाशिष्ठ ! अनि ती सत्त्वहरू एकत्रित भई यस्तो भन्न थाले – 'सत्त्वहरूमा पापकर्म उत्पन्न भयो, अदिन्नादान *(चोरी)*, निन्दा मृषावाद, दण्डग्रहण पनि देखिन थाले । अत: हामीहरूले त्यस्तो कुनै सत्त्वलाई निर्वाचन *(सम्मत)* गरौं जसले हामीलाई उचित कुरा भन्नेछ, निन्दनीयलाई निन्दा र निकाल्न पर्नेलाई निकाल्नेछ । उनलाई हामी चामल-भाग दिनेछौ ।' अनि उनीहरूले जुन पुरुष रूपवान, दर्शनीय, प्रासादिक र आनुभाव सम्पन्न थियो त्यसकहाँ गई यस्तो भने – 'हे पुरुष ! तिमी आऊ ! भन्नुपर्नेलाई भन, निन्दा गर्नुपर्नेलाई निन्दा गर तथा निकाल्नु पर्नेलाई निकाल । हामीहरू तिमीलाई चामल-भाग दिनेछौ ।' 'हुन्छ' भनी त्यो पुरुषले भन्नु पर्नेलाई भन्यो, निन्दा गर्नु पर्नेलाई निन्दा गऱ्यो तथा निकाल्नु पर्नेलाई निकाल्यो । तिनीहरूले उसलाई चामल-भाग दिए ।

२१. "हे वाशिष्ठ ! महाजनहरूले सम्मत गरेको हुनाले 'महासम्मत' भन्ने प्रथमशब्द उत्पन्न भयो । क्षेत्र *(सिमाना)* को अधिपति भएको हुँदा 'क्षत्रिय' भन्ने दोस्रो शब्द उत्पन्न भयो । धर्मतापूर्वक अरूलाई रञ्जित *(प्रेम, स्नेह, ममता)* गर्थे भन्ने अर्थले 'राजा, राजा' भन्ने तृतीय शब्द प्रादुर्भाव भयो ।

"हे वाशिष्ठ ! यसरी क्षत्रीमण्डलका उही नै सत्त्व अर्थात् संवर्तकल्पमा क्षत्री भइसकेको पुरुषको उही नै पुरानो नाम *(शब्द)* प्रादुर्भाव भयो अर्थात् संवर्तकल्पमा भइसकेको क्षत्री शब्द उत्पन्न भयो । सदृशता भएकै पुरुष असदृशता भएको होइन् । धर्मताकै कारणले, अधर्मताको कारणले होइन । अत: मनुष्यलोकमा इहलोक र परलोकको निमित्त धर्म नै श्रेष्ठ छ ।"

Downloaded from http://www.dhamma.digital

२२. (२) **ब्राह्मणको उत्पत्ति** – "हे वाशिष्ठ ! ती सत्त्वहरूका बीचबाट नै कसैको मनमा यस्तो लाग्यो – 'सत्त्वहरूका बीचमा पापधर्म उत्पन्न भयो जसबाट – अदिन्नादान *(चोरी)*, निन्दा, मृषावाद, दण्डग्रहण र निष्काशन पनि देखिए । हामीहरूले अकुशल पापधर्मलाई प्रवाह गरौं *(बगाइद्यौं)* ।' अनि उनीहरूले अकुशल पापकर्मलाई प्रवाह गरे । अकुशल पापकर्मलाई प्रवाह गरेको हुनाले 'ब्राह्मण ब्राह्मण' भन्ने प्रथम शब्द उत्पन्न भयो । उनीहरू अरण्यायतनमा पर्णकुटी बनाई त्यसमा बसी ध्यान गर्दथे । साँझमा खानको लागि संध्याकालमै, बिहान खानको लागि बिहानै, – आफुले पकाउन नपर्ने – गाउँ, निगम र राजधानीमा भिक्षामागी हिंड्थे । भिक्षा प्राप्त गरी आफ्नै अरण्यायतनको पर्णकुटीमा फर्की ध्यान गर्थे । मानिसहरू उनीहरूलाई देखेर यस्तो भन्थे – 'यिनीहरू अरण्यायतनमा पर्णकुटी बनाई त्यहाँ बसी ध्यान गर्छन् । गाउँ, निगम र राजधानीमा भिक्षा माग्छन् । भिक्षा प्राप्त गरी आफ्नै पर्णकुटीमा फर्की ध्यानगरी बस्छन् ।' यसरी ध्यान गर्ने हुनाले, 'ध्यानी, ध्यानी' भन्ने दोस्रो शब्द उत्पन्न भयो ।"

"उनीहरूकै बीचबाट केही सत्त्वहरू अरण्यायतन पर्णकुटीमा नबसी, गाउँ, निगम नजिक बसी ग्रन्थ रचना गर्न थाले, ध्यान गर्न छाडि दिए । उनीहरूलाई मानिसहरूले देखी यस्तो भने – 'यी सत्त्वहरूले अरण्यायतनमा बसी ध्यान गर्न छाडिदिए, गाउँ, निगमको नजिकमा बसी ग्रन्थ लेख्दछन् । अब यिनीहरू ध्यान गर्दैनन् भनी, 'अध्यापक' *(अल्झायक = ध्यान नगर्ने)* वा *(अध्यायक=ग्रन्थको अध्याय बनाउने)* भन्ने अर्थले 'अध्यायक, अध्यायक' भन्ने तेस्रो शब्द उत्पन्न भयो । हे वाशिष्ठ ! त्यसबखतमा 'अध्यायक *(अज्झायक)*' भन्नु हीन सम्मत थियो जो कि आजकाल श्रेष्ठ सम्मत छ ।"

"हे वाशिष्ठ ! यसरी ब्राह्मणमण्डलका उही नै सत्त्व अर्थात् संवर्तकल्पमा ब्राह्मण भइसकेको पुरुषको उहीनै पुरानै नाम *(शब्द)* प्रादुर्भाव भयो । अर्थात् संवर्त कल्पमा भइसकेका ब्राह्मण शब्द उत्पन्न भयो । सदृशता भएकै व्यक्ति असदृशता भएको होइन । धर्मताकै कारणले अधर्मताको कारणले होइन । अतः मनुष्यलोकमा इहलोक र परलोकको निमित्त धर्म नै श्रेष्ठ छ ।"

२३. (३) **वैश्यको उत्पत्ति** – "हे वाशिष्ठ ! सोही सत्त्वहरूका बीच केही सत्त्वहरू मैथुन-धर्म सेवन गर्दै नाना काम *(विसुकम्मे)* मा लागे । मैथुन सेवन गर्दै विविध काममा लागे भन्ने कारणले 'वेस्सा=वैश्य' भन्ने शब्द उत्पन्न भयो ।"

"हे वाशिष्ठ ! यसरी वैश्यमण्डलका उही नै सत्त्व अर्थात् संवर्त कल्पमा वैश्य भइसकेको पुरुषको उही नै पुरानो नाम *(शब्द)* प्रादुर्भाव भयो अर्थात् संवर्तकल्पमा भइसकेको वैश्य शब्द उत्पन्न भयो । सदृशता भएकै पुरुष, असदृशता भएको होइन । धर्मताकै कारणले, अधर्मताको कारणले होइन । अतः मनुष्यलोकमा इहलोक र परलोकको निमित्त धर्म नै श्रेष्ठ छ ।"

२४. (४) **शूद्रको उत्पत्ति** – "हे वाशिष्ठ ! सोही सत्त्वहरूमा बाँकी सत्त्वहरू रौद्राचारी, क्षुद्राचारी थिए । 'क्षुद्राचारी, क्षुद्राचारी' भन्दै शूद्र शब्द प्रादुर्भाव भयो ।"

"हे वाशिष्ठ ! यसरी शूद्रमण्डलका उही नै सत्त्व अर्थात् संवर्तकल्पमा शूद्र भइसकेको पुरुषको उही नै पुरानो नाम *(शब्द)* प्रादुर्भाव भयो अर्थात् संवर्तकल्पमा भइसकेको शूद्र शब्द उत्पन्न भयो । सदृशता भएकै पुरुष असदृशता भएको होइन । धर्मताकै कारणले, अधर्मताको कारणले होइन । अतः मनुष्यलोकमा इहलोक र परलोकको निमित्त धर्म नै श्रेष्ठ छ ।"

Downloaded from http://www.dhamma.digital

## श्रमणको उत्पत्ति

२५. "हे वाशिष्ठ ! सो समय थियो जब कि क्षत्रीहरू पनि 'श्रमण हुन्छु' भनी आफ्नो कर्मलाई निन्दा गर्दै प्रव्रजित भएर गए । ब्राह्मणहरू पनि … , वैश्यहरू पनि …, शूद्रहरू पनि 'श्रमण हुन्छु' भनी आफ्नो कर्मलाई निन्दा गर्दै प्रव्रजित भएर गए । उही नै संवर्तकल्पका सत्त्वहरू, अरू सत्त्वहरू होइनन् । सदृशता भएकै व्यक्ति असदृशता भएको होइन । धर्मताकै कारणले अधर्मताको कारणले होइन ! अतः मनुष्यलोकमा इहलोक र परलोकको निमित्त धर्म नै श्रेष्ठ छ ।"

## यी मध्ये क्षीणास्रव अग्र हुन्

२६. "हे वाशिष्ठ ! क्षत्री पनि कायद्वारा अनाचार गरी, वचनद्वारा अनाचार गरी, मनद्वारा अनाचार गरी, मिथ्यादृष्टियुक्त भई, मिथ्यादृष्टियुक्त कामगरी, मिथ्यादृष्टियुक्त कामको हेतुले देहत्यागी मृत्युपछि अपाय, दुर्गति, विनिपात नरकमा उत्पन्न हुनसक्छ । ब्राह्मण पनि … , वैश्य पनि …, शूद्र पनि … , श्रमण पनि कायद्वारा अनाचार गरी, वचनद्वारा अनाचार गरी, मनद्वारा अनाचार गरी, … अपाय … नरकमा उत्पन्न हुन सक्छ ।

"हे वाशिष्ठ ! क्षत्री पनि कायद्वारा सदाचार गरी, वचनद्वारा सदाचार गरी, मनद्वारा सदाचार गरी, सम्यकदृष्टियुक्त भई, सम्यकदृष्टियुक्त कामगरी, सम्यक्दृष्टियुक्त कामको हेतुले देहत्यागी मृत्युपछि सुगति, स्वर्गलोकमा उत्पन्न हुन सक्छ । ब्राह्मण पनि … , वैश्य पनि …, शुद्र पनि …, श्रमण पनि कायद्वारा सदाचार गरी, वचनद्वारा सदाचार गरी, मनद्वारा सदाचार गरी … सुगति, स्वर्गलोकको उत्पन्न हुन सक्छ ।"

२७. "हे वाशिष्ठ ! क्षत्री पनि कायद्वारा दुवै कर्मगरी, वचनद्वारा दुवै कर्मगरी, मनद्वारा दुवै कर्मगरी, मिश्रित दृष्टियुक्त भई, मिश्रित, दृष्टियुक्त कामगरी, मिश्रित-दृष्टियुक्त कामको हेतुले देहत्यागी मृत्युपछि सुख-दुःख प्रतिसंवेदी हुन सक्छ ।"

## बोधिपक्षिय भावना

२८. "हे वाशिष्ठ ! क्षत्री पनि काय संयमी भई, वचीसंयमी भई, मनसंयमी भई, सप्तबोधिपक्षिय[५८२] धर्मलाई भावनागरी, यसै जन्ममा परिनिर्वाण हुन सक्छ । ब्राह्मण पनि …, वैश्य पनि …, शूद्र पनि … , श्रमण पनि कायसंयमी भई, … यसै जन्ममा परिनिर्वाण हुन सक्छ ।"

२९. "हे वाशिष्ठ ! जुन भिक्षु – अरहत् क्षीणास्रव हुन्, जसले ब्रह्मचर्यवास पूरा गरीसके, कृत-कृत्य, भार विहीन, स्व-अर्थसिद्ध, परिक्षीण भवसंयोजन, राम्ररी जानी विमुक्त भइसकेका छन् – सोही भिक्षु उपरोक्त चारवर्ण मध्ये अग्र, श्रेष्ठ मानिन्छन्; धर्मद्वारा नै अधर्मद्वारा होइन । अतः मनुष्यलोकमा इहलोक र परलोकको निमित्त धर्म नै श्रेष्ठ छ ।"

३०. "हे वाशिष्ठ ! ब्रह्मा सनत्कुमारले पनि यस्तो गाथा भनेका छन् : –

---

५८२ (१) स्मृति, (२) धर्मविचय, (३) वीर्य (४) प्रसब्धि (५) प्रीति, (६) समाधि र (७) उपेक्षा ।

Downloaded from http://www.dhamma.digital

**"गोत्र सम्बन्धी कुरा गर्ने मानिसहरूमा क्षत्री श्रेष्ठ ।**
**विद्याचारणले जो सम्पन्न हुन्छ सोही नै देव-मनुष्यमा श्रेष्ठ छ ।"**

"हे वाशिष्ठ ! सनत्कुमार ब्रह्माले यो गीत *(गाथा)* राम्रै गाएका छन्, नराम्रो गाएका छैनन् । शुभाषित नै छ, दुर्भाषित छैन । अर्थयुक्त नै छ, अनर्थयुक्त छैन । यसलाई म पनि अनुमोदन गर्छु । म पनि यस्तै भन्छु :–

**"गोत्र सम्बन्धी कुरा गर्ने मानिसहरूमा क्षत्री श्रेष्ठ ।**
**विद्याचारणले जो सम्पन्न हुन्छ सोही नै देव-मनुष्यमा श्रेष्ठ छ ।"**

भगवान्ले यति उपदेश दिनुभएपछि वाशिष्ठ र भारद्वाज *(श्रामणेर)* ले भगवान्को उपदेश भाषणलाई सन्तुष्टपूर्वक अभिनन्दन गरे ।

**अग्गञ्ञ-सुत्त समाप्त ।**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# ५. सम्पसादनीय-सुत्त

## (सम्प्रसादनीयसूत्र)

## १. सारिपुत्रको सिंहनाद

१. यस्तो मैले सुनें। एक समय भगवान् नालन्दास्थित पावारिक आम्रवनमा बस्नुभएको थियो। अनि आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुग्नुभएपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवान्लाई यसो भन्नुभयो – "भन्ते ! भगवान्देखि म यति प्रसन्न छु कि – सम्बोधिको सम्बन्धमा भगवान् जस्तै उत्तरोत्तर ज्ञान गर्ने श्रमण वा ब्राह्मण न थिए न हुनेछ न त अहिले कुनै छन्।"

२. "सारिपुत्र ! तिम्रो यो कुरा बडो नैर्भीक र उदार छ। ठोकेर नै भन्यौ। सिंहनाद गऱ्यौ ···। सारिपुत्र ! जो ती अतीत समयका अरहन्त सम्यक्सम्बुद्धहरू थिए ती सबै भगवान्हरूका यस्ता शीलहरू थिए, ती भगवान्हरू यस्ता स्वभावका थिए, ती भगवान्हरू यस किसिमले बस्नुहुन्थ्यो र ती भगवान्हरू यसरी विमुक्त भएका थिए भनी के तिम्रो चित्तले उहाँहरूका चित्तलाई जानेका छौ के ?"

"भन्ते ! जानेको छैन।"

"सारिपुत्र ! के त अनागत समयमा जो ती अरहन्त सम्यक्सम्बुद्धहरू हुने छन् ··· जो ती अहिले अरहन्त सम्यक्सम्बुद्ध हुनुहुन्छ उहाँको यस्तो शील छ ··· यसरी विमुक्त भएका छन् भनी तिम्रो चित्तले उहाँको चित्तलाई जानेका छौ के ?"

"भन्ते ! जानेको छैन।"

"सारिपुत्र ! अतीतानागत प्रत्युत्पन्न बुद्धहरूको बारेमा तिमीमा चित्तपरिच्छेद ज्ञान छैन भने कसरी यस्तो निर्भीक वाचा ठोकेर तिमीले भन्नसक्यौ त ?"

३. "भन्ते ! ममा अतीतानागत प्रत्युत्पन्न बुद्धहरूको सम्बन्धमा चित्तपरिच्छेद ज्ञान चाहिं छैन। किन्तु मैले धर्मन्वय[५८३] को कुरा बुझेको छु। भनौंकि राजाको प्रत्यन्त नगरमा बलियो पर्खालले घेरिएको यौटै मात्र नगर भित्र जाने ढोका छ। त्यहाँ ढोकामा बस्ने पाले पण्डित र व्यक्त छ। उसले चिनेकालाई मात्र भित्र पस्न दिन्छ अरूलाई दिन्न। ऊ नगरको चारैतिर गई पर्खाल हेर्छ। कतै पनि कुनै प्वाल वा पर्खाल भत्केको देख्दैन। बिरालो छिर्न सक्ने सम्मको प्वाल पनि देख्दैन। अनि उसलाई यस्तो निश्चय हुन्छ – 'जो यस नगरभित्र पस्छन् वा बाहिर निस्कन्छन् ती सबै यसै ढोकाबाट पस्छन् र बाहिर निस्कन्छन्।' भन्ते ! यस्तै गरी मैले धर्मन्वयलाई बुझेको छु। भन्ते ! जो ती अतीत समयका अरहन्त सम्यक्सम्बुद्धहरू थिए ती सबैले पञ्चनीवरणलाई छाडी चित्तको उपक्लेशलाई प्रज्ञाद्वारा निर्बल पारी चारसतिपट्ठानमा राम्ररी चित्त राखी तथा सप्तबोध्यङ्गलाई यथार्थतः भाविता गरी सम्यक्सम्बुद्धत्व प्राप्त

५८३ प्रत्यक्ष धर्मानुसार अनुगमन गर्ने ज्ञानलाई 'धर्मन्वय' भनिएको हो। अर्थात् अनुमान ज्ञान।

Downloaded from http://www.dhamma.digital

गरे । भन्ते ! जो ती अनागत समयमा अरहत् सम्यक्सम्बुद्धहरू हुने छन् ती सबैले पञ्चनीवरणहरूलाई छाडी ··· तथा सप्तबोध्यङ्गलाई यथार्थतः भाविता गरी सम्यक्सम्बुद्धत्व प्राप्त गर्नेछन् । भन्ते ! भगवान् अरहत् सम्यक्सम्बुद्धले पनि अहिले पञ्चनीवरणहरू छाड्नुभई ··· तथा सप्तसम्बोध्यङ्गलाई यथार्थतः भाविता गर्नु भई सम्यक्सम्बुद्धत्व प्राप्त गर्नु भएको हो ।

४. "भन्ते ! यहाँ म भगवान्कहाँ धर्मश्रवणको निमित्त जान्छु । अनि भगवान्ले मलाई धर्मदेशना गर्नुहुँदै कृष्णशुक्लपक्ष मिलेका दुवै पक्षको उत्तरोत्तर तथा प्रणीततर धर्मदेशना गर्नुहुन्छ । जति जति भगवान्ले प्रणीततर धर्मदेशना गर्नुहुन्छ उति उति म धर्म अवबोध गर्छु । अनि शास्ताप्रति 'भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सु-आख्यात छ र श्रावकसङ्घ सुप्रतिपन्न छ' भनी म प्रसन्न हुन्छु ।"

## २. भगवान्को अनुपम धर्मदेशना

५. (१) "भन्ते ! भगवान्ले अर्को पनि अनुपम कुशल धर्मदेशना गर्नुहुन्छ । ती कुशल धर्महरू यी हुन् – (४) चार सतिपट्ठान, (४) चार सम्यक् प्रधानहरू, (४) चार ऋद्धिपादहरू, (५) पाँच इन्द्रियहरू, (५) पाँच बलहरू (७) सात बोध्यङ्गहरू, र (८) आर्य अष्टाङ्गिक मार्ग[५८४] । भन्ते ! यहाँ भिक्षु आस्रव क्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्ति भई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी विहार गर्छ । भन्ते ! कुशल धर्ममा यही अनुपम हो । भगवान्ले यसलाई निरवशेष रूपले जान्नुभएको छ । यसरी निरवशेष रूपले जान्ने भगवान्लाई योभन्दा उत्तरोतर जान्नुपर्ने अरू केही छैन । कुशल धमको विषयमा जे जति भगवान्ले जान्नुभएको छ त्यो भन्दा बढ्ता जान्ने अरू कुनै श्रमण वा ब्राह्मण छैन ।"

६. (२) "भन्ते ! भगवान्ले अर्को पनि आयतनको सम्बन्धमा अनुपम धर्मदेशना गर्नुहुन्छ । भन्ते ! यी छ भित्री र बाहिरी आयतनहरू हुन् – (१) चक्षु र रूपहरू, (२) स्रोत र शब्दहरू, (३) घ्राण र गन्धहरू, (४) जिह्वा र रसहरू, (५) काय र स्पर्शहरू तथा (६) मन र धर्महरू । भन्ते ! आयतनको विषयमा यही अनुपम हो । भगवान्ले यसलाई निरवशेषरुले जान्नुभएको छ । ··· त्यो भन्दा बढ्ता जान्ने अरू कुनै श्रमण वा ब्राह्मण छैन ।"

७. (३) "भन्ते ! भगवान्ले अर्को पनि गर्भप्रवेशको विषयमा अनुपम धर्मदेशना गर्नुभएको छ । भन्ते ! यी चार गर्भप्रवेश हुन् – क. भन्ते ! यहाँ कुनै नजानिकन आमाको कोखमा प्रवेश गर्छ, नजानिकन आमाको कोखमा बस्छ र नजानिकन आमाको कोखबाट निस्कन्छ । यो पहिलो गर्भप्रवेश हो ।"

ख. "भन्ते ! फेरि यहाँ कुनै जानिकन आमाको कोखमा प्रवेश गर्छ, नजानिकन आमाको कोखमा बस्छ र नजानिकन आमाको कोखबाट निस्कन्छ । यो दोस्रो गर्भप्रवेश हो ।"

ग. "भन्ते ! फेरि यहाँ कुनै जानिकन आमाको कोखमा प्रवेश गर्छ, जानिकन आमाको कोखमा बस्छ र नजानिकन आमाको कोखबाट निस्कन्छ । यो तेस्रो गर्भप्रवेश हो ।"

---

५८४ यी सैतीस धर्मलाई 'सप्तत्रिंस बोधिपक्ष' भनी भन्दछन् र यही बुद्धधर्म हो ।

Downloaded from http://www.dhamma.digital

घ. "भन्ते ! फेरि यहाँ कुनै जानिकन आमाको कोखमा प्रवेश गर्छ, जानिकन आमाको कोखमा बस्छ र जानिकन आमाको कोखबाट निस्कन्छ । यो चौथो गर्भप्रवेश हो । भन्ते ! गर्भप्रवेशहरू मध्येमा यही अनुपम हो ।"

८. (४) "भन्ते ! भगवान्ले अर्को पनि आदेशनाविधि[५८५] *(आदेशनविधासु)* को विषयमा अनुपम धर्मदेशना गर्नुभएको छ । भन्ते ! यी चार आदेशनाविधि हुन् – (क) भन्ते ! यहाँ कसैले कुनै निमित्त[५८६] *(चिन्ह, लक्षण)* देखेर 'यस्तो तिम्रो मन छ त्यस्तो तिम्रो मन छ र यस्तो तिम्रो चित्त छ' भनी आदेशना *(प्रकाश)* गर्छ । उसले धेरै पनि भन्छ र त्यो त्यस्तै हुन्छ अन्यथा हुन्न । यो पहिलो आदेशना *(प्रकाशन)* हो । (ख) भन्ते ! यहाँ फेरि कसैले निमित्त देखेर बताउँदैन किन्तु मनुष्यहरूको वा अमनुष्यहरूको वा देवताहरूको शब्द सुनेर 'यस्तो तिम्रो मन छ त्यस्तो मन छ र यस्तो तिम्रो चित्त छ' भनी आदेशना गर्छ । उसले धेरै पनि भन्छ र त्यो त्यस्तै हुन्छ अन्यथा हुन्न । यो दोस्रो आदेशना हो । (ग) भन्ते ! यहाँ फेरि कसैले निमित्त देखेर बताउँदैन न त मनुष्यहरूको वा अमनुष्यहरूको वा देवताहरूको शब्द सुनेर प्रकाश गर्छ किन्तु वितर्कना गरी विचार गरी तथा वितर्कनाको कारणले निस्केको आवाज *(वितक्कविप्फारसद्दं)* सुनेर 'यस्तो तिम्रो मन छ त्यस्तो तिम्रो मन छ र यस्तो तिम्रो चित्त छ' भनी आदेशना गर्छ । यसले धेरै पनि भन्छ र त्यो त्यस्तै हुन्छ अन्यथा हुन्न । यो तेस्रो आदेशना हो । (घ) भन्ते ! यहाँ फेरि कसैले निमित्त देखेर प्रकाश गर्दैन न त मनुष्यहरूको वा अमनुष्यको वा देवताहरूको शब्द सुनेर प्रकाश गर्छ न त वितर्कना गरी न त विचार गरी न त वितर्कनाको कारणले निस्केको आवाज सुनी प्रकाश गर्छ वल्कि अवितर्क अविचारयुक्त समाधियुक्त भएको चित्तले चित्तलाई परिच्छेद गरी 'यो पुरुषको चित्तसंस्कार स्थिर छ र यस चित्तपछि यस्तो वितर्कना गर्नेछ' भनी जान्दछ । यसले धेरै पनि भन्छ र त्यो त्यस्तै हुन्छ अन्यथा हुन्न । यो चौथो आदेशना हो । आदेशना विधिहरू मध्ये यही अनुपम हो ।"

९. (५) "भन्ते ! भगवान्ले अर्को पनि दर्शनसमापत्तिको विषयमा अनुपम धर्मदेशना गर्नुहुन्छ । भन्ते ! यी चार दर्शनसमापत्ति हुन् – (अ) भन्ते ! यहाँ कुनै श्रमण वा ब्राह्मणले वीर्य गरी स्मृति राखी सम्यक् मनस्कार गरी त्यस्तो समाधि प्राप्त गर्छ जसद्वारा यसै शरीरको माथिदेखि तलसम्म नाना असुचिले भरिएको देख्दछ । जस्तै – 'केश, रौं, नङ, दाँत, छाला, मासु … [५८७] ।' यो पहिलो दर्शनसमापत्ति हो । (आ) भन्ते ! फेरि यहाँ कुनै श्रमण वा ब्राह्मणले वीर्य गरी … त्यस्तो समाधि प्राप्त गर्छ जसद्वारा यसै शरीरको माथिदेखि तलसम्म नाना असूचिले भरिएको देख्दछ … र यसबाट उँभोलागी छाला, मासु, हाड भन्ने विचार गरी बस्छ । यो दोस्रो दर्शनसमापत्ति हो । (इ) भन्ते ! फेरि यहाँ कुनै श्रमण वा ब्राह्मणले वीर्य गरी … यस्तो समाधि प्राप्त गर्छ जसद्वारा यसै शरीरको माथिदेखि तलसम्म नाना असूचिले भरिएको देख्दछ … र यसबाट उँभोलागी छाला, मासु, हाड भन्ने विचार गरी बस्छ । अनि इहलोक र परलोकमा अखण्ड रूपले रहेको पुरुषको विज्ञानलाई जान्दछ । यो तेस्रो दर्शनसमापत्ति हो । (ई) भन्ते ! फेरि यहाँ कुनै श्रमण वा ब्राह्मणले वीर्य गरी … त्यस्तो समाधि प्राप्त गर्छ जसद्वारा यसै शरीरको माथिदेखि तलसम्म नाना असूचिले भरिएको देख्दछ … र यसबाट उँभोलागी छाला, हाड भन्ने

---

५८५ कुनै लक्षण देखेर वा जानेर अनुमान ज्ञानद्वारा 'यो यस्तो हो' भनी बताउनेलाई 'आदेसना' भनी भनिन्छ ।

५८६ यो 'निमित्त' को सम्बन्धमा अट्ठकथाले यस्तो उदाहरण दिएकोछ । जस्तै – एक राजाले हातमा तीनवटा मोती पोको पारी पुरोहित ब्राह्मणसँग 'ब्राह्मण ! मेरो हातमा के छ ?' भनी सोध्दा त्यसबखत सो ब्राह्मणले यता उता हेर्दा एउटा माउसुली झिंगा समात्न गयो र झिंगा उसबाट मुक्त भयो । अनि उसले 'मोती' भनी भन्यो । राजाले 'हुनदेऊ, तर कतिवटा छन् त ?' भनी फेरि सोधे । फेरि उसले यता उता चिहाएर हेर्दा नजिकमा तीनचोटी कुखुरा बासेको सुनेर 'तीनवटा' भनी भन्यो । यस प्रकारका लक्षणहरूलाई 'निमित्त' भनिन्छ ।

५८७ यहाँका बाँकी कुराहरू सतिपट्ठान-सुत्त पृ ३५३ मा हेर्नु होला ।

Downloaded from http://www.dhamma.digital

विचार गरी बस्छ । अनि इहलोक र परलोकमा अखण्ड रूपले नरहेको पुरुषको विज्ञानलाई जान्दछ । यो चौथो दर्शनसमापत्ति हो । भन्ते ! दर्शनसमापत्तिहरू मध्ये यही अनुपम हो ।"

१०. (६) "भन्ते ! फेरि भगवान्ले पुद्गल प्रज्ञप्ति विषयमा अनुपम धर्मदेशना गर्नुहुन्छ । भन्ते ! यी सात पुद्गलहरू *(व्यक्तिहरू)* हुन् – (१) उभतोभाग विमुक्त *(दुवैतिरबाट विमुक्त)*, (२) प्रज्ञाविमुक्त, (३) कायसाक्षी (४) दृष्टिप्राप्त, (५) श्रद्धाविमुक्त, (६) धर्मानुसारी तथा (७) श्रद्धानुसारी । भन्ते ! पुद्गल प्रज्ञप्तिमा यही अनुपम हो ।"

११. (७) "भन्ते ! भगवान्ले अर्को पनि प्रधान[५८८] *(वीर्य, प्रमुख कार्य)* को सम्बन्धमा अनुपम धर्मदेशना गर्नुभएको छ । भन्ते ! यी सात बोध्यङ्गहरू हुन् – (१) स्मृतिसम्बोध्यङ्ग, (२) धर्मविचयसम्बोध्यङ्ग, (३) वीर्यसम्बोध्यङ्ग, (४) प्रीतिसम्बोध्यङ्ग, (५) प्रसब्धिसम्बोध्यङ्ग (६) समाधिसम्बोध्यङ्ग र (७) उपेक्षासम्बोध्यङ्ग । भन्ते ! प्रधानहरूमा यही अनुपम हो ।"

८. "भन्ते ! भगवान्ले अर्को पनि प्रतिपदाको सम्बन्धमा अनुपम धर्मदेशना गर्नुभएको छ । भन्ते ! यी चार प्रतिपदाहरू हुन् – (१) दुःखाप्रतिपदा दन्धाभिज्ञा[५८९], (२) दुःखाप्रतिपदा क्षिप्राभिज्ञा, (३) सुखाप्रतिपदा दन्धाभिज्ञा र (४) सुखाप्रतिपदा क्षिप्राभिज्ञा । भन्ते ! यहाँ जुन प्रतिपदाद्वारा कष्ट गर्दा पनि ढीलो फल प्राप्ति हुन्छ, यो प्रतिपदा दुवैतिर कमसल देखिन्छ । कष्ट पनि फल पनि ढिलाई । भन्ते ! यहाँ जुन प्रतिपदा कष्टप्रद छ तर चाँडै फल प्राप्ति हुन्छ । भन्ते ! यो प्रतिपदा कष्ट भएकोले कमसल छ । भन्ते ! जुन प्रतिपदा सरल छ तर फल प्राप्तिमा ढिलाई हुने हुनाले कमसल छ । भन्ते ! यहाँ जुन प्रतिपदा सरल तथा चाँडै फल प्राप्ति हुन्छ । भन्ते ! यो प्रतिपदा दुवैतिरबाट प्रणीत देखिन्छ । सरल र चाँडै फल प्राप्तिमा पनि शीघ्रता । भन्ते ! प्रतिपदाहरूमा यही अनुपम हो ।"

१३. (९) "भन्ते ! भगवान्ले अर्को भस्ससमाचारको विषयमा अनुपम धर्मदेशना गर्नुभएको छ । भन्ते ! यहाँ कोही मृषावादयुक्त कुरा गर्दैन, न त भेदभिन्न गर्ने चुक्ली नै बोल्छ, न त जित्ने विचारले जे पायो त्यो बोल्छ, बल्कि बुद्धिले विचार गरी हृदयग्राही वाचा बोल्छ, त्यो पनि समय विचार गरी । भन्ते ! भस्ससमाचारमध्ये यही अनुपम हो ।"

१०. "भन्ते ! भगवान्ले अर्को पनि पुरुषशील समाचार *(आचरण)* को विषयमा अनुपम धर्मदेशना गर्नुभएको छ । भन्ते ! यहाँ कोही सत्यवादी र श्रद्धासम्पन्न हुन्छ । न त कुहल *(आफूमा नभएको गुण देखाउने)* हुन्छ, न त बकवाद गर्ने हुन्छ, न त नैमित्तिक हुन्छ, न त छली हुन्छ र न त लाभले लाभ खोज्ने हुन्छ । इन्द्रिय संयमी हुन्छ, भोजन मात्राज्ञ हुन्छ, समचरित्र[५९०] हुन्छ, जागृतमा मन लगाउने हुन्छ, निरालसी हुन्छ, वीर्यवान् हुन्छ, ध्यानी हुन्छ, स्मृतिमान् हुन्छ, कल्याभाषी हुन्छ, गतिमान् हुन्छ, धारणशक्ति हुने हुन्छ, प्रज्ञावान् हुन्छ, काम विषयमा लोभी हुन्न र स्मृति तथा ज्ञानवान् हुन्छ । भन्ते ! पुरुष-शीलसदाचारहरूमा यही अनुपम हो ।

१४. (११) "भन्ते ! भगवान्ले अर्को पनि अनुशासनविधिको विषयमा अनुपम धर्मदेशना गर्नुभएको छ । भन्ते ! यी चार अनुशासनविधि हुन् । (१) भन्ते ! भगवान् स्वयं ज्ञानपूर्वक मनले

---

५८८ पाली साहित्यको भाषामा 'प्रधान=प्रधान' भनी मेहनत अथवा ध्यान गर्ने विषयलाई भनिएको हो ।

५८९ 'दुःखाप्रतिप्रदा दन्धाभिज्ञा' भनेको कष्टपूर्वक मेहनत गरेता पनि ढीलो फल पाउने भनिएको हो । 'दुःखाप्रतिपदा क्षिप्राभिज्ञा' भनेको कष्टपूर्वक मेहनत गरेर चाँडै फल पाउने भनिएको हो । 'सुखाप्रतिपदा दन्धाभिज्ञा' भनेको सरलतापूर्वक मेहनत गरी ढीलो फल पाउने भनिएको हो । 'सुखाप्रतिपदा क्षिप्राभिज्ञा' भनेको सरलतापूर्वक मेहनत गरी चाँडै फल पाउने भनिएको हो ।

५९० कायवाक्चित्त एक समान हुन्छ भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

विचारगरी अर्को पुरुषलाई जान्नुहुन्छ – 'यो पुरुष मैले बताए अनुसार आचरण गरी तीनै संयोजनहरूलाई क्षय गरी स्रोतापन्न भई अविनिपाती भई निश्चिन्त बोधिपरायण हुने छ।' (२) भन्ते ! भगवान् स्वयं ज्ञानपूर्वक मनले विचार गरी अर्को पुरुषलाई जान्नुहुन्छ – 'यो पुरुष मैले बताए अनुसार आचरण गरी तीनै संयोजनहरूलाई क्षय गरी राग द्वेष मोहलाई दुर्वल पारी सकृदागामी हुनेछ जो एकैबार मात्र यस लोकमा आर्य दुःखको अन्त गर्ने हुने छ। (३) भन्ते ! भगवान् स्वयं ज्ञानपूर्वक मनले विचार गरी अर्को पुरुषलाई जान्नुहुन्छ – 'यो पुरुष मैले बताए अनुसार आचरण गरी पाँचै अधोभागीय *(ओरम्भागीय)* संयोजनहरूलाई क्षय गरी औपपातिक हुनेछ र त्यस लोकबाट यहाँ नआउने भई उहीं परिनिर्वाण हुनेछ।' (४) भन्ते ! भगवान् स्वयं ज्ञानपूर्वक मनले विचार गरी अरू पुरुषलाई जान्नुहुन्छ – 'यो पुरुष मैले बताएको अनुसार आचरण गरी आस्रवहरूलाई क्षय गरी अनास्रवी भई चित्तविमुक्त र प्रज्ञाविमुक्त भई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी विहार गर्नेछ।' भन्ते ! अनुशासन मध्ये यही अनुपम हो।'

१५. (१२) "भन्ते ! भगवान्ले अर्को पनि परपुद्गलविमुक्ति ज्ञानको विषयमा अनुपम धर्मदेशना गर्नुभएको छ। भन्ते ! भगवान् स्वयं ज्ञानद्वारा विचार गरी अरू पुद्गललाई जान्नुहुन्छ – 'यो पुरुष तीनै संयोजनहरूलाई क्षय गरी स्रोतापन्न भई अविनिपाती भई निश्चिन्त बोधिपरायण हुनेछ ··· सकृदागामी हुनेछ ··· अनागामी हुनेछ ··· तथा अनास्रवी भई बस्ने छ।' भन्ते ! परपुद्गल विमुक्तिज्ञान मध्ये यही अनुपम हो।

१६. (१३) "भन्ते ! भगवान्ले अर्को पनि शाश्वतवादको विषयमा अनुपम धर्मदेशना गर्नुभएको छ। भन्ते ! यी तीन शाश्वतवाद हुन् – (१) भन्ते ! यहाँ कुनै श्रमण वा ब्राह्मण आतप्त गरी ··· त्यस्तो समाधि अनुभव गर्छ जस्तो समाधि चित्तमा समाधिष्ठ हुँदा अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्छ। जस्तै – 'एक जन्मको कुरा पनि ··· लाख जन्मको कुरा पनि। फलाना ठाउँमा थिएँ ··· यति आयु थियो। सो त्यहाँबाट च्युत भई फलाना ठाउँमा जन्म्यो ··· र यति आयु थियो। सो च्यहाँबाट च्युत्त भई यहाँ उत्पन्न भयो।' यसरी आकारसहित उद्देश्यसहित अनेक प्रकारले पूर्वजन्मका कुराहरू संस्मरण गर्छ। अनि ऊ यस्तो भन्छ – 'अतीतको कुरा पनि म जान्दछु। संवर्त *(प्रलय)* को कुरा पनि विवर्त *(प्रादुर्भाव)* को कुरा पनि म जान्दछु। अनागतको कुरा पनि जान्दछु। प्रलय हुनेछ श्रृष्टि *(प्रादुर्भाव)* हुनेछ। यो आत्मा र लोक वन्ध्य कूटस्थ *(अचल)* निश्वल छ। प्राणीहरू *(नाना योनिमा)* दगुर्छन्, गमनागमन गर्छन्, च्युत हुन्छन्, उत्पन्न हुन्छन् र अस्तित्व सदा स्थिर रहन्छ।' यो पहिलो शाश्वतवाद हो। (२) भन्ते ! फेरि यहाँ कुनै श्रमण वा ब्राह्मण आतप्त गरी ··· त्यस्तो समाधि अनुभव गर्छ जस्तो समाधिचित्तमा समाधिष्ठ हुँदा अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्छ। जस्तै – 'एक संवर्त र विवर्त्त ··· दस संवर्त र विवर्त्तका कुराहरू संस्मरण गर्छ ··· फलाना ठाउँमा थिएँ ··· सो त्यहाँबाट च्युत भई यहाँ उत्पन्न भयो।' यसरी आकारसहित उद्देश्यसहित अनेक प्रकारले पूर्वजन्मका कुराहरू संस्मरण गर्छ। अनि ऊ यस्तो भन्छ – 'अतीतका कुरा पनि म जान्दछु ···।' भन्ते ! यो दोस्रो शाश्वतवाद हो। (३) भन्ते ! फेरि यहाँ कुनै श्रमण वा ब्राह्मण आतप्त गरी ··· त्यस्तो समाधि अनुभव गर्छ जस्तो समाधिचित्तमा समाधिष्ठ हुँदा अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्छ। जस्तै – 'दश संवर्त र विर्वत्त ··· चालीस संवर्त र विवर्त्तका कुराहरू संस्मरण गर्छ ··· फलाना ठाउँमा थिएँ ··· सो त्यहाँबाट च्युत भई यहाँ उत्पन्न भयो।' यसरी आकारसहित उद्देश्यसहित अनेक प्रकारले पूर्वजन्मका कुराहरू संस्मरण गर्छ। अनि ऊ यस्तो भन्छ – 'अतीतका कुराहरू पनि म जान्दछु ··· यो आत्मा र लोक बन्ध्य कूटस्थ निश्चल छ। प्राणीहरू *(नाना योनिमा)* दगुर्छन्, गमनागमन गर्छन्, च्युत हुन्छन्, उत्पन्न हुन्छन् र अस्तित्व सदा स्थिर रहन्छ।' भन्ते ! यो तेस्रो शाश्वतवाद हो। भन्ते ! शाश्वतवादहरूको यही अनुपम हो।

१७. (१४) "भन्ते ! भगवान्ले अर्को पनि पूर्वेनिवासानुस्मृतिज्ञान विषयमा अनुपम धर्मदेशना

Downloaded from http://www.dhamma.digital

गर्नुभएको छ । भन्ते ! यहाँ कुनै श्रमण वा ब्राह्मण आतप्त गरी ··· त्यस्तो समाधि अनुभव गर्छ जस्तो समाधि चित्तमा समाधिष्ठ हुँदा अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्छ । जस्तै – 'एक जन्मको कुरा ··· सो त्यहाँबाट च्युत भई यहाँ उत्पन्न भयो ।' यसरी आकारसहित उद्देश्यसहित अनेक प्रकारले पूर्वजन्मका कुराहरू संस्मरण गर्छ । भन्ते ! यहाँ देवताहरू छन् जसको आयु यति छ भनी गिन्ति गर्न सकिन्न । परन्तु जुन रूपयोनिमा, अरूपयोनिमा, संज्ञी योनिमा, असंज्ञी योनिमा अथवा नैवसंज्ञानासंज्ञायोनिमा अधि बसेर आएको छ त्यसको अनेक प्रकारले पूर्वजन्मका कुरा आकारसहित उद्देश्य संस्मरण गर्छ । भन्ते ! पूर्वेनिवासानुस्मृति ज्ञान मध्ये यही अनुपम हो ।

१८. (१५) "भन्ते ! भगवान्ले अर्को पनि प्राणीहरू च्युत र उत्पन्न हुने ज्ञानको विषयमा अनुपम धर्मदेशना गर्नुभएको छ । भन्ते ! यहाँ कुनै श्रमण वा ब्राह्मण समाधिष्ठ हुँदा अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा कर्मानुसार हीन प्रणीत, सुवर्ण दुर्वर्ण, सुगति दुर्गतिमा च्युत र उत्पन्न भएका प्राणीहरूलाई देख्छ । यी प्राणीहरू काय सुचरित्रले युक्त भई वची सुचरित्रले युक्त भई मनः सुचरित्रले युक्त भई आर्यहरूको अपवाद नगर्ने भई सम्यक्दृष्टिक सम्यक्दृष्टिमा नियुक्त गर्ने भई शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए' भनी देख्छ । यसरी अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा च्युत र उत्पन्न भएका प्राणीहरूलाई जान्दछ । भन्ते ! प्राणीहरूको च्युति र उत्पत्ति ज्ञान मध्येमा यही अनुपम हो ।

१९. (१६) "भन्ते ! भगवान्ले अर्को पनि ऋद्धिको विषयमा अनुपम धर्मदेशना गर्नुभएको छ । भन्ते ! ऋद्धिविध दुईवटा छन् – (क) भन्ते ! जुन ऋद्धि आस्रवसहित र दोषयुक्त छ त्यसलाई अनार्य-ऋद्धि भनिन्छ । (ख) भन्ते ! जुन ऋद्धि आस्रवरहित तथा दोषमुक्त छ त्यसलाई आर्य-ऋद्धि भनिन्छ ।

"भन्ते ! आस्रवसहित र दोषयुक्त अनार्य-ऋद्धि भनेको कस्तो हो ? भन्ते ! यहाँ कुनै श्रमण वा ब्राह्मण आतप्त गरी त्यस्तो समाधि प्राप्त गर्छ जस्तो समाधि प्राप्त गर्दा उसले अनेक प्रकारका ऋद्धिहरू प्राप्त गर्छ । एक भइकन धेरै हुन्छ धेरै भइकन पनि एक हुन्छ ···[५९१] । भन्ते ! यही आस्रवसहित र दोषयुक्त अनार्य-ऋद्धि हो ।

"भन्ते ! आस्रवरहित तथा दोषमुक्त आर्य-ऋद्धि भनेको कस्तो हो ? भन्ते ! यहाँ भिक्षु 'प्रतिकूलमा अप्रतिकूल संज्ञी भई बस्छु' भनी इच्छा गरेमा त्यस्तो गरी बस्न सक्छ । यदि 'अप्रतिकूलमा प्रतिकूल संज्ञी भई बस्छु' भनी इच्छा गरेमा त्यस्तो गरी बस्न सक्छ । यदि प्रतिकूलमा पनि अप्रतिकूलमा पनि – यी दुवैलाई – ख्याल नगरी स्मृतिपूर्वक उपेक्षा गरी बस्छु' भनी इच्छा गरेमा त्यस्तै गरी बस्न सक्छ । भन्ते ! यही ऋद्धिलाई निर्दोषपूर्ण आर्य-ऋद्धि भनिन्छ ।

"भन्ते ! ऋद्धिविधहरूमा यही अनुपम हो । त्यसलाई भगवान्ले निरवशेष रूपले जान्नुहुन्छ । यसरी निरवशेष रूपले जान्नसक्ने भगवान्ले यो भन्दा उत्तरोत्तर जान्नुपर्ने अरू केही छैन । ऋद्धिविधको विषयमा जे जति भगवान्ले जान्नुभएको छ त्यो भन्दा बढ्ता जान्ने अरू कुनै श्रमण वा ब्राह्मण छैन ।"

## ३. शास्ताद्वारा अनुमोदन

२०. "भन्ते ! जो त्यो श्रद्धावान् वीर्यवान् कुलपुत्रले आफ्नो पुरुषार्थद्वारा प्राप्त गर्नु पर्ने हो त्यो भगवान्ले प्राप्त गर्नुभएको छ । भन्ते ! भगवान् कामविषयमा प्रलिप्त हुनुहुन्न न त भगवान् आत्मपीडाको निमित्त संलग्न हुनुहुन्छ । भगवान् यसै जीवनमा चारै ध्यानको सुलाभी हुनुहुन्छ ।"

---

५९१ यहाँका बाँकी कुराहरू माथि पृ. ६४ मा उल्लेख भए जस्तै पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

"भन्ते ! यदि मसँग 'आवुसो सारिपुत्र ! अतीत समयमा भगवान भन्दा धेरै जान्ने कुनै श्रमण वा ब्राह्मण थियो के ?' भनी सोधेमा 'थिएन' भनी भन्नेछु ।"

२१. "भन्ते ! यदि मसँग 'आवुसो सारिपुत्र ! अनागतमा भगवान्भन्दा धेरै जान्ने कुनै श्रमण वा ब्राह्मण हुनेछ के ?' भनी सोधेमा 'छैन' भनी भन्छु ।

"भन्ते ! यदि मसँग 'आवुसो सारिपुत्र ! के त अतीत समयमा कुनै श्रमण वा ब्राह्मण सम्बोधिको विषयमा बुद्ध समान थिए के ?' भनी सोधमा 'थिए' भनी भन्नेछु । 'आवुसो सारिपुत्र ! के त अनागत समयमा कुनै श्रमण वा ब्राह्मण सम्बोधिको विषयमा बुद्ध समान हुने छन् के ?' भनी सोधेमा 'हुने छन्' भनी भन्नेछु । 'आवुसो सारिपुत्र ! वर्तमान समयमा कुनै श्रमण वा ब्राह्मण सम्बोधिको विषयमा बुद्ध समान छ के ?' भनी सोधेमा 'छैन' भनी भन्छु ।

"भन्ते ! यदि मसँग आयुष्मान् सारिपुत्रले किन कसैलाई जान्ने र कसैलाई नजान्ने भनी भन्दछन् ?' भनी सोधेमा यस्तो भन्नेछु – 'आवुसो ! भगवान्ले अतीत समयमा अरहन्त सम्यक्सम्बुद्धहरू सम्बोधिको विषयमा म समान थिए भनी भन्नुभएको कुरा मैले उहाँसँग सुनेको छु र ग्रहण पनि गरेको छु । आवुसो ! भगवान्ले अनागत समयमा हुने अरहन्त सम्यक्सम्बुद्धहरू पनि सम्बोधिको विषयमा म समान हुने छन् भनी भन्नुभएको कुरा मैले उहाँबाट सुनेको छु र ग्रहण पनि गरेको छु । आवुसो ! भगवान्ले एकै लोकधातुमा न अगाडि न पछाडि गरी एकै समयमा दुईजना सम्यक्सम्बुद्धहरू हुन्छन् भन्ने कारण छैन; यस्तो हुन सक्दैन भनी भन्नुभएको कुरा मैले उहाँबाट सुनेको छु र ग्रहण पनि गरेको छु ।'

"भन्ते ! यस्तो सोध्दा यस्तो जवाफ दिंदा के भगवान्ले भन्नुभए जस्तै भनेको हुनेछ कि छैन ? के यसबाट मैले भगवान्लाई झूटो आरोप लगाएको हुन्छ ?"

"सारिपुत्र ! ठीक छ, यस्तो सोध्दा यस्तो जवाफ दिंदा तिमीले मैले भनेको जस्तै भनेको हुनेछ । मलाई झूटो आरोप लगाएको पनि हुने छैन ।"

२२. यस्तो भन्नुहुँदा आयुष्मान् उदायीले[५९२] भगवान्लाई यस्तो भने – "आश्चर्य हो भन्ते ! अद्भुत हो भन्ते ! कस्तो तथागतको अल्पेच्छता सन्तुष्टिता तथा सल्लेखता ! जहाँ कि तथागत यस्तो महर्द्धिक यस्तो महानुभाव भएर पनि आफूलाई प्रकट गर्नु हुन्न । यदि अन्यतीर्थीय परिव्राजकहरूले यी मध्येमा कुनै एक कारण आफूमा पाएको भए उनीहरूले झण्डा फहराउँथे । अहो आश्चर्य ! अहो अद्भुत ! तथागतको अल्पेक्षता सन्तुष्टिता तथा उल्लेखता ! !"

२३. अनि भगवान्ले आयुष्मान् सारिपुत्रलाई आमन्त्रण गर्नुभयो – "सारिपुत्र ! त्यसैले तिमीले यो धर्मदेशना भिक्षु भिक्षुणी उपासक तथा उपासिकाहरूलाई बारबार भाषण गर । सारिपुत्र ! जो मोघपुरुषहरूको मनमा तथागतप्रति शंका र विमति हुनेछ यो धर्मदेशना सुनेपछि उनीहरूको शंका र विमति दूर हुनेछ ।"

यसरी आयुष्मान् सारिपुत्रले भगवान्को सम्मुख सम्प्रसाद *(श्रद्धा, प्रसन्नता)* प्रकट गर्नुभयो । त्यसैले यो धर्मदेशनाको नाउँ नै 'सम्प्रसादनीय' *(सम्पसादनीय)* रहन गएको हो ।

**सम्पसादनीय-सुत्त समाप्त ।**

---

५९२ पालि साहित्यमा लालुदायी, कालुदायी र महाउदायी भन्ने तीनजना भिक्षु छन् । यी मध्ये यहाँ महाउदायी भनिएको हो । यी उदायी धर्मदेशनाको सुरुदेखि त्यहाँ थिए । यिनीहरू बाहेक अर्को पनि उदायी भिक्षु थिए भन्ने कुरा मज्झिमनिकायको बहुवेदनीय-सुत्तद्वारा थाहा हुन्छ ।

Downloaded from http://www.dhamma.digital

# ६. पासादिक–सुत्त

**(प्रासादिकसूत्र)**

## १. निगण्ठ–नाटपुत्रको देहान्त

१. यस्तो मैले सुनें। एक समय भगवान् शाक्य *(देश)* का वेधञ्ञ नामक शाक्यको आम्रवनस्थित एक प्रासादमा बस्नुभएको थियो। त्यस समय, निगण्ठ-नाटपुत्रको हालसालै पावामा[५९३] मृत्यु भएको थियो। उनको मृत्युपछि निगण्ठहरूका बीच बेमेल भई उनीहरूका बीच दुई दल भएका थिए। अनि आपसमा झगडा गरी, कलह गरी, वाद विवाद गरी, उसले उसलाई, उसले उसलाई वचनरूपी वाण झोस्दै उनीहरू बसेका थिए – "तिमीले यो धर्मविनय जान्दैनौं, यो धर्मविनय म जान्दछु। तिमीले यो धर्मविनय के जान्लाउ र ? तिमी गलत बाटोमा छौ, म ठीक बाटोमा छु। मेरो कुरा सार्थक छ, तिम्रो कुरा निरर्थक छ। अघि भन्नुपर्ने पछि भन्छौ। तिमीले धेरै दिनदेखि सिकेर *(अभ्यास)* आएको कुरा मेरो वादको अगाडि व्यर्थ छ। तिमीमाथि वाद आरोप गर्छु। तिमी निग्रहित छौ। *(मेरो वादबाट)* मुक्त हुन तिमी बाहिर घुम। यदि सक्छौ भने मेरो कुराको जवाफ देओ।" निगण्ठ-नाटपुत्रका शिष्यहरूका बीच परस्पर वध नै भईरहेको जस्तो लाग्थ्यो।

निगण्ठ-नाटपुत्रका जो ती श्वेतवस्त्रधारी गृही शिष्यहरू थिए तिनीहरू पनि त्यस्तो दुराख्यात *(राम्ररी नबताई राखेको)*, अनैर्याणिक *(पार लैजान नसक्ने)*, अन उपशम संवर्तनिक *(शान्ति प्राप्त नहुने)*, असम्यक् सम्बुद्ध प्रवेदित *(अ-सम्यक्सम्बुद्ध देशित)* धर्मविनयमा प्रतिष्ठित नभई भत्केको स्तूप जस्तै निगण्ठहरूप्रति अन्यमनस्क भई, विरक्त भई खिन्न भएका थिए।

## निगण्ठ–मृत्युको कुरा बुद्धलाई सुनाए

२. अनि चुन्द समणुद्देस[५९४] *(श्रमणोद्देश)* पावामा वर्षावास गरिसकेपछि जहाँ सामगाम *(श्यामग्राम)* हो, जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि आयुष्मान् आनन्दलाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका चुन्द समणुद्देसले आयुष्मान् आनन्दलाई निवेदन गर्नुभयो –

---

५९३ जैन तीर्थंकर महाविरको मृत्यु 'पावा' वा 'पापा' भन्ने ठाउँमा भएको थियो। वर्तमान भारतमा हाल यस स्थानलाई 'पावापुरी' भन्दछन्। यो स्थान विहारबाट करिब ७ माइल दक्षिण पूर्व पर्दछ। आजकल एक गाउँको रूपमा रहेको छ। पालि अर्थकथाहरू अनुसार कुशीनगरका मल्लहरूका 'पावा' भन्ने नगर हो।

५९४ जैन तीर्थंकर महाविरको मृत्यु 'पावा' वा 'पापा' भन्ने ठाउँमा भएको थियो। वर्तमान भारतमा हाल यस स्थानलाई 'पावापुरी' भन्दछन्। यो स्थान विहारबाट करिब ७ माइल दक्षिण पूर्व पर्दछ। आजकल एक गाउँको रूपमा रहेको छ। पालि अर्थकथाहरू अनुसार कुशीनगरका मल्लहरूका 'पावा' भन्ने नगर हो।

Downloaded from http://www.dhamma.digital

"भन्ते ! निगण्ठ-नाटपुत्रको हालसालै पावामा मृत्यु भयो । उनको मृत्युपछि निगण्ठहरूका बीच बेमेल भई उनीहरू दुई दलमा विभाजित भए । उनीहरू आपसमा झगडा गरी, कलह गरी, वाद-विवाद गरी उसले उसलाई, उसले उसलाई वचनरूपी वाण झोस्दै उनीहरू बसेका छन् – "तिमीले यो धर्मविनय जान्दैनौ, यो धर्मविनय म जान्दछु । तिमीले यो धर्मविनय के जान्लाउ र ? तिमी गलत बाटोमा छौं, म ठीक बाटोमा छु । मेरो कुरा सार्थक छ, तिम्रो कुरा निरर्थक छ । अघि भन्नुपर्ने पछि भन्छौ, पछि भन्नुपर्ने अघि भन्छौं । तिमीले धेरै दिनदेखि सिकेर आएको कुरा मेरो वादको अगाडि व्यर्थ छ । तिमी माथि वाद आरोप गर्छु । तिमी निग्रहित छौ । *(मेरो वादबाट)* मुक्त हुन तिमी बाहिर घुम । यदि सक्छौ भने मेरो कुराको जवाफ देओ ।" निगण्ठ-नाटपुत्रका शिष्यहरूका बीच परस्पर वध नै भईरहेको जस्तो लाग्छ ।

"निगण्ठ-नाटपुत्रका जो ति श्वेतवस्त्रधारी गृही शिष्यहरू हुन् तिनीहरू पनि त्यस्तो दुराख्यात, अनैर्याणिक, अन्उपशम संवर्तनिक, असम्यक्सम्बुद्ध प्रवेदित धर्मविनयमा प्रतिष्ठित नभई भत्केको स्तूप जस्तै निगण्ठहरूप्रति अन्यमनस्क भई, विरक्त भई खिन्न भएका छन् ।"

यस्तो भन्दा, चुन्द समणुद्देसलाई आयुष्मान् आनन्दले यसो भन्नुभयो – "आवुसो चुन्द ! यस कुरालाई लिएर भगवान्को दर्शन हुनेछ । आवुसो चुन्द ! हामी जहाँ भगवान् हुनुहुन्छ त्यहाँ जाऔँ । त्यहाँ पुगेपछि यो कुरा भगवान्लाई सुनाऔँ ।" "हवस्, भन्ते !" भनी चुन्द समणुद्देसले आयुष्मान् आनन्दलाई प्रत्युत्तर दिनुभयो ।

त्यसपछि आयुष्मान् आनन्द र चुन्द समणद्देस जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बसेका आयुष्मान् आनन्दले भगवान्लाई यी कुरा सुनाउनुभयो –

"भन्ते ! यी चुन्द समणद्देसले यस्तो भन्छन् – 'भन्ते ! निगण्ठ-नाटपुत्रको हालसालै पावामा मृत्यु भयो । उनको मृत्युपछि निगण्ठहरूका बीच बेमेल भई उनीहरू दुई दलमा विभाजित भए । उनीहरू आपसमा ··· पूर्ववत् ··· यदि सक्छौ भने मेरो कुराको जवाफ देओ ।' निगण्ठ-नाटपुत्रका शिष्यहरूका बीच परस्पर वध नै भईरहेको जस्तो लाग्छ । निगण्ठ-नाटपुत्रका जो ती श्वेतवस्त्रधारी गृही शिष्यहरू हुन् तिनीहरू पनि त्यस्तो दुराख्यात ··· पूर्ववत् ··· असम्यक्सम्बुद्ध प्रवेदित धर्मविनयमा प्रतिष्ठित नभई भत्केको स्तूप जस्तै निगण्ठहरूप्रति अन्यमनस्क भई, विरक्त भई खिन्न भएका छन् ।"

## २. दुराख्यात धर्मविनय

३. (क-१) "चुन्द ! दुराख्यात, दुष्प्रवेदित, अन्-उपशम-संवर्तनिक तथा असम्यक्सम्बुद्ध प्रवेदित धर्मविनयमा यस्तै हुन्छ । (१) चुन्द ! यहाँ शास्ता पनि असम्यक्सम्बुद्ध हुन्छ, धर्मविनय पनि दुराख्यात, अनैर्याणिक, अन्-उपशम-संवर्तनिक तथा असम्यक्सम्बुद्ध प्रवेदित हुन्छ । (२) श्रावक पनि त्यस धर्ममा धर्मानुधर्म प्रतिपन्न भई विहार गर्दैन, न सम्मानपूर्वक धर्मानुरूप विहार गर्छ, न धर्मानुसार आचरण गर्छ, न त अखण्डरूपले धर्मानुरूप नै बस्छ – बल्कि त्यस धर्मबाट अलग भई बस्छ । (३) उसलाई यसो भन्नुपर्छ – 'आवुसो ! तिम्रो निमित्त लाभ हो, तिम्रो निमित्त सुलाभ हो; जो कि तिम्रा शास्ता पनि असम्यक्सम्बुद्ध छ, धर्म पनि दुराख्यात अनैर्याणिक, अन्-उपशम-संवर्तनिक तथा असम्यक्सम्बुद्ध प्रवेदित छ । (४) तिमी पनि त्यस धर्ममा धर्मानुधर्म प्रतिपन्न भई विहार गर्दैनौ, न सम्मानपूर्वक धर्मानुरूपले विहार गर्छौ, न धर्मानुसार आचारण गर्छौ, न त अखण्ड रूपले धर्मानुरूप नै बस्छौ – बल्कि तिमी त्यस

Downloaded from http://www.dhamma.digital

धर्मबाट अलग भई बस्छौ।' (५) चुन्द ! यसरी त्यहाँ शास्ता पनि निन्दनीय हुन्छ, धर्म पनि निन्दनीय हुन्छ, *(तर)* श्रावक प्रशंसनीय हुन्छ। (६) चुन्द ! जसले त्यस्ता श्रावकलाई 'आयुष्मान् ! आऊ जस्तो तिम्रा शास्ताले धर्मोपदेश गरेका छन् जस्तो प्रज्ञापन गरेका छन् – त्यस्तै सिक' भनी भन्छ र जसले यस्तो ग्रहण गराउँछ, जसले ग्रहण गर्छ तथा ग्रहण गरी तदनुरूप मार्गारुढ हुन्छ – ती सबैले धेरै अपुण्य कमाउँछन्। किन भने ? – चुन्द ! दुराख्यात दुष्प्रवेदित अनैर्याणिक अन्-उपशम-संवर्तनिक तथा असम्यक्सम्बुद्ध देशित धर्मविनयमा यस्तै हुन्छ।

४. (क-२) "(१) चुन्द ! यहाँ शास्ता पनि असम्यक्सम्बुद्ध हुन्छ, धर्मविनय पनि दुराख्यात दुष्प्रवेदित अनैर्याणिक अन्-उपशम-संवर्तनिक तथा असम्यक्सम्बुद्ध प्रवेदित हुन्छ। (२) श्रावक पनि त्यस धर्ममा धर्मानुधर्म प्रतिपन्न भई विहार गर्छ, सम्मानपूर्वक धर्मानुरूप विहार गर्छ, धर्मानुसार आचरण गर्छ, अखण्ड रूपले धर्मानुरूप बस्छ। (३) चुन्द ! त्यस्तालाई यसो भन्नुपर्छ – 'आवुसो ! तिम्रो निमित्त दुर्लभ हो, जो कि तिम्रो शास्ता पनि असम्यक्सम्बुद्ध छ, धर्म पनि दुराख्यात दुष्प्रवेदित अनैर्याणिक अन्-उपशम-संवर्तनिक तथा असम्यक्सम्बुद्ध प्रवेदित छ। (४) तिमी पनि त्यस धर्ममा धर्मानुधर्म प्रतिपन्न भई विहार गर्छौ, सम्मानपूर्वक धर्मानुरूप विहार गर्छौ, धर्मानुसार आचरण गर्छौ, अखण्डरूपले धर्मानुरूप बस्छौ।' (५) चुन्द ! यसरी त्यहाँ शास्ता पनि निन्दनीय हुन्छ, धर्म पनि निन्दनीय हुन्छ र श्रावक पनि निन्दनीय हुन्छ। (६) चुन्द ! जसले त्यस्ता श्रावकलाई 'आयुष्मान् ! अवश्य नै तिमी न्यायमार्गगामी छौ, तिमीले न्याय प्राप्त गर्नेछौ' भनी भन्छ र जसले यस्तो प्रशंसा गर्छ, जसलाई यस्तो प्रशंसा गर्छ र प्रशंसित भई जसले उत्तरोत्तर खूब कोशिस गर्छ भने – ती सबैले धेरै अपुण्य कमाउँछन्। किन भने ? – चुन्द ! दुराख्यात, दुष्प्रवेदित, अनैर्याणिक, अन्-उपशम-संवर्तनिक तथा असम्यक्सम्बुद्ध देशित धर्मविनयमा यस्तै हुन्छ।"

## ३. सु–आख्यात धर्मविनय

Dhamma.Digital

५. (ख-१) "(१) चुन्द ! यहाँ, शास्ता पनि सम्यक्सम्बुद्ध हुन्छ, धर्मविनय पनि सु-आख्यात, सुप्रवेदित, नैर्याणिक, उपशम-संवर्तनिक तथा सम्यक्सम्बुद्ध प्रवेदित हुन्छ। (२) श्रावक भने त्यस धर्ममा धर्मानुधर्म प्रतिपन्न भई विहार गर्दैन, सम्मानपूर्वक धर्मानुरूप विहार गर्दैन, धर्मानुसार आचरण गर्दैन, न त अखण्ड रूपले नै धर्मानुरूप बस्छ – बल्कि त्यस धर्मबाट दूर भई बस्छ । (३) उसलाई यसो भन्नुपर्छ – 'आवुसो ! तिम्रो निमित्त अलाभ हो, तिम्रो निमित्त दुर्लभ हो; जो कि तिम्रा शास्ता भने सम्यक्सम्बुद्ध हुनुहुन्छ, धर्म पनि सु-आख्यात, सुप्रतिवेदित, नैर्याणिक, उपशम-संवर्तनिक तथा सम्यक्सम्बुद्ध प्रवेदित छ। (४) तर तिमी त्यस धर्ममा धर्मानुधर्म प्रतिपन्न भई विहार गर्दैनौ, न सम्मानपूर्वक धर्मानुरूप विहार नै गर्छौ, न धर्मानुसार आचरण नै गर्छौ, न त अखण्ड रूपले धर्मानुरूप नै बस्छौ – बल्कि तिमी त्यस धर्मबाट दूर भई बस्छौ।' (५) चुन्द ! यसरी त्यहाँ शास्ता पनि प्रशंसनीय हुन्छ, धर्म पनि प्रशंसनीय हुन्छ किन्तु श्रावक भने निन्दनीय हुन्छ। (६) चुन्द ! जसले त्यस्ता श्रावकहरूलाई 'आयुष्मान् ! आऊ, जस्तो तिम्रा शास्ताले धर्मोपदेश गरेका छन्, जस्तो प्रज्ञापन गरेका छन् – त्यस्तो सिक' भनी भन्छ र जसले यस्तो ग्रहण गराउँछ, जसले ग्रहण गर्छ तथा ग्रहण गरी तदनुरूप मार्गारुढ हुन्छ – ती सबैले धेरै पुण्य कमाउँछन्। किनभने ? – चुन्द ! सु-आख्यात, सुप्रवेदित, नैर्याणिक, उपशम-संवर्तनिक तथा सम्यक्सम्बुद्ध देशित धर्मविनयमा यस्तै हुन्छ।"

६. (ख-२) "(१) चुन्द ! यहाँ, शास्ता पनि सम्यक्सम्बुद्ध हुन्छ, धर्मविनय पनि सु-आख्यात, सुप्रवेदित, नैर्याणिक, उपशम-संवर्तनिक तथा सम्यक्सम्बुद्ध प्रवेदित हुन्छ। (२) श्रावक पनि त्यस धर्ममा

Downloaded from http://www.dhamma.digital

धर्मानुधर्म प्रतिपन्न भई विहार गर्छ, अखण्ड रूपले धर्मानुरूप बस्छ । (३) चुन्द ! त्यस्तालाई यसो भन्नुपर्छ – 'आवुसो ! तिम्रो निमित्त लाभ हो, तिम्रो निमित्त सुलाभ हो; जो कि तिम्रा शास्ता पनि सम्यक्सम्बुद्ध हुनुहुन्छ, धर्म पनि सु-आख्यात, सुप्रवेदित नैर्याणिक, उपशम-संवर्तनिक तथा सम्यक्सम्बुद्ध प्रवेदित छ । (४) तिमी पनि त्यस धर्ममा धर्मानुधर्म प्रतिपन्न भई विहार गर्छौ', सम्मानपूर्वक धर्मानुरूप विहार गर्छौं, धर्मानुसार आचरण गर्छौं, अखण्ड रूपले धर्मानुरूप पनि बस्छौ ।" (५) चुन्द ! यसरी त्यहाँ शास्ता पनि प्रशंसनीय हुन्छ, धर्म पनि प्रशंसनीय हुन्छ तथा श्रावक पनि प्रशंसनीय हुन्छ । (६) चुन्द ! जसले त्यस्ता श्रावकलाई 'आयुष्मान् ! अवश्य नै तिमी न्यायमार्गगामी छौ, तिमीले न्याय प्राप्त गर्नेछौ' भनी भन्छ र जसले यस्तो प्रशंसा गर्छ, जसलाई यस्तो प्रशंसा गर्छ र प्रशंसित भई जसले उत्तरोत्तर खुब कोशिस गर्छ भने – ती सबैले धेरै पुण्य कमाउँछन् । किनभने ? – चुन्द ! सु-आख्यात, सुप्रवेदित, नैर्याणिक, उपशम-संवर्तनिक तथा सम्यक्सम्बुद्ध देशित धर्मविनयमा यस्तै हुन्छ ।

## ४. गुरु–देहान्तपछि शिष्यहरूलाई अनुताप

७. "चुन्द ! यहाँ, अरहत् सम्यक्सम्बुद्ध शास्ता पनि लोकमा उत्पन्न भएको हुन्छ । धर्म पनि सु-आख्यात, सुप्रवेदित, नैर्याणिक, उपशम-संवर्तनिक तथा सम्यक्सम्बुद्ध प्रवेदित भएको हुन्छ । किन्तु श्रावकहरूले सद्धर्म अवबोध गरेका हुन्नन् । उनीहरूका निमित्त पूर्ण ब्रह्मचर्य *(उत्तम धर्म)* सुस्प्रष्ट, सुविज्ञेय, सर्वसंग्रहित तथा स-प्रातिहारिक *(नैर्याणिक)* हुन्न । देव तथा मनुष्यहरूका बीचमा पनि राम्ररी सु-प्रकाशित भइसकेको हुन्न । अनि यसै बीच उनीहरूका शास्ता अन्तर्धान *(देहान्त)* हुन्छ । चुन्द ! यसप्रकार, शास्ताको देहान्त हुँदा श्रावकहरूलाई अनुताप *(चिन्ता)* हुन्छ । किनभने ? – *(उनीहरूलाई यस्तो लाग्छ)* – हाम्रा शास्ता अरहत् सम्यक्सम्बुद्ध पनि लोकमा उत्पन्न हुनुभएको थियो, धर्म पनि सु-आख्यात तथा सम्यक्सम्बुद्ध प्रवेदित थियो । किन्तु हामीहरूले सद्धर्म अवबोध गर्न सकेनौं, हामीहरूका निमित्त पूर्ण ब्रह्मचर्य सुस्प्रष्ट, सु-विज्ञेय, सर्वसंग्रहित तथा स-प्रातिहारिक भएको थिएन । देव तथा मनुष्यहरूका बीचमा पनि राम्ररी सु-प्रकाशित भइसकेको थिएन । अनि यसै बीचमा हाम्रा शास्ताको अन्तर्धान भयो । चुन्द ! यसप्रकार, शास्ताको देहान्त हुँदा श्रावकहरूलाई अनुपात हुन्छ ।"

## ५. गुरुको देहान्तभएपनि शिष्यहरूलाई अनुपात नहुने

८. "चुन्द ! यहाँ, अरहत् सम्यक्सम्बुद्ध शास्ता पनि लोकमा उत्पन्न भएको हुन्छ । धर्म पनि सु-आख्यात, सुप्रवेदित, नैर्याणिक, उपशम-संवर्तनिक तथा सम्यक्सम्बुद्ध प्रवेदित भएको हुन्छ । श्रावकहरूले पनि सद्धर्म अवबोध गरेका हुन्छन् । उनीहरूका निमित्त पूर्ण ब्रह्मचर्य सुस्प्रष्ट, सुविज्ञेय, सर्वसंग्रहित तथा स-प्रातिहारिक *(नैर्याणिक)* हुन्छ । देव तथा मनुष्यहरूका बीचमा पनि राम्ररी सु-प्रकाशित भइसकेको हुन्छ । चुन्द ! यसप्रकार शास्ताको देहान्त हुँदा श्रावकहरूलाई अनुपात हुन्न । किनभने ? *(उनीहरूलाई यस्तो लाग्छ)* हाम्रा शास्ता अरहत् सम्यक्सम्बुद्ध पनि लोकमा उत्पन्न हुनुभएको थियो, धर्म पनि सु-आख्यात तथा सम्यक्सम्बुद्ध प्रवेदित थियो । हामीहरूले सद्धर्म अवबोध पनि गर्‍यौं । हामीहरूका निमित्त पूर्ण ब्रह्मचर्य, सुस्प्रष्ट, सुविज्ञेय, सर्वसंग्रहित तथा स-प्रातिहारिक पनि थियो । देव तथा मनुष्यहरूका बीचमा पनि राम्ररी सु-प्रकाशित भइसकेको थियो । अनि यसै बीचमा हाम्रा शास्ताको अन्तर्धान भयो । चुन्द ! यसप्रकार शास्ताको देहान्त हुँदा, श्रावकहरूलाई अनुताप *(चिन्ता)* हुन्न ।

Downloaded from http://www.dhamma.digital

# ६. ब्रह्मचर्यको परिपूर्ण अङ्ग

९. (१) "चुन्द ! ती अङ्गहरूले[५९५]युक्त भएको ब्रह्मचर्य त हुन्छ । किन्तु शास्ता हुन्न, स्थविर[५९६] हुन्न, अनुभवी *(चिररत्तञ्ञु)* हुन्न, चिर प्रव्रजित हुन्न, जेठा-पाका हुन्नन, बैंश बितेका हुन्नन् । यसरी त्यो ब्रह्मचर्य यी *(शास्ता आदि हुन्नन् भन्ने)* अङ्गले *(कारणले)* अपरिपूर्ण हुन्छ ।

१०. (२-ख) "चुन्द ! जब ती अङ्गहरूले पनियुक्त भएको ब्रह्मचर्य हुन्छ, शास्ता पनि हुन्छ, स्थविर पनि हुन्छ, अनुभवी पनि हुन्छ, चिर प्रव्रजित पनि हुन्छ, जेठा-पाका पनि हुन्छन्, बैंश बितेका पनि हुन्छन् – तब त्यो ब्रह्मचर्य यी *(शास्ता इत्यादि हुन्छन् भन्ने)* अङ्गले *(कारणले)* पनि परिपूर्ण हुन्छ ।"

११. (३-क) "चुन्द ! ती अङ्गहरूले युक्त भएको ब्रह्मचर्य हुन्छ, शास्ता पनि हुन्छ, स्थविर पनि हुन्छ [५९७]... बैंश बितेका पनि हुन्छन् किन्तु स्थविर भिक्षु-श्रावकहरू व्यक्त हुन्नन्, विनीत हुन्नन्, विशारद हुन्नन्, योगक्षेम[५९८] प्राप्त हुन्नन्, सद्धर्म बताउन समर्थ हुन्नन्, उत्पन्न भएको पर-वादलाई कारणसहित *(सहधम्मेहि)* सुनिग्रह गरी राम्ररी धर्मदेशना गर्न सक्ने क्षमता हुन्न । यसरी त्यो ब्रह्मचर्य यी *(भिक्षु श्रावकहरू व्यक्त हुन्नन् भन्ने)* अङ्गले अपरिपूर्ण हुन्छ ।"

(४-ख) "चुन्द ! जब ती अङ्गहरूले पनियुक्त भएको ब्रह्मचर्य हुन्छ, शास्ता पनि हुन्छ, स्थविर पनि हुन्छ, [५९९] ... स्थविर भिक्षु-श्रावकहरू पनि व्यक्त हुन्छन्, विनीत हुन्छन्, विशारद हुन्छन्, योगक्षेम प्राप्त हुन्छन्, सद्धर्म बताउन समर्थ हुन्छन्, उत्पन्न भएको पर-वादलाई कारणसहित सुनिग्रह गरी राम्ररी धर्मदेशना गर्न सक्ने क्षमता पनि हुन्छ – तब त्यो ब्रह्मचर्य यी *(स्थविर भिक्षु-श्रावकहरू व्यक्त हुन्छन् भन्ने)* अङ्गले पनि परिपूर्ण हुन्छ ।"

(५-क) "चुन्द ! ती अङ्गहरूले युक्त भएको ब्रह्मचर्य त हुन्छ, शास्ता पनि हुन्छ, स्थविर पनि हुन्छ[६००] ... स्थविर भिक्षु-श्रावकहरू पनि व्यक्त हुन्छन्, विनीत हुन्छन्, ... उत्पन्न भएको पर-वादलाई कारणसहित सुनिग्रह गरी राम्ररी धर्मदेशना गर्न सक्ने क्षमता पनि भएको हुन्छ । किन्तु मध्यम भिक्षु श्रावकहरू हुन्नन् ... । मध्यम भिक्षु श्रावकहरू पनि हुन्छन्; किन्तु नयाँ भिक्षु-श्रावकहरू हुन्नन् ... । यसरी त्यो ब्रह्मचर्य यी *(मध्यम भिक्षु-श्रावकहरू इत्यादि हुन्नन् भन्ने)* अङ्गहरूले अपरिपूर्ण हुन्छ ।

(६-ख) "चुन्द ! जब ती अङ्गहरूले पनियुक्त भएको ब्रह्मचर्य हुन्छ, शास्ता पनि हुन्छ, स्थविर पनि हुन्छ ... स्थविर भिक्षु-श्रावकहरू पनि व्यक्त हुन्छन्, ... उत्पन्न भएको पर-वादलाई कारणसहित सुनिग्रह गरी राम्ररी धर्मदेशना गर्न सक्ने क्षमता भएको पनि हुन्छ; मध्यम भिक्षु-श्रावकहरू पनि हुन्छन्; नयाँ भिक्षु-श्रावकहरू पनि हुन्छन् । तब त्यो ब्रह्मचर्य यी *(मध्यम र नयाँ भिक्षु-श्रावकहरू पनि हुन्छन् भन्ने)* अङ्गले पनि परिपूर्ण हुन्छ ।

---

५९५ 'ती अङ्गहरूले युक्त' भनेको मतलब तल ३-क मा समुल्लिखित 'योगक्षेम' भन्ने अङ्गले हो । भनाईको तात्पर्य 'अरहत्व' भनेको हो । अरहत्वकोयुक्त ब्रह्मचर्य भएता पनि शास्ता स्थविर इत्यादि भएन भने सो ब्रह्मचर्य यी कारणहरूले अपरिपूर्ण हुन्छ भनेको हो ।

५९६ सारिपुत्र, मौद्गल्यायन जस्ता महास्थविरहरू ।

५९७ माथि २-ख मा जस्तै पढ्नुहोला ।

५९८ काम-योग, भव-योग, दृष्टि-योग, अविद्या-योग – यी चारलाई 'योग *(बन्धन)*' भन्दछन्सङ्गीतिसुत्तं पृ. ... मा हेर्नुहोला ।

५९९ माथि ४-ख मा उल्लेख भए जस्तै दोहऱ्याएर पढ्नुहोला ।

६०० माथि ४-ख मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

(७-क) "चुन्द ! ती अङ्गहरूले युक्त भएको ब्रह्मचर्य त हुन्छ, शास्ता पनि हुन्छ, स्थविर पनि हुन्छ, ··· नयाँ भिक्षु-श्रावकहरू पनि हुन्छन् । किन्तु स्थविरा[६०१] भिक्षुणी-श्राविकाहरू ··· मध्यमा भिक्षुणी-श्राविकाहरू ··· नयाँ भिक्षुणी-श्राविकाहरू हुन्नन् । यसरी त्यो ब्रह्मचर्य यी *(स्थविरा भिक्षुणी-श्राविकाहरू इत्यादि हुन्नन् भन्ने)* अङ्गले अपरिपूर्ण हुन्छ ।

(८. ख) "चुन्द ! जब ती अङ्गहरूले पनि युक्त भएको ब्रह्मचर्य हुन्छ, शास्ता पनि हुन्छ, स्थविर पनि हुन्छ, ··· नयाँ भिक्षु-श्रावकहरू पनि हुन्छन्, स्थविरा भिक्षुणी-श्राविकाहरू पनि ··· मध्यमा भिक्षुणी-श्राविकाहरू पनि, ··· नयाँ भिक्षुणी-श्राविकाहरू पनि हुन्छन् – तब त्यो ब्रह्मचर्य यी *(नयाँ भिक्षुणी-श्राविकाहरू पनि हुन्छन् भन्ने)* अङ्गले पनि परिपूर्ण हुन्छ ।"

(९. ख) "चुन्द ! जब ती अङ्गहरूले युक्त भएको ब्रह्मचर्य त हुन्छ, शास्ता पनि हुन्छ, स्थविर पनि हुन्छ,··· स्थविरा भिक्षुणी-श्राविकाहरू पनि हुन्छन् ··· नयाँ भिक्षुणी-श्राविकाहरू पनि हुन्छन् ··· किन्तु शुद्ध ब्रह्मचारी[६०२] गृही उपासक-श्रावकहरू, ··· शुद्ध कामभोगी[६०३] गृही उपासक-श्रावकहरू, हुन्नन् । यसरी त्यो ब्रह्मचर्य यी *(शुद्ध कामभोगी गृही उपासक-श्रावकहरू भन्ने)* अङ्गले पनि अपरिपूर्ण हुन्छ ।"

(१०. ख) "चुन्द ! जब ती अङ्गहरूले पनि युक्त भएको ब्रह्मचर्य हुन्छ, शास्ता पनि हुन्छ, स्थविर पनि हुन्छ, ··· नयाँ भिक्षु-श्रावकहरू पनि हुन्छन्, ··· स्थविरा भिक्षुणी-श्राविकाहरू पनि हुन्छन् ··· नयाँ भिक्षुणी-श्राविकाहरू पनि हुन्छन् ··· शुद्ध ब्रह्मचारी गृही उपासक-श्रावकहरू पनि हुन्छन्, ··· शुद्ध कामभोगी गृही उपासक-श्रावकहरू, हुन्छन् – तब त्यो ब्रह्मचर्य यी *(शुद्ध कामभोगी गृही उपासक-श्रावकहरू भन्ने)* अङ्गले पनि परिपूर्ण हुन्छ ।"

(११. ख) "चुन्द ! ती अङ्गहरूले युक्त भएको ब्रह्मचर्य त हुन्छ, शास्ता पनि हुन्छ, स्थविरहरू पनि हुन्छन्, ··· स्थविरा भिक्षुणी-श्राविकाहरू पनि हुन्छन् ··· शुद्ध ब्रह्मचारी गृही उपासक-श्रावकहरू पनि हुन्छन्, ··· शुद्ध कामभोगी गृही उपासक-श्रावकहरू हुछन्न् । किन्तु शुद्ध ब्रह्मचारीणी[६०४] गृही उपासिका-श्राविकाहरू ··· शुद्ध कामभोगीनी[६०५] गृही उपासिकाहरू हुनन्न् । यसरी त्यो ब्रह्मचर्य यी *(शुद्ध कामभोगी गृही उपासक-श्रावकहरू भन्ने)* अङ्गले पनि अपरिपूर्ण हुन्छ ।"

(१२. ख) "चुन्द ! जब ती अङ्गहरूले पनि युक्त भएको ब्रह्मचर्य हुन्छ, शास्ता पनि हुन्छ, स्थविरहरू पनि हुन्छन्, ··· स्थविरा भिक्षुणी-श्राविकाहरू पनि हुन्छन् ··· शुद्ध ब्रह्मचारी गृही उपासक-श्रावकहरू पनि हुन्छन्, ··· शुद्ध कामभोगी गृही उपासक-श्रावकहरू पनि हुन्छन् ··· शुद्ध ब्रह्मचारीणी गृही उपासिका-श्राविकाहरू पनि हुन्छन् ··· शुद्ध कामभोगीनी गृही उपासिकाहरू हुन्छन् – तब त्यो ब्रह्मचर्य यी *(शुद्ध कामभोगी गृही उपासक-श्रावकहरू भन्ने)* अङ्गले पनि परिपूर्ण हुन्छ ।"

(१३. ख) "चुन्द ! ती अङ्गहरूले पनि युक्त भएको ब्रह्मचर्य त हुन्छ, शास्ता पनि हुन्छ, स्थविर पनि हुन्छ, ··· स्थविर र भिक्षु-श्रावकहरू पनि व्यक्त हुन्छन् ··· स्थविरा भिक्षुणी-श्राविकाहरू पनि हुन्छन् ··· शुद्ध ब्रह्मचारी गृही उपासक-श्रावकहरू पनि हुन्छन्, ··· शुद्ध ब्रह्मचारीणी गृही उपासिका-श्राविकाहरू पनि हुन्छन् ··· शुद्ध कामभोगीनी गृही उपासिका श्राविकाहरू पनि हुन्छन् । किन्तु ब्रह्मचर्य

---

६०१ क्षेमा, उत्पलवर्णा जस्ता स्थविराहरू ।

६०२ चित्र गृहपति, हस्तक आलवक जस्ता उपासकहरू ।

६०३ चुल्लअनाथपिण्डिक, महाअनाथपिण्डिक जस्ता उपासकहरू ।

६०४ नन्दमाता जस्ता उपासिकाहरू ।

६०५ खुज्जुत्तरादि जस्ता उपासिकाहरू ।

Downloaded from http://www.dhamma.digital

*(बुद्ध धर्म)*, उन्नत, विस्तृत, प्रसिद्ध तथा पृथुल हुन्न; देवसहित मनुष्यहरूका बीचमा सु-प्रकाशित हुन्न । यसरी त्यो ब्रह्मचर्य यी *(सु-प्रकाशित हुन्न भन्ने)* । अङ्गले अपरिपूर्ण हुन्छ ।"

(१४. ख) "चुन्द ! जब ती अङ्गहरूले पनि युक्त भएको ब्रह्मचर्य हुन्छ, शास्ता पनि हुन्छ, स्थविरहरू पनि हुन्छन्, ··· स्थविर भिक्षु-श्रावकहरू पनि व्यक्त हुन्छन्, ··· स्थविरा भिक्षुणी-श्राविकाहरू पनि हुन्छन् ··· शुद्ध ब्रह्मचारी गृही उपासक-श्रावकहरू पनि हुन्छन्, ··· शुद्ध ब्रह्मचारी उपासिका-श्राविकाहरू पनि हुन्छन् ··· ब्रह्मचर्य समृद्ध, उन्नत, विस्तृत, प्रसिद्ध तथा पृथुल पनि हुन्छन्; देवसहित मनुष्यहरूका बीचमा सु-प्रकाशित पनि हुन्छ – तब त्यो ब्रह्मचर्य यी *(सु-प्रकाशित हुन्छ भन्ने)* अङ्गले पनि परिपूर्ण हुन्छ ।"

(१५. ख) "चुन्द ! ती अङ्गहरूले पनि युक्त भएको ब्रह्मचर्य त हुन्छ, शास्ता पनि हुन्छ, स्थविरहरू पनि हुन्छन्, ··· भिक्षुणी-श्राविकाहरू पनि हुन्छन्, ··· शुद्ध ब्रह्मचारी गृही उपासक-श्रावकहरू पनि हुन्छन्, ··· शुद्ध ब्रह्मचारीणी गृही उपासिका-श्राविकाहरू पनि हुन्छन् ··· ब्रह्मचर्य समृद्ध, उन्नत, ··· पनि हुन्छन्: देवसहित मनुष्यहरूका बीचमा सु-प्रकाशित पनि हुन्छ । किन्तु लाभाग्र, यशाग्र प्राप्त हुन्न । यसरी त्यो ब्रह्मचर्य यी *(लाभाग्र आदि प्रा त हुन्न भन्ने)* अङ्गले पनि अपरिपूर्ण हुन्छ ।"

(१६. ख) "चुन्द ! जब ती अङ्गहरूले पनि युक्त भएको ब्रह्मचर्य हुन्छ, शास्ता पनि हुन्छ, स्थविरहरू पनि हुन्छन्, अनुभवी पनि हुन्छ, चिर-प्रव्रजित पनि हुन्छ, जेठा-पाका पनि हुन्छन्, बैंश बितिसकेका पनि हुन्छन्; स्थविर भिक्षु-श्रावकहरू व्यक्त हुन्छन्, विनीत हुन्छन्, विशारद हुन्छन्, योगक्षेम प्राप्त हुन्छन्, सद्धर्म बताउन समर्थ हुन्छन्, उत्पन्न भएका पर-वादलाई कारणसहित सुनिग्रह गरी राम्ररी धर्मदेशना गर्न सक्ने क्षमता भएका पनि हुन्छन्; मध्यम भिक्षु श्रावकहरू पनि हुन्छन्, नयाँ भिक्षु-श्रावकहरू पनि हुन्छन्; स्थविरा भिक्षुणी-श्राविकाहरू पनि हुन्छन्, मध्यमा भिक्षुणी-श्राविकाहरू पनि हुन्छन्, नयाँ भिक्षुणी श्राविकाहरू पनि हुन्छन्, शुद्ध ब्रह्मचारी गृही उपासक-श्रावकहरू पनि हुन्छन्, ··· शुद्ध कामभोगी गृही उपासक-श्रावकहरू पनि हुन्छन्; शुद्ध ब्रह्मचारिणी गृही उपासिका श्राविकाहरू पनि हुन्छन्, शुद्ध कामभोगीनी गृही उपासिका श्राविकाहरू पनि हुन्छन्; शुद्ध ब्रह्मचर्य *(बुद्धशासन)* समृद्ध, उन्नत, विस्तृत, प्रसिद्ध तथा पृथुल पनि हुन्छन्, देवसहित मनुष्यहरूका बीचमा सु-प्रकाशित पनि हुन्छन् – तब त्यो ब्रह्मचर्य यी *(लाभाग्र प्राप्त भन्ने)* अङ्गले पनि परिपूर्ण हुन्छ ।"

## श्रावकहरूले धर्मावबोध गरेका छन्

१२. "चुन्द ! अहिले म जस्ता अरहत् सम्यक्सम्बुद्ध शास्ता पनि लोकमा उत्पन्न भएका छन्; धर्म पनि सु-आख्यात, सुप्रवेदित, नैर्याणिक उपशम-संवर्तनिक तथा सम्यक्सम्बुद्ध प्रवेदित छ । मेरा श्रावकहरूले सद्धर्म अवबोध गरेका पनि छन् । उनीहरूलाई पूर्ण ब्रह्मचर्य साक्षात्कार पनि भएको छ । प्रष्ट, सर्वाङ्गसंग्रहित, सप्रतिहारिक तथा देवसहित मनुष्यहरूका बीचमा सु-प्रकाशित पनि भएको छ । चुन्द ! अहिले म जस्ता स्थविर अनुभवी, चिर-प्रव्रजित, जेठा-पाका तथा बैंश पुगेका शास्ता पनि छन् ।"

चुन्द ! अहिले मेरा स्थविर भिक्षु-श्रावकहरू पनि छन् । जो व्यक्त, विनीत, विशारद, योगक्षेम प्राप्त; सद्धर्म बताउन समर्थ, उत्पन्न पर-वादलाई कारणसहित सुनिग्रह गरी राम्ररी धर्मदेशना गर्न सक्ने क्षमता भएका पनि छन् । चुन्द ! अहिले मेरा मध्यम भिक्षु श्रावकहरू पनि छन्, नयाँ भिक्षु-श्रावकहरू पनि छन्; स्थविरा भिक्षुणी श्राविकाहरू पनि छन्, मध्यमा भिक्षुणी श्राविकाहरू पनि छन्, नयाँ भिक्षुणी-श्राविकाहरू पनि छन्; शुद्ध ब्रह्मचारी गृही उपासक-श्राविकाहरू पनि छन्, शुद्ध कामभोगी गृही

Downloaded from http://www.dhamma.digital

उपासक-श्रावकहरू पनि छन्; शुद्ध ब्रह्मचारीणी गृही उपासिका-श्राविकाहरू पनि छन् । चुन्द ! अहिले मेरो ब्रह्मचर्य *(बुद्ध शासन)* समृद्ध, उन्नत, विस्तृत, प्रसिद्ध तथा पृथुल पनि छ; देवसहित मनुष्यहरूका बीचमा सु-प्रकाशित पनि छ ।"

१३. "चुन्द ! ति शास्ताहरू अहिले लोकमा उत्पन्न भएका छन्, त्यसमध्ये कुनै पनि शास्ता म देख्दिन जसले मैले जस्तो लाभ र यश प्राप्त गरेको होस् । चुन्द ! जति सङ्घहरू वा गणहरू अहिले लोकमा उत्पन्न भएक छन्, त्यसमध्ये कुनै पनि सङ्घ म देख्दिन जसले भिक्षुसङ्घले जस्तै लाभ र यश प्राप्त गरेको होस् । चुन्द ! साँच्चै भन्ने हो भने 'सबै कारणहरूले सुसम्पन्न, सबै कारणहरूले परिपूर्ण; न न्यून, न अधिक, सु-आख्यात, केवल परिपूर्ण ब्रह्मचर्य सु-प्रकाशित छ' भनी यसैलाई भन्न सकिन्छ ।"

चुन्द ! उद्दक रामपुत्रले यस्तो भनेका थिए – देखेर पनि देखिन्न । के देखेर पनि देखिन्न ? धारिलो छुराको पाता मात्र देखिन्छ, तर धार देखिन्न । चुन्द ! यसैलाई उद्दक रामपुत्रले 'देखेर पनि देखिन्न' भनी भनेका थिए । जुन कुरा उद्दक रामपुत्रले[६०६] छुरालाई लिएर यस्तो भने त्यो हीन हो, पृथग्जनिक हो, अनार्य हो तथा अनर्थ संहित हो ।"

"चुन्द ! यदि 'देखेर पनि देखिन्न' भनेकोलाई राम्रोसँग भन्ने हो भने 'देखेर पनि देखिन्न' भनी यसरी सम्यक् आकारले भन्नुपर्छ – के देखेर पनि देखिन्न ? – जो 'सबै कारणहरूले सुसम्पन्न, सबै कारणहरूले परिपूर्ण; न न्यून, न अधिक, सु-आख्यात, केवल परिपूर्ण ब्रह्मचर्य सुप्रकाशित छ' भनी भनिएको छ – यसैलाई देख्नु नै 'देखेको हो' । यस अर्थलाई हटाइदिएर 'परिशुद्धतर' हुनसक्छ भन्नु नै 'न देखेको हो' । यस अर्थलाई हटाइ दिएर 'परिपूर्ण' हुनसक्छ भन्नु नै 'न देखेको हो' । यसैलाई 'देखेर पनि देखिन्न' भनेको हो । चुन्द ! साँच्चै भन्ने हो भने जो त्यो 'सबै कारणहरूले सुसम्पन्न, सबै कारणहरूले परिपूर्ण; न न्यून, न अधिक, सु-आख्यात, केवल परिपूर्ण ब्रह्मचर्य सु-प्रकाशित छ' भनी भनिएको हो त्यसैलाई साँच्चैकै 'सबै कारणहरूले सुसम्पन्न, ··· केवल परिपूर्ण ब्रह्मचर्य सु-प्रकाशित छ' भनी भन्न सकिन्छ ।"

## ७. सङ्गायना गर्नुपर्छ

१४. "चुन्द ! त्यस्तो हुनाले, जो मैले स्वयं अभिज्ञात गरी धर्मदेशना गरेको छु – त्यसलाई तिमीहरू सबै मिली, एकत्रित भई अर्थमा अर्थ, व्यञ्जनमा व्यञ्जन मिलाई सङ्गायना गर्नुपर्छ, झगडा गर्नु हुन्न । जसले गर्दा यो ब्रह्मचर्य *(बुद्धधर्म)*, दीर्घकालसम्म रहन सकोस्, चिरस्थायी हुन सकोस्; अनि बहुजनहिताय, बहुजनसुखाय, लोकवासीका निमित्त अनुकम्पार्थ, देवसहित मनुष्यहरूका अर्थको निमित्त, हितको निमित्त र सुखको निमित्त पनि हुन सकोस् ।"

## बुद्धद्वारा स्वयं ज्ञात गरेका धर्महरू

"चुन्द ! ती कुन धर्महरू हुन् त जो मैले स्वयं अभिज्ञात गरी देशना गरें ? जसलाई *(तिमीहरू)* सबै मिली, एकत्रित भई अर्थमा अर्थ, व्यञ्जनमा व्यञ्जन मिलाई सङ्गायना गर्नुपर्छ, झगडा गर्नु हुन्न ।

---

६०६ भगवान् बुद्ध, बुद्ध हुनुभन्दा अगाडि संन्यास लिइसकेपछि उद्दक रामपुत्रको आश्रममा पनि बस्नुभएको थियो ।

Downloaded from http://www.dhamma.digital

जसबाट यो ब्रह्मचर्य *(बुद्धधर्म)* दीर्घकालसम्म रहन सकोस् ··· र सुखको निमित्त पनि हुन सकोस् ? ती यी हुन् – चार सतिपट्ठान *(स्मृतिप्रस्थान)*, चार सम्मप्पधान *(सम्मक्-साधना)* चार ऋद्धिपाद, पञ्चेन्द्रिय, पञ्चबल, सप्तबोध्यङ्ग तथा आर्य अष्टाङ्गिकमार्ग ।

"चुन्द ! मैले स्वयं अभिज्ञात गरी देशना गरेका धर्महरू यिनै हुन् । जहाँ तिमीहरू सबै मिली, एकत्रित भई अर्थमा अर्थ, व्यञ्जनमा व्यञ्जन मिलाई सङ्गायना गर्नुपर्छ, झगडा गर्नु हुन्न । जसबाट यो ब्रह्मचर्य दीर्घकालसम्म रहन सकोस् ··· र सुखको निमित्त पनि हुन सकोस् ।"

## ८. बुद्धवचनको पहिचान

१५. "चुन्द ! ती एकमेल भएका, परस्पर आनन्दित भएका, विवाद नगरेका, शिक्षित *(भिक्षु)* हरूका बीच कुनै सब्रह्मचारीले सङ्घलाई धर्म भाषण गर्छन् । त्यो भाषण सुनी यदि तिमीहरूलाई 'यी आयुष्मान्ले अर्थ *(मुख्य कुरा, मूल उद्देश्य, सिद्धान्त)* पनि गलत तरिकाले लगाउँछन्, व्यञ्जन *(वाक्य, पदविन्यास, भाव, विशेषण)* पनि गलत तरिकाले जोड्छन्' भन्ने लागेमा उनलाई अभिनन्दन नगर्नू, न त प्रत्याक्रोश नै[६०७] । अभिनन्दन पनि न गरी, प्रत्याक्रोश पनि नगरी बरू उनैलाई यस्तो भन्नू – 'आवुसो ! यो अर्थको निमित्त यी व्यञ्जनहरू वा ती व्यञ्जनहरू – यी मध्ये कुन चाहिं अधिक ठीक लाग्छ ? यी व्यञ्जनहरूको यीनै अर्थ हुन् वा ती व्यञ्जनहरूको तीनै अर्थ हुन् ? – यी मध्ये कुनचाहिं अधिक ठीक लाग्छ ?' यसरी सोध्दा यदि उनले 'आवुसो ! यो अर्थको निमित्त यीनै व्यञ्जनहरू वा ती व्यञ्जनहरू नै अधिक ठीक लाग्छन्; यी व्यञ्जनहरूको अर्थ यीनै हुन् वा ती व्यञ्जनहरूको अर्थ ती नै हुन् – जो त्यही नै हुन्' भनी भन्छन् भने उनलाई न प्रशंसा गर्नुपर्छ, न त प्रत्याक्रोश नै । बरू प्रशंसा पनि नगरी, प्रत्याक्रोश पनि नगरी त्यो कुराको अर्थ, त्यही कुराको व्यञ्जन राम्ररी लिन सक्ने गरी उनैलाई संझाउनुपर्छ ।"

१६. "चुन्द ! अर्का पनि सब्रह्मचारी सङ्घलाई धर्म भाषण गर्छन् । त्यो भाषण सुनी यदि तिमीहरूलाई 'यी आयुष्मान्ले अर्थ भने गलत तरिकाले लगाउँछन्, तर व्यञ्जन भने ठीक तरिकाले जोड्छन्' भन्ने लागेमा उनलाई अभिनन्दन नगर्नू, न त प्रत्याक्रोश नै । अभिनन्दन पनि नगरी, प्रत्याक्रोश पनि नगरी बरू उनैलाई यस्तो भन्नू – 'आवुसो ! यी व्यञ्जनहरूको यीनै अर्थ हुन् वा ती व्यञ्जनहरूको ती नै अर्थ हुन् ? – यी मध्ये कुनचाहिं अधिक ठीक लाग्छ ?' यसरी सोध्दा यदि उनले 'आवुसो ! यी व्यञ्जनहरूको अर्थ यीनै हुन् वा ती व्यञ्जनहरूको अर्थ ती नै हुन् – जो त्यही नै हुन्' भनी भन्छन् भने उनलाई न प्रशंसा गर्नुपर्छ, न त प्रत्याक्रोश नै । बरू प्रशंसा पनि नगरी, प्रत्याक्रोश पनि नगरी त्यही कुराको अर्थ राम्ररी लिन सक्ने गरी उनैलाई संझाउनुपर्छ ।"

१७. (३) "चुन्द ! अर्का पनि सब्रह्मचारीले सङ्घलाई धर्म भाषण गर्छन् । त्यो भाषण सुनी यदि तिमीलाई 'यी आयुष्मान्ले अर्थ त ठीक तरिकाले लगाउँछन्, तर व्यञ्जन भने गलत तरिकाले जोड्छन्' भन्ने लागेमा उनलाई अभिनन्दन नगर्नू, न त प्रत्याक्रोश नै । अभिनन्दन पनि नगरी, प्रत्याक्रोश पनि न गरी बरू उनलाई यस्तो भन्नू – 'आवुसो ! यो अर्थको निमित्त यी व्यञ्जनहरू वा ती व्यञ्जनहरू, – यी मध्ये कुनचाहिं अधिक ठीक लाग्छ ?' यसरी सोध्दा यदि उनले 'आवुसो ! यो अर्थको निमित्त यी नै व्यञ्जनहरू अधिक ठीक लाग्छन्, जो त्यहीनै हुन्' भनी भन्छन् भने उनलाई न प्रशंसा गर्नुपर्छ, न त

६०७ यस्तै प्रकार धर्मलाई पहिचान गर्ने तरिका बताउनुहुँदै भगवान् बुद्धले, सुनेको कुरालाई सूत्र र विनयसँग मिलाई हेर्नू भन्ने कुरा पनि यस ठाउँमा स्मरणीय छ ।

Downloaded from http://www.dhamma.digital

प्रत्याक्रोश नै । बरू प्रशंसा पनि नगरी, प्रत्याक्रोश पनि नगरी त्यही कुराको व्यञ्जन लिन सक्ने गरी उनैलाई संझाउनुपर्छ ।

(४) "चुन्द ! अर्का पनि सब्रह्मचारीले सङ्घलाई धर्म भाषण गर्छन् । त्यो भाषण सुनी यदि तिमीहरूलाई 'यी आयुष्मान्ले अर्थ पनि ठीक तरिकाले लगाउँछन्, व्यञ्जन पनि ठीक तरिकाले जोड्छन्' भन्ने लागेमा उनलाई 'साधु !' भनी अभिनन्दन गरी, अनुमोदन गरी उनलाई यसो भन्नुपर्छ 'आवुसो ! हामीहरूको निमित्त लाभ हो, हामीहरूको निमित्त सुलाभ हो, जो कि हामीहरूले आयुष्मान् जस्ता अर्थज्ञ, व्यञ्जनज्ञ ब्रह्मचारीको दर्शन गर्न पायौं ।'

## ९. प्रत्यवेक्षण-ज्ञान

१८. "चुन्द ! मैले केवल दृष्टधार्मिक *(यसै जीवनको)* आस्रवहरू *(चित्तमल)* को संयम गर्नको निमित्त धर्मोपदेश गरेको छैन; चुन्द ! न मैले सम्परायिक *(परजन्म)* आस्रवहरूको निवारणको निमित्त मात्र धर्मोपदेश गरेको छु । चुन्द ! मैले दृष्टधार्मिक आस्रवहरूको संयम गर्न र सम्परायिक आस्रवहरूको निवारणार्थ समेत धर्मोपदेश गरेको छु ।"

(१) "चुन्द ! त्यसैले जो मैले तिमीहरूलाई चीवर वस्त्र सम्बन्धी अनुज्ञा दिएको छु त्यसले सर्दी रोक्नको निमित्त, गर्मी रोक्नको निमित्त, झिंगा-लामखुट्टे-हावा-धूप-सर्प-बिच्छी आदिहरूको स्पर्शबाट बच्नको निमित्त तथा लाज-शरम ढाक्नको निमित्त पर्याप्त छ ।"

(२) "चुन्द ! जो मैले तिमीहरूलाई पिण्डपात्र *(भिक्षा भोजन)* सम्बन्धी अनुज्ञा दिएका छु त्यसले – यो शरीर बचाइराख्नको निमित्त, यापनं गर्नको निमित्त, क्षुधा दूर गर्नको निमित्त, ब्रह्मचर्य पालन गर्नको निमित्त पर्याप्त छ । यसरी पुरानो वेदना दूर हुनेछ, नयाँ वेदना उत्पन्न हुने छैन, जीवन यात्रा पनि हुनेछ, निर्दोषपूर्वक सुखमय विहार पनि हुनेछ ।"

(३) "चुन्द ! जो मैले तिमीहरूलाई शयनासन *(सुत्ने बस्ने)* सम्बन्धी अनुज्ञा दिएको छु त्यसले – सर्दीलाई निवारण गर्न, गर्मीलाई निवारण गर्न, झिंगा-लामखुट्टे-हावा-धूप-सर्प-बिच्छी आदिहरूको स्पर्शबाट बच्नको निमित्त तथा ऋतु प्रकोपबाट दूर रहन र ध्यानमा रत भई बस्नको निमित्त पर्याप्त छ ।"

(४) "चुन्द ! जो मैले तिमीहरूलाई ग्लानप्रत्यय भैषज्य परिष्कारहरू सम्बन्धी अनुज्ञा दिएको छु त्यसले – उत्पन्न भएको रोग व्याधी-वेदनालाई निवारण गर्न र निरोगपूर्वक स्वास्थ्य ठीकसँग राखी बस्न पर्याप्त छ ।"

## १०. सुखमा अल्झेर बस्ने

१९. (क) "चुन्द ! अन्यतैर्थीय परिव्राजकहरूले यस्तो भन्न सक्छन् – 'श्रमण शाक्यपुत्रीय सुखमा अल्झेर बस्नमा अनुरक्त छन् ।' चुन्द ! यस्तो भन्ने अन्यतैर्थीय परिव्राजकहरूसँग यस्तो सोध्नुपर्छ – 'आवुसो ! सुखमा अल्झेर बस्नु *(सुखल्लिनकानुयोगो)* भनेको के हो ? सुखमा अल्झेर बस्नुभनेको विविधाकार छन्, नानाप्रकार छन् ।'

Downloaded from http://www.dhamma.digital

२०. "चुन्द ! चारप्रकारका सुखमा अल्भेर बस्ने हीनगामी, पृथग्जनिक, अनार्य तथा अनर्थसंहित हुन्छ – जो न निर्वेदको निमित्त, न विरागको निमित्त, न निरोधको निमित्त, न शान्तिको निमित्त, न अभिज्ञानको निमित्त, न सम्बोधिको निमित्त तथा न निर्वाणको निमित्त नै हुन्छ। कुन चार –

(१) "चुन्द ! यहाँ, कुनै मूर्खप्राणी हिंसा गरीगरिकन आफूलाई आनन्दित पार्छ, प्रसन्न पार्छ। यो पहिलो सुखमा अल्भेर बस्नु *(सुखल्लिकानुयोगो)* हो।

(२) "चुन्द ! फेरि यहाँ, कुनै मूर्ख प्राणी चोरी गरीगरिकन आफूलाई आनन्दित पार्छ, प्रसन्न पार्छ। यो दोस्रो सुखमा अल्भेर बस्नु हो।"

(३) "चुन्द ! फेरि यहाँ, कुनै मूर्ख प्राणी भूटो बोलिबोलिकन आफूलाई आनन्दित पार्छ, प्रसन्न पार्छ। यो तेस्रो सुखमा अल्भेर बस्नु हो।"

(४) "चुन्द ! फेरि यहाँ कुनै मूर्ख प्राणी पञ्चकामगुणहरूद्वारा समर्पित भई, सम-अङ्गी भई भोग गर्छ। यो चौथो सुखमा अल्भेर बस्नु हो।"

२१. "चुन्द ! यी चार सुखमा अल्भेर बस्नु हीनगामी, पृथग्जनिक अनार्य तथा अनर्थसंहित हुन्छ – जो न निर्वेदको निमित्त … तथा न निर्वाणको निमित्त नै हुन्छ।"

(ख) "चुन्द ! यहाँ अन्यतैर्थीय परिव्राजकहरूले यस्तो पनि भन्न सक्छन् – 'श्रमण शाक्यपुत्रीय यी चार सुखमा अल्भेर बस्नमा नै अनुरक्त छन्।' उनीहरूलाई 'यस्तो न भन' भनी तिमीहरूले भन्नु पर्छ। 'तिमीहरूको यो कुरा साँचो ठहरिन्न, असत्य, तथ्यहीन तथा भूटो ठहरिन्छ' भनी भन्नुपर्छ।"

(१) "चुन्द ! यहाँ, भिक्षु कामविषयबाट अलग रही [६०८] … प्रथमध्यान प्राप्तगरी बस्छ। यो पहिलो सुखमा अल्भेर बस्नु हो। (२) चुन्द ! फेरि वितर्क र विचारलाई उपशम गरी[६०९] … द्वितीयध्यान प्राप्त गरी बस्छ। यो दोस्रो सुखमा अल्भेर बस्नु हो। (३) चुन्द ! फेरि प्रीतिलाई पनि त्यागी[६१०] … तृतीयध्यान प्राप्तगरी बस्छ। यो तेस्रो सुखमा अल्भेर बस्नु हो। (४) चुन्द ! फेरि सुखलाई पनि त्यागी[६११] … चतुर्थध्यान प्राप्तगरी बस्छ। यो चौथो सुखमा अल्भेर बस्नु हो ! चुन्द ! यी नै चार सुखमा अल्भेर बस्नुनै एकान्त निर्वेदको निमित्त, विरागको निमित्त, निरोधको निमित्त, शान्तिको निमित्त, अभिज्ञानको निमित्त, सम्बोधिको निमित्त तथा निर्वाणको निमित्त हुन्छ।"

२२. "चुन्द ! यहाँ, अन्यतैर्थीय परिव्राजकहरूले यस्तो पनि भन्न सक्छन् – 'श्रमण शाक्यपुत्रीय यिनै चार प्रकारका सुखमा अल्भेर बस्नुमा नै अनुरक्त छन्।' उनीहरूलाई 'ठीक भन्यौं' भनी तिमीहरूले भन्नुपर्छ। 'तिमीहरूले साँचो भन्छौ, न तिमीहरू असत्य तथा तथ्यहीन भूटा कुरा नै गर्छौं' भनी भन्नुपर्छ।

(ग) "चुन्द ! यहाँ, अन्यतैर्थीय परिव्राजकहरूले 'यी चार सुखमा अल्भेर बस्नमा अनुरक्त भई विहार गर्नेले के फल तथा के गुण पाउन सक्छ ?' भनी सोध्न सक्छन्। यस्तो सोध्ने अन्यतैर्थीय परिव्राजकहरूलाई यस्तो जवाफ दिनुपर्छ – 'आवुसो ! यी चार सुखमा अल्भेर बस्नमा अनुरक्त भई विहार गर्नेले चार फल तथा गुणहरू प्राप्त गर्न सक्छन्।' कुन चार ? – (१) 'आवुसो ! यहाँ भिक्षु, तीनै

---

६०८ यहाँका बाँकी कुराहरूको निमित्त पृ. ६२ हेर्नु होला।

६०९ यहाँका बाँकी कुराहरूको निमित्त पृ. ६२ हेर्नु होला।

६१० यहाँका बाँकी कुराहरूको निमित्त पृ. ६३ हेर्नु होला।

६११ यहाँका बाँकी कुराहरूको निमित्त पृ. ६३ हेर्नु होला।

Downloaded from http://www.dhamma.digital

संयोजन[६१२] परीक्षीण गरी स्रोतापन्न[६१३] हुन सक्छ – जो अविनीपाती भई, निश्चय नै सम्बोधिपरायण हुन्छ । यही पहिलो फल तथा गुण हो । (२) आवुसो ! फेरि भिक्षु, तीनै संयोजनलाई परीक्षीण गरिसकेपछि राग, द्वेष र मोहलाई दुर्बल पारी सकृदागामी[६१४] हुनसक्छ – एकबार मात्र यस लोकमा आई उसले दुःखको अन्त गर्छ । यो दोस्रो फल तथा गुण हो । (३) आवुसो ! फेरि भिक्षु, पञ्चअधोभागीय[६१५] *(ओरम्भागियानि)* संयोजनहरू परीक्षीण गरी औपपातिक *(ब्रह्मलोकगामी)* हुन्छ – त्यहींबाटै परिनिर्वाण हुन्छ, त्यहाँबाट फेरि यस लोकमा फर्केर आउन्न[६१६] । यो तेस्रो फल तथा गुण हो । (४) आवुसो ! फेरि भिक्षु आस्रव[६१७] क्षयगरी अनास्रव भई चेतोविमुक्ति *(चित्तविमुक्ति)*, प्रज्ञा-विमुक्त[६१८]लाई यसै जीवनमा स्वयं अभिज्ञात साक्षात्कार गरी उपशान्त भई बस्छ । यही चौथो फल तथा गुण हो ।'

"आवुसो ! यी चार सुखमा अल्फेर बस्नमा अनुरक्त भई *(सुखल्लिकानुयोगो)* विहार गर्नेलाई यिनै चार फल तथा गुणहरू प्राप्त हुन्छन् ।"

## ११. क्षीणास्रवले उल्लंघन गर्न नसक्ने कारणहरू

२३. "चुन्द ! अन्यतैर्थीय परिव्राजकहरूले यस्तो पनि भन्न सक्छन् – 'श्रमण शाक्यपुत्रीय अस्थीर धर्मी *(धर्ममा स्थीरता तथा निश्चलता नहुने)* भई विहार गर्छन् ।' चुन्द ! यस्तो भन्ने अन्यतैर्थीय परिव्राजकहरूलाई यसो भन्नुपर्छ – 'आवुसो ! उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले जानेर, देखेर आफ्नो श्रावकहरूलाई जीवनभर उल्लंघन गर्न नहुने धर्मोपदेश गर्नुभएको छ । आवुसो ! जस्तै – चलाउन नसक्ने गरी, हल्लाउन नसक्ने गरी कुनै इन्द्रकील वा फलामको कीलो जमिनमा बेसकरी गाडि राखेको हुन्छ, आवुसो ! जस्तै – उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले जानेर, देखेर, श्रावकहरूलाई जीवनभर उल्लंघन गर्न नहुने धर्मोपदेश गर्नुभएको छ । आवुसो ! क्षीणास्रव भइसकेका, ब्रह्मचर्यवास पूरा गरिसकेका *(वुसितवा)*, गर्नुपर्ने गरिसकेका *(कतकरणीयो)*, भार[६१९] बिसाइसकेका *(ओहितभारो)*, भव संयोजन परीक्षीण भइसकेका, स्वयं राम्ररी ज्ञात गरी विमुक्त भइसकेका – जो अरहत् भिक्षुहरू हुन् उनीहरूले नौ कारणहरू उल्लंघन गर्न सक्दैनन् –

(१) 'आवुसो ! क्षीणास्रव भिक्षुले जानी जानी प्राणीहत्या गर्न सक्दैन ।'

(२) 'आवुसो ! क्षीणास्रव भिक्षुले जानी जानी चोरी गर्न सक्दैन ।'

---

६१२ (१) सत्कायदृष्टि-संयोजन, (२) विचिकित्सा-संयोजन, (३) शील-व्रतपरामर्श-संयोजन । विभं.पा.पृ. ४३५: तिकमातिकनिद्देसो, खुद्दकवत्थुविभङ्गो ।

६१३ निर्वाणरूपी श्रोतमा पुग्नेलाई 'श्रोतापन्न' भन्दछन् ।

६१४ एकपटकसम्म मात्र जन्मेर परिनिर्वाण हुनेलाई 'सकृदागामी' भन्दछन् ।

६१५ पञ्च अधोभागीय संयोजन भनेका यी हुन् – (१) सत्कायदृष्टि-संयोजन, (२) विचिकित्सा-संयोजन, (३) शलिव्रत-परामर्श-संयोजन (४) कामच्छन्द-संयोजन तथा (५) व्यापाद-संयोजन । विभं. पा.पृ.४५२:पञ्चकमातिकानिद्देसो, खुद्दकवत्थुविभङ्गो ।

६१६ अनागामीहरूका कति प्रभेद छन् भन्नेबारेमा बु.गृ.पृ. २७४ मा अनागामी लक्षणको कुरामा हेर्नु होला ।

६१७ आस्रवहरू चार छन् (१) कामास्रव, (२) भावास्रव, (३) दृष्टि-आस्रव तथा (४) अविद्यास्रव ।

६१८ चित्त-विमुक्ति र प्रज्ञा-विमुक्ति भन्नाले अर्हत् मार्गफल सम्प्रयुक्त चित्तलाई दर्शाइएको हो । यसले सम्पूर्ण क्लेशबाट चित्त विमुक्त भइसकेको कुरालाई प्रकाश पार्छ । विशेषत रागबाट मुक्त चित्तलाई 'चित्त-विमुक्ति' । अविद्याबाट मुक्त चित्तलाई 'प्रज्ञा-विमुक्ति' भनी भन्दछन् ।

६१९ (१) स्कन्ध-भार, (२) क्लेश-भार, (३) अभिसंस्कार-भार यी तीन भारहरूलाई 'भार' भन्दछन् ।

Downloaded from http://www.dhamma.digital

(३) 'आवुसो ! क्षीणास्रव भिक्षुले जानी जानी मैथुन सेवन गर्न सक्दैन ।'

(४) 'आवुसो ! क्षीणास्रव भिक्षुले जानी जानी झूटो बोल्न गर्न सक्दैन ।'

(५) 'आवुसो ! क्षीणास्रव भिक्षुले जानी जानी अघि गृहस्थीमा झैं कामविषय[६२०] का कुनै पनि वस्तुहरू जम्मा गरी *(सन्निधिकारक)* परिभोग गर्न सक्दैन ।'

(६) 'आवुसो ! क्षीणास्रव भिक्षुले जानी जानी रागको कारणले पक्षपात गर्न सक्दैन ।'

(७) 'आवुसो ! क्षीणास्रव भिक्षुले जानी जानी द्वेषको कारणले पक्षपात गर्न सक्दैन ।'

(८) 'आवुसो ! क्षीणास्रव भिक्षुले जानी जानी मोहको कारणले पक्षपात गर्न सक्दैन ।'

(९) 'आवुसो ! क्षीणास्रव भिक्षुले जानी जानी भयको कारणले पक्षपात गर्न सक्दैन ।'

'आवुसो ! जो क्षीणास्रव भइसकेका, ब्रह्मचर्यवास पूरा गरिसकेका, गर्नुपर्ने गरिसकेका, भार बिसाइसकेका, भवसंयोजन परीक्षीण भइसकेका, स्वयं राम्ररी ज्ञातगरी विमुक्त भइसकेका अरहत् भिक्षुहरू हुन् – उनीहरूले यी नौ कारणहरू उल्लंघन गर्न सक्दैनन् ।'

## १२. बुद्ध कालवादी हुन्

२४. "चुन्द ! अन्यतैर्थीय परिव्राजकहरूले यस्तो पनि भन्न सक्छन् 'श्रमण गौतमले अतीत सम्बन्धी अपरिच्छेद ज्ञान-दर्शनको कुरा मात्र बताउँछन्, किन्तु अनागत सम्बन्धी अपरिच्छेद ज्ञान-दर्शनको कुरा बताउँदैनन्; किन होला ? के कारण होला ?' ती अन्यतैर्थीय परिव्राजकहरू – कुनै अव्यक्त, मूर्ख जस्तै एकप्रकारको ज्ञानदर्शनलाई अर्कैप्रकारको ज्ञानदर्शन ठान्दछन् ।"

"चुन्द ! अतीतकाल सम्बन्धी पनि तथागतलाई स्मृति *(पूर्वानुस्मृति अनुसार)* अनुसार ज्ञान हुन्छ । उसले जति इच्छा गर्छ, उति अनुस्मरण गर्नसक्छ । अनागतकाल सम्बन्धी पनि तथागतलाई – 'यो मेरो अन्तिम जन्म हो, फेरि पुनर्जन्म छैन भन्ने बोधिजन्य ज्ञान उत्पन्न हुन्छ ।'

(क) "चुन्द ! (१) अतीतकालको कुरा भए पनि यदि त्यो असत्य, अतथ्य तथा अनर्थकर छ भने, तथागतले त्यस्तो कुरा बताउँदैन । चुन्द ! (२) अतीतकालको कुरा भए पनि यदि त्यो सत्य र तथ्य छ तर अनर्थकर छ भने, तथागतले त्यस्तो कुरा पनि बताउँदैन । चुन्द ! (३) अतीतकालको कुरा भए पनि यदि त्यो सत्य, तथ्य तथा अर्थकर छ भने, त्यस प्रश्नको कुरा बताउनमा तथागतले समय विचार गर्छ ।"

(ख) "चुन्द ! अनागतकालको कुरा भए पनि यदि त्यो असत्य, अतथ्य तथा अनर्थकर हुन्छ भने, तथागतले त्यस्तो कुरा बताउँदैन । चुन्द ! (२) अनागतकालको कुरा भए पनि यदि त्यो सत्य र तथ्य हुन्छ तर अनर्थकर हुन्छ भने, तथागतले त्यस्तो कुरा पनि बताउँदैन । चुन्द ! (३) अनागतकालको कुरा भए पनि यदि त्यो सत्य, तथ्य तथा अर्थकर हुन्छ भने, त्यस प्रश्नको कुरा बताउनमा तथागतले समय विचार गर्छ ।"

---

६२० यहाँ कामविषय भन्नाले वस्तुकाम तथा क्लेशकाम भन्ने दुबै प्रकारका कामना हुने वस्तुहरू तथा क्लेशहरूलाई भनेको हो ।

Downloaded from http://www.dhamma.digital

(ग) "चुन्द ! (१) वर्तमानकालको कुरा भए पनि यदि त्यो असत्य, अतथ्य तथा अनर्थकर छ भने, तथागतले त्यस्तो कुरा बताउँदैन । चुन्द ! (२) वर्तमानकालको कुरा भए पनि यदि त्यो कुरा सत्य र तथ्य छ तर अनर्थकर छ भने, तथागतले त्यस्तो कुरा पनि बताउँदैन । चुन्द ! (३) वर्तमानकालको कुरा भए पनि यदि त्यो सत्य, तथ्य तथा अर्थकर छ भने, त्यस प्रश्नको कुरा बताउनमा तथागतले समय विचार गर्छ ।"

## तथागत

२५. "(१) चुन्द ! अतीतानागत-वर्तमानको विषयमा तथागत कालवादी, सत्यवादी, अर्थवादी, धर्मवादी तथा विनयवादी छ । त्यसैले 'तथागत' भनिएको हो । (२) चुन्द ! देवसहित मार ब्रह्मलोक, श्रमण ब्राह्मणसहित देव मनुष्य प्रजाले जे जति सुने, स्पर्श गरे, जाने, प्राप्त गरे, खोजी गरे, मनले विचार गरे ती सबैलाई तथागतले ज्ञात गरेको छ । त्यसैले 'तथागत' भनिएको हो । (३) चुन्द ! जुन रातमा तथागतले अनुत्तर सम्यक्-सम्बोधिलाई अभिसम्बोध गऱ्यो, जुन रातमा तथागतले अनुत्तर सम्यक्-सम्बोधिलाई अभिसम्बोध गऱ्यो, जुन रातमा तथागत अनुपादिशेष निर्वाण-धातुमा परिनिर्वाण हुनेछ – यी दुवै समयका बीच तथागतले जुन कुरा बोल्छ, जुन कुरा गर्छ, जन कुरा निर्देशन गर्छ ती सबै – त्यसै हुन्छन्, अन्यथा हुन्न् । त्यसैले 'तथागत' भनिएको हो । (४) चुन्द ! तथागतले जस्तो बोल्छ उस्तै गर्छ, जस्तो गर्छ उस्तै बोल्छ । यसरी जस्तो बोल्ने उस्तै गर्ने, जस्तो गर्ने उस्तै बोल्ने भएको हुनाले 'तथागत' भनिएको हो । (५) चुन्द ! देवसहित मार ब्रह्मलोक, श्रमण ब्राह्मणसहित देव-मनुष्य प्रज्ञाहरू मध्येमा विजेता *(अभिभूत)*, अविजेता *(कसैले जित्न नसक्ने)*, द्रष्टा, वशवर्ती – तथागत नै हुन् । त्यसैले 'तथागत' भनिएको हो ।"

# १३. कस्तालाई अव्याकृत र व्याकृत भन्दछन् ?

२६. **अव्याकृत** – (१) "चुन्द ! अन्यतैर्थीय परिव्राजकहरूले यस्तो पनि सोध्न सक्छन् – 'आवुसो ! के तथागत *(सत्त्व)* मरणपछि हुन्छ ? – यही सत्य हो अरू सबै तुच्छ हुन् ? – चुन्द ! यस्तो सोध्ने अन्यतैर्थीय परिव्राजकहरूलाई यसो भन्नुपर्छ – 'आवुसो ! मरणपछि तथागत *(सत्त्व)* हुन्छ – यही सत्य हो अरू सबै तुच्छ हुन् भन्ने कुरा भगवान्ले बताउनुभएको छैन *(अव्याकृत)* ।'

(२) "चुन्द ! अन्यतैर्थीय परिव्राजकहरूले यस्तो पनि सोध्न सक्छन् – 'आवुसो ! के त, तथागत *(सत्त्व)* मरणपछि हुन्न ? – यही सत्य हो अरू सबै तुच्छ हुन् ?' चुन्द ! यस्तो सोध्ने अन्यतैर्थीय परिव्राजकहरूलाई यसो भन्नुपर्छ – 'आवुसो ! तथागत *(सत्त्व)* मरणपछि हुन्न – यही सत्य हो अरू सबै तुच्छ हुन् भन्ने कुरा पनि भगवान्ले बताउनुभएको छैन ।'

(३) "चुन्द ! अन्यतैर्थीय परिव्राजकहरूले यस्तो पनि सोध्न सक्छन् – 'आवुसो ! के त, तथागत *(सत्त्व)* मरणपछि हुन्छ र हुन्न पनि ? – यही सत्य हो अरू सबै तुच्छ हुन् ?' चुन्द ! यस्तो सोध्ने अन्यतैर्थीय परिव्राजकहरूलाई यसो भन्नुपर्छ – 'आवुसो ! तथागत *(सत्त्व)* मरणपछि हुन्छ र हुन्न – यही सत्य हो अरू सबै तुच्छ हुन् भन्ने कुरा पनि भगवान्ले बताउनुभएको छैन ।'

(४) "चुन्द ! अन्यतैर्थीय परिव्राजकहरूले यस्तो पनि सोध्न सक्छन् – 'आवुसो ! के त, तथागत *(सत्त्व)* मरणपछि न त हुन्छ, न त हुन्न ? – यही सत्य हो अरू सबै तुच्छ हुन् ?' चुन्द ! यस्तो सोध्ने

Downloaded from http://www.dhamma.digital

अन्यतैर्थीय परिव्राजकहरूलाई यसो भन्नुपर्छ – 'आवुसो ! तथागत *(सत्त्व)* मरणपछि न त हुन्छ, न त हुन्न – यही सत्य हो अरू सबै तुच्छ हुन् भन्ने कुरा पनि भगवान्ले बताउनुभएको छैन *(अब्याकृतं)*।'

"चुन्द ! अन्यतैर्थीय परिव्राजकहरूले यस्तो पनि सोध्न सक्छन् – 'आवुसो ! श्रमण गौतमले किन बताउनु नभएको नि ?' चुन्द ! यस्तो सोध्ने अन्यतैर्थीय परिव्राजकहरूलाई यसो भन्नुपर्छ – 'आवुसो ! यो *(कुरा)* न अर्थोपयोगी छ, न धर्मोपयोगी छ, न ब्रह्मचर्योपयोगी छ, न निर्वेदगामी छ, न विरागगामी छ, न निरोधगामी छ, न सम्बोधिलाभी छ, न त निर्वाणगामी नै । त्यसैले भगवान्ले त्यसलाई बताउनु नभएको हो *(अब्याकृतं=अब्याकतं)*।'

२७. **ब्याकृत** – (१) "चुन्द ! अन्यतैर्थीय परिव्राजकहरूले यस्तो पनि सोध्न सक्छन् – 'आवुसो ! श्रमण गौतमले के बताउनुभएको छ त ?' *(ब्याकतं=ब्याकृतं)* चुन्द ! यस्तो सोध्ने अन्यतैर्थीय परिव्राजकहरूलाई यसो भन्नुपर्छ – 'आवुसो ! भगवान्ले 'यो दुःख हो' भन्ने कुरा बताउनुभएको छ । 'यो दुःखको समुदय हो' भन्ने कुरा बताउनुभएको छ । 'यो दुःखको निरोध *(निर्वाण)* हो' भन्ने कुरा बताउनुभएको छ । 'यो दुःख निरोध हुने प्रतिपदा *(मार्ग)* हो' भन्ने कुरा पनि बताउनुभएको छ ।'

(२) "चुन्द ! अन्यतैर्थीय परिव्राजकहरूले यस्तो पनि सोध्न सक्छन् – 'आवुसो ! यी कुराहरू श्रमण गौतमले किन बताउनुभएको नि ? चुन्द ! यस्तो सोध्ने अन्यतैर्थीय परिव्राजकहरूलाई यसो भन्नुपर्छ – 'आवुसो ! यी *(कुराहरू)* अर्थोपयोगी छन्, धर्मोपयोगी छन्, ब्रह्मचर्योपयोगी छन्, निर्वेदगामी छन्, विरागगामी छन्, निरोधगामी छंन्, सम्बोधिलाभी छन् तथा निर्वाणगामी पनि छन् । त्यसैले भगवान्ले त्यसलाई बताउनुभएको हो *(ब्याकतं=ब्याकृतं)*।'

## पूर्वान्त-अपरान्त दर्शन

२८. "चुन्द ! जुन पूर्वान्तयुक्त दृष्टि *(विश्वास)* निश्रित *(विचारहरू)* हुन् तिनीहरूलाई मैले जुन जसरी बताउनु पर्ने अथवा बताउनु नपर्ने हो – त्यो त्यसै गरी बताइदिएको छु *(ब्याकतं)*, किन मैले त्यसलाई नबताइ दिन्थें नि !"

"चुन्द ! जुन अपरान्तयुक्त दृष्टिनिश्रित *(विचारहरू)* हुन्, तिनीहरूलाई मैले जुन जसरी बताउनुपर्ने अथवा बताउनु नपर्ने हो – त्यो त्यसै गरी बताईदिएको छु *(ब्याकतं)*, किन मैले त्यसलाई नबताई दिन्थें नि !"

"चुन्द ! जुन अपरान्तयुक्त दृष्टिनिश्रित *(विचारहरू)* हुन् तिनीहरूलाई मैले जुन जसरी बताउनु पर्ने अथवा बताउनु नपर्ने हो – त्यो त्यसै गरी बताईदिएको छु *(ब्याकतं)*, किन मैले त्यसलाई नबताई दिन्थे नि ! "

**पूर्वान्तदर्शन** – "चुन्द ! जुन पूर्वान्तयुक्त दृष्टिनिश्रित कुराहरूलाई मैले जुन जसरी बताउनु पर्ने अथवा बताउनु नपर्ने हो – त्यो त्यसैगरी बताईदिएको छु भनेको के हो भने ? किन त्यसलाई नबताई दिन्थे नि भनेको के हो भने ? –

(क-१) "चुन्द ! यहाँ, केही श्रमण ब्राह्मणहरू यस्तो भन्ने, यस्तो विश्वास गर्ने पनि छन् – (१) 'आत्मा र लोक शाश्वात हुन् – यी नै सत्य हुन्, अरू सबै तुच्छ *(झूट)* हुन् ।' चुन्द ! यहाँ, केही श्रमण ब्राह्मणहरू यस्तो भन्ने, यस्तो विश्वास गर्ने पनि छन् – (२) 'आत्मा र लोक अशाश्वत हुन् – यी नै सत्य हुन्, अरू सबै तुच्छ *(झूट)* हुन् ।' चुन्द ! यहाँ, केही श्रमण ब्राह्मणहरू यस्तो भन्ने, यस्तो विश्वास

Downloaded from http://www.dhamma.digital

गर्ने पनि छन् – (३) 'आत्मा र लोक शाश्वत पनि अशाश्वत पनि हुन् – यी नै सत्य हुन्, अरू सबै तुच्छ हुन् ।' चुन्द ! यहाँ, केही श्रमण ब्राह्मणहरू यस्तो भन्ने, यस्तो विश्वास गर्ने पनि छन् – (४) आत्मा र लोक न शाश्वत हुन्, न अशाश्वत नै हुन् – यी नै सत्य हुन्, अरू सबै तुच्छ हुन् ।' चुन्द ! यहाँ, केही श्रमण ब्राह्मणहरू यस्तो भन्ने, यस्तो विश्वास गर्ने पनि छन् – (५) 'आत्मा र लोक स्वयंकृत हुन् – यी नै सत्य हुन्, अरू सबै तुच्छ हुन् ।' चुन्द ! यहाँ, केही श्रमण ब्राह्मणहरू यस्तो भन्ने, यस्तो विश्वास गर्ने पनि छन् – (६) 'आत्मा र लोक परकृत हुन् – यी नै सत्य हुन् अरू सबै तुच्छ हुन् ।' चुन्द ! यहाँ, केही श्रमण ब्राह्मणहरू यस्तो भन्ने, यस्तो विश्वास गर्ने पनि छन् – (७) 'आत्मा र लोक स्वयंकृत पनि हुन्, परकृत पनि हुन् – यी नै सत्य हुन्, अरू सबै तुच्छ हुन् ।' यी नै सत्य हुन्, अरु सबै तुच्छ हुन् । चुन्द ! यहाँ, केही श्रमण ब्राह्मणहरू यस्तो भन्ने, यस्तो विश्वास गर्ने पनि छन् – (८) 'आत्मा र लोक न स्वयंकृत हुन्, न परकृत नै हुन्, बल्कि आपसेआप उत्पन्न भएका हुन् – यी नै सत्य हुन्, अरू सबै तुच्छ हुन् ।'

(क-२) "चुन्द ! यहाँ, केही श्रमण ब्राह्मणहरू यस्तो भन्ने, यस्तो विश्वास गर्ने पनि छन् – (१) 'सुख-दुःख शाश्वत हुन् – यी नै सत्य हुन्, अरू सबै तुच्छ हुन् ।' चुन्द ! यहाँ, केही श्रमण ब्राह्मणहरू यस्तो भन्ने, यस्तो विश्वास गर्ने पनि छन् – (२) 'सुख-दुःख अशाश्वत हुन् ··· ' (३) '··· शाश्वत पनि अशाश्वत पनि हुन् ··· । ' (४) '··· न शाश्वत हुन्, न अशाश्वत हुन् ··· । ' (५) '··· स्वयंकृत हुन् ··· । ' (६) '··· परकृत हुन् ··· । ' (७) '··· स्वयंकृत पनि परकृत पनि हुन् ··· । ' चुन्द ! यहाँ, केही अन्यतैर्थीय श्रमण ब्राह्मणहरू यस्तो भन्ने, यस्तो विश्वास गर्ने पनि छन् – (८) 'सुख-दुःख न स्वयंकृत हुन्, न परकृत हुन्' बल्कि आपसे आप उत्पन्न भएका हुन् – यी नै सत्य हुन्, अरू सबै तुच्छ हुन् ।

२९. (ख-१) "चुन्द ! त्यहाँ, जो ती श्रमण ब्राह्मणहरू – (१) 'आत्मा र लोक शाश्वत हुन् र यी नै सत्य हुन्' भन्ने वादी र दृष्टिका हुन् – तिनीहरूकहाँ गई म यस्तो भन्दछु – 'आवुसो ! जो आत्मा र लोक शाश्वत हुन् र जसलाई तिमीहरूले 'यी नै सत्य हुन् अरू सबै तुच्छ हुन्' भनी भन्छौ – यस कुरामा मेरो सहमत छैन ।' किनभने ? – चुन्द ! यहाँ, अर्कै संज्ञा राख्ने सत्त्वहरू पनि छन् ।"

"चुन्द ! यी प्रज्ञप्तिहरूमा *(व्यवस्थाहरूमा)* मैले आफूसमान अरू कुनै देख्दिन भने म भन्दा उत्तमको त कुरै छाडिदेओ । जहाँसम्म प्रज्ञप्तिको सवाल छ त्यहाँ पनि म नै उत्कृष्ट छु ।

"चुन्द ! त्यहाँ, जो ती श्रमण ब्राह्मणहरू – (२) 'आत्मा र लोक अशाश्वत हुन् ··· (३) ··· शाश्वत पनि अशाश्वत पनि हुन् ··· (४) ··· न शाश्वत हुन्, न अशाश्वत हुन् ··· (५) ··· स्वयंकृत हुन ··· (६) ··· परकृत हुन् ··· (७) ··· स्वयंकृत पनि परकृत पनि हुन् ··· (८) ··· न स्वयंकृत, न परकृत हुन्, बल्कि आपसेआप उत्पन्न भएका हुन्' भन्ने वादी र दृष्टिका हुन् – तिनीहरूकहाँ गई म यस्तो भन्दछु – 'आवुसो ! जो आत्मा र लोक अशाश्वत हुन् ··· न स्वयंकृत, न परकृत हुन्, बल्कि आपसेआप उत्पन्न भएका हुन् र जसलाई तिमीहरूले 'यी नै सत्य हुन् र अरू सबै तुच्छ हुन्' भनी भन्छौ – यस कुरामा मेरो सहमत छैन ।' किनभने ? – चुन्द ! यहाँ, अर्कै संज्ञा राख्ने सत्त्वहरू पनि छन् ।

"चुन्द ! यी प्रज्ञप्तिहरूमा मैले आफूसमान अरू कुनै देख्दिन भने मभन्दा उत्तमको त कुरै छाडिदेओ । जहाँसम्म प्रज्ञप्तिको सवाल छ त्यहाँ पनि म नै उत्कृष्ट छु ।

३०. (ख-२) "चुन्द ! त्यहाँ, जो ती श्रमण ब्राह्मणहरू (१) 'सुख-दुःख शाश्वत हुन् र यी नै सत्य हुन्' भन्ने वादी र दृष्टिका हुन् – तिनीहरूकहाँ गई म यस्तो भन्दछु – 'आवुसो ! जो सुख-दुःख शाश्वत हुन् र जसलाई तिमीहरूले 'यी सत्य हुन् अरू सबै तुच्छ हुन्' भनी भन्छौ – यस कुरामा मेरो सहमत छैन ।' किन भने ? – चुन्द ! यहाँ, अर्कै संज्ञा राख्ने सत्त्वहरू पनि छन् ।

Downloaded from http://www.dhamma.digital

"चुन्द ! यी प्रज्ञप्तिहरूमा मैले आफूसमान अरू कुनै देख्दिन भने म भन्दा उत्तमको त कुरै छाडीदेओ । जहाँसम्म प्रज्ञप्तिको सवाल छ त्यहाँ पनि म नै उत्कृष्ट छु ।"

"चुन्द ! त्यहाँ, जो ती श्रमण ब्राह्मणहरू – (२) सुख-दुःख अशाश्वत हुन् – … (३) … शाश्वत पनि अशाश्वत पनि हुन् … (४) … न शाश्वत हुन्, न अशाश्वत हुन् … (५) … स्वयंकृत हुन् … (६) … परकृत हुन् … (७) … स्वयंकृत पनि परकृत पनि हुन् … (८) … न स्वयंकृत न परकृत हुन्, बल्कि आपसेआप उत्पन्न भएका हुन्' भन्ने वादी र दृष्टिका हुन् – तिनीहरूकहाँ गई म यस्तो भन्दछु – 'आवुसो ! जो सुख-दुःख अशाश्वत हुन् … न स्वयंकृत, न परकृत हुन्, बल्कि आपसे आप उत्पन्न भएका हुन्' र जसलाई तिमीहरूले 'यी नै सत्य हुन् अरू सबै तुच्छ हुन्' भनी भन्छौं – यस कुरामा मेरो सहमत छैन ।' किन भने ? – चुन्द ! यहाँ, अर्कै संज्ञा राख्ने सत्त्वहरू पनि छन् ।"

"चुन्द ! यी प्रज्ञप्तिहरूमा मैले आफूसमान अरू कुनै देख्दिन भने म भन्दा उत्तमको त कुरै छाडिदेओ । जहाँसम्म प्रज्ञप्तिको सवाल छ त्यहाँ पनि म नै उत्कृष्ट छु ।"

"चुन्द ! यी नै हुन् पूर्वान्तयुक्त दृष्टिनिश्रित *(विचारहरू)* जो तिनीहरूलाई मैले जुन जसरी बताउनुपर्ने अथवा बताउन नपर्ने हो – त्यो त्यसैगरी बताइदिएको छु *(ब्याकतं)* ; किन मैले त्यसलाई नबताइ दिन्थें नि ! "

३१. **अपरान्तदर्शन** – "चुन्द ! जुन अपरान्तयुक्त दृष्टिनिश्रित कुराहरू हुन् तिनीहरूलाई मैले जुन जसरी बताउनु पर्ने अथवा बताउनु नपर्ने हो – त्यो त्यसैगरी बताइदिएको छु *(ब्यकृतं)*, किन मैले त्यसलाई नबताइ दिन्थें नि ! "

"चुन्द ! जुन अपरान्तयुक्त दृष्टिनिश्रित कुराहरूलाई मैले जुन जसरी बताउनु पर्ने अथवा नपर्ने हो – त्यो त्यसैगरी बताइ दिएको छु भनेको के हो भने ? किन त्यसलाई नबताइ दिन्थे नि भनेको के हो भने ? –

(क) "चुन्द ! यहाँ, केही श्रमण ब्राह्मणहरू यस्तो भन्ने, यस्तो विश्वास गर्ने पनि छन् – '(१) रूपमा आत्मा छ, मरणपछि अरोग *(स्वस्थ्य)* हुन्छ – यीनै सत्य हुन् अरू सबै भूट हुन्, (२) अरूपमा आत्मा छ, मरणपछि अरोग *(स्वस्थ्य)* हुन्छ – यी नै सत्य हुन् अरू सबै भूट हुन्, (३) रूपमा पनि अरूपमा पनि आत्मा छ, मरणपछि अरोग हुन्छ … , (४) न रूपमा आत्मा छ, न अरूपमा आत्मा छ … , (५) आत्मा संज्ञीवान् हो … (६) आत्मा असंज्ञीवान् हो … (७) आत्मा न संज्ञीवान् हो, न आत्मा असंज्ञीवान् हो … (८) आत्मा उच्छिन्न हुन्छ, विनाश हुन्छ, मरणपछि हुन्न – यी नै सत्य हुन् अरू सबै भूट हुन् ।'

(ख) "चुन्द ! त्यहाँ, जो ती श्रमण ब्राह्मणहरू – '(१) रूपमा आत्मा छ, मरणपछि अरोग *(स्वस्थ्य)* हुन्छ – यी नै सत्य हुन् अरू सबै भूट हुन्' भन्ने वादी र दृष्टिका हुन् – तिनीहरूकहाँ गई म यस्तो भन्दछु – 'आवुसो ! जो रूपमा आत्मा छ, मरणपछि अरोग हुन्छ' र जसलाई तिमीहरूले 'यी नै सत्य हुन् अरू सबै भूट हुन्' भनी भन्छौ – यस कुरामा मेरो सहमत छैन ।' किनभने ? – चुन्द ! यहाँ अर्कै संज्ञा राख्ने सत्त्वहरू पनि छन् ।

"चुन्द ! यी प्रज्ञप्तिहरूमा मैले आफूसमान अरू कुनै देख्दिन भने मभन्दा उत्तमको त कुरै छाडिदेओ । जहाँसम्म प्रज्ञप्तिको सवाल छ त्यहाँ पनि म नै उत्कृष्ट छु ।"

३२. "चुन्द ! त्यहाँ, जो ती श्रमण ब्राह्मणहरू – '(२) अरूपमा आत्मा छ, मरणपछि अरोग हुन्छ … (३) रूपमा पनि अरूपमा पनि आत्मा छ, मरणपछि अरोग हुन्छ, … (४) न रूपमा आत्मा छ, न

Downloaded from http://www.dhamma.digital

अरूपमा आत्मा छ, ··· (५) आत्मा संज्ञीवान् हो, ··· (६) आत्मा असंज्ञीवान् हो ··· (७) आत्मा उच्छिन्न हुन्छ, विनाश हुन्छ, मरणपछि हुन्न' भन्ने वादी र दृष्टिका हुन् – तिनीहरूकहाँ गई म यस्तो भन्दछु – 'आवुसो ! (२) जो अरूपमा आत्मा छ, मरणपछि हुन्न र जसलाई तिमीहरूले 'यी नै सत्य हुन् अरू सबै झूट हुन्' भन्छौ – यस कुरामा मेरो सहमत छैन ।' किनभने ? – चुन्द ! यहाँ अर्के संज्ञा राख्ने सत्त्वहरू पनि छन् ।

"चुन्द ! यी प्रज्ञप्तिमा मैले आफूसमान अरू कुनै देख्दिन भने म भन्दा उत्तमको त कुरै छाडि देओ । जहाँसम्म प्रज्ञप्तिको सवाल छ त्यहाँ पनि म नै उत्कृष्ट छु ।"

"चुन्द ! यी नै हुन् अपरान्तयुक्त दृष्टिनिश्रित *(विचारहरू)* – जो तिनीहरूलाई मैले जुन जसरी बताउनुपर्ने हो अथवा बताउनु नपर्ने हो – त्यो त्यसैगरी बताइदिएको छु *(ब्याकृतं)*, किन मैले त्यसलाई नबताइ दिन्थें नि ! "

## कसरी दृष्टिहरू छाड्ने

३३. "चुन्द ! यी पूर्वान्त र अपरान्तयुक्त दृष्टिनिश्रितहरूलाई छाड्नको निमित्त, समतिक्रम गर्नको निमित्त मैले यसप्रकार चार स्मृतिप्रस्थानहरू देशना गरेको छु प्रकाश पारेको छु । कुन चार ? – चुन्द ! यहाँ भिक्षु, (१) लोकबाट अभिध्यादौर्मनस्यलाई हटाउनको निमित्त आतप्त भई, सम्प्रज्ञानी भई, स्मृतिवान भई कायमा कायानुपश्यी भई विचार गर्छ । (२) लोकबाट अभिध्यादौर्मनस्यलाई हटाउनको निमित्त आतप्त भई, सम्प्रज्ञानी भई, स्मृतिमान भई वेदनामा वेदनानुपश्यी भई विहार गर्छ । (३) लोकबाट अभिध्यादौर्मनस्यलाई हटाउनको निमित्त आतप्त भई, सम्प्रज्ञानी भई, स्मृतिमान भई चित्तमा चित्तानुपश्यी भई विहार गर्छ । (४) लोकबाट अभिध्यादौर्मनस्यलाई हटाउनको निमित्त आतप्त भई, सम्प्रज्ञानी भई, स्मृतिमान भई धर्ममा *(मनको विषय)* धर्मानुपश्यी भई विहार गर्छ[६२१] ।

"चुन्द ! यी पूर्वान्त र अपरान्तयुक्त दृष्टिनिश्रितहरूलाई छाड्नको निमित्त, समतिक्रम गर्नको निमित्त मैले यिनै चार स्मृतिप्रस्थानहरू *(सतिपट्ठान)* देशना गरेको छु, प्रकाश पारेको छु ।"

## आयुष्मान् उपवान

३४. त्यस बखत आयुष्मान् उपवान भगवान्को पछाडिपट्टि बसी भगवान्लाई पंखा हम्कदै हुनुहुन्थ्यो । अनि आयुष्मान् उपवानले भगवान्सँग सोध्नुभयो –

"आश्चर्य हो भन्ते ! अद्‌भुत हो भन्ते ! ! यो धर्मोपदेश साँच्चैकै प्रासादक *(प्रसन्नकर)* छ, साँच्चैकै सुप्रसादिक *(अत्यन्त प्रसन्नकर)* छ । भन्ते ! यस धर्मपर्यायको के नाम हो ?"

"उपवाण ! त्यसोभए तिमीले यस धर्म पर्यायलाई 'प्रासादिक' भनी ग्रहण गर ।"

भगवान्ले यति भन्नु भएपछि सन्तुष्ट भई आयुष्मान् उपवानले भगवान्को भाषणलाई अभिनन्दन गर्नुभयो ।

**पासादिक-सुत्त समाप्त ।**

---

६२१ यी चार-स्मृतिप्रस्थान *(सतिपट्ठान)*को बारे सविस्तार कुरा जान्नको लागि महासतिपट्ठान-सुत्त पृ.३५३ मा हेर्नु होला ।

Downloaded from http://www.dhamma.digital

# ७.लक्खण–सुत्त

**(लक्षणसूत्र)**

## १. बत्तीस महापुरुष लक्षण

१. यस्तो मैले सुनें । एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको आराम जेतवनमा विहार गरी बस्नुभएको थियो । त्यहाँ भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो – "भिक्षु हो !" भिक्षुहरूले "भदन्त !" भनी भगवान्लाई प्रत्युत्तर दिए । भगवान्ले यसो भन्नुभयो –

२. "भिक्षु हो ! बत्तीस महापुरुष-लक्षणहरूले युक्त हुने महापुरुषको दुई मात्र गति हुन्छ – यदि उनी घरमा बस्दछन् भने धार्मिक, धर्मराजा, चतुर्द्वीप विजेता भई जनपदहरूलाई शान्ति स्थापक हुन्छन्, सप्त *(सात)* रत्न सम्पन्न चक्रवर्ती राजा हुन्छन् । यी सप्तरत्न यी हुन् – (१) चक्ररत्न, (२) हस्तिरत्न, (३) अश्वरत्न, (४) मणिरत्न, (५) स्त्रीरत्न, (६) गृहपतिरत्न र (७) परिणायकरत्न । त्यस्तै शूर वीर शत्रुविजेता एकहजारभन्दा बढी पुत्रहरू हुन्छन् । उनले यो पृथ्वीको सागरसम्म दण्ड तथा शस्त्ररहित धर्मपूर्वक विजय गर्छ । यदि उनी घरबार छोडी प्रव्रजित भयो भने लोकमा आफ्नो आवागमनको परम्परा नष्ट गर्दै *(विवट्टच्छदो)* अरहत् सम्यक्सम्बुद्ध हुनेछ ।

३. "भिक्षु हो ! ती बत्तीस महापुरुष-लक्षण के के हुन् जुन लक्षणहरूले युक्त भएमा महापुरुषको दुई मात्र गति हुन्छ – यदि उनी घरमा बस्दछन् भने धार्मिक ··· चक्रवर्ती राजा ··· हुन्छन्; यदि उनी घरबार छोडी प्रव्रजित भए भने लोकमा आफ्नो आवागमनको परम्परा नष्ट गर्दै अरहत् सम्यक्सम्बुद्ध हुनेछन् ?"

"भिक्षु हो ! (१) महापुरुषको सुप्रतिष्ठितपाद हुन्छ *(अर्थात् उहाँको पैतलाले भूमिमा पुरै समान रूपले छुन्छ)* । भिक्षु हो ! यो लक्षण महापुरुषको बत्तीस लक्षणमध्ये *(प्रथम)* लक्षण हो । भिक्षु हो ! (२) फेरि महापुरुषको पैतलामा सहस्र तेर्सो चिन्ह, भित्री, बाहिरी घेरा चिन्ह र नाभिसहित सर्वप्रकारले परिपूर्ण चक्र चिन्ह हुन्छन् ··· । भिक्षु हो ! (३) फेरि महापुरुषको कुर्कुच्चा लामा हुन्छ ··· । भिक्षु हो ! (४) फेरि महापुरुषको औलाहरू लामा हुन्छन् (५) ··· मृदु-तरुण-हस्तपाद हुन्छन् ?··· (६) ··· जालहस्तपाद हुन्छन् ··· । (७) ··· गोलीगाँठा माथि उठेको हुन्छन् ··· । (८) ··· एणिजङ्ग हुन्छन् ··· । (९) ··· न निहुरीकन उभिएर नै दुवै घुँडा हातले छुन सक्छ ··· । (१०) ··· प्रतिच्छन्न भएको पुरुषेन्द्रिय हुन्छ ··· । (११) ··· सुवर्ण वर्ण समान कञ्चन त्वचा हुन्छ ··· (१२) ··· उनको छवि सूक्ष्म *(चिल्लो)* हुन्छ । अतः उनको शरीरमा धूलो बस्दैन, मयल पर्दैन ··· । (१३) ··· एउटा रोम कूपमा एउटा, एउटा मात्र रौं हुन्छ ··· । (१४) ··· उहाँको लोम उर्ध्वाग्र हुन्छ । ती रोमहरू अञ्जलीसमान नीला हुन्छन् । दाहिने भुमरी परी टुप्पा माथितिर फर्केका हुन्छन् ··· । (१५) ··· ब्रह्म-ऋजु अर्थात् शरीर बिलकुल सीधा हुन्छ ··· । (१६) ··· सप्तस्थान *(दुइ हात, दुइ खुट्टा, दुइ काँध र आँगसहित गर्धन)* पुष्ट हुन्छन् ··· । (१७) ··· सिंहपूर्बार्ध काय अर्थात् सिंहको जस्तो अगाडिको काय चौडा हुन्छ ··· । (१८) ··· चितरंस अर्थात् दुवै काँध परिपुष्ट हुन्छन् ··· । (१९) ··· न्यग्रोध *(बरको रूख)* परिमण्डलझैं जति आँङको उचाइ छ, त्यति नै चौडाइ छ, जति

Downloaded from http://www.dhamma.digital

आँङको चौडाइ छ त्यति नै उचाइ छ ··· । (२०) ··· समवर्तित स्कन्ध अर्थात् राम्ररी गोल भएको गर्धन हुन्छ ··· । (२१) ··· रसग्गसग्गी अर्थात् तुरन्तै स्वाद टिप्न सक्ने जिब्रो हुन्छ । (२२) ··· सिंहको जस्तो हनु *(बंगरा चिउँडो)* हुन्छ ··· । (२३) ··· चालीसवटा दाँतहरू हुन्छन् ··· । (२४) ··· सम *(बराबर मिलेका)* दन्तहरू हुन्छन् ··· । (२५) ··· दाँतहरू छिद्र नपरेका टन्न मिलेका हुन्छन् ··· । (२६) ··· सेता दाँतहरू हुन्छन् ··· । (२७) जिब्रो लामो *(प्रभूत)* हुन्छ ··· । (२८) ··· ब्रह्म स्वर हुन्छ ··· । (२९) ··· अभिनीत *(आलसको फूलको रंग जस्तो आँखा)* हुन्छ ··· । (३०) ··· बाछ्राको जस्तो परेला हुन्छ ··· । (३१) ··· भमुकन्तरमा *(=निधारमा नाकको डाँडी र दुई आँखी-भौं जोरिने ठाउँमा, ने. भा. ज्ञातिकामा)* मसिनो कपास जस्तो सेतो नरम रोमराजि *(ऊर्णा)* हुन्छ । भिक्षु हो ! (३२) फेरि महापुरुषको उष्णीष शीर्ष अर्थात् मुकुट जस्तो शिर हुन्छ । भिक्षु हो ! महापुरुषको उष्णीष शीर्ष जस्तो हुनु पनि महापुरुषको *(बत्तीसौं)* लक्षण हो ।

"भिक्षु हो ! यिनै बत्तीस महापुरुषको महापुरुष-लक्षण हुन् जुन लक्षणहरूले युक्त भएमा महापुरुषको दुई मात्र गति हुन्छ – यदि उनी घरमा बस्दछन् भने धार्मिक ··· चक्रवर्ती राजा ··· हुन्छन्, यदि उनी घरबार छोडी प्रव्रजित भए भने लोकमा आफ्नो आवागमनको परम्परा नष्ट गर्दै अरहत् सम्यक्सम्बुद्ध हुनेछन् ।"

"भिक्षु हो ! यी बत्तीस महापुरुषको महापुरुष-लक्षण बाहिरका ऋषिहरूले पनि मान्दछन्, जान्दछन् पनि परन्तु कुन कुन लक्षण कुन कुन कर्मबाट लाभ हुन्छन् भन्ने कुरा भने तिनीहरूलाई थाहा हुँदैन ।"

## २. कुन कुन कर्मबाट कुन कुन लक्षण उद्भव हुन्छ

### (१) सुप्रतिष्ठित पादता

४. "भिक्षु हो ! तथागत पूर्वजन्ममा, पूर्वभवमा, पूर्वनिवासमा अगि मनुष्य योनिमा उत्पन्न भई कुशल कर्म गरेर काय, वचन र मनद्वारा दान गरी, शील पूरा गरी, उपोसथ व्रत पालन गरी मातापिता एवं श्रमण-ब्राह्मणहरूको सेवा, कुलमा जेष्ठहरूको सम्मान गरी असलअसल कुशल कर्ममा दृढताका साथ लागेका थिए । यी पुण्य कर्मको सञ्चय तथा विपुलताबाट उनी शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए । त्यहाँ पनि अन्य देवताहरूको भन्दा दिव्य आयु, दिव्य वर्ण, दिव्यसुख, दिव्य यश, दिव्य आधिपत्य, दिव्य रूप, दिव्य शब्द, दिव्य गन्ध, दिव्य रस, दिव्य स्पर्श – यी दस कुरामा अधिक विशेषता प्राप्त गरेका थिए । उनी त्यहाँबाट च्युत भई यहाँ *(यस लोकमा)* आई यो महापुरुष लक्षण लाभ गर्दछन् – सुप्रतिष्ठित पादता प्राप्त गर्दछन् । बराबर समान रूपले पैताला भूमिमा राख्दछन्, बराबर समान रूपले पैताला उठाउँछन्, पैतालाले समान रूपले भूमिको सबै ठाउँ स्पर्शित गर्दछन् ।"

५. यस्ता महापुरुष-लक्षणहरूले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा, चतुर्द्वीप विजेता भई जनपदहरूलाई शान्ति स्थापक हुन्छन्, सप्त रत्न सम्पन्न चक्रवर्ती राजा हुन्छन् । यी सप्तरत्न हुन् – चक्ररत्न, हस्तिरत्न, अश्वरत्न, मणिरत्न, स्त्रीरत्न, गृहपतिरत्न र परिणयकरत्न । त्यस्तै शूरवीर शत्रु विजेता एक हजारभन्दा बढी पुत्रहरू हुन्छन् । यो पृथ्वीको सागरसम्म दण्ड तथा शस्त्ररहित धर्मतापूर्वक विजय गर्छन् । राजा भई के लाभ गर्दछन् ? उनी शत्रु मित्र तथा मनुष्यबाट अजय हुन्छन् । राजा भई यो लाभ गर्दछन् । यदि उनी घरबार छोडी प्रव्रजित भए भने लोकमा आफ्नो

Downloaded from http://www.dhamma.digital

आवागमनको परम्परा नष्ट गर्दै अरहत् सम्यक्सम्बुद्ध हुनुहुनेछ । बुद्ध भई के लाभ गर्नुहुन्छ ? भित्रको शत्रु, अमित्र – राग, द्वेष, मोह तथा श्रमण-ब्राह्मण, देव, मार, ब्रह्मा अथवा संसारमा कोही पनि अन्य विरोधी वाह्य शत्रुद्वारा अजेय भईरहनुहुन्छ । बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ ।" भगवान्ले यति कुरा भन्नुभयो ।

६. यहाँ *(यस विषयमा पौराणिक स्थविरहरूद्वारा)* भनिएका छन् – सत्य *(भाषण)* कुशल धर्म, इन्द्रियदमन, संयम, कायशुद्धि, शीलसंयम, उपोसथव्रत, दान, शील, अहिंसा तथा यस्तै यस्तै अन्य शुभ कर्ममा रत भई दृढताका साथ उहाँले आचरण गर्नुभयो ।

"उनी यी कुशल कर्मको कारण शरीर छाडी मृत्यु पछि स्वर्गमा उत्पन्न भए । त्यहाँ क्रीडा र रति सुख दीर्घकाल सम्म अनुभव गर्दै रहे । फेरि त्यहाँबाट च्युत भई यहाँ *(यस लोकमा)* आएर समपादले पृथ्वीलाई स्पर्श गरे ।"

*(त्यो लक्षणलाई हेरेर)* "त्यहाँ आएका सामुद्रिक शास्त्रको ज्ञाता विद्वानहरूले भने – 'सम्प्रतिष्ठित पाद भएका महापुरुष कहिले पनि पराजित हुन सक्दैन । गृहस्थी होस् अथवा प्रव्रजित यो लक्षण यसैको प्रतीक हो ।"

"उनी *(महापुरुष)* यदि गृहस्थी भईरहन्छ भने यो लक्षणको कारण कोही पनि शत्रुद्वारा पराजित हुँदैन तथा कसैले पनि उनलाई स्वप्रतिष्ठित स्थानबाट च्युत गर्न सक्दैन, बरू उनी अरूलाई पराजित गर्न सामर्थ्य भएका हुन्छन् ।"

फेरि यदि त्यो नरश्रेष्ठ, विचक्षण नैष्क्रम्यको अभिलाषित *(छन्द अभिरति)* भई प्रव्रज्या ग्रहण गर्दछ भने पुन: आवागमनमा पर्दैन, यही यसको धर्मता *(प्रतीक)* हो ।

## (२) पादतल चक्रता

७. "भिक्षु हो ! तथागत पूर्वजन्ममा, पूर्वभवमा, पूर्वनिवासमा अगि मनुष्य योनिमा उत्पन्न भई बहुजन हितको निमित्त सुखावह भएका थिए । उनले जनताको उद्वेग, भय एवं चाञ्चल्य हटाई धार्मिक कुरालाई रक्षा गर्नुको निमित्त विधान गरी परिवार दान गरे । त्यो कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ··· *(पूर्ववत्)* ··· उनी त्यहाँबाट च्युत भई यहाँ आई यी दुई महापुरुष-लक्षणहरू लाभ गर्दछन् – सहस्र तेस्रो चिन्ह, भित्री, बाहिरी, घेरा चिन्ह र नाभिसहित सर्व प्रकारले परिपूर्ण चक्र चिन्ह भएको पैतला तथा (३) कुर्कुच्चा भएका हुन्छ ।"

यस्ता महापुरुष-लक्षणहरूले युक्त हुने महापुरुष घरमा बस्दछन् भन्ने धार्मिक धर्मराजा ··· *(पूर्ववत्)* ··· चक्रवर्ती राजा हुन्छ । ··· *(पूर्ववत्)* ··· राजा भई के लाभ गर्दछन् ? महापरिवार लाभ गर्दछन् जस्तोकि – ब्राह्मण, गृहपति, नैगम *(नागरिक सभासद्)*, जनपद *(ग्रामसभासद्)*, अधीनस्थ राजा तथा राजकुमार । राजा भई यी कुराहरू लाभ गर्दछन् । यदि उनी घरबार छोडी प्रव्रजित भए भने ··· अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? महापरिवार लाभ गर्नुहुन्छ । जस्तो कि – भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू, देव, मनुष्य, असुर, नाग एवं गन्धर्व । बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ । भगवान्ले यति कुरा भन्नुभयो ।

८. यहाँ भनिएका छन् –

अगि, पूर्व मनुष्य भई बहुजनको निमित्त सुखावह भए,

Downloaded from http://www.dhamma.digital

उद्वेग, त्रास र भयबाट दूर भई रक्षा, आवरण, गोप्यताका साथ बस्ने भए ।

त्यही कर्मबाट उनी देवलोकमा गएर उनले सुख, क्रीडा रतिको अनुभव गर्दै त्यहाँबाट च्यूत भई यहाँ आई दुवै पैतलामा सहस्र घेरासहित चक्र चिन्ह पाए ।

कुमारको ती सयकडौं पुण्य-लक्षण हेरेर ज्योतिषीहरूले भने – यिनी स्वशत्रुनाशक एवं विशाल परिवार भएका हुनेछन् किनकि यिनको चरणमा चक्रको चिन्ह विद्यमान छ ।

यदि यस्ता पुरुष *(कुनै कारणवश)* प्रव्रजित भएनन् भने चक्रवर्ती राजा भई समग्र पृथ्वीमण्डलमा शासन गर्नेछन् तथा पृथ्वीका अन्य राजाहरू यिनका अधीनमा रहनेछन् ।

यदि यो विचक्षण, नैष्कर्म्यको इच्छुक जातक प्रव्रजित भए भने विशाल परिवार भएका हुनेछन् ।

साथै उनी महायशस्वी देव, मनुष्य, असुर, शक्र, राक्षस, गन्धर्व, नाग, पन्छी, पशु, तथा देव मनुष्यहरूद्वारा पूजित हुनेछन् ।

## (३–५) आयतपार्ष्णिता आदि

९. "भिक्षु हो ! तथागत पूर्वजन्ममा … अगि मनुष्य योनिमा उत्पन्न भई प्राणी हिंसा *(घात)* त्यागी प्राणीघातबाट अलग भइरहन्थे – दण्डरहित, शस्त्ररहित, लज्जालु तथा सबै प्राणीप्रति हितानुकम्पी भई बसे । त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए … *(पूर्ववत्)* … उनी त्यहाँबाट च्युत भई यहाँ आई यी तीन महापुरुष लक्षणहरू लाभ गर्दछन् – (४) औंलाहरू लामा हुन्छन्, (५) हस्तपाद-मृदु-तरुण हुन्छन् र (६) हस्तपाद जाल जस्तो हुन्छन् ।"

यस्ता महापुरुष-लक्षणहरूले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा … *(पूर्ववत्)* चक्रवर्ती राजा हुन्छन् । … *(पूर्ववत्)* … राजा भई के लाभ गर्दछन् ? दीर्घ आयु भई चिरकालसम्म बाँच्छन् । कोही शत्रुभूत पुरुषले उनलाई मार्न सक्नेछैन । राजा भई यी कुराहरू लाभ गर्दछन् । यदि उनी घरबार छोडी प्रव्रजित भए भने … अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? कोही पनि शत्रुभूत श्रमण-ब्राह्मण वा मार, ब्रह्मा आदि कसैले पनि उनलाई मार्न सक्नेछैन । बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ ।" भगवान्ले यति कुरा भन्नुभयो ।

१०. यहाँ भनिएका छन् –

आफ्नो मृत्यु, क्षय तथा भयलाई देखेर उनी जीवहिंसाबाट विरत भईरहे ।

यी सत्कर्मको प्रभावले उनले स्वर्ग सुख चिरकालसम्म भोग गरे ।

त्यहाँबाट च्युत भई उनी यहाँ आई तीन विशेष लक्षणले युक्त भएका हुन्छन् – गोलीगाँठा सीधा माथि उठेको हुन्छ, औंलाहरू लामा हुन्छन्, शरीर ब्रह्माको जस्तो बिलकुल सीधा हुन्छ ।

तथा, उनको शिशुको जस्तै भुजाहरू मनोरम एवं सुन्दर हुन्छन्, शुभ सुजात सीधा शरीर हुन्छ । *(ज्योतिषीहरू)* महापुरुषका यस्ता तीन लक्षणहरूले युक्त राजकुमार दीर्घजीवी हुन्छ भन्दछन् ।

फेरि प्रव्रजित भए भने झन दीर्घायु हुन्छ,

आफ्नै वशमा बसी ऋद्धि भावनाको निमित्त जीवित रहन्छ – यही लक्षण दीर्घायुको हो ।

Downloaded from http://www.dhamma.digital

## (६) सप्त-उत्सदता

११. "भिक्षु हो ! तथागतले पूर्वजन्ममा ··· अगि मनुष्य योनिमा उत्पन्न भई नानाविध सुन्दर, स्वादिष्ट, खाद्य भोज्य, लेह्य तथा चोष्य पदार्थ दान दिएका थिए । त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ··· *(पूर्ववत्)* ··· उनी त्यहाँबाट च्युत भई यहाँ आई यो महापुरुष-लक्षण लाभ गर्दछन् – सप्तस्थान *(दुई हात, दुई खुट्टा, दुई काँध र आँग सहित गर्धन)* पुष्ट हुन्छन् ।

यस्ता महापुरुष-लक्षणले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ··· चक्रवर्ती राजा हुन्छन् । ··· *(पूर्ववत्)* ··· राजा भई के लाभ गर्दछन् ? सुन्दर, स्वादिष्ठ खाद्य ···पदार्थ अतिशय प्राप्त गर्दछन् । यदि उनी घरबार छोडी प्रव्रजित भए भने ··· अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? सुन्दर, स्वादिष्ट खाद्य ··· पदार्थ प्राप्त गर्नुहुनेछ । बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ ।" भगवान्ले यति कुरा भन्नुभयो ।

१२. यहाँ भनिएका छन् –

"*(उनले)* खाद्य, भोज्य, लेह्य, चोष्य आदि उत्तम स्वादिष्ट पदार्थ दान कर्म गरी त्यसको सुचरित कर्मले चिरकाल सम्म नन्दन वनमा प्रमोद गरिरहे ।"

"यहाँ आई त्यही सप्त-उत्सद प्राप्त गरी उनको हात खुट्टा पनि मृदु भए । लक्षणज्ञ विद्वानहरूले उनलाई खाद्य भोज्य रसका 'लाभी' भनी भने ।"

"तिनीहरू भन्थे कि यो लक्षण गृहस्थ अथवा प्रव्रजित दुवै अवस्थामा समान लाभ दायक हुन्छ । यस्तो लक्षण धारण गर्नेलाई उत्तम खाद्य भोज्यको लाभी तथा सबै गृहकारक बन्धनहरूका छेदक भनी भन्दछन् ।"

## (७–८) कर–चरण मृदुजालता

१३. "भिक्षु हो ! तथागतले पूर्वजन्ममा ··· अगि मनुष्य योनिमा उत्पन्न भई (१) दान, (२) प्रियवचन, (३) अर्थचर्या तथा (४) समानताको व्यवहार यही चार संग्रहकारक गुण धर्मबाट मानिसहरूलाई संग्रह गरे । त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ··· *(पूर्ववत्)* ··· उनी त्यहाँबाट च्युत भई यहाँ आई यी दुई महापुरुष-लक्षण लाभ गर्दछन् – मृदु-तरुण हस्तपाद तथा जाल-हस्तपाद ।

यस्ता महापुरुष-लक्षणहरूले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ··· चक्रवर्ती राजा हुन्छन् । ··· *(पूर्ववत्)* ··· राजा भई के लाभ गर्दछन् ? ब्राह्मण, गृहपति, नैगम, जनपद, कोषाध्यवन सेनापनि द्वारपाल ··· सबै परिजनहरूको संग्रह गर्दछन् । राजा भई यी कुराहरू लाभ गर्दछन् । यदि उनी घरबार छोडी प्रव्रजित भए भने ··· अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? भिक्षु, भिक्षुणी, उपासक, उपासिका, देव, मनुष्यहरू, असुर, नाग, गन्धर्वहरूको संग्रह गर्नुहुन्छ । बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ । भगवान्ले यति कुरा भन्नुभयो ।

१४. यहाँ भनिएका छन् –

Downloaded from http://www.dhamma.digital

"उनी दान, अर्थचर्या, प्रियवचन तथा समानताको व्यवहार गरी धेरै नै मानिसहरूलाई संग्रह गरी त्यही अप्रमाद गुणको कारण स्वर्ग गए।"

"त्यहाँबाट च्युत भएर पुनः यहाँ आई मृदु तथा कोमल हात हुनुको साथै लामा *(दीर्घ)* औंलाहरू प्राप्त गर्दछन्, जस्तै कुनै सुन्दर दर्शनीय शिशुको जस्तै।"

"परिजनको माझमा प्रिय हुन्छ, तिनीहरूलाई संग्रह गरी समग्र पृथ्वीलाई वशमा राख्दछन्। प्रियवक्ता तथा हित-सुखको अन्वेषक बनेर प्रिय गुणको आचरण गर्दछन्।"

"यदि उनले सबै कामभोग परित्याग गर्दछन् भने जितेन्द्रिय भई जनतालाई धर्मोपदेश गर्दछन्। उनका धर्मोपदेशबाट प्रसन्न भई ती जनता धर्माचरण गर्नमा लाग्दछन्।"

## (९-१०) उत्सङ्गपादता तथा उर्ध्वाग्रलोमता

१५. "भिक्षु हो! तथागतले पूर्वजन्ममा ... अगि मनुष्य योनिमा उत्पन्न भई मानिसहरूको माझ अर्थयुक्त, धर्मयुक्त कुरा सुनाई, निर्देश गरेका थिए, प्राणीहरूको हित सुखको निमित्त धर्म यज्ञ गरेका थिए। त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ... *(पूर्ववत्)* ... उनले त्यहाँबाट च्युत भई यहाँ आई यी दुई महापुरुष-लक्षण लाभ गर्दछन् – उत्सङ्गपाद तथा उर्ध्वाग्रलोम।

यस्ता महापुरुष-लक्षणहरूले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ... चक्रवर्ती राजा हुन्छन्। ... राजा भई के लाभ गर्दछन्? कामभोगीमध्ये अग्र, श्रेष्ठ, प्रमुख उत्तम तथा प्रवर हुनेछन्। राजा भई यी कुराहरू लाभ गर्दछन्। यदि उनी घरबार छोडी प्रव्रजित भए भने ... अरहत् सम्यक्सम्बुद्ध हुनेछन्। बुद्ध भई के लाभ गर्नुहुन्छ सबै सत्त्व प्राणीहरूमध्ये अग्र, श्रेष्ठ, उत्तम बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ। भगवान्ले यति कुरा भन्नुभयो।

१६. यहाँ भनिएका छन् –

"उनले पूर्व जन्ममा बहुजनलाई अर्थ तथा धर्म सम्बन्धी हित हुने कुरा बताइदिए, उपदेश दिए।

प्राणीहरूको हित-सुखको दाता बनी मात्सर्यरहित भई धर्म यज्ञ गर्दै रहे।

"त्यस सुचरित कर्मद्वारा उनी चिरकालसम्म सुगति प्राप्त गरी स्वर्गलोकमा प्रमुदित भए। पुनः यसलोकमा आई उत्सङ्गपादता तथा उर्ध्वाग्रलोमता – यी दुई महापुरुष लक्षण प्राप्त गरी जनतामा उत्तम, अग्र, श्रेष्ठ, प्रमुख र प्रवर बने।"

"उनको लोम उर्ध्वाग्र हुन्छन्, पैतलाका गोलीगाँठाहरू बिलकुल माथि उठेका हुन्छन्। त्यसमा मांस, रक्त र छाला *(चर्म)* ले राम्ररी आवृत गरेको हुन्छ तथा चरण शोभायमान भईरहन्छन्।"

"यस्ता पुरुष यदि गृहस्थमा रहन्छन् भने कामभोगीमध्ये श्रेष्ठ हुन्छन्, त्यसभन्दा बढी काम भोगी अरू कोही हुनेछैन्, उनले समस्त जम्बुद्वीपलाई विर्य गरी शासन गर्दछन्।"

"त्यस्ता पुरुष यदि अनुपम *(अनुत्तर)* गृहत्याग गरी प्रव्रजित भए भने सबै प्राणीहरूमध्ये श्रेष्ठ हुनेछन्। उनीभन्दा ठूलोमा कोही हुने छैनन्, उनले समस्त लोकलाई जिती विहार गरी बस्दछन्।"

Downloaded from http://www.dhamma.digital

## (११) एणिजङ्गता

१७. "भिक्षु हो ! तथागतले पूर्वजन्ममा ... अगि मनुष्य योनिमा उत्पन्न भई जनतालाई सत्कारपूर्वक शिल्प, विद्या, आचरण तथा कर्मसम्बन्धी शिक्षा यसरी दिए जसले गर्दा तिनीहरूले शीघ्र जाने अथवा शीघ्र नै सिक्न सके ताकि धेरै समय लागेन । त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ... *(पूर्ववत्)* ... उनी त्यहाँबाट च्युत भई यहाँ आई यो महापुरुष-लक्षण लाभ गर्दछन् – एणिजङ्घ ।

यस्ता महापुरुष-लक्षणले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ... चक्रवर्ती राजा हुन्छन् । ... राजा भई के लाभ गर्दछन् ? राजाको योग्य,राजाको अनुकूल वस्तु शीघ्र प्राप्त गर्दछन् । राजा भई यी कुराहरू लाभ गर्दछन् । यदि उनी घरबार छोडी प्रव्रजित भए भने ... अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? बुद्ध हुनु भई ती श्रमणहरूको योग्य, श्रमणोपभोग्य, श्रमणहरूको अनुकूल भोग्यलाई प्राप्त गर्नुहुन्छ । बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ । भगवान्ले यति कुरा भन्नुभयो ।

१८. यहाँ भनिएका छन् –

उनले शिल्प, विद्या, आचरण तथा कर्मसम्बन्धी जसरी हुन्छ चाँडो सिकोस् भनी इच्छा गर्दछन्

ताकि कसैलाई कष्ट नहोस् अतः अति शीघ्र तिनीहरूलाई सबै कुरा सिकाई दिन्छन् ।

"उनी *(यहाँ अर्को जन्ममा)*, उक्त कर्मको प्रभावले आफ्नो शरीरमा परिपूर्ण जङ्घा भएका हुन्छन्, जुन गोल, सुन्दर, राम्ररी माथि, तल छाँट परेको, उर्ध्व लोभ भएको तथा सूक्ष्म *(मृदु)* चर्म *(छाला)* द्वारा वेष्टित भएको हुन्छ ।"

"त्यस्ता मान्छेलाई मानिसहरू एणीजङ्घ भन्दछन् । यो लक्षण सर्वसम्पत्तिदायक हुन्छ । यदि उनी गृहस्थ भए भने तदनुकूल आफूले चिताएको भोग तत्काल पाउँछन् ।"

"साथै, यदि उनी विलक्षण पुरुष नैष्कम्यमा उत्सुक भएर प्रव्रज्या ग्रहण गर्दछन् भने उनले आफ्नो योग्य अनुरूप भोग शीघ्र पाउँछन् ।"

## (१२) सूक्ष्मच्छविता

१९. "भिक्षु हो ! तथागत पूर्वजन्ममा ... अगि मनुष्य योनिमा उत्पन्न भई श्रमण- ब्राह्मणकहाँ गई प्रायः यस्तो प्रश्न गर्दथे – "भन्ते ! कुशल भनेको के हो ? अकुशल भनेको के हो ? दोष भनेको के हो ? निर्दोष भनेको के हो ? सेवनीय भनेको के हो ? असेवनीय भनेको के हो ? के गरेमा मेरो निमित्त चिरकाल सम्म अहित, अदुःखको निमित्त हुन्छ ? के गरेमा मेरो निमित्त चिरकालसम्म हित, सुखको निमित्त हुन्छ ? त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ... उनी त्यहाँबाट च्युत भई यहाँ आई यो महापुरुष-लक्षण लाभ गर्दछन् – सूक्ष्म छवि । उनको शरीरमा धूलो वा मैला लाग्दैन ।

यस्ता महापुरुष-लक्षणले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ... चक्रवर्ती राजा हुन्छन् । ... राजा भई के लाभ गर्दछन् ? महाप्रज्ञा हुनेछ, कामभोगीहरूमध्ये उनी जस्तो वा उनी भन्दा माथिको प्रज्ञा भएको अरु कोही हुनेछैन । राजा भई यी कुराहरू लाभ गर्दछन् । यदि उनी घरबार छोडी प्रव्रजित भए भने ... अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? महाप्रज्ञा,

Downloaded from http://www.dhamma.digital

पृथुप्रज्ञा, तीव्रप्रज्ञा, जवनप्रज्ञा, तीक्ष्णप्रज्ञा, निर्वेधिकप्रज्ञा हुन्छ। समस्त प्राणीहरूमध्ये उहाँ जस्ता वा उहाँ भन्दा ठूला ··· अरु कोही हुँदैन। बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ। भगवान्ले यति कुरा भन्नुभयो।

२०. यहाँ भनिएका छन् –

उनी पूर्व जन्ममा केही जान्ने इच्छा राखी प्रव्रजितहरू कहाँ गई उनीहरूको सेवा लागि कुशलको बारे प्रश्न गर्ने गर्दथे, उनीहरूको उपदेशमा ध्यान दिन्दथे।

"प्रज्ञा प्रतिलाभ हुने कर्मको पुण्य प्रभावले मनुष्य जन्ममा 'सूक्ष्म छवि' पाउँछन्। लक्षणको उत्पत्ति ज्ञाता विद्वानहरूले भन्दछन् – उनले सूक्ष्म कुरोलाई पनि तुरन्त बुझ्दछन्।"

"यदि प्रव्रजित भएन भने चक्रवर्ती राजा भई पृथ्वीमा राज्य गर्दछन्। न्याय गर्नमा, अर्थको अनुशासन र परिग्रह गर्नमा उनी जस्तो वा उनी भन्दा श्रेष्ठ अरू कोही हुँदैन।"

"त्यस्ता विलक्षण पुरुष नैष्क्रम्य छन्द अभिरत भई यदि प्रव्रजित भए भने अनुपम *(अनुत्तर)* विशेष प्रज्ञा लाभ गर्दछन्, उनले श्रेष्ठ महामेधबाट सम्बोधि प्राप्त गर्दछन्।"

## (१३) सुवर्ण वर्णता

२१. "भिक्षु हो ! तथागत पूर्वजन्ममा ··· अगि मनुष्य योनिमा उत्पन्न भई सबैसित क्रोधरहित भई व्यवहार गर्दथे, तथा कसैलाई पनि दुःख दिने प्रयासै नगर्ने तथा कसैले धेरै नै भने पनि कसैप्रति कुनै दोष, कोप, द्रोह गर्दैनथे। कसैले धेरै नै भने पनि कसैप्रति कुपित हुँदैनथे, मारपिट पनि गर्दैनथे, गालि पनि गर्दैनथे। कसैप्रति पनि क्रोध, द्वेष वा दौर्मनस्य प्रकट गर्दैन्थे। बरू उनले उनीहरूलाई नै *(समय समय)* सूक्ष्म *(मिहीन)*, मृदु *(नरम)*, अलसी, कपास, कौषेय तथा ऊर्णाको बिछ्यौना र ओढ्ने *(सिरक आदि)* वस्त्र आदि दान दिए। त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ··· उनी त्यहाँबाट च्युत भई यहाँ आई यो महापुरुष-लक्षण लाभ गर्दछन् – सुवर्ण वर्ण अर्थात् सुनको जस्तै छाला भएको।

यस्ता महापुरुष-लक्षणले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ··· चक्रवर्ती राजा हुन्छन्। ··· राजा भई के लाभ गर्दछन् ? उनले क्षौम तथा कौषेय वा कपास र ऊनबाट बनेको कोमल र मिहिन ओढ्ने बिछ्यौना वस्त्र आदि अत्याधिक मात्रामा पाउँछन्। राजा भई यी कुराहरू लाभ गर्दछन्। यदि उनी घरबार छाडी प्रव्रजित भए भने ··· अरहत् सम्यक्सम्बुद्ध हुनेछन्। बुद्ध भई के लाभ गर्नुहुन्छ ? उहाँले क्षौम तथा कौषेय वा कपास र ऊनबाट बनेको कोमल र मिहिन ओढ्ने बिछ्यौना वस्त्र आदि पाउँनुहुन्छ। बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ। भगवान्ले यति कुरा भन्नुभयो।

२२. यहाँ भनिएका छन् –

"उनले क्रोधरहित भई त्यसरी नै सूक्ष्म र सुन्दर वस्त्रहरूको दान गर्दथे जसरी सूर्यले पृथ्वीलाई *(प्रत्येक जीवनदायी वस्तु)* दान गर्दछ।"

"ती दानको प्रभावले उनले यहाँबाट च्युत भई स्वर्गमा विविध पुण्यफल भोग्दै पुनः यहाँ आएर काञ्चनवर्ण शरीर त्यसरी नै प्राप्त गरे जसरी स्वर्गमा इन्द्र कल्पतरु प्राप्त गरेका थिए।"

"यदि उनी गृहस्थ धर्ममै रहेमा उक्त पुण्यको प्रभावबाट समग्र पृथ्वीको शासन गर्दै चक्रवर्ती राजा भई सात रत्नको साथै आफ्नो शरीरमा शूचि, विमल सुवर्ण वर्ण भएको त्वचा पाउँछन्।"

Downloaded from http://www.dhamma.digital

"यदि उनी प्रव्रजित भए भने नानाविध सुन्दर-सुन्दर ओढ्ने विछ्यौना वस्त्र पाउँछन्, उनी पूर्वकृत कर्मको सुफल भोग्नेछन्, किनकि आफूले गरेको कर्मको नाश *(भोग नगरीकन)* हुनु असम्भव छ।"

## (१४) कोषावहित वस्तिगुह्यता

२३. "भिक्षु हो ! तथागत पूर्वजन्ममा ··· अगि मनुष्य योनिमा उत्पन्न भई चिरकालदेखि बिछोड भएका तथा धेरै समय देखि टाढा भएका दाजुभाइहरूको बीच, साथी, सुहृद् मित्रहरूलाई परस्पर मिलाउने भए। आमा छोरासित, छोरा आमासित, पिता पुत्रसित, पुत्र पितासित दाजु भाइसित, भाइ दाजुसित, दिदी बहिनीसित, बहिनी दिदीसित, मिलाएर प्रसन्न अनुभव गर्दथे। त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ··· उनी त्यहाँबाट च्युत भई यहाँ आई यो महापुरुष-लक्षण लाभ गर्दछन् – प्रतिच्छन्न भएको पुरुषेन्द्रिय हुन्छ।

यस्ता महापुरुष-लक्षणले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ··· चक्रवर्ती राजा हुन्छन्। ··· राजा भई के लाभ गर्दछन् ? उनीसित धेरै नै शूर, वीर, शत्रु सेनाप्रमर्दक हजारौं संख्यामा पुत्रहरू हुन्छन्। राजा भई यी कुराहरू लाभ गर्दछन्। यदि उनी घरबार छाडी प्रव्रजित भए भने ··· अरहत् सम्यक्सम्बुद्ध हुनेछन्। बुद्ध भई के लाभ गर्नुहुन्छ ? धेरै नै पुत्र *(शिष्य)* हरू लाभी हुन्छन्। बुद्ध भई यस्ता लाभ हुन्छ। भगवान्ले यति कुरा भन्नुभयो।

२४. यहाँ भनिएका छन् –

उनी अगिअगि पूर्वजन्महरूमा चिरकाल देखि लुप्त चिरप्रवासी आफन्त ज्ञातिहरूलाई, सुहृद् मित्रहरूलाई, साथीभाइलाई मिलाई ऊ प्रसन्नताको अनुभव गर्दथे। ती पुण्य कर्मको प्रभावले स्वर्गलोकमा दिव्यसुख भोगेर त्यहाँबाट च्युत भई यहाँ मनुष्य योनिमा आई ती पुण्यको प्रभावले कोषाच्छादित वस्तिगुह्यता प्राप्त गरे।

"गृहस्थी भएमा उनका हजारभन्दा बढी आत्मज पुत्रहरू हुन्छन्, ती सबैका सबै शूर, वीर, शत्रुसन्तापक, प्रीति उत्पादक र प्रियवद हुन्छन्।"

"प्रव्रजित भएमा उनका धेरै धेरै नै वचनानुगामी पुत्रहरू हुन्छन्। चाहे गृहस्थी होस् अथवा चाहे प्रव्रजित यो लक्षणको प्रतीक यी कुराहरू हुन्।"

**प्रथम भाणवार समाप्त।**

## (१५-१६) न्यग्रोधपरिमण्डलता तथा आजानुबाहुता

२५. "भिक्षु हो ! तथागत पूर्वजन्ममा ··· अगि मनुष्य योनिमा उत्पन्न भई जनताको संग्राहक सम-विषम पुरुषको समीक्षा गरी विशेष पुरुषको बारे जान्दथे – यो यो काम विशेषको निमित्त योग्य

Downloaded from http://www.dhamma.digital

हुन्, यो यसको निमित्त योग्य हुन् । यसरी जानेर अगि उनले मानिसहरूको बारे विशेष ज्ञान राख्दथे । त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ··· उनी त्यहाँबाट च्युत भई यहाँ आई यी महापुरुष लक्षणहरू लाभ गर्दछन् – न्यग्रोधपरिमण्डल र आजानु बाहु अर्थात् न निहुरिकन उभिएर नै दुवै घुँडा हातले छुन सक्नु ।

यस्ता महापुरुष लक्षणले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ··· चक्रवर्ती राजा हुन्छन् । ··· राजा भई के लाभ गर्दछन् ? उनी अत्यधिक वैभवशाली, अत्यन्त धनवान्, अत्यधिक सुन चाँदी भएको, प्रभूत धन-धान्य भएको, परिपूर्ण कोषागार भएको, खाद्यान्न भरिभराउ भएको ढुकुटी भएको हुन्छ । राजा भई यी कुराहरू लाभ गर्दछन् । यदि उनी घरबार छाडी प्रव्रजित भए भने ··· अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? आढ्य, महाधनी, महाभोगवान् हुन्छन्, उहाँको यस्तो धन हुन्छ जस्तै श्रद्धा-धन, शील-धन-ह्री *(लज्जा)* -धन, अपत्राप्य *(पापकर्मदेखि नास)*-धन, श्रुत-धन, त्याग-धन तथा प्रज्ञा-धन । बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ । भगवान्ले यति कुरा भन्नुभयो ।

२६. यहाँ भनिएका छन् –

"तुलना, परीक्षा एवं चिन्तना गरी उनी जनतालाई संग्रह गरी यो यसको योग्य छ, यो यसको योग्य छ भनी प्रत्यवेक्षण गरी ··· प्रत्येक मानिसको सहयोगी बन्दथ्यो ।"

"*(यही सत्कर्मको प्रभावले)* उनी पृथ्वीमा उभेर न निहुरिकन उभिएर नै दुवै घुँडा हातले छुन सक्नुको साथै न्यग्रोधको परिमण्डल झैं परिमण्डलयुक्त शरीर भएको हुन्छन् । "

"यो लक्षण देखेर लक्षण जान्ने चतुर पुरुषहरूले यस्ता भविष्य कथन गरे – 'उनी बाल्यावस्था देखि नै अनेक विध गृहस्थ योग्य भोग प्राप्त गर्दछन् ।'"

"यहाँ उनी राजा भई सर्वकाम भोग पाउने गृहस्थोपयोगी सबै महर्घ वस्तुको लाभी हुन्छन् । यदि गृहस्थ धर्म छोडेर उनी प्रव्रजित भएमा उनले अनुपम श्रमणोयोगी श्रद्धा आदि धन समूहको लाभी हुनेछन् ।"

## (१७-१९) सिंहवत्पूर्वार्धकायता आदि

२७. "भिक्षु हो ! तथागत पूर्वजन्ममा अगि मनुष्य योनिमा उत्पन्न भई बहुजनको अर्थकामी, हितकामी, आनन्द कामी, योगक्षेम कामी थिए, के गरेमा उनीहरूको श्रद्धा बढ्छ, शील बढ्छ, श्रुत बढ्छ, त्याग बढ्छ, धर्म बढ्छ, प्रज्ञा बढ्छ, धन-धान्य बढ्छ घरजग्गा बढ्छ, पशुपक्षी बढ्छ स्त्रीपुत्र *(छोरा जहान)* बढ्छ, दासनोकर बढ्छन्, आफन्त ज्ञाति *(नातेदार)* हरू बढ्छन्, बन्धुबान्धवहरू बढ्छन् भनी चिन्तना गर्दथे । त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ··· *(पूर्ववत्)* ··· उनी त्यहाँबाट च्युत भई यहाँ आई यी महापुरुष-लक्षणहरू लाभ गर्दछन् – जस्तै उनको शरीरको पूर्वार्ध सिंहको जस्तो विशाल हुनु, चितान्तरांस हुन्छ तथा समवर्तस्कन्ध हुन्छ ।

यस्ता महापुरुष-लक्षणहरूले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ··· चक्रवर्ती राजा हुन्छन् । ··· राजा भई के लाभ गर्दछन् ? उनलाई कुनै पनि भोग्य वस्तुको कमी *(अपरिहाण धर्म)* हुँदैन, धन धान्य, घरखेत, पशुपक्षी स्त्रीपुत्र *(जहान परिवार)*, दासनोकर, आफन्त ज्ञातिहरू, मित्रहरू, बान्धवहरू परिहानी हुँदैन । सबै सम्पत्ति क्षीण हुँदैन । राजा भई यस्ता सम्पत्ति लाभ

Downloaded from http://www.dhamma.digital

गर्दछ । यदि उनी घरबार छोडी प्रव्रजित भए भने ··· अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? अपरिहाणीय धर्म हुन्छ, उहाँप्रति श्रद्धा, शील, श्रुत, त्याग, प्रज्ञा – सबै सम्पत्ति क्षीण हुँदैन । बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ । भगवान्‌ले यति कुरा भन्नुभयो ।

२८. यहाँ भनिएका छन् –

"श्रद्धा, शील, श्रुत, बुद्धि, त्याग धर्म आदि धेरै सद्‌गुणद्वारा तथा धन धान्य, घरखेत, स्त्री-पुत्र, पशु पक्षी, आफन्त नातेदारहरू, मित्र, बन्धु-बान्धव, बल, वर्ण, सुख आदि कुनै कुरामा पनि क्षीण नहोस् भनी उनी चाहन्छन्, तिनीहरू आर्थिक दृष्टिबाट समुन्नत र लाभदायक होस भनी उनी चाहन्थे ।"

"उनी ती अक्षय पूर्वजन्म कृत कर्मको पुण्यमय प्रभावबाट सिंहवत् पूर्वार्धकाय, समवर्त स्कन्ध तथा चितान्तरांस – यी तीन महापुरुष-लक्षणले सम्पन्न हुन्छन् ।"

"ती लक्षणहरूको कारण गृहस्थ धन-धान्य, सम्पन्न भई घरमा स्त्री-पुत्र, पशु पंक्षीले घेरेर बस्दछ अथवा प्रव्रजित भएमा अपरिहानिय धर्मता भएको सम्बोधि प्राप्त गर्दछन् ।"

## (२०) रसाग्रसग्गिता

२९. "भिक्षु हो ! तथागत पूर्वजन्ममा ··· अगि मनुष्य योनिमा उत्पन्न भई कुनै पनि प्राणीमाथि कुनै प्रकारको कष्ट दिँदैन्थे । न हातले, न ढुंगामुढाले, न दण्डले न त शस्त्रले नै । त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ··· उनी त्यहाँबाट च्युत भई यहाँ आई यो महापुरुष-लक्षण लाभ गर्दछन्, जस्तै रसग्रसग्गी ।

यस्ता महापुरुष-लक्षणले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ··· चक्रवर्ती राजा हुन्छन् । ··· राजा भई के लाभ गर्दछन् ? निरोग=निरातंक, न अतिशीत न अति उष्ण समान विपाक भएको पाचन शक्तियुक्त हुन्छन् । राजा भई यस्ता कुरा लाभ गर्दछन् । यदि उनी घरबार छोडी प्रव्रजित भए भने ··· अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? नीरोग=निरातंक न अतिशीत न अति उष्ण समान विपाक भएको पाचन शक्तियुक्त हुन्छन् । बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ । भगवान्‌ले यति कुरा भन्नुभयो ।

३०. यहाँ भनिएका छन् –

"उनले जनतालाई न हातले न दण्डले न ढुंगामुढाले न त शस्त्रले दुःख दिए अथवा न डराएकालाई नै तर्साए । उनले आफ्नो जीवन जनताको निमित्त अकष्टकर भएर नै बिताए ।"

त्यही सत्कर्मको प्रभावले उनी सुगतिमय स्वर्गमा चिरकाल सम्म दिव्य सुख भोग्दै रहे, किनकि अर्कालाई सुखप्रद कर्म गर्नेले आफूलाई पनि सुख दिने नै हुन्छ, यहाँ आएर मानिस भई रसाग्रसग्गी हुन्छ ।

"त्यसैले लक्षणकुशल विद्वानहरूले उनको शरीरमा भएको उपरोक्त चिन्ह हेरेर भने – यो मान्छे अति नै सुखी हुनेछ । चाहे गृहस्थ होस् अथवा प्रव्रजित त्यस लक्षण यो कुराको द्योतक हो ।"

Downloaded from http://www.dhamma.digital

## (२१-२२) अभिनील नेत्र र गोपक्ष्मता

३१. "भिक्षु हो ! तथागत पूर्वजन्ममा ... अगि मनुष्य योनिमा उत्पन्न भई टेढो आँखाले नहेर्ने भई सरल, सीधा मनले र प्रिय चक्षुले मानिसहरूलाई हेर्दथे । त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ... उनी त्यहाँबाट च्युत भई यहाँ आई यी महापुरुष-लक्षणहरू लाभ गर्दछन् जस्तै अभिनील नेत्र र गोपक्ष्म ।

यस्ता महापुरुष-लक्षणहरूले युक्त हुने महापुरुष घरमा बस्दछ भने धार्मिक धर्मराजा ... चक्रवर्ती राजा हुन्छन् । ... राजा भई के लाभ गर्दछन् ? बहुजनको प्रियदर्शी हुनेछ, ब्राह्मण, वैश्य, नागरिक सभासद्, जनपद सभासद्, गणक, महामात्य, सैनिक फौज *(अनीकस्थ)*, द्वारपाल, अमात्य, पारिषद्य, राजा, भोगिय कुमार सबैको प्रिय र मनाप हुन्छ । यदि उनी घरबार छोडी प्रव्रजित भए भने ... अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? जनतामा प्रियदर्शी भिक्षु, भिक्षुणी, उपासक, उपासिका, देव, मनुष्य, असुर, नाग, गन्धर्व सबैका प्रिय र मनाप हुनुहुनेछ । बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ । भगवान्ले यति कुरा भन्नुभयो ।

३२. यहाँ भनिएका छन् –

"उनले कसैलाई पनि बाङ्गो आँखाले वा उल्टो दृष्टिले हेरेन, सीधा मनले, प्रिय चक्षुले मानिसहरूलाई हेरे । उनले *(ती पुण्य कर्मको प्रभावले)* सुगति स्वर्गलोकमा दिव्य सुख भोग गरी पुनः यो लोकमा आएर अभिनील नेत्र र गोपक्ष्म – यी दुई महापुरुष-लक्षण पाउँछन् ।"

"अनेक कुशल लक्षणज्ञहरू भन्दथे – यस्ता नेत्र भएका मानिस मनुष्यलोकमा प्रियदर्शी हुन्छन् । गृहस्थी भईरहेमा यस्ता प्रियदर्शी पुरुष जनसमूहका प्रिय हुन्छन् । यदि उनी गृहस्थ नभई श्रमण भएमा बहुजनको प्रिय शोकनाशक हुनेछन् ।"

Dhamma.Digital

## (२३) उष्णीषशीषता

३३. "भिक्षु हो ! तथागत पूर्वजन्ममा ... अगि मनुष्य योनिमा उत्पन्न भई कुशल धर्मको आचरणमा बहुजनको नेतृत्व गरी कायिक सुचरित, वाचिक सुचरित, मानसिक सुचरित, दान संविभाजनमा, शील समादानमा, उपोसथ उपवासमा माता-पिता-श्रमण-ब्राह्मणको सेवामा, कुल-जेष्ठताको सम्मानमा तथा यस्तै यस्तै अन्य सत्कार्यमा श्रेष्ठ थिए । त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ... *(पूर्ववत्)* ... उनी त्यहाँबाट च्युत भई यहाँ आई यो महापुरुष-लक्षण लाभ गर्दछन् – जस्तै उष्णीष शीर्ष ।

यस्ता महापुरुष-लक्षणहरूले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ... चक्रवर्ती राजा हुन्छन् । ... राजा भई के लाभ गर्दछन् ? बहुजनको प्रियदर्शी हुनेछन्, ब्राह्मण, वैश्य, नागरिक सभासद्, जनपद सभासद्, गणक, महामात्य, सैनिक फौज *(अनीकस्थ)*, द्वारपाल, अमात्य, पारिषद्य, राजा, भोगिय कुमार, जनता सबै उनका अनुयायी बन्दछन् । यदि उनी घरबार छोडी प्रव्रजित भए भने ... अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? भिक्षु, भिक्षुणी, उपासक, उपासिका, देव, मनुष्य, असुर, नाग, गन्धर्व, महाजन *(जनता)* सबै उहाँको अनुयायी बन्दछन् यस्ता लाभ गर्नुहुन्छ । भगवान्ले यति कुरा भन्नुभयो ।

३४. यहाँ भनिएका छन् –

Downloaded from http://www.dhamma.digital

"उनी धर्मको सदाचरणमा प्रमुख थिए, धर्मचर्यामा निरन्तररत भईरहन्थे । जनताको प्रमुख थिए । यो पुण्यफलबाट उनले चिरकालसम्म स्वर्ग-सुख प्राप्त गरे ।"

अनि, मानव भई उष्णीषशीर्षत्व महापुरुष लक्षण प्राप्त गरे । यसका लक्षणज्ञहरूले यसको फल बताए – उनी जनसमूहको अग्रज *(नेता)* हुनेछन् ।

यहाँ मनुष्य लोकमा धेरै प्रतिभोग्य *(उपहार)* पाउँछन् । यदि उनी गृहस्थ भईरहन्छन् भने क्षेत्रिय राजा चक्रवर्ती बन्दछन्, उनलाई प्रतिहारक *(स्तुतिगायक, प्रशंसक)* मिल्दछन् ।

यदि उनी प्रव्रजित भए भने धर्मको जानकार=विसवी बन्नेछन् । अगणित जनता उनको धर्मानुशासनमा अनुशरण गर्नेछन् ।

## (२४–२५) एकैकलोमता एवं उर्णाभ्रमुकान्तरता

३५. "भिक्षु हो ! तथागत पूर्वजन्ममा ··· अगि मनुष्य योनिमा उत्पन्न भई मृषावाद त्याग गरी मृषावादबाट अलग भई बसेका थिए । सत्यवादी तथा सत्य कुरामा लागेका एवं विश्वसनीय यथार्थ कुरा गर्दथे । लोकलाई फरक पारेर कुरा गर्दैनथे । त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ··· *(पूर्ववत्)* ····· उनी त्यहाँबाट च्युत भई यहाँ आई यी महापुरुष-लक्षणहरू लाभ गर्दछन् – जस्तै उहाँको रोम कुपमा एउटा एउटा मात्र रौं हुन्छ तथा भमुकन्तर *(=दुई आँखी भौंको जोर्नी, ने.भा. न्हातिका)* मा मसिनो कपास जस्तो सेतो नरम रोमराजि *(ऊर्णा)* हुन्छ ।

यस्ता महापुरुष-लक्षणहरूले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ··· चक्रवर्ती राजा हुन्छन् । ··· राजा भई के लाभ गर्दछन् ? उनको परिषद् जस्तोकि ब्राह्मण, गृहपति, नैगम, जानपद, गणक, महामात्य, अनीकस्थ, द्वारपाल, अमात्य, पारिषद्य, राजा, भोगिय कुमारहरूको परिषद् अभेद्य हुन्छन् । राजा भई यस्ता कुरा लाभ गर्दछन् । यदि उनी घरबार छोडी प्रव्रजित भए भने ··· अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? अभेद्य-परिषद् हुन्छ, उहाँको परिषद् जस्तोकि भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू, देव, मनुष्यहरू, असुर, नाग, गन्धर्वहरूका परिषद् अभेद्य हुन्छन् । बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ । भगवान्‌ले यति कुरा भन्नुभयो ।

३६. यहाँ भनिएका छन् –

पूर्वजन्ममा उनले सत्य प्रतिज्ञ भई, दुई जिब्रे जस्तो नबनी, भूटा कुरा नगर्ने भए ।

कसैको पनि उनी अविश्वासी नबनी भूत *(तथ्य)* कुरा मात्र गर्ने भए ।

दुई आँखी भौंको जोर्नीको *(न्हातिकाको)* माभ मसिनो कपास जस्तो नरम रोमराजी *(ऊर्णा)* उत्पन्न भए तथा उनको रोमकूपमा दुईवटा रोम उत्पन्न भएन, एउटै मात्र भयो ।

"लक्षणकोविद धेरै नै विद्वानहरू उनलाई हेर्न आए, त्यसबेला तिनीहरूले ती लक्षणहरूको बारे बताए – उनको ऊर्णा र लोम जसरी सुस्थित रहेका छन् तिनबाट उनी सधैं अनेक विध जनसमूहद्वारा घेरिरहन्छन् ।"

"यदि ऊ गृहस्थ भएमा धेरै मानिसहरू आफ्नो कार्यको अत्यन्त साधक मानेर निरन्तर उनका पार्श्ववती भई रहन्छन् । अकिञ्चन अनुत्तर प्रव्रजित भएमा बुद्ध उनी बन्छन् । उनको धर्मोपदेश सुन्नलाई व्याकुल भएका धेरै जनसमूहले उनलाई घेरिरहनेछन् ।"

Downloaded from http://www.dhamma.digital

## (२६-२७) चालीस दन्त तथा अविरल दन्तपंक्ति

३७. "भिक्षु हो ! तथागत पूर्वजन्ममा ··· अगि मनुष्य योनिमा उत्पन्न भई पिसुनवाचा *(चुक्ली बोली)* लाई त्यागी चुक्ली बोलीबाट अलग भई बस्दथे । उनीहरूलाई फुटाउन, यता सुनेर उता बोल्दैनथे र उता सुनेर यता बोल्दैनथे बरू फुटेकालाई मिलाउँथे, मिलेकालाई प्रोत्साहित गर्दथे, मेलमिलापमा रमाउँथे, मेलमिलापमा मन लगाउँथे, मेलमिलापमा आनन्दित हुन्थे र मेलमिलाप हुने वचन बोल्दथे । त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ··· *(पूर्ववत्)* ··· उनी त्यहाँबाट च्युत भई यहाँ आई यी महापुरुष-लक्षणहरू लाभ गर्दछन् – जस्तै चालीसवटा दन्तहरू तथा अविरल दन्त पङ्क्ति ।

यस्ता महापुरुष-लक्षणहरूले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ··· चक्रवर्ती राजा हुन्छन् । ··· राजा भई के लाभ गर्दछन् ? उनका परिषद्- ब्राह्मण, गृहपति, नैगम, जानपद, गणक, महामात्य, अनीकस्थ, द्वारपाल, अमात्य, पारिषद्य, राजा, भोगिय कुमारका परिषद् अभेद्य हुन्छन् । राजा भई यस्ता कुरा लाभ गर्दछन् । यदि उनी घरबार छोडी प्रव्रजित भए भने ··· अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? अभेद्य-परिषद् हुन्छ, उहाँको परिषद् जस्तोकि भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू, देव, मनुष्यहरू, असुर, नाग, गन्धर्वहरूका परिषद् अभेद्य हुन्छन् । बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ । भगवान्ले यति कुरा भन्नुभयो ।

३८. यहाँ भनिएका छन् –

"एकता भएकाहरूलाई फुटाउने, कलह बढाउने, विवाद बढाउने, अकृत्य कार्य गराउने कुरा आदिबाट उनी अलग बस्दथे ।"

"बरु उनी एकता बढाउने, कलह मेटाउने सद्वचन मात्र बोल्दथे । जसले गर्दा कलह शान्त हुन्थ्यो । उनी ती मिलेको देखेर प्रसन्न र प्रमुदित हुन्थे ।"

"यो सुकृत्यको परिणाम स्वरूप उनी सुगति स्वर्गलोकमा दिव्यसुख प्रसन्नतापूर्वक आनन्द लिएर पुनः यस लोकमा फर्के । यस्तो मानिससँग चालीस दन्त र अविरल दन्त पङ्क्ति हुन्छ ।"

"यदि क्षत्रिय भूपति भएमा उनको परिषद् अभेद्य हुनेछ, यदि विरज विमल श्रमण भएमा उनको परिषद्, अनुरक्त अचल हुनेछन् ।"

## (२८-२९) प्रभूत जिह्वा र ब्रह्मस्वर

३९. "भिक्षु हो ! तथागत पूर्वजन्ममा ··· अगि मनुष्य योनिमा उत्पन्न भई परुषवचन *(चित्त दुख्ने वचन)* त्यागी परुषवचनबाट विरत भई बस्दथे । निर्दोष, कानमा आनन्द लाग्ने, प्रेमणीय, हृदयंगम, सबैलाई मन पर्ने, सबैले रुचाउने र सबैलाई प्यारो लाग्ने जुन वचन हो त्यस्तो वचन बोल्दथे । त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ··· *(पूर्ववत्)* ··· उनी त्यहाँबाट च्युत भई यहाँ आई यी महापुरुष-लक्षणहरू लाभ गर्दछन् – जस्तै प्रभूत जिह्वा र ब्रह्मस्वर ।

यस्ता महापुरुष-लक्षणहरूले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ··· चक्रवर्ती राजा हुन्छन् । ··· राजा भई के लाभ गर्दछन् ? आदेय-वाक् *(अर्थात् अनुकूल वक्ता)* हुन्छ, उनको कुरा ब्राह्मण, गृहपति, नैगम, जानपद, गणक, महामात्य, सैनिक फौज द्वारपाल, अमात्य पारिषद्य,

Downloaded from http://www.dhamma.digital

राजा, भोगिय कुमारहरू सबैले ग्रहण गर्दछन् । राजा भई यस्ता कुरा लाभ गर्दछन् । यदि उनी घरबार छोडी प्रव्रजित भए भने ⋯ अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? आदेय-वाक् हुन्छन्, उनको कुरा भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूले, देव मनुष्यहरूले, असुर, नाग र गन्धर्वहरूले सुन्दछन् । बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ । भगवान्ले यति कुरा भन्नुभयो ।

४०. यहाँ भनिएका छन् –

"उनी आक्रोश, कलह एवं निन्दायुक्तवचन बोल्नबाट अलग बस्थे । अथवा यस्ता वचन पनि बोल्नबाट अलग बस्थे जसले गर्दा अरूलाई कडा, तिखो वा पीडादायक होस् । बरू उनी निरन्तर मधुर स्वरले सुसंगत एवं सार्थक मधुर वचन मात्र बोल्दथे ।"

"उनी मन लोभ्याउने, हृदयङ्गम एवं कर्णप्रिय वचन मात्रै बोल्दथे । यस्तो वाक् सुचरितको पुण्यको प्रभावले उनले स्वर्गमा पुण्यफल भोग गरे ।"

"सुचरितको फलभोग गर्दै पुनः यहाँ आई उनी ब्रह्मस्वरको लाभी भए । उनको जिह्वा विशाल पृथुल *(चौडा)* हुन्छ । उनले भनेको वचन सबैले ग्रहण *(स्वीकार)* गर्दछन् ।"

"यदि उनी गृहस्थ भईरहन्छन् भने आफ्नो वाणीद्वारा सबैलाई सन्तुष्ट पार्छन् । फेरि यदि उनी प्रव्रजित भए भने भिक्षु, भिक्षुणी, आदि सबै जनसमूह उनको वचन मान्ने हुन्छन् ।"

## (३०) सिंहहनु

४१. "भिक्षु हो ! तथागत पूर्वजन्ममा ⋯ अगि मनुष्य योनिमा उत्पन्न भई सम्प्रलापलाई त्यागी सम्प्रलापबाट दूर भई समयमा बोल्दथे – सत्यवादी, अर्थवादी, धर्मवादी, विनयवादी, मनमा राखिराख्न योग्य वाचा बोल्दथे, उचित समयमा कारणसहित, टुंगो लगाई अर्थसहित वाचा बोल्दथे । त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ⋯ *(पूर्ववत्)* ⋯ उनी त्यहाँबाट च्युत भई यहाँ आई यो महापुरुष-लक्षण लाभ गर्दछन् जस्तै – सिंहहनु ।

यस्ता महापुरुष-लक्षणले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ⋯ चक्रवर्ती राजा हुन्छन् । ⋯ राजा भई के लाभ गर्दछन् ? कोही पनि मानव शत्रु=प्रत्यर्थिकबाट अजेय हुन्छन् । राजा भई यस्ता कुरा लाभ गर्दछन् । यदि उनी घरबार छोडी प्रव्रजित भए भने ⋯ अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? राग, द्वेष, मोह – भित्रको शत्रुहरूबाट अथवा कुनै श्रमण वा ब्राह्मण वा देव वा मार वा ब्रह्मा वा संसारका बाहिरी कोही पनि शत्रुद्वारा अजेय हुनुहुनेछ । बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ । भगवान्ले यति कुरा भन्नुभयो ।

४२. यहाँ भनिएका छन् –

उनको वचनमा न सम्प्रलाप थियो न असंयत *(उद्धत)* कुरालाई नै कुनै स्थान उनले अरूको निमित्त अहितकर बोल्न छोडी बहुजनको हित र सुख हुने कुरा बताए ।

यस्तो सत्कर्म गरेर, यहाँबाट मृत्युपछि शरीर त्याग गरी स्वर्गमा उत्पन्न भई दिव्य सुख चिरकालसम्म भोग गरी उहाँबाट च्युत भई पुनः यहाँ आएर सिंहको जस्तै हनुभएको महापुरुष-लक्षण प्राप्त गरे ।

"यस्तो लक्षण भएका पुरुष राजा, नरेन्द्र, मानवाधिपति एवं महान सामर्थ्य भएका हुन्छन् । देवपुरका कल्पद्रुम मुनि बस्ने इन्द्रजस्तै शोभित हुन्छन् । प्रव्रजित भए भने यहाँ दिशा, प्रतिदिशा र विदिशाका गन्धर्व असुर, यक्ष, राक्षस, देवताहरू समेत दुष्प्रधर्ष *(अपराजेय)* हुन्छन् ।"

Downloaded from http://www.dhamma.digital

## (३१-३२) समदन्त र सुशुक्ल दन्त

४३. "भिक्षु हो ! तथागत पूर्वजन्ममा ... अगि मनुष्य योनिमा उत्पन्न भई सम्यक् आजीविकाद्वारा जीविका गरी तराजु, ढक, मानापाथीमा छलकपट गर्ने कामबाट अलग रहे ... घूस लिनेदिने, छकाउने र नकली सुनचाँदी बनाउने कामबाट अलग रहे ... छेदन *(हातखुट्टा काट्ने)*, बध *(मार्ने पिट्ने)*, बन्धन *(बाँध्ने)*, लुट्ने, डाँका मार्ने कामबाट अलग रह्यो । त्यस कर्मबाट एकत्रित गरेको विपुलताबाट शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए ... *(पूर्ववत्)* ... उनी त्यहाँबाट च्युत भई यहाँ आई यी महापुरुष-लक्षणहरू लाभ गर्दछन् – जस्तै समदन्त र सुस्वेत दन्त ।

यस्ता महापुरुष-लक्षणहरूले युक्त हुने महापुरुष घरमा बस्दछन् भने धार्मिक धर्मराजा ... चक्रवर्ती राजा हुन्छन् । ... राजा भई के लाभ गर्दछन् ? उनको परिवार ब्राह्मण, गृहपति, नैगम, जानपद, गणक, महामात्य, द्वारपाल, अमात्य, पारिषद्य, राजा, भोगिय कुमार सबै शूचि *(अर्थात् घूसखोर, चरित्रहीन जस्ता नहुने)* हुन्छन् । राजा भई यस्ता कुरा लाभ गर्दछन् । यदि उनी घरबार छोडी प्रव्रजित भए भने ... अरहत् सम्यक्सम्बुद्ध हुनेछन् । बुद्ध भई के लाभ गर्नुहुन्छ ? शूची परिवार हुन्छ उहाँको परिवार – भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू, देव मनुष्य, असुर, नाग र गन्धर्वहरू सबै शुचि हुन्छन् । बुद्ध भई यस्ता लाभ गर्नुहुन्छ । भगवान्ले यति कुरा भन्नुभयो ।

४४. यहाँ भनिएका छन् –

"मिथ्या आजीविका छोडेर सम्यक्, शुचि धर्मानुकूल जीविका गरे । अहितलाई हटाएर बहुजनको हित-सुखको आचरण गरे ।"

"निपुण, विद्वान्, सत्पुरुषहरूद्वारा प्रशंसित कर्मको प्रभावले स्वर्गमा सुखफल अनुभव गरे । श्रेष्ठ देवलोकमा समान रतिक्रीडा गर्दै रमण गर्दै रहे ।"

"त्यहाँबाट च्युत भई सुकृत्यको फलद्वारा मनुष्य योनिमा आई समान र शुद्ध सुशुक्ल दन्त पाउँछन् ।"

"उनको बारे सामुद्रिक शास्त्र वेताहरूको भनाई छ – यस्तो पुरुष जसको समान दाँत र सुशुक्ल दन्त छन् भने उनलाई शुद्ध कुलको परिवारजनले घेरिरहन्छन् ।"

"यदि उनी राजा भए भने चक्रवर्ती भएर शुद्ध कुलोत्पन्न परिवारजनद्वारा घेरिएर समस्त पृथ्वीमण्डलमा शासन गर्दछन् । उनको राज्यमा सबै ग्रामवासी तथा नागरिक सुखमय जीवन बिताउँछन् । उनी सबैका हितकारक हुन्छन् ।"

यदि घरबार छाडी प्रव्रजित भए भने पापरहित, रजरहित, डर-बाधारहित श्रमण बन्नेछन्, फेरि यस लोक र परलोक दुवैलाई देख्दछन् उनको उपदेशानुगामी गृहस्थी र प्रव्रजित बहुजनले निन्दित अशुचि पाप हटाउँछन् र शुचि परिवारयुक्त भई बस्दछन् । मलकन्टक र पापको मलिनतालाई हटाउँछन् ।

भगवान्ले यति भन्नुभयो । सन्तुष्ट भएका ती भिक्षुहरूले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

**लक्खण-सुत्त समाप्त ।**

Downloaded from http://www.dhamma.digital

# ८. सिङ्गाल-सुत्त[६२२]

(श्रृगालसूत्र)

## १. सिङ्गालकको दिशा नमस्कार

१. यस्तो मैले सुनें । एक समय भगवान् राजगृह स्थित वेणुवनको कलन्दक निवापमा बसिरहनुभएको थियो । त्यस समय सिङ्गालक *(सिगालक=श्रृगालक)* गृहपतिपुत्र समयमै उठी राजगृहबाट निस्की भिजेको वस्त्र र भिजेको केशसहित हात जोरी नानादिशाहरूलाई नमस्कार गर्दथे[६२३] – पूर्वदिशा, दक्षिणदिशा, पश्चिमदिशा, उत्तरदिशा, अधोदिशा र उर्ध्वदिशा ।

२. अनि भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र चीवर ग्रहण गरी राजगृहमा भिक्षाटनार्थ जानुभयो । अनि भगवान्ले सिङ्गालक गृहपतिपुत्रलाई समयमै उठी राजगृहबाट निस्की भिजेको वस्त्र र भिजेको केशसहित हात जोरी नानादिशाहरू – पूर्वदिशा, दक्षिणदिशा, पश्चिमदिशा, उत्तरदिशा, अधोदिशा र उर्ध्वदिशाहरूलाई नमस्कार गरिरहेको देख्नुभयो[६२४] । देखेर सिङ्गालक गृहपतिपुत्रलाई यसो भन्नुभयो – "गृहपतिपुत्र ! किन तिमी समयमै उठी राजगृहबाट निस्की भिजेको वस्त्र र भिजेको केशसहित हातजोरी नानादिशाहरू – पूर्वदिशा, दक्षिणदिशा, पश्चिमदिशा, उत्तरदिशा, अधोदिशा र उर्ध्वदिशाहरूलाई नमस्कार गरिरहेको ?"

"भन्ते ! मेरा पिता मर्दाखेरि यस्तो भन्नुभएको थियो – 'तात ! दिशाहरूलाई नमस्कार गर ।' भन्ते ! त्यसैले म पिताको वचनलाई सत्कार गर्दै, गौरव गर्दै, मान गर्दै, पूजा गर्दै समयमै उठी राजगृहबाट निस्की भिजेको वस्त्र र भिजेको केशसहित नानादिशाहरू – पूर्वदिशा, दक्षिणदिशा, पश्चिमदिशा, उत्तरदिशा, अधोदिशा र उर्ध्वदिशाहरूलाई नमस्कार गरिरहेको हुँ ।"

---

६२२ स्याममा 'सिङ्गालकसुत्तं' सिंहलमा 'सिगालसुत्तं', रोमनमा 'सिगालोवादसुत्तं', अट्ठकथामा 'सिगालकसुत्तं' ।

६२३ किन यिनले नानादिशाहरूलाई नमस्कार गरेको होलान् ? भन्ने कुराको केही संक्षेप यसरी पाउन सकिन्छ –
यिनका आमा बाबुहरू दुबैजना स्रोतापन्न बुद्धभक्त थिए । तर यिनी चाहिं विहारमा गई बुद्धसहित श्रावकहरूलाई वन्दना गर्न चाहन्नथे । उनी सफासफ 'विहार जाने काम छैन' भनी भन्दथे । उनका पिताले आफ्नो जीवनकालमा उनलाई बुद्धशासनमा पठाउन सकेनन् र मरण हुने बेलामा उनका पिताले सोचे कि मरणको अवस्थामा दिएको अर्ति मनमा गड्न सक्छ । अतः यिनलाई '६ दिशाहरूलाई नमस्कार गर' भनी भन्नुपर्‍यो भनी मरण समयमा उनले त्यसो भने । उनले त्यसको अर्थ नबुझी ६ दिशाहरूलाई नमस्कार गर्न थाले ।

६२४ भगवान्ले अहिले मात्र देख्नुभएको होइन । प्रत्युष समयमा बुद्धचक्षुद्वारा लोकमा हेरिरहनु भएको बेलामै उहाँले उनलाई देख्नुभएको थियो । जब उहाँले बुद्धचक्षुद्वारा सिङ्गालक गृहपतिपुत्रलाई यसरी दिशाहरूलाई नमस्कार गरिरहेको देख्नुभयो तब 'आज मैले सिङ्गालक गृहपतिपुत्रलाई गृहिविनय सम्बन्धी कुरा सुनाउनेछु र त्यो कुरा महाजनहरूको निमित्त पनि सार्थक हुनेछ' भन्ने बुझ्नुभई उहाँ विहान सबेरै राजगृहमा भिक्षाटनार्थ जानुभएको हो ।

Downloaded from http://www.dhamma.digital

## २. छ दिशाहरू नमस्कार गर्ने विधि

३. "गृहपतिपुत्र ! आर्यको विनयमा यसरी ६ दिशाहरू नमस्कार गरिन्न ।"

"भन्ते ! कसरी आर्यको विनयमा ६ दिशाहरू नमस्कार गरिन्छ त ? भन्ते ! भगवान्ले मलाई त्यसरी धर्मोपदेश गर्नुहोस् जसरी आर्यको विनयमा ६ दिशाहरू नमस्कार गरिन्छ ।"

"गृहपतिपुत्र ! त्यसोभए सुन, राम्ररी मनमा राख, भन्नेछु ।"

"हवस्, भन्ते" भनी सिङ्गालक गृहपतिपुत्रले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यसो भन्नुभयो –

"गृहपतिपुत्र ! जब आर्यश्रावकको (क) चारवटा कर्म-क्लेहरू[६२५] प्रहीण भएका हुन्छन्, (ख) *(जब आर्यश्रावकहरूले)* चार कारणद्वारा पाप कर्म गर्दैन, (ग) *(जब आर्यश्रावकले)* छ वटा भोगविनाशको कारणलाई सेवन गर्दैन – यसरी चौध प्रकारका पाप हुने कर्मबाट दूर रही (घ) ६ दिशाहरूलाई आच्छादित[६२६] गरी दुवै लोकको विजय गर्नमा प्रतिपन्न हुन्छ । तब उसको यो लोक पनि सन्तोषजनक हुन्छ र परलोक पनि[६२७] । अनि ऊ शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ ।

### (१) चारकर्म क्लेशहरू

४. "कुन चारवटा कर्मक्लेशहरू उसको *(सो आर्यपुरुषको)* प्रहीण भएका हुन्छन् ? गृहपतिपुत्र ! (१) प्राणीघात कर्मक्लेश हो[६२८], (२) अदिन्नादान *(चौरकार्य)* कर्मक्लेश हो, (३) काममिथ्याचार कर्मक्लेश हो, (४) मृषावाद कर्मक्लेश हो । यी नै चारवटा कर्मक्लेशहरू प्रहीण भएका हुन्छन् । भगवान्ले यनि भन्नुभयो । यति भन्नुभए पछि सुगत शास्ताले फेरि यसो भन्नुभयो –

"जसले प्राणीघात, अदिन्नादान, मृषावाद र परदारगमन गर्दछ त्यस्तालाई पण्डितहरू प्रशंसा गर्दैनन् ।"

### (२) चार कारणद्वारा पाप कर्म गर्दैन

५. "कुन चार कारणद्वारा पाप कर्म गर्दैन ? छन्दागतिमा[६२९] गएर *(प्रेम वा पक्षको कारणमा*

---

६२५ जुन कामद्वारा सत्त्वहरू कलुषित हुन्छन् ती कामलाई यहाँ 'कर्मक्लेश' भनिएको हो ।

६२६ यहाँ 'आच्छादित' भनेको आउने भयहरूलाई रोक्ने अर्थले 'आच्छादित' भनिएको हो ।

६२७ 'यो लोक पनि सन्तोषजनक हुन्छ र परलोक पनि' भनेको मतलब – सन्तोषजनक हुनेको यो लोकमा पञ्चभय वैर हुन्न भनिएको हो ।

६२८ क्लेशयुक्त भएर जुन काम *(कर्म)* गरिन्छ सो काम 'कर्मक्लेश' हो । अर्थात् क्लेशयुक्त काम हो । क्लेशयुक्त भएर नै मानिसहरूले प्राणीहत्या गर्छन् । क्लेशरहित मानिसहरूले प्राणी हत्या गर्दैनन् । त्यसैले प्राणी हत्या गर्ने काम क्लेशयुक्त हो । त्यसैले सूत्रमा 'प्राणीघात कर्मक्लेश हो' भनिएको हो । अदिन्नादान आदि काममा पनि यसरी नै अर्थ बुझ्नुपर्छ । यहाँ चाहिं कामद्वारा र वचनद्वाराबाट गरिने अकुशल कर्मलाई बताइएको हो ।

६२९ 'छन्दागतिमा गएर पापकर्म गर्छ' भन्ने को स्पष्टिकरण सुमङ्गलविलासिनीले यसरी दिएको छ –

Downloaded from http://www.dhamma.digital

*गएर)* पाप कर्म गर्छ, द्वेषागतिमा गएर पाप कर्म गर्छ, मोहागतिमा गएर पाप कर्म गर्छ, भयागतिमा गएर पाप कर्म गर्छ । गृहपतिपुत्र ! जब कि आर्यश्रावक न छन्दागतिमा जान्छ, न द्वेषागतिमा जान्छ, न मोहागतिमा जान्छ, न भयागतिमा जान्छ । त्यसैले *(आर्यश्रावकले)* यी चार कारणद्वारा पाप कर्म गर्दैन । भगवान्ले यति भन्नुभयो । यति भन्नुभए पछि सुगत शास्ताले फेरि यसो भन्नुभयो –

"जसले छन्द, द्वेष, भय र मोहद्वारा धर्मलाई *(कर्तव्यलाई)* उल्लंघन गर्छ उसको यशकीर्ति कालपक्षको चन्द्रमाजस्तै घट्दै जान्छ ।"

"जसले छन्द, द्वेष, भय र मोहद्वारा धर्मलाई *(कर्तव्यलाई)* उल्लंघन गर्दैन उसको यशकीर्ति शुक्लपक्षको चन्द्रमाजस्तै बढ्दै जान्छ ।"

## (३) भोगविनाशका ६ कारणहरू

६. "कुन छवटा भोगविनाशका कारणलाई सेवन गर्दैन ? (१) गृहपतिपुत्र ! सुरा[६३०] मेरय[६३१] मद्य प्रमाद्य स्थानमा लाग्नु भोगविनाशको कारण हो[६३२] । (२) कुबेलामा सडकमा घुम्ने बानी भोगविनाशको कारण हो । (३) नाचगान तमासा हेर्ने बानी भोगविनाशको कारण हो । (४) प्रमाद हुने जुवा खेल्ने बानी भोगविनाशको कारण हो । (५) पापमित्र *(खराब साथी)* सँग लाग्नु भोगविनाशको कारण हो । (६) अलसीपनमा लाग्नु *(अल्सी बानी गर्नु)* भोगविनाशको कारण हो ।"

---

छन्दको कारणले वा प्रेमको कारणले अगतिमा लागी अकर्तव्य गरिन्छ । त्यस्तै गरी द्वेषादिको कारणबाट पनि ।

त्यहाँ जसले यो मेरो प्राणी हो, सम्भ्रान्त हो, देखेको चिनेको हो अथवा ज्ञाति हो – यसले घूस पनि दिन्छ भनी पक्ष लिएर अमालिकलाई मालिक र मालिकलाई अमालिक बनाउँछ । यो हो छन्दको कारणबाट अर्थात् पक्षपातको कारणबाट पाप कर्म गर्ने ।

यो मेरो वैरी हो भनी स्वाभाविक वैरको कारणबाट वा तत्क्षणमै उत्पन्न भएको क्रोधको कारणबाट अमालिकलाई मालिक र मालिकलाई अमालिक बनाउँछ । यो हो द्वेषको कारणबाट पाप कर्म गर्ने । अर्थात् द्वेषागतिको कारणबाट पाप कर्मगर्ने ।

जो मन्द बुद्धिको कारणबाट वा मोहको कारणबाट जे पायो त्यो भनी अमालिकलाई मालिक र मालिकलाई अमालिक बनाउँछ । यो हो मोहागतिको कारणबाट पाप कर्म गर्ने ।

जसले यो पुरुष राजवल्लभ हो वा यो पुरुष विशेष पदमा नियुक्त छ । अतः यसले मलाई अनर्थ पनि गर्नसक्छ भनी भयको कारणबाट अमालिकलाई मालिक वा मालिकलाई अमालिक बनाउँछ । यो हो भयागतिको कारणबाट पाप कर्म गर्ने ।

कुनै चीज भाग लगाउँदा जसले यो मेरो चिनाजानी भएको मान्छे हो, यो मेरो सम्भ्रान्त पुरुष हो भनी पक्षलिई पक्षको कारणबाट अधिक दिन्छ; यो मेरो वैरी हो भनी कम दिन्छ; मोहको कारणबाट उचित ढंग नजानी कसैलाई धेरै र कसैलाई थोरै दिन्छ; यदि यसलाई धेरै दिएन भने यसले मलाई अनर्थ पनि गर्नसक्छ भनी भएको कारणबाट कसैलाई धेरै र कसैलाई थोरै दिन्छ । उसले चारै किसिमबाट छन्दादिगतिको बाटोमा लागेर पाप कर्म गर्छ । आर्यश्रावकले चाहिं आफ्नो प्राण गएता पनि त्यस्तो छन्दादिगतिमा गएर पाप कर्म गर्दैन ।

६३० 'सुरा' *(रक्सी)* भनी – (१) मिठाइको सुरा, (२) पीठोको सुरा, (३) भातको सुरा, (४) रस झिकेको सुरा, (५) विभिन्न वस्तुहरू मिसिएको सुरा आदि आदि पाँचै प्रकारका सुरालाई 'सुरा' भनिएको हो ।

६३१ 'मेरय' भनेको आसव हो, अर्क हो । यो पनि (१) पुष्पासव, (२) फलासव, (३) मध्यासव, (४) गुढासव र (५) विभिन्न वस्तुहरू मिसिएको आसव गरी पाँच प्रकारका 'मेरय' =आसवहरू छन् । यी सबै मादक पदार्थ भएकाले 'मद्य' भनिएको हो । प्रमाद र भूलको कारण भएकोले 'प्रमादस्थान' भनिएको हो ।

६३२ यसरी मद्यपानमा लाग्नेको आफूसित भएका भोगहरू पनि विनाश हुन्छन् र नभएका भोगहरू पनि हुन सक्दैनन् । त्यसैले 'भोगविनाशको कारण हो' भनी सूत्रमा उल्लेख भएको हो ।

Downloaded from http://www.dhamma.digital

## सुरापानमा ६ दोषहरू

७. "गृहपतिपुत्र ! सुरा मेरय मद्य प्रमादस्थानमा लाग्नेका यी ६ दोषहरू हुन्छन् । (१) यसै जीवनमा *(तत्कालै)* धन हानि हुन्छ, (२) झैं झगडा कलह बढ्छ[६३३], (३) रोगको घर हुन्छ, (४) अकीर्ति *(बदनामी)* उत्पन्न हुन्छ,[६३४] (५) लज्जा नाश गर्छ[६३५] र (६) छैटौं प्रज्ञालाई कमजोर पार्छ । गृहपतिपुत्र ! सुरा मेरय मद्य प्रमादस्थानमा लाग्नेका यी नै ६ दोषहरू हुन्छन् ।

## कुबेलामा घुम्नेका ६ दोषहरू

८. "गृहपतिपुत्र ! कुबेलामा सडकमा घुम्ने बानी हुनेका यी ६ दोषहरू हुन्छन् । (१) स्वयं ऊ अगोप्य र असुरक्षित हुन्छ[६३६], (२) उसका पुत्रदारहरू पनि अगोप्य र असुरक्षित हुन्छन्, (३) उसको धनसम्पत्ति पनि अगोप्य[६३७] र असुरक्षित हुन्छ, (४) खराब विषयमा शंका गर्छ[६३८], (५) उसमाथि झूटो कुराको आरोप लाग्छ र (६) धेरै दुःख भागी हुन्छ[६३९] । गृहपतिपुत्र ! कुबेलामा सडकमा घुम्ने बानी हुनेका यी नै ६ दोषहरू हुन्छन् ।

## नाचगान तमाशा हेर्नेमा ६ दोषहरू

९. "गृहपतिपुत्र ! नाचगान तमाशा हेर्नुमा यी ६ दोषहरू हुन्छन् । (१) कहाँ नाच छ[६४०] ? (२)

---

६३३ मुख छाडी वचन कलह र हातछाडी कायकलह बढ्छ ।

६३४ मद्यपान गरी आमाबाबुहरूलाई पनि पिट्छन् तथा अरू पनि अनुचित वचनहरू प्रयोग गर्छन् । गर्न नहुने काम पनि गर्छन् । यस कारणद्वारा निन्दा, दण्ड, हातखुट्टा काटिने आदि कर्म भोग्नुपर्छ र इहलोक र परलोकमा पनि अकीर्ति फैलिन्छ । यसरी त्यो मद्यपानद्वारा उनीहरूको अकीर्ति उत्पन्न हुन्छ ।

६३५ लज्जा नाश गर्छ भनी – जुन शरीरको अङ्गप्रत्यङ्ग देखिदा लज्जा हुने हो त्यस्तो अङ्गप्रत्यङ्ग पनि देखाउँदै निर्लज्जी हुन्छ भनिएको हो ।

६३६ 'अगोप्य र असुरक्षित हुन्छ' को मतलब – कुबेलामा हिंड्दा गिरखा काँढा आदि कुल्चिइन्छ, सर्प पनि कुल्चिइन्छ, यक्षादिहरू पनि आउँछन् । यस्तो किसिमले हिंड्छ भन्ने थाहा पाएर वैरी तथा शत्रुहरू लुकेर बसी समात्छन् वा पिट्छन् । उसरी ऊ असुरक्षित हुन्छ । पुत्रदारहरू पनि हाम्रा पिता हाम्रा स्वामी रातमा विचरण गर्छन् हामी मात्र किन नि ? भन्दै पुत्र भार्याहरू पनि बाहिरतिर मन लगाउँछन् र नचाहिंदा व्यसन भोग्न पर्ने हुन्छ । यसरी यसका पुत्रदारहरू पनि असुरक्षित हुन्छन् ।

६३७ यसरी कुबेलामा बाहिर जान्छ भन्ने थाहा पाएर निर्जन घरमा आई चोरहरूले धनसम्पत्ति पनि चोरेर लैजान्छन् ।

६३८ अर्काले गरेको पाप कर्ममा पनि 'यसले गरेको हो कि' भन्ने सन्देह र शंका गर्छन् । ज-जसको घर भएर जाने हो त्य-त्यस घरमा जो अर्काले गरेको अपराध वा चौर कार्य वा परदार गमन आदि हो सो 'यसले गरेको हो' भनी झूटो आरोप पर्न आउँछ ।

६३९ जब कुनै अपराधको बारेमा कुनै व्यक्ति भेटिन्न तब कुबेलामा विचरण गर्ने पुरुषमाथि दोष लगाउँछन् । त्यसैले धेरै दुःखहरूको भागी हुन्छ भनी सूत्रमा उल्लेख भएको हो ।

६४० कहाँ नाच छ ? भनी चर्चा वा खोजी गरी हिंड्नेले जब फलाना ठाउँमा नाच गान छ भनी थाहा पाउँछ तब ऊ त्यहाँ जानुपर्ने हुन्छ । भोलि नाच गान हेर्न जानेछु भनी आजैदेखि ऊ वस्त्र तथा मालागन्धहरू तयार पार्नमा व्यस्त हुन सक्छ । यसले गर्दा उसको अरु काममा बाधा हुन्छ । नाच हेर्नको निमित्त एक दुई दिन पनि बिताउँछ । अनि पानी आदि परेको बेलामा रोपाईको समयमा रोपाई आदि पनि नगर्नाले उत्पन्न नभएको भोगसम्पत्ति उत्पन्न

Downloaded from http://www.dhamma.digital

कहाँ गीत छ ? (३) कहाँ वाद्य छ ? (४) कहाँ आख्यान छ ? (५) कहाँ पाणिस्वर छ ? *(हातको तालमा नाचिरहेको)* र (६) कहाँ कुम्भथूण *(बाजा विशेष)* छ ? गृहपतिपुत्र ! नाचगान तमाशा हेर्नुमा यी नै ६ दोषहरू हुन्छन् ।

## जुवाडेमा ६ दोषहरू

१०. "गृहपतिपुत्र ! प्रमाद हुने जुवा खेल्ने वानी हुनेमा यी ६ दोषहरू हुन्छन् । (१) जित्दा वैरी हुन्छ[६४१], (२) पराजित हुँदा धनको कारणमा शोक हुन्छ, (३) यसै जीवनमा *(तत्कालै)* धन हानि हुन्छ, (४) सभामा जाँदा उस्को कुराको विश्वास गर्दैनन्, (५) मित्रामात्यहरूले साथ दिन्नन्[६४२] र (६) आवाह विवाह गर्नेहरूले – 'यो पुरुष जुवाडे हो यसले दारभरण गर्न सक्ने छैन' भनी कन्या दिन्नन् । गृहपतिपुत्र ! प्रमाद हुने जुवा खेल्ने बानी हुनेमा यी नै ६ दोषहरू हुन्छन् ।

## खराब साथी हुनेमा ६ दोषहरू

११. "गृहपतिपुत्र ! पापमित्र *(खराब साथी)* सँग लाग्नेमा यी ६ दोषहरू हुन्छन् । (१) जो जुवाडे छ, (२) जो शौण्ड[६४३] *(सुडीबाजी गर्ने)* छ, (३) जो पिपारं *(मतवाला)* छ, (४) जो कृतघ्न छ, (५) जो वञ्चक छ, (६) जो साहसी छ – त्यस्ता मानिसहरू उसका साथी मित्रहरू हुन्छन् । गृहपतिपुत्र ! पापमित्रसँग लाग्नेमा यी नै ६ दोषहरू हुन्छन् ।

## अल्छीपनमा ६ दोषहरू

१२. "गृहपतिपुत्र ! अल्छीपनमा लाग्नेका यी ६ दोषहरू हुन्छन् । (१) सारै जाडो छ भनी काम गर्दैन, (२) सारै गर्मी छ भनी काम गर्दैन, (३) धेरै साँझ परिसक्यो भनी काम गर्दैन, (४) धेरै सबेरै भनी काम गर्दैन, (५) सारै भोक लागेको छ भनी काम गर्दैन र (६) धेरै खाएको छु भनी काम गर्दैन । यसरी धेरै काम पन्छाउने भई बस्ने उसका उत्पन्न नभएका भोगसम्पत्तिहरू उत्पन्न हुन्नन् र उत्पन्न भएका भोगसम्पत्तिहरू पनि मासिएर जान्छन् । गृहपतिपुत्र ! अल्छीपनमा लाग्नेका यी नै ६ दोषहरू हुन्छन् ।"

भगवान्ले यति भन्नुभयो । यति भन्नुभए पछि सुगत शास्ताले फेरि यसो भन्नुभयो –

---

हुन्न । ऊ बाहिर गइरहेको जानेर चोरहरूले खाली घरमा जे चाहन्छन् त्यो गर्न सक्छन् । त्यसैले उसको उत्पन्न भएको भोगसम्पत्ति पनि विनाश हुन्छ । अरू विषयहरूमा पनि यस्तै गरी अर्थ बुझ्नु होला ।

६४१ 'मैले जितें मैले जितें' भनी सभाषद्को बीचमा अर्काको फेटा आदि लिन्छ । अनि सो पुरुषको मनमा 'सभाषद्को बीचमा मेरो फेटा झिक्यो' भनी आफूलाई अपमान गरेको सम्झी ऊ माथि देखाजाएगा भनी वैर गर्छ । त्यसैले 'जित्दा वैरी हुन्छ' भनिएको हो ।

६४२ उसका मित्र साथीहरूले उसलाई यस्तो भन्दछन् – 'साथी ! तिमी कुलपुत्र हौ । किन तिमी यस्तो किसिमले जुवा खेली हिड्छौ । तिम्रो जाति तथा गोत्रलाई यो काम सुहाउँदैन । अबदेखि यस्तो नगर ।' उसले उनीहरूको कुरामा ध्यान दिन्न । त्यसपछि उसँग एकसाथ हिड्दैनन्, एकसाथ बस्दैनन्, उसको बारेमा साक्षी बस्नुपर्दा पनि केही भन्दैनन् । यसरी मित्र साथीहरूले उसको साथ दिँदैनन् ।

६४३ यहाँ 'शौण्ड' *(सोण्ड)* भनेको – (१) इत्थिसोण्ड *(रंडीबाजी गर्ने)*, (२) भत्तसोण्ड *(भातखाएर मत्त हुने)*, (३) पूवसोण्ड *(रोटी खाई मत्त हुने)*, (४) मूलकसोण्ड *(जराहरूको रस पिई मत्त हुने अर्थात् गाँजा भाँङ आदि पिउने)* हरूलाई भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

"कुनै सुरा पिउने ठाउँको साथी हुन्छ, कुनै अगाडि मुखले चिप्लो पार्ने साथी हुन्छ तर काम पर्दाखेरि जो सहायक हुन्छ उही असल साथी हो ।"

"अबेरसम्म सुत्ने बानी, परदार गमन गर्ने बानी, धेरै शत्रु हुने, अनर्थकारी, खराब साथी हुने र अधिक कञ्जूस हुनाका – यी ६ कारणहरूले पुरुषलाई विध्वंश पार्छ ।"

"खराब मित्र, खराब साथी, खराब आचार-गोचर हुने पुरुषको इहलोक र परलोक–दुवै लोक विध्वंश हुन्छ ।"

"स्त्रीधूर्त, सुराधूर्त, नाचगानमा लाग्ने, दिनमा सुत्ने, कुबेलामा विचरण गर्ने, खराब साथी र महाकञ्जूसपनका – यी ६ कारणहरूले पुरुषको विध्वंश हुन्छ ।"

"जुवा खेल्ने, सुरापान गर्ने अर्काको प्राण समान स्त्रीसँग जाने, नीच पुरुषको सेवन गर्ने र पण्डितको सेवन नगर्ने पुरुष कालपक्षको चन्द्रमा जस्तै हुन्छ ।"

"जो निर्धनी केही नहुनेले सुरापान गर्छ र सुरै मात्र पिई खराब सत्संगत गर्छ, जसले *(धाराबाट)* पानी लिने जस्तै ऋण लिन्छ उसले आफूलाई चाँडै नै आकुल तुल्याउँछ ।"

"दिनमा सुत्ने बानी गरेर, रातमा ननिदाउने बानी गरेर, सँधै नशामा मस्त भई शौण्ड जीवन बिताएर घरगृहस्थीमा बस्न सकिन्न ।"

"धेरै जाडो छ, धेरै गर्मी छ, धेरै रात परिसक्यो भनी कामकाज छाडी बस्ने मानवको धन नोक्सान हुन्छ ।"

"जसले यहाँ जाडोलाई र गर्मीलाई किञ्चित नमानी गर्नुपर्ने पुरुषार्थ गर्छ त्यस्तो पुरुष सुखबाट वञ्चित हुन्न[६४४] ।"

## ३. मित्र रूपी अमित्रहरू

१३. "गृहपतिपुत्र ! चारजनालाई मित्ररूपी अमित्रहरू भनी चिन्नुपर्छ । (१) अर्काको वस्तु लिनेलाई मित्ररूपी अमित्र भनी चिन्नुपर्छ । (२) कुराले मात्र ठिक्क पार्नेलाई मित्ररूपी अमित्र भनी चिन्नुपर्छ, (३) केवल मिठो बोली बोल्नेलाई पनि मित्ररूपी अमित्र भनी चिन्नुपर्छ र (४) खराब काममा सहायक हुनेलाई पनि मित्ररूपी अमित्र भनी चिन्नुपर्छ ।

१४. (१) "गृहपतिपुत्र ! चार कारणको आधारमा अर्काको वस्तु लिने मित्ररूपी अमित्रलाई चिन्नुपर्छ ।"

(१) "अर्काको वस्तु लिने हुन्छ, (२) थोरैले धेरै चाहन्छ[६४५], (३) भयको कारणले काम गर्छ[६४६] र

---

६४४ 'सुखबाट वञ्चित हुन्न' भनी सुखलाई छाड्दैन र सुखका साथ बस्छ भनिएको हो । यो कुराबाट यो अर्थ दर्शिन्छ कि – गृहस्थी हुनेले यस्तो काम गर्नुहुन्न, गरेको खण्डमा अभिवृद्धि हुन्न, इहलोक र परलोक दुवैमा निन्दा हुन्छ । जसले यस्तो गर्दा अनर्थ उत्पन्न हुन्छ अथवा अरू कुनै किसिमका भयहरू, उपद्रवहरू र कलहहरू उत्पन्न हुन्छन् ती सबै बालमूर्खजनहरूको कारणले हुन्छ । अतः त्यस्ता बालमूर्खहरूको सेवन नगर्नू भन्नुहुँदै मित्ररूपी अमित्र व्यक्तिहरूका कुरा देखाउनकोनिमित्त यहाँ अगाडि गृहपतिपुत्र ! चारजनालाई मित्ररूपी अमित्र भनी चिन्नुपर्छ" भनी बताउनुभएको हो ।

६४५ भनाईको मतलब जुन किसिमबाट भएपनि आफ्नो थोरै वस्तु दिएर धेरै वस्तु लिने प्रयास गर्छ भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

(४) आफ्नो स्वार्थकोनिमित्त मात्र साथ दिन्छ[६४७] ।"

"गृहपतिपुत्र ! यी चार कारणको आधारमा अर्काको वस्तु लिने मित्ररूपी अमित्र हो भनी चिन्नुपर्छ ।"

१५. (२) "गृहपतिपुत्र ! चार कारणको आधारमा कुराले मात्र ठिक्क पार्ने मित्ररूपी अमित्रलाई चिन्नुपर्छ । (१) अतीतको कुराले मात्र संग्रह गर्छ[६४८], (२) अनागतको कुराले मात्र संग्रह गर्छ[६४९], (३) निरर्थक कुराले मात्र संग्रह गर्छ[६५०] र (४) प्रत्युत्पन्नको काममा चाहिं विपत्ति देखाउँछ[६५१] ।

"गृहपतिपुत्र ! यी चार कारणको आधारमा कुराले मात्र ठिक्क पार्ने मित्ररूपी अमित्र हो भनी चिन्नुपर्छ ।"

१६. (३) "गृहपतिपुत्र ! चार कारणको आधारमा केवल मीठो बोली बोल्ने मित्ररूपी अमित्रलाई चिन्नुपर्छ । (१) खराब काममा पनि अनुमति दिन्छ[६५२], (२) असल काममा पनि अनुमति दिन्छ, (३) अगाडि प्रशंसा गर्छ र (४) पछाडि निन्दा गर्छ ।"

"गृहपतिपुत्र ! यी चार कारणको आधारमा केवल मीठो बोली बोल्ने मित्ररूपी अमित्र हो भनी चिन्नुपर्छ ।"

१७. (४) "गृहपतिपुत्र ! चार कारणको आधारमा खराब काममा सहायक हुने मित्ररूपी अमित्रलाई चिन्नुपर्छ । (१) सुरा मेरय मद्य प्रमादस्थानमा लाग्ने काममा सहायक हुन्छ, (२) कुबेला सडकमा घुम्ने काममा सहायक हुन्छ, (३) नाचगान हेर्न जाने काममा सहायक हुन्छ र (४) प्रमाद हुने जुवा खेल्न जाने काममा सहायक हुन्छ ।

"गृहपतिपुत्र ! यी चार कारणको आधारमा खराब काममा सहायक हुने मित्ररूपी अमित्र हो भनी चिन्नुपर्छ ।"

१८. भगवान्ले यति भन्नुभयो । यति भन्नुभए पछि सुगत शास्ताले फेरि यसो भन्नुभयो –

१. "अर्काको वस्तु लिने मित्र, वचन मात्रको मित्र, मीठो बोली मात्र बोल्ने मित्र र खराब

---

६४६ जब आफूलाई कुनै आपद्विपद् तथा भय आउँछ तब दासले जस्तो उसको कामकाज गरिदिन्छ । यसले सँधै त्यसरी काम गरिदिन्न, केवल आफूलाई कुनै भय आइपर्दा मात्र त्यसरी काम गर्छ । त्यो पनि प्रेमले होइन । अत: ऊ अमित्र समान नै हो ।

६४७ मित्रलाई मित्रले साथ दिने झैं साथ दिन्न । बल्कि आफ्नो स्वार्थ भएसम्म मात्र साथ दिन्छ । अथवा आफ्नो स्वार्थ पूर्ति नभएसम्म मात्र साथ दिन्छ ।

६४८ 'अतीतको कुराले मात्र संग्रह गर्छ' भनेको – साथी आउँदा – 'हिजो वा अस्ति आउनुभएन । यसपाली हामीहरूको धान खूब फलेको थियो । धेरै शाली *(मार्सी धान)* र जौको बिउहरू राखेर बाटो हेरिरहेका थियौं । तर तपाई आउनुभएन । आज सबै सिद्धिइसक्यो' भनी यसरी बितेको कुराद्वारा संग्रह गर्छ भनिएको हो ।

६४९ 'उसपाली हामीहरूको धान सप्रने छ । बाला बालामा धेरै धान फल्ने छ । धान काटिसके पछि तपाईलाई पनि संग्रह गर्न समर्थ हुनेछौं' भनी भविष्यको कुराद्वारा संग्रह गर्छन् ।

६५० हात्तीमा वा घोडामा बसेको साथीलाई देखेर – 'अहो साथी ! आऊ यहाँ बस' भनी राम्रो कपडा लगाएको आफुले 'मेरा साथीलाई सुहाउने ममा केही छैन' भनी निरर्थक वचनद्वारा संग्रह गर्छ ।

६५१ वर्तमानको काममा भने विपत्ति देखाउँछ । जस्तै – मलाई गाडाको जरुरत परेको छ भनी भनेको सुनी – 'मेरो गाडाको चक्का नै बिग्रेको छ र कीला भाँचिएको छ' भन्नेजस्ता आदि कुराबाट विपत्ति जनाउँछ ।

६५२ प्राणीघात आदि कुनै काम गरौंभन्दा 'हुन्छ सौम्य' भनी स्वीकृति दिन्छ तथा अनुमति दिन्छ । असल काम गरौं भन्दा पनि स्वीकृति दिन्छ तथा अनुमति दिन्छ ।

Downloaded from http://www.dhamma.digital

कामा साथ दिने मित्र –

२. "यी चारजना अमित्र हुन् भनी चिनेर[६५३] भयावह बाटोलाई पण्डितले छाड्ने झैं उनीहरूलाई छाडिदेओ ।"

## ४. चारजनालाई सुहृद् मित्र सम्झनुपर्छ

१९. "गृहपतिपुत्र ! यी चार जनालाई सुहृद् मित्र भनी चिन्नुपर्छ । (१) उपकारी साथीलाई सुहृद् मित्र हो भनी चिन्नुपर्छ, (२) सुख दुःखमा समान रहने साथीलाई सुहृद् मित्र हो भनी चिन्नुपर्छ, (३) हितको कुरा बताउने साथीलाई सुहृद् मित्र हो भनी चिन्नुपर्छ र (४) अनुकम्पक साथीलाई सुहृद मित्र हो भनी चिन्नुपर्छ ।"

२०. (१) "गृहपतिपुत्र ! चार कारणहरूको आधारमा उपकारक साथीलाई सुहृद् मित्र हो भनी चिन्नुपर्छ । (१) प्रमत्त हुनेको रक्षा गर्छ[६५४], (२) प्रमत्त हुनेको सम्पत्ति रक्षा गर्छ[६५५], (३) डराउनेको शरण *(रक्षक)* भइदिन्छ[६५६] र (४) कामकाज गर्दा भनेको भन्दा दोब्बर भोगसम्पत्ति दिन्छ[६५७] ।"

"गृहपतिपुत्र ! यी चार कारणहरूको आधारमा उपकारक साथीलाई सुहृद् मित्र हो भनी चिन्नु पर्छ ।"

२१. (२) "गृहपतिपुत्र ! चार कारणहरूको आधारमा सुख दुःखमा समान रहने साथीलाई सुहृद् मित्र हो भनी चिन्नुपर्छ । (१) उसलाई गोप्य *(कुरा)* बताउँछ (२) उसको गोप्य *(कुरा)* लाई गोप्य राख्छ[६५८], (३) आपद् समयमा उसलाई छाड्दैन र (४) उसको लागि ज्यान पनि दिन तयार रहन्छ ।

"गृहपतिपुत्र ! यी चार कारणहरूको आधारमा उपकारक साथीलाई सुहृद् मित्र हो भनी चिन्नु पर्छ ।"

Dhamma.Digital

---

६५३ यिनीहरू मित्ररूपी अमित्रहरू हुन् भनी चिन्नुपर्छ । यसरी असेवनीय पापमित्रहरूलाई देखाई यसपछि सेवनीय कल्याणमित्रहरूलाई देखाउनु हुँदै पुनः "गृहपतिपुत्र ! यी चारजनालाई सुहृद् मित्र भनी जान्नुपर्छ" भनी भन्नुभएको हो ।

६५४ 'प्रमत्त हुनेको रक्षा गर्छ' भनेको – मद्यपान गरी बेहोस भई गाउँको बीचमा वा गाउँको द्वारमा वा बाटामा लडिरहेको देखेर यसरी लडिरहेको शरीरको वस्त्रादि अरूले लुटेर लैजाला भनी छेउमा बसिरहन्छ र होस आएपछि समातेर घरमा पुऱ्याई दिन्छ ।

६५५ 'प्रमत्त हुनेको सम्पत्ति रक्षा गर्छ' भनेको – साथी बाहिर गएको होस् वा सुरापान गरी प्रमत्त भएको होस् – 'घरमा कोही नहुँदा घरका सम्पत्तिलाई कसैले लैजान सक्छन्' भनी घरमा कुरुवा बसी रक्षा गरिदिन्छ ।

६५६ 'डराउनेलाई शरण भइदिन्छ' भनी – कुनै कुरामा भयपर्दा डराउनु पर्दैन, म जस्तो साथी भएर पनि किन डराउनुपर्छ र भनी उसको भयलाई हटाइदिन्छ भनीएको हो ।

६५७ कुनै काम परेर साथी आफूकहाँ आएको देखेर किन आएको भनी सोध्दा उसले – कुनै राजकाजको काम परेको छ भनी भन्दा त्यसोभए के गर्नुपऱ्यो त भनी सोध्छ । उसले – 'एउटा कार्षापणको आवश्यकता छ' भनी बताउँछ । अनि उसलाई 'नगरमा एउटा कार्षापणले कुनै काम सिद्ध गर्न सकिन्न, दुई कार्षापण लैजाऊ' भनी दुई कार्षापण दिन्छ । यसरी उसले मागेको भन्दा दोब्बर दिएको हुन्छ । यस्तै कुरालाई दृष्टिगत गरी सूत्रमा 'भनेको भन्दा दोब्बर भोगसम्पत्ति दिन्छ' भनी उल्लेख भएको हो ।

६५८ गोप्य कुरा बताउँछ आदि भनेको – आफ्नो गोप्य कुरा उसलाई मात्र बताउँछ र उसले पनि बताएको गोप्य कुरा अरू कसैलाई नभनी गोप्य नै राखिराख्छ भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

२२. (३) "गृहपतिपुत्र ! चार कारणहरूको आधारमा हितको कुरा बताउने साथीलाई सुहृद् मित्र हो भनी चिन्नुपर्छ । (१) खराब कामबाट रोक्छ[६५९], (२) असल काममा लगाउँछ[६६०], (३) नसुनेको कुरा सुनाउँछ र (४) स्वर्गको मार्ग बताउँछ ।

"गृहपतिपुत्र ! यी चार कारणहरूको आधारमा हितको कुरा बताउने साथीलाई सुहृद् मित्र हो भनी चिन्नुपर्छ ।"

२३. (४) "गृहपतिपुत्र ! चार कारणहरूको आधारमा अनुकम्पक साथीलाई सुहृद् मित्र हो भनी चिन्नुपर्छ । (१) अनवृद्धि हुँदा अभिनन्दन गर्दैन[६६१], (२) अभिवृद्धि हुँदा अभिनन्दन गर्छ, (३) निन्दा गर्नेलाई रोक्छ[६६२], र (४) प्रशंसा गर्नेको प्रशंसा गर्छ ।"

"गृहपतिपुत्र ! यी चार कारणहरूको आधारमा अनुकम्पक साथीलाई सुहृद् मित्र हो भनी चिन्नु पर्छ ।"

२४. भगवान्‌ले यति भन्नुभयो । यति भन्नुभए पछि सुगत शास्ताले फेरि यस्तो भन्नुभयो –

"जो मित्र उपकारी हुन्छ, जो मित्र सुख दुःखमा समान रहने हुन्छ, जो मित्र हितको कुरा बताउने हुन्छ र जो मित्र अनुकम्पक हुन्छ –

"यी चार प्रकारका मित्रहरूलाई चिनी पण्डित हुनेले त्यस्ता मित्रहरूसँग माताले औरसपुत्रलाई प्यार गरेझैं आदरपूर्वक सत्संगत गर्नू । त्यस्तो पण्डित पुरुष बलिरहेको आगो जस्तै प्रकाशमान् हुन्छ ।"

"भमराले जस्तै गरी भोगसम्पत्ति संग्रह गर्नेको निमित्त पछि गएर धमिराको गोलो झैं थुप्रिन जान्छ ।"

"यसरी संचित गरेको भोगसम्पत्तिद्वारा गृहस्थी जीवन बिताउन पर्याप्त हुन्छ र ती भोगसम्पत्तिहरू चार भागमा विभाजन गर्नुपर्छ जसले मित्रहरूको संग्रह पनि गर्न सकिने छ ।"

"एक भागले खानपान गर्नू, दुई भाग आफ्नो कामकाजमा लगाउनु र चौथो भाग चाहिं आपद्विपद्को निमित्त[६६३] सुरक्षित गरिराख्नू ।"

---

६५९ हामीले देख्दा देख्दै तिमीले यस्तो गर्न पाउने छैनौ भनी पञ्चभय वैर हुने काम (बु.गृ.भा–१,पृ.११५) र दस अकुशल कर्महरू (बु.ब्रा.भा–३, पृ.३७८) नगर भनी मनाही गर्छ ।

६६० त्रिशरणमा जाऊ, पञ्चशील समादान गर, दशकुशल कर्मपथमा (बु.ब्रा. भा–३, पृ. ३८२) लाग, दान देऊ, पुण्यकर्म गर र धर्म श्रवण गर भनी असल काम आदिमा लगाउँछ ।

६६१ उसको हानि नोक्सान हुँदा, उसका पुत्रदारहरूको कुनै हानि नोक्सान हुँदा अथवा त्यस्तै अरू कुनै कारणबाट हानि नोक्सानी भएको देखेर वा सुनेर हर्षित हुन्न बरू विस्मित हुन्छ ।

६६२ कसैले फलानो विरूप छ, सुन्दर छैन, कमसल जाति छ, दुश्शील छ भनी भनेको सुन्दा 'यस्तो नभन ऊ राम्रो छ, सुजात छ, शीलवान् छ' आदि भनी उसलाई रोक्छ ।

६६३ गृहस्थी जीवनको सबै अवस्था एकै प्रकारको हुँदैन । कहिले काहिं राजाहरूबाट पनि आपद्हरू आइपर्छन् । यसरी आइपर्ने आपद्हरूमा खर्च गर्नका निमित्त एक भाग सुरक्षित गरी राख्नुपर्छ । यी चार भागहरूमध्ये कुनचाहिं भाग लिएर दान पुण्यादि गर्ने त ? 'खानपान गर्नू' भनी भनिएको भागबाट लिएर । यसै भागबाट भिक्षुहरूलाई, याचक गरीब कुरुवाहरूलाई तथा नोकरचाकरहरूलाई तलब पनि दिनुपर्छ ।

यसरी भगवान्‌ले सिङ्गालकपुत्रलाई यहाँसम्मका कुराहरूद्वारा चार ठाउँमा आर्यश्रावकले अकुशल नगर्ने कुरा, ६ कारणहरूद्वारा भोगसम्पत्तिको हानि नोक्सानी हुने कुरालाई देखाई, सोह्र प्रकारका मित्रहरू सेवन गरी घरगृहस्थीमा बसी दारभरणादि गरी धार्मिक जीविकाद्वारा जीवन बिताई देवमनुष्यहरूको बीचमा बलिरहेको आगो

Downloaded from http://www.dhamma.digital

# ५. छ दिशा नमस्कार

२५. "गृहपतिपुत्र ! कसरी आर्यविनयमा छ दिशाहरू आच्छादित *(नमस्कार)* हुन्छ त ? गृहपतिपुत्र ! यिनीहरूलाई छ दिशा हुन् भनी जान्नुपर्छ । (१) मातापितालाई पूर्वदिशा भनी जान्नुपर्छ, (२) आचार्यलाई दक्षिणदिशा भनी जान्नुपर्छ, (३) पुत्रदारलाई पश्चिमदिशा भनी जान्नुपर्छ, (४) मित्रमात्यहरूलाई उत्तरदिशा भनी जान्नुपर्छ, (५) दास कामदारहरूलाई अधोदिशा भनी जान्नुपर्छ र (७) श्रमण-ब्राह्मणहरूलाई उर्ध्वदिशा भनी जान्नुपर्छ[६६४] ।

## मातापिता पूर्वदिशा

२६. "गृहपतिपुत्र ! पाँच प्रकारबाट पुत्रले पूर्वदिशारूपी मातापिताको प्रत्युपस्थान *(सेवा टहल)* गर्नुपर्छ – (१) *(यिनीहरूले)* मलाई भरणपोषण गरे अतः मैले पनि उनीहरूको भरणपोषण गर्नेछु[६६५], (२) उनीहरूको कामकाज गरिदिनेछु[६६६], (३) कुलवंशको रक्षा गर्नेछु[६६७], (४) अंश पाउने बाटोमा लाग्नेछु[६६८] तथा (५) मरेर पितृ भएपछि *(उनीहरूलाई)* पुण्यदान दिनको निमित्त दानहरू दिने[६६९] । गृहपतिपुत्र ! यी पाँच प्रकारबाट पुत्रले पूर्वदिशारूपी मातापिताको प्रत्युपस्थान गर्दा पाँच प्रकारले पुत्रप्रति *(माता पिताहरूले)* अनुकम्पा राख्छन् । (१) खराब कामबाट बचाउँछन्, (२) असल काममा लगाउँछन्[६७०], (३)

---

जस्तै चम्किन्छ भन्ने कुरा बताउनुभई, छाड्न पर्नेलाई छाड्नको निमित्त सेवन गर्नुपर्नेलाई सेवन गर्नको निमित्त अर्तिबुद्धि दिई अगाडि नमस्कार गर्नुपर्ने ६ दिशाको बारेका कुराहरूमा प्रकाश पार्नु हुँदै भन्नुभयो ।

६६४ यहाँ 'मातापितालाई पूर्वदिशा भनी जान्नुपर्छ' भन्ने आदिको स्पष्टिकरण दिँदै अट्ठकथाले यसरी उल्लेख गरेको छ । मातापिताहरू पूर्वकारी भएका हुनाले पूर्वदिशा भनिएको हो । दक्षिणेय भएको हुनाले आचार्यलाई दक्षिणदिशा भनिएको हो । पुत्रदारहरू पछाडि पछाडि लागि अनुगमनगर्ने हुनाले उनीहरलाई पश्चिमदिशा भनिएको हो । मित्रामात्याहरूको सहायताद्वारा त्यस त्यस दुःख विशेषहरूबाट उत्तीर्ण हुने भएको हुनाले उनीहरूलाई उत्तरदिशा भनिएको हो । दास कामदारहरू पादमूलमा बस्ने भएकाले उनीहरूलाई अधोदिशा भनिएको हो । श्रमण ब्राह्मणहरू गुणद्वारा माथि रहने भएकाले उनीहरूलाई उर्ध्वदिशा भनिएको हो ।

६६५ मलाई आमाबाबुहरूले दूध खुवाई, हात खुट्टा वृद्धि गराई, मुखबाट सिंगान आदि पुछिदिई नुहाई दिई, मालिस गराई संवर्धन गरी हेरविचार गरे । आज वृद्ध भएका उनीहरूको खुट्टा, धोई, नुहाइ दिई, यागु भोजन गराई सेवा गर्नुपर्छ भनी भनिएको हो ।

६६६ मैले आफ्नो काम छोडेर भएपनि आमाबाबुहरूको राजकीय कामकाज आदि गरिदिनेछु भनिएको हो ।

६६७ आमाबाबुहरूको खेत तथा हिरण्यसुवर्ण आदि विनाश नगरी रक्षा गर्नुपर्ने पनि रक्षा गर्नेछु । आमाबाबुहरूलाई अधार्मिक वंशबाट मुक्त गराई धार्मिक वंशमा राखिदिनु पनि कुलवंश रक्षागरे जस्तै हो । कुलवंश परम्पराद्वारा चलि आएको सलाक भोजन आदि दानहरू न टुटाइकन दिने दानादि कार्यको संरक्षण गर्नु पनि कुलवंशको संरक्षण गर्नु हो । यसै कुरालाई ध्यानमा राखी सूत्रमा 'कुलवंशको रक्षा गर्नेछु' भनिएको हो ।

६६८ 'अंश पाउने बाटोमा लाग्नेछु' भनेको – आमाबाबुको अर्तिबुद्धिमा नरहने तथा मिथ्यामार्गमा लाग्ने पुत्रलाई आमाबाबुहरूले न्यायालयमा पुग्दा अपुत्रक जस्तै व्यवहार गर्छन् । त्यस्ता पुत्रहरू अंशको भागी हुन्नन् । अर्तिबुद्धिमा बस्ने पुत्रलाई कुलवंशको मालिक बनाउँछन् । अतः म पनि कुलवंशको मालिक बन्न सक्ने बाटोमा लाग्नेछु भनी भनिएको हो ।

६६९ पितृ भएका आमाबाबुहरूलाई पुण्यदान दिनको निमित्त मरेको तीन दिनदेखि दानपुण्य कार्य गरी पुण्यदान दिनेछु भनी भनिएको हो ।

६७० यसै जीवनमा र परलोकमा हानि हुने प्राणी हिंसादि कर्मको दुष्परिणामको कुरा सुनाई 'तात ! यस्तो कुकर्म नगर' भनी निवारण गर्छ र गरेकोलाई पनि निन्दा गर्छ । अनाथपिण्डिक सेठले आफ्नो पुत्र काललाई धनको प्रलोभन देखाई शील पालन गराउन लगाए जस्तै असल काममा लगाउँछन् ।

Downloaded from http://www.dhamma.digital

शिल्पहरू सिकाउँछन्, (४) योग्य स्त्रीसँग सम्बन्ध गराइदिन्छन् र (५) समयमै अंशको जिम्मा दिन्छन्[६७१]। गृहपतिपुत्र ! यी पाँच प्रकारबाट पुत्रले पूर्वदिशारूपी मातापितालाई प्रत्युपस्थान गर्दा यी पाँच प्रकारले *(मातापिताले)* अनुकम्पा राख्छन् । यसरी यो पूर्वदिशा प्रतिच्छादित *(आरक्षा)* हुन्छ र क्षेम तथा अप्रतिभय पनि[६७२]।

## आचार्य दक्षिणदिशा

२७. "गृहपतिपुत्र ! पाँच प्रकारबाट अन्तेवासीले दक्षिणदिशारूपी आचार्यको प्रत्युपत्थान गर्नुपर्छ – (१) आसनबाट उठी[६७३], (२) उपस्थान गरी, (३) शुश्रूषा गरी *(ध्यान दिई सुनी)*, (४) परिचर्या गरी[६७४] र (५) आदरपूर्वक शिल्पशास्त्रहरू ग्रहण गरी[६७५] । गृहपतिपुत्र ! यी पाँच प्रकारबाट अन्तेवासीले

---

६७१ 'समयमै अंशको जिम्मा दिन्छन्' भनेको – समयमै धन दिन्छन् भनेको हो । यहाँ (१) नित्य समय र (२) काल समय गरी दुई समयहरू मानिएका छन् ।

समयमा दिन्छन् भनेको – समय समयमा यो लेऊ, यो तिम्रो खर्च हो, यसले कुशल कर्म गर भनी दिन्छन् ।

काल समयमा दिन्छन् भनेको – व्रतबन्ध गर्ने बेलामा र आवाह दिवाह हुने बेलामा दिन्छन् । त्यस्तै गरी आखिरी अवस्थामा मरणमञ्चमा बसिरहेको बेलामा यसद्वारा कुशलादि कर्महरू गर भनी दिनेलाई पनि समयमा दिएको भनी भन्दछन् ।

६७२ 'पूर्वदिशा प्रतिच्छादित हुन्छ ···' आदि भनेको – जुन भय र खतरा हो त्यसलाई आच्छादन गरेको हुन्छ । जुन भय आउने हो त्यसलाई ढाकिएको वा आरक्षा गरेको हुन्छ भनिएको हो ।

यदि पुत्रहरू गलत बाटामा लाग्छन् भने – मातापिताहरूले आफ्ना पुत्रहरूलाई बालककालदेखि हेरचाह गरी ठीक बाटोमा राखेता पनि उनीहरू आमाबाबुहरू जस्ता छैनन् भन्ने भय *(अपवाद)* उत्पन्न हुन्छ । अर्थात् आमाबाबुहरूलाई पुत्रहरूको तरफबाट भय उत्पन्न भएको हुन्छ । पुत्रहरू ठीक बाटामा लागेका हुन्छन् तर आमाबाबुहरू गलत बाटामा लागेका हुन्छन् भने – त्यहाँ आमाबाबुहरूको तरफबाट पुत्रहरूलाई भय *(अपवाद)* उत्पन्न भएको हुन्छ । दुबैथरी गलत बाटामा लागेका भए दुबैथरीबाट परस्पर भय पैदा हुन्छ । दुबैथरी ठीक बाटामा लागेका भए यी दुवै हुन्नन् । यस्तै कारणलाई लक्ष गरी सूत्रमा "··· क्षेम तथा अप्रतिभय पनि" भनी उल्लेख भएको हो ।

यति भन्नुभइसकेपछि सिङ्गालक पुत्रलाई भगवान्ले यसो भन्नुभयो – "गृहपतिपुत्र ! तिम्रा पिताले लोकसम्मत पूर्वादिदिशाहरूलाई नमस्कार गराउन खोजेका होइनन् बल्की तिम्रा पिताले आमाबाबु आदिहरूलाई पूर्वादिदिशा गराई नमस्कार गराउन खोजेका हुन् । तिम्रा पिताले यिनैलाई पूर्वादिदिशा भनेका हुन्, अन्यथा होइन ।"

६७३ 'आसनबाट उठी' आदि भनेको – अन्तेवासीले आचार्यलाई टाढैबाट देखी आसनबाट उठी प्रत्युत्गमन गरी हातका वस्तुहरू लिई आसन वछ्याई बसाली पंखाले हम्किदिने, खुट्टा धोइदिने, तेल घसिदिने आदि काम गर्नुपर्छ भनिएको हो । यसैलाई लक्ष गरी सूत्रमा 'आसनबाट उठी' भनिएको हो ।

पढाइको काममा बाहेक अरू बेलामा दिनको तीन पटकसम्म आचार्यको उपस्थान गर्न जानुपर्छ । यसैलाई लक्ष गरी सूत्रमा 'उपस्थान गरी' भनिएको हो ।

'शुश्रूषा गरी' भनेको – राम्ररी ध्यान दिई भनेका कुराहरू सुन्नुपर्छ भनिएको हो । राम्ररी ध्यान दिएर नसुनेका विशेषता प्राप्त गर्न सकिन्न । त्यसैले सूत्रमा 'शुश्रूषा गरी' भनिएको हो ।

६७४ 'परिचर्या गरी' भनी बाँकी अरू स्यानांतिना कामहरूद्वारा सेवा गर्नुपर्छ भनिएको हो । जस्तै – आचार्यभन्दा अगाडि नै उठेर मुखधुने पानी तथा दतिवन दिई भोजन गर्ने बेलामा पनि पानी लिएर गर्नुपर्ने काम गरी वन्दना गरी फर्कनुपर्छ । मैला वस्त्र धोइदिने, सन्ध्या समयमा नुहाउने पानी राखिदिने र बिसन्चो हुने बेलामा हेरविचार गर्ने आदि काम गर्नुपर्छ । यसैलाई लक्ष गरी सूत्रमा 'परिचर्या गरी' भनिएको हो ।

६७५ 'आदरपूर्वक शिल्पशास्त्र ग्रहण गरी' भनेको – थोरै पाठ ग्रहण गरेर भए पनि धेरै पटकसम्म पढी याद गर्नुपर्छ, एउटा पद भए पनि राम्ररी सिक्नुपर्छ भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

दक्षिणदिशारूपी आचार्यको प्रत्युपस्थान गर्दा पाँच प्रकारले अन्तेवासीप्रति *(आचार्यले)* अनुकम्पा राख्छन् – (१) सुविनीत पारी राम्ररी सिकाइदिन्छन्[६७६], (२) राम्ररी ग्रहण गराउँछन्, (३) जानेका सबै शिल्पको बारेमा बताइदिन्छन्, (४) मित्र-अमात्यहरूलाई राम्ररी प्रतिपादन गराइदिन्छन्[६७७] *(परिचय गराइदिन्छन्)* र (५) दिशाहरूको रक्षा गर्छन्[६७८] । गृहपतिपुत्र ! यी पाँच प्रकारबाट अन्तेवासीप्रति *(आचार्यले)* अनुकम्पा राख्छन् । यसरी यो दक्षिणदिशा प्रतिच्छादित *(आरक्षा)* हुन्छ र क्षेम तथा अप्रतिभय पनि ।

## भार्या पश्चिमदिशा

२८. "गृहपतिपुत्र ! पाँच प्रकारबाट स्वामीले पश्चिमदिशारूपी भार्यालाई प्रत्युपस्थान गर्नुपर्छ – (१) सम्मानद्वारा[६७९], (२) अपमान नगरी[६८०], (३) अतिचार *(व्यभिचार)* नगरी[६८१], (४) ऐश्वर्य सुम्पिदिई[६८२] र (५) अलंकारहरू प्रदानगरी । गृहपतिपुत्र ! यी पाँच प्रकारबाट स्वामीले पश्चिमदिशारूपी भार्यालाई प्रत्युपस्थान गर्दा यी पाँच प्रकारले स्वामीप्रति *(भार्याले)* अनुकम्पा राख्छे – (१) सुसंविहित रूपले कामकाज गर्छे, (२) परिजनलाई[६८३] संग्रह गर्छे, (३) अतिचार *(व्यभिचार)* गर्दिन, (४) ल्याएको धन[६८४] संरक्षण गर्छे र (५) सबै कामकाजमा दक्षा र निरालसी हुन्छे । गृहपतिपुत्र ! यी पाँच प्रकारबाट स्वामीले पश्चिमदिशारूपी भार्यालाई प्रत्युपस्थान गर्दा यी पाँच प्रकारले स्वामीप्रति *(भार्याले)* अनुकम्पा राख्छे । यसरी यो पश्चिमदिशा प्रतिच्छादित हुन्छ र क्षेम तथा अप्रतिभय पनि ।

---

६७६ यसरी बस्नुपर्छ, यसरी उठ्नुपर्छ, यसरी खानुपर्छ, यसरी भोजन गर्नुपर्छ, खराब साथी छाड्नुपर्छ, कल्याणमित्र सेवन गर्नुपर्छ भनी आचार सम्बन्धी ज्ञान सिकाइ दिन्छ ।

६७७ यो हाम्रो अन्तेवासी व्यक्त छ, बहुश्रुत छ, म समान छ भनी थाहापाउनु भन्ने आदि बचनले गुण बताई मित्रामात्यहरूलाई बताइ दिन्छन् ।

६७८ शिल्प सिकाइदिएद्वारा नै उसको सबैतिरको संरक्षण हुन्छ । शिल्प शास्त्रादि अध्ययन गरी जुन जुन दिशामा गई शिल्प प्रदर्शन गर्छ । त्यसद्वारा उसको लाभसत्कार हुन्छ र यो लाभसत्कार आचार्यबाट पाएको भन्नुपर्छ । उसको गुण बखान गर्दा पनि – यो चाहिं आचार्यको चरणकमल धोई बसेका शिष्य हुन् भनी प्रथमतः आचार्यको गुण बखान गर्छन् । ब्रह्मलोकसम्म पुग्नसक्ने लाभ भए पनि यो आचार्यको कारणद्वारा प्राप्त भएको मानिन्छ । अझ जुन विद्याको जप गरी हिड्नेलाई जंगलमा चोरले पनि देख्न सक्दैन ।

अमनुष्यहरूले वा सर्प जातिहरूले पनि कष्ट दिंदैनन् । त्यो शिक्षा दिंदा पनि दीर्घकालसम्म तारण वा रक्षा गरेको हुन्छ । जुन दिशामा आफ्नो शिष्य गएको हुन्छ त्यस दिशाबाट कुनै पुरुष शंका गरी आफूकहाँ आएको खण्डमा त्यो दिशामा मेरो शिष्य बसेको छ । ऊ र ममा यस शिल्पमा कुनै फरक छैन । अतः तिमी गई उससँग सोध भनी शिष्यको प्रशंसा गर्दा प्राप्त भएको लाभसत्कार पनि परित्राण हुन्छ र प्रतिष्ठा रहन्छ भनी भनिएको हो । यस्तै कुरालाई लक्ष्य गरी सूत्रको अगाडि '··· क्षेम तथा अप्रतिभय पनि' भनिएको हो ।

६७९ 'देव माते, तिस्स माते' भन्ने आदि प्रियवचनद्वारा सम्बोधन गरी प्रियवचनले युक्त कुराकानी गर्छ ।

६८० दास कामदारहरूलाई हेला गरी जसरी कुरा गर्ने हो त्यसरी कुरा गर्दैन ।

६८१ आफ्नो स्त्री बाहेक बाहिरका स्त्रीसँग परिचर्या गर्नेलाई 'अतिचार' भन्दछन् । त्यस्तो नगरीकन स्वदारमा सन्तुष्ट भई बस्छ । यो पनि प्रत्युपस्थान हो ।

६८२ स्त्रीहरू चाहिं 'महालता' जस्ता गहना पाएर पनि भान्साघरको रेखदेख गर्न नपाउँदा रिसाउँछन् । दाडु र पन्यौ हातमा राखिदिई तिमीलाई चाहे जस्तो व्यवस्था मिलाऊ भनी खान-पानको काम सम्बन्धी जिम्मा लगाईदिंदा ऐश्वर्य दिए जस्तै सम्झिन्छन् ।

६८३ यहाँ 'परिजन' भनैको स्वामी र आफ्ना ज्ञातिबन्धुहरूलाई भनिएको हो ।

६८४ कृषी तथा व्यापारद्वारा आम्दानी गरी ल्याएको धनलाई यहाँ 'ल्याएको धन' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

## मित्र अमात्य उत्तरदिशा

२९. "गृहपतिपुत्र ! पाँच प्रकारबाट कुलपुत्रले उत्तरदिशारूपी मित्रामात्यलाई प्रत्युपस्थान गर्नुपर्छ – (१) दानद्वारा, (२) प्रियवचनद्वारा, (३) अर्थचर्याद्वारा, (४) समानात्मताद्वारा र (५) यथार्थकुराद्वारा *(अविसंवादनताय)*। गृहपतिपुत्र ! यी पाँच प्रकारबाट कुलपुत्रले उत्तरदिशारूपी मित्रामात्यलाई प्रत्युपस्थान गर्दा पाँच प्रकारले कुलपुत्रप्रति *(मित्रामात्यले)* अनुकम्पा राख्छ – (१) प्रमाद भएकालाई रक्षा गर्छ, (२) प्रमादिको सम्पत्ति रक्षा गर्छ, (३) भय मान्नेको शरण भइदिन्छ, (४) आपद् पर्दा छाड्दैन र (५) अरू प्रजाहरूले[६८५] पनि सत्कार गर्छन् । गृहपतिपुत्र ! यी पाँच प्रकारबाट कुलपुत्रले उत्तरदिशारूपी मित्रामात्यलाई प्रत्युपस्थान गर्दा यी पाँच प्रकारले कुलपुत्रप्रति *(मित्रामात्यले)* अनुकम्पा राख्छन् । यसरी यो उत्तरदिशा प्रतिच्छादित हुन्छ र क्षेम तथा अप्रतिभय पनि।

## दास कामदार अधोदिशा

३०. "गृहपतिपुत्र ! पाँच प्रकारबाट मालिकले अधोदिशारूपी दास कामदारहरूलाई प्रत्युपस्थान गर्नुपर्छ – (१) यथाबल[६८६] काममा लगाउनुद्वारा, (२) भात वेतनद्वारा[६८७], (३) रोगी सेवाद्वारा[६८८], (४) स्वादिष्ट खाना संविभाजनद्वारा[६८९] र (५) समयमा छुट्टी दिनेद्वारा[६९०] । गृहपतिपुत्र ! यी पाँच प्रकारबाट मालिकले अधोदिशारूपी दास कामदारहरूलाई प्रत्युपस्थान गर्दा पाँच प्रकारले मालिकप्रति *(दास कामदारहरूले)* अनुकम्पा राख्छन्– (१) पहिले उठ्ने हुन्छ, (२) पछि सुत्ने हुन्छ, (३) दिएको लिने हुन्छ[६९१], *(दिन्नादायि)*, (४) राम्ररी काम गर्ने हुन्छ[६९२] र (५) वर्णवादी हुन्छ[६९३] । गृहपतिपुत्र ! यी पाँच प्रकारबाट मालिकले अधोदिशारूपी दास कामदारहरूलाई प्रत्युपस्थान गर्दा यी पाँच प्रकारले मालिकप्रति *(दास कामदारहरूले)* अनुकम्पा राख्छन् । यसरी यो अधोदिशा प्रतिच्छादित हुन्छ र क्षेम तथा अप्रतिभय पनि ।

---

६८५ यहाँ 'अरू प्रजा' भनेको साथीका छोराछोरी नाति नातिनीहरूलाई भनिएको हो । यिनीहरूले पनि जसरी आफ्नो पिताले मद्दत आदि गर्छन् त्यसरी नै सम्मान गर्छन् भनिएको हो ।

६८६ 'यथाबल' भनेको तरुणले बुढोलाई गर्नुपर्ने, बुढोले तरुणलाई गर्नुपर्ने, स्त्रीले पुरुषलाई गर्नुपर्ने, पुरुषले स्त्रीलाई गर्नुपर्ने काम गर्न नलगाई ज-जसले जे जे काम गर्न सक्ने हो त्य-त्यसलाई सोही अनुसार काममा लगाउँछ ।

६८७ यो स्यानो केटो छ, यो साथमा बस्ने हो भन्ने आदि कुराहरूमाध्यान पुऱ्याई भातद्वारा उपस्थान गर्छ ।

६८८ 'रोगी सेवाद्वारा' भनेको – रोगी हुने बेलामा काम नगराई अनुकूल औषधी आदि दिई हेरविचार गर्छ भनिएको हो ।

६८९ कुनै आश्चर्यजनक स्वादिला खानाहरू पाएको बेलामा आफूले मात्र नखाई दास कामदारहरूलाई पनि बाँडिदिन्छ ।

६९० 'समयमा छुट्टी दिने' भनेको – (१) कृत्य समय र (२) काल समय – यी दुवै समयमा छुट्टी दिने भनेको हो ।

कृत्य समयमा छुट्टि दिने भनेको – दिनभर काम गर्दा थाकिन्छ भन्ने विचार गरी अनुकुल समयमा दिइने छुट्टी हो ।

चाडपर्व दिनहरूमा अलंकार वस्तुहरू, खाद्य-भोज्यहरू समेत दिई दिइने छुट्टीलाई 'काल समयमा दिने छुट्टी' भनिएको हो ।

६९१ मालिकले नदिइकन कुनै पनि वस्तु चोरी गरी लिदैन । मालिकले दिएको मात्र लिन्छ । त्यसैले 'दिन्नादायि' भनिएको हो ।

६९२ 'यिनको काम गरेर के गर्ने ? यसबाट हामीले केही पनि पाउँदैनौं' भनी नकराई बल्की सन्तुष्ट मन लिई – जस्तो गर्दा गरेको काम राम्रो हुने हो – त्यसरी काम गर्छन् ।

६९३ कुनै सभामा कुनै कुरा उठ्दा – 'हाम्रा मालिक जस्ताको होलान् र ! हामीले त आफूलाई दास जस्तो पनि ठान्दैनौं । उहाँहरू मालिक हुनुहुन्छ भन्ने पनि ठान्दैनौं । यसरी हामीमाथि अनुकम्पा राख्नुहुन्छ कि के भनौं !' भन्दै मालिकको गुण बयान गर्छन् ।

Downloaded from http://www.dhamma.digital

# श्रमण ब्राह्मणहरू उर्ध्वदिशा

३१. "गृहपतिपुत्र ! पाँच प्रकारबाट कुलपुत्रले उर्ध्वदिशारूपी श्रमण ब्राह्मणहरू प्रत्युपस्थान गर्नुपर्छ – (१) मैत्री कायकर्मद्वारा[६९४], (२) मैत्री वचीकर्मद्वारा, (३) मैत्री मनः कर्मद्वारा, (४) *(उनीहरूको निमित्त)* दैलो खुला[६९५] राख्ना बाट र (५) आमिष *(खाद्य भोज्यहरू)* प्रदानद्वारा । गृहपतिपुत्र ! यी पाँच प्रकारबाट कुलपुत्रले उर्ध्वदिशारूपी श्रमण ब्राह्मणहरूलाई प्रत्युपस्थान गर्दा ६ प्रकारले कुलपुत्रप्रति *(श्रमण ब्राह्मणहरूले)* अनुकम्पा गर्छन् – (१) खराब कामबाट हटाउँछन्, (२) असल काममा लगाउँछन्, (३) असल विचारले अनुकम्पा राख्छन्, (४) नसुनेका *(कुरा)* सुनाउँछन्, (५) सुनेका *(कुरा)* लाई सुदृढीकरण गराउँछन्[६९६] र (६) स्वर्गको बाटो पनि बताइदिन्छन् । गृहपतिपुत्र ! यी पाँच प्रकारबाट कुलपुत्रले उर्ध्वदिशारूपी श्रमण ब्राह्मणहरूलाई उपस्थान गर्दा यी ६ प्रकारले कुलपुत्रप्रति *(श्रमण ब्राह्मणहरूले)* अनुकम्पा राख्छन् । यसरी यो उर्ध्वदिशा प्रतिच्छादित हुन्छ र क्षेम तथा अप्रतिभय पनि ।"

३२. भगवान्‌ले यति भन्नुभयो । यति भन्नुभए पछि सुगत शास्ताले फेरि यस्तो भन्नुभयो –

"माता पिता पूर्वदिशा, आचार्य दक्षिणदिशा, पुत्रदारहरू पश्चिमदिशा मित्रामात्य उत्तरदिशा –

"दास कामदारहरू अधोदिशा र श्रमण ब्राह्मणहरू उर्ध्वदिशा हुन् । यी दिशाहरूलाई नमस्कार गरी कुल गृहमा बस्न सक्नुपर्छ ।"

"जो पण्डित शीलसम्पन्न, प्रियवादी, बुद्धिमानी, एकान्तप्रेमी तथा कोमल हुन्छ – त्यस्ताले यश पाउँछ ।"

"जो निरालसी, उत्साही, आपद्‌मा नहडबडाउने तथा अटूट नियम पालन गर्ने मेधावी हुन्छ त्यस्ताले यश पाउँछ ।"

"जो संग्राहक, मित्रकारक, कुरा बुझ्ने, मात्सर्यरहित नेता[६९७], विनेता र अनुनेता हुन्छ – त्यस्ताले यश पाउँछ ।"

---

६९४ मैत्री कायकर्म आदि भनेको – मैत्री चित्त राखी गरिने सबै कामहरू मैत्री कायकर्म हुन् । त्यहाँ – भिक्षुलाई निमन्त्रणा गर्नेछु भनी विहारमा जानु, पानी छान्नीद्वारा पानी छान्नु, आँग् मिच्नु तथा खुट्टा मिच्नु आदि काम मैत्री कायकर्म हुन् ।

कुनै भिक्षु भिक्षाटन आइरहेको देखेर सत्कारपूर्वक 'यागु देऊ, भोजन देऊ' भनी भन्नु र साधुकार दिंदै धर्मश्रवण गर्नु र आदरपूर्वक कुशलवार्ता गर्नु आदि सबै मैत्री वचीकर्म हुन् ।

हाम्रो घरमा आउनुहुने स्थविरको शत्रु नहोस्, पीडा नहोस् आदि भनी असल चिताउनु मैत्री मनः कर्म हुन् ।

६९५ 'दैलो खुला' भनेको – घरका दैलाहरू खुला राख्ने भनेको होइन । घरका दैलाहरू खुला राखे तापनि घरमा शीलवान्‌हरूलाई दान नदिने, शीलवान्‌हरूप्रति गर्नुपर्ने कर्तव्य नगर्नेको घरका दैलाहरू थुनिराखेको बराबर नै हुन्छन् । घरमा सबै दैलाहरू थुनिराखे तापनि घरमा आउने श्रमण ब्राह्मणहरूलाई दान दिने, कर्तव्य पालन गर्नेको घरमा दैलाहरू खुला भएका मानिन्छन् । आफ्नो घरमा आएका श्रमण ब्राह्मणहरूलाई आफ्नो घरमा भएर पनि 'छैन' नभनी भएको वस्तु दिनेका घरका देलाहरू खुलेका हुन्छन् । यस प्रकार घरका दैलाहरू थुनेका हुन्नन् ।

६९६ जुन कुरा सुनिराखेको हुन्छ वा जुन शास्त्र सुनिराखेको हुन्छ – त्यसको अर्थ राम्ररी बताई शंका दूर गराइदिन्छन् । अथवा सुनिराखेको कुरा बमोजिम अभ्यास गराउन लगाउँछन् ।

६९७ त्यस त्यस अर्थलाई दर्शाइ लैजाने हुनाले 'नेता' *(लैजाने)* भनिएको हो । विविधाकारले अर्थ दर्शाउँदै लैजाने भएको हुनाले पनि 'नेता' भनिएको हो । विनीत गराउने भएको हुनाले 'विनेता' भनिएको हो । बारम्बार लैजाने भएको हुनाले 'अनुनेता' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

"यो लोकमा जुन दान, प्रियवचन, अर्थचर्या र समानताको व्यवहार हुन् – यी धर्महरू नै चल्ने रथको आणी जस्तै हुन्छन् ।"

"यदि यी लोकसंग्रह-धर्महरू नहुँदा हुन् न त आमाले, न पिताले पुत्रहरूबाट मान र पूजा पाउँन सक्ने थिए[६९८] ।"

"यो लोकसंग्रह-धर्महरूलाई पण्डितहरूले स्मरण गरिराख्ने भएको हुनाले नै *(पण्डितको)* महत्ता बढ्छ र प्रशंसनीय पनि हुन्छ ।"

३३. यस्तो भन्नुहुँदा सिङ्गालक गृहपतिपुत्रले भगवान्लाई यस्तो भने – "धन्य हो, भन्ते ! धन्य हो, भन्ते ! ··· आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी भगवान्ले मलाई स्वीकार गर्नुहोस्[६९९] ।"

**सिङ्गाल-सुत्त समाप्त ।**

Dhamma.Digital

---

६९८ यदि मातापिताहरूद्वारा यी संग्रहद्वारा संग्रहित नभएको भए पुत्रहरूबाट पनि उनीहरूले मान सत्कार पाउने थिएनन् होलान् भनिएको हो ।

अनि जुन उद्देश्य गरी सिङ्गालकपुत्रको पिताले उनलाई 'दिशा नमस्कार गर्नुपर्छ' भनी भनेका थिए ती यही ६ दिशाहरू हुन् भनी भगवान्ले उनलाई बताउनुभयो । यदि तिमी पिताको वचनलाई मान्न चाहन्छौ भने – यी दिशाहरू नमस्कार गर भनी, उपरोक्त सूत्रका कुराहरू देखाउनुभई सिङ्गालकपुत्रको प्रश्नको उत्तर दिई, उपदेश सिध्याई भगवान् राजगृहमा भिक्षाटननार्थ जानुभयो र सिङ्गालकपुत्र पनि त्रिशरणमा प्रतिष्ठित भई ४० कोटी धन बुद्ध शासनमा छरी पुण्यकर्म गरी स्वर्गपरायण भए ।

६९९ यस सूत्रमा गृहस्थीहरूले गर्नुपर्ने कर्तव्यको बारेमा कुनै कुरा नबताईएका छैनन् । अतः यस सूत्रलाई 'गृहीविनय' पनि भन्दछन् ।

Downloaded from http://www.dhamma.digital

# ९. आटानाटिय-सुत्त

## (आटानाटिकसूत्र)

## १. चतुर्महाराजहरू

१. यस्तो मैले सुनें । एक समय भगवान् राजगृहको गृध्रकूट पर्वतमा बस्नुभएको थियो । त्यसबेला चारै महाराजहरू आ-आफ्ना धेरै यक्षसेना, धेरै गन्धर्वसेना, धेरै कुम्भण्डसेना तथा धेरै नागसेना साथ लिई चार दिशामा रक्षकहरू नियुक्त गरी चारै दिशामा योद्धाहरूको टोलीलाई नियुक्त गरेर रात बिति सकेपछि गृधकूट जम्मै आलोकित गरी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउ बसे । ती यक्षहरूमध्ये कोही भगवान्लाई अभिवादन गरी एक छेउ बसे, कोही भगवान्सँग कुशलवार्ता गरे, सम्मोदनीय कुशलवार्ता पछि एक छेउ बसे, कोही भगवान्लाई दुवै हातले बिन्ती गर्दै एक छेउ बसे, कोही *(आ-आफ्ना)* नाउँ र गोत्र सुनाएर एक छेउ बसे, कोही त्यसै चुपचाप एक छेउ बसे ।

२. एक छेउ बसेका वैश्रवण महाराज *(कुबेर)* ले भगवान्लाई यस्तो बिन्ती गरे – "भन्ते ! कोही कोही ठूलठूला यक्षहरू तपाईंदेखि अप्रसन्न *(अश्रद्धावान्)* छन् । भन्ते ! कोही कोही ठूलठूला यक्षहरू तपाईंदेखि प्रसन्न छन् । भन्ते ! कोही कोही मध्यम यक्षहरू तपाईंदेखि अप्रसन्न छन् । भन्ते ! कोही कोही निम्न यक्षहरू तपाईंदेखि अप्रसन्न छन् । भन्ते ! कोही कोही निम्न यक्षहरू तपाईंदेखि प्रसन्न छन् । भन्ते ! धेरै जसो ती यक्षहरु तपाईंदेखि अप्रसन्न छन् । त्यो के कारण ? भन्ते ! भगवान्ले प्राणी हिंसाबाट अलग हुने धर्मदेशना गर्नुहुन्छ । अदिन्नादान *(चोरी)* बाट अलग हुने धर्मदेशना गर्नुहुन्छ । काममिथ्याचार *(व्यभिचार)* बाट अलग हुने धर्मदेशना गर्नुहुन्छ । झूटा कुरा गर्नबाट अलग हुने धर्मदेशना गर्नुहुन्छ । सुरामेरय-मद्य-प्रमाद स्थानबाट अलग हुने धर्मदेशना गर्नुहुन्छ । भन्ते ! ती यक्षहरू प्रायः गरी हिंसाबाट अलग छैनन्, अदिन्नादानबाट अलग छैनन्, मिथ्याचारबाट अलग छैन, झूटा कुरा गर्नबाट अलग छैनन्, सुरामेरय-मद्य-प्रमाद स्थानबाट अलग छैनन् । तिनीहरूलाई यो *(धर्मदेशना)* अप्रिय छ, अमनाप पनि छ । भन्ते ! भगवान्का श्रावकहरू भने मानिसको भीडभाड नभएका, धेरै कोलाहल नभएको, निःशब्द स्थानमा, मानिसको वासस्थानदेखि टाढा, मानिसको आवागमन नभएको गाउँ, जनाकीर्ण नभएको ठाउँ, गम्भीर विचार गर्न र चित्त एकाग्र गर्न लायक अरराद्य *(जङ्गल)* मा, वनमा, पर्वतमा, पर्णशालामा रूखका पातहरू ओच्छ्याई बस्थे, त्यहाँ ठूलठूला यक्षहरू पनि निवास गर्दछन्, यसैले तिनीहरू भगवान्को प्रवचनबाट अप्रसन्न भइरहेछन् । भन्ते ! भगवान्ले भिक्षु-भिक्षुणी, उपासक-उपासिकाहरूको रक्षाको निमित्त, पीडा नहोस् भनाको निमित्त, सुखपूर्वक विहार गर्नाको निमित्त, तिनीहरूको प्रसन्न राख्नाका निमित्त 'आटानाटिय रक्षा *(बन्धन)* ' उपदेश गर्नुहोस् । भगवान्ले मौन भावले *(ती महाराजहरूको निवेदन)* स्वीकार गर्नुभयो ।

Downloaded from http://www.dhamma.digital

# २. आटानाटियद्वारा रक्षा

३. अनि वैश्रवण महाराजले भगवान्ले मौनभावले स्वीकार गर्नुभएको जानी त्यसबेला 'आटानाटिय रक्षा' भने –

"चक्षुष्मान्, श्रीमान् विपश्यी *(बुद्ध)* लाई नमस्कार छ,

सबै भूत प्राणीहरूप्रति अनुकम्पा राख्नुहुने शिखी बुद्धलाई नमस्कार छ।"

"स्नातक, तपस्वी विश्वभू *(बुद्ध)* लाई नमस्कार छ,

मार सेना प्रमर्दन *(नष्ट भ्रष्ट)* गर्नु हुने ककुच्छन्द *(बुद्ध)* लाई नमस्कार छ।"

"ब्रह्मचारी कोणागमन *(बुद्ध)* ब्राह्मणलाई नमस्कार छ,

अनेक तवरले विप्रमुक्त हुनुभएका काश्यप *(बुद्ध)* लाई नमस्कार छ। "

"अङ्गीरस श्रीमान् *(तपाई)* शाक्यपुत्रलाई नमस्कार छ,

जसले सबै दुःखलाई नष्ट गराउने धर्मको उपदेश गर्नुभयो।"

"यथार्थतः ज्ञानद्वारा देखेर निर्वाण प्राप्त गरेको अन्य सबै महान

निर्भयी आस्रवरहित भएका *(अरहत्हरू)* ले पनि सुनून।"

"जसजसले उहाँ विद्याचरणद्वारा सम्पन्न हुनुभएका महान र निर्भय हुनुभएका

गौतम *(बुद्ध)* लाई नमस्कार गर्दछन्, ती देव मनुष्यहरूको हित हुनेछ।"

Dhamma.Digital

## (१) धृतराष्ट्र

४. जहाँबाट विशाल मण्डल सूर्यको उदय हुन्छ, जसको उदयबाट घोर अन्धकारमयी रात्रि *(शर्वरी)* समाप्त हुन्छ। सूर्य उदित भएपछि 'दिन' भयो भनिन्छ।

"यहाँ एक गम्भीर जलाशय *(ह्रद)* छ जहाँ सबै नदीको पानी जम्मा हुन्छ,

त्यसलाई समुद्र भनिन्छ, त्यसलाई नदीको पानीले भरिएको 'समुद्र' भनिन्छ। "

"यहाँबाट त्यो पूर्व दिशामा छ – त्यसको बारे मानिसहरूको यस्तो भनाई छ

त्यस दिशालाई यो यशस्वी महाराजाले पालन गरिराख्दछ।"

"ती गन्धर्वहरूका अधिपति हुन्, जसको नाउँ धृतराष्ट्र हो।

गन्धर्वहरूलाई अगाडि राखी ती नृर्वगीत *(नाचगान)* मा रमाइरहेका छन्।"

"उसका धेरै पुत्रहरू एउटै नाउँका छन्।

ती मध्ये ९१ वटा छोराहरू 'महाबली इन्द्र' नाउँका छन्। "

"तिनीहरूले पनि आदित्यबन्धु *(सूर्यवंशज)*, निर्भयी तथा महान बुद्धलाई टाढैबाट नै

Downloaded from http://www.dhamma.digital

'भो पुरुष श्रेष्ठ' पुरुषोत्तम ! तपाईंलाई नमस्कार छ भनी नमस्कार गर्दछन् ।"

"तपाईं राम्ररी कुशलपूर्वक समीक्षा गर्नु हुन्छ, अमनुष्य *(देवता)* हरूले पनि

तपाईंलाई प्रणाम गर्दछन् भनी हामीहरूले सधै *(अभिक्ष्णश:=धेरै पटक)* यस्तो सुन्दै आइरहेका छौं ।" 'यसै कारण यस्तो भनिएको हो ।'

'जिन गौतमलाई वन्दना गर ।'

"जिन गौतमलाई हामी वन्दना गर्दछौं, विद्या र आचरणले

सम्पन्न हुनुभएका गौतम बुद्धलाई हामी वन्दना गर्दछौं ।"

## (२) विरुढक

५. "प्राणीहिंसक, रुद्र *(भयानक)* कर्म गर्नेहरू, चोरहरू, शठ, चुक्ली गर्नेहरू र पछाडिबाट निन्दा गर्नेहरू – ती सबैलाई 'प्रेत' भनिन्छ ।"

"तिनीहरू जहाँ बस्छन् त्यस ठाउँ यहाँदेखि दक्षिण दिशामा छन्

भन्ने मानिसहरूको भनाई छ । त्यस दिशालाई यी यशस्वी महाराजले पालन गर्दछन् ।"

"ती कुम्भण्ड *(कूष्माण्ड)* यक्षहरूको अधिपति हुन्, जसको विरुढक हो ।

कुम्भण्डहरूलाई अगाडि राखी ती नृत्य गीत *(नाचगान)* मा रमाइरहेका छन् ।"

उसका धेरै पुत्रहरू एउटै नाउँका छन् ।

ती मध्ये ९१ (=८०+११+१) वटा छोराहरू 'महाबली इन्द्र' नाउँका छन् ।

"तिनीहरूले पनि आदित्यबन्धु *(सूर्यवंशज)*, निर्भयी तथा महान् बुद्धलाई टाढैबाट नै –

'भो पुरुषश्रेष्ठ ! पुरुषोत्तम ! तपाईंलाई नमस्कार छ' भनी नमस्कार गर्दछन् । "

"तपाईं राम्ररी कुशलतापूर्वक समीक्षा गर्नु हुन्छ, अमनुष्य *(देवता)* हरूले पनि तपाईंलाई प्रणाम गर्दछन् भनी हामीहरूले सधैं यस्तो सुन्दै आइरहेका छौं । यसकारण यस्तो भनिएको हो – 'जिन गौतमलाई वन्दना गर ।' 'जिन गौतमलाई हामी वन्दना गर्दछौ, विद्या र आचरणले सम्पन्न हुनुभएका गौतम बुद्धलाई हामी वन्दना गर्दछौं ।'"

## (३) विरूपाक्ष

६. "जहाँ विशाल मण्डल भएको सूर्य उदाउँछ, जसको उदय दिन भनिन्छ र जसको अस्तले शर्वरी *(रात्री)* हुन्छ ।"

"यहाँ एक गम्भीर जलाशय *(ह्रद)* छ जहाँ सबै नदीको पानी जम्मा हुन्छ,

त्यसलाई समुद्र भनिन्छ, त्यसलाई नदीको पानीले भरिएको 'समुद्र' भनिन्छ ।"

"यहाँबाट त्यो पश्चिम दिशामा छ – त्यस बारे मानिसहरूको यस्तो भनाई छ ।

Downloaded from http://www.dhamma.digital

त्यो दिशालाई यो यशस्वी महाराजले पालन गरिराख्दछ । "

"ती नागहरूको अधिपति हुन्, जसको नाउँ विरूपाक्ष हो ।

नागहरूलाई अगाडि राखी ती नृत्य गीत *(नाचगान)* मा रमाइरहेका छन् ।"

"उसका धेरै पुत्रहरू एउटै नाउँका छन् ।

ती मध्ये ९१ वटा छोराहरू 'महाबली इन्द्र' नाउँका छन् ।"

तिनीहरूले पनि आदित्यवन्धु *(सूर्य)* निर्भयी तथा महान बुद्धलाई टाढैबाट नै –

'भो पुरुषश्रेष्ठ ! पुरुषोत्तम ! तपाईंलाई नमस्कार छ' भनी नमस्कार गर्दछन् ।"

"तपाईं राम्ररी कुशलपूर्वक समीक्षा गर्नु हुन्छ, अमनुष्य *(देवता)* हरूले पनि तपाईंलाई प्रणाम गर्दछन् भनी हामीहरूले सधैं यस्तो सुन्दै आइरहेका छौं । यसैकारण यस्तो भनिएको हो – 'जिन गौतमलाई वन्दना गर ।'"

'जिन गौतमलाई हामी वन्दना गर्दछौं, विद्या र आचरणले

सम्पन्न हुनुभएका गौतम बुद्धलाई हामी वन्दना गर्दछौं ।'

## (४) वैश्रवण

७. जहाँ रमणीय उत्तरकुरु र सुदर्शन पर्वत छन् । जहाँ मानिसहरू अपरिग्रही तथा ममतारहित नै उत्पन्न हुन्छन् । तिनीहरूमध्ये न कसैले बीज आरोपण गर्दछन् न त हलो नै जोत्ने काम गर्दछन्, तिनीहरूले अकट्ठपाकिम *(अकृष्टपच्य=आफै स्वयं उत्पन्न हुने)* शालीको खाना खान्छन् ।

"तिनीहरूले कण र भूस नभएको शुद्ध र सुगन्धित चामल दूधमा पकाएर भोजन गर्दछन् ।"

"तिनीहरू *(एउटै खुर भएको)* गोरुमा सवार भएर नै सबै दिशाहरूतिर जाने गर्दछन् । तिनीहरू *(एउटै खुर भएको)* पशुमाथि सवार भएर नै सबै दिशाहरूतिर जाने गर्दछन् ।"

"तिनीहरू आइमाईले बोकाएर नै सबै दिशाहरूतिर जाने गर्दछन् ।"

"तिनीहरू पुरुषले बोकाएर नै सबै दिशाहरूतिर जाने गर्दछन् ।"

"तिनीहरू कुमारीले बोकाएर नै सबै दिशाहरू तिर जाने गर्दछन् । "

"तिनीहरू कुमारले बोकाएर नै सबै दिशाहरूतिर जाने गर्दछन् । "

"ती राजाको सेवामा सवारी *(यान)* मा सवार भई सबै दिशा दिशाहरूबाट आउने गर्दछन् । "

"ती यशस्वी महाराजसँग हस्तियान

अश्वयान, दिव्ययान, प्रासाद र शिविकाहरू छन् । "

माथि अन्तरिक्षमा बनेका उसका नगरहरू छन्, *(ती हुन्)* आटानाटा, कुसिनाटा, परकुसिनाटा, नाटसुरिया एवं परकुसितनाटा ।

Downloaded from http://www.dhamma.digital

"त्यसको उत्तरमा कपीवन्त र अर्कोतिर जनौध *(र)* अरूअरू उन्नानब्बे नगरहरू छन् । *(त्यस्तै)* अम्बर, अम्बरवती भन्ने नगरहरू छन् । आलकमन्दा भन्ने उनको राजधानी छ ।"

"मारिष ! कुबेर महाराजको राजधानीको नाम विसाणा *(विश्राणा)* हो । त्यसैकारण कुबेर महाराजलाई वेस्सवन *(वैश्रवण)* भनिन्छ ।"

"*(उहाँ)* ततोला, तत्तला, ततोतला, ओजसि, तेजसि, ततोजसि अरिष्टनेमि एवं शूर राजाहरू अन्वेषण गर्दै देदीप्यमान रहन्छन् ।"

"त्यहाँ धरणी भन्ने एक सरोवर *(ह्रद)* छ जसको जल लिएर मेघले वृष्टि गर्दछन् । यही जलको उद्‌गम स्थान हों । जन सभामा यक्षहरू एकत्रित हुन्छन्, त्यस सभालाई सागलवती *(भागलवती)* भनिन्छ ।"

त्यहाँ नाना प्रकारका चराहरू सधैं फल हुने रुखमा बसिरहेका हुन्छन् । त्यहाँ मयूर, क्रोञ्चं *(हंस)* कोकिल आदि मधुर-भाषी चराचुरुंगी मधुर स्वरले गाइरहेका हुन्छन् ।

"त्यहाँ जीवञ्जीव, ओट्ठव, चित्रक, भन्ने चराचुरुङ्गीहरूको सुरिलो आवाज गुञ्जिरहन्छ । कुकुत्थक, कुरीरक, पोक्सरसातक, शुक, सारिका एवं दण्डमाणवक – यी सबै ती कुबेरको पुष्करिणीमा सधैं शोभायमान भइ रहन्छन् ।"

"*(यो पुष्करिणी)* यहाँबाट उत्तर दिशामा छ – यस्तो मानिसहरूको भनाई छ । त्यो दिशालाई यो यशस्वी महाराजले पालन गरिराख्दछ ।"

"ती यक्षहरूको अधिपति कुबेर हुन्

यक्षहरूलाई अगाडि राखी ती नृत्यगीतमा रमाइरहेका छन् । "

"यसका धेरै पुत्रहरू एउटै नाउँका छन् ।

ती मध्ये ९१ वटा छोराहरू 'महाबली इन्द्र' नाउँका छन् ।"

"तिनीहरूले पनि अधित्यबन्धु, निर्भयी तथा महान् बुद्धलाई टाढैबाट नै –

'भो पुरुषश्रेष्ठ ! पुरुषोत्तम ! तपाईंलाई नमस्कार छ !' भनी नमस्कार गर्दछन् । "

"तपाईं राम्ररी कुशलपूर्वक समीक्षा गर्नु हुन्छ, अमनुष्य *(देवता)* हरूले पनि तपाईंलाई प्रणाम गर्दछन् । हामीहरूले सधैं यस्तो सुन्दै आइरहेका छौं । यसैकारण यस्तो भनिएको हो – 'जिन गौतमलाई वन्दना गर ।'"

'जिन गौतमलाई हामी वन्दना गर्दछौं, विद्या र आचरणले सम्पन्न हुनुभएका गौतम बुद्धलाई हामी वन्दना गर्दछौं ।'

८. "मारिष ! भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको रक्षाको निमित्त, पीडा नहोस् भन्नाको निमित्त, सुखपूर्वक बस्न पाउनको निमित्त यो आटानाटिय रक्षा हो ।"

"मारिष ! जो कोही भिक्षु, भिक्षुणी, उपासक वा उपासिकाहरूले यो आटानाटिय रक्षा सूत्र ठीकसँग पाठ गरे, धारण गरे भने त्यसलाई यक्ष, यक्षिणी, यक्षको छोरा, यक्षको छोरी, यक्षको महामात्य, यक्षको परिषद्, यक्षको सेवक, वा गन्धर्व, गन्धर्वी, गन्धर्वको छोरा गन्धर्वको छोरी, गन्धर्वको महामात्य, गन्धर्वको परिषद्, गन्धर्वको सेवक वा कुम्भण्ड, कुम्भण्डी, कुम्भण्डको छोरा, कुम्भण्डकी छोरी,

Downloaded from http://www.dhamma.digital

कुम्भण्डको महामात्य, कुम्भण्डको परिषद्, कुम्भण्डको सेवक वा नाग, नागिनी, नागको छोरा, नागको छोरी, नागको महामात्य, नागको परिषद्, नागको सेवकले प्रदुष्ट चित्त *(दुर्भावना)* राखी भिक्षु, भिक्षुणी, उपासक उपासिकाहरू गइरहेको वा जाने बेलामा, उभिरहेको वा उभिरहने बेलामा, बसेको वा बसिरहने बेलामा, लेटिरहेको वा लेटिरहने बेलामा पिछा गरे ती अमनुष्यहरूले मेरो ग्राममा वा निगममा सत्कार वा गुरुकार पाउन सक्नेछैनन् । मारिष ! ती अमनुष्यहरू मेरो आलकमन्दा राजधानीमा बस्न पाउने छैनन् । नत ती यक्षहरूको सभामा जान सक्नेछन् । अन्य अमनुष्यहरूले यस्ता सँगसँगै खाने, तथा छोरीबेटी लिनेदिने सम्बन्ध तोड्ने छ । मारिष ! यस्ता अमनुष्यमाथि धेरै परिहास गरिनेछ । मारिष ! यस्ता अमनुष्यलाई खाली भाँडोले टाउको छोपिनेछ । मारिष ! यस्ता अमनुष्यको टाउको सात टुक्रा पारिनेछ ।

## ३. सङ्कटको बेला यक्षसेनापतिहरूलाई आह्वान

"मारिष ! कैयौं अमनुष्यहरू चण्ड, रौद्र र तेजी स्वभावका हुन्छन् । तिनीहरूले न त महाराजलाई मान्दछन्, न त उसका आफ्ना अधिकारीहरूलाई मान्दछन्, *(फेरि)* न त अधिकारीहरूका पनि अधिकारीहरूलाई नै मान्दछन् । मारिष ! ती अमनुष्यहरूलाई महाराजका विद्रोही *(बागी=अवरुद्ध)* भनिन्छ । मारिष ! जस्तोकि *(उदाहरणको निमित्त)* मगध राजाको राज्यमा जुन डाकूहरू हुन्छन्, तिनीहरूले न त राजालाई मान्दछन् न त राजाको अधिकारीलाई मान्दछन्, *(फेरि)* न त अधिकारीहरूको पनि अधिकारीहरूलाई नै मान्दछन् । मारिष ! यस्तै नै कैयौं अमनुष्यहरू चण्ड, रौद्र र तेज स्वभावका हुन्छन् । तिनीहरूले न त महाराजलाई मान्दछन्, न त उसका अधिकारीहरूलाई मान्दछन्, *(फेरि)* न त अधिकारीहरूका पनि अधिकारीहरूलाई नै मान्दछन् । मारिष ! ती अमनुष्यहरूलाई महाराजका विद्रोही भनिन्छ । मारिष ! ती अमनुष्यहरूलाई महाराजले विद्रोही भन्दछन । मारिष ! यदि कोही यस्ता चण्ड, रौद्र अमनुष्य यक्ष, यक्षिणी ··· *(पूर्ववत्)* ··· गन्धर्व, गन्धर्वी ···, कुम्भिण्ड, कुम्भण्डी ··· , नाग, नागिनी, नागको छोरा, नागकी छोरी, नागको महामात्य, नागको परिषद्, नागको सेवकले प्रदुष्ट चित्त राखी भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू गइरहेको वा जाने बेलामा, उभिरहेको वा उभिरहने बेलामा, बसेको वा बसिरहने बेलामा, लेटिरहेको वा उभिरहने बेलामा, पिछा गरे ती यक्ष, महायक्ष, सेनापति तथा महासेनापतिहरूलाई बोलाउनु पर्दछ, चिच्याई बोलाउनु पर्दछ, ठूलो स्वरले पुकार्नु पर्छ ।यो यक्षले मलाई समातिरहेछ, यो यक्ष ममा प्रवेश गर्दैछ, यसले सताइरहेछ, धेरै नै सताई रहेछ, यो यक्षले तर्साउँदै छन्, यो यक्षले धेरै नै तर्साउँदै छ । यो यक्षले छोडिरहेको छैन ।"

९. कुन कुन यक्ष, महायक्ष सेनापति तथा महासेनापतिहरूको नाउँ लिइ पुकार्नु पर्छ –

**"इन्दो, सोमो, वरुणो, भारद्वाजो, पजापति ।**
**चन्दनो, कामसट्ठो, किन्नुघण्डु, निघण्डु च ॥"**

**"पनादो, ओपमञ्ञो, देवसूतो, मातलि ।**
**चित्तसेनो च गन्धब्बो, नलो राजा, जनेसभो ॥"**

**"सातागिरि हेवमतो, पुण्णको करतियो गुलो ।**
**सिवको मुचलिन्दो च, वेस्सामितो युगन्धरो ॥"**

Downloaded from http://www.dhamma.digital

**"गोपालो सुप्परोधो च, हिरि नेत्ति च मन्दियो ।**
**पञ्चालचण्डो आलवको, पज्जुन्नो, सुमनो सुमुखो ।**
**दधिमुखो मणि माणिवरो दीघो अथो सेरीसको सह ।**

*(ती यक्षहरूलाई पालि भाषानुसार बोलाउनु पर्दछ* – अनु. ।*)*

"यी नै यक्ष, महायक्ष सेनापति तथा महासेनापतिहरूलाई बोलाउनु पर्दछ, चिच्याई बोलाउनु पर्दछ, ठूलो स्वरले पुकार्नु पर्छ – 'यो यक्षले मलाई समातिरहेछ, यो यक्ष ममा प्रवेश गर्दैछन, यसले सताइरहेछ, धेरै नै सताइरहेछ, यो यक्षले तर्साउँदै छ, यो यक्षले धेरै नै तर्साउँदैछ । यो यक्षले छोडिरहेको छैन ।'

"मारिष ! यो आटानाटिय रक्षा भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको रक्षाको निमित्त, पीडा नहोस् भन्नाको निमित्त तथा सुखपूर्वक बस्न पाओस् भन्नाको निमित्त हो । मारिष ! हवस् त अब हामीहरू जानेछौ । हामीहरूको धेरै काम छ र धेरै गर्नुपर्ने छ ।"

"महाराज हो ! जस्तो समय तपाईंहरू ठान्नुहुन्छ त्यस्तो गर्नुहोस् ।"

१०. त्यसपछि चतुर्महाराजहरू उठेर भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी त्यहीं नै अन्तर्धान भए । तीमध्ये केही भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी त्यहीं नै अन्तर्धान भए । केही यक्षहरू भगवान्सँग सम्मोदनीय कुशलवार्ता गरी त्यहीं नै अन्तर्धान भए । केही यक्षहरू भगवान्लाई दुवै हातले बिन्ती गरी त्यहीं नै अन्तर्धान भए । कोही यक्षहरू *(आ-आफ्ना)* नाम र गोत्र सुनाई त्यहीं नै अन्तर्धान भए । कोही यक्षहरू चुपचाप त्यहींबाटै अन्तर्धान भए ।

**(प्रथम भाणवार समाप्त ।)**

# ४. शास्ताद्वारा अनुमोदन

११. अनि भगवान्ले त्यो रात बिति सकेपछि भिक्षुहरूलाई आमन्त्रणा गर्नुभयो – "भिक्षु हो ! *(गए)* राती चार महाराजहरू आ-आफ्ना धेरै यक्षसेना, धेरै गन्धर्वसेना, धेरै कुम्भण्डसेना तथा धेरै नागसेना साथ लिई चार दिशामा रक्षकहरू नियुक्त गरी चारै दिशामा योद्धाहरूको टोलीलाई नियुक्त गरेर रात बिति सकेपछि गृधकूट जम्मै आलोकित गरी जहाँ म थिएँ त्यहाँ आए । त्यहाँ आई मलाई अभिवादन गरी एक छेउ बसे । ती यक्षहरूमध्ये कोही मलाई अभिवादन गरी एक छेउ बसे ··· *(पूर्ववत्)* ··· ।

१२. एक छेउ बसेका वैश्रवण महाराजले मलाई यस्तो बिन्ती गरे – "भन्ते ! कोही कोही ठूल ठूला यक्षहरू तपाईं देखि अप्रसन्न छन् । ··· *(पूर्ववत्)* ··· भन्ते ! कोही कोही निम्न यक्षहरू तपाईंदेखि प्रसन्न छन् । भन्ते ! प्रायः ती यक्षहरू तपाईंदेखि अप्रसन्न छन् । त्यो के कारण ? भन्ते ! भगवान्ले प्राणीहिंसाबाट अलग हुने धर्मदेशना गर्नुहुन्छ ··· *(पूर्ववत्)* ··· सुरामेरय मद्य प्रमाद स्थानबाट अलग हुने धर्मदेशना गर्नुहुन्छ । भन्ते ! ती यक्षहरू प्रायः गरी हिंसाबाट अलग छैनन् ··· सुरामेरय मद्य प्रमाद स्थानबाट अलग छैनन् । तिनीहरूलाई यो अप्रिय छ, अमनाप पनि छ । भन्ते ! भगवान्का श्रावकहरू भने मानिसको भीडभाड नभएका, धेरै कोलाहल नभएका, निःशब्द स्थानमा, मानिसको वासस्थानदेखि

Downloaded from http://www.dhamma.digital

टाढा, मानिसको आवागमन नभएको ठाउँ, जनाकीर्ण नभएको ठाउँ, गम्भीर विचार गर्न र चित्त एकाग्र गर्न लायक अरण्य *(जंगल)* मा, वनमा, पर्वतमा, पर्णशालामा रूखका पातहरू ओच्छ्याइ बस्नुहुन्थे, त्यहाँ ठूलठूला यक्षहरू पनि निवास गर्दछन्, यसैले तिनीहरू भगवान्‌को प्रवचनबाट अप्रसन्न भइरहेछन् । भन्ते ! भगवान्‌ले भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको रक्षाको निमित्त, पीडा नहोस् भन्नाको निमित्त, सुखपूर्वक विहारको निमित्त, तिनीहरूको प्रसन्नताको निमित्त 'आटानाटिय रक्षा *(बन्धन)*' उपदेश गर्नुहोस् । भिक्षु हो ! मैले मौनभावले स्वीकार गरें । भिक्षु हो ! अनि वैश्रवण महाराजले मैले मौनभावले स्वीकार गरेको जानी त्यस बेला 'आटानाटिय रक्षा' भने –

"चक्षुष्मान्, श्रीमान् विपश्यी *(बुद्ध)* लाई नमस्कार छ, सकल भूत प्राणीहरूप्रति अनुकम्पा राख्नुहुने सिखी बुद्धलाई नमस्कार छ ।"

"स्नातक तपस्वी विश्वभू ···[700]चुपचाप त्यहींबाट नै अन्तर्धान भएं ।"

२१ "भिक्षु हो ! आटानाटिय रक्षा *(मन्त्र)* पढ् । भिक्षु हो ! आटानाटिय रक्षा परिपूर्ण गर *(ग्रहण गर)* । भिक्षु हो ! आटानाटिय रक्षा धारण गर । भिक्षु हो ! आटानाटिय रक्षालाई भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको रक्षा, अपीडा, अविहिंसा र सुखपूर्वक विहारको निमित्त सार्थक छ ।

भगवान्‌ले यति भन्नुभयो ! सन्तुष्ट भएका ती भिक्षुहरूले भगवान्‌को भाषणलाई अभिनन्दन गरें ।

**आटानाटिय-सुत्त समाप्त ।**

Dhamma.Digital

---

७०० यहाँका बाँकी गाथा र कथा पारा नं. १३ देखि २० सम्म माथिका लागि पारा नं. ३ देखि १० अर्थात् प्रथम भाणवार सम्म अर्थात् पृ. ४९९ देखि पृ. ५०४ सम्मको पुन: आवृत्ति गरी पढ्नुपर्छ ।

Downloaded from http://www.dhamma.digital

# १०. सङ्गीति–सुत्त

## (सङ्गीतिसूत्र)

## मेलमिलाप गरी पढ्नु पर्ने धर्महरू

## १. सारिपुत्र स्थविरको धर्मोपदेश

१. यस्तो मैले सुनें । एक समय भगवान् पाँचशय महान भिक्षुसङ्घका साथ मल्लमा चारिका गर्नुहुँदै जहाँ मल्लहरूको 'पावा' नगर हो त्यहाँ पुग्नुभयो र चुन्द कर्मारपुत्रको आम्रवनमा बस्नुभयो ।

२. त्यसबखत पावावासी मल्लहरूको 'उब्भतक' भन्ने नयाँ संस्थागार[७०१] भर्खरै तयार भएको थियो र जसमा कुनै श्रमण वा ब्राह्मण अथवा कुनै मनुष्यले बास गरेको थिएन । अनि पावावासी मल्लहरूले पाँचशय महान भिक्षुसङ्घका साथ भगवान् पावामा आइपुग्नुभई चुन्द कर्मारपुत्रको आम्रवनमा बसिरहनुभएको छ भन्ने खबर सुने । अनि पावावासी मल्लहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका पावावासी मल्लहरूले भगवान्सँग यस्तो बिन्तीगरे – "भन्ते ! पावावासी मल्लहरूको नयाँ संस्थागार तयार भएको छ । कुनै श्रमण वा ब्राह्मण अथवा कुनै मनुष्यले त्यसको परिभोग गरेको छैन । भगवान्ले पहिलो पटक परिभोग गर्नु भए बेश हुने थियो । भगवान्ले परिभोग गरिसकेपछि पावावासी मल्लहरूले परिभोग गर्नेछन् । यसबाट पावावासी मल्लहरूको निमित्त दीर्घकालिक हितसुख हुनेछ ।" भगवान्ले मौनद्वारा स्वीकार गर्नुभयो ।

३. भगवानले स्वीकार गर्नुभएको कुरा बुझी पावावासी मल्लहरू आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी जहाँ संस्थागार हो त्यहाँ गए । त्यहाँ पुगेपछि संस्थागारमा आसनहरू बिच्छ्याई भगवान्को लागि पनि आसन बिच्छ्याई पानीको घडा राखी तेलको बत्ती राखी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिएका उनीहरूले भगवान्सँग यस्तो बिन्ती गरे – "भन्ते ! संस्थागारमा आसनहरू बिच्छ्याइसके । भगवान्को लागि पनि आसन बिच्छ्याइ सकिएको छ । पानीको घडा र तेलको बत्ती पनि राखिसकेको छ । अब भगवान्ले जस्तो उचित सम्झनुहुन्छ ।"

४. अनि चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भगवान् भिक्षुसङ्घका साथ संस्थागारमा जानुभयो । अनि पाउ धोई संस्थागारभित्र जानुभई बीचको स्तम्भमा आड लिई पूर्वाभिमुख गरी उहाँ बस्नुभयो । भिक्षुसङ्घ पनि पाउ धोई संस्थागारभित्र पसी पश्चीमको भित्तामा अडेस लिई पूर्वाभिमुख गरी भगवान्लाई अगाडि पारी बसे । पावावासी मल्लहरू पनि खुट्टा धोई संस्थागारभित्र गई पूर्वतिरको भित्तामा अडेसलिई पश्चिमाभिमुख गरी भगवान्लाई अगाडि पारी बसे । अनि भगवान्ले पावावासी मल्लहरूलाई रातको

---

७०१ नगरको बीचमा बनाइराखेका आवास-गृह अथवा सांसद्र भवन ।

Downloaded from http://www.dhamma.digital

धेरैबेरसम्म धार्मिक कथाद्वारा सन्दर्शित समादपित समुत्तेजित तथा सम्प्रहर्षित पार्नु भई – "वासेट्ठ हो ! रात बितिसक्यो । अब तिमीहरू समय जान" भनी उनीहरूलाई बिदा दिनुभयो । "हवस्, भन्ते !" भनी भगवान्लाई प्रत्युत्तर दिई पावावासी मल्लहरू आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी गए ।

५. अनि पावावासी मल्लहरू गएको केहीछिन पछि चुपलागेर बसिरहेका भिक्षुहरूलाई हेरेर भगवान्ले आयुष्मान् सारिपुत्रलाई यसो भन्नुभयो – "सारिपुत्र ! भिक्षुसङ्घ निरालसी छन् । सारिपुत्र ! भिक्षुसङ्घलाई धर्मदेशना गर । मेरो पिठ्यूँ दुख्छ । अतः म आराम गर्न चाहन्छु ।" "हवस, भन्ते !" भनी आयुष्मान् सारिपुत्रले भगवान्लाई प्रत्युत्तर दिनुभयो । अनि भगवान् चार दोबरी सङ्घाटि पटचाई दाहिनेतिरबाट सिंहशय्या गरी खुट्टामाथि खुट्टा राखी स्मृति थातमा राखी उठ्ने संज्ञा मनमा लिई लेट्नुभयो ।

## २. निगण्ठहरूका बीच फूट

६. त्यस समय पावामा भर्खरै मात्र निगण्ठ-नाटपुत्रको मृत्यु भएको थियो । उनको मृत्यु पछि निगण्ठहरूका बीच फूट भएर वचनतीरले प्रहार गर्दै बस्दथे – "तिमी यो धर्मविनय जान्दैनौ ...[७०२] यदि सक्छौ भने मेरो कुराको जवाफ देओ ।" निगण्ठ-नाटपुत्रका शिष्यहरूका बीच परस्पर बध नै भईरहेको जस्तो लाग्यो । ...

७. अनि आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो–"आवुसो ! निगण्ठ-नाटपुत्रको हालै मात्र पावामा देहान्त भयो । उनको देहान्तपछि निगण्ठहरूको बीच ... भत्केको स्तूप जस्तै फूट भयो ।

## ३. सबै मिलेर पढ्नुपर्छ

"आवुसो ! दुराख्यात, दुष्प्रवेदित, अनैर्याणिक, अन्-उपशम-संवर्तनिक तथा असम्यक्सम्बुद्ध प्रवेदित धर्मविनयमा यस्तै हुन्छ । आवुसो ! हाम्रो भगवान्को यो धर्म सु-आख्यात, सुप्रवेदित, नैर्याणिक, उपशम-संवर्तनिक तथा सम्यक्सम्बुद्ध प्रवेदित छ । त्यसैले सबै मिलेर त्यसलाई पढ्नुपर्छ *(सङ्गायितब्बं)* विवाद गर्नु हुन्न । जस्तो गर्दा यो ब्रह्मचर्य *(धर्म)* दीर्घकालसम्म चिरस्थायी हुन्छ त्यस्तो गर्नुपर्छ । जसले गर्दा बहुजनको हित, बहुजनको सुख, लोकानुकम्पा तथा देवमनुष्यहरूको पनि हित सुख हुनेछ । आवुसो ! भगवानको त्यो सु-आख्यात ... धर्म कस्तो हो त जसद्वारा देवमनुष्यहरूको पनि हित सुख हुन्छ ?"

### एउटा धर्म

८. "आवुसो ! जान्नुभएका देख्नुभएका उहाँ भगवान् अरहन्त सम्यक्सम्बुद्धले राम्ररी बताउनुभएको एउटा धर्म छ । त्यहाँ सबै मिलजुल भएर पढ्नुपर्छ विवाद गर्नु हुन्न । जस्तो गर्दा

---

७०२ यहाँको बाँकी कुराहरू माथि पृ. ४४९ मा हेर्नु होला ।

Downloaded from http://www.dhamma.digital

ब्रह्मचर्य *(धर्म)* दीर्घकालिक चिरस्थायी हुन्छ त्यस्तो गर्नुपर्छ । जसद्वारा बहुजन हित, बहुजन सुख, लोकानुकम्पा तथा देवमनुष्यहरूको पनि हित सुख हुने छ । कुन एउटा धर्म हो ?"

"(१) सबै सत्त्वहरू आहारद्वारा[७०३] रहन्छन्; (२) सबै सत्त्वहरू संस्कारद्वारा रहन्छन् ।"

"आवुसो ! ··· उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· बताउनुभएको एउटा धर्म यही हो ।"

## दुईवटा धर्महरू

९. "आवुसो ! ··· उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· दुईवटा धर्महरू बताउनुभएको छ । ··· कुन दुईवटा धर्महरू हुन् ?"

"(१) नाम र रूप । (२) अविद्या र भवतृष्णा *(आवागमनको इच्छा)* । (३) भवदृष्टि *(निल्यता)* र विभवदृष्टि *(उच्छेद)* । (४) अलज्जा र अनौतप्त । (५) लज्जा र औतप्त *(संकोच)* । (६) दुर्वाच्यता र पापमित्रता । (७) सुवाच्यता र कल्याणमित्रता । (८) आपत्ति *(दोष)* कुशलता र आपत्तिबुट्ठान *(दोषबाट चित्तलाई हठाउने)* कुशलता । (९) समापत्ति कुशलता र समापत्तिबुट्ठान कुशलता । (१०) धातु कुशलता र मनस्कार कुशलता । (११) आयतन कुशलता र प्रतीत्यसमुत्पाद कुशलता । (१२) स्थान कुशलता र अस्थान कुशलता । (१३) ऋजुभाव र लज्जाभाव । (१४) शान्ति र शीलवान् । (१५) दोषरहित कुरा र कुशलवार्ता । (१६) करुणा र मैत्री । (१७) विस्मृति र अज्ञान । (१८) स्मृति र ज्ञान । (१९) इन्द्रियमा मात्रज्ञता र भोजनमा अमात्रज्ञता । (२०) इन्द्रियमा संयमता भोजनमा मात्रज्ञता । (२१) प्रज्ञाबल र भावनाबल । (२२) स्मृतिबल र समाधिबल । (२३) समथ र विपश्यना । (२४) समथनिमित्त र ग्रहणनिमित्त । (२५) ग्रहण र अविक्षेप । (२६) शीलविपत्ति *(सिद्धान्त दोष)* र दृष्टिविपत्ति *(आचार दोष)* । (२७) शीलसम्पदा र दृष्टिसम्पदा । (२८) शीलविशुद्धि र दृष्टिविशुद्धि । (२९) ज्ञानदर्शन र ज्ञानदर्शनको निमित्त वीर्य *(निरन्तर अभ्यास)* । (३०) संवेग र संवेगनीय स्थानमा संवेगी हुनको निमित्त ज्ञानपूर्वक वीर्य । (३१) असन्तुष्टिता र कुशलधर्मबाट नफर्कने वीर्य । (३२) विद्या र विमुक्ति । (३३) क्लेश क्षय गर्ने ज्ञान र उत्पन्न नहुने ज्ञान ।"

"आवुसो ! ···उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· बताउनुभएका दुईवटा धर्महरू यी नै हुन् ।"

## तीनवटा धर्महरू

१०. "आवुसो ! ···उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· तीनवटा धर्महरू बताउनुभएको छ । ··· कुन तीनवटा धर्महरू हुन् ?"

(१) "**तीन अकुशल मूलहरू** – लोभ अकुशलको मूल हो, द्वेष अकुशलको मूल हो र मोह अकुशलको मूल हो ।"

---

७०३ 'आहार' भन्नाले केवल एक एक गाँस गरी खाने आहारलाई मात्र भनिएको होइन । अपितु हेतु वा प्रत्ययलाई पनि आहार भनिएको हो भन्ने कुरा बुझ्न सक्नुपर्छ । दी. नि. अ. क. II पृ. ७११ : सङ्गीतिसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

(२) "**तीन कुशल मूलहरू** – अलोभ कुशलको मूल हो, अद्वेष कुशलको मूल हो र अमोह कुशलको मूल हो ।"

(३) "**तीन दुश्चरितहरू** – काय दुश्चरित, वची दुश्चरित र मनः दुश्चरित ।"

(४) "**तीन सुचरितहरू** – काय सुचरित, वची सुचरित र मनः सुचरित ।"

(५) "**तीन अकुशल वितर्कहरू** – कामवितर्क, व्यापादवितर्क र विहिंसावितर्क ।"

(६) "**तीन कुशल वितर्कहरू** – नैष्कम्यवितर्क, अव्यापादवितर्क र अविहिंसावितर्क ।"

(७) "**तीन अकुशल संकल्पहरू** – कामसंकल्प, व्यापादसंकल्प र विहिंसासंकल्प ।"

(८) "**तीन कुशल संकल्पहरू** – नैष्कम्यसंकल्प, अव्यापादसंकल्प र अविहिंसासंकल्प ।"

(९) "**तीन अकुशल संज्ञाहरू** – कामसंज्ञा, व्यापादसंज्ञा र विहिंसासंज्ञा ।"

(१०) "**तीन कुशल संज्ञाहरू** – नैष्कम्यसंज्ञा, अव्यापादसंज्ञा र अविहिंसासंज्ञा ।"

(११) "**तीन अकुशल धातुहरू** – कामधातु, व्यापादधातु र विहिंसाधातु ।"

(१२) "**तीन कुशल धातुहरू** – नैष्कम्यधातु, अव्यापादधातु र अविहिंसाधातु ।"

(१३) "**अर्का पनि तीन धातुहरू** *(लोक)* – कामधातु, रूपधातु र अरूपधातु ।"

(१४) "**अर्का पनि तीन धातुहरू** – रूपधातु, अरूपधातु र निरोध धातु ।"

(१५) "**अर्का पनि तीन धातुहरू** – हीनधातु, मध्यमधातु र उत्तम *(प्रणीत)* धातु ।"

(१६) "**तीन तृष्णाहरू** – कामतृष्णा, भवतृष्णा र विभवतृष्णा ।"

(१७) "**अर्का पनि तीन तृष्णाहरू** – कामतृष्णा, रूपतृष्णा र अरूपतृष्णा ।"

(१८) "**अर्का पनि तीन धातुहरू** – रूपतृष्णा, अरूपतृष्णा र निरोधतृष्णा ।"

(१९) "**तीन संयोजन** *(बन्धन)* **हरू** – सत्कायदृष्टि, विचिकित्सा *(सन्देह)* र शीलव्रतपरामर्श ।"

(२०) "**तीन आस्रवहरू** – कामास्रव, भवास्रव र अविद्यास्रव ।"

(२१) "**तीन भव** *(आवागमन)* **हरू** – कामभव, रूपभव र अरूपभव ।"

(२२) "**तीन एषणा** *(खोज)* **हरू** – कामएषणा *(कामैषणा)*, भवएषणा र ब्रह्मचर्यएषणा ।"

(२३) "**तीन मानहरू** – श्रेष्ठ छु भन्ने मान, ऊ समान भन्ने मान र हीन छु भन्ने मान ।"

(२४) "**तीन काल** *(समय)* **हरू** – अतीतकाल, अनागतकाल र प्रत्युत्पन्नकाल ।"

(२५) "**तीन अन्तहरू** – सत्कायअन्त, सत्कायसमुदय अन्त र सत्कायनिरोध अन्त ।"

(२६) "**तीन वेदनाहरू** – सुखवेदना, दुःखवेदना र अदुःख-असुखवेदना ।"

(२७) "**तीन दुःखहरू** – दुःख दुःखता, संस्कार दुःखता र विपरिणाम दुःखता ।"

(२८) "**तीन राशिहरू** – निश्चिन्त *(नियत=दमन गरीसकेको)* मिथ्यात्वको राशि, निश्चिन्त सम्यक्त्वको राशि र अनिश्चिततताको राशि ।"

Downloaded from http://www.dhamma.digital

(२९) **"तीन तम *(शंका सन्देह)* हरू** – अतीतकालको बारेमा शंका सन्देह गर्छ त्यसबाट मुक्त हुन्न, प्रसन्न हुन्न; अनागतकालको बारेमा शंकासन्देह गर्छ त्यसबाट मुक्त हुन्न, प्रसन्न हुन्न र वर्तमानकालको बारेमा शंकासन्देह गर्छ त्यसबाट मुक्त हुन्न र प्रसन्न हुन्न।"

(३०) **"तीन ठाउँमा तथागतले रक्षा गर्नु पर्दैन** – आवुसो ! तथागतको कायसमाचार परिशुद्ध छ। तथागतको कायदुश्चरित छैन जो कि 'यो कुरा अरूले थाहा नपाउन्' भनी तथागतले रक्षागर्नु परोस्। आवुसो ! तथागतको वचीसमाचार परिशुद्ध छ। तथागतको वचीदुश्चरित छैन जो कि 'यो कुरा अरूले थाहा नपाउन्' भनी तथागतले रक्षा गर्नु परोस्। आवुसो ! तथागतको मनः समाचार परिशुद्ध छ। तथागतको मनः दुश्चरित छैन जो कि 'यो कुरा अरूले थाहा नपाउन्' भनी तथागतले रक्षा गर्नु परोस्।"

(३१) **"तीन प्रपञ्च *(किञ्चन)* हरू** – राग-प्रपञ्च, द्वेष-प्रपञ्च र मोह-प्रपञ्च।"

(३२) **"तीन अग्निहरू** – राग-अग्नि, द्वेष-अग्नि र मोह-अग्नि।"

(३३) **"अरू पनि तीन अग्निहरू** – आहुनेय्य-अग्नि, गृहपति-अग्नि र दक्षिणेय्य-अग्नि।"

(३४) **"तीनप्रकारले रूपसंग्रह** – सनिदर्शन प्रतिघ *(स्वविज्ञानरहित दर्शन)* दर्शन रूप, अनिदर्शन सप्रतिघ *(स्वविज्ञानरहित दर्शन)* रूप र अनिदर्शन अप्रतिघ *(स्वविज्ञानरहित दर्शनप्रतिघरहित)* रूप।"

(३५) **"तीन संस्कारहरू** – पुण्याभिसंस्कार, अपुण्याभिसंस्कार र आनेञ्जाभिसंस्कार।"

(३६) **"तीन पुद्गल *(व्यक्ति)* हरू** – शैक्षपुद्गल, अशैक्षपुद्गल र न शैक्ष न अशैक्ष *(नैवशैक्ष्यनाशैक्ष्य)* पुद्गल।"

(३७) **"तीन स्थविर *(वृद्ध)* हरू** – जातिस्थविर, धर्मस्थविर र सम्मतिस्थविर।"

(३८) **"तीन पुण्यक्रिया वस्तुहरू** – दानमय पुण्यक्रिया वस्तु, शीलमय पुण्यक्रिया वस्तु र भावनामय पुण्यक्रिया वस्तु।"

(३९) **"तीन दोषारोपण *(चोदना)* हरू** – देखेर, सुनेर, तथा शंकाले।"

(४०) **"तीन काम *(विषय वासना)* उत्पत्तिहरू** – आवुसो ! यहाँ सत्त्वहरू कामविषय भएका हुन्छन् र कामविषय उत्पन्न भएपछि उनीहरू त्यसैको वशमा बस्छन्। जस्तै – कुनै कुनै मनुष्यहरू तथा केही देवताहरू, केही विनीपातीहरू। यो पहिलो कामउत्पत्ति हो। आवुसो ! यहाँ कामविषय निर्मित गर्ने सत्त्वहरू पनि छन्। उनीहरू कामविषयहरू निर्मित गरी त्यसको वशमा बस्छन्। जस्तै – निर्माणरति देवताहरू। यो दोस्रो कामउत्पत्ति हो। आवुसो ! यहाँ अर्काले निर्मित गरेको कामविषय पनि छ। उनीहरू अर्काले निर्मित कामविषयलाई बशमा पार्छन्। जस्तै – परनिर्मित वशवर्ति देवता। यो तेस्रो कामउत्पत्ति हो।"

(४१) **"तीन सुख उत्पत्तिहरू** – आवुसो ! यहाँ सत्त्वहरू उत्पन्न गरी गरी सुखपूर्वक बस्छन्। जस्तै – ब्रह्मकायिक देवता। यो पहिलो सुखउत्पत्ति हो। आवुसो ! यहाँ सुख भरिपूर्ण सत्त्वहरू छन्। उनीहरूले कहिले काहिं 'अहो सुख ! अहो सुख !' भनी उदान प्रकट गर्छन्। जस्तै – आभास्वर देवता। यो दोस्रो सुखउत्पत्ति हो। आवुसो ! यहाँ सुख परिपूर्ण सत्त्वहरू छन्। उनीहरू प्रणीत सुखमा सन्तुष्ट भई सुखानुभव गर्छन्। जस्तै – सुभकृत्स्न देवता। यो तेस्रो सुख उत्पत्ति हो।"

(४२) **"तीन प्रज्ञाहरू** – शैक्षप्रज्ञा, अशैक्षप्रज्ञा र न शैक्ष न अशैक्ष *(नैवशैक्ष्यनाशैक्ष्य)* प्रज्ञा।"

(४३) **"अर्कौ पनि तीन प्रज्ञाहरू** – चिन्तामयीप्रज्ञा, श्रुतमयीप्रज्ञा र भावनामयीप्रज्ञा।"

Downloaded from http://www.dhamma.digital

(४४) "**तीन आयुधहरू** – श्रुतआयुध, प्रविवेकआयुध र प्रज्ञाआयुध ।"

(४५) "**तीन इन्द्रियहरू** – अनज्ञातज्ञातस्यामिन्द्रिय[७०४] *(पहिले नजानेकोलाई जान्नेछु भन्ने इन्द्रिय)*, अज्ञिन्द्रिय[७०५] *(जानेको इन्द्रिय)* र अज्ञातावीन्द्रिय[७०६] *(जानिसकेको इन्द्रिय)* । "

(४६) "**तीन चक्षुहरू** – मांसचक्षु, दिव्यचक्षु र प्रज्ञाचक्षु ।"

(४७) "**तीन शिक्षाहरू** – अधिशील *(शीलविषयक)* शिक्षा[७०७], अधिचित्तशिक्षा[७०८] र अधिप्रज्ञाशिक्षा[७०९] ।"

(४८) "**तीन भावनाहरू** – कायभावना, चित्तभावना र प्रज्ञाभावना ।"

(४९) "**तीन अनुत्तरीयहरू** – दर्शनानुत्तरीय, प्रतिपदानुत्तरीय र विमुक्तानुत्तरीय ।"

(५०) "**तीन समाधिहरू** – सवितर्क सविचार समाधि, अवितर्क विचार मात्र समाधि र अवितर्क अविचार समाधि ।"

(५१) "**अर्का पनि तीन समाधिहरू** – शून्यतासमाधि, अनिमित्तसमाधि र अप्रणिहितसमाधि ।"

(५२) "**तीन सुचरितता** – कायसुचरितता, वचीसुचरितता र मनःसुचरितता ।"

(५३) "**तीन मौनता** – कायमौनता, वचीमौनता र मनः मौनता ।"

(५४) "**तीन कुशलता** – आयकुशलता, अपायकुशलता र उपायकुशलता । "

(५५) "**तीन मदहरू** – आरोग्यमद, यौवनमद र जीवितमद ।"

(५६) "**तीन आधिपत्य *(स्वामित्व)* हरू** – आत्माधिपत्य, लोकाधिपत्य र धर्माधिपत्य ।"

(५७) "**तीन कथावस्तुहरू** – 'अतीत समयमा यस्तो भएको थिएँ' भनी अतीत समयको बारेमा कुरा गर्छ, 'भविष्यमा यस्तो हुनेछु' भनी भविष्यको बारेमा कुरा गर्छ र 'वर्तमान समयमा यस्तो छु' भनी वर्तमान् समयको बारेमा कुरा गर्छ ।"

(५८) "**तीन विद्याहरू** – पूर्वेनिवासानुस्मृतिज्ञान विद्या; सत्त्वहरूको च्युति उत्पत्तिज्ञान विद्या र आस्रवक्षय ज्ञानविद्या ।"

(५९) "**तीन विहारहरू** – दिव्यविहार, ब्रह्मविहार र आर्यविहार ।"

(६०) "**तीन प्रातिहार्य *(चमत्कार)* हरू** – ऋद्धिप्रतिहार्य, आदेशनाप्रातिहार्य र अनुशासनीय प्रातिहार्य ।"

" आवुसो ! ··· उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· बताउनुभएका तीनवटा धर्महरू यी नै हुन् ।"

---

७०४ स्रोतापत्ति मार्गज्ञानलाई 'अनज्ञातस्यामिन्द्रिय' भनिएको हो ।

७०५ स्रोतापत्तिफलज्ञानलाई 'अज्ञिन्द्रिय' भनिएको हो ।

७०६ अरहत्फल ज्ञानलाई 'अज्ञातावीन्द्रिय' भनिएको हो ।

७०७ प्रातिमोक्ष संवरशीललाई 'अधिशील शिक्षा' भनिएको हो ।

७०८ अष्टसमापत्तिचित्त अथवा विपश्यनाध्यान मूलकलाई 'अधिचित्त शिक्षा' भनिएको हो ।

७०९ विपश्यना प्रज्ञालाई 'अधिप्रज्ञा शिक्षा' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

## चार धर्महरू

११. "आवुसो ! ... उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ... चारवटा धर्महरू बताउनुभएको छ । ... कुन चारवटा धर्महरू हुन् ? "

(१) "**चार सतिपट्ठानहरू** – आवुसो ! यहाँ भिक्षु कायमा ... कायानुपश्यी भई विहार गर्छ । वेदनामा ... वेदनानुपश्यी भई विहार गर्छ । चित्तमा ... चित्तानुपश्यी भई विहार गर्छ । धर्ममा ... धर्मानुपश्यी भई विहार गर्छ ।"

(२) "**चार सम्यक्प्रधानहरू** – आवुसो ! यहाँ उत्पन्न नभएको पापक अकुशल धर्मलाई उत्पन्न हुन नदिन कोशिश गर्छ । उत्पन्न भएको पापक अकुशल धर्मलाई हटाउनको निमित्त कोशिश गर्छ । उत्पन्न नभएको कुशल धर्मलाई उत्पन्न गराउनको निमित्त कोशिश गर्छ । उत्पन्न भएको कुशल धर्मलाई स्थिर राख्नको निमित्त कोशिश गर्छ ।"

(३) "**चार ऋद्धिपादहरू** – आवुसो ! यहाँ भिक्षु छन्दसमाधि प्रधानसंस्कारयुक्त भई ऋद्धिपाद भाविता गर्छ । ... चित्तसमाधि प्रधानसंस्कारयुक्त भई ... वीर्यसमाधि प्रधानसंस्कारयुक्त ... र विमर्शन *(मीमांसा)* समाधि प्रधानसंस्कारयुक्त भई ऋद्धिपाद भाविता गर्छ ।"

(४) "**चार ध्यानहरू** – आवुसो ! यहाँ भिक्षु कामविषयलाई त्यागी ... प्रथमध्यान प्राप्त गरी बस्छ; वितर्क विचारलाई शान्त गरी ... द्वितीयध्यान प्राप्त गरी बस्छ; प्रीतिलाई पनि त्यागी ... तृतीयध्यान प्राप्त गरी बस्छ तथा सुख दुःखलाई त्यागी ... चतुर्थध्यान प्राप्त गरी बस्छ ।"

(५) "**चार समाधिभावनाहरू** – (१) आवुसो ! त्यस्तो समाधिभावना छ जसको अभिवृद्धि गर्दा यसै जीवनमा सुख हुन्छ । (२) आवुसो ! त्यस्तो समाधिभावना छ जसको अभिवृद्धि गर्दा ज्ञानदर्शन प्रतिलाभ हुन्छ । (३) आवुसो ! त्यस्तो समाधिभावना छ जसको अभिवृद्धि गर्दा स्मृति सम्प्रजन्यता लाभ हुन्छ तथा (४) आवुसो ! त्यस्तो समाधिभावना पनि छ जसको अभिवृद्धि गर्दा आस्रवक्षय प्राप्त हुन्छ ।"

"(क) आवुसो ! कुनचाहिं समाधिभावना भावित बहुलिकृत गर्दा यसै जीवनमा सुख हुन्छ ? आवुसो ! ... प्रथमध्यान, ... द्वितीयध्यान ... तृतीयध्यान ... तथा चतुर्थध्यानमा बस्छ । आवुसो ! यसै समाधिभावनालाई भावित बहुलिकृत गर्दा यसै जीवनमा सुख हुन्छ ।"

"(ख) आवुसो ! कुनचाहिं समाधिभावना भावित बहुलिकृत गर्दा यसै जीवनमा ज्ञानदर्शन लाभ हुन्छ ? आवुसो ! यहाँ भिक्षु आलोकसंज्ञा मनस्कार गर्छ; दिवासंज्ञालाई अधिष्ठान गर्छ । जस्तो दिन हो त्यस्तै रात । जस्तो रात हो त्यस्तै दिन । यसरी नढाकिएको विवृत्त भएको चित्तले प्रभाससहित चित्तलाई भाविता गर्छ । आवुसो ! यही समाधिभावना भावित बहुलिकृत गर्दा ज्ञानदर्शन लाभ हुन्छ ।"

"(ग) आवुसो ! कुनचाहिं समाधिभावना भावित बहुलिकृत गर्दा स्मृति सम्प्रजन्यता प्राप्त हुन्छ ? आवुसो ! यहाँ भिक्षुको ज्ञानसहितको वेदना उत्पन्न हुन्छ; ज्ञानसहितको वेदना उपस्थित रहन्छ र ज्ञानसहितको वेदना विलिन हुन्छ । ज्ञानसहितको संज्ञा ... ज्ञानसहितको वितर्क ... विलिन हुन्छ । आवुसो ! यही समाधी भावना भावित बहुलिकृत गर्दा स्मृति सम्प्रजन्यता प्राप्त हुन्छ ।"

"(घ) आवुसो ! कुनचाहिं समाधि भावना भावित बहुलिकृत गर्दा आस्रवक्षय प्राप्त हुन्छ ? आवुसो ! यहाँ भिक्षु पञ्चउपादानस्कन्धमाथि उदयव्यय दृष्टिले हेरेर बस्छ । यो रूप हो, यो रूपको

Downloaded from http://www.dhamma.digital

समुदय हो तथा यो रूपको विनाश हो । वेदना हो, ··· यो संज्ञा हो ··· यो संस्कार हो, ··· यो विज्ञान हो ···। आवुसो ! यही समाधि भावना भावित बहुलिकृत गर्दा आस्रवक्षय प्राप्त हुन्छ ।"

(६) **"चार अप्रमण्य** ***(सीमारहित)*** – आवुसो ! यहाँ भिक्षु मैत्रीयुक्तचित्तलाई राखि एक दिशामा फैलाई बस्छ ···[७१०] ।"

(७) **"चार अरूपय** – आवुसो ! यहाँ भिक्षु सर्वतोरूपसंज्ञालाई अतिक्रमण गरी प्रतिघसंज्ञालाई अन्त गरी ··· [७११] बस्छ ।"

(८) **"चार सहाराहरू** ***(अपस्सेनानि)*** – आवुसो ! यहाँ भिक्षु संख्यान गरी *(सोच विचार गरी जानेर)* कुनै एकलाई सेवन गर्छ, संख्यान गरी कुनै एकलाई स्वीकार्छ, संख्यान गरी कुनै एकलाई अस्वीकार्छ र अख्यान गरी कुनै एकलाई हटाउँछ ।"

१४. (९) **"चार आर्यवंशहरू** – (क) आवुसो ! यहाँ भिक्षु कुनै प्रकारको चीवरद्वारा सन्तुष्ट हुन्छ । कुनै प्रकारको चीवरद्वारा सन्तुष्ट हुने कुराको वर्णवादी हुन्छ । चीवरको कारणमा कुनै प्रकारको अनुपयुक्त काम गर्दैन । चीवर पाइन भनेर आत्तिन्न । चीवर पाएँ भनेर लोभ गर्दैन ··· बल्की दुष्परिणामदर्शी भई परिभोग गर्छ । त्यस प्रकारको कुनै चीवरद्वारा सन्तुष्ट हुनेबाट न आफूलाई ठूलो ठान्दछ न अर्कालाई नीच ठान्छ । जो त्यहाँ दक्ष निरालसी सम्प्रज्ञानी तथा स्मृतिवान् हुन्छ उसैलाई 'पुरानो अग्र आर्यवंशमा बस्ने भिक्षु' भनी भन्दछन् ।"

"(ख) आवुसो ! फेरि कुनै प्रकारको भोजनद्वारा सन्तुष्ट हुन्छ । कुनै प्रकारको भोजनद्वारा सन्तुष्ट हुने कुराको वर्णवादी हुन्छ । भोजनको कारणमा कुनै अनुपयुक्त काम गर्दैन । भोजन लाभ भएन भनेर आत्तिन्न । लाभ भयो भनेर त्यसमा लोभ गर्दैन बल्की दुष्परिणामदर्शी भई सेवन गर्छ । त्यस प्रकारको कुनै भोजनद्वारा सन्तुष्ट हुनेबाट आफूलाई ठूलो ठान्दछ न अर्कालाई नीच ठान्छ । जो त्यहाँ दक्ष ··· हुन्छ त्यसैलाई 'पुरानो अग्र आर्यवंशमा बस्ने भिक्षु' भनी भन्दछन् ।"

"(ग) आवुसो ! फेरि कुनै प्रकारको शयनासनद्वारा सन्तुष्ट हुन्छ । कुनै प्रकारको शयनासनद्वारा सन्तुष्ट हुने कुराको वर्णवादी हुन्छ । शयनासनको कारणमा कुनै अनुपयुक्त काम गर्दैन । शयनासन प्राप्त भएन भनेर आत्तिन्न । प्राप्त भयो भनेर त्यसमा लोभ गर्दैन बल्की दुष्परिणामदर्शी भई सेवन गर्छ । त्यस प्रकारको कुनै शयनासनद्वारा सन्तुष्ट हुनेबाट न आफुलाई ठूलो ठान्दछ न अर्कालाई नीच ठान्छ । जो त्यहाँ दक्ष ··· हुन्छ त्यसैलाई 'पुरानो अग्र आर्यवंशमा बस्ने भिक्षु' भनी भन्दछन् ।"

"(घ) आवुसो ! फेरि भिक्षु प्रहाणमा *(त्यागमा)* मन लगाई प्रहाणमा अभिरमण गर्छ । भावनामा मन लगाई भावनामा अभिरमण गर्छ । यसरी प्रहाणमा मन लगाई यसरी भावनामा मन लगाई त्यसबाट न आफूलाई ठूलो ठान्दछ न अर्कालाई नीच ठान्छ । जो त्यहाँ दक्ष हुन्छ त्यसैलाई 'पुरानो अग्र आर्यवंशमा बस्ने भिक्षु' भनी भन्दछन् ।"

१५. (१०) **"चार प्रधानहरू** ***(अभ्यास)*** – संवरप्रधान, प्रहाण *(त्याग)* प्रधान, भावनाप्रधान तथा अनुरक्षणाप्रधान ।"

"(क) आवुसो ! संवरप्रधान भनेको कस्तो हो ? यहाँ भिक्षु चक्षुले रूप हेरी ··· चक्षुरिन्द्रिय बशमा राख्छ । स्रोतले शब्द सुनी ··· घ्राणले गन्ध सुँधी ··· जिह्वाले रसास्वाद चाखी ··· कायले स्पर्श गरी

---

७१० यहाँका बाँकी माथि पृ. १८५ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नुहोला ।

७११ यहाँका बाँकी कुराहरू तथा चार अरूपध्यानको सम्बन्धमा माथि पृ. २२८ अनुच्छेद ३५ को (४) देखि (७) सम्म मा उल्लेख भए झैं पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

मनले मनको विषय जानी ... [७१२] मनेन्द्रिय संयम गरी बस्छ। आवुसो ! यसैलाई संवरप्रधान भन्दछन्।"

"(ख) आवुसो ! प्रहाणप्रधान भनेको कस्तो हो ? आवुसो ! यहाँ भिक्षुले उत्पन्न भएको कामवितर्कलाई स्वीकार्दैन बल्की त्याग गर्छ दूर गर्छ नाश गर्छ। उत्पन्न भएको व्यापादवितर्कलाई ... उत्पन्न भएको विहिंसावितर्कलाई ... नाश गर्छ। आवुसो ! यसैलाई प्रहाणप्रधान भन्दछन्।"

"(ग) आवुसो ! भावनाप्रधान भनेको कस्तो हो ? आवुसो ! यहाँ भिक्षु विवेक आश्रित गरी, वैराग आश्रित गरी, निरोध आश्रित गरी तथा त्यागपरिणाम भएको स्मृतिसम्बोध्यङ्ग भाविता गर्छ। ... धर्मविचयसम्बोध्यङ्ग ... वीर्यसम्बोध्यङ्ग ... प्रीतिसम्बोध्यङ्ग ... प्रश्रब्धिसम्बोध्यङ्ग ... समाधिसम्बोध्यङ्ग ... तथा उपेक्षासम्बोध्यङ्ग भाविता गर्छ। आवुसो ! यसैलाई भावनाप्रधान भन्दछन्।"

"(घ) आवुसो ! अनुरक्षणाप्रधान भनेको के हो ? आवुसो ! यहाँ भिक्षुले उत्पन्न भएको अस्थिकसंज्ञा, पुलवकसंज्ञा, विनीलकसंज्ञा, विच्छिद्रकसंज्ञा, उद्धुमातकसंज्ञा जस्ता असल समाधि निमित्तलाई रक्षा गर्छ। आवुसो ! यसैलाई अनुरक्षणाप्रधान भन्दछन्।"

(११) "**चार ज्ञानहरू** – धर्मविषयका ज्ञान *(चतुरार्यसत्य ज्ञान)*, अन्वयज्ञान, परिच्छेद ज्ञान तथा सम्मति ज्ञान।"

(१२) "**अर्का पनि चार ज्ञानहरू** – दु:खज्ञान, दु:खसमुदयज्ञान, दु:खनिरोध-ज्ञान र दु:खनिरोध गामिनी प्रतिपदा-ज्ञान।"

(१३) "**चार स्रोतापत्ति अङ्गहरू** – सत्पुरुष-सत्संगत, सद्धर्मश्रवण, योनिश:मनस्कार *(ज्ञानपूर्वक विचार)* र धर्मानुसार आचरण।"

(१४) "**चार स्रोतापत्तिका अङ्गहरू** – आवुसो ! यहाँ आर्यश्रावक 'उहाँ भगवान् अरहन्त हुनुहुन्छ ... [७१३]' भनी बुद्धप्रति अटल रूपले *(अवेच्चप्पसादेन)* प्रसन्न भएको हुन्छ। ... [७१४] धर्मप्रति अटल रूपले प्रसन्न भएको हुन्छ। ... सङ्घप्रति अटल रूपले प्रसन्न भएको हुन्छ र आर्यकान्त शीलले युक्त हुन्छ।"

(१५) "**चार श्रामाण्यफलहरू** – स्रोतापत्तिफल, सकृदागामीफल, अनागामीफल र अरहत्फल।"

(१६) "**चार धातुहरू** – पृथ्वीधातु, आप्धातु, तेजधातु र वायुधातु।"

(१७) "**चार आहारहरू** – गाँस गाँस गरी खाने स्थूल वा सूक्ष्म आहार, दोस्रो स्पर्श, तेस्रो मन: सञ्चेतना र चौथो विज्ञान।"

(१८) "**चार विज्ञानस्थितिहरू** – आवुसो ! विज्ञान रूपमा आश्रय गरी, रूपमा गोचर गरी, रूपमा प्रतिष्ठित भई तृष्णाको सेवनबाट वृद्धि, बुरुल्हि, वैपुल्य हुन्छ र *(अभिसंस्कार)* विज्ञानको स्थिति रहन्छ। वेदनामा ... संज्ञामा ... संस्कारमा आश्रय गरी ... *(अभिसंस्कार)* विज्ञानको स्थिति रहन्छ।"

(१९) "**चार अगति गमनहरू** – छन्दरागद्वारा अगतिगमन गर्छ, द्वेषद्वारा अगतिगमन गर्छ, मोहद्वारा अगतिगमन गर्छ र भयद्वारा अगति *(पक्ष)* दमन गर्छ।"

(२०) "**चार तृष्णा उत्पादहरू** – आवुसो ! चीवरको कारणमा भिक्षुको मनमा तृष्णा उत्पन्न हुन्छ; आवुसो ! भिक्षा भोजनको कारणमा भिक्षुको मनमा तृष्णा उत्पन्न हुन्छ; आवुसो ! शयनासनको कारणमा

---

७१२ यहाँका बाँकी कुराहरू माथि आचार्य अमृतानन्दको बु.प.भा- १ पृ. २८६-८७ मा झैं पढ्नुहोला।

७१३ यहाँका बाँकी कुराहरू माथि पृ. ३४ मा झैं पढ्नुहोला।

७१४ यहाँका बाँकी कुराहरू माथि पृ. ३०९ मा भए झैं पढ्नुहोला।

Downloaded from http://www.dhamma.digital

भिक्षुको मनमा तृष्णा उत्पन्न हुन्छ र आवुसो ! प्रणीत प्रणीतको *(घ्यू, तेल आदिको)* कारणमा भिक्षुको मनमा तृष्णा उत्पन्न हुन्छ ।"

(२१) "**चार प्रतिपद्हरू** – दु:खसहितको प्रतिपद् धीलो ज्ञान प्राप्त, दु:खसहितको प्रतिपद् चाँडै ज्ञान प्राप्त, सुखसहितको प्रतिपद् धीलो ज्ञान प्राप्त र सुखसहितको प्रतिपद् चाँडै ज्ञान प्राप्त ।"

(२२) "**अर्का पनि चार प्रतिपद्हरू** – अक्षमा *(सहन नसक्ने)* प्रतिपद्, क्षमा *(सहन सक्ने)* प्रतिपद्, दम *(इन्द्रिय दमन)* प्रतिपद र शम *(उत्पन्न हुने कामवितर्कादिलाई शमन गर्ने)* प्रतिपद् ।"

(२३) "**चार धर्मपदहरू** – अनभिध्या-धर्मपद, अव्यापाद-धर्मपद, सम्यक्स्मृति-धर्मपद र सम्यक्समाधि-धर्मपद ।"

(२४) "**चार धर्मसमादानहरू** – (१) आवुसो ! त्यस्तो धर्मसमादान छ जसको फल यसै जीवनमा र भविष्यमा पनि दु:ख विपाक हुन्छ; (२) आवुसो ! त्यस्तो धर्मसमादान छ जसको फल यसै जीवनमा दु:ख र भविष्यमा सुख विपाक हुन्छ; (३) आवुसो ! त्यस्तो धर्मसमादान छ जसको फल यसै जीवनमा सुख र भविष्यमा दु:ख विपाक हुन्छ र (४) आवुसो ! त्यस्तो धर्मसमादान छ जसको फल यसै जीवनमा पनि सुख र भविष्यमा पनि सुख हुन्छ ।"

(२५) "**चार धर्मस्कन्धहरू** – शीलस्कन्ध, समाधिस्कन्ध, प्रज्ञास्कन्ध र विमुक्तिस्कन्ध ।"

(२६) "**चार बलहरू** – वीर्यबल, स्मृतिबल, समाधिबल र प्रज्ञाबल ।"

(२७) "**चार अधिष्ठानहरू** – प्रज्ञा-अधिष्ठान, सत्य-अधिष्ठान, त्याग-अधिष्ठान र उपशम-अधिष्ठान ।"

(२८) "**चार प्रश्नोत्तरहरू** – एकांश रूपले दिन योग्य प्रश्नोत्तर, प्रश्न गरेर दिनुपर्ने प्रश्नोत्तर, छुटचाई छुटचाई *(विभाजन)* दिनुपर्ने प्रश्नोत्तर तथा थातिराख्नुपर्ने प्रश्नोत्तर ।"

(२९) "**चार कर्महरू** – आवुसो ! कृष्णकर्मको कृष्णविपाक छ; आवुसो ! शुक्लकर्मको शुक्लविपाक छ; आवुसो ! कृष्णशुक्लकर्मको कृष्णशुक्ल विपाक छ र आवुसो ! अकृष्णअशुक्लकर्मको अकृष्णशुक्ल विपाक छ जसले कर्मक्षयतिर पुऱ्याउँछ ।"

(३०) "**चार साक्षात्कार गर्नुपर्ने धर्महरू** – स्मृतिद्वारा साक्षात्कार गर्नुपर्ने पूर्वेनिवासज्ञान, चक्षु *(दिव्य)* द्वारा साक्षात्कार गर्नुपर्ने प्राणीको च्युत उत्पत्तिको ज्ञान, कायद्वारा साक्षात्कार गर्नुपर्ने अष्टविमोक्ष ज्ञान र प्रज्ञाद्वारा साक्षात्कार गर्नुपर्ने आस्रवक्षय ज्ञान ।"

(३१) "**चार ओघ** *(बाढ)* **हरू** – काम-योग, भव-योग, दृष्टि-योग र अविद्या-योग ।"

(३२) "**चार योग** *(संयोजन)* **हरू** – काम-योग, भव-योग, दृष्टि-योग र अविद्या-योग ।"

(३३) "**चार विसंयोगहरू** – कामयोग-विसंयोग, भवयोग-विसंयोग, दृष्टियोग-विसंयोग र अविद्यायोग-विसंयोग ।"

(३४) "**चार ग्रन्थीहरू** – अभिध्या कायग्रन्थी, व्यापाद-कायग्रन्थी, शीलव्रतपरामर्श-कायग्रन्थी र 'यही सत्य हो' *(अरू झूट हो)* भन्ने विश्वास-कायग्रन्थी ।"

(३५) "**चार उपादानहरू** – काम-उपादान, दृष्टि-उपादान, शीलव्रत-उपादान तथा आत्मवाद-उपादान ।"

Downloaded from http://www.dhamma.digital

(३६) **"चार योनिहरू** – अण्डजयोनि, जरायुजयोनि, संस्वेदजयोनि र औपपातिकयोनि ।"

(३७) **"चार गर्भप्रवेश** ***(गर्भावक्रान्ति)*** **हरू** – (१) आवुसो ! यहाँ कोही नजानिकन *(असम्पजानो)* आमाको कोखमा प्रवेश गर्छ, नजानिकन आमाको कोखमा बस्छ र नजानिकन आमाको कोखबाट निस्कन्छ – यो पहिलो गर्भप्रवेश हो । (२) आवुसो ! फेरि यहाँ कोही जानिकन आमाको कोखमा प्रवेश गर्छ, नजानिकन आमाको कोखमा बस्छ र नजानिकन आमाको कोखबाट निस्कन्छ – यो दोस्रो गर्भप्रवेश हो । (३) आवुसो ! फेरि यहाँ कोही जानिकन आमाको कोखमा प्रवेश गर्छ, जानिकन आमाको कोखमा बस्छ र नजानिकन आमाको कोखबाट निस्कन्छ – यो तेस्रो गर्भप्रवेश हो । (४) आवुसो ! फेरि यहाँ कोही जानिकन आमाको कोखमा प्रवेश गर्छ, जानिकन आमको कोखमा बस्छ र जानिकन आमाको कोखबाट निस्कन्छ – यो चौथो गर्भप्रवेश हो ।"

(३८) **"चार आत्मभाव प्रतिलाभहरू** ***(शरीरधारण)*** – (१) आवुसो ! त्यस्तो आत्मभाव छ जुन आत्मभावमा आत्मसञ्चेतना *(आफूले चिताए अनुसार)* मात्र वहन गर्छ *(कमति)* तर परसञ्चेतना *(अर्काले चिताएको अनुसार)* होइन । (२) आवुसो ! त्यस्तो आत्मभाव पनि छ जुन आत्मभावमा परसञ्चेतना *(अरूले चिताए अनुसार)* वहन गर्छ, तर आत्मसञ्चेतना *(आफूले चिताए अनुसार)* होइन । (३) आवुसो ! त्यस्तो पनि आत्मभाव छ जुन आत्मभावमा आत्मसञ्चेतना पनि वहन गर्छ । (४) आवुसो ! त्यस्तो पनि आत्मभाव छ जुन आत्मभावना न आत्मसञ्चेतना वहन गर्छ न परसञ्चेतना वहन गर्छ ।"

(३९) **"चार दक्षिणा विशुद्धिहरू** – (१) आवुसो ! दायकबाट विशुद्धि हुने दक्षिणा *(दान)* छ तर प्रतिग्राहकबाट होइन । (२) आवुसो ! प्रतिग्राहकबाट विशुद्धि हुने दक्षिणा छ तर दायकबाट होइन । (३) आवुसो ! दायकबाट पनि प्रतिग्राहकबाट पनि विशुद्धि नहुने दक्षिणा छ । (४) आवुसो ! दायकबाट पनि प्रतिग्राहकबाट पनि विशुद्धि हुने दक्षिणा छ ।"

(४०) **"चार संग्रह वस्तुहरू** – दान, प्रियवचन, अर्थचर्या र समानता ।"

(४१) **"चार अनार्थ व्यवहारहरू** – मृषावाद, पैशुन्य वचन, परुष वचन र सम्प्रलाप ।"

(४२) **"चार आर्य व्यवहारहरू** – मृषावादबाट विरतता, पैशुन्य वचनबाट विरतता, परुष वचनबाट विरतता र सम्प्रलापबाट विरतता ।"

(४३) **"अर्का पनि चार अनार्थ व्यवहारहरू** – नदेखेकोलाई देखेको भन्नु, नसुनेकोलाई सुनेको भन्नु, नछोएकोलाई छोएको भन्नु र नजानेकोलाई जानेको भन्नु ।"

(४४) **"अर्का पनि चार आर्य व्यवहारहरू** – नदेखेकोलाई नदेखेको भन्नु, नसुनेकोलाई नसुनेको भन्नु, नछोएकोलाई नछोएको भन्नु र नजानेकोलाई नजानेको भन्नु ।"

(४५) **"अर्का पनि चार अनार्य व्यवहारहरू** – देखेकोलाई नदेखेको भन्नु, सुनेकोलाई नसुनेको भन्नु, छोएकोलाई नछोएको भन्नु र जानेकोलाई नजानेको भन्नु ।"

(४६) **"अर्का पनि चार आर्य व्यवहारहरू** – देखेकोलाई देखेको भन्नु, सुनेकोलाई सुनेको भन्नु, छोएकोलाई छोएको भन्नु र जानेकोलाई जानेको भन्नु ।"

१९. (४७) **"चार पुद्गल** ***(पुरुष)*** **हरू** – आवुसो ! यहाँ आफूलाई तापदिने हुन्छ ... [७१५] ।"

---

७१५ यहाँका बाँकी कुराहरू मज्झिमनिकाय, नेपाल भाषा पृ. २४४ अथवा बु.ग्रा.भा.-२ पृ. २११ मा भएझैं पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

(४८) **"अर्का पनि चार पुद्गलहरू** – आवुसो ! यहाँ कोही पुरुष आत्महितको लागि काम गर्छ तर परहितको लागि होइन । आवुसो ! यहाँ केही पुरुष परहितको लागि काम गर्छ परन्तु आत्महितको लागि होइन । आवुसो ! यहाँ केही पुरुष न आत्महितको लागि न परहितको लागि काम गर्छ । आवुसो ! यहाँ केही पुरुष आत्महितको लागि पनि परहितको लागि पनि काम गर्छ ।"

(४९) **"अर्का पनि चार पुद्गलहरू** – अँध्यारोबाट अँध्यारोमा जाने, अँध्यारोबाट उज्यालोमा जाने, उज्यालोबाट अँध्यारोमा जाने र उज्यालोबाट उज्यालोमा जाने ।"

(५०) **"अर्का पनि चार पुद्गलहरू** – श्रमण-अचल, श्रमण-पद्म *(रातो कमल)*, श्रमण-पुण्डरीक *(सेतो कमल)* र श्रमणहरूमा श्रमण-सुकुमार ।"

"आवुसो ! ··· उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले बताउनुभएको चारवटा धर्महरू यही हुन् ।"

**(प्रथम भाणवार समाप्त ।)**

## पाँचवटा धर्महरू

२०. " आवुसो ! ··· उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· पाँचवटा धर्महरू बताउनुभएका छन् । ··· कुनै पाँचवटा धर्महरू हुन् ?"

(१) **"पाँच स्कन्धहरू** – रूपस्कन्ध, वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध तथा विज्ञानस्कन्ध ।"

(२) **"पाँच उपादानस्कन्धहरू** – रूप-उपादानस्कन्ध, वेदना-उपादानस्कन्ध, संज्ञा-उपादानस्कन्ध, संस्कार-उपादानस्कन्ध, तथा विज्ञान-उपादानस्कन्ध ।"

(३) **"पाँच कामगुणहरू** – चक्षुविज्ञेय रूपहरू छन् जो इष्ट कान्त ··· हुन्छन्[७१६] ।"

(४) **"पाँच गतिहरू** – नरक, तिर्यक, प्रेत, मनुष्य तथा देव ।"

(५) **"पाँच मात्सर्यहरू** – आवास मात्सर्य, कुल मात्सर्य, लाभ मात्सर्य, वर्ण मात्सर्य र धर्म मात्सर्य ।"

(६) **"पाँच नीवरणहरू** – कामच्छन्द-नीवरण, व्यापाद-नीवरण, थीनमृद्ध-नीवरण, औद्धत्य कौकृत्य-नीवरण तथा विचिकित्सा-नीवरण ।"

(७) **"पाँच अधोभागीय संयोजनहरू** – सत्कायदृष्टि, विचिकित्सा, शीलव्रतपरामर्श, कामच्छन्द र व्यापाद ।"

(८) **"पाँच उर्ध्वभागीय संयोजनहरू** – रूपराग, अरूपराग, मान, औद्धच्च र अविद्या ।"

---

७१६ यहाँका बाँकी कुराहरू बु.प. भा-१, पृ. ६६ मा उल्लेख भएजस्तै पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

(९) "**पाँच शिक्षापदहरू** – हिंसाबाट विरत रहनु, अदिन्नादानबाट विरत रहनु, काममिथ्याचारबाट विरत रहनु, मृषावादबाट विरत रहनु र सुरामेरय मद्यप्रमादस्थानबाट विरत रहनु ।"

२१. (१०) "**पाँच अभव्य *(अयोग्य)* स्थानहरू** – (१) आवुसो ! क्षीणास्रवी भिक्षुले जानी जानी प्राणीहिंसा गर्न सक्तैन, (२) क्षीणास्रवी भिक्षुले नदिएको वस्तु चोरी गर्न सक्तैन, (३) क्षीणास्रवी भिक्षुले मैथुन गर्न सक्तैन, (४) क्षीणास्रवी भिक्षुले भूटो बोल्न सक्तैन तथा (५) अघि गृहस्थीमा छँदा जस्तै क्षीणास्रवी भिक्षुले रात बितेको कुनै काम *(खाने वस्तु)* भोग गर्न सक्तैन ।"

(११) "**पाँच व्यसनहरू** – ज्ञातिव्यसन, भोगव्यसन, रोगव्यसन, शीलव्यसन तथा दृष्टिव्यसन । आवुसो ! ज्ञातिव्यसनको कारणले, भोगव्यसनको कारणले अथवा रोगव्यसनको कारणले प्राणीहरू शरीर छाडी मृत्युपछि अपाय दुर्गति विनिपात नरकमा उत्पन्न हुन्नन् । शीलव्यसनको कारणले अथवा दृष्टिव्यसनको कारणले प्राणीहरू शरीर छाडी मृत्युपछि ··· नरकमा उत्पन्न हुन्छन् ।"

(१२) "**पाँच सम्पत्तिहरू *(सम्पदा)*** – ज्ञातिसम्पत्ति, भोगसम्पत्ति, आरोग्यसम्पत्ति, शीलसम्पत्ति तथा दृष्टिसम्पत्ति । आवुसो ! ज्ञातिसम्पत्ति, भोगसम्पत्ति, र आरोग्यसम्पत्तिको कारणबाट प्राणीहरू शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्नन् । शीलसम्पत्ति वा दृष्टिसम्पत्तिको कारणबाट प्राणीहरू शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् ।"

(१३) "**त्रुटी हुने दुश्शीलको पाँच दुष्परिणामहरू** – (१) आवुसो ! शील त्रुटी हुने दृश्शीलको प्रमादको कारणले गर्दा ठूलो भोगसम्पत्ति हानि हुन्छ । दुश्शीलको यो पहिलो दृष्परिणाम हो । (२) आवुसो ! फेरि शील त्रुटी हुने दृश्शीलको कुकीर्ति फैलिन्छ । दुश्शीलको यो दोस्रो दुष्परिणाम हो । (३) आवुसो ! फेरि शील त्रुटी हुने दुश्शील पुरुष क्षत्री ब्राह्मण गृहपति तथा श्रमण परिषद्मध्ये जुनसुकै परिषद्मा गए पनि अविशारद भई चुपलागेर उपस्थित हुन्छ । दुश्शीलको यो तेस्रो दुष्परिणाम हो । (४) आवुसो ! फेरि शील त्रुटी हुने दुश्शील संमूढ भई मरण हुन्छ । दुश्शीलको यो चौथो दुष्परिणाम हो । (५) आवुसो ! फेरि शील त्रुटी हुने दुश्शील पुरुष मृत्युपछि अपाय दुर्गति विनिपात नरकमा उत्पन्न हुन्छ । दुश्शीलको यो पाँचौ दुष्परिणाम हो ।"

(१४) "**शीलवान्को शीलसम्पत्तिमा पाँच आनृशंस *(गुण)* हरू** – (१) आवुसो ! यहाँ शीलवान् शीलसम्पन्न पुरुषको अप्रमादको कारणले गर्दा ठूलो भोगसम्पत्ति लाभ हुन्छ । शीलवान् शीलसम्पन्न पुरुषको यो पहिलो आनृशंस *(गुण)* हो । (२) आवुसो ! फेरि शीलवान् शीलसम्पन्न पुरुषको कल्याणकीर्ति शब्द फैलिन्छ । शीलवान् शीलसम्पन्न पुरुषको यो दोस्रो आनृशंस हो । (३) आवुसो ! फेरि शीलवान् शीलसम्पन्न पुरुष क्षत्री ब्राह्मण गृहपति तथा श्रमण परिषद्मध्ये जुनसुकै परिषद्मा गए पनि विशारद भई चुप नलागी उपस्थित हुन्छ । शीलवान् शीलसम्पन्न पुरुषको यो तेस्रो आनृशंस हो । (४) आवुसो ! फेरि शीलवान् शीलसम्पन्न पुरुष संमूढ भई मृत्यु हुन्छ । शीलवान् शीलसम्पन्न पुरुषको यो चौथो आनृशंस हो । (५) आवुसो ! शीलवान् शीलसम्पन्न पुरुष काय छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ । शीलवान् शीलसम्पन्न पुरुषको यो पाँचौ आनृशंस हो ।"

(१५) "आवुसो ! **अर्कालाई *(दोष)* आरोप लगाउन चाहने भिक्षुले आफूलाई पाँच गुणमा स्थापित गरी आरोप गर्नुपर्छ** – (१) समयमा भन्नेछु असमयमा होइन, (२) सत्य कुरा भन्नेछु असत्य कुरा होइन, (३) प्रेम-वचनले भन्नेछु परुष वचनले होइन, (४) अर्थकामी भई भन्नेछु अनर्थकामी भई होइन, (५) मैत्री चित्तले भन्नेछु, द्वेषभावले होइन । आवुसो ! अर्कालाई *(दोष)* आरोप गर्न चाहने भिक्षुले यिनै पाँच गुणहरू आफूमा राखी आरोप लगाउनुपर्छ ।"

Downloaded from http://www.dhamma.digital

२२. (१६) **"पाँच प्रधानीय अङ्गहरू** – आवुसो ! यहाँ भिक्षु श्रद्धालु हुन्छ तथागतको बोधिप्रति विश्वास गर्छ – 'उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध, … [७१७] तथा भगवान् हुनुहुन्छ' । आबाध *(रोग)* रहित र आतंकरहित हुन्छ, न शीताधिक न उष्णाधिक, मध्यमवीर्य बढाउन योग्य तथा समान रूपले पाचन शक्ति हुने हुन्छ । शास्ताको अगाडि वा विज्ञ सब्रह्मचारीको अगाडि यथार्थताको कुरा भन्न सक्ने अशठ र अमायावी हुन्छ । अकुशलधर्म हटाउनको निमित्त कुशलधर्म सम्पादन गर्नको निमित्त वीर्यवान् हुन्छ, बलवान् दृढपराक्रमी हुन्छ र कुशलधर्मको धूर छाडेको हुन्न । आर्यनिर्वेधिक सम्यक् दुःखक्षप हुने उदयव्ययगामी प्रज्ञाले युक्त प्रज्ञावान् हुन्छ ।"

२३. (१७) **"पाँच शुद्धावासहरू** – अविहा, अतप्पा, सुदस्सा *(सुदर्शा)*, सुदस्सी *(सुदर्शी)* र अकनिष्ठ ।"

(१८) **"पाँच अनागामीहरू** – अन्तरपरिनिर्वायी, उपहच्चपरिनिर्वायी, असंखारपरिनिर्वायी, ससंखार परिनिर्वायी र उर्ध्वस्रोत अकनिगष्ठगामी । "

२४. (१९) **"पाँच चित्तखिलहरू** ***(चित्तका सारोपनहरू)*** – (१) आवुसो ! यहाँ भिक्षु शास्ताप्रति शंका विमति अनिश्चिन्त तथा अप्रसन्न हुन्छ । आवुसो ! सो भिक्षु शास्ताप्रति शंका … गर्छ उसको चित्त वीर्य बढाउनमा लाग्दैन । जसको चीत्त वीर्य बढाउनमा लाग्दैन – यो पहिलो चित्तको सारोपन हो । (२) आवुसो ! फेरि भिक्षु धर्मप्रति शंका विमति गर्छ … (३) सङ्घप्रति शंका विमति गर्छ … (४) शिक्षाप्रति शंका विमति गर्छ … (५) सब्रह्मचारीप्रति असन्तोष भई कोप गर्छ र सारोभाव राख्छ । आवुसो ! जो भिक्षु सब्रह्मचारीप्रति असन्तोष भई कोप गर्छ उसको चित्त वीर्य बढाउनमा लाग्दैन । जसको चित्त वीर्य बढाउनमा लाग्दैन – यो पाँचौ चित्तको सारोपन हो ।"

२५.(२०) **"पाँच चित्तका विनिबन्धहरू** – (१) आवुसो ! यहाँ भिक्षु कामविषयबाट वीतरागी हुन्न, इच्छा हटेको हुन्न, प्रेम हटेको हुन्न, पिपासा हटेको हुन्न, परिडाह हटेको हुन्न र तृष्णा हटेको हुन्न । जो भिक्षु अवीतरागी हुन्छ … उसको मन वीर्य बढाउनमा *(ध्यान गर्नमा)* लाग्दैन । जसको मन वीर्य बढाउनमा लाग्दैन – यही पहिलो चित्त विनिबन्ध हो । (२) आवुसो ! फेरि भिक्षुको शरीरबाट राग हटेको हुन्न … (३) आवुसो ! फेरि रूपबाट राग हटेको हुन्न … (४) आवुसो ! फेरि भिक्षु पेटभरी खाएर सुत्छ र शय्यासुख लिन्छ … (५) आवुसो ! फेरि भिक्षु 'यो शीलद्वारा व्रतद्वारा ब्रह्मचर्यद्वारा देवताहरूमध्ये कुनै देवता हुनेछ' भनी कुनै देवलोकको कामना गरी ब्रह्मचर्य पालन गर्छ । यस्तो गर्ने भिक्षुको पनि वीर्य बढाउनमा मन लाग्दैन । जसको मन लाग्दैन – यो पाँचौ चित्तविनिबन्ध हो ।"

(२१) **"पाँच इन्द्रियहरू** – चक्षुइन्द्रिय, स्रोतइन्द्रिय, घ्राणइन्द्रिय, जिह्वाइन्द्रिय र कायइन्द्रिय ।"

(२२) **"अर्का पनि पाँच इन्द्रियहरू** – सुखइन्द्रिय, दुःखइन्द्रिय, सौमनस्यइन्द्रिय, दौर्मनस्यइन्द्रिय र उपेक्षाइन्द्रिय ।"

(२३) **"अर्का पनि पाँच इन्द्रियहरू** – श्रद्धाइन्द्रिय, वीर्यइन्द्रिय, स्मृतिइन्द्रिय, समाधिइन्द्रिय र प्रज्ञाइन्द्रिय ।"

२६. (२४) **"पाँच निस्सरणीय धर्महरू** – (१) आवुसो ! यहाँ *(अशुभ ध्यानबाट उठेर)* कामविषयलाई मनमा लगाउँदा भिक्षुको चित्त कामविषयमा जाँदैन, प्रसन्न हुन्न, त्यसमा बस्दैन र लिप्त हुन्न । किन्तु नैष्क्रम्यलाई मनमा लगाउँदा नैष्क्रम्यमा मन लाग्छ, प्रसन्न हुन्छ, त्यसमा बस्छ र लिप्त

---

७१७ यहाँका बाँकी कुराहरू माथि पृ. ३४ अनुच्छेद ८ मा उल्लेख भएजस्तै बुझ्नु होला ।

Downloaded from http://www.dhamma.digital

हुन्छ। त्यसको त्यो चित्त असल बाटोमा लागेको हुन्छ, सुभावित हुन्छ, कामबाट हटेर मुक्त भएको हुन्छ र विसंयुक्त भएको हुन्छ। कामविषयको कारणबाट जुन आस्रव विघात परिडाह उत्पन्न हुने हो त्यसबाट ऊ मुक्त हुन्छ। उसले त्यो वेदना अनुभव गर्दैन। यसैलाई *(अशुभध्यानलाई)* कामविषयबाट मुक्त *(निस्सरण)* भनिएको हो।"

"(ख) आवुसो ! फेरि *(मैत्रीध्यानबाट उठेर)* व्यापाद विषयलाई मनमा लगाउँदा भिक्षुको चित्त व्यापाद विषयमा जाँदैन, ··· र लिप्त हुन्न। किन्तु अव्यापादलाई मनमा लगाउँदा अव्यापादमा मन लाग्छ, ··· र लिप्त हुन्छ। त्यसको त्यो चित्त असल बाटोमा लागेको हुन्छ, ··· र विसंयुक्त भएको हुन्छ। व्यापादको कारणबाट जुन आस्रव ··· उत्पन्न हुने हो त्यसबाट ऊ मुक्त हुन्छ। उसले त्यो वेदना अनुभव गर्दैन। यसैलाई *(मैत्रीध्यानलाई)* व्यापाद विषयबाट मुक्त भनिएको हो।"

"(ग) आवुसो ! फेरि *(करुणाध्यानबाट उठेर)* विहिंसालाई मनमा लगाउँदा भिक्षुको चित्त विहिंसा विषयमा जाँदैन, ··· र लिप्त हुन्न। किन्तु अविहिंसालाई मनमा लगाउँदा अविहिंसामा मन लाग्छ ··· र लिप्त हुन्छ। त्यसको त्यो चित्त असल बाटोमा लागेको हुन्छ, ··· र विसंयुक्त भएको हुन्छ। विहिंसाको कारणबाट जुन आस्रव ··· उत्पन्न हुने हो त्यसबाट ऊ मुक्त हुन्छ। उसले त्यो वेदना अनुभव गर्दैन। यसैलाई *(करुणाध्यानलाई)* विहिंसा विषयबाट मुक्त भनिएको हो।"

"(घ) आवुसो ! फेरि *(अरूपध्यानबाट उठेर)* रूपविषयलाई मनमा लगाउँदा भिक्षुको चित्त रूपविषयमा जाँदैन ··· र लिप्त हुन्न। किन्तु अरूपलाई मनमा लगाउँदा अरूपमा मन लाग्छ ··· र लिप्त हुन्छ। त्यसको त्यो चित्त असल बाटोमा लागेको हुन्छ, ··· र विसंयुक्त भएको हुन्छ। रूपको कारणबाट जुन आस्रव ··· उत्पन्न हुने हो त्यसबाट ऊ मुक्त हुन्छ। उसले त्यो वेदना अनुभव गर्दैन। यसैलाई *अरूपध्यानलाई)* रूपविषयबाट मुक्त भनिएको हो।"

"(ङ) आवुसो ! फेरि *(फलसमापत्तिबाट उठेर)* सत्काय विषयलाई मनमा लगाउँदा भिक्षुको चित्त सत्काय विषयमा जाँदैन, ··· र लिप्त हुन्न। किन्तु सत्काय निरोधलाई मनमा लगाउँदा सत्काय निरोधमा मन लाग्छ ··· र लिप्त हुन्छ। त्यसको त्यो चित्त असल बाटोमा लागेको हुन्छ, ··· र विसंयुक्त भएको हुन्छ। सत्कायको कारणबाट जुन आस्रव, ··· उत्पन्न हुने हो त्यसबाट ऊ मुक्त हुन्छ। उसले त्यो वेदना अनुभव गर्दैन। यसैलाई *(सत्काय निरोधलाई)* सत्कायबाट मुक्त भनिएको हो।"

२७. (२५) "**पाँच विमुक्त्यायतनहरू** – (क) आवुसो ! यहाँ शास्ता *(गुरु)* ले वा अरू कुनै आदरणीय *(गुरुस्थानीय)* सब्रह्मचारीले भिक्षुलाई धर्मोपदेश गर्छ। जसरी जसरी शास्ताले वा आदरणीय सब्रह्मचारीले भिक्षुलाई धर्मोपदेश गर्दैजान्छ त्यसरी नै उसलाई त्यो धर्मको अर्थावबोध र धर्मावबोध हुन्छ। अर्थावबोध र धर्मावबोध गर्ने उसलाई प्रमोद अनुभव हुन्छ, प्रमुदित हुनेको प्रीति उत्पन्न हुन्छ प्रीति मन हुनेको शरीर प्रश्रब्धि *(शान्त निश्चल)* हुन्छ, प्रश्रब्धि भएपछि शरीरले सुखानुभव गर्छ र सुखी भएको चित्त समाधिष्ठ हुन्छ। यो पहिलो विमुक्त्यायतन हो।"

"(ख) आवुसो ! फेरि भिक्षुलाई न शास्ताले अथवा अरू कुनै आदरणीय सब्रह्मचारीले धर्मावदेश गर्छ, बल्की सुनेको अनुसार पढेको अनुसार विस्तारपूर्वक धर्मोपदेश गर्छ ··· (ग) सुनेको अनुसार पढेको अनुसार विस्तारपूर्वक धर्म सज्झायना *(स्वाध्याय)* गर्छ ··· (घ) सुनेको अनुसार पढेको अनुसार मनले धर्मको विषयलाई तर्कना गर्छ विचार गर्छ र मनले हेर्छ ··· (ङ) उसको अर्को समाधि निमित्त राम्ररी ग्रहण गर्छ, राम्ररी मनमा *(सुमनसिकृत)* राख्छ, राम्ररी विचार गर्छ र प्रज्ञाद्वारा राम्ररी प्रतिबद्ध गर्छ। जसरी जसरी राम्ररी प्रतिवद्ध गर्दै जान्छ त्यसरी त्यसरी नै त्यो धर्मको अर्थावबोध र धर्मावबोध हुन्छ। अर्थावबोध र धर्मावबोध गर्ने उसलाई प्रामोद्य अनुभव हुन्छ, प्रमुदित हुनेको प्रीति उत्पन्न हुन्छ, प्रीति

Downloaded from http://www.dhamma.digital

मन हुनेको शरीर प्रश्रब्धि हुन्छ, प्रश्रब्धि भएपछि शरीरले सुखानुभव गर्छ र सुखी भएको चित्त समाधिष्ठ हुन्छ। यो पाँचौ विमुक्त्यायतन हो।"

(२६) "**पाँच विमुक्ति परिपाचनीय संज्ञाहरू** – अनित्यसंज्ञा, अनित्यमा दुःखसंज्ञा, दुःखमा अनात्मसंज्ञा, प्रहाणसंज्ञा र विरागसंज्ञा।"

" आवुसो ! ··· उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· बताउनुभएका पाँचवटा धर्महरू यी नै हुन्।"

## छ वटा धर्महरू

२८. "आवुसो ! ··· उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· छवटा धर्महरू बताउनुभएको छ। ··· कुन छवटा धर्महरू हुन् ?"

(१) "**छ अध्यात्म-आयतनहरू** – चक्षु-आयतन, स्रोत-आयतन, घ्राण-आयतन, जिह्वा-आयतन, काय-आयतन र मन-आयतन।"

(२) "**छ बाहिरी आयतनहरू** – रूप-आयतन, शब्द-आयतन, गन्ध-आयतन, रस-आयतन, स्पर्श-आयतन र धर्म-आयतन।"

(३) "**छ विज्ञान कायहरू** – चक्षुविज्ञान, स्रोतविज्ञान, घ्राणविज्ञान, जिह्वाविज्ञान, कायविज्ञान र मनविज्ञान।"

(४) "**छ स्पर्श कायहरू** – चक्षुःसंस्पर्श, स्रोतःसंस्पर्श, घ्राणःसंस्पर्श, जिह्वाःसंस्पर्श, कायःसंस्पर्श र मनःसंस्पर्श।"

(५) "**छ वेदना कायहरू** – चक्षुःसंस्पर्शज वेदना, स्रोतःसंस्पर्शज वेदना, घ्राणःसंस्पर्शज वेदना, जिह्वाःसंस्पर्शज वेदना, कायःसंस्पर्शज वेदना तथा मनःसंस्पर्शज वेदना।"

(६) "**छ संज्ञा कायहरू** – रूपसंज्ञा, शब्दसंज्ञा, गन्धसंज्ञा, रससंज्ञा, स्पर्शसंज्ञा र धर्मसंज्ञा।"

(७) "**छ सञ्चेतना कायहरू** – रूपसंचेतना, शब्दसंचेतना, गन्धसचेतना, रससंचेतना, स्पर्शसंचेतना तथा धर्मसंचेतना।"

(८) "**छ तृष्णा कायहरू**– रूपतृष्णा, शब्दतृष्णा, गन्धतृष्णा, रसतृष्णा, स्पर्शतृष्णा तथा धर्मतृष्णा।"

२९. (९) "**छ अगौरवहरू** – (क) आवुसो ! यहाँ भिक्षु शास्ताप्रति गौरव सत्कार नराखी बस्छ, (ख) धर्मप्रति गौरव सत्कार नराखी बस्छ, (ग) सङ्घप्रति गौरव सत्कार नराखी बस्छ, (घ) शिक्षाप्रति गौरव सत्कार नराखी बस्छ, (ङ) अप्रमादप्रति गौरव सत्कार नराखी बस्छ तथा (च) कुशलवार्ताप्रति सत्कार नराखी बस्छ।"

(१०) "**छ गौरवहरू** – आवुसो ! यहाँ भिक्षु शास्ताप्रति गौरव सत्कार राखी बस्छ, धर्मप्रति गौरव सत्कार राखी बस्छ, सङ्घप्रति गौरव सत्कार राखी बस्छ, शिक्षाप्रति गौरव सत्कार राखी बस्छ, अप्रमादप्रति गौरव सत्कार राखी बस्छ तथा कुशलवार्ताप्रति गौरव सत्कार राखी बस्छ।"

(११) "**छ सौमनस्य उपविचारहरू** – (क) चक्षुले रूप देख्दा सौमनस्य हुने स्थानमा विचार गर्छ, (ख) स्रोतले शब्द सुन्दा सौमनस्य हुने स्थानमा विचार गर्छ, (ग) घ्राणले गन्ध सुघ्दा सौमनस्य हुने

Downloaded from http://www.dhamma.digital

स्थानमा विचार गर्छ, (घ) जिह्वाले रस चाख्दा सौमनस्य हुने स्थानमा विचार गर्छ, (ङ) कायले स्पर्श गर्दा सौमनस्य हुने स्थानमा विचार गर्छ र (च) मनले धर्म जान्दा सौमनस्य हुने स्थानमा विचार गर्छ।"

(१२) "**छ दौर्मनस्य उपविचारहरू** – चक्षुले रूप देख्दा दौर्मनस्य हुने स्थानमा विचारगर्छ ··· तथा मनले धर्म जान्दा दौर्मनस्य हुने स्थानमा विचार गर्छ।"

(१३) "**छ उपेक्षा उपविचारहरू** – चक्षुले रूप देख्दा उपेक्षा हुने स्थानमा विचार गर्छ, ··· तथा मनले धर्म जान्दा उपेक्षा हुने स्थानमा विचार गर्छ।"

(१४) "**छ सारणीय धर्महरू** – (क) आवुसो ! यहाँ सब्रह्मचारीप्रति भिक्षुको मैत्री कायकर्म उपस्थित हुन्छ। यो धर्म सारणीय प्रियंकर गुरुधर्म हो तथा संग्रहको निमित्त अविवादको निमित्त मेलमिलापको निमित्त र एकताको निमित्त हुन्छ।"

"(ख) आवुसो ! फेरि यहाँ सब्रह्मचारीप्रति भिक्षुको मैत्री वचनकर्म उपस्थित हुन्छ। यो धर्म पनि सारणीय ··· हो तथा संग्रहको निमित्त ··· र एकताको निमित्त हुन्छ।"

"(ग) आवुसो ! फेरि यहाँ सब्रह्मचारीप्रति भिक्षुको मैत्री मनकर्म उपस्थित हुन्छ। यो धर्म सारणीय ··· हो तथा संग्रहको निमित्त ··· र एकताको निमित्त हुन्छ।"

"(घ) आवुसो ! फेरि यहाँ भिक्षुले धार्मिक रूपले पात्रभरी मात्र भएको लाभलाई पनि शीलवान् सब्रह्मचारीहरूसँग साधारण रूपले बाँडी भोग गर्छ। यो धर्म पनि सारणीय ··· हो तथा संग्रहको निमित्त ··· र एकताको निमित्त हुन्छ।"

"(ङ) आवुसो ! फेरि भिक्षु जो त्यो अखण्ड अछिद्र निर्दागी निर्दोषी परिपूर्ण विज्ञप्रशंसित अपरामर्शित तथा समाधिसंवर्तनिक शील हो त्यस्तो शीलमा मेल राखी प्रकट रूपमा पनि गुप्त रूपमा पनि सब्रह्मचारीहरूसँग बस्छ। यो धर्म पनि सारणीय··· हो तथा संग्रहको निमित्त··· र एकताको निमित्त हुन्छ।"

"(च) आवुसो ! फेरि भिक्षुले जुन विचारधारा *(दृष्टि)* लिंदा नैर्याणिक मार्गमा लागेर सम्यक् रूपले दुःखक्षय गर्ने हो त्यस्तो विचारधारासँग मेल राखी ऊ प्रकट रूपमा पनि गुप्त रूपमा पनि सब्रह्मचारीसँग बस्छ। यो धर्म पनि सारणीय धर्म ··· हो तथा संग्रहको निमित्त ··· र एकताको निमित्त हुन्छ।"

३०. (१५) "**छ विवाद मूलहरू** – (क) आवुसो ! यहाँ भिक्षु क्रोधी र वैरभाव राख्ने हुन्छ। आवुसो ! जो भिक्षु क्रोधी र वैरभाव राख्ने हुन्छ ऊ शास्ताप्रति पनि अगौरव असत्कारपूर्वक बस्छ, धर्मप्रति पनि ··· सङ्घप्रति पनि अगौरव असत्कारपूर्वक बस्छ, शिक्षा पनि परिपूर्णकारी हुन्न। आवुसो ! जो भिक्षु शास्ताप्रति अगौरव असत्कारपूर्वक बस्छ, शिक्षा पनि परिपूर्णकारी हुन्न त्यस्ताको कारणबाट सङ्घमा विवाद उत्पन्न हुन्छ। जसले गर्दा बहुजन अहित बहुजन असुख तथा अनर्थ भई देवमनुष्यको पनि अहित हुन्छ। आवुसो ! यस्तो विवाद मूललाई भित्र वा बाहिर देख्यौ भने आवुसो ! त्यहाँ तिमीहरूले त्यो पापक विवाद मूललाई हटाउने कोशिश गर्नुपर्छ। आवुसो ! यदि यस्तो पापक विवाद मूललाई भित्र वा बाहिर देख्दैनौ भने त्यहाँ तिमीहरूले सोही पापक विवाद मूललाई भविष्यमा उत्पन्न नहुने किसिमले काम गर्नुपर्छ। यसरी त्यो पापक विवाद मूलको प्रहाण हुनेछ। यसरी त्यो पापक विवाद मूल भविष्यमा उत्पन्न हुने छैन।"

"(ख) आवुसो ! फेरि भिक्षु मक्खी *(म्रक्षी=अर्काको गुण मेटाउने)* हुन्छ पलासी *(निष्ठुरस्वभाव)* ··· (ग) इर्ष्यालु हुन्छ मात्सरी··· (घ) शठी हुन्छ मायावी ··· (ङ) खराब इच्छाराख्ने हुन्छ मिथ्यादृष्टिक, ··· (च)

Downloaded from http://www.dhamma.digital

सन्दृष्टिपरामर्शी हुन्छ हठी दृष्टि नछोड्ने । आवुसो ! जो भिक्षु सन्दृष्टिपरामर्शी हठी दृष्टि नछोड्ने हुन्छ जो शास्ताप्रति अगौरव असत्कारपूर्वक बस्छ ··· यसरी त्यो पापक विवाद मूल भविष्यमा उत्पन्न हुने छैन ।"

(१६) "**छ धातुहरू** – पृथ्वीधातु, आप्धातु, तेजधातु, वायुधातु, आकाशधातु तथा विज्ञानधातु ।"

**३१. (१७) "छ निस्सरणीय धातुहरू** – (क) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ – 'मैले मैत्री चित्तविमुक्तिलाई भावित बहुलिकृत ··· गरेको छु । परन्तु मेरो चित्तलाई व्यापाद चित्तले समाति राख्छ ।' यस्तो भन्नेलाई 'यस्तो नभन' भनी भन्नुपर्छ । 'आयुष्मान् ! यस्तो नभन भगवान्लाई झूटो आरोप नलगाओ । भगवान्लाई झूटो आरोप लगाउनु राम्रो होइन । भगवान्ले यसो भन्नुभएको छैन । मैत्रीचित्त विमुक्तिलाई भावित बहुलिकृत ··· गर्नेको चित्तलाई व्यापाद चित्तले समात्छ भन्ने कुरा हुनै सक्तैन । आवुसो ! मैत्री चित्तविमुक्ति व्यापाद चित्तको निस्सरण *(विमुक्ति)* हो ।'"

"(ख) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ – 'मैले करुणाचित्त विमुक्तिलाई भावित बहुलिकृत ··· गरेको छु । परन्तु मेरो चित्तलाई विहिंसा चित्तले समाति राख्छ' । यस्तो भन्नेलाई 'यस्तो नभन' भनी भन्नुपर्छ । 'आयुष्मान् यस्तो नभन ··· भगवान्ले यसो भन्नुभएको छैन । करुणाचित्तविमुक्तिलाई भावित बहुलिकृत ··· गर्नेको चित्तलाई विहिंसा चित्तले समात्छ भन्ने कुरा हुनै सक्तैन । आवुसो ! करुणाचित्तविमुक्ति विहिंसाको निस्सरण *(विमुक्ति)* हो ।'"

"(ग) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ – 'मैले मुदिताचित्तविमुक्तिलाई भावित बहुलिकृत ··· गरेको छु । परन्तु मेरो चित्तलाई अरति चित्तले समातिराख्छ ।' यस्तो भन्नेलाई 'यस्तो नभन' भनी भन्नुपर्छ । 'आयुष्मान् ! यस्तो नभन ··· भगवान्ले यसो भन्नुभएको छैन । मुदिताचित्तविमुक्तिलाई भावित बहुलिकृत ··· गर्नेको चित्तलाई अरति चित्तले समात्छ भन्ने कुरा हुनै सक्तैन । आवुसो ! मुदिता चित्तविमुक्ति अरतिको निस्सरण हो ।'"

"(घ) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ – 'मैले उपेक्षा चित्तविमुक्तिलाई भावित बहुलिकृत ··· गरेको छु । परन्तु मेरो चित्तलाई रागचित्तले समातिराख्छ ।' यस्तो भन्नेलाई 'यस्तो नभन' भनी भन्नुपर्छ । 'आयुष्मान् ! यस्तो नभन ··· भगवान्ले यसो भन्नुभएको छैन । उपेक्षाचित्तविमुक्तिलाई भावित बहुलिकृत ··· गर्नेको चित्तलाई रागचित्तले समात्छ भन्ने कुरा हुनै सक्तैन । आवुसो ! उपेक्षाचित्तविमुक्ति रागको निस्सरण हो ।'"

"(ङ) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ – 'मैले अनिमित्त चित्तविमुक्तिलाई भावित बहुलिकृत ··· गरेको छु । परन्तु निमित्तानुसारी विज्ञान ममा हुन्छ ।' यस्तो भन्नेलाई 'यस्तो नभन' भनी भन्नुपर्छ । 'आयुष्मान् ! यस्तो नभन ··· भगवान्ले यसो भन्नुभएको छैन । अनिमित्तचित्तविमुक्तिलाई भावित बहुलिकृत ··· गर्नेको चित्तमा निमित्त चित्त हुन्छ भन्ने कुरा हुनै सक्तैन । आवुसो ! अनिमित्तचित्तविमुक्ति निमित्तको निस्सरण हो ।'"

"(च) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ – 'अस्मि' भन्ने भाव ममा छैन, 'यो म हुँ' *(अयमहममी)* भन्ने म देख्दिन । परन्तु मलाई सन्देहसहित कुरा गर्ने चित्तले समातिराखेको छ । यस्तो भन्नेलाई 'यस्तो नभन' भनी भन्नुपर्छ । 'आयुष्मान् ! यस्तो नभन ··· भगवान्ले नदेख्नेको चित्तलाई संदेहसहित चित्तले समात्छ भन्ने कुरा हुनै सक्तैन । आवुसो ! अस्मिमान नहुनु नै संदेहसहित कुरा गर्नेको निस्सरण हो ।'"

**३२. (१८) "छ अनुत्तरिय *(उत्तम)* हरू** – दर्शन-अनुत्तरिय, श्रवण-अनुत्तरिय, लाभ-अनुत्तरिय, शिक्षा-अनुत्तरिय, परिचर्या-अनुत्तरिय र अनुस्मृति-अनुत्तरिय ।"

Downloaded from http://www.dhamma.digital

(१९) **"छ अनुस्मृति स्थानहरू** – बुद्धानुस्मृति, धर्मानुस्मृति, सङ्घानुस्मृति, शीलानुस्मृति, त्यागानुस्मृति र देवतानुस्मृति ।"

३३. (२०) **"छ नित्यविहारहरू** *(सततविहार)* – आवुसो ! यहाँ भिक्षु चक्षुद्वारा रूपदेखी न सुमन हुन्छ न दुर्मन स्मृतिसम्प्रजन्य भई उपेक्षी भएर बस्छ । स्रोतद्वारा शब्द सुनी ··· मनद्वारा धर्म जानी न सुमन हुन्छ न दुर्मन स्मृतिसम्प्रजन्य भई उपेक्षी भएर बस्छ । स्रोतद्वारा शब्द सुनी ··· मनद्वारा धर्म जानी न सुमन हुन्छ न दुर्मन स्मृतिसम्प्रजन्य भई उपेक्षी भएर बस्छ ।"

३४.२१. **"छ अभिजाति** *(जन्म)* **हरू** – (क) आवुसो ! यहाँ केही नीच जातिक *(कण्हाभिजातिक)* भएर नीच *(कृष्ण)* धर्म गर्छ; (ख) आवुसो ! यहाँ केही नीच जातिक भएर शुक्ल *(असल)* धर्म गर्छ; (ग) आवुसो ! यहाँ केही नीच जातिक भएर अकृष्ण अशुक्ल निर्वाण प्राप्त हुने हुन्छ; (घ) आवुसो ! यहाँ केही असल जातिक *(सुक्काभिजातिक)* भएर शुक्ल *(असल)* धर्म गर्छ; (ङ) आवुसो ! यहाँ केही असल जातिक भएर कृष्ण *(कमसल)* धर्म गर्छ; (च) आवुसो ! यहाँ केही असल जातिक भएर अकृष्ण अशुक्ल निर्वाण प्राप्त हुने हुन्छ ।"

(२२) **"छ निर्वेधभागीय संज्ञाहरू** – अनित्यसंज्ञा, अनित्यमा दुःख संज्ञा, दुःखमा अनात्मसंज्ञा, प्रहाणसंज्ञा, विरागसंज्ञा र निरोधसंज्ञा ।"

" आवुसो ! ··· उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· बताउनुभएका छवटा धर्महरू यही हुन्"

## सातवटा धर्महरू

३५. 'आवुसो ! ··· उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· सातवटा धर्महरू बताउनुभएको छ । ··· कुन सातवटा धर्महरू ?'

(१) **"सप्त आर्यधनहरू** – श्रद्धाधन, शीलधन, ह्रीधन, ओत्तप्प *(भय र संकोच)* धन, श्रुतधन, त्यागधन र प्रज्ञाधन ।"

(२) **"सप्त बोध्यङ्गहरू** – स्मृतिसम्बोध्यङ्ग, धर्मविचयसम्बोध्यङ्ग, वीर्यसम्बोध्यङ्ग, प्रीतिसम्बोध्यङ्ग, प्रश्रब्धिसम्बोध्यङ्ग, समाधिसम्बोध्यङ्ग र उपेक्षासम्बोध्यङ्ग ।"

(३) **"सप्त समाधिपरिष्कारहरू** – सम्यक्दृष्टि, सम्यक्सङ्कल्प, सम्यक्वाचा, सम्यक्कर्मान्त, सम्यक्आजीव, सम्यक्व्यायाम र सम्यक्स्मृति ।"

(४) **"सप्त असद्धर्महरू** – आवुसो ! यहाँ भिक्षु अश्रद्धालु हुन्छ, निर्लज्जी हुन्छ, असंकोची हुन्छ *(अनोत्तप्पी)*, अल्पश्रुत हुन्छ, अल्छी हुन्छ, स्मृतिहीन हुन्छ र दुष्प्रज्ञ हुन्छ ।"

(५) **"सप्त सद्धर्महरू** – आवुसो ! यहाँ भिक्षु (क) श्रद्धालु हुन्छ, (ख) लज्जालु हुन्छ, (ग) संकोची हुन्छ, (घ) बहुश्रुत हुन्छ, (ङ) वीर्यवान् हुन्छ, (च) स्मृतिवान् हुन्छ र (छ) प्रज्ञावान् हुन्छ ।"

(६) **"सप्त सत्पुरुष धर्महरू** – आवुसो ! यहाँ भिक्षु (क) धर्मज्ञ हुन्छ, (ख) अर्थज्ञ हुन्छ, (ग) आत्मज्ञ हुन्छ, (घ) मात्रज्ञ हुन्छ, (ङ) कालज्ञ हुन्छ, (च) परिषद्ज्ञ हुन्छ र (छ) पुद्गलज्ञ हुन्छ ।"

३६.(७) **"सप्त निद्दसवस्तुहरू** – (क) आवुसो ! यहाँ भिक्षु शिक्षा समादान गर्नमा तीव्र इच्छा हुने हुन्छ र भविष्यमा पनि शिक्षा समादान गर्नमा प्रेम हटेको हुन्न; (ख) धर्मनिसन्तिमा *(विदर्शनामा)* तीव्र इच्छा हुने हुन्छ र भविष्यमा पनि धर्मनिसन्तिमा प्रेम हटेको हुन्न; (ग) तृष्णा हटाउनमा तीव्र इच्छा हुने

Downloaded from http://www.dhamma.digital

हुन्छ र भविष्यमा पनि तृष्णा हटाउनमा प्रेम हटेको हुन्न; (घ) एकान्त वासमा तीब्र इच्छा हुने हुन्छ र भविष्यमा पनि एकान्तवासमा प्रेम हटेको हुन्न; (ङ) वीर्यारम्भ गर्नुमा तीब्र इच्छा राख्ने हुन्छ र भविष्यमा पनि वीर्यारम्भ गर्नुमा प्रेम हटेको हुन्न; (च) स्मृति परिपाकमा तीब्र इच्छा हुने हुन्छ र भविष्यमा पनि स्मृति परिपाकमा प्रेम हटेको हुन्न तथा (ज) दृष्टि प्रतिवेधमा तीब्र इच्छा राख्ने हुन्छ र भविष्यमा पनि दृष्टि प्रतिवेधमा प्रेम हटेको हुन्न ।"

(८) "**सप्त संज्ञाहरू** – अनित्यसंज्ञा, अनात्मसंज्ञा, अशुभसंज्ञा, दुष्परिणाम *(आदीनव)* संज्ञा, प्रहाणसंज्ञा, विरागसंज्ञा र निरोधसंज्ञा ।"

(९) "**सप्त बलहरू** – श्रद्धाबल, वीर्यबल, ह्रीबल, ओत्तप्पबल, स्मृतिबल, समाधिबल र प्रज्ञाबल ।"

(१०) "**सप्त विज्ञान स्थितिहरू** – (१) आवुसो ! नानाकाय र नानासंज्ञा[७१८] हुने प्राणीहरू छन् । जस्तै – मनुष्यहरू, कुनै-कुनै श्रद्धानुसारी ।"

(११) "**सप्त अनुशयहरू** – कामराग-अनुशय, प्रतिघ-अनुशय, दृष्टि-अनुशय, विचिकित्सा-अनुशय, मान-अनुशय, भवराग-अनुशय र अविद्या-अनुशय ।"

(१२) "**सप्त संयोजनहरू** – अनुनय-संयोजन, प्रतिघ-संयोजन, दृष्टि-संयोजन, विचिकित्सा-संयोजन, मान-संयोजन, भवराग-संयोजन र अविद्या-संयोजन ।"

(१३) "**सप्त अधिकरण शमथ** ***(कलहशान्तिको उपाय)*** **हरू** – (१) उत्पन्न भएको अधिकरण *(झगडा)* लाई शमथ *(शान्त)* गर्नको निमित्त सम्मुख विनय दिनुपर्छ, (२) स्मृति-विनय दिनुपर्छ, (३) अमूढ-विनय दिनुपर्छ, (४) वचन लिएर *(पटिञ्ञाय)* गर्नुपर्छ, (५) येभुय्यसिका *(बहुमत)* द्वारा गर्नुपर्छ, (६) तस्सपापिय्यसिका *(उसले गरेको दोषको काम)* द्वारा गर्नुपर्छ र (७) तिणवत्थारक *(तृण बिच्छ्याउने जस्तो गरी)* द्वारा गर्नुपर्छ ।"

" आवुसो ! ··· उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· बताउनुभएका सातवटा धर्महरू यही हुन् ।"

**द्वितीय भाणवार समाप्त ।**

## आठवटा धर्महरू

३८. " आवुसो ! उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· आठवटा धर्महरू बताउनुभएको छ । ··· कुन आठवटा धर्महरू ?"

(१) "**आठ मिथ्यापनहरू** – मिथ्यादृष्टि, मिथ्यासङ्कल्प, मिथ्यावचन, मिथ्याकर्मान्त, मिथ्याआजीव, मिथ्याव्यायाम, मिथ्यास्मृति र मिथ्यासमाधि ।"

---

७१८ प्रतिसन्धिको बेलामा भिन्नाभिन्नै चेतना हुने भएकोले 'नानासंज्ञा' भनिएको हो । जस्तै – द्विहेतुकले पनि त्रिहेतुकले पनि तथा अहेतुकले पनि प्रतिसन्धि हुने भएकोले 'नानासंज्ञा' भनिएको हो । यहाँ 'संज्ञा' भनी 'प्रतिसन्धि संज्ञालाई' भनिएको हो । यहाँको बाँकी कुराहरु पृ. २२६ को पारा. ३३ मा हेर्नुहोला ।

Downloaded from http://www.dhamma.digital

(२) **"आठ सम्यकत्वहरू** – सम्यक्‌दृष्टि, सम्यक्‌संकल्प, सम्यक्‌वचन, सम्यक्‌कर्मान्त, सम्यक्‌आजीव, सम्यकव्यायाम, सम्यक्‌स्मृति र सम्यक्‌समाधि ।"

**(३) "आठ दक्षिणेय्य व्यक्तिहरू** – स्रोतापन्न, स्रोत्तापत्तिफल साक्षात्कार गर्नको निमित्त तत्पर रहने व्यक्ति, सकृदागामी, सकृदागामीफल साक्षात्कार गर्नको निमित्त तत्पर रहने व्यक्ति, अनागामी, अनागामीफल साक्षात्कार गर्नको निमित्त तत्पर रहने व्यक्ति, अरहत् र अरहत्‌फल साक्षात्कार गर्नको निमित्त तत्पर रहने व्यक्ति ।"

**३९. (४) "आठ आलस्यवस्तुहरू** – (क) आवुसो ! यहाँ भिक्षुको गर्नुपर्ने काम हुन्छ । उसलाई यस्तो लाग्छ – 'मैले काम गर्नुपर्ने छ । काम गर्दा शरीर थाकिने छ । अतः सुत्छु' भनी ऊ सुत्छ । अप्राप्त वस्तुको प्राप्तिको लागि, अनधिगत सत्यको अधिगमनको लागि र असाक्षात्कार नगरिएको सत्यलाई साक्षात्कार गर्नको लागि वीर्य *(कोशिस)* गर्दैन । यो पहिलो आलस्यवस्तु हो ।"

"(ख) आवुसो ! फेरि भिक्षुले काम गरेको हुन्छ । उसलाई यस्तो लाग्छ – 'मैले काम गरें । काम गर्दा मेरो शरीर थकित भयो । अतः म सुत्छु' भनी ऊ सुत्छ ··· वीर्य गर्दैन । यो दोस्रो आलस्यवस्तु हो ।"

"(ग) आवुसो ! फेरि भिक्षुले हिंड्‌नु परेको हुन्छ । उसलाई यस्तो लाग्छ – 'मलाई हिंड्‌नु छ । बाटो हिंड्‌दा मेरो शरीर थाक्ने छ । अतः सुत्छु' भनी ऊ सुत्छ ··· वीर्य गर्दैन । यो तेस्रो आलस्य वस्तु हो ।"

"(घ) आवुसो ! फेरि भिक्षु हिडिसकेको हुन्छ । उसलाई यस्तो लाग्छ – 'म बाटो हिडें । बाटो हिंड्‌दा मेरो शरीर थकित भयो । अतः म सुत्छु' भनी ऊ सुत्छ ··· वीर्य गर्दैन । यो चौथो आलस्यवस्तु हो ।"

"(ङ) आवुसो ! फेरि भिक्षु गाउँमा वा निगममा भिक्षाटन गर्दा असल वा कमसल पर्याप्तमात्रामा भिक्षा पाउँदैन । उसलाई यस्तो लाग्छ – 'गाउँ र निगममा भिक्षाटन गर्दा मैले असल वा कमसल भिक्षा पर्याप्तमात्रामा पाइन । यो मेरो शरीर थकित छ अकर्मण्य छ । अतः म सुत्छु' भनी ऊ सुत्छ ··· वीर्य गर्दैन । यो पाँचौं आलस्यवस्तु हो ।"

"(च) आवुसो ! फेरि भिक्षु गाउँमा वा निगममा भिक्षाटन गर्छ र उसले असल वा कमसल भिक्षा पर्याप्तमात्रामा पाउँछ । उसलाई यस्तो लाग्छ – 'गाउँ र निगममा भिक्षाटन गर्दा मलाई असल वा कमसल भिक्षा पर्याप्तमात्रामा प्राप्त भयो । यो मेरो शरीर भिजेको मास जस्तै गरुँगो छ । अतः म सुत्छु' भनी ऊ सुत्छ ··· वीर्य गर्दैन । यो छैटौं आलस्यवस्तु हो ।"

"(ज) आवुसो ! फेरि भिक्षुलाई अलिकता रोग उत्पन्न हुन्छ । उसलाई यस्तो लाग्छ – 'मलाई अतिकता रोग उत्पन्न भयो । लेटेर बस्नुपर्‍यो । म सुत्छु' भनी ऊ सुत्छ ··· वीर्य गर्दैन । यो सातौं आलस्यवस्तु हो ।"

"(८) आवुसो ! फेरि भिक्षु रोगबाट भर्खरै उठेको हुन्छ । उसलाई यस्तो लाग्छ – 'म भर्खरै रोगबाट उठेको छु । मेरो शरीर दुर्बल छ अकर्मण्य छ । अतः म सुत्छु' भनी ऊ सुत्छ ··· वीर्य गर्दैन । यो आठौं आलस्यवस्तु हो ।"

**४०. (५) "आठ आरम्भवस्तुहरू** – (क) आवुसो ! यहाँ भिक्षुलाई काम गर्नुपर्ने हुन्छ । उसलाई यस्तो लाग्छ – 'मैले काम गर्नुपर्ने हुनेछ । काम गर्ने मैले बुद्धशासनलाई मनमा राख्न सक्ने छैन । अतः

Downloaded from http://www.dhamma.digital

प्राप्त नभएको प्राप्त गर्नको निमित्त, अधिगमन नगरेको अधिगमन गर्नको निमित्त, साक्षात्कार नगरेको साक्षात्कार गर्नको निमित्त मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो पहिलो आरम्भ हो।"

"(ख) आवुसो ! फेरि भिक्षुले काम गरिसकेको हुन्छ। उसलाई यस्तो लाग्छ – 'मैले काम गरि सकें। काम गर्ने मैले बुद्धशासनलाई मनमा राख्न सक्ने छैन। अतः ··· मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो दोस्रो आरम्भ हो।"

"(ग) आवुसो ! फेरि भिक्षुले बाटो हिंड्नुपर्ने हुन्छ। उसलाई यस्तो लाग्छ – 'मैले बाटो हिंड्नुपर्ने छ। बाटो हिड्ने मैले बुद्धशासनलाई मनमा राख्न सक्ने छैन। अतः ··· मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो तेस्रो आरम्भ हो।"

"(घ) आवुसो ! फेरि भिक्षुले बाटो हिडिसकेको हुन्छ। उसलाई यस्तो लाग्छ – 'मैले बाटो हिडि सकें। बाटोमा हिंड्ने मैले बुद्धशासनलाई मनमा राख्न सक्ने छैन। अतः ··· मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो चौथो आरम्भ हो।"

"(ङ) आवुसो ! फेरि भिक्षु गाउँ वा निगममा भिक्षाटन गर्दा उसले असल वा कमसल भिक्षा पर्याप्त मात्रामा पाउँदैन। अनि उसलाई यस्तो लाग्छ – 'म गाउँ र निगममा भिक्षाटन जाँदा मैले पर्याप्त मात्रामा भिक्षा पाइन। त्यो मेरो शरीर हलुंगो र कर्मण्य छ। अतः ··· मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो पाँचौं आरम्भ हो।"

"(च) आवुसो ! फेरि भिक्षु गाउँ वा निगममा भिक्षाटन गर्दा उसले असल वा कमसल भिक्षा पर्याप्त मात्रामा पाउँछ। अनि उसलाई यस्तो लाग्छ – 'म गाउँ र निगममा भिक्षाटन जाँदा मैले पर्याप्त मात्रामा भिक्षा पाएँ। त्यो मेरो शरीर बलवान् कर्मण्य छ। अतः ··· मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो छैटौं आरम्भ हो।"

"(छ) आवुसो ! फेरि भिक्षुलाई थोरै आवाघ उत्पन्न हुन्छ। उसलाई यस्तो लाग्छ – 'मलाई थोरै आबाघ उत्पन्न भयो। यो मेरो आबाघ बढ्ने सम्भव छ। अतः ··· मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो सातौं आरम्भ हो।"

"(ज) आवुसो ! फेरि भिक्षु भर्खरै आबाधबाट उठेको हुन्छ। उसलाई यस्तो लाग्छ – 'म भर्खरै आबाधबाट उठेको छु। यो मेरो आबाध फेरि आउन सक्छ। अतः ··· मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो आठौं आरम्भ हो।"

४१. (६) "**आठ दानवस्तहरू** – (क) दान लिन आउनेलाई अविलम्ब दान दिन्छ *(आसज्ज)*, (ख) भयको कारणले *(निन्दा गर्ला भन्ने भयले)* दान दिन्छ, (ग) 'दान दियो' भनाउन दान दिन्छ, (घ) 'मलाई पछि केही दिनेछ' भन्ने विचारले *(दस्सतिमे)* दान दिन्छ, (ङ) 'दान दिनु राम्रो हो' भनी दान दिन्छ *(साहुदानं)*, (च) 'म पकाउँछु यिनीहरू पकाउँदैन न पकाउनेलाई दान नदिनु उचित छैन' भनी दान दिन्छ, (छ) 'यो दान दिंदा कल्याण कीर्ति शब्द फैलिने छ' भनी दान दिन्छ, र चित्त अलंकारको निमित्त र (ज) चित्त परिष्कारको निमित्त दान दिन्छ।"

४२. (७) "**आठ दान उत्पत्तिहरू** – *(दानको कारणले उत्पन्न हुने अर्को लोक)* – (क) आवुसो ! यहाँ कसैले श्रमण-ब्राह्मणलाई अन्न, पान, वस्त्र, यान, मालागन्धविलेपन, शय्या, वासस्थान र प्रदीप दान दिन्छ। उसले जे दान दिन्छ त्यसको प्रतीक्षा गर्छ। ऊ क्षत्रीमहाशाल वा ब्राह्मणमहाशाल वा गृहस्थीमहाशाल पञ्चकामगुणहरूले युक्त भई बसेको देख्छ। अनि उसलाई यस्तो लाग्छ – 'अहो ! मृत्युपछि म पनि क्षत्रीमहाशाल ··· सँग उत्पन्न हुन पाए हुन्थ्यो।' उसले त्यस चित्तलाई राख्छ, त्यसैको

Downloaded from http://www.dhamma.digital

अधिष्ठान गर्छ र त्यही चित्तलाई वृद्धि गर्छ । त्यसको त्यो चित्त हीनतामा आबद्ध हुन्छ । माथिल्लो स्थानको लागि वृद्धि नगरी त्यसैमा उत्पन्न हुन्छ । शीलवान् त्यस्तो हुन्छ दुश्शील हुन्न भनी म भन्दछु । आवुसो ! विशुद्धताको कारणले गर्दा शीलवान्को चित्त प्रणिधि सफल हुन्छ ।"

"(ख) आवुसो ! फेरि यहाँ कसैले ··· दान दिन्छ । उसले जो दिन्छ त्यसको प्रतीक्षा गर्छ । उसले सुनेको हुन्छ कि चातुर्महाराजिक देवताहरू दीर्घायु, वर्णवान् र धेरै सुख हुने हुन्छन् । अनि उसलाई यस्तो लाग्छ – 'अहो मृत्युपछि म पनि चातुर्महाराजिक देवताहरूसँग उत्पन्न हुन पाए हुन्थ्यो ।' उसले त्यस चित्तलाई राख्छ, त्यसैको अधिष्ठान गर्छ र ··· त्यसैमा उत्पन्न हुन्छ । ··· शीलवान्को चित्तप्रणिधि सफल हुन्छ ।"

"(ग) आवुसो ! फेरि यहाँ कसैले ··· दान दिन्छ । उसले जो दिन्छ त्यसको प्रतीक्षा गर्छ । उसले सुनेको हुन्छ कि त्रयस्त्रिंदश देवताहरू ··· (घ) यामा देवताहरू ··· (ङ) तुषित देवताहरू ··· (च) निर्माणरहित देवताहरू ··· (छ) परनिर्मितवशवर्ति देवताहरू दीर्घायु वर्णवान् र धेरै सुख हुने हुन्छन् । अनि उसलाई यस्तो लाग्छ – 'अहो ! मृत्युपछि म पनि त्रयस्त्रिंश देवताहरू ··· निर्माणरति देवताहरूसँग उत्पन्न हुन पाए हुन्थ्यो ।' उसले त्यस चित्तलाई राख्छ, त्यसैको अधिष्ठान गर्छ र ··· त्यसैमा उत्पन्न हुन्छ ··· शीलवान्को चित्तप्रणिधि सफल हुन्छ ।"

"(ज) आवुसो ! फेरि यहाँ कसैले ··· दान दिन्छ । उसले जो दिन्छ त्यसको प्रतीक्षा गर्छ । उसले सुनेको हुन्छ कि ब्रह्मकायिक देवताहरू दीर्घायु वर्णवान् र धेरै सुख हुने हुन्छन् । अनि उसलाई यस्तो लाग्छ – 'अहो ! मृत्युपछि म पनि ब्रह्मकायिक देवताहरूसँग उत्पन्न हुन पाए हुन्थ्यो ।' उसले त्यस चित्तलाई राख्छ त्यसैको अधिष्ठान गर्छ र ··· त्यसैमा उत्पन्न हुन्छ । शीलवान् त्यस्तो हुन्छ दुश्शील हुन्न भनी म भन्दछु वीतरागी त्यस्तो हुन्छ सरागी होइन । वीतरागी भएकोले शीलवान्को चित्तप्रणिधि सफल हुन्छ ।"

(८) "**आठ परिषद्हरू** – क्षत्री परिषद्, ब्राह्मण परिषद्, गृहपति परिषद्, श्रमण परिषद्, चातुर्महाराजिक परिषद्, त्रयस्त्रिंश परिषद्, मार परिषद् र ब्रह्म परिषद् ।"

४३. (१०) "**आठ अभिभ्वायतनहरू** – एक *(भिक्षु)* ले आफुमा *(अज्झत्तं)* रूपसंज्ञी भई बाहिरका राम्रा नराम्रा अल्प रूपहरू देख्छ । 'तिनीहरू *(ती रूपहरू)* लाई अभिभूत *(मर्दन)* गरी जान्नसक्छु देख्न सक्छु' भन्ने संज्ञी हुन्छ । यो पहिलो अभिभ्वायतन हो ।"

*(यहाँका बाँकी कुराहरू माथि पृ २५५ मा उल्लेख भएको हुँदा उहीं हेर्नु होला ।)*

४४. (११) "**आठ विमोक्षहरू** – रूपमा रूप देख्छ । यो पहिलो विमोक्ष हो । जस्तै – देवता[७१९] र कुनै-कुनै विनिपातिकाहरू[७२०] । यो पहिलो विज्ञानस्थिति हो ।"

"आवुसो ! नानाकाय र एकत्त्वसंज्ञा[७२१] हुने प्राणीहरू छन् । जस्तै – प्रथमध्यानबाट उत्पन्न भएका ब्रह्मकायिक देवताहरू । यो दोस्रो विज्ञानस्थिति हो ।"

---

७१९ 'कुनै-कुनै देवता' भनी कामावचर देवताहरूलाई भनिएको हो ।

७२० 'विनिपाती' भनी वेमानित प्रेतहरूलाई भनिएको हो ।

७२१ सबै ब्रह्मकायिक देवताहरूका आकृति भिन्नाभिन्नै भएता पनि ती सबै प्रथमध्यानको प्रभावले ब्रह्मलोकमा उत्पन्न भएका हुन् । त्यसैले 'एकत्त्वसंज्ञा' भनिएको हो । अर्थात् उत्पन्न हुने बेलामा सबै ब्रह्मकायिकहरू प्रथमध्यान चेतनाले उत्पन्न भएका हुन् । त्यसैले 'एकत्त्वसंज्ञा' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

"आवुसो ! एकत्त्व काय र नानात्त्वसंज्ञा[७२२] हुने प्राणीहरू छन् । जस्तै – आभास्वर देवता । यो तेस्रो विज्ञानस्थिति हो ।"

"आवुसो ! एकत्त्व काय र एकत्त्वसंज्ञा[७२३] हुने प्राणीहरू पनि छन् । जस्तै – शुभकृत्स्न देवता । यो चौथो विज्ञानस्थिति हो ।"

"आवुसो ! सर्वतो रूपसंज्ञालाई अतिक्रमण गरी प्रतिघसंज्ञालाई अन्तगरी नानात्त्वसंज्ञालाई मनस्कार नगरी 'अनन्त आकाश' भनी आकाशानन्त्यायतनमा पुग्ने प्राणीहरू पनि छन् । यो पाँचौ विज्ञानस्थिति हो ।"

"आवुसो ! सर्वतो आकाशानन्त्यायतनलाई अतिक्रमण गरी 'अनन्त विज्ञान' भनी विज्ञानन्त्यायतनमा पुग्ने प्राणीहरू पनि छन् । यो छैठौं विज्ञानस्थिति हो ।"

"आवुसो ! सर्वतो विज्ञानन्त्यायतनलाई अतिक्रमण गरी 'केही छैन' भनी आकिञ्चन्यायतनमा पुग्ने प्राणीहरू पनि छन् । यो सातौं विज्ञानस्थिति हो । "

"आवुसो ! सबै प्रकारले नैवसंज्ञानासंज्ञायतनलाई समतिक्रम गरी 'संज्ञावेदयित' *(समापत्ति)* प्राप्त गरी विहार गर्छ – यो आठौं विमोक्ष हो । आवुसो ! यही नै आठ विमोक्षहरु हुन् ।"

"आवुसो ! ··· उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· बताउनुभएका आठवटा धर्महरू यही हुन् ।"

## नौवटा धर्महरू

४५. "आवुसो ! ··· उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ··· नौवटा धर्महरू बताउनुभएको छ । ··· कुन नौवटा धर्महरू ?"

**(१) "नौवटा आघात वस्तुहरू** – (क) मेरो अनर्थ गऱ्यो भनी आघात राख्छ । (ख) मेरो अनर्थको काम गर्दैछ ··· (ग) मेरो अनर्थको निमित्त काम गर्नेछ ···, (घ) मेरो प्रिय मनाप हुनेलाई अनर्थ गऱ्यो ···, (ङ) मेरो प्रिय मनाप हुनेलाई अनर्थ गर्दैछ ··· , (च) मेरो प्रिय मनाप हुनेलाई अनर्थ गर्नेछ ··· , (छ) मेरो अप्रिय अमनाप हुनेलाई हित गऱ्यौ ··· , (ज) मेरो अप्रिय अमनाप हुनेलाई हित गर्दैछ ··· , (झ) मेरा अप्रिय अमनाप हुनेलाई हित गर्ने छ भनी आघात राख्दछ ।"

(२) **"नौवटा आघात प्रतिविनयहरू** ***(बदला लिने भावनालाई मनबाट हटाउने)*** – (क) 'मेरो अनर्थ गऱ्यो त बदलामा मैले पनि अनर्थ गरेर के पाउनेछु र' भनी आघातलाई हटाउँछ । (ख) 'मेरो अनर्थ गर्दैछ त बदलामा मैले पनि अनर्थ गरेर के पाउनेछु र' भनी आघातलाई हटाउँछ । (ग) मेरो अनर्थ गर्नेछ त बदलामा मैले पनि अनर्थ गरेर के पाउनेछु र भनी आघातलाई हटाउँछ । (घ) 'मेरो प्रियमनाप हुनेको अनर्थ गऱ्यो त ··· (ङ) अनर्थ गर्दैछ त ··· (च) अनर्थ गर्नेछ त बदलामा मैले पनि अनर्थ गरेर

७२२ शरीराकृति समान भए पनि ध्यानको दृष्टिले द्वितीय वा तृतीयध्यानद्वारा आभास्वर देवलोकमा उत्पन्न हुने भएकोलेध्यानको अवितर्क विचार र वितर्क अविचार अङ्गको हिसाबले यहाँ 'नानात्त्वसंज्ञा' भनिएको हो ।

७२३ चतुर्थध्यानबाट हुने शुभकृत्स्न देवताहरूको सम्बन्धमा यहाँ 'एकत्त्वकाय र एकत्त्व संज्ञा' भनिएको हो । अर्थात् चतुर्थध्यान संज्ञा एउटै भएकोले त्यसो भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

के पाउनेछु र' भनी आघातलाई हटाउँछ। (छ) 'मेरो अप्रिय अमनाप हुनेको अर्थ गऱ्यो त ··· (ज) अर्थ गर्दैछ त ··· (झ) अर्थ गर्नेछ त किन मैले अनर्थ गर्ने र' भनी आघातलाई हटाउँछ।"

४६. (३) **"नवसत्त्वावासहरू** – (क) आवुसो ! त्यस्ता सत्त्व प्राणीहरू पनि छन् जसको नानाकाय र नानासंज्ञा हुन्छन्। जस्तै – मनुष्यहरू, कुनै-कुनै देवताहरू तथा कुनै-कुनै विनिपातिकहरू। यो पहिलो सत्त्वावास हो।"

"(ख) आवुसो ! त्यस्ता सत्त्व प्राणीहरू पनि छन् जसको नानात्त्वकाय र एकत्त्वसंज्ञा हुन्छन्। जस्तै – प्रथम उत्पन्न ब्रह्मकायिकहरू। यो दोस्रो सत्त्वावास हो।"

"(ग) आवुसो ! त्यस्ता सत्त्व प्राणीहरू पनि छन् जसको एकत्त्वकाय र नानात्त्वसंज्ञा हुन्छन्। जस्तै – आभास्वर देवताहरू। यो तेस्रो सत्त्वावास हो।"

"(घ) आवुसो ! त्यस्ता सत्त्व प्राणीहरू पनि छन् जसको एकत्त्वकाय र एकत्त्वसंज्ञा हुन्छन्। जस्तै – शुभकृत्स्न देवताहरू। यो चौथो सत्त्वावास हो।"

"(ङ) आवुसो ! त्यस्ता सत्त्व प्राणीहरू पनि छन् जसको संज्ञा हुँदैन र प्रतिवेदन पनि हुँदैन। जस्तै – असंज्ञासत्त्वहरू। यी पाँचौ सत्त्वावास हो।"

"(च) आवुसो ! त्यस्ता सत्त्व प्राणीहरू पनि छन् जो सबै रूपसंज्ञालाई अतिक्रमण गरी प्रतिघसंज्ञालाई अस्तगमन गरी नानात्त्वसंज्ञालाई मनस्कार नगरी 'अनन्त आकाश' भनी आकाशानन्त्यायतनमा बस्ने यो छैटौं सत्त्वावास हो।"

"(छ) आवुसो ! त्यस्ता सत्त्व प्राणीहरू पनि छन् जो सर्वतो आकाशानन्त्यायतनलाई अतिक्रमण गरी 'अनन्त विज्ञान' भनी विज्ञानन्त्यायतनमा बस्ने। यो सातौं सत्त्वावास हो।"

"(ज) आवुसो ! त्यस्ता सत्त्व प्राणीहरू पनि छन् जो सर्वतो आकिञ्चन्यायतनलाई अतिक्रमण गरी 'केही छैन' भनी आकिञ्चन्यायतनमा बस्ने। यो आठौं सत्त्वावास हो।"

"(झ) आवुसो ! त्यस्ता सत्त्व प्राणीहरू पनि छन् जो सर्वतो आकिञ्चन्यायतनलाई अतिक्रमण गरी नैवसंज्ञानासंज्ञायतनमा बस्ने। यो नवौं सत्त्वावास हो।"

(४) **"ब्रह्मचर्यवास गर्नको निमित्त नौवटा अक्षण** *(अयोग्य अवस्था)* हरू – (क) आवुसो ! यहाँ तथागत् अरहत् सम्यक्सम्बुद्ध लोकमा उत्पन्न भएको हुन्छ। उपसमनको निमित्त, परिनिर्वाणको निमित्त, सम्बोधिको निमित्त तथा सुगत प्रवेदित धर्म पनि देशना गरिएको हुन्छ। *(तर त्यसबखत)* यो पुरुष नरकमा उत्पन्न भएको हुन्छ। ब्रह्मचर्यवास गर्नको निमित्त यो पहिलो अक्षण *(अयोग्य अवस्था)* समय हो।"

"(ख) आवुसो ! फेरि यहाँ तथागत ··· उत्पन्न भएको हुन्छ। उपशमनको निमित्त ··· धर्म पनि देशना गरिएको हुन्छ। *(तर त्यसबखत)* यो पुरुष तिर्यक्-योनिमा उत्पन्न भएको हुन्छ। ··· यो दोस्रो अक्षण समय हो।"

"(ग) आवुसो ! फेरि ··· प्रेत-योनिमा उत्पन्न भएको हुन्छ। ··· यो तेस्रो अक्षण समय हो।"

"(घ) आवुसो ! फेरि ··· असुर-योनिमा उत्पन्न भएको हुन्छ। ··· यो चौथो अक्षण समय हो।"

Downloaded from http://www.dhamma.digital

"(ङ) आवुसो ! फेरि ⋯ कुनै दीर्घायु देवयोनिमा उत्पन्न भएको हुन्छ । ⋯ यो पाँचौं अक्षण समय हो ।"

"(च) आवुसो ! फेरि ⋯ प्रत्यन्त जनपदमा *(मध्यदेश भन्दा बाहिर)* अपण्डित म्लेच्छजातिमा उत्पन्न भएको हुन्छ । जहाँ भिक्षु भिक्षुणी, उपासक र उपासिकाहरूको गति *(बसोबास)* हुन्न । ⋯ यो छैटौं अक्षण समय हो ।"

"(छ) आवुसो ! फेरि ⋯ मध्यदेशमा उत्पन्न भएको हुन्छ परन्तु 'दानको कुनै फल छैन, यज्ञको कुनै फल छैन, हवनको कुनै फल छैन सुकृत्य दुष्कृत्य कर्मको कुनै फल छैन, यो लोक छैन, परलोक छैन, आमा छैन, बाबु छैन, औपपातिक प्राणीहरू छैनन्, लोकमा सम्यक् मार्गमा लागी जसले यस लोकलाई परलोकलाई स्वयं ज्ञान गरी भन्न सक्ने कुनै छैन भन्ने विपरीत मिथ्यादृष्टि हुने हुन्छ । ⋯ यो सातौं अक्षण समय हो ।'"

"(ज) आवुसो ! फेरि ⋯ मध्य देशमा उत्पन्न भएको हुन्छ तर ऊ बाखा जस्तै लाटो दुष्प्रज्ञ हुन्छ र सुभाषित दुर्भाषितको अर्थ बुझ्न सक्तैन । ⋯ यो आठौं अक्षण समय हो ।"

"(झ) आवुसो ! फेरि तथागत अरहत् सम्यक्सम्बुद्ध लोकमा उत्पन्न भएको हुन्छ तर उपशमनको निमित्त, परिनिर्वाणको निमित्त, सम्बोधिको निमित्त तथा सुगत प्रतिवेदन धर्मदेशना गरिएको हुन्न । यो पुरुष भन्ने मध्यदेशमा उत्पन्न भएको हुन्छ । ऊ बाखा जस्तै लाटो दुष्प्रज्ञ हुन्न, सुभाषित र दुर्भाषितको अर्थ बुझ्न सक्ने हुन्छ । ब्रह्मचर्यवासको निमित्त यो नवौं अक्षण *(अयोग्य)* हो ।"

४८. (६) "**नौ अनुपूर्व विहारहरू** – आवुसो ! यहाँ भिक्षु कामविषयबाट अलग भई अकुशलधर्मबाट अलग भई सवितर्क सविचार भएको विवेकज *(समाधिज)* प्रीतिसुखयुक्त प्रथमध्यान प्राप्त गरी बस्छ । ⋯ द्वितीयध्यान प्राप्त गरी बस्छ, ⋯ तृतीयध्यान प्राप्त गरी बस्छ, ⋯ चतुर्थध्यान प्राप्त गरी बस्छ, ⋯ आकाशानन्त्यायतन *(समापत्ति)* ⋯ प्राप्त गरी बस्छ, ⋯ विज्ञानन्त्यायतन *(समापत्ति)* प्राप्त गरी बस्छ, आकिञ्चन्यायतन *(समापत्ति)* प्राप्त गरी बस्छ, ⋯ नैवसंज्ञानासंज्ञायतन *(समापत्ति)* प्राप्त गरी बस्छ, ⋯ संज्ञावेदयित निरोध *(समापत्ति)* प्राप्त गरी बस्छ ।"

४९. (६) "**नौ अनुपूर्व निरोधहरू** – (१) प्रथमध्यानमा बस्नेको कामसंज्ञा निरुद्ध हुन्छ, (२) द्वितीयध्यानमा बस्नेको वितर्क विचार निरुद्ध हुन्छ, (३) तृतीयध्यानमा बस्नेको प्रीति निरुद्ध हुन्छ, (४) चतुर्थध्यानमा बस्नेको आश्वास प्रश्वास निरुद्ध हुन्छ, (५) आकाशानन्त्यायतन समाधिमा बस्नेको रूपसंज्ञा निरुद्ध हुन्छ, (६) विज्ञानन्त्यायतन समाधिमा बस्नेको आकाशानन्त्यायतन संज्ञा निरुद्ध हुन्छ, (७) आकिञ्चन्यायतन समाधिमा बस्नेको विज्ञानन्त्यायतन संज्ञा निरुद्ध हुन्छ, (८) नैवसंज्ञानासंज्ञायतन समाधिमा बस्नेको आकिञ्चन्यायतन संज्ञा निरुद्ध हुन्छ र (९) संज्ञावेदयित निरोध समाधिमा बस्नेको संज्ञा र वेदना निरुद्ध हुन्छ ।"

" आवुसो ! ⋯ उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ⋯ बताउनुभएका नौवटा धर्महरू यही हुन् ।"

## दशवटा धर्महरू

५०. " आवुसो ! यहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले ⋯ दशवटा धर्महरू बताउनुभएको छ । ⋯ कुन दशवटा धर्महरू ?"

Downloaded from http://www.dhamma.digital

१. "**दश नाथकरण *(रक्षा गर्ने)* धर्महरू** – (क) आवुसो ! यहाँ भिक्षु शीलवान् प्रातिमोक्ष संयमी हुन्छ र आचार गोचर सम्पन्न शिक्षापदलाई समादान गरी अणुमात्र दोषमा पनि भयदर्शी हुन्छ । आवुसो ! जो भिक्षु शीलसम्पन्न प्रातिमोक्ष संयमी भई आचार गोचर सम्पन्न शिक्षापदलाई समादान गरी अणुमात्र दोषमा पनि भयदर्शी हुन्छ – यो पनि नाथकरण धर्म हो ।"

"(ख) आवुसो ! फेरि भिक्षु बहुश्रुत, श्रुतधर र श्रुतसन्निचय हुन्छ । जुन यी आदिकल्याण, मध्यकल्याण, पर्यवसानकल्याण, सार्थक सव्यञ्जन केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्यको प्रकाश पार्छ त्यस्ता धर्म धेरै सुनेको हुन्छ, धारण गरेको हुन्छ, वचनमा परिचित हुन्छ, मनले देखेको हुन्छ, दृष्टिले सुप्रतिविद्ध गरेको हुन्छ । आवुसो ! जो भिक्षु बहुश्रुत हुन्छ – यो पनि नाथकरण धर्म हो ।"

"(ग) आवुसो ! फेरि भिक्षु कल्याणमित्र र कल्याण-सहायक हुन्छ । कल्याणमित्रतातिर लाग्छ । आवुसो ! जो भिक्षु कल्याणमित्र हुन्छ – यो पनि नाथकरण धर्म हो ।"

"(घ) आवुसो ! फेरि सुवची हुन्छ, सुवचताधर्म सम्पन्न हुन्छ र अनुशासन प्रदक्षिणाग्राही हुन्छ । आवुसो ! जो भिक्षु सुवची हुन्छ – यो पनि नाथकरण धर्म हो ।"

"(ङ) आवुसो ! फेरि भिक्षु सब्रह्मचारीप्रति जो साना वा ठूला कामहरू गर्नुपर्ने हुन् तिनीहरू के कसरी गर्नुपर्छ भन्ने हुन्छ, ती कार्यहरूमा दक्ष हुन्छ, निरालसी हुन्छ, तिनीहरूमा उपाय कौशल हुन्छ र गर्न समर्थ हुन्छ । आवुसो ! जो भिक्षु सब्रह्मचारीप्रति ··· के कसरी गर्नुपर्छ भन्ने हुन्छ – यो पनि नाथकरण धर्म हो ।"

"(च) आवुसो ! फेरि भिक्षु अभिधर्म, अभिविनयमा धर्मकामी *(धर्मेच्छुक)* हुन्छ, प्रियसमुदाहारी हुन्छ *(अरूले देशना गरेको धर्मलाई सम्मानपूर्वक सुन्छ र आफूले पनि उपदेश गर्न चाहन्छ)* र बडो प्रसन्न हुन्छ । आवुसो ! जो भिक्षु ··· बडो प्रसन्न हुन्छ – यो पनि नाथकरण धर्म हो ।"

"(छ) आवुसो ! फेरि जुनसुकै चीवर पिण्डपात्र शयनासन ग्लानप्रत्यक्षद्वारा भिक्षु सन्तुष्ट हुन्छ । आवुसो ! जो भिक्षु ··· सन्तुष्ट हुन्छ – यो पनि नाथकरण धर्म हो ।"

"(ज) आवुसो ! फेरि अकुशल धर्मलाई प्रहाण गर्नको निमित्त र कुशल धर्मलाई प्राप्त गर्नको निमित्त – आरब्ध वीर्यवान् भई बलवान् दृढपराक्रमी भई कुशलधर्महरूमा उत्साह नछोड्ने भिक्षु हुन्छ । आवुसो ! जो कुशलधर्महरूमा उत्साह नछोडन् भिक्षु हुन्छ – यो पनि नाथकरण धर्म हो ।"

"(झ) आवुसो ! फेरि भिक्षु स्मृतिवान् हुन्छ, अत्यन्त स्मृतिप्रज्ञाले युक्त हुन्छ र धेरै अघि गरेको र भनेको कुरालाई पनि स्मरण गर्ने हुन्छ । आवुसो ! जो भिक्षु ··· स्मृतिवान् हुन्छ – यो पनि नाथकरण धर्म हो ।"

"(ञ) आवुसो ! फेरि भिक्षु प्रज्ञावान् हुन्छ र उदय व्ययगामिनि प्रज्ञाले आर्यनिर्वेध भागीय सम्यक् दुःख क्षयगामिनी प्रज्ञाले युक्त हुन्छ । आवुसो ! जो भिक्षु ··· प्रज्ञावान् हुन्छ – यो पनि नाथकरण धर्म हो ।"

५१. (२) "**दश कसिणायतनहरू** – एक पुरुष माथि तल तेर्सो अद्वय र अप्रमाण पृथ्वीकसिण जान्दछ, आप्कसिण जान्दछ, तेजकसिण जान्दछ, वायुकसिण जान्दछ, नीलकसिण जान्दछ, पीतकसिण जान्दछ, लोहितकसिण जान्दछ, सेतोकसिण जान्दछ, आकाशकसिण जान्दछ र विज्ञानकसिण जान्दछ ।"

(३) "**दश अकुशल कर्मपथहरू** – प्राणातिपात, अदिन्नादान, काममिथ्याचार, मृषावाद, पैशुन्यवाचा, परुषवाचा, सम्प्रदाय, अभिध्या, व्यापाद र मिथ्यादृष्टि ।"

Downloaded from http://www.dhamma.digital

५२. (४) "**दश कुशल धर्मपथहरू** – प्राणातिपातबाट विरति, अदिन्नादानबाट विरति, काममिथ्याचारबाट विरति, मृषावादबाट विरति, पैशुन्यवाचाबाट विरति, परुषवाचाबाट विरति, सम्प्रलापबाट विरति, अनभिध्या, अव्यापाद र सम्यक्दृष्टि ।"

५३. (५) "**दश आर्यवासहरू** – (क) आवुसो ! यहाँ भिक्षु पाँच अङ्गले विप्रहीण हुन्छ, (ख) छ अङ्गले युक्त हुन्छ, (ग) एक रक्षा गर्ने हुन्छ, (घ) चार अप्रश्रयण, (ङ) पणुन्न प्रत्येक सत्य *(विभिन्न मतको आग्रहलाई पूर्णतया त्याग्ने)*, (च) समवयसेट्ठसना *(राम्रोसँग खोजि हटेको)*, (छ) अनाविलसंकल्प *(मलिन संकल्प नभएको)* , (ज) कायसंस्कार प्रशब्ध भएको हुन्छ, (झ) सुविमुक्त चित्त हुन्छ र (ञ) सुविमुक्त प्राज्ञी हुन्छ ।"

"(क) आवुसो ! कसरी भिक्षु पाँच अङ्गले प्रहीण हुन्छ ? आवुसो ! यहाँ भिक्षुको कामच्छन्द प्रहीण भएको हुन्छ, व्यापादच्छन्द प्रहीण भएको हुन्छ, थीनमिद्ध प्रहीण भएको हुन्छ, उद्धच्च कुक्कुच्च प्रहीण भएको हुन्छ र विचिकित्सा प्रहीण भएको हुन्छ । आवुसो ! यसरी भिक्षु पाँच अङ्गले प्रहीण हुन्छ । (ख) आवुसो ! कसरी भिक्षु छ अङ्गले युक्त हुन्छ ? आवुसो ! यहाँ भिक्षु चक्षुले रूप देखेर न सुमन हुन्छ न दुर्मन – स्मृति सम्प्रजन्य भई उपेक्षी भई बस्छ । स्रोतले शब्द सुनेर ⋯ पूर्ववत् ⋯ मनले धर्म बुझेर न सुमन हुन्छ न दुर्मन – स्मृति सम्प्रजन्य भई उपेक्षी भई बस्छ । आवुसो ! यसरी भिक्षु छ अङ्गले युक्त हुन्छ । (ग) आवुसो ! कसरी भिक्षु एक रक्षा गर्ने हुन्छ ? आवुसो ! यहाँ भिक्षु स्मृतिरक्षा भएको चित्तले युक्त हुन्छ । आवुसो ! यसरी यहाँ भिक्षु एक रक्षा गर्ने हुन्छ । (घ) आवुसो ! कसरी भिक्षु चार अपश्रयण गर्छ ? आवुसो ! यहाँ भिक्षु विचार गरी एउटा सेवन गर्छ, विचार गरी एउटा स्वीकार्छ, विचार गरी एउटा हटाउँछ र विचार गरी एउटालाई अलग गर्छ । आवुसो ! यसरी भिक्षु चार अपश्रयण गर्छ । (ङ) आवुसो ! कसरी भिक्षु पणुन्न प्रत्येक सत्य हुन्छ ? आवुसो ! यहाँ भिक्षु जो त्यो पृथक् श्रमण ब्राह्मणहरूको पृथक् सत्यहरू हुन् ती सबै व्यक्त गर्छ त्यसबाट मुक्त भएको हुन्छ । आवुसो ! यसरी भिक्षु पणुन्न प्रत्येक सत्य हुन्छ । (च) आवुसो ! कसरी भिक्षु समवयसट्ठेसना हुन्छ ? आवुसो ! यहाँ भिक्षुको कामविषयको खोजि हटेको हुन्छ, भवविषयको खोजि हटेको हुन्छ ब्रह्मचर्यको खोजिबाट शान्त भएको हुन्छ । आवुसो ! यसरी भिक्षु समवयसट्ठेना हुन्छ । (छ) आवुसो ! कसरी यहाँ भिक्षु अनाविलसंकल्पी हुन्छ ? आवुसो ! यहाँ भिक्षुको कामसंकल्प प्रहीण भएको हुन्छ व्यापादसंकल्प प्रहीण भएको हुन्छ र विहिंसासंकल्प प्रहीण भएको हुन्छ । आवुसो ! यसरी भिक्षु अनाविलसंकल्पी हुन्छ । (ज) आवुसो ! कसरी भिक्षुको कायसंस्कार प्रशब्ध भएको हुन्छ ? आवुसो ! यहाँ भिक्षु सुखलाई पनि त्यागी दुःखलाई पनि त्यागी पहिले नै सोमनस्य दौर्मनस्यको अन्त गरी सुख दुःख नभएको उपेक्षास्मृति परिशुद्ध भएको चतुर्थध्यानमा समाधिष्ठ हुन्छ । आवुसो ! यसरी भिक्षुको कायसंस्कार प्रशब्ध हुन्छ । (झ) आवुसो ! कसरी भिक्षुको चित्त सुविमुक्त हुन्छ ? आवुसो ! यहाँ भिक्षुको चित्त रागबाट मुक्त हुन्छ, द्वेषबाट मुक्त हुन्छ र मोहबाट मुक्त हुन्छ । आवुसो ! यसरी भिक्षुको चित्त सुविमुक्त हुन्छ । (ञ) आवुसो ! कसरी भिक्षु सुविमुक्त प्राज्ञी हुन्छ ? आवुसो ! यहाँ भिक्षु 'मेरो राग प्रहीण भइसक्यो जरो उखेलिसक्यो र ताल *(वृक्ष)* छेदन जस्तै अभाव प्राप्त भइसक्यो अब उप्रान्त उत्पन्न हुने छैन' भनी जान्दछ; 'मेरो द्वेष प्रहीण भइसक्यो ⋯' भनी जान्दछ; 'मेरो मोह प्रहीण भइसक्यो ⋯ ' भनी जान्दछ । आवुसो ! यसरी भिक्षु सुविमुक्तप्रज्ञी हुन्छ ।"

५४. (६) "**दश अशैक्ष धर्महरू** – अशैक्ष सम्यक्दृष्टि, अशैक्ष सम्यक्संकल्प, अशैक्ष सम्यक्वाचा, अशैक्ष सम्यक्कर्मान्त, अशैक्ष सम्यक्आजीव, अशैक्ष सम्यक्व्यायाम, अशैक्ष सम्यक्स्मृति, अशैक्ष सम्यक्समाधि, अशैक्ष सम्यक्ज्ञान र अशैक्ष सम्यक्विमुक्ति ।"

"आवुसो ! जान्नुभएका देख्नुभएका उहाँ भगवान् अरहत् सम्यक्बुद्धले राम्ररी बताउनुभएका दस धर्महरू यी नै हुन् । त्यहाँ सबै मिलीजुली पढ्नुपर्छ *(संगायना गर्नुपर्छ)* विवाद गर्नुहुन्न । जस्तो गर्दा

Downloaded from http://www.dhamma.digital

ब्रह्मचर्य *(धर्म)* दीर्घकालसम्म चिरस्थायी हुन्छ त्यस्तो गर्नुपर्छ जसद्वारा बहुजन हित बहुजन सुख लोकानुकम्पा तथा देवमनुष्यहरूको पनि हित सुख हुनेछ ।"

"अनि भगवान् उठ्नुभई आयुष्मान् सारिपुत्रलाई सम्बोधन गर्नुभयो – "साधु ! साधु ! सारिपुत्र ! सारिपुत्र ! तिमीलाई धन्यवाद छ जो कि तिमीले भिक्षुसङ्घलाई मेलमिलापको धर्मोपदेश गऱ्यौ ।" आयुष्मान् सारिपुत्रले भन्नुभएकोमा शास्ता सहमत हुनुभयो । अनि सन्तुष्ट भई ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रको भाषणलाई अभिनन्दन गरे ।"

**सङ्गीति-सुत्त समाप्त ।**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# ११. दसुत्तर-सुत्त

(दशोत्तरसूत्र)

## आयुष्मान् सारिपुत्रको उपदेश

१. यस्तो मैले सुनें । एक समय भगवान् पाँचशय महान भिक्षुसङ्घका साथ चम्पाको गग्गरा पोखरीको किनारमा बस्नुभएको थियो । अनि त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो – "आवुसो ! भिक्षु हो !"

"आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए । अनि आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो –

**"दसुत्तरं पवक्खामि, धम्मं निब्बानपत्तिया ।**
**दुक्खस्सन्तकिरियाय, सब्बगन्थप्पमोचनं ॥"**

## एक धर्म

२. "आवुसो ! (१) एक धर्म बहूपकारी छ, (२) एक धर्म भाविता *(साधना)* गर्नुपर्छ, (३) एक धर्म जान्नुपर्छ, (४) एक धर्म त्याग्नुपर्छ, (५) एक धर्म हानभागीय *(त्यागानुकूल)* छ, (६) एक धर्म विशेषभागीय *(विशेषता तर्फ लैजाने)* छ, (७) एक धर्म बुझ्नु कठिन छ, (८) एक धर्म उत्पादन *(निष्पादनीय)* गर्नुपर्छ, (९) एक धर्म बुझ्नुपर्छ, र (१०) एक धर्म साक्षात्कार गर्नुपर्छ ।"

"(१) कुनचाहिं एक धर्म बहूपकारी छ ? कुशल धर्महरूमा अप्रमाद – यो एक धर्म बहूपकारी छ । (२) कुनचाहिं एक धर्म भाविता गर्नुपर्छ ? सुख सहगत कायगतस्मृति – यो एक धर्म भाविता गर्नुपर्छ । (३) कुनचाहिं एक धर्म जान्नुपर्छ ? सास्रव उपादायीय स्पर्श – यो एक धर्म जान्नुपर्छ । (४) कुनचाहिं एक धर्म त्याग्नुपर्छ ? अस्मिमान *(अहम्भाव)* – यो एक धर्म त्याग्नुपर्छ । (५) कुनचाहिं एक धर्म हानभागीय हो ? अज्ञानतापूर्वक विचार गर्नु *(अयोनिशःमनस्कार)* – यो एक धर्म हानभागीय हो । (६) कुनचाहिं एक धर्म विशेषभागीय हो । ज्ञानपूर्वक विचार गर्नु *(योनिशःमनस्कार)* यो एक धर्म विशेषभागीय हो । (७) कुनचाहिं एक धर्म बुझ्न कठिन छ । आनन्तरिक चित्तसमाधि । यो एक धर्म बुझ्न कठिन छ । (८) कुनचाहिं एक धर्म उत्पादन गर्नुपर्छ ? अटल *(अकोप्य)* ज्ञान – यो एक धर्म उत्पादन गर्नुपर्छ । (९) कुनचाहिं एक धर्म बुझ्नुपर्छ ? सबै प्राणीहरू आहारमा स्थित रहन्छन् – यो एक धर्म बुझ्नुपर्छ । (१०) कुनचाहिं एक धर्म साक्षात्कार गर्नुपर्छ ? अटल *(अकोप्य)* चित्तविमुक्ति – यो एक धर्म साक्षात्कार गर्नुपर्छ ।"

"तथागतले बोध गरेका यी दस धर्महरू भूत *(वास्तविकता)*, तथ्य, तथ, अविचथ र अनन्यथ *(यथार्थ)* छन् ।"

Downloaded from http://www.dhamma.digital

## दुई धर्म

३. "(१) दुई धर्म बहूपकारी छन्, (२) दुई धर्म भाविता गर्नुपर्छ, (३) दुई धर्म जान्नुपर्छ *(परिञ्ञेयया)*, (४) दुई धर्म त्याग्नुपर्छ, (५) दुई धर्म हानभागीय हुन्, (६) दुई धर्म विशेषभागीय हुन्, (७) दुई धर्म बुझ्नुपर्छ र (१०) दुई धर्म साक्षात्कार गर्नुपर्छ।"

"(१) कुनचाहिं दुई धर्म बहूपकारी छन् ? स्मृति र सम्प्रजन्य *(प्रज्ञा)* – यी दुई धर्महरू बहूपकारी छन्। (२) कुनचाहिं दुई धर्म भाविता गर्नुपर्छ ? शमथ र विपश्यना – यी दुई धर्महरू भाविता गर्नुपर्छ। (३) कुनचाहिं दुई धर्म जान्नुपर्छ ? नाम र रूप – यी दुई धर्महरू जान्नुपर्छ। (४) कुनचाहिं दुई धर्म त्याग्नुपर्छ ? अविद्या र भवतृष्णा – यी दुई धर्महरू त्याग्नुपर्छ। (५) कुनचाहिं दुई धर्म हानभागीय हुन् ? दुर्वचता र पापमित्रता – यी दुई धर्महरू हानभागीय हुन्। (६) कुनचाहिं दुई धर्म विशेषभागीय हुन् ? सुवचता र कल्याणमित्रता। यी दुई धर्महरू विशेषभागीय हुन्। (७) कुनचाहिं दुई धर्म बुझ्न कठिन छ ? प्राणीहरू संक्लिष्ट हुनको लागि जुन हेतु र प्रत्यय हो तथा प्राणीहरू विशुद्ध हुनको लागि जुन हेतु र प्रत्यय हो – यी दुई धर्महरू बुझ्न कठिन छ। (८) कुनचाहिं दुई धर्म उत्पादन गर्नुपर्छ ? दुई ज्ञानहरू – क्षय-ज्ञान र अनुत्पाद-ज्ञान। यी दुई धर्महरू उत्पादन गर्नुपर्छ। (९) कुनचाहिं दुई धर्म बुझ्नुपर्छ ? दुई धातुहरू – संस्कृत स्कन्ध आदि धातु र असंस्कृत धातु *(अकृत निर्वाण)* – यी दुई धर्महरू बुझ्नुपर्छ। (१०) कुनचाहिं दुई धर्म साक्षात्कार गर्नुपर्छ ? विद्या र विमुक्ति। यी दुई धर्महरू साक्षात्कार गर्नुपर्छ।"

"तथागतले बोध गरेका यी बीस धर्महरू भूत, … अनन्यथा छन्।"

## तीन धर्म

४. "(१) तीन धर्म बहुपकारी छन्। (२) तीन धर्म भाविता गर्नुपर्छ[७२४] … (१०) तीन धर्म साक्षात्कार गर्नु पर्छ।"

"(१) कुनचाहिं तीन धर्म बहूपकारी छन् ? सत्पुरुष सत्संगत, सद्धर्म श्रमण र धर्मानुकूल आचरण – यी तीन धर्महरू बहूपकारी छन्। (२) कुनचाहिं तीन धर्म भाविता गर्नुपर्छ ? तीनवटा समाधि – सवितर्क सविचार समाधि, अवितर्क विचार मात्र समाधि र अवितर्क अविचार समाधि – यी तीन धर्महरू भाविता गर्नुपर्छ। (३) कुनचाहिं तीन धर्म जान्नुपर्छ ? तीनवटा वेदना – सुखवेदना, दुःखवेदना र असुख अदुःखवेदना – यी तीन धर्महरू जान्नुपर्छ। (४) कुनचाहिं तीन धर्म त्याग्नुपर्छ ? तीनवटा तृष्णा – कामतृष्णा, भवतृष्णा र विभवतृष्णा – यी तीन धर्महरू त्याग्नुपर्छ। (५) कुनचाहिं तीन धर्म हानभागीय हुन् ? तीनवटा अकुशल मूलहरू – लोभ अकुशल मूल, द्वेष अकुशल मूल र मोह अकुशल मूल – यी तीन धर्महरू हानभागीय हुन्। (६) कुनचाहिं तीन धर्म विशेषभागीय हुन् ? तीनवटा कुशल मूलहरू – अलोभ कुशल मूल, अद्वेष कुशल मूल र अमोह कुशल मूल – यी तीन धर्महरू विशेषभागीय हुन्। (७) कुनचाहिं तीन धर्म बुझ्न कठिन छ ? तीनवटा निश्शरण धातुहरू – कामविषयको निश्शरण *(विमुक्ति)* नैष्कम्य[७२५] हो, रूपविषयको निश्शरण अरूप हो र जुनसुकै उत्पन्न *(पदार्थ)* संस्कृत

७२४ यहाँ बाँकी कुराहरू माथि पृ. ५३५ को पारा. नं. २ मा उल्लेख भए जस्तै (१) देखि (१०) सम्म एक को ठाउँमा तीन धर्म भनी मिलाई पढ्नुहोला।

७२५ यस ठाउँमा नैष्कम भनी अनागामीलाई लक्ष गरी भनिएको हो।

Downloaded from http://www.dhamma.digital

प्रतित्यसमुत्पन्न हो, त्यसको निश्शरण निरोध हो – यी तीन धर्महरू बुझ्न कठिन छ । (८) कुनचाहिं तीन धर्म उत्पादन गर्नुपर्छ ? तीनवटा ज्ञानहरू – अतीतांशको ज्ञान, अनागतांशको ज्ञान – प्रत्युत्पन्नांशको ज्ञान । यी तीन धर्महरू उत्पादन गर्नुपर्छ । (९) कुनचाहिं तीन धर्म बुझ्नुपर्छ ? तीनवटा धातुहरू – कामधातु, रूपधातु र अरूपधातु – यी तीन धर्महरू बुझ्नुपर्छ । (१०) कुनचाहिं तीन धर्म साक्षात्कार गर्नुपर्छ ? तीनवटा विद्याहरू – पूर्वे निवासानुस्मृतिज्ञानविद्या, प्राणीहरूको च्युतूपत्तिज्ञानविद्या र आस्रवक्षय हुने ज्ञानविद्या । यी तीन धर्महरू साक्षात्कार गर्नुपर्छ ।"

"तथागतले बोध गरेका यी तीन धर्महरू भूत, ... अनन्यथा छन् ।"

## चार धर्म

५. "(१) चार धर्म बहूपकारी छन्, ... (१०) चार धर्म साक्षात्कार गर्नुपर्छ ।"

"(१) कुनचाहिं चार धर्म बहूपकारी छन् ? चारवटा चक्रहरू – अनुकूल देशमा बास, सत्पुरुषको आश्रय *(सङ्गति)*, आफूलाई राम्रोसँग राख्नु र पहिले पुण्य गरेको हुनु – यी चार धर्महरू बहूपकारी छन् । (२) कुनचाहिं चार धर्म भाविता गर्नुपर्छ ? चारवटा स्मृतिप्रस्थानहरू – आवुसो ! यहाँ भिक्षु कायमा कायानुपश्यना गरी बस्छ, ... वेदनामा वेदनानुपश्यना गरी बस्छ, ... चित्तमा चित्तानुपश्यना गरी बस्छ, ... र धर्ममा धर्मानुपश्यना गरी बस्छ – यी चार धर्महरू भाविता गर्नुपर्छ । (३) कुनचाहिं चार धर्म जान्नुपर्छ ? चारवटा आहारहरू – ठूलो वा सानो गाँस गाँस गरी खाने आहार, स्पर्श आहार, मनःसंचेतना आहार र विज्ञान आहार – यी चार धर्महरू जान्नुपर्छ । (४) कुनचाहिं चार धर्म त्याग्नु पर्छ ? चारवटा ओघहरू – कामओघ, भवओघ, दृष्टिओघ र अविद्याओघ – यी चार धर्महरू त्याग्नुपर्छ । (५) कुनचाहिं चार धर्म हानभागीय हुन् ? चारवटा योगहरू *(बन्धनहरू)* – कामयोग, भवयोग, दृष्टियोग र विद्यायोग – यी चार धर्महरू हानभागीय हुन् । (६) कुनचाहिं चार धर्म विशेषभागीय हुन् ? चारवटा विसंयोगहरू – कामयोगबाट विसंयोग, भवयोगबाट विसंयोग, दृष्टियोगबाट विसंयोग र अविद्यायोगबाट विसंयोग – यी चार धर्महरू विशेषभागीय हुन् । (७) कुन चार धर्म बुझ्न कठिन छ ? चारवटा समाधिहरू – हानभागीय समाधि, स्थितिभागीय समाधि, विशेषभागीय समाधि र निर्वेधभागीय समाधि – यी चार धर्महरू बुझ्न कठिन छ । (८) कुनचाहिं चार धर्म उत्पादन गर्नुपर्छ ? चारवटा ज्ञानहरू – धर्मज्ञान, अन्वयज्ञान, परिच्छेदज्ञान र सम्मतिज्ञान – यी चार धर्महरू उत्पादन गर्नुपर्छ ? चारवटा आर्यसत्य – दुःख आर्यसत्य दुःख समुदय आर्यसत्य, दुःख निरोध आर्यसत्य र दुःख निरोधगामिनी आर्यसत्य – यी चार धर्म बुझ्नु पर्छ । (९) कुनचाहिं चार धर्म बुझ्नुपर्छ । (१०) कुनचाहिं चार धर्म साक्षात्कार गर्नुपर्छ ? स्रोतापत्तिफल, सकृदागामीफल, अनागामीफल र अरहत्फल – यी चार धर्महरू साक्षात्कार गर्नुपर्छ ।"

"तथागतले बोध गरेका यी चालीस धर्महरू भूत, ... अनन्यथा छन् ।"

## पाँच धर्म

६. "(१) पाँच धर्म बहूपकारी छन्, ... (१०) पाँच धर्म साक्षात्कार गर्नुपर्छ ।"

"(१) कुनचाहिं पाँच धर्म बहूपकारी छन् ? पाँच प्रधानीय अङ्गहरू – आवुसो ! यहाँ भिक्षु श्रद्धालु हुन्छ तथागतको बोधिप्रति विश्वास गर्छ – "उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध, ... पूर्ववत् ... तथा बुद्ध

Downloaded from http://www.dhamma.digital

भगवान् हुनुहुन्छ" । आबाधरहित र आतंकरहित हुन्छ ⋯ पूर्ववत् ⋯ र प्रज्ञावान् हुन्छ – यी पाँच धर्महरू बहूपकारी छन् । (२) कुनचाहिं पाँच धर्म भाविता गर्नुपर्छ ? पञ्चांगिक सम्यक् समाधिहरू – प्रीतिले व्याप्त, सुखले व्याप्त, चित्तले व्याप्त, आलोकले व्याप्त र प्रत्यवेक्षणा निमित्त भएका – यी पाँच धर्महरू भाविता गर्नुपर्छ । (३) कुनचाहिं पाँच धर्म जान्नुपर्छ ? पाँच उपादानस्कन्धहरू – रूप-उपादानस्कन्ध, वेदना-उपादनस्कन्ध, संज्ञा-उपादानस्कन्ध, संस्कार-उपादानस्कन्ध र विज्ञान-उपादानस्कन्ध – यी पाँच धर्महरू जान्नुपर्छ । (४) कुनचाहिं पाँच धर्म त्याग्नुपर्छ ? पाँच नीवरणहरू – कामच्छन्द नीवरण, व्यापाद नीवरण, थीनमिद्ध नीवरण, उद्धच्चकुक्कुच्च नीवरण र विचिकित्सा नीवरण – यी पाँच धर्महरू त्याग्नु पर्छ । (५) कुनचाहिं पाँच धर्म हानभागीय हुन् ? पाँचवटा चित्तका काँढा *(सारोपन)* हरू – (क) आवुसो ! यहाँ भिक्षु शास्तामाथि शंका गर्छ, विचिकित्सा गर्छ, श्रद्धा राख्दैन र प्रसन्न हुन्न । आवुसो ! जो सो भिक्षु शास्तामाथि शंका गर्छ, ⋯ र प्रसन्न हुन्न उसको चित्त आतप्तताको निमित्त, अनुयोगको निमित्त र सतत प्रयत्नको निमित्त लाग्दैन । जसको चित्त आतप्तताको निमित्त, ⋯ सतत प्रयत्नको निमित्त मन लाग्दैन – यो पहिलो चित्तको काँढा हो । (ख) आवुसो ! फेरि भिक्षु धर्ममाथि ⋯ (ग) सङ्घमाथि ⋯ (घ) शिक्षामाथि ⋯ (ङ) सब्रह्मचारी माथि कोप गर्छ असन्तुष्ट हुन्छ आघात राख्छ र सारो हुन्छ उसको चित्त आतप्तताको निमित्त, ⋯ लाग्दैन । जसको चित्त आतप्तताको निमित्त ⋯ मन लाग्दैन – यो पाँचौ चित्तको काँढा हो – यी पाँच धर्महरू हानभागीय हुन् । (६) कुनचाहिं पाँच धर्म विशेषभागीय हुन् ? पाँच इन्द्रियहरू – श्रद्धेन्द्रिय, वीर्येन्द्रिय, स्मृतीन्द्रिय, समाधीन्द्रिय र प्रज्ञेन्द्रिय – यी पाँच धर्महरू विशेषभागीय हुन् । (७) कुनचाहिं पाँच धर्म बुझ्न कठिन छ ? पाँच निश्शरणीय धातुहरू – (क) आवुसो ! यहाँ भिक्षु कामविषयमा मन लगाउँदा कामविषयमा मन लाग्दैन, प्रसन्न हुन्न, सन्तुष्ट हुन्न र लिप्त हुन्न । किन्तु नैष्कम्यको विषयमा मन लगाउँदा नैकम्यको विषयमा मन लाग्छ, प्रसन्न हुन्छ, सन्तुष्ट हुन्छ र लिप्त हुन्छ । त्यसको त्यो चित्त असल बाटोमा गएको हुन्छ, सुभावित हुन्छ, उठेको हुन्छ, सुविमुक्त हुन्छ र कामबाट विसंयुक्त हुन्छ । कामको कारणबाट जुन आस्रव, विघात र परिडाह उत्पन्न हुने हो सो त्यसबाट मुक्त हुन्छ । उसले त्यो वेदना अनुभव गर्दैन । यसैलाई कामविषयबाट निश्शरण *(विमुक्ति)* भनिएको हो । (ख) आवुसो ! फेरि भिक्षु व्यापादको विषयमा मन लगाउँदा ⋯ लिप्त हुन्न । किन्तु अव्यापादको विषयमा ⋯ लिप्त हुन्छ । त्यसको त्यो चित्त ⋯ विसंयुक्त हुन्छ । व्यापादको कारणबाट जुन आस्रव, ⋯ उत्पन्न हुने हो सो त्यसबाट मुक्त हुन्छ । उसले त्यो वेदना अनुभव गर्दैन । यसैलाई व्यापादबाट निश्शरण भनिएको हो । (ग) आवुसो ! यहाँ भिक्षु विहिंसाको विषयमा मन लगाउँदा ⋯ लिप्त हुन्न । किन्तु अविहिंसाको विषयमा ⋯ लिप्त हुन्छ । त्यसको त्यो चित्त ⋯ विसंयुक्त हुन्छ । विहिंसाको कारणबाट जुन आस्रव, ⋯ उत्पन्न हुने हो त्यसबाट मुक्त हुन्छ । उसले त्यो वेदना अनुभव गर्दैन । यसैलाई विहिंसाबाट निश्शरण भनिएको हो । (घ) आवुसो ! यहाँ भिक्षु रूपको विषयमा मन लगाउँदा ⋯ लिप्त हुन्न । किन्तु अरूपको विषयमा ⋯ लिप्त हुन्छ । त्यसको चित्त ⋯ विसंयुक्त हुन्छ । रूपको विषयबाट जुन आस्रव, ⋯ उत्पन्न हुने हो सो त्यसबाट मुक्त हुन्छ । उसले त्यो वेदना अनुभव गर्दैन । यसैलाई रूपबाट निश्शरण भनिएको हो । (ङ) आवुसो ! यहाँ भिक्षु सत्कायको विषयमा मन लगाउँदा ⋯ लिप्त हुन्न । किन्तु सत्काय निरोधको विषयमा ⋯ लिप्त हुन्छ । त्यसको त्यो चित्त ⋯ विसंयुक्त हुन्छ । सत्कायको कारणबाट जुन आस्रव, ⋯ उत्पन्न हुने हो सो त्यसबाट मुक्त हुन्छ । उसले त्यो वेदना अनुभव गर्दैन । यसैलाई सत्कायबाट निश्शरण *(विमुक्ति)* भनिएको हो । यी पाँच धर्महरू बुझ्न कठिन छ । (८) कुनचाहिं पाँच धर्म उत्पादन गर्नुपर्छ ? पाँचवटा ज्ञान हुने सम्यक् समाधि – (क) 'यो समाधि वर्तमानमा पनि सुखमय छ र भविष्यमा पनि सुखविपाक हुनेछ' भन्ने ज्ञान स्वयं भित्र उत्पन्न हुन्छ, (ख) 'यो समाधि आर्य र निरामिष हो' भन्ने ज्ञान स्वयं भित्र उत्पन्न हुन्छ, (ग) 'यो समाधि श्रेष्ठ पुरुषद्वारा सेवित छ' भन्ने ज्ञान स्वयं भित्र उत्पन्न हुन्छ, (घ) 'यो समाधि शान्त, प्रणीत, क्लेश नहुनेद्वारा प्राप्त, एकाग्रता हुने र संस्कारद्वारा बाधा नभएको' भन्ने ज्ञान स्वयं भित्र उत्पन्न हुन्छ र (ङ) 'सो मैले यो

Downloaded from http://www.dhamma.digital

समाधिमा होस राखेर बस्छु र होस राखेर समाधिबाट उठ्छु' भन्ने ज्ञान स्वयं भित्र उत्पन्न हुन्छ – यी पाँच धर्महरू उत्पादन गर्नुपर्छ। (९) कुनचाहिं पाँच धर्म बुझ्नुपर्छ ? पाँचवटा विमुक्ति-आयतनहरू – (क) आवुसो ! यहाँ भिक्षुलाई शास्ता वा अरू कुनै गुरुस्थानमा बस्ने सब्रह्मचारी धर्मदेशना गर्छ। जसो जसो भिक्षुलाई शाश्ता वा अरू कुनै गुरुस्थानमा बस्ने सब्रह्मचारी धर्मदेशना गर्छ त्यस्तो त्यस्तो ऊ त्यस धर्मको अर्थ पनि बोध गर्छ। अर्थ र धर्म बोध गर्नेलाई प्रामोद्य हुन्छ, प्रमुदित हुनेलाई प्रीति हुन्छ, प्रीति हुनेको शरीर शान्त हुन्छ, शरीर शान्त हुनेले सुखानुभव गर्छ र सुखानुभव हुनेको चित्त समाधिष्ठ हुन्छ। यो पहिलो विमुक्ति-आयतन हो। (ख) आवुसो ! फेरि भिक्षुलाई न शास्ता वा अरू कुनै गुरुस्थानमा बस्ने सब्रह्मचारी धर्मदेशना गर्छ। बल्कि सुनेको र पढेको अनुसार विस्तारपूर्वक अरूलाई धर्मदेशना गर्छ। सुनेको र पढे अनुसार जसो जसो भिक्षु विस्तारपूर्वक धर्मदेशना गर्छ त्यस्तो त्यस्तो ऊ त्यस धर्मको अर्थ र धर्म बोध गर्छ। अर्थ र धर्म बोध गर्नेलाई प्रामोद्य हुन्छ, ··· सुखानुभव हुनेको चित्त समाधिष्ठ हुन्छ। यो दोस्रो विमुक्ति-आयतन हो। (ग) आवुसो ! फेरि भिक्षुलाई न शास्ता वा अरू कुनै गुरुस्थानमा बस्ने सब्रह्मचारी धर्मदेशना गर्छ न त सुनेको र पढे अनुसार विस्तारपूर्वक अरूलाई धर्मदेशना गर्छ बल्कि सुनेको र पढे अनुसार विस्तारपूर्वक धर्म स्वाध्यायन गर्छ। जसो जसो भिक्षु स्वाध्यायन गर्न त्यस्तो त्यस्तो ऊ त्यस धर्मको अर्थ र धर्म बोध गर्छ। अर्थ र धर्म बोध गर्नेलाई प्रामोद्य उत्पन्न हुन्छ, ··· सुखानुभव हुनेको चित्त समाधिष्ठ हुन्छ। यो तेस्रो विमुक्ति-आयतन हो। (घ) आवुसो ! फेरि भिक्षुलाई न शास्ता ··· धर्मदेशना गर्छ न त सुनेको र पढे अनुसार विस्तारपूर्वक अरूलाई धर्मदेशना गर्छ न त सुनेको र पढे अनुसार विस्तारपूर्वक धर्म स्वाध्ययन गर्छ बल्कि सुनेको र पढे अनुसार धर्मलाई चित्तले अनुवितर्कना गर्छ, अनुविचार गर्छ र मनले विचार गर्छ। आवुसो ! जसो जसो भिक्षु सुनेको र पढे अनुसार धर्मलाई चित्तले अनुवितर्कना गर्छ ··· त्यस्तो त्यस्तो ऊ सत्य धर्मको अर्थ र धर्म बोध गर्छ। अर्थ र धर्म बोध गर्नेलाई प्रामोद्य उत्पन्न हुन्छ, ··· सुखानुभव हुनेको चित्त समाधिष्ठ हुन्छ। यो चौथो विमुक्ति-आयतन हो। (ङ) आवुसो ! फेरि भिक्षुलाई न शास्ता ··· धर्मदेशना गर्छ, न त सुनेको र पढे अनुसार ··· मनले विचार गर्छ बल्कि कुनै एक समाधिनिमत्तिलाई राम्ररी ग्रहण गर्दछ, राम्ररी मनमा राख्छ, राम्ररी धारण गर्छ र राम्ररी प्रज्ञाद्वारा छेदन गर्छ। आवुसो ! जसो जसो भिक्षु कुनै एक समाधिनिमित्तलाई राम्ररी ग्रहण गर्दछ, ··· त्यस्तो ऊ त्यस धर्मको अर्थ र धर्म बोध गर्छ। अर्थ र धर्म बोध गर्नेलाई प्रामोद्य उत्पन्न हुन्छ, ··· सुखानुभव हुनेको चित्त समाधिष्ठ हुन्छ। यो पाँचौ विमुक्ति आयतन हो – यी पाँच धर्महरू बुझ्नु पर्छ। (१०) कुनचाहि पाँच धर्म साक्षात्कार गर्नुपर्छ ? पाँचवटा धर्मस्कन्धहरू-शीलस्कन्ध, समाधिस्कन्ध, प्रज्ञास्कन्ध, विमुक्तिस्कन्ध र विमुक्तिज्ञान दर्शनस्कन्ध। यी पाँच धर्मस्कन्धहरू साक्षात्कार गर्नुपर्छ।

"तथागतले बोध गरेका यी पचासवटा धर्महरू भूत, ··· अनन्यथा छन्।"

## छ धर्म

७. "(१) छ धर्म बहूपकारी छन् (१०) छ धर्म साक्षात्कार गर्नुपर्छ।"

"(१) कुनचाहिं छ धर्म बहूपकारी छन् ? छ सारणीय धर्महरू – (क) आवुसो ! यहाँ सब्रह्मचारीप्रति भिक्षुको मैत्री कायकर्म उपस्थित हुन्छ। यो धर्म सारणीय, प्रियंकर, गुरुकर, संग्रहको निमित्त, अविवादको निमित्त, मेलमिलापको निमित्त र एकताको निमित्त हुन्छ। (ख) आवुसो ! फेरि यहाँ ··· मैत्री वाचाकर्म उपस्थित हुन्छ। यो धर्म पनि सारणीय ··· र एकताको निमित्त हुन्छ। (ग) आवुसो ! फेरि यहाँ ··· मैत्री मन कर्म उपस्थित हुन्छ। यो धर्म पनि सारणीय, ··· र एकताको निमित्त हुन्छ। (घ)

Downloaded from http://www.dhamma.digital

आवुसो ! फेरि यहाँ भिक्षुको जो त्यो धार्मिक लाभ हो अन्ततः पात्रभरी मात्र लाभलाई पनि शीलवान् सब्रह्मचारीहरूसँग बाँडेर ऊ परिभोग गर्छ । यो धर्म पनि सारणीय, ··· र एकताको निमित्त हुन्छ । (ङ) आवुसो ! फेरि यहाँ भिक्षुको जुन अखण्ड, अछिद्र निर्दागी, क्रमसहित, स्वातन्त्र्य, विज्ञप्रशंसित, दृष्टिद्वारा अपरामर्शित तथा समाधिसंवर्तनिक शील हो त्यस्तो शीलद्वारा प्रकट रूपले र गुप्त रूपले सब्रह्मचारीहरूसँग समान रूपले बस्छ । यो धर्म पनि सारणीय, ··· र एकताको निमित्त हुन्छ । (च) आवुसो ! फेरि यहाँ भिक्षुको जुन दृष्टि आर्य-नैर्याणिक र दुःखक्षयगामिनी हो त्यस्तो दृष्टिद्वारा प्रकट रूपले र गुप्त रूपले सब्रह्मचारीहरूसँग समान रूपले बस्छ । यो धर्म पनि सारणीय ··· र एकताको निमित्त हुन्छ – यी छ धर्महरू बहूपकारी छन् । (२) कुनचाहिं छ धर्म भाविता गर्नुपर्छ ? छ अनुस्मृति स्थानहरू – बुद्धानुस्मृति, धर्मानुस्मृति, सङ्घानुस्मृति, शीलानुस्मृति, त्यागानुस्मृति, र देवतानुस्मृति – यी छ धर्महरू भाविता गर्नु पर्छ । (३) कुनचाहिं छ धर्म जान्नुपर्छ ? छ अध्यात्मिक आयतनहरू – चक्षु आयतन, स्रोत आयतन, घ्राण आयतन, जिह्वा आयतन, काय आयतन र मन आयतन । यी छ धर्महरू जान्नुपर्छ । (४) कुनचाहिं छ धर्म त्याग्नुपर्छ ? छ तृष्णा कायहरू – रूप तृष्णा, शब्द तृष्णा, गन्ध तृष्णा, रस तृष्णा, स्पर्श तृष्णा र धर्म तृष्णा – यी छ धर्महरू त्याग्नुपर्छ । (५) कुनचाहिं छ धर्म हानभागीय हुन् ? छ अगौरवहरू – आवुसो ! यहाँ भिक्षु शास्ताप्रति अगौरव राखी बस्छ, धर्म प्रति, ··· सङ्घ प्रति, ··· शिक्षा प्रति, ··· अप्रमादप्रति ··· र कुशलवार्ताप्रति अगौरव राखी बस्छ – यी छ धर्महरू हानभागीय हुन् । (६) कुनचाहिं छ धर्म विशेषभागीय हुन् ? छ गौरवहरू – आवुसो ! यहाँ भिक्षु शास्ताप्रति गौरव राखी बस्छ, धर्म प्रति, ··· सङ्घ प्रति, ··· शिक्षा प्रति, ··· अप्रमाद प्रति, ··· र कुशलवार्ताप्रति गौरव राखी बस्छ – यी छ धर्महरू विशेषभागीय हुन् । (७) कुनचाहिं छ धर्म बुझ्न कठिन छ ? छ निश्शरणीय धातुहरू – (क) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ – 'आवुसो ! यहाँ मैले मैत्री चित्तविमुक्ति भावित, बहुलिकृत, यानिकृत, बस्तुकृत, अनुष्ठित, परिचित र सुसमारब्ध गरें । किन्तु मेरो चित्त व्यापाद चित्तद्वारा समातिएको हुन्छ ।' यस्तो भन्ने उसलाई 'यस्तो नभन यस्तो नभन' भनी भन्नुपर्छ । भगवान्लाई झुटो आरोप नगर । भगवान्लाई झुटो आरोप लगाउनु राम्रो होइन । भगवान्ले यसो भन्नुहुन्न । आवुसो ! मैत्री चित्तविमुक्ति भाविता गरी ··· व्यापाद चित्तद्वारा समातिएको भन्ने कुरा हुनै सक्तैन । आवुसो ! मैत्रीचित्तविमुक्ति नै व्यापादको निश्शरण *(विमुक्ति)* हो । (ख) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ – 'आवुसो ! यहाँ मैले करुणाचित्तविमुक्ति भावित, ··· र सुसमारब्ध गरें । किन्तु मेरो चित्त विहिंसा चित्तद्वारा समातिएको हुन्छ ।' यस्तो भन्ने उसलाई 'यस्तो नभन यस्तो नभन' भनी भन्नुपर्छ । भगवान्लाई झूटो आरोप नगर । ··· आवुसो ! करुणाचित्तविमुक्ति नै विहिंसाको निश्शरण हो । (ग) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ – 'आवुसो ! यहाँ मैले मुदिताचित्तविमुक्ति भावित, ··· र सुसमारब्ध गरें । किन्तु मेरो चित्त अरतिद्वारा समातिएको हुन्छ ।' यस्तो भन्ने उसलाई 'यस्तो नभन यस्तो नभन' भनी भन्नुपर्छ । भगवान्लाई झूटो आरोप नगर । ··· आवुसो ! मुदिताचित्तविमुक्ति नै अरतिको निश्शरण हो । (घ) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ – 'आवुसो ! यहाँ मैले उपेक्षाचित्तविमुक्ति भावित, ··· र सुसमारब्ध गरें । किन्तु मेरो चित्त रागद्वारा समातिएको हुन्छ ।' यस्तो भन्ने उसलाई 'यस्तो नभन यस्तो नभन' भनी भन्नुपर्छ । भगवान्लाई झूटो आरोप नगर । ··· आवुसो ! उपेक्षाचित्तविमुक्ति नै रागको निश्शरण हो । (ङ) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ – 'आवुसो ! यहाँ मैले अनिमित्तचित्तविमुक्ति भावित, ··· र सुसमारब्ध गरें । किन्तु निमित्तानुसारी विज्ञान मात्र हुन्छ ।' यस्तो भन्ने उसलाई 'यस्तो नभन यस्तो नभन' भनी भन्नु पर्छ । भगवान्लाई झूटो आरोप नगर । ··· आवुसो ! अनिमित्तचित्तविमुक्ति नै सबै निमित्तहरूको निश्शरण हो । (च) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ – 'अस्मी *(म हुँ)* भन्ने भाव मबाट हटेको छ, यो म हुँ *(अयमहस्मी)* भन्ने म देख्दिन । किन्तु मेरो चित्त विचिकित्सा र के कसो गर्ने भन्ने शल्यचित्तद्वारा समातिएको हुन्छ ।' यस्तो भन्ने उसलाई 'यस्तो नभन यस्तो नभन' भनी भन्नुपर्छ । भगवान्लाई झूटो आरोप नगर । ··· आवुसो ! अस्मीमान नहुनु नै विचिकित्सा र के कसो गर्ने भन्ने

Downloaded from http://www.dhamma.digital

अल्पचित्तको निश्शरण हो – यी छ धर्महरू बुझ्न कठिन छ । (८) कुनचाहिं छ धर्म उत्पादन गर्नु पर्छ ? छ सतत विहारहरू – (क) आवुसो ! यहाँ भिक्षु चक्षुले रूपदेखी न सुमन हुन्छ र न दुर्मन हुन्छ । बल्कि स्मृतिसम्प्रजन्य भई उपेक्षी भई बस्छ । (ख) स्रोतले शब्द सुनी … (ग) घ्राणले गन्ध सुँघी … (घ) जिव्हाले रस चाखी … (ङ) कायले स्पर्श गरी … र (च) मनले धर्म जानी न सुमन हुन्छ र न दुर्मन हुन्छ । बल्कि स्मृतिसम्प्रजन्य भई उपेक्षी भई बस्छ – यी छ धर्महरू उत्पादन गर्नुपर्छ । (९) कुनचाहिं छ धर्म बुझ्नुपर्छ ? छ अनुत्तरिय, (क) दर्शनअनुत्तरिय, (ख) श्रवण अनुत्तरिय, (ग) लाभ अनुत्तरिय, (घ) शिक्षा अनुत्तरिय, (ङ) परिचर्या अनुत्तरिय र (च) अनुस्मृति अनुत्तरिय – यी छ धर्महरू बुझ्नुपर्छ । (१०) कुनचाहिं छ धर्म साक्षात्कार गर्नुपर्छ ? छ अभिज्ञाहरू – (क) आवुसो ! यहाँ भिक्षु अनेक प्रकारका ऋद्धिविध जान्दछ …[७२६]ब्रह्मलोकसम्मलाई पनि आफ्नो कायद्वारा वशमा राख्छ । (ख) अलौकिक विशुद्ध दिव्यस्रोतद्वारा देवताहरूको पनि मनुष्यहरूको पनि टाढाको पनि नगिचको पनि दुवै शब्दहरू सुन्दछ । (ग) पर प्राणी *(सत्व)* र पर पुरुषको चित्तलाई आफ्नो चित्तद्वारा बोध गर्छ – सराग चित्तलाई सराग चित्त भनी …[७२७] अविमुक्त चित्तलाई अविमुक्त चित्त भनी बोध गर्छ । (घ) उसले अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ । जस्तै – एक जन्मको कुरा …[७२८]अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ । (ङ) अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा नीचता र उच्चतामा च्युत हुने र उत्पन्न हुने प्राणीहरूलाई देख्छ …[७२९] । (च) आस्रवक्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई स्वयं यसै जीवनमा बुझी साक्षात्कार गरी उपशान्त भई बस्छ ।– यी छ धर्महरू साक्षात्कार गर्नु पर्छ ।"

"तथागतले बोध गरेका यी साठी धर्महरू भूत, … र अनन्यथा छन् ।"

## सात धर्म

८. "(१) सात धर्म बहूपकारी छन्, … (१०) सात धर्मलाई साक्षात्कार गर्नुपर्छ ।"

"(१) कुनचाहिं सात धर्म बहूपकारी छन् ? सात आर्यधर्महरू – श्रद्धा धन, शील धन, ह्री धन, ओत्तप्प धन *(पाप देखेर डराउने)*, श्रुत धन, त्याग धन र प्रज्ञा धन – यी सात धर्महरू बहूपकारी छन् । (२) कुनचाहिं सात धर्म भाविता गर्नुपर्छ ? सात बोध्यङ्गहरू – स्मृति सम्बोध्यङ्ग, धर्मविचय सम्बोध्यङ्ग, वीर्य सम्बोध्यङ्ग, प्रीति सम्बोध्यङ्ग प्रशब्धि सम्बोध्यङ्ग, समाधि सम्बोध्यङ्ग र उपेक्षा सम्बोध्य र – यी सात धर्महरू भाविता गर्नुपर्छ । (३) कुनचाहिं सात धर्म जान्नुपर्छ ? सात विज्ञानस्थितिहरू – (क) नाना काय र नाना संज्ञा हुने प्राणीहरू छन् । जस्तै – मनुष्यहरू, कुनै-कुनै देवता र कुनै-कुनै विनिपातिकाहरू । …[७३०] – यी सात धर्महरू जान्नुपर्छ । (४) कुनचाहिं सात धर्म त्याग्नुपर्छ ? सात अनुशयहरू – कामराग अनुशय, प्रतिघराग अनुशय, दृष्टि अनुशय, विचिकित्सा अनुशय, मान अनुशय, भवराग अनुशय र अविद्या अनुशय – यी सात धर्महरू त्याग्नुपर्छ । (५) कुनचाहिं सात धर्म हानभागीय हुन् ? सात अश्रद्धाहरू – आवुसो ! यहाँ भिक्षु अश्रद्धालु हुन्छ, अलज्जी=निलज्जी हुन्छ, अनोत्तप्पी हुन्छ, अल्पश्रुत हुन्छ, अल्छी हुन्छ, स्मृतिवान् हुन्न र दुष्प्रज्ञ हुन्छ – यी सात धर्महरू हानभागीय हुन् (६) कुनचाहिं सात

---

७२६ यहाँका बाँकी कुराहरू माथि पृ. ६४ को पारा. नं. ८९ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नुहोला ।
७२७ यहाँका बाँकी कुराहरू माथि पृ. ६५ को पारा. नं. ९३ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नुहोला ।
७२८ यहाँका बाँकी कुराहरू माथि पृ. ६७ को पारा. नं. ९५ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नुहोला ।
७२९ यहाँका बाँकी कुराहरू माथि पृ. ६८ को पारा. नं. ९७ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नुहोला ।
७३० यहाँका बाँकी कुराहरू पृ. २२६ पारा. ३३ मा उल्लेख भए झैं पढ्नुहोला ।

Downloaded from http://www.dhamma.digital

धर्म विशेषभागीय हुन् ? सात श्रद्धाहरू – आवुसो ! यहाँ भिक्षु श्रद्धालु हुन्छ, लज्जालु हुन्छ, ओत्तप्पी हुन्छ, बहुश्रुत हुन्छ, वीर्यवान् हुन्छ, स्मृतिवान् हुन्छ र प्रज्ञावान् हुन्छ । यी सात धर्महरू विशेषभागीय हुन् । (७) कुनचाहिं सात धर्मबोध गर्न कठिन छ ? सात सतपुरुष धर्महरू – आवुसो ! यहाँ भिक्षु धर्मज्ञ, अर्थज्ञ, आत्मज्ञ, मात्रज्ञ, कालज्ञ, परिषद्ज्ञ र पुरुषज्ञ हुन्छ – यी सात धर्महरू बोध गर्न कठिन छ । (८) कुनचाहिं सात धर्म उत्पादन गर्नुपर्छ ? सात संज्ञाहरू – अनित्य संज्ञा, अनात्म संज्ञा, अशुभ संज्ञा, दुष्परिणाम संज्ञा, प्रहाण संज्ञा, वैराग संज्ञा र निरोध संज्ञा – यी सात धर्महरू उत्पादन गर्नुपर्छ । (९) कुनचाहिं सात धर्म बुझ्नुपर्छ ···[७३१] । (१०) कुनचाहिं सात धर्म साक्षात्कार गर्नुपर्छ ? सात क्षीणास्रव बलहरू – (क) आवुसो ! यहाँ क्षीणास्रवी भिक्षुले सबै संस्कार अनित्य हुन् भनी प्रज्ञाद्वारा राम्ररी देखेको हुन्छ । क्षीणास्रवी भिक्षुले जुन सबै संस्कारहरू अनित्य हुन् भनी प्रज्ञाद्वारा राम्ररी देखेको हुन्छ – यो पनि क्षीणास्रवी भिक्षुको बल हो जुन बलमा आएर क्षीणास्रवी भिक्षु आस्रवक्षयलाई जान्दछ कि 'मेरा आस्रवहरू क्षय भइसके ।' (ख) आवुसो ! फेरि यहाँ क्षीणास्रवी भिक्षुले कामविषयलाई 'गोलको आगो' जस्तो हो भन्ने कुरा प्रज्ञाद्वारा राम्ररी देखेको हुन्छ – यो पनि क्षीणास्रवीको बल हो । ··· । (ग) आवुसो ! फेरि यहाँ क्षीणास्रवी भिक्षुको चित्त विवेक *(निर्वाण)* तिर झुकेको हुन्छ, विवेकतिर लागेको हुन्छ, विवेकताले पूर्ण भएको हुन्छ, विवेकमा स्थित हुन्छ, नैष्क्रम्यमा अभिरत हुन्छ र सबै प्रकारले आस्रवस्थानीय धर्महरूबाट अलग भएको हुन्छ । जुन क्षीणास्रवी भिक्षुको चित्त विवेकतिर झुकेको हुन्छ, ··· – यो पनि क्षीणास्रवीको बल हो ··· । (घ) आवुसो ! फेरि यहाँ क्षीणास्रवी भिक्षुले चार सतिपट्ठाहरू सुभावित गरेको हुन्छ । जुन क्षीणास्रवी भिक्षुले चार सतिपट्ठानहरू सुभावित गरेको हुन्छ – यो पनि क्षीणास्रवी भिक्षुको बल हो ··· । (ङ) आवुसो ! फेरि यहाँ क्षीणास्रवी भिक्षुले पञ्चेन्द्रियहरूको भावित गरेको हुन्छ – यो पनि क्षीणास्रवीको बल हो ··· । (च) आवुसो ! फेरि यहाँ क्षीणास्रवी भिक्षुले सात बोध्यङ्गहरूको भावित र सुभावित गरेको हुन्छ । जुन सात बोध्यङ्गहरूको भावित र सुभावित गरेको हुन्छ – यो पनि क्षीणास्रवीको बल हो ··· । (छ) आवुसो ! फेरि यहाँ क्षीणास्रवी भिक्षुले आर्यअष्टाङ्गिक मार्गको भावित र सुभावित गरेको हुन्छ । जुन आर्यअष्टाङ्गिक मार्गको भावित र सुभावित गरेको हुन्छ – यो पनि क्षीणास्रवीको बल हो जुन बलमा आएर 'मेरा आस्रवहरू क्षय भइसके' भनी जान्दछ – यी सात धर्महरू साक्षात्कार गर्नुपर्छ ।"

"तथागतले बोध गरेका यी सत्तरी धर्महरू भूत, ··· अनन्यथा छन् ।"

## आठ धर्म

९.८. "(१) आठ धर्म बहूपकारी छन् ··· (१०) आठ धर्म साक्षात्कार गर्नुपर्छ ।"

"(१) कुनचाहिं आठ धर्म बहूपकारी छन् ? अप्राप्त आदिब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त तथा प्राप्त भएकोलाई झन्झन् बढाउन र विपुलतापूर्वक भावना गरी परिपूर्णतामा पुग्नको निमित्त आठ हेतु प्रत्ययहरू छन् । कुन आठ हेतु ? (क) आवुसो ! यहाँ भिक्षु शास्ताको वा गुरुस्थानीय सब्रह्मचारीको आश्रय लिई बस्छ । जहाँ उसको ती लज्जा, भय *(हिरी ओत्तप्प)*, प्रेम र गौरव हुन्छ । अप्राप्त आदिब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त, ··· यो पहिलो हेतु प्रत्यय हो । (ख) शास्ता वा गुरुस्थानीय सब्रह्मचारीको आश्रयमा बस्नेले उनीहरूकहाँ समय समयमा गई 'भन्ते ! यो कसो हो ? यसको के अर्थ हो ?' भनी सोध्छ । उसलाई ती आयुष्मान्हरूले अप्रकटलाई प्रकट गर्छन् र अस्पष्टलाई प्रष्ट पारि दिन्छन् । अनेक प्रकारका शंकास्पद स्थानहरूमा शंका निवारण गरिदिन्छन् । अप्राप्त आदिब्रह्मचर्य प्रज्ञा

---

७३१ यहाँका बाँकी कुरा संगीति-सुत्त पृ. ५२४ को ३६ (७) मा हेर्नुहोला ।

Downloaded from http://www.dhamma.digital

प्राप्तिको निमित्त ··· यो दोस्रो हेतु प्रत्यय हो । (ग) त्यो धर्म सुनेर काय शान्तिको निमित्त र चित्त शान्तिको प्रतिपादन गर्छ । अप्राप्त आदिब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त ··· यो तेस्रो हेतु प्रत्यय हो । (घ) आवुसो ! फेरि भिक्षु शीलवान् प्रातिमोक्ष संयमी भई बस्छ । आचार गोचर सम्पन्न र अणुमात्र दोषमा पनि भयदर्शी भई शिक्षापद समादान गरी बस्छ । अप्राप्त आदिब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त ··· यो चौथो हेतु प्रत्यय हो । (ङ) आवुसो ! फेरि भिक्षु बहुश्रुत र श्रुतसंचयी हुन्छ । जो ती धर्महरू आदिकल्याण हुन् ··· त्यस्ता धर्महरू धेरै सुनेको हुन्छ ··· र राम्ररी बुझेको पनि हुन्छ । अप्राप्त आदिब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त ··· यो पाँचौं हेतु प्रत्यय हो । (च) आवुसो ! फेरि भिक्षु वीर्यवान् हुन्छ अकुशल धर्महरू दूर गर्नको निमित्त र कुशल धर्महरूको प्राप्तिको निमित्त बलवान् पराक्रमी र कुशल धर्महरूको निमित्त उत्साह नछाड्ने हुन्छ । अप्राप्त आदिब्रह्म प्रज्ञा प्राप्तिको निमित्त ··· यो छैटौं हेतु प्रत्यय हो । (छ) आवुसो ! फेरि भिक्षु स्मृतिवान् हुन्छ परम स्मृति प्रज्ञाले युक्त हुन्छ । धेरै अघि गरेको र बोलेकोलाई अनुस्मरण गर्न सक्छ । अप्राप्ति आदिब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त ··· यो सातौं हेतु प्रत्यय हो । (ज) आवुसो ! फेरि भिक्षु पाँच उपादानस्कन्धलाई उदयव्ययको दृष्टिले हेर्ने हुन्छ – 'यो रूप हो, यो रूपको समुदय हो, यो रूपको निरोध हो, यो वेदना हो, यो वेदनाको समुदय हो, यो वेदनाको निरोध हो, यो संज्ञा हो, ··· यो संस्कार हो, ··· यो विज्ञान हो, यो विज्ञानको समुदय हो, यो विज्ञानको निरोध हो ।' अप्राप्त आदिब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त ··· यो आठौं हेतु प्रत्यय हो – यी आठ धर्महरू बहूपकारी छन् । (२) कुनचाहिं आठ धर्म भाविता गर्नुपर्छ ? आर्यअष्टाङ्गिकमार्गहरू । जस्तै – सम्यक्दृष्टि ··· सम्यक्समाधि – यी आठ धर्महरू भाविता गर्नुपर्छ । (३) कुनचाहिं आठ धर्म जान्नुपर्छ ? आठ लोक धर्महरू – लाभ र अलाभ, यश र अयश, निन्दा र प्रशंसा, सुख र दुःख । यी आठ धर्महरू जान्नुपर्छ । (४) कुनचाहिं आठ धर्म त्याग्नुपर्छ ? आठ मिथ्यात्वहरू ··· मिथ्यादृष्टि, ··· मिथ्या समाधि – यी आठ धर्महरू त्याग्नुपर्छ । (५) कुनचाहिं आठ धर्म हानभागीय हुन् ? आठ आलस्य वस्तुहरू – आवुसो ! यहाँ भिक्षुको गर्नुपर्ने काम हुन्छ । उसलाई यस्तो लाग्छ – ···[७३२] – यी आठ धर्महरू हानभागीय हुन् । (६) कुनचाहिं आठ धर्म विशेषभागीय हुन् ? आठ आरम्भ वस्तुहरू – आवुसो ! यहाँ भिक्षुलाई काम गर्नुपर्ने हुन्छ । उसलाई यस्तो लाग्छ – ···[७३३] – यी आठ धर्महरू विशेषभागीय हुन् । (७) कुनचाहिं आठ धर्म बुझ्न कठिन छ ? ब्रह्मचर्यवास गर्नको निमित्त आठ अक्षण समयहरू – आवुसो ! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध लोकमा उत्पन्न भएको हुन्छ । ···[७३४] । यी आठ धर्महरू बुझ्न कठिन छ । (८) कुनचाहिं आठ धर्म उत्पादन गर्नुपर्छ ? आठ महापुरुष वितर्कहरू – (क) यो धर्म अल्पेच्छीको निमित्त हो र यो धर्म म्हेच्छीको निमित्त होइन; (ख) यो धर्म सन्तुष्ट हुनेको निमित्त हो र यो धर्म असन्तुष्ट हुनेको निमित्त होइन; (ग) यो धर्म एकान्तप्रेमीको निमित्त र यो धर्म मानिस जम्मा गरी बस्नेको निमित्त होइन; (घ) यो धर्म वीर्यवान्को निमित्त हो र यो धर्म अल्छी हुनेको निमित्त होइन; (ङ) यो धर्म स्मृतिवान्को निमित्त हो र यो धर्म स्मृतिहीन हुनेको निमित्त होइन; (च) यो धर्म समाहित हुनेको निमित्त र यो धर्म असमाहित हुनेको निमित्त होइन; (छ) यो धर्म प्रज्ञावान्को निमित्त हो र यो धर्म मूर्खको निमित्त होइन; (ज) यो धर्म निष्प्रपञ्चीको निमित्त हो र यो धर्म प्रपञ्चीको निमित्त होइन – यी आठ धर्महरू उत्पादन गर्नुपर्छ । (९) कुनचाहिं आठ धर्म बुझ्नुपर्छ ? आठ अभिभ्वायतनहरू ···[७३५] – यी आठ धर्महरू बुझ्नुपर्छ । (१०)

---

७३२ यहाँका बाँकी सबै कुराहरू संगीति-सुत्तमा उल्लेख भएको 'आठ आलस्यवस्तुहरू' भन्ने पृ. ५२६ मा पढ्नुहोला ।

७३३ यहाँका बाँकी कुराहरू संगीति-सुत्तमा उल्लेख भएको 'आठ आरम्भवस्तुहरू' भन्ने पृ. ५२६ मा पढ्नुहोला ।

७३४ यहाँका बाँकी कुराहरू 'असुर योनिमा उत्पन्न भएको हुन्छ' भन्ने एक बाहेक अरू सबै संगीति-सुत्तमा उल्लेख भएको 'ब्रह्मचर्यवास गर्नको निमित्त नौवटा अक्षण' भन्ने पृ. ५३० मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नुहोला ।

७३५ यहाँका बाँकी कुराहरू पृ. २५५ मा हेर्नुहोला ।

Downloaded from http://www.dhamma.digital

कुनचाहिं आठ धर्म साक्षात्कार गर्नुपर्छ ? आठ विमोक्षहरू – …[७३६] – यी आठ धर्महरू साक्षात्कार गर्नुपर्छ ।"

"तथागतले बोध गरेका यी असी धर्महरू भूत, … अनन्यथा छन् ।"

## नौ धर्म

१०. "(१) नौवटा धर्म बहूपकारी छन् … (१०) नौ वटा धर्म साक्षात्कार गर्नुपर्छ ।"

"(१) कुनचाहिं नौवटा धर्म बहूपकारी छन् ? योनिसोमनस्कार[७३७] मूल भएका नौवटा धर्महरू – योनिशो *(यथार्थत)* मनस्कार गर्दा प्रामोद्य हुन्छ, प्रमुदित हुनेको प्रीति हुन्छ, प्रीति हुनेको काय प्रशब्ध हुन्छ प्रशब्ध काय हुनेको सुखवेदना हुन्छ, सुख हुनेको चित्त समाधिष्ठ हुन्छ, समाहित चित्त भएपछि यथार्थत जान्दछ देख्दछ, यथार्थत जान्दा देख्दा निर्वेद *(उदासीन)* हुन्छ, निर्वेद भएपछि विरक्तिन्छ र विरक्तताबाट विमुक्त हुन्छ – यी नौवटा धर्महरू बहूपकारी छन् । (२) कुनचाहिं नौवटा धर्म भाविता गर्नुपर्छ ? नौवटा पारिशुद्धि प्रधानीय अङ्गहरू – शीलविशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग, चित्तविशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग, दृष्टिविशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग, कङ्खावितरणविशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग, मार्गामार्गज्ञानदर्शन पारिशुद्धि प्रधानीय अङ्ग, प्रतिपदाज्ञानदर्शन विशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग, ज्ञानदर्शनविशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग, प्रज्ञाविशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग र विमुक्ति विशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग – यी नौवटा धर्महरू भाविता गर्नुपर्छ । (३) कुनचाहिं नौवटा धर्म जान्नुपर्छ ? नौवटा सत्त्वावासहरू – आवुसो ! त्यस्ता प्राणीहरू पनि छन् जसको नानाकाय र नानासंज्ञा हुन्छ । …[७३८] । यी नौवटा धर्महरू जान्नुपर्छ । (४) कुनचाहिं नौवटा धर्म त्यागनुपर्छ ? नौवटा तृष्णामूलक धर्महरू – तृष्णाको कारणले खोजी, खोजीको कारणले लाभ, लाभको कारणले विनिश्चय, विनिश्चयको कारणले छन्दराग, छन्दरागको कारणले अध्यवसान, अध्यवसानको कारणले परिग्रह, परिग्रहको कारणले मात्सर्य, मात्सर्यको कारणले आरक्षा र आरक्षाको कारणले दण्डादान-शस्त्रादान कलहविग्रहविवाद – तँ तँ म म भन्ने पिशुन, मृषावाद र अनेक पापक अकुशल धर्महरू हुन्छन् – यी नौवटा धर्महरू त्यागनुपर्छ । (५) कुनचाहिं नौवटा धर्म हानभागीय हुन् ? नौवटा आघात वस्तुहरू – 'मेरो अनर्थ गऱ्यो' भनी आघात राख्छ …[७३९] – यी नौवटा धर्महरू हानभागीय हुन् । (६) कुनचाहिं नौवटा धर्म विशेषभागीय हुन् ? नौवटा आघात विनय वस्तुहरू– … [७४०] – यी नौवटा धर्महरू विशेषभागीय हुन् । (७) कुनचाहिं नौवटा धर्म बुझ्न कठिन छ ? नौवटा नानात्वहरू – धातुनानात्वको कारणले स्पर्श हुन्छ, वेदना नानात्वको कारणले संज्ञा नानात्व उत्पन्न हुन्छ, संज्ञा नानात्वको कारणले संकल्प नानात्व उत्पन्न हुन्छ, संकल्प नानात्वको कारणले छन्द नानात्व उत्पन्न हुन्छ, छन्द नानात्वको कारणले परिदाह नानात्व उत्पन्न हुन्छ, परिदाह नानात्वको कारणले पर्येषण नानात्व उत्पन्न हुन्छ र पर्येषण नानात्वको कारणले लाभ नानात्व उत्पन्न हुन्छ । यी नौवटा धर्महरू बुझ्न कठिन छ । (८) कुनचाहिं नौवटा धर्म उत्पादन गर्नुपर्छ ? नौवटा संज्ञाहरू – अशुभसंज्ञा, मरणसंज्ञा, आहारमा प्रतिकूलसंज्ञा, सबै लोकमा अनभिरतसंज्ञा, अनित्यसंज्ञा,

---

७३६ यहाँका बाँकी कुराहरू संगीति-सुत्तमा उल्लेख भएको 'आठ विमोक्षहरू' भन्ने पृ. ५२८ मा हेर्नुहोला ।

७३७ बुद्धि पुऱ्याई उपायपूर्वक युक्तिपूर्वक यथार्थत: विचार गर्नुलाई 'योनिशोमनस्कार' भनिएको हो ।

७३८ यहाँका बाँकी कुराहरू संगीति-सुत्तमा उल्लेख भएको 'नवसत्त्वावासहरू' भन्ने पृ. ५३० मा हेर्नु होला ।

७३९ यहाँका बाँकी कुराहरू संगीति-सुत्तमा उल्लेख भएको 'नौवटा आघात वस्तुहरू' भन्ने पृ.५२९ मा हेर्नु होला ।

७४० यहाँका बाँकी कुराहरू संगीति-सुत्तमा उल्लेख भएको 'नौवटा आघात प्रतिविनयहरू' भन्ने पृ.५२९ मा हेर्नु होला ।

Downloaded from http://www.dhamma.digital

अनित्यमा दु:खसंज्ञा, दु:खमा अनात्मसंज्ञा, प्रहाणसंज्ञा र विरागसंज्ञा – यी नौवटा धर्महरू उत्पादन गर्नुपर्छ । (९) कुनचाहिं नौवटा धर्म बुझ्नुपर्छ ? नौवटा अनुपूर्वविहार – …[७४१] । यी नौवटा धर्महरू बुझ्नुपर्छ । (१०) कुनचाहिं नौवटा धर्म साक्षात्कार गर्नुपर्छ ? नौवटा अनुपूर्व निरोधहरू – …[७४२] । यी नौवटा धर्महरू साक्षात्कार गर्नुपर्छ ।"

"तथागतले बोध गरेका यी नब्बे धर्महरू भूत, … अनन्यथा छन् ।"

## दश धर्म

११. "(१) दस धर्म बहूपकारी छन्, … (१०) दस धर्म साक्षात्कार गर्नुपर्छ ।"

"(१) कुनचाहिं दस धर्म बहूपकारी छन् ? दस नाथकरण धर्महरू – …[७४३] – यी दस धर्महरू बहूपकारी छन् । (२) कुनचाहिं दस धर्म भाविता गर्नुपर्छ । दस कसिणहरू – …[७४४] । यी दस धर्महरू भाविता गर्नु पर्छ । (३) कुनचाहिं दस धर्म जान्नुपर्छ ? दस आयतनहरू – चक्षु आयतन, रूप आयतन, स्रोत आयतन, शब्द आयतन, घ्राण आयतन, गन्ध आयतन, जिह्वा आयतन, रस आयतन, काय आयतन र स्पर्श आयतन – यी दस धर्महरू जान्नुपर्छ । (४) कुनचाहिं दस धर्म त्याग्नुपर्छ ? दस मिथ्यात्वहरू – मिथ्यादृष्टि, … [७४५] मिथ्यासमाधि, मिथ्याज्ञान र मिथ्याविमुक्ति । यी दस धर्महरू त्याग्नुपर्छ । (५) कुनचाहिं दस धर्म हानभागीय हुन् ? दस अकुशलकर्मपथहरू – …[७४६] – यही दस धर्महरू हानभागीय हुन् । (६) कुनचाहिं दस धर्म विशेषभागीय हुन् ? दस कुशलकर्मपथहरू – …[७४७] – यी दस धर्महरू विशेषभागीय हुन् । (७) कुनचाहिं दस धर्म बुझ्न कठिन छ । दस आर्यवासहरू – …[७४८] । यी दस धर्महरू बुझ्न कठिन छ । (८) कुनचाहिं दस धर्म उत्पादन गर्नुपर्छ ? दस संज्ञाहरू – अशुभसंज्ञा, मरणसंज्ञा, आहारमा प्रति कूल, सबै लोकमा अनभिरतिसंज्ञा, अनित्यसंज्ञा, अनित्यमा दु:खसंज्ञा, दु:खमा अनात्मताको संज्ञा, प्रहाणसंज्ञा, विरागसंज्ञा र निरोधसंज्ञा । यी दस धर्महरू उत्पादन गर्नुपर्छ । (९) कुनचाहिं दस धर्म बुझ्नुपर्छ ? *(अभिञ्ञेय्या)* । दशवटा निर्जन वस्तुहरू – (क) सम्यक्दृष्टि हुनेको मिथ्यादृष्टि जीर्ण हुन्छ र मिथ्यादृष्टिको कारणले अनेक पापक धर्महरू सम्भव हुनछन् ती पनि जिर्ण हुन्छन्, (ख) सम्यक्संकल्प हुनेको मिथ्यासंकल्प जीर्ण हुन्छ र …, (ग) सम्यक्वाचा हुनेको मिथ्यावाचा जीर्ण हुन्छ र …, (घ) सम्यक्कर्मान्त हुनेको मिथ्याकर्मान्त जीर्ण हुन्छ र …, (ङ) सम्यक्आजीव हुनेको मिथ्या आजीव जीर्ण हुन्छ र … , (च) सम्यक्व्यायाम हुनेको मिथ्या व्यायाम जीर्ण हुन्छ र …, (छ) सम्यक्स्मृति हुनेको मिथ्यास्मृति जीर्ण हुन्छ र…, (ज) सम्यक्समाधि हुनेको मिथ्या समाधि जीर्ण हुन्छ र …, (झ) सम्यक्ज्ञान हुनेको मिथ्याज्ञान जीर्ण हुन्छ र …, (ञ) सम्य्कविमुक्ति हुनेको मिथ्याविमुक्ति जीर्ण हुन्छ र मिथ्या विमुक्तिको कारणले जुन अनेक पापक धर्महरू सम्भव हुन्छन् ती पनि जीर्ण हुन्छन् – यी

७४१ यहाँका बाँकी कुराहरू संगीति-सुत्तमा उल्लेख भएको 'नौ अनुपूर्व विहार' भन्ने पृ. ५३१ मा हेर्नु होला ।

७४२ यहाँका बाँकी कुराहरू संगीति-सुत्तमा उल्लेख भएको 'नौ अनुपूर्व निरोधहरू' भन्ने पृ. ५३१ मा हेर्नु होला ।

७४३ यहाँका बाँकी कुराहरू संगीति-सुत्तमा उल्लेख भएको 'दश नाथकरण धर्महरू' भन्ने पृ. ५३२ मा हेर्नु होला ।

७४४ यहाँका बाँकी कुराहरू संगीति-सुत्तमा उल्लेख भएको 'दश कसिणायतनहरू' भन्ने पृ. ५३२ मा हेर्नु होला ।

७४५ यहाँका बाँकी कुराहरू संगीति-सुत्तमा उल्लेख भएको 'आठ मिथ्यापनहरू पृ. ५२५ मा पढ्नुहोला ।

७४६ यहाँका बाँकी कुराहरू संगीति-सुत्तमा उल्लेख भएको 'दश अकुशल कर्मपथहरू' भन्ने पृ. ५३२ मा हेर्नु होला ।

७४७ यहाँका बाँकी कुराहरू संगीति-सुत्तमा उल्लेख भएको 'दश कुशल कर्मपथहरू' भन्ने पृ. ५३३ मा हेर्नु होला ।

७४८ यहाँका बाँकी कुराहरू संगीति-सुत्तमा उल्लेख भएको 'दश आर्यवासहरू' भन्ने पृ. ५३३ मा हेर्नु होला ।

Downloaded from http://www.dhamma.digital

दस धर्महरू बुझ्नुपर्छ । (१०) कुनचाहिं दस धर्म साक्षात्कार गर्नुपर्छ ? दस धर्महरू बुझ्नुपर्छ – अशैक्ष सम्यक्दृष्टि, अशैक्ष सम्यक्संकल्प, अशैक्ष सम्यक्वाचा, सम्यह्व्यायाम, अशैक्ष सम्यक्स्मृति, अशैक्ष सम्यक्समाधि, अशैक्ष सम्यक्ज्ञान र अशैक्ष सम्य्कविमुक्ति – यी दस धर्महरू साक्षात्कार गर्नुपर्छ ।"

"तथागतले बोध गरेका यी दस धर्महरू भूत, तथ्य, तथ, अवितथ र अनन्यथा छन् ।"

आयुष्मान् सारिपुत्रले यति भन्नुभयो । सन्तुष्ट भई ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रको भाषणलाई अभिनन्दन गरे ।

**दसुत्तर-सुत्त समाप्त ।**

**पाथिक-वर्ग समाप्त ।**

**दीघनिकाय समाप्त ।**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# परिशिष्ट

## १. उपमा सूची


अग्निहोत्रीको उपमा ३७८

अधि गृहस्थीमा छँदा जस्तै ५१८

अचिरवती नदीको उपमा १८१, १८२

अचिरवती नदी पार तर्न चाहने १८२

अन्धवेणु परम्पराका मानिस मध्येबाट १७९

अपायमा जाने व्यक्ति अपायमा जानेभैं ४०१

अरहन्तलाई धर्म भैं ६४,

अवीचिको स्पर्श गर्नको निमित्त ४१७,

अष्टाङ्ग गरी राम्ररी कुँदेको ··· वैदूर्यमणि ६४, १५८, १९५

असल खाना खाएर भात लागेजस्तै ३००

आकाशमा हिंडेजस्तै गरी वारपार ६५, १५८, १६३

आगो समान काम गर्ने चोर ३७२

आजभोलि आमा, बाबु ··· प्रति गौरव राख्नेहरू ४२८

आँप भएको हाँगा काटेपछि ३२,

इन्द्रखीलको उपमा ४६०

उत्पल, पद्म अथवा पुण्डरीक पोखरीमा २११

उत्पल, पद्म अथवा पुण्डरीक सबैका लागि प्रिय १९७

उत्पल समुदाय, पद्म समुदाय, पुण्डरीक समुदाय ६३, १५७

उमापुष्प जस्तै ३२९,

ऊनको उपमा ३८२

ऊनको कपडाको उपमा ३८२

ऊनको धागोमा उपमा ३८२

एकहजार गाडाहरू पूर्वी जनपदबाट पश्चिम जनपदमा ३७९

कपासको उपमा ३८२

कसैले कसैसँग आँपको कुरा सोध्दा लौकाको कुरा ४०-४५

काटेको रुख ढलेभैं २८२, २८३

कानो गाई गाईको जमातबाट दूर भई एक्लै एक्लै हिंड्छ ४२९

कालिमारहित चन्द्रमा जस्ता नाग (बुद्ध) ३३०,

कुखुरा एउटा घरबाट अर्को घर सजिलैसित ४२९

कुनै कृषक हलो र बिऊ लिइ खेतमा ३८३

कुनै गाउँको वा निगमका नजिकमा १७८

कुनै घ्यू वा तेल बाल्दा २८५

कुनै जन्मान्ध पुरुषले कालो सेतो ··· देख्दैन ३७४

कुनै दक्ष नहापक (नुहाइ दिने) ले वा उसको अन्तेवासीले ६२

कुनै धनी महाधनी पुरुष भयसहित दुर्भिक्ष कान्तार ६२

कुनै नक्कल पार्नु पर्ने स्वभावकी स्त्री, पुरुष वा युवाले ६७, १५९

कुनै नाउ वा उसको अन्तेवासीले १५६

कुनै पहाडमाथि स्वच्छ, प्रसन्न तथा निर्मल जलाशय ६८, १६०


Downloaded from http://www.dhamma.digital

कुनै पुरुष आफ्नो अधिनमा रहन नपाई ६१
(कुनै पुरुष) आफ्नो खेतमा पालो नबसी अर्काको खेतमा पालो १७४
कुनै पुरुष आफ्नो गाउँबाट अर्को गाउँमा जान्छ ६७, १५९
कुनै पुरुष चौबाटोमा बसी प्रासादमा उक्लिनको लागि भऱ्याङ १४७, १४९, १८१
कुनै पुरुष भ्यालखानामा थुनिन्छ ६१
कुनै पुरुष टाउको समेत चर्पीको खाडलमा ३७३
कुनै पुरुष धन सम्पत्ति लिइ मरुभूमिको लामो बाटो १५५
(कुनै पुरुष) पुरानो बन्धनलाई चुँडालेर अर्को नयाँ बन्धन १७४
(कुनै पुरुष) फर्केर जानेको पछिल्तिर लाग्छ १७३
कुनै पुरुष मनसाकटमा जन्मी १८४
कुनै पुरुष रोगी वा अति रोगी भई दुःखी ६१, १६५
कुनै पुरुष लामो बाटो गइरहेको बेलामा ६५, १५९
कुनै पुरुष ऋण (कर्जा) लिएर काम चलाउँछ ६१, १६५
कुनै पुरुषले दापबाट तलबार निकाल्छ ६४, १५८
कुनै पुरुषले नरकबाट प्रपातमा खसिरहेको कुनै पुरुषलाई केशमा १७६
कुनै पुरुषले पेटारीबाट सर्प निकाल्छ ६४, १५८
कुनै पुरुषले मुञ्ज (बोक्रो) बाट ईषिक (डाँठ) निकाल्छ ६४, ०१५८
कुनै पुरुष शिरदेखि लिएर आफ्नो शरीर जम्मै ६३, १५७
कुनै पुरुष सेतो कपडाले आफ्नो शरीर जम्मै १५७
कुनै बलबान् पुरुष राम्ररी बिच्छ्याइ राखेको आसनमा ३१५
कुनै बुलबान् पुरुषले खुम्चिएको हातलाई पसार्छ १६८, २१०, २१४-२१६, २४५, २९५, ३१९, ३२६, ३३२
कुनै बुलबान् शंख फुक्ने मानिसले १८५,
कुनै सफा तथा नमैलिएको वस्त्रमा जुनसुकै रङ्गले रंगाए पनि ८५
कुनै सिपालु कुमालेले वा उसका अन्तेवासीले ६४, १५८
कुनै सिपालु दन्तकारले वा उसका अन्तेवासीले ६४, १५८
कुनै सिपालु सुनारले वा उसका अन्तेवासीले ६४, १५८
केशरसिंहको बलसँग जडसिंगालले ४०७,
कौडीहरू विषमा लतपटाई ३८१
कौवाले पिउन सक्ने अचिरवती नदी १८१
कुशल दक्ष गौघातक वा उसको शिष्यले गाईलाई ३५५
कुशल दक्ष भ्रमकार अथवा उसको शिष्यले ३५४
खाली घैंटोलाई यताउता घुमाउनेझैं घुमाउने ४०७, ४१७
क्षत्रिय राजाले अभिषेक प्राप्त गर्ने बितिकै ३०६, ३१५
क्षुद्रमधुको स्वाद जस्ता ४३५
गङ्गा र यमुनाको पानी एउटै ठाउँमा मिल्छ ३१२
गर्भिणीको उपमा ३७५
गाईबाट दूध, दूधबाट दही, दहीबाट नौनी, नौनीबाट सप्पी १५०
गाडीवानहरूको उपमा ३७९
गुत्थी नसुल्झेको धागोजस्तै २१८
गुहूको पोको उपमा ३८१
घ्यूले भरिएको मक्खन जस्तो ४३५
घाममा तप्त भएको गजराजलाई ३३२,

Downloaded from http://www.dhamma.digital

चन्द्रमा जस्तै ३६
चन्द्र सूर्यको उपमा ३७१
चन्द्र सूर्य यो लोकमा ३७१
चरा चुरुङ्गी उडेर जाँदा आफ्नो पखेटा १५४
चरा पंक्षीहरू जहाँ जहाँ जान्छन् त्यहाँ त्यहाँ आफ्नो पक्षभार ६०
चराहरू फल फलेका रुखमा गई ६०,
चण्डालपुत्रले असम्भिन्न क्षत्री कुमारलाई जातिवादले ४०७,
चर्पीको उपमा ३७३
चलाउन नसक्ने गरी ४६०
चाँदीको उपमा ३८२
चोरको उपमा ३८२
चौबाटोको बीचमा भएको घरमा आँखा देख्ने ६८, १६०
जति हाम्रा आनन्द (भिक्षु) २७५
जनपदकल्याणीको उपमा १४६, १८०
जन्मान्धको उपमा ३७४
जस्तै घोप्टेकोलाई उतानो पारिदिंदा ७०, ८५, १००, १२०, १३८, १५१, १६१, १७६, १८६, २१२-२१४, २६८, २७८, ३८३
जस्तै पहाडले घेरिएको स्वच्छ, प्रसन्न तथा निर्मल जलाशय ६८, १६०
जुवाडेको उपमा ३८१
जेलमा परेको कुनै पुरुष १५५
ज्यूबाट चन्दनको र मुखबाट कमलको जस्तो वासना २९३
तातिएको प्रज्वलित फलामको डल्लो तराजुमा तौल्दा ३७७
तातो फलामको उपमा ३७६
तिमी यहाँ आचार्यसहित बसेका छौ ८२
तिमी यहाँ आचार्यसहित भोजन गर्दछौ ८२
तिमी यहाँ आचार्यसहित रथमा जान्छौ ८२
तृण बिच्छ्याउने जस्तो ५२५
त्रयस्त्रिंश देवताहरूसँग सल्लाह गरे जस्तै २४३
त्रयस्त्रिंश देवलोकको उपमा ३७४
त्रयस्त्रिंशवासी देवताहरूले जस्तै आँखा नझिम्काई १९७
दास भएको, स्वाधीन नभएको ··· कुनै पुरुष १५५
दुई जना जुवाडेहरू जुवा खेल्दैथे ३८१
दुई वटा मुख भएको थैलोमा नाना प्रकारका धान्य ३५५
दुवैतिर चिल्ला भएका निला ··· वनारसी वस्त्रहरू २५६
दुवैतिर चिल्ला भएका पहैंला ··· वनारसी वस्त्रहरू २५६
दुवैतिर चिल्ला भएका राता ··· वनारसी वस्त्रहरू २५६
दुवैतिर चिल्ला भएका सेता ··· वनारसी वस्त्रहरू २५६
दूधको तर जाले जस्तै ४३५
देवताहरूको आलकमंदा नामको नगर २७६, २९०
द्रौण (पाथी) ले नापि राखेको जस्तै ४१,
धेरै दिनदेखि शिक्षित भएकै घोडा २९२
धारिलो छराको पाता ४५६,
धेरै दिनदेखि शिक्षित भएकै हात्ती २९२
नरकगामी पुरुष नरकमा जान्छ ३९१, ३९३, ३९४
नीला, नीलावर्ण, नीलादर्शन ··· उमा उष्पहरू २५६
पक्षीझैं आकाशमा पनि जान्छ ६४, १५८, १६३
पक्षीझैं कुनै अल्झोको बिना ६०,

Downloaded from http://www.dhamma.digital

पराङमुख भएकोलाई (पछिल्तिरबाट) आलिङ्गन गर्छ १७३
पहेँला, पहेँला वर्ण ··· भएका कर्णिकार फूलहरू २५६
पसिना बग्नेलाई हावा झैं ३३३,
पाँच अङ्गले युक्त बाजा बजाउँदा २९१, २९६
पानीभित्र फुलेको पद्मफूल झैं ३४०,
पुत्र पितालाई प्रिय र मनाप २९४
पुरानो थोत्रो (जीर्ण) गाडा जेनतेन बाँधेर काम चलाइन्छ २५०
पुरानो बन्धनलाई चुँडाली अर्को नयाँ बन्धन गर्ने जस्तै १६९, १७१, १७३
पृथ्वीमा हिंडेजस्तै गरी ६४, १५८, १६३
प्यासीलाई पानी झैं ३३३,
प्रमोदबाट प्रामोध उत्पन्न हुन्छ ३०८
फलामको उपमा ३८२
फालेको जस्तो गरी दान ३८५
बलिरहेको आगोमा पुन: दाउराहरू नथपिनाले ६९
बलेको (आगो) लाई पानीले निभाउने झैं ३३३,
बल्छी खाएका माछा झैं ३३३,
बालकको जस्तै ४१८,
बूढो स्यालको उपमा ३९८-४००,
ब्राह्मणका दुईवटी भार्याहरू ३७५
भँगेरी चरा पनि आफ्नो गुँडमा स्वच्छन्द आलाप गर्छ ७३
भत्केको स्तूप जस्तै ४५०, ५०७
भन्याङको उपमा १४७, १८०
भोक लाग्नेलाई खाना झैं ३३३,
मगध राजाको राज्यमा ··· डाकूहरू ५०३
मणिरत्नलाई काशीको वस्त्रमा पोको पार्दा १९५
मद प्रमत्त भएको हात्तीलाई भाला र अंकुशद्वारा ३३३,
मधुमक्षिको जस्तो स्वादपूर्ण ४३५
मनुष्यको शयवर्ष ··· त्रयस्त्रिंश देवताको एकरातदिन ३७४
मनुष्य भएको मैले देख्दा देख्दै यो बालक मर्नु ३७८
मलरहित तलाउजस्तै ३७,
महासागरझैं गुणी हुनु भएका ९०
मसिनो प्वाल भएको जाल थोरै पानी ३१,
माझमा मूल भएका एउटा गम्भीर जलाशय ६२, १५६
माझी वा माझीको अन्तेवासीले ३१,
मारको वशमा पर्दा कुनै पुरुष ४२०,
मून्ज (घाँस) घाँसमा अल्झेझैं २१८
मैलो नपरेको शुद्ध वस्त्रमा राम्ररी रङ्गले समात्छ २१२, २१३
राँङ्को उपमा ३८२
राजाको नगरमा बलियो पर्खाल र तोरण भएको एउटा ढोका २४०, ४४२
राजाको प्रत्यन्त नगरमा बलियो पर्खालले घेरिएको २४०, ४४२
राता, राता वर्ण ··· बन्धुजीव फूलहरू २५६
रुखको जरोलाई निर्मूल पारी उखेलिसकेपछि ६९
रोगीलाई औषधी जस्तै ३३३,
लौकाको कुरा सोध्दा आँपको कुरा बताएझैं ४०-४५
वर्षाको अन्त, शरद ॠतुको शुरुमा ··· सूर्य २९६
विरामी भएको, रोगले सारै पीडित ··· कुनै पुरुष १५५
वैदूर्यमणिको उपमा ६४, १५८, १९५

Downloaded from http://www.dhamma.digital

शंख जस्तो सेता वर्ण भई सकेको हाडै हाडहरू २५६
शंख बजाउनेको उपमा ३७७
शंखवादक शंख लिएर प्रत्यत्न गाउँमा ३७७
शत्रुलाई दमन गरी अभिषेक प्राप्त क्षेत्रीले ५७
शुक्रताराको उपमा २५६
शैलमय पर्वतको टुप्पोमा बसी (कुनै पुरुषले) २११
सकुणपक्षीझैं १६४
सन कपडाको उपमा३८२
सनको भरीको उपमा ३८२
सारिपुत्र महास्थविर झैं अरहत् ३४७,
सूर्य समान शरीर भएको ३३४,
स्रोत महादहहरूको पानीको सामु तृणाविन्दुको पानी जस्तै ९०
सीसाको उपमा ३८२
सुनको उपमा ३८२
सुमेरुका सामु सर्स्यू जस्तै ९०
सुवर्णको रूप मानिसको रूपभन्दा तेजिलो ३०६, ३१४
सूँगर पाल्ने मानिस ३८१
सूर्यको उपमा २९६
सूर्यको किरणद्वारा विकसित भएका पद्मका फूलहरूझैं ९३
सेता, सेतावर्ण ··· शुक्रतारा २५६
स्वप्नको उपमा ३७६
स्वप्नमा बगैंचा वन भूमि र पोखरी देखेको ३७६
हल्लाउन नसक्ने गरी कुनै इन्द्रखील ४६०
हातले हात धोइन्छ वा खुट्टाले खुट्टा धोइन्छ ९९
हिजो आज शाली धान, मास भोजन श्रेष्ठ ४२७
हिमालय पर्वतमा बस्ने करवीक (कोइली) पक्षीको स्वर १९७

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# २. नाम अनुक्रमणी


अकनिष्ठ (देवलोकवासी) २१७
अकनिष्ठ ब्रह्मलोक ३५१
अग्गिदत्त (ककुसन्ध बुद्धका पिता) १९२
अग्गिवेस्सन ४४
अग्निदत्त हेर्नुहोस् अग्गिदत्त
अग्निरस (पूर्वज ऋषि) ८२, १७९
अङ्ग (देश) ८६, ३०२, ३१८
अङ्गिरस हेर्नुहोस् अग्निरस
अङ्गक माणवक ९९
अचिरवती १७७, १८१, १८२
अचिरवती नदीको किनारको आम्रवनमा १७७
अचेल कलारमट्टक ३९३-३९४
अचेल कस्सप १२९-१३८
अचेल काश्यप हेर्नुहोस् अचेल कस्सप
अचेल कोरक्खत्तिय (कुकुरको व्रत पालन गर्ने) ३९१-३९४
अचेल पाथिकपुत्र ३९४-४००
अच्युत ३२९
अजपाल (वृक्ष) २४७
अजातशत्रु वैदेहीपुत्र, मगधराजा ३३-३७, ४६-४८, ७०, २२९-२३५, २८६, २८८
अजातशत्रुले बिम्बिसार राजालाई मारे ३७
अजित (सेनापति) ३९५
अजित केशकम्बल ३३, ३४, ४२, २७८
अतप्पा ब्रह्मलोक ३४१
अतप्य देवलोक २१७
अद्धरिय ब्राह्मण १७८
अनाथपिण्डिक उपासक ३५१
अनाथपिण्डिकको आराम हेर्नुहोस् जेतवनाराम वा जेतवन
अनाथपिण्डिकले ११५
अनाथपिण्डिक सेठ ४९३
अनुत्तर संग्राम जित ३२
अनुरुद्ध २८५
अनुरुद्ध महास्थविर ३४७
अनुरुद्धको छोरा नागदास भन्नेले आफ्ना पिता अनुरुद्धलाई मारे ३७
अनुरुद्धले महायुण्डलाई मारे ३७
अनुपिय (अनुप्रिय) ३८९
अनेजक ३२९
अनोतप्त (दह) ४१
अनोमा नगर (राजधानी, सुप्पति राजाको) १०
अभिभू (अग्रश्रावक) १९१
अमरकोष ३२४
अमृतानन्द महानायक महास्थविर, आचार्य ३४, २२६, २७९
अम्बग्राम (आमग्राम) २६२
अम्बट्ठसुत्तवण्णना १०२
अम्बपाली गणिका २४८, २४९
अम्बपालीवन २४७-२४९
अम्बर ५०२
अम्बरवती ५०२
अम्बलट्ठिका १, २३९
अम्बलट्ठिका (खाणुमतको) १०२, १०५


Downloaded from http://www.dhamma.digital

अम्बष्ठ माणव ७१-८४
अम्बसण्डक ब्राह्मण गाउँ ३२३
अम्बसण्ड, राजगृह ३३१-३३३
अरिट्ठक (अरिष्ठ) ३२९
अरिष्ट हेर्नुहोस् अरिट्ठक
अरिष्टनेमि५०२
अरुण देव ३२९
अरुण देव ३२९
अरुण भन्ने राजा १९२
अरुणवती (राजधानी, अरुण राजाको)१९२
अल्पकप्प २८८
अल्लकप्प (देश) का बुलि (राजकुमार)हरू२७८, २८८
अवदान ग्राह्य देवता ३२९
अवन्ती ३०२, ३१७, ३१८
अवन्तीको महिष्मती ३१७
अवहा ३०२
अविहा ब्रह्मलोकमा ३५१
अवृह (अविह) देवलोक २१६, २१७
अशोक (अग्रउपस्थाक) १९२, १९४, २१६)
अश्वक ३०२
अश्वकको पोतन ३१७
अष्टक (पूर्वज ऋषि) ८२, १७९
असम ३२९
असुरेन्द्र, राहु९१,
अस्सक हेर्नुहोस् अश्वक
अस्सतरा ३२८
अस्सतथवृक्ष१९१, २१६, २१७
आङ्गिरस ३३३
आटानाटा (अन्तरिक्ष-नगर) ५०१
आटानाटिय रक्षा ४९९, ५०५
आतुमा २६७
आदित्यबन्धु (बुद्ध) ४९९-५०१
आनन्द (अग्रउपस्थापक) १९२, २१६, २१७
आनन्द महास्थविर१२१, ३४७ हेर्नुहोस् आयुष्मान् आनन्द
आनन्द चेतिय २६२
आभास्वर देवता२२७
आमग्राम हेर्नुहोस् अम्बग्राम
आम्रवन, अचिरवती नदीको किनारस्थित १७७
आम्रवन (कुकट्टा नदी)२६९
आम्रवन (चुन्द कुमार पुत्रको) २६४, ५०६
आम्रवन, जीवक कौमारभृत्यको ३३, २५९, २८६
आम्रवन (नालन्दाको पावारिक) १६२, २३९, २४१, ४४२
आम्रवन (वेधञ्ञ नामक शाक्य देश) ४४९
आयुष्मान् अनिरुद्ध २८२, २८३
आयुष्मान् आनन्द १, ३२,९१, १५२-१६१, २१८-२२९, २३०-२३५, २३९-२८०, २८२, २९०, ३००-३०४, ३१०, ४४९, ४५०
आयुष्मान् उदायी ४४८
आयुष्मान् उपवान२७२, ४६६
आयुष्मान् कस्सप (काश्यप) १३८
आयुष्मान् कुमार काश्यप३७०-३८३
आयुष्मान् कौशिक (शक्र देवेन्द्र) ३३५
आयुष्मान् गवम्पति ३८४, ३८५
आयुष्मान् चुन्दक २६९
आयुष्मान् चित्तहत्थि सारिपुत्र१५१
आयुष्मान् जनवसभ यक्ष ३०५
आयुष्मान् नागित १२१, १२२
आयुष्मान् महाकश्यप २८४-२८५

Downloaded from http://www.dhamma.digital

आयुष्मान् सारिपुत्र २४०, २४१, ४४२-४४८

आयुष्मान् सारिपुत्रका कान्छा भाइ २६९

आयुष्मान् सुभद २७९

आलकमन्दा (देवताहरूको नगर) २७६, २९०

आलकमन्दा (राजधानी) ५०२, ५०३

आलारकालम २६७, २६८

आलरकालामका शिष्य २६६

आलवक (यक्ष सेनापति) ५०४

आश्वीन पूर्णिमा ३११

आसव ३३०

इच्छानङ्गल ७१, ८४

इन्द्र ३२९

इन्द्र (शक्र देवेन्द्र) ले पराजित गरेका ३२९

इन्द्र ३३०

इन्द्र (यक्ष सेनापति) ५०३

इन्द्र (वैदिक देवता) १८२

इन्दौर ३१८

इन्द्र भन्ने एउटै नाउँ भएका ३२८

इन्द्र सहित त्रयस्त्रिंश देवताहरू ३०६, ३०७, ३१२

इन्द्रशाल गुफा ३३१, ३३२, ३३३५

ईसान (वैदिक देवता) १८२

उक्कट्ठा ७१, ८३-८५, २१६

उडीसा ३१७

उत्तर (वेस्सभु बुद्धका अग्रश्रावक) १९१

उत्तर (कोणाग्राम बुद्धका अग्रश्रावक) १९१

उत्तर भन्ने माणवक ३८२, २८४

उत्तरका (निगम, थुल गाउँ) ३९१

उत्तरकुरु ५०१

उत्तरा (कोणागमन बुद्धकी आमा) १९२

उत्तरापथ ३०२

उत्पलवर्णा ५०४

दयन चेतिय (चैत्य) २६०

उदयभद्र कुमार, अजातशत्रुको छोरा ३६, ३७

उदयभद्रले अजातशत्रुलाई मारे ३७

उदुम्बरवृक्ष १९१

उदुम्बरिकसुत्तवण्णना ४०८

उदुम्बरिकाको परिव्राजकाराम ४०६

उदेन चेतिय २५१

उदेन चैतय ३९३

उद्दक रामपुत्र ४५६

उपत्तन भन्ने मल्लहरूको शालवन २६९, २७१, २७२, २७७, २८३, २९०

उपवन १२१

उपसन्त (उपशान्त) १९२

उपोसथ (हात्ती) २९९

उब्भतक (संस्थागार) ५०६

उरुञ्ज (नगर) १२९

उरुवेल २५७, ३३४

उल्कामुख हेर्नुहोस् ओक्कामुख

ऋषिगिलि पर्वत (राजगृह) २५९

एकपट्टन (गंगा नदी छेउको गाउँ) २२९

एरावण, महानाग ३२८

ऐत्तरिय हेर्नुहोस् अद्धरिय ब्राह्मण

ओक्काक राजा ७४-७६

ओक्कामुख (उल्कामुख) ७४

ओजसि ५०२

ओट्ठद्ध भन्ने लिच्छवी १२१-१२६

ओपमञ्ञ ३२८


Downloaded from http://www.dhamma.digital

औपमन्यव५०३
औरंगाबाद३१७
ककुध नदी २६६, २६९
ककुसन्ध (अरहत् सम्यक्सम्बुद्ध)१९०-१९२, ४९९
कटिस्सह उपासक २४६
कट्ठक (काष्ठक) ३२९
कण्णकत्थल भन्ने मृगदायमा१२९
कनकमुनि हेर्नुहोस् कोणागमन अरहत् सम्यक्सम्बुद्ध
कन्दर पर्वत ३४१
कपिलवस्तु (कपिलवस्तु, राजधानी शुद्धोदन राजाको) १९२, २१६, २१७, २८८
कपिलवस्तु भमिमा ३२६
कपिलवस्तुस्थित महावन ३२६
कपिलवस्तका शाक्य (राजा) २८७, २८८
कपीवन्त ५०२
कम्बल३२८
कम्बोज ३०२
कम्मासदम्म २१८, ३५३
करकण्डु ७४
करती (यक्ष सेनापति)५०३
करम्भ ३०९
करेरिकुटी, जेतवनको १८९
करेरि मण्डलमाला१८९, १९३
कर्णमण्ड (दह) ४१
कलन्दकनिवाप (राजगृह) २५९, ४८३
कलारमट्टक हेर्नुहोस् अचेल कलारमट्टक
कलिंगको दन्तपुर ३१७
कलिंगराजको देश २८८
कल्पद्रुम ४८१
कल्माषदम्य हेर्नुहोस् कम्मासदम्य
कश्यप (पूर्वज ऋषि) ८२, १७९
कस्सप (अरहत् सम्यक्सम्बुद्ध) १९०-१९२
कस्सप हेर्नुहोस् आयुष्मान् कस्सप
कामश्रेष्ठ (यक्ष सेनापति)५०३
कामसेट्ठ ३२८
कालक नामक भयंकर असुर ३२९
कालकञ्जिक (असुर योनि) ३९२
कालशिला (राजगृह) २४६
कालिम्ब उपासक २४६
कालुदायी ४४८
काशी १७१, १७२, ३०२
काशीको चम्पा३१८
काश्यप हेर्नुहोस् कस्सप (अरहत् सम्यक्सम्बुद्ध)
काश्यप हेर्नुहोस् आयुष्मान् कस्सप
काश्यप (बुद्ध)४९९
किकी (राजा) १९२
किनुघण्टु ३२८
किन्नु (यक्ष सेनापति) ५०३
कीटागिरिसुत्तवणना ५१, ५२
कुकुट्ठा नदी २६९
कुकुत्थक ५०२
कुक्कुट उपासक २४६
कुटदन्त हेर्नुहोस् कूटदन्त
कुटागारशाला१२१, २६१, ३९३, ४००
कुटेण्डु ३२८
कुणालक (दह) ४१
कुमार काश्यप हेर्नुहोस् आयुष्मान् कस्सप
कुम्भण्ड (कुष्माण्ड) यक्षहरूको अधिपति ५००
कुम्भण्डहरूका अधिपति ३२८

Downloaded from http://www.dhamma.digital

कुम्भीर भन्ने यक्ष ३२८
कुरीरक ५०२
कुरु देश २१८, ३०२, ३५३
कुवेर (वैश्रमण) महाराज ३२८, ५०२
कुशावती २७६, २९०-२९२, २९७, २९९,
कुसिनाटा (अन्तरिक्ष नगर) ५०१
कुसीनगर २६५, २६६, २६९, २७७, २८४-२८७, २९०, ४४९,
कुसीनारा २७३, २७६, २८३, २८४, २९०
कुसीनाराका मल्लहरूको २७१
कूटदन्त १०२-१२०
कूटदन्तसुत्तवण्णना १०५-१०७, १०९, ११३, ११६, ११७, ११९
कटागारशाला (वैशाली) १२१
कुष्माण्ड ५००
कृष्ण ऋषि ७५
कृष्ण जन्म्यो, पिशाच जन्म्यो ७४
कृष्ण भन्ने बालक ७४
कृष्णायनका आदिपुरुष ७५
कृष्णायण गोत्र ७३-७५
केतुमती (वाराणसी) ४२९
केवट्ट गृहपतिपुत्र १६२-१६८
केवट्टसुत्तवण्णना १६५, १६७
कोटिग्राम २४५, २४६
कोणागमन (अरहत् सम्यक्सम्बुद्ध) १९०-१९२, ४९९
कोण्डिञ्ञ गोत्र १९०, २१६
कोरकखात्तिय हेर्नुहोस् अचेल कोरक्खत्तिय
कोलिय २८७, २८८
कोशलका (ब्राह्मणहरू) १२१, १२२
कोशल देशमा १६९, ३७०
कोशल राज्य ७१, १७१, १७२, १७७, ३०२
कोशलराजा ७१, ८१, ११५, १६९
कोशलराजा प्रसेनजित ८१
कौशाम्बी २७६, २९०
कौशाम्बीको घोषिताराम १२५, १२७
त्रकुच्छन्द हेर्नुहोस् (ककुसन्ध अरहत् सम्यक्सम्बुद्ध)
क्रीडाप्रदूषिक देवता ३२९, ४०२
क्रीडाप्रदषिक भन्ने आचार्यवाद ४०३
खण्ड (अग्रश्रावक) १९१, १९४
खण्डराजपुत्र २१२, २१३, २१६, २१७
खाणुमत (मगध ब्राह्मण गाउँ) १०२, १०४
खाणुमतका ब्राह्मणहरू १०३
खुज्जुत्तरादि जस्ता उपासिकाहरू ४५४
खेम (क्षेम भन्ने राजा) १९२
खेमंकर (अग्र उपस्थापक) १९२
खेमवती (क्षेमवती, राजधानी खेम राजाको) १९२
खेमा मृगदाव २१३, २१४,
खेमिया (क्षेत्रीय) ३२९
क्षेमा ५५४
गग्गरा पुष्करिणी ८६, ९४, ५३५
गंगा र यमुनाको पानी ३१२
गंगा २४५, २९३
गंगाको एकपट्टन भन्ने गाउँ २२९
गंगाको तीरमा गई २४४
गन्धकुटी ९१
गन्धर्व (यक्ष सेनापति) ५०३
गनधार ३०२

Downloaded from http://www.dhamma.digital

गन्धारपुर २८८
गन्धारी भन्ने विद्या १६४
गवम्पति हेर्नुहोस् आयुष्मान् गवम्पति
गिंजकावसथ २४६, ३०२, ३०४, ३०५
गुल (गुड) यक्ष सेनापति ५०३
गृधकूट पर्वत (राजगृह) २२९, २३९, २५९, ३११, ४०६, ४०८, ४९८, ५०४
गृही विनय ४९७
गोतमक चेतिय हेर्नुहोस् गोतमक चैत्य
गोतमक चैत्य २५१, २६०, ३९३
गोतम निग्रोध (राजगृह) २५९
गोपक देवपुत्र ३३६-३३८
गोपाल (यक्ष सेनापति) ५०४
गोपिका, शाक्यपुत्री ३३६
गोविन्द भन्ने ब्राह्मण पुराहित ३१५, ३१६
गौतम (गोत्र) २१६, २१७
गौतम तीर्थ २४५
गौतम द्वार २४५
गौतम न्यग्रोध (राजगृह) २५९
गौतम (बुद्ध) ४९९-५०१
घण्डु (यक्ष सेनापति) ५०३
घोषिताराम (कौशाम्बी) १२५, १२७
चङ्की ब्राह्मण १७७
चतुक्कनिपातवण्णना ६०
चन्द (यक्ष सेनापति) ५०४
चन्द्रसूर्य ३३८
चन्दन ३२८ (यक्ष सेनापति) ५०३
चन्द्रन देवपुत्र ३३८
चम्पाको गग्गरा पुष्करिणीको तीरमा ८६, ९४
चम्पा ८६, ८७, ८९, ९४, ९५, २७६, ३१८, ५३५
चम्पा नगरी ८६, २९०
चम्पेय्यका ८६
चातुर्महाराजिकदेखि ४८
चातुर्महाराजिक देवहरू १६५
चापाल चेतिय २५१, २५३, २५८, २६०
चापाल चैत्य हेर्नुहोस् चापाल चेतिय
चित्र गृहपति ४५४
चित्तहत्थि सारिपुत्र १४५-१५१
चित्र, नागराजाका बहान पंक्षीहरू ३२८
चित्रलता-वन ३३१
चित्रसेन ३२८
चित्रसेन (यक्ष सेनापति) ५०३
चित्रा (चित्ता) ३४०
चुन्दक हेर्नुहोस् आयुष्मान् चुन्दक
चुन्द कम्मारपुत्र २६४, २६५, २७०, २७१
चुन्दसमणुद्देस ४५४
चुन्दसुत्तवण्णना २६५, २६९
चुल्ल अनाथपिण्डिक ४५४
चेतीय ३०२
चोरप्रपात (राजगृह) २५९
छन्द भिक्षु २८०
छन्दोका ब्राह्मण १७८
छन्दोग हेर्नुहोस् छन्दोका ब्राह्मण
जननायक गन्धर्व ३२८
जनपदकल्याणी १४६, १८०
जनवसभ (जनवृसव) ३०४, ३०५, ३१०
जनेन्द्र ३३८

Downloaded from http://www.dhamma.digital

जनेसभ ३२८

जनेसभ (यक्ष सेनापनि) ५०३

जनोघ (अन्तरिक्ष नगर) ५०२

जम्बुगाम (जम्बुग्राम) २६२

जम्बुद्वीप २१५, २८६, २८८, ४२९, ४७२

जानुश्रोणी ब्राह्मण हेर्नुहोस् जानुस्रोणी

जानुस्रोणी ब्राह्मण १७७

जालिय परिव्राजक १२५-१२८, ३९८-३४०

जितेन्द्र जिन (बुद्ध) ३३८

जिन गौतम ५००, ५०१

जीवक कौमारभृत्य ३४-३६

जीवक कौमारभृत्यको आम्रवन ३३

जेतवन १५२, १८१, ५६७

जेतवनाराम ३३२

जोति (ज्योति) ३३०

जोतिपाल माणवक ३१५-३१६

तच्छकमा ३२८

ततोजसि ५०२

ततोतला ५०२

ततोला५०२

तत्तला ५०२

तथागत ३-९, १२, १५, १७, १९-२३, २५-२७, ३२, ३५, ४५, ४८-५०, ७९, ९०, ९१, १००, ११८, १२५, १२७, १३५, १४०, १५०, १५३, १६५, १७२, १७३, १७५, १८४, १८५, १९३, २१७, २२६, २२९, २४६, २४७, २५०, २५१, २५३, २५४, २५८-२६१, २६५, २६६, २६९-२८२, २८४, २८५, २९०, ३००, ३०५, ३०६, ३१२, ३३३, ३३५, ३३६, ३५१, ३९२, ३९९-४०१, ४०३, ४०४, ४०६, ४११, ४१३, ४३४, ४४८, ४६१-४६३, ४७०-४८२, ५१०, ५१९, ५३०, ५३१, ५३५-५३७, ५३९, ५४१-५४५

तपोदाराम (राजगृह) २५९

तारुक्ष ब्राह्मण१७७, १७८

तिकनिदेश १०

तिट्ठ (तुष्ट उपासक) २४६

तित्तिरिय ब्राह्मण १७८

तिन्दुकखाणु परिव्राजकाराम ३९६-३९८

तिन्दुकाचीरको एक शालक (मल्लिकाको आराम) १३९

तिम्बरु ३२८, ३३३, ३३४

तियग्गल (दह) ४१

तिष्टा ३३०

तिष्य (विपस्सी बुद्धका अग्रश्रावक) १९१, १९४

तिष्य पुरोहित २१२, २१३, २१६, २१७

तिस्स (कस्सप बुद्धका अग्रश्रावक) १९१

तिस्स हेर्नुहोस् तिष्य (अग्रश्रावक)

तुषित ३२९

तुषित काय २५४

तुषित देवहरू१६६, ३०७, ३२४

तुषित नामक देवलोकबाट १९४

तुषितलोक ४८, १९५, २५४

तेजसि ५०२

तैतरिय हेर्नुहोस् तित्तिरिय ब्राह्मण

तोदेय्य पुत्र हेर्नुहोस् शुभ माणवक

तोदेय्य ब्राह्मण१७७

त्रयस्त्रिंश देव(ता) १६६, ३०६, ३११, ३०२, ३२४, ३३२, ३३५, ३३६, ३३८, ३८४

त्रयस्त्रिंशका ईश्वर शक्रले ३३४


Downloaded from http://www.dhamma.digital

त्रयस्त्रिंश देवलोक ३९५
त्रयस्त्रिंश भवन ३४१
थुलू (जनपद) ३९१
दण्डमाणवक ५०२
दधिमुख (यक्ष सेनापति) ५०४
दन्तपुर , कलिंग ३१७
दक्षिण जनपद
दारुपत्तिको अर्थ १२७
दारुपत्तिक परिव्राजक १२५, १२७ ३९८-४००
दिसम्पति भन्ने राजा ३१५-३१७
दिसा (दासी)७४
दीपङ्कर बुद्धको पालादेखि ४८
दीघ (दीर्घ यक्ष सेनापति)५०४
दृढनेमि (चक्रवती राजा) ४२१, ४२२
देवदत्त ३६, ३७
देवनगर ३३१
देवपुत्र ५०३
देवसुत्त३२८
देवसत (यक्ष सेनापति) ५०३
देवेन्द्र हेर्नुहोस् शक्र देवेन्द्र
दोण ब्राह्मण २६६, २८७, २८८
धतरट्ठ (धृतराष्ट्र) महाराज ३०५, ३११, ३२८
धनपालका (हाती) ३६
धनवती (कस्सप बुद्धकी आमा) १९२
धर्म नामक प्रासाद २९५
धर्म सेनापति हेर्नुहोस् आयुष्मान् सारिपुत्र
धृतराष्ट्र ४९९
धृतराष्ट्र भन्ने गन्धर्व राजा ३११
धृतराष्ट्रमा३२८
नन्दन-वन३३१, ४७१
नन्दमाता जस्ता उपासिकाहरू ४५४
नन्दा भिक्षुणी २४६
नन्दा (मघ माणवककी स्वास्नी) ३४०
नमुचि (असुर) ३२९
नलराजा ३२८
नलराज (यक्ष सेनापति) ५०३
नागदासले आफ्ना पिता अनुरुद्धलाई मारे ३७
नागसमाल १२१
नागित१२१
नाटसुरिया (अन्तरिक्ष नगर) ५०१
नादिका (नातिका) २४६, २४७, ३०२-३०४
नालन्दा १, १६२, २३९, २४१, ४४२
नालन्दाको जनता बढी प्रभाव पर्ने १६२
नालन्दाको पावारिक आम्रवनमा १६२
नालागिरी ३६, ३७
नालक स्थविर ३४७
निकट उपासक २४६
निगण्ठ-नाटपुत्र ३४, ४४, २७८, ४४९, ४५०, ५०७
निग्रोध परिव्राजक १३८, ४०६, ४०८, ४१९
निग्रोध वृक्ष १९१, ३३४
निघण्टु३२८
निर्घण्डु (यक्ष सेनापति) ५०३,
निर्माणरति ३३०
निर्माणरति देवता ३०७, ३२४
निर्माणरति देवसम्म ४८
नेत्ति (नेत्री) ५०४
नेरञ्जरा नदी २५७, ३३४
न्यग्रोध परिव्राजक हेर्नुहोस् निग्रोध परिव्राजक
न्यग्रोध वृक्ष १९१, ३३४

Downloaded from http://www.dhamma.digital

पकुध कच्चान ३४

पञ्चशिख ३२८

षञ्चशिख गन्धर्व देवपुत्र ३३२-३३५

पञ्चशिख गन्धर्वपुत्र ३११-३२५, ३५२

पञ्चाल (यक्ष सेनापति) ५०४

पञ्चाल ३०२

पण्डुकम्बलशैलासन ३३१, ३४१

पनाद ३२८

पभावती (प्रभावती, सिखी बुद्धकी आमा) १९२

परकुसितनाटा (अन्तरिक्ष नगर) ५०१

परकसिनाटा ५०१

परनिर्मित ३३०

परनिर्मित वशवर्ती देवहरू १६६, ३०७, ३२४

परनिर्मित वशवर्ती देवलोक ४८

परमत (परमात्मा) ३३०

पर्जन्य ३२९, ५०४

पहराद ३२९

पाटलि गाउँ (वर्तमान पटना) २४१-२४३

पाटलिग्राम २४३

पाटलिपुत्रको बारेमा भविष्यवाणी २४४

पाटलिवृक्ष १९१, १९४

पाटियगामियसुत्तवण्णना २४१

पाथिकपुत्र हेर्नुहोस् अचेल पाथिकपुत्र

पापा (पावा) ४४९

पायागा (प्रयाग) ३२८

पायासि देवपुत्र ३८४

पायासि राजा ३७०-३८५

पारग ३२९

परिञ्ञेय्यानिद्देसवण्णना २२६

पावा २६३, २६४, २६६, २८४, २८५, २८८, ४४९, ४५०, ५०६, ५०७

पावाका मल्लहरू २८७, २८८

पावापुरी ४४९

पावारिक आम्रवन (नालन्दा) १६२, २३९, २४१, ४४२

पिप्पलीवन (नामक देश) २८८

पिप्पलीवनका मल्लहरू २८७, २८८

पुक्कुस मल्लपुत्र २६६-२६९

पुण्डरीक (वृक्ष) १९१

पुराभेदसुत्तनिद्देस १०

पुष्करसाति हेर्नुहोस् पोक्खरसाति ब्राह्मण

पूरणकश्यप (पूर्णकश्यप) ३३, ३९, ४०, २८७

पूर्णक (यक्ष सेनापति) ५०३

पूर्वाराम (मृगारमाताको प्रासाद) ४३२

पोक्खरसातक ५०२

पोक्खरसाति (पौष्करसति) ब्राह्मण ७१-७३, ८१, ८३-८५, ८९, ९४, १७७

पोट्ठपाद परिव्राजक १३९-१५१

पोतन, अश्वकको ३१७

प्रकुध कात्यायन ४३, २७८

प्रजापति (यक्ष सेनापति) ५०३

प्रजापति (वैदिक देवता) १८२

प्रणाद ५०३

प्रभावती हेर्नुहोस् पभावती

प्रयाग ३२८

प्रल्हाड ३२९

प्रवेणि-पुस्तक २३२

प्रसेनजित कोशल राजा ८१, ८२, ९४, १७१, १७२, ३७०, ३७९, ४३४

फारुख-वन ३३१


Downloaded from http://www.dhamma.digital

बनारस कमिश्नरी ३१८
बन्धुमती भन्ने देवी (विपस्सी बुद्धकी आमा) १९२, १९४, २१६
बन्धुमती (राजधानी, बन्धुमान् राजाको) ९२, १९४, २०२, २१३-२१६
बन्धुमान् (विपस्सी बुद्धका पिता) १९२, १९४, १९६-२०१, २१६
बहुपुत्त चेतिय २५१, २६०, ३९३
बह्वरिज्झ ब्राह्मणहरू १७८
बिम्बिसार ३०४
बिम्बिसार, राजा ३६, ३७, ८६, ८९, ९३, ९४, १०२, १०४, ३०३-३१०
बुद्धगया २९३
बुद्धवाद ४६-६९
बुद्धविषयको प्रश्न १६६, १६७
बुद्धिज (अग्र उपस्थापक) १९२
बुलि २८७
बूलेय ३२९
बेलुवग्राम २४९
बोधिसत्व
ब्रह्म (वैदिक देवता) १८२
ब्रह्मकायिक देवपुत्रहरू १६६
ब्रह्मकायिक देवहरू १६६
ब्रह्मजाल ३२
ब्रह्मजालसुत्तवण्णना १०, २१
ब्रह्मदत्त (कस्सप बुद्धका पिता) १९२
ब्रह्मदत्त माणक१,२,९
ब्रह्मदत्त
ब्रह्मपुरोहित लोकमा ३३६-३३८
ब्रह्मलोक २१०, २१५, २२६, ३१९-३२४
ब्रह्मलोकभन्दा माथि ३३०
ब्रह्मलोकमा उत्पन्न ३००
ब्रह्मसहवासमा १७७-१८०
ब्रह्मा १६७, ३०६, ३१८-३२२
ब्रह्मा सनत्कुमार ७८
भग्गवगोत्तीय परिव्राजक ३८८
भण्डग्राम २६१, २६२
भद्द (भद्र उपासक) २४६
भद्दालिसुत्त५१
भद्रकल्प १९०, २२६, २१७
भद्रा सूर्यवर्चसा ३३४, ३५२
भद्रीय महास्थविर ३४७
भागलवती (सागलवती) १९१
भारत ४४९
भारद्वाज (अग्रश्रावक) १९१
भारद्वाज (पूर्वज ऋषि)८२, १७९
भारद्वाज ब्राह्मण १७७-१८६
भारद्वाज (श्रामणेर) ४३२, ४४१
भार्गव गोत्रीय परिव्राजक ३८९-४०५
भीयोसु १९१
भुञ्जती ३३५
भूजति ३३५, ३३६
भूसागर
भृगु (पूर्वज ऋषि) ८२, १७९
भोगनगर २६२, २६३
मक्खलीको सिद्धान्त ४०
मक्खलीगोसाल३३, ४०, ४१, २७८
मगधका ब्राह्मणहरू १२१,१२२
मगध देश१०३, २४३, ३०२, ३०३, ३३१, ३३२, ३३८, ४२१
मगधराजा अजातशत्रु वैदेहीपुत्र ३३-३७

Downloaded from http://www.dhamma.digital

मगधराजाको राज्यमा ५०३
मगधराजा बिम्बिसार हेर्नुहोस् बिम्बिसार राजा
मघ माणव ३३८-३४३
मचल (मगध देश) ३३८, ३४२
मज्झिमनिकाय १२९, ४४८, ५१६
मणि (यक्ष सेनापति) ५०४
मणिचर (यक्ष सेनापति) ५०४
मत्स्य ३०२
मद्दरूपी ७५, ७६
मद्रिकुक्षि मृगदाव (राजगृह) २५९
मध्यजनपद ४८
मध्यदेश ५३१
मन: प्रदूषिक देवता ३२९, ४०३
मन: प्रदूषिक भन्ने आचार्यवाद ४०३
मनसाकट (कोशल ब्राह्मण गाउँ) १७७
मन्द बलाहक ३२९
मन्दलोचनी ३३३
मन्दिय (यक्ष सेनापति) ५०४
मर्दरूपी हेर्नुहोस् मद्दरूपी
मल्ल (देश) ३०२, ३८९, ५०६
मल्ल ६४, २७७, २८३, २८४, ५०६
मल्ल राजकुमारहरू २६६
मल्लिकाको आराम १३९
महाअनाथपिण्डिक ४५४
महाउदायी ४४८
महाकाश्यप महास्थविर ३४७
महाकाश्यपादि ब्रह्मज्ञानी ब्राह्मण ९२
महागोविन्द ३१५-३२४
महागोविन्दको प्रव्रज्या ३२०
महागोविन्दसुत्तवण्णना ३३१, ३३२, ३३५, ३४२, ३४५, ३४७
महातण्हासंखयसुत्तवण्णना १०
महापनाद (महाप्रणाद) राजा ४३०
महापरिनिब्बानसुत्तवण्णना २३२-२३४, २६४, २८१
महापारग ३२९
महापारिछत्र-वृक्ष ३३१
महामुण्डले आफ्ना पिता उदयभद्रलाई मारे ३७
महामौद्गल्यायन महास्थविर ३४७
महालि हेर्नुहोस् ओट्ठद्ध लिच्छवी
महावन, कपिलवस्तुस्थित ३२६
महावन कूटागारशाला (वैशाली) १२१, २६१, ३९३, ३९४, ४००
महाविजित राजा १०५-११४
महाशाकवनखण्ड ७४
महासकुलदायिसुत्तवण्णना २२८
महासमान ३२९
महासुदस्सन (महासुदर्शन) २७६, २९०-३००
महिष्मती, अवन्तीको ३१७, ३१८
महेन्द्र (वैदिक देवता) १८२
महेश्वर (इन्दौर) ३१८
मातलि (यक्ष सेनापति) ५०३
मातलि संग्राहक ३३४
मातुला (मगध) ४२१
मानुष ३२९
मानुषोत्तम ३२९
मानुस हेर्नुहोस् मानुष
माया ३२८
मायादेवी (गौतम बुद्धकी आमा) १९२, २१६, २१७

Downloaded from http://www.dhamma.digital

मार २५२- २५३, २५७, २५८, ३३०

मालवा३१८

मिथिला, विदेहको ३१८

मिश्रा-वन ३३१

मुकुटबन्धन (कुसीनगर) २८५

मुचलिन्द (यक्ष सेनापति) ५०३

मुचलिन्द (दह) ४१

मुण्डिय परिव्राजक१२५-१२८

मृगारमाताको प्रासाद पूर्वाराम ४३२

मेघीय स्थविर (अस्थायी उपस्थाक) १२१

मैत्रेय (भविष्यमा उत्पन्न हुने बुद्ध) ४३०

मोग्गलान (मौद्गल्यायन) अग्रश्रावक१९१

मोग्गलान हेर्नुहोस् मौद्गल्यायन

मोरनिवाप, सुमागधा (पोखरी) तीर ४०८

मोलि ३०२

मौद्गल्यायन९२

मोरियो (मौर्य) २८८

यञ्ञदत्त (यज्ञदत्त, कोणागम बुद्धका पिता) १९२

यमक शाल वृक्ष २४६, २९०

यमदग्नि (पूर्वज ऋषि) ८२, १७९

यमुना ३१२

यमुनामा रहेका ३२८

यश ३२९

यशोवती देवी (वेस्सभू बुद्धकी आमा)१९२

यामा ३२९

यामा देवता ३०७, ३२४

युगन्धर (यक्ष सेनापति) ५०३

रथकार (दह) ४१

राजगृह १, ३३, २२९, २३५, २३९, २५९, २७६, २८८, २९०, ३११, ४०६, ४८३, ४९८,

राजगृहको जीवक कौमारभृत्यको आम्रवन३३

राजगृहको पर्खाल ३५

राजगृहबाट ३५

राजगृह (सेठको कारणले ६२

राजगृहस्थित वैपुल्य पर्वत ३२८

राजागार (अम्बलट्ठिका) २३९

रामग्रामका कोलिय (राजा) हरू २८७, २८८

रामग्रामका नागराजा २८८

राहु

राहु असुरेन्द्र ९१

राहुभद्र ३२९

राहुल स्थविर ३४७

राहुल सांकृत्यायन ३१७, ३१८

रुचिर ३२९

रेणु भन्ने पुत्र राजकुमार ३१५

रेणु राजपुत्र ३१६

रेणु राजा ३१७-३२१

रोजा ३२९

रोरुक, सोवीरको ३१८

रोसिका (नाऊ) ६९, १७०

लम्बितक ३३०

लामसेट्ठ ३३०

लालुदायी ४४८

लिच्छवी २४८, २४९, २८७

लुम्बिनी २७३

लोहिच्च ब्राह्मण १६९-१७६

लोहिच्चसुत्तवण्णना १७२


Downloaded from http://www.dhamma.digital

लोहित नगरवासी ३२९
वङ्ग ३०२
वंश ३०२
वजिरपाणी हेर्नुहोस् वज्रपाणी यक्ष
वज्जी हेर्नुहोस् वृजी गाउँ
वज्जी धर्म २३१, २३२
वज्जीहरू २२९, २४३
वज्रपाणी यक्ष ७५
वरुण ३२९
वरुण ३२९
वरुण (यक्ष सेनापति) ५०३
वरुण (वैदिक देवता) १८२
वर्षकार (वस्सकार, मगधमहामात्य) २२९-२३३, २३५
वशवर्ती देवपुत्रहरू १६६
वशिष्ठ (पूर्वज ऋषि) ८२, १७९
वसु देवता ३२९
वस्सकार हेर्नुहोस् वर्षकार
वामक (पूर्वज ऋषि) ८२, १७९
वामदेव (पूर्वज ऋषि) ८२, १७९
वाराणसी २७६, २९०, ३१८, ३३४२, ४२९
वाराणसी (राजधानी, किकी राजाको) १९२
वारुण ३२९
वाशिष्ठ १७७-१८६, २७६-२७७, २८२, २८४, ४३२-४४१
वाशिष्ठ माणव १७७-१८६
वाशिष्ठ (श्रामणेर) ४३२-४४१
वासव ३२९, ३३८
वासवन ३२९
विटुच्च ३२८
विटेण्डु ३२८
विदुर ३२८
विदेहको मिथिला ३१८
विधुर १९१
विपस्सी (अरहत सम्यक्सम्बुद्ध) १९०-१९४, २०९-२१६, ४९९, ५०५
विपस्सी, कुमार १९६-२०२
विपस्सा, बोधिसत्व १९४-१९६, २०२-२०९
विपस्वी हेर्नुहोस् विपस्सी
विरुढक (विरुल्हक) ३०५, ३११, ३२८, ५००
विरुढक भन्ने कुम्भण्ड देवहरूको राजा ३११
विरुपाक्ष (विरुपक्ख) ३०५, ३११, ३२८, ५००
विरुपाक्ष भन्ने नागराजा ३११
विशाखा (ककुसन्ध बुद्धकी आमा) १९२
विशाखा उपासिका३५१
विशुद्धिमार्ग (ग्रन्थ) २०९
विश्वकर्मा (देवपुत्र) २९५, ४३०
विश्वभू हेर्नुहोस् वेस्सभू (अरहत् सम्यक्सम्बुद्ध)
विश्वामित्र (पूर्वज ऋषि) ८२फ १७९
विसाखा (ककुसन्ध बुद्धकी आमा) १९२
विसाणा (विश्राणा) कुवेरको राजधानी५०२
वीरणत्थम्भ (मसान) ३९२
वृजि ३०२
वृजी गाउँ ३९१, ३९३-३९५
वेठदीप २८७, २८८
वेणुवनको कलन्दक निवापमा २५९, ४८३
वेण्डुदेव ३२९
वेदियक पर्वतको इन्द्रशाल गुफामा ३३२
वेधञ्ञनामक शाक्यको ४४९
वेपचित्ति ३२९

Downloaded from http://www.dhamma.digital

वेपचित्ति असुरेन्द्रकी छोरी ३४२
वेलुवपण्डु-वीणा ३३३
वेलुव गाउँ २६५
वेलुवग्राम हेर्नुहोस् बेलुवग्राम
वेलुवन २५९, (वेणुवन) ४८३
वेसनस ३२९
वेस्सभू (अरहत् सम्यक्सम्बुद्ध) १९०-१९२, ४९९, ५०५
वेस्सवण महाराज ३०४, ३०५, ३१०, ३११, ३३५, ४९८-५०५
वेस्सामित्त पर्वतमा ३२८
वैजयन्त प्रासाद ३३१, ३४१
वैजयन्त रथ २९८, २९९
वैपुल्य पर्वत ३२८
वैभार पर्वत (राजगृह) २५९
वैरोचन ३२९
वैशाली १२१, २४७-२५२, २६०, २६१, २८७, २८८, ३२८, ३९३, ३९४, ३९६
वैशालीस्थित महावनको कूटागारशालामा १२१
वैश्रवण हेर्नुहोस् वेस्सवण महाराज
वैश्वामित्र (यक्ष सेनापति) ५०३
शक्र ३२९ शक्रको पुत्रत्वमा ३३७
शक्र देवेन्द्र १६६, २८१, २९५, ३०६, ३११-३१६, ३३१-३५२
शक्र प्रश्न ३५२
शंख (चक्रवर्ती राजा) ४२८-४३०
शाक्य ४३४
शाक्यपुत्र (गौतम बुद्ध) ४९९
शाक्यपुत्री, गोपिका ३३६
शाक्यमुनि ३३८
शालक (मल्लिकाको आराम) १३९
शालवन उपवन (उपवत्तन) २७१, २८३, २९०
शालवृक्ष १९१
शितवनको सवौण्डिक पर्वत २५९
शिखंडी ३३४
शिखी, (अरहत् सम्यक्सम्बुद्ध) १९०-१९२,
शिरीष वृक्ष १९१
शिवक (यक्ष सेनापति) ५०३
शुक ५०२
शुक्र (सुक्क) ३२९
शुक्रतारा २५६
शुद्धर्शा ब्रह्मलोक ३५१
शुद्धावासका चार देवपुत्रहरू ३२६
शुद्धावास (शुद्धावास) देवलोक २१६
शुद्धोदन (सुद्धोदन, गौतम बुद्धका पिता) १९१, २१६, २१७
शुभकृत्स्न (देवताहरू) २२७, ५५९
शुभ माणवक तोदेय्यपुत्र १५२-१६१
श्रमण कुमार काश्यप ३७०, ३७१
श्रमण गौतम ३-६, ८, ९, ३८, ७१, ७५, ८३, ८४, ८६-९९, १०३-१०५, ११४, १२१, १२९-१३२, १३७, १३९, १४४, १४५, १६९, १७०, १७७, १८४, २४४, २४५, २७७, २७८, २८५, ३७०, ३९१, ३९२, ३९४-३९७, ४०४, ४०६-४०९, ४१७, ४१९, ४२०, ४३२, ४६१, ४६३
श्रावस्ती १३९, १५२, १८९, १९०, २७६, २९०, ३३५, ४३२, ४६७
श्रृगालक हेर्नुहोस् सिङ्गालक गृहपति
संयुत्तनिकाय ७८
संस्थागार ७३, २७७, २८३, ५०६
सक्कपञ्ह ३५२

Downloaded from http://www.dhamma.digital

सक्कपञ्हसुत्तवण्णना ३३१, ३३२, ३३५, ३४२, ३४५, ३४७
सङ्गीतिसुत्तवण्णना ५०८
सञ्जय वेलट्ठपुत्र ३४, ४४, ४५, २७८
सञ्जीव (अग्रश्रावक) १९१
सतिपट्ठानसुत्तवण्णना ६६, ६७
सत्तम्ब चेतिय २५१, २६०, ३९३
सनत्कुमार ३३०
सनत्कुमार, ब्रह्मा ७८, ३०६-३१०, ३१४-३२४
सन्थागार २८६
सन्धान गृहपति ४०६-४०८, ४१६
सप्तपर्णी गुफा (वैभार पर्वत, राजगृह) २५९
सब्बमित्त (सर्वमित्र, अग्रउपस्थापक) १९२
सम ३२९
समयप्रवादक (मल्लिकाको आराम) १३९
समान ३२९
सम्भव (अग्रश्रावक) १९१
सललागार, जेतवन विहार भित्र ३३२, ३३५
सवौण्डिक पर्वत (राजगृह) २५९
सहधर्म ३२९
सहभू देव ३२९
सहम्पति ब्रह्मा २८१
सहुली ३२९
साकेत २७६, २९०
सागत (अस्थायी उपस्थाक) १२१
सागल (भागलवती) ५०२
सातागिरी ३२७
सातागिरी (यक्ष सेनापति) ५०३
सामगाम (श्यामग्राम) ४४९
सामञ्ञफलसुत्तवण्णना ३३-३९, ४८, ५८, ११९, १७५
सारनाथ २७३
सारन्दद चैत्य २५१, २६०
सारिका ५०२
सारिपुत्त (सारिपुत्र) अग्रश्रावक १९१, २१६, २१७
सारिपुत्र ९२, ३४७ हेर्नुहोस् आयुष्मान् सारिपुत्र
सारिपुत्र, मौद्गल्यायन ४५३
सालराज वृक्ष २१६
सालवतिका १६९-१७२
साल्ह (भिक्षु) २४६
सिखी (अरहत् सम्यक्सम्बुद्ध) १९०-१९२, ४९९, ५०५
सिङ्गालक गृहपतिपुत्र ४८३-४९७
सिंघ ३१८
सिनिपुर ७४
सिंसपावन (सेतब्य) ३७०, ३७१
सिंहप्रपात (दह) ४१
सीह समणुद्देस १२२
सुक्क (सुक्र) ३२९
सुचित्ति (असुर) ३२९
सुजाता ४८, २७०
सुजाता (उपासिका) २४६
सुजाता (मघ माणवककी स्वास्नी) ३४०
सुदत्त (भिक्षु) २४६
सुदर्श (देवलोकवासी) २१७
सुदर्शन पर्वत ५०१
सुदर्शी (देवलोकवासी) २१७
सुद्धोदन हेर्नुहोस् शुद्धोदन
सुधर्मा (मधमाणवककी स्वास्नी) ३४०

Downloaded from http://www.dhamma.digital

सुधर्मा सभा ३०५, ३११, ३१४, ३३४, ३३७
सुधर्मा सभागृह ३३१
सुनक्खत लिच्छवीपुत्र १२१-१२४, ३८९-४०१
सुनिर्मित देवहरू १६६
सुनीध वस्सकारहरू (मगधका महामात्यहरू) २४३
सुपर्ण, नागराजाका बाहान पंक्षीहरू ३२८
सुप्पति (सुप्रतीत, वेंस्सभू बुद्धका पिता) १९२
सुप्पिय (सुप्रिय) परिव्राजक १, २, ९
सुप्रतीत हेर्नुहोस् सुप्पति
सुप्ररोध (यक्ष सेनापति) ५०४
सुब्रह्मा ३३०
सुभगवन २१६
सुभद्द हेर्नुहोसे सुभद्र परिव्राजक
सुभद्दा देवी २९८-३००
सुभद्र (उपासक) २४६
सुभद्र परिव्राजक २६६, २७७-२७९
सुभद्र (वृद्ध प्रव्रजित) २८५
सुमङ्गलविलासिनी ३३८, ३५०, ४०७, ४८४
सुमन (यक्ष सेनापति) ५०४
सुमागधा (पोखरी) को तीर मोरनिवाप ४०८
सुमुख (यक्ष सेनापति) ५०४
सुमेध ३३४
सुमेरुको फेदीमा ३६
सुयाम देवहरू १६६
सुवर्णकारपुत्र चुन्द २६४
सूरसेन ३०२
सूर्य देवपुत्र ३३८
सूर्यलोकमा ३२९
सूर्यवर्चस ३२८
सेतब्य नगर ३७०, ३७१
सेतवासान देशमा ११५
सेरिस्सक ५०४
सेरिस्सक विमान ३८४, ३८५
सोण (अग्रश्रावक) १९१
सोणदण्ड ब्राह्मण ८६-१०१
सोणदण्डसुत्तवण्णना ८७, ८९, ९१, ९६-९८
सोणमहास्थविर ३४७
सोत्थिज (स्वष्तिक) अग्रउपस्थापक १९२
सोभ (शोभ भन्ने राजा) १९२
सोभवती (शोभवती, राजधानी सोमराजाको) १९२
सोम ३२९
सोम (यक्ष सेनापनि) ५०३
सोम (वैदिक देवता) १८२
सोवीरको रोरुक ३१८
स्वस्तिक हेर्नुहोस् सोत्थिज अग्रश्रावक
हत्थिनिक (अस्तीनिक) ७४
हरिदेव ३२९
हस्तक आलवक ४५४
हस्तिग्राम १२६२
हिमालयतिर ७४
हिमालय पर्वत १९७
हिमालय प्रदेश ७४
हिमालयमा ३२७
हिरण्यवती नदी २७१
हिरि (यक्ष सेनापति) ५०४
हेवमत (यक्ष सेनापति) ५०३

Downloaded from http://www.dhamma.digital

# मूल एवं सहायक ग्रन्थ सूची


## मूल ग्रन्थ

दीघनिकाय भाग – १, २, ३ प्र. सं. भिक्खु जगदीश कस्सप, सिरि नव नालन्दा महाविहार, बु.सं. २५०२

## सहायक ग्रन्थ

दीघनिकाय अनु. दुण्डबहादुर वज्राचार्य, प्रका. पवित्रबहादुर, अशोकरत्न, हीरादेवी वज्राचार्य, बु.सं. २५३३

दीघनिकाय (हिन्दी) राहुल सांकृत्यायन, जगदीश काश्यप, भारतीय बौद्ध शिक्षा परिषद्, बु.सं. २५२३

Dialogues of the Buddha I - T. W. Rhys Davids, Humphrey Milford, 1923.

Dialogues of the Buddha II & III - T. W. & C.A.F. Rhys Davids, Luzac & Co. Ltd., 1959, 1957.

Digha-Nikaya (with the Singlese Translation) — the Ven. Aggamahapandita Balangoda Ananda Mattrya Mahanayak Thera, B.E. 2519.

Ten Suttas from Digha-Nikaya — Burma Pitaka Association, B.E. 2528.

Ten Suttas from Digha-Nikaya (comment on Satient Points) — Burma Pitaka Association, B.E. 2528.

Thus Have I heard — The Long Discources of the Buddha, Trans. by Maurice Welshe, Wisdom Publication London, 1987.

सुमङ्गलविलासिनी (दीघनिकाय अट्ठकथा) १, २, र ३ भाग – प्र. सं. डा. नथमल टाटिया एम.ए., डी.लिट., नव नालन्दा महाविहार, नालन्दा ।

लीनत्थप्पकासना १, २, ३ भाग, भदन्ताचरियो धम्मपालत्थेरो, विपश्यना विशोधन विन्यास, इगतपुरी १९९३

साधु विलासिनी नाम सीलक्खन्धवग्ग अभिनवटीका १, २ भाग, महाथेरो ञाणाभिवंस धम्मसेनापति, विपश्यना विशोधन विन्यास, इगतपुरी १९९३

## नेपालीमा अनुवाद गर्दा सूत्रको आधार स्रोत

बुद्धकालीन ब्राह्मण – १, २, ३ आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, स्वयम्भू ।

बुद्धकालीन गृहस्थीहरु – २, ३ आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, स्वयम्भू ।

बुद्धकालीन राजपरिवारहरु – १, २, ३ आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, स्वयम्भू ।

बुद्धकालीन महिलाहरु – २ आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, स्वयम्भू ।

बुद्धकालीन परिव्राजकहरु – १, २, ३ आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, स्वयम्भू ।

बुद्धकालीन श्रावक-चरित्र – १, २, ३ आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, स्वयम्भू ।


Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

बुद्धकालीन ब्रह्मादिदेव – १, २ आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, स्वयम्भू ।

इतिवुत्तक, अनु. दुण्डबहादुर वज्राचार्य, प्रका. पवित्रबहादुर, अशोकरत्न, हीरादेवी वज्राचार्य, बु.सं. २५२६

मिलिन्द-प्रश्न, अनु. दुण्डबहादुर वज्राचार्य, प्रका. पवित्रबहादुर, अशोकरत्न, हीरादेवी वज्राचार्य, बु.सं. २५२८

मज्झिमनिकाय, अनु. दुण्डबहादुर वज्राचार्य, प्रका. पवित्रबहादुर, अशोकरत्न, हीरादेवी वज्राचार्य, बु.सं. २५४१

संयुत्तनिकाय, अनु. दुण्डबहादुर वज्राचार्य, प्रका. पवित्रबहादुर, अशोकरत्न, हीरादेवी वज्राचार्य, बु.सं. २५४२

## सहायक शब्द कोश

Dictionary of Pali Proper Names — G. P. Malalasekera, D. Litt., Ph.D., MA, (Lond.) O.B.E., The Pali Text Society, London, 1974.

Concise Pali English Dictionary – B. P. Buddhadatta Mahathera, 1968

Pali English Dictionary – T. W. Rhys Davids & William Stede, Oriental Book Reprint Corporatin 1975.

A Dictionary of the PALI LANGUAGE — REBERT CÆSAR CHILDERS, Cosmo Publications, 1979.

A Pali Glossary, Vo. 2 — D. Anderson, Award Publishing House, 1979.

Buddhist Hybred Sanskrit Grammer and Dictionary, Vol. 2 - Franklin Edgertion, Motilal Banarsidass, 1985.

SHABDA-SAGAR — Pt. Kulapati Jibananda Vidyasagar, B.A. 1900.

A Sanskrit - English Dictionary — Carl Cappeller, The Chowkhampa Sanskrit Series Office, 1972.

Buddhist Dictionary — Nyanatiloka, Frewin & Co. Ltd., Colombo, Ceylon 1972.

A Sanskrit - English Dictionary - Sir M. Monier Williams, Motilal Banarsidass 1986.

अभिधानप्पदीपिका – सं. स्वामी द्वारिकादास, बौद्ध भारती, १९८१

पालि-हिन्दी-कोष – भदन्त आनन्द कौसल्यायन, राजकमल, १९७५.

अमरकोष अर्थात् नामलिङ्गानुशासननामकोष, श्रीमदमरसिंह, १९१९

पालिकोससंग्रहो (प्र.भा.) – सं. डा. भागचन्द्र जैन भास्कर, आलोक प्रकाशन, १९७४

संस्कृत-हिन्दी कोश – चामन शिवराम आप्टे, मोतिलाल बनारसीदास, १९८१

भार्गव आदर्श हिन्दी शब्द कोश – सं. पण्डित रामचन्द्र पाठक, पं. पृथ्वीनाथ भार्गव, १९५०.

नेपाली वृहत् शब्दकोश, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान वि.सं. २०४०.

Downloaded from http://www.dhamma.digital

# अनुरोध

(मानिस वा कम्प्यूटरको त्रुटिवश कतै-कार्हीं – नमूनाको रूपमा 'श्रोत' हुनु पर्नेमा 'स्रोत' पृ. ५८, ६५, ११९, १३६, १५४, १५६, १५८, १५९, १८२, २२१, २२३, ३४८, ३६०, ३६६, ३६७, ३७८, ४११, ४४६, ५१७, ५२३, ५२५, ५२६, ५२८, ५३७, ५४४, ५४५, ५४९ मा छापिन गएछ। त्यस्तै कतै-कार्हीं अशुद्ध छापिएको भए पाठकवर्गले प्रसंग हेरी स्वत: बुझ्नु हुनेछ। अत: शुद्धिपत्र राख्न आवश्यक होओइन। तैपनि कतै विशेष भूलचूक भेटिएमा वा आफ्ना केही सुझाउ भएमा मलाई अवगत गराई अनुगृहीत पार्नुहोला – अनु.)

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

वेपचित्ति असुरेन्द्रकी छोरी ३४२

वेलुवपण्डु-वीणा ३३३

वेलुव गाउँ २६५

वेलुवग्राम हेर्नुहोस् बेलुवग्राम

वेलुवन २५९, (वेणुवन) ४८३

वेसनस ३२९

वेस्सभू (अरहत् सम्यक्सम्बुद्ध) १९०-१९२, ४९९, ५०५

वेस्सवण महाराज ३०४, ३०५, ३१०, ३११, ३३५, ४९८-५०५

वेस्सामित्त पर्वतमा ३२८

वैजयन्त प्रासाद ३३१, ३४१

वैजयन्त रथ २९८, २९९

वैपुल्य पर्वत ३२८

वैभार पर्वत (राजगृह) २५९

वैरोचन ३२९

वैशाली १२१, २४७-२५२, २६०, २६१, २८७, २८८, ३२८, ३९३, ३९४, ३९६

वैशालीस्थित महावनको कूटागारशालामा १२१

वैश्रवण हेर्नुहोस् वेस्सवण महाराज

वैश्वामित्र (यक्ष सेनापति) ५०३

शक्र ३२९ शक्रको पुत्रत्वमा ३३७

शक्र देवेन्द्र १६६, २८१, २९५, ३०६, ३११-३१६, ३३१-३५२

शक्र प्रश्न ३५२

शंख (चक्रवर्ती राजा) ४२८-४३०

शाक्य ४३४

शाक्यपुत्र (गौतम बुद्ध) ४९९

शाक्यपुत्री, गोपिका ३३६

शाक्यमुनि ३३८

शालक (मल्लिकाको आराम) १३९

शालवन उपवन (उपवत्तन) २७१, २८३, २९०

शालवृक्ष १९१

शितवनको सवौण्डिक पर्वत २५९

शिखंडी ३३४

शिखी, (अरहत् सम्यक्सम्बुद्ध) १९०-१९२,

शिरीष वृक्ष १९१

शिवक (यक्ष सेनापति) ५०३

शुक ५०२

शुक्र (सुक्क) ३२९

शुक्रतारा २५६

शुद्धर्शा ब्रह्मलोक ३५१

शुद्धावासका चार देवपुत्रहरू ३२६

शुद्धावास (शुद्धावास) देवलोक २१६

शुद्धोदन (सुद्धोदन, गौतम बुद्धका पिता) १९१, २१६, २१७

शुभकृत्स्न (देवताहरू) २२७, ५५९

शुभ माणवक तोदेय्यपुत्र १५२-१६१

श्रमण कुमार काश्यप ३७०, ३७१

श्रमण गौतम ३-६, ८, ९, ३८, ७१, ७५, ८३, ८४, ८६-९९, १०३-१०५, ११४, १२१, १२९-१३२, १३७, १३९, १४४, १४५, १६९, १७०, १७७, १८४, २४४, २४५, २७७, २७८, २८५, ३७०, ३९१, ३९२, ३९४-३९७, ४०४, ४०६-४०९, ४१७, ४१९, ४२०, ४३२, ४६१, ४६३

श्रावस्ती १३९, १५२, १८९, १९०, २७६, २९०, ३३५, ४३२, ४६७

श्रृगालक हेर्नुहोस् सिङ्गालक गृहपति

संयुत्तनिकाय ७८

संस्थागार ७३, २७७, २८३, ५०६

सक्कपञ्ह ३५२


Downloaded from http://www.dhamma.digital

सक्कपञ्हसुत्तवण्णना ३३१, ३३२, ३३५, ३४२, ३४५, ३४७
सङ्गीतिसुत्तवण्णना ५०८
सञ्जय वेलट्ठपुत्र ३४, ४४, ४५, २७८
सञ्जीव (अग्रश्रावक) १९१
सतिपट्ठानसुत्तवण्णना ६६, ६७
सत्तम्ब चेतिय २५१, २६०, ३९३
सनत्कुमार ३३०
सनत्कुमार, ब्रह्मा ७८, ३०६-३१०, ३१४-३२४
सन्थागार २८६
सन्धान गृहपति ४०६-४०८, ४१६
सप्तपर्णी गुफा (वैभार पर्वत, राजगृह) २५९
सब्बमित्त (सर्वमित्र, अग्रउपस्थापक) १९२
सम ३२९
समयप्रवादक (मल्लिकाको आराम) १३९
समान ३२९
सम्भव (अग्रश्रावक) १९१
सललागार, जेतवन विहार भित्र ३३२, ३३५
सवौण्डिक पर्वत (राजगृह) २५९
सहधर्म ३२९
सहभू देव ३२९
सहम्पति ब्रह्मा २८१
सहुली ३२९
साकेत २७६, २९०
सागत (अस्थायी उपस्थाक) १२१
सागल (भागलवती) ५०२
सातागिरी ३२७
सातागिरी (यक्ष सेनापति) ५०३
सामगाम (श्यामग्राम) ४४९
सामञ्ञफलसुत्तवण्णना ३३-३९, ४८, ५८, ११९, १७५
सारनाथ २७३
सारन्दद चैत्य २५१, २६०
सारिका ५०२
सारिपुत्त (सारिपुत्र) अग्रश्रावक १९१, २१६, २१७
सारिपुत्र ९२, ३४७ हेर्नुहोस् आयुष्मान् सारिपुत्र
सारिपुत्र, मौद्गल्यायन ४५३
सालराज वृक्ष २१६
सालवतिका १६९-१७२
साल्ह (भिक्षु) २४६
सिखी (अरहत् सम्यक्सम्बुद्ध) १९०-१९२, ४९९, ५०५
सिङ्गालक गृहपतिपुत्र ४८३-४९७
सिंघ ३१८
सिनिपुर ७४
सिंसपावन (सेतब्य) ३७०, ३७१
सिंहप्रपात (दह) ४१
सीह समणुद्देस १२२
सुक्क (सुक्र) ३२९
सुचित्ति (असुर) ३२९
सुजाता ४८, २७०
सुजाता (उपासिका) २४६
सुजाता (मघ माणवककी स्वास्नी) ३४०
सुदत्त (भिक्षु) २४६
सुदर्श (देवलोकवासी) २१७
सुदर्शन पर्वत ५०१
सुदर्शी (देवलोकवासी) २१७
सुद्धोदन हेर्नुहोस् शुद्धोदन
सुधर्मा (मघमाणवककी स्वास्नी) ३४०

Downloaded from http://www.dhamma.digital

सुधर्मा सभा ३०५, ३११, ३१४, ३३४, ३३७
सुधर्मा सभागृह ३३१
सुनक्खत लिच्छवीपुत्र १२१-१२४, ३८९-४०१
सुनिर्मित देवहरू १६६
सुनीध वस्सकारहरू (मगधका महामात्यहरू) २४३
सुपर्ण, नागराजाका बाहान पंक्षीहरू ३२८
सुप्पति (सुप्रतीत, वेंस्सभू बुद्धका पिता) १९२
सुप्पिय (सुप्रिय) परिव्राजक १, २, ९
सुप्रतीत हेर्नुहोस् सुप्पति
सुप्ररोध (यक्ष सेनापति) ५०४
सुब्रह्मा ३३०
सुभगवन २१६
सुभद्द हेर्नुहोसे सुभद्र परिव्राजक
सुभद्दा देवी २९८-३००
सुभद्र (उपासक) २४६
सुभद्र परिव्राजक २६६, २७७-२७९
सुभद्र (वृद्ध प्रव्रजित) २८५
सुमङ्गलविलासिनी ३३८, ३५०, ४०७, ४८४
सुमन (यक्ष सेनापति) ५०४
सुमागधा (पोखरी) को तीर मोरनिवाप ४०८
सुमुख (यक्ष सेनापति) ५०४
सुमेध ३३४
सुमेरुको फेदीमा ३६
सुयाम देवहरू १६६
सुवर्णकारपुत्र चुन्द २६४
सूरसेन ३०२
सूर्य देवपुत्र ३३८
सूर्यलोकमा ३२९
सूर्यवर्चस ३२८
सेतब्य नगर ३७०, ३७१
सेतवासान देशमा ११५
सेरिस्सक ५०४
सेरिस्सक विमान ३८४, ३८५
सोण (अग्रश्रावक) १९१
सोणदण्ड ब्राह्मण ८६-१०१
सोणदण्डसुत्तवण्णना ८७, ८९, ९१, ९६-९८
सोणमहास्थविर ३४७
सोत्थिज (स्वष्तिक) अग्रउपस्थापक १९२
सोभ (शोभ भन्ने राजा) १९२
सोभवती (शोभवती, राजधानी सोमराजाको) १९२
सोम ३२९
सोम (यक्ष सेनापनि) ५०३
सोम (वैदिक देवता) १८२
सोवीरको रोरुक ३१८
स्वस्तिक हेर्नुहोस् सोत्थिज अग्रश्रावक
हत्थिनिक (अस्तीनिक) ७४
हरिदेव ३२९
हस्तक आलवक ४५४
हस्तिग्राम १२६२
हिमालयतिर ७४
हिमालय पर्वत १९७
हिमालय प्रदेश ७४
हिमालयमा ३२७
हिरण्यवती नदी २७१
हिरि (यक्ष सेनापति) ५०४
हेवमत (यक्ष सेनापति) ५०३

Downloaded from http://www.dhamma.digital

# मूल एवं सहायक ग्रन्थ सूची

## मूल ग्रन्थ

दीघनिकाय भाग – १, २, ३ प्र. सं. भिक्खु जगदीश कस्सप, सिरि नव नालन्दा महाविहार, बु.सं. २५०२

## सहायक ग्रन्थ

दीघनिकाय अनु. दुण्डबहादुर वज्राचार्य, प्रका. पवित्रबहादुर, अशोकरत्न, हीरादेवी वज्राचार्य, बु.सं. २५३३

दीघनिकाय (हिन्दी) राहुल सांकृत्यायन, जगदीश काश्यप, भारतीय बौद्ध शिक्षा परिषद्, बु.सं. २५२३

Dialogues of the Buddha I - T. W. Rhys Davids, Humphrey Milford, 1923.

Dialogues of the Buddha II & III - T. W. & C.A.F. Rhys Davids, Luzac & Co. Ltd., 1959, 1957.

Digha-Nikaya (with the Singlese Translation) — the Ven. Aggamahapandita Balangoda Ananda Mattrya Mahanayak Thera, B.E. 2519.

Ten Suttas from Digha-Nikaya — Burma Pitaka Association, B.E. 2528.

Ten Suttas from Digha-Nikaya (comment on Satient Points) — Burma Pitaka Association, B.E. 2528.

Thus Have I heard — The Long Discources of the Buddha, Trans. by Maurice Welshe, Wisdom Publication London, 1987.

Dhamma.Digital

सुमङ्गलविलासिनी (दीघनिकाय अट्ठकथा) १, २, र ३ भाग – प्र. सं. डा. नथमल टाटिया एम.ए., डी.लिट., नव नालन्दा महाविहार, नालन्दा ।

लीनत्थप्पकासना १, २, ३ भाग, भदन्ताचरियो धम्मपालत्थेरो, विपश्यना विशोधन विन्यास, इगतपुरी १९९३

साधु विलासिनी नाम सीलक्खन्धवग्ग अभिनवटीका १, २ भाग, महाथेरो ञाणाभिवंस धम्मसेनापति, विपश्यना विशोधन विन्यास, इगतपुरी १९९३

## नेपालीमा अनुवाद गर्दा सूत्रको आधार स्रोत

बुद्धकालीन ब्राह्मण – १, २, ३ आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, स्वयम्भू ।

बुद्धकालीन गृहस्थीहरु – २, ३ आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, स्वयम्भू ।

बुद्धकालीन राजपरिवारहरु – १, २, ३ आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, स्वयम्भू ।

बुद्धकालीन महिलाहरु – २ आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, स्वयम्भू ।

बुद्धकालीन परिव्राजकहरु – १, २, ३ आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, स्वयम्भू ।

बुद्धकालीन श्रावक-चरित्र – १, २, ३ आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, स्वयम्भू ।

Downloaded from http://www.dhamma.digital

बुद्धकालीन ब्रह्मादिदेव – १, २ आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, स्वयम्भू ।

इतिवुत्तक, अनु. दुण्डबहादुर वज्राचार्य, प्रका. पवित्रबहादुर, अशोकरत्न, हीरादेवी वज्राचार्य, बु.सं. २५२६

मिलिन्द-प्रश्न, अनु. दुण्डबहादुर वज्राचार्य, प्रका. पवित्रबहादुर, अशोकरत्न, हीरादेवी वज्राचार्य, बु.सं. २५२८

मज्झिमनिकाय, अनु. दुण्डबहादुर वज्राचार्य, प्रका. पवित्रबहादुर, अशोकरत्न, हीरादेवी वज्राचार्य, बु.सं. २५४१

संयुत्तनिकाय, अनु. दुण्डबहादुर वज्राचार्य, प्रका. पवित्रबहादुर, अशोकरत्न, हीरादेवी वज्राचार्य, बु.सं. २५४२

## सहायक शब्द कोश

Dictionary of Pali Proper Names — G. P. Malalasekera, D. Litt., Ph.D., MA, (Lond.) O.B.E., The Pali Text Society, London, 1974.

Concise Pali English Dictionary – B. P. Buddhadatta Mahathera, 1968

Pali English Dictionary – T. W. Rhys Davids & William Stede, Oriental Book Reprint Corporatin 1975.

A Dictionary of the PALI LANGUAGE — REBERT CÆSAR CHILDERS, Cosmo Publications, 1979.

A Pali Glossary, Vo. 2 — D. Anderson, Award Publishing House, 1979.

Buddhist Hybred Sanskrit Grammer and Dictionary, Vol. 2 - Franklin Edgertion, Motilal Banarsidass, 1985.

SHABDA-SAGAR — Pt. Kulapati Jibananda Vidyasagar, B.A. 1900.

A Sanskrit - English Dictionary — Carl Cappeller, The Chowkhampa Sanskrit Series Office, 1972.

Buddhist Dictionary — Nyanatiloka, Frewin & Co. Ltd., Colombo, Ceylon 1972.

A Sanskrit - English Dictionary - Sir M. Monier Williams, Motilal Banarsidass 1986.

अभिधानप्पदीपिका – सं. स्वामी द्वारिकादास, बौद्ध भारती, १९८१

पालि-हिन्दी-कोष – भदन्त आनन्द कौसल्यायन, राजकमल, १९७५.

अमरकोष अर्थात् नामलिङ्गानुशासननामकोष, श्रीमदमरसिंह, १९१९

पालिकोससंग्रहो (प्र.भा.) – सं. डा. भागचन्द्र जैन भास्कर, आलोक प्रकाशन, १९७४

संस्कृत-हिन्दी कोश – चामन शिवराम आप्टे, मोतिलाल बनारसीदास, १९८१

भार्गव आदर्श हिन्दी शब्द कोश – सं. पण्डित रामचन्द्र पाठक, पं. पृथ्वीनाथ भार्गव, १९५०.

नेपाली वृहत् शब्दकोश, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान वि.सं. २०४०.

Downloaded from http://www.dhamma.digital

# अनुरोध

(मानिस वा कम्प्यूटरको त्रुटिवश कतै-काहीँ – नमूनाको रूपमा 'श्रोत' हुनु पर्नेमा 'स्रोत' पृ. ५८, ६५, ११९, १३६, १५४, १५६, १५८, १५९, १८२, २२१, २२३, ३४८, ३६०, ३६६, ३६७, ३७८, ४११, ४४६, ५१७, ५२३, ५२५, ५२६, ५२८, ५३७, ५४४, ५४५, ५४९ मा छापिन गएछ । त्यस्तै कतै-काहीँ अशुद्ध छापिएको भए पाठकवर्गले प्रसंग हेरी स्वतः बुझ्नु हुनेछ । अतः शुद्धिपत्र राख्न आवश्यक होओइन । तैपनि कतै विशेष भूलचूक भेटिएमा वा आफ्ना केही सुझाउ भएमा मलाई अवगत गराई अनुगृहीत पार्नुहोला – अनु.)

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

'दीघनिकाय'को नेपाली अनुवादले अनुवादक श्री दुण्डबहादुर वज्राचार्यको बुद्धशासनप्रति समर्पित भावना, परिश्रम र व्यक्तित्वलाई त्यत्तिकै छर्लङ्ग अभिव्यक्त गरेको पाइन्छ जत्तिको यिनका अघि प्रकाशित भएका नेपाल भाषाका ग्रन्थरत्नहरू – इतिवुत्तक, मिलिन्द-प्रश्न, दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकायहरूले गरेका थिए । यो ग्रन्थ वर्तमान अनुवादकले आचार्य डा. अमृतानन्द महास्थविरद्वारा लिखित बुद्धकालीन ग्रन्थमा सङ्गालिएका विभिन्न सूत्रहरूको आधारमा तथा अनुवादकके सोह्र वर्ष अगाडि नेपाल भाषामा गरिएको अनुवादको नेपाली रुपान्तर हो । यस ग्रन्थको प्रकाशनबाट एक साहसिला र सिद्धहस्त अनुवादक एवं सम्पादकको रूपमा परिचित हुन आएका छन् । यसरी पाठकहरूको लागि दीघनिकायमा अन्तर्निहित मूल बुद्धवचन नेपाली भाषाको माध्यमबाट अवबोध गर्ने अवसर प्राप्त भएको छ ।

ललितपुर, गाबहालको एउटा सम्पन्न र प्रतिष्ठित मध्यमवर्गीय वज्राचार्य परिवारमा वि. सं. २००४ साल कार्तिकमा जन्मेका श्री दुण्डबहादुर वज्राचार्यले एम.ए. (अर्थशास्त्र) र बि.एल.को औपचारिक शिक्षा प्राप्त गरेपछि आफूलाई बुद्धधर्म, दर्शन र संस्कृतिप्रति आकर्षित र प्रतिबद्ध भएको पाए । अनि यसै क्रममा यिनी त्रिपिटकका केही अङ्गहरूको मूल पालिमा अध्ययन गर्नामा तल्लीन रहे । फलस्वरूप सूत्रपिटकका झण्डै जम्मै ग्रन्थहरू आज अनूदित रूपमा नेपाल भाषामा उपलब्ध हुने स्थितिको सृजना भएको छ । तर बहुभाषाभाषी नेपाली बौद्धहरूको बीचमा दीघनिकायजस्तो महत्वपूर्ण ग्रन्थको समेत अनुवाद नेपालीमा भइसकेको थिएन । यस्तो अवस्थामा अनुवादकले केही वर्षअगाडि आचार्य भिक्षु अमृतानन्दको सामुन्ने "भन्ते ! तपाईंको बुद्धकालीन श्रृंखलामा अनूदित भएका सूत्रहरूमध्ये बाँकी केही सूत्रहरूको अनुवाद नेपाली भाषामा थपी सिङ्गै 'दीघनिकाय' भन्तेलाई टक्र्याउन ल्याउनेछु" भनेर गरेको प्रतिज्ञा अनुसार प्रस्तुत ग्रन्थ प्रकाशनमा आएको हो । यसबाट नेपाली पाठकवर्गको लागि बुद्धधर्मको सारतत्व अध्ययन गर्ने साधन जुट्न आएको छ ।

बुद्धकालीन वस्तुस्थिति, धार्मिक भावना, परिपाटीहरू – जुन तत्कालीन भाषा शैलीमा चर्चा गरिएका छन् तिनलाई हाम्रा आजका स्थिति र शैलीमा उतार्नु कति पनि सजिलो हुँदैन । तर अनुवादक श्री वज्राचार्य आफ्नै कठिन परिश्रम र लामो अभ्यासको सहाराले यस गाह्रो कामलाई तुलनात्मक र उल्लेखनीय रूपले सरल पार्न सफल भएका छन् । अनुवादको क्रममा मूल तत्वहरू यथार्थ रूपले प्रस्तुत गरिएका छन् । बुद्धवचनजस्तो प्राचीन र प्रामाणिक विषयको अनुवादमा मौलिक स्वरूप कायम हुने पर्छ । पालि भाषामा रहेका सार, शैली र रसलाई नेपालीमा पनि उत्तार्न सक्नु अनुवादकको खुबी मान्ने पर्छ ।

त्रिपिटकीय ग्रन्थहरूको अनुवादको कदर स्वरूप दुण्डबहादुरजीलाई गत वि.सं. २०५४ सालमा धनगढीमा आयोजित धर्मोदय सभाको छैठौ राष्ट्रिय बौद्ध सम्मेलनमा 'धर्मोदय धम्म सम्मान' ले पुरस्कृत गरियो । सोही साल उहाँलाई श्री शाक्यसिंह विहारबाट 'संघनायक स्मृति कोष' को पुरस्कार पनि प्रदान गरियो ।

बुद्ध र बुद्धधर्मको मूल र प्रामाणिक रूप अध्ययन गर्न उपलब्ध वाङ्मयहरूमध्ये पालि त्रिपिटक नै विकल्परहित वाङ्मय हो । त्रिपिटकका तीन पिटक – सूत्रपिटक, विनयपिटक र अभिधम्मपिटकमा सूत्रपिटक पहिलो भएजस्तै दीघनिकाय नै सूत्रपिटकको पहिलो निकाय हो । यस क्रमको दृष्टिकोणले यो दीघनिकाय पहिलो बुद्धवचन मान्न सकिन्छ ।

दीघनिकायमा चौंतीस वटा लामालामा सूत्र छन् । यिनीहरूमध्ये ब्रह्मजाल-सुत्त बुद्धकालीन बासट्ठि वटा विभिन्न दृष्टिजालहरूको जानकारी लिनाको लागि सहायक हुन्छ भने महासीहनाद-सुत्त र उदुम्बरिक-सुत्तले मिथ्या तपस्यालाई उदाङ्ग पारेर देखाउँछन् । त्यस्तै परलोकवादलाई उजागर गर्ने सूत्र हो पायासिराजञ्ञ-सुत्त । कूटदन्त-सुत्तले यज्ञमा पशुवलि दिनुको निरर्थकता दर्शाउँछ भने केवट्ट-सुत्तले चमत्कार प्रदर्शनको निःसारता । त्यस्तै जालिय-सुत्त र पोट्ठपाद-सुत्तमा आत्मावादको समीक्षा गरिनाको साथै निर्वाण मार्गमा अघि बढ्न यसको बेकम्मापन देखाइएको छ । फेरि मानिसको श्रेष्ठता आचरणमा निर्भर रहने तथ्य एवं जन्मगत जातिवादको तीव्र आलोचना अम्बट्ठ-सुत्त, सोणदण्ड-सुत्त र अगञ्ञ-सुत्तले छर्लङ्ग पारेका छन् । गृहस्थ जीवन सफल पार्नलाई उपयोगी सूत्र गृहविनय नाउँबाट ख्याति प्राप्त सिंगाल-सुत्त हुन् भने आर्यसत्य र प्रतीत्यसमुत्पादको व्याख्या महानिदान र महासतिपट्ठान-सुत्तमा सरल र स्पष्ट तरिकाले गरिएका छन् । अनि अतीतका बुद्धहरूका जीवनी महापदान-सुत्तमा, बुद्धका बत्तीस लक्षणहरू लक्खण-सुत्तमा एवं बुद्धको अन्तिम यात्राको सजीव, सरस र करुण वर्णन महापरिनिब्बान-सुत्तमा दिइएका छन् ।

...... यस्ता प्रामाणिक मूल बुद्धवचनले परिपूर्ण भएका दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय, इतिवुत्तक, मिलिन्द-प्रश्न आदि ग्रन्थरत्नहरू नेपाल भाषामा अनूदित गरी पर्याप्त अनुभव बटुलिसकेका परिश्रमी अनुवादक दुण्डबहादुर वज्राचार्यद्वारा नेपालीमा रूपान्तर गरिएको दीघनिकायको प्रकाशनले एकाइसौं शताब्दीको सङ्घारमा नेपाली पाठकहरूलाई बुद्ध र बुद्धधर्मलाई सजिलै तर गहनपूर्वक आत्मसात गर्ने अवसर प्रदान गरेको छ – जुन हामीहरूको निमित्त ठूलो मुदिताको विषय मानिनु पर्दछ ।

Downloaded from http://www.dhamma.digital